# लोकतन्त्रमा समावेशीकरण

- नागरिक समाज
- राज्यको पुनर्संरचना
- आन्तरिक विस्थापन
- निर्वाचन पद्धति
- अन्तरिम संविधान
- संविधानसभा निर्वाचनका चुनौती
- लोकतन्त्र र शान्ति सम्झौता
- समावेशीकरण र शान्ति सम्झौता
- मानवअधिकार र शान्ति सम्झौता
- संघीय राज्यको रचना

FREEDOM FORUM
• Democracy • Human Rights • Media Freedom • Development

फ्रिडम फोरम अनुसन्धान एवं वकालतकर्ता प्राज्ञिक समुदायको साझा पहल हो । लोकतन्त्र, मानवअधिकार, प्रेस स्वतन्त्रता र राष्ट्रको समविकासमा समर्पित रहने उद्देश्यले २०६२ सालमा यसको स्थापना भएको हो ।

मानव स्वतन्त्रताको उच्चतम् मूल्यप्रति प्रतिबद्ध पत्रकार, कानुन व्यवसायी, मानव अधिकारकर्मी, प्राध्यापक-शिक्षक, समाजशास्त्री, अर्थशास्त्री, राजनीतिशास्त्री तथा विकास कार्यकर्ताहरूको साझा मञ्चका रूपमा स्थापना गरिएको हो । फ्रिडम फोरममा नेपाली समाजको विविधता झल्कने गरी करिब एकसय सदस्यहरू संलग्न छन् । लोकतान्त्रिक आन्दोलन र अभियानको वैचारिक पृष्ठपोषण यसको ध्येय हो । समुन्नत लोकतान्त्रिक समाज यसको लक्ष्य हो । मुलुकका विभिन्न क्षेत्रमा छरिएर स्वतन्त्रताका पुजारीहरू यसका सदस्य हुन सक्छन् । नागरिक समाज, आमसञ्चार, पेशागत क्षेत्र र तल्लो तहका सामुदायिक संगठनहरूसँग सहकार्य गरेर अगाडि बढ्ने हाम्रो नीति रहेको छ ।

नव-नेपाल निर्माणका लागि समावेशी लोकतन्त्रको स्वरूप र संरचना सुनिश्चित गर्न समाजका विविध मुद्दाहरूमा बहस चलिरहेको छ । यस्तो बहस आजको आवश्यकता पनि हो । नव-नेपाल निर्माणमा वैचारिक पृष्ठपोषणका लागि बहसलाई राष्ट्रव्यापी नै बनाउनु पर्दछ ।

यही अभियानमा फ्रिडम फोरम निरन्तर लागिपरेको छ । नव-नेपाल निर्माणको महान अभियानमा मदत पुगोस् भनेर फ्रिडम फोरमले विभिन्न मुद्दामाथि बहस सञ्चालन गर्दै आएको छ । फ्रिडम फोरमले सम्पन्न गरेको दसवटा बहस शृङ्खलाको 'मोनोग्राफ'लाई यस पुस्तकका रूपमा प्रस्तुत गरिएको छ । समुन्नत लोकतन्त्रका लागि समाजका अनेक विषयहरू माथि राष्ट्रव्यापी छलफल चलाएर हरेक विषयमा साझा धारणा विकास गर्नु अपरिहार्य छ । तसर्थ बहसको क्रम निरन्तर अगाडि बढाउनुपर्ने आवश्यकता छ । प्रस्तुत पुस्तकले वैचारिक अन्तर्क्रियाको प्रवाहलाई तलसम्म पुयाउने विश्वास लिइएको छ ।

FREEDOM FORUM
• Democracy • Human Rights • Media Freedom • Development

पोष्ट बक्स नं. २४२९२, काठमाडौं
कार्यालय : प्रसुतिगृह मार्ग, थापाथली
फोन नं. ४१०२०३०, ४१०२०२२
ईमेल : info@freedomforum.org.np
URL: http//www.freedomforum.org.np

ISBN 99946-922-2-4
9789994692224
फ्रिडम फोरम प्रकाशन संख्या : १

# लोकतन्त्रमा समावेशीकरण

सम्पादन
तारानाथ दाहाल
हरिविनोद अधिकारी
रामप्रसाद दाहाल

बहस संयोजन
सञ्जीव घिमिरे

**फ्रिडम फोरम**
काठमाडौं, नेपाल



सर्वाधिकार © फ्रिडम फोरम
थापाथली, काठमाडौंमा सुरक्षित ।

फ्रिडम फोरमको पूर्व स्वीकृतिबिना यस पुस्तक वा पुस्तकका अंशलाई बौद्धिक वा शैक्षिक प्रयोजनबाहेक व्यापारिक वा अन्य प्रयोजनका लागि पुनःउत्पादन गर्न, मुद्रण गर्न वा संग्रह गर्न वा कुनै अन्य प्रयोजनका लागि प्रयोगमा ल्याउन पाइने छैन । बौद्धिक र शैक्षिक प्रयोजनका लागि स्वीकृति प्राप्त गरिसकेपछि साभार गर्न सकिने छ ।

**प्रकाशक** : फ्रिडम फोरम

**प्रकाशन मिति** : २०६३, फागुन

**संस्करण** : प्रथम

**प्रति** : २ हजार

**मुद्रक** : नेपाल प्रिण्टिङ सपोर्ट, रामशाहपथ, ४४३०४७४

**लेआउट** : ईमेज कम्प्युटर

**ISBN : 99946-922-2-4**

# भूमिका

लोकतन्त्र अग्रगामी गतिशीलता हो । लोकतान्त्रीकरणको प्रक्रियामा रोकावाट भयो भने लोकतन्त्र चल्न सक्दैन । त्यसैले निरन्तर परिवर्तनमार्फत आममानिसलाई सुख, समृद्धि र शान्तिको अनुभूति भइरहने राज्य प्रणाली सुनिश्चित गर्नु नै लोकतान्त्रीकरण हो ।

राज्यका मामिलाहरूमा सबैको सहभागिता, पहुँच र पहिचानको प्रत्याभूतिको निम्ति समावेशीकरणको विषय लोकतन्त्रको अहम् पक्षका रूपमा अगाडि आएको छ । समावेशीकरणका सामाजिक, राजनीतिक, सांस्कृतिक, आर्थिक र भौगोलिक आयामहरू छन् । लोकतान्त्रीकरणको मूल प्रवाहमा आउन विभिन्न कारणले नसकेको पक्षहरूलाई प्रजातान्त्रिक विधिद्वारा अवसरहरू सिर्जना गर्ने उपाय नै समावेशीकरण हो । समाजको विकास क्रममा प्रयोग गरिएका राजनीतिक, आर्थिक, सांस्कृतिक र सामाजिक नीतिहरूको सफल पक्षहरूलाई समायोजन गरी एउटा समुन्नत लोकतान्त्रिक मूल्य पद्धति स्थापना गर्नुनै समावेशी लोकतन्त्र हो । नेपालमा समावेशी लोकतन्त्र निर्माणका लागि निरन्तर वैचारिक अभियानको पक्षमा हामी क्रियाशील रहँदै आएका छौं ।

जनआन्दोलन २०६२/६३ को पृष्ठभूमिलाई वैचारिक पृष्ठपोषण गर्ने उद्देश्यका साथ सुरु भएको हाम्रो अभियानको सान्दर्भिकता पछिल्लो समयमा झनै बढ्दै गएको छ । जनआन्दोलनमा अभिव्यक्त भएको जनआकांक्षालाई कार्यरूपमा बदल्न नेतृत्वले जुनस्तरमा क्षमता र उदारता प्रदर्शन गर्न सक्नुपर्थ्यो, त्यसमा देखिएको कमजोरीले चौतर्फी रूपमा निराशा र आक्रोश बढाउँदै लगेको छ । वर्गीय, क्षेत्रीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक क्षेत्रहरूमा भेदभावको अन्त्यको लागि जनताको तहबाट आन्दोलन जारी छन् । मधेस क्षेत्रबाट क्षेत्रीय, सांस्कृतिक र भाषिक पहिचानका आधारमा उठेको आन्दोलनले लोकतान्त्रिक विधि निर्माणको संक्रमणबाट गुज्रिरहेको मुलुकलाई हल्लाइदिएको छ । यसबाट लोकतान्त्रिक हुँ भन्ने सरकार र राज्यले पनि आम जनताका कुरा सुन्न र संबोधन गर्न कठोर आन्दोलन नै खोज्दोरहेछ भन्ने सन्देश प्रवाह भएको छ । जसको प्रेरणाले अहिले विभिन्न आन्दोलनहरू सडकमा प्रकट हुँदै आएका छन् । यी सबै जनआकांक्षा, पहिचान र भावनालाई प्रतिनिधित्व गर्न सक्ने राज्यप्रणालीको निर्माण गर्नुपर्ने चुनौती हाम्रो सामु छ ।

**फ्रिडम फोरम**, समसामयिक विषयहरूमा प्राज्ञिक अध्ययन, अनुसन्धान र वकालत गर्ने संस्था हो । सचेत नागरिकहरूको कर्तव्य सामूहिक प्रयत्नबाट पूरा गर्ने उद्देश्यले हामी लगातार समावेशी लोकतन्त्रको बहसमा संलग्न हुँदै आएका छौं । समावेशीकरणका मुद्दाहरूको पहिचान गरी ती मुद्दाहरूलाई सार्वजनिक बहसमा ल्याउने हाम्रो प्रयास निरन्तर रहनेछ । बहसको अवसरलाई देशव्यापी बनाउने क्रममा



हामीले राजधानी बाहिर पनि कार्यक्रमलाई विस्तार गरेका छौं । विभिन्न एघार जिल्लामा समेत गरी चालिसभन्दा बढी बहस सञ्चालन भइसकेको छ । यसै क्रममा फ्रिडम फोरमले समावेशी लोकतन्त्र शीर्षकमा छलफल गरिएका तेऱ्हवटा मुद्दाको बहसको मनोग्राफलाई पुस्तकका रूपमा प्रकाशन गरिसकेको छ । यो पुस्तक त्यही शृङ्खलाको दोस्रो खण्ड हो । यसमा छानिएका विभिन्न दसवटा विषयलाई समेट्ने प्रयास गरेका छौं । बहस शृङ्खलामा अभिव्यक्त भएका विचार र धारणाहरूलाई अझ आम पाठकसमक्ष विस्तार गरेर बहसको दायरालाई फराकिलो पार्ने हाम्रो उद्देश्य हो । यसमा समेटिएका सामग्रीहरू बोलीचालीको शैलीमा उतारिएको र सामान्य भाषिक सम्पादन गरी सकेसम्म जस्ताको तस्तै प्रस्तुत गरिएको छ । त्यसैले यसलाई वैचारिक बहसको 'मनोग्राफ' ठानी पढ्दा नै पाठकहरूले हामीप्रति न्याय गरेको मानिनेछ ।

यो 'मनोग्राफ'को प्रकाशनका लागि नेपालस्थित बेलायती राजदूतावास अन्तर्गत सञ्चालित ईएसपी (इन्याब्लिङ्ग स्टेट प्रोग्राम) ले आर्थिक सहयोग गरेको छ । यसका लागि हामी कृतज्ञता प्रकट गर्दछौं ।

यसैगरी फ्रिडम फोरमको 'डेमोक्रेसी डायलग फोरम' सञ्चालनका लागि समर्थन र सहयोग गर्ने एक्सन एड नेपाल, सामाजिक समावेशीकरण अनुसन्धान कोष तथा हेल्भिटासलाई समेत हार्दिक आभार प्रकट गर्दछौं । समावेशी लोकतन्त्रको बहस शृङ्खला कार्यक्रमको संयोजन गर्नुहुने मेरा सहकर्मी सञ्जीव घिमिरे, मनोग्राफको उतार गरी सम्पादन गर्नुहुने अर्का सहकर्मी रामप्रसाद दाहाल, भाषा सम्पादन गरिदिनु हुने आदरणीय हरिविनोद अधिकारी तथा फ्रिडम फोरमका सबै सहकर्मीहरूलाई पनि विशेष धन्यवाद ज्ञापन गर्दछौं । पुस्तकको प्रुफ रिडर नन्दलाल अम्माई र ले-आउट डिजाइनर भक्त कार्कीमा पनि विशेष धन्यवाद छ ।

अन्तमा, यसभित्र विभिन्न विषयमा अवधारणपत्र, टिप्पणी र छलफलमार्फत महत्वपूर्ण विचारहरू दिनुहुने सम्पूर्ण बुद्धिजीवीहरूमा आभार प्रकट गर्दछु । यी विचारहरूलाई धेरैभन्दा धेरै नेपाली नागरिकसमक्ष पुऱ्याउने यो प्रयत्न तब मात्रै सार्थक हुनेछ जब हामी आमनेपाली सन्तुष्ट हुने गरी समुन्नत र समावेशी लोकतान्त्रिक राज्य प्रणाली अवलम्बन गरेको स्वतन्त्र, समृद्ध एवं समुन्नत नव-नेपालको रचना गर्न सक्षम हुनेछौं ।

**तारानाथ दाहाल**
अध्यक्ष
फ्रिडम फोरम

# विषय सूची


- नागरिक समाज १-४६
- राज्यको पुनर्संरचना ४७-९८
- आन्तरिक विस्थापन ९९-१३६
- निर्वाचन पद्धति १३७-१७८
- अन्तरिम संविधान १७९-२७८
- संविधानसभा निर्वाचनका चुनौती २७९-३१४
- लोकतन्त्र र शान्ति सम्झौता ३१५-३४२
- समावेशीकरण र शान्ति सम्झौता ३४३-३६०
- मानवअधिकार र शान्ति सम्झौता ३६१-३९०
- संघीय राज्यको रचना ३९१-४१४

# लोकतन्त्रमा नागरिक समाज

■ अवधारणा : चन्द्रदेव भट्ट
■ टिप्पणी : श्रीकृष्ण अनिरुद्ध गौतम



लोकतन्त्र (Democracy) सबै नागरिक र मुलुकको सुनिश्चित भविष्यको आधार हो । यसले आम नागरिकको समान सहभागिता र अधिकारको सुनिश्चितता खोज्दछ । नागरिकले सार्थक सहभागिता जनाउन पाएन भने लोकतन्त्र एकखुट्टे हुन पुग्छ र कुन बेला कहाँ पुगेर दुर्घटना ग्रस्त हुन्छ भन्नेमा अब हामी अग्रिम अनुमान गर्न र अनुभव गर्न सक्ने सम्मका भएका छौं । त्यसैले सबैको सहभागिता खोज्ने वा जनाउने माध्यमका रूपमा समावेशी लोकतन्त्र (Inclusive Democracy) आजकल साझा राजनीतिक अठोट हुनपुगेको छ ।

लोकतन्त्र गतिशील राजनीतिक पद्धति र प्रक्रिया हो । यो एकै पटक प्राप्त हुने स्थायी प्रणाली होइन । तर यति बेला आधारभूत लोकतान्त्रिक अधिकारहरू सुनिश्चित एवं सुदृढ गर्न र समुन्नत-समृद्ध नेपाल निर्माण गर्न, पूर्ण र समावेशी लोकतान्त्रिक राज्य व्यवस्था निर्माणका लागि अन्तरक्रिया, वादविवाद र समझदारी निर्माणको लहर चल्नु आवश्यक छ ।

यतिबेला राष्ट्र संविधानसभाको मार्गमा अगाडि बढेको छ र यो मार्गको गन्तव्य समुन्नत लोकतन्त्रको सुनिश्चितता दिने संविधानको निर्माण हो । यो प्रक्रियामा लोकतान्त्रिक आन्दोलनको एउटा सशक्त पक्षका रूपमा नागरिक समाजको विगतको भूमिका उल्लेखनीय छ । लोकतान्त्रिक शासन व्यवस्थाका महत्वपूर्ण पात्रहरूमध्ये नागरिक समाज के हो ? प्रजातान्त्रीकरण प्रक्रियामा नागरिक समाजले खेलेको भूमिकालाई कसरी हेर्न सकिन्छ ? द्वन्द्वग्रस्त नेपाली समाजमा विश्वासको वातावरण निर्माण गरी नागरिक दायित्व निर्वाह गर्ने सिलसिलामा समेत नागरिक समाजले महत्वपूर्ण भूमिका निर्वाह गर्ने आम अपेक्षा रहेको छ, यसलाई कुन स्वरूपमा निर्वाह गर्नुपर्ने हो ? त्यसैगरी हाम्रो सन्दर्भमा शासकीय पद्धतिमा नागरिक समाजको अवस्थिति, राजनीतिक तथा नागरिक समाजको सम्बन्ध र सहकार्य, समावेशी लोकतन्त्रको सुनिश्चितता तथा विद्यमान द्वन्द्व रूपान्तरण गरी दिगो शान्ति प्राप्तिका लागि नागरिक समाजको भूमिकाको सन्दर्भलाई महत्वपूर्ण रूपमा उठ्ने गरेको छ ।

फ्रिडम फोरमले "समावेशी लोकतन्त्रको स्वरूप र संरचना" मा चलाउँदै आएको बहसको क्रममा ११ भदौ २०६३ (२७ अगष्ट २००६) का दिन "लोकतन्त्रमा नागरिक समाज" विषयमा बहस चलाएको थियो ।

## *प्रारम्भ*

**बहस प्रारम्भ गर्दै सहजकर्ता तारानाथ दाहाल**

सर्वप्रथम यहाँहरू सबैलाई फ्रिडम फोरमको यो प्राज्ञिक बहसमा स्वागत गर्न चाहन्छु। लामो समयको अन्तरालपछि फेरि हामी यहाँ जम्मा भएका छौं। यो बहस शृङ्खला केही समय स्थगित भयो। फेरि छलफल र वैचारिक चिन्तनको अभियानलाई निरन्तरता दिनैपर्ने रहेछ भन्ने महसुस गरेर हामीले आजबाट यो फोरमलाई अगाडि बढाएका छौं। यहाँ उपस्थित केही साथी नयाँ हुनुहुन्छ, धेरै साथीहरू पुरानै हुनुहुन्छ। अधिकांशलाई हाम्रो यो बहस कार्यक्रमको जानकारी पक्कै छ। तैपनि म अलिकति जानकारी गराउन चाहन्छु। जतिबेला मुलुकमा लोकतान्त्रिक आन्दोलन उठ्न सकिरहेको थिएन, गज्याँङमज्याँङमा फसिराखेको थियो। त्यस अवस्थामा आन्दोलनलाई वैचारिक ऊर्जा प्रदान गर्नुपर्छ भन्ने लागेर हामीले समावेशी लोकतन्त्रको स्वरूप र संरचना कस्तो हुने भन्ने बहस सुरु गऱ्यौं। गत पुसदेखि बहस सुरु गरेका थियौं, जतिबेला आन्दोलनको पूर्वाधारहरू खडा हुँदै थिए। तर आन्दोलन जाग्न सकिरहेको थिएन।

बहस शृङ्खलालाई अगाडि बढाउने क्रममा हामीले विभिन्न मुद्दाहरूमाथि छलफल गऱ्यौं। साँच्चिकै लोकतान्त्रिक आन्दोलनमा हामी किन लागिरहेका छौं ? कस्तो लोकतन्त्र निर्माणका लागि हो ? भन्ने कुरामा वैचारिक दिशाबोध गर्न केही हदसम्म हामी सफल भयौं भन्ने हामीलाई लागेको छ। त्यसैबीचमा आन्दोलन उठ्यो र यसले सफलता प्राप्त गऱ्यो। मुलुक नयाँ चरणमा प्रवेश गऱ्यो। त्यसपछि हामीलाई पुनःस्थापित प्रतिनिधिसभामार्फत नै यस्ता मुद्दाहरू अगाडि जान्छन् भन्ने लाग्यो। र, मुलुकको नयाँ निर्माणको छलफल, चिन्तन-मनन त्यसैले गर्छ र अगाडि बढ्छ भन्ने ठान्यौं। नागरिक समाजचाहिँ छलफलभन्दा अलि बढी प्राज्ञिक र अनुसन्धानका काममा लाग्नुपर्छ भन्ने ठहर गर्दै हामीले आन्दोलन सफल भएपछिका तीन महिना संविधानसभाको संरचना कस्तो हुने र त्यसको निर्वाचन प्रक्रिया कस्तो हुने भन्ने अध्ययनमा बितायौं। जुन अध्ययन प्रतिवेदन पुस्तककै रूपमा बजारमा ल्याएका छौं, साथीहरूले पढिसक्नुभयो होला। हेर्न नभ्याउनुभएको छ भने तपाईंहरूको सुविधाका लागि त्यो पुस्तक उपलब्ध गराउने पनि छौं।

यही बीचमा विभिन्न मुद्दाहरू-संविधानसभादेखि लिएर मुलुकमा उठिरहेका जनजाति, दलित, मधेसी, सेना, महिलाजस्ता विषयमा हामीले छलफल गरेका थियौं। त्यो छलफलका सामग्री संकलन गरी पुस्तकका रूपमा बजारमा ल्याइसकेका छौं। जसले साँच्चिकै नेपालको समावेशी लोकतन्त्र कस्तो हुनुपर्दछ भन्ने एउटा आधार दिन्छ भन्ने विश्वास हामीले लिएका छौं। यो काम गर्दै अगाडि बढ्दा मुलुकमा मस्यौदा संविधान आयो। त्यसमा किचलो देखियो। यसबाट मुलुक त अझै अन्योलकै अवस्थामा रहेछ भन्ने देखियो। राजनीतिक सहमति र समझदारीको बाटो सहज ढंगले अगाडि बढ्न सकिरहेको रहेछन्। यसले गर्दा समुन्नत लोकतन्त्र निर्माण गर्ने



जनआन्दोलनको अठोट कतै अलमलिने पो हो कि, वादविवाद र वैचारिक अन्योलले लक्ष्यलाई नै दिग्भ्रमित पार्ने हो कि भन्ने महसुस हामीलाई भयो। त्यसकारण हामीले यो बहसलाई निरन्तरता दिनु आवश्यक ठान्यौं। यो अठोट गर्दा हामीले लोकतान्त्रिक आन्दोलनको प्रमुख हिस्सेदारका रूपमा नागरिक समाजको नाममा जनतालाई जगाउने प्रयासहरू भयो भन्ने सोच्यौं।

अहिले नागरिक समाजलाई राजनीतिक मञ्चको रूपमा व्याख्या गर्ने काम माओवादीलगायतका राजनीतिक दलबाट भइरहेको छ। जनताले पनि नागरिक समाज एउटा अर्कै शक्ति अर्थात संगठित राजनीतिक शक्ति हो कि भन्ने ठानिरहेको स्थिति छ। नागरिक समाजका रूपमा विभिन्न गतिविधि भइरहेका छन्। आजको परिप्रेक्ष्यमा साँच्चिकै नागरिक समाजको भूमिका के हो ? समुन्नत लोकतन्त्र निर्माण गर्ने हो भने सबैले आ-आफ्नो क्षेत्र स्पष्ट पार्दै अगाडि जानुपर्छ, आजका चुनौतीलाई कसरी सम्बोधन गर्ने भन्नेमा आ-आफ्नो भूमिका प्रष्ट हुनुपर्छ भन्ने लागेर यो विषयमा छलफल गर्ने अठोट गऱ्यौं।

सौभाग्यवश हामीले यसै विषयमा प्राज्ञिक अध्ययन गरिरहनुभएका चन्द्रदेव भट्टलाई पायौं। द्वन्द्व समाधानमा नागरिक समाजको भूमिका विषयमा अध्ययन-अनुसन्धान गरिरहनुभएका राजनीतिशास्त्री चन्द्रदेव भट्टले यहाँ आफ्नो अवधारणा पेस गर्नुहुनेछ। उहाँले अंग्रेजीमा विस्तारमा अवधारणा तयार पार्नुभएको थियो। तर हाम्रो छलफल नेपालीमा हुने भएकाले फेरि उहाँलाई नेपालीमा संक्षेपीकरण गर्न अनुरोध गरेअनुसार यहाँ संक्षिप्त अवधारणा पेस हुँदैछ। त्यसको विस्तृत पत्र अंग्रेजीमा छ। अब उहाँ आफ्नो प्रस्तुतीकरण गर्नुहुन्छ, त्यसमाथि प्रबुद्ध राजनीतिक विश्लेषकका रूपमा परिचित पत्रकार श्रीकृष्ण अनिरुद्ध गौतमले गम्भीर टिप्पणी गर्नुहुनेछ। अनि हामी छलफलमा जान्छौं। त्यसपछि मसांसद रघुजी पन्तलाई समय दिने छु। अरू एक से एक विद्वतजनको यहाँ उपस्थिति छ। सबैको महत्वपूर्ण टिप्पणी र विश्लेषणको अपेक्षा राख्दछु। अब चन्द्रदेवजीलाई प्रस्तुतिका लागि अनुरोध गर्छु। प्रस्तुति सकेसम्म बुँदागत र छोटकरीमा राख्न अनुरोध गर्छु।

◆◆

***अवधारणा***

## *लोकतन्त्रमा नागरिक समाज*

■ *चन्द्रदेव भट्ट*

विगत केही वर्षदेखि राजनीतिक मामिलामा नागरिक समाज (Civil Society) को प्रयोग ब्यापक रूपमा भएको पाइन्छ। त्यसो त नागरिक समाज आफैंमा नयाँ अवधारणा होइन। यसको प्रयोग पाश्चात्य राजनीतिक विज्ञानमा सोह्रौं शताब्दीदेखि नै भएको पाइन्छ। त्यस समयमा नागरिक समाजलाई राज्यसँग तुलना गरिन्थ्यो। पछि १७ औं शताब्दीमा आएर मात्र यसलाई राज्यबाट पृथक रूपमा हेर्ने गरियो। नागरिक समाजको संगठित अध्ययनको प्रादुर्भाव भने पश्चिमा राजनीतिक चिन्तकहरूले गरेका हुन्। प्राचीन कालमा समाज शास्त्रीहरूले नागरिक समाजलाई समान आकांक्षा भएका, न्यायिक समानताका पक्षधर मानिसहरू एकीकृत भएको संस्था वा संगठनका रूपमा व्याख्या गरेको पाइन्छ।

मध्यकालमा नागरिक समाजलाई सम्पत्ति स्वतन्त्रता, समानता र संगठनजस्ता वैयक्तिक आधारसित जोडेर हेर्ने गरेको देखिन्छ। आधुनिक युगमा नागरिक समाज न्याय, स्वतन्त्रता, समानता र एकतामा आधारित भई सामूहिक विचारधारातर्फ स्थानान्तरित हुँदै आएको देखिन्छ। जे भए पनि यो एउटा यस्तो अवधारणा हो जसको आजसम्म सर्वमान्य परिभाषा छैन र यसको प्रयोग परिस्थिति, समय र ठाउँअनुसार गरेको पाइन्छ। समष्टिगत रूपमा जुनसुकै युगमा जस्तोसुकै विश्लेषण गरिए तापनि नागरिक समाज एउटा यस्तो सचेत वर्गहरूको समूह हो जसले समाजको सर्वोपरि हितको लागि राज्यसँग पहल गर्छ तर नागरिक समाज तथा यसका अगुवाहरूले राज्य सञ्चालनमा हिस्सा खोज्दैनन्, न उनीहरूको कुनै आर्थिक प्रलोभन हुन्छ। यही कारणले गर्दा राजनीतिक पार्टीहरूलाई नागरिक समाजको अंग मानिदैन किनकि राजनीतिक पार्टीहरूको मुख्य उद्देश्य राजनीतिक सत्ता हासिल गर्नु हो। नागरिक समाजको मुख्य काम भनेको निःस्वार्थ राज्यलाई विभिन्न पक्षमा सचेत गराउने हो।

सन् १९८० को दशकको अन्त्यदेखि अर्थात पूर्वी युरोपमा साम्यवादको अन्त्य र तेस्रो विश्वका देशहरूमा प्रजातन्त्रको लहर (जसलाई प्रसिद्ध अमेरिकी राजनीतिक विद्वान Samuel Huntington ले Third Wave को संज्ञा दिएका छन् ) ले त नागरिक समाजको भूमिकालाई सगरमाथाको चुचुरोमा नै पुऱ्याइदिएको छ। कसै-कसैले त नागरिक समाजको भूमिकालाई नै प्रजातन्त्रको तेस्रो लहरको मुख्य कारक पनि मानेका छन्। परिणामस्वरूप नागरिक समाज आज आएर प्रजातान्त्रिक राजनीतिको अभिन्न अंगको रूपमा स्थापना भइसकेको छ।

नागरिक समाजको यही भूमिकालाई मध्यनजर गरी विश्व मामिलाका विभिन्न विषयहरूजस्तै वातावरण संरक्षण, मानव अधिकारको संरक्षण तथा प्रबर्द्धन, द्वन्द्व समाधान अन्तर्राष्ट्रिय कूटनीतिको सञ्चालन, युद्धविराम, आणविक सन्धि आदिमा



यसको मध्यस्थताको व्यापक प्रयोग भइरहेको छ। यी सबै समस्याको समाधानमा यसको भूमिका सकारात्मक र निष्पक्ष हुने भएकाले आज आएर प्राज्ञ तथा अन्तर्राष्ट्रिय संस्थाहरूले विश्व नागरिक समाज (Global Civil Society) को परिकल्पनासमेत गरिसकेका छन्। यसको पछिल्लो प्रयोग सफलता प्राप्त नगरे पनि इराकको युद्धलाई रोक्नको लागि गरेको पाइन्छ।

*'नागरिक समाजको विगतका दुईवटै आन्दोलनमा यस्तो अहम भूमिका हुँदाहुँदै पनि कताकता नागरिक समाजको अवधारणा नेपाली समाजमा त्यति स्पष्ट भएको देखिंदैन। त्यसको पछाडि मुख्य दुईवटा कारक हुन सक्छन्'*

नेपाली समाजमा नागरिक समाजको अवधारणा वैदिक कालदेखिनै भए पनि यसको वर्तमान स्वरूपको प्रयोगचाहिँ पश्चिमेली राष्ट्रहरूभन्दा नयाँ नै मान्नुपर्छ। प्राचीन नेपालमा नागरिक समाज भए तापनि यसको सीमा राज्यद्वारा नै निर्धारित हुने गर्दथ्यो। त्यति बेलाको नागरिक समाज पुरातनवादी विचारधारामा आधारित थियो र नागरिक समाज राज्यद्वारा नियन्त्रित भएकाले नै यसले राजनीतिक परिवर्तनमा उल्लेखनीय भूमिका निर्वाह गर्न नसकेको हो। साथै त्यति बेलाको नागरिक समाजको भूमिका नै आजको जस्तो थिएन। उत्तर आधुनिक (Post Modern) नागरिक समाज राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनीतिमा अहम भूमिका खेल्दै आएको छ। यस्तो किसिमको नागरिक समाजको अवधारणा नेपालमा सन् १९९० को दशकदेखि व्यापक रूपमा हुँदै आएको छ। त्यसो त नागरिक समाजले प्रजातन्त्र पुनर्वहालीको लागि पहिलो जनआन्दोलनमा पनि व्यापक भूमिका खेलेको पाइन्छ। विभिन्न पेसागत समूह तथा आमनागरिकको व्यापक सहभागिताले नै पहिलो जनआन्दोलनले आफ्नो लक्ष्य प्राप्त गर्न सकेको हो । तर त्यसपछिका दिनहरूमा भने नागरिक समाजको भूमिका त्यति सकारात्मक देखिँदैन किनभने नागरिक समाजका स्वघोषित नेता तथा अगुवाहरूको एउटा खुट्टा नागरिक समाजमा र अर्को खुट्टा राजनीतिमा राख्ने प्रवृत्तिको विकासले गर्दा यसको अवधारणालाई नै दूषित गरेको पाइन्छ। यसका अतिरिक्त विभिन्न रंगका राजनीतिक पार्टी तथा तिनीहरूका नेताहरूले आफ्नो व्यक्तिगत स्वार्थपूर्तिको लागि आफू सुहाउँदो नागरिक समाजको निर्माण गरे।

नागरिक समाजको अर्को विडम्बना के देखियो भने दातृ संस्थाहरूबाट आर्थिक सहयोगको सजिलोको लागि सहरका ठूलाबडा तथा अंग्रेजी बोल्नेहरूले नागरिक समाजको नाममा विभिन्न किसिमका संगठनहरू खोले। यी संगठनहरूले न समावेशी नागरिक समाजको निर्माणमा भूमिका खेले न प्रजातान्त्रिकीकरणको प्रक्रियामा सहयोग पुऱ्याए। यिनीहरूको मुख्य काम भनेको दातृ संस्थाहरूलाई खुसी पार्नुमा मात्र सीमित रहयो। समष्टिगत रूपमा भन्दाखेरि आधुनिक नेपाली नागरिक समाजले सहरभन्दा बाहिरको समाजलाई आफूमा समाहित गर्न सकेन र राजनीतिक समाजमा जस्तै यसमा पनि सर्वसाधारणको पहुँच असम्भवनै हुन गयो। यो प्रवृत्तिले गर्दा नेपाली नागरिक समाजले नागरिक समाजको मूल मान्यतालाई नै बङ्ग्याई दियो

र समाजलाई ठाडै (Vertically) विभाजित गऱ्यो। जसले गर्दा समाजमा राजनीतिक अस्थिरताको सिर्जना भयो।

नागरिक समाजको यस्तो किसिमको चरित्रले गर्दा होला, पश्चिमेली राजनीतिक शास्त्रीहरू तेस्रो विश्व (चाहे त्यो दक्षिण एसिया, अफ्रिका, मध्यपूर्व या ल्याटिन अमेरिका होस्) को नागरिक समाजप्रति यदाकदा शंका व्यक्त गर्ने गरिरहेको पाइन्छ। त्यो किनभने यी देशहरूमा नागरिक समाज निश्चित व्याक्ति तथा परिवारको कब्जामा हुन्छ र तिनीहरूले तरल भीड (Liquid Mass) लाई आफ्नो इच्छाअनुसार (देशमा राजनीतिक स्थिरता अस्थिरता दुवै ल्याउनको लागि) प्रयोग गरेको पाइन्छ। यसको ज्वलन्त उदाहरण नेपालको नागरिक समाज पनि हो। जहाँ बसौंदेखि राजनीतिक समाजजस्तै नागरिक समाज पनि निश्चित व्याक्तिहरूको कब्जामा छ र यसको पछाडि शक्तिको मोह (Lust of Power) लुकेको पाइन्छ। यही कारणले गर्दा होला माओवादीहरूले विगतका दिनहरूमा नागिरक समाजको शान्तिको पहललाई विश्वास नगरेको।

यदि नागरिक समाज पहिलेदेखि नै सजग, सवल र उत्तरदायी भइदिएको भए मुलुकले यति ठूलो समस्या बेहोर्नुपर्ने थिएन। र सम्भवतः माओवादी समस्यालगायत अरू सबैको समाधान पहिले नै भइसक्ने थियो कि ? सन् १९९० को दशकको राजनीतिक अस्थिरताको मूल जड नै नागरिक समाजको राजनीतिकरण हुनु तथा नागरिक समाज पैसामुखी हुनु हो।

तर सन् १९९० को दशकमा जे जस्तो भए पनि हालका दिनमा नेपालमा पनि साँच्चिकै नागरिक समाज रहेको आभास गर्न सकिन्छ। दोस्रो जनआन्दोलनमा नागरिक समाज (विभिन्न किसिमका पेसागत समूहहरू तथा आमनागरिक) ले निर्वाह गरेको भूमिकालाई त संसारले नै प्रशंसा गर्नुपर्छ। र यो एउटा अनौठो उदाहरण पनि हो जहाँ नागरिक समाजको अगुवाईमा २३७ वर्ष पुरानो राजसत्ता घुँडाटेक्न बाध्य भएको छ। यो आन्दोलनमा नागरिक समाजको भूमिका पूर्वी युरोपको नागरिक समाजले सन् १९८० को दशकको अन्त्य तिर निर्वाह गरेको भन्दा कम छैन। आन्दोलनको उपलब्धिको प्रमुख श्रेय नै नागरिक समाज तथा निजी सञ्चारका माध्यमलाई दिनुपर्छ। तर आन्दोलनलाई गन्तव्य स्थानमा पुऱ्याउनमा आन्दोलनको अन्त्यतिर स्वतःस्फूर्त स्वचालित तरल भिडलाई दिनुपर्छ न कि टेलिभिजनको पर्दा र रिपोर्टर्स क्लबको ग्यालरीमा बहस गर्नु नागरिक समाजलाई। त्यसो त यो आन्दोलनको बेला देखिएको अपार जनसहभागितालाई नागरिक समाजसँग तुलना गर्न सकिँदैन किनकि त्यो एउटा तरल उत्तेजित भीड (Amorphous Mass) हो जसको स्थायित्व हुँदैन। यस्तो भिडको निश्चित उद्देश्य हुन्छ र यदाकदा राजनीतिक समाजबाट सञ्चालित हुन्छ।

नागरिक समाजको विगतका दुईवटै आन्दोलनमा यस्तो अहम भूमिका हुँदाहुँदै पनि कताकता नागरिक समाजको अवधारणा नेपाली समाजमा त्यति स्पष्ट भएको देखिदैन। त्यसको पछाडि मुख्य दुईवटा कारक हुन सक्छन्। पहिलो धारणा नै स्पष्ट नभएको, दोस्रो धारणा स्पष्ट हुँदाहुँदै पनि नागरिक समाजका अगुवाहरूले यसको भावनालाई आफ्नो हितमा प्रयोग गर्नको लागि बङ्ग्याएको। त्यो किनभने सिद्धान्ततः नागरिक समाजमा राजनीतिक समाजमा जस्तै कुनै विशेष किसिमको नेताको



प्रावधान हुँदैन। अर्थात् सबैको स्थान समान हुन्छ। दोस्रो नागरिक समाजमा लागेकाहरूले राज्य सञ्चालनमा हिस्सा खोज्दैनन् तर नेपाली परिप्रेक्ष्यमा यो कुरा पूर्ण रूपमा पालना भएको देखिदैन। हामीकहाँ नागरिक समाजका स्वघोषित नेताहरू जहाँतही देख्न पाइन्छ तथा सेवा निवृत पदाधिकारीहरू सत्ता तथा शक्तिको मोह ( यथास्थिति कायम गर्ने प्रवृत्ति) ले पनि नागरिक समाजमा लागेको पाइन्छ। अर्को कुरा विगतमा गरेका गल्तीहरूलाई नागरिक समाजमा लागेर पखाल्ने प्रवृत्ति हावी देखिन्छ।

समग्र रूपमा भन्दाखेरि कर्तव्यपरायण नागरिकहरूलाई गुमराहामा राख्ने प्रवृत्ति राज्य , नागरिक समाज र राजनीतिक समाज तीनवटैबाट हुँदै आएको पाइन्छ। हामीकहाँ नागरिक समाजको नाममा यसको Platform मा आएर राजनीतिक गर्ने मानिसहरूको कमी छैन। यस्ता व्याक्तिहरूलाई नागरिक समाजको अगुवा भन्नु यसको सिद्धान्तले नदिने हुनाले तिनीहरूलाई सोझै राजनीतिक नेताभन्दा अत्युक्ति नहोला किनकि यी व्यक्तिहरू आफ्नो स्वार्थ पूरा नहुन्जेल नागरिक समाजको नाममा तरल भीडलाई प्रयोग गरिरहन्छन्। फेरि नागरिक समाजका यी अगुवाहरूले खल्तीमा राजनीतिक पार्टीहरूको सदस्यता पनि त राखेकै छन् त्यही भएर हो, हामीकहाँ वामपन्थी नागरिक समाज, कांग्रेसी नागरिक समाज सजिलैसँग छुट्याउन सकिने। यस्तो किसिमको नागरिक समाजको भूमिका क्षणिक हुन्छ। अचम्मको कुरा अहिले त देशमा नागरिक समाजको बाढी नै आएको छ । यसको नाममा सभा जुलुस , बहिष्कार, खबरदारी, विरोधको प्रक्रिया व्यापक छ तर एउटा कुरा के विचार गर्नुपर्छ भने सबै किसिमका समूह खबरदारी जुलुस विरोध पनि नागरिक समाजको परिधिभित्र पर्दैनन् र सबैले प्रजातन्त्रको दिगो विकासको काम गर्दैनन्। चरम विरोधले पनि देशमा राजनीतिक तरलता ल्याउँछ र प्रजातान्त्रलाई बलियो हुन दिदैन। यस कारण नागरिक समाजले पनि आफ्नो गतिविधिमा प्रजातान्त्रिक संस्कारको विकास गर्नुपर्छ। तसर्थ नागरिक समाजको स्थायी प्रवर्द्धनको लागि यसको भूमीका स्वच्छ हुनुपर्छ र निर्माण समावेशी हुनुपर्दछ। अर्थात् यसले गाँउ सहर शिक्षित, अशिक्षित, गरिब, धनी आदि सबैलाई समेट्न सक्नुपर्दछ। राज्य जस्तै नागरिक समाज पनि निरपेक्ष हुनुपर्छ। अनिमात्र हामी सभ्य नागरिकको निर्माण गर्न सक्दछौं। त्यस्तो नागरिक समाजले मात्र प्रजातन्त्रको स्थायित्व र शान्तिमा उल्लेखनीय भूमिका खेल्न सक्दछ र राज्यलाई स्वच्छ रूपमा सचेत गराउन सक्दछ।

नागरिक समाजलाई राजनीतिक हिस्सेदारको रूपमा प्रस्तुत गरिनु तथा नागरिक समाजका सदस्यहरूले त्यस्तो अपेक्षा गर्नु प्रजातन्त्रको दिगो विकासको लागि घातक सिद्ध हुन सक्छ किनभने नागरिक समाज राजनीति तथा आर्थिक प्रलोभनमा परेमा त्यसको स्थान शून्य भएर जान्छ र अरू प्रतिगामी शक्तिहरूले त्यसको ठाउँ लिन्छन् तसर्थ हाम्रो जस्तो राजनीतिक अस्थिरता भएको देशमा नागरिक समाजले सदा राज्य र शासन कर्ताहरूलाई राज्य शासनको परिधिभन्दा बाहिर रहेर नै खबरदारीको काम गर्नुपर्छ। खबरदारीको प्रक्रिया शान्तिपूर्ण र देशको सर्वोपरी हितको लागि हुनुपर्छ न कि व्यक्ति तथा पार्टी विशेषको इच्छाद्वारा निर्देशित हुनुपर्छ। यदि नागरिक समाजले आफ्नो सैद्धान्तिक परिधि नाघेमा फेरि के होला

त्यसको कल्पनासम्म गर्न सकिदैन । हाम्रो समस्या भनेको कसरी यो तरल भिडलाई सदा जागरूक बनाउने र नागरिक समाजको भावनाको विकास गराउने हो ।

नागरिक समाजलाई द्वन्द्व रूपान्तरण वा समाधानमा प्रयोग गर्नको लागि पनि नेपाली परिप्रेक्ष्यमा विभिन्न किसिमका कठिनाइहरू देखिन्छ । जस्तो द्वन्द्वसँगै द्वन्द समाधानको नाममा खुलेका विभिन्न NGO र CSO जुन मुख्यतः विदेशी सहयोगबाट संचालित छन् । तिनीहरूको द्वन्दलाई हेर्ने तरिका वास्तविकताभन्दा अलि भिन्न देखिन्छ । यिनीहरू यदाकदा द्वन्द्वलाई समाधानभन्दा अर्कै दिशातिर रूपान्तरण गर्ने सहयोग गरेको देखिन्छ । अर्को मुख्य कुरा NGO को व्यपारमा लाग्ने नेपाली मध्यम वर्गीय तथा काठमाडौंस्थित एलिट (जसलाई राज्यको जरुरत छैन) । द्वन्द्वलाई अर्कौ रूपमा हेररिहेका छन् र यसबाट भरपुर फाइदा उठाइरहेका छन् । यदि द्वन्द्व साँच्चै समाधान भएमा यो समुदाय धारासायी भएर जान्छ । तसर्थ यस्ता किसिमका गैरसरकारी संस्थाहरूले द्वन्द्व समाधानमा खासै सहयोग पुऱ्याउन सक्दैनन् ।

नेपालमा देखिएका दुईवटा नागरिक समाज (१) सहरको नागरिक समाज र (२) सहरभन्दा बाहिरको नागरिक समाज । यी दुई नागरिक समाजको बनावटमा भिन्नता भए तापनि द्वन्द्व समाधानमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछन् । सहरिया नागरिक समाज जसलाई राज्य, अन्तर्राष्ट्रिय समुदाय तथा नागरिक समाजमा लाग्नेहरू आफैले Official Civil Society को रूपमा घोषित गरेका छन् जुन सम्पन्न तथा सक्षम पनि छन् तर विडम्बनाको कुरा सरसर्ती हेर्दा यो नागरिक समाजले बृहत् नागरिक समाज (जुन काठमाडौंभन्दा बाहिर छरिएर रहेको छ ) लाई न समेट्न सकेको छ न त्यो नागरिक समाजको विश्वास जित्न सकेको छ । साँच्चै भन्ने हो भने नेपाली नागरिक समाज आफैंमा चिरा परेको छ । झन् पछिल्ला दिनहरूमा नागरिक समाजको नाममा साम्प्रदायिक समाजको निर्माण पनि भइरहेको छ । यिनीहरूले अर्कै किसिमको द्वन्द्वको निर्माण गरिरहेका छन् । नेपालको नागरिक समाजको सबभन्दा ठूलो समस्या भनेको नागरिक समाज आफैंमा समावेशी नहुनु र नागरिक समाजमा लाग्नेहरूले यसलाई Publicity Stunt को रूपमा प्रयोग गर्नु हो । यस्तो किसिमको नागरिक समाजले राजनीतिक समस्याहरूको दिगो समाधान प्रदान गर्न खास सहयोग पुऱ्याउन सक्दैन ।

यसर्थ Elite Civil Society ले यस तर्फ सोच्नुपर्ने बेला भएको छ । हाम्रो आवश्यकता भनेका Kantian सिद्धान्तमा आधारित Cosmopolitan र समावेशी नागरिक समाज हो न की Thomas Hobbes को State of Nature र Struggle for power को सिद्धान्तमा आधारित उत्तर आधुनिक (Post Modern) नागरिक समाजले आउँदा दिनहरूमा कस्तो भूमिका खेल्छ, त्यो त हेर्न बाँकी नै छ ।

## *अवधारणामाथि टिप्पणी*

**श्रीकृष्ण अनिरुद्ध गौतम, राजनीतिक विश्लेषक**

मलाई टिप्पणीकर्ताको रूपमा आमन्त्रण गरेकामा फ्रिडम फोरमलाई धन्यवाद दिन चाहन्छु । चन्द्रदेवजीको अंग्रेजीमा लेखिएको अवधारणा पढ्न पाएँ र अहिले उहाँको प्रस्तुतीकरण पनि सुन्न पाएँ । अवधारणाको प्रकृतिबारे एक/दुई वटा कुरा



राख्न चाहन्छु । अवधारणाले धेरै विषयहरूलाई 'डिल' गर्न खोजेको छ । यसो गर्दा वास्तवमा कता जान खोजेको हो र यसले के भन्न खोजेको हो भन्ने कुरा अलमलिएको देखिन्छ । यसलाई अझ तिखार्नु होला । धेरै सिद्धान्तहरूको भरमार छ, सिद्धान्तहरूको पुनरावृत्ति भइरहँदा हामी मूल विषयमा प्रवेश गर्न सक्दैनौं र, अहिलेको प्रस्तुतीकरणमा पनि मूल विषयमा प्रवेश गर्न धेरै लामो भूमिका चाहियो- सिद्धान्तहरूको व्याख्याका लागि ।

अब अहिलेकै विषयमा म प्रवेश गर्दछु । म लोकतन्त्रमा नागरिक समाज या नेपालमा लोकतन्त्रमा नागरिक समाजमा बढी केन्द्रित हुन चाहन्छु । हरेक मुलुकका आफ्ना विकास क्रम हुन्छन् । पश्चिमे समाज जुन ढंगले विकसित हुँदै आयो, जुन ढंगले उनीहरूले 'ग्लोवल हेजेमोनी' को स्थिति या अवस्था सिर्जना गरे । उनीहरूको विकास क्रम र पहिल्यै जागृत भएका, औद्योगिक क्रान्ति, पुनर्जागरणलगायतका ऐतिहासिक कारणहरूले गर्दा अगाडि बढे । जो अगाडि बढ्छ, उसले कुनै न कुनै रूपमा भाषा, संस्कृतिमा 'डिक्टेट' त गर्छ नै । त्यसलाई पनि आदरका साथ अस्वीकार या स्वीकार गर्ने अधिकार हामीमा छ । दाताले हामीलाई पैसा दिन्छ भने त्यसलाई हामीले आदरका साथ अस्वीकार गर्न सक्छौं । र, आदरका साथ स्वीकार गर्छन् भने तपाईं (भट्ट) ले भने जस्तै उनीहरू आफैं खतरातिर जान्छन् । यहाँ आज दुई/तीन कुरा नेपालका नागरिक समाजमा प्रष्ट नभएको लाग्छ-नागरिक समाज भनेको के हो ? नागरिक समाज भनेको गैरसरकारी संस्था हो भन्ने व्यापक धारणा छ । जनआन्दोलन-२ लाई तपाईंले हेर्नुभयो भने खासगरी मुलुकका तीन पात्र- माओवादी, सात दल र नागरिक समाजले आ-आफ्नै दाबी प्रस्तुत गरिरहेका छन् ।

*माओवादीले भनिरहेका छन्-* 'हाम्रा कारणले जनआन्दोलन सफल भयो, अन्यथा जनआन्दोलन नै हुने थिएन, हामी थियौं र आन्दोलन भयो । सात दललाई हामीले अगाडि राखेको मात्र हो, आन्दोलन त हाम्रो एजेन्डामा भएको हो नि ।' *सात दलले भनिरहेको छ-* हैन यो त शान्तिपूर्ण थियो, हाम्रो नेतृत्वमा भएको थियो, शान्तिपूर्ण भएको थियो, अरू जो-जो आउनुभयो धन्यवाद । यो आन्दोलन हाम्रो थियो । यसमा तपाईंहरू सहभागी भैदिनुभयो । अर्को तिर *नागरिक समाज-* कसलाई नागरिक समाज भन्ने, कसलाई अगुवा भन्ने अन्योल त छँदैछ, तैपनि जो-जो देखिनुभएको छ, उहाँहरूको दाबीअनुसार- हाम्रो सहभागिता, हामीले जनजागरण ल्याएको कारणले गर्दा आन्दोलन सम्भव भयो ।

वास्तवमा यो सम्भव भएको कसैको अगुवापनले गर्दा भएको होइन । न सात दलको अगुवापनले गर्दा हो, न माओवादीको अगुवापनले गर्दा हो न नागरिक समाजको अगुवापनले भएको हो । यो त यसरी 'स्टलाइज' भइरहेको थियो, घटनाहरू यसरी बढिरहेको थियो, जसमा समावेश नभइकन पात्रहरूकै अस्तित्व रहने थिएन । त्यो आन्दोलनतर्फ अगाडि नबढेको भए माओवादीलाई ठूलो अस्तित्वको संकट थियो- आफूलाई विश्व समाजसामु वैधता दिलाउने आवश्यकता थियो । विश्व समुदायले अस्वीकार गरिरहेको अवस्था थियो । माओवादी हतियारधारी हो, साम्यवादी हो, यसले मुलुकलाई नौलो जनवादी दिशातिर लिएर जान्छ, यसलाई तिरस्कार गर्नुपर्छ, एक्ल्याउनुपर्छ, राजा र दललाई मिलाउनुपर्छ भनेर विश्व तप्का नै लागेको थियो-

अमेरिकाको नेतृत्वमा । माओवादीलाई वास्तवमा यो संकट नै थियो, जति जेसुकै भने पनि यो विश्व परिस्थितिबाट भोलि राज्य गर्न चाहने अथवा राज्यमा सक्रिय हुन चाहने कुनै पनि राजनीतिक शक्तिले अलगथलग भएर रहन सक्ने कुरै थिएन र रहँदैन, तसर्थ शान्तिपूर्ण अथवा लोकतान्त्रिक अवतरण गर्न सक्छौं भनेर सिद्ध नगरी हतियारले युद्ध गरेर अगाडि बढ्न मुस्किल परिसकेको थियो ।

सात दल भनेका यस्ता दल हुन जो १३ वर्षसम्म पटक-पटक विफल भए । एउटा ढर्रामा पद्धतिको रूपमा संसदीय प्रथालाई समातेर यही नै उत्कृष्ट प्रथा हो, योभन्दा उत्कृष्ट न भूत न भविष्यति भनेर यसैले नेपालको उत्थान, त्राण सबै सम्भव छ भन्ठाने । तीन पटकको प्रतिनिधिसभाको चुनाव भयो । देशलाई प्रतिनिधित्व गर्दागर्दै २०५६ पछि अधिकांश सांसद आफ्नो संसदीय क्षेत्र (विशेष गरी मध्यपश्चिम र सुदूरपश्चिम) जान नसक्ने अवस्था सिर्जना भयो । रोल्पाबाट सुरु भएको एउटा सानो हतियारधारी समूहले सांसदलाई संसदीय क्षेत्रसम्म जान नसक्ने बनाएको होइन, आफ्नो दुष्कर्मले गर्दा यस्तो भएको हो । आफ्ना मतदातासामु जान सक्ने सामर्थ्य रहेन । तसर्थ नयाँ राजनीतिक आन्दोलनको रूपमा उनीहरूले पनि पुनः वैधता दिनुनै थियो, त्यसका निम्ति प्रयत्न गर्नुनै थियो, स्वार्थवश । मैले एक छिन राजा ज्ञानेन्द्रलाई अर्को ठाउँमा राखिरहेको छु । तपाईंहरूलाई किन राजा ज्ञानेन्द्रलाई माइनस गरेको भन्ने लागिरहेको होला । माओवादीको आफ्नो प्रकारको विश्व समुदायसामु वैधता सावित गर्ने बाध्यता थियो । सात दलको आफ्नो बाध्यता थियो, आफ्नो पुनःवैधताको आवश्यकता थियो, त्यो आवश्यकतालाई राजा ज्ञानेन्द्रको निरंकुश शासनले बल वा ठाउँ दियो । यहाँ जनता झुक्किरहेका थिए ।

माओवादी र सात दल एक भएर आउँदा जनता लाभान्वित भए । जनताको वाणीलाई कुनै न कुनै रूपमा प्रतिनिधित्व गरिरहेका नागरिक समाजका प्रतिनिधिहरू (नागरिक समाजको महत्वपूर्ण अंगचाहिँ प्रेस हो) को अव्यक्त वाणीलाई प्रेसले महत्व दियो । प्रेस र अव्यक्त नागरिक समाजले जनताको वाणीलाई व्यक्त गऱ्यो । त्यसमा चन्द्रदेवजीले भने जस्तो स्वार्थहरूको कुरा के हो भने राजनीतिक दलहरू के निःस्वार्थतासाथ राजनीति गर्छन् ? माओवादीले सत्ताको चाहना नै नराखी सत्तामा कहिल्यै हामी जाँदैनौं, जोगी सन्यासी हुन्छौं, अरूलाई सत्तामा पुऱ्याउँछौं भनेर हतियारको राजनीति गरेको हो ? दस वर्षको जनयुद्ध त्यसका लागि भएको हो ? राजनीति भनेको स्वार्थहरूकै खेल हो भन्ने हामीले मान्नुपऱ्यो । स्वार्थहरूकै सम्बन्ध, जवाव, टुटाव हो । कुनै समयमा कुनै पार्टी फुट्छ, नेपाली कांग्रेस फुट्छ, एमाले फुट्छ । अनि अर्को परिस्थितिमा ती पार्टी मिल्छन, किन ? नेपाली जनताका निम्ति नमिली हुँदैन भनेर मिलेका हुन् ? उनीहरू त आफ्नो स्वार्थका लागि मिलेका हुन् ।

जनआन्दोलन-२ मा सात दल र माओवादीको सम्मिलन उनीहरूको राजनीतिक स्वार्थका कारण भएको हो । के कुरामा सहमत हुन सकिन्छ भने लोकतन्त्रमा राजनीतिक दलहरू र पात्रहरू स्वार्थ पूर्तिकै लागि सक्रिय हुन्छन् भन्ने पीडादायी सत्यलाई स्वीकार्नुको अर्को कुनै विकल्प छैन । अमेरिका, बेलायत, युरोप, भारत, श्रीलंकाका राजनीतिज्ञहरू पनि आफ्नै स्वार्थका लागि राजनीतिमा सक्रिय हुन्छन्, तथापि यो पीडादायी सत्य हो । यो सत्यलाई स्विकार्नुको विकल्प पनि छैन ।



यी स्वार्थीहरूको समूहलाई कुन रूपमा जनमुखी बनाउने, जनहितमा कसरी काम गर्न लगाउने भन्ने काम दबाब समूहहरूले गर्दछन् । ती दबाब समूहको अग्रपंक्तिमा नागरिक समाज हुन्छ । नागरिक समाज कुनै गठन गरेर अध्यक्ष, सचिव, महासचिव राखेर हुँदैन । एउटा विशिष्ट प्रयोजन, कार्य या मिसनका लागि नागरिक समाज बन्छ । त्यसमा सैद्धान्तिक, व्यावहारिक र समय दिन सक्नेहरू अगुवा हुन्छन् ।

जसले कम समय दिन सक्दछन्, जसले अलिकति एजेन्डामा स्पष्ट छैनन् ती अलि पछाडि बस्छन् । उनीहरूले मिसन पूरा गर्छन्, यसपछि फेरि त्यो डिस्पर्स हुन्छ आफैं । नागरिक समाज भनेको एउटा प्रदर्शन जस्तो हो, आन्दोलन जस्तो हो । त्यो आन्दोलन निरन्तर चलिरहन्छ, ठूलो नागरिक समाज देशव्यापी सक्रिय हुन्छ, निर्वाचनका बेला अर्थात चुनावका बेला सम्पूर्ण देश परिचालित हुन्छ । त्यो सबै नागरिक समाज हो, चुनावका वेला जो परिचालित हुन्छन्, मत खसाल्न जान्छन् । र, परिवर्तन ल्याउँछन् । फेरि उनीहरू घर फर्किन्छन्, तर मुलुकमा एउटा ठूलो परिवर्तन आइसकेको हुन्छ । व्यक्तिगत रूपमा उनीहरू मतदान केन्द्रसम्म मात्र गएका हुन्छन्, मुलुकमा राज्य सत्ता परिवर्तन भइसकेको हुन्छ । त्यसरी नै नजानिँदो र प्रत्यक्ष स्वार्थ अगाडि नराखी निःस्वार्थ सक्रिय हुने मात्र नागरिक समाज हो । अरू सबै ज-जसले आफूलाई नागरिक समाज भन्छन्, ती नागरिक समाज होइनन्, तपाईंले भने जस्तै अफिसियल नागरिक समाज हुन् ।

उनीहरूको आफ्नै स्वार्थ हुन्छ । तर त्यो नागरिक समाजले पनि यहाँनेर व्यापक नागरिक समाजलाई मद्दत गरिरहेको हुन्छ । अस्ति एक जना मित्रसँग कुरा भएको थियो, नागरिक समाजका बारेमा । उहाँको धारणाचाहिँ नागरिक समाज संगठित नै हुनुपर्छ भन्ने रहेछ । उहाँसँग लामो बहस भयो । वास्तवमा लेफ्ट र डेमोक्रेटको बुझाईमा अलिकति अन्तर छ । डेमोक्रेटले बुझ्ने नागरिक समाजचाहिँ विशिष्ट उद्देश्यका लागि बन्छ र त्यो आफैं डिस्पर्स हुन्छ । अनि फेरि नागरिक समाज बन्छ, चक्र चलिरहन्छ । त्यसमा पुराना जान्छन्, नयाँ आउँदै गर्छन् ।

चन्द्रदेवजीले लेख्नुभएको छ पहिला मार्क्सले नै अस्वीकार गरेको हो नागरिक समाज । आज लेफ्टहरू पनि सक्रिय भएर आएका छन् । यसमा सकारात्मक पक्ष के छ भने आजको जो लेफ्ट छ त्यसमा व्यापक रूपमा डेमोक्राइजेसन भइरहेको छ, ठूलो रिथिंकिङ चलिरहेको छ, लेफ्टमा पनि सर्भाइवलको प्रश्न छ । सर्भाइवलको कुराचाहिँ मार्क्स र लेनिन थ्योरीअन्तर्गत बसेर लेफ्टको सर्भाइवल सम्भव छैन भन्ने कुरामा एक प्रकारले लेफ्ट पनि पुगिसकेको अवस्था छ । तर जेबाट आफ्नो परिचयको उद्भव भयो, परिचय बन्यो, त्यो छोड्न अफ्ठेरो भइरहेको छ । मार्क्सले अस्वीकार गरेको नागरिक समाजतिरै लेफ्टहरू किन गइरहेका छन् ? क्वाइट जस्ट एवाउट इट । मैले यसलाई सकारात्मक रूपमा हेरिराखेको छु । जहाँसुकैको लेफ्टलाई तपाईं आज हेर्नुस्, जति रिथिङ किङ आज लेफ्टमा भइरहेको छ, त्यति थिङकिङ र रिथिङ किङ क्लासिकल डेमोक्रेटहरूमा भइदिएको भए आज अवस्था अर्कै हुने थियो । डेमोक्रेटहरूले त हामी डेमोक्रेट हौं, हामीकहाँ सबै आइहाल्छन्, हामीमै आएर समाहित हुनुपर्छ, अन्यथा यिनको अस्तित्व छैन भन्ने अहंकार पालेर बसे । र, क्लासिकल डेमोक्रेटकै रूपमा उनीहरू रहिरहे ।

म नेपालको विशिष्ट परिस्थितिमा आउन चाहन्छु। नेपालको मोमेन्ट भनेको दुइटा हो। नेपालमा या लोकतन्त्रमा नागरिक समाजको भूमिका पनि त्यसैले निर्धारण गर्दछ। दुई धार हुन, एउटा लोकतान्त्रिक धार हो। विडम्बना के छ भने नेपालका लेफ्टहरूले यिनीहरू डेमोक्रेट हामी लेफ्ट भनिदिए। हरेक आन्दोलन...२०४६ को आन्दोलनमा त्यत्रो भूमिका रह्यो, सक्रियता रह्यो। एउटा कांग्रेसलाई लेफ्टहरूले भनिदिए कि तिमीहरू डेमोक्रेट हौं।

यो अलिकति मनोवैज्ञानिक कुरा हो। तिमीहरू डेमोक्रेट हौं, डेमोक्रेसी तिमीहरूको जिम्मा हो, तिमीहरू जे भन्छौं त्यही डेमोक्रेसी हो। डेमोक्रेटिक मुभमेन्टमा लेफ्ट पनि सक्रिय हुने, काँधमा काँध मिलाएर सडकमा प्रदर्शन गर्ने, वर्सौं वर्षसम्म जेलमा बसिदिने। तर, जब बाहिर निस्कन्छन्, अनि यो डेमोक्रेसी त तिमीहरूको मात्र हो, हामी त पछि साम्यवादमा जान्छौं है भन्ने। नेपालमा लोकतन्त्रलाई परिभाषित गर्न लेफ्टहरू अगाडि बढेनन्। यसमा कांग्रेस, कांग्रेससँग आबद्ध मानिसहरू, प्राज्ञ, बुद्धिजीवी र पत्रकारहरूमा यो हामीले नै व्याख्या गर्ने कुरा हो भन्ने भयो। डेमोक्रेसी एकलौटी जस्तो भयो। तर, जनआन्दोलन दुईपछि चाहिँ एकलौटिपन हराएको देखिएको छ। नेपालका डेमोक्रेटको मात्र एकलौटी होइन, लोकतन्त्र। उनीहरू पनि त्यसरी दिन तयार देखिँदैनन्। ठूलो पर्सेप्सनल परिवर्तन आएको छ। र, अगाडिको बाटो त्यसले निर्धारण गर्दछ। नेपालमा अझै लामो समयसम्म दुइटा कोणहरू रहन्छन्। राजसंस्थाको टुंगो राजसंस्था स्वयम्ले लगाइसकेको छ। अब विस्तारै-विस्तारै क्रान्तिकारी भए पनि नभए पनि जुन प्रकारले पनि नेपालबाट राजसंस्था जान्छ। उसले आफ्नो बाटो आफैं तयार गरिरहेको छ, जाने बाटो। समय अभावको कुरा आइरहेको छ, म यसबारे व्याख्यामा जान चाहन्न।

नेपालको नागरिक समाजको भूमिका के हुन्छ भन्ने कुरा गर्दा यहाँ डेमोक्रेट र लेफ्टबीचको लोकतन्त्रको निर्माण हुन्छ, त्यो लोकतन्त्रलाई अझ पुनःपरिभाषित गर्न, अझ अद्यावधिक गर्न, बढीभन्दा बढी जनमुखी र समावेशी गर्न। म चन्द्रदेवजीसँग सहमत छु, लोकतन्त्र समावेशी, असमावेशी, समाजवादी आदि हुँदैन। लोकतन्त्र लोकतन्त्र मात्रै हो। तर, त्यो काल र समय विशेष अर्थात देशकाल परिस्थितिअनुसार त्यहाँको आवश्यकता के हो, त्यो देशको लोकतन्त्र कस्तो छ, औपचारिकमात्र भएकाले अनौपचारिक बनाउनुपर्ने, समावेशी बनाउनुपर्ने हो कि भन्ने कुरामा लोकतन्त्रको पुनःपरिभाषा २५ सय वर्षदेखि निरन्तर गरिँदै आएको छ। यो क्रम चलिरहन्छ। यति भनेर अहिले म आफ्नो टिप्पणी टुंग्याउन चाहन्छु।

## अवधारणामाथि छलफल र प्रश्नोत्तर

**रघुजी पन्त, एमाले केन्द्रीय सदस्य एवं प्रतिनिधिसभा सदस्य**

भट्टजीको अलिकति विचार आज बिहान नेपाल पाक्षिकमा पनि पढ्न पाइएको थियो। उहाँले आफ्ना विचार राख्नुभएको छ, विचार हो त्यसमा सहमत अथवा असहमत छु भनी राख्नुपर्छ भन्ने मलाई लाग्दैन। कतिपय उहाँका विचारहरू बाझिएका पनि छन्, माथि एउटा तर्क दिएर तल त्यसैसँग असहमति देखाएको जस्तो



उहाँको कार्यपत्र अथवा लेखमा देखिन्छ। कतिपय सामूहिक कुराहरू पनि उहाँले उठाउनुभएको छ। नेपालको सन्दर्भमा भन्ने हो भने यो यस्तो विषय हो कि व्यवहार र छलफल दुवै रूपमा अगाडि बढिरहेको छ। जसको रूप, औचित्य, भूमिकाबारे प्रशंसा गर्नुपर्ने र आलोचना गर्नुपर्ने कुराहरू पनि छन्। सिद्धान्तहरूको निर्माण व्यवहारकै क्रममा हुन्छ। हामी केही सिद्धान्तहरू, विचारहरू, नीतिहरू बनाउँछौं र तिनलाई लिएर व्यवहारमा जान्छौं, व्यवहारले आफैंले निर्माण गरेका विचारहरू र नीतिहरू केहीलाई ठीक सावित गर्छन्, केहीलाई बेठीक साबित गर्छन्। त्यही क्रममा हामी आफ्ना विचार र नीतिहरूलाई परिमार्जन पनि गर्छौं, यो मानव विकासको आमसिद्धान्त नै हो। स्वाभाविक रूपमा समाजमा अन्तरद्वन्द्वलाई निकास दिन र त्यसबाट नयाँ चरणमा प्रवेश गर्न समाजभित्रबाट आफ्नै खाले विचार जन्मिन्छ। हाम्रो जनआन्दोलनका क्रममा एक तहका विचारक जन्मेका थिए भने एक तहका विचारक अहिले पनि जन्मिएका छन्। तिनलाई फलानो नै विचारक नभनौं। २०४६ को परिवर्तनपछि सञ्चारका क्षेत्रमा जसरी विकास भयो, त्यो क्षेत्रमा थुप्रै नयाँ मानिसहरू आए। तपाईंहरू अहिले दैनिक अखबारहरूमा हेरिरहनु भएको होला...धेरै स्थापितहरूले लेख्न छोडेका छन्, नयाँ-नयाँ नामहरू देखिएको छ, उनीहरूबाट हामी नयाँ-नयाँ विचार पनि पाउछौं। म ती सबै मानिसलाई (जसको परिचय बनिसकेको छैन) पनि हाम्रो समाजको संक्रमणकालीन विचारक भन्न चाहन्छु। जसका विचारहरूले कुनै न कुनै रूपमा समाजलाई प्रभावित पारिरहेको छ।

मैले बुझेको नागरिक समाज राजनीतिक रूपमा संगठितभन्दा पनि असंगठित रूपमा ठूलो समूह हाम्रो मुलुकमा छ, जो प्राध्यापक, पत्रकार, चिकित्सक, अधिवक्ता, शिक्षक, कर्मचारी, गैसस समूहको समुच्च जमात नागरिक समाजका रूपमा देखिएको छ। यसलाई नागरिक समाज मान्ने कि नमान्ने, यो संगठित हुनुपर्छ कि पर्दैन, यसले खेल्दै आएका भूमिकाहरू सकारात्मक छन् कि आलोचनात्मक छन् ? हेर्ने आ-आफ्नो दृष्टिकोण छन्। सकारात्मक रूपमा हेर्दा पनि थुप्रै देखिन्छ, अहिले कतिपय कुराहरू आलोचना गर्नुपर्ने छन् भन्ने मलाई लाग्छ। भट्टजीको अवधारणामा एउटा रोचक कुरा छ, राज्य, विचार निरपेक्ष हुन्छ, नागरिक समाज पनि निरपेक्ष हुन्छ भन्नुभएको छ। तर राज्य निरपेक्ष हुँदैहुँदैन, त्यो त आफैं इम्पोज गर्ने माध्यम हो। मानव समाजमा राज्य भनेको रेगुलेट गर्न बनेको भनिए पनि अन्ततः राज्यले इम्पोज गरिरहेको हुन्छ। त्यो इम्पोज गर्ने माध्यम भएकाले स्वार्थ निरपेक्ष या विचार निरपेक्ष हुन्छ भन्ने मलाई लाग्दैन। निरपेक्ष भएर नागरिक समाज पनि बन्दै बन्दैन। खास सन्दर्भमा विभिन्न विचार भएका मानिसहरू एक ठाउँमा बसे पनि कुनै न कुनै बेला कुनै न कुनै मुद्दामा संगठित भएर अगाडि बढिरहेको हुन्छ। यस्तो गरिरहेको बेला विचार निरपेक्ष हुन्छ भन्ने कुरा कति मान्न सकिन्छ, छलफलको विषय हुन सक्छ। नागरिक समाजले विषयहरू लिएर आउँदा उ यो कुरामा चित्त बुझाएर अगाडि बढाउने विषय हो भनिरहेको हुन्छ। तसर्थ मलाई निरपेक्ष हुन्छ भन्ने लाग्दैन।

हामीले फ्रेन्च क्रान्तिको कुरा गर्ने हो भने पनि यो कफी हाउसबाट जन्मियो भनिन्छ। इंग्ल्यान्ड, भारत र हामीकहाँ हेर्ने हो भने कतिपय साहित्यिक आन्दोलनहरू कफी हाउसबाट सुरु भएका छन्। कतिपय नागरिक आन्दोलनहरू कफी हाउसबाट

सुरु भएका छन। त्यस प्रकारको नागरिक समाजको अस्तित्व कुनै न कुनै रूपमा रहँदै आएको छ। अब हेर्नुपर्ने छ, हाम्रो आफ्नो सन्दर्भमाः नागरिक समाजले यो पालिको जनआन्दोलनमा हाम्रो सेयर छ भन्यो भन्दैमा हामीले चित्त दुखाउनु पर्दैन। स्वाभाविक रूपमा उसको केही भूमिका थियो, त्यसका लागि जनताका तर्फबाट हामीले धन्यवाद पनि ज्ञापन गर्नुपर्छ। तर दुई कुरा बुझ्नुपर्ने हुन्छ, राजनीतिक आन्दोलन भनेको ठीक होस् या गलत, राजनीतिक दल ठीक हुन या गलत, नेताहरू ठीक हुन या बेठीक तर त्यो राजनीतिक विचारकै आधारमा हुन्छ।

हाम्रो यसपालिको जनआन्दोलन सात पार्टीको गठबन्धनबाट सुरु भयो, पछि त्यो राम्ररी अगाडि बढ्न सकेन भनेर विभिन्न दलमा रहेका व्यक्तिहरू मिलेर नागरिक समाज बनाएर जाऔं भन्ने विचार आयो, १२ बुँदे सहमति भएपछि आन्दोलनको पक्षमा आमजनतालाई उतार्न र मनस्थिति बनाउने कुरामा माओवादीको पनि भूमिका रह्यो। त्यसपछि जब माओवादीले त्यो आन्दोलनको नेतृत्वमा हामी छौं भन्ने दाबी गऱ्यो, जनताले त्यसलाई अस्वीकार पनि गरे। वैशाख ११ को सहमतिलाई यो राजनीतिक रूपमा धोका हो, यसविरुद्ध विद्रोह गरौं भनेर माओवादीले सार्वजनिक रूपमा आह्वान गरेको थियो। त्यतिमात्र होइन मातृका यादव नख्खु जेलबाट छुट्दादेखि प्रचण्डसम्मका अभिव्यक्तिहरूमा स्पष्ट रूपमा ११ वैशाखको सम्झौता धोका हो भनिएको छ। तर जनताले त्यसलाई स्वीकार गरेन, सात दलले वैशाख ११ पछि अबिर लगाउ भनेर जनतालाई भनेको थिएन। तर सात दलले सम्झौता गऱ्यो अर्थात सात दलले जेलाई स्वीकार गऱ्यो त्यसलाई जनताले पनि एक्सेप्ट गरे। तसर्थ एउटा कुरा स्पष्ट देखियो सात दलले आन्दोलन सुरु गरेको थियो, सातै दलले अन्त्य गर्दा अन्त्य भयो। स्वाभाविक रूपमा यो आन्दोलनमा सुरुदेखि अन्त्यसम्म पुऱ्याउन माओवादीको बीचमा भूमिका रह्यो।

माओवादीले आन्दोलनको सेयर खोज्यो भने त्यसमा हाम्रो कन्जुस्याँई रहन्न। तर, जनआन्दोलनमा ६ हजार मानिस घाइते भए, तीमध्ये एक जनाले पनि आफूलाई माओवादी भएको दाबी गर्दैनन्। मारिएका २१ जना पनि सात दलभित्रैबाट पर्छन्। यसोभन्दा माओवादीको भूमिकै छैन त ? बिल्कुल छ। माओवादीसित भएको १२ बुँदे सहमतिले जनतामा यो आन्दोलनले राजनीतिक निकासमात्र होइन, मुलुकमा व्याप्त हत्याहिंसाको पनि निकास दिन्छ भन्ने विश्वास पलायो, यसमा माओवादी पक्ष पनि सहमत भएको छ। संविधानसभामा माओवादी र सात दल सहमतिमा पुगेकाले यो बिन्दुमा जनतालाई आन्दोलनमा आउने भूमि तयार गऱ्यो। माओवादीले आन्दोलनप्रति सहमति जनाएर आममानिसलाई आन्दोलनमा जाने परिस्थिति तयार गरेको श्रेय उनीहरूलाई पनि दिनुपर्छ। तसर्थ यसमा विभिन्न प्रकारको भूमिका रह्यो, सुरूमा दलहरूको नेतृत्वमा भएको आन्दोलन राम्ररी अगाडि बढ्न नसकेका बेला नागरिक समाजको भूमिका रह्यो। तर हामीले बुझ्नुपर्ने कुरा के हो भने कुनै पनि राजनीतिक आन्दोलनको सफलता या असफलताको जे भए पनि राजनीतिक दलको नेतृत्वमा नभई नागरिक समाजको नेतृत्वमा संसारका कुनै पनि ठाउँमा भएको छैन, यहाँ पनि भएको होइन र, भोलि पनि हुँदैन।



केही समययता नागरिक समाजको भूमिका माथि प्रश्नहरू उठिरहेको छ। नागरिक समाजले गरिरहेको काम ठीक छन कि छैनन् भन्ने बारेमा विचारकको मात्र हैन आमपाठकको पनि प्रतिक्रिया अखबारका पानाहरूमा पढ्न पाइन्छ। हामीकहाँ नागरिक समाज छ, आन्दोलनको जति अपिलिङ अहिले छैन। स्वाभाविक रूपमा त्यो पछाडि परिरहेको छ। त्यसको कारण पनि छ, नागरिक समाजको नेतृत्वमा हिजो भएको कतिपय आन्दोलनमा राजनीतिक दलकै कार्यकर्ता गएका थिए, राजनीतिक दलसँग नजिक भएका कुनै न कुनै पेसाका मानिस पनि गएका थिए, हामी कहाँ इन्डिपेन्डेन्ट नागरिक समाजको अस्तित्व स्थापित भइसकेको छैन..तपाईं मान्नुस्, या नमान्नुस्। नेपाली समाज राजनीतिक रूपमा अत्यन्तै विभाजित समाज हो। जतिजति समाज समुन्नत हुँदै जान्छ, त्यति नै यो विभाजनको रेखा मेटिँदै जान्छ, जति लोकतन्त्रले आफूलाई संस्थागत र सुदृढ गर्दै जान्छ, त्यति विभाजनको रेखा मेटिँदै जान्छ।

त्यसपछि हामीले मेरिट बेसिसमा मानिसलाई ठाउँ दिने प्रक्रिया र पद्धति निर्माण गर्दै गएपछि मसँग मेरिट छ भन्नेहरूले राजनीतिक दलको सहारा लिने प्रवृत्ति पनि घट्दै जान्छ। सायद हामी त्यहाँ पुगिसकेका छैनौं, त्यसकारण हाम्रो नागरिक समाज राजनीतिक रूपले प्रदूषित, प्रभावित या सञ्चालित छ। जब त्यसरी नभएका मानिसहरूले राजनीतिक रूपमा मुद्दा अगाडि बढाउँछौं भनिरहनुभएको छ, स्वाभाविक रूपमा त्यो प्रयत्न त्यति प्रभावकारी हुन सकेको छैन। त्यसमाथि सन्तुलन, एजेन्डाका दृष्टिकोणले प्रश्नहरू उठ्न थालेको छ, त्यो स्वाभाविकै हो। यसो गऱ्यो भने नागरिक समाजले आफूलाई सच्याउन सक्छ, सही भूमिका के हो भनेर छुट्याउन सक्छ र आफ्नो सीमाभित्र आफैंले सीमित गर्न सक्छः कतिपय विषयमा। जब उसले संयमित बनाउँछ र कुनै बेला जागरूक भएर मुद्दाहरू उठाउँछ, त्यो साच्चै प्रभावकारी पनि हुन्छ। अहिले मुलुक संक्रमणकालबाट गुज्रिरहेकाले नागरिक समाज पनि संक्रमणमा छ, नागरिक समाजको भूमिका, औचित्य, प्रासंगिकता, त्यसका देन, आलोचनाका पक्षहरूमा अहिलेको बेलामा विवाद हुनु स्वाभाविक छ।

म के ठान्दछु भने हामी लोकतन्त्रमा विश्वास राख्छौं भने स्वाभाविक रूपमा यो बहसले राजनीतिक दलहरूलाई पनि आफ्नो सीमाभित्र रहन, औचित्यलाई तर्कपूर्ण रूपले स्थापित गर्न, भूमिकालाई राम्रो र सही ढंगले निर्वाह गर्न एवं आफ्नो भूमिका कति विस्तार गर्ने भन्ने निक्योल गर्न सहयोग गर्छ। हामीले यहाँबाट कुनै निश्चित विचार लिएर फर्कनुपर्छ भन्ने मलाई लाग्दैन। आफ्ना विचार राख्यौं, मलाई कतिपय चन्द्रजीका, कतिपय श्रीकृष्णजीका विचारहरू ठीक लागेको छ, कतिपय कुरामा सहमत हुनुपर्छ भन्ने आवश्यकता छैन। मेरा कतिपय विचार यहाँहरूलाई ठीक लाग्न सक्छ, कतिपय कुरा बेठीक लाग्न सक्छ, त्यो ठिकै या बेठिकै लाग्नुपर्छ भन्ने मेरो मान्यता पनि छैन। यी छलफलले नै हामीले आफ्नो भूमिका चिन्न, सीमा बुझ्न र आआफ्नो भूमिकामा समय अनुसार गतिशील हुन मद्दत गर्छ भन्ने लाग्छ।

*'मसँग मेरिट छ भन्नेहरूले राजनीतिक दलको सहारा लिने प्रवृत्ति पनि घट्दै जान्छ'*

**डा. अर्जुन कार्की, अध्यक्ष, गैरसरकारी संस्था महासंघ**

अवधारणा हेरियो र श्रीकृष्णजीको टिप्पणी पनि सुनेपछि मलाई केही कुरा यहाँ राख्न मन लाग्यो। टिप्पणी भन्दा आफ्नो विचार राख्न चाहन्छु। यसपालिको आन्दोलनमा तीनवटा शब्द निकै चर्चित भए: लोकतन्त्र, संविधानसभा र नागरिक समाज। यी तीनै चिज बुझ्ने धेरै कम मान्छे छौं भन्ने मलाई लागिरहेको छ। यी तीनै चिज चाहिने र राम्रो लाग्ने मान्ने चाहिँ धेरै छन। यही समस्याबाट मलाई कुरा गर्न मन लाग्यो।

भट्टजीले अवधारणामा कुनै ठोस विचार दिन सक्नुभएको छैन अर्थात नचाहनु भएको होला। टिप्पणीका रूपमा विभिन्न कुरा उठाउनुभएको छ, तल माथि कतिपय कुरा बाझिएर आएको छ। नागरिक समाजको कुरा गर्दा कांग्रेस नागरिक समाज, कम्युनिस्ट नागरिक समाजका रूपमा हेरिन्छ, तर मलाई त्यस्तो लाग्दैन। नागरिक समाजका बारेमा बहस र छलफल हाम्रो मुलुकमा ज्यादै कम भएको छ। हामी यो राजनीतिक, संगठित हुन्छ कि हुँदैन भन्छौं, तर यसबारे छलफल गर्दैनौं। यो मुलुकमा जति किसिमका नागरिक छन् विचारका हिसाबले कांग्रेस, एमाले, माओवादी हुन सक्छन्, विभिन्न विचार राख्न सक्छन्। तर नागरिक समाज भनेको अर्कै ग्रह, उपग्रहबाट फुत्त आएको, समाजमा भएको गुणदोष नभएको, महान र पवित्र कुनै प्राणी हो भनेर व्याख्या विश्लेषण गर्ने कोसिस गरिन्छ। त्यो गलत अवधारणा हो।

हाम्रो समाजमा जस्ता मानिसहरू छन्, त्यस्तै नागरिक समाज यहाँ छ। नागरिक समाज गैरराजनीतिक हो भन्नु ढाँट कुरा हुन जान्छ। हाम्रो समाजमा कांग्रेस, एमाले, माओवादी छ, नागरिक समाजमा पनि त्यही छ। यसलाई टालटुल गरेर ढाकछोप गर्ने अनेक प्रयत्न भएको मैले पाएको छु। यो नगरौं, जे हो त्यही बोलौं। नागरिक समाज सबभन्दा राजनीतिक हुन्छ। भट्टजीले कार्लमार्क्सको रेफरेन्स दिनुभएको छ, त्यो मैले त्यो हेर्नै पर्ने हुन्छ। तर, लेफ्टिटहरूले निकै लामो समयदेखि नागरिक समाजको महत्वबारे विचार, सिद्धान्त र दर्शनहरूमा उल्लेख गरेका छन। ग्राम्सियन थ्योरीमा धेरै व्याख्या गरिएको छ। तर, सैद्धान्तिक कुरामा नजाऊँ। नागरिक समाज असंगठित हुन्छ भन्ने कुरा आयो, तर, संगठित पनि हुन सक्छ। संगठन या संगठित भनेको के हो भन्ने कुरामा पहिला स्पष्ट हुनुपर्‍यो। परिभाषा स्पष्ट गर्ने हो भने संगठित हुन्छ या हुन्न भन्ने टुंगो लाग्छ, तर साधारणतयाः नागरिक समाज संगठित हुन्छ। अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव बनाएरमात्र संगठन हुन्छ भन्ने कुरा होइन, निश्चित उद्देश्यका लागि एउटा समाज परिचालित हुन्छ भने त्यसलाई संगठन भन्ने हो भने नागरिक समाज संगठित हुन्छ। व्यक्ति नागरिक समाजका अगुवा या पछुवा हुन्छ भन्ने कुरामा म सहमत छैन। हाइज्याडकिड हुन्छ भने त्यो नागरिक समाज हुँदैन। मलाई भूपति ढकाल सरले भनेको व्यक्ति नागरिक समाज हुँदैन भन्ने कुरा याद आयो। कुनै व्यक्ति जेनेभा, न्यूयोर्क, विराटनगर गयो भने नागरिक समाज गयो भन्ने हुँदैन।

हाम्रो समाजमा जस्तै प्राध्यापक, विद्यार्थी, गैरसरकारी संस्थाहरू आन्दोलनमा उत्रेका हुन, सबै उत्रेनन होला, केही विरोधमा उत्रे होलान। तर ती संगठित समाज हो। हाम्रो नेपाली समाजको हरेक अंग आन्दोलनमा उत्रेको हो। नेपालमा मात्र नभई



संसारभर नै सैद्धान्तिक र दार्शनिक हिसाबले पनि नागरिक समाज विवादास्पद छ। यसको एकमतको परिभाषा संसारभर छैन। पश्चिम युरोपमा राजनीतिक पार्टीलाई पनि नागरिक समाजको सदस्य मानिन्छ। हालै यहाँ युरोपियन युनियनका एक जना सदस्य इटलीका सांसद आउनुभएको थियो। हामीले उहाँलाई राजनीतिक पार्टी होइन, नागरिक समाज हो भन्दा बुर्लुक्क उर्फिनुभयो। खासगरी लेफ्ट, समाजवादीले राजनीतिक पार्टी पनि नागरिक समाज हो भन्ने गर्छन्, यो संसारभर विवादको विषय हो।

हाम्रो सन्दर्भमा फलानो यो पार्टीमा लागेको ऊ पार्टीमा लागेको मचाहिँ कतै नलागेकाले पवित्र खाले नागरिक समाजको अगुवा या पछुवा भएको दाबी गर्नु झुटो हो, त्यसरी ढाट्नु हुँदैन। यसको अर्थ कुनै पार्टीप्रति निकट नभएको व्यक्ति नागरिक समाजमा आउँदैन भन्ने होइन। एउटा निश्चित उद्देश्यका लागि र गोजीमा कुनै पार्टीको सदस्यता लिएर आए पनि कुनै राजनीतिक दलभन्दा अगाडि बढेर जाने आँट गर्ने नै नागरिक समाज हो। नेपाली कांग्रेसको सदस्य भएको मान्छे नागरिक आन्दोलनमा आएर गिरिजाप्रसाद कोइरालाको नराम्रो कामको विरोध गरिरहेको हुन्छ, एमालेको पार्टी सदस्य आएर माधव नेपालका नराम्रा कामको विरोध गरिरहेको हुन्छ। नागरिक समाजको सदस्य भनेको यो हो, यदि पार्टीको सदस्यको हैसियतले यसो गरे त्यो व्यक्तिको पत्तासाफ हुन्छ।

३३ प्रतिशत नागरिक समाजका लागि कोटा उपलब्ध भएको छ भन्ने बारेमा पनि हामी स्पष्ट हुनुपर्ने छ। संसद् र मन्त्रीमा ३३ प्रतिशत रहने भन्ने कुराको भट्टजीले अलिकति विश्लेषण गरिदिएको भए उहाँले उठाउन खोजेको कतिपय कुरा बुझ्न सजिलो हुन्थ्यो। केही ठाउँमा समाउन पनि खोज्नु भएको छ। केही मानिसलाई अब ठ्याक्कै ३३ प्रतिशत पाउने भएकाले अलिकति बढी गणतान्त्रिक, र्‍याडिकल, अलि बढी नागरिक समाजका रूपमा अगाडि गइयो भने ठ्याक्कै सांसद, मन्त्री होइएला भन्ने लागेको होला। त्यो नागरिक समाज हुँदैन, त्यो त सांसद र मन्त्री हुन्छ। यदि कोही जान्छ भने कुनै पार्टीसँग नजिक भएकाले त्यहीमार्फत जान्छ, यो कुरा हामीले स्पष्टसँग बुझ्नुपर्ने हुन्छ, स्पष्टीकरण पनि दिनुपर्छ। नभए सांसद रघुजी पन्तजस्ता मानिसले तिमीहरू त्यही हाम्रो ठाउँमा आउन चम्केको हो भन्न सक्नुहुन्छ। भट्टजीले उठाउनुभएको छ, व्यक्तिगत नभई सामूहिक स्वार्थ भएको समाज या समूह नै नागरिक समाज हो।

हिजो आन्दोलनको क्रममा हाम्रो सामूहिक स्वार्थ राजाको निरंकुश सत्ता ढाल्ने थियो, कसैलाई अगुवा, पछुवा, सांसद, मन्त्री बनाउने कुनै पदमा जाने भन्ने थिएन। केहीको चाहिँ त्यस्तो स्वार्थ हुन सक्छ, नागरिक समाजमा समाजको विकृति र विसंगति आउँदैन भन्ने होइन। अहिले पूरै निरंकुशता ढलिसकेको छैन भन्ने छ, आन्दोलन जारी छ भनिन्छ, खबरदारीको कुरा छ। राजा ज्ञानेन्द्रको विरुद्धभन्दा पनि हाम्रा नेताहरू, लोकतान्त्रिक भनिएका पार्टीहरूले बढी निरंकुशताको बाटो लिने हुन कि ? यहाँ त झन्डा र साइनबोर्ड कांग्रेस, एमाले, माओवादीको छ, काम गर्ने शैलीचाहिँ कुनै सामन्तभन्दा कम छैन अर्थात राजा ज्ञानेन्द्रको भन्दा कम छैन, निर्णय गर्ने, काम गर्ने शैलीमा।

उत्तरदायित्व, पारदर्शिता, सहभागिताको कुरा गरेका छौं। लोकतान्त्रिक पार्टीको नेता, कम्युनिस्टले गऱ्यो भन्दैमा शैली ज्ञानेन्द्रको जस्तै देखिए त्यो स्वीकार गर्नुपर्छ कि पर्दैन भन्ने छ, यसको कडा प्रतिवाद नागरिक समाजले गर्नुपर्छ। आगामी दिनको भूमिका नागरिक समाजको यही हुनुपर्छ।

२०४६ को आन्दोलनपछिको कुरा गरौं, हामीले कांग्रेस, एमालेले यस्तो बदमासी गऱ्यो भन्छौं, तर मैले नागरिक समाजका सदस्य र आफूलाई स्वतन्त्र भन्ने मान्छेले हामीले पनि बदमासी गऱ्यौं भनेर स्वीकार गरेको छैन। बदमासी कुन अर्थमा भने जुन खबरदारीको कुरा अहिले आएको छ, कांग्रेस र एमालेले खराब काम गर्दा त्यतिबेला संगठित रूपमा खबरदारी गर्दै चुनौती दिन गएको भए यति ठूलो गल्ती यी पार्टीले गर्ने थिएनन् कि ? त्यो अर्थमा नागरिक समाज पनि उत्तिकै जिम्मेवार हो कि ? जसले नागरिक समाजको सदस्य हुँ भन्नेहरूले पनि कांग्रेस, एमालेलगायत सत्तामा गएका पार्टीहरूले गरेका नराम्रा काम, विकृति र विसंगतिको उत्तिकै जिम्मेवारी लिनुपर्छ। किन कि त्यति बेलै भण्डाफोर गरेर सशक्त दबाब सिर्जना गर्न नसकेको जिम्मा लिनुपर्छ।

हाम्रो नागरिक आन्दोलनमा राजनीतिक दलको झन्डा, ब्यानर प्रयोग गर्न हुने कि नहुने भन्ने छ। लोकतन्त्रमा त्यत्रो भूमिगत भएर जंगल बसेको पार्टी खुल्ला भएर प्रचण्ड, डा. बाबुराम हाम्रो सडकमा कुद्न थाले। नागरिक आन्दोलनमा राजनीतिक पार्टी र तिनका जनवर्गीय संगठनहरू आफ्नो पहिचानसहित आउँछन् भने अब लुकाइ राख्नुपर्ने छ जस्तो मलाई लाग्दैन। नागरिक आन्दोलन त्यो हिसाबले नागरिक चासोलाई अगाडि लिएर बढ्नुपर्छ।

**डा. मीना आचार्य, वरिष्ठ अर्थशास्त्री**

अर्जुनजीले धेरै कुरा भनिसक्नु भएको छ, राजनीतिक निरपेक्ष कोही पनि हुँदैन। राजनीतिलाई आधार बनाएर नागरिक समाज अगाडि बढ्छ कि बढ्दैन भन्ने कुराले उ पृथक देखिन्छ। नागरिक समाजका सदस्यले पार्टीको सदस्यता लिनु हुँदैन भन्ने होइन। तर त्यो समाजले पार्टीको मात्रै कुरा गर्छ कि समग्र जनताको कुरा गर्छ भन्ने हो। लोकतान्त्रिक आन्दोलनमा सबै विचार राख्नेहरूबीच एउटा कुरा मिल्यो, नेपालमा शान्ति चाहिन्छ, शान्तिका लागि संविधानसभाको आवश्यकता छ, नेपालमा अब सीमित प्रजातन्त्र भएर पुग्दैन लोकतन्त्र चाहियो। सडकमा ओर्लेको यी तीन चिजका लागि मात्र हो। त्यो लक्ष्य मिलुन्जेलसम्म नागरिक समाज एक रह्यो। राजा फाल्ने नफाल्ने भन्ने कुरामा एकमत छैन। मुलुकलाई धर्म निरपेक्ष बनाउने कि नबनाउने बारेमा सडकमा ओर्लेकाबीच एकमत थिएन।

राजनीतिक उद्देश्य बोकेर हिँड्ने नागरिक समाज हुन्छ कि हुँदैन भन्ने विषयलाई सैद्धान्तिक रूपमा हेर्नुपर्छ। त्यो समूहको नाममा चुनाव लडेर सत्तामा जाँदैन भने त्यो नागरिक समाज हो। पार्टीबाट निर्वाचन लड्छ भने लड्छ। नागरिक समाजले लोकतन्त्रभित्र स्वार्थ समूहको अगुवाई गर्छ भन्ने मान्नुपर्छ। ट्रेड युनियन, महिला, जनजाति, शिक्षकले आआफ्नो स्वार्थका लागि आन्दोलन गर्छन्, यो पनि नागरिक समाज जस्तै हो। लोकतन्त्रको परिभाषा पनि एउटै हुन्छ कि हुँदैन ? राजा राख्ने लोकतन्त्र पनि हुन्छ, नराख्ने लोकतन्त्र पनि। तसर्थ त्यसभित्र पनि नागरिक समाजको कुरा मिल्दैन। नेपालको नागरिक समाजले पार्टीहरूले झैं विरोधी विचारलाई प्रतिक्रियावादी भन्न मिल्छ कि मिल्दैन। प्रजातन्त्र चाहनेले अरूलाई प्रजातन्त्रमा स्थान दिनुपर्छ कि पर्दैन। अहिले धर्म निरपेक्षको विरोधमा पनि कुरा उठिरहेका छन्, ती नागरिक समाज हुन कि हैनन् ?



अवधारणामा तथ्यांकहरूको विश्लेषण गर्नुको साटो ९० को दशकतिर सबै नागरिक समाज काम नलाग्ने भनेर लेखिएको छ, त्यो एकदमै गलत हो। जसलाई सडकमा ओराल्न नागरिक समाजले १० वर्षसम्म प्रयास गरेका थिए। उनीहरूको प्रजातान्त्रिक भावना छ, जातजाति, महिलाका बारेमा नै हेर्नुस् न, पहिला र अहिलेको स्थिति। १० वर्ष पहिले लोग्ने मानिस सडकमा ओर्लेनन् भनेर राजनीतिमा लागेका महिलाहरूले चुरापोते पठाएका थिए, तर्क। चुरापोते हामी लगाउँछौं, के हामी मानिस हैनौ ? अहिले आएर त्यही महिला समूह आफ्नो अधिकारका लागि लड्ने भएको छ, त्यो नागरिक समाजको देन हो, यसलाई अस्वीकार गर्न मिल्दैन। गाउँ-गाउँमा महिलाहरू जागिरहेका छन्, आफ्नो रुचिका लागि। हामीले भाषण गऱ्यौं भन्छौं, सडकमा महिला जति लडे त्यो नागरिक समाजले लड्ने बनाएर हो। तसर्थ यी कुराको राम्ररी मूल्यांकन गर्नु पऱ्यो।

प्रशासकहरूले नागरिक समाजलाई सहन गर्दैनन्, यी पैसा खाने भन्छन्। आफूले पैसा खानु ठीक रे, नेपालमा सबै पैसा दाताबाटै आउँछ, ६० प्रतिशत। नागरिक समाजमा रहेका सबैलाई सरकारले जागिर दिने हो भने कतिलाई दिन्छ ? तसर्थ अनुसन्धान गर्नेहरूले हौवामा लागेर कार्यपत्र तयार पार्नुहुन्न।

मेरो विचारमा नागरिक समाजले आफ्नै नाममा चुनाव लड्नु हुन्न, लोकतन्त्रभित्र राज्यले जनताका समस्याप्रति ध्यान पुऱ्याएन भने चेतना जगाउने र ध्यानाकर्षण गराउने काम गर्नुपर्छ। लोकतन्त्र नआएसम्म नागरिक समाज एउटै थियो, आएपछि नागरिक समाज आ-आफ्नो स्वार्थ बोकेर हिँडिरहेको छ।

**प्राध्यापक डा. अनन्तराज पौड्याल**

अवधारणा प्रस्तोताले राजनीतिशास्त्रले नागरिक समाजको अवधारणालाई व्याख्या गर्न सकेन भन्नुभयो। राजनीतिशास्त्रको व्याख्या सबैले गर्छन्, सबै राजनीतिसँग जोडिन्छन्। राजनीतिसँग सम्बन्ध नभएको व्यक्ति व्यक्ति हुँदैन। लोग्ने-स्वास्नीबीचको सम्बन्धमा पनि राजनीति हुन्छ। तसर्थ समाजले राज्यको कल्पना गर्छ। राज्य भनेको आर्थिक विकास गर्ने। समाजशास्त्रको विकास हुनु भनेको समाजशास्त्रीय एस्पेक्टको विकास गर्ने, केमिकलको विकास भनेको केमिकल एस्पेक्ट, वातावरणीयशास्त्र भनेको वातावरणीय एस्पेक्टको विकास गर्ने हो भने राजनीति भन्ने शब्द पनि समाजको राजनीतिक विकास गर्न हो। यो शास्त्रले तीन परिकल्पना गर्छ, संवैधानिक मर्यादा, सुरक्षा र कल्याण। तपाईं हामीले सभ्य मुलुकलाई हेर्ने हो भने १० रूपैयाँ कमाउनेले किन राज्यलाई ६ रूपैयाँ कर तिर्छ भने उनीहरूको सुरक्षा, कल्याण छ र त्यहाँ संवैधानिक मर्यादा भएकाले हो। प्रजातन्त्र भन्ने शब्द जसले जतिसुकै व्याख्या गरे पनि यसको आधार भनेको जनता हो। स्रोत भनेको जनताको

इच्छा हो। प्रक्रिया भनेको निर्वाचन प्रक्रिया हो जसबाट व्यक्तिले आफ्नो शासनमा मतअभिमत व्यक्त गर्छ। प्रजातन्त्र, लोकतन्त्र नै किन भन्नु पर्‍यो र राम्रो हुन्छ भने साम्यवाद, अधिनायकवाद या निर्दलवाद नै भने पनि हुन्छ। जब प्रजातन्त्रको परिभाषा गर्दा त्यसको स्वनियम आफूले आफूलाई शासन गर्ने अधिकार हुन्छ।

नागरिक समाज समाजको अभिन्न अंग हो, यो गैरराजनीतिक हुँदैहुँदैन। राजनीतिमा जसरी विभिन्न दलहरूले समाजका विभिन्न पक्षलाई (एउटा व्यक्ति लोग्ने, बाउ, प्राध्यापक, पार्टी सदस्य, नागरिक समाजको सदस्य) समेट्छ। राजनीतिक दल र नागरिक समाजमा भिन्नता छ। राजनीतिक दल अनिवार्य हुन्छ। यसको सदस्य भइसकेपछि नीति, नियम मान्नुपर्छ, नमाने पार्टीले उसलाई निलम्बन गर्न र हटाउन सक्छ। नागरिक समाजचाहिँ समाजको सचेत शाखा हो। नागरिक र दासमा फरक के ? नागरिकमा म शासन गर्न सक्छु भन्ने सचेतता हुन्छ। नागरिक स्वयंसेवी पनि हो।

राज्य इम्पोज गर्ने संयन्त्र हो भनेर अघि रघुजीले भन्नुभयो, 'यो सम्पूर्ण रूपमा गलत धारणा हो। राज्य भनेको प्रजातान्त्रिक सुशासन हो। हालै सरकारले पेट्रोलियम पदार्थको मूल्य बढायो, जनताले कसरी त्यो निर्णय फिर्ता गराए ? तसर्थ राज्य भनेको जनताको इच्छाअनुसार चल्छ, प्रजातन्त्रको स्रोत भनेकै जनताको इच्छा हो।' राज्यले कुनै कुरा जनताले दिएको म्यान्डेटका आधारमा मात्र गर्छ। निर्दल र एकतन्त्रमा मात्र राज्य सर्वसत्तावादी भएर जनताको आवाजलाई कुल्चेर शासन गर्छ। प्रजातन्त्रमा हेरौं त एक जना जनतालाई इम्पोज गरेको, सहमति बेगर। अप्रजातान्त्रिक राज्यमा जे पनि हुन्छः कानुनी शासन हुँदैन, म शासन गर्न जन्मेको त शासित भन्ने हुन्छ। हाम्रो मुलुकले अढाई सय वर्षदेखि उपेक्षित थियो, देशको ट्रान्सफरमेसन किन भइरहेको छ भने अहिलेको विश्वमा सञ्चारले ठूलो परिवर्तन ल्याइरहेको छ, जान्न र सुन्न किताबै पढ्नु पर्दैन, उत्तर प्रदेशको किसानले कृषिमा ल्याएको ट्रान्सफरमेसन (हस्तान्तरण) भैरहवाको किसानले देख्छ, उसले सोच्छ मेरोमा त्यो प्रविधि किन आएन भनेर। तसर्थ यो किताबको जमाना छैन, सञ्चारको विकासले मानिसको दिमागमा भयंकर परिवर्तन ल्याएको छ। हरेकले आफ्नो भूमिकामा परिवर्तन खोजिरहेको छ।

एउटा वर्ग, धर्म, क्षेत्र, क्षेत्रीयताका आधारमा जुन इम्पोजिसन नेपाली समाजमा थियो, त्यसलाई चिर्दै अहिले हरेक समाज, जाति, लिंगले आफ्नो भूमिका निर्वाह गर्न खोजिरहेको छ। द्वन्द्व हल गर्ने राजनीतिले नै हो, जबसम्म राजनीति सप्रदैन, तबसम्म समस्या हल हुँदैन। राजनीतिको आफ्नै स्वार्थ होला, तर स्वार्थको निम्ति राजनीति या राज्यको कल्पना भएको होइन। जस्तै बिहान सूर्य उदाउँछ, प्रकाश दिन्छु भन्छन् तर सबैलाई प्रकाश दिन सक्दैन। बेलुका घुम्दै जाँदा पनि सबैलाई प्रकाश दिन कोसिस गर्छन्। त्यस्तै राज्यले पनि हरेक जनता, समूह र क्षेत्रलाई संवैधानिक तह, सुरक्षा र कल्याण दिएर अगाडि बढ्ने प्रयत्न गर्छ।

**प्राध्यापक कपिल श्रेष्ठ**

भट्टजीले नेपालमा नागरिक समाजको उत्पत्तिको पानी ढलो १९९० लाई मान्नुभएको छ। तर, त्यो सत्य होइन। नेपालमा नागरिक समाजको उत्पति भनेको



जनमतसंग्रह (१९७९) पछि भएको हो। जनमतसंग्रहपछि नेपालमा प्राध्यापक संघ, गैरसरकारी संस्था, ग्रामीण समूह स्वतःस्फुर्त रूपमा संगठित भए। १९९० को जनआन्दोलन प्यारासुटबाट जनता झरेर भएको थिएन। १९७९ देखि भएको प्रक्रियाको फल हो। मेरो जेनेरेसन १९९० को प्रोडक्सन होइन, १९७९ अर्थात त्योभन्दा अगाडिका प्रडक्ट हौं। त्यतिबेला यो चुनौतीपूर्ण थियो, स्थान बनाउन नै।

नागरिक समाजको कुनै कन्स्युन्सेयल र मेकानिकल परिभाषा हुँदैन। यो समाज भन्ने बित्तिकै यो सेलेब्रेसन अफ डाइभर्सिटी, सेलेब्रेसन अफ हेटोर्निजेसन, सेलेब्रेसन अफ क्रियटिभिटी आदि अनेक किसिमको हुन्छ। यो कुनै मनोलेथिक र होमोजेनस स्वरूप हुँदैन। नागरिक समाज भनेको क्रिटिक अफ कन्भेन्सन प्याराडाइन, यसले परम्परागत सोच, मान्यता र तरिकालाई चुनौती दिएकै हुन्छ, त्यसको विकल्प प्रस्तुत गरेकै हुन्छ। हाम्रा राजनीतिक दलहरू र नागरिक समाजबीच ग्याप छ। राजनीतिक दलमा अहिले प्याराडाइन प्यारालेसिस भएको छ। १९९० पछि मुलुकमा अभूतपूर्व सचेतता, जागरण, उद्वेलन र आन्दोलन भएको छ, त्यसअघि थिएन। दलितहरू, महिलाहरू, जनजाति र सोच्दै नसोचेको तप्काबाट उद्वेलन र आन्दोलन भएको छ, यो नागरिक समाजकै कारण हो।

तर, नागरिक र राजनीतिक समाजमा तीन वठा ठूला ठूला समस्या मैले देखिरहेको छुः (१) एरोग्यान्स (२) सेल्फ राइटनेस र, (३) सिफ्टेनियरिजम। म गैसस महासंघका अध्यक्ष अर्जुनजीसँग छु कि देवेन्द्रराज पाण्डेसित छु कि डा. भूपतिसँग छु थाहा छैन। असलको पनि एरोग्यान्स हुन्छ। नागरिक समाज भनेको ब्रिज बिल्डिङ र क्याटलिस्ट हो त्यसतर्फ हामी जान सकिरहेका छैनौं। नागरिक समाज संक्रमणमा छ। पाँच सात वर्ष अघि हामीले गरेका थ्योराइजेसनहरू छन। नागरिक समाजमा मानिसले इभिल पनि देखिरहेका छन्। इभिल पनि नागरिक समाजसँगसँगै हिँडिरहेको छ। तर नागरिक समाज प्रारम्भिक रूपमा सेलेब्रेसन अफ सिभिलीटी, इट इज द सर्च फर न्यू स्पेस, सर्च फर ए न्यू फ्रन्टियर, सर्च फर ए ब्रेभ न्यु सोसाइटी।

**प्राध्यापक डा. गंगाबहादुर थापा**

यत्रा विद्वान्ले बोलिसकेपछि मैले बोल्ने कुरा मखमलको खोलमा बोराको टालो जस्तै हो। म नागरिक समाजको विज्ञ पनि होइन, पढ्दा पनि पढेको कुरा होइन। सामान्यतः नागरिक समाज १९९० पछि यसो सम्पर्कमा आयो, प्रजातन्त्र आइसकेपछि। साथीहरू तीन किसिमको नागरिक समाज हुन्छ भन्नुहुन्छ। एउटा ल्याप टप नागरिक समाज, अर्को वाक डग नागरिक समाज र अर्को वाच डग। ल्याप टप भनेको सैनिक शासनमा पाइने, विद्वानहरूलाई काखीमा च्यापेर बोल्न लगाउने। कम्युनिस्ट पद्धतिमा त्यसलाई वाक डग भन्छ, नेता जहाँ गयो नागरिक समाज त्यही जाने। प्रजातन्त्रमा चाहिँ वाच डग नागरिक समाज हुन्छ, जसले सही र गलत कुरा पत्ता लगाएर राज्यलाई जिम्मेवार बनाउने। नेपालमा कुन किसिमको नागरिक समाज छ भनेर हामीले भनिरहनु पर्दैन, हामी सिक्ने चरणमा छौं। प्रजातन्त्र पनि सिक्ने प्रक्रिया हो, कसैले सिकाएर होइन। प्रा. अनन्तले भन्नुभएको जस्तै ९० को दशकपछि राजनीतिशास्त्रीहरूमा एउटा सहमति भएको छ, पाँच तत्व राज्यमा

भयो भने प्रजातन्त्रले काम गर्छ। जसमा नागरिक समाज, राजनीतिक समाज, आर्थिक समाज, कानुनी शासन र द स्टेट डिपार्टी।

हामी समावेशी प्रजातन्त्र, उदार प्रजातन्त्र, प्रतिनिधिमूलक प्रजातन्त्र, असल प्रजातन्त्र, बलियो प्रजातन्त्र भन्छौं त्यो भन्नु जरुरी छ कि छैन। एउटै शब्दमा संसदीय प्रजातन्त्र भने के हुन्छ भन्ने कुरा छ। समावेशी प्रजातन्त्रको कुरा गरिन्छ, प्रजातन्त्र आफैंमा समावेशी हुन्छ तसर्थ यो विशेषण लगाउनु जरुरी छैन। सामान्यतः असल प्रजातन्त्र भन्नाले कानुनी शासन, जिम्मेवारीपन, उत्तरदायित्व, स्वतन्त्रता, समानतालगायत चार/पाँच कुरा हुनुपर्छ भन्ने हो।

टिप्पणी गर्नेको टिप्पणीमाथि प्रतिटिप्पणी गर्नु ठीक ठान्दिन। रघुजीले कस्तो कुरा गर्नुभयो भने यहाँ यत्रा मानिस मरे, यत्रा मानिस घाइते भए, कहाँ माओवादी थिए र हामीले नै ल्यायौं। यो हामीले गरेको हो र भन्ने आसयको उत्तर मसँग छैन, उहाँले नै खोज्नुपर्छ। म प्राध्यापक अनन्तसँग- राज्यले इम्पोज गरेर हुने भए पेट्रोलियम पदार्थको मूल्य लागू गरिछाड्छौं भनेर इम्पोज गरेकै हो नि, फ्युडल, अथ्योरिटिकल जे रूपमा भए पनि। तर, जनताले त्यसलाई मानेनन्, राज्यले इम्पोज गरेर हुने रहेनछ।

नेताहरूले बोल्दा कस्तो लाग्छ भने ...। अनिरूद्धजीले ज्ञानेन्द्रको कुरा ल्याउँदा, म पनि लेखमा ज्ञानेन्द्रबारे लेखिरहन्छु। आलोचना गर्न खोजेको होइन, जसले आफ्नो भाइका छोरीको सम्पत्ति आफ्नै नाममा बनायो, श्रीमतीका नाममा बनायो, त्यसलाई बोकेर हिँड्न हुन्छ कि हुँदैन नेताहरूले ? त्यहाँभन्दा सिनिगल के हुन्छ ? यो पनि विचार गर्नुपर्ने हुन्छ। तसर्थ नेताहरूले यो गर्‍यौं, ऊ गर्‍यौं भनेर हुँदैन। जनआन्दोलन-२ नागरिक समाजले नै गरेको आन्दोलन हो भन्ने मलाई लाग्छ। नागरिक समाजले यसो गर्‍यो, यो भएन भन्ने होइन। राजनीति नभएको त केही पनि हुँदैहुँदैन। तर नागरिक समाजमा लागेको छ भने त्यो व्यक्तिले व्यक्तिगत राजनीति नभई संस्थाको राजनीति गर्ने हो, संस्थाको काम गर्ने हो। मानिस त जहाँसुकै बाट जान्छ। यसभन्दा बढी नभनौं। संवैधानिक प्रजातन्त्र शब्दावली नै सबैले भन्ने हो कि ? धेरै भाषाभन्दा मानिस अन्योलमा पर्छ। समावेशीसेशी भनेर हुँदैन, धेरै कुरामा हामी जानु हुँदैन।

भट्टजीले असभ्य नागरिक समाज भन्नुभएको छ, त्यो वाच डग नागरिक समाज नभएकाले असभ्य भएको हो। वाच डग नागरिक समाज भएको भए असभ्य हुने नै थिएन।

**प्रा. डा. भूपति ढकाल, अध्यक्ष–नेपाल प्राध्यापक संघ**

चन्द्रजीको अवधारणामाथि म टिप्पणी गर्दै गर्दिनँ। अनिरुद्धजीको टिप्पणीमा प्रतिटिप्पणी पनि नगरी म दुई मिनेटमै दुई चारवटा कुरा राख्छु। लोकतान्त्रिक नेपालमा नागरिक समाज कताकता कहींबाट निर्देशित आफ्नो बाटो भुलेका छन्। यहाँ नागरिक समाजका स्वरूपबारे पनि धेरै किसिमका कुराहरू छन्। जाने बुझेका नागरिकका तीन स्वरूप हुन्छन्: (१) सचेत नागरिक, (२) पेसागत र, (३) आस्थागत। वास्तविक नागरिक समाज जाने बुझेको र सचेत जमातको रूपमा चिनिनु पर्छ, पेसा



दोस्रो नम्बरमा पर्छ, आस्था तेस्रो नम्बरमा पर्छ। सार्वजनिक रूपमा आउने नआउने उसको सीमाको कुरा हो। जसले आफ्ना अभिव्यक्ति, लेख, कृतिबाट समाजमा निष्पक्ष रूपमा अगाडि आउनु सचेत नागरिक र नागरिक समाजको मूल कर्तव्य हो। यहाँ राजनीतिको कुरा पनि छ। अहिले लोकतन्त्र र गणतन्त्र नभन्ने व्यक्तिलाई भाषण गर्दा गर्दै मानिसहरूले हुटिङ पनि गर्छन्, यो गलत भइरहेको छ। गणतन्त्र दुई किसिमको हुँदो रहेछ। माओवादीले गरेको भरिभराउ एक कार्यक्रममा सायद म र अर्का एक जनाले मात्र बोल्यौं। त्यहाँ मैले भनेः लक्ष्य हाम्रो लोकतन्त्र, तर विचार भिन्न छ। गणतन्त्रको स्वरूप दुईवटा छन्, एउटा एकतन्त्रीय गणतन्त्र। त्यो एकदलीय रूपमा जान चाहने व्यक्तिले पनि म एकदलीय हुँ भन्दैन तर उसको व्यवहार एकदलीय देखिन्छ। अहिले त्यस्तो देखिंदैछ। अर्को बहुदलीय लोकतान्त्रिक गणतन्त्र। नेपालमा गणतन्त्रलाई कुनै पनि शक्तिले अब रोक्नै सक्दैन। राजाको बारेमा नेपाल प्राध्यापक संघले दिएको २४ बुँदामध्ये एउटामा संविधानसभाको बेला राजतन्त्र राख्ने कि नराख्ने भनेर एकै पटक जतमतसंग्रह गर्नुपर्छ भन्ने थियो। हामीले अरूलाई भन्नुभन्दा पहिला म कुन धरातलमा छु, गन्तव्य के हो, कुन ठाउँमा बस्नु पर्छ र के भन्नुपर्छ भनेर हरेक व्यक्तिले सोच्दै गयो भने फ्रिडम फोरमले राखेको उद्देश्य पूरा हुन सक्छ।

**शेरबहादुर केसी, उपाध्यक्ष, नेपाल बार एसोसिएसन**

रघु सरले उठाउनुभएको कुरासँग म नजिक छु। वास्तवमा मलाई थाहा थिएन, हामी नागरिक समाजको सदस्य हौं भनेर। हामी प्रजातन्त्र र राजाको निरंकुशताको लागि लडेका हौं, त्यसरी लड्दा हामी पनि नागरिक समाजमा परेछौं, वकिलहरूको समूह। म नागरिक समाजको सदस्य हुँ भन्ने मलाई नै थाहा थिएन, जहाँ-जहाँ बैठक हुन थाल्यो, त्यहाँ जाऊँ नागरिक समाजमा भन्दै आफूलाई पनि नागरिक समाजको सदस्य भनियो। म लडेको चाहिँ राजाको तानाशाहीको विरुद्ध हो। म कुनै न कुनै आस्थाबाट गाइडेड छु, कसैले म स्वतन्त्र छु भन्छ भने त्यो ढोंगी कुरा हो। कि राजावादी, माओवादी, कांग्रेस, एमाले हो, कुनै न कुनै वादी हो त्यो। जसले कुनै विचार बोकेको छैन, त्यसले लड्न सक्दैन, स्वतन्त्रताको अर्थ पनि बुझेको हुँदैन। तसर्थ म कुनै वादी होइन भन्नेहरूसित हामी सचेत हुनुपर्छ। म वकिल समुदायको प्रतिनिधित्व गर्छु, तर कुनै आस्था बोक्छु, त्यही कारण सडकमा लड्ने राजा ज्ञानेन्द्रसँग लड्ने प्रेरणा मिलेको हो।

हामी त्यसरी लडेका हौं। नागरिक समाज अहिले चार्मिङ शब्द बनेको छ। माओवादीले अहिले एक सय तीन सिट पाउने भनेर लेखेर पठाइदियो। त्यो भागवण्डाको पक्षमा म छैन। हेर्नुस् न विडम्बना, सात दललाई एक सय तीन सिट दिने रे। रघुजीले भनेको कुरा ठीक छ, आन्दोलन सात दलको बुतामा भएको थियो, त्यो नागरिक समाज होस्, जनता या जोसुकै। अहिले आएर आन्दोलन भनिन्छ, संविधान बनाउँदादेखि विभिन्न चरणमा आन्दोलनको म्यान्डेट यो छ भनिन्छ। आन्दोलनको म्यान्डेट त प्रतिनिधिसभाको पुनःस्थापना हो। कसैले दम्भ नदेखाए हुन्छ, त्यसैका लागि हामी सारा जनता उर्लेर त्यो कुरा आएको हो। आज त्यही कुरा

भत्काउने काम भइरहेको छ। नागरिक समाज विचारले निर्देश गरेको हो, तर हाम्रो अतिवाद, दक्षिणपन्थी या प्रजातन्त्रसँग डोरिएको छ।

नागरिक समाजका कुनै सदस्य देखाइदिनुस् जो राजनीतिक दलसँग आबद्ध नभएको होस्, यदि दलसँग आबद्ध छैन भने त्यो राजाको मान्छे हुन सक्छ या धर्ममा आबद्ध हुन सक्छ। कुनै न कुनै विचारबाट निर्देशित हुनसक्छ। तसर्थ गैरसरकारी संस्थालाई गाली गर्नु जरुरी छैन, अवधारणामा गाली गरिएको छ। राजाको शासनमा सारा गैससको रकम बन्द गरिएको थियो, जुन पैसाले गाउँ-गाउँमा विकास निर्माणका काम हुन्थे, चेतना जगाउने काम गरेको थियो। होला कानुन बनाएर नियमभित्र बाँधिएन, कानुन नबनाए नियन्त्रित नगरिए दुरूपयोग हुन्छ। त्यसतर्फ सरकारले ध्यान दिनुपर्छ। अहिले जति जनतालाई उठाएको छ, त्यो माओवादीले भन्दा गैरसरकारी संस्थाहरूको कारण हो। गाउँगाउँमा जुरुक्क उठाइएको छ, बेस भन्ने संस्थाले सारा थारू समुदायलाई उठाएको छ। अहिले माओवादीले तिनलाई प्रयोग गरे होला, अरूले गरे होला त्यो अर्कै कुरा हो।

युरोप पनि नागरिक समाज कम्युनिस्ट विरोधी अभियानमा गएको छ, अधिनायकवादको विरोधमा छ। म युरोपमा पढेर आएकाले नागरिक समाज हामी कहाँ त्यहाँबाट आएको होइन। नागरिक समाज जहाँ पनि विद्रोहको परिसूचकको रूपमा रहेको छ। नागरिक समाजलाई मागी खाने भाँडो बनाउनु हुन्न, राजनीतिक दलले नै जस अपजस लिनुपर्छ। त्यसलाई नागरिक समाजले सघाउनुपर्छ। हामी राजनीतिक दल भन्दा अगाडि गयौं भन्ने दम्भ छैन, सात दलले लड्ने भनेपछि हामी लडेका हौं। तसर्थ नागरिक समाजको एउटा सीमा र भूमिका हुन्छ। जस्तै बारलाई सबै न्यायाधीश झिकिउन भन्ने लागेको छ, तर त्यो झिक्ने हाम्रो भूमिका नै होइन, झिक्ने भए संसद्ले झिक्छ।

मानव अधिकार आयोग र निर्वाचन आयोगबारे प्रश्न उठ्यो, त्यहाँका पदाधिकारीले आफै राजीनामा दिए। ११ गते पछाडि हाम्रो भूमिका छैन। न्यायाधीश झिक्ने चाहना भए पनि त्यो काम सांसदहरूको हो। हाम्रो सीमा छ, वकालत गर्ने, खाने। पऱ्यो भने सडकमा आउँला। तसर्थ यसलाई अतिरञ्जित गरेर भजाउने काम बन्द गरी नागरिक समाजबाट आआफ्नो काम गरौं।

**डा. सञ्जीव उप्रेती, नागरिक समाजका अगुवा**

हामीले भट्टजीलाई बधाई दिनुपर्छ, अवधारणा धेरै राम्रो लेख्नुभएको छ। यसमा अरू त्रुटि होलान्, अहिलेको सन्दर्भमा अनुसन्धान चलिरहने प्रक्रिया हो। तर अवधारणामा सैद्धान्तिक आधार धेरै राम्रोसित प्रस्तुत गरिएको छ, जसले अरू कुरा गर्न सजिलो होला। मैले कान्तिपुर र काठमाडौं पोस्टमा अफिसियल र नन अफिसियल नागरिक समाज भनेर लेख लेखेको थिएँ। अफिसियल नागरिक समाज सहरिया र ननअफिसियल ग्रामीण नागरिक समाज भन्ने उद्देश्य थिएन, मैले स्पष्टोक्ति दिन खोजेको हुँ। अफिसियल नागरिक समाज भनेको अहिले सभा समारोहमा देखिनेहरू हुन्। नन अफिसियल चाहिँ ग्रामीणमात्र नभई विश्वव्यापी पनि हुन सक्छ, अमेरिकामा बस्ने नेपाली पनि नागरिक समाजका भाग हुन। संरचनाबारे



धेरै कुरा भइसक्यो। नागरिक समाजको संरचना एकदमै खुकुलो हुन्छ, यो राम्रो कुरा हो।

औपचारिक संरचना हुनु जरुरी छैन, जति खुकुलो भयो त्यति नै यसले विभिन्न विचारका मानिसलाई लिन सकिन्छ। यसलाई गैरराजनीतिक भन्न मिल्दैन, राजनीतिक विचारबाटै हामी निर्देशित छौं। मानिस राजनीतिक जन्तु हो भन्ने विश्वास म लिन्छु। खुकुलो संरचना हुने भएकाले यसमा कांग्रेस, एमालेलगायत विभिन्न पार्टीबाट आएका हुन सक्छन्। कोही मानिस पार्टीमै आबद्ध हुनुपर्छ भन्ने म मान्दिनँ, कुनै मानिस विचारप्रति प्रतिबद्ध हुन सक्छ र मेरो प्रतिबद्धता लोकतन्त्रप्रति छ, कांग्रेस, एमालेप्रति छैन भन्ने स्वतन्त्रता पनि छ। प्राध्यापक अनन्तले ज्यादै राम्रो कुरा गर्नुभएको छ, वाम विचारमा धेरै परिवर्तन आइसकेको छ, क्लासिकल मार्क्सिज्म धेरै पर गइसकेको छ। ग्राम्की, फ्रेडिजेन्सनदेखि विभिन्न विचार आइसकेको छ, धेरै परिवर्तन आइसकेको छ, वाम विचारमा।

लोकतन्त्रको विचार कांग्रेस या प्रजातन्त्रवादी भनिनेसँगमात्र छ भन्ने स्थिति अब रहेन। प्रजातन्त्रवादीले पनि साम्यवादी विचारबाट केही कुरा लिन सक्नुपऱ्यो, अवसर आएको छ। समावेशीकै कुरा छ। समावेशी भन्ने शब्द किन प्रयोग गर्ने प्रजातन्त्र स्वयम समावेशी भन्ने कुरा आयो, सही हो। तर सिद्धान्तमा त्यो कुरा ठीक भए पनि व्यवहारमा खडेरी देखिएको छ। जस्तै प्रजातन्त्र के हो भन्ने कुरा त फ्रान्सेली राज्यक्रान्ति, अमेरिकी बार येरमै सम्बन्धित भइसकेको थियो।

नागरिक समाजको कुरा गर्दा अग्रगामी विचारधारा बोकेको माओवादी, लेफ्ट र डेमोक्रेट आएको मैले देखेको छु। जहाँ उहाँहरू विचारको मन्थन गर्नुहुन्छ र, विचारको क्षितिज भिडाउन सक्नुहुन्छ। त्यसबाट नयाँ कुरा हुन सक्छ। यो सबै जोड्ने एउटा ठाउँ नागरिक समाज हो। नागरिक समाज निरपेक्ष रहन सक्दैन, अहिलेको नागरिक समाज ऐतिहासिक परिप्रेक्ष्यमा आएको हो। लोकतन्त्रप्रति सबै प्रतिबद्ध हुनुपर्छ भन्ने मलाई लाग्दछ। लोकतन्त्र बहुसांस्कृतिक, समावेशी हुनुपर्छ भन्ने कुरा छ। नेपालको अफिसियल नागरिक समाजले एउटै आवाज बोल्न थाल्यो भन्ने चिन्ता मलाई लागेको छ। हामी बहुसांस्कृतिक छौं, विभिन्न पार्टीका सदस्य र सिंगो समाज यसमा हुने भएपछि नागरिक आन्दोलनले भिन्न भिन्न आवाज निकाल्न सक्नुपर्दछ। एउटा मात्र कुरामा बोल्नु हुन्न।

नागरिक समाजको कुरा गर्दा सिभिलिटीको कुरा छ। हामी १२ बुँदा, ८ बुँदा, पाँचबुँदाको समर्थन लिएर कुरा गर्छौं। तर मानवताको एकबुँदे सिद्धान्त अर्थात एक मानिसले अर्कोलाई मार्नुहुन्न, हत्याहिंसा गर्नुहुन्न भन्ने कुरामा चाहिँ नागरिक समाज सावधान हुनुपर्छ भन्ने मलाई लाग्दछ। यसो भएन भने लोकतन्त्रको जरो नै कमजोर हुन्छ, नागरिक समाज लोकतन्त्रको लागि भन्नु नै बेकार हुन जान्छ।

**अधिवक्ता आनन्दसन्तोषी राई**

अवधारणा प्रस्तोताले नागरिक समाजको राजनीति भन्ने शीर्षक राख्नुभएको छ। मैले गलत नबुझेको हो भने लोकतन्त्र सुदृढीकरण तथा द्वन्द्व रूपान्तरणमा नागरिक समाज भन्ने शब्द या वाक्यलाई मिलाएर हेर्दा धेरै कुरा सुनियो। पार्टीहरू

जनताको लागि नभई आफ्नो स्वार्थका लागि फुट्छन, मिल्छन् भन्नुभएको छ एक जना विद्वानले, अर्का साथीले आन्दोलनमा घाइते कोही माओवादी देखिनँ भन्नुभयो, तर मैलेचाहिँ पार्टीहरू फुट्ने मिल्ने जनताकै भावना बुझेर, कसरी जनतालाई प्रभाव पार्न सकिन्छ, जनतालाई नै केन्द्र विन्दु मानेर हो ।

म आन्दोलनका घाइतेहरूको कार्यक्रममा जाँदा कमरेड फलानो भनेर आएको र फूलमाला पनि लगाएको देखेको थिएँ । जनताले आफ्नो नागरिक शासनप्रति ध्यान दिन्छन्, तिनलाई हामी सचेत नागरिक भन्छौं । आफ्नो मुलुकको शासन व्यवस्था कस्तो हुनुपर्छ, शासन गर्न कस्तो प्रतिनिधि पठाउनुपर्छ भन्ने कुरामा नागरिकहरू सचेत नभएसम्म लोकतन्त्र अर्थात नागरिक शासन जनमुखी हुँदैन । अहिले नेपालमा जुन तहमा नागरिक समाज उठेको छ, त्यो तुलनात्मकरूपले अगाडि नै बढिरहेको छ । आज यहाँ प्रस्तुत अवधारणा र विद्वानहरूको अभिव्यक्तिबाट पनि हाम्रो नागरिक समाजको दायित्व के हो भन्ने कुरा नागरिक समाजलाई बोध गराउन सहयोग गरेको छ भन्ने मलाई लागेको छ । र, राज्यलाई वाच डग गर्ने नै नागरिक समाज हो । पेट्रोलियम पदार्थ मूल्यवृद्धि विरुद्धको आन्दोलन कसैले आह्वान गरेर भएको होइन, इराकमा नेपालीको हत्या हुँदा पनि कसैले आह्वान नगरी जनताले विरोधहरू गरे ।

नागरिक समाजलाई नैतिक शिक्षा दिने अर्थात दायित्वबोध गराउने काम हामीजस्तै राजनीतिक पार्टी अथवा गैरसरकारी संस्थाको हो । नागरिक समाजका अगुवा भन्न रुचाउँछन्, तर त्यहाँ ज्यादै राजनीति हुन्छ । यो राजनीति होइन भने पनि राज्यसित सम्बन्ध नभएको कुनै नागरिक नै हुँदैन भन्ने मेरो मान्यता छ ।

**विनकुमार विश्वकर्मा, नेपाली कांग्रेस (प्रजातान्त्रिक)**

आफू बोल्ने हिँडिहाल्ने परम्परा छ, फोरमको बहस शृङ्खला १५ माचाहिँ यसमा सुधार होस् । मलाई धेरै कुरा बोल्न मन थियो, तर स्रोता र यहाँको माहौल देखेर नभनी नहुने कुरामात्र गर्न मन लाग्यो । धेरै जनाले धेरै कुरा राखेर जानुभयो, ती कति ठीक कति बेठीक भन्ने विश्लेषण हामीले गरिराखेकै छौं । जस्तो समाज त्यस्तै नेता, प्रशासन, व्यापारी, नागरिक समाज, भ्रष्टाचारी भनेर मन बुझाउने हो भने यसमा बहस नै गर्नु परेन । तर, हाम्रो छलफल र बहसचाहिँ अवधारणा प्रस्तुत गरिसकेपछि सुझावसँगै मुलुक र समाजलाई दिशानिर्देश गर्ने विचार यहाँ राख्नुपर्छ भन्ने मेरो मान्यता छ, राय पनि छ । अहिलेसम्मको बहसमा यस्तो पाइएन् ।

नागरिक समाजबारे भट्टजीले प्रस्तुत गर्नुभएको अवधारणा मलाई असाध्यै राम्रो लागेको छ । हामीकहाँ आफू पनि नगर्ने अरूले गऱ्यो भने पनि हावामा गऱ्यो भनेर उडाउने दुर्भाग्यपूर्ण परम्परा छ । हामी रचनात्मक हुन सकिरहेका छैनौं । दलित, जनजाति, अपांगको पनि नागरिक समाज छ, थुम्का-थुम्काको रूपमा नागरिक समाज छ । मंगोलियन कहाँबाट आए, आर्यहरू कहाँबाट आए भने जस्तै नागरिक समाज पनि कहाँबाट आयो भनेर प्रश्न उठ्नु स्वभाविक हो । दलितसहितको प्रजातन्त्र, जनजातिसहितको प्रजातन्त्र, अपांगसहितको प्रजातन्त्रको कुरा उठेको छ, यो अवस्थामा नागरिक समाजसहितको प्रजातन्त्र भने के फरक पर्छ र ? चन्द्रदेवजीले समावेशी कहाँबाट आयो लोकतन्त्रमा भन्नुभएको थियो, वास्तवमा समावेशी



शब्द आवश्यक नपर्ने हो, अनिरूद्धजीले भने झै हाम्रो लोकतन्त्र क्लासिकल छ, यो दुर्भाग्य हो ।

**प्रा. चिरञ्जीवी खनाल**

मेरो धेरै बोल्ने कुरा छैन, सबै आइसक्यो । तर नागरिक समाजको इतिहास कोट्याइएको ९० को दशकपछि नेपालमा भयो भन्ने कुरालाई म स्वीकार गर्न सक्दिनँ । त्यसपछि लिखित रूपमा आएको होला, तर त्यसअघि नागरिक समाजलाई नेपालमा समाजमात्र भन्ने गरिन्थ्यो । म गाउँमा बस्ने मानिस भएकाले त्यतिबेला केही भयो भने यसलाई समाजले ठीक गर्छ भन्ने सुनिन्थ्यो । समाज बोलाउने, उसले न्याय दिने, समाज मिलेर बाटो बनाउने, समाज मिलेर पाटी पौवा बनाउने भनिन्थ्यो । त्यति बेलाको समाज संरचनात्मक रूपमा थियो, पछि त्यसलाई नागरिक समाज भनियो र, अहिलेचाहिँ राजनीतिक माहौलमा अगाडि बढ्दा नागरिक समाज बढी चर्चित हुन पुग्यो । अहिले पनि गाउँगाउँमा हेर्ने हो भने को मानिसलाई नेता छान्ने भनेर समाजले तय गर्छ । समाज सबैभन्दा बलियो हुन्छ । नेतृत्वमा आएपछि म पो ठूलो भन्ने भ्रम कुनै व्यक्तिले पाल्न सक्छ । यो सत्य हो । वास्तवमा समाज नै हाम्रो पछाडि छ, त्यो समाजलाई नागरिक समाज भनौं अथवा सचेत समाज भनौं या जे भने पनि त्यसमा मान्छे छ, समूह छ, वर्ग छ, विभिन्न जात छ, विभिन्न विचार छ । त्यही वास्तविक नागरिक समाज हो । हाम्रो गाउँ, जिल्ला र समाजमा यो कुरा अगाडि छ ।

युरोप र अमेरिकालाई हेर्ने हो भने त्यहाँबाट सिक्नै पर्दैन, हामीले आफ्नै गाउँहरू हेऱ्यौं भने वास्तवमै नागरिक समाज त्यहाँ पाइन्छ । त्यसपछिमात्र नागरिक समाज राजनीतिक हुनु पर्छ कि पर्दैन भन्ने कुरा हो । नागरिक समाजभित्र विचार हुनुपर्छ, तर निहीत राजनीतिक स्वार्थ लिएर हिँड्नु हुँदैन । निर्देशित पनि हुनुहुँदैन, पैसा खान्छन् भन्ने कुरा अवधारणा छ । दाताले पैसा दियो भन्दैमा विकृति त हुँदैन, तर आफ्नो समाजको मूल्य र मान्यतालाई अगाडि लिएर हिँडे यी विषय तपसिलका हुन भन्ने लाग्छ । यो अवधारणा अझ राम्रो बनाउन नेपालमा देखिएको समाजको अस्तित्व स्वीकार गरियो भने मात्र हाम्रो नागरिक समाजको इतिहास निकै खँदिलो छ, दरिलो छ र यसको इतिहास लामो छ भन्ने देखिन्छ ।

**डा. खगेन्द्रनाथ शर्मा**

धेरै कुरा भन्नुपर्ने थियो, तर आइसक्यो । हाम्रो समयमा नागरिक समाज भन्ने पढिने या प्रयोगमा आउँदैनथ्यो । अहिले हामीलाई यसबारे गहिरो अध्ययनको बानी हुँदैन । अहिले यहाँ युवा अध्ययनरत व्यक्तिले नागरिक समाजको राम्रो कुरा कोट्याएर यो के गरी आएको थियो, कुन उद्देश्यबाट भन्ने राखिदिनुभयो । सरकारले मात्र नभई दाताहरूले पनि स्वार्थका कारण नागरिक समाजलाई प्रयोग गरेको कुरा राख्नुभयो ।

पार्टीहरूको स्वार्थ अनुरूप ल्याए भनियो, तर स्वार्थ त्याग्ने दिन पनि आयो । सात दल गठबन्धन दलित स्वार्थ त्यागेर भएको हो । सामूहिक रूपमा जानुपऱ्यो, एक्लै जाँदा नहुने भयो भन्ने भयो । दरबारबाट पनि हामीलाई न्याकेको छ, जंगलबाट

पनि न्याकेको छ भन्ने सोच पलाएपछि मुक्तिका लागि सात दल एक भएको हो। त्यागबारे अवधारणामा उल्लेख गरिएनछ।

जनआन्दोलन-२ सफल भयो। सफल गर्न सबैको योगदान छ, बोल्न सक्नेले बोल्यो, लेख्न सक्नेले लेख्यो, हामीले मनले कल्पना गर्‍यौं। म झापा, इलाम जाँदा कस्तो लहर देखियो भने हामीले केही नगरे नालायक हुने भयौं भनेर दस जना भेला हुने बित्तिकै जुलुस निकालेर नारा लगाउन थालिहाल्ये, गाउँमा। रघुजीले माओवादीको मान्छे मरेको पाइएन, घाइते पनि पाइएन भन्नुभयो। मैले सवालजवाफ गर्न खोजेको होइन, सत्य चाहिँ राख्न खोजेको हो। चार वर्षदेखि यो अभियान चलेको हो, साढे तीन वर्ष त यो अभियानमा जुलुसमा भोटाहिटीबाट सुरु भएर बागबजारको मुखमा त्यो पनि छायादेवीको अनिवार्य उपस्थितिमा ५० देखि चार सयभन्दा बढी मानिस कहिल्यै देखिएनन्। त्यसबाट नारायणहिटी डराउँथ्यो।

मंसिरमा सात दलले माओवादीसँग १२ बुँदे सहमति गरेपछि सबै थर्केका हुन्, त्यसपछि जिल्लाजिल्लामा राजनीतिक कार्यकर्ता जान सके, सांसदहरू जान सके। माओवादीले गाउँ-गाउँका जनतालाई आन्दोलनमा जाउँ भनेर पछाडि बसेर भूमिका खेलेकाले जनता नाङ्लो, थुम्से बोकेर आए। जनआन्दोलनको श्रेय त्यहाँ छ। रिङरोडभित्र कर्फ्यु भएकाले निस्कन पाइन्नथ्यो। एक दिन रिङरोड बाहिर परेकाले एउटा सानो प्रदर्शनमा हामी पनि निक्लेका थियौं, त्यसले कुनै योगदान दियो भन्ने होइन आन्दोलन सबैको चाहना थियो, सबै वर्गमा। त्यसको श्रेय रघुजीले दिनुभएन। म माओवादीको पक्षमा बोलेको होइन, म माओवादी पनि होइन। तर, त्यो नियतिमा आएको दलहरूले अहिले आएर बाँडीचुडीको कुरा भयो। मन्त्रिपरिषद्मा भागवण्डाको कुरा देख्यौं, अन्तरिम संविधान निर्माण देख्यौं। संविधान बन्न सकेको छैन, अधुरो छ। संविधानबारे स्पष्ट धारणा नआएकाले यस्तो भएको भनेर मस्यौदा समितिका संयोजक लक्ष्मण अर्यालजीले पटक-पटक भन्नुभएको छ। यसको दायित्व कसले लिने ? गडबडीका लागि माओवादीलाई दोष दिन मिल्दैन, उनीहरू संरचना बाहिर छन्। सात दलले त्यो जिम्मा लिनुपर्ने हो कि होइन ? हो भने २१ वटा टाउको त्यति बेला गए, अब जनआन्दोलन तेस्रो सुरु हुने भयो। जनताले चाहेको संविधानसभामा गएर सबै कुराको टुंगो लगाऊ भन्ने हो। तर मोरियार्टी, युरोपियन युनियन, ब्रिटिस राजदूत या भारतका कुनै व्यक्तिलगायत विभिन्न नाममा कहिले सेरेमोनियल मोनार्की, कहिले स्पेस दिने कुरा आउने गर्दा अल्झिइरहेको छ। त्यसले गर्दा बाह्र, आठ, पाँचबुँदे सहमतिबाट बाहिर गएको देखिँदैछ, माओवादी फेरि जंगल गयो भने तपाईं संविधानसभा ल्याउन सक्नुहुन्छ ? सक्नुभएन भने अर्को जनआन्दोलन हुन्छ, त्यतिबेर कति खप्पर फेरिएलान्, त्यसको जिम्मेवार को हुने भन्ने कुरा पनि सात दलले भन्नुपर्‍यो।

रघुजी पन्तजीले गएर यो कुरा सेयर गर्नुहोला भन्ने थियो, उहाँ जानुभयो, उहाँका साथीभाइ कोही भए सुनाइदिए हुन्छ। आन्दोलन टुंगिएको छैन, अहिले संविधानसभाको म्याद २ वर्ष ६ महिना तोकिदियो अन्तरिम संविधानले। जबकि संविधानसभाको मिति नै तोकिएको छैन, त्यो पाँच वर्षसम्म पनि नहुन सक्छ। यत्रो लामो समयसम्म हुन नसकेको कुरा कसरी हुन्छ ? म त ७० वर्षको मानिस



संविधानसभाको फल खाउँला या त्यसमा सहभागी होउँला भन्ने मलाई छैन, तर मेरो नातिले पनि पाउला कि नपाउला भन्ने शंका छ। त्यो श्रेय पनि सात दलले लिने हो कि ? यो कुरामा ब्युँझाउने नागरिक समाजको हो। पहिला पनि जगाएका हुन्। नागरिक समाज भनेकै के हो भन्ने प्रश्न आए, नागरिक समाज भन्नाले गैरसरकारी फ्याक्टरलाई भन्ने हो कि, गैसस हो कि, ऐश्वर्यले सबै गैसस लगेकी थिइन्, समाज कल्याण अध्यक्ष भएर। तर नारायणहिटीकै पश्चिमतिर अफिस। म सल्लाहकार पनि भएको हुँ। भारतमा भू-आन्दोलनलाई मात्र चलेको आन्दोलनलाई मात्र भन्ने हो कि, श्रीलंकामा आर्यरत्नको अभियानलाई भन्ने हो कि, मार्टिन लुथर किंगलाई मात्र लिने हो कि ? मेरो विचारमा नागरिक समाज डाइनामिक हो, यो समयअनुसार बदलिन्छ। हिजो राजाको लागि ढाल्न उसले काम गरेको थियो भने भोलि संविधानसभामा आउनुपर्छ भनेर दबाब दिनुपर्ने हुन्छ र, दिन्छ पनि। त्यतिकै टुंगिदैन।

**सनत आचार्य, अनुसन्धानकर्ता एवं मानव अधिकारकर्मी**

सबैभन्दा पहिला चन्द्रदेवजी र गौतम सरलाई धन्यवाद दिन चाहन्छु, आजभन्दा चार वर्ष पहिला मैले नागरिक समाजबारे अध्ययनका क्रममा सामाग्री जुटाउन धेरै ठाउँमा हिँडे तर अवधारणामा उल्लेख गरिए जति कुरा भेट्न सकेको थिइन। सामाजिक संघसंस्थामा काम गर्ने कार्यकर्ताको हिसाबले मैले धेरै कुरा बुझ्न, कोट्याउन र बुझ्न खोजेका थिए, समय अभावले स्पष्ट हुन सकेन। अझै पनि नागरिक समाजको परिभाषामा हामी कतै रुमलियौं कि हरायौं कि, वास्तविक परिभाषाबारे टुंगोमा पुग्न नसकेको हो कि भन्ने मलाई लाग्यो। कपिल सरले २०३६ सालपछि आयो भन्नुभयो, चिरञ्जीवी सरको तर्कमा म सहमत छु। त्यसअघिको चलन प्रचलन हेरौं, पर्मलगायतको कुरा नागरिक समाजको कार्यक्रम होइन ? सोच होइन ? कानुनी रूपमा संस्था ऐन २०३४ सालमा आयो। त्यो नागरिक समाजलाई कानुनी आधारमा ल्याउने त्यो आधार हो कि होइन, तसर्थ म २०३४ सालभन्दा अघि नै नागरिक समाज आइसकेको हो भन्ने मान्छु।

नागरिक समाजका मुख्य दुई पाटा हुन्छन् जस्तो मलाई लाग्यो। एउटा, नागरिक समाज दर्ता भएको हुन्छ, कानुनी हैसियत प्राप्त गरेको हुन्छ। अर्को नागरिक समाज स्वस्फूर्त हिसाबले समाजमा आवश्यकताअनुसार जन्मने गर्दछ, जसको कानुनी हैसियत एवं मान्यता हुँदैन। यो भित्र छिर्दा पनि तीन प्रकारको नागरिक समाज देखिन्छ। एउटा केन्द्रीय तहमा नागरिक समाज निरंकुश राजतन्त्रसँग लडेको छ, जो खुकुलो फोरमको रूपमा देखिएको छ, जसले नागरिक र राजनीतिक अधिकारका लागि काम गर्दछ। दोस्रो गैरसरकारी संस्थाले पनि नागरिक समाज भएको दाबी गर्छन्, त्यसभित्र पनि दुई पक्ष छन्।

मानव अधिकारसम्बन्धी गैससहरू, जो राजनीतिक र नागरिक अधिकारका लागि काम गर्छन्, अर्को थरीका गैससले आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका लागि काम गर्छन्। तेस्रोमा पेसागत अथवा व्यावसायिक संघसंस्था या समाज। जस्तैः प्राध्यापक संघ होला, चिकित्सक संघ, पत्रकार महासंघ होलान। दुई चार या आठ दसजना जम्मा हुँदैमा त्यो नागरिक समाज हुन्छ कि हुँदैन भन्ने

कुरालाई पनि हामीले केलाउनुपर्छ कि, जबसम्म परिभाषामा हामी प्रष्ट हुँदैनौ तबसम्म गाउँमा दस जना बसेर कुनै निर्णय गर्‍यो भने त्यो नागरिक समाज हुन्छ। अहिले नै माओवादीले गाउँ-गाउँमा खोलेको जनअदालत नागरिक समाज हो कि होइन ? गाउँका मानिस त छन् नि। निर्णय त भइरहेको (सकारात्मक या नकारात्मक) छ नि।

**उठेका प्रश्नको जवाफ दिँदै टिप्पणीकार श्रीकृष्ण अनिरुद्ध गौतम**

धेरै प्रश्नहरू उठे जस्तो लाग्दैन। एउटा कुरामा अन्यौलता आएको जस्तो लाग्छ। स्वार्थको कुरा गर्दा अलि पीडा हुन्छ, त्यसकारण पीडा भएको महसुस मैले गरें। राजनीतिक दलहरू आफ्ना स्वार्थका कारणले सक्रिय हुन्छन्, सबै मानिस पनि। मैले राजनीतिक दललाई मात्र भनेको हैन। याज्ञवल्कले मैत्रेयको मानिस केका लागि यो सम्पूर्ण व्यापार एवं व्यवहार गर्दछ भन्ने जिज्ञासामा पत्नीले पतिका निम्ति प्रेम गर्दैन, आफ्नै निम्ति गर्छिन्, पतिले पनि पत्नीलाई प्रेम गर्दैन आफ्नै निम्ति गर्दछ, पुत्रले पितालाई पिताले पुत्रलाई पनि यसै गर्छन् भनेर जवाफ दिएका थिए। त्यस्तै राजनीतिज्ञहरूले, दलहरूले, अमेरिकाको राष्ट्रपतिले पनि गरेका क्रिया या व्यापार सबै स्वार्थका लागि भइरहेको छ। बृहत् दार्शनिक सिद्धान्तअन्तर्गत रहेर मैले यो भनेको हुँ।

**अवधारणामाथि उठेका प्रश्नको जवाफ दिँदै चन्द्रदेव भट्ट**

रचनात्मक र आलोचनात्मक टिप्पणीहरूका लागि धेरै धन्यवाद। सबैभन्दा पहिला प्रा. पौड्यालले भनेको कुरामा जाऊँ। मैले बुद्धिजीवीहरूले नागरिक समाजलाई परिभाषित गर्न सकेनन् भनेको छु। सिनास भन्ने संस्था त्रिभुवन विश्वविद्यालयकै थिङ्क ट्यांक भए पनि सिनासको प्रकाशनहरूमा नेपालको नागरिक समाजबारे पाउनु हुन्न। नागरिक समाजबारे भइरहेका बहस पनि विश्वविद्यालयका बौद्धिक व्यक्तिहरूभन्दा बाहिर भइरहेको छ। योगदान गर्ने र लेख्ने पनि बाहिरकै मानिस बढी छन्। विश्वविद्यालयका प्राध्यापकहरूले गर्नुपर्ने काम हो यो। सिनासमा नागरिक समाजबारे एउटा पनि प्रकाशन नभएकाले मैले बौद्धिक व्यक्तिहरूले अध्ययन गर्ने र नागरिक समाजलाई परिभाषित गर्ने गरेको देखिँदैन।

मीना दिदीले जिज्ञासा राख्नुभएको थियो, ग्रामीण समूह, गैरसरकारी संस्था र हल्लाका भरमा भनेर। त्यसबारे धेरै भन्नुपर्ने छ, तर खै समय छैन, पछि भनौंला।

नागरिक समाजको उत्पतिको बारेमा विवाद देखिएको छ। मैले १९९० भनें। सेक्युलर सिभिल सोसाइटी, गैरसरकारी संस्था र दाताहरू भनेर पनि आयो। सोह्रौं शताब्दी भनेर मैले युरोपबाट आयो भने, तर त्यो भन्न खोजेको होइन। सोह्रौं शताब्दीमा युरोपमा सिभिल सोसाइटी थिएन, इभिल सोसाइटीमात्र थियो। वेदमा संघौ शक्ति कलियुगे लेखिएको छ, नागरिक समाजको कन्सेप्सलाइज पूर्वीय संस्कृतिमा पहिल्यै भइसकेको थियो, मैले १९९० भन्दा पहिला नागरिक समाज थिएन भनेको छैन। पहिले पनि थियो, तर अर्कै रूपमा भन्ये। वेस्टको सिभिल सोसाइटीभन्दा इष्टको सिभिल सोसाइटी धेरै पुरानो हो। स्विकार्नु पर्ने कुरा के हो



भने नागरिक समाजलाई व्यवस्थित गराउने काम वेस्टले गरेका हुन र अहिले हामीलाई उनीहरूले पढाइरहेका छन्।

सिभिल सोसाइटी सेक्युलर नै हुनुपर्छ, यसो भएन भने त्यो कम्युनल सोसाइटी हुन्छ। कम्युनल मैले जातीय, धार्मिक भनेको होइन, क्रियाकलाप र संगठन पनि कम्युनल हुन्छ। सहरिया नागरिक समाज या ग्रामीण नागरिक समाजको नेता हुन्छ, सेल्फ डिक्लेयर्ड कन्मोलिरेड्स् भन्छु म त्यसलाई। यसले गर्दा इनसेक्युलर भइहाल्छ, निहित स्वार्थलाई प्रवर्द्धन गर्छ, एउटा खुट्टा नागरिक समाजमा एउटा खुट्टा राजनीतिक दलमा राख्छ। त्यो भइरहेको छ।

गैसस र दाताको कुरा। गैससले रकम ल्याएर राम्रो काम गरिरहेका छन्, त्यसलाई नराम्रो भनेको हैन। तर नागरिक समाज बौद्धिक जमात हो, त्यसले स्थायी नागरिक समाज जन्माउन सकेको छैन। त्यसले इन्डिजिनस सिभिल सोसाइटीलाई प्रवर्द्धन गरेको छैन। अहिले व्यक्तिगत उद्योगका रूपमा नागरिक समाज आएको छ, देश नभए पनि मानिस बस्ने आधारको कुरा छ। स्पेयरभन्दा बाहिर भएकालाई कसले प्रतिनिधित्व गर्ने, त्यस्तो नागरिक समाज हुनुपर्‍यो भन्न खोजेको हुँ।

राजनीतिक कुरालाई म त्यति महत्व दिन्न। अहिले आचार्यजीले भनेको नागरिक समाजको प्रकारसँग म सहमत छु। नागरिक समाज एडभोकेसी, सर्भिस डेलिभरि गर्ने र इन्ट्रेस्ट ग्रुप छन्, तिनको निर्माण दुई किसिमले भएको छ। एउटा, आइजेसन कल्चरसँग, थर्ड वर्ल्डमा आएको डेमोक्रेटाइजेसनले। अर्कोचाहिँ दाताहरूले रकम बाँडेर विभिन्न किसिमका समूहहरू बने। नागरिक समाज परिवर्तनको एजेन्ट हो।

◆◆

**अङ्ग्रेजीमा लेखिएको मूल अवधारणा**

# Civil Society Perspective
## On
## Inclusive democracy and conflict transformation process in Nepalese context

### 1. Background

Today civil society debate is such that it has reached pinnacle and the word itself has been used; abused and 'overused' by policy makers, donors, academicians and arm chair political pundits. Civil society as an idea was developed in the western political thought during $16^{th}$ century. The idea either remained passive or unexplored for many years. But civil society has reemerged today perhaps as one of the strongest concept of our time. More importantly, its power and capacity has been recognized by all strata of society and political parties of different ideologies. Citing its ubiquities and hopes underpinned on it, Walden Bello has termed it as a 'third global power'[ज्ञ]. This is the reason, among others, why far leftists also have placed high hope on this concept and started forming civil societies of their own. Marxist philosophers never had a positive attitude towards civil society. For them, civil society is the place of contestation for elites which undermines interests of proletariats. That is to say that only privileged group of society can have access to civil society and others are left behind. Marx regarded civil society as a structure to serve the interests of the capitalist bourgeoisie. This is not the case now - civil society is equally popular in all cultures and political ideologies across the world.

Nevertheless, there is a great deal of academic concern in theorizing and defining civil society. In pre modern era, political philosophers provided different types of definitions of civil society depending upon their own understanding of the term. For example during $17^{th}$ and $18^{th}$ century political thinkers' defined civil society in different context, civil society used to be compared with the state, than what it has been today. Civil society today is a distinct and separate entity from the state and market. It appears that use of the terminology is more contextual and driven by the perception of interests. Despite these definitional complexities neither practitioners nor the political scientists can simply separate civil society from their day-to-day

ज्ञ. Walden Bello, Global Civil Society meets amidst crisis of empire' at http://www.inq7.net/opi/jan/26/text/opi_wbello-1-p.htm visited on 03/04/2004.



activities. It dominates every discipline of political science and aspect of state affairs.

### 1. The development of civil society as an idea

The historical development of civil society goes back to sixteenth-century English political thought, and the term used to be referred to the state, whereas contemporary usage tends to contrast civil society and the state. The seventeenth century theorists of civil society based their argument on the concept of a social contract. For them, civil society (*societas civilis)* was a rule of law in which citizens gave up the freedom of the state of nature in exchange for the guarantee of certain rights – security for Hobbes plus liberty and property for Locke. Later definitions of civil society included the idea of an active citizenry checking violations of social contract by the state.

Hegel's nineteenth-century notion of civil society included the market, whereas contemporary concept tends to regard civil society as a nonprofit sector. Similarly Antonio Gramsci regarded civil society as an arena where class hegemony forges consent; Karl Marx regarded civil society as a structure to serve the interests of the capitalist bourgeoisie, whereas much contemporary discussion treats civil society as a site of disruption and dissent. Alex de Tocqueville regarded civil society essential bulwark of liberal democracy.

Clearly, there is growing agreement about the importance of civil society, but there is also growing disagreement about its exact meaning. In the contemporary revival of the idea of civil society, the concept has come to mean different things for different people in different places causing a great deal of ambiguities and confusion. For instance, in American context civil society argument is employed in order to underline the need to promote and strengthen a network of solidarity among citizens who are otherwise passive and individualistic (Putnam 1995). In contrast the idea of civil society in Eastern Europe is invoked to counter the state and to celebrate citizenship values and individual rights (Seligman 1992). However in many third world and post-colonial societies (including Nepal) the argument is directed to state and market where both are being controlled by dominant elites. The idea is that it is civil society that can control, if not entirely transform, the state and press it into the service of democracy and social justice (Mohapatra 2003: 294) civil society realm has been used to express 'opposition' both to the state and market. That's the reason why Lewis (2002:4) has rightly noted that "different local meanings (have) been created around the concept as part of an increasingly universal negotiation between citizens, states and markets", seemingly confirming Van Rooy's (1998) famous quip that the concept's inherent vagueness is part of its appeal.

The modern concept of civil society was reinvented in Eastern Europe and Latin America in the 1980s and the concept has subsequently travelled to all corners of globe, through intellectual exchange, activist discourse and official language of politicians and development donors. Moreover, the Third Wave of democratization that swept away undemocratic regimes has contributed to the worldwide growth of civil society. In most cases the wave itself was the repercussion of worldwide civic resurrection that could not be contained within the borders of nation states. Also, the UN decade of conference2 (that took place in 1990s) provided ample opportunities for the growth of modern civil society organizations (CSOs) worldwide. These world conferences and other multilateral organisations have given generous space to NGOs to be active participant in democratization process and economic development of the nation states. And donors have channeled a large amount of money through them for this purpose. The result by contrast was somewhat disturbing as this has produced Hobbesin nature of civil society in Third World countries, who kept themselves busy vying for power and added a layer of new elites. The high ranking retired bureaucrats, politicians and urban elites instantly usurped up civic sphere and became direct beneficiaries of this process; and siphoned off large amount of donors money. Their contribution to socio-economic development and democratization process was meager and remained questionable.

**3. <u>The rise of civil society as a political tool</u>**

The engagement of civil society in various political spectrums is fairly a new approach which has enabled civil society to emerge as an alternative global power. The bottom line, however, is why civil society as an idea has been projected as an alternative source of power in nation building, democratization etc when state machineries are major players in maintaining national and international order. Majority of arguments in this regard stem from 'terminology' which carries strong moral overtones and effectively excludes negative and destructive associations. Anticipation that civil society bridges societal gaps; builds up inclusive and just society; challenges authoritarian states with the help of global civil society and eventually helps to resolve conflict (s) further elevates its role in this realm.

There are many schools of thoughts in this regard. First, modern society has three basic components 'capital, state and the people with all their associations and organisations constituting civil society' (Galtung 1996: 152). Civil society binds them and facilitates people to come together for a

२. In 1990s the major UN conference/convention/summits took place such as the Vienna convention on human rights, Rio Summit on environment, Beijing conference on Women are to name a few.



whole variety of public activities. Civil society in this regard works as *locus standi* for citizens who can freely organize themselves into groups and associations at various levels in order to make the formal bodies of the state authority adopt policies in consonant with their perceived interests. The 'platform' that provides civil society is the real 'constituency' of power where people from different walks of life discuss problems and find out sustainable solutions.

Secondly, civil society is not a *non-political*; it is a *non-state* but not *anti-state and anti-people*. In its non-state functions, civil society covers both social and political activities. Civil society increases 'civic engagement' and stand out as the single most important proximate explanation for the difference between peace and violence. Civic engagement among various strata of society builds up 'trust' and promotes political culture (Putnam 1993) among ruling classes. Varshney in his finding in India argues that where such works of engagement and *political culture* exist (emphasis added), tensions and conflicts are regulated and managed; where they are missing, communal identities lead to endemic and ghastly violence (Varshney: 2002).

Thirdly society, rather than the state, is the legitimate source of any power, civilian forces like political parties, parliamentarians, NGOs, professional bodies, peasant leagues, cooperatives, ethnic and socio-cultural associations, etc are critical components because their movements can prepare people psychologically for desired change and create choices to them to oppose any policy or action harmful to them and explore alternative to it (Dahal 1997: 15-6). Fourthly, state belongs to its people (that is, legitimacy of any changes lies with people's consent) and mobilisation of 'people power' (Havel 1992) against repressive regime or 'conflicting parties' helps to resolve problems. Hence civil society movement is important because it consolidates people's power from below by strengthening grassroots institutions, values, initiatives and creativity, from above by democratising state institutions and from outside by creating a constituency for revitalising and reforming the functions of multinational institutions such as the UN in response to the global popular consciousness (Dahal 1997: 17).This can exert pressure on decision-makers to reach a peaceful settlement of conflict including formulation of policies and practices designed to address root causes of conflict.

Fifthly, aspirations on civil society have been drawn from the fact that civil societies characteristically are non-violent unlike 'non-state actors' who are fascinated by their own perception of interests. For Kaldor, even during the conflict, civil society 'does exists' and can exert influence on conflicting parties to maintain order in the society. For her if violence and predation are to be found in what are considered zones of peace, it is possible to find

‘islands of civility’ in nearly all the war zones (Kaldor 2001: 110) as opposed to the fact that civil society can only serve or exist as an effective foundation for democracy where there are credible functioning state institutions and strong political parties with deep roots in society. She argues, it is always possible to identify local advocates of cosmopolitanism, people and places which refuse to accept the politics of war – islands of civility (Kaldor 2001: 120). And it is this island of civility that can bring about changes in the every sector of humanity. Because civility increases continuous ‘engagement of citizens’ even during political crisis and put democracy on the right track and minimizes conflicts. Moreover, incorporation of civil society organizations in governance process not only contributes to the sustainable peace but also addresses the urgent tasks of economic modernization, political liberalisation and social inclusion because they are the real stake holders in governance.

Civil society plays crucial role in nation building. It helps to instill the feeling of ‘citizenship’ among citiznery. Civil society plays an essential role in insisting on respect for existing rights, working to ensure that politicians and state officials remain accountable for their actions. Equally important is that civil society can often play a crucial role in many of activities such as setting public agendas, including demanding new laws and new rights. Civil society play a direct role in advocating change in the ‘corridors’ of power with the state and developing alternative policies in formulating ‘inclusive’ citizenship through state-civil society synergy. By and large it is the ‘civic space’ of civil society that promotes the concept of ‘citizenship’ by involving citizens into the institutional life of the state without any discrimination based on caste, creed, sex, economic status, educational attainment etc., transform sovereignty of the state to the people and elevates their status from *raitis* to public.

**4. <u>State of civil society in Nepal</u>**

The discourse on the modern concept of civil society in Nepal is fairly new despite age old existence of civic practices. The current notion of civil society that kicked off after 1990’s is the result of ‘modest’ political change in Nepal when it was frequently heard in the corridors of academia, politics and development practitioners etc. Civil society (*nagrik samaj*) was not known by the same name as it is today in Nepal. But civic practices were not unknown and have been practiced since *Vedic* time. It looks that, like every third world states, ‘third sector’ business came to Nepal for two alleged reasons first to spearhead the development process and second to help accelerate democratization process. Hence, what can be argued is that the development of civil society in Nepal is not the transformation of the old notion of civic practices, voluntary spirit and *pancha kachari’s* into the modern belief. By contrast, it was simply the project developed by the smart group of people to



maintain *status quo* through this impressive concept. Had we been able to develop the organic rural based civic concept into the modern one possibly we shouldn’t be hearing its discontents and illusion. This is the prime reason why civil society became monetised and partisan in third world countries including Nepal.

The post 1990 civil society normally grew out of ‘NGOisation’ of service globally. Properly speaking, the post-modern notion of civil society in third world countries was the repercussion of an approach adopted by the western states and multilateral organizations (liberal agenda). Their intervention in social sector has certainly led to the growth of NGOs of different natures but not necessarily the growth of true organic civil society. The process of modernity in this sector, for the most part, has either superseded or destroyed traditional forms of duty bound rural civil society organisations and resulted in the growth of urban based self interested elite civil society organisations**.** The western intrusion was obvious because of rampant corruption and global South’s inability to comply with the new found notion of good governance. The tendency, nevertheless, has only taken a fresh momentum after the end of the Cold War following the triumph of liberal democracy and capitalist routes to development (Howell 2001). It has however directly attacked on the organic civic practices based on voluntarism through commercialization and professionalisation of civic notions.

Interestingly, the civil society project itself has been developed by the Western developed countries and enforced upon developing countries, some said for their own interest(s). The NGO led civil society particularly is the modified version of East-India Company. That is a sort of neo-imperialism to spread western political hegemony and economic power base onto their past colonies and protectorates. And civil society proved to be a good medium for this job because western society from their civil society’s lens saw non-western civil society - a traditionalistic, ritualistic built on familial and kinship values which they believe in no way can, deliver public goods and meet civic duties in a true sense (Gellner 1994). This could be the reason why there is an ever increasing tendency of civilizing non western civil society which ultimately has become the ‘white man’s burden’.

There are many but contrasting schools of thoughts whether the western NGO led (Western Governmental Organisations, WGOs, in the words of Tariq Ali - a Pakistani born British intellectual), approach really paves the way to speed up democratisation process and economic development in third world countries. There is no well founded proof neither to validate nor invalidate this argument but what is true, for sure, is that as Ali said, the donor supported local NGOs and WGOs have definitely elevated the status of local NGO executives by creating additional layer of middle class elites. It

has complicated the issue whether NGOs and their executives can really be the part of civil society or for that reason, whether they are the messenger of civic renewal in a society¿ Academically, there is no straight forward answer for this question as it depends on their *modus operandi* and degree of engagement on civic practices. That said, they can only be part of civil society if they work in line with civic values and cannot be, if just worried about siphoning off money from their masters.

These facts raise a million dollar question: 'do we have civil society', which can truly promote the sense of belonging towards nation that addresses social and political bias. If civil society does exist in Nepal, who (se) (interest) does it represent and what are its parameters¿ Does it just represent or promote donors interest or the interest of political elites¿ Why the idea has become so fancy¿ The biggest problem is 'how do citizens qualify to be members of the civil society.These are crucial but unanswered issues to interpret Nepalis civil society.

What has been observed however is that 'joining civil society club' has become a *norm dejure*, *perhaps* partly lies because of the 'worldwide rise' in the phenomenon and partly the word 'civil society' itself which is so appealing that faith and involvement on it can easily wash up past misdeeds. This could perchance be the reason, among others, why many of Nepalese former bureaucrats, judges, police and army officials and armchair political pundits have joined in this fray, moment they are out of job. Therefore bringing out protests, closures by wearing 'civil society' tag whether they are desirable or not has become a fashionable.

With regard to the question of who is civil society in Nepal is concerned - civil society for donors is that group who can mesmerize them through their *Kuire* English having one foot in civil society and another out. There are just few families (persons, organizations) that fall in this category and its them, who virtually control Nepali civic sphere and NGO business which is practically restricted to less privileged. The dilemma attached with this notion is that neither donors nor the state have ever tried to break this barrier and assimilate peripheral civil society organizations with rich resources full urban civil society.

The biggest problem in theorising civil society is that both civil society and NGOs are interchangeably used to acknowledge each other. Part of reasons is a phenomenon that civil society is legally and analytically equated with NGO which is a 'de facto definitional amendment' of civil society but also manifestation of 'inability of academics and analysts' to differentiate between these two terms (Tamang 2003: 15-17). Practically, this was also the project developed by the donors and Nepali state. Firstly donors - given the



disparities within civil society and the greater capacity of educated elites to organise, a key challenge for donors committed to poverty reduction is identifying ways of supporting organizations of the poor, rather than organizations claiming to act on behalf of the poor and of creating spaces where the voices of the poor can be heard. However as Howell (2001) said donor engagement with civil society has a marked urban bias. Secondly from the part of state, this was the project developed by the retired bureaucrats, judges, government officials, urban based elites and chatterer's group who wanted to maintain *status quo*.

There are two types of civil society in Nepal. The first one, truly speaking, grew out of 'isation culture' such as NGOisation of service, globalization, liberalization, and privatisation and gets backing from donors. Civic sphere created by this 'isation culture' is largely populated by the self declared conglomerate of urban elites who prefers to be called 'civil society leaders'. They have made little or no attempt to address societal issues nor extended their activities in the peripheral areas let alone engaging with wider civil society. These elites of Nepalis civil society by contrast have treated citizens merely as consumer thereby ignoring basic tenets of civil society. The second one is promoted by political elites and political parties. This includes large numbers of interests groups, trade unions built on political lineage and work in line with political interests and protects their own interests. This civil society is 'oppositional' in nature. To some extent it has helped to foster democratic rights of the people and creation of a responsible government.

However when we put both types of civil society into one basket what is clear, to our dismay, is that civic space in Nepal is restricted to politically and economically organized sectors of the society and it is only this economically well organized section that have benefited from the modernization of this concept. And marginal groups do not find it easy to gain entry into the civil society forums. It would mean that ordinary people do not possess either access to a space or to the freedom that is necessary for democratic engagement. What needs to be emphasized is that if the benefits of civil society are restricted to these sections it just shows that the project of civil society is far from being complete. As freedom in these cases is being realized by a minority and not by the people as a whole, the basic ethics of civil society can hardly be said to exist in any meaningful way. This type of civil society does not promote democracy; help to resolve conflict let alone promoting inclusive democracy. This excludes vast majority of the populace from the institutional life of the state. None of these are compatible with the ethics of civil society, nor with the cultivation of citizenship. The civic practice itself becomes very much antithesis of civil society's norms. Civil society in this context is nothing but politics of "narcissism" as Neera Chondhoke (2003:25) said.

The exclusionary policy adopted by the state and treatment of citizen merely as ‘consumers’ both by state and civil society has developed ‘consumerism’ notion of civil society. The widening gap between political elites urban based ‘columnised’ civil society, duty bound rural civic organizations and ordinary citizens have deconstructed the true notion of civil society let alone construction of ‘civic citizenship and for that reason inclusive democracy’. The state and society are fragmented from every aspect, citizenship values are deeply internalized by the people, social conflicts are largely undermined….. (Dahal 2006).

Civil society movement in recent years however has emerged to express disillusionment of the middle class with politics, economics, corrupt political process, Maoist insurgency, inability of the state to undertake the task of development, for inclusive democracy and just society. But the biggest dilemma is that Nepalis civil society is neither democratic nor it carries egalitarian values. Civic sphere by contrast is largely populated by the urban elites and have included provision of ‘hierarchy’ (that is, senior civil society leaders, junior civil society leaders etc) in rank and file. They have grossly failed to accommodate those who cannot form their own associations either to bargain with the state, market or to protect their interests (downtrodden, underprivileged). Hence, civil society is not a harmonious space where citizens associate with each other to influence public; rather, it is a site for contestation among different groups, as much against each other for their rightful place and for the benefits of development, as against the state. (p.276). Overall the civil society has not uniformly promoted the notion of citizenship. That is it has ignored some section of society at the cost of others.

**5. Civil Society in its new avatar:**

Civil society movement backed up by political parties have played considerable role in reinstalling democracy in 1990. Nevertheless the strength of its period of opposition against bad people *(Panchas)*, bad system *(Panchayat)* became the weaknesses of its period of rule during the transition period in 1990s. However, civil society led political movement played a decisive role in peacefully steering ahead the *Jana Andolan 2* of spring 2006. The revival of civil society was unique in nature and its upsurge against the royal regime was classic example. This is a towering achievement of civil society (after 1989’s velvet revolution in the Eastern Europe) in modern times and has set a precedent that ‘people power’ can change regimes without



spilling blood.[घ] The underlying feature of this movement was that the movement was reasonably peaceful, self regulated; atomised right based civil society (a self enlightened liquid mass, not the urban based elite civil society) took a front seat for the first time as a bid to end the autocratic regime for ever. This amorphous mass has produced the notion of polymorphous power having helped to develop the alternative genealogy of civil society.

The frequency in rallies aftermath of *Jana Andolan 2* taken out by civil society organizations and their leaders in the name of *khabardari julus* shows an increased level of political awareness and unflinching faith on democracy for sustainable peace. Civil society’s euphoria has provoked everyone to be known as civil society activists (member). But civic euphoria expressed by unabated protests also poses serious threats as what type of civil society will it ultimately produce in the long run. The April uprising cannot be equated with civil society theoretically, it was simply ‘people power’ - an ‘unorganized liquid mass’ often violent in nature. Thus it raises more questions then the answer it offer. The biggest worry is what happens if this transforms into an established trend of bringing down political (whether they are desirable or not) systems through movements. Moreover too much of ‘civic protests’ might lead any nation into chaos where the one who shouts loudest is the one who wins and country might ultimately fall into the hands of anarchists.

Furthermore, too much of civic protest might reduce will the role of political parties which can be dangerous for the sustainability of democracy. A political order is necessary for a good society. And opposition to the bad system does not always necessarily create a good system. The good system only establishes if the civil society is civilized. For the time being, perhaps this might be the result of public frustration against age old authoritarian rule and deceiving behaviour of political leaders. Hence one cannot outright comment on this postmodern version of Nepali civil society at this stage.

**6. Civil Society and the Politics of Conflict Resolution**

The significant impact exerted by the ‘people power’ phenomenon in the latest political developments in Nepal opens up several issues such as nature, role and power of civil society. That is whether the amorphous mass that contributed to bring about political changes was really civil society¿ Theoretically, as said above, speaking the April showdown of ‘people power’ cannot be equated with civil society because these types of amorphous

---

घ. Reported in The Hindu, Let’s do it Nepal way (dated….)

movement(s) come and go (intermittent) and in most cases are driven to meet the interest of political society (whether the movement is for the cause of democracy or autocracy) whereas civil societies are firmly rooted; sustained in a given society with somewhat of permanent nature. Whatever the trajectories of understanding civil society in Nepali context exists, the power of the amorphous mass has played a crucial role in regime change. Having said this, the biggest challenge however is how best to transform the amorphous notion of people power into civil society which could play significant role both to address the immediate crisis (conflict resolution) and long term issues (strengthening democratization) process.

Civil society, in Nepalis context, has been identified as new avatar for conflict resolution right from the first peace talk. Since then many civil society organizations (CSOs) have joined up in the fray by engaging in much talked conflict resolution activities. Moreover, the real downpour of foreign money (unaccounted) in conflict has also worked as a motivational force. Many foreign NGOs have opened up their shops in Nepal. The spontaneous eruption of (I)NGOs and CSOs in the name of conflict resolution and peacebuilding saw rapid industrialization of Third Sector. As a result, every NGO/CSO and in some cases individuals as well, irrespective of their knowledge depository in this field, have projected themselves as conflict resolution expert(s). By and large conflict has been projectised. Hence the Third Sector's engagement was (is) not voluntary in nature. It was somewhat, by contrast, motivated to tap the monetary benefit that was being generated by the Maoist insurgency. This could be the reason, among others, why professional civil society organizations in Nepal have no consensual voice in terms of conflict resolution and peacebuilding. There could be two reasons behind this approach, first if the conflict is really resolved the whole industrialization of Third Sector will dry up and many (I)NGOs and CSOs will go burst and second this will endanger Nepali middle class and elites particularly those who are on 'NGO business' and dependent not on Nepali state but on NGOs for their livelihood. This could produce twin impact in conflict resolution process. Firstly, the professional civil society organistions including middle class citizen and elites might be reluctant to play constructive role in conflict resolution per se for the obvious reasons. Secondly, the amorphous power might come out again in the street for every reason of dissatisfaction/disagreement. In the long run, this will legitimise the street politics assisting perpetual political instability to take a permanent shape in the nation.

Another factor to be noted is that the money that comes in the name of conflict resolution via NGOs will have its own objective to fulfill and message to deliver. And if the result is not in line with donor's interests this could further complicate the situation. There are evidences where (I)NGOs



have helped to prolong the conflict. Thus there is very little we can expect from donor driven civil society and their NGOs in terms of conflict mediation or peacebuilding in the long run. Hence what is needed is the transformation (grounding of) of amorphous power into society for this to develop into civil society.

Nevertheless, despite all these predicaments, civil society has emerged as one of the most powerful means in Nepali political discourse and great deals of expectations are underpinned on it. There is no denying that civil society has crucial role to play and it can do so as civil societies normatively speaking have no vested interest whatsoever. Civil society can help to side line the differences and find out common denominators for conflicting parties to work on. The role of civil society in conflict resolution is even more meaningful in countries like Nepal where politicians (both protagonists and antagonists) have unlimited loaded interests with reasonably high chances of derailment of peace process.

Paradoxically, the most worrying factor Nepali context lies in the way civil society is understood (epistemic and public discourse) and interpreted by the society at large. Attempts are being made to bring civil society into the parliament not as a 'watchdog' but as an equal partner in power sharing with political parties without understanding its repercussions. Funny enough is that some sections of Nepali civil society are very much waiting for this opportunity. If this happens in a real sense that will be uncivil for the whole civic movement with nothing left out to differentiate between civil society and political society. How could one expect civil society to play a constructive role in conflict resolution in this context¿ The causality of this might push Nepal from the sate of no-war and no-peace to perpetual war. Hence, what can be argued is Nepalis civil society needs to be civilised at first instance, let alone mobilising it for peace building.

## 7. Conclusion

There is no denying that civil society has emerged as a powerful force. And there is no denying that civil society can contribute enormously both in conflict transformation and strengthening democratisation process but everything hinges on the type and nature of civil society in the given country. It is the civil society that helps to establish the rule of law in a country and promotes good governance. It ensures that politicians and state officials remain accountable for their actions. Civil society plays direct role in advocating changes in the 'corridors' of power and helps to develop alternative policies in formulating 'inclusive' democracy through state-society synergy. It is the civic sphere that provides broader place for public discourse without any discrimination, intimidation based on caste, creed, sex,

economic status, educational attainment etc., transforms sovereignty of the state to the people and elevates their status from *raitis* to citizen.

Nevertheless, civil society in Nepal, including the surfeit of NGOs, pro-democracy groups and civil society activists are highly laden with their own 'perception of interests' and divided on partisan line with one foot in civil society and another out. The story of civil society in Nepal is not the story of 'ordinary people living extraordinary lives'. It is the story of those who are competing for power by climbing 'civil society' ladder. Hence, theoretically part of our civil society can be compared with Hobbesian notion (the urban based power-monger which exists in the state of nature); and the liquid unorganised unruly mass that occasionally challenges both state and market can be compared with Gramscian notion of anti hegemonic civil society and the rest with Chatterjeeian notion of 'oppositional' model that opposes everything that comes on the way through protests; closures for whatever reasons (positive or negative) without really going deep on its repercussions.

That said, however, civil society in Nepal is in 'empowerment' process; exposing various issues confronting nation to the wider political discourse. It has emerged as an 'alternative force' when political society (monarchy, mainstream political parties and international political actors) have lost the currency. To put it in Scott's words it has become 'weapons of the weak' on resistance to authority (Goody 2001:157). Nevertheless what worries every Nepali now is how best to deter 'cyclic phenomenon' that has been endangering Nepalese democracy time and again. Thus the challenges that pose Nepali civil society now is: to democratize itself horizontally rather than dividing society vertically by forming 'columnised' form of civil society organizations, civilize oppositional movements by making them inclusive representative for a wider social causes rather than fulfilling the interest of political parties; special groups *per se* or championing objectives of self declared civil society leaders. This will help to develop a sustainable political culture among political class to usher in the so admired notion of inclusive democracy by making an end to the 'revolutionism'. This will eventually help to build up an inclusive society and upheld the verdict of 'people power', will mediate current and latent conflicts if any.

The larger responsibility that has fallen on civil society's soldier within the changed context is to help towards institutionalization of democracy and put an end to the cyclic events of revolutions that dominated since its formation. Within the current situation civil society should play constructive role by bringing different societal forces into common platform for the broader dialogue of state restructuring through constituent assembly. It should work as a mediator between state and society – some sort of confidence building measures between political parties of different colours, citizens and society.



Secondly, it should perform traditional duty of watchdog by cautioning the stake holders (state and political parties) in the peace process with due sincerity. Overall it should rise above the self and partisan interest and truly work as 'civil society' not unlike in the past where it played a dubious role. The real challenge it faces at this juncture therefore is how best to unite different forces towards the goal of nation-building.

Hence I have made the proposition of 'inclusive secular civil society' is must for the conflict transformation and promotion of inclusive democracy. This can perhaps be achieved by introducing civic education in schools; public opinion; discourse and pressure by right based NGOs. This will elucidate new breed of civil society free from clan; tribal loyalty; aiming to engage in the analysis of major rules and regulations of society, liberate people from primordial thinking and prepare them to rise above personal and familial interests. Only then we can have a true civil society which will assist to translate civic virtues into practical life including conflict transformation/resolution.

## References


1. Chandhoke, Neera, *Conceits of Civil Society*, (Delhi-OUP, 2003)
2. Chatterjee, Partha, *The Politics of the Governed: Reflections on popular politics in most of the world*, (Columbia University Press, 2004)
3. Dahal, Dev Raj, *Civil Society in Nepal: Opening the Ground for Questions* (Kathmandu: Centre for Development and Governance, 200l)
4. Dahal, Dev Raj, *Civil Society & Peacebuilding*, Report submitted to the UNDP, (Kathmandu: 2006)
5. Elliott, Carolyn M.(ed); *Civil Society and Democracy: A Reader* (New Delhi: Oxford University Press, 2003)
6. Goody, J.R.; 'Civil Society in an extra-European Perspective' in Sudipta Kaviraj and Sunil Khilnani (eds); *Civil Society: History and Possibilities;* (New Delhi: Cambridge University Press, 2001)
7. Havel, Vaclav, *Summer Meditations: On Politics, Morality and Civility in a Time of Transition*, Translated by Paul Wilson (London: Faber and Faber, 1992)
8. Howell, Jude and Pearce, Jenny, *Civil Society and Development: A Critical Exploration* (Boulder, London: Lynne Rienner Publishers, 2001)
9. Kaldor, Mary, "The Ideas of 1989: Evolution of the Global Civil Society Concept" *Transnational Law and Contemporary Problems*, Fall 1999
10. Keane, John, *Civil Society: Old Images, New Visions* (Cambridge: Polity Press, 1998)
11. Lewis, David, "Civil Society in African Contexts: Reflections on the Usefulness of a Concept" paper submitted to *Development and Change*, 2002
12. Mohapatra, Bishnu N. (2003) 'A View from the Subalterns: The Pavement Dwellers of Mumbai' in Rajesh Tandon and Ranjita Mohanty (eds) *Does Civil Society Matter : Governance in Contemporary India*, (New Delhi: Sage Publications)
13. Tamang, Seira 'Civilising Civil Society: Donors and democratic space in Nepal". In *Himal South Asia*, Vol. 16, No. 7, pp.14-24 cited in Hatchhethu, *Civil Society and Political Participation* (unpublished, 2005).
14. Trentmann, Frank, *Paradoxes of Civil Society: New Perspectives on Modern German and British History* (Oxford: Berghahn, 1999)
15. Van Rooy, ed., *Civil Society and the Aid Industry* (London: Earthscan, 1998)

Varshney, Ashutosh (2002) Ethnic Conflict and Civic Life: Hindus and Muslims in India (Yale University Press 2002

◆◆



# लोकतन्त्र र राज्यको पुनर्संरचना

- अवधारणा : प्रा.डा. यज्ञप्रसाद अधिकारी
- टिप्पणी : सुरेन्द्र पाण्डे, नेकपा (एमाले)

यतिबेला राष्ट्र संविधानसभाको मार्गमा अगाडि बढेको छ । यो मार्गको गन्तव्य समुन्नत लोकतन्त्रको सुनिश्चितता दिने संविधानको निर्माण हो । संविधान नागरिक राज्य सम्बन्धको आधार तय गर्ने दस्तावेज हो । नागरिक-राज्य सम्बन्धको प्रकृति निर्धारण गर्ने महत्वपूर्ण आधार राज्यको संरचना हो । सम्पूर्ण राजनीतिक / सामाजिक शक्तिहरूको एक मत रहेको समावेशी लोकतन्त्रको चाहनालाई मूर्तता प्रदान गर्न राज्य संरचना र राजनीतिक प्रणालीको प्रकृतिले निर्णायिक भूमिका खेल्छ । विद्यमान राज्य संरचना एकात्मक ढंगको भएकाले यसले नागरिकजनहरूको भावनात्मक एकीकरण गर्न नसकेकाले सघात्मक स्वरूपको राज्य संरचना वा एकात्मक संरचनाभित्रै पूर्ण स्थानीय स्वायतता सहितको विकेन्द्रीकृत राज्य संरचना भन्ने विषयहरू हाल बहसमा रहेका छन् । नेपालको वर्तमान संरचनाले विद्यमान जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, सांस्कृतिक, भौगोलिक विविधतालाई सम्बोधन गर्न नसकेको ठहर मुख्य राजनीतिक शक्तिहरूको समेत रहेको बेला राज्यको पुनःसंरचनाको आधार, औचित्य र प्रकृतिमाथिको बहस संवेदनशील विषयको रूपमा उठेको छ ।

यही पृष्ठभूमिमा लोकतन्त्र, मानव अधिकार, प्रेस स्वतन्त्रता र राष्ट्रको समविकासमा समर्पित, नीति अनुसन्धान तथा वकालतकर्ता प्राज्ञिक समुदायको साझा प्रयास स्वरुप स्थापित **फ्रिडम फोरम**ले "समावेशी लोकतन्त्रको स्वरूप र संरचना" मा बहस शृङ्खलाहरु चलाउँदै आएको छ । त्यही क्रममा १८ भदौ २०६३ (३ सेप्टेम्बर २००६) का दिन बबरमहलस्थित साप फल्चामा शृङ्खला-१५ अन्तर्गत **राज्यको पुनःसंरचना किन र कसरी ?** भन्ने विषयमा बहस सम्पन्न भएको थियो ।



## प्रारम्भ

**बहस प्रारम्भ गर्दै सहजकर्ता तारानाथ दाहाल**

समावेशी बहस फोरममा यहाँहरूलाई हार्दिक स्वागत छ। हामीले लगातार लोकतन्त्रको विभिन्न आयामहरूमाथि साप्ताहिक बहसहरू चलाउँदै आएका छौं। केही समय रोकिएको बहसलाई गत सातादेखि निरन्तरता दिन थालेका छौं। मुलुकमा लोकतन्त्रको निर्माण प्रक्रिया जारी छ। राजनीतिक दलहरू, पुनःस्थापित प्रतिनिधिसभा र विद्रोही माओवादीसमेत यही प्रक्रियाभित्र रहेकाले लोकतन्त्रका विभिन्न मुद्दाहरू र आयामहरूका सम्बन्धमा राजनीतिक खेलाडीबीच नै त्यो बहस केन्द्रित हुन सकोस् भन्ने अभिप्रायले हामीले नागरिक तहबाट हुने यो बहस शृङ्खला केही समय रोकेका थियौं।

आन्दोलनको पृष्ठभूमिमा वैचारिक पृष्ठपोषणा गर्ने हेतुले हामीले यो छलफललाई अगाडि बढाएका थियौं। यहाँ उपस्थित साथीहरू यो बहसका लागि केही नयाँ हुनुहुन्छ भने केही पुराना हुनुहुन्छ। हामी हरेक फोरममा एउटा मुद्दामाथि बहस गर्छौं। अवधारणा प्रस्तुत गरेर त्यसमाथि टिप्पणी गराउँछौं, र त्यसमाथि सहभागीहरूबाट पनि विचार, प्रतिक्रिया र प्रश्नहरू राखेर हामी छलफललाई बढीभन्दा बढी वैचारिक अन्तरक्रियाको अवसरको रूपमा प्रयोग गर्छौं। आज बिहानैदेखि राजधानीको यातायात अवरुद्ध भएकाले हाम्रो कार्यक्रम पनि प्रभावित हुन पुगेको छ र, पनि उपस्थिति उत्साहप्रद छ।

आजको बहसको विषय राज्यको पुनर्संरचना किन र कसरी ? भन्ने रहेको छ। यसबारे हामीले अघिल्ला दिनहरूमा पनि छलफल गरिसक्यौं, तर यो त्यस्तो मुद्दा हो जुन मुद्दा नेपालको नयाँ संविधान निर्माण हुँदासम्म जारी रहनुपर्दछ।

संविधानसभाको निर्वाचन र त्यो सभा क्रियाशील भइसकेर नयाँ संविधानलाई अन्तिम रूप दिने बेलासम्म बहस निरन्तर हुन सक्यो भने हामीले खोजेजस्तै मुलुक निर्माण गर्न सकिनेछ। अहिले सतहमा धेरै किसिमका विचार, प्रस्ताव र स्वार्थ समूहहरूका आ-आफ्ना प्रस्तावहरू छन्, नयाँ किसिमको राज्य संरचनाको मुद्दा सबैले स्वीकार गरिसकेकोमा कुनै द्विविधा छैन। तर, राज्य कस्तो बनाउने भन्नेमा अनेक किसिमका वादविवाद छन्। बहसले सहिष्णु र सद्भावपूर्ण नेपाली समाजलाई वैचारिक रूपमा उद्वेलित गरिरहेको छ। उद्वेलनाभित्र नेपाल राज्यको भविष्यप्रति पनि जनतामा अविश्वास र आशंका जन्मिरहेको छ, यो बेलामा स्वच्छ बहसलाई अगाडि लान सकेनौ भने राज्य संरचनाकै मुद्दामा हामी फेरि अर्को भड्खालोमा पुग्न सक्छौं। त्यो खतरालाई मध्यनजर गरेर दुई/तीन सातासम्म एउटै मूल विषयमा छलफल केन्द्रित गरौं भन्ने लागेर आज हामीले फेरि त्यही विषयमा छलफल राखेका छौं।

राजनीतिशास्त्री प्राध्यापक डा. यज्ञप्रसाद अधिकारी आजको अवधारणा प्रस्तुत गर्दै हुनुहुन्छ। उहाँ नेपालको लोकतान्त्रिक आन्दोलनका लडाकु नै हुनुहुन्छ। र, निरन्तर राजनीतिशास्त्रीका रूपमा नेपाली राजनीतिमा उहाँको शोध र वैचारिक पृष्ठपोषण जारी छ। आजको अवधारणाले हामीलाई सही दिशाबोध गर्ने विश्वास

लिएका छौं। *यो पत्रमाथि टिप्पणी गर्न नेपाल कम्युनिस्ट पार्टी (एमाले)का केन्द्रीय सदस्य सुरेन्द्र पाण्डेलाई आमन्त्रण गरेका छौं*। उहाँलाई पनि स्वागत गर्न चाहन्छु। पाण्डे निरन्तर रूपमा एमालेभित्र नयाँ राज्य संरचनाको अवधारणा विकास गर्ने अग्रभागमा हुनुहुन्छ र, त्यो पार्टीभित्र बनेको यससम्बन्धी अध्ययन समितिका सचिव हुनुहुन्छ। अहिले उठेका समावेशी लोकतन्त्रदेखि भावी संविधान र राज्य संरचनालगायत यावत् विषयमा राजनीति गर्नेबीचबाट 'क्रंकिट आइडिया' दिनेमध्ये उहाँ पनि पर्नुहुन्छ। डा. अधिकारी र पाण्डेको प्रस्तुतिपछि हामी छलफलमा जाने छौं, यसले व्यापक मथिंगल खियाउने विश्वास लिएको छु।

यसअघिको बहसको संकलित मनोग्राफ यो साता तपाईंहरूसामु ल्याउने वाचा गरेका थियौं, प्राविधिक कारणले आज ल्याउन सकिएन। अर्को साता तपाईंहरूको हातमा त्यो पर्ने छ। र, १४ औं शृङ्खलादेखि बहसलाई पनि 'मनोग्राफ'का रूपमा छुट्टाछुट्टै रूपमा हरेक साता नेपाली जनमानसबीच पुऱ्याउने छौं। यो बहस यहाँमात्र सीमित हुने छैन, खासगरी एक पटकका लागि प्रचार-प्रसार गर्ने उद्देश्यले पनि यो बहस गरेका हैनौं। यहाँहरूबाट आएका धारणा तथा विचारहरूलाई हामी संकलन गरी पुस्तकाकारको रूप दिन्छौं र त्यसलाई देशका विभिन्न भागमा पुऱ्याएर थप बौद्धिक बहस तथा छलफल गराउँछौं।

अब म आदरणीय यज्ञ दाइलाई अवधारणा प्रस्तुत गर्न आग्रह गर्दछु। उहाँ अस्वस्थ भए पनि हाम्रो आग्रहलाई टार्न नसकेर यहाँ आउनुभएको छ। उहाँको पत्र हाम्रो हातमा छ। उहाँलाई जसरी सजिलो हुन्छ, त्यसैगरी यो अवधारणा प्रस्तुत गरिदिनु हुन अनुरोध गर्दछु।

◆◆



## *अवधारणा*

# *राज्यको पुनःसंरचना किन र कसरी ?*

■ *यज्ञप्रसाद अधिकारी*

### १. पृष्ठभूमि

वर्तमान अवस्थामा राज्य पुनःसंरचनाको मुद्दा राष्ट्रिय बहसको विषय भएको छ। राज्यको विद्यमान संरचनाले नेपाली समाजका बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विविधताहरूलाई समेट्न नसकेको यथार्थता केही सीमित व्यक्ति र समूहबाहेक प्रायः सबै वर्ग र क्षेत्रका आम नेपाली नागरिकहरूले महसुस गरेका छन्। भाषिक आन्दोलनमा संलग्न संघ/संस्थादेखि के बुद्धिजीवी, के नागरिक समाज, के आदिवासी/जनजाति सबैले जातीय स्वायत्तता, संघात्मक राज्य व्यवस्था, बहुभाषिक राष्ट्रिय नीति एवं समानुपातिक प्रतिनिधित्व प्रणाली समावेशी लोकतान्त्रिक व्यवस्थाको सुनिश्चितताका लागि राष्ट्रले अवलम्बन गर्नुपर्ने आवाज उठाउँदै आएका छन्। विशेष गरेर आदिवासी/जनजाति, दलित, मधेसी र महिला आन्दोलनहरू अग्रपंक्तिमा देखिएका छन्। एक दशकभन्दा बढी समयसम्म हिंसात्मक द्वन्द्वमा संलग्न नेकपा माओवादीले समग्र मुलुकलाई नौवटा क्षेत्रीय एवं जातीय स्वायत्त प्रदेशमा वर्गीकरण गर्दै ती क्षेत्रहरूमा जातीय स्वायत्त शासन कायम हुनुपर्ने विचार राख्दै आएको छ।[ढ] मूलधारका राजनीतिक दलहरूले पनि कमसेकम आफ्ना समसामयिक दस्तावेजहरूमा राज्यको पुनर्संरचनाको विषयलाई प्राथमिकतामा राख्न थालेका छन्। एक प्रकारले राज्य पुनःसंरचनाको मुद्दा वर्तमानमा राज्यको गन्तव्य बन्न पुगेको छ। तर, यस्तो अत्यन्त जटिल, गम्भीर र दूरगामी महत्व राख्ने विषयतर्फ सरकार र विद्रोही पक्ष दुवै प्रस्ट हुन आवश्यक हुन्छ। हालै अन्तरिम संविधान मस्यौदा समितिले सरकार र माओवादी वार्ता टोलीका संयोजकहरूलाई बुझाएको अन्तरिम मस्यौदामा पनि राज्यको संरचना कस्तो हुने भन्ने विषय अनिर्णीत नै रहेको छ। "ठोस प्रस्तावसहित जनमत

*'राज्य पुनर्संरचनाको विषय विवादास्पद पनि हुन्छ तर त्यस्ता विवादित प्रश्नहरू नागरिकहरूको व्यापक सहभागिताबाट मात्र समाधान हुन सक्तछन्'*

[ढ]. नेकपा माओवादीद्वारा जातीय बहुलताका आधारमा कालीगण्डकी नदीदेखि भेरी नदीसम्मको पहाडी भूभागलाई मगराँत स्वायत्त प्रदेश, काठमाण्डौं उपत्यकाबाहेक वाग्मती, नारायणी र जनकपुरका सम्पूर्ण पहाडी भू-भागलाई तामसालिङ स्वायत्त प्रदेश, भेरी-कर्णालीका सम्पूर्ण पहाडी भू-भागलाई भेरी-कर्णाली स्वायत्त प्रदेश, अवध, भोजपुर र मैथिलीभाषी क्षेत्रको मधेसका भू-भागलाई मधेस स्वायत्त प्रदेश, राप्ती नदीदेखि महाकाली नदीसम्मका भित्री र बाहिरी तराईका सम्पूर्ण भू-भागलाई थारुवान स्वायत्त प्रदेश, सेती र महाकालीका सम्पूर्ण पहाडी भू-भागलाई सेती-महाकाली स्वायत्त प्रदेश, कालीगण्डकीदेखि बुढीगण्डकी र सगरमाथाका सम्पूर्ण पहाडी भू-भागलाई तमुवान स्वायत्त प्रदेश, मेची-कोसीका सम्पूर्ण पहाडी भू-भागलाई किराँत स्वायत्त प्रदेश र काठमाडौं उपत्यकाका सम्पूर्ण मैदानी भू-भागलाई नेवार स्वायत्त प्रदेश घोषणा गरिएको छ। माओवादीहरूको यो घोषणा समग्र मुलुकलाई स्वायत्त संघीय ढाँचामा बदल्ने सत्ता संरचनाको एक रूपरेखा हो। माओवादीहरूले यसरी केन्द्रीय सत्ता बाहेक नेपालमा सातवटा जातीय र दुईवटा क्षेत्रीय गरी नौवटा स्वायत्त प्रदेशहरू रहनुपर्ने विचार राखेका छन्। यी प्रत्येक स्वायत्त राज्यभित्र गाउँ-नगर तथा जिल्लास्तरीय गरी अन्य दुई तहका स्थानीय सरकारहरू रहने व्यवस्था गरेको छ। *हिमाल खबरपत्रिका*, ललितपुरः हिमाल मिडिया प्रा.लि., वर्ष १३ अङ्क २२, पूर्णाङ्क ११८, २०६०, पृ. २९।



परिचालन एवं राष्ट्रिय सहमति निर्माण गर्ने तर्फ"[छ] राज्य र विद्रोही दुवै पक्षबाट खासै गम्भीर गृहकार्य हुन सकेको देखिंदैन। राज्यको पुनः संरचनाको प्रक्रियाले दलीय, जातीय वा त्यस्तै सम्प्रदायजन्य संकीर्ण सोच र दृष्टिकोणबाट पूर्णता पाउन सक्दैन। यो समग्र राष्ट्रको सरोकारको विषय हो। त्यसैले यस्ता संवेदनशील मुद्दाहरूमा राष्ट्रिय दृष्टिकोण र सहमति अपेक्षित हुन्छ। यो सिधै आम नागरिकहरूका आर्थिक, सामाजिक, राजनीतिक एवं सांस्कृतिक जीवनका बहुआयामिक उन्नति र सुरक्षासम्म फैलिएको मुद्दा भएकाले यसका समग्र पक्षहरूको छलफल र बहसमा व्यापक जनसहभागिताको आवश्यकता पर्दछ।

राज्य पुनःसंरचनाको विषय विवादास्पद पनि हुन्छ तर त्यस्ता विवादित प्रश्नहरू नागरिकहरूको व्यापक सहभागिताबाट मात्र समाधान हुन सक्तछन्। निःसन्देह नेपाल वर्तमान अवस्थामा थुप्रै चुनौतीहरूको घेरामा रहेको छ। चुनौतीको सँग-सँगै मूलधारका राजनीतिक दलहरू र माओवादीहरूलाई सामाजिक, आर्थिक, राजनीतिक एवं सांस्कृतिक रूपान्तरणसहितको राज्य निर्माण गर्ने अभूतपूर्व अवसर पनि मिलेको छ। कुनै पनि मुलुकका इतिहासमा यस्ता अवसरहरू कमै आउने गर्दछन्। यो अवसर र आदेश २०६२/०६३ को जनआन्दोलनले दिएको छ। छलफल र बहसका लागि प्रस्तुत यस मस्यौदा पत्रमा समावेशी लोकतन्त्र र राज्यको पुनर्संरचनाका समग्र आयामहरूको विवेचना सम्भव होला जस्तो मलाई लाग्दैन। त्यसैले यस पत्रमा समावेशी लोकतन्त्रको सैद्धान्तिक अवधारणा एवं नेपालको परिप्रेक्ष्यमा समावेशी लोकतन्त्रको सुनिश्चितताका लागि राज्यको पुनर्संरचना किन ? र कसरी ? गर्ने भन्ने जस्ता पक्षहरू छलफलका लागि समावेश गर्ने प्रयास गरिएको छ।

## २. समावेशी लोकतन्त्रको अवधारणा

नेपालको परिप्रेक्षमा समावेशी लोकतन्त्रको सुनिश्चितता वर्तमानमा प्रमुख सरोकारको विषय भएको छ। यसको अवधारणागत जानकारीले राज्य पुनः संरचनाको आवश्यकता र औचित्य संगसँगै नेपालले सामना गर्नु परेका अन्य समस्या समाधानका लागि पनि मद्दत पुऱ्याउन सक्दछ। त्यसैले राज्य पुनर्संरचना किन ? र कसरी गर्ने भन्ने प्रश्नहरूको उत्तर खोज्नुभन्दा पूर्णसमावेशी लोकतन्त्र भनेको के हो ? यसका आयाम र आधारहरू के के हुन् ? भन्ने विषयमा केही छलफल गर्नु सान्दर्भिक होला।

मूलतः समावेशी लोकतन्त्रले राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक निर्णय प्रक्रियामा सबै वर्ग र जातिको समान सहभागिता सुनिश्चित गर्दै समाजलाई पुनः संरचित र एकीकृत गर्न चाहन्छ। समान राजनीतिक, आीर्थक, सामाजिक एवं सांस्कृतिक शक्तिको वितरण यसको सार तत्व हो। व्यक्ति, समाज र संस्थाहरूमा व्याप्त शोषण, दमन, पक्षपात र अवरोधको अन्त्य गर्ने राजनीतिक, सामाजिक

[छ]. कृष्ण खनाल, *राज्यको पुनःसंरचनाः एक प्रस्ताव*, ललितपुरः नेपाल समसामयिक अध्ययन केन्द्र, २०६१, पृ. १।

संरचनाको परिकल्पना समावेशी लोकतन्त्रको अर्को अन्तरवस्तु हो। शक्ति, स्रोत र अवसर वितरणको उपभोग केवल सीमित वर्गले मात्र गरिरहने र अरूलाई त्यसबाट वञ्चित गर्ने प्रवृत्तिको विकासका कारणले नै यो अवधारणा अगाडि आएको हो। जटिलताले युक्त विश्व सामाजिक संरचनाहरूमा शोषण, दमन, पक्षपात र अवरोधको स्वरूप र अवस्था एउटै प्रकृतिका नहोलान् तर विश्वको जुनसुकै कुनामा रहेको समाज पनि यी विषमताहरूबाट मुक्त देखिँदैन। आजको २१ औं शताब्दीको विश्वले राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र वातावरणीय जस्ता बहुआयामिक संकटहरू बेहोरिरहेको छ। समावेशी लोकतन्त्रका व्याख्याता टाकिस फोटोप्लस (Takis Photoplus) ले विश्वले आज बेहोर्नुपरेको संकटको मूल कारण सीमित ठालुहरूका हातमा रहँदै आएको शक्तिको केन्द्रीकरण र शताब्दीऔंदेखि जरो गाडेर बसेका आर्थिक, सामाजिक संरचनाहरू जिम्मेवार रहेको निष्कर्ष निकालेका छन्। उनको विचारमा उदारवादी लोकतन्त्र र समाजवादी व्यवस्थाका आजसम्मका प्रयोगहरूले समाजलाई वाञ्छितरूपमा एकीकृत गर्न सकेनन्। यिनीहरूको असफलतापछि यी दुवै परम्पराको संश्लेषित स्वरूपका रूपमा समावेशी लोकतन्त्रको नवीन अवधारणा आएको हो। आर्थिक, सामाजिक, राजनीतिक एवं वातावरणीय पक्षहरू यसको अवधारणा भित्र पर्ने तत्त्वहरू हुन्।

समावेशी लोकतन्त्रमा राजनीतिक शक्ति समान रूपले सबै नागरिकहरूमा वितरण गरिन्छ। नीति निर्णय प्रक्रियामा जनताको प्रत्यक्ष सहभागिताको सुनिश्चितता रहन्छ। लिङ्ग, धर्म, जात, भाषा र संस्कृतिको विभेदबिना आम नागरिकहरू राजनीतिक निर्णय प्रक्रियामा सहभागी हुने अवसर पाउँछन्। आजसम्म प्रचलनमा आएका कुनै पनि राजनीतिक प्रणालीले तल्लोभन्दा तल्लो तहको राज्य संचालन गर्ने निकायलाई प्रभावकारी बनाउन सकेनन्। राज्य शक्ति केवल व्यावसायिक राजनीतिज्ञ, सैनिक वा त्यस्तै अधिनायकवादी प्रवृत्तिका ठालुहरूका हातमा मात्र केन्द्रित हुन पुग्यो। मानव सभ्यताको विकासका क्रममा प्रत्यक्ष लोकतन्त्रलाई संस्थागत गर्ने र सामान्यभन्दा सामान्य जनताका आकांक्षा, चाहना र आवश्यकताहरूलाई समेट्ने प्रयास पनि नभएका होइनन्, तर यस्ता प्रयासहरू कहिल्यै दीर्घजीवी हुन सकेनन्। लोकतन्त्र सारमा भन्दा संरचनामा बढी केन्द्रित हुन पुग्यो। लोकतान्त्रिक प्रणाली सामाजिक संरचनाको अभिन्न अंगको रूपमा विकसित हुन सकेन। सुरुमा एथेनियनहरूले नीति निर्णय प्रक्रियामा सामान्य नागरिकहरूको प्रत्यक्ष सहभागिता गराउने प्रणाली बसाले। तर त्यसमा पनि महिला, दास र बसाइँ-सराईबाट आएका मानिसहरूलाई सहभागी हुनबाट वञ्चित गरिएको थियो। वर्तमान परिप्रेक्षमा स्विसहरू प्रत्यक्ष लोकतन्त्रको प्रयोगमा अगाडि देखिएका छन्। तर विश्वका अधिकांश मुलुकहरूमा सामान्य नागरिकहरूको राज्यसँगको पहुँच र राज्य संचालनमा सहभागिता अर्थपूर्ण हुन सकेको छैन। त्यसैले समावेशी लोकतन्त्रको मान्यताले केन्द्रीकरणको अवधारणालाई पूर्णरूपले उपेक्षा गर्दै स्थानीय एवं समुदाय तहमा रहने नागरिकहरूको सशक्तीकरणमा जोड दिने गरेको छ।

यसले आर्थिक शक्तिको पनि समान वितरणको अपेक्षा राख्दछ। उत्पादनका साधनहरूको स्वामित्व आम नागरिकहरूमा अन्तरनिहित रहनु र समग्र आर्थिक



प्रक्रियाहरूलाई नागरिकहरूले आफ्नो नियन्त्रणमा राख्न पाउनु समावेशी लोकतन्त्रको आर्थिक पक्ष हो। आर्थिक, सामाजिक विषमताहरूलाई न्यूनीकरण गर्ने प्रयासहरू पनि भए। तर असमान व्यक्तिगत सम्पत्ति र आयको वितरणको प्रक्रिया रोकिएन। आर्थिक लोकतन्त्रको दुहाई दिने साम्यवादी व्यवस्था राजनीतिक लोकतन्त्रको संस्थानीकरणको अभावमा अर्थहीन हुन पुग्यो। सोभियत संघदेखि पूर्वी युरोपका मुलुकहरू यसका उदाहरण हुन्। वर्तमानको बजार अर्थतन्त्रले पनि यसलाई समेट्न सकेको छैन। समान एवं न्यायपूर्ण आर्थिक शक्ति वितरणको अभावले नै गरिबी, शोषण र हिंसात्मक द्वन्द्वले विश्वलाई ग्रसित तुल्याएको छ। समावेशी लोकतन्त्रले आर्थिक जीवनको आधिकारिक एकाइ समुदायलाई ठान्दछ। जनताले आर्थिक लोकतन्त्र त्यो बेलासम्म प्राप्त गर्न सक्तैनन् जुन बेलासम्म समुदाय तहसम्म उत्पादनका स्रोत र साधनहरू पुग्दैनन्। टाकिस फोटोप्लसले आर्थिक लोकतन्त्रको पूर्वसर्तको रूपमा सामुदायिक स्वायत्तता, उत्पादित स्रोतहरूको सामूहिक स्वामित्व र ती स्रोत साधनहरूको विकेन्द्रित वितरणलाई प्रस्तुत गरेका छन्। उनको दृष्टिमा बजार एवं केन्द्रीय योजना संयन्त्रलाई विस्थापित नगरेसम्म अपेक्षित साधन र स्रोत जनस्तरमा पुग्न सक्तैन। आय र सम्पत्ति सीमित वर्ग, निकाय र मुलुकहरूका नियन्त्रणमा रहेको कुरा वर्तमानको यथार्थता हो। सारांशमा समावेशी लोकतन्त्रले आर्थिक क्षेत्रमा नागरिकहरूका सामूहिक निर्णयका आधारमा आर्थिक स्रोत र साधनको न्यायपूर्ण वितरणको सुनिश्चितता गर्न चाहन्छ।

सामाजिक, सांस्कृतिक क्षेत्र यसको अर्को महत्वपूर्ण आयाम हो। ऐतिहासिक दृष्टिले विगत शताब्दीदेखि नै सामाजिक, सांस्कृतिक क्षेत्रमा धेरै प्रकारले सामाजिक, सांस्कृतिक लोकतन्त्रलाई सुनिश्चितता प्रदान गर्ने प्रयास गरियो तर यी सबै प्रयासहरू अल्पकालिक मात्र नरहेर विभेदपूर्ण पनि रहे। अहिले पनि विश्वको सामाजिक संरचनालाई विवेचना गर्दा परिवारदेखि राज्य सञ्चालनसम्मका संरचनाहरू श्रेणीबद्ध र परम्परागत रहेका छन्। जबसम्म सबै धर्म, संस्कृति, जात/जाति र भाषाभाषीका नागरिकहरूलाई व्यापक रूपले सामाजिक संरचनामा सहभागी गराइँदैन, तबसम्म समावेशी लोकतन्त्र अर्थपूर्ण हुन सक्तैन। समावेशी लोकतन्त्रले माथि उल्लिखित राजनीतिक, आर्थिक, सामाजिक क्षेत्रबाहेक वातावरणीय क्षेत्रलाई समेत समेट्दछ। प्रकृति मानवीय विकासको महत्वपूर्ण आधार हो। मानव जाति आफ्नो जीविकाको लागि प्रत्यक्ष रूपले प्रकृतिसँग निर्भर रहँदै आएको छ। जब मानव मात्रको जीविका र उन्नतिका लागि प्रकृति महत्वपूर्ण साधन बन्दै आएको छ भने आफ्नो वरिपरि रहेको प्राकृतिक स्रोत एवं साधनको रक्षा र उपभोग गर्ने अधिकार पनि त्यसकै वरिपरि रहेका मानिसको हुनुपर्दछ। विश्व परिवेशमा हेर्दा केही सीमित राष्ट्र र कम्पनीहरूले गरिब र पिछडिएका मुलुकहरूका प्राकृतिक स्रोतहरूमा एकाधिकार कायम गरिरहेका छन् भने राष्ट्रिय परिप्रेक्षमा सीमित शासक वर्ग र केन्द्रीय राज्य सत्ताको नियन्त्रण रहँदै आएको छ। प्रकृतिकै बीचमा रहेका सामान्य नागरिकहरू प्राकृतिक स्रोतको उपभोगबाट वञ्चित हुँदै आएका छन्। समावेशी लोकतन्त्रले यस्तो एकाधिकारको अन्त्य चाहन्छ र प्राकृतिक स्रोत र साधन सामान्यभन्दा सामान्य नागरिकहरूको पहुँच र उपभोगको आधार बन्नु पर्दछ भन्ने दृष्टिकोण राख्दछ।

संक्षेपमा समावेशी लोकतन्त्र राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक संरचनाहरूमा समुदायको स्वामित्व रहनुपर्दछ भन्ने अवधारणामा आधारित हुन्छ । यो एउटा यस्तो समाजको परिकल्पना हो जहाँ लिंग, धर्म, वर्ग, वर्ण आदिका कारणले निर्माण हुने विभेद र वञ्चितीकरणको अन्त्य भएको हुन्छ । बहुमतले अल्पमतलाई छेउ लगाउँदैन । लोकतान्त्रिक संस्थाहरूको निर्माण र अभ्यास जनता आफैंले गर्दछन् र आफ्ना हितको छनौट गर्न स्वतन्त्र रहन्छन् ।

### ३. राज्य पुनःसंरचनाको आवश्यकता किन ?

समावेशी लोकतन्त्रका माथि उल्लिखित अवधारणागत मान्यताहरूलाई आत्मसात गर्ने र मुलुकमा यस किसिमको राज्य व्यवस्था स्थापित गर्ने हो भने नेपाली राज्यको पुनर्संरचना अनिवार्य जस्तै भएको छ । नेपालको परिप्रेक्ष्यमा विद्यमान राज्य संरचनालाई पुनः संरचित गर्नुपर्ने सैद्धान्तिक र व्यावहारिक दुवै आधारहरू उपस्थित भएका छन् । ती आधारहरू तपसिलबमोजिम रहेका छन्-

#### ३.१ सामाजिक गतिशीलता

राज्यको निर्माण मानव जातिले आफ्नो आवश्यकता पूर्तिका लागि गरेको हो । मानव निर्मित संघ/संस्थाहरू सदा कालका लागि एउटै संरचनाको परिधिभित्र बन्दी हुन सक्तैनन् । समय, परिवेश र समाज विकासको अवस्थाअनुरूप त्यस्ता संघ/संस्थाहरूका संरचना र भूमिकाहरू परिवर्तन भइरहन्छन् । राज्य यसको उत्पत्ति कालमा जति नियन्त्रणात्मक र दमनात्मक चरित्रको थियो, आज छैन । यसका चरित्र, संरचनाहरू, भूमिका र दायित्वहरू निरन्तर परिवर्तन हुँदै आइरहेका छन् । मानव समाजको विकासको यो यात्रा आज एकाइसौं शताब्दीमा आइपुगेको छ । यो एकाइसौं शताब्दीमा आइपुग्दा मानव समाजले धेरै प्रकारका उतार-चढावहरू बेहोर्दै आइरहेको छ । यिनै उतार-चढावहरू सँगसँगै राज्य सञ्चालनका प्रणालीहरू पनि परिवर्तन र रूपान्तरण हुँदै आएका छन् । "समय क्रममा उत्पन्न हुँदै जाने द्वन्द्व तथा अन्तर्विरोधहरूका कारण पुरानो संरचना र सन्तुलन कायम रहन नसक्ने र भत्कँदै जाने सन्दर्भमा पुरानो संरचना र सन्तुलनका स्थानमा नयाँ तथा उच्चस्तरको संरचना र सन्तुलनको निर्माण हुने गर्दछ" ।[८] यो मानव समाज र सभ्यताको गतिशीलताभन्दा बाहिर राज्य रहन सक्तैन । झण्डै अढाई शताब्दीसम्मको नेपाली राज्य प्रणाली अब पनि एकात्मक, केन्द्रीकृत र स्थिर प्रकृतिको भएर रहन सक्तैन ।

#### ३.२ राज्यको चरित्र

एकीकरण कालदेखि आजपर्यन्त नेपालले एकात्मक एवं केन्द्रीकृत राज्य प्रणाली अवलम्बन गर्दै आइरहेको छ । पृथ्वीनारायण शाहले नेपाललाई 'चार जात

८. झलनाथ खनाल, नरहरि आचार्य लगायत, *राज्य पुनःसंरचना तथा रूपान्तरण,* काठमाडौं: राष्ट्रिय शान्ति अभियान, २०६३, पृ. ५५ ।



छत्तीस वर्णको फूलबारी' भने पनि उनले नेपाललाई भौगोलिक दृष्टिले मात्र एकीकरण गरे । भावनात्मक एकीकरण गर्न सकेनन् । धर्म, जात र संस्कृतिका दृष्टिकोणले विविधतायुक्त नेपाली समाजलाई यसको विशिष्टता अनुरूप समावेशी गराउने र पुनः संरचित गर्ने चेष्टा इतिहासका कुनै पनि कालखण्डमा गरिएन । राज्यको मूल चरित्रमा परिवर्तन आएन । आज पर्यन्त राज्य उही पुरातनपन्थी, एकांकी, विभेदकारी र सामन्ती प्रकृतिको रहेको छ । २३८ वर्षको इतिहासलाई हेर्दा राज्य प्रणाली जातीय, क्षेत्रीय, भाषिक, लैङ्गिक, धार्मिक एवं सांस्कृतिक पहिचान र विकासप्रति कहिल्यै संवेदनशील देखिएन । राजनीतिक पद्धतिहरूमा परिवर्तन आए । प्रतिनिधित्वका रूपहरू पनि फेरिए । राज्य सत्ता संचालन गर्ने अनुहारहरू फेरिए तर सारमा परिवर्तन आएको आम नेपालीहरूले कहिल्यै महसुस गर्न सकेनन् । जातीय दृष्टिले संभ्रान्त ठानिने बाहुन/क्षेत्रीहरूकै राज्य सञ्चालनमा आधिपत्य कायम रहँदै आयो ।

सदियौंदेखि जरा गडेर बसेको सामन्ती ठालुतन्त्रको थिचोमिचोबाट गरिब, निमुखा र उपेक्षित वर्गले कहिल्यै मुक्ति पाउन सकेनन् । के सेना, के प्रहरी सेवा, के न्यायपालिका, के निजामती सेवा अपवादलाई छोडेर यी सबै राज्य संयन्त्रका अंगहरूमा माथिल्लो शक्ति र साधन सम्पन्न अवस्थामा रहेको अभिजात्य वर्गकै प्रभुत्व रहँदै आएको छ । निरंकुश, संकीर्ण र स्वार्थप्रेरित शासकहरूबाट समावेशी लोकतन्त्रको अपेक्षा नेपाली जनताले नगर्नु स्वभाविकै थियो । तर लोकतान्त्रिक व्यवस्थाहरूले त त्यस दिशातिर ध्यान दिनुपर्थ्यो तर त्यो पनि हुन सकेन । निःसन्देह २००७ सालको परिवर्तनले राष्ट्रिय एकीकरणका आधारहरूलाई उजागर गर्ने प्रयास गरेको हो । २००७ साल पछिको एक दशकको राज्य प्रणालीले पनि राज्य संयन्त्रलाई समावेशी तुल्याउन सकेन । त्यो एक दशक पनि राजनीतिक दलहरू र राजाका बीचको संघर्षमै वित्यो । निरंकुश पञ्चायती व्यवस्थाको अन्त्यपछि २०४६ सालको जनआन्दोलनपश्चात् स्थापित लोकतान्त्रिक राज्य व्यवस्थाको अभ्यासको क्रममा पनि राज्यको चरित्र र संरचनामा परिवर्तन आउन सकेन । २०४६ साल पछिको लोकतान्त्रिक व्यवस्थाले विभिन्न जात-जाति र भाषाभाषीहरू संगठित हुने र उनीहरूका आवाजहरू मुखरित हुने अवसर दिए पनि आम जनताका अपेक्षा र आकांक्षाहरूलाई उपयुक्त ढंगले संबोधन र व्यवस्थित गर्न राज्य पूर्णरूपले असफल रह्यो । धेरै समिति, आयोग र प्रतिष्ठानहरू बने । तर समस्याको गहिराइमा पुगिएन । स्थानीय स्वायत्त शासन ऐन २०५५ ले स्थानीय तहका राजनीतिक निकायहरूलाई केही अधिकारहरू निक्षेपण गर्ने प्रयास गरे पनि राजनीतिक नेतृत्व र कर्मचारी संयन्त्रमा रहेको केन्द्रीकृत एवं अनुदारवादी मानसिकताका कारणले व्यावहारिक निक्षेपण कहिल्यै हुन सकेन । अतः राज्यको यस्तो एकांकी, केन्द्रीकृत एवं एकात्मक संरचनाबाट नेपाली जनताले मुक्ति खोज्नै पर्ने अवस्था आएको छ ।

#### ३.३ सामाजिक सांस्कृतिक विविधता

नेपाल बहुजातीय, बहुधार्मिक, बहुभाषीय र बहुसांस्कृतिक मुलुक हो । २०५८ सालको जनगणनाले नेपालमा १०० भन्दा बढी आदिवासी/जनजाति र ९२ भन्दा

बढी भाषाहरू रहेको विवरण प्रस्तुत गरेको छ। धार्मिक दृष्टिले हिन्दुहरू ८० प्रतिशतभन्दा बढी रहे पनि बौद्ध, इसाई, इस्लाम र किराँत धर्मावलम्बीहरू पनि त्यत्तिकै रहेका छन्। जातीय दृष्टिकोणले सबैभन्दा ठूलो समूहमा बाहुन/क्षेत्री पर्दछन् जो जनसंख्याको संख्यात्मक दृष्टिले १२.७४ र १५.८० प्रतिशत रहेका छन्। त्यस्तै मगर ७.१५ प्रतिशत, तामाङ ५.७४ प्रतिशत र नेवार ५.४८ प्रतिशतमा रहेका छन्। आदिवासी/जनजाति र दलितका रूपमा वर्गीकृत गरिएका अन्य कतिपय जातिहरूको प्रष्ट चित्र अझै आउन सकेको छैन। भाषिक दृष्टिले सालाखाला १ करोड नेपालीले नेपाली भाषा बोल्दछन्। सरकारी कामकाज र राष्ट्र भाषाको मान्यता पाएको नेपाली भाषा पनि मातृभाषाका रूपमा आधाभन्दा कमै नेपालीहरूले मात्र बोल्ने गरेका छन्। नेपालीपछिको ठूलो भाषा मैथिली हो। भोजपुरी, थारू, तामाङ, नेवार, गुरुङ, लिम्बू, वान्तवा आदि भाषाहरू पनि प्रचलनमा रहेका छन्। यो सामाजिक, सांस्कृतिक विविधताको सबैभन्दा महत्वपूर्ण विशेषता के हो भने जतिसुकै जातजाति र भाषाभाषी रहे पनि कुनै पनि जातीय वा भाषिक समूह बहुमतमा रहेको देखिँदैन। शताब्दीयौँदेखि राज्यको मूल प्रवाहबाट बाहिरिएका यी जनजाति, दलित, महिला एवं मधेसी समुदायहरूले राज्यको संरचनामा परिवर्तनको माग गरिरहेका छन्। हाल विद्यमान एकात्मक र केन्द्रीकृत राज्य संरचनामा जतिसुकै लोकतान्त्रिक सुधार गरे पनि साँचो अर्थमा यी जाति र समुदायहरूलाई राज्यको मूल प्रवाहमा समावेश गर्न सकिँदैन भन्ने यिनीहरूको निष्कर्ष रहेको छ। जातीय स्वायत्तता, संघीयता, बहुभाषिक राष्ट्रिय नीति एवं समानुपातिक प्रतिनिधित्व प्रणालीजस्ता विषयहरू राज्यले अवलम्बन गर्नुपर्ने आवाजहरू अगाडि आइरहेका छन्। नीति निर्णय र संस्थागत प्रक्रियाहरूमा गरिब र छेउलागेका सामाजिक समूहहरू सदा उपेक्षित नै रहे। वञ्चितीकरणसँग सम्बद्ध नियम, कानुन एवं संस्थागत व्यवहार परिवर्तन गर्ने दिशातिर राज्यको कहिल्यै एकीकृत प्रयास हुन सकेन। अतः जातीय, लिंगिय, क्षेत्रीयलगायतका विभेद र वञ्चितीकरणको अन्त्यका लागि राज्य प्रणालीमा यी सबैको प्रतिनिधित्व र सहभागिता सुनिश्चित हुने गरी समावेशी राज्य संरचना निर्माण गर्नु पर्ने अवस्था आएको छ, जसले गर्दा खास वर्ग र क्षेत्रले उपभोग गर्दै आएका अधिकार, अवसर र सुविधाहरू सबै जाति, लिङ्ग, समुदाय एवं क्षेत्रमा वितरण गर्न सकियोस्।

### ३.४ द्वन्द्व व्यवस्थापन

आज विश्वभर जति मुलुकहरूमा हिंसात्मक द्वन्द्व चलेको देखिएको छ, त्यसका पछाडि सम्बन्धित मुलुकका शासन प्रणाली र राज्य संरचना पनि जिम्मेवार देखिएका छन्। व्यापक जनसहभागिता रहेका मुलुकहरूमा यस्ता द्वन्द्वहरू कमै देखिएका छन् भने त्यसको विपरीत अलोकतान्त्रिक एवं असमावेशी शासन प्रणाली भएका मुलुकहरूमा हिंसात्मक द्वन्द्व फस्टाउने गरेका छन्। नेपाल एक दशकभन्दा बढी समयसम्म चलेको सशस्त्र द्वन्द्वले आक्रान्त छ। इतिहासको कुनै पनि कालखण्डमा नेपालले यति ठूलो जनधनको क्षति सायदै भोग्नुपऱ्यो होला। त्यस्तै नेपाली जनताले भोग्नु परेको असुरक्षा, यातना र वियोगको पीडा शब्दले व्यक्त गर्न नसक्ने अवस्था



रह्यो। तर यो द्वन्द्वले नेपाली समाजमा रहेका अनेकौं विसंगतिहरूलाई उजागर गर्ने काम पनि गरेको छ। १९८० पछिका दशकहरूमा विश्वका धेरै मुलुकहरूमा देखा परेका सशस्त्र द्वन्द्वहरू राज्य पुनर्संरचनाको माध्यमबाट समाधान भएका छन्।

नेपालमा २०५२ साल फागुन १ गतेदेखि माओवादीहरूद्वारा सुरु गरिएको सशस्त्र द्वन्द्व व्यवस्थापनका लागि यसभन्दा पूर्व प्रयासहरू नभएका होइनन्। २०५६ सालमा तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको सरकारद्वारा गठित उच्च स्तरीय समितिदेखि लोकेन्द्रबहादुर चन्द एवं सूर्यबहादुर थापाको प्रधानमन्त्रित्व कालमा समेत युद्धविराम गर्ने र शान्ति वार्ता अगाडि बढाउने प्रयासहरू गरिए। तर कुनै पनि वार्ता प्रयासहरू सफल हुन सकेनन्। २०६१ साल माघ १९ गते राजाद्वारा सम्पूर्ण कार्यकारी अधिकार आफ्नो हातमा लिएपछि राजनीतिक ध्रुवीकरण भिन्न रूपले विकसित हुँदै गयो। अन्ततः मूलधारका राजनीतिक दलहरू र माओवादीबीच २०६२ मंसिरमा भएको १२ बुँदे समझदारीले जनआन्दोलनको सफलताका लागि महत्वपूर्ण आधार प्रदान गऱ्यो।

सात राजनीतिक दलको नेतृत्व एवं माओवादीहरूको उल्लेख्य सहभागिताको कारण निरंकुश राजतन्त्र जनशक्तिका सामु घुँडाटेक्न विवश भयो। शान्ति स्थापना गर्ने क्रममा आज मुलुक १२ बुँदे समझदारीदेखि युद्धविराम आचारसंहिता, आठबुँदे सम्झौता एवं संयुक्त राष्ट्रसंघलाई पठाइएको पाँचबुँदे पत्रसम्म आइपुगेको छ। द्वन्द्व रूपान्तरणको प्रक्रियाले ठोस आकार लिइसकेको छैन। द्वन्द्वका प्रभावहरूलाई विश्लेषण मात्र नगरेर त्यसका आधारभूत कारणहरू पत्ता लगाई दिगो शान्ति स्थापनातर्फ उन्मुख हुनुपर्ने अवस्था छ। एकातिर एक दशकभन्दा बढी समयसम्म सशस्त्र युद्धमा संलग्न रहेको विद्रोही पक्षलाई राजनीतिको मूल प्रवाहमा समावेश गराउनु पर्ने आवश्यकता रहेको छ भने अर्कोतिर उनीहरूका सेना र हतियारको व्यवस्थापन गर्ने मुद्दा पनि त्यत्तिकै पेचिलो अवस्थामा रहेको छ। सुरक्षा संयन्त्रलगायत राज्यको शासन संयन्त्रमा संरचनागत परिवर्तन नल्याएसम्म द्वन्द्व व्यवस्थापनको सम्भावना देखिँदैन।

राज्यको संरचनामा नै परिवर्तन गरेर द्वन्द्व व्यवस्थापन गर्ने विषय त्यति सरल हुँदैन। तर सन् १९९० पछिकै अवस्थालाई हेर्ने हो भने पनि राज्य संरचनाको परिवर्तनको माध्यमबाट द्वन्द्व व्यवस्थापन गर्न सफल भएका धेरै मुलुकहरू रहेका छन्। दक्षिण अफ्रिका यसको ज्वलन्त उदाहरण हो। लामो समयदेखि गोरा अल्पसंख्यक शासकहरूको जातीय विभेद खेपिरहेको दक्षिण अफ्रिकालाई द्वन्द्वमुक्त तुल्याउन र लोकतान्त्रिक प्रणालीको सुनिश्चितता प्रदान गर्न नेल्सन मण्डेला र उनको पार्टी अफ्रिकन राष्ट्रिय कांग्रेसले खेलेको भूमिका उदाहरणीय रहेको छ। नेल्सन मण्डेला र उनको पार्टी अफ्रिकन राष्ट्रिय कांग्रेस अन्य विद्रोही समूहहरूसँगको सम्झौतामा निरन्तर संलग्न हुनु परेको थियो। त्यस्तै अफ्रिकन सरकारले पनि विरोधी दललगायत शासनमा प्रतिनिधित्व गर्ने अन्य राजनीतिक शक्तिहरूको विश्वास जित्न कम कोसिस गर्नु परेको थिएन। सन् १९८० देखि १९९२ सम्म सशस्त्र द्वन्द्वमा संलग्न एलसालभाडोर, जहाँ ७५ हजार भन्दा बढी नागरिकहरूको द्वन्द्वबाट मृत्यु भएको थियो र ग्वाटेमालामा जहाँ १९६० देखि १९९६ सम्म चलेको द्वन्द्वमा २

लाखभन्दा बढी मानिसहरूको मृत्यु भएको थियो। यी दुवै मुलुकहरूले राज्य संयन्त्रको संरचनामा परिवर्तन गरी द्वन्द्व व्यवस्थापन गर्न सफल भएका थिए। यस्तै अन्य मुलुकहरू पनि द्वन्द्व व्यवस्थापन गर्न सफल भएका उदाहरणहरू छन्। त्यसैले नेपालको परिप्रेक्षमा सामाजिक विभेद, अन्याय एवं उपेक्षाको सदियौंदेखि चल्दै आएको सामाजिक द्वन्द्व संगसँगै माओवादी द्वन्द्व रूपान्तरणको सुरुवात राज्य पुनः संरचनाको माध्यमबाट हुन जरुरी देखिएका छ।

४. **राज्यको पुनःसंरचना कसरी ?**

नेपाल वर्तमान अवस्थामा इतिहासकै अत्यन्त संवेदनशील र गम्भीर मोडमा उभिएको छ। नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवं बहुसांस्कृतिक मुलुक हो र यो सामाजिक-सांस्कृतिक विविधतालाई २ सय ३८ वर्षदेखि कायम रहँदै आएको एकात्मक, केन्द्रीकृत एवं विभेदकारी राज्य संरचनाले सम्बोधन गर्न सकेन भन्ने कुरा माथि नै उल्लेख गरिसकिएको छ। २०४६ सालको परिवर्तनपछिको लोकतान्त्रिक राज्य व्यवस्थाले पनि समुचित रूपले यी जातीय एवं सांस्कृतिक विभेदीकरणका अभ्यासहरूलाई सम्बोधन र व्यवस्थित गर्न नसकेका कारणले नै राज्य पुनःसंरचनाको आवश्यकता परेको सन्दर्भ पनि चर्चा गरिसकिएको छ। यो यथार्थता हो- विगत लोकतान्त्रिक अभ्यासका क्रममा नीति निर्माणकर्ताहरूका प्रतिबद्धता र वास्तविक परिणामकाबीच रहेको अन्तरलाई घटाउने चेष्टा गरिएन। राज्य र राजनीतिक संस्थाहरूले परम्परागत शक्ति सम्बन्धलाई तोड्न सकेनन्। सामाजिक रूपान्तरणको प्रक्रिया अवरोधात्मक बन्दै गयो। राज्य व्यवस्था सञ्चालनका नायकहरू शक्ति, स्रोत र अवसरलाई सकेसम्म एकलौटी गर्ने मानसिकताबाट मुक्त हुन सकेनन्।

राज्य संचालकहरूमा रहेको यस प्रकारको विभेदकारी र एकलौटी प्रवृत्तिले न विकास प्रयासहरू दिगो रहन सक्दछन् न अर्थपूर्ण। सामान्य सुधारका प्रयासले सामाजिक असमानताका यी चुनौतीहरूलाई सामना गर्न सक्ने अवस्था आज छैन। राज्यका नीति र संस्थाहरूमै क्रान्तिकारी एवं प्रणालीगत परिवर्तनको आवश्यकता अपरिहार्य भइसकेको छ। राज्य पुनःसंरचनाको मुद्दा विद्रोही पक्षले उठाएको देखिए तापनि मूलतः यो मुद्दा समग्र नेपाली समाजलाई रूपान्तरण गर्ने साझा मुद्दा हो। कुन मुद्दा कुन राजनीतिक शक्तिले उठायो र कुन राजनीतिक शक्तिले उठाएन, त्यो गौण विषय हो। महत्वपूर्ण विषय त समाज र राज्य शक्तिशाली ठालुहरूका हितको संरक्षणका लागि लुटको उपकरण बन्न दिने कि नदिने ? भन्ने हो। आम नागरिकले आफ्नो जीवनमा परिवर्तन आएको त्यतिखेर मात्र सम्झन सक्दछन् जब उनीहरूका वास्तविक अनुभव र इच्छाहरूको प्रत्याभूति राज्यले गर्न सक्दछ। के राज्य व्यवस्था भनेको शक्ति, स्रोत र अवसर उपभोगको एकाधिकार कायम गर्नेहरूले मात्र सञ्चालन गर्ने संयन्त्र हो ? के सीमान्त अवस्थामा रहेका जाति, वर्ग र समुदायहरूले राज्यसँग अवसर र आफ्ना पहिचानको सुरक्षाको अपेक्षा गर्न सक्दैनन् ? सामाजिक संरचना नै फेर्ने कि मालिक मात्र ? यदि सामाजिक संरचना परिवर्तन गर्ने हो भने मोटामोटी रूपमा तपसिलका राज्य पुनःसंरचनासम्बन्धी मुद्दाहरूमा छलफल गर्नु उपयुक्त होला।



४.१ **राज्य प्रणालीको संरचनामा परिवर्तन**

विश्वका कुनै पनि मुलुकको भौगोलिक अवस्थिति, सामाजिक सांस्कृतिक संरचना, आर्थिक विकास एवं जनचेतनाको स्तर एकै प्रकारको हुँदैन। हरेक राष्ट्रले आ-आफ्नो राष्ट्रिय परिवेशअनुरूप राज्य प्रणाली निर्धारण गरेका हुन्छन्। नेपाल पनि आफ्नै किसिमको जातीय, भाषिक, भौगोलिक, धार्मिक एवं सांस्कृतिक विविधता बोकेको मुलुक हो। यो विविधता नै यसको राष्ट्रिय विशिष्टता हो। अतः मुलुकका सबै जाति, समुदाय र क्षेत्रको विकास र उन्नतिका लागि सामाजिक-सांस्कृतिक पहिचान सहितको संघीय संरचनाको निर्माण आवश्यक देखिएको छ। अहिलेको राज्य संरचना एकात्मक, केन्द्रीकृत एवं एकांकी ढाँचाको भएकाले यी जातीय एवं सांस्कृतिक विविधतालाई समेट्न सकेको छैन। संघात्मक संरचना निर्माण गर्नुपर्दा जनसंख्या, भूगोल, भाषा, एवं सामुदायिक सांस्कृतिक पहिचान जस्ता पक्षहरूमा ध्यान दिनुपर्ने हुन्छ। मूलतः केन्द्र, संघीय राज्य एवं स्थानीय स्वायत्त सरकार गरी संरचनात्मक दृष्टिले राज्य प्रणालीलाई तीन तहमा व्यवस्थित गर्नु उपयुक्त होला।

यसरी संरचित संघीय राज्यहरूलाई परराष्ट्र, सुरक्षा र मौद्रिक प्रणालीबाहेक अन्य सबै प्रकारका राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक एवं भाषिक अधिकार प्रदान गर्नुपर्ने हुन्छ। संविधानले नै केन्द्र, संघीय राज्य एवं स्थानीय सरकारका कार्य क्षेत्र र अधिकारको बाँडफाँड गर्नुपर्ने आवश्यकता रहन्छ। संघीय संरचनामा प्रवेश गर्ने भन्ने बित्तिकै कतिपय बुद्धिजीवी एवं नागरिक समाजका सदस्यहरूले राष्ट्र विखण्डित हुने तर्क पनि प्रस्तुत गर्ने गरेका छन्।

जातीय, भाषिक एवं सांस्कृतिक पहिचान र सम्मानले के राष्ट्र विखण्डित तुल्याउँछ ? के यसले वास्तविक लोकतन्त्रको सम्बर्द्धन र राष्ट्रिय एकीकरणका आधारहरूलाई सबल तुल्याउन मद्दत गर्दैन ? राष्ट्र-राज्यको अवधारणा भनेको के ? के राष्ट्र भनेको जनता होइन ? जनताका विविध सामाजिक-सांस्कृतिक पहिचानको विकास र संरक्षणले राष्ट्रिय एकीकरण र स्वायत्तताका आधारहरू सबल तुल्याउन सक्तैन ? केन्द्रीकृत राज्य प्रणालीले भौगोलिक रूपमा राज्यलाई एकीकृत राखे पनि यदि मुलुकमा स्थापित राज्य प्रणालीमा सबै जनताको भावनात्मक अपनत्व स्थापित हुन सकेन भने त्यस्तो राज्य कति कमजोर हुँदो रहेछ भन्ने कुरा हाम्रै इतिहास र वर्तमानले प्रष्ट गरेको छ। नेपाली जनता जुन क्षेत्र र प्रदेशमा बसेका छन् तिनीहरूले सम्मानजनक रूपले आफ्नो उन्नति गर्ने, अवसर पाउने कि नपाउने ? काठमाडौं वा केन्द्रमा शक्ति, स्रोत र अवसर थुपारेर राष्ट्रियताका आधारहरू कदापि सबल हुन सक्दैनन्। गरिबी, असमानता, शोषण र विभेद वर्तमान राज्य संरचनाको चरित्र हो।

यो विभेद, शोषण र असमानता पहाडका पाखा-पखेराहरूमा मात्र होइन तराईका दुर्गम फाँटहरूसम्म पनि डरलाग्दो किसिमले फैलिँदै गएको छ। यस्तो हुनुको पछाडि केन्द्रीकृत राज्य संरचना र एकलौटी मानसिकता बोकेको शासकीय प्रवृत्ति नै हो। जनतालाई केन्द्रमा राखेर उनीहरूको पहिचान, संस्कृति, आवश्यकता र चाहनाहरूलाई सम्मान गर्ने र क्षेत्रीय विकासमा सन्तुलन स्थापित गर्ने हो भने संघीय प्रणालीमा प्रवेश गर्नुको विकल्प रहला जस्तो लाग्दैन। अहिले पनि मूलधारका

राजनीतिक दलहरू एकात्मक वा संघीय शासन प्रणाली कस्तो अवलम्बन गर्ने प्रस्ट हुन सकेका छैनन्। कतिपयले हाल कायम रहेको एकात्मक व्यवस्थामै क्षेत्र, जिल्ला र गाउँ एवं नगर तहसम्म राजनीतिक, आर्थिक एवं प्रशासनिक अधिकारहरूको निक्षेपण गरेर जातीय एवं सांस्कृतिक विविधताको व्यवस्थापन गर्न सकिन्छ भन्ने विकल्प प्रस्तुत गरेका छन्। संघीय संरचनाको आधार के हुने र कतिवटासम्म संघीय एकाइहरू स्थापित गर्ने भन्ने विषय प्राविधिक प्रकृतिको भएकाले हचुवाको भरमा भन्न सकिँदैन।

माओवादीहरूले नौवटा जातीय तथा क्षेत्रीय स्वायत्त प्रदेशको घोषणा गरेका छन् भने अन्य कतिपयले ९ देखि ११ र ८ देखि १४ वटा सम्म संघीय एकाईहरू रहनुपर्ने धारणा राख्दै आएका छन्। प्राध्यापक कृष्ण खनालले भाषिक, सांस्कृतिक एवं जातीय पहिचान कायम हुने गरी एकीकृत स्वायत्तताको अवधारणा र मान्यतामा १० देखि १५ वटासम्म संघीय शासनका एकाइहरू निर्माण गर्न सकिन्छ भन्ने विचार व्यक्त गरेका छन्। मूल सवाल अवधारणाको हो। अवधारणालाई स्वीकार गरिकेपछि संघीय संरचनाभित्र राष्ट्रिय भाषिक नीति कस्तो हुने, कतिवटा भाषालाई राष्ट्रिय मान्यता प्राप्त भाषाको रूपमा स्विकार्ने र संख्यात्मक दृष्टिले कतिवटा संघीय राज्यहरू निर्माण गर्ने यसपछिको छलफल र बहसको विषय हो। तर संघीय अवधारणामा जाने जस्तो विषय राष्ट्रिय मुद्दा भएकाले यसमा राष्ट्रिय सहमति र आम जनताको सहभागिता अपेक्षित हुन्छ।

यहाँ विचारणीय कुरो के छ भने संघीय संरचनाका विपक्षहरूले तराई मूलको कला-संस्कृति सामाजिक संरचना, भाषा आदि बिहारसँग मिल्छ भने हिमाली भेगको चीनसँग। भोलि संघीय व्यवस्थापिकाले जनमत संग्रह गरी बिहार तथा चीनको कुनै प्रान्तसँगै विलय हुन्छौं भन्यो भने त्यस्तो अवस्थामा उनीहरूको आत्मनिर्णयको अधिकारलाई कसले रोक्न सक्दछ ?[ठ] भन्ने जस्ता विचार अगाडि सारेका छन्। कतिपयले संघीय संरचनाका सन्दर्भमा पुरानो सोभियत रुस र युगोस्लाभियाको विखण्डनको उदाहरण प्रस्तुत गर्ने गरेका छन्। तर हामीले चर्चा गर्न खोजेको संघीय संरचना लोकतान्त्रिक मूल्य पद्धतिमा आधारित हो। अधिनायकवादी साम्यवादी व्यवस्थाभित्रको संघीय संरचनाको अवस्था र लोकतान्त्रिक राज्य प्रणालीभित्रको संघीय राज्य प्रणालीमा रहने भिन्नता बुझ्न जरुरी हुन्छ। लोकतन्त्रले सामाजिक-सांस्कृतिक पहिचानको विकास हुने र विविध धर्म र संस्कृति मौलाउने जुन आधार प्रदान गर्दछ, त्यस्तो अवसर र आधार साम्यवादी व्यवस्थाले कदापि दिन सक्तैन। जब मानव मात्रमा रहने धार्मिक एवं सांस्कृतिक पहिचानको उपेक्षा गरिन्छ, त्यसले स्वभाविक रूपले मौका पाउने वित्तिकै विस्फोट र विखण्डनको रूप लिन थाल्दछ। नेपाल जस्तो विशेष प्रकृतिको भू-वनोट र बहुसांस्कृतिक सामाजिक संरचना भएको मुलुकमा संघीय संरचनाको विभाजन गर्ने काम सरल छैन। तर लोकतन्त्रसहितको

ठ. ललितबहादुर बस्नेत, “संघात्मक व्यवस्था विखण्डनवादी” *कान्तिपुर*, भाद्र ९, २०६३, पृ. ७।



संघीय संरचनाले जातीय विभेदको व्यवस्थापन गर्न र सामाजिक-सांस्कृतिक विविधतालाई समेट्न सक्षम हुने कुरामा विवाद गर्न मिल्दैन।

### ४.२ प्रतिनिधि प्रणालीको निरुपण

राज्य पुनःसंरचनाको अर्को प्रमुख आधार प्रतिनिधित्व प्रणाली हो। लोकतान्त्रिक शासन व्यवस्था जनसम्मतिमा चल्ने गर्दछ। प्रतिनिधित्व प्रणालीको माध्यमबाट नै जनसम्मतिलाई सरकारका अधिकारमा परिणत गर्ने गरिन्छ। यस्ता लोकतान्त्रिक निर्वाचनहरू प्रतिस्पर्धात्मक, आवधिक, विस्तृत र व्यापक प्रकृतिका हुन्छन्। कुनै पनि मुलुकको ऐतिहासिक परम्परा, औपनिवेसिक पृष्ठभूमि एवं विद्यमान सामाजिक-सांस्कृतिक संरचना जस्ता विषयहरूले निर्वाचन प्रणालीको छनोटमा प्रभाव पार्ने गर्दछन्। मूलतः बहुमतीय, समानुपातिक एवं मिश्रित गरी तीन प्रकारका निर्वाचन प्रणालीहरू प्रचलनमा रहेका छन्। बहुमतीय निर्वाचन प्रणालीलाई कहिलेकाहीँ 'विजयीले सबै लग्ने' प्रणाली पनि भन्ने गरिन्छ। निर्वाचन क्षेत्रमा अन्य प्रतिस्पर्धीको भन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार विजयी हुने हुनाले यो निर्वाचन प्रणालीलाई पहिलो हुनेले जित्ने निर्वाचन प्रणाली पनि भनिन्छ। यो प्रणाली विश्वका अधिकांश राष्ट्रमा प्रचलनमा रहेको छ। कुनै पनि निर्वाचन प्रणाली आफैंमा पूर्ण हुँदैन। बहुमतीय निर्वाचन प्रणालीका सकारात्मक र नकारात्मक दुवै पक्षहरू रहेका छन्। यसका सकारात्मक पक्षहरू विपक्षीको भूमिका प्रभावकारी रहने, सरकार निश्चित अवधिका लागि स्थिर हुन सक्ने, उम्मेदवार र मतदाताबीच सीधै सम्पर्क हुन सक्ने, उम्मेदवार मतदाताप्रति उत्तरदायी हुने, जनप्रिय उम्मेदवार छानिन सक्ने, बहुमत ल्याउनेले सरकार निर्माण गर्न पाउने हुनाले गठवन्धनको झमेला नरहने आदि रहेका छन् भने जातीय वा अल्पसंख्यकको प्रतिनिधित्व हुन नसक्ने, साना दलहरूको प्रतिनिधित्व नहुने, राजनीतिक प्रणाली नै अस्थिर हुन सक्ने, योग्य र दक्ष मानिस विजयी हुन नसक्ने जस्ता नकारात्मक पक्षहरू रहेका छन्।

त्यस्तै कुनै पनि राजनीतिक दलले पाएको मतका प्रतिशतको अनुपातको आधारमा उम्मेदवारहरू निर्वाचित हुने प्रणालीलाई समानुपातिक प्रतिनिधित्व प्रणाली भनिन्छ। झन्डै विश्वका २३ मुलुकले कुनै न कुनै रूपमा यो प्रणालीलाई प्रयोगमा ल्याएका छन्। समानुपातिक प्रतिनिधित्व प्रणाली पनि दुई प्रकारको रहेको छ। पहिलो सूची समानुपातिक प्रणाली र दोस्रो एकल सङ्क्रमणीय मत प्रणाली। एकल सङ्क्रमणीय मत प्रणालीमा मतदाताहरूले आफ्नो प्राथमिकता निर्धारण गर्ने अवसर पाए पनि यो प्रणाली अलि जटिल प्रकृतिको हुन्छ। यसको तुलनामा सूची प्रणाली अरू सरल हुन्छ। दलहरूले राष्ट्रिय वा बहुसदस्यीय निर्वाचन क्षेत्रमा लैङ्गिक, क्षेत्रीय एवं जातीय सन्तुलन कायम हुने गरी उम्मेदवारहरूको सूची प्रस्तुत गर्दछन्। उम्मेदवारहरूको प्राथमिकता निर्धारण गर्ने दायित्व दलहरूको हुन्छ।

मतदाताहरूले आफूले चाहेको दललाई मतदान गरे पुग्दछ। दलहरूले दिने सूची गोप्य नभएर खुला हुनुपर्दछ। यस प्रणालीका पनि सकारात्मक नकारात्मक दुवै पक्षहरू रहेका छन्। यसका सकारात्मक पक्षहरूमा ठूला दलहरूको मनपरी हट्ने, साना दलहरूको पनि राष्ट्रिय विधायिकामा प्रतिनिधित्व हुने, मतदाताको मत खेर

नजाने, बहुभाषीय एवं बहुजातीय समाजमा समावेशीकरणको सिद्धान्तले बढावा पाउने, राष्ट्रिय मुद्दाहरूमा सबै दलहरूको सहभागिता रहने, अन्तर्दलीय समझदारीको अभिवृद्धि हुने, सत्ता बाँडफाँड पारदर्शी हुन सक्ने र सबै जातजातिहरूको प्रतिनिधित्वले राष्ट्रिय एकीकरणलाई सुदृढ तुल्याउन मद्दत पुऱ्याउनेजस्ता पक्षहरू रहेका छन् भने यसका नकारात्मक पक्षहरूमा निर्णय प्रक्रिया ढिलो हुने, साना दलहरूले नमिल्दो अनुपातमा आफ्नो हिस्सा खोज्न सक्ने, अतिवादीहरूले विधायिकामा प्रश्रय पाउने, केही राजनीतिक दलहरू सधैं सरकारमा रहिरहने, र जात, धर्म वा सम्प्रदायका आधारमा बनेका दलहरूले राजनीतिक प्रक्रियालाई नै अस्थिर बनाउन सक्ने आदि रहेका छन्। बहुमतीय एवं समानुपातिक प्रतिनिधित्व प्रणालीलाई एक अर्काबाट स्वतन्त्र रूपले प्रयोग गर्ने प्रणालीलाई मिश्रित प्रणाली भनिन्छ। मिश्रित प्रणालीमा माथिका दुवै निर्वाचन प्रणालीका तत्वहरू रहन्छन्।

केही सदस्यका लागि बहुमतीय प्रणाली र बाँकी केही सदस्यका लागि समानुपातिक प्रणालीका आधारमा निर्वाचन गरिन्छ। यी तीन मूल निर्वाचन प्रणालीबाहेक अन्य केही निर्वाचन प्रणालीहरू पनि चलन चल्तीमा रहेका छन्। तर तिनीहरूको व्यापक रूपमा प्रयोग भने हुन सकेको छैन। हाल बंगलादेश, इजिस्ट, फ्रान्स, भारत, इरान, लेबनान, मलेसिया, सिंगापुर, बेलायत र अमेरिकाजस्ता मुलुकहरूले बहुमतीय निर्वाचन प्रणाली अवलम्बन गरेका छन् भने बेल्जियम, ब्राजिल, कोलम्बिया, एलसालभाडोर फिनल्यान्ड, इन्डोनेसिया, नर्वे, दक्षिण अफ्रिका, स्पेन, स्विडेन र स्विट्जरल्यान्डजस्ता मुलुकहरूले समानुपातिक प्रतिनिधिक प्रणाली अवलम्बन गरेका छन्। त्यस्तै मिश्रित निर्वाचन प्रणाली प्रयोगमा ल्याउनेहरूमा अल्बानिया, बोलिभिया, जर्मनी, हंगेरी, इटाली, मेक्सिको, फिलिपिन्स, थाइल्यान्ड र भेनेजुयला रहेका छन्। द्वन्द्व ग्रस्त मुलुकहरूमा उपयुक्त निर्वाचन प्रणालीको छनौट द्वन्द्व समाधानको आधार बनेका उदाहरणहरू पाइन्छन्। ८० प्रतिशतभन्दा बढी स्थानहरूमा संसदीय निर्वाचन जित्न सक्ने अफ्रिकन राष्ट्रिय कांग्रेसले समानुपातिक निर्वाचन प्रणाली स्विकार गरेकै कारण दक्षिण अफ्रिका दीर्घकालीन रूपमा अस्थिरतातर्फ धकेलिनबाट जोगिएको हो।'[६] निर्वाचन प्रणालीको अनुपयुक्तताकै कारण हिंसात्मक द्वन्द्व पुरानै अवस्थामा फर्केका उदाहरण पनि छन्। एंगोला, कंगो र अल्जेरिया यसका उदाहरणहरू हुन्।

एक दशकभन्दा बढी समयसम्म कहालीलाग्दो हिंसात्मक द्वन्द्वबाट ग्रसित नेपाल संविधानसभाको माध्यमबाट निर्माण हुने संवैधानिक प्रक्रियाका आधारमा द्वन्द्व व्यवस्थापन गर्ने प्रयासमा जुटेको छ । यस्तो संवेदनशील र संक्रमणकालीन अवस्थामा नेपालले निर्वाचन प्रणालीको निरूपण विगतको अनुभव एवं द्वन्द्व व्यवस्थापनको चुनौतीलाई समेत ध्यानमा राखेर गर्नुपर्ने अवस्था रहेको छ। २०१५ सालेदेखि आज पर्यन्त नेपालले अवलम्बन गरेको निर्वाचन प्रणाली बहुमतीय हो।

६. पाद टिप्पणी नं. ३, ऐजन, पृ. ५४



पहिलो हुनेले जित्ने यो प्रणाली विश्वमा सबैभन्दा बढी प्रचलनमा रहेको छ। हामीले पनि २०४६ सालपछि यही प्रणालीलाई लोकतान्त्रिक व्यवस्था सुदृढ गर्ने आधार ठान्यौं। यथार्थमा भन्ने हो भने २०४६ सालको परिवर्तनपछि निर्वाचन प्रणाली कस्तो अवलम्बन गर्ने भन्ने विषयमा बहस र छलफल नै गरिएन। २०४६ सालको जनआन्दोलनपछि २०४८ साल, २०५१ साल र २०५६ सालमा गरी तीनवटा आमनिर्वाचनहरू सम्पन्न भए ।

प्रतिनिधिसभाका लागि भएका यी तीनवटै आम निर्वाचनहरूले प्रतिनिधित्वको सम्बन्धमा पुनर्विचार गर्नुपर्ने पाठ सिकाएका छन्। कुल जनसंख्याको १२ प्रतिशतभन्दा बढी रहेका दलितहरूको पहिलो निर्वाचनमा एक जनाबाहेक प्रतिनिधिसभामा उपस्थिति हुन सकेन। त्यस्तै आधाभन्दा बढी जनसंख्याको भाग ओगटेका महिलाहरूको पनि पहिलो र दोस्रो निर्वाचनमा ३ प्रतिशत र तेस्रो निर्वाचनमा ६ प्रतिशतसम्म पुग्न सक्यो। २०४८ सालको चुनावमा ३७.७५ प्रतिशत र ०५६ सालमा ३६.१४ प्रतिशत मत ल्याउने नेपाली कांग्रेसले प्रतिनिधि सभामा बहुमत ल्यायो। ०५६ सालको आम निर्वाचनमा ६.३८ प्रतिशत मत ल्याएर पनि नेकपा मालेले एक स्थान पनि जित्न सकेन जबकि १.३७ प्रतिशतमात्र मत ल्याउने राष्ट्रिय जनमोर्चाले प्रतिनिधिसभामा ५ स्थानमा चुनाव जित्न सफल भयो। त्यस्तै २०५१ सालको मध्यावधि निर्वाचनमा ३३.३५ प्रतिशत मत प्राप्त गर्ने नेपाली कांग्रेसले ८३ स्थानमा चुनाव जित्न सफल भयो भने ३०.८५ प्रतिशत मत ल्याउने नेकपा एमालेले ८८ स्थानमा चुनाव जित्यो।

यी निर्वाचन परिणामहरूले लोकप्रिय मतको अनुपातमा प्रतिनिधिसभामा प्रतिनिधित्व हुन नसकेको मात्र होइन कि जातीय, भौगोलिक एवं लैङ्गिक विविधतालाई समेत समेट्न नसकेको स्पस्ट गरेका छन्। अतः नेपालको विविधतायुक्त सामाजिक संरचना र विगतको अनुभवलाई विवेचना गर्दा राज्य प्रणालीलाई समावेशी तुल्याउनका लागि 'पहिलो हुनेले जित्ने' को सट्टा समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गर्नुपर्ने अनिवार्यता देखिएको छ। समानुपातिक प्रतिनिधित्व प्रणालीको माध्यमबाट सञ्चालित शासन प्रणालीलाई सहमतिको शासन भन्ने पनि चलन छ। यस प्रणालीअनुसार कुनै पनि दलको संसद्मा बाहुल्यता रहँदैन। संसद्मा मात्र होइन, सरकार पनि समावेशी प्रकृतिको गठन गर्नुपर्ने बाध्यात्मक अवस्था रहन्छ, जसले सीमान्त अवस्थामा रहेका जाति, जनजातिहरूको समेत प्रतिनिधित्वको सुनिश्चितता प्रदान गर्दछ।

### ४.३ राजतन्त्र समाप्तिको निक्यौंल

नेपालको सन्दर्भमा समावेशी लोकतन्त्र एवं पुनः राज्य संरचनाको छलफल गर्दा राजतन्त्र महत्वपूर्ण मुद्दाको रूपमा रहेको छ। नेपालमा केन्द्रीकृत तथा एकांकी राज्य प्रणालीको मुख्य आधार शाहवंशीय राज्यसंस्था रहँदै आएको छ। 'राजसंस्थाको केन्द्रीयतामा नेपालको सामाजिक, सांस्कृतिक, भाषिक एवं जातीय विविधतालाई गौण बनाइएको मात्र होइन, यसले बहुलवादी राज्य संरचनाको निर्माण र विकासमा पनि

अवरोध पु¥याउँदै आएको छ ।'[ठ] राजतन्त्र नेपाली जनता र लोकतान्त्रिक प्रक्रियाका प्रति कहिल्यै उत्तरदायी भएन । राणकालमा कैदीको रूपमा थन्किएको राजतन्त्रलाई २००७ सालको क्रान्तिले पुनः स्थापित गरेपछि त्यसको तीन वर्ष बित्न नपाउँदै सक्रिय र सर्वाधिकार सम्पन्न हुन थाल्यो । २०१५ सालमा भएको संसदीय अभ्यासमाथि १८ महिना १८ दिन नपुग्दै राजतन्त्रवाट नै निर्मम तथा सांघातिक प्रहार गरियो । २०४६ सालको जनआन्दोलनपछि स्थापित लोकतान्त्रिक शासन व्यवस्था समाप्त गर्ने क्रममा राजतन्त्रका क्रियाकलाप र भूमिकाहरू जिम्मेवार रहेका छन् । १९ जेठ २०५८ को दरबार हत्याकाण्डले राजसंस्थाको संस्थागत निरन्तरता समाप्त पारेको छ । त्यसमा पनि असोज १८, २०५९ र माघ १९, २०६१ मा राजाको सत्ता हत्याउने घटनापछि राजतन्त्रप्रति रहेको बचेखुचेको सम्मान र आदर पूर्णरूपले नेपाली नागरिकहरूका बीचबाट समाप्त भएको छ । २०४६ सालको जनआन्दोलनमा यदाकदा राजतन्त्र विरोधी नाराहरू लागे पनि मूलतः उक्त आन्दोलन निरंकुश पञ्चायती व्यवस्थाको विरुद्धमा केन्द्रित थियो । तर २०६२/०६३ को जनआन्दोलन पूर्णरूपले राजतन्त्रका विरुद्ध केन्द्रित रह्यो । जन आन्दोलनमा प्रतिविम्वित राष्ट्रिय आकांक्षा राजतन्त्रको समाप्तिमा रहेको सन्दर्भ यहाँ बिर्सन मिल्दैन ।

२००७ सालदेखि आजसम्म नेपालका कुनै पनि राजाका क्रियाकलापहरूको मूल्याङ्कन गर्दा लोकतन्त्रको उन्नयन र विकासका लागि सहयोगी बन्न सकेनन् । लोकतन्त्र स्थापनाको प्रयास हरेक पटक शून्यबाट सुरुवात गर्नुपर्ने अवस्था रह्यो । यहाँनिर स्पष्ट हुनुपर्ने विषय के हो भने राजतन्त्र भनेको सामन्ती समाजको अवशेष हो । नेपालको राजतन्त्रले पृथ्वीनारायण शाहदेखि वर्तमान अवस्थासम्म कहिल्यै राष्ट्रिय रूप लिन सकेन । आज हामी २१ औं शताब्दीमा आइपुगेका छौं । योग्यता र क्षमताको आधारमा नभएर वंश परम्पराको आधारमा मात्र सत्तामा रहने व्यक्तिले २१ औं शताब्दीको गतिशील समाजको नेतृत्वगर्न सक्दैन भन्ने कुरामा अव स्पष्ट हुन जरुरी भइसकेको छ । राजतन्त्रको औचित्य र आवश्यकताका सम्बन्धमा नेपालको राजनीतिक इतिहासका शिखर पुरुष बीपी कोइराला द्वारा व्यक्त विचारहरूले पनि प्रस्ट गरेका छन् :

> *'राजतन्त्रविरोधी विचारधाराको र राजतन्त्रको स्थानमा जनतन्त्रात्मक राजनीतिक पद्धतिको उत्तरोत्तर विकासका गहिरा ऐतिहासिक कारणहरू छन् । राजतान्त्रिक संस्थावाट आफूलाई मुक्त नगरुन्जेल कुनै पनि आधुनिक विकसित समाजको आदिर्भव सम्भव छैन' राजतन्त्र एउटा राजामात्र होइन, यो त्यस्तो पद्धति हो, जस अन्तर्गत 'राजदरबार' भन्ने संज्ञा भएको शक्तिशाली वर्गीयतत्व निहित छ । प्रष्ट अनुहार नभएको यो शक्तिशाली तत्व, जो जनताको आँखाको अगाडि नपरी ठूल्ठूला पर्खालको संरक्षणभित्र गुप्त ढङ्गले आफ्नो काम गर्छ, जसलाई हामी राजदरबार भन्छौं, त्यो रुढीवाद र प्रतिक्रियावादलाई व्यापक रूपमा प्रोत्साहन दिने अदृश्य व्यक्तिहरूका लागि अप्रत्यक्ष आश्रय भएको छ ... राजदरबार प्रतिक्रियावादको एउटा हतियार हो, जहाँ निहित स्वार्थ, समान्तवाद, रुढीवाद र देशका अन्य प्रतिक्रियावादी*

ठ. *अभियानपत्र*, काठमाडौः लोकतान्त्रिक गणराज्य नेपालका लागि कांग्रेस अभियान, भदौ, २०६३, पृ. १२ ।



> *तत्वले आश्रय पाउँछ । रहस्यमय राजतन्त्रको आड लिई यी जम्मै प्रतिक्रियावादीहरूले राजदरबारलाई षड्यन्त्रको अखडा बनाउँछन् । नेपालको समकालीन इतिहास पनि यस प्रकारका घटनाले परिपूर्ण छ ।"*[ज्ञण]

आजभन्दा साढे तीन दशक अगाडि बीपी कोइरालाद्वारा व्यक्त यी विचारहरू वर्तमानमा पनि त्यत्तिकै सामयिक र यथार्थपरक रहेका छन् । अत इतिहासले पढाएको पाठ राम्रोसंग सिक्नुपर्ने अवस्था आएको छ । नेपाली जनताले फेरि धोका पाउनु हुँदैन । नेपाल सरकारले प्रकाशमा ल्याएको तथ्यअनुसार ४०/५० हजार रोपनी जमिन कब्जा गर्ने र १७ भन्दा[ज्ञज्ञ] बढी निजी कम्पनीहरूसंग आबद्ध भएर मुलुक लुट्ने राजतन्त्रको अब औचित्य र आवश्यकता छैन । यस्तो राजतन्त्रलाई जीवित राखेर राज्यको पुनर्संरचना केवल आडम्बरी प्रयास मात्र ठहर्छ । त्यसैले राज्य पुनर्संरचनाको आरम्भ राजसंस्थाको पूर्ण समाप्तिबाट सुरु गर्नुपर्ने अवस्था रहेको छ ।

### ४.४ दलीय पुनःसंरचनाको आवश्यकता

विगत आधा शताब्दीदेखि राजनीतिक दलहरू नेपालको सामाजिक संरचनाका महत्वपूर्ण अंग बन्दै आएका छन् । जतिसुकै कमजोरी रहे पनि जनताका सबैभन्दा भरपर्दा र निकटतम शक्ति भनेका राजनीतिक दलहरू नै हुन् । समाजमा छरिएर रहेका असंख्य स्वार्थ , अवसर एवं सामाजिक सांस्कृतिक पहिचानहरूलाई एकीकृत गरी नीति निर्णयको तहमा पु¥याउने र नीति निर्णयका परिणामहरूलाई जनस्तरमा ल्याउने माध्यम राजनीतिक दलहरू नै हुन् । दलहरूको अस्तित्वविना बहुलवादी सहभागिता, संस्कार र संस्कृतिको विकासको सम्भावना रहँदैन । समाजशास्त्रीय दृष्टिकोणले यिनीहरू सामाजिक सांस्कृतिक एवं राजनीतिक मूल्य पद्धतिलाई रूपान्तरण गर्ने सामाजिक प्रक्रियाका गतिशील सम्भावनाहरू पनि हुन् । दलहरू समाजका गतिशील सामाजिक समूह भएकाले समाज र बदलिंदो राष्ट्रिय परिप्रेक्ष्यअनुरूप यिनीहरूका भूमिका, संरचना, उद्देश्य नीति र कार्यक्रमहरू पनि मूलभूत वैचारिक प्रश्नमा बाहेक समाजको विकास क्रम र गतिशीलताअनुरूप परिवर्तित हुनु अपेक्षित हुन्छ । सदाकालका लागि एउटै प्रकृतिको संरचना, उद्देश्य, भूमिका, नीति र कार्यशैलीहरूमा बन्दी भइरहने राजनीतिक दलहरूले बदलिंदो परिवर्तनको हाँकलाई सामना गर्न सक्दैनन् । अहिले राष्ट्रिय परिस्थिति

ज्ञण. बीपी कोइराला, *चुनौतीको घेरामा राजतन्त्र*, काठमाडौं : नेपाली कांग्रेस क्षेत्र नं. ३, भदौ २०६२, पृ २३-२४

ज्ञज्ञ. संसद्को प्राकृतिक स्रोत उपसमितिलाई उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले उपलब्ध गराएको विवरणअनुसार राजा र राजपरिवारको लगानीमा सोल्टी होटल, सोल्टी इन्टरप्राइजेज, अन्नपूर्ण होटल, गोरखा ट्राभल्स प्रा.लि, सूर्य टोवाको प्रा.लि., लक्ष्मी वनस्पति ध्यू उद्योग, हिमालय टि गार्डेन, होटल हिमाल इन्टरनेसनल, सिप्रदी ट्रेडिङ्ग, भोटेकोसी पावर कम्पनी, हिमाल इन्टर नेसनल इनर्जी प्रा.लि., हिमाल इन्टरनेसनल पावर कोओपरेशन, सूर्य इन्टरप्राइजेज, लक्ष्मी काठ उद्योग प्रा.लि., गोर्खालरी प्रा.लि., नेविको प्रा. लि. एवं लक्ष्मी रोजीन र टरपन्टाइन उद्योग रहेका छन् । ***द हिमालयन टाइम्स***, अगस्ट २८, २००६

संक्रमणकालीन अवस्थामा रहेको छ। राजाको निरंकुशता समाप्त भए पनि द्वन्द्व व्यवस्थापन र राज्य पुनर्संरचना गर्नेजस्ता गम्भीर चुनौतीहरू राजनीतिक दलहरूको अगाडि उपस्थित भएका छन्।

विशेष गरी मूलधारका राजनीतिक दलहरूले अब मृतः प्राय भएको राजतन्त्रलाई दोष दिएर धर पाउने अवस्था छैन। राजनीतिक दलहरूका काँधमा जनआन्दोलनमा प्रतिबिम्बित राष्ट्रिय आकांक्षालाई संस्थागत गर्दै मुलुकलाई आर्थिक, सामाजिक र संस्कृतिक रूपले रूपान्तरण गर्ने चुनौती उपस्थित भएको छ। २०६२/६३ को जनआन्दोलनबाट नेपाली जनताले शान्ति, लोकतान्त्रिक गणतन्त्र एवं द्वन्द्व व्यवस्थापनको अतिरिक्त शोषण र असमानताका मनोवैज्ञानिक, राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिकलगायत यावत् विभेद र विसंगतिहरूको अन्त्य गर्दै सामाजिक न्यायमा आधारित समतामूलक समाज निर्माणको अपेक्षा पनि राखेका हुन्। वर्तमानमा राज्य पुनःसंरचना गर्ने कार्य अनिवार्य भइसकेको छ। लोकतान्त्रिक राजनीतिक संरचनाका अपरिहार्य तत्वका रूपमा रहेका राजनीतिक दलहरूले बदलिँदो परिस्थितिअनुरूप आफ्ना कार्यशैली, कार्यपद्धति, संगठनात्मक संरचनाहरू र दृष्टिकोणहरू समावेशी एवं लोकतान्त्रिक नबनाएसम्म राज्य पुनः संरचनाको मुद्दाले निकास पाउन सक्दैन। नोकरशाही प्रकृतिका राजनीतिक संरचनाबाट राजनीतिक दलहरू मुक्त भएर राज्य, सरकार र समाजलाई लोकतान्त्रीकरण गर्नका लागि उनीहरूले आफ्ना संरचनाहरू, कार्यशैली र कार्यपद्धतिहरू लोकतान्त्रिक र समावेशी तुल्याउन जरुरी छ। दलहरूमा देखा पर्ने अपारदर्शी, अनुत्तरदायी एवं अलोकतान्त्रिक प्रवृतिले राज्य संचालनका संरचनाहरूलाई समावेशी एवं लोकतान्त्रिक बनाउन कदापि सहयोग गर्न सक्दैन। लोकतान्त्रिक एवं समावेशी प्रक्रियाहरू अपनाएका दलहरूले मात्र राज्य, शासन व्यवस्था र प्रशासनिक संयन्त्रलाई समावेशी तुल्याउन सार्थक भूमिका निर्वाह गर्न सक्दछन्। स्वयं आफ्नो संस्थालाई लोकतान्त्रिक र समावेशी रूपले परिचालन गर्न नसक्ने राजनीतिक दलहरूले राज्य, सरकार र समाजलाई समावेशी एवं लोकतान्त्रिक बनाउन योगदान दिन सक्दछन् भनेर नेपाली जनताले कसरी विश्वास गर्ने ? त्यसैले राज्य पुनःसंरचनाको अर्को प्रमुख आधार दलीय पुनःसंरचना पनि हो।

> *'नोकरशाही प्रकृतिका राजनीतिक संरचनाबाट राजनीतिक दलहरू मुक्त भएर राज्य, सरकार र समाजलाई लोकतान्त्रीकरण गर्नका लागि उनीहरूले आफ्ना संरचनाहरू, कार्यशैली र कार्यपद्धतिहरू लोकतान्त्रिक र समावेशी तुल्याउन जरूरी छ'*

## ५. निष्कर्ष



यस पत्रमा संघीय संरचना, समानुपातिक प्रतिनिधित्व प्रणाली, राजतन्त्रको समाप्ति एवं दलीय पुनः संरचनालाई राज्य पुनःसंरचनाका प्रमुख आधारको रूपमा प्रस्तुत गरिएको छ। पुनःसंरचना जस्तो विषय केवल संरचनात्मक रूपान्तरणसँग मात्र सीमित विषय होइन। यो त संस्कृति, संस्कार र मानसिकताको रूपान्तरणसँग पनि आबद्ध विषय हो। राज्य पुनःसंरचना गर्ने कार्य त्यस्तो गम्भीर र जटिल विषय हो, जसलाई राजनीतिक नायकहरूको दृढ इच्छा शक्ति, संयम र संकल्पविना सम्पन्न गर्न सकिदैन। संघीय संरचनाको निर्माण, गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापना एवं समानुपातिक प्रतिनिधित्व प्रणाली अवलम्बन गर्दैमा राज्यको चरित्र परिवर्तन हुन सक्दैन। राज्यको चरित्र परिवर्तनका लागि संविधानले स्थापना गरेका लोकतान्त्रिक संस्था र संस्थागत प्रक्रियाहरूलाई सम्मान गर्ने मानसिकता राजनीतिक प्रक्रियाका नायकहरूमा विकसित हुन जरुरी हुन्छ। कुनै पनि संवैधानिक प्रक्रियाको सफलता वा असफलता त्यसका नायकहरूमा रहने प्रवृत्तिमा निर्भर रहन्छ। हाम्रो समाजमा पद्धतिभन्दा पनि प्रवृत्ति दोषी देखिँदै आएको छ। संविधानमा लेखिँदैमा समाज रूपान्तरण हुन सक्दैन। समाज वा राज्य रूपान्तरणको प्रक्रियाले त्यतिखेर मात्र सुनिश्चितता पाउन सक्दछ जब त्यसका नायकहरूले संरचना रूपान्तरण अनुरूपको लोकतान्त्रिक व्यवहार र राजनीतिक संस्कृतिको विकास गर्न सक्षम हुन सक्दछन्।

### सन्दर्भ सामग्रीहरू


१. अधिकारी, यज्ञप्रसाद, 'राज्य पुनःसंरचना को पूर्वसर्तः दलहरूको पुनःसंरचना' ***हिमाल खबरपत्रिका,*** ललितपुरः हिमाल मिडिया प्रा.लि., वर्ष १६ अङ्क ४, १६-३१ जेठ २०६३।

२. ***अभियानपत्र***, काठमाडौंः लोकतान्त्रिक गणराज्य नेपालका लागि कांग्रेस अभियान, भदौ, २०६३।

३. कोइराला, बीपी, ***चुनौतीको घेरामा राजतन्त्र***, काठमाडौं : नेपाली कांग्रेस क्षेत्र नं. ३, २०६२।

४. खनाल, प्रा. कृष्णप्रसाद, ***राज्यको पुनःसंरचनाः एक प्रस्ताव***, ललितपुरः नेपाल समसामयिक अध्ययन केन्द्र, २०६१।

५. ---------,***नेपाल डिस्कोर्सेस् अन कन्स्टिच्युएन्ट एसेम्बलीः एन एनालाइसिस***, काठमाडौं : फ्रेन्ड्स फर पिस् , २००५।

६. ---------, '***नेपालको सन्दर्भमा संविधानसभा : एक संक्षिप्त परिचय',*** शान्तिका लागि सहकार्य, काठमाडौं, २०६३।

७. खनाल, प्रा. कृष्णप्रसाद एवं श्रेष्ठ, उदय नेपालीलगायत, ***निर्वाचन प्रणालीको प्रारूपः अन्तर्राष्ट्रिय आईडीईएको नयाँ हाते पुस्तक,*** ललितपुरः इनेब्लिङ्ग स्टेट प्रोग्राम , २००६।

८. खनाल, झलनाथ एवं आचार्य नरहरिलगायत, ***राज्य पुनःसंरचना तथा रूपान्तरण,*** काठमाडौं : राष्ट्रिय शान्ति अभियान, २०६३।

९. ***द हिमालयन टाइम्स,*** काठमाडौं, अगस्ट २८, २००६।

१०. ***नेपाल ह्युमन डेभलपमेन्ट रिपोर्ट,*** ललितपुरः युनाइटेट नेसन्स् डेभलपमेन्ट प्रोग्राम, २००४।

११. ***प्रजातन्त्र के हो ?*** काठमाडौं : अमेरिकी सूचना एजेन्सी, अक्टुवर, १९९१।

१२. मिश्र, वीरेन्द्रप्रसाद एवं दाहाल, तारानाथलगायत, संविधानसभाको संरचना र निर्वाचन पद्धति, काठमाडौं : फ्रिडम फोरम, २०६३।

१३. ***हिमाल खबरपत्रिका,*** ललितपुरः हिमाल मिडिया प्रा.लि., वर्ष १६, अङ्क १०, १६-३१ भदौ २०६३


## ***अवधारणामाथि टिप्पणी***

**सुरेन्द्र पाण्डे, केन्द्रीय सदस्य, नेकपा (एमाले)**

मेरा मित्र डा. यज्ञ अधिकारीले आफ्नो कुरा राख्नुभयो । त्यो प्रशंसनीय छ । अप्ठ्यारो अवस्थामा हुनुहुँदो रहेछ, बिमारीको अवस्थामा । फेरि पनि उहाँ आउनुभयो । उहाँले राज्यको पुनर्संरचना र लोकतन्त्रका बारेमा अवधारणा प्रस्तुत गर्नुभएको छ । विभिन्न सन्दर्भहरू र नेपालका विगतका अनुभवहरूलाई ध्यानमा राखेर प्रस्तुत गर्नुभएको छ । संक्षिप्त रूपमा भए पनि विभिन्न विषय समेट्न खोज्नुभएको छ, उहाँको मेहनत र प्रयासका लागि धन्यवाद दिन चाहन्छु र समर्थन गर्छु ।

टिप्पणी गर्दा केही कुरा पक्षमा होलान्, कुरा विपक्षमा होलान् । सुरुमा उहाँले समावेशीकरणको व्याख्या गरिरहँदा उहाँले यसलाई बौद्धिकता तिर लान खोजेको अनुभूति हुन्छ । एक जना विद्वानको भनाइलाई अगाडि लग्दै गर्दा फेरि उहाँ अर्को विषयमा प्रवेश गर्न खोज्नुभएको छ । बौद्धिक बहसतिर म जान चाहन्न । प्रस्तुत कतिपय कुराहरूमा उहाँले समर्थनमात्र नभई असहमति पनि प्रकट गर्नुभएको छ । मेरो पनि त्यस खालका धारणाहरू छन् । वैचारिक वादविवादभन्दा पृथक् विषयमा उहाँ जान खोज्नुभएको छ । कहीँकहीँ त्यस्ता कुरा अभिव्यक्त भएका पनि छन् । निश्चित वैचारिक अवधारणासँग जोडिएर कतिपय विषयमा टिप्पणी आएका छन्, तर पृथक् बनाउने कोसिस गरिएको छ । राज्यको संघात्मकताको चर्चा चलिरहेको बेला उहाँले यसलाई साम्यवादी राज्यका चरित्रका कारण विभाजित भए भन्ने निष्कर्ष दिन खोज्ने भएको छ । त्यो भनाइसँग म सहमत हुन सक्दिनँ किनभने अलगाबादी ट्रेन्ड साम्यवादी आन्दोलनभित्र या ती मुलुक एवं तीभन्दा बाहिरी मुलुकमा विद्यमान छ । कस्मिर अलग हुनुपर्छ भन्ने मुद्दा भारतमा लोकतन्त्र नभएर हो ? यसको जवाफ हामी कसरी दिन्छौं ? नर्दर्न आयरल्यान्डको सयौं वर्षदेखिको मुद्दा बेलायती लोकतन्त्र कमजोर भएर हो ? केही वर्षअघि क्यानाडाको क्युवेकमा जनमत संग्रह हुँदा झन्डैझन्डै त्यो देश टुक्रिएको थियो, ४९ दशमलव कति प्रतिशत छुट्टिने पक्षमा मत खसेको थियो, आधा प्रतिशतले मात्र त्यो देश एक रहिरहन सक्यो, के क्यानाडा लोकतन्त्र नभएर अलग हुन खोजेको हो ? संयुक्तराज्य अमेरिका मुक्त भएपछि बनेको संविधान १७८७ ले एउटा राज्य बनाउँदा बनाउँदै पनि भएको १८६० तिर भएको गृहयुद्धबाट राज्य अलग हुने कोसिस भएका होइनन् ? त्यसलाई सैनिक दमनद्वारा किनारा लगाइएको होइन ? के त्यहाँ लोकतन्त्र नभएर हो ? यी मुद्दामा प्रवेश नगरी उहाँले त्यसलाई अलि हल्का ढंगले टिप्पणी गर्नुभएको छ । यी तथ्यहरूमा उभिएर सन्तुलित ढंगले प्रस्तुति गरौं भन्ने मेरो आग्रह छ ।

सोभियत संघमा जति बेला साम्यवादी व्यवस्था थियो, त्यति बेला त्यो टुक्रिएको होइन । लोकतन्त्र आएपछि त्यो राज्य टुट्यो, यसलाई कसरी व्याख्या गर्ने ? यसरी पनि विश्लेषण हुनु जरुरी छ कि भन्ने मेरो टिप्पणी छ ।

जे भए पनि प्रस्तावना र कार्यान्वयनको पक्षमा चाहे साम्यवादी शासन दर्शन अंगिकार गर्दा होस् चाहे लोकतान्त्रिक पद्धति अवलम्बन गर्दा होस् हाम्रा अनुभवहरू न सबै ठीक न सबै बेठीक भन्ने अवस्था छैन भन्ने कुरामा म सहमति जनाउँछु । साम्यवादी शासन व्यवस्थाले जे प्रस्तावना अगाडि सार्‍यो ती सबै ठीक भए भन्ने होइन, त्यसका भनाइ र कार्यान्वयनमा केही अन्तर रहे । साम्यवादी व्यवस्था र लोकतान्त्रिक



व्यवस्थाका असफलताहरू उसका नीतिमा खोज्नुपर्‍यो । एकको असफलताका कारण अर्कोमा खोजेर पाइँदैन । अवधारणा यता पनि प्रवेश गर्नुपर्छ भन्ने मेरो आग्रह छ । २०४७ सालदेखि अवलम्बन गरेका निर्वाचन पद्धति र लोकतन्त्रका मोडलहरूका सम्बन्धमा साम्यवादी विचार मान्नेहरूका दोष हो या लोकतान्त्रिक पद्धति मान्नुपर्छ र यो नै सबैभन्दा प्रजातान्त्रिक मोडल हो भन्नेहरूको दृष्टिकोणका खोट हुन् ? यी सन्दर्भमा प्रवेश गरेर त्यहाँ पुग्नुपर्छ । दस्तावेज आफैंले रिभ्यु गर्न खोजेकाले यी सबै कुरामा ध्यान पुग्नुपर्छ भन्ने मेरो आग्रह हो । मैले पृष्ठभूमिको रूपमा केही राखे ।

संविधानसभाको सन्दर्भमा छलफल आयोजना गर्दा आन्दोलन २०६२/६३ भन्ने सामान्य शब्द यहाँ प्रयोग गर्नुभएको छ । यसले ठीक अर्थ दिन्छ भन्ने मलाई लाग्दैन, तर यो पटकको जनआन्दोलनको चरित्र के हो ? कतिपयले भन्छन्- महासागर जस्तो खोल्सी वा महासागर जस्तो समुद्र । त्यसको अर्थ के लाग्छ ? यो जनआन्दोलन २, ३, ४, ५ भनेर जाने हो कि ? यो वास्तवमा यो एउटा क्रान्ति हो ।

मैले किन यो कुरामा जोड दिएको हुँ भने तपाईंले यसलाई सामान्य जनआन्दोलनका रूपमा व्याख्या गर्नुभयो भने यसले सामान्य वा सीमित सुधार गरे पुग्दछ भन्ने स्थानमा हामी पुग्छौं । यसले ठूलो परिवर्तन गर्नुपर्नेमा उपलब्धिहरूलाई हामी आफैं सीमित र ओझेलमा पार्न खोज्दैछौं । यो परिवर्तन युगान्तकारी हो र ठूलो जनक्रान्ति हो भन्ने कुरालाई स्विकार्‍यौं भने मात्र जनक्रान्तिलाई निश्चित उचाइमा लैजान सक्दछौं । २००४ सालमा पहिलो अन्तरिम कानुन जारी भयो, त्यहाँ सार्वभौमसत्ता श्री ५ र श्री ३ मा छ भनियो । २००७ सालमा एउटा क्रान्ति नै गर्‍यौं, तर त्यसपछि बनेको संविधानमा नेपालको सार्वभौमसत्ता श्री ५ मा निहित छ भनेर लेखेका रहेछौं । राणामा रहेको शक्ति राजाकहाँ केन्द्रित गर्ने कुरालाई पनि क्रान्तिको अर्थमा हामीले लियौं । किनकि एउटा १०४ वर्षे सत्ता क्रान्तिले परिवर्तन गरिदियो । निरंकुश राजतन्त्र ल्याउने जनताको चाहना थिएन, तर त्यो असफलतातिर गयो । कारणः त्यस बेलाको नेतृत्व र नेताहरूले त्यो भूमिका खेल्न सकेनन् ।

जनताले राणा शाहीका निरंकुशता खोसेर राजाको निरंकुशता चाहिरहेका थिएनन्, चाहन्थे भने त्यसयता राजाका बारेमा विरोध नै नहुनुपर्थ्यो । हामी ०१७ सालदेखि पनि निरन्तर लड्दै आयौं । ०४६ को जनआन्दोलनले २०४७ को संविधानमा चाहिँ सार्वभौमसत्ता नेपाली जनतामा भनिदियो, तर प्रस्तावना र धारा ११६ ले राजा परिवर्तन गर्न जनताले पाउँदैनन् भन्यो । राजा परिवर्तन गर्न नपाउने सार्वभौमसत्ता भनेको कस्तो हो ? त्यो संकुचित थियो र अंकुश लगाउने थियो, जनता वास्तविक सार्वभौम थिएनन् । यस पटकको जनक्रान्तिले यस्तो म्यान्डेट हामीसामु आएको छ, अब सम्पूर्ण नेपाली जनता सम्पूर्ण रूपमा सार्वभौमसत्ता सम्पन्न छन् । संविधानसभा या जनमतसंग्रहमार्फत राजाबारे निर्णय लिन उनीहरू स्वतन्त्र छन् । हो, यहीनेर सार्वभौमसत्ताको प्रश्न जोडिएको छ यो क्रान्तिसँग । सार्वभौमसत्ता कोसँग ? यो क्रान्तिले युगान्तकारी परिवर्तन ल्याएको छ र राजा होइन, शक्ति जनतामा छ भन्ने कुरालाई स्थापित गरेको छ । यो क्रान्ति हो, यसले सिंगो सत्ताको परिवर्तनको कुरा गरेको छ । यो विचारमा सहमति नराख्न सक्नुहुन्छ । राजतन्त्र ६/८ महिनापछि जनमतसंग्रह गरेर टुंग्याउने भन्दैछौं, अवधारणा प्रस्तोता पनि राजा

फाल्नुपर्छ भन्नुहुन्छ । यद्यपि उहाँले जनमतसंग्रहको कुरा राख्नुभएको छैन, त्यसबारे म पछि टिप्पणी गरौंला ।

सायद उहाँको मनसाय त्यही होला । जनमतसंग्रहबाट राजतन्त्र फालियो भने त्यसपछि हामीले के भन्ने छौं, यो परिवर्तनबारे लेख्नेले के लेख्ने छन् ? नेपालमा जनताले लडेर राजतन्त्र फाले, जनमतसंग्रहले फाले पनि क्रान्ति त अस्ति सम्पन्न भयो भन्छन् होला नि ? कि जनमतसंग्रहबाट फालेको दिनलाई भन्छन् ? मलाई थाहा छैन । कहीँ पनि त्यस्तो गरिँदैन । १७८९ को फ्रेन्च क्रान्ति ९२ मा गएर राजालाई फाँसी दिए पनि क्रान्ति त १७८९ लाई नै भन्छन् । यस हिसाबले पनि राजा फालिएको दिनलाई क्रान्ति भनिदैन । क्रान्तिले पूर्णता प्राप्त गर्ने हो । तर त्यसैको बलमा हामी फाल्दैछौं । यसरी हामीले व्याख्या गर्नुपर्छ भन्ने मेरो आग्रह हो ।

उहाँले यहाँ समावेशीका कुरा ल्याउनुभएको छ । प्रोटोकलका कुरा ल्याउनुभएको छ । केही उदाहरण पनि दिनुभएको छ । उहाँका उदाहरणका सम्बन्धमा म कतिपय कुरामा सहमत हुन सक्दिनँ । कतिपय कुरामा राजनीतिक संलग्नताका पक्षमा जोड दिएको भए पनि यसले आर्थिक संलग्नताको पक्षमा धारणा स्पष्ट गरेको छैन । उहाँले भन्नुभएको 'सामुदायिक स्वामित्व बुझिन्छ, उत्पादित स्रोतहरूको सामूहिक स्वामित्व भनेको के ?' मैले बुझ्दा त उत्पादित 'रिसोर्स' हरूका 'वनरसीप' को कुरा होला । उत्पादित स्रोत भनेको के हो ? उत्पादित चिजमाथिको स्वामित्व भनेको हो कि ? यो स्पष्ट छैन । म मार्क्स विचारसँगको सामीप्यताको कारण के देख्दछु भने स्रोतमाथिको स्वामित्वको टुंगो नलागेसम्म यसबाट मुक्ति हुन सक्दैन । स्रोतमाथिको स्वामित्व र वितरण प्रणालीमा असमानता नै शोषणको जड हो ।

यसमा प्रवेश नगरी भोलि पनि यो परिवर्तन हुन सक्छ ? मेरो दाबी छ । यसले समाजका विभिन्न क्षेत्रको समावेशीकरणलाई निश्चित हदसम्म अगाडि बढाउला, तर फेरि पनि विभिन्न किसिमले वर्गीय मुद्दाहरू कायमै रहनेछन् । यदि यस्तो हुन्थ्यो भने त कतिपय समावेशीकरणको उहाँले दिनुभएको उदाहरण जस्तै ९० को दशकमा सहमति भएर संविधान बनेका मुलुकमा वर्गीय मुद्दाहरू समाप्त भए ? के साउथ अफ्रिकामा त्यो समस्या हल भयो ? तपाईं अहिले पनि ती मुलुकमा जानुभयो भने सेल्टर चाहियो भन्ने माग सुन्नुहुन्छ, यो मुद्दा हल भएको छैन । त्यसकारण वर्गीय समस्या यसले समाधान गर्छ भन्ने धारणा बनाएर हामी अगाडि गयौं भने फेरि जनतालाई गलत बाटो देखाइरहेका हुनेछौं, जसले अर्को विद्रोहको आह्वान गरेको ठहरिनेछ ।

समावेशीकरणको कुरा गर्दा उहाँले ९० को दशकलाई टेक्दै बहुमतले अल्पमतलाई समावेश गर्नुपर्छ, बहुमतले अल्पमतलाई छेउ लगाउँदैन भन्ने मान्यता राख्नुभएको छ । समावेशीकरणको एउटा नमुना साउथ अफ्रिका हो । तीन सय वर्ष शासन गरेको गोरा शाहीले चार दशकको 'एपर्थाइड' लाई हटाउने सिलसिलामा 'जनसंख्याको १२/१३ प्रतिशतभन्दा बढी संख्या हाम्रो छैन, कालाको शासन आयो भने हामीलाई त चोक्टाचोक्टा पारेर समाप्त पारिदिन्छन्, हामीकहाँ जाने, पहिला हाम्रो सुरक्षा हुनुपर्छ' भनेपछि समावेशीकरणको अभ्यास त्यहाँ आरम्भ भएको थियो । त्यो अल्पमतलाई संरक्षण गर्न भएको थियो । शोषक, जाली, फटाहा भए पनि तिमी पनि



यहाँ बाँच्न पाउँदछौं है भन्ने कुराको सुनिश्चितता थियो । नेपालको सन्दर्भ अलि फरक छ, यहाँ एउटा जाति, एक क्षेत्रमात्र बहुमतमा छैन । सबै अल्पमतमा छन् । तस्विर पृथक भएको कुरा हेर्नु जरुरी छ । समावेशीकरणको तस्विरलाई कुन मोडालिटीमा प्रतिनिधित्व गर्दछौं भन्ने कुरामा उठिरहेको छ । समावेशीकरणको ठीक मोडल जातीय, क्षेत्रीय, लैगिंक आधारमा संख्याको समानुपातिक प्रतिनिधित्व हुनु हो भन्ने मलाई लाग्दछ । त्यो मोडालिटीमा हामी गयौं भने अन्य कतिपय मुद्दाको पनि हल हुन्छ भन्ने मलाई लाग्दछ ।

राज्यको पुनःसंरचनाको आधारमा गर्नुपर्छ भन्ने उहाँको प्रस्ताव ठीकै छन् । तर, उठिरहेको विवादभन्दा उहाँ अलि पर जानुभएको छ, अहिले दुई वटा कोणबाट विवाद उठिरहको छ, यसलाई चार कोण पनि भन्न सकिन्छ । एउटा, सहभागिताको सुनिश्चितता र अर्को पुनःसंरचनाको कुरा । सहभागिताको कुरा गर्दा जतिसुकै राज्य निर्माण गरे पनि दलितलाई छुट्टै भूभाग हामीले दिन सक्ने रहेनछौं, त्यसैगरी महिलाका लागि छुट्टै राज्य बनाउन सक्दैनौं । यो भूगोलको पुनःरेखांकन गरेर हल हुने विषय होइन रहेछ, यो प्रतिनिधित्व प्रणालीमा समानुपातिकरणले हल गर्ने विषय रहेछ । अर्कोतिर हामीले भूगोलको पुनःरेखांकन गरेर प्रदेश वा यस्तै संरचना निर्माण गरेर हल गर्नुपर्ने विषय पनि छन् । यी दुई चिजलाई हामीले बुझेनौं भने अन्तर्विरोध सिर्जना हुन्छ । तसर्थ समावेशीकरण र राज्य पुनःसंरचनाको कुरा एकसाथ अगाडि बढाउनुपर्छ । एक गरेर अर्को छोडियो भने मुद्दा हल हुने छैन । दोस्रो प्रश्न पुनःसंरचना कसरी गर्ने भन्ने रहेको छ । पुनःसंरचनाबारे पनि अवधारणा प्रस्तोताले उल्लेख गर्नुभएको भूगोल, जाति, भाषा, सांस्कृतिक पक्षलाई आफ्नो ठाउँमा ठीकै छ । तर, त्यसमा पनि दुई वटा कोणको बढी चर्चा हुने गरेको छ । पहाडमा बस्ने जनजाति सांस्कृतिक आदि कारणले जातीय विशेषता सहितको पुनःसंरचना चाहिरहेका छन् भने मधेसमा तराईको सिंगो पूर्वदेखि-पश्चिमसम्मचाहिँ पहाड र तराई फरक भएको भन्दै दुईवटा राज्य बनाउनुपर्छ या चिर्नुपर्छ भन्ने विचार आएको देखिन्छ । मैलेचाहिँ अध्ययनको क्रममा जति पनि जातिको संलग्नता लगायतका सारा कुरा गरे पनि यो बहुजातीय छ, एउटामात्र जातिको कुरा होइन । कतिपय साथीहरू नेपालमा जातीय राज्य बनाउनुपर्छ, जातीय आत्मनिर्णयको अधिकार हुनुपर्छ भन्नुहुन्छ । यो भनेको राष्ट्रिय आत्मनिर्णयको अधिकार हो भनेर व्याख्या गरेको पनि पाइन्छ । म इतिहास तिर फर्केर हेर्दा के पाउँछु भने समाजको पहिलो संस्था परिवार रहेछ, त्यो परिवार बृहत् हुँदा कुल वा गोत्र भएछ, कुल या गोत्र बृहत् हुँदा जाति भएछ, जाति बृहत् हुँदा राज्य भएछ, राज्य बन्ने कुराको मुख्य कुरा भाषा रहेछ भाषाकै आधारमा राष्ट्रको रूपमा विकास भयो ।

नेपाली सन्दर्भमा हेर्ने हो भने हामीलाई उही पुरानो राज्य फर्काई देऊ भन्ने माग अहिले उठेको देखिन्छ । नेपालमा पहिला नेवार राज्य थियो, थिएन । किन ? उपत्यकामा तीन भाइलाई अंश लगाएकाले उनीहरू अलग भए । पश्चिममा हेर्‍यो भने बाइसे-चौबीसे राज्य थिए, त्यसमा एउटा पनि क्षेत्री या ठकुरीका राज्य थिएन । तराईमा हेर्‍यो भने मेधस राज्य थिएन । मैथिली भाषा प्रयोग हुन्थ्यो-मकवानपुर, उदयपुर या विजयपुरमा । यी सबै कुरा हेर्दा ती केबल 'ट्राइवल स्टेटहरू' थिए ।

जसरी हामी एथेन्समा हेर्छौं, पहिलो राज्यको उदय भयो भन्ने प्रमाणित इतिहासचाहिँ प्राचीन एथेन्स, ग्रिसका नगर राज्यहरू करिब ३६ वर्षअघि देखा परे। त्यो ट्राइबल स्टेटका रूपमा थियो, जातिका रूपमा विकसित भएका थिएनन्। त्यहीकारण अहिले पनि मानिसहरू जाति भन्दैनन्, हामी जनजाति हौं भनिरहेका छन्। जातिको तहमा नआएकाले जनजाति भनेको हो नि। हाम्रो देशचाहिँ बहुजातीय तस्विरभित्र छ। जुनसुकै प्रदेश हामीले किटान गर्दा पनि बहुजातीय र बहुभाषिक हुन्छ, चाहे तराई जाऊँ, चाहे पहाड जाऊँ। प्रदेश रचनाको आधार यही हुन्छ कि भन्ने मलाई लाग्दछ। जनजातीय, जातीय राज्य हुनुपर्छ भन्नेहरूले चिनियाँ मोडल दिएको पाइन्छ, त्यो मोडल चीनमा केही प्रदेश छन्, स्वायत्त प्रदेश छन्, जहाँ अल्पसंख्यामा रहेका जातिलाई त्यहाँको संसद्, सरकार एवं निकायमा ५१ प्रतिशत दिने पद्धति छ, योभन्दा बढी दिइन्छ। त्यहाँको प्रमुख त्यही जातिको हुनुपर्छ, अर्को जाति बहुमतमा भए पनि नपाउने व्यवस्था छ।

चीनमा यसो किन गरियो भने ९५ प्रतिशत हान जाति एउटै हुँदा अन्यत्र एक प्रतिशतमात्र गयो भने अरू सारा जातिलाई सिध्याई दिन्छ। यो स्थितिमा त्यहाँ अल्पसंख्यकको सुरक्षाका लागि मोडल विकास गरेको वास्तविकता छ। त्यो आधारमा हाम्रो देशमा गरियो भने के होला। गण्डकी प्रदेशमा १७ प्रतिशत गुरुङ रहेछन् (तमु), त्यसले ५१ प्रतिशत सिट पाउनुपर्छ, भोट हाल्ने अरूले उठ्नेचाहिँ उनीहरूमात्र भन्ने भयो भने केही वर्षपछि फेरि द्वन्द्व सिर्जना हुन्छ कि हुँदैन होला ? ८३ प्रतिशत अरू छन्। त्यही प्रदेशमा १८ प्रतिशत मगर रहेछन्, गुरुङभन्दा बढी। यो चिजको भोलि रिफ्लेक्सन हुन्छ कि हुँदैन होला ? यसको व्यवस्थापन समानुपातिक मोडल मात्र हुन सक्छ र आफ्नो हिस्सा जति हो त्यति हाम्रो प्रतिनिधित्व हुनुपर्छ भनिएमात्र समाधान हुने मैले देखेको छु। यो विधिमा जानु आवश्यक छ भनेर राख्न खोज्नुभएको छ।

यहाँ अवधारणा प्रस्तोताले चुनाव प्रणाली आदि-आदिको उल्लेख गर्नुभएको छ। चुनावअघि संघात्मक व्यवस्थामा जानेमा त्यति विमति छैन, करिब-करिब सहमति बन्दैछ। संघात्मकमा जाँदैमा सम्पूर्ण रूपमा समस्या समाधान हुन्छ भन्ने नठानौं है, यो सत्य होइन। संघात्मक राज्य प्रणाली अपनाएका मुलुकमा पनि समस्या विद्यमान छन्। संघात्मक पनि कस्तो भन्ने हुँदो रहेछ, अमेरिकाले पहिले अलग भएर पनि जान पाउँछौं भनेर प्रत्येक राज्यले सम्झौता गरे, तर १८६० को विद्रोहपछि संविधानमा ५० मध्ये एउटा राज्यले छुट्टिन खोज्यो भने बाँकी ४९ ले स्वीकृति दिनुपर्ने व्यवस्था गरियो। यस्तो स्वीकृतिकहाँ पाइन्छ र छुट्नु, दिन्न भनेको होइन ? तसर्थ संघात्मकताको पनि नेपाली स्वरूप किटान गर्नुपर्छ भन्ने यसबाट देखियो। स्विस मोडलमा पनि पहिला अलग हुन पाउने कुरा थियो, अहिले रहेनछ। भारत वास्तवमा संघात्मक राज्य नै होइन। स्वरूपमा त्यसले संघका कुरा गरे पनि सारमा त्यो एकात्मक राज्य हो किनभने भारतको संविधानको ३६७ दफाले कुनै पनि दिन कुनै पनि क्षण प्रदेश सभा र प्रदेश सरकारलाई भंग गरिदिन्छ। एकात्मक र संघात्मक राज्यको सार विशेषता: एकात्मक राज्यले तल दिएका अधिकार आफूले चाहे खोस्न सक्छ भने संघात्मक राज्यले तल दिएका अधिकार तलको स्वीकृति बेगर खोस्न नपाउनु हो।



नेपालको सन्दर्भमा पनि यहाँको संघ कस्तो बनाउँछौं ? के विशेषताहरू यसमा समावेश गर्छौं ? यसमा पनि हाम्रो स्पष्टता हुनुपर्छ। अवधारणा प्रस्तोताले तीन वटा अधिकार प्रदेशलाई दिनुपर्छ भन्नुभएको छ। त्यसमा मलाई नेपालको सन्दर्भमा दुई या चार प्रदेशबीचको राष्ट्रिय कार्यक्रमचाहिँ कसले गर्ने, अन्तर राज्य कार्यक्रम कसरी गर्ने, त्यो संघलाई हुन्छ कि प्रदेशलाई हुन्छ, प्रदेश भयो भने त हुनै सक्दैन, तसर्थ नेपालमा व्यावहारिक रूपमा ती अधिकारहरू केन्द्रमा रहनुपर्छ भन्ने लाग्छ। दुई अन्तर राज्य विवाद भयो भने त्यसको समाधान कसरी गर्ने ? संघ, केन्द्र र प्रदेशबीचको आधारभूत विवाद मेरो स्रोत मैले नियन्त्रण गर्न पाउनुपर्छ भन्नेमा हुँदो रहेछ अर्थात मेरो प्रदेशको भन्सारमा उठेको पैसा अर्को प्रदेशमा खर्च गर्न पाइँदैन, मैले गर्नुपर्‍यो, मेरो क्षेत्रमा उत्पादित अन्न बाहिर लान पाइन्न, मेरो क्षेत्रको पानी म प्रयोग गर्छु भन्ने हुन्छ। यसलाई रेगुलेट गर्ने संयन्त्र अर्थात आर्थिक कुरामा अवधाणा प्रस्तोता मौन हुनुहुन्छ। आर्थिक अन्तरसम्बन्धको पाटो संघीय व्यवस्थामा व्यवस्थापन नगर्ने हो भने हामी टिक्न सक्दैनौं। यस्ता द्वन्द्व समाधानबारे अलि स्पष्ट पार्नु जरुरी छ भन्ने मलाई लागेको छ।

> *'मलाई नेपालको सन्दर्भमा दुई या चार प्रदेशबीचको राष्ट्रिय कार्यक्रमचाहिँ कसले गर्ने, अन्तर राज्य कार्यक्रम कसरी गर्ने, त्यो संघलाई हुन्छ कि प्रदेशलाई हुन्छ, प्रदेश भयो भने त हुनै सक्दैन, तसर्थ नेपालमा व्यावहारिक रूपमा ती अधिकार केन्द्रमा रहनुपर्छ भन्ने लाग्छ'*

म निष्कर्षमा जान चाहन्छु। प्रतिनिधित्व प्रणालीमा उहाँले अधिक देशमा बहुमतीय प्रणाली भन्नुभएको छ, त्यो सत्य होइन। विश्वभरिका निर्वाचन प्रणालीबारे विश्लेषण गरिएको आइडिया भन्ने डकुमेन्टमा ४७ देशमा प्रथम हुनेले जित्ने प्रणाली, बहुसंख्यक जनता भएको देश जस्तै भारतमा एक अर्वको भएकाले यसले बहुमत प्रणाली अपनाएको छ। ब्लक भोट १५ देशमा छ, पार्टी ब्लक भोट चार देशमा छ, अल्टर्नेट भोट तीन देशमा छ, एकल संक्रमणीय भोट २२ देशमा छ, सिंगल ट्रान्सफरेवल दुई देशमा छ, सूची समानुपातिक ७० देशमा रहेको उल्लेख छ। जनसंख्याको बहुमत क्षेत्रमा बहुमतीय पद्धति छ, सही हो। देशको संख्याको हिसाबले समानुपातिक पद्धति अपनाउने बढी छन् भन्ने मेरो अध्ययन हो। उहाँले समानुपातिकमा जोड दिनुभएको छ, यसमा मेरो पूर्ण सहमति छ, यो पद्धतिले नै अहिले समस्या समाधान गर्छ। संविधानसभाको सन्दर्भमा पूर्ण समानुपातिक ठीक हो, त्यसमा विपती नै छैन। भोलिको पद्धतिको सन्दर्भमा समानुपातिकको मिक्सरमा जाने हो कि भन्ने कुरालाई मैले हेर्न खोजेको छु, आधा समानुपातिक, आधार मिक्सरमा जान सकिन्छ कि ? समानुपातिक पनि हुन सक्छ, तर हाम्रो जस्तो लोकतन्त्र सुदृढ नभइसकेको देशमा यसको खराबी के छ भने पार्टीमा प्रोफाइल कमजोर भएको तर जनतामा राम्रो भएकाको नाम पुछारमा राखिदिने र जित्ने अवसरबाट वञ्चित गराउने खतरा

विद्यमान छ। अन्तर्घातको पाटो पनि करेक्सन हुन सक्ला, त्यो त सिंगो पार्टीको मतको आधारमा गर्ने कुरा भयो। कि त हामीले मतदातालाई शिक्षित गर्न सक्यौं भने युरोपको जस्तो खुल्ला सूचीमा जान सक्छौं, खुल्ला सूची भनेको सूचीलाई प्राथमिकतामा राखेर मानिसहरूले त्यस्तो सूचीलाई नै बदल्न सक्ने क्वालिटी भयो भने केही फरक पर्दैन। ५० नम्बर ऱ्याङ्किङ् गरेका छौं भने १ नम्बर ऱ्याङ्किङ् वालालाई त्यहाँका मानिसले दुई वटा भोट हाल्छन्, एउटा पार्टीलाई अर्को ऱ्याङ्किङ्लाई हाल्छन्। ५० वाला मलाई मन परेन, एकलाई ५० मा पुऱ्याइ दिन्छु भनेर गर्दै गयो भने अन्तिममा ऱ्याङ्क बदलिदिँदा ५० को एकमा आउन सक्छ। मतदातालाई शिक्षित बनाउन सक्यौं भने यो प्रणाली ठीक छ। यसले समानुपातिक प्रणाली अपनाउँछ, चर्चित व्यक्ति आउने स्थिति बनाउँछ। पार्टी नेतृत्वको निरंकुशता रह्यो भने तलका मानिस नआउने खतरा हुन्छ, खुल्ला छोडियो भने।

उहाँले राजाका बारेमा टुंग्याउनुपर्छ भन्ने एकदम ठीक कुरा गर्नुभएको छ, जनमतसंग्रह र संविधानसभाको निर्वाचन एकैदिन गराउने कुरा सुझाउनु भएन। मेरो जोड जनमतसंग्रह र संविधानसभा एकैदिन गराऊँ, दुई वटा मतपत्र दिऊँ। राजाका बारेमा क्वालिफाइङ गर्नुपर्ला, गणतन्त्र या सेरेमोनियल किंग भन्नुपर्ला। निरंकुशतन्त्र ल्याउने कुरा त हुन सक्दैन। यसलाई सुरुमा टुंग्याउने र ढुक्कले गणतन्त्रको संविधान लेख्ने संविधानसभाले। यसो गर्ने सुनिश्चित बाटो भनेको जनमतसंग्रह अगाडि गर्ने कुरा हो, इटलीको मोडल, हालै बोलिभियामा पनि गरे ग्रेटर अटोनोमीका लागि जनमत संग्रह, नयाँ संविधानका लागि संविधानसभा भनेर उनीहरूले एकै दिन गरे।

दलीय पुनःसंरचनाका बारेमा उहाँले केही कुरा गर्नुभएको छ, धेरै भावनात्मक कुरा गर्नुभयो। ठोस प्रस्ताव छैन, के गर्दा पार्टीको पुनःसंरचना हुन्छ भनेर। उहाँले व्यक्तिहरूको हेरफेर भन्न खोज्नुभएको होला, त्यसमा ठ्याक्कै बोल्नुभएन। प्रस्तावचाहिँ हरेक तहमा एक पटक या दुई पटकभन्दा बढी आउन नपाउने भन्ने तर त्यो आउनुपऱ्यो, यो कुरा उहाँले ल्याउनुभएको छैन। नेतृत्वमा समयावधि तोक्नु पऱ्यो, उमेर तोक्नुपऱ्यो, नैतिक आधारमा हट्ने प्रणाली तोक्नुपऱ्यो। यो तीन वटा आधारमा व्यवस्था गर्नुपर्दछ। अरू कतिपय मुलुकमा दुई पटकभन्दा नपाउने भनेपछि यो विषय नै खतम भयो। हाम्रो जस्तो मुलुकमा गिरिजाबाबुले दुई पटक व्यवस्था गर्नुभयो, पछि व्याख्याचाहिँ पहिलाको लागू नहुने पछिको मात्र लागू हुने गरिदिनुभयो। श्रीलंकामा त्यही विवाद भयो, अघिल्लो कार्यकाल गणना हुने नहुने भन्ने। आरक्षण र मनोनयन गर्ने कुरामा पनि हामीले ध्यान दिनुपर्दछ। नेतृत्वमा अहिले नै शतप्रतिशत प्रोपर्सनेट आउन सक्दैन भने निश्चित आरक्षणको सिद्धान्तबाट जानुपर्छ। पार्टीहरूभित्रको संरचनामा समावेशीकरण भयो भने त्यो दिगो हुन्छ, त्यस्तो भएन भने आवधिकमात्र हुन थाल्दछ। सुरुमा आरक्षण र क्रमशः समानुपातिक बनाउनेमा गयौं भने पार्टीमा समावेशीकरण हुन सक्दछ।





**लालबाबु यादव, उपप्राध्यापक, पाटन संयुक्त क्याम्पस**

अवधारणामाथि मेरो केही यसमा टिप्पणी या असहमति राखौं। खुबै चलेको राज्यको पुनःसंरचना भनेको के ? राज्यका चार तत्व छन्, निश्चित भूभाग, जनसंख्या, सरकार र सार्वभौमिकता। तपाईं भूभागलाई फेर्न सक्नुहुन्न, मेचीलाई मलेसिया बनाउन सक्नुहुन्न, महाकालीलाई मकाउ लान सक्नुहुन्न। जनसंख्यालाई पनि फेर्न सक्नुहुन्न। सार्वभौम हस्तान्तरण भएको हो, जहिलेसम्म नेपाल रहन्छ रहिरहन्छ, त्यो राजामा होस् या जनतामा आओस्। कसमा भन्ने द्वन्द्व मात्र भएको हो, तर त्यो नेपालमै छ। सरकार भनेको राजनीतिक पद्धतिको अंश हो। तपाईंले सरकारको कुरा गर्दा सबै राज्यकै पुनःसंरचना भनेर लेख्नुभएको छ, यो धेरैले लेख्छन्। मैले कृष्ण खनाल सरसँग पनि यो कुरा राखेको थिएँ, उहाँले केही भन्नुभएन। दुई-तीनदिन पहिला राजेन्द्र शर्माको रहेछ, हरि शर्मासँग कुरा गर्दा म यसबारे पछि कुरा गरौंला भन्नुभयो। तपाईंले पनि कसरी ल्याउनु हुन्छ, कसरी गर्नुहुन्छ ? हुन त एक जना भारतबाट राजधानी आउँछन्, काठमाडौं घुमेर जान्छ, अनि नेपाल घुमेर आएँ भन्छ। तपाईंले राज्यको पुनःसंरचनामा यसरी नै मेन्सन गर्नुभएको छ।

*'राजतन्त्र, समानुपातिक प्रतिनिधित्व, संघीय राज्य प्रणालीको कुरा राज्य व्यवस्थाभित्र पर्दैन, यो त राजनीतिक पद्धतिभित्र पर्छ'*

राज्य पुनःसंरचना गर्दा सम्पूर्ण पक्षलाई चिरफार गर्नुपर्छ, एउटा कम्पोनेन्टलाई छुनु हुन्छ, तर पूरै पुनःसंरचनाको कुरा गर्नुहुन्छ। तपाईंकै कुरा गर्ने हो भने राज्य व्यवस्थाको पुनःसंरचनाभन्न मिल्छ, राज्यको पुनःसंरचना भन्न मिल्छ कि मिल्दैन मलाई थाहा भएन। अवधारणाको पेज नम्बर ५ मा राज्य व्यवस्था भनेको शक्ति, स्रोत भन्नुभएकोमा म सहमति जनाउँछु, त्यो राज्य व्यवस्थाभित्रै पर्छ। राज्य पुनःसंरचनाबारे अर्को कुरा उल्लेख गर्नुभएको छ, यसको प्रमुख आधार प्रतिनिधित्व प्रणाली भन्नुभएको छ। राज्य पुनःसंरचनालाई तपाईंले साँघुरो बनाउनुभएको छ, राज्य व्यवस्थाको पुनःसंरचनालाई तपाईंले भेग विषय बनाउनुभएको छ। यो कसरी र किन बनाउनुभयो भन्ने मैले बुझेको छैन। राज्य पुनःसंरचनामा मेरो असहमति छ। राजतन्त्र, समानुपातिक प्रतिनिधित्व, संघीय राज्य प्रणालीको कुरा राज्य व्यवस्थाभित्र पर्दैन, यो त राजनीतिक पद्धतिभित्र पर्छ। तपाईंले राजनीतिक पद्धतिको कुरा गर्नुभएको छ, यसको सुधार गर्न खोज्नुभएको छ, तर कुराचाहिँ राज्यको पुनःसंरचनाको गर्नुभएको छ। तपाईंले राजतन्त्र, गणतान्त्रिक व्यवस्था ल्याउने हो कि ? तपाईंले गणतान्त्रिक व्यवस्था ल्याउने हो भने संविधानसभा हुनुभन्दा पहिला जनमतसंग्रह हुनुपर्छ, राजतन्त्र कि गणतन्त्र भनेर। त्यसपछि संविधानसभाको मोडालिटीमा जानुपर्छ। राजतन्त्र र गणतन्त्रमा कति प्रतिशत ल्याउने भन्ने एउटा विषय हो, तपाईं गर्न सक्नुहुन्छ। समानुपातिक प्रतिनिधित्वको कुरा ल्याउनुभएको छ, त्यो राम्रो हो, तर यसमा केही कुरा छन्। समानुपातिक प्रतिनिधित्व प्रणालीअन्तर्गत प्रजातन्त्रमा विपक्षीको भूमिका हुन्छ, तपाईंले यसबारे उल्लेख गर्नुभएको छैन, प्रष्ट पारिदिए राम्रो हुनेछ। समानुपातिक प्रतिनिधित्वको कुरा गर्दा अहिलेको सरकार एक प्रकारले त्यस्तै हो।

समावेशीकरणको कुरा गर्नुभएको छ, यो जताततै चलेको कुरा हो, ठीक छ। उहाँले राजनीतिक पार्टीको कुरा गर्नुभएको छ, मसँग तथ्यांक भए पनि लामो हुने भएकाले यहाँ नराखौं। सबै पार्टीले समावेशीकरणको कुरा गर्छन्, तर आफैंभित्र मधेसी, जनजाति, महिला देखिंदैन भनिएको कुरा साँचो हो।

संघीय राज्य कस्तो प्रकारको हुने ? आंशिक कि पूर्ण ? यसको संरचना त आफ्नै ठाउँमा छ, तर संघीय हुने बित्तिकै सबै समस्याको समाधान हुँदैन। समाधानको एउटा प्रारूप मात्र हो। संघीय राज्य भनेको तपाईंले भाषाभाषी सबैलाई छुनु भएको छ, मलाईचाहिँ जनसंख्या र भूगोलको आधारमा कस्तो होला भन्ने लागिरहेको छ।

भाषाभाषीको उदाहरण लिंदा सर्लाही, बारा र रौतहट जोडिएका जिल्ला हुन्, सर्लाहीमा मैथिली छ, रौतहटमा वजिगा छ, बारामा भोजपुरी छ। ती जिल्लालाई एउटै राज्य बनाउनुभयो भने त्यहाँ भाषाका आधारमा लागि फेरि द्वन्द्व हुन्छ। जातीय भन्ने हो भने कुनै पनि जिल्लामा बहुमत भए पनि ५० प्रतिशत पनि एकै जाति छैनन्, त्यो पनि विचार गर्नुहोला। अन्तर राज्य सम्बन्धको कुरा आइसक्यो, त्यहाँ स्रोतसाधनको कुरा पनि ठूलो हुन्छ। इराकमा तेलको विवाद आयो, एलसलभाडोरमा ग्याँसकै लागि झगडा भयो कसको क्षेत्रमा राख्ने भनेर, नर्वदाको पनि पानीको सुन्नुभयो होला। यस्तो कुरामा अलि प्रष्ट पारिदिए राम्रो हुन्छ, संघीयता भनेको सबै चिज होइन। मलेसियामा संघीयता छ, चीनमा छैन। यसरी कुरा गर्ने हो भने मोर डेलिगेट, मोर डिभोलुसन पावरको कुरा गर्दा चीन भन्छन्, मलेसिया भन्दैनन्। प्रजातन्त्रकै कुरा गर्ने हो भने फ्रान्समा भन्दा मोर डिभोलुसन पावर चीन, जापानमा छ। त्यसैले भनिन्छ, पेरिसमा रुघा लाग्छ, पूरै फ्रान्समा फैलिन्छ।

मोडालिटीको कुरा गर्दा प्रधानमन्त्रीको चुनाव बालिक मताधिकारका आधारमा हुने, सरकारमा आउने व्यक्ति संसद्‌बाट नभई बाहिरबाट ल्याउने हो कि ? प्रधानमन्त्री जनताप्रति उत्तरदायी हुने। अविश्वास प्रस्ताव पनि धेरै भयो, ६/६ महिनामा अविश्वास प्रस्ताव ल्याउने। अब चाहिँ संसद्‌ले महाअभियोग प्रस्ताव ल्याउने प्रथा अपनाए के होला ? अर्को कुरा हाउस अफ रिप्रेजेन्टेटिभ दुई वटा बनाउने, एउटा जातीय के के ल्याउने, अर्को समानुपातिक प्रतिनिधित्व प्रणालीमा जाने। प्रतिनिधित्व प्रणालीमा जाने हो भने हामीले दुइटा कुरा गर्नुपर्छ।

**नवीन चित्रकार, नेपाली कांग्रेस (प्रजातान्त्रिक)**

धेरै-धेरै धन्यवाद। अवधारणा प्रस्तोता र टिप्पणीकारलाई मेरो केही जिज्ञासा छ। अवधारणा प्रस्तोताले सूचनामूलक र ज्ञानवर्द्धक प्रस्तुति गर्नुभएको छ भने कमरेड पाण्डेले पनि निक्कै राम्रोसँग त्यसको विवेचना गर्नुभएको छ, त्यसका लागि धन्यवाद। प्रस्तोताले फोटोप्लसको नाम उल्लेख गर्नुभएको छ, समावेशीकरणको कुरा गर्दा राजनीतिमा सहभागितालाई लिने गरेकोमा त्यो होइन भनेर नौलो कुरा आएको छ। त्यति हुँदा-हुँदै पनि फोटोप्लसले मल्टिक्र्याइसिसले गर्दा संसारभर प्रजातन्त्रले



राम्ररी काम नगरेकाले मल्टिक्र्याइसिसलाई समाधान गर्नकै लागि समावेशी प्रजातन्त्रको सिर्जना गरेको जस्तो मलाई लाग्छ। त्यसमा मार्केट इकोनोमीको कुरा आउँदो रहेछ। समावेशी प्रजातन्त्रबारे कुरा गर्दा अवधारणामा त्यो उल्लेख भएन। उहाँले आर्थिक, सामाजिक, सांस्कृतिक र वातावरणीय कुरा उठाउनुभएको छ, इकोलोजिक डायमेन्सनचाहिँ नेपालमा अझै प्रयोग भएको छैन। फोटोप्लसको ३० पेजको लेख मैले पनि पढेको छु, उहाँले भने झैं यो विषय संसारभर बिगबिगी नै छ। प्रतिनिधित्वपूर्ण प्रजातन्त्रको कुरा पनि त्यसमा छ, त्यो उल्लेख गरिदिनुभएको भए राम्रो हुने थियो। यदि समावेशी राजनीति भित्रमात्र गरिए त्यो वास्तविक समावेशी हुँदैन, फोटोप्लसका डायमेन्सन जुन छ, त्यसमा सबैलाई समावेश गरिए यस्तो द्वन्द्व नआउन सक्छ।

सुरेन्द्रजीले संघात्मकको पनि एकात्मकको पनि, कुरा ठीक भन्नुभएन। संघात्मकको कुरामा अमेरिका जोड्नुभयो, रसियालगायत दुनियाँको जोड्नुभयो, तर के ठीकचाहिँ भन्नुभएन, यो स्पष्ट पारिदिए राम्रो हुन्छ।

२०४६ को आन्दोलनपछि जसरी जातीयताको कुरा आएको थियो, अहिले पनि जनआन्दोलनले ल्याएको लोकतन्त्रमा पुरानै कुरा नदोहोरिएला भन्न सकिंदैन। वर्तमान अवस्थामा भइरहेका नियुक्तिहरू हेर्नुभयो भने ०४६ कै रोग दोहोरिएको देखिन्छ। सञ्चार मन्त्रालय मातहत नियुक्त व्यक्तिहरू हेनुस् कुन जातिको भएको छ, कति जना परेका छन्। त्यस्तै लुम्बिनी विकास कोषको नियुक्तिमा हेर्नुस्। अझै पुरानो रोग नगएकाले राज्य पुनःसंरचना या समावेशीको कुरा मात्र होलाजस्तो मलाई लाग्छ, गफै हो, यो लागू हुँदैन। गणेशमानजीले त्यति बेला नै भनेको हो, तर बाहुनवादको जेहाद भनेर हल्ला गरिदिएर आतंक मच्चियो, अहिले पनि त्यही देखिरहेको छु। आत्मनिर्णयको कुरा आयो, विखण्डन आउँछ भनिदैछ, संघात्मक गर्दा पनि केही बिग्रँदैन। विखण्डन आउँदैन। युएनले चार्टरमा मज्जाले लेखेको छ, आदिवासी/ जनजातिलाई आत्मनिर्णयको अधिकार दिनुपर्छ भनेर। राष्ट्र नै टुक्रने भए उसले यस्तो लेख्ने थिएन होला नि। समावेशीको कुरा गर्दा बायोडायभर्सिटीको पनि कुरा आउन सक्छ, यसलाई पनि लागू हुने किसिमको कानुनी व्यवस्था हुनुपर्छ।

**अधिवक्ता आनन्दसन्तोषी राई, नेपाली कांग्रेस**

अवधारणा प्रस्तोता र टिप्पणीकर्ता दुवै महाविद्वानको पक्ष विपक्षको बहस जस्तो मलाई लाग्यो, म जस्तो विद्यार्थीका लागि अलिकति ज्ञान प्राप्त भयो। अवधारणाको कुरा गर्दा डाक्टर साहेब बिरामी हुँदा त यस्तो राम्रो तयार भयो भने सन्चो भएको बेला त कस्तो होला ? यसको पहिलो पृष्ठको पहिलो प्याराग्राफमै उहाँले नेकपा माओवादीले समग्र मुलुकलाई नौ वटा क्षेत्रीय एवं जातीय स्वायत्त प्रदेशमा वर्गीकरण गर्दै ती क्षेत्रहरूमा जातीय स्वायत्त शासन कायम हुनुपर्ने विचार राख्दै आएको छ भन्नुभएको छ। यसमा मैले थप्न खोजेको चाहिँ माओवादीले विचार राखेको मात्र होइन, त्यहाँ त प्राक्टिस नै भइराखेको छ।

अरू धेरै कुरा कमरेड सुरेन्द्रले भनिसक्नुभएको छ, म पनि आधाउधी कमरेड नै हुँ । म आधाउधी कांग्रेस पनि भएकाले मेरो स्कुलिङ बढी भयो । टिप्पणी गर्दा सुरेन्द्रजीले समावेशीकरण हुँदैमा वर्गीय मुद्दा समाधान हुँदैन भन्नुभएको छ । पहिला जातीय, क्षेत्रीय, भाषिक कुरा गरौं, त्यसपछि वर्गीय गरौंला भनेर काम साच्ने होइन, सँगसँगै जानुपर्छ भन्ने मेरो सुझाव हो ।

यो मेरो पाठशाला पनि हो । नेपालमा त्रास छ, यहाँ के के न हुने भयो भनेर अवधारणा प्रस्तोता र टिप्पणीकार अलि बढी चिन्तित भए जस्तो लाग्यो । माओवादीले पनि सिंहदरबार पस्न शक्ति स्थापित गरेका होलान, सिंहदरबार प्रवेश गरेपछि त्यो त्यसै डिफ्युज हुन्छ । जुन प्रयोजनका लागि जुन शक्तिको आराधना गरिन्छ, त्यसपछि त्यो सकिन्छ । प्रादेशिक संरचनाको कुरा आउँछ, त्यहाँ प्राकृतिक स्रोत जोडिन्छ । सगरमाथाबाट हिउँ पग्लेर झरेको पानी तराईसम्म जानुपर्‍यो नि ।

तराईको वारपार काँक्राको चिरा जस्तो, भित्री भाग वारपार हिमाल । यो गर्दा हिमालीले हिउँ चाटेरमात्र निर्वाह हुँदैन, तराईवालाले बालुवामा मात्र खेलेर हुँदैन । पानी त माथिबाटै झर्नुपर्‍यो, उत्तरबाट । तसर्थ जोग्राफिकल, क्लाइमेटिकलको मेलमिलाप नै नेपाल हो । हिजो पनि राईहरूको एउटा मिटिङ भएको थियो, हामीलाई अरूण पूर्व, दूधकोसीदेखि पश्चिम आउन पाइँदैन भनेर पासपोर्ट, भिसा सिस्टम लागू भयो भने गाह्रो हुन्छ । फेरि चाँदनी दोधारा पुगेका राईहरूले तुरुन्तै फिर्ता हुनुपर्‍यो भने के होला ? त्यसकारण यस विषयमा विचार गर्नुपर्छ भन्ने कुराहरू आए । सजिलो सँगसँगै असजिलो पनि सिर्जना हुन्छ । तसर्थ हामीले यहाँबाट यथार्थताभन्दा बढी या घटी केही कुरा नगरौं । अहिले जनताले अधिकार खोजेको हो । बलबहादुर राईजी १९ पटक प्रधानमन्त्री भएँ भनेर भाषण गर्नुहुन्छ, त्यो नयाँ र ठूलो कुरा भएन ०८ सालमै मातृकाको पालामा नारदमुनि थुलुङ भएकै हो नि । त्यसबेलादेखि ५० जनाभन्दा बढी राई मन्त्री भए होलान । नेपाल त जस्ताको तस्तै रह्यो । तसर्थ समस्या मन्त्री हुनु या नहुनुको होइन, आर्थिक, सभ्यताको विकास हुनुपर्छ भन्ने हो । यहाँ आएका रिफरेन्सहरू अझ बढी आउन भन्ने अपेक्षा गर्छु ।

**प्राध्यापक कृष्ण पोखरेल**

हामी जुन पद्धतिको कुरा गर्दैछौं, त्यसको अन्तिम कुरा जनताको सशक्तीकरणको उच्च गति हो भन्ने लाग्छ । सारा लडाइँ या प्रयत्नहरू, समावेशी लोकतन्त्र या राज्यको पुनःसंरचनाको कुरा जन सशक्तीकरणको उच्चतम अवस्था हामीले खोजेका हौं । राज्यको पुनःसंरचना आफैंमा लक्ष्य हो भन्नेचाहिँ मैले पनि ठानेको छैन । त्यो ठानियो र त्यो रामवाणले सबै समस्या समाधान गर्छ भन्ने सोचियो भने हामी अर्को महाभूल गर्छौं जस्तो लाग्छ । त्यसले गर्न खोजेको के मात्र हो भने .....२३८ वर्षदेखिको अति केन्द्रीकृत राज्य प्रणालीले गर्दा जनतालाई यो राज्य मेरो हो भन्ने अनुभूति भएन । किन रोल्पा या रुकुममा विद्रोह उठ्यो भन्ने सवालमा मलाई के लाग्दछ भने त्यहाँ पखाला लागेर मानिस मर्दा राज्य जीवनजल लिएर कहिल्यै गएन,



भोकमरी चल्दा राज्य अन्न लिएर कहिल्यै गएन, बिरामी पर्दा सिटामोल लिएर गएन । जब जनताले अधिकारका लागि बन्दुक समात्यो राज्य गोली लिएर गयो । त्यहाँको जनताका लागि राज्य भनेको पीडक संस्थाबाहेक केही भएन ।

त्यहाँका ठूलाठालु जो राज्यसँग गाँसिएका थिए, ती राणाका पालामा राणासँग नजिक भएर त्यहाँ राज्य गरे, ०७ सालपछि तिनै कांग्रेस भए, ०१७ सालपछि तिनकै छोरानाति पञ्च भए, ०४७ पछि फेरि ती कांग्रेस भए र ०५२ पछि तीमध्ये कतिपय एमाले भए, राजाको शासन फर्केपछि राजातिरै फर्किए ।

त्यहाँको सामाजिक व्यवस्था जो सामन्ती थियो त्यो त्यही रह्यो, त्यहाँको सामान्य जनता जहिले पनि यातना र पीडाको सिकार भइरह्यो । त्यसविरुद्धको विद्रोह ठान्छु म । त्यसकारण जातीय उत्पीडन, भाषिक पनि शोषणसँग जोडिएको कुरा हो । वर्गीय शोषण छ, तर शोषणको अर्को रूप जातीय पनि छ । जातीय प्रतिनिधित्व हुनुपर्छ भन्दा मलाई के लाग्दछ भने हरेक जातिमा (जस्तै बाहुन क्षेत्रीको रजाइँ यो भन्दा) सम्पन्न र इलिटहरूले शासन गरिरहेका छन् । भारतमा पहिला-पहिला दलितको कुरा गर्दा जगजीवन, अहिले कुरा गर्दा रामविलास पासवान, ती त त्यहाँका इलिट हुन् । ती आफैं पनि कुनै न कुनै रूपमा शोषक हुन् । जातिको कुरा उठेको भनेको त त्यो जातिको तल्लो तहमा भएकाको मुक्तिको कुरा हो भन्ने मैले बुझेको छु । यहाँ पनि जातीय कुरा उठ्दा इलिटहरूकै सहभागिताको कुरा भयो भने त आर्थिक रूपमा तल परेकाको समावेशी नहुने कुरा आयो भने सापोनापो बराबर नै हुने भयो । त्यस हिसाबले हेर्नुपर्ला भन्ने मलाई लागेको छ ।

जहाँसम्म संघीय संरचनामा जाने, कुन मोडलमा जाने भन्ने छ । अहिले बढीभन्दा बढी संघीय संरचनाबारे राजनीतिक दलहरूको कुरा आइरहेको छ । धेरै भन्दा धेरै निर्णय तह बनाउने अर्थमा मैले बुझेको छु, अल्पसंख्यक जातिको सबै केन्द्रमा आएर राष्ट्रिय राजनीतिको मूल मुद्दामा निर्णय गर्ने अवस्था नहोला, उसको आवश्यकता पनि तत्कालका लागि त्यो नहोला । तर निर्णय केन्द्र त त्यसको घर नेर पनि पुग्नुपर्‍यो, प्रजातन्त्रले उसको घरको दैलो खोल्नु पर्‍यो । उसले त्यही प्रजातन्त्रको स्वाद पाउनुपर्‍यो । हाम्रा अहिलेका जनप्रतिनिधिहरू सांसद भएर राजधानी आएपछि मतदाताको सेवा कमै गरेको अनुभव हुन्छ । तसर्थ पुनःसंरचनाको कुरा धेरैभन्दा धेरै निर्णय केन्द्रहरू खडा गर्ने कुरासँग जोडिएको जस्तो मलाई लाग्छ । जसलाई जहाँ जे आवश्यकताको लागि निर्णय चाहिन्छ, नीति चाहिन्छ, त्यो बन्ने ठाउँमा ऊ सहभागी हुन पाउनुपर्‍यो । पुनःसंरचनाद्वारा त्यो अवसर मिल्छ कि मिल्दैन त ? हामी अहिले केन्द्र, प्रदेश या स्थानीय स्वायत्त सरकारको कुरा गर्दैछौं, हिजो त्यो ढंगले आएन । अब त्यसरी बन्यो भने कुन तहको जनताको तत्कालको आवश्यकता कहाँसम्मको सहभागिताले भनेर अधिकारसहित हुनुपर्‍यो । संघीय भन्नाले तलसम्म नै संवैधानिक रूपमै अधिकार जानुपर्‍यो । अहिलेको कुरा दिँदा दिने, लिँदा लिने कुरा आयो । अघि सुरेन्द्र कमरेडले भनेको कुरा कस्तो लाग्यो भने यो त आवश्यकतामा आधारित कुरा हो ।

हामीले आइए, बिएमा भारतका बारेमा भारतीय संविधान संघीय संरचनाको हो, तर एकीकृत स्पिरिटको हो भनेर पढ्यौं, अघि उहाँले भनेको कुरा त्यही हो ।

प्रयोगमा अमेरिकामा जे गरेको भए पनि इन्टर स्टेट ट्रान्सपोर्टको कुरा आएपछि एउटा राज्यमा ट्रकको आठ टन लोड गर्न दिन्छ, अर्कोमा १० टन दिने भयो, एउटा राज्यबाट ट्रकले सामान लोड गरेर लग्यो भने अर्को राज्यको सिमानामा अनलोड गरेर लानुपर्ने कुरा आयो । यी कुरा त केन्द्रबाटै गर्ने हुनुपर्‍यो, इन्टर स्टेट कमर्सको कुरा आउँछ भने त्यो दुई राज्यबीचको मात्र नभएर ५० वटा राज्यको कुरा आयो भने पनि केन्द्रले हेर्नुपर्‍यो । यो ढंगले जान्छ । संघीय संरचना हुँदैमा मलाई एक पटकमै सबै समस्या समाधान भइहाल्छ भन्ने लाग्दैन । भारतमै पहिला कति राज्य थिए, अहिले कति राज्य भइसके । संघीय संरचनामा जान्छौं भनेर हामीले नीतिगत रूपमा सिद्धान्ततः मान्नुपर्‍यो, आजका ज्वलन्त समस्याको समाधान यही हो भनेर । यस्तो सहमतिपछि अहिलेका लागि हामी कतिमा जान्छौ भन्ने त एउटा प्रक्रिया भयो, भोलि त्यसले पुगेन भने संख्या बढेर जाला । भारतमा देखियो नि उत्तरप्रदेशबाट अर्को राज्य उत्तराञ्चल निस्क्यो, बिहारबाट झारखण्ड निक्ल्यो ।

राजतन्त्रको कुरा आयो । राजा वीरेन्द्रको वंश नास हुने गरी हत्याकाण्ड भएको दिन जेठ १९ पछि शासन गर्न पाउने वैधानिकताको कुरा हो । पृथ्वीनारायण शाहको दिव्यउपदेश पढ्दै जाँदा मैले राजाले हुकुम जफत गरेर राख्नु भन्ने पाएँ, राज्य गर्न पाउने शक्ति आफूसँग जफत गरेर राख्नु भनिएको रहेछ । पछि राणाहरूले लाल बाकसको हुकुम नपाएकाले हुकुम बन्द गरेर राख्ने पद्धति ल्याए । जेठ १९ पछि नयाँ राजाले हुकुम जफत गर्न खोजेका थिए, तर उनको राज्य गर्न पाउने वैधानिकतामाथि नै जनताको प्रश्न रहेकाले उनी फेल भए ।

राजा ठाउँठाउँमा जाँदा जनताको भीड देखे, ठाउँठाउँमा राजाले मिडियामा भनेका छन्, यही पाटन जाँदा पनि आजको उपस्थितिबाट म प्रसन्न छु भने, जनताको उपस्थितिलाई राजाले आफ्नो समर्थन ठाने । तर, शासन गर्न पाउने अधिकारमाथि जेठ १९ पछि नै प्रश्न उठेको हो, युवाहरू सडकमा आएका थिए, पार्टीहरूले नेतृत्व दिन सकेनन् ।

आन्दोलनमा अचानक यत्रा जनता कहाँबाट आए भन्ने कुरामा मलाई के लाग्दछ भने यो राजा, यो राजतन्त्रले राज्य गर्न पाउने वैधानिकतामाथि नै जनताले प्रश्न उठाएको हो । यो मुलुकमा राजाले राज्य गर्न पाउने पद्धति चाहिँदैन भन्ने जनताले लगाएका नारा हुन् । आन्दोलनमा समावेशी लोकतन्त्रका कुरा मैले सुनिन, गणतन्त्रका कुरा सुनियो, मैले त सबभन्दा बढी जनआक्रोश राजाको विरुद्ध मात्र नभई उत्तराधिकारीका बारेमा पनि रह्यो । यसर्थ पनि राजतन्त्रले वैधानिकता गुमायो भन्ने मलाई लागेको छ । हाम्रो विद्वान मित्रले राख्नुभएको तर्कमा सहमत हुँदै राजतन्त्रको छिनोफानो चाहिँ संविधानसभामा चुनिएका प्रतिनिधिद्वारा गर्ने हो कि हामीले नै गर्ने भन्ने प्रश्न आउँदा मलाई हामीले नै सोझै निर्क्योल गर्नुपर्छ भन्ने लाग्दछ । थोरै संख्यामा गएका प्रतिनिधिलाई छिनोफानोको जिम्मा दिने हो भने हाम्रो इच्छाको सही प्रतिनिधित्व त्यो विषयमा होला नहोला ? राष्ट्रिय अन्तर्राष्ट्रिय शक्ति केन्द्रको चलखेलले कहाँ पुर्‍याउने हो भन्ने भय छ ।

**रमणराज मिश्र, समाजशास्त्री**



अवधारणा राम्रो छ, सबै आइडियल पत्र राम्रै हुन्छन् । तर सम्भाव्यताको कुरा यहाँ आएन, भूराजनीतिले हामीलाई के गर्न दिन्छ या दिँदैन ? विश्वव्यापीकरणको बेला अन्तर्राष्ट्रिय राजनीति, खुल्ला बजारको कुरा छ । हाम्रा नेताहरू सबै कम्युनिस्ट छन्, कोही कानुनी वाम होलान् कोही गैरकानुनी वाम होलान । कम्युनिस्टको अर्थतान्त्रिक विचार हामीमा छ, विश्वव्यापीकरणको वहाव छ, तसर्थ अन्तर्राष्ट्रिय राजनीतिमा हाम्रो दायरा छुट्याउन पाए राम्रो हुने थियो । हाम्रो क्षेत्रीय राजनीति छ, हालैमात्र डा. बाबुराम भट्टराईको लेखमा बाहिरबाट षड्यन्त्र भइरहेको छ भन्ने आएको छ । हामी कठपुतली हौं कि मानिस हौं भन्ने पहिला छुट्याउनु पर्‍यो । यदि कठपुतली हौं भने जति आदर्श छाँटे पनि केही हुँदैन । आफूले चाहेको जस्तो देश बनाउने अधिकार हामीमा छ कि छैन ? सार्वभौम हामीमा छ कि छैन ? हामीले छ भनौंला तर व्यवहारमा छ कि छैन ? ०४७ को संविधानमा सार्वभौमसत्ता जनतामा छ र यस संविधानअनुसार प्रयोगमा आउने छ भनिएको छ । सार्वभौमिकता त प्रयोग गर्ने हो, मोटर जनताको हो, एउटा चालक त चाहिन्छ । यो भनेको सार्वभौमसत्ता पहिला राजामा थियो, पछि संविधानमा गयो । अहिले आएर पुनःस्थापित प्रतिनिधिसभाले सार्वभौम अधिकार हामीमा छ भन्यो, संविधानमा भएको अधिकार संसद्मा सर्‍यो । जनताको कुनै इकाईलाई दिएर सार्वभौमसत्ता जनतामा आउँछ कि कानुनी राज्यमा संविधानमै भएर हुन्छ । व्यवहारमा के देखिन्छ भने अझै कायम रहेको संविधानमा जनताको सार्वभौम अधिकार त छँदैछ । जनताकै नाममा राजा हुन, रामचन्द्रको पालादेखि होस्, स्टालिन, सद्दामले पनि चलाएकै हो । तर कुरा सार्वभौम सत्ताको प्रयोगको हो । मेचीदेखि-महाकाली, मनाङदेखि-महोत्तरीका जनताले त राज्य गर्न सक्दैनन् । एउटा माध्यम चाहियो, तसर्थ कुनै व्यक्ति, संस्था या एकाईलाई दिने कि संविधानलाई सार्वभौम सत्ताको रक्षक राख्ने ?

हामी अलमलिएको पद्धति र संरचनामा हो । समाजशास्त्रीका रूपमा म के मान्दछु भने व्यवहारमा हामीले उतार्न सक्यौं भने संरचना बन्दै जान्छ । पहिला संरचना बनाएर अनि व्यवहारमा उतार्छौं भन्नुचाहिँ कठिन हो, त्यसो गर्दा पहिला ग्रामर बनाएर भाषा चलाउँछु भने जस्तो हो ।

अर्को जातीयताको कुरा छ । मैले भट्टचनजीसँग धेरै कुरा गरेको छु । यदि जनताको सार्वभौमसत्ता पार्टीमा निहित छ । पार्टीका केन्द्रीय समितिमा एउटै जातिको बाहुल्यता छ, त्यो पार्टीको भ्रातृ संगठनमा जनजाति छन् भने कसले संचालन गर्ने ? जनजाति संगठनको माने के ? विभिन्न पार्टीका मगर, लिम्बू, गुरुङ, राई, मधिसे संगठन छन्, तर केन्द्रीय समितिमा एकै जातिमात्र छन् भने त्यो देखावटीमात्र हो कि ? तसर्थ प्रतिनिधित्वभन्दा प्रयोगमा ल्याउनुपर्‍यो भन्ने मेरो मान्यता हो ।

**इन्दिरा आचार्य, उपप्राध्यापक**

जति ढिलो बोल्न पाइन्छ, त्यति कुराहरू सिद्धिन्छन् जस्तो लाग्छ । राज्यको संरचना के हो ? यसभित्र के के पर्दछन् ? अनिमात्र राज्य पुनःसंरचनाको कुरा आउँछ जस्तो मलाई लाग्दछ । आज राज्यको संरचना एकात्मक छ कि संघात्मक छ । हामीले राज्य संरचनामा एकात्मक र संघात्मक मात्र हुन कि अरू

पनि छन् । मेरो बुझाईमा राज्य संरचना भन्नाले राजनीतिक, आर्थिक, प्रशासनिक, शैक्षिक, न्यायिक आदि हुन् । राज्यको पुनःसंरचना किन भनिएको छ, अवधारणामा । जाति, विभेद आदिलेमात्र पुनःसंरचना गर्नुपरेको हो कि के कारणले हो ? जब राजनीतिक पद्धतिले राम्रो काम गर्दैन तब त्यसलाई पुनःसंरचना गर्नुपर्छ । हामीले पुनःसंरचना गर्दै गए पनि कार्यान्वयन पक्ष राम्रो भएन भने कहिल्यै राज्य सफल हुँदैन । पुनःसंरचना गर्दै जानु आवश्यक हुन्छ ।

तसर्थ पुनःसंरचना गर्नुपर्नाको कारण तिर जानुपर्‍यो । हाम्रो विद्यमान संरचना कस्तो छ भन्नेतिर जानुपर्‍यो । राजनीतिक पद्धतिले राम्रो काम गरेन भने यस्तो हुन सक्छ, जस्तै कृष्ण सरले भने झै हुम्लामा नुन चाहियो नुन छैन, चामल चाहियो चामल दिइएन, तर गोली गयो । त्यो कार्यान्वियन पक्षको फितलोपन हो । यस्तै अवस्थामा विश्वमै राज्यको पुनःसंरचना भएको मलाई लाग्दछ ।

जातीय स्वायत्तता, प्रादेशिक भौगोलिक स्वायत्तताको कुरा पनि उठिरहेको छ । यसैका लागि राज्यको पुनःसंरचना गर्ने हो त ? कि पुनःसंरचनाको लागि जातीय स्वायत्तता चाहिएको हो ? मूल मुद्दा के हो ? जातीय स्वायत्तता पाए हाम्रो मुद्दा सकिन्छ, राज्यको पुनःसंरचना हुन्छ ? प्रत्येक जातिमा असमानता छ, हामीले खोजेको के हो भन्ने कुरा छ । यही अवधारणाका आधारमा भन्दा सहभागिताको कुरा आयो, हामीले खोजेको सहभागिता हो कि, समावेशी हो कि, जातीय समानता । वडा प्रतिनिधिमा अनिवार्य व्यवस्था गरेपछि महिलाको सहभागिता २० हजार बढेको थियो, तर त्यसले के काम गर्‍यो त ? हामीलाई सहभागिताभन्दा जातीय समानता हुनुपर्‍यो जस्तो लाग्छ । सहभागिता मात्र भएर पुग्दैन, समानताको धारणा ल्याउनुपर्छ । राज्यको संरचना र पार्टी संरचनामा पनि त्यो हुनपर्छ । त्यसको प्राप्तिका लागि राज्यले के गर्ने त ? अब कुरा आउँछ-वर्गीय विभेद, असमानताको प्रश्न, जसलाई हटाउनुपर्छ भन्ने मलाई लाग्दछ ।

> *'हामीले खोजेको सहभागिता हो कि, समावेशी हो कि, जातीय समानता'*

यो अवधारणामा कहाँ कसरी भएका छन् भन्ने छैन । संघीय ढाँचाको पतन भएपछि बनेका एकात्मक राज्यहरू लिथुआनिया, युक्रेन, जर्जिया, स्लोभाक आदि भए । एकात्मक राज्यबाट पनि संघात्मक भएका छन्, जस्तै भारत, बेल्जियम । ती किन संघात्मकमा असफल भएर एकात्मकमा गए, किन एकात्मक असफल भएर संघात्मकमा गए भन्ने कुरा राखिदिनु पाएको भए राम्रो हुने थियो ।

**कुवेरबहादुर श्रेष्ठ, पूर्वमेजर, शाही नेपाली सेना**

मैले अवधारणा र टिप्पणी सुन्दा लाग्यो- जब माओवादीले नेपाललाई नौ क्षेत्रमा बाँड्ने घोषणा गरिसक्दा पनि हाम्रा सात पार्टीले किन केही भनेनन् भन्नेमा अवधारणा मौन छ, न अवधारणा प्रस्तोताले यसबारे आफ्नो धारणा नै दिनुभयो, दिएको भए राम्रो हुने थियो ।



नेपालमा ऐन कानुन निकालेर ठेलीका ठेली भइसक्यो । मेरो उहाँलाई प्रश्न छ-राज्यको संरचना र स्वरूपको कुरा गर्दा पुनःस्थापित प्रतिनिधिसभाले जति घोषणा गर्‍यो त्यो कार्यान्वयन कहाँ भयो, के-के भयो भनेर फर्केर किन हेरेन ? पछाडि फर्केर नहेर्नुको कारण के ?

शाही सेनामा १२ वर्षे कालमा पनि केही हुन सकेन भन्ने कुरा आयो । म यही मञ्चबाट तपाईंहरूलाई सल्लाह दिन चाहन्छु-तपाईंहरू समावेशी होइन, समावेशीको बाउ गर्नुस् जबसम्म शाही सेना र प्रहरीमा भएका जवानहरूबारे रक्षामन्त्रीले २४ घन्टा खटेर ब्यारेकमा के किसिमको कामकारबाही, व्यवहार, अन्याय, अत्याचार, थिचोमिचो बुझेर, अब त्यहाँ के गर्ने भन्ने र सिपाहीहरूलाई मानवअधिकार एवं आफ्नो हक, अधिकारको ज्ञान दिइँदैन तबसम्म केही हुने वाला छैन ।

०४६ पछि १२ वर्ष शासन चलाउँदा कुनचाहिँ रक्षामन्त्रीले सिपाहीहरूलाई कस्तो मर्का परेको थियो भनेर केही गर्‍यो । अहिले पनि तपाईंहरू गएर सुनाइदिनुस्- यस्तो रक्षामन्त्री हुनुपर्‍यो, जसले सिपाहीलाई के मर्का पर्‍यो, कसरी यिनलाई समावेशी लोकतन्त्रमा समावेश गर्ने भन्ने सन्देश दिनुपर्‍यो नि ।

त्यस किसिमको पहल राज्यबाट भइदिनुपर्‍यो । अर्को हामी सेना या प्रहरीका कुनै मानिसले रक्षा र गृहमन्त्रीलाई केही अन्याय पर्‍यो भनेर निवेदन दियो भने हेर्दासमेत हेर्दैनन् । यति अन्याय छ । उनीहरू निवेदन सैनिक मुख्यालय या प्रहरी प्रधानकार्यालय पठाउँछन्, यसो गर्दा जोसँग जसको बर्खिलाप भएर मानिस बाहिरिएको छ, अन्याय गर्नेको पक्षमा काम हुन्छ । कसैलाई अन्याय अत्याचार भयो, घुसखोरी भयो भनेर निवेदन दियो भने रक्षामन्त्रीले सैनिक मुख्यालय पठाउने चलन छ । यसबाट देखिन्छ-अझैसम्म नेपालमा समावेशी लोकतन्त्र आएकै छैन । सम्भ्रान्त वर्गको जस्तो शासन छ, त्यही चलिरहेको छ । तपाईंहरूले ठाउँमै कुरा उठाएर अहिलेको नेपाली सेना समावेशी हुनुपर्‍यो, त्यहाँ पनि क्षेत्रीय या अन्य अवधारणा आउनुपर्‍यो र मानव अधिकारको ज्ञान हुनुपर्‍यो है । सुरेन्द्रजीले मल्लकालीन शासनकालमा काठमाडौंमा तीन राजा थिए भन्नुभयो, उहाँले ट्राइवल्स भन्नुभयो, त्यो त हुँदै हो । भारतमा पनि सबै राजा त्यस्तै थिए । नेपालमा चाहिँ काठमाडौंबाट रैथाने मल्लहरूलाई धपाएर २३८ वर्ष चलाउने, यो शासन मान्दै आएकाले हामी यो हालतमा पुग्यौं । पहिला हुनेलाई नमान्ने त भएन नि । मल्ल राजाहरू थिए भन्ने त मान्नुपर्‍यो ।

सबैभन्दा पहिला गणतन्त्र या राजतन्त्र के भनेर जनमतसंग्रह हुनुपर्‍यो । अनिमात्र संसदीय व्यवस्थामा जानुपर्‍यो ।

**कुमार रेग्मी, अधिवक्ता**

अवधारणा प्रस्तोता दाइलाई मेरो धन्यवाद छ । सुरेन्द्रजीको टिप्पणी पनि सारगर्भित छ । संघात्मक ढाँचामा जाने कि के गर्ने भन्ने हामीकहाँ बहस चलिरहेको छ । यस बारेमा जति आधारहरूको प्रस्तुति, अन्य मुलुकको अध्ययन हुनुपर्ने, अरू मुलुकमा किन ल्याइयो, यहाँ यसले के दिन सक्ला भन्ने कुरा सय भागमा एक भाग पनि बहस र छलफल भएको छैन । स्वीट्जरल्याण्ड र

बेल्जियम सानै राष्ट्र भए पनि संघीय ढाँचा छ, त्यसबाहेक संघीय ढाँचा हुनुमा ती देशहरूको भूभाग नै हो, अत्यन्तै ठूलो भूभागमा केन्द्रबाट स्थानीय तहको शान्ति सुरक्षा कायम गर्न, सिंचाइ, स्वास्थ्य, शिक्षाजस्ता साना कुरामा हेर्न सम्भव नभएकाले दैनिक शासन प्रशासन संचालन गर्न संघीय ढाँचामा गएको पाइन्छ। तल पनि सरकार चाहियो भनेर संघीय ढाँचा लागू भएको पाइन्छ, भारत, क्यानाडा, अस्ट्रेलिया, अमेरिका, रसिया आदि उदाहरण हुन्। नेपालमा त्यो लागू हुँदैन, नेपाल सानो छ। भारतमा बिहार राज्य छ, भूभागको हिसाबले नेपालभन्दा ठूलो छ, जनसंख्या नेपालभन्दा पाँच गुणा बढी छ। भू-भागका हिसाबले नेपालमा संघीय ढाँचा उपयुक्त हुन्छ हुँदैन, चल्न सक्छ/सक्दैन भन्नेबारे पनि हामीले सोच्नै पर्छ। जनसंख्या पनि प्रमुख कुरा हो। भूभागसहित जनसंख्या धेरै भएका मुलुकमा पनि संघीय ढाँचाले मुलुक अगाडि नबढाए तलको स्थानीय शासन राम्ररी संचालन हुन सक्दैन भन्ने कारण पनि छ। संघीय ढाँचाहरू-भारत हेरौं-तमिलनाडू एउटा राज्य, राज्यमा पनि तमिल भाषालाई राष्ट्रिय भाषा बनाइयो भने काम चल्न सक्ने। कर्नाटक, बिहारमा पनि त्यही छ। यो आधार नेपालमा लागू हुन्छ या हुँदैन भन्नेमा पनि हामीले ध्यान दिनुपर्छ। संसारका १६१ राष्ट्रमा एकात्मक राज्य छ। चीनमा समेत एकात्मक राज्य छ, स्वायत्त प्रदेशहरू छन्, संघात्मक ढाँचा छैन।

बेलायतमा पनि छैन, त्यहाँ अहिले अत्यधिक अधिकार निक्षेप गर्ने-स्कटल्यान्ड, उत्तर आयरल्यान्डमा स्थानीय संसद्कै चुनाव पनि गराइयो, तर केन्द्रले बनाएको कानुनसँग त्यहाँको बाझियो भने केन्द्रकै कानुन लागू हुन्छ। अहिले आएको विकेन्द्रीकरण, कम स्वायत्तता र संघीय बीचको सिद्धान्त छ, स्थानीय सरकारको अवधारणा। यसले एकात्मक शासनमा बढी स्वायत्तता तल दिने र शासन सञ्चालन गर्ने भन्ने सिद्धान्त छ।

नेपालका लागि त्यो पो उपयुक्त हुने हो कि ? नेपालमा अहिले चलिरहेको केन्द्र अति बलियो हुने, स्थानीय तहका साना-साना काम पनि केन्द्रबाट गर्नुपर्ने अत्यन्त ठीक छैन, अन्य मुलुकमा पनि यो ठीक छैन भन्ने कुरा आइरहेको छ। संघात्मकचाहिँ नेपालले पचाउन अर्थात यहाँ चल्न सक्छ कि सक्दैन ? राम्रो कुरा त ल्याइयो तर यहाँ चल्न सकेन भने के गर्ने ? अघि नै कुरा आयो- पानी, आर्थिक विकासको। नेपालमा राम्रो बाटो हुने हो भने १२ घण्टामा मेचीबाट महाकाली पुगिन्छ, प्लेनमा डेढ घण्टामात्र लाग्छ। यस्तो स्थानमा ९/१० राज्य बनाउने ? देशको काम नै राज्य बनाएर मन्त्री, माननीय, न्यायाधीश, तलको राज्यको संरचनामात्र खडा गर्ने हो कि अरू काम गर्ने हो ? यी समग्र पक्षलाई हामीले हेरेर नेपालमा संघीय शासन चल्न सक्छ कि सक्दैन भन्ने कुरा 'इमोसनल' भएर होइन, 'जस्टिफिकेसन' हुने गरी हेर्नुपर्छ। हाम्रो जनसंख्या र भूभाग ठीक छ छैन। जसरी यहाँ माओवादीको मगरात आयो, नेपाल अधिराज्यभरी ७ प्रतिशत छन्, जहाँ मगरात भनिएको छ त्यहाँ ३/४ प्रतिशत होलान, तसर्थ जातिको आधारमा भएन। भाषाको आधारमा पनि यहाँ भएन। भौगोलिक र जनसंख्याको आधारमा अत्यधिक स्वायत्तता नै नेपालमा चल्न सक्ने र त्यसैले नै नेपाल र नेपालीलाई फाइदा पुग्न सक्ने हो कि भन्नेतिर बहस हुनुपर्ने मलाई लाग्दछ।



राजतन्त्र र गणतन्त्र अझै तीतो विषय हो। यसमा पनि नबोली नहुने स्थिति छ। जुन ढंगले संविधानसभाको प्रक्रिया सुरु भइसक्नुपर्ने थियो, त्यो नहुनुमा दुई कारण छन्: (१) माओवादी हतियार, (२) राजालाई यो आन्दोलनले हराएको हो कि हैन, राजाको कुनै स्थान नेपालमा अब हुन पर्दैन भन्ने निक्योल यो आन्दोलनले गरेको हो कि कुनै न कुनै रूपमा राजालाई पनि ठाउँ दिने गरी राजाले ११ गतेको घोषणा गरेका हुन अथवा १२ बुँदे सहमति हुँदा गणतन्त्र भन्ने शब्द त्यहाँ नअटाएर नलेखेको हो कि लेख्दा आन्दोलन अगाडि बढ्न सक्दैन भनेर नलेखेको हो। तितो भए पनि यस विषयमा हामीले छलफल गर्नैपर्छ। नेपालीको बानी नै छ ठूलो उपलब्धि हासिल गर्ने अनि एक दुई वर्षमा सबै कुरा गुमाउने, ०७ सालदेखिको रोग। अहिले हामीले यति ठूलो उपलब्धि हात पारेका छौं। सेरेमोनियल र संवैधानिक राजतन्त्रबीच म त आकाश र पतालको फरक देख्छु।

संवैधानिक राजतन्त्रमा संसद्मा राजा पनि थिए, अहिले संसद्मा राजा छैनन् प्रतिनिधिसभा जनताको मात्र हो। बेलायतमा क्राउन-गभरमेन्ट भनिन्छ, रानीले केही पनि गर्दिनन् तर कार्यपालिका भनेको रानी र मन्त्रिपरिषद् हो त्यहाँ। नेपालमा पनि त्यही थियो, राजालाई अहिले हटाइयो। हिजो राजाको सम्पत्ति कर मुक्त थियो, बेलायतमा पनि थियो। बेलायतको रानीले पछि आएर म पनि कर तिर्छु भनेकाले त्यहाँ पनि कर लाग्छ, उनलाई कानुनले कर तिर्न बाध्य पारेको होइन, स्वयम् तिरेकी हुन्। यहाँ हामीले राजाको सम्पत्तिमा कर लाग्ने कानुन बनायौं। ६४ करोड पहिला खान्थे, २० करोड रूपैयाँ बनायौं त्यसमा पनि पहिल्यै कर लाग्ने व्यवस्था गऱ्यौं। राजाको उत्तराधिकारी हामीले चुन्ने भनेका छौं, उनका बारेमा संसद्मा प्रश्न उठाउन पाइन्नथ्यो तर अहिले दिनका दिन संसद्मा कुरा उठाइन्छ। संवैधानिक हुँदा अदालतमा प्रश्न उठाउन पाइँदैनथ्यो, अहिले त्यो पनि पाइन्छ। सब कुरा उपलब्धि हो।

सेरेमोनियल भनेको घोडेजात्रामा उपस्थित हुने, पाटनमा कृष्ण भगवानलाई ढोग्न जाने अवस्थामा पुऱ्याइएको राजालाई त्यही छोडेर यसैलाई सुनिश्चित गर्ने गरी संविधानसभामा सबै पक्ष जाने हो भने यहाँ संविधानसभा हुन सक्छ। विदेशीले गर्न नदिने, पुरातनतत्वले गर्न नदिने अवस्था नआउला। देशको लक्ष्य भनेकै एक मात्र हो-गणतन्त्र। अनि जे-जे गर्नुपर्ने हो गरौंला, माओवादीको गणतन्त्र कस्तो हो-उत्तर कोरिया र क्यूबा जस्तो हो कि ? कांग्रेसले सोचे जस्तो अमेरिका र फ्रान्स जस्तो हुने हो कि ? केही ठेगान छैन। त्यो लाइनमा हामी हिँड्ने हो भने यो लक्ष्य पूरा हुन्छ कि हुँदैन ? १२ बुँदेमा निरंकुश राजतन्त्र नभनेर राजतन्त्रमात्र भनेको भए भैहाल्थ्यो नि, हामीलाई किन भूलभुलैयामा राखेको ? राजतन्त्रको अन्त्य भनेको भए कुरै सकिन्थ्यो, आन्दोलन अरू ८/१० दिन लम्बिन्थ्यो होला राजतन्त्रै फालिन्थ्यो। अहिले संविधानसभाबाट बन्ने संविधानमा संसद्को दुई तिहाईले पास गरेर जनमतसंग्रहबाट राजतन्त्रलगायत कुनै पनि विषयमा निर्णय लिन सकिने भन्ने व्यवस्था राखेर अगाडि बढ्दा सेरेमोनियलसहित राज्य पुन:संरचना गर्ने स्थितिको उपलब्धि प्राप्त हुन्छ, नेपाली जनताले ५६ वर्षअघिदेखि नै संविधानसभामार्फत संविधान बनाउने हाम्रो लक्ष्य पूरा हुन्छ। फेरि मुद्दामा विवाद हुँदै गयो भने माओवादीले

हतियार नछोड्ने होला, संविधानसभा नचाहनेले हुन नदिने होलान, हामी कहाँबाट कहाँ पुग्ने हौं ।

हामीले भ्रम फैलाउने कुरा गर्नुहुँदैन, अहिले गणतन्त्र नभएको ठाउँमा लोकतन्त्र हुँदैन भन्ने कुरा आएको छ । सत्यचाहिँ जहाँ निरंकुशता छ, त्यहाँ लोकतन्त्र छैन-उत्तर कोरिया या तानाशाह भएको मुलुकमा लोकतन्त्र छैन । तर, सेरेमोनियल राजतन्त्र भएको जापान, स्विडेनमा लोकतन्त्र छ, संवैधानिक राजतन्त्र भएको बेलायत, अस्ट्रेलिया, क्यानाडा, न्युजिल्यान्डमा लोकतन्त्र छ । हाम्रो मुलुकका राजा कहिल्यै पनि लोकतन्त्रको पक्षमा उभिएनन्, त्यो अर्कै कुरा हो । सैद्धान्तिक रूपमा जहाँ गणतन्त्र छ त्यहाँमात्र लोकतन्त्र छ भन्ने कुरा गलत हो । हामीकहाँ माओवादी पनि निरंकुश शक्ति हो, आफ्नो क्षेत्रमा अरूलाई बस्न नदिने, पस्न नदिने, बोल्न नदिने, हिँड्न नदिने । त्योसँग रहेको हतियार के हुने हो ? फेरि टाउको उठाउन नसक्ने गरी निरंकुशतालाई परास्त गर्ने हो कि अरू विवादमा अल्मलिने हो, यसले हामीलाई कहाँ पुऱ्याउने हो ?

**डा. मीना आचार्य, वरिष्ठ अर्थशास्त्री**

समावेशीभन्दा प्रतिनिधित्वको मात्र कुरा गरियो । समावेशी भन्नु र सहभागितामूलकभन्दा जनमतसंग्रहको कुरा आउँछ, प्रधानमन्त्रीलाई पनि हटाउने कुरा त्यसमा आउँछ, सांसदलाई पनि घोक्र्याउन सक्ने हुनुपर्छ । यहाँ कसैले पनि जनमतसंग्रहको कुरा गरेन ।

लोकतन्त्रमा समानतामूलक अर्थव्यवस्था हुँदैन, संसारमा कहीँ पनि छैन । आर्थिक स्रोतको विषमता जहाँ पनि हुन्छ । तर, हामी त्यस विपरीतका कुरा लगेर जनतालाई बेवकुफ किन बनाउन खोज्दैछौं ? विगतमा यही कुरा गरेर काम नहुँदा जनता निरास भएर राजाले निरंकुशता लाद्न सके । ०४६ को आन्दोलनपछि हामीले सम्भवै नभएका कुरा हामी गर्छौं भन्यौं, यसो गर्दा जनआकांक्षा पूरा हुन सकेन । ताप्लेजुङका जनताले मसँग कुरा गर्दा के पाए भने पुऱ्याउन नसक्ने कुरा जनतामा लिएर गएर उनीहरूलाई उचालेर अनि यस्तो उस्तो भन्ने । यसमा माओवादीको मात्र होइन, सबै पार्टीको दोष हो ।

हामी एकातिर विश्व व्यापार संगठनको सदस्य पनि हुने, एफडीआईलाई यहाँ जग्गा किन्न दिनुपर्छ, तर यहाँका बाहुनलाई चाहिँ जग्गा किन्न नदिने भनेको के हो ? लोकतन्त्रको अर्थव्यवस्था के हो भन्नेमा पार्टीहरूले भाषणमात्र दिएर हुँदैन, स्पष्ट खाका तयार पार्नुपऱ्यो । समाजवाद गयो, सेभियत संघ या चीनको समाजवाद कहाँ गयो ? राज्यले अर्थव्यवस्था सञ्चालन गरेर हुँदो रहेनछ, निजी सम्पत्ति हुनुपर्ने रहेछ । राष्ट्रसंघको आधारभूत अधिकार मान्नेले निजी सम्पत्ति पनि एक अधिकार मान्नुपर्छ । सामुदायिक 'वनरसिप' भनेको के हो, यसले पुँजीवादभित्र कसरी काम गर्छ ? सहकारीहरू सबै सकिन्छन् । हाम्रो नेतृत्व वर्गमा यी कुरा स्पष्ट छैन । राजनीतिक रूपमा समावेशीबारे यहाँ भएका समावेशीका कुरामा म सहमत छु ।

राजतन्त्रको बारेमा जनमतसंग्रह गर्नुपर्छ भन्ने मेरो पुरानो कुरा हो, मैले फ्रिडम फोरमको कार्यक्रममै संविधानसभासँगै राजतन्त्रको फैसलाका लागि



जनमतसंग्रह गर्नुपर्छ भनेको थिएँ, एमालेले ठ्याक्कै त्यही निर्णय गरिदियो । राजा भनेको २३७ वर्षदेखि जरो गाडेर बसेको संस्था हो, सडकमा निस्केको नयाँ पुस्ताको नारालाई हाम्रो कानुन यही हो भन्न मिल्दैन । 'मेरो गोरुको बाह्रै टक्का' भन्नेमा कोही रहनु हुन्न, जनताको बहुमतलाई मान्न सबै तयार हुनुपऱ्यो, जनताले सेरेमोनियल राजा राख्न चाहे हामीले मान्नुपऱ्यो, राजा सिध्याइदिने भन्यो भने सिध्याउने । म राजा सिध्याउँछु तिमीहरूले नमाने म फेरि आन्दोलनमा जान्छु भन्ने माओवादीको भनाइचाहिँ आफैं राजा हुने कुरा हो ।

संघीय राज्यचाहिँ हुनै पर्छ । हाम्रो सानो जनसंख्या भए पनि गाउँको एउटा स्वास्थ्य चौकीमा काम गर्ने व्यक्ति काठमाडौंबाट नियुक्त गर्ने चलनले राज्य कहिल्यै सहभागितामूलक हुन सक्दैन । तसर्थ यो राज्यलाई सहभागितामूलक बनाउन यो जरुरी छ । केन्द्र र राज्यमात्र नभई त्यसभन्दा तल पनि के के अधिकार दिनुपर्छ भन्ने स्पष्टता संविधानमै हुनुपर्छ ।

**चन्द्रदेव भट्ट, राजनीतिशास्त्री**

अवधारणा एकदम राम्रो छ, टिप्पणीकारको टिप्पणी अझ व्यावहारिक देखिन्छ । यति हुँदाहुँदै पनि राज्य पुनःसंरचना किन गर्नुपऱ्यो भन्नेमा हामीमा स्पष्टता छैन । यदि राज्य पुनःसंरचना राजनीतिक स्थिरताका लागि हो भने भूभाग विभाजित गरेर राजनीतिक स्थिरता आउँदैन । राजनीतिक स्थिरताका लागि महत्वपूर्ण कुरा राजनीतिक संस्कार हो, यस्तो संस्कारको विकास भएन भने राज्य पुनःसंरचना गरेर त्यसले खासै समाधान दिँदैन । राज्यको पुनःसंरचनालाई विभिन्न किसिमले बुझिँदैछ । अहिले जातीय, वर्गीय या परिचय राजनीतिले बढी प्रभावित पारिरहेको छ । तसर्थ बौद्धिक वर्गले राज्य पुनःसंरचना यसरी हुनुपर्छ भनेर पहिल्यै स्पष्ट साथ भनिदियो भने सजिलो होला । पुनःसंरचनाको मुद्दामा राजनीतिक मूल्यमान्यताभन्दा जातीय प्रभाव बढी छ । यसले गर्दा भोलि गएर विगतका दिनमा हामीले जसरी प्रजातन्त्रलाई व्यवस्थित गरेका थियौं त्यही चक्र दोहोरियो भने राज्य टुक्रिन पनि सक्छ । तसर्थ अहिले नै स्पष्ट सीमारेखा कोरिनुपर्छ ।

**आदित्यमान श्रेष्ठ, वरिष्ठ पत्रकार**

तपाईंहरूको ध्यान म दुई कुरामा आकर्षित गर्न चाहन्छु- 'यहाँ एउटा सेतो दिवाल छ, उतातिर सबै झ्यालैझ्याल छ क्या । राज्यको संरचना हिजोसम्म यस्तो थियो, आज यस्तो भएछ अर्थात अहिले संरचना छैन छ भने सडकको संरचना छ । यस्तोमा राज्य पुनःसंरचना गर्न सजिलो छ, हामी 'क्लिन सिट' मा जानुपर्छ । आधार र औचित्यको कुरा छ ।' हामीलाई निर्वाचित सरकार त चाहियो । तसर्थ केन्द्रमा कार्यकारीलाई एकदम बलियो पार्नका लागि 'क्लिन सिट' भएकाले अमेरिकी पद्धति (राष्ट्रपति) लाई अपनाउनुपर्छ । संसदीय व्यवस्था हुने बित्तिकै कार्यकारीले विधि निर्मातालाई फाल्ने, विधि निर्माताले कार्यकारीलाई फाल्ने डर हुन्छ । राष्ट्रपतीय व्यवस्था गरेपछि उसले उसलाई, उसले उसलाई हटाउन सक्दैन । केन्द्रीय व्यवस्थापिकामा जर्मनको व्यवस्था अपनाउनुपर्छ । एउटामात्र 'युनी क्यामेरल बढी' राख्ने, त्यसमा आधा सोझै निर्वाचनबाट ल्याउने र आधा समानुपातिक

प्रतिनिधित्वबाट ल्याउने। यति भइसकेपछि राष्ट्रपतिलाई यसले हटाउन सक्दैन, राष्ट्रपतिले पनि व्यवस्थापिकालाई हटाउन सक्दैन। यसबाट बलियो सरकार, शक्ति सन्तुलन र स्थिरता हुने भयो। स्थानीय तहमा स्विस क्यान्टन व्यवस्था ल्याउनुपर्छ, प्रत्यक्ष प्रजातन्त्र पनि त्यसमा छ, नियन्त्रण पनि छ। यो व्यवस्था गरेमा कुनै गुनासो नरहने भयो। मैले यो कुरा यसकारण वकालत गरेको हुँ कि हाम्रो देशलाई चाहिने त स्विस फ्र्याङ हो, जर्मन मार्क नै हो। त्यो आएपछि हाम्रो सबै समस्या समाधान हुन्छ।

हामीले अमेरिकी पद्धतिको कुरै नगरेकाले बिचरा मोरियार्टी (अमेरिकी राजदूत) एकदम रिसाएका छन्। तसर्थ तपाईं हामी अमेरिकी राष्ट्रपतीय व्यवस्था अपनाउने कुरा गरौं उ अहिले मिलियन डलरको कुरा गर्छ, भोलिदेखि मिलियन डलरको कुरा गर्छ। आजको काठमाडौं पोस्टमा पढेको-लिथुआनिया, बुल्गेरिया, चेकोस्लाभियामा ५०/१००/२०० जना छन्, अमेरिकाले प्रति दस सैनिकका लागि करोड डलर दिएको छ। मलाई लाग्यो यस्तो सजिलो छ कमाउन। गिरिजाप्रसादजीकहाँ अक्सिजन मात्र लिएर बस्नुहुन्छ, उहाँ डलरको वर्षा भइरहेको छ। यो कुरा मिलेन। तसर्थ खाली कुर्सीमा नयाँ पेन्ट लिएर बस्नुपर्‍यो। यो थोत्रो-संसद, राजाको कुरा छोडौं।

**विजय कान्त कर्ण, उपप्राध्यापक**

उहाँले आदित्यमान डलरको कुरा गरिदिनुभयो, सहभागीहरू बहुत खुसी भए। डा. यज्ञ अधिकारी र सुरेन्द्र पाण्डेलाई धन्यवाद र बधाई दिन चाहन्छु, दुवैको प्रस्तुति एकदम राम्रो छ। उहाँहरूले लेखेको या बोलेका केही कुरामा मेरो असहमतिहरू छन्। नेपालमा राजा किन चाहियो ? किन जनमतसंग्रह गर्नुपर्‍यो भनिन्छ ? नेपालको वर्तमान संविधानले यो संविधान नमान्नेलाई कारबाहीको व्यवस्था गरेको छ। यो राजाले संविधान बलात्कार गरेका छन्, उनी दण्डित हुनुपर्छ। संविधान नमानेकाले माओवादीलाई कांग्रेस, एमालेको सरकारले २५ लाख, ५० लाख टाउकोको मूल्य तोकेर रेड कर्नर नोटिस जारी गरेको होइन ? ज्ञानेन्द्रको नाममा किन जारी नगरेको ? कानुनले नै उसलाई सजाय दिन मिल्छ भन्छ भने मलाई जनमतसंग्रह आवश्यक लाग्दैन। राजाको कुनै उपयोग छैन। भौगोलिक, ऐतिहासिक या कुनै पनि रूपमा राजतन्त्र यो मुलुकका लागि खतरा हो भन्ने मैले बुझेको छु, यो बहसमा उत्रन म तयार छु। राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक मूल्य मान्यतालाई आधार बनाउने हो भने यो राजतन्त्रले मुलुकलाई सर्वनाश गर्ने बाहेक केही गरेन। महेन्द्र नामका राजालाई मैले अफिसियली र व्यवहारमा पनि अत्यन्तै बदमास राजा भन्ने गरेको छु, यो देशको सबैभन्दा ठूलो जड नै त्यही हो। कतिपय अभिव्यक्ति त्यही स्कुल (राजा महेन्द्रको भाषा) बाट आएका छन्- एउटै भाषा एकै भेष, एउटै राजा एउटै देश।

यहाँ एकमात्र भाषा छ ? डोटीमा बोल्ने भाषा नेपाली भाषा हो ? जबरजस्ती लादेर मैले मैथिली, डोटेली बोल्न छोडेर किन नेपाली लेख्नु या बोल्नुपर्‍यो ? मेरो लागि नेपाली भाषा चौथो हो। मेरो त मैथिली, भोजपुरी, अवधि, हिन्दी अनिमात्र नेपाली भाषा हो। किन सुरेन्द्रजी भोजपुरी नबोल्ने, किन यज्ञजीले मैथलीमा लेख्नु



नपर्ने ? राजविराजमा बस्ने नेपाली भाषी पनि नेपालीमा लेख्ने, मैथिली भाषी पनि नेपालीमा लेख्ने-यस्तो प्रजातन्त्र हुन्छ दुनियाँमा। यो मुलुकमा कहिल्यै प्रजातन्त्र थिएन, सधैं निरंकुश शासन भएको हो। आफ्नो कुरालाई 'रिकोग्नेशन' गर्न नपाइने ? म नेपाली हुँ भने मेरो सबै कुरा नेपालको हो, एउटा भाषालाई जबरजस्ती नेपाली भाषा घोषणा गरेर अरू सबै विदेशी हुन त ? चेपाङ, थारू, लिम्बु ,राई सबै विदेशी हुन् ? तसर्थ सामन्ती संस्थाहरूले यो देश बर्बाद गरेको हो, त्यसमा सबैभन्दा बढी जिम्मेवार राजसंस्था छ। राजसंस्थाको अब औचित्य र आवश्यकता छैन, यो हत्याको राजनीति सुरु गर्ने संस्था हो। कांग्रेस र कम्युनिस्टहरूलाई योजनाबद्ध रूपमा हत्या गर्ने राजसंस्था हो। त्यसमाथि मुद्दा चलाउन पाईंदैन ?

क्याप्टेन यज्ञबहादुर थापा, रत्नकुमार वान्तवालाई मारेकोमा, ऋषि देवकोटालाई भिमानको जंगलमा मारेकोमा मुद्दा चलाउन पाईंदैन ? मैले कसैलाई मारेमा म माथि मुद्दा चल्छ कि चल्दैन ? तसर्थ योजनाबद्ध रूपमा हत्या गर्नेहरूलाई कारबाही हुँदैन ? यो राजा चाहिँदै चाहिँदैन, जनताले फालेको हो। म जेलमा नपरेको दिन बाहेक प्रत्येक दिनको आन्दोलनमा सक्रिय थिएँ, प्रत्येक दिन लागेको एउटै नारा हो-राजतन्त्र मुर्दावाद। ०४६ को आन्दोलनमा पनि म सहभागी थिएँ, प्रत्येक दिन 'वीरे चोर देश छोड' भन्थे। त्यो भनेको के हो ? चैत २४ गतेको एकै नारा थियो। जनताको भावनालाई नबुझेर सेरेमोनियल राजा भनेर प्रजातन्त्रलाई कमजोर पार्ने काम हुँदैछ, यसरी प्रजातन्त्र संस्थागत हुँदैन।

राजालाई सघाउने एकमात्र संस्था सेना हो। त्यसबारे डा. यज्ञजीले केही नबोलिदिएर मैले यहाँ बोल्नु बाध्यता हो। सेना नेपाली सेना होइन, यसलाई म अहिले पनि राजाको निजी सेना भन्न चाहन्छु। यो एउटा सामन्ती लर्ड-अफगानिस्तानमा भएको पुस्तुन जाति र राजा अर्थात युद्ध लडहरूको सेना हो यो। यसमा कुनै किसिमको नेपालीपन छैन, यसले कहिल्यै नेपाली जनतालाई सुख दिएकै छैन। तपाईं ब्यारेक छेउछाउमा बसेका जनतालाई सोध्नुस्, स्कुलमा गएर जबरजस्ती बसिदिने। यसले नेपालका लागि के गरेको छ ? नेपाली सेनाले नेपालका लागि गरेको कुरा मलाई बताइदिनुस्, यसले त आफ्नो राजालाई समेत सुरक्षा दिन सकेन। आफूलाई जसले जन्माएको हो त्यसलाई त मार्‍यो। बहुला बनाएर लखेट्यो-राजेन्द्र विक्रमदेखि दुनियाँलाई। यो सेना नेपालीको नभएकाले भंग गर्नुपर्छ, नेपाल सेनाविहीन हुनुपर्छ। यदि चाहियो भने २/४ हजारको राष्ट्रिय चरित्रको बन्नुपर्छ।

संघात्मकको कुरा गर्दा मलाई लाग्दछ-संघात्मक त प्रजातन्त्र र विकेन्द्रीकरणको राम्रो मोडल हो। संघात्मक त प्रजातन्त्रको मोडल हो, प्रजातान्त्रिक व्यवस्थालाई संस्थागत गर्ने र तल्लो तहमा पुर्‍याउने माध्यम हो। संघात्मक आफैंमा साध्य होइन, साधन हो।

राज्यको पुनर्संरचनाको कुरा आउँदा राज्य जम्मा चार वटा तत्वले बनेको होइन। जनता नै राष्ट्र हो, जनताको चरित्र हो राज्य, जनताको प्रतिनिधित्व भएन भने त्यो राज्य बन्दैन। सुरेन्द्रजीले जातीय राज्यको कुरा ठीकै हो। राज्यलाई त जबरजस्ती केन्द्रीकृत बनाइयो, तर यसको चरित्र कहिल्यै त्यस्तो रहेन, यसको बहुल

चरित्र छ । संयुक्त राष्ट्रसंघको चार्टरले सांस्कृतिक विविधतालाई स्वीकार गरेको छ, यो १९८४ मा स्वीकार गरिएको हो । जुन बेला हामी प्रजातन्त्रको लागि लडिरहेका थियौं, त्यति बेला नै यसको घोषणा भएको हो । यो राज्य एउटा वर्ग, जाति, भाषा, संस्कृतिको होइन, सबै जाति, धर्मको हो । तसर्थ यसलाई संघात्मक ढाँचामा लानुपर्छ, त्यो मोडल संरचनामा फरक हुन सक्ला । प्रतिशतको कुरा आयो । सुरेन्द्रजीले पनि कुनै जाति या क्षेत्रको बहुमत छैन भन्नुभयो । म भन्छु बहुमत छ, मधेसीहरूको बहुमत छ आफ्नो क्षेत्रमा ।

राज्यको पुनःसंरचनाको कुरा गर्दा एउटा समुदायले अर्को समुदायको शोषण गरेको तथ्य छिप्नु हुँदैन । म कटु सत्य भन्न चाहन्छु-पहाडको दलितले पनि मधेसमा गएर मधिसेमाथि शासन गरेको छ, उसले पनि आफूलाई मधेसमा शासक वर्ग भन्ने ठान्दछ । यहाँको दलित होलान् तर तराईमा पुगेपछि शासक हुन् । यो बुझिदिनुपर्छ । मधेसको आजको अवस्था त्यतिकै आएको होइन । १९५६ मा ६ प्रतिशत जनसंख्या रहेकामा आज ३६ प्रतिशत त पहाडबाट बसाई सर्नेहरूकै छ । यही कारण जंगल काटिएको । थारू र जंगल सँगसँगै थिए, त्यति बेला जंगल सुरक्षित थियो । जुन बेला थारू र जंगलको सम्बन्ध कमजोर भयो, पहाडका मानिस जंगलमा बस्न थाले जंगल सखाप भयो । थारूहरूले त जंगलको पूजा गर्छन्, काँचो रूख अहिले पनि काट्दैनन्, बाहुनक्षेत्री गएर पो जंगल सिध्याए त । सामुदायिक वनको नाटक रचेर अहिले थारू समुदायका एक जनालाई समितिमा राखिन्छ । आफ्नो जंगल छिर्न् अरूको अनुमति लिनुपर्ने स्थिति छ, बसाई सरेकासँग । यही हो प्रजातन्त्र ?

१२ वर्षमा पनि अर्को नाटक भयो, एमाले र कांग्रेसले पनि जबरजस्ती दौरा सुरुवाल लगाउनुपर्ने ह्विप जारी गरेका थिए । मलाई खुसी लाग्छ अहिले पार्टीहरूमा आएको परिवर्तन देखेर । प्राकृतिक स्रोतको कुरा छ ।

नागरिकताको प्रसंग पनि यहाँ छ । पत्रपत्रिकामा पढ्न पाइन्छ-नागरिकता दियो भने आकाश झर्छ, जमिन खस्छ । असामबाट, मेघालय मणिपुरबाट आएकाहरूलाई एकै दिनमा चार बिघा जमिन र नागरिकता बाँड्दा, बर्माबाट आएर कपिलवस्तुको जंगल काटेर दिँदा आकाश झरेन, पाताल खसेन । आज नेपाली भाषा बोल्ने डेढ करोड छन् भारतमा । ती सबैलाई ल्याएर हामी नागरिकता दिन सक्छौं ? तपाईंहरू भन्नुहुन्छ भारतबाट आएर नेपाली नागरिकता लिन्छन्, तर एउटा मुसहर पनि नेपाल छिर्दैन नागरिकता लिन । यदि तपाईंले केन्द्र र राज्य सरकारबाट दिइने सुविधा छुट्याउनुभयो भने । यदि मुसहरबारे भारतको केन्द्र सरकारको योजना थाहा पाउनुभयो भने बुझ्नुहुन्छ एउटा मुसहर भोकै मर्दैमर्दैन, यदि उसलाई अलि सशक्तीकरण गरिदिने हो भने । कोही पनि नेपाल पस्दै पस्दैन, जग्गा चाहियो भने नागरिता चाहिन्छ । कस्तो नाटक रहेछ भने ७९ प्रतिशत मुसहरसँग जग्गा छैन, ७ प्रतिशतमात्र साक्षर छन् । कहाँबाट ल्याउँछन् तिनले जग्गा ? कहाँबाट दिने ? मधेसमा बञ्जारा भन्ने जात हुन्छ, त्यसलाई के गर्ने ?

राज्यको पुनःसंरचना भनेको प्रजातान्त्रिक संरचना स्थापना गर्ने हो, जसमा सबैको समावेशीकरण हुनुपर्छ-राजनीतिक, आर्थिक, सांस्कृतिक र सामाजिक रूपमा । यही हो राज्य पुनःसंरचनाको परिभाषा ।



**चिरन्जीवी काफ्ले, पत्रकार**

सबैको कुरा मीठो छ, तर मेरो छोटो तर्कचाहिँ के हो भने संघात्मक संरचनाचाहिँ राम्रो हो, तर त्यसमा जातीय स्वायत्तता हुनुहुँदैन । स्वायत्त शासन क्षेत्रीय हुनुपर्छ । नौ वटा स्वायत्त प्रदेश बनाएको छ भनियो, यहाँ ९२ वटा त भाषा नै छ भनियो, यस्तो मुलुकमा जातको संख्या त झनै बढी छ । यस्तो मुलुकमा सीमित जातजातिको स्वायत्त प्रदेश बनाएर सिंगो जातीय संरचनालाई न्याय हुँदैन भन्ने मेरो तर्क हो ।

जातीयताभित्र पनि सामन्तवाद छ, जातीय स्वायत्तता दिँदैमा अन्तर जातीय शोषण खत्तम हुँदैन, बरु बढ्न सक्छ । अर्को परिचयसँग सम्बन्धित कुरा छ । हामी धार्मिक हिसाबले आफूलाई परिचय दिँदा त संकीर्ण भन्छौं भने जात त धार्मिकभन्दा पनि संकीर्ण कुरा हो । जातीयता झन् संकीर्ण छ । धर्म निरप्रेक्ष्यताको कुरा उठिरहेको बेला अबको पुनःसंरचना जातीय निरप्रेक्ष्य हुनुपर्छ ।

**श्रीकृष्ण अनिरुद्ध गौतम, स्वतन्त्र पत्रकार**

मेरा धेरैजस्ता कुराहरू कर्णजीले भनिसक्नुभयो । सुरेन्द्रजीको टिप्पणीहरू सुनिरहँदा मलाई उकुसमुकुस भइरहेको थियो । जनमतसंग्रहको कुरा आउँदा, राजसंस्था राख्ने नराख्ने, गणतन्त्रमा जाने कि राजसंस्थामा जाने भनेर कुरा आइरहेका बेला नै मलाई बोलौंबोलौं लागेको थियो, तर मन थामेर बसेँ । जुन तार्किकताका साथ कर्णजीले भन्नुभयो त्यसको म स्वागत गर्दछु, मेरा मनका धेरै कुरा भनिदिनुभयो । म एउटा प्रसंग सम्झाउन चाहन्छु- नेपालमा यसअघि जनमतसंग्रह भएको थियो, त्यसमा तपाईंलाई लोकतन्त्र चाहिन्छ कि चाहिँदैन भनेर सोधिएको थियो ।

लोकतन्त्र यो धर्तीमा जन्मने कुनै पनि मानिसको जन्मसिद्ध अधिकार हो, त्यो तपाईंलाई चाहिन्छ कि चाहिँदैन भनेर सोध्ने कुरै होइन । कसैलाई भोजन, शिक्षा, बसोबास चाहिन्छ कि चाहिँदैन भनेर सोधिन्छ कि सोधिँदैन ? यदि सोधिँदैन भने तपाईंलाई स्वतन्त्रतापूर्वक बोल्ने, संगठित हुने, आफ्नो प्रतिनिधि आफैं छान्ने अधिकार चाहिन्छ कि चाहिँदैन भनेर सोध्ने कुरा हो ? त्यो मानिसको अपमान हो, लोकतन्त्र चाहिन्छ कि चाहिँदैन भनेर सोध्नु मनुष्यत्वको अपमान हो । ०३६ सालमा जनमत संग्रहको घोषणा हुँदा मलाई त्यस्तै लागेको थियो ।

आज जनमत संग्रहद्वारा तपाईंलाई गणतन्त्र चाहिन्छ कि चाहिँदैन, गणराज्य चाहिन्छ कि चाहिँदैन भनेर सोध्नुपर्छ भनिन्छ भने त्यो पनि मनुस्यत्वको अपमान हो । मलाई गणतन्त्र चाहिँदैन ? गणतन्त्र भनेको के? गणहरूको, समूहहरू, समुदायहरूको राज्य, मानिसहरू एकै ठाउँमा भेला भएर उनीहरूका प्रतिनिधिले शासन गर्ने राज्य मलाई चाहिँदैन र ? कुनै एउटा सामन्तीले वंशजका आधारमा शासन गरेकालाई राख्नुपर्छ कि पर्दैन भनेर मैले सोध्ने ? मलाई सोध्ने अनि म जनमतसंग्रहमा भोट हाल्न जाने ? म जान्नँ । मलाई त्यस्तो जनमतसंग्रह चाहिँदैन, कुनै पनि स्वाभिमान भएका नागरिकलाई त्यस्तो जनमतसंग्रह चाहिँदैन । जनमत संग्रह दुई वटा असलबीच रोज्ने प्रथा हो । दुई असल छन्, तीमध्ये कुन

छान्ने भन्ने हो। एउटा खराब, एउटा असलबीच छान्ने प्रथा होइन, जनमतसंग्रह। त्यस्तो प्रयोगका लागि राज्यको अर्बौं रूपैयाँ खर्च गर्न पाइँदैन/मिल्दैन। त्यो रकम स्कुल, विश्वविद्यालय निर्माण गर्न दिनुस्। छिनोफानोको काम नेपाली जनताले गरिसकेका छन्, गरेका छैनन् भन्ने ठान्नुहुन्छ भने जनमतसंग्रह गर्नुस्-सेरेमोनियल राख्नुस्। अहिले आइरहेको जनमतसंग्रहको प्रस्ताव सेरेमोनियल राजतन्त्र राख्ने षड्यन्त्र हो। जसरी ०३६ सालमा नेपाली जनता निर्दलीय पञ्चायतको पक्षमा छन्, लोकतन्त्रको पक्षमा छैनन् भनेर देखाइयो, त्यसैगरी अहिले सेरेमोनियल राजतन्त्रका पक्षमा छन् भनेर देखाउने षड्यन्त्र हो। भोट प्रभावित पारेर सेरेमोनियलको पक्षमा पार्ने षड्यन्त्र हो। म सँग तर्क र पुष्टि गर्ने आधारहरू त अहिले छैन, तर भोलि देख्नुहुनेछ। यो त्यसै आएको छैन, नियोजित रूपमा आएको छ, यसो भनेर मैले एमालेलाई आरोप लगाउन खोजेको होइन। एमालेले बडो प्रजातान्त्रिक तरिकाले भन्नुभएको होला। तर जसरी 'पेनिट्रेट' भएर यो देशमा मुद्दाहरू पस्छन् नि, सिक्किममा पसेको थियो-जनमतसंग्रहको कुरा। त्यहाँ प्रजातन्त्र चाहिन्छ कि छोग्याल चाहिन्छ भनेर सोधियो, कसले भन्छ छोग्याल चाहिन्छ भनेर ? प्रजातन्त्र चाहिन्छ भनेपछि सिक्किम कहाँ गएर मिसियो ? जनमतसंग्रह खेलाँची कुरा होइन, यो असल होइन, मैले प्रजातान्त्रिक प्रक्रियाको अपमान या अवमूल्यन गरेको होइन। तर, यो बडो मजाले सजाइँदैछ।

टिप्पणीसँग मेरो असहमति छ। सोभियत युनियन लोकतन्त्र आएपछि टुक्रियो भन्ने कुरा आयो, ७५/७५ वर्षसम्म एकतन्त्रीय उकुसमुकुसमा बाँचेको सोभियत संघ जब मुक्त भयो र त्यसका कुण्ठित आकांक्षा अभिव्यक्त भयो त्यसलाई टुक्रियो भन्ने ? लोकतन्त्रले टुक्र्याएको होइन। लोकतन्त्र आएपछि फेरि रसिया, १९९० मा युक्रेन छुक्रिएको छ। त्यस्तो घटना अहिले छैन। रसियामा अझै अधिनायकवादी तत्व छ, त्यही कारण चेचेनमा विद्रोह भइरहेको छ। अर्को मीठो कुरा-कस्मिरको उदाहरण पनि दिइयो। म त्यो देशका बारेमा जान्दछु पनि, अलिकति घुमेको पनि छु-कस्मिरदेखि कन्याकुमारीसम्म, अध्ययन पनि गरेको हुँ। कस्मिर बडो बलपूर्वक भारतमा गाभिएको राज्य हो। त्यहाँ जुन-जुन कुरा लादिएका छन्, त्यसबाट के देखिन्छ भने भारतका सबै कुराहरू लोकतान्त्रिक छन् भन्न मिल्दैन। यसमा बहस गर्न मलाई लामो समय चाहिन्छ, तर कश्मिर, सिक्किम, नागाल्यान्ड र मिजरोममा एउटा कुरा ख्याल गर्नुहोला, पढ्नु पनि भएको होला। दुई/तीन वटा कुरा छन्: जहाँ प्राकृतिक स्रोतसाधनको प्रयोग केन्द्रीय सरकारले गर्न पाउँदैन, जनसंख्या व्यवस्थित गर्ने कुरा गर्दा जुनसुकै जाति गएर त्यहाँ बस्न पाउँदैन, त्यहाँ जग्गाजमिन लिन पाउँदैन, राज्यका नियन्त्रणहरू छन्। नागाल्यान्ड र मिजरोममा त पाइँदै-पाइँदैन। उनीहरूलाई स्वायत्तता दिइएको छ। पस्न पनि स्वीकृति चाहिन्छ, निषेधित क्षेत्र अनुमति भन्ने अहिले पनि छ।

अघि एक जनाले राम्ररी भन्नुभएको थियो कि जब राजनीतिक पद्धतिहरू असफल हुन्छन्, तब राज्यको पुनःसंरचना गर्नुपर्छ। मलाई के लाग्दछ भने लोकतन्त्र एकीकृत राज्यमा चल्दैन तसर्थ पुनःसंरचना गर्नुपर्दछ। लोकतन्त्र जन्मसिद्ध अधिकार हो, लोकतन्त्रात्मक शासन पद्धति संचालन गर्न चाहन्छौं भन्नुको अर्थ नै राज्य एकात्मक हुन सक्दैन, संघात्मकमात्र हुन सक्दछ। संघात्मक राज्यमा मात्र लोकतन्त्र चल्न सक्छ, प्रष्फुटित र बलियो हुन सक्दछ, एकीकृत रहन सक्दछ।



**उठेका प्रश्नको जवाफ दिँदै सुरेन्द्र पाण्डे**

उठेका कुरा धेरै छन्, ती सबैमा जान चाहन्नँ। एक/दुई वटा जवाफ मैले दिनुपर्ने छ। नवीनजीले उठाउनु भएको कुरा गर्दा मैले के मात्र भनेको हुँ भने विचारको आबद्धतासँग मात्र राज्यहरूभित्र टुक्रिने या अलग हुने प्रवृत्तिहरू छैनन्। श्रीकृष्णजीले ती कुरा भन्दाभन्दै पनि अहिले पनि हामी पक्षपाती नभई हेरौं कि विचारधाराको आधारमा मात्र राज्य अलग हुने प्रवृत्ति रहेको छैन। मेरो आग्रह छ-हाम्रो अध्ययनलाई तथ्यमा लगौं, आग्रहमा नबोलौं। तपाईं आग्रह राख्नुस् मेरो केही भन्नु छैन। तर तथ्यले भन्छ- उदाहरण दिइसकेको छु, छुट्टिएपछि मात्र हुन्छ भन्ने हैन, नछुट्टिँदाका पनि 'ट्रेन्ड' हुन्, त्यसलाई हामीले बुझ्ने कि नबुझ्ने ?

जहाँसम्म संघात्मक पनि भनिस् एकात्मक पनि भनिस् भन्नुभएको छ, मैले संघीयताकै कुरा गरेको थिएँ। खाली संघीयताको मान्यता पनि आफ्नो देश, परिवेशसँग जोडिएर आउँदा रहेछन्मात्र भनेको हुँ। त्यो नेपालको सन्दर्भमा पनि लागू होला, त्यसमा हामीले बहस गरेका छैनौं, गरौंला। तर, हामीले संघीयतामा जाने कुरा गरेका छौं।

कृष्णजीले भन्नुभयो, त्यो खाले विश्लेषण पनि हामी नगरौं। एकात्मक जति सबै अप्रजातान्त्रिक हुन्, संघीयमात्र लोकतान्त्रिक हुन् भन्ने कुरा चाहिँ 'सबै चोरै चोर मेरो बाउ पनि चोरै हो' भनेको जस्तै भयो। झोक चलेको सुरमा म पनि चोर भने जस्तै, त्यो होइन। संसारमा १ सय ७० भन्दा बढी देशमा एकात्मक शासन छ, केवल दुई दर्जन राज्यमात्र संघीय विशेषतामा आधारित छन्। यी १ सय ७० देश सबै अप्रजातान्त्रिक हुन भनेर हामीले पुष्टि गर्न सक्दैनौं, हामीलाई मानिसले उल्लु बनाउँछन्। हामीलाई चाहिएको कुरा पुष्टि गरौं न हाम्रै सन्दर्भमा। अर्कालाई किन गाली गर्ने। गाली नगरी हाम्रो पुष्ट्याइँ यो हो भन्यो भने मात्र हाम्रो बुद्धिमानी हुन्छ र समर्थन मिल्दछ।

अघि एकजना मित्रले राम्रै तर्क गर्नुभएको छ, तर म सहमत छैन। साना देश पनि संघात्मक छन्, ठूला देश पनि एकात्मक छन्। चीन, फ्रान्सजस्ता ठूलो देश एकात्मक हुन्, बेलायत पनि हो तर त्यो यस्तो एउटा एकात्मक हो जहाँ डिभल्व गरेका तीन वटा तलका सरकारले नोट छाप्छन्, जुन संघीय राज्यले पाउँदैनन्। हामी आफ्नोमात्र व्याख्यामा उभिएर नबोलौं। एकात्मक राज्य अत्यन्तै फराकिलो छन्, संघात्मक राज्य सीमित अधिकारमा बाँधिएका पनि छन्। यो ठीक यो बेठीक नभनौं, हामीलाई चाहिएको कुरामा तथ्य खोजौं। विगतमा के भएन खोजौं, किन परिवर्तन गर्नुपर्‍यो खोजौं।

अहिले राजतन्त्रको मुद्दाको छिनोफानो गर्ने उत्तम विकल्प भनेकै जनमतसंग्रह हो। सके त आज यहीबाट राजतन्त्र फालेको घोषणा गर्न पाए हुन्थ्यो, म त तपाईंहरूलाई धन्यवाद दिन्छु किनकि एक सेकेन्ड पनि यो राजालाई राख्न मन छैन, तपाईंहरूको भावनासँग म सय होइन, दुई सय प्रतिशत सहमत छु। तर भावनाले हुँदैन, वास्तविकतामा जनमतसंग्रह नै एउटा विधि हो। वैशाख ११ गते के सम्झौता

गरेका थियौं भन्ने कुरा आयो, कुनै व्यक्ति या पार्टीले सम्झौता गरे पनि राजाका बारेमा अर्को निर्णय हुन सक्दैन् । तपाईं राख्ने, तलाई फाल्ने भन्ने अधिकार कसैलाई छ, त्यो जनतामा मात्र छ, तसर्थ जनताले गरेको फैसला अन्तिम हो, हुनेछ ।

रक्तपातको स्थिति आउन सक्छ भन्ने कुरा आयो, के राजा ज्ञानेन्द्रले रक्तपातको बाटो नरोजेको हो ? छिनछिनमा रक्तपातसँग जुध्न हामी तयार छौं । पुनःस्थापित प्रतिनिधिसभाको घोषणा हुँदा यही रक्तपात हुन्छ भनेका थिए, प्रतिनिधिसभामा २ सय ५ जना मारिए भने लासको रगतमाथि टेकेर अगाडि बढ्ने छौं र यहीबाट गणतन्त्रको घोषणा गर्छौं भनेका थियौं । तसर्थ हामीलाई कुनै चिन्ता छैन । यो भावनात्मक होइन, जनता अब यो फैसला गर्न चाहन्छन् । यसबाट के होला भन्ने लागेको होला, निरंकुशतासँग मात्र लडाइँ होइन । सुधारिएर कोही बसेको होला, तर तपाईंले अन्यत्रको उदाहरण दिएर यहाँको सन्दर्भमा लागू गर्न उपयुक्त हुँदैन । यसको मतलब हामीले माओवादीको निरंकुशता र अराजकतालाई मानेको हो र ? हामी कुनै पनि निरंकुशता र अराजकतालाई मान्दैनौं । यस पटकको जनक्रान्तिको विशेषता भनेकै राजा ज्ञानेन्द्र र माओवादी बन्दुकको अस्वीकार हो । दुवै बन्दुकलाई अस्वीकार गरेर १९ दिने विद्रोहमार्फत राजालाई शक्तिच्युत गराएका हुन्, माओवादीलाई पनि यहाँ आइज भनेका हुन्, बाटो देखाएका हुन् । माओवादीको बाटोमा कुनै पार्टी या जनता गएका हुन्. र ? होइनन् । योभन्दा अर्को लोकतान्त्रिक बाटो मैले खोजेको होइन । यसोभन्दा घुमाएर 'स्लो प्वाइजन' को रूपमा राजा राख्न खोजेको भनिदिनुभयो, मलाई त्यसले झस्कायो पनि । कतै हामीले भनेका कुरामा यत्रो षड्यन्त्र लुकेको रहेछ भने त होसियार हुनुपर्‍यो । तर तपाईंले जे कुरा उठाइदिनुभयो, धन्यवाद । तर म बाटो त्यही देख्छु, विश्वले पनि त्यसलाई अस्वीकार गर्न सक्दैन, कसैले सक्दैन ।

तपाईं वैशाख ८ गतेलाई सम्झनुस् त्यति बेला 'डिक्टेट' गर्न जाने विदेशी मित्रहरू पार्टीहरूले अर्को फैसला गरेपछि हैन-हैन भन्दै पछाडि फर्किए । नत्र भने 'डिक्टेट' गर्न गएका होइनन् र ? अहिले पनि जनताले गरेको फैसला मञ्जुर छ भनेबाट के देखिन्छ भने जनताले प्रजातान्त्रिक तरिकाले गरेको निर्णय मान्छौं भनेको हो । विदेशीले साथ दिन्छ कि दिँदैन भन्नुभयो नि, केही हुँदैन । जनताले प्रजातान्त्रिक तरिकाले गर्ने निर्णय नमान्ने दुनियाँमै कुनै तागत छैन । हाम्रो लोकतन्त्रको तागत भनेकै यही हो ।

**सहजीकरण गर्दै तारानाथ दाहाल**

धन्यवाद सुरेन्द्रजीलाई, उहाँले विषयलाई स्पष्ट पारिदिनुभयो । मलाई यो विद्वत्जन समूहका सामु राख्न मन लाग्यो- 'यो मुलुकका आमजनताको आकांक्षा गणतन्त्र नै हो । तर सबभन्दा ठूलो धोका गणतन्त्रवादीहरूले नै वैशाख १२ गते दिए, त्यसकारण मुलुक गणतान्त्रिक हुन सकेन । १२ गते आन्दोलन गर्न सक्थे नि, कहाँ गए गणतन्त्रवादीहरू त्यति बेला । यो प्रश्नलाई म रेकर्ड गर्न चाहन्छु ।'



**उठेका प्रश्नको जवाफ दिँदै डा. यज्ञ अधिकारी**

म होलसेलमै कुरा राख्न चाहन्छु । धेरै झर्को लाग्ने स्थिति पनि आएको छ । केही उठेका कुरालाई सम्बोधन नगरी नहुने स्थिति देखिन्छ ।

हतारमा लेखेको, त्यो पनि शारीरिक अवस्था ठीक नभएको अवस्था लेखिएको यो अवधारणाप्रति म आफैं सन्तुष्ट थिइनँ । तर सुरेन्द्रजीले जुन रूपमा व्यावहारिक तथा सैद्धान्तिक पक्षलाई हेरेर 'इनपुट' दिनुभयो, त्यसका प्रति आभारी छु ।

२०६२/६३ को आन्दोलनलाई जनआन्दोलन-२ भन्ने मेरो चाहना होइन । तर, कता के के भयो, वास्तवमा यो क्रान्ति हो, निरन्तरतासहितको परिवर्तन होइन, पूर्ण परिवर्तन नै हो । टेलिभिजन हेर्ने, सडकमा नजाने, पार्टीले खटाएको ठाउँमा नजानेहरूलाई अनुभूति भएन होला, तर सडकमा लात खाने, हात भाँच्ने र जीवन आहुति गर्नेहरूका निम्ति यो पूर्ण परिवर्तन नै हो ।

अलि हल्का भयो भन्नुभयो, एउटा अवधारणामा सबै विश्लेषण सम्भव हुँदो रहेनछ । अनिरुद्धजीले भने जस्तै साम्यवादी शासन व्यवस्था अधिनायकवादी हुन्छ, त्यहाँ मानवीय पहिचान, संस्कार, संस्कृति जसरी फस्ट्याउनु पर्ने हो पाउँदैन भन्नेमात्र आग्रह हो ।

मैले कडा रूपमा विमति जनाउनै पर्‍यो । हामी लेखपढ गर्ने मानिस, उहाँ राजनीति गर्ने मानिस । बहुमतीय शासन प्रणाली अपनाउने मुलुकको संख्या ९१ जस्तो लाग्छ, यसलाई यतिमै छोडेर समानुपातिक प्रतिनिधित्व प्रणाली अपनाएको मुलुकको अधिक संख्या त छँदैछैन । समानुपातिक प्रतिनिधित्व प्रणालीले १९९० पछि प्रजातन्त्र स्थापना हुँदै गएका नवोदित राज्यहरूले भारत र बेलायतको मोडलले मात्रै ठीक भएन, राम्रो प्रजातन्त्रको अभ्यास अरू प्रणालीबाट पनि गर्न सकिन्छ भनेर सुरु भएको हो । बहुमत मुलुक, बहुमतीय शासन प्रणालीमै छन् । यसमा केही शंका छन् भने अहिले थाती राखौं, हेरौं । ढिपी गर्नु जरुरी छैन ।

समानुपातिक निर्वाचन प्रणालीमा चिरन्जीवीजीले भनेको कुरा एकदमै ठीक हो । त्यसमा पनि दलीय इमान्दारिता हुनुपर्छ । जातजाति, भाषाभाषी सबैलाई समेट्न प्राथमिकता सूची प्रणालीलाई नै अवलम्बन गर्ने हो, सिंगल ट्रान्सफर सिस्टम हाम्रो जस्तो मुलुकमा अलि जटिल होला, सम्भव नहोला । सजिलोचाहिँ राष्ट्रिय निर्वाचन क्षेत्र या बहुसदस्यीय निर्वाचन क्षेत्रमा दलले सूची दिने, मतदाताले कुन दललाई मन पर्छ छाप लगाउने, त्यसका आधारमा निर्वाचन परिणाम निकाल्ने हो । तसर्थ पार्टी त इमान्दार हुनै पर्‍यो । पार्टीहरूको पुनर्संरचनाको कुरा त्यही कारण उठाएको हो ।

ताराजी, यसरी गाल पार्नु भएन । राज्य संरचनाको बारेमा लेख भन्ने, पढेलेखेका विद्वान्‌चाहिँ यहाँ सम्पूर्ण संरचनाको बारेमा विवेचना हुनुपर्छ भन्ने । जबकि राज्य पुनःसंरचनाको एक-एक बुँदामा लामो छलफल हुन सक्छ । संघीयताकै बुँदामा दुई दिन छलफल गरौं न । एउटै अवधारणामा सबै छुनु पर्दा (हरेकमा ५/७ सय पेजको पिएचडी हुन्छ) कसरी समेटौं ।

स्पिरिट र शैलीमा भिन्नता रहँदा । भ्यालुज सिस्टममा पनि कताकता सुरेन्द्रजी र मेरो भिन्नता रहँदा । तर विचारलाई जीवन्त बनाउने हो भने प्रोग्रेसिभ विचार

भएकालाई अवधारणा लेखाउनु हुन्छ भने अलि दक्षिणपन्थी विचार भएकालाई टिप्पणी गर्न बोलाउनुस्, दक्षिणपन्थीलाई लेखाउनु हुन्छ भने अग्रगामी विचार भएकालाई बोलाएर मिलाइदिनुस् । उहाँको र मेरो त मौलिक विचारमा खासै भिन्नता देखिएन । तै पनि अलि कति 'लाइभली' भयो नै ।

सुरेन्द्रजीले दलका विषयमा एच, टनको कुरा गर्नुभएन भन्नुभयो । यही अन्तर हुँदो रहेछ । अहिले दलीय संरचनाहरू यो मान्छेलाई लिएर आए मलाई साथ दिन्छ, तसर्थ यसलाई केन्द्रीय समितिमा मनोनयन गर्नुपर्छ भन्ने मानसिकता व्याप्त छ, त्यसको सट्टा आनन्दसन्तोषी राई-जो आफ्नो दुई तीन जिल्लामा प्रभुत्व राख्दछ, पढेलेखेको छ, हैसियत राख्छ, जनताले पत्याउँछ-यस्ता जनजाति या दूरदराजमा रहेका मानिसलाई पार्टीको केन्द्रीय समिति या नीति निर्माण तहमा किन नल्याउने ? यो प्रयोग हुनुपर्दछ भनेको हुँ । छुटेका केही छन् भने सच्याउला । समग्रमा उहाँको बौद्धिक एवं व्यावहारिक सुझावका लागि धन्यवाद दिन्छु ।

लालबाबुजीको धेरै उत्तर मित्र विजयजीले दिइसक्नुभएको छ । प्रधानमन्त्रीको प्रत्यक्ष निर्वाचन गर्ने कुरा तीन वर्षअघि नरहरिजीले बहसमा ल्याउनुभयो, त्यति बेला यसले पिकप गरेन, अहिले गऱ्यो ।

नवीन चित्रकारजी, आनन्दसन्तोषी राईजीले प्रयोग नै भएको छ भनेको कुरा ग्रहणयोग्य छ । म सम्बन्धित क्षेत्रमा पुगेको छैन । माओवादीको दस्तावेजमात्र हेरेको छु, यहाँहरूले उनीहरूको संघीय संरचनाको स्वरूप नै महसुस गरिसकेर यो थप भनेपछि मलाई आदेश मान्य छ ।

प्राध्यापक कृष्ण पोखरेलजीले राम्रो र मीठो प्रस्तुति गर्नुभयो, खासै मैले जवाफ दिनुपर्ने देखिनँ ।

रमणराज मिश्र, इन्दिरा आचार्यजीले राज्यको प्रद्धति भंग भइसकेपछिमात्र राज्यको पुन:संरचना गर्नुपर्छ भन्ने लगायतका कुरा राख्नुभयो, मोडल हुनुपऱ्यो भन्ने कुरामा हामी छलफल गर्न सक्छौं,

मथिंगल अलिकति कुमार रेग्मीले खियाउनुभयो । उहाँ मेरो मित्र हुनुहुन्छ । उहाँकै जिज्ञासा जोडेर म सुरेन्द्र पाण्डेजी, जो एमाले केन्द्रीय समितिमा पनि हुनुहुन्छ म उहाँसँग यी कुरा राख्न चाहन्छु ।

वैशाख ११ गते शाही घोषणा भयो, १० गते 'ड्राफ्ट' बाहिरबाट आएको थियो रे, त्यो कुन भाषामा थियो-अंग्रेजी, नेपाली, हिन्दी ।

एमालेले के भनेर पठायो, कांग्रेसले के जवाफ पठायो, लौ सबै बिग्रियो भनेर अर्को ड्राफ्ट कसरी भयो ? तपाईंहरू जान्नुहुन्छ । तसर्थ नेपाली जनता अहिले पनि शंका गर्छन्-एउटा अवसर हामीले छोड्यौं, राजतन्त्रलाई फ्याँक्नु नै थियो भने त्यति खेरै दुई दिन कस्सिएको भए हुन्थ्यो, सात दलका नेता (यो उ म भन्दिनँ) यो वा उ बाटोबाट राजा राख्ने बाटोमा गएका हुन कि ?

राजा राख्ने कुरामा म चाहिँ छैन । राजालाई त हटाउने, गणतन्त्र त ल्याउने, तर हाम्रा दलभित्र भएका राजा प्रवृत्ति फ्याँक्ने कि नफ्याँक्ने ? जरो त्यही नेर छ ।



चन्द्रदेव भट्टको भनाइ राम्रो छ, आदित्यमानजीले त धेरै राम्रो कुरा बताउनुभयो । समग्रमा मैले लेखेका सबै कुरामा ज्ञानका लागि, सिक्नका लागि, कक्षा कोठा या कलममा बस्ने मानिस भएकाले यहाँहरूको व्यावहारिक अनुवभले अरू सम्पन्न बनाउन मद्दत पुगेको छ ।

**बहस अन्त्य गर्दै सहजकर्ता तारानाथ दाहाल**

यो फोरम नियमित छ, कति साथीहरू छुट्नु भएको छ । अर्को शृङ्खलामा अलि प्राविधिक कुरामा छलफल गर्दैछौं । यज्ञ दाइले भन्नुभयो कि मलाई गाल पार्दिस भनेर, यो मोडरेटरको कमजोरी हो, मैले नै गाल पार्दको होइन । हामी हरेक फोरमका एउटा मुद्दामा छलफल गर्छौं अनि सबै कुरा बोल्छौं । सबै कुरा एकै पटक बोलेर कहाँ हुन्छ ? हामी हरेक साता फरक मुद्दामा छलफल गरिरहेका छौं । सेनाको कुरा सेनाकै बेला बोलौं, सुशासनको कुरा सुशासनकै बेला बोलौं, तर मुद्दामा केन्द्रित भएर बोलौं भनेर म सहभागी साथीहरूलाई आग्रह गर्दछु । तर आफ्नो मनभित्र जे उकुसमुकुस भइरहेको छ, त्यही बोल्छ मान्छेले । उदार मोडरेटर भएपछि छोडिदिनु पनि पर्दोरहेछ, त्यसकारण तपाईंलाई पनि गाल पऱ्यो । त्यो अपजस मै लिन्छु ।

म फेरि पनि यत्रो विद्वतजन् सामु के आग्रह गर्दछु भने विषयमै बोल्यौं भने हामीले 'क्रंक्रिट' कुराहरू निकाल्न सक्छौं होला । यहाँहरूले दिनुभएको विचार मननयोग्य छ, यो विचारलाई हामी यो कोठाभित्र सीमित गर्दैनौं । सबै रेकर्ड गरेका छौं, मनोग्राफका रूपमा उताछौं, पुस्तकाकारका रूपमा आम नेपालीसामु पऱ्याउँछौं । तसर्थ तपाईंहरूले यहाँ जे विचार दिनुभयो त्यो असाध्यै मूल्यवान छ, यसले लाखौं नेपालीलाई थप विचार बनाउन मद्दत पुऱ्याउँछ ।

हामी समावेशी लोकतन्त्र या समुन्नत लोकतन्त्रको कुरा गरिहेका छौं, तर मुलुकभित्र केही समस्या छन् । मानिसहरू नियमित रूपमा बसाई सर्दैछन्, यसले कसैलाई अन्याय महसुस गराएको छ, कसैका सर्नु बाध्यता बनिरहेको छ । यो विषय कति गम्भीर हो, लोकतन्त्रको निर्माणमा भन्ने विषयमा हामी अर्को शृङ्खलामा छलफल गर्दैछौं । फेरि अर्को आइतबार २ बजे यही छलफल गर्नेछौं ।

आजको यो सत्रलाई समापन गर्नुअघि म भन्न चाहन्छु-नेपालमा राजनीतिक मुद्दाहरू असाध्यै धेरै उठछन्, सही रूपमा किनारा लाग्दैनन् । त्यसका लागि जति मात्रामा छलफल र बहस हुनुपर्ने हो त्यो भइरहेको छैन । हामी अति उत्तेजनामा राजनीतिक मुद्दाहरूको किनाराको प्रयास खोजिरहेका हुन्छौं । चिसो र गम्भीर दिमागले नेपालीहरूको बीचमा निर्णय क्षमता वृद्धि गर्न बौद्धिक जमातले असाध्यै मेहनत गर्नुपर्छ जस्तो लाग्छ । सामान्य मानिसचाहिँ असाध्यै सचेत छ, लोकतान्त्रिक आन्दोलनमा दिएको साथबाट त्यो देखिन्छ । तर, तिनलाई राजनीतिक रूपमा नेतृत्व लिनेको कमजोरी त छँदैछ- (जसले गर्दा हजारौं अवसर गुमायौं, गणतन्त्रकै अवसर गुमायौं भन्ने लागिरहेको छ), वैचारिक रूपमा नेतृत्व दिनेहरूको पनि यहाँ ठूलो संकट छ । त्यसलाई हटाउन यो बौद्धिक जमातले पनि अग्रसरता लिओस् भन्ने आग्रह गर्न चाहन्छु । र, आजको सत्र समापन गर्दछु ।

◆◆

# आन्तरिक विस्थापन र सामाजिक समावेशीकरण

■ अवधारणा : पद्म खतिवडा
■ टिप्पणी : डा. गोपालकृष्ण शिवाकोटी



एघार वर्षे सशस्त्र द्वन्द्वको चपेटामा परेरे हजारौं नागरिक आन्तरिक र वाह्य विस्थापनमा परेका छन् । उनीहरू कष्टकर जीवन जिउन बाध्य छन् । माओवादी सशस्त्र द्वन्द्वको विधिवत् अन्त्य भए पनि विस्थापितको समस्या समाधान हुन सकिरहेको छैन । विस्थापितहरूले अहिले पनि पूर्ववत् पुरानो थलोमा फर्कन पाइरहेका छैनन् । यो विषय जति बहसमा आउनुपर्ने हो त्यति नआएको महसुस गरिदैछ ।

लोकतन्त्र, मानव अधिकार, प्रेस स्वतन्त्रता र राष्ट्रको समविकासमा समर्पित, नीति अनुसन्धान तथा वकालतकर्ता प्राज्ञिक समुदायको साझा प्रयास स्वरूप स्थापित **फ्रिडम फोरम**ले "समावेशी लोकतन्त्रको स्वरूप र संरचना" मा बहस शृङ्खलाहरू चलाउँदै आएको छ । फोरमले आन्तरिम विस्थापनको भयावह स्थितिलाई कसरी सुल्झाउन सकिन्छ भन्ने सोच राखेर २५ भदौ २०६३ (१० सेप्टेम्बर २००६) का दिन बबरमहलस्थित साफ फाल्चामा शृङ्खला-१६ अन्तर्गत **आन्तरिक विस्थापन र सामाजिक समावेशीकरण** भन्ने विषयमा बहस चलायो ।

## प्रारम्भ

**बहस प्रारम्भ गर्दै सहजकर्ता तारानाथ दाहाल**

तपाईंहरूले पाएको निम्ताभन्दा फरक विषयमा कार्यक्रम भएको छ। तसर्थ म पृष्ठभूमिमा जान चाहन्छु। हामीले हरेक आइतबार बहस शृङ्खला सञ्चालन गर्दै आएका छौं। जति बेला जनआन्दोलन उठ्न सकिरहेको थिएन, त्यतिबेला जनआन्दोलनलाई वैचारिक पृष्ठपोषण गर्ने उद्देश्यले हामीले यो शृङ्खला सुरु गऱ्यौं। आजको हाम्रो छलफल शृङ्खला १६ औं हो। जनआन्दोलनमा र त्यसपछि केही समय हामीले यसलाई रोकेका थियौं। आन्दोलनको समयमा त्यतै अल्मलियौं, त्यसपछिको समयमा हामीले लोकतन्त्रको विभिन्न आयामहरूमा चिन्तन-मनन गर्ने दायित्व राजनीतिक दल, पुनःस्थापित प्रतिनिधिसभा र शान्तिपूर्ण राजनीतिमा फर्किएको माओवादीको हो भन्ने ठान्यौं। तर, घट्नाक्रमले मुलुक अझ ठूलो अन्योलमा फस्दै गयो, समाजमा मुद्दाहरू उठे पनि त्यसको निकास, किनारा अर्थात सहमतिपूर्ण विचारको निर्माण गर्न राजनीतिक शक्तिहरू सफल नहुने अनुभूति भएपछि हामीले फेरि यो शृङ्खलालाई अगाडि बढाएका छौं।

जति बेला हामीले यो 'थिम' चयन गरेका थियौं, त्यति बेला दुई वटा मुद्दा मुलुकका लागि साझा थियो-(१) लोकतान्त्रिक आन्दोलनमा शान्तिपूर्ण ढंगले सबै संलग्न हुने र, (२) त्यो लोकतान्त्रिक आन्दोलनपछि बनाउने व्यवस्था समावेशी लोकतान्त्रिक हुने।

अरू विषयमा भने विभिन्न मत थियो। तर, सबै जना शान्तिपूर्ण लोकतान्त्रिक आन्दोलनमा होमिएका थियौं। जनतामा अपिल गरिएका शब्द थिए-हिजोको जस्तो प्रजातन्त्र होइन, नयाँ खालको लोकतन्त्र हाम्रो मुलुकमा आउँदैछ, त्यो समावेशी हुन्छ। त्यसका लागि फेरि एक पटक जनआन्दोलनमा लागौं, जसले शान्त, समृद्ध, समुन्नत नेपाल दिन्छ।

यस्तो सपना बाँडिए पनि त्यसको विभिन्न 'डिस्कोर्स'का बारेमा पर्याप्त छलफलहरू हुन सकिरहेको थिएन। त्यसको स्वरूप के हो, संरचना कस्तो हुन्छ भन्ने थिएन। यही कारण हामीले ती मुद्दाहरूलाई अगाडि बढाउन छलफलहरू चलायौं। १३ वटा छलफलको निष्कर्ष र प्रक्रियालाई समेटेर हामीले 'मनोग्राफ' को रूपमा 'समावेशी लोकतन्त्र' भन्ने पुस्तक भर्खरै तयार पारेका छौं, जसलाई २/३ दिनभित्रै हामी यहाँहरूका बीचमा ल्याउने छौं।

हामी अनौपचारिक रूपमा यो कार्यक्रम चलाउँछौं, तोकिएको विषयमा एक जना साथीले अवधारणा प्रस्तुत गर्नुहुन्छ, त्यसमाथि अर्को एक जना साथीले टिप्पणी गर्नुहुन्छ। अनि हामी खुला छलफल गर्छौं र, उपस्थित सबैको विचार र विश्लेषणको हामीले अपेक्षा राख्दछौं। यो कार्यक्रम हामी प्रचार या समाचारका लागि गरिरहेका छैनौं। तसर्थ हामी कार्यक्रममा प्रस्तुत अवधारणा, टिप्पणी र दृष्टिकोणलाई समावेश गरेर 'मनोग्राफ' तयार पार्छौं, जसमा यहाँहरूले राखेका सबै मन्तव्य र विचार



समेटिन्छ। राज्य संरचनालगायतका कुनै पनि मुद्दामा पर्याप्त छलफल भइसकेको छैन, ती सबैमाथि थप छलफल जरुरी छ, देशव्यापी रूपमा जनताको अभिमत प्रवर्द्धन गर्नु जरुरी छ। तसर्थ त्यसलाई जस्ताको तस्तै आमरूपमा जनसमक्ष पुऱ्याउन 'मनोग्राफ' तयार पारिएको हो।

आजको विषयचाहिँ अलि मूल राजनीतिक विषयसँग जोडिएको हो कि होइन भन्ने खालको छ। तर, हामीले यसलाई जोडेका छौं। हामी जुन समस्या र संक्रमणबाट गुज्रिरहेका छौं, त्यहाँ अनेकौ मुद्दा र समस्या छन्। जनजाति, दलित, भाषाभाषी, महिला, नागरिकता, मधेसी, कर्णालीलगायतका तमाम मुद्दा सडकमा छन्, बाहिर आइरहेको पनि छ। विभिन्न ढंगले ती मुद्दालाई सम्बोधन गर्ने प्रयत्न पनि भइरहेको छ। लोकतन्त्रमा समेटिनै पर्ने एउटा मूल विषय विस्थापित नेपाली नागरिक पनि हो। त्यो मुद्दा उठ्न सकिरहेको छैन, छायाँमा परिरहेको छ भन्ने महसुस हामीलाई भयो। सही समावेशी राज्य निर्माण गर्न लागिरहेका हौं भने यो मुद्दालाई कसरी सम्बोधन गर्नुपर्ला, यसको आकार कस्तो छ, यो उपेक्षा नै गर्ने विषय हो या यसमा चिन्तन गर्नु जरुरी छ भन्ने ठानेर हामीले आज यो विषय राख्यौं। हामी यस विषयको ज्ञाता होइनौं, यसका ज्ञाता पदम खतिवडाजीले अवधारणा राख्दै हुनुहुन्छ। उहाँ यसैमा अध्ययन गरिरहनु भएको 'स्कलर' हुनुहुन्छ, उहाँको अवधारणा हामी सुन्छौं। यसमाथि डा. गोपालकृष्ण सिवाकोटीले टिप्पणी गर्नुहुन्छ। त्यसपछि यहाँहरू सबैको गहन मन्तव्यको अपेक्षा मैले गरेको छु। म यहाँहरूको स्वागत गर्दै खतिवडाजीलाई अवधारणा प्रस्तुत गरिदिनु हुन अनुरोध गर्दछु।

◆◆

**अवधारणा**

# आन्तरिक विस्थापन र सामाजिक समावेशीकरण

■ पद्म खतिवडा

## विषय प्रवेश

मानव आप्रवासन मानव सृष्टि भएदेखि नै सुरुवात भएको मानिन्छ। आप्रवासनसँगै मानिस, समुदाय तथा देश र समग्र विश्वकै सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक तथा धार्मिक पक्षहरू गाँसिएको हुँदा आप्रवासनको अध्ययन, अनुसन्धान एक गहन विषय हो। आप्रवासनलाई विभिन्न तरिकाबाट वर्गीकरण गरिएको पाइन्छ (हेर्नुहोस् अनुसूची १)। आप्रवासन एक प्राकृतिक सिद्धान्तमा आधारित नित्तान्त वैयक्तिक मामिला पनि हो। आप्रवासनका सबल र दुर्बल दुवै पक्षहरू हुन्छन्। आप्रवासन एक व्यक्तिले आफूखुसी घुमफिर गर्न पाउने अधिकारभित्र पर्ने भएकाले यो सवाल एक अधिकारमुखी सवाल (rights-based approach) हो। आप्रवासनका पनि विभिन्न रूप हुन्छन्। प्राकृतिक सिद्धान्तको आधारमा हुने आप्रवासनजस्तै पर्यटकको रूपमा घुमफिर गर्ने खालको आप्रवासन सबल पक्षको मानिन्छ तर मानव अधिकारको हनन हुने खालको आप्रवासन यसको दुर्बल पक्ष हो। शरणार्थी तथा आन्तरिक रूपमा विस्थापित व्यक्तिहरू प्रायः मानव अधिकारको हननमा पर्ने व्यक्तिहरू भएकाले उनीहरूको बाध्यात्मक आप्रवासन एक दुर्बल पक्ष हो।


बाध्यात्मक आप्रवासन गर्नेहरू ग्रहण गर्ने समुदाय (host community) मा बहिष्कृत (excluded) समूहमा पर्छन्[ग्द]। खासगरी विश्वमा नै लहरका रूपमा चलेको द्वन्द्व, विनाश आदिको कारणबाट बाध्यात्मक आप्रवासन (forced migration) ले व्यापकता लिइरहेको छ। यसै सम्बन्धमा सन् २००० पछि आप्रवासनलाई स्वैच्छिक (voluntary) र बाध्यात्मक (forced) रूपमा हेर्न

ग्द. हुनतः सम्मानित जीवन बिताएका केही उदाहरण पनि छन्। नेपालमा बसोबास गर्ने तिब्बती शरणार्थीहरूलाई विश्वकै शरणर्थीहरूमध्ये सबैभन्दा सम्मानित जीवन बिताउने शरणार्थी (most adopted class of refugees) को रूपमा लिइन्छ। यसमा उनीहरूमा भएको कला, सीप, आदि पनि जिम्मेवार छ। भनिन्छ, नेपालमा गलैंचा उत्पादनको सुरुवात तिब्बती शरणार्थीहरूबाट नै भएको हो। अहिले उनीहरू आफ्नो घर फर्कनेभन्दा पनि नेपालमा नै बस्न रुचाउँछन्।



थालिएको छ. यहाँ चार्ट १ मा बाध्यात्मक आप्रवासनका विभिन्न रूपहरूलाई प्रस्ट पार्ने प्रयास गरिएको छ।

**चार्ट १ : बाध्यात्मक बसाइँसराईका प्रकार**






आन्तरिक विस्थापन आप्रवासनकै एकरूप हो। दुई प्रकारका आप्रवासनहरू स्वैच्छिक आप्रवासन (voluntary migration) र बाध्यात्मक आप्रवासन (forced migration) मध्ये आन्तरिक विस्थापनलाई बाध्यात्मक आप्रवासनका रूपमा लिइन्छ, जो मुख्यतया पाँचवटा कारणहरूले हुने गर्दछ।

- द्वन्द्वका कारणले हुने आन्तरिक विस्थापन (conflict induced internal displacement)
- विकास निर्माणसम्बन्धी परियोजनाका कारणले हुने आन्तरिक विस्थापन (Development project induced internal displacement)
- प्रकोपका कारणले हुने आन्तरिक विस्थापन (Disaster induced internal displacement)
- मानव बेचबिखानका कारणले हुने आन्तरिक विस्थापन (Human trafficking induced internal displacement)
- मानव तस्करीबाट हुने आन्तरिक विस्थापन (Human smuggling induced internal displacement)

यसबाहेक स्वैच्छिक आप्रवासनका कारण पनि कहिलेकाहीँ मानिस आन्तरिक विस्थापनमा पर्छन् भने बाध्यात्मक आप्रवासनका रूपमा विस्थापित हुनेहरू पनि स्वैच्छिक आप्रवासनकै रूपमा परिवर्तन हुन सक्छन्। अर्कोतर्फ बाध्यात्मक रूपमा आप्रवासन गर्ने व्यक्तिहरू ठूलो जोखिम हुँदाहुँदै पनि असहाय, अशक्त, तथा गरिबीका कारण ठाउँ छोड्न असमर्थ हुन्छन्। जस्तै वृद्ध, केटाकेटी, अपांग र अन्य यस्तै वर्गका मानिसहरू। एन सानमुगरत्नम, रानहिल्ड लुन्ड र क्रिस्टी आन स्टोलनजस्ता मानवशास्त्रीहरूले स्वैच्छिक र बाध्यात्मक आप्रवासनलाई छुट्याउन नसकिने अस्पष्ट (blurred) विषयवस्तुका रूपमा व्याख्या गरेका छन् (shanmugaratnam et al., 2003) .

अब महत्वपूर्ण प्रश्न उठ्छ, आन्तरिक विस्थापनलाई कसरी हेर्ने ? उदाहरणका लागि द्वन्द्वको कारण हुने आन्तरिक विस्थापनलाई अध्ययन गर्न द्वन्द्वको अध्ययन आवश्यक छ वा आप्रवासनको ? मेरो विचारमा दुवै तरिकाबाट हेरिनुपर्छ। तर पनि प्रक्रिया र असरका रूपमा अध्ययन गर्दा कुन प्रकारबाट हेर्ने भन्ने कुरा त्यसैमा अडेको हुन्छ। यदि आप्रवासन प्रक्रिया हो र द्वन्द्व असर हो भने आन्तरिक विस्थापन बसाइँसराईकै रूपबाट हेरिनुपर्छ। यस लेखमा आन्तरिक विस्थापनलाई आप्रवासनका रूपबाट विश्लेषण गर्ने जमर्को गरिएको छ।

आन्तरिक विस्थापनको चर्चा १९९० को दशकपछि मात्र सुरु भएको भन्दा फरक पर्दैन। हुन त मानव सृष्टिको सुरुवातदेखि नै आप्रवासन व्याप्त थियो र त्यसभित्र पनि Voluntary र Forced का तत्वहरू अवश्य नै थिए। मानव सभ्यताको विकासक्रमसँगै आप्रवासन पनि परिष्कृत हुँदै गयो र शरणार्थीका रूपमा

बाध्यात्मक आप्रवासनको चर्चा हुन सुरु भयो। बिस्तारै बाध्यात्मक आप्रवासन आन्तरिक विस्थापनको रूपमा पनि हुँदो रहेछ भन्ने कुरा विश्वकै कतिपय देशहरूमा चलेका गृहयुद्धहरूले सावित गर्दै गए।

**आन्तरिक विस्थापन : परिभाषा**

आन्तरिक विस्थापनलाई परिभाषित गर्ने कार्य सरकारी तथा गैरसरकारी संघसंस्थाहरूको आफ्नो नियमित कार्यक्रमको महत्वपूर्ण भाग (component) का रूपमा पनि देखिन थालेको छ। अर्थात आफ्नो कार्यक्रमलाई मिल्दोजुल्दो रूपमा आन्तरिक विस्थापनलाई परिभाषित गर्ने गरिएको पाइएको छ।

यसै क्रममा आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूका बारेमा सर्वप्रथम सन् १९९२ को संयुक्त राष्ट्रसंघका महासचिवको प्रतिवेदनमा उल्लेख गरिएको छ। उक्त प्रतिवेदनका अनुसार, "आन्तरिक रूपमा विस्थापित व्यक्तिहरू भन्नाले सशस्त्र द्वन्द्व, आन्तरिक भैmभmगडा, मानव अधिकारको उल्लंघन वा मानवनिर्मित वा प्राकृतिक प्रकोपका कारणले ठूलो संख्यामा अचानक वा आकस्मिक रूपमा आफ्नो बासस्थान छोड्न बाध्य भएका अन्तर्राष्ट्रिय सिमाना पार नगरी देशभित्रै विस्थापित जीवन बिताइरहेका व्यक्तिहरू।"

यसै क्रममा संयुक्त राष्ट्रसंघद्वारा सन् १९९८ मा आन्तरिक विस्थापनसम्बन्धी सिद्धान्तहरू (Guiding Principles on Internal Displacement) निर्माण गरी जारी गरिएको छ। उक्त दस्तावेजमा आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूको परिभाषा यस प्रकार दिइएको छ।

> '…persons or groups of persons who have been forced or obliged to flee or to leave their homes or places of habitual residence, in particular as a result of or in order to avoid the effects of armed conflict, situations of generalized violence, violations of human rights or natural or human made disasters, and who have not crossed an internationally recognized state border.'

यसरी राष्ट्रसंघद्वारा तयार भएको आन्तरिक विस्थापनको सिद्धान्तले सर्वप्रथम आन्तरिक रूपमा विस्थापितहरूको बारेमा औपचारिक रूपमा नै परिभाषित गरेर संयुक्त राष्ट्रसंघले आफ्नो सदस्य राष्ट्रहरूलाई विस्थापित मानिसहरूको हक र अधिकारलाई सुरक्षित गर्न आग्रह गरको छ तर पनि यो आन्तरिक विस्थापनको



सिद्धान्त निर्माण हुँदादेखि नै विवादास्पद सवालहरू पनि उठ्न थालेका छन् (Oxford, 2006)[ज्ञघ]. केही यस्ता विवादस्पद सवालहरू यसप्रकार छन्।

- आन्तरिक विस्थापनको सिद्धान्त निर्माणको क्रममा निर्माताहरूबीच भएको मुख्य विवाद Internally displaced 'persons', 'people' or 'population' बीच हो। मस्यौदा तयार गर्नेमध्ये कतिपय 'persons' भन्नुपर्छ भन्ने थिए भने कतिपय 'people' र कतिपय 'populations'। र यो विवाद विद्वानहरूबीच अहिले पनि कायमै छ। सन् १९९४ मा इजिप्टको राजधानी कायरोमा भएको जनसंख्या र विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (ICPD, 1994) ले आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूलाई 'Internally displaced population' भनी व्याख्या गरेको छ (UN, 1994).
- के आन्तरिक विस्थापन युद्ध, विकास निर्माणको काम र मानव निर्मित वा प्राकृतिक प्रकोपले मात्र हुन्छ ? के स्वैच्छिक वसाइँसराइ बाध्यात्मक बसाइँ-सराईमा परिणत हुन सक्दैन वा बाध्यात्मक बसाइँसराइ स्वैच्छिकमा ?
- शरणार्थीहरूसम्बन्धीको दस्तावेज UN Refugee Convention 1951 ले केवल शरणार्थीहरूको बारेमा मात्र व्याख्या र उनीहरूको अधिकारको बारेमा कुरा गर्छ तर आन्तरिक रूपमा विस्थापितहरूको बारेमा सदस्यराष्ट्रलाई बाध्यकारी दस्तावेज (binding instrument) नभएको अवस्थामा आन्तरिक रूपमा विस्थापितहरूको हक र अधिकारको बारेमा कसरी बाध्यकारी बनाउने। हालैका वर्षहरूमा आएर राष्ट्रसंघले आफ्नो एजेन्सी UNHCR लाई आन्तरिक रूपमा विस्थापितहरूको बारेमा समेत व्याख्या गर्ने भनी अधिकार प्रत्यायोजन गरेको भए तापनि यो mandate ले सदस्य राष्ट्रहरू बाध्यकारी रूपमा यस सवाललाई नहेर्न सक्छन्।

नेपालको सम्बन्धमा आन्तरिक रूपमा विस्थापित भन्नाले विशेष गरी दुई प्रकारका आन्तरिक विस्थापितको चर्चा हुने गर्छ :

क. राज्य र गैरराज्य (माओवादी) बीच चलेको सशस्त्र द्वन्द्वका कारण विस्थापित भएका व्यक्तिहरू, र

---

ज्ञघ. लेखकले भाग लिएको Summer School in Forced Migration, 3-21 July 2006, Refugee Studies Centre, Oxford University मा Guiding Principles on Internal Displacement का मस्यौदाकारमध्येका एक Jon Bennet ले व्यक्त गरेको विचारका आधारमा।

ख. बाढीपहिरो तथा अन्य कारणहरू जस्तै चेलिबेटी बेचबिखन वा गरिबीका कारण ठाउँ छोड्न बाध्य व्यक्तिहरू ।

त्यसो त द्वन्द्व, प्रकोप लगायत विभिन्न अन्य कारणले विस्थापनमा पर्ने व्यक्तिहरू आफू शारीरिक वा मानसिक तथा अन्य कारणले गर्दा पनि घर छोड्न सकिरहेका छैनन् । यस्ता व्यक्तिहरू द्वन्द्वको वेला अझ बढी दोहोरो मारमा पर्नें देखिन्छ ।

**आप्रवासनसम्बन्धी तथ्यांक**

माथि पनि चर्चा गरियो, मानव आप्रवासन मानव सृष्टि भएदेखि नै सुरुवात भएको मानिन्छ । बक्स १ ले आप्रवासनसम्बन्धी विश्व एक झलक प्रस्तुत गर्दछ । एक देशबाट अर्को देशमा बसाइँ-सराइ गर्नेहरूमध्ये विकासोन्मुख मुलुकमा भन्दा विकसित मुलुकमा अत्यन्तै बढी हुन्छ । बक्समा देखाए जस्तै विकसित मुलुकहरूमा प्रत्येक १० व्यक्ति बराबर १ व्यक्ति आप्रवासी हुन्छ ।

**आप्रवासनसम्वन्धी विश्व एक झलक**

- सन् २००५को अन्त्य सम्ममा विश्वमा १९ करोड ५० लाख मानिसहरू आप्रवासी (Migrants) थिए जो विश्व जनसंख्याको करिब ३ प्रतिशत हुन आउँछ ।
- सन् १९७५-२००० को बीचमा आप्रवासीको संख्या ठीक डवल भएको थियो ।
- विकसित मुलुकहरूमा प्रत्येक १० व्यक्ति बराबर १ व्यक्ति आप्रवासी हुन्छ ।
- विकासोन्मुख मुलुकमा प्रत्येक ७ व्यक्ति बराबर १ आप्रवासी हुन्छ ।

स्रोतः Castles, 2006,UNFPA,2006

नेपालमा अन्तर-जिल्ला बसाईसराइको तथ्याङ्कलाई हेर्दा कुल २९ लाख २९ हजार ६४ मानिसहरू सन् १९९१-२००१ को बीचमा एक जिल्लाबाट अर्को जिल्लमा आप्रवासन गरेको देखिन्छ । विवाहको कारणले आप्रवासन गर्नेहरूको सङ्ख्या बढी देखिएको भएता पनि ३१ प्रतिशतभन्दा बढी मानिसहरू तालिकामा देखाइएभन्दा फरक कारणहरूले आप्रवासन गरेको देखिन्छ ।



**तालिका १ : नेपालको आन्तरिक बसाइँ-सराई र तिनका कारणहरू**

| क्रम संख्या | कारणहरू | प्रतिशत | | |
|---|---|---|---|---|
| | | जम्मा | अन्तरजिल्ला | विदेशमा जन्मिएका |
| १. | व्यापार | ट.ण्घ | छ्.छ्घ | ङ.द्धघ |
| २. | कृषि | ज्ञछ्.ठढ | ज्ञङ.ण्ङ | द्ध.ठठ |
| ३. | रोजगारी | ज्ञण्.छ्ङ | ज्ञज्ञ.छ्ण् | ट.ज्ञघ |
| ४. | अध्ययन/तालिम | ढ.घघ | ज्ञण्.घद्ध | द्ध.ठठ |
| ५. | विवाह | द्दट.ढछ् | द्दद्द.ढढ | द्धछ्.ढढ |
| ६. | अन्य | घज्ञ.घद्द | घज्ञ.छ्छ् | घण्.द्दज्ञ |
| जम्मा संख्या | | घछ्घठज्ञछ्छ् | द्दढद्दढण्टद्ध | टण्ङण्ढद्द |

स्रोत : कन्द्रीय तथ्याङ्क विभाग

त्यसैगरी बक्स २ ले विश्वमा बाध्यात्मक बसाइँसराईको स्थितिलाई प्रष्ट पार्ने जमर्को गरेको छ । सन् २००५ को एक अनुमानअनुसार विश्वमा कुल १ करोड ३२ लाख शरणार्थी रहेका थिए भने आन्तरिक रूपमा विस्थापित हुनेको संख्या २ करोड ४० लाख रहेको अनुमान छ जसमा

**बाध्यात्मक आप्रवासन विश्व एक झलक (२००५)**

| | |
|---|---|
| शरणार्थी | ९.२ मिलियन |
| प्यालेस्टानी शरणार्थी | ४ मिलियनभन्दा बढी |
| आन्तरिक रूपमा विस्थापित | २४ मिलियन, (१२) मि अफ्रिका |
| विकास निर्माणका परियोजनाबाट विस्थापित | १० मि (प्रति वर्ष) |

**तालिका २ : आन्तरिक विस्थापन विश्व एक झलक (डिसेम्वर २००५)**

| क्षेत्र | प्रभावित देशको संख्या | विस्थापित संख्या (Million) |
|---|---|---|
| अफ्रिका | २० | १२.१ |
| एसिया | ११ | २.८ |
| अमेरिकी देशहरू | ४ | ४.० |
| युरोप | १० | २.७ |
| मध्य पूर्व | ५ | २.१ |
| जम्मा | ५० | २३.७ |

स्रोतः Castles, 2006

करिव १ करोड २० लाख त अफ्रिकामा मात्र छन् । त्यसैगरी विकास निर्माणका परियोजनाबाट प्रतिवर्ष १ करोड मानिसहरू विस्थापित हुने गर्दछन् ।

नेपालको सम्बन्धमा आन्तरिक विस्थापितहरूको संख्या कति छ भनेर हालसम्म एकिन तथ्याङ्क उपलब्ध छैन । अहिलेसम्म संकलित तथ्यांकहरू केवल अनुमानका आधारमा तय गरिएका छन् । Global IDP Project ले गरेको अनुमानलाई हालसम्म सबैभन्दा विश्वसनीय अनुमान मानिएको छ जसका अनुसार नेपालमा माओवादी जनयुद्धका क्रममा करिब २ लाख मानिस आन्तरिक रूपमा विस्थापित भएका छन् ।

आन्तरिक रूपमा विस्थापितहरूको तथ्याङ्क संकलन गर्ने कार्य एक चुनौतीपूर्ण भएको छ जसका प्रमुख कारणहरू यसप्रकार छन् :

१. सबैखाले आन्तरिक विस्थापितहरूको दर्ता कार्य हुन नसक्नु : सरकारले सबैखाले विस्थापितहरूको तथ्यांक राख्ने कामको सुरुवात गरेको छैन । अहिलेसम्म तयार गरिएका नीतिहरूमा केवल माओवादीका कारण विस्थापित भएकाहरूलाई आन्तरिक विस्थापनको सूचीमा राख्नु विडम्बना नै हो । करिब दुईवर्ष अघि बीबीसी सेवालाई नेपालमा केवल ८ हजार व्यक्तिमात्र आन्तरिक रूपमा विस्थापित छन् भनेर अर्को लज्जास्पद चित्र प्रस्तुत गरेको सरकारले सन् २००५ सम्ममा पनि केवल १८६६४ व्यक्तिहरूमात्र आन्तरिक रूपमा विस्थापित मानिसहरूको सूची तयार गर्न भ्याएको छ (Caritas,2005) .

२. चलायमान जनसंख्या (population movement) सम्बन्धी अनुगमन हुन नसक्नु : नेपालमा सहर, गाउँ, सुगम, दुर्गम जहाँ जन्मेको व्यक्ति पनि स्वदेश वा भारतका कुनै पनि ठाउँमा बिना रोकटोक घुमफिर गर्न पाउँछ । नेपाल र भारत बीचको सन् १९५० को सन्धि विशेष गरी दफा ६ र ७ ले नेपाल र भारतीय दुवै नागरिकलाई एक अर्काका मुलुकमा स्वतन्त्र घुमफिर गर्ने, काम गर्ने वा बसोबास गर्ने व्यवस्था गरेको छ । आफू खुसी आप्रवासन गर्नु नैसर्गिक अधिकार पनि हो । त्यसैले आप्रवासन एक अधिकारमुखी सवाल हो । यसो भन्दैमा को मानिस कुन ठाउँबाट कहाँ गइरहेको छ भन्ने जस्ता महत्वपूर्ण विवरण उपलब्ध गराउने खालको तथ्यांक राख्ने व्यवस्था नहुनुले नेपालमा आप्रवासनको सवाललाई कति ओझेलमा परिएको रहेछ भन्ने कुरा स्पष्ट हुन्छ । आप्रवासनको तथ्याङ्क व्यवस्थित नभएसम्म समावेशीकरण लगायत आवश्यक मानिसलाई राहत, आरक्षणजस्ता महत्वपूर्ण सवालहरू अधुरै रहन्छन् । दसौं योजनासम्म आउँदा पनि नेपालको आप्रवासनलाई पहिलाका योजनाहरू जस्तै नियमित गर्ने भनिएको छ । यो नियमित आप्रवासनको नीति भनेको के हो, पर्गेल्ने प्रयास भने भएको छैन ।

३. विस्थापन र सामाजिक, सांस्कृतिक मूल्य-मान्यता : विभिन्न कारणले गर्दा आन्तरिक द्वन्द्वका कारण विस्थापित हुन व्यक्तिहरू आफू विस्थापित भएको कुरा बताउन सक्ने अवस्थामा छैनन् । यसका प्रमुख कारणहरूमा सामाजिक आर्थिक, राजनीतिक, धार्मिक र सांस्कृतिक नै प्रमुख रूपमा रहेका छन् । आफू बसेको ठाउँ छोड्नुपर्ने अवस्था आएपछि मानिस सर्वप्रथम आफ्नो नातेदार वा साथीभाइकहाँ बसेका छन् भनी खोज्दछन् र उनीहरूकहाँ शरण लिन पुग्दछन् । शान्तिसुरक्षाको कारण वा समाजले आफूलाई के भन्लान भन्ने डरले पनि आफूलाई विस्थापित भन्न रुचाउँदैनन् ।



४. भारतसँग खुल्ला सिमाना : भारत सँगको खुल्ला सिमाना मात्र हैन, छिद्रछिद्र परेको सिमानाले पनि विस्थापितहरूको सख्या संकलन गर्न गाह्रो काम भएको छ । साधारणतया एक देशको सिमाना पारगरी अर्को देशमा टेकेका विस्थापितहरू या त आश्रय माग्नेहरू (asylum seekers) वा शरणर्थीहरू (refugees) मा पर्नुपर्ने हो तर भारत गएका विस्थापितहरूको हकमा न त उनीहरू आन्तरिक विस्थापित न त माथि उल्लेख गरिए मध्ये कुनै एक नै हुन् । यसबाहेक भारत जानेआउने क्रम चलिरहने प्रक्रियाले पनि विस्थापनको अध्ययन एक कठिन कार्य भएको छ ।

५. विस्थापितहरूको बारेमा छुट्टै संगठन निर्माण हुन नसक्नु : माओवादीबाट पीडितभई विस्थापित भएकाहरूको छुट्टै संगठन भएको भए तापनि राज्य पक्षबाट विस्थापित हुनेहरूको संगठन नहुनु अर्को गम्भीर समस्याको रूपमा देखा परेको छ । दुवैतर्फका कारण हुने विस्थापितहरूको साझा संगठनले मात्र विस्थापितहरूको हकअधिकार सुनिश्चित हुन सक्छ ।

विश्वमा बाध्यात्मक आप्रवासनको स्थितिलाई हेर्दा सबैभन्दा बढी आन्तरिक रूपमा विस्थापित मानिसहरू नै पर्दछन् । अहिलेको विश्व परिवेशलाई हेर्दा विशेष गरी ९० को दशक पछि जब सोभियतसंघ टुक्रिए पछिको अवस्थामा देश-देशबीच चल्ने द्वन्द्वभन्दा पनि देश भित्रकै आन्तरिक द्वन्द्व बढ्दो क्रममा भएको देखिएको छ । यसले गर्दा आन्तरिक विस्थापितहरूको संख्या पनि दिनप्रतिदिन बढीरहेको छ । सन् २००५ को अन्त्यसम्ममा आन्तरिक रूपमा विस्थापित भएका देशहरूको संख्या ५० पुगेको अनुमान गरिएको छ जसमा २० बटा देशहरू अफिकामा पर्छन् । विस्थापित हुनेहरूको संख्यामा पनि अफिकाले नै उछिनेको छ । कुल संख्यामध्ये १ करोड २० लाखभन्दा बढी मानिस अफ्रिकाका विभिन्न मुलुकहरू जस्तै सुडान, कंगो रुवान्डाजस्ता देशहरूमा आन्तरिक विस्थापित जीवन बिताइरहेका छन् ।

नेपालमा आन्तरिक विस्थापितहरूको संख्या यति नै छ भनेर अनुमान लगाउन गाह्रो छ ता पनि विभिन्न संघसंस्थाहरूले यसको नियमित अनुगमन र आफ्ना कार्यक्रमका आधारमा केही तथ्यांकहरू संकलन गरेका छन् ।

**सामाजिक बहिष्करण /समावेशीकरण**

अङग्रेजी शब्दहरू exclusion र inclusion लाई यस लेखमा क्रमश : बहिष्करण र समावेशीकरण भनी नाम दिइएको छ । एसिया तथा अफ्रिकी मुलुकमा अक्सरगरी अध्ययन तथा चर्चा पाएका यी दुई शब्दहरूको उत्पति भने युरोपमा नै भएको मानिन्छ । खास गरी युरोपियन समाजमा सन् १९७० पश्चात् विकसित

भएको पुँजीवादी प्रजातन्त्रको लहरले आर्थिक क्षेत्रमा विभिन्न संरचनात्मक परिवर्तनहरू ल्यायो। धेरैका लागि यी आर्थिक परिवर्तनहरू सकारात्मक भएको भएता पनि पश्चिमा मुलुकहरूलाई पनि लोककल्याणकारी राज्य स्थापना गर्न कठिन पर्न थाल्यो। सामाजिक बेमेल बढ्दै गए पछि सुरक्षाका सवालहरू पनि उठ्न थालिसकेका थिए। यसै सम्बन्धमा युरोपियन युनियनका कतिपय देशहरूमा करिब ५० लाख मानिसहरू गरिबीको रेखामुनि रहेको अनुमान गरिएको छ। करिब १ करोड ६० लाख मानिसहरू बेरोजगार रहेका जस्ता तथ्यांकले सामाजिक बहिष्करण र समावेशीकरणका सबालहरू युरोपियन मुलुकहरूमा पनि व्याप्त रहेको पुष्टि हुन्छ (European Commission, 1994, Silver, 1994) .

सामाजिक बहिष्करणको सुरुवात फ्रान्सबाट भएको मानिन्छ। सन् १९७० तिर फ्रान्समा रोजगारीमा आधारित सामाजिक सुरक्षा प्रणालीबाट विभिन्न प्रकार (category) का मानिसहरू जस्तै मानसिक र शारीरिक रूपमा अस्वस्थ, वृद्धवृद्धा, अपहेलित बालबालिका, एकल महिला तथा पुरुष, आदि प्रभावित भएका थिए। करिब १ प्रतिशत जनसंख्या यो समूहभित्र रहेको अनुमान छ। सामाजिक बहिष्करणले युरोपका विभिन्न मुलुकहरूमा परेको प्रभावलाई न्यूनिकरण गर्न सन् १९८९ मा युरोपियन कमिसनले सामाजिक बहिष्करणसम्बन्धी संकल्प प्रस्ताव पारित गऱ्यो।

बहिष्करण समावेशीकरणको उल्टो अर्थ लाग्ने शब्द होइन। बहिष्करण त सम्मिलन (integration) को उल्टो रूप हो। बहिष्करण बहुआयमिक विचार (multi dimensional concept) हो। बहिष्करण एक सापेक्ष शब्द हो जो विद्यमान आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक पक्षहरूसँग जोडिएको हुन्छ। त्यसैले सामाजिक बहिष्करण केवल स्रोत परिचालन प्रणाली संग मात्र सम्बन्धित नभएर समग्र शक्ति सम्बन्ध (power relation), कर्ता (agency), संस्कृति (cultue), सामाजिक पहिचान (socialidentity), अधिकारमुखी दृष्टिकोण (rights-based approach) हो। यसै सन्दर्भमा युरोपियन कमिशनलै सामाजिक बहिष्करणलाई नागरिकको सामाजिक अधिकारका रूपमा व्यख्या गरेको छ (Room et al., 1992, Hillary 1994, cited in Pradhan, 2006) .

सामाजिक बहिष्करणको प्रकारका बारेमा विभिन्न विद्वानहरूले विभिन्न तरिकाले व्यख्या गरेका छन्। सेन (२०००) ले बहिष्करणलाई constitutive relevance र instrumental importance का रूपमा लिएका छन्। सामाजिक प्रक्रिया एवं चलन चल्तीले passive exclusion लाई निम्त्याउँछ। passive exclusion मा प्रस्ट रूपले कानुन वा नीति बनाएर बहिष्करण गरिएको हुँदैन। योडले बहिष्करणलाई आन्तरिक बहिष्करण (inner exclusion ) र बाहय बहिष्करण (external exclusion) का रूपमा व्याख्या गरेका छन्। समग्रमा बहिष्करण विभिन्न प्रकारका हुन्छन् र तिनीहरू विभिन्न तह तथा क्षेत्रमा पर्छन्।

**अन्तरसम्बन्ध**



आन्तरिक विस्थापन र सामाजिक बहिष्करण/समावेशीकरण एक अर्कामा सम्बन्धित छन्। एक व्यक्ति विभिन्न कारणले आन्तरिक विस्थापनमा परेपछि विभिन्न प्रकारले बहिष्करणमा पर्दछ। जस्तै आन्तरिक द्वन्द्वका कारणले विस्थापित जीवन बिताउन बाध्य व्यक्तिहरू सामाजिक, आर्थिक, राजनीतिक विस्थापन र सामाजिक बहिष्करणको बीचको सम्बन्धलाई अझ प्रष्ट पार्नको लागि यहाँ एउटा घटना अध्ययन प्रस्तुत गरिएको छ।

**घटना विवरण**

*विसरभोरा गाविस ३, [धनुषा जिल्ला] का ५३ वर्षीय मुक्ति शाह हलुवाईसँग २०६० माघ १६ गते नेकपा माओवादीले १ लाख २५ हजार रूपैयाँ चन्दा स्वरूप दिनुपर्ने भनी दाबी गरे। त्यतिका रकम तिर्न सक्ने क्षमता उनीसँग थिएन। त्यसैले मुक्ति शाह हलुवाई सो गाविसबाट विस्थापित भई यदुकुहामा बस्न बाध्य भए। पीडितले यसभन्दा पहिला पनि ६ हजार ५ सय रूपैयाँ तिरिसकेको बताएका छन्।*

*स्रोत इन्सेक, २००५।*

यस घटनामा आन्तरिक विस्थापनको कारण भएको सामाजिक बहिष्करणलाई हेर्दा यस्तो देखिन्छ।

**राजनीतिक शक्ति ↔ सामान्य नागरिक**

एक राजनीतिक शक्तिको कारणले एक सामान्य नागरिक विस्थापित हुनुपर्दा विभिन्न प्रकारका बहिष्करणको चपेटामा उक्त नागरिक पर्न सक्छ। जस्तै :

- राजनीतिक बहिष्करण, जसको कारणले रानीतिक जीवनमा भाग लिन पाउने मतखन गर्न पाउनेलगायत विभिन्न अधिकारहरूको हनन भएको हुन्छ।
- सामाजिक बहिष्करण, जसका कारण समाजमा घुलमिल गरेरबस्न पाउने, समाजका नीति नियम पालन तथा दैनिक क्रियाकलापमा समाज विकासमा सहभागी हुन पाउने अधिकारबाट वञ्चित हुनुपर्ने अवस्था देखिन्छ।
- आर्थिक बहिष्करण, जसअनुसार आफ्नो घर परिवार तथा समाजमा रहेर आर्थिक क्रियाकलापमा सहभागी हुने, आर्थिक मामिलाको रेखदेख तथा नियमित सञ्चालन गर्नबाट बञ्चित हुनुपर्ने अवस्था देखिन्छ।
- सांस्कृतिक बहिष्करण, जसअनुसार सांस्कृतिक कुराहरूको जगेर्ना गर्दै सांस्कृतिक जीवनमा सहभागी हुनबाट वञ्चित हुनुपर्ने अवस्था देखिन्छ।

यसरी सामाजिक, आर्थिक तथा सांस्कृतिकलगायत धार्मिक बहिष्करणमा परेका विस्थापितहरूको चर्चा गर्ने क्रममा विभिन्न मोडेलहरूसँग गाँसेर हेर्न थालिएको छ। यो प्रसंग यहाँ राख्न लागिएको किन हो भने एक विस्थापित व्यक्ति केवल विस्थापनकै कारणले सधैंभरि अपहेलित र दुखी जीवन बिताउने व्यक्ति मात्र होइन। ऊ त एकातर्फ पीडित हो भने अर्कोतर्फ परिवर्तनबाहेक कर्ता (agent of change) पनि हो। संरचनात्मक परम्परा (structuralist tradition) बाट व्यक्तिवादी दृष्टिकोण (actor-oriented approach) सम्म आइपुग्दा शरणार्थी वा विस्थापित व्यक्तिहरूलाई agency को रूपमा एक परिवर्तनका सम्वाहक (agents of change) भन्ने गरिएको छ (Shanmugaratnam et al. 2003 )। यसै सन्दर्भमा Shanmuguratnam अघि लेख्छन् :

> "Being forced to move from a place does not necessarily mean being pushed into a passive acceptance or fatalist resignation,… Yet 'forced migration' implies that the migrant remains a passive actor always driven by events beyond his or her control. This may be valid only in exceptionally extreme situations" (Shanmuguratnam, 2003).

शरणार्थी र विस्थापितहरूको हक अधिकार सुरक्षण गर्ने सवालमा उठेका यी विभिन्न दृष्टिकोणहरूको मुख्य उद्देश्य भनेको उनीहरूलाई बहिष्करण हुने अवस्था आउन नदिन र उनीहरूको उचित पुनःस्थापनको लागि हो। एक विस्थापित व्यक्तिको समाधानको उपायका लागि निम्नलिखित प्रक्रियाहरू तथा चरण अवलम्बन हुन सक्छन्।

- फर्काउने कार्य (Return)
- पुनःस्थापन (Rehabilitation )
- पुनर्वास (Resettlement)
- सम्मिलन (Reintegration)

तर यस सम्बन्धमा उठ्ने महत्वपूर्ण सवाल भनेको विस्थापितहरूका सम्बन्धमा जुनसुकै प्रकारका प्रक्रियाहरू अवलम्बन गर्दा पनि उसको पहिचान र प्रतिष्ठामा आँच आउनेखालको कुनै पनि अमानवीय कार्य हुनुहुँदैन। यदि व्यक्ति विस्थाापित भएकै ठाउँमा सुरक्षित र स्वतन्त्र छ भने उसलाई जबरजस्ती फर्काउने कार्य अर्को मानव अधिकारको उल्लंघन हुने विषयभित्र पर्न सक्छ। नेपालको सन्दर्भमा अहिले विस्थापित जीवन बिताइरहेका व्यक्तिहरूका सम्बधमा यो एक महत्वपूर्ण सबाल बनेको छ।



शरणार्थी तथा विस्थापितहरूकौ बारेमा हेरिने विभिन्न अवधारणा (Model) का बारेमा यहाँ छोटकरीमा चर्चा गरिन्छ।

- कानुनी संस्थागत अवधारणा (Legal institution model): यसले विस्थापितहरूको बहिष्करण हुन नदिन विभिन्न कानुनी तथा संस्थागत संरचनाहरूको व्यवस्था हुनुपर्ने कुरा जनाउँछ।
- सामाजिक विकासको अवधारणा (Social development model) : यसले केवल कानुन र संरचनाको निर्माण हुँदैमा मात्र व्यक्ति बहिष्करणमा नपर्ने होइन, समाजमा कतिपय त्यस्ता सवालहरू हुन्छन् जसलाई मानवीय नाताले वा सामाजिक मूल्य र मान्यताका आधारमा समाधान गरिनुपर्छ भन्नेजस्ता कुराहरूलाई जोडदिएको हुन्छ।
- राजनीतिक अर्थव्यवस्थाको अवधारणा (Political economy model) : एक व्यक्ति विस्थापित भएपछि सुरक्षा प्रमुख सवाल बन्छ। आपत परेको वेलामा उसले सर्वप्रथम आश्रयस्थलको रूपमा आफ्नो नातेदार वा साथीभाइ नै पहिल्याउँछ। त्यस्तै एक राजनीतिक कार्यकर्ता विस्थापित भएमा राजनीतिक पार्टीकै नेटवर्क पहिल्याउनुपर्ने हुन्छ, जसले गर्दा पनि उसको समग्र आर्थिक र सामाजिक पक्षमा प्रभाव परिरहेको हुन्छ र व्यक्ति बहिष्करणमा पर्न सक्छ।
- सुरक्षाको अवधारणा (Security model) : सुरक्षाको अवधारणले पनि विस्थापित व्यक्ति बहिष्करणमा पर्ने वा नपर्ने हुनसक्छ। सुरक्षाकै अभावले कतिपय विस्थापितहरू बहिष्करणमा परिरहेका हुन्छन्।

**निष्कर्ष**

मानव आप्रवासन मानव सृष्टि भएदेखि नै सुरुवात भएको मानिन्छ। आप्रवासन मानिस, समुदाय तथा देश र समग्र विश्वकै सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक तथा धार्मिक पक्षहरू गाँसिएको हुँदा यसको अध्ययन, अनुसन्धान गहन रूपमा हुन आवश्यक छ। प्राकृतिक सिद्धान्तको आधारमा हुने आप्रवासन जस्तै पर्यटकको रूपमा घुमफिर गर्ने खालको आप्रवासन सवलपक्षको मानिन्छ तर मानवअधिकारको हनन हुने खालको आप्रवासन यसको दुर्वल पक्ष हो। शरणार्थी तथा आन्तरिक रूपमा विस्थापित व्यक्तिहरू प्राय मानवअधिकरको हननमा पर्ने व्यक्तिहरू भएकाले उनीहरूको बाध्यात्मक आप्रवासन एक दुर्वल पक्ष हो। त्यसैले पनि यी व्यक्तिहरूको बारेमा छुट्टै नीति, नियमहरूको टड्कारो आवश्यकता रहेको देखिन्छ।

बाध्यात्मक आप्रवासन गर्नेहरू ग्रहणगर्ने समुदाय (host community) मा बहिष्कृत (excluded) समूहमा पर्छन्। खासगरी विश्वमा नै लहरको रूपमा चलेको द्वन्द्व, विनास आदिको कारणबाट बाध्यात्मक आप्रवासनले व्यापकता लिइरहेको छ।

यसै सम्बन्धमा सन २००० पछि आप्रवासनलाई स्वैच्छिक (voluntary) र बाध्यात्मक (forced) रूपमा हेर्न थालिएको छ, हुनतः स्वैच्छिक र बाध्यात्मक आप्रवासनलाई छुट्याउन नसकिने अस्पष्ट विषयवस्तु भएकाले पनि यी विषयमा गहन अध्ययन हुनु जरुरी छ ।

बाध्यात्मक रूपमा आप्रवासन गर्ने व्यक्तिहरूमध्ये कतिपय असाय, अशक्त, ठूलो जोखिम हुँदाहुँदै पनि गरिबीका कारण ठाउँ छोड्न असमर्थ हुन्छन् यस्ता वर्गमा वृद्ध, केटाकेटी, अपांग र अन्य यस्तै वर्गका मानिसहरू पर्छन् । त्यसैले यी अलपत्रमा परेका मानिसहरूको पहिचान गरी उनीहरूको उचित संरक्षण्म गरिनु पर्छ ।

नेपालमा अन्तर-जिल्ला बसाईंसराईको तथ्याङ्कलाई हेर्दा कुल २९ लाख २९ हजार ६४ मानिसहरू सन् १९९१-२००१ को बीचमा एक जिल्लाबाट अर्को जिल्लमा आप्रवासन  गरेको देखिन्छ । विवाहको कारणले आप्रवासन गर्नेहरूको संख्या बढी देखिएको भएता पनि ३१ प्रतिशतभन्दा बढी मानिसहरू तालिकामा देखाइएभन्दा फरक कारणहरूले आप्रवासन  गरेको देखिन्छ । तर कति मानिसहरू बाध्यात्मक रूपमा ठाँउ छोडिरहेका छन्, त्यसको लेखाजोखा छैन । अहिलेसम्म संकलित तथ्यांकहरू केवल अनुमानका आधारमा तय गरिएका छन् । Global IDP Project ले गरेको अनुमानलाई विश्वसनीय अनुमान मान्ने हो भने नेपालमा माओवादी जनयुद्धका क्रममा करिब २ लाख मानिसहरू आन्तरिक रूपमा विस्थापित भएका छन् । तर अनुमान आफैंमा विश्वसनीय आधार भने होइन । त्यसैले पनि विस्थापितहरूको बारेमा गहन अध्ययनको चर्चा गरिएको हो ।

आन्तरिक रूपमा विस्थापितहरूको तथ्यांक संकलन गर्ने कार्य एक चुनौतीपूर्ण भएको छ जसका प्रमुख कारणहरूमा सबैखाले आन्तरिक विस्थापितहरूको दर्ता कार्य हुन नसक्नु, चलायमान जनसंख्या (population movement) सम्बन्धी अनुगमन हुन नसक्नु, सांस्कृतिक मूल्य-मान्यता र भारतसँग खुला सिमाना नै प्रमुख रूपमा रहेका छन् । त्यसैगरी विस्थापितहरूको बारेमा छुट्टै संगठन निर्माण हुन नसक्नु पनि अर्को गम्भीर समस्याको रूपमा देखा परेको छ । दुवैतर्फका कारण हुने विस्थापितहरूको साझा संगठनले मात्र विस्थापितहरूको हकअधिकार सुनिश्चित हुन सक्छ ।

सामाजिक बहिष्करणको सुरुवात फ्रान्सबाट भएको मानिन्छ । सामाजिक बहिष्करणले युरोपका विभिन्न मुलुकहरूमा परेको प्रभावलाई न्यूनिकरण गर्न सन् १९८९ मा युरोपियन कमिसनले सामाजिक बहिष्करणसम्बन्धी संकल्प प्रस्ताव पारित गऱ्यो ।

बहिष्करण बहुआयमिक विचार (multi dimensional concept) हो जो विद्यमान आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक पक्षहरूसँग जोडिएको हुन्छ । त्यसैले सामाजिक बहिष्करण केवल स्रोत परिचालन प्रणाली संग मात्र सम्बन्धित नभएर समग्र शक्ति सम्बन्ध (power relation), कर्ता (agency),



संस्कृति (cultue), सामाजिक पहिचान (social identity), अधिकारमुखी दृष्टिकोण (rights-based approach) हो ।

आन्तरिक विस्थापन र सामाजिक बहिष्करण/समावेशीकरण एक अर्कामा सम्बन्धित छन् । एक व्यक्ति विभिन्न कारणले आन्तरिक विस्थापनमा परेपछि विभिन्न प्रकारले बहिष्करणमा पर्दछ । जस्तै आन्तरिक द्वन्द्वका कारणले विस्थापित जीवन बिताउन बाध्य व्यक्तिहरू सामाजिक, आर्थिक, राजनीतिक विस्थापन र सामाजिक बहिष्करणको बीच सम्बन्ध रहेको हुन्छ ।

एक राजनीतिक शक्तिको कारणले एक सामान्य नागरिक विस्थापित हुनुपर्दा विभिन्न प्रकारका बहिष्करणको चपेटामा उक्त नागरिक पर्न सक्छ । जस्तै राजनीतिक बहिष्करण, सामाजिक बहिष्करण, आर्थिक बहिष्करण, सांस्कृतिक बहिष्करण, आदि । यसरी सामाजिक, आर्थिक तथा सांस्कृतिक लगायत धार्मिक बहिष्करणमा परेका विस्थापितहरूको चर्चा गर्ने क्रममा विभिन्न मोडेलहरूसँग गासेर हेर्न थालिएको छ ती मध्ये कानुनी संस्थागत अवधारणा, सामाजिक विकासको अवधारणा,  राजनीतिक अर्थव्यवस्थाको अवधारणा र सुरक्षाको अवधारणा नेपालको सन्दर्भमा मुख्य हुनसक्छन् ।

शरणार्थी र विस्थापितहरूको हक अधिकार सुरक्षण गर्ने सवालमा उठेका यी विभिन्न दृष्टिकोणहरूको मुख्य उद्देश्य भनेको उनीहरूलाई बहिष्करण हुने अवस्था आउन नदिन र उनीहरूको उचित पुनःस्थापनको लागि हो । एक विस्थापित व्यक्तिको समाधानको उपायका लागि विभिन्न प्रक्रियाहरू तथा चरण अवलम्बन हुन सक्छन् । तर यस सम्बन्धमा उठ्ने महत्वपूर्ण सवाल भनेको विस्थापितहरूका सम्बन्धमा जुनसुकै प्रकारका प्रक्रियाहरू अवलम्ब नगर्दा पनि उसको पहिचान र प्रतिष्ठामा आँच आउनेखालको कुनै पनि अमानवीय कार्य हुनुहुँदैन ।

## References cited


Caritas Nepal, 2005, *Carravan of IDPs* (Kathmandu: Caritas)

Castles, Stephen, 2006, *Forced Migration and Social Transformation*, Paper Presented at Summer School in Forced Migration, 3-21 July 2006, Refugee Studies Centre, Oxford University, Oxford.

CBS, 2003, *Population Monograph of Nepal, 2003* Vol. 2 (Kathmandu: CBS)

INSEC, 2005, *Human Rights Yearbook, 2005* (Kathamndu: INSEC)

KC, 2003, "Internal Migration in Nepal" in *Population Monograph of Nepal, 2003* Vol. 2 (Kathmandu: CBS)

Khatiwada, Padma, 2004, “Internally Displaced Persons (IDPs) in Nepal: Problems and Challenges”, in Lok Raj Baral et al (eds) *Nepali Journal of Contemporary Studies,* Vol. V, No. 2 (Kathmandu: Nepal Centre for Contemporary Studies).

प्जवतष्धबमब, एबमऋब, द्णण्छ, Gendered Aspects of Conflict in Nepal, Paper Presented at the Workshop/Training Programme on Population, Gender and Development Organised by the Centre for Population Research and Training (CPRT), Central Department of Population Studies (CDPS), Tribhuvan University, Kathmandu, Nepal, in collaboration with United Nations Population Fund (UNFPA), 15 December 2005

Oxford University 2005, *Forced Migration on Film,* Summer School in Forced Migration, 4-22 July 2005, Refugee Studies Centre, Oxford University, Oxford.

Oxford University 2006, *Participants' Handbook,* Summer School in Forced Migration, 3-21 July 2006, Refugee Studies Centre, Oxford University, Oxford.

Pradhan, Rajendra, 2006, *Understanding Social Inclusion and Exclusion: Some Preliminary Remarks,* Paper presented at the Workshop *Understanding Social Inclusion and Exclusion: Theories, Methodologies and Data,* Kathmandu, June 2-3 2006, Organized by Social Science Baha and the Social Inclusion Research Fund Secretariat/SNV.

Shanmugaratnam, Ragnhild Lund and Kristi Anne StØlen, 2003, *In the Maze of Displacement: Conflict, Migration and Change* (Norway: Norwegian Academic Press)

Silver, Hillary, 1994, *Social Exclusion and Social Solidarity,* Discussion Paper, Labour Institutions and Economic Development Program of the LIO's International Institute for Labour Studies.


United Nations, 1994, *Report of International Conference on Population and Development (ICPD)* (UN: New York)

United Nations, 1998, *Guiding Principles on Internal Displacement* (UN: New York)



## अनुसूची १

## आप्रवासन  र यसको असर



**सहजीकरण गर्दै तारानाथ दाहाल**

म छलफल चलिरहेको विषयमा केही सन्दर्भ जोड्न चाहन्छु। संविधानसभाको चुनावको कुरा छ। त्यसमा सबै नागरिकले सहभागिता गर्न पाएनन् भने हाम्रो समावेशी लोकतन्त्रको लक्ष्य, दीर्घकालीन शान्तिमा उनीहरूको सहभागिता हुनै सक्दैन। राज्य पुनःसंरचनाका विभिन्न मोडलहरू आइरहेका छन्। त्यसका सांस्कृतिक, जातीय आधारहरू प्रस्तावित छन्। यसमा पनि बसाइँसराइ, विस्थापनको अवस्थालाई आँखा चिम्लेर तिनै आधारलाई मात्र विश्लेषण गर्‍यौं भने कहाँ पुगिएला ? यी कुरा छलफलमा सान्दर्भिक होला।

डा. सिवाकोटीलाई टिप्पणीका लागि आग्रह गर्दछु। टिप्पणी खाली अवधारणामा मात्र रहेर गर्नुपर्छ भन्ने छैन, मूल विषयमै जान खुला छ।

## *अवधारणामाथि टिप्पणी*

**डा. गोपालकृष्ण शिवाकोटी**

मूलभूत रूपमा बसाइँसराईका विभिन्न आयामहरूलाई प्राज्ञिक र चरणबद्ध हिसाबले अवधारणा प्रस्तोताले प्रस्तुत गरिसक्नुभएको छ। अवधारणाको शीर्षकभन्दा पनि अझ ठूलो दायरा बनाएर आफ्नो प्रस्तुति राख्नुभएको छ, अवधारणाको शीर्षकले आन्तरिक विस्थापन र समावेशीकरणको प्रस्तुति भएकाले प्राज्ञिक हिसाबले जुन विषयवस्तु छ त्यसैमा केन्द्रित हुनुपर्छ भन्ने मान्यतालाई मध्यनजर गरेर मेरो टिप्पणी हुने छ। बसाइँसराइँका कुरा ज्यादै गहन छ, बहुआयामिक छ। छलफलका लागि घन्टौं, हप्तौ लाग्न सक्छ। तसर्थ मूल विषयमा केन्द्रित भएर कुरा गर्न सकियो भने उपलब्धिमूलक हुन्छ जस्तो मलाई लाग्छ।

*'बसाइँसराईलाई आधारभूत मानव अधिकारको रूपमा ग्रहण गर्दागर्दै पनि यसमा दुई वटा पक्ष हुन्छन्-सबल र दुर्बल। सबल पक्ष उज्यालो हो भने दुर्बलचाहिँ अँध्यारो हो'*

हामीले आप्रवासनलाई सामान्यत प्राकृतिक सिद्धान्तको हिसाबले आधारभूत र मानव अधिकारको हिसाबले हेर्ने गरेका छौं। आदिम कालदेखि नै मानिसहरूको बसाईसर्ने या एक ठाउँबाट अर्को ठाउँमा जाने क्रम चलिरह्यो र यो (वैज्ञानिक अनुसन्धान, खोज, अध्ययनका निम्ति, पर्यटनका हिसाबले, वृद्धत् वृद्धि, आर्थिक उन्नति, व्यक्तित्व विकास, सामाजिक र वैज्ञानिक प्रगतिका निम्ति) नौलो होइन्। हामीले मूलभूत रूपमा उठाउने कुराचाहिँ बसाइँसराइँलाई आधारभूत मानव अधिकारको रूपमा ग्रहण गर्दा गर्दै पनि यसमा दुई वटा पक्ष हुन्छन्-सबल र दुर्बल। सबल पक्ष उज्यालो हो भने दुर्बलचाहिँ अँध्यारो हो। मानव अधिकार र स्वतन्त्रताका सवाल उठाउने मानिसले बसाइँसराइँ, आप्रवासनलाई नैसर्गिक अधिकार मान्दै त्यसलाई कसरी नियमित, व्यवस्थित, सुचारू, मानवीय र क्रमबद्ध बनाउने भन्ने सबैभन्दा ठूलो सरोकारको विषय हो। कोही मानिस एक ठाउँबाट



अर्को ठाउँमा पूर्ण रूपमा सूसुचित भएर गन्तव्यको बारेमा जानकारी भएर जान्छ भने त्यो हाम्रो छलफल र बहसको या मानव अधिकारको हिसाबले ठूलो विषय नबन्न सक्छ। बसाइँसराइँ र विकासको क्षेत्रमा काम गर्ने, बसाइँसराई र राजस्वको हिसाबले काम गर्ने मानिसहरूको निम्ति त्यो 'डिस्कोर्स' छुट्याउनु पर्छ। हाम्रो सन्दर्भमा कुरा उठाउँदा आप्रवासनका अँध्यारा पक्षहरू, जसले मानिसलाई जोखिमतामा पुर्‍याउँछ, जसले मानिसको बेचविखन हुन्छ, जसले गर्दा मानिसको 'स्मगलिङ' को कुरा उठ्छ, व्यापार हुन्छ- लाई रोक्न या सम्बोधन गर्न नागरिक समाज र प्राज्ञहरू बढी केन्द्रित हुनुपर्ने हाम्रो मुलुकको अहिलेको आवश्यकता हो।

बसाइँ-सराईसँग गाँसिएका सबाललाई नियमित गराउने क्षेत्रीय, राष्ट्रिय, अन्तराष्ट्रिय सन्धि सम्झौताहरू पनि छन। शरणार्थी समस्या सम्बोधन गर्ने १९५१ को महासन्धि छ, बसाइँसराईसँग सम्बन्धित १९९० को महासन्धि छ, बेचबिखनलाई नियन्त्रण गर्ने थुप्रै अन्तराष्ट्रिय सन्धिहरू पनि छन र हालै मात्र सार्क तहको महासन्धि सातै राष्ट्रले अनुमोदन गरिसकेका छन। संयुक्त राष्ट्रसंघको तत्वावधानमा बनेका अन्तर्राष्ट्रिय सन्धिहरू, क्षेत्रीय संगठनहरूले बनाएका सन्धि, राष्ट्रियस्तरमा पनि ती विषयलाई सम्बोधन गर्न बनेका हतिपय ऐनकानुन विद्यमान छन। आन्तरिक विस्थापनको सबाललाई अन्तर्राष्ट्रिय हिसाबले पनि अझैसम्म चलायमान सन्धि निर्माण गर्न सकिएको छैन। कानुनी रूपमा बन्धनकारी, जसलाई राष्ट्रहरूले अनुमोदन गर्न सकुन् र त्यसको 'रिपोर्टिङ अब्लिकेसन' सन्धि बन्न सकेको छैन अन्तर्राष्ट्रिय स्तरमा। १९९२ मा विशेष प्रतिनिधि चयन गरे, महासचिवले। त्यसपछि निक्कै लामो समय (१९९८) मा एउटा 'गाइडिङ प्रिन्सिपल' बन्यो, जुन बन्धनकारी नभई नैतिक दस्तावेज हो। यसलाई कार्यान्वयन गर्न कुनै पनि मुलुक बाध्यकारी हुँदैनन्। तर, प्रसंगलाई योभन्दा-भन्दा फरक रूपमा हेरिनु ठीक होला जस्तो मलाई लाग्छ। आन्तरिक विस्थापित भनेका तपाईं हामीजस्तै नागरिक हुन्-ती महिला, बालबालिका, पुरुष, वृद्ध, असहाय, असक्त, जनजाति, दलित, बहुन क्षेत्र जो कोही। पहिलो उनीहरू मानव हुन। अधिकार हनन्को कुरा गर्दा उनीहरूको घुमफिरको, बाँच्न पाउने, यातना मुक्ति, निकृष्ठ श्रम मुक्ति, बोल्ने, लेख्ने, सभा समारोह गर्ने, राजनीतिक, नागरिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार हनन होला। तपाईं हाम्रो (विस्थापित नभए) जस्तै हनन हुने हो। उनीहरू अन्तर्राष्ट्रिय सिमाना काटेर कहीं गएका छैनन्, न त अन्य मुलुकबाट उनीहरू यहाँ आएका हुन्। हामीले आधारभूत मौलिक अधिकारको उपयोग गरे झै विस्थापितहरूले पनि उपयोग र प्रत्याभूत गराउनुपर्दछ। हामीमा लागू हुने सबै सन्धि, महासन्धि उनीहरूमा लागू हुने भएकाले अधिकारका दृष्टिले उनीहरू हेलाका पात्र हुँदैनन्। उनीहरू सधैं अरू नागरिक सरह समान अधिकार भएका हुन्छन् भन्ने विश्वव्यापी मान्यता हो।

शरणार्थीभन्दा ठूलो समस्या आन्तरिक विस्थापनबारे अन्तर्राष्ट्रिय सन्धि किन बन्न सकेन, जबकी उनीहरूको समस्या, संख्या या जोखिम छ। मुलुकको सीमा नाघेर बाहिर गैसकेका शरणार्थी, बसाइँसरेकाहरूले पनि त्यो देशको भन्दा पनि अझ

उच्च तहको अधिकार उपयोग गरिरहेको पनि देखिन्छ। यद्यपि त्यो जोखिम हुँदै हो। यसको मतलब उनीहरूलाई विशेष सहुलियत दिनु हुँदैन भनेको होइन।

हाम्रो सन्दर्भमा तिब्बती शरणार्थीलाई 'मस्ट एडब्टीव क्लास अफ रिफ्यूजी इन द वर्ल्ड' भनिन्छ। उद्योगधन्दाका हिसाबले सबैभन्दा अगाडि। शरणार्थी क्याम्पको आर्थिक, सामाजिक, शैक्षिक र अरू परिवेश एवं त्यहाँको स्थानीयहरूको परिवेश एवं आमनेपालीको वास्तविक स्थिति केलाउने हो भने तिब्बतीहरू नै 'बेटर अप' छन्। तर आन्तरिक शरणार्थी (कानुनी नभई बोलिचालीको भाषा) कुनै पनि राष्ट्रको सम्प्रभूतासँग गाँसिएको कुरा हो। यो आन्तरिक मामिला भएकाले यसमा हामीले ध्यान दिनु पर्दैन भन्ने अन्तर्राष्ट्रिय अवधारणाले गर्दा आन्तरिक शरणार्थीका अधिकार हनन भइरहेको छ। सिमाना ननाघेकाले यस्तो भएको हो। यसमा बाह्य हस्तक्षेप हुनु भनेको त्यो देशको आन्तरिक मामिला-सम्प्रभूमा या अखण्डता-मा धावा बोल्नु हो भन्ने रूपमा हेरिएकाले अहिलेसम्म अन्तर्राष्ट्रिय संयन्त्र नबनिरहेको हो। अहिले संयुक्त राष्ट्रसंघले नयाँ भूमिका सहित नयाँ विशेष प्रतिनिधि (प्रा. वाल्टर खालिन) तोकेको छ । पहिले स्पेसल इन्भोइस, स्पेसल रिप्रिजेन्टेटिभ अफ आईडीपीज भनिन्थ्यो, अहिलेचाहिँ विशेष प्रतिनिधि हो तर ह्युमन राइट अफ आईडीपीज भनेर नयाँ व्यवस्था गरिएको छ। सम्बद्धहरूको मानव अधिकारको सवाल हेर्नुपऱ्यो, उनीहरूको 'मोबिलिटी'को सुरक्षाको कुरा मात्र होइन भन्ने बहस भएपछि नयाँ संरचना बनाइएको हो। खालिन नेपालमा दुई पटक आइसक्नुभएको छ। नेपालको आईडीपीजको समस्या हेर्न उहाँले अध्ययन गरेर प्रतिवेदन समेत ल्याइसक्नुभएको छ। आन्तरिक मामिला हुँदाहुँदै पनि मानव अधिकारको जस्केलोबाट छिरेर यो समस्या समाधान गर्नुपर्छ भन्ने हिसाबले राष्ट्रसंघले काम गरिरहेको अवस्था छ।

यो अवधारणा निक्कै हतारमा लेखिए जस्तो छ। खतिवडाजीलाई म चिन्छु, अक्सफोर्ड युनिभर्सिटीबाट स्पेसल कोर्स पनि गरेर आउनुभएको हो। त्यो विधा सिक्ने/सिकाउने मौका मलाई पनि मिलेको थियो। त्यहाँ निक्कै गहिराईमा अध्ययन हुन्छ। प्रस्तुति र लेखाइ 'कोहेरेन्ट' भएको छैन, निक्कै हतारमा टासटुस पार्नुभएको छ। दिमागचाहिँ निश्चयनै तपाईंको हो।

केही अपेक्षा गरिएको कुरा आएको छैन, जस्तै नीति। योभन्दा पहिले नीति बनेको थिएन, २००२ सम्ममा तत्कालीन सरकारले माओवादी पीडित कोष बनाएको थियो, दिनको सय रूपैयाँ दिइन्थ्यो, त्यो पनि जुलाई २००२ देखि सकियो। त्यसपछि केही छैन। अभिलेखको कुरा उठाउनु भएको छ, तर एकपक्षीय अभिलेखमात्र छ। तोकिएको संख्या पनि हाँस उठ्दो र अचम्म लाग्दो छ। २००२ को उदाहरण हेर्ने हो भने ८ हजार भन्दा पनि कम संख्या राखिएको थियो-आन्तरिक विस्थापित। यो त अति नै भयो भनेर अन्तर्राष्ट्रिय मानव अधिकारवादी संस्था, मानवीय संस्था, नर्वेजियन रेडक्रस, यूएनका एजेन्सीहरूले यो विकराल रूप हो, यो प्रलय हुने स्थितिमा पुगेको विषय हो भनेर कुरा उठाएर १५ लाखसम्मको तथ्यांक निकाले। अनि सरकारले फेरि एक पटक जाँच्नुपऱ्यो भनेर काम गऱ्यो। हामीले पनि ७५ जिल्लामै द्वन्द्वको लस्कर भनेर अध्ययन गरेका थियौं। त्यसभन्दा अघि पद्मजी नै संलग्न हुनुभएको थियो, हामीसँगै उहाँले काम गर्नुभएको हो। त्यसको रिपोर्ट वेभसाइटमा छ। 'क्याराभान अफ कन्फ्लिक्ट' पनि वेभसाइटमा हालिएको छ।



विकराल स्थितिको पूर्व जनाउको संकेत दिएपछि त्यति बेला ७५ जिल्लामा हेर्दा १८ हजार ६ सय ६६ संख्या सरकारी तथ्यांकले देखायो। ५ हजार परिवार रहेछन्। अवधारणा प्रस्तोता साथीले राम्ररी भनिसक्नु भएको छ-खुल्ला सिमानाले मात्र हैन, खुल्ला सिमाना त सारा युरोपभरि छ, अमेरिका र क्यानडाको आठ हजार माइल पनि खुल्ला सिमाना हो। हाम्रोचाहिँ छिद्रछिद्र परेको अनियन्त्रित र अव्यवस्थित सीमाना भएकाले र १९५० को सन्धिको धारा ६ र ७ को कारणले दिनमा हजार पटक जान आउन पाउने, पऱ्यो भने जिन्दगीभर भारत गएर बस्न पनि पाइने, उनीहरू यहाँ आएर पनि बस्न पाउनेलगायतका सबै अधिकार भएकाले सबै मानिस आज विस्थापित, भोलि अन्तर्राष्ट्रिय शरणार्थी हुने चलन छ।

द्वन्द्वको कारणले सिमाना पार गरेको हो भने उ शरणार्थी हुनुपर्छ अन्तर्राष्ट्रिय परिभाषाअनुसार। दक्षिण एसियामा चाहिँ सातै वटा मुलुकले शरणार्थीसम्बन्धी महासन्धि १९५१ लाई अनुमोदन गरेका छैनन्। कुनै पनि देशमा शरणार्थीसम्बन्धी राष्ट्रिय कानुन पनि छैन। तसर्थ हाम्रा विस्थापित मुलुकभित्र सुरक्षित हुन नसकेकाले अर्थात सुरक्षा निकायबाट पीडितहरूले सिमाना नाघेर भारतमै रहेकालाई पनि हामी विस्थापित भनिरहेका छौं, जबकी कानुनी रूपमा राष्ट्रिय सीमा नाघेकाले शरणार्थी हुनुपर्ने हो। उनीहरूलाई फर्काउने र समावेशीको कुरा उठाउने हो भने राष्ट्रिय बहस हुनुपऱ्यो। ८० लाख नेपालीको कुरा उठिरहेको छ, भारतमै रहे पनि हामी शरणार्थी नमान्ने। १०/१२ लाख नेपाली द्वन्द्वको कारण बाहिरिएका (अनुमान हो कुनै अध्ययन गरिएको छैन) छन्। आन्तरिक विस्थापन पनि २ लाख १२ हजारदेखि २ लाख ७२ हजारसम्म तथ्यांक निकालेका छौं। मार्जिन असंख्य छ। हामी नम्बरको खेलमा बढी लाग्नुभन्दा सिमाना नाघेका मानिसलाई विस्थापितकै दर्जामा फर्काएर उनीहरूको सम्पत्ति फिर्ता दिनेदेखि क्रमसः समस्या समाधान गर्नुपर्दछ। अवधारणा प्रस्तोताले यसबारे चर्चा गरे पनि लिखतमा चाहिँ रहेनछ। उनीहरूलाई पनि एकै 'वास्केट'मा राख्नुपर्छ भन्ने मेरो तर्क हो। खुला सीमाको कुरालाई यसरी व्याख्या गरिदिएको भए अवधारणाले पूर्णता पाउने थियो। तथ्यांकको खेल पनि हेरौं।

जुलाई १५ २००५ को सरकारी तथ्यांक हो-१८६६६-अघि मैले भनेको। नेपालमा विस्थापितहरूका लागि एकमात्र क्याम्प छ-बाँकेमा। अन्यत्र पनि थुप्रै मानिसले क्याम्प बनाउने प्रयास गरेका थिए। धेरै जस्तो मानिस विस्थापित भएको चाहिँ माओवादीविरुद्ध सैनिक परिचालन पछि हो। धेरै ठाउँमा पाल टाँगेरदेखि संगठित रूपमा बस्ने प्रयास पनि गरेका हुन, उदयपुरदेखि दाङसम्म। तर राज्यले त्यसरी बस्न दिएन, अझ शाही कदमपछि त संगठित भएरै बस्न दिएन। बाँकेको रजना क्याम्पमा चाहिँ २३० परिवारका एक हजार ५३ हो पहिलेको तथ्यांक, तर अहिले छरपस्ट सुरु भइसकेको छ, कोही फर्किन थालेका छन, कोही भारत गएका छन्, कोही स्थानीय हुनेतिर छन्। र, पनि त्यहाँ एजेन्सीहरूले काम गरिरहेको स्थिति छ।

समावेशीको कुरा भनेको उसको अधिकारको समावेशीकरण हो। उ र उसको अधिकार समावेश गर्नु नै महत्वको विषय हो।

अवधारणा प्रस्तोताले श्रीलंकाको उदाहरण पनि पेस गर्नुभएको छ, त्यहाँ कैयौं विस्थापितले नागरिकताको हक नै पाएका छैनन् । उनीहरूको संविधान र कानुनले त्यही ठाउँमा रहेको हुनुपर्ने व्यवस्था गरेको छ, जबकि २२ वर्ष युद्धका कारण विस्थापित अन्यत्र बसेका छन । उनीहरूको बसोबासको कागजात, प्रमाणीकरण अभावले गर्दा मुलुकभित्रै नागरिकताको अधिकारबाट वञ्चित भएका छन् । विस्थापित सधैं बाहिर नरही फर्किन सक्छन् । तर, निश्चित समयसम्म बाहिर रहँदा उनीहरूको अधिकारहरू-खासगरी मतदान- हराउन सक्छ । अर्को कुरा 'इन्टरनल' नभई 'इटनली' विस्थापनको पनि उठेको छ । म पनि मेरो घर छोड्छु, म असुरक्षित छु भन्ने कुरा त छ, तर त्यसमा निश्चित प्रतिवन्ध छ-कि म बिरामी छु, कि एकदमै बुढो भइसकेको छु, कि मेरो सहाराविहीन छु, एकल महिला छु र पनि घरपरिवार पाल्नुपर्छ । यस्तो अवस्थामा उनीहरूको शारीरिक विस्थापन हुँदैन, आत्मामै विस्थापित हुनुपर्ने स्थिति रहन्छ । यिनको पनि कुरा उठाउनु पर्‍यो । समावेशीकरणमा भौतिक रूपमा विस्थापित नभएका तर आत्मामा विस्थापित भएकाको कुरा उठ्नुपर्छ । चलायमान जनसंख्याको कुरा मात्र होइन, 'होस्ट कम्युनिटी' को पनि कुरा उठ्नुपर्छ । उनीहरूले कति जोखिम लिनुपर्छ भन्ने हो । हामीले १० वटा जति जिल्लामा अध्ययन गरेका थियौं, जसमा नयाँ-नयाँ कुरा उठेको छ । अपराध बढेको छ, पराईलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएको छ, असहिष्णुता बढ्नेदेखि लिएर सञ्चार, स्वास्थ्य, शिक्षा, रोजगारीमा त्यो स्थानको बहन क्षमताको कुरा छ । राजधानीको वहन क्षमता कति हो ? कति मानिस धान्ने ? १ करोड, ५० लाख, १० लाख, ५ लाख कति हो, सक्कली वहन क्षमता । विस्थापनले के समस्या थपेको छ-ट्राफिक कति बढेको छ, बाटो कति साँघुरियो, टेलिफोनको असुविधा कति बढेको छ, कोठाहरू कति भरिभराउ छन्, नदीनालाका छेउछाउमा कति छाप्रा बनेका छन्, कम जग्गामा कति घर बनेका छन् ? कुनै नेपाली विदेशमा बसेको छ भने उसले काठमाडौंको कुनै स्थानमा हत न पत २/३ आना जग्गा लिएर ४ कोठे घर बनाएर सुरक्षित राखौं भनेर कति घर बनेका छन्, हेरौं न । यसको प्रभाव के छ-सामाजिक, आर्थिक, सांस्कृतिक, कानुनी र राजनीतिक- भन्ने विषयमा पनि हेर्नुपर्ने हुन्छ ।

उदाहरणका लागि हेर्ने हो भने विस्थापनको घटनासँगै काठमाडौंमा ३,४,५ वर्षदेखि अपराधको घटनामा वृद्धि भएको छ । म ढाका ट्रान्जिट हुँदै विदेशबाट फर्कंदा मलेसियाबाट ३५ जना युवा फर्किनुभएको रहेछ । उहाँहरू त्यहाँको विमानस्थलमा पुगेपछि दलाल पासपोर्ट लिएर गायब भएछ, प्रहरीले पासपोर्ट खोज्दा नभेटेपछि च्याप्प समातेर एक महिना जति हिरासतमा राखेर चुटेर, खान नदिएर सिद्रा जस्तो भएर फर्किनुभयो । उनीहरूले मसँग हाम्रो कथा भनिसाध्यै छैन भन्दै खल्तीबाट झिकेर एउटा सानो पहले कार्ड (कैदी नम्बर रहेछ पुलिसले दिएको) देखाए, ८० हजार खर्च गरेर ल्याएको यही हो भने । अब के गर्नुहुन्छ त भन्दा 'केही गर्न सकिन्नँ, गाउँमा जान सकिदैन दुवै पक्षको चेपुवामा परिन्छ, घर कसरी जाने-मुख देखाउने ठाउँ पनि छैन, सुरक्षा पनि छैन- माओवादीमा लाग्ने लाग्छन् नलाग्ने, भारत जान्छन्, अब ३६ प्रतिशत ब्याजमा लिएको त्यो ऋण कसरी तिर्ने, हाम्रो काम भनेको काठमाडौंमा घर फोर्ने' भनेर भने । दुई वर्षअघिको त्यो घटनाको झझल्को अहिले पनि मलाई भइरहेको छ, काठमाडौंमा देखिएको शृङ्खलाबद्ध अपराध विस्थापनले निम्त्याएको हो । यसलाई पनि हामीले हेर्नुपर्छ ।



अवधारणाले विशेष गरी विस्थापन भनेर साझा विषय उठाएको छ, हामीले के-के कारण मानिस विस्थापित भए भनेर हेर्नुपर्छ । अवधारणामा ८/१० वटा यो-यो कारण विस्थापन भयो भनेर राखिदिनुभयो भने राम्रो हुन्थ्यो ।

खेतबारी नहोस्, त्यो मानिस घर फर्किदा उसको टिनको घर जलाइएको होस्, उ घरको धुरीमा चढेर खरले छाउँछ, वरिपरि मानिसलाई हेर्छ र, हेर म फर्किए भन्छ भने त्यो उसका लागि गर्व हो, सबै भन्दा ठूलो कुरा । उसलाई पैसा या शारिरीक पुनस्थापनाको कुरा होइन कि उसको स्वाभिमानको पुनःस्थापना ठूलो कुरा हुँदो रहेछ । एजेन्सीहरूले केही काम गर्न थालेका छन्, अहिले त्यसको फोकल प्वाइन्ट यूएनएचसिआर भएको छ । क्याप प्रोसेस भनेर धेरै एजेन्सीहरूले वास्केट फन्ड वनाउने तयारी गरेका छन । केही-केही ठाउँमा पुनःस्थापना भनेका छन् । तर हाम्रो जिकीरचाहिँ विस्थापितको पुनःस्थापनाको कुरा 'आइसोलेसन'मा हेर्न सकिने होइन । मुलुकको समस्या यस्तै, युद्धविश्राम पूर्ण भएको छैन, संवाद कहाँ जाने थाहा छैन, शान्तिको सवाल पनि धरासायी देखिन्छ, बाराको हिजोको घट्ना सुनिहाल्नुभयो, यस्ता घटना अन्यत्र पनि भइरहेको छ । हामीचाहिँ विस्थापितलाई घर पुऱ्याउने कुरा गरिरहेका छौं, यो सम्वभ छैन । सिंगो शान्ति प्रक्रियामा (हतियार व्यवस्थापन, राजनीतिक प्रक्रिया, संसद् के गर्ने, अन्तरिम विधान, अन्तरिम सरकार, संविधानसभा) यसलाई जोड्नुपर्छ, विस्थापितहरूको ससम्मान घर फर्किने कुरा । सबै मानिसलाई उनीहरूको घर फर्काउनुपर्छ भन्ने छैन । पाँच वर्ष भन्दा पहिले विस्थापित भएका अधिकाशं मानिस पूर्ण रूपमा घर फर्किने मनस्थितिमा छैनन । तिब्बती शरणार्थीकै उदाहरण लिने हो भने पाँच प्रतिशतभन्दा कममात्र आफ्नो घर फर्किन्छन । देशै आफ्नो भयो भने पर्यटक भएर घुम्न जालान्-अमेरिका, भारत, नेपाल बसेकाहरू । उनीहरूको सबै कुरा त्यहाँभन्दा फरक भैसक्यो-छोराछोरीको पढाइ, सामाजिक, आर्थिक, भाषा, संस्कृतिदेखि जीवन नै रूपान्तरण भइसक्यो । ३/४ पुस्ता भइसक्यो । हाम्रो विस्थापित समेत दोस्रो पुस्तामा पुगिसकेको छ । तसर्थ फर्किने कुरामा वर्गीकरण गर्नुपर्ने देखिन्छ । उनीहरूलाई अरू हिसाबले एकीकृत गर्नुपर्ने अवस्था आउन सक्छ र, आएको पनि छ । शान्ति प्याकेजकै एक अंगको रूपमा यो समस्यालाई राखौं ।

केही महत्वपूर्ण सन्धिलाई पनि राज्यले अनुमोदन गर्नुपऱ्यो । जस्तैः शरणार्थी सन्धि, विस्थापित सन्धि आदि । विस्थापितबारे राजाको पालामा एउटा नीति बनेको थियो, (व्यंग गर्दै) हेर्दा राम्रो देखिन्छ-विस्थापित भन्नाले द्वन्द्व पीडित, प्राकृतिक प्रकोपमा परेका आदिआदि भनिएको छ । अनि वर्गिकरणमा चाहिँ माओवादी आतंककारी पीडितमात्र भनेर व्याख्या गरिएको छ । सुरक्षाकर्मी र राज्य पीडितको कुरै छैन, तसर्थ त्यो कानुन तिरस्कार गर्न लायक छ, नयाँ बनाउनुपर्छ । बाह्य विस्थापनका लागि चाहिँ द्विपक्षीय सम्झौता गराउनुपर्छ । त्यहाँको कानुन, मापदण्ड नहेरी मानिस बाहिर पठाउनु हुँदैन । जहाँ जर्जर स्थिति छ, जहाँ दासत्वपूर्ण श्रम छ, जहाँ श्रमिकका आधारभूत अधिकारहरूलाई मान्यता दिइएको हुन्न- त्यहाँ जान खुल्ला

भनिदिने ? सन् २००० मा तत्कालिन प्रधानमन्त्री र वर्तमानमा पनि प्रधानमन्त्री हुनुभएकाले दोहामा गएर एउटा भाषण ठोकिदिनुभयो- 'एक सय डलर दिने व्यवस्था गरिदिनुस्, हामी जति पनि गोर्खाली पठाइ दिन्छौं।'

श्रम मापदण्डको कुरा, विस्थापितसम्बन्धी सम्झौताको कुरा नउठाइ पठाउने हो भने जति पठाए पनि उपलब्धि शून्य हुन्छ। ८० हजारदेखि एक लाख रूपैयाँ तिरेर मलेसिया जाने, ३६ प्रतिशत ब्याज तिर्ने, १५ हजार महिनाको कमाई (हात खुट्टा काटिएन भने), अनि यहाँ आउने- यो स्थितिमा २ वर्ष युवा शक्ति देशमा अनुपस्थित भएको मूल्य खोई ? मलेसियामा युवायुवती जानु भनेको त व्यर्थ रहेछ। रेमिटेन्सको हिसाबले 'कोरामिन' मात्र हो, हाम्रो तालिम प्राप्त श्रमिक जाने होइनन्। त्यसतर्फ पनि नीति बन्नुपर्‍यो। विस्थापित नीति बनाउन यो संसद् अलि लम्बिए त हुन्थ्यो, नभए के हुन्छ। हाम्रो स्वार्थका लागि लम्बिए हुन्थ्यो, तर राजनीतिक स्वार्थका हिसाबले लम्बियो भने धोका हुन्छ होला।

अवधारणाले मार्ग प्रसस्त गरेको छ। यसलाई अझ जीवन्त बनाउनु पर्ला भन्ने मलाई लागेको छ।

## *अवधारणामाथि छलफल र प्रश्नोत्तर*

**प्रकाश भट्टराई, युथ एक्सन नेपाल**

यो मञ्चमा फ्रिडम फोरमबाट औपचारिक निम्ता थिएन, तर पद्म सर मेरो गुरु भएकाले उहाँले बोलाएर आएको हुँ। यो मेरो रुचिको विषय पनि हो।

आजको प्रस्तुति सुन्दा मलाई नेपालको सन्दर्भमा आन्तरिक विस्थापित जनताका बारेमा आफ्नै परिभाषा नै निर्माण गर्नुपर्ने आवश्यकता देखिन्छ। आईसीपीटीले दिएको अन्तर्राष्ट्रिय विस्थापनबारेको परिभाषा र हाम्रो परिभाषा फरक हुन्छ। तसर्थ आन्तरिक विस्थापित को हुन भनेर परिभाषा बनाउनुपर्छ। परिभाषा तयार पार्नचाहिँ हाम्रो पद्मसर, डा. सिवाकोटी सरले अग्रसरता लिनुपर्छ होला। यो कार्यक्रममा उपस्थित भएपछि विस्थापनबारे मेरो धारणामा परिवर्तन आयो। शान्ति प्रक्रियासँगसँगै पुनःस्थापनाको कुरालाई बढी जोड दिनुपर्छ भन्ने सोच मेरो थियो, तर आज मलाई आन्तरिक विस्थापितको मुद्दा हल गर्न फरक संयन्त्र हुन सक्ने रहेछ, त्यस्ता संयन्त्र कहाँ खडा गर्ने भन्नेमा पनि बहस चलाउनुपर्ने रहेछ। खाली उनीहरूलाई घर फर्काउने र पुनःस्थापनाको कुरा मात्र होइन। मलाई महत्वपूर्ण के पनि लाग्यो भने घरले मानिसको मानवीय 'डिग्निटी' दिन्छ। यी सबै कुरालाई समावेश गरी यस्ता बसह अझ अगाडि लाने र नीति निर्मातासम्म पुऱ्याउन सकियो भने राम्रो हुने थियो।

युथ एक्सन नेपालले पनि यही भदौ ३० गते गर्न लागेको 'माइग्रेसन एन्ड राइट अफ माइग्रेन्ट वर्कर्स' सम्बन्धी अन्तर्क्रिया कार्यक्रम गर्दैछ, त्यसमा पनि यहाँ उठेका विषयहरू उठाउने छौं।



**विजय लुइँटेल, शान्तिका लागि साझा अभियान**

आन्तरिक विस्थापितका बारेमा बेला मौकामा अलिअलि सुनिएको हो। तर अवधारणा हातमा लिएर डेढ घन्टा एकै थलोमा बसेर सुनेको आज पहिलो पटक हो। तसर्थ म यो विषयमा धेरै गफ चुट्न सक्दिन, अलिअलि बोल्छु।

अवधारणामा बसाइँसराईको ट्रेण्डको विश्लेषण गरिएको छ, धेरै कुरा छ। तर, एउटा कुरा छुटे जस्तो लाग्यो-हाम्रो सन्दर्भमा राज्यले पनि विस्थापित गराएको छ, तराई भेगमा नेपालीलाई वन फडानी गरी निःशुल्क रूपमा खेती गर भनेर विस्थापित गरेको उदाहरण छ। धेरै पहाडी क्षेत्रबाट विस्थापित गराइएको छ, जस्तै सिवाकोटीजी, प्रसाईजी, म पनि पर्छु। हाम्रो बाजे पनि इलामबाट झर्नु भएको रे, म अहिले विराटनगरमा बस्छु। पहाडी क्षेत्रबाट राज्यले नै बसाइँसराइँ गराएको कुरा अवधारणामा मैले पाइनँ। वर्माबाट आएका नेपालीलाई नियोजित रूपमा सीमा सुरक्षा भनेर बसाइएको छ, त्यसबेला राज्यले नै यहाँ आएर बस्ने वातावरण बनाएको हो। त्यति बेला भकाभक वर्माबाट नेपालीहरू आएर बसे-विराटनगर मिल्स क्षेत्रमा वर्मा टोल र भैरहवामा पनि टोलै छ। यी कुरा समेटेको थाहा भएन।

विस्थापितको कुरा गर्दा हामीलाई संविधानले (अहिले संविधान छ भनौं या छैन भनौं) के भनेको छ, ती अधिकार विस्थापितले पाए कि पाएनन भनेर बहस हुनुपर्छ।

**लक्ष्मी पोखरेल, एबीसी–नेपाल**

विस्थापित हुँदा महिला र बालबालिका भन्ने कुरा आयो। यहाँ सजिलो छैन- पुनःस्थापना, रि-इन्ट्रिगेसन, रिकोग्नाइजेसन। क्रस बोर्डरमा काम गर्दा मैले आन्तरिक विस्थापित भएका महिला र बालबालिका मुलुकभित्रै हिंसाको सिकार भएको पाएँ। उनीहरूलाई कसरी पुनःस्थापना गर्ने ?

यहाँ 'लाइफ स्कील'को कुरा आएन। अरू सबै कुरा आयो, धेरै राम्रो अवधारणा छ। मैले पनि आज मौका पाएँ, पहिलो पटक।

महिला र बालबालिकाको 'रिकोगनाइज' 'लाइफ स्कील' तालिम। पुरुष त विस्थापित भएका छन्, हिंसाको सिकार भएका छन्। तर तिनको तुलनामा महिला र बालबालिकाको स्थिति ज्यादै नाजुक छ। उनीहरू यौनशोषणमा परेका छन्। उनीहरूलाई सीमा क्षेत्रमा देहव्यापार गर्न बाध्य भएका छन्। भारतका विभिन्न फार्म हाउस या प्ल्याटमा राखेर स-साना बच्चालाई यौन दुर्व्यहारका लागि लगिएको छ, यो नयाँ आयाम हो। मैले यहाँ नउठेको कुरामात्र राखेकी हुँ। बसाइँसराईसम्बन्धी सन्धिमा दक्षिण एसियाका कुनै पनि राष्ट्रले हस्ताक्षर गर्न मानिरहेका छैनन् भने हस्ताक्षर गराउन पहल गर्नुपर्‍यो। भारतसँग क्रस बोर्डर कसरी संयोजन गर्ने ? हुन त सेवा र तीन वटा संस्था मिलेर यो कार्यक्रम कसरी लाने भनेर काम गर्ने भन्ने कुरा आएको छ। तर समस्या एकदमै छ, भारत र नेपालबीच दुई पक्षीय सन्धि कसरी गर्न सकिन्छ भनेर लाग्नुपर्छ। दिल्लीमा बसाइँसराईको कुरा गर्दा कानुनी र गैरकानुनी भन्ने कुरा आउँछ। कानुनी रूपमा गएकाहरू पनि गैरकानुनी रूपमा देहव्यापारमा समावेश भएका छन। मलेसिया, कतारमा शोषण भएका घटना पनि छन। समा र वेशीलाई एकै ठाउँमा राखेर पनि यो कुरा हेर्नुपर्छ कि ?

मैले अक्सफाममार्फत शरणार्थी शिविरमा काम गरेको हुँ, १९९१ देखि १९९२ सम्म। शरणार्थी फर्काउने कुरामा उनीहरूको भुटानमा घर नभएको स्थिति छ। सबै भत्केको छ। कहाँ स्थापित गराउने ? जुन ठाउँमा बस्छन्, त्यो ठाउँमा व्यवस्थित रूपमा राख्ने हो कि ? विस्थापित सकै फर्कन सक्दैनन्।

शरणार्थी शिविरमै पनि बेचिएर फर्केका चेली छन्, तीनजना त एउटा कोठीमै भेटिएको हो। यस्तो संख्या थुप्रै छ। उनीहरू यहाँ फर्केर आउन चाहँदैनन्। उनीहरूको आफ्नो सम्मानपूर्वक बस्न सकिँदैन भन्ने मानसिकता छ। नेपालीको संख्या त त्यहाँ थुप्रै छन्। कोठीमा रहेर शोषणमा परेकाहरू यहाँ फर्किन चाहिरहेका छैनन्। उनीहरूलाई समाज, परिवार, राज्यले सम्मानपूर्वक फर्काउन र बस्न नदिएसम्म यस्तो भइरहन्छ। यसमा विस्थापितको पनि कुरा आउँछ।

**सोकिना, सफरबाट**

मेरो यो विषय होइन, म लाइब्रेरियन होइन। तर, यो छलफलमा बस्दा धेरै कुरा स्पष्ट भैसक्यो। मलाई के लाग्यो भने मानिस मानसिक रूपमा पनि विस्थापित हुँदो रहेछ। कोही त समस्याले फर्कन सक्दैनन्, तर कोहीचाहिँ म यहाँ 'एडजष्ट' भइसके किन फर्किन पर्‍यो भनेर रहरजस्तो पनि हुँदो रहेछ।

हामीले जस्तो नीति नियम बनाए पनि भुटानी शरणार्थी हुन कि आन्तरिक विस्थापित हुन्-हामीले मानवीयताका आधारमा उनीहरूको दुःख देख्नुपर्छ।

**जगत बस्नेत, न्यू ऐरा**

न्यू एराले स-सानो र राष्ट्रिय तहमा अनुसन्धान गर्छ। विगत वर्षमा गरिएको अनुसन्धानमध्ये एउटा सानो, यसले राष्ट्रिय तहको भने पनि हुन्छ, तर यसले राष्ट्रिय तहको प्रतिनिधित्व गर्दैन।

खतिवडाजीलाई सहयोगसिद्ध हुन्छ कि भनेर यो प्रसंग उठाएको। डा. सिवाकोटीले पनि भन्नुभयो कि हामी कहाँ आन्तरिक विस्थापितको क्याम्प छैन र तिनीहरूको संख्या यकिन छैन। रायनो भन्ने क्याम्प छ, त्यहाँ पनि तितरबितर भइसक्यो भन्नुभयो। मैले यो सन्दर्भलाई जोड्न खोजेको के हो भने न्यू एराले जनसंख्यालाई उपसमूहमा विभाजन गरी १६ वर्ष भन्दा कम उमेरका बालबालिका कति विस्थापन भयो, उनीहरू संगठित रूपमा बाल गृहहरूका कसरी बसेका छन, उनीहरूको अवस्था कस्तो छ र उनीहरूको आधारभूत आवश्यकता पूरा भयो कि भएन भन्ने बारेमा अध्ययन गरेको छ। त्यस्ता ८/१० हजार बालबालिकालाई ८/९ सय बाल गृहमा राखिएका छन्। उनीहरूको भौतिक, मानसिक, शारीरिक, शैक्षिक अवस्थाबारे अध्ययनले विस्तृत व्याख्या गरेको छ। सायद त्यसले भावी बहस र तपाईंको अवधारणालाई सहयोग पुर्‍याउला। यो न्यू एरा, समाज कल्याण परिषद्, स्थानीय विकास मन्त्रालयको लाइब्रेरीमा पनि पाइन्छ।

**आदित्यमान श्रेष्ठ, वरिष्ठ पत्रकार**

यो विषयमा कुरा गर्दा अलि व्यापक दृष्टिकोण राख्नु पर्ला कि जस्तो लाग्छ मलाई। त्यो दृष्टिकोण के हो भने हामीले द्वन्द्वको मात्र होइन, नेपालको धरातल के



हो, आधारभूत चरित्र के हो, जनताको गुण/अवगुणतिर पनि एक पटक हेर्नुपर्छ। यसबारे म दुई वटा कुरा राख्न चाहन्छु। एक त नेपाल यस्तो देश हो जहाँ पहिलेदेखि नै बसाई सरेर आएकाहरू छन्। यहाँबाट पनि सरेर बाहिर गएका छन्। तसर्थ अमेरिकाले भने जस्तै यो त 'मिल्टिङ प्लट हो'। कुन जातिले शोषण गर्‍यो, कुन जाति शोषित भयो भनेको भिन्न कुरा हो। मानिसको आप्रवासको हिसाबले त नेपाल एउटा चलायमान मुलुक हो।

हाम्रो सांस्कृतिक पहिचान र राष्ट्रिय पहिचान कायम राख्नुपर्छ, एक किसिमले रही आएको पनि छ। चाहे अमेरिका, चाहे मध्यपूर्वमा किन नबसोस् नेपालीहरूले दसै, तिहारलगायतका चाड मनाइहाल्छन्।

हामीले आफ्नो सिमाना नाघ्नु पर्नाको कारण आर्थिक गतिविधि हो। विश्वव्यापीकरण त हाम्रो लागि सबै भन्दा बढी उपयुक्त एउटा स्थिति हो। नेपालीहरू यस्ता छन, जसले कुनै पनि देशको कुनै पनि वातावरणमा भिज्न सक्छन्। कुनै पनि देशको भाषालाई नेपालीले सजिलै सिक्न र बोल्न सक्छन्, जुन विशेषता सबै देशका मानिसमा छैन। यो गुणलाई सर्वोत्तम हिसाबले उपयोग गर्नुपर्छ। हामीले बाहिर काम गरी आर्थिक आर्जन गर्न कुनै कञ्जुस्याइँ गर्नुहुँदैन। शोषण गर्‍यो भन्नु त तपाईंको प्रशासनिक कमजोरी या व्यवस्थापन नमिलेर मात्र हो। नभए १९९३ मा मैले विदेशी रोजगारीका लागि ठूलो आवाज उठाउँदा ६ सय जनामात्र विदेशमा थिए। आज २० लाख नेपाली बाहिर छन। मैले आवाज उठाउँदाका प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले सुन्नु भएन। र, पनि विदेश जाने क्रम आफसेआफ विकसित भयो। म आफैं पनि विदेशी रोजगार गरी फर्केको थिएँ त्यति बेला। लाख जनामा १० जनाले दुःख पाउला, तर त्यसको पनि उपाय छ। साच्चै सरकारले व्यवस्था मिलाउने हो भने शोषण भन्ने नै हुँदैन। अर्को कुरा, नागरिक समाजले जुन मानव अधिकारको कुरा गर्दैछन्, उनीहरू नेपालभित्र मात्र सीमित छन्। अब विश्वव्यापी किसिमले आवाज उठाउने समय आइसक्यो। विश्व नेपाली संघ पहिला खुलेको पनि हो, मैले पनि खोल्नु पर्छ भनेको हुँ। अब म त बुढो भए, धेरै हिँडडुल या काम गर्न सक्दिनँ, मैले त्यो कुरा छोडिदिए। तर यो कुरा मैले आफ्नो पुस्तक 'रङ वी डू राइट वी डण्ट' मा लेखेको छु। तपाईंले पढ्नु भयो भने विस्तृत कुरा पाउनु हुन्छ। तपाईंहरूको ध्यान शोषणतिर (खुट्टा/हात काटियो भन्ने कुरा म अस्वीकार गर्दिनँ) मात्र जानु भएन, आफ्नो धरातलमा उभिनु पर्‍यो। यो मुलुकमा जतिसुकै आर्थिक विकास गर्नूस्, तपाईंले सबैलाई रोजगारी दिन सक्नुहुन्न। हाम्रो जनसंख्या बढिसक्यो, यति दरिद्रता छ। विश्वसँग भिजेर फाइदा नउठाएसम्म हुँदैन। म एउटा मन्त्र के भन्न चाहन्छु भने तपाईं सांस्कृतिक पहिचान राख्नुस्, तर अन्तर्राष्ट्रिय आर्थिक लाभ उठाउनुस्।

**आनन्दसन्तोषी राई, अधिवक्ता**

अवधारणा प्रस्तोताले धेरै मेहनत गर्नुभएको छ, यो उच्च तहको अध्ययन सामग्री जस्तो लाग्यो। डा. सिवाकोटीलाई त मैले गुरु मान्नु पर्ने रहेछ, मैले माने तपाईंलाई। यसमा थप गर्नुपर्ने  हाम्रो देशबाट स्वैच्छिक पलायन हुनेको कुरा छ।

ब्रिटिस आर्मीबाट अवकाश लिएर आई धरान, दमक, भैरहवा, पोखरा, काठमाडौं बसेकालाई ग्रीन कार्ड दिने भयो भनेर यहाँको सम्पत्ति सस्तोमा बेचेर उनीहरू उतै गए । यो कुरा समावेश गरिए सामग्री राम्रै हुन्छ ।

राजनीतिक दृष्टिले हाम्रो तरुण दलको राणाजीले कुरा गर्नुभयो, मूल कुरा त राजनीति नै रहेछ, राजनीतिक कुरा समेटन सक्यो भने विस्थापनलगायतका कुरा सहज हुन्छन् । हामीले यो फोरममा बढी राजनीतिक मनस्थिति लिएर आउँछौं । ताराजीलाई आज पनि सोधे, उहाँले 'कार्यक्रम छ' भन्नुभयो । तर, आज मेरो रुचिको विषयभन्दा भिन्न लाग्यो । मेरो अहिलेको 'ब्युजनेस' चाहिँ संविधान कस्तो हुनुपर्छ, त्यहाँ मेरो, डा. सिवाकोटी, खतिवडाजी, आदित्य दाइको स्थानकहाँ हो भनेर खोज्ने हो ।

तर पनि यो रोचक विषय छ । तपाईंको बहसमा पस्किइने सामग्री स्वस्थ्य हुन्छ । हाम्रो समाजमा एकै ठाउँमा बस्ने मानिस भाते हुन्छ, तसर्थ केरा र छोराले ठाउँ फेर्नुपर्छ-जापान जाऊ या अमेरिका जाऊ । एकै ठाउँमा भयो भने केरा उग्लिन्छ, छोरा पनि काम लाग्दैन । छोरी त स्वाभाविक रूपमा त्यस्तै थियो । यो हाम्रो सामाजिक मान्यता हो ।

काला जातिका निग्रोहरूलाई अमेरिकीले पाता कसेर लगे कि के गरी लगे, उनीहरू अमेरिकामा बस्न खोजिरहेका छन् । उनीहरू अफ्रिका फर्कन चाहन्छन् र ? त्यो 'डिग्नीटी'को कुरा हो । मेरो दाजु-भाइहरू कोही क्यानडा गएका छन्, कोही जापान । उनीहरू मलाई धिकार्छन्, बेकारको मान्छे भन्छन्, कांग्रेसको झोला बोक्यो हिँड्यो । मैले के गर्दा ठीक हुन्छ, सल्लाह दिनुस् ।

**चरण प्रसाईं, अध्यक्ष, मानव अधिकार संगठन**

हामीलाई केही स्पष्टता हुनुपर्छ भन्ने लाग्यो, अन्योलता नरहोस् । हुन त डा. सिवाकोटीले धेरै स्पष्ट पारिसक्नु भएको छ, पद्मजीले परिभाषाबाट पनि आन्तरिक विस्थापन के हो भनेर बताइसक्नुभएको छ । आन्तरिक विस्थापन भनेको राम्रो केरा होइन, यो भार हो । ००७, ०९०, ०२८ सालमा को आए भन्ने कुरा होइन् । उहाँले त श्रेणी छुट्याउनु भएको छ-भोलेन्टेरियल र फोर्स भनेर । भोलेन्टेरियल भनेको केरा र छोरा एकै ठाउँ बस्यो भने काम लाग्दैन भने जस्तै हो । भोलेन्टेरियल भनेको प्रगतिको कुरा हो । एकै ठाउँमा बस्नुभयो भने कहिल्यै प्रगति हुँदैन । गति अगाडि तिरकै हुनुपर्छ, तपाईं जिल्लाबाट यहाँ आउनुहुन्छ, यहाँबाट विदेश जानुहुन्छ, त्यो गति हो । गतिबाट देश नै ठप्प हुन्छ । तसर्थ आन्तरिक विस्थापन भनेको भार नै सम्झनु पर्छ । भोलेन्टेरियल बसाइँ-सराईलाई यसमा जोडनु हुन्न । पद्मजी र डा. सिवाकोटीले पनि यो कुरा मान्नु नै हुन्छ । आन्तरिक विस्थापन वास्तवमै समस्या हो, समस्याको सम्बोधन गर्न विभिन्न तरिका अपनाउनुपर्छ । आन्तरिक रूपमा पनि सम्बोधन गर्नुपर्छ । यो देशका (हिजोको र वर्तमान) सरकार यति कन्जुस छ कि पैसा नलाग्ने चिजमा पनि कन्जुस्याईं गर्छ, समस्या यो हो । दिने कुरा हामी गर्छौं । गरिबीको रेखाभन्दा पनि तलका मानिस विस्थापित भए, त्यसमा 'फोकस' गरौं भनेर दाता सामु प्रपोजल हालेपछि ठ्याक्क पैसा पनि आउँछ, गरी पनि हालिन्छ । तर,



समस्या त्यो होइन । दलितहरूसँग सीप छ, तर जो मासिन अलिअलि जग्गा कमाएर ठालू बनेर बसेको छ उनीहरूसँग सीप हुँदैन । एउटा सानो काम गर्न सक्दैन, माग्न पनि सक्दैन । उनीहरू समस्यामै छन्, तर समस्या नबताएर लुकाउन चाहन्छन् । तिनीहरू विस्थापित पनि छन्, उनीहरूसँग केही पनि छैन, आय स्रोत पनि छैन, दलित पनि होइनन्, सिमान्त गरिबमा पनि पर्दैनन् । तिनका लागि दाताले ठ्याक्कै देलान भन्ने पनि छैन । हाम्रो विस्थापनको समस्या 'हिँड्न' छ । म यो ठाउँबाट विस्थापन भए भने म सोच्छु यो राष्ट्रको कुन जिल्लामा कुन ठाउँमा मेरो नाता छ, नजिकको मानिस छ भनेर । म सोझै त्यही जान्छु । त्यहाँ गएर बस्छु, बस्न दिन्छ । मानिस गाउँमा पीडित हुन्छ-एक दिनको पाहुना होला, अर्को दिन जता गए पनि जाओस् भन्ने हुन्छ । उ बाहिर जान सक्दैन, घरको 'प्यारासाइट' भइराखेको हुन्छ । यस्ता आन्तरिक विस्थापितको संख्या अनगिन्ती छ । यसको लेखाजोखा अवधारणाले समेटेको छ कि छैन म भन्न सक्दिनँ । हाम्रो विस्थापनको समस्या यसो आवरणबाट हेरेरमात्र हुँदैन, एकदमै गहिरो छ ।

सरकारको कन्जुस्याइँमा म फेरि जान चाहन्छु । शरणार्थीसम्बन्धी काम गर्ने यूएनएचसीआर यहाँ छ । तिब्बती शरणार्थी समस्याका बेला यो संस्था यहाँ थिएन । तिब्बती अहिले फर्कन चाहँदैनन् भन्ने कुरा आयो, कसरी यस्तो हुन गयो ? उनीहरूले 'इन्टरप्रिनरसीप' यहाँ ल्याए । वास्तवमा नेपालीहरूमाथि उनीहरूले ठूलो गुन लगाएका छन्, उनीहरूको मात्र लाभ होइन । हामीले यसलाई एकतर्फी रूपमा हेरिरहेका छौं । नेपाल धनी भएको गलैंचा उद्योगले पनि हो । यसैले यहाँको घरजग्गाको भाउ बढाएको हो । यसबाट नेपालीले पनि प्रसस्तै लाभ लिए, तिब्बतीले मात्र होइन । तिब्बतीले सीप लिएर आए । स्वीस सरकारले पनि सीप विकासमा सहयोग गरिदियो । अहिलेको भुटानी शरणार्थीलाई जस्तो खाने सहयोग होइन । सीप विकासमा सहयोग गरेकाले तिब्बतीले आफ्नो 'इन्डिजिनस' सीप पनि प्रयोग गरे । यसले नेपाललाई पनि सहयोग पुऱ्यायो । मैले 'डोनर एप्रोच'को कुरा गरेको । हामीले हिजोको 'एप्रोच' बिर्स्यौं र, अहिले खुवाउने र सुताउने एप्रोचमा मात्र गयौं । त्यो सजिलो पनि हो । यहाँ मान्छे मर्न आँटे भनेपछि पैसा दिइहाल्छन् । हाम्रो देश पो धनी छैन त संसार त धनी छ । पैसा दिन सजिलो उनीहरूलाई, दिमाग दिनुभन्दा ।

*'आन्तरिक विस्थापितहरूको सम्मान साथ फिर्तीको कुरा उठाइएको छ, दल-माओवादी १२ बुँदे समझदारी हुँदैमा मानिस फर्कँदैनन्, त्यस्तो अवस्था पनि हुँदैन । राजनीतिक प्रतिबद्धता चाहिन्छ'*

यूएनएचसीआरको प्रसंग ल्याउँदा यहाँ ८ हजारको कुरा आयो, तर मैले थाहा पाएसम्म सुरुमा उसले नेपालमा ६ हजार आन्तरिक विस्थापित छन भनेर तथ्यांक राख्यो । तर, ६ हजार आन्तरिक विस्थापित छन भनेर सरकारले यूएनएचसीआरलाई पनि दिएन । सरकारले लेखेर दिएपछि शरणार्थीको महासभामा विस्थापितको मुद्दा पनि उठाउनुपर्ने हुन्छ, तर आग्रह सरकारले नै गर्नुपर्छ । सरकारले पत्र दिएपछि संयुक्त राष्ट्रसंघमा राखिन्छ ।

विस्थापित र शरणार्थीको धेरै अन्तसम्बन्ध हुन्छ। अन्तर्राष्ट्रिय रूपमा सहयोगको आह्वान गरियो भने गर्न सकिन्छ। हामीले पहल गर्दा पनि सरकारले पत्र लेख्न कञ्जुस्याइँ गऱ्यो, ६ हजारको ठाउँमा १८ हजारको संख्या देखाएको भए पनि हुन्थ्यो, त्यति मानिस त पालिन्थे। हाम्रो व्यवस्थापन र नीतिको समस्या हो। आन्तरिक विस्थापितहरूको सम्मान साथ फिर्तीको कुरा उठाइएको छ, दल-माओवादी १२ बुँदे समझदारी हुँदैमा मानिस फर्कंदैन्, त्यस्तो अवस्था पनि हुँदैन। राजनीतिक प्रतिबद्धता चाहिन्छ। आन्तरिक विस्थापन द्वन्द्वकै कारण हो, द्वन्द्व सुरु भएपछि यसबारे कुरा हुन थालेको हो। त्यसअघि यस विषयमा कुरा हुन सकेको थिएन।

दल-माओवादी १२ बुँदे समझदारीको ५ नम्बरमा विस्थापितलाई ससम्मान घर फर्काउने कुरा पनि भयो। तर, संयन्त्रचाहिँ तयार पारिएको छैन। विभिन्न जिल्लामा जाँदा यो देशमा पुरानो र नयाँ सत्ता छ, नयाँ सत्तालाई पनि वैधानिकता दिइएको देखिन्छ। आठबुँदे समझदारीले जनसरकारलाई वैधता दिएको छ। यसोभन्दा कतिपय साथी मसँग रिसाउनु होला-तपाईं माओवादीको पक्षमा कुरा गर्ने भनेर। तर, सत्यचाहिँ त्यही हो, आठबुँदे समझदारीमा पुनःस्थापित प्रतिनिधिसभा विघटन र जनसरकार सँगसँगै विघटन गर्ने भनिएको छ, यसबाट जनसरकारलाई वैधानिकता मिलेको छ। हामीले केन्द्रमा जतिसुकै वैधानिक होइन भने पनि स्थानीय जनसरकारले वैधानिक हो भन्छन्। आठबुँदेले वैधानिकता दिएको छ भनेका छन्। जनसरकार भएकाले जनअदालत पनि छ, हामी कर उठाउन पाउँछौं, सरकारले गर्ने काम गर्न पाउँछौं भन्छन्। वर्तमान सरकारले चाहिँ 'यदि तिमीहरू जनसरकार चलाउने हो भने कसरी चलेको छ, कुन कानुनअन्तर्गत चलेको छ, जनअदालत कसरी चलेको छ, कुनै वकिल/मानव अधिकारवादीलाई जान दिइएको छ कि छैन' भनेर सोध्न सकेको छैन, त्यो कमजोरी हो। विस्थापितको समस्या जनसरकारसँग जोडिएको छ। माओवादीका कारण विस्थापित भएकाहरूले कुन कारणले विस्थापन हुनु परेको हो भनेर माओवादीबाट आरोप पत्रचाहिँ पाएका छैनन्। तसर्थ अहिले फर्किन पनि 'रिस्क' छ। शान्ति प्याकेजअन्तर्गत यसलाई पारिनुपर्छ, ससम्मान फर्कन आठै दल बसेर छलफल गर्नुपर्छ।

अवधारणाको शीर्षक नै 'आन्तरिक विस्थापन र सामाजिक समावेशीकरण' भएकाले फर्काउने क्रममा स्थानीय तहमै अन्तर्क्रिया हुनुपऱ्यो-के कारण विस्थापन भयो, के कारणले अहिले फर्काउनु परेको छ, फर्केपछि स-सम्मान बस्न पाउँछन् कि पाउँदैनन्' भनेर। त्यहाँका गाउँलेले स्वीकार गरिसकेपछि विस्थापितको समस्या समाधान हुन्छ। तर ज्यादै जटिल समस्याबाट होइन, सामान्य समस्यालाई समाधान गर्दै गयो भने अरू पनि मानसिक रूपमा तयार हुँदै जान्छन्। माओवादी पनि हामीले कब्जा गरेको जमिन फिर्ता गर्नुपर्छ भन्नेमा पुग्छ। विस्थापितको समस्या स्थानीय तहबाटै समाधान गर्दै जानुपर्छ, राष्ट्रिय तहमा पनि पहल हुनुपर्छ।

**कमल खनाल, अनुसन्धाता**

आन्तरिक विस्थापितबारे त्रिभुवन विश्वविद्यालयबाट सोधपत्र तयार गरिरहेकाले मेरो रुचिको विषय भएकाले म यो छलफलमा आएको हुँ। आन्तरिक



विस्थापितको परिभाषा अलि राम्ररी गर्नुपर्ने भन्ने कुरा आयो। तर, यो अलि कठिन छ। राजनीतिक, आर्थिक विस्थापन हुन्छ। आर्थिक विस्थापनमा पनि राजनीतिक कारणको भूमिका रहेको हुन्छ।

मैले अनुसन्धान सुरु गरेको छु, म अलि अलमलमै छु। द्वन्द्वसम्बन्धी विज्ञहरूले राजनीतिक र द्वन्द्वको कारणले विस्थापित भएकाको बारेमा कुनै मापदण्ड तयार गर्नुभएको छ कि छैन भनेर जान्न चाहेको छु।

**उठेका प्रश्नको जवाफ दिँदै डा. गोपालकृष्ण सिवाकोटी**

संक्रमण न्यायको कुरा अलि बढी आकर्षक विषय बनेको छ। शान्ति प्याकेजको कुरामा यो रहनुपर्छ। यो विषय छुटेकै हो, साथीहरूले उठाउनुभएकोमा धन्यवाद।

युद्धका नाममा भएका अपराध र ज्यादति गर्ने मानिसलाई न्यायको कठघरामा उभ्याउने कुनै न कुनै किसिमको संयन्त्र बनाउने समझदारी बन्न सक्यो भने पछिसम्म राम्रो हुन्छ। विस्थापितका हकमा पनि यो लागू हुन्छ। मानिसहरू कोही पनि रहरले विस्थापित भएको छैन, कर र जबरजस्तीका कारण बाध्यताले भएका छन्। त्यसमा मानव अधिकार उल्लंघन र मानवीय कानुन (जेनेभा कन्भेन्सन) उल्लंघनको कुराहरू प्रत्यक्ष जोडिन्छन्। तसर्थ संक्रमणकालीन न्यायको कुरा शान्ति प्याकेजमा आउनुपर्छ भनेर हामीले भन्दै आएका हौं।

क्रूरताको कुरा छ। राज्य र माओवादीको जुन खाले रवैया छ, जसरी जघन्य अपराध र क्रूरता भयो त्यसले मानिसहरूले असुरक्षित महसुस गरेका हुन। पहिचान दिनु पनि आफू थप खतरामा पर्नु हो, जोखिम उठाउनु हो भन्ने भएको-त्यसमा १९ माघ २०६१ पछि (इतिहास बन्न आटिसक्यो, त्योभन्दा खतरनाक कुरा आउला जस्तो छ) त राज्य सुरक्षा संयन्त्रको कारण विस्थापित भएकाहरूले आफ्नो पहिचान नै दिन सकेनन्।

विस्थापनको राजनीतिक 'डाइमेन्सन' हेरौं-काठमाडौंमा विस्थापितहरूले आफ्नो पहिचान खोजे, सडक र टुँडिखेलमा देखिए, माग राखे। तर, विस्थापितलाई पनि सरकारले दमन गऱ्यो, लछाऱ्यो, पछाऱ्यो, ६/७ दिनसम्म गोदाममा लगेर खाँद्यो। कहिले पनि विस्थापितका बारेमा राज्य संवेदनशील भएन। विस्थापितलाई किन दमन गरिँदैछ भनेर अध्ययन गर्दा के फेला पऱ्यो भने अधिकांश विस्थापित त राजनीतिक कार्यकर्ता र तिनका परिवार पो रहेछन्। नेपाली कांग्रेस, एमाले, जनमोर्चाका मानिस रहेछन्। उनीहरूलाई सहयोग र समर्थन गर्नु भनेको राजनीतिक दललाई बलियो बनाउनु हो (राजाको सरकारको कुरा) भन्ने ठानियो, उनीहरूलाई पनि दमन गरियो। उनीहरूलाई गरिएको दमन राजनीतिक दलहरूप्रतिको प्रतिशोध रहेछ। राज्यको नीतिले गर्दा यो समस्या ज्यूका त्यू रहेको हो।

मताधिकारको कुरा उठिरहेको छ, भारतमा पनि। त्यहाँ संगठित हुँदैछन्, नाराजुलुस गर्दैछन्, हामीले पनि लोकतन्त्रमा ठूलो योगदान गरेका छौंभन्दै यहीसम्म झोला बोकेर 'डेलिगेसन' आएका छन्। डायरफोरा कम्युनिटीको पनि अधिकार छ, थुप्रै मुलुकमा यसरी मताधिकार र जनमतसंग्रहमा भाग लिने अधिकार छ।

यही १२ तारिखमा इन्टरनेसनल अर्गनाइजेसन फर माइग्रेसनको टोली यहाँ आउँदैछ। १२ तारिखमा यसको कार्यालय उद्घाटन हुनेछ। यसको उद्देश्य डायसफोरा समुदायको मताधिकारलाई 'लष्टिक सपोर्ट' गर्ने हो। नीतिचाहिँ राज्यले बनाउनु पर्‍यो। त्यसलाई सहजीकरण गर्न आइओएम आउँदैछ।

अर्को आदित्य सरले भनेको कुरा मानिसहरूलाई 'ब्रेन ड्रेन'मात्र भइरहेको छैन, 'ब्रेन गेन' पनि भइरहेको छ-नीति राम्रो हुँदा। भारतमा तेस्रो/चौथो पुस्ताका युवायुवती विदेशबाट फर्केका छन्। अमेरिका, बेलायत, क्यानडा, अस्ट्रेलियाबाट फर्केर आफ्नो मातृ भूमिमा बसेर प्रगति, उन्नति, आर्थिक विकास, व्यक्तित्व विकासको लागि राज्यले सन्तुष्टि हुने गरी नीति बनाइदिएको छ, सहयोग गरिदिएको छ। भारतमा एनआरआईको गतिविधि बढ्केको पनि राज्यको नीतिकै कारण हो। यसबाट 'ब्रेन ड्रेन' मात्र हुँदैन, भारतले प्रविधि, स्तरीय शिक्षा, अध्ययन गरेकालाई फर्काएर 'ब्रेन गेन' गरिरहेको छ।

१४ र १५ तारिक संयुक्त राष्ट्रसंघको महासभाको अभिन्न अंगको रूपमा अन्तर्राष्ट्रिय बसाइँसराईबारे उच्चस्तरीय वार्ता हुँदैछ, न्यूयोर्कमा। दुःखको कुराचाहिँ नन एलाइन मुभमेन्टको पनि हवानामा ११ देखि १५ तारिख हुँदैछ, हाम्रा न्यूयोर्क जानुपर्ने मानिसहरू जति हवाना जाने भएकाले उच्चस्तरीय वार्ता छुटाउने भए। प्रधानमन्त्री अक्सिजन लिएर बसिरहनुभएको छ, उपप्रधानमन्त्री केपी शर्मा ओली पनि हवानामा जाने। त्यहाँ हामीले डायसफोरा समुदायको मताधिकारको कुरादेखि लिएर ब्रेन गेन, द्विपक्षीय सम्झौताको कुरामा छलफल र तर्क गर्नुपर्नेमा शून्यता हुँदैछ। नागरिक समाजको तर्फबाट चाहिँ पक्कै केही कुरा उठाउला, राज्यको तर्फबाट पनि प्रतिनिधित्व गराउन पाए अहिलेको संक्रमणकालीन अवस्थामा धेरै राम्रो हुने थियो।

**अवधारणामाथि उठेका प्रश्नको जवाफ दिँदै पद्म खतिवडा**

धेरै कुरा आइसक्यो। गोपाल दाइले धेरै राम्ररी साथीहरूले उठाउनु भएको कुराको 'रेस्पोन्स' गर्नुभएको छ। त्यसलाई नदोहोर्‍याउ जस्तो लाग्यो मलाई।

वास्तवमा बसाइँसराई जटिल विषय हो। राजनीतिक परिदृश्यमा पनि यसले महत्वपूर्ण भूमिका स्थान ओगट्दो रहेछ र यसलाई त्यसरी हेरिनुपर्छ भन्ने आजको छलफल हो। राजनीतिक गफमात्र हुने ठाउँमा यो विषयले कत्तिको महत्व पाउला भनेर यहाँहरूलाई शंका लागेको हुनसक्छ। तर, यो महत्वपूर्ण मुद्दा हो। जबसम्म राजनीतिक 'डिस्कोर्स' मा बसाइँ-सराईको मुद्दालाई सम्बोधन गरिँदैन, तबसम्म दिगो समाधान सम्भव छैन। यो हाम्रो प्रवेश विन्दु हो। अवधारणालाई परिपक्व बनाउन यहाँहरूले दिनुभएको योगदानको म उच्च कदर गर्दछु। यहाँहरूले राखेका सबै सुझाव जहाँ-जहाँ सम्भव हुन्छ, त्यहाँ समावेश गर्ने हरदम प्रयास गर्नेछु। सहयोगका लागि फेरि पनि आभार व्यक्त गर्दै बिदा हुन्छु।

**बहस अन्त्य गर्दै तारानाथ दाहाल**

यहाँहरूलाई धन्यवाद छ। म दुई वटा कुरा मात्र राख्न चाहन्छु। सुरुमै भनेको थिएँ-यो छलफल प्रचारका लागि होइन, चिन्तनमननको लहर चलोस् भन्ने उद्देश्यले



चलाएकाले हामीले यसको 'मनोग्राफ' छिट्टै बनाउँछौं। त्यसलाई पुनः छलफलमा लान्छौं। आज उठेका धेरै महत्वपूर्ण विषयहरू-खासगरी टिप्पणीकारले उठाएका-राखेर अवधारणालाई अलि पूर्ण बनाइदिनुभयो भने हामीलाई छाप्न सजिलो हुने थियो भन्ने आग्रह गर्दछु।

निश्चय नै आज छलफल भएको विषय 'पोलिटिकल डिस्कोर्स'मा जानुपर्ने हो भन्ने कुरा यहाँ विभिन्न ढंगले पुष्टि भइसक्यो। उठाउने प्रयास गरेका हौं। यो छलफललाई अझै अगाडि लानुपर्दछ भन्ने मलाई लागेको छ।

अन्त्यमा, आन्तरिक विस्थापित होस् या द्वन्द्व या अन्य कारणले बसाइँसरेका तमाम नेपालीहरूको मताधिकार (संविधानसभामा) चाहिन्छ भनेर फ्रिडम फोरमले पहिल्यैदेखि जोडदार रूपमा उठाउदै आएको छ। प्रवासी नेपालीहरूसँग त्यस विषयमा सहकार्य पनि गरिरहेका छौं। हामीले संविधानसभाको निर्वाचन पद्धति र प्रक्रियाबारे अध्ययन गरेका थियौं, त्यो यहाँहरू धेरैले पाउनुभयो होला। त्यसमा पनि जोडदार रूपमा हामीले यो कुरा उठाएका छौं। आइओएमसँग पनि हामीले छलफल गरेका थियौं। संविधानसभाको चुनावमा कुनै पनि रूपमा आन्तरिक विस्थापित हुन या प्रवासी नेपाली हुन्, उनीहरूले भाग लिने वातावरण निर्माण गर्नु जरुरी छ। संविधानसभालाई मुलुकको जीवनमा एक दिनको रूपमा लिने अर्थात फेरिफेरि राजनीतिक द्वन्द्वको कल्पना छोडेर दीर्घकालीन स्थायित्वका निम्ति यसलाई उपयोग गर्ने हो भने उनीहरूको सहभागिता अत्यन्तै जरुरी छ, त्यसका लागि अझ बढी आवाज उठाउनुपर्ने आवश्यकता छ।

यहाँहरू सबैलाई धन्यवाद दिँदै आगामी आइतबार हामी 'सात पार्टी र माओवादीले संविधानसभाको संरचना र निर्वाचन प्रक्रियाका बारेमा सहमति बनाउन नसकेकाले अन्तरिम संविधानमा त्यो आउन सकेन, जसले गर्दा अन्तरिम संविधान 'कोल्याप्स' भयो। त्यसबारेमा विस्तृत अध्ययन गरेकाले हामी त्यसैमा छलफल गर्दैछौं। यहाँहरूलाई त्यसमा निम्ता गर्दछौं।

त्यसपछिको आइतबार हामी सुसूचित जनतालेमात्र प्रजातन्त्रमा सहभागिता जनाउन सक्ने भएकाले सूचनाको हक प्रतिनिधिसभाको मूल विषय हुनुपर्ने थियो, अनेक विषयमा भइरहे पनि जान्न पाउने या सुसूचित हुने मुद्दामा छलफल नभइरहेकाले सूचनाको हकमा राज्य लाग्नुपर्‍यो भन्ने विषय छ। त्यसमा पनि म यहाँहरूलाई हार्दिक आमन्त्रण गर्दछु।

यसअघिका १३ बहस शृङ्खलाका संग्रह गरिएको पुस्तक २/३ दिनभित्र आउँदैछ, हामी यहाँहरूलाई विमोचनमा उपस्थित हुन आग्रह गर्दछौं। नभए पनि पुस्तक लिएर त्यो छलफलबाट पनि लाभान्वित भैदिनुस् भन्ने आग्रह गर्दछु।

◆◆

# संविधानसभाको संरचना र निर्वाचन पद्धति

■ अवधारणा : डा. वीरेन्द्र मिश्र/तारानाथ दाहाल/भोला ढुंगाना/सञ्जीव घिमिरे
■ टिप्पणी : लक्ष्मण अर्याल/दमननाथ ढुंगाना र प्रमुख राजनीतिक दलका प्रतिनिधिहरू

मुलुक संविधानसभामा जाने राजनीतिक सहमति बनिसकेको छ । यसलाई संस्थागत गर्ने संयन्त्रले भने पूर्णता पाएको छैन । यसै सन्दर्भमा **फ्रिडम फोरम**को अनुसन्धान समूहले संविधानसभाको संरचना र निर्वाचन पद्धति विषयमा अध्ययन गरी आफ्नो सुझाव संविधान मस्यौदा समिति तथा राजनीतिक दलहरू समक्ष प्रस्तुत गरिसकेको छ । राजनीतिक सहमतिलाई संवैधानिक स्वरूपमा बदल्न बनेको अन्तरिम संविधान मस्यौदा समितिले निर्क्योल गर्न नसकेका विषयहरू मध्ये संविधानसभाको संरचना र निर्वाचन पद्धति पनि एक हो ।

अन्तरिम संविधान मस्यौदा समितिलाई राजनीतिक दलहरूले दिएको सुझावहरूमा पनि संविधानसभाको संरचना र निर्वाचन पद्धतिबारेमा एकरूपता कायम हुन सकेन । मस्यौदा समितिले पनि यस विषयमा केही उल्लेख नै नगरी मस्यौदालाई वार्ता टोलीसमक्ष बुझाएको छ । यसै पृष्ठभूमिमा राजनीतिक दलका प्रतिनिधिहरू, अन्तरिम संविधान मस्यौदा समितिका सदस्यहरू, संविधान/कानुनविज्ञ, राजनीतिशास्त्री तथा निर्वाचनविज्ञहरूबीच हुने गहन छलफलले यो अन्योलको अवस्थालाई निकास दिन सकारात्मक पहल हुने ठानिएको छ ।

तसर्थ लोकतन्त्र, मानव अधिकार, प्रेस स्वतन्त्रता र राष्ट्रको समविकासमा समर्पित, नीति अनुसन्धान तथा वकालतकर्ता प्राज्ञिक समुदायको साझा प्रयास स्वरूप स्थापित **फ्रिडम फोरम**ले “समावेशी लोकतन्त्रको स्वरूप र संरचना”मा बहस शृङ्खलाहरू चलाउँदै आएको छ । त्यही क्रममा ती सबै पक्षको उपस्थितिमा १ असोज २०६३ (१७ सेप्टेम्बर २००६) का दिन बबरमहलस्थित साप फल्चामा शृङ्खला-१७ अन्तर्गत **संविधानसभाको संरचना र निर्वाचन पद्धति** भन्ने विषयमा बहस सम्पन्न भएको थियो ।



## *प्रारम्भ*

**बहस प्रारम्भ गर्दै सहजकर्ता तारानाथ दाहाल**

हामी आज १७ औं शृङ्खलामा छौं । आजको विषय ‘संविधानसभाको संरचना र त्यसको निर्वाचन पद्धत्ति’ छ । यस विषयमा हामीले यसअघि पनि धेरै छलफल गर्‍यौं । फेरि किन यही विषय रोज्यौ भन्ने कुरा पछि बताउनेछु ।

आज म यहाँहरूलाई खुसीको खबरसहित हार्दिक स्वागत गर्न चाहन्छु । हामीले यहाँ गरिरहेको छलफल यही सीमित भयो भने त्यसको कुनै तुक हुँदैन । त्यसले व्यापक राष्ट्रिय जनमत निर्माण गर्न सकोस् भनेर यसअघिका १३ वटा छलफललाई ‘मनोग्राफ’का रूपमा प्रस्तुत गरेर पुस्तक प्रकाशनमा ल्याएका छौं । त्यसमा हाम्रो मुलुकले निर्णय लिनुपर्ने विभिन्न १३ वटा मुद्दामा छलफल गरिएको छ । जसमा मुलुकका प्रतिष्ठित विचारकहरू र नेताहरूको दृष्टिकोण तथा त्यसमाथि नागरिक समाजका राष्ट्रिय जीवनका विभिन्न क्षेत्रका प्रबुद्ध व्यक्तित्वहरूको विचारसमेत समावेश छ । त्यो पुस्तक पहिला विमोचन हुँदैछ । विमोचनको दिन आजलाई रोज्यौं, त्यसका निम्ति छुट्टै समारोह गरेनौं । हाम्रो यो कार्यक्रम प्रचार उद्देश्यका लागि नभएकाले चिन्तन थलो हो । यस किसिमका चिन्तन थुप्रै हुन्छन्, प्रचारका लागि ती पानीको फोका बराबर हो । तर, त्यसले निश्चित योगदान दिन सकोस् भन्ने हाम्रो उद्देश्य हो । तसर्थ त्यसलाई कुनै औपचारिक अवसर बनाएर प्रचार गर्नुभन्दा यही विद्वत्जनहरूको बीचमा साच्चिकै समावेशी भावनालाई प्रतिविम्बित गर्ने गरी विमोचन गरौं भनेर आजको कार्यक्रम आयोजना गर्‍यौ ।

आजको दोस्रो सत्रचाहिँ मूलतः राजनीतिक पार्टीहरू लक्षित गरी आयोजना गरेका हौं । हामीले सबै प्रमुख राजनीतिक दलहरूका कम्तीमा पाँच जना प्रतिनिधिलाई निम्तो पठाएका थियौं, धेरै राजनीतिक दलले आफ्ना वरिष्ठ नेतालाई नै पठाउने वचन दिएका थिए ।

अन्तरिम विधान मस्यौदाको हालत के छ तपाईंहरूलाई थाहै छ, त्यो मस्यौदामा समेटिनुपर्ने केही मूलभूत विषयमा समिति प्रवेश नै गरेन । प्रवेश गर्न नसक्नुको पछाडिको कारणचाहिँ राजनीतिक दलहरूबीचको सहमति अभाव हो भन्ने सुनिएको छ । सहमतिमा पुग्न अनुसन्धान गरेर साझा दृष्टिकोण हामीले सबै राजनीतिक दलहरू र संविधान सुझाव आयोगलाई पनि दिएका थियौं । त्यसलाई स्मरण गर्दै यो फोरमबाट साझा धारणा निर्माण गर्न राजनीतिक दलहरूबीच ‘डिस्कोर्स’ हुन सकोस् भन्नका लागि राजनीतिक दल र राजनीतिक विश्लेषकलाई विशेष महत्व दिएर आजको कार्यक्रमको दोस्रो सत्र आयोजना गरेका छौ । प्रस्तुति ज्यादै छोटो हुनेछ र, छलफलबाटै हामी निष्कर्ष खोज्ने छौं ।

आजको पहिलो सत्र विमोचनको छ । यसका लागि हाम्रो विशेष अतिथि आदरणीय दमन दाइ हुनुहुन्छ । उहाँ हाम्रो विचार शृङ्खलाको पहिलो विचारक पनि हुनहुन्थ्यो, उहाँबाटै हामीले यो शृङ्खला थालेका थियौं । त्यति बेला लोकतान्त्रिक

आन्दोलन चलिरहेको थियो, आन्दोलन (मंसिरसम्म आइपुग्दा) मा दुई-दुई साझा शब्द निर्माण भएको थियो-(१) संविधानसभा (बाह्रबुँदे सहमतिपछि) र, (२) समावेशी लोकतन्त्र। सबै राजनीतिक दलले समावेशी लोकतन्त्र निर्माण गर्ने भने, सबैले संविधानसभामा नगई सुखै छैन भने। अन्य कुरामा सहमति बन्न सकेको थिएन, ती दुई कुरामा पनि स्पष्टता थिएन्। आज पनि स्पष्टता छैन। तर पनि हामीले छलफल जारी राखेका छौं। दमन दाइले नै यो मुलुकमा पहिलो चोटी संविधानसभाको प्रखर वकालत गर्नुभयो (माओवादीभन्दा पहिला, जहाँ राजनीतिक दल धेरै पछि आए)। नयाँ समावेशी लोकतन्त्रको बहस पनि उहाँबाटै सुरु गरौं भन्ने लागेर हामीले उहाँलाई पहिलो पात्र छानेका थियौ। हामी कहाँ धेरै विचार छायाँमा पर्दै जान्छन् र भीडले विचारलाई डोऱ्याउँछ या उपेक्षा गर्छ र, भीडले फेरि अर्को दुर्घटना निम्त्याउँछ। त्यस्तो नहोस्, विचारले नै समाजलाई नेतृत्व दिन सकोस् भन्ने हाम्रो उद्देश्य भएकाले उहाँको विशेष आतिथ्यमै विमोचन गर्न गएका छौं। विमोचनको पनि विशेष ढाँचा अपनाएका छौं। १३ वटा शृङ्खला भएकाले १३ जनाबाट सामूहिक रूपमा विमोचन गराउँदै छौं। प्रमुख ढुंगाना भए पनि लक्ष्मण अर्याल, भारतमोहन अधिकारी (नेकपा एमाले), सुनिल भण्डारी (नेका), टंक राई (वाममोर्चा), रमेश थापा (नेमकिपा), मनमोहन भट्टराई (नेका प्रजातान्त्रिक), डा. वीरेन्द्र मिश्र, खेमराज पण्डित, डा. मीना आचार्य, किरण गिरी (राजमा), भैरव रिसाललाई यो जिम्मेवारी दिएका छौ। विमोचनका लागि म अनुरोध गर्दछु।

***(विमोचन सम्पन्न)***

सबै साथीका लागि पुस्तक वितरण गरिदिनु हुन अनुरोध गर्दछु। यसअघिका १३ शृङ्खलाका छलफल सबै यो पुस्तकमा छ। यसमा हाम्रो दृष्टिकोण छैन, थप छलफलका लागि काम लागोस् भनेर जे छलफल भयो त्यही राखिएको छ। यो निष्कर्ष, ठोस धारणा या सम्पादित विचार पनि होइन्। यसपछिका कार्यक्रमको सामग्री पनि यसैगरी सार्वजनिक गर्ने प्रयास गर्नेछौं। विमोचित पुस्तकमा यहाँहरू सबैको हस्ताक्षरसहित फिर्ता पाए त्यो ऐतिहासिक दस्तावेज हुने थियो, हामी यहाँहरूलाई अर्को पुस्तक उपलब्ध गराउने छौं।

आजको विषय प्रवेशका लागि पूर्वनिर्वाचन आयुक्त डा. वीरेन्द्र मिश्रलाई अनुरोध गर्दछु। संविधानसभाको निर्वाचन पद्धति र संरचनाबारे हामीले अध्ययन गरेका थियौं, धेरैले अध्ययन प्रतिवेदन पाइसक्नुभएको छ। नपाउनु हुनेहरूका लागि बाहिर उपलब्ध छ। त्यसको संक्षिप्त रिपोर्ट पनि हामीले तयार पारेका छौं। मिश्र त्यस अध्ययनका संयोजक पनि हुनुहुन्थ्यो। विषय प्रवेशपछि हाम्रो सानो प्रस्तुति छ, त्यसपछि हामी छलफल खुला गर्नेछौं।

**डा. वीरेन्द्र मिश्र**

(**अवधारणा प्रस्तुतिअघि त्यसबारे जानकारी दिंदै**)

आदरणीय सभापति महोदय तथा उपस्थित विद्वत्जन। हाम्रो राष्ट्र संविधानसभामार्फत पूर्ण लोकतन्त्रतिर लम्किरहेको छ। संविधानसभा अन्तरिम गोलमात्र हो, यसको अन्तिम गोल पूर्ण प्रजातन्त्र हो। माओवादीसित सरकारको



वार्तापछि अन्तरिम संविधान, अन्तरिम सरकार र संविधानसभाको रोडम्याप आयो। हुन त अन्तरिम संविधान मस्यौदा १५ दिनमा दिने भनेर लक्ष्मण अर्यालजीले संकल्प गर्नुभएको थियो, ढिलो गरी मस्यौदा आयो। तर केही बुँदा खाली एवं विकल्पहरू दिएर छोडिएको छ। त्यसले फेरि अन्योल थपे जस्तो लाग्छ। समितिले आफ्नो दृष्टिकोण दिनुपर्थ्यो, ठाउँ रित्तो छोड्नु हुने थिएन। दिएको मतमाथि हेर्ने अधिकार सरकार-माओवादीको रहन्थ्यो नै। संविधानका हिसाबले त भन्दिनँ, निर्वाचन प्रक्रियाको विद्यार्थीको नाताले ६ वर्ष निर्वाचन आयुक्त हुँदा र त्यसपछिका) अनुभवहरू यहाँहरूसामु बाँड्न चाहन्छु।

हामी बाहिरको कुरा सुन्दैनौ, आफूसँग जे छ त्यसैका आधारमा काम गर्छौं। यो राजनीतिक दलका नेतामा पनि लागू भइरहेको छ। कोहीसँग केही अनुभव या विशेषज्ञता छ भने लिनुपर्छ, तर त्यसका लागि हामीसँग संस्कार नभएको हो कि के हो थाहा छैन।

(१) संविधानसभाको सदस्य संख्या कति, (२) निर्वाचन प्रणाली र, (३) राजनीतिक संगठनहरूसँग निर्वाचनको प्रत्यक्ष सम्बन्ध रहने भएकाले आफ्ना विचारहरू यसैमा केन्द्रित भएर राख्नेछु। त्यसपछि हाम्रा सहयोगी भोला ढुंगानाले विस्तृतमा राख्नुहुनेछ।

मुलुकमा तीन निर्वाचन भयो, २०५ क्षेत्रमा। त्यसको आधार र अरू मुलुकका अनुभव हेर्दा त्यो संख्या वास्तवमा ३ सय १ हुन सक्छ। २०४७ को संविधानको आधारमा ९० देखि ९२ हजार जनताको प्रतिनिधित्व गर्ने गरी क्षेत्र निर्धारण भएको थियो। २०५८ मा भएको जनगणनाका आधारमा (२ करोड ३२/३३ लाख जनसंख्या) रहेको देखिन्छ, यो अहिले अढाई करोड पुगेको अनुमान गर्न सकिन्छ। यसरी एक लाख जनसंख्याप्रति निर्वाचन क्षेत्र राखियो भने पनि २ सय ५० पुग्ने रहेछ। हाम्रो पहिलो हुने निर्वाचित हुने प्रणालीमा अन्तर्निहित त्रुटि छ, त्यो यो प्रणालीको विषय पनि हो। यसबारे म केही भन्न चाहन्न। संविधानसभाको निर्वाचन र प्रतिनिधिसभाको निर्वाचनमा तात्विक फरक छ। हामी संविधानसभाको निर्वाचनको कुरा गर्दैछौं, यो ऐतिहासिक घटना हो र, कुनै पनि राष्ट्रको जीवनमा धेरै वर्षपछि यो अवसर आउँछ। संसद्को निर्वाचनको उद्देश्य सरकारको गठन हो, जसमा दलहरू आफ्नो घोषणा पत्र र आदर्शको आधारमा आउँछन्। संविधानसभामा चाहिँ अधिकतम सहभागिता होस् भनेर हामीले 'प्रपोसनल रिप्रेजेन्टेटीभ सिष्टम' मान्नुपर्दछ भन्ने ठान्दछौं। कुनै पनि सिद्धान्तमा सतप्रतिशत समानुपातिकता असम्भव हुन्छ। त्यसमा पनि केही कमी रहन्छन्। हामीकहाँ समाज विभक्त छ, सयभन्दा बढी जाति छ-ती सबैको प्रतिनिधित्व हुनुपर्छ, यो नैतिक दायित्व र अधिकार पनि हो। तसर्थ त्यो असम्भव छ। समानुपातिक प्रतिनिधित्वमा न्यूनतम संख्या तोकिएको हुन्छ, त्यसभन्दा तलको सहभागिता हुनै सक्दैन। विकल्प के त ? विद्यमान प्रतिनिधिसभा र राष्ट्रियसभाको व्यवस्थाको विकल्पमा राष्ट्रिय सभालाई (जो निष्क्रिय छ) लाई समेत जोडेर एकै संसद् बनाउन सक्यो भने बढी समावेशी हुन सक्छ र, त्यसलाई अझ उपयोगी बनाउन सकिन्छ। २ सय ५० निर्वाचित संख्याबाट १ लाख मतदाता संख्यामध्ये ६०/७० प्रतिशतको सहभागिता हुन सक्ला। विगतका निर्वाचनमा

मतदाताको उपस्थिति ६१ देखि ६६ प्रतिशत भएको अनुभवका आधारमा यही भन्न सकिन्छ। कम्तीमा ६०/७० प्रतिशत जनसंख्या भएको जाति/जनजातिको प्रतिनिधित्व यसरी हुन सक्छ, त्योभन्दा तलको हुनै सक्दैन। बाँकीका लागि हामीले कोटा नभनी संसद्लाई नै बढी अधिकार दिएर एकल संक्रमणीय मत प्रणालीअन्तर्गत ६० हजारभन्दा कम जनसंख्या भएका जातिको पनि प्रतिनिधित्व गराउने गरी निर्वाचन २० सिटका लागि गराउन सक्छौं। यसरी ८० प्रतिशत जाति/जनजातिको प्रतिनिधित्व हुन सक्छ। त्यतिले पुग्दैन, सम्पन्न जनआन्दोलनमा स्वतन्त्र बुद्धिजीवी र नागरिक समाजका प्रतिनिधिको भूमिकालाई नजरअन्दाज गर्न सकिँदैन, उनीहरूका लागि पनि १५ वटा सिट दिनुपर्छ। त्यसका लागि दुई प्रक्रियाको प्रस्ताव राखेका छौं। एक, २ सय ५० जनाले एकल संक्रमणीय आधारमा दलहरूको प्रतिनिधि छानौं। अर्को विकल्प अझ तर्कपूर्ण लाग्दो छ, विभिन्न संघसंस्थाका प्रतिनिधिलाई छानेर हुन्छ कि निर्वाचितलाई मनोनयन गरी स्वतः पठाएर पनि प्रतिनिधित्व गराउन सकिन्छ। अझ भूभागको समस्या बाँकी रहन्छ। जिल्लाको संख्या थोरै भएको कर्णालीलाई पनि विशेष प्राथमिकता दिनुपर्छ, जसका लागि ८/१० सिट दिइनुपर्छ, त्यसका लागि त्यहीका प्रतिनिधिबाट मत हालिनु पर्छ। यति गर्दा पनि सवा सय जनजाति छुट्न सक्छन्, त्यसका लागि 'हाउस'लाई मनोनयनको अधिकार दिइनुपर्छ। विभिन्न विशेषज्ञ (संविधान निर्माता, असक्त, असहाय, धार्मिक समूह) लाई लिएर ६/८ सिट दिइयो भने समावेशी संसद् हुन सक्छ। तसर्थ हामीले सुरुदेखि नै यी आधारमा ३ सय १ सिट भनेका हौं, हुन त यसलाई थपघट गर्न सकिन्छ। तर, यसैलाई आधार बनाइयो भने अति उत्तम हुन्छ। संविधानसभा पनि समावेशी हुन्छ भन्ने विश्वास लिएको छु।

मैले भर्खरै कुरा गरे। २/३ वटा राजनीतिक दलले मिश्रित प्रणालीको प्रस्ताव गरेका छन्, समानुपातिक प्रतिनिधित्वमा समस्या छ। हालैमात्र एक जना विदेशी विज्ञ आउनुभएको थियो, उहाँका अनुसार, दक्षिण अफ्रिकाको निर्वाचन पिआर पद्धतिले भएको छ, त्यहाँ १७ दलको उम्मेदवारी रहेछ। मतपत्र १८ इन्च लम्बाइ र १२ इन्च चौडा भएको थियो।

सत्र उम्मेदवारको मतपत्र त्यत्रो छ भने हाम्रो देशमा त १ सय २५ वटा दल दर्ता नै भएका छन। १ सय २५ जाति/जनजाति छन्, अब अन्दाज गर्नुस् त्यो मतपत्रको आकार कत्रो होला। ४० प्रतिशत अशिक्षित जनतालाई ध्यानमा राखेर अन्दाज गर्न सक्नुहुन्छ। यसलाई मैले अर्को विकल्प प्रस्तुत गरेको छु।

केन्द्रीकृत नयाँ धारणाः विभिन्न दलहरूले निर्वाचन आयोगमा राष्ट्रिय दलको रूपमा नभए पनि सम्पूर्ण दलको रूपमा उम्मेदवारी दिन सक्छन्। तर, माओवादी राज्य पुनर्संरचनाको विकल्प, कृष्ण खनाल, निलाम्बर आचार्यलगायतका विचारकलाई ध्यानमा राखेर पीआर पद्धतिका आधारमा जति क्षेत्र बनाए पनि प्रत्येक ठाउँका जनतालाई दल खोल्ने छुट अनिवार्य रूपमा दिनुपर्छ। त्यसो भयो भने हाम्रो मतदान पत्र जति किसिमको भए पनि आकार मतदाताका लागि सहज हुने हुन्छ। पिआर पद्धति ७२ देशमा रहे पनि डेनमार्कमा मात्र क्षेत्रीय पिआरको व्यवस्था छ। हामी कहाँ पनि क्षेत्रीय पिआर व्यवस्था गर्न सक्यौ भने राज्य पुनर्संरचनाको अवधारणामा पनि



हामी एक पाइला अगाडि बढ्छौं, दोस्रो, भविष्यमा आउने (निर्वाचन आयोग, मतदाताले भोग्ने) समस्यालाई सीमित पार्न सकिन्छ।

अन्तरिम संविधान मस्यौदामा राखिएको राजनीतिक दलसम्बन्धी व्यवस्था पुरानो संविधानअनुसारकै छ। जाति, क्षेत्र, भाषाको नाममा संगठनहरू खोल्न नपाइने व्यवस्था त्यसमा छ। जातीय प्रादेशिक गणतान्त्रिक व्यवस्थाको पनि कुरा हामी गरिरहेका छौं। तसर्थ हामीले पुरानो संकुचित मानसिकता तोडेर क्षेत्र, भाषाको नाममा दल/संगठन खोल्न पाउने व्यवस्था गर्नैपर्छ। व्यवहारमा यस्तो दल खुलेका छन, सद्भावना पार्टीको क्षेत्र छैन र ? त्यो अधिकार किन कुण्ठित गर्ने ? हामी क्षेत्रीय स्वायत्तताको कुरा पनि गर्ने, अर्कोतिर क्षेत्रीयताको आधारमा पार्टी खोल्न मिल्दैन भन्ने ? यो त विरोधाभाषपूर्ण कुरा हो। अलि खुला भएर समयको मागअनुसार अगाडि बढ्नुपर्छ। जसले क्षेत्रीयता या प्रादेशिकताको मागका पछाडि कति जनमत छ भनेर थाहा पाउन मद्दत गर्ने छ। र, माओवादीको माग पनि केही हदसम्म सम्बोधन गरेको हुनेछ।

निर्वाचन आयोगको कुरा उठाउन चाहन्छु, यसको पनि भूमिका हुन्छ। २०१९ को पञ्चायती संविधानमा निर्वाचन आयोगको व्यवस्था थिएन, दोस्रो संविधानमा क्रमका आधारमा अख्तियार, लोकसेवा आयोग, महालेखा परीक्षकको विभाग र त्यसपछि मात्र निर्वाचन आयोगलाई राखिएको छ। सुरुमा सर्वोच्च अदालतलाई पनि मर्यादाक्रममा पछाडि राखिएको थियो। तर, २०४७ मा अगाडि ल्याइयो, ठीक काम भयो। र पनि निर्वाचन आयोगतिर कसैको ध्यानै गएन, लोकसेवा आयोगको पछाडि नै राखिएको छ, क्रममा। आयोगको महत्व बुझेनौं। निर्वाचन आयोगको भूमिकालाई उच्च महत्व दिनुपर्छ। आयुक्तको संख्या तीन तोकिनुपर्छ भनेको थिए, अन्तरिम संविधान मस्यौदामा तीन नै तोकिएको रहेछ, यो 'आइडियल' संख्या हो। म धन्यवाद दिन चाहन्छु। ४५ वर्ष उमेर पुगेको र बिए पास गरेका व्यक्तिलाई निर्वाचन आयुक्त बनाउन सकिने भनिएको छ, त्यस्ता व्यक्ति हजारौं हुन्छन्, कसलाई दिने ? अलि 'स्पेसिफिक' व्याख्या हुनुपर्छ। इमान्दार भन्ने शब्द पनि राखिएको छ। आयुक्तको उमेर ५८ राखिनुपर्छ।

**अध्ययन प्रतिवेदनको सारांश प्रस्तुत गर्दै भोला ढुंगाना**

सात राजनीतिक दल र नेकपा माओवादीका शीर्ष नेताहरूको गत २०६३ साल असार २ गतेको बैठकको सहमतिपश्चात, निर्वाचनको माध्यमबाट बन्ने संविधानसभाले नयाँ संविधान निर्माण गरी लागू नभइन्जेलसम्मको अन्तरिम व्यवस्थापन गर्न अन्तरिम संविधान निर्माण गर्न मस्यौदा समिति गठन गरियो। सुरुमा पन्ध्र दिनको समय अवधि दिइएको भए तापनि समितिले थप समयसहित झन्डै दुई महिना लगाएर तयार गरेको मस्यौदामा धेरै विषयहरू अनिर्णीत छन्। त्यसमध्ये संविधानसभाको संरचना र निर्वाचन पद्दति पनि स्पष्ट हुन सकेको छैन, जुन स्पष्ट हुनै पर्दथ्यो। प्रस्तावित संविधानमा संविधानसभा र यसको निर्वाचन प्रणालीसम्बन्धी मुलभूत पक्ष नै खाली राखिएको छ भने कतिपय कुराहरू अस्पष्ट रहेका छन्। जसलाई तलको तालिकामा यसरी हेर्न सकिन्छ।

| प्रस्तावित व्यवस्था | समेट्न नसकेको विषय | अस्पष्टता/समस्या |
|---|---|---|
| | निर्वाचन पद्धति | |
| मतदान प्रक्रिया : एक व्यक्ति एक मतका आधारमा मतदान हुने । कुनै एक निर्वाचन क्षेत्रमा मतदान गर्न पाउने । | | यसले Preferential मतदान, एकल संक्रमणीय पद्धति र समानुपातिक पद्दतिलाई समेत निषेध गर्दछ । |
| मतदाताको उमेरः सोह्र वा अठार वर्ष हुने । | | किटानी व्यवस्था नभएको । |
| निर्वाचन आयोग : तीन सदस्यीय हुने | | |
| | संविधानसभाको सदस्य संख्या | |
| | निर्वाचन मिति | |
| राजनीति दल : जातीय, क्षेत्रीयता आदिका आधारमा दल खोल्न नपाउने व्यवस्था । पुरानै संविधानका व्यवस्थाहरू समेटिएका छन् । | | आफैंले प्रस्ताव गरेको स्थानीय स्वायत्तताको व्यवस्थासंग तालमेल मिल्दैन । |
| | निर्वाचन /प्रतिनिधित्व क्षेत्र निर्धारण | |

## प्रमुख राजनीतिक दलहरूले मस्यौदा समितिसमक्ष पेस गरेका निर्वाचन प्रणालीसम्बन्धी सुझावको सार

| राजनीतिक दल | निर्वाचन पद्दति | संरचना र सदस्य संख्या | निर्वाचन क्षेत्र निर्धारण | राजनीतिक दल वा इकाई निर्धारण | मतदाता उमेर | अन्य |
|---|---|---|---|---|---|---|
| नेपाली कांग्रेस | बहुमतीय प्रणली र अग्रीम सूचीकृत समानुपातिक सहितको मिश्रित निर्वाचन प्रणाली | उल्लेख छैन । | तोकिए बमोजिम । | बहुलवादी विचारधारा प्रति प्रतिवद्ध, भिन्न विचार अट्न सक्ने, बहुदलीय प्रतिस्पर्धमा विश्वास गर्ने, हिंसात्मक चरित्र नभएको, लोकान्त्रिक दल | उल्लेख छैन । | समानुपातिक पद्दतिमा प्रतिनिधित्वको आधारः बहुमतीय तरिकामा प्राप्त मतको अनुपातमा समावेशी प्रतिनिधित्व । पिछडिएको भूभाग, पेसाकर्मी, अपाङ्ग, अल्पसंख्यक, नागरिक समाजको सदस्य समेत प्रतिनिधित्वको गराइने । |
| नेकपा एमाले | समानुपातिक | उल्लेख छैन । | उल्लेख छैन । | उल्लेख छैन | १६ वर्ष | राजतन्त्रको निर्णयको लागि जनमत संग्रहको व्यवस्था गर्नुपर्ने, संविधानसभाको क्रममा आउने संवैधानिक विवाद निरोपणको लागि संवैधानिक अदालतको व्यवस्था । |



| | | | | | | |
|---|---|---|---|---|---|---|
| नेकपा माओवादी | समावेशी र समानुपातिक | नौ वटा स्वायत गणतन्त्र प्रदेशहरूको निमित १०-१० को दरले ९० बाँकी दुई लाख जनसंख्या बराबर १ सिट गरी १२५ जना प्रत्यक्ष निर्वाचनबाट र लोपोन्मुख सीमान्तकृत जाति र विशेषज्ञहरू १० जना मनोनीत गर्ने गरी जम्मा २२५ जना | | उल्लेख छैन | उल्लेख छैन | महिला, उत्पीडित जाति, दलित, अन्धा-अपांग आदिलाई जनसख्याको अनुपातमा समावेश गरिने, अन्तरिम संविधान घोषणा भएको एक वर्ष भित्रमा निर्वाचन गरिने । |
| नेपाली कांग्रेस (प्र) | बहुमतीय र सूचीकृत समानुपातिक प्रणाली गरी मिश्रित । | ५० प्रतिशत सदस्य पहिलो हुनेले जित्ने प्रणाली र ५० प्रतिशत फेर्न नसकिने अग्रिम सूचीकृत समानुपातिक प्रणाली तर सदस्य संख्या भने उल्लेख छैन । | उल्लेख छैन | उल्लेख छैन | उल्लेख छैन | माथिको प्रक्रियाअनुसार निर्वाचित सदस्यहरूको एकल संक्रमणीय पद्धतिका आधारमा सबै पेसा र व्यवसायमा आबद्ध व्यक्ति र नागरिक सामाजका व्यक्तिको प्रतिनिधित्व हुने गरी थप १० प्रतिशत । उचित संयन्त्र बनाई संविधानसभा र निर्वाचन प्रक्रियाबारे जनजागरण गर्नुपर्ने । |
| राष्ट्रिय जनमोर्चा | समानुपातिक | भूगोल,जाति, भाषा, लिङ्ग, वर्ग र क्षेत्रको उचित प्रतिनिधित्व हुने गरी सामान्य र नयाँ विशेष निर्वाचन क्षेत्र कायम गरिने तर संख्या उल्लेख छैन । | उल्लेख छैन | उल्लेख छैन | १६ वर्ष | महत्वपूर्ण विषयहरूमा ।जनमत संग्रहको व्यवस्था गर्नुपर्ने । |
| नेपाल मजदुर किसान पार्टी | मिश्रित | प्रत्येक जिल्लाबाट कम्तीमा एकजना निर्वाचित हुनेगरी पहिलो हुने निर्वाचन प्रणाली अनुसार बालिग मताधिकारको आधारमा १०३ जना र १०२ जना सदस्य समानुपातिक निर्वाचन प्रणालीबाट गरी जम्मा २०५ । | उल्लेख छैन । | उल्लेख छैन । | उल्लेख छैन । | संविधानसभा सदस्यमा महिला, जनजाति, दलित, अन्धा-अपाङ्गलाई जनसंख्याको अनुपातमा समावेश गरिने । संविधानसभाको निर्वाचनकै बेला राजतन्त्र राख्ने वा हटाउने बारे जनमत संग्रह गर्न सकिने । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| राष्ट्रिय प्रजातन्त्र पार्टी | बन्द सूचीमा आधारीत समानुपातिक तर सहमतिमा मिश्रित निर्वाचन प्रणाली पनि गर्न सकिने । | | सिंगो देश एक निर्वाचन क्षेत्र । मिश्रित पद्धति अपनाइएमा पुन: क्षेत्र निर्धनरण गर्नु पर्ने तर तरिका र सदस्य संख्या भने उल्लेख छैन । | उल्लेख छैन । | उल्लेख छैन । | |
| राष्ट्रिय जनशक्ति पार्टी | मिश्रित समानुपातिक | प्रत्येक जिल्लाबाट एक जनाको दरले ७५ प्रतिनिधिहरू वर्तमान चुनाव पद्धतिको आधारमा चयन गर्ने । प्रत्येक एक लाख जनसंख्याको लागि एक प्रतिनिधिको दरले २ सय ३० जना थप प्रतिनिधिहरू समानुपातिक चुनावको सिद्धान्तको आधारमा छनोट गर्ने । मत अधिकार नहुने गरेर विषयगत विशेषज्ञहरू र व्यवसायीहरू मध्येबाट ३० जना पार्टीहरूले मनोनीत गर्ने गरी जम्मा ३३५ जना । | | उल्लेख छैन । | उल्लेख छैन । | समावेशी प्रतिनिधित्व । महिला प्रतिनिधि छनौट गर्दा जातीय संरचनामा अनिवार्य प्रतिनिधित्व हुनुपर्ने । |
| नेपाल सद्भावना पार्टी (आ) | बन्द सूचीमा आधारित समानुपातिक | २०० देखि २५० जना | उल्लेख छैन । | उल्लेख छैन । | उल्लेख छैन । | संविधानसभा समावेशी हुनुपर्ने । |
| नेपाल सद्भावना पार्टी | समानुपातिक | उल्लेख छैन । | उल्लेख छैन । | उल्लेख छैन । | उल्लेख छैन । | संविधानसभा समावेशी हुनुपर्ने । |

राजनीतिक दलहरूद्धारा पेस गरिएका उल्लिखित सुझावहरू अध्ययन गर्दा निम्न विषयमा एक मत रहेको देखिन्छः

१. **प्रणाली** : विद्यमान बहुमतीय निर्वाचन पद्धतिको यथावत् अवलम्बन गर्नु उपयुक्त हुँदैन भन्ने कुरामा पनि सहमत देखिन्छन् । संगसंगै यसलाई पूर्ण रूपमा छोड्न पनि सकेको देखिँदैन त्यसैले मिश्रित प्रणालीको प्रस्ताव पनि आएको देखिन्छ ।



त्यस्तै समानुपातिक प्रणालीको अवलम्बन गरिनु भन्ने मत पनि रहेको छ । यसरी हेर्दा समग्रमा ढिमान बहुमतीय प्रणालीमा परिवर्तनको माग रहेको छ भन्न सकिन्छ ।

२. **निर्वाचन मितिः** कम्तीमा अन्तरिम सरकार बनेको एक वर्षभित्रमा निर्वाचन सम्पन्न हुनुपर्दछ ।

३. **समवेशी संविधानसभाः** संविधानसभा जातीय, लिङ्गिय, क्षेत्रीय, भौगोलिक रूपमा समावेशी हुनु पर्दछ ।

त्यसैगरी दलहरूमध्ये केहीले आफ्नो सुझावमा उल्लेख गरेको र अन्य दलहरूले पनि सैद्धान्तिक रूपमा असहमति नजनाएका विषयहरू निम्न रहेका छन् :

१. **जनमत संग्रह ।**

२. **मतदाताको उमेरको हद १६ वर्ष ।**

तर दलहरूबीच आपसमा सहमति बन्न नसकेका विषय भने **निर्वाचन पद्धतिको निर्धारण** नै हो । जसमा मूलतः मिश्रित वा समानुपातिक एवं समानुपातिक पद्धतिमा पनि कस्तो किसिमको समानुपातिक पद्धति अपनाउने भन्ने रहेको छ । यही मूल विषयले गर्दा निर्वाचन क्षेत्र निर्धारण, संविधानसभाको स्वरूप, संरचना, सदस्य संख्या आदि निश्चित हुन सकेनन् ।

**निर्वाचन प्रणाली छनोटको प्रश्न**

अन्तरिम संविधान मस्यौदा समिति समक्ष पेस गरेको सुझावमा मूलत समानुपातिक पद्दति र समाननुपातिक एवं बहुमतीय पद्दति दुवैको संयोजन सहितको मिश्रित निर्वाचन प्रणाली सुझाइएको छ । यसले अहिलेसम्म अवलम्बन गरिँदै आएको बहुमतीय प्रणालीको विकल्प खोज्ने कुरामा सबै दलहरू सहमत भएको देखिन्छ । तर कुन चाहिँ प्रणाली अपनाउने भन्ने विषयमा अलमल देखिएको छ । यस्तो अलमलको अवस्थामा मस्यौदा समितिले आफ्नो निर्णय दिन सकेन तैपनि प्रस्तावित संविधानमा एक व्यक्ति एक मतको आधारमा कुनै एक निर्वाचन क्षेत्रमा मतदान गर्न पाउने व्यवस्था गरेर बहुमतीय पद्धतितर्फ इङ्गित गर्न खोजेको देखिन्छ । यो प्रावधान स्वयं दलहरूले पेस गरेको समानुपातिक वा मिश्रित जुन प्रणाली अवलम्बन गरे पनि मेल खाने गरी छैन ।

कतिपय दलहरूले सुझाएको मिश्रित निर्वाचन प्रणालीको अवधारणा आफैंमा अनुपयुक्त छैन । तर नेपालको अहिलेको खासगरी संविधानसभाको निर्वाचनकै परिप्रेक्षमा कत्तिको सान्दर्भिक र व्यावहारिक छ भन्नेतर्फ भने ख्याल गर्नैपर्ने हुन्छ । खासगरी यस प्रणालीका केही मूलभूत विशेषताहरू छन् । जस्तै बढी मत/बहुमत वा अन्य निर्वाचन प्रणालीहरूको प्रयोगबाट समानुपातिक प्रतिनिधित्वको आधारमा निर्वाचित स्थान वितरण गरिने, बढीमत/ बहुमत प्रणालीबाट प्रतिनिधित्व हुन नसकेको वा अमिल्दो अनुपात वापत क्षतिपूर्ति स्वरूप समानुपातिक प्रणाली प्रयोग गरी स्थान दिइने दुई किसिमका निर्वाचन परिणामलाई जोडिन्छ र समानुपातिक प्रतिनिधित्वमा जोड दिइन्छ । यी विशेषताहरूको व्यवहारिक कार्यान्वयन नेपालको परिप्रेक्षमा अहिले कार्यान्वयन गर्न कठिन हुन सक्छ ।

तसर्थ अहिलेको सन्दर्भमा सिंगो देश एक निर्वाचन क्षेत्र कायम गरी बन्द सूचीमा आधारित समानुपातिक प्रणाली नै उपयुक्त हुनसक्छ। किनकि यसले नै अहिलेका समग्र समस्याहरूलाई कम जटिलपूर्ण तरिकाबाट समाधान गर्न मद्दत पुऱ्याउँदछ।

**निर्वाचन इकाई वा दलसम्बन्धी सबाल**

निश्चय नै निर्वाचनको लागि त्यसमा सहभागी हुने दल वा निर्वाचन इकाईहरू महत्वपूर्ण पक्ष हो। तसर्थ निर्वाचनमा प्रस्तुत हुने निर्वाचन इकाईसम्बन्धी स्पष्ट व्यवस्था हुनु जरुरी छ। देशको संविधान निर्माण गर्ने सवालमा ज्यादा से ज्यादा सहभागिताको लागि निर्वाचनमा प्रस्तुत हुने इकाई निर्धारणमा लचकता अपनाइनुपर्छ। तर त्यस्ता इकाईहरू व्यवस्थापन र नियमनका लागि केही सीमाहरू तोकिनु उपयुक्त हुन्छ। बहुलवादी विचारधारमा विश्वास गर्ने, बहुदलीय प्रणाली प्रति प्रतिबद्ध, कुनै पनि किसिमका हिंसामा विश्वास नगर्ने, लोकतान्त्रिक, मान्यता बोकेका इकाईहरूलाई मात्र निर्वाचनमा सहभागिताको अवसर दिन सकिन्छ। यसका लागि राजनीतिक दलहरूमा मात्र सीमित नभई अन्य स्वतन्त्र हैसियत भएको पेसागत वा अन्य संघ, संगठनहरूलाई पनि इकाईको मान्यता दिनु उपयुक्त हुन्छ। त्यसैले संविधानसभामा निर्वाचन इकाईको मान्यता दिँदा निम्नानुसार गर्न सकिन्छ :

- **राजनीतिक दल वा संगठन** : निश्चित राजनीनिक विचारधारा बोकेको दल वा संगठनहरू।
- **संघसंस्था** : राजनीतिक उद्देश्यबाट अलग रही स्वतन्त्ररूपमा राष्ट्र, समाज वा कुनै वर्गको हितमा क्रियाशील कुनै पनि किसिमका संघ वा संस्थाहरू।
- **स्वतन्त्र व्यक्ति** : कुनै पनि दल वा संगठन बाहेक अन्य स्वतन्त्र हैसियतमा संविधानसभाको निर्वाचनमा लड्न चाहने कुनै व्यक्ति। यसरी उठ्न चाहने व्यक्तिले कम्तीमा ५ सय मतदाताहरूको समर्थन पेस गर्नुपर्ने प्रावधान राख्न सकिन्छ।
- **गठबन्धन** : समान विचारधारा बोकेका दल, संघसंस्था वा व्यक्तिहरूले आपसमा मिलेर संयुक्त मोर्चा बनाई निर्वाचनमा जान सक्ने। तर गठबन्धनमा सामेल भएको दल, संघसंस्था वा व्यक्तिले छुट्टै इकाईको रूपमा खडा हुन पाउन नहुने।

त्यस्तै राजनीतिक दलसम्बन्धी व्यवस्था पनि महत्वपूर्ण कुरा छ। यसका लागि कतिपय प्रावधानहरू वर्तमान संविधानले नै अवलम्बन गरेका व्यवस्थालाई मान्यता दिन सकिन्छ। राजनीतिक दल लोकतान्त्रिक हुनुपर्ने, पारदर्शी हुनुपर्ने, बहुदलीय व्यवस्थाप्रति प्रतिबद्ध हुनुपर्ने आदि व्यवस्थाहरूमा अहिले पनि आपत्ति हुनुपर्ने कुनै कुरा छैन। बरू यो व्यवस्थालाई अरू सरलीकृत र स्पष्ट पार्नु आवश्यक छ।

विगतको अनुभवसमेतको आधारमा संविधानसभाको सन्दर्भमा दलको रूपमा मान्यता पाउन निम्न पूर्वाधारहरू तय गर्नु उपयुक्त हुन्छः



(क) **संवैधानिक व्यवस्था हुनुपर्ने** : अन्तरिम संविधानमा नै दलसम्बन्धी व्यवस्था गरी उनीहरूको मूलभूत मान्यता गत आधारहरू तोकिनु आवश्यक छ। यसो गर्दा राजनीतिक दलहरूको दर्ता र यसले मान्यता प्राप्त गर्नुमा फरक छ भन्ने कुरा ख्याल गरिनुपर्छ। जस्तै राजनीतिक दलहरूको विधान प्रजातान्त्रिक हुन चाहिने न्यूनतम गुणहरू तोकिनुपर्छ। त्यस्तै विगतका संसदीय निर्वाचनमा भाग लिएर राष्ट्रिय मान्यता पाएका दलहरूलगायत सबै विद्यमान दलहरूले निर्वाचन आयोगमा दर्ता हुनुपर्ने व्यवस्था हुनु उपयुक्त हुन्छ।

(ख) **आन्तरिक निर्वाचनः** राजनीतिक दल वा संगठनले एउटा निश्चित अवधि सामान्यतया पाँच वर्षमा आन्तरिकरूपमा प्रजातान्त्रिक प्रक्रिया अपनाई निर्वाचनको माध्यमबाट नेतृत्वको चयन गर्ने व्यवस्था हुनु उपयुक्त हुन्छ। कतिपय राजनीतिक दलको केन्द्रीय नेतृत्वमा पचास प्रतिशत निर्वाचन र पचास प्रतिशत मनोनयन हुने व्यवस्था रहेको पाइन्छ तर सो व्यवस्थामा परिवर्तन गरी पूरै केन्द्रीय नेतृत्वको निर्वाचनको माध्यमद्वारा छनोट हुनुपर्छ। किनकि निर्वाचन नै प्रजातान्त्रिक अभ्यासलाई व्यवहारमा उतार्ने महत्वपूर्ण तरिका हो। यसरी निर्वाचन गरिएको कुराको लिखित आधार पनि हुनुपर्छ।

(ग) **संगठन र सदस्य** : नेपालको वर्तमान परिवेश हेर्दा कुनै संगठन वा दलले राजनीतिक दलको मान्यता पाउन उसँग कम्तीमा ५ सय सदस्य संख्या, २१ जनासम्मको समावेशी केन्द्रीय कार्यसमिति हुनुपर्दछ भने कम्तीमा १० जिल्लामा यसको संगठन विस्तार भएको हुनुपर्छ। स्वतन्त्र उम्मेदवार बन्नका लागि चाहिने पूर्वाधारहरू (जस्तै, कम्तीमा ५ सय बैध मतदाताको लिखित समर्थन भएको आदि) पूरा गर्न नसक्ने दललाई संगठनको मान्यता दिनु व्यावहारिक हुन सक्दैन।

(घ) **समावेशीः** दलको रूपमा मान्यता चाहने राजनीतिक दल वा संगठनले आफ्नो सदस्य तथा संगठनलाई समावेशी चरित्रको बनाउनु आवश्यक छ। त्यस्तो संगठनमा महिला तथा अन्य समुदायको समावेशीकरणलाई सुनिश्चित गर्नुपर्छ।

(ङ) **आर्थिक स्रोत र पारदर्शिताः** नेपालमा राजनीतिक दलहरूको आर्थिक स्रोत र सोको पारदर्शिता स्पष्ट छैन। आन्तरिक रूपमा कुनै दल पारदर्शी हुन सकेन भने जनतामा त्यसको सन्देश नकारात्मक रूपमा जान्छ। तसर्थ आफ्नो आम्दानीको स्रोत, सो को लेखापरीक्षण र जवाफदेहिताको निश्चितता हुनै पर्दछ।

**उपयुक्त प्रणाली र संरचना**

यही पृष्ठभूमिमा नेपालको जनसंख्या, जातीय तथा भौगोलिक विविधता, पेसागत तथा नागरिक संघ संघठनहरूको अस्तित्व र महत्वको आधारमा संविधानसभाको संरचना निर्धारण गर्नु उपयुक्त हुन्छ। खासगरी संविधानसभाको स्वरूप निर्धारण गर्दा मूलतः निम्न कुराहरूमा ध्यान दिनुपर्छ :

-उचित प्रतिनिधित्वको प्रत्याभूति -व्यवस्थापकीय दृष्टिले सहज-समावेशी चरित्र- सर्वस्वीकार्य।

यिनै कुराहरूलाई मध्यनजर गर्दै संविधानसभाको निर्वाचन पद्धति र संरचनाबारे निम्न उपाय अपनाउन सकिन्छ :

| छनोटको तरिका | प्रक्रिया/प्रतिनिधित्व | संख्या | | आधार |
|---|---|---|---|---|
| बन्द सूचीमा आधारित समानुपातिक पद्धतिबाट | सिंगो देश एक निर्वाचन क्षेत्रमा प्रत्यक्ष निर्वाचनको प्रक्रियाबाट निर्वाचित<br>वा<br>यसलाई बहुसदस्यीय (क्षेत्रीय) निर्वाचन क्षेत्र निर्धारण गरेर पनि गर्न सकिन्छ । | २५० | | जनसंख्या । |
| पहिलो तरिकाबाट चुनिएका २५० सभासदहरूले एकल संक्रमणीय मत पद्धतिबाट | अघिल्लो तरिकाबाट निर्वाचित हुन नसकेका एक लाखभन्दा कम सीमान्त जनसंख्या भएका जातजाति | २० | ४५ | अघिल्लो प्रत्रियामात्र अवलम्बन गर्दा अल्पसंख्यक जातजाति, विकट भूगोल, नागरिक समाज, संघसंगठनको बृहद् सहभागिता गराउन सम्भव नहुने हुनाले यो प्रक्रिया अपनाइनु उपयुक्त हुन्छ । |
| | बुद्धिजीवी, पेसागत एवं स्वतन्त्र नागरिक संघ संगठनहरू, ट्रेड युनियनहरू (यस्ता निकायहरूबाट प्रतिनिधित्व गराउँदा संस्थागतरूपमा नै स्वयं छनौट गरी वा पदेन हैसियतामा पठाउन अनुरोध गर्न सकिन्छ) | १५ | | |
| | सीमान्त जनसंख्या भएका जिल्लाबाट | ८ वा १० | | |
| सर्वपक्षीय सरकारबाट मनोनीत | अशक्त, असहाय तथा, अल्पसंख्यक धार्मिक समूह,/ यही प्रक्रियाारा नै सरकारले समावेश गर्नैपर्ने संविधानसविद्हरूको मनोनयन पनि गर्न सक्दछ । | ६ वा ८ | ६ | सरकारको भूमिका पहिचान एवं अझै समावेशी बनाउनको निमित्त । |
| जम्मा | | | ३०१ | |

उल्लिखित प्रस्तावले सबै राजनीतिक दल नागरिक समाज एवं आम सर्वसाधारणको भावनाको प्रतिनिधित्व गर्न सक्दछ । जसका आधारहरू निम्न छन् :

- पहिलो, जनसंख्या- सन् २००५ मा प्रक्षेपण गरिएको कुल जनसंख्या करिब २ करोड ५० लाख रहेको छ । यस अघि २०४७ सालको संविधानले पनि निर्वाचन क्षेत्र र निर्वाचित सदस्य संख्या निर्धारण गर्दा करिब ९० देखि ९२ हजारसम्म जनसंख्या बराबर एक जना प्रतिनिधित्वको व्यवस्था गरिएको थियो । अहिले पनि करिब एक लाख जनसंख्या बराबर एकजना प्रतिनिधिको निर्वाचन गर्नु वैज्ञानिक एवं व्यावहारिक हुन्छ ।
- दोस्रो, सर्वत्र समावेशीकरणको मागलाई यो तरिकाले मूर्तरूप दिन मद्दत पुग्छ । किनभने उल्लिखित पद्धतिमा समावेशीकरणका धेरै विकल्पहरू समेटिएका छन् ।



- तेस्रो, राज्यको पुनःसंरचनाको विषय संविधानसभाको माध्यमबाट टुङ्गो लगाउने सहमति भइसकेको अवस्थमा अहिलेको लागि सिंगो देश निर्वाचन क्षेत्र नै कम विवादित र व्यावहारिक छ । त्यस्तै समानुपातिक पद्धतिमा आधारित निर्वाचनको सहज कार्यान्वयनको लागि बहुसदस्यीय निर्वाचन क्षेत्र पनि तोक्न सकिन्छ ।
- चौथो, आकार र स्वरूपको दृष्टिले यो व्यवस्थापन गर्न सकिने वा व्यावहारिक छ ।
- पाँचौं, बदलिँदो परिवेशमा नागरिकहरूको चेतनास्तर र पहिलेदेखि नै कानुनीहकको उपयोग गर्न योग्य मानिएको १६ को वर्ष उमेर मतदाता हुन पनि उपयुक्त छ ।
- छैटौं, संक्रमणकाललाई लम्बिन नदिई सकेसम्म छिटो संविधानसभाको निर्वाचन हुनुपर्ने आमजनताको माग र चाहना भएको एवं मुख्य दलहरूले यो विषयमा प्रतिबद्धता पनि जनाइसकेको अवस्थामा यो तरिका नै सरल, छरितो र व्यावहारिक हुन्छ ।
- सातौं, संविधानसभाको लागि निर्वाचन इकाई निर्धारण गर्दा नागरिक समाजका स्वतन्त्र संघ, संगठन, स्वतन्त्र व्यक्तिहरू, बुद्धिजीवी एवं पेसाकर्मी संगठनहरू, ट्रेड युनियनहरूलाई समेत मान्यता संविधानसभा व्यापक सहभागितात्मक हुन सक्दछ ।

**सहजीकरण गर्दै तारानाथ दाहाल**

संविधानसभाअघि नै सबै कुरा टुंगो लगाउन खोजेकाले अन्तरिम संविधान आउन सकेन, हामीले त्यो कुरा पहिला पनि भनेका थियौ । अहिले पनि अन्तरिम संविधानमा आवश्यक मुद्दा लेखिएन, जे-जे मा अलमलिनु जरुरी थिएन-त्यसैमा मतविभाजन भयो र, अन्तरिम संविधान बनिहाल्ने अवस्था देखिएन । चारवटा कुरा अन्तरिम संविधान हुनैपर्छ, यदि हामी संविधानसभामा जाने हो भने । (१) संविधानसभाको संरचना के हो ? (२) संविधानसभाको निर्माण कसरी गर्ने अर्थात निर्वाचन पद्धति कस्तो ? (३) त्यहाँसम्म पुग्न अन्तरिम व्यवस्थापिका कस्तो बनाउने र, (४) अन्तरिम सरकार कस्तो हुने ? यी चार प्रश्नको उत्तर भएको भए संविधानसभामा पुग्न हामीलाई सहज हुने थियो । हामीचाहिँ प्रस्तावनादेखि लिएर मुलुकको स-साना कुरामा पनि वादविवादमा फस्यौ, जसले हामीलाई त्यो गन्तव्यमा जान रोकिराखेको छ । मूल विषयमा सहमतिको प्रयत्न भइरहेको छैन, त्यही प्रयत्न स्वरूप हामीले यो छलफल गरेका हौं । राजनीतिक दलहरूबीच संरचना र निर्वाचन पद्धतिबीच सहमति बन्यो भने अगाडि बढ्न धेरै सजिलो हुनेछ । अनि दोस्रो विषय, अन्तरिम विधायिका र अन्तरिम सरकारबारे छलफल गर्न सक्छौं, त्यो छुट्टै विषय हो, आज नगरौं । यद्यपि यी चार विषयलाई टुंगो नलगाएसम्म हामी अगाडि बढ्न सक्ने अवस्था छैन, राजनीतिक समस्या यसैमा अल्झिरहेको देखिन्छ । सबै कुरा अहिले नै टुंग्याउने हो भने संविधानसभापछि के गर्ने ? हामी यसरी नअल्झि ऊ भन्ने आग्रह गर्न चाहन्छु ।

३०१ को ढाँचालाई हामीले वैज्ञानिक ढंगले विभिन्न आधारमा पुष्टि गरेका छौं, जुन हाम्रो पुस्तकमा विस्तृतमा छ, यहाँ कतिपय कुरा अस्पष्ट हुन सक्छ। निर्वाचन भन्ने वित्तिकै जनसंख्याकै आधारमा हुनुपर्ने सर्वमान्य सिद्धान्त हो। यद्यपि हाम्रो मुलुकका आफ्नै विशिष्ट विशेषता छन्, त्यसलाई नसमेटी हुँदैन। त्यसका लागि केही वैकल्पिक व्यवस्था यहाँ गरिएको छ, र पनि जस्तोसुकै विकल्प दिए पनि प्रतिनिधित्वचाहिँ निर्वाचनबाटै हुनुपर्छ। आखिर संविधानसभालाई निर्वाचित मात्र बनाउने हो भने मनोनीत या अरू खाले गर्ने हो भने वैज्ञानिक हुन सक्दैन्। संविधानसभा सम्पन्न भएका अन्य मुलुक भारत या हालै संविधानसभा सम्पन्न भएको इराककै उदाहरण लिंदा पनि केही न केही त्यस्तो क्षेत्र छन्, जसमा मनोनयन गरिएको छ। मनोनयनचाहिँ जनअनुमोदित निकायले गरेर पूर्णता दिएका छन्। प्रजातन्त्र या लोकतन्त्रको आधारभूत सिद्धान्त मत नै हो, यसैको आधारमा संरचना खडा गरिनुपर्छ भनेर हामीले यहाँ राखेका छौं।

दोस्रो कुरा, जनसंख्याका आधारमा जाने हो भने जाति, भाषा, समूह, धर्म यावत् प्रश्नलाई यसले प्रतिविम्बित गर्छ। एक लाख जनसंख्यालाई आधार बनाउँदा नेपालमा एक लाख जनसंख्या भएका जातिहरूको संख्या ३६ र एक लाखभन्दा कम जनसंख्या भएका जातिको संख्या ६५ पायौं। ३६ जातिले त राजनीतिक दलबाट प्रतिनिधित्व पाउलान्, दलले दिएन भने आफ्नै संगठन खोलेर या स्वतन्त्र उम्मेदवार खडा गरेर पनि लेलान्। मसँग एक लाख जनजाति छ र पनि अरू पार्टीले महत्व दिएन भने स्वतन्त्रताका लागि यो बाटो लिन सक्ने भएँ। ६५ जातजातिको एक लाखभन्दा कम जनसंख्या छ, जसलाई भोटकै आधारमा राजनीतिक दलले बेवास्था गर्न सक्छन्। तिनको प्रतिनिधित्वका लागि हामीले यहाँ अर्को उपाय औंल्याएका छौं। विगतका निर्वाचनबाट चाहिँ एक लाखभन्दा कम जनसंख्या भएका कुनै जातिको त तीन जना सांसद भएको पनि देखियो। जनसंख्या कम हुँदैमा प्रतिनिधित्व कम हुने रहेनछ। समावेशीको चर्चा गर्दा केही सकारात्मक कुरा विगतमा छ भन्ने कुरा भुल्नु हुँदैन। एक लाखभन्दा कम जनसंख्या भएकोबाट तीन जना संसद् छन् भने त उ 'फरवार्ड' जाति भयो, उसलाई आरक्षण चाहिएन जसको प्रतिनिधित्व हुन सक्दैन, त्यसैलाई २० सिट 'आरक्षण' दिँदा २०/३० लाख जनसंख्यालाई प्रतिनिधित्व गराउन सकिने भएकाले यसबाट समावेशी, निर्वाचित र सबैबाट स्वीकार्य संविधानसभाको निर्माण हुन सक्छ भन्ने आधारहरू हामीले यहाँ राखेका छौं।

*'प्रजातन्त्र या लोकतन्त्रको आधारभूत सिद्धान्त मत नै हो, यसैको आधारमा संरचना खडा गरिनुपर्छ भनेर हामीले यहाँ राखेका छौं'*

एउटा पक्ष छुटेको छ- त्यो पछि फेरि छलफल गर्न सकिन्छ। मतदाताको उमेरको हामीले चर्चा गर्‍यौं, तर संविधानसभाका बेला मुलुकभित्र मतदानको समयमा रहेकाको मात्र मतअधिकार हुने या नेपाली नागरिक जो मुलुकमा छैन- त्यसलाई पनि अधिकार उपलब्ध गराउने ? संविधानसभा भनेको मुलुकको इतिहासमा



एक पटक हुने कुरा हो। त्यो विषय पनि गहन छ, वास्तवमा अन्तरिम संविधानमै यसको टुंगो लाग्नुपर्थ्यो। इराकमा संयुक्त राष्ट्रसंघले चुनाव गराउँदा सबै प्रक्रिया अपनाएर सारा मानिसलाई मत दिने अधिकार प्रदान गरियो। यस विषयमा पनि छलफल अगाडि जाओस् भन्ने म चाहन्छु।

## विशेष मन्तव्य

**लक्ष्मण अर्याल, संयोजक, अन्तरिम संविधान मस्यौदा समिति**

अन्तरिम संविधानमा किन केही मुद्दा खाली राखियो भन्ने विषय निक्कै चर्चामा छ। सारतत्व खाली रहेको भन्ने मलाई लाग्दैन्। संविधानसभाको संख्या संविधान मस्यौदा समितिले तोक्ने होइन्। हामी निर्वाचित होइनौं भन्ने सीमा हामीले सुरुमै बुझ्यौं। कसै न कसैबाट हामी मनोनीत नै छौं। तसर्थ यस्तो कुरा हामीले छोड्यौं, जो सबैको चासोको विषय हो। संविधानसभामा कति सदस्य रहने भन्ने कुरा सामूहिक चासोको विषय हो। तसर्थ व्यक्तिगत रूपमा लिनु पनि छैन, पार्टीहरूले पनि। मूक भए फाइदा हुने अमूक भए बेफाइदा हुने स्थिति छैन। हामीले पार्टीहरूको सहमति होस् भन्ने चाह्यौ, हामीले गर्न सक्ने भए पनि गरेका छैनौ, त्यसको खास उद्देश्य छ।

समावेशी नभएर सामान्य किसिमको संसदीय चुनाव मात्र हुने हो भने ए त्यो संख्या (पुरानो) भनेर राखिदिन्थ्यौ, आपत्ति हुने थिएन। संविधानसभाको त 'सेट प्याटर्न' पनि छैन, हुने कुरा पनि होइन्। कुन मुलुकमा कुन 'प्याटर्न' चाहिन्छ भन्ने कुरा राज्य विशेषको कुरा हो, त्यहाँको आवश्यकता र स्थितिले निर्धारण गर्ने हो। तसर्थ हाम्रो मुलुकका लागि के उपयुक्त हुन्छ भन्ने अनुसन्धानको विषय हो, यहाँ खाली मतदाता कस्ता छन् भन्ने उद्देश्यबाट निर्वाचन प्रणाली या संख्या निर्धारण नगरौं। हाम्रो मुलुकलाई लोकतान्त्रिक समावेशी बनाउनुपर्छ। लोकतान्त्रिक नभई टीका लगाएर आएको समावेशी पनि हुन्छ। हामीकहाँ लोकतान्त्रिक र जनताबाटै आएको हुनुपर्छ। तसर्थ यो विषय लामो अनुसन्धान, अध्ययन गरी 'अब्जेक्टिव रियालिटी' मा आधारित संख्या तोक्नुपर्छ। अमूक संख्या मानौं-३०१ भन्ने हो भने त्यो संख्या हामीले अन्तरिम संविधानको सुझावमा राखेका छौं, तर किन, कसरी, कुन-कुन युनिटमा भन्नेचाहिँ छैन। वाममोर्चाका तर्फबाट टंक राईजीले धेरै मेहनत गर्नुभएको रहेछ, त्यो ज्यादै उपयोगी भयो। त्यसैगरी २/४ वटा दलबाट अध्ययन/अनुसन्धान गरेर सुझाव आएको भए हामी नम्बर तोक्थ्यौं होला। नम्बर वैज्ञानिक आधारमा तोकियोस् भनेर संविधान मस्यौदामा स्पष्ट नपारिएको हो। पार्टीहरू सबैको दृष्टिकोण आवस्। अमूक प्रणालीको कुरा गरेर यसबाट म जित्छु भन्ने किसिमको नभएर वैज्ञानिक रूपमा उपयुक्त हुने संख्या छनोट होस् भनेर हामीले संख्या तोकेनौं। संख्यामा सहमति हुनासाथ सकिइहाल्यो नि, पार्टीहरूबीच। विषयचाहिँ अनुसन्धान गर्नै पर्ने भएकाले त्यसो गर्ने भए पनि गर्नूस्। अँध्यारोमा गोली या झटारो हान्ने कुरा होइन्।

विधायिकाको कुरा पनि छ। जुनसुकै चिजको गहिराईबाटै सत्यता थाहा लाग्छ। हाम्रो मस्यौदा समिति सरकार र माओवादी दुई वार्ता समितिको सहमतिबाट

गठन भएको हो, यसको प्रधानमन्त्री, मन्त्रिपरिषद् या संसद्सँग कुनै सम्बन्ध छैन। नानीदेखि लागेको बाँनीचाहिँ के हो भने कि संसद् कि सरकारले गठन गर्नुपर्थ्यो भन्ने हो। तर त्यसो हुन सक्दैन्, देशको वस्तुस्थितिले केही बाध्यता सिर्जना गरेको छ। पहिला व्यवहारबाट राम्रो भयो भने त्यो सिद्धान्त हुन जान्छ। असार २ गतेको सात दल-माओवादीबीच भएको सम्झौताले अन्तरिम संविधान निर्माण प्रक्रियादेखि मस्यौदा समितिको 'टिओआर' समेत तोकिदियो। मस्यौदा समिति त्योभन्दा बाहिर जान मिलेन। जसले समितिलाई जन्म दियो त्यसैले (सम्झौता) दुवै पक्षको सहमतिमा वैकल्पिक विधायिकाको व्यवस्था गरेपछि प्रतिनिधिसभा र जनसरकार पनि भंग हुने भनेको छ। वैकल्पिक विधायिकामा दुई पक्षबाहेक अरू कसैको अधिकार रहेन-कस्तो बनाउने, के गर्ने भन्ने। हामीले सुझाव दिन सक्छौं, तर सहमतिले त सुझाउने अधिकार पनि दिएन। यहाँ दुवै पक्षको केही लेना केही देनाको कुरा छ।

तिमीहरूले कार्यकारीको चाहिँ टुंगो लगाएको भए पनि हुन्थ्यो नि भन्ने प्रश्न आउँछ, तर कस्तो विधायिका बन्छ भन्ने कसरी पाउने। कार्यकारीको प्रकृति त विधायिकाले निर्धारण गर्ने कुरा हो। विधायिकाबाटै सरकार बन्ने हो कि, होइन कि। न अमेरिकामा जस्तै राष्ट्रपतिसरह अधिकार दिएर बाहिरबाटै कसैलाई छान्ने हो कि। तसर्थ विधायिका नबनी कार्यकारी पनि बन्ने अवस्था छैन। विधायिकाको गठन र कार्य प्रकृतिमा कार्यकारीको संरचना र कार्य प्रकृति निर्धारण गर्छ। कार्यकारीमा राजा पनि हुने कि नहुने भन्ने कुरा पनि विधायिकाको टुंगो लागेपछि हुने हो। हामीलाई असार २४ गतेभित्र मस्यौदा बुझाउने समयसीमा तोकिएको थियो, त्योभन्दा धेरैपछि बाह्य र आन्तरिक दबाबहरू सहेर बुझाइयो।

राजनीतिक रूपमा महत्वपूर्ण कुरा भनेको संक्रमणकालमा मिलेर जाने हो। माओवादीसित मात्र नभई अरू शक्तिसँग पनि। संक्रमणकाल भनेको सबैको सहमति लिएर जाने बेला हो, सहमति हुन सकेन भने संक्रमणकाल पार नै हुँदैन्, सहज अवस्थामा पुगिँदैन। संविधानसभामार्फत लक्ष्यमा पुग्ने अवस्था पनि हुँदैन्। तसर्थ सिद्धान्तका हिसाबले पनि मिलेर जानुपर्छ। संक्रमणकाललाई व्यवस्थित गर्न संविधान बनाउने हो, त्यसका लागि सहमति बन्नुपर्छ। कसको बहुमत छ भनेर हुँदैन्। हामीले सामान्य कानुन पास गर्न पनि विधायिकामा दुई तिहाई हुनुपर्छ भनेका छौं। एकदलको रजाई नहोस्, पुरानो स्थिति नरहोस् र सहमतिका आधारमा शासन होस् भनेर त्यस्तो व्यवस्था गरिएको हो। हामीले मस्यौदा संविधानमा मुख्य मुद्दामा खाली ठाउँ राख्नुको मूलभूत कारण यिनै हुन। बुझाउन केही दिन ढिला गरेको भए हुन्थ्यो, २ महिना ७ दिन लागेकोमा त्योभन्दा ढिला गरेर के हुन्थ्यो र भन्ने पनि आउन सक्छ। त्योभन्दा पनि ढिलो बुझाएको भए त लाजै हुन्थ्यो भन्ने लाग्छ। मलाई चाहिँ जनताले के भन्छ भन्ने थियो, अरूले के भन्छ भन्ने कुरा यस्तै त्यस्तै (आ-आफ्ना दृष्टिकोण) हो।

*००७ सालदेखि आजसम्म नेपाली नागरिकले सार्वभौम अधिकार प्रयोग गर्न पाएका छैनन् । ०४६ को ठूलो परिवर्तनपछि पनि हामीले 'अपरिवर्तनीय छ, तिमीहरूले यो परिवर्तन गर्न पाउँदैनौ' भन्यौ ।*



म केही मुद्दामा अन्तरिम संविधान मस्यौदामा खाली ठाउँ छोड्नुको आन्तरिक कुरा बताउन चाहन्छु-दलहरूलाई बाध्य बनाउन पनि यसो गरिएको हो। मैले भरेर पठाएको भए यो झगडा रहिरहन्थ्यो, अब त मिल्नुपर्‍यो नि यी मुद्दामा। भरतमोहन अधिकारीजीले 'हामीले नदिएकाले खाली छोडियो' भनेर सत्य कुरा भन्नुभएको छ। अहिले बल्ल लाग्नुभएको छ। म एक्लै लागेर केही भएन, अहिले पूरै मुलुक र जनता लागेका छन्। चाँडो-चाँडोभन्दा त यो हालत छ, बल्ल अलिअलि जुर्मुराएको हो कि भन्ने अनुभूति भएको छ। मेरो मनसाय त पूरा भएको छ।

**सुरेन्द्र पाण्डे, केन्द्रीय सदस्य, नेकपा (एमाले)**

प्रस्तुत अवधारणा निकै अध्ययन गरेर तयार पारिएको रहेछ, त्यसका लागि म धन्यवाद दिन चाहन्छु। निर्वाचन पद्धतिको सन्दर्भमा यतिखेर सबै हिसाबले सहमति जुटाउनुपर्ने विषयचाहिँ सूची समानुपातिक प्रणाली नै हो, त्यसभन्दा अतिरिक्त हामी सहमति निर्माण गर्न सक्दैनौं भन्ने लाग्दछ। त्यही ठाउँमा जाउँ र, त्यो बन्द सूची नै हुन्छ। हाम्रो सन्दर्भमा खुल्ला सूचीमा जान सकिँदैन, बन्द सूचीअन्तर्गतको सूची समानुपातिकमै जानुपर्छ। दोस्रो सन्दर्भ संख्या, जनसंख्याको एक लाख बराबर एक क्षेत्र भन्ने सिद्धान्त मुलुकले निर्माण गर्नु नै ठीक हुन्छ। जनसंख्या र प्रतिनिधिको अनुपातको सन्तुलन हुनुपर्दछ, त्यो एक लाख उचित हो। त्यसो गर्दा संख्या २ सय ५३ हुन्छ, अहिले जनसंख्या २ करोड ५३ लाख मान्दा। पछाडि परेका केही, जनसंख्या कम भएका र अरू क्षेत्रलाई गर्दा त्यो संख्या बढ्न सक्छ। यहाँ प्रस्तावित संख्या (३०१) माथि वादविवाद गर्दा ५/१० तलमाथि होला। त्यसमा धेरै बहस गरिरहनु आवश्यक छैन, सामान्यत त्यो संख्या ठीक होला भन्ने लाग्छ।

निर्वाचन क्षेत्रको ढाँचाका सन्दर्भमा तपाईंहरूले ब्लक भोट बहुसदस्य या राष्ट्रिय निर्वाचन क्षेत्र दुवै विकल्पलाई खुला राख्नुभएको छ। मलाईचाहिँ देशलाई नै एउटा निर्वाचन क्षेत्र बनाउने व्यवस्थामा जानु उचित हुन्छ भन्ने लाग्दछ।

राजाको छिनोफानो गर्ने सबैभन्दा उचित विधि जनमत संग्रह नै हो। त्योभन्दा अर्को कुनै व्यवस्था हुन सक्दैन्। हामीले सार्वभौमसत्ता जनतामा भनिसकेपछि नागरिकले चुनेका प्रतिनिधिमा यस्तो विषयमा निर्क्योल गर्ने सार्वभौम अधिकार दिनु हुँदैन्। स्वयम् जनताले नै यसबारे निर्णय गर्नुपर्दछ, जनताले नै फैसला गर्नुपर्दछ। नागरिक साच्चिकै सार्वभौमसत्ता सम्पन्न भए कि भएनन् भन्ने परीक्षा पनि यही घटनाबाट हुनेछ। ००७ सालदेखि आजसम्म नेपाली नागरिकले सार्वभौम अधिकार प्रयोग गर्न पाएका छैनन्। ०४६ को ठूलो परिवर्तनपछि पनि हामीले 'अपरिवर्तनीय छ, तिमीहरूले यो परिवर्तन गर्न पाउँदैनौ' भन्यौ। यसले सार्वभौम सत्ता त संकुचित भयो। वास्तविक रूपमा सार्वभौमसत्ताको मालिक नेपाली जनता भए कि भएनन् भन्ने फैसला पनि जनमतसंग्रहबाटै देखिन्छ।

निर्वाचन मितिको कुरा गर्दा धेरैले जेठ-जेठ भनेको सुन्छु, तर जेठ आउन ५/६ महिनामात्र बाँकी छ। नागरिकता दिनुपर्ने भनेका छौं, नागरिकता बाटोमा दिने हैन होला ? त्यसको प्रक्रिया होला। नागरिकता दिन ३/४ महिना लाग्ला। नागरिक नभई मतदाता नामावलीमा राख्ने कुरा भएन्। पहिला मतदान गर्ने पछि नागरिक

बनाउने कुरा त आएन् । नागरिकता दिइसकेपछि मतदाता नामावली दर्ता हुँदा अर्को चार महिना लाग्ला । आठ महिना यसरी बित्छ । यो आठ महिना र संविधानसभाको तयारीको समय जोड्ने हो भने निर्वाचन अर्को कात्तिकमा मात्र हुन सक्छ । त्यसभन्दा एक दिन पनि ढिलो नहुने गरी तयारी गरौं, यही नै व्यावहारिक कुरा हो भन्ने मलाई लागेको छ । दलसम्बन्धी व्यवस्था पारदर्शी हुनुपर्छ भन्ने कुरा ठीक हो ।

समावेशी दुई मोडलबाट गर्न सक्छौं । एउटा, राज्य संयन्त्रमा अनिवार्य समानुपातिक प्रतिनिधित्व प्रणाली भयो भने त्यसले बिस्तारै पार्टी तहबाट निर्वाचित हुँदै गएर विभिन्न तहका नेता निर्माण भएपछि पार्टीभित्रै समावेश गर्दै गएपछि समावेशी हुन्छ । पार्टी नेतृत्वमा यो जाति, यो क्षेत्रको आधारमा यति प्रतिशतभन्दा चाहिँ वैचारिक धार या दृष्टिकोण प्रभावित हुनसक्छ । मेरो सुझावचाहिँ के हो भने राज्य संयन्त्रभित्र समानुपातिक प्रतिनिधित्वलाई कानुनत अनिवार्य बनाइयो भने स्वतः पार्टी पद्धतिमा पनि त्यसको असर पर्दै जान्छ भन्ने हो । मेरो भनाई पार्टीचाहिँ समावेशी हुनुहुँदैन भन्ने होइन्, तर पार्टीमा जातिगत, क्षेत्रगत आधारमा प्रतिनिधित्व देउ भन्नुभन्दा निर्वाचित अंगलाई अनिवार्य गरेपछि त्यसको प्रभाव पार्टीभित्र पर्दछ । दुवै संयन्त्रलाई कहाँ नेर समन्वय गर्न सकिन्छ भनेर ध्यान दिन सकिन्छ-कति प्रतिशत पार्टीमा राख्ने, कति प्रतिशत निर्वाचन पद्धतिबाट समावेशी बनाउने । यी दुवै मोडललाई मिश्रण गरेर जानुपर्छ भन्ने मलाई लागेको हो ।

मतदाताको उमेरको हकमा यहाँ प्रस्तावित १६ वर्ष ठीकै हो भन्ने लाग्छ । अमेरिकामा पनि यससम्बन्धी अनुसन्धान भइरहेको रहेछ । त्यसमा नौ जवानहरू अपरिपक्व छन्भन्दा 'क्रेजी अडल्ट' भन्दा 'क्रियटिभ युथ'हरू नै ज्यादा भूमिका निर्वाह गर्न सक्छन् भन्ने तर्क गरिएको रहेछ । त्यहाँ पनि १६ वर्षको प्रसंगमा धेरै अनुसन्धान/अध्ययनहरू भइरहेको छ । सबै वृद्धहरू बुद्धिमान छैनन्, सबै युवाहरू कच्चा छैनन् । तसर्थ युवाहरूलाई मतदाताको घेरामा ल्यायो भने त्यसको दुई/तीन वटा लाभ छन्-(१) मत प्रतिशत बढ्छ, (२) सही मत खस्ने प्रवृति बढ्छ (वृद्धाहरूमा ल्याप्चे लगाउने के गर्ने चलन छ, युवाहरू शिक्षित छन्) र, (३) युवाहरूमा राष्ट्र र राजनीतिप्रतिको दायित्व बढाउन पनि सकिन्छ । यो हिसाबले १६ वर्ष ठीक हो ।

**सुनिल भण्डारी, केन्द्रीय सदस्य, नेपाली कांग्रेस**

फ्रिडम फोरमले सामूहिक मुद्दामा अनुसन्धान गरेर सामग्री तयार पारी समसामयिक राष्ट्रिय चासोका विषयमा अन्तर्क्रिया प्रारम्भ गरेको छ, त्यसका निम्ति यसका सहयोगी र यसमा काम गर्ने सबैलाई धन्यवाद दिन चाहन्छु ।

म संविधानविद् या कानुनको ज्ञाता होइन् । मुलुक राजनीतिक निकासको खोजीमा छ । यावत् द्वन्द्वका प्रकृतिहरू सहमतिको आधारमा समाधान खोज्ने प्रक्रियामा हामी छौं । भर्खरैमात्र संविधान मस्यौदा समितिले दिएको मस्यौदा पार्टीहरूमा आन्तरिक छलफलको विषय बनेको छ । अन्तरपार्टी सहमति खोज्ने प्रक्रिया पनि चलिरहेको छ । यसरी समष्टिगत रूपमा राष्ट्रिय सहमतिकै आधारबाट देशका ज्वलन्त समस्याहरू (कस्तो राज्य संरचना हुने, लोकतन्त्रको संस्थागत विकासका निम्ति कस्तो आधारभूत संरचना निर्माण गर्नेलगायत) सुल्झाउने क्रममा



तपाईंहरूले उठाउनुभएको सबै प्राविधिक विषयहरू पार्टीगत रूपमा (मेरो व्यक्तिगत धारणा अलग हुन सक्छ) मेरो पार्टीभित्र आन्तरिक छलफल र बहस हुनुका साथै अन्तर पार्टीबीच सहमति खोज्ने प्रयास भइरहेकाले हरेक मुद्दामा मैले यहाँ आफ्नो धारणाहरू विषयगत रूपमा राख्नु उपयुक्त हुँदैन् ।

तपाईंहरूले मेहनत गरेर तयार पार्नुभएको सामग्री हाम्रो छलफलको प्रयोजनका लागि र संवैधानिक निकासका लागि आपसी सहमति खोज्ने प्रयासका लागि धेरै हदसम्म आधार तय गरेको छ ।

**खेमराज पण्डित, सहमहामन्त्री, राष्ट्रिय प्रजातन्त्र पार्टी**

अध्ययन गरेर फोरमले हाम्रो सामु प्रस्तुत गरेको सामग्रीले सहमतिमा पुग्न निकै सघाउ पुऱ्याउने छ । त्यसका निम्ति धन्यवाद दिन चाहन्छु ।

वास्तवमा समानुपातिक निर्वाचन प्रणालीमा धेरैको करिब-करिब सहमति आएको छ । हाम्रो पार्टीको धारणा पनि यही हो । अरू पद्धति अलि अफ्टेरो, झन्झटिलो र ढिलो हुने सम्भावना रहन्छ । संविधानसभा छिटोभन्दा छिटो होस् भन्ने उद्देश्यका लागि पनि निर्वाचन प्रणाली झन्झटिलो र अपारदर्शी हुनुहुँदैन् । समानुपातिक प्रणाली नै उपयुक्त हो । हामी मिश्रित प्रणालीमा पनि जान सक्छौं । यसलाई पनि छलफलमा ल्याउनु भएछ । समानुपातिकबाट पनि समावेशी नभएर छुटेकालाई केही प्रतिशत फेरि समानुपातिक प्रतिनिधित्वकै आधारमा निर्वाचित प्रतिनिधिले निर्वाचित गरेर ल्याउने सुझाव स्वागत योग्य छ । जसले छुटेकालाई समावेश गर्न सहज बनाउँछ ।

संविधानसभाको सदस्य संख्याको कुरा गर्दा एक लाख जनसंख्याको आधारमा एक जना भनेर यहाँ सुझाइएको संख्या तुलनात्मक रूपमा वैज्ञानिक जस्तो देखिएको छ । जनसंख्याभन्दा अर्को आधारलाई संख्यामा लिन गाह्रो हुन्छ । तसर्थ एक लाखको अनुपातमा ल्याइएको संख्या सबैलाई मान्य र अरूभन्दा वैज्ञानिक देखा पर्दछ ।

उमेर १६ कि १८ भन्नेमा त्यति ठूलो विवादको विषय होइन् । कल्पना गरेको १८ भन्दा यहाँ प्रस्तावित १६ वर्ष बढी परिपक्व छ । १८ वर्ष राख्ने बेलाभन्दा जनतामा बढेको सचेतना स्तर हेर्दा मतदाताको उमेर १६ वर्ष राख्दा त्यति आपत्ति कुनै वर्गका निम्ति होला भन्ने लाग्दैन् । यसले युवा शक्ति राम्रोसँग परिचालित हुन्छ ।

यी सबै कुरा हुँदाहुँदै पनि विशेष गरी ठूला भन्ने गरिएका राजनीतिक दलले अलि सजग हुँदै धिमापन हटाएर निष्कर्षमा पुग्नेतिर लाग्नुपऱ्यो । अन्य दलभन्दा पनि विशेषतः नेपाली कांग्रेस र एमालेले सबै कुरा बजारमा राखिदिनु भएन, एउटा निष्कर्षमा पुग्नुपऱ्यो । अनि माओवादी पनि । यी तीन पार्टी जति सक्यो छिटो एक ठाउँमा बस्नुपऱ्यो । सबै अन्योलको कारण छिटो नबस्ने र भए भरका समस्या सडकमा ल्याउने हो । विवादबाट समस्या सुल्झला जस्तो लाग्दैन् । धेरैलाई संविधानसभा नै हुँदैन कि क्या हो भन्ने आशंका भइरहेको छ । त्यो आशंका मेट्न पनि निर्वाचन पद्धति र प्रक्रियामा छिटोभन्दा छिटो निष्कर्षमा पुग्नु आवश्यक छ ।

राजसंस्थाको टुंगो जनमतसंग्रह गरेर संविधान सभा अघि टुंग्याउने कि पछि भन्ने छ । न्यूनतम सहमतिमा पुग्ने विषयहरूमा अन्तरिम व्यवस्थामै मिलाउनु जरूरी

छ। नमिल्ने विषय जति संविधान सभाका निमित्त छोड्नै पर्छ। संविधानसभा पनि एक प्रकारको जनमत संग्रह नै हो। आ-आफ्नो पार्टीका घोषणापत्र लिएर र दलको विचार लिएर जनतामा जाने भनेपछि जनमत संग्रह र संविधानसभामा त्यति अन्तर देख्नुपर्ने जस्तो लाग्दैन्।

**भरतमोहन अधिकारी, स्थायी समिति सदस्य नेकपा, एमाले**

आजको कार्यक्रम ज्यादै सान्दर्भिक छ, आयोजक मित्रलाई धन्यवाद दिन चाहन्छु। सबैले जानेकै कुरा हो कि हाम्रो पार्टी एमालेले संविधानसभाको निर्वाचनको पद्धति भनेको समानुपातिक हुनुपर्छ भनेर अन्तरिम संविधान मस्यौदा समितिलाई सुझाव पेस गरेका थियौ। हाम्रो यो भनाइको पछाडिको उद्देश्य भनेको जनआन्दोलनको भावनालाई प्रतिनिधित्व गर्न खोज्नु हो। अबको नेपालमा समावेशी लोकतन्त्र हुनुपर्छ भन्ने अठोट या भावना जनआन्दोलनको थियो। समावेशी लोकतन्त्र स्थापनाका लागि नयाँ संविधान निर्माण गर्ने संविधानसभा पनि स्वाभाविक रूपमै समावेशी नै हुनुपर्छ भन्ने हाम्रो भनाइ हो। हाम्रो बहुभाषी, बहुसंस्कृति, बहुजाति भएको देश हो। यहाँ पछाडि परेका क्षेत्र छन, विभिन्न जात जाति हामी छौं। मुलुक सबैको साझा घर हो भने यिनलाई समावेश गर्ने हो, जसलाई आजसम्म समावेश गरिएन। जसलाई बाहिर पारियो तिनलाई पनि समावेश गरियोस् भन्न खोजिएको हो। हामीले भन्यौ-त्यो गर्ने एक मात्र विधि समानुपातिक प्रणाली हो। प्रस्ताव गर्‍यौं। म यस विषयमा धेरै समय लिन्न, यहाँ जुन प्रस्ताव आएको छ त्यो धेरै राम्रो छ। अघि प्रा. वीरेन्द्र मिश्रजीले 'एमालेले त राम्रो गृह कार्य गरेन' भन्नुभयो। वास्तवमा हामीले लामो गृहकार्य नगरेको पनि हो। हामी समानुपातिक किसिमले जाऊ भनेर प्रस्ताव गर्‍यौं। राष्ट्रिय क्षेत्र सँगसँगै त्यसमा सामेल हुन नसक्ने जातिका लागि आरक्षणको व्यवस्था र क्षेत्रको लागि समेत गरी यहाँ ३०१ राखिएको छ। संख्या अलि बढी हुन्छ नै। ३२५ या २४५ भने पनि हामीले अन्यथा नमाने हुन्छ। अहिले त संविधान निर्माण गर्ने हो। भोलिको संसद र संविधानसभाको निर्वाचनमा फरक छ। भोलिको संसद्ले सरकार चलाउने हो, संविधानसभाले त वर्षैवर्षका लागि देशको संविधान, राजनीतिक संरचना बनाउने र  व्यवस्था गर्ने हो। तसर्थ सबै स्टेक होल्डर्स, शक्ति, जातिहरू यसमा समावेश हुनै पर्‍यो। त्यसकारण संविधानसभामा अलि ठूलो संख्या हुन्छ भने आपत्ति गर्नुपर्ने कुरा छैन। हामी संविधानसभा अलि ठूलो होस्, यहाँ ३०१ प्रस्तावित छ, कसैले समावेशीका लागि ३२५ या ३४५ भन्यो भने पनि त्यसमा हाम्रो समर्थन नै हुन्छ। विस्तारमा जानका लागि प्राविधिज्ञ चाहियो, भूगोलविज्ञ, जनजातिविज्ञको सुझाव चाहियो र अरू समझदारीबाट आउनुपर्‍यो। तसर्थ हामीले नबुझेर पनि हुनुपर्छ एमाले विस्तारमा गएन, इमान्दार कुरा गर्दा कतिपय कुरा हामीलाई थाहा नभएर पनि हो। महत्वपूर्णचाहिँ यो त समझदारी गर्ने कुरा हो। आधारभूत कुरामा सहमति भएपछि यो फ्रेमवर्कभित्र सबै आउन-त्यसभित्र दलित, महिला, जनजाति, कर्णाली क्षेत्र, हिमाल, मधेस, आदिवासी र एक लाखभन्दा कम जनसंख्या भएकाको उचित प्रतिनिधित्व होस्-भन्नाका लागि विस्तृत गृहकार्य गरौं। यसका लागि तपाईंले केही प्रयास गर्नुभएकोमा धन्यवाद। तपाईंहरूको सुझाव पनि एउटा आधार बन्न सक्दछ।



हामीले संविधानसभासँगै जनमतसंग्रह होस्, त्यो पनि राजाको विषयमा होस् भन्ने प्रस्ताव गर्‍यौं। हाम्रो पार्टी गणतन्त्रको पक्षमा रहेको कुरामा बहस गरिरहनु पर्दैन। जनतामा एउटा निर्णय गर्ने अधिकार छ नि राजाका बारेमा। यसबारे निर्णय गर्ने अधिकार जनप्रतिनिधिको होइन्, प्रतिनिधि सार्वभौम होइनन्, सार्वभौम जनताका प्रतिनिधिमात्र हुन, तसर्थ सार्वभौम जनताले निर्णय गर्नुपर्‍यो। इटलीमा त्यही भएको थियो भने नेपाली जनतालाई त्यो अधिकार किन नदिने ? त्यो बाटो सहज हुन्छ। जनमतसंग्रहमा बहुसंख्यकले राजा नराख्ने निर्णय गरे भने कसैले पनि राजा राख्नुपर्छ भन्दैन्, मलाई त ज्ञानेन्द्रले पनि बस्छु भन्दैनन् होला जस्तो लाग्छ। तसर्थ सर्वस्वीकार्य हुने भएकाले नै हामीले प्रजातान्त्रिक प्रक्रिया जनमतसंग्रह भनेका हौं। यदि हाम्रो विपक्षमा परिणाम आयो भने पनि हामीले मान्नुपर्ने हुन्छ। १६ वर्ष उमेर हद पनि हामीलाई स्वीकार्य छ। तपाईंले ल्याउनुभएको प्रस्ताव विचारणीय छ, हामी धेरै कुरामा सहमत छौं। यसलाई हामी विस्तृतमा अगाडि लान सक्छौ भन्न चाहन्छु।

अघि तारानाथजीले पनि कुरा उठाउनुभयो, राप्रपा नेताले पनि उठाउनुभयो- संविधानसभामा पुगिन्छ कि पुगिदैन् ? संविधानसभा त यसरी बनाउनुपर्छ ठीक हो, निर्वाचन पद्धति पनि यही हो। निर्वाचन पद्धतिमा नेपाली कांग्रेस र हामीबीच केही अन्तर छ। यसमा समझदारी बनाउने प्रयासमा छौं। तारानाथजीले सुरुमा 'आजको विषय संविधानसभाको प्रक्रिया र यसको संरचना' भन्नुभयो, तर, सँगसँगै पहिले नै अन्तरिम संविधान के भन्ने भनेर प्रश्न उठाउनुभयो। अहिलेको गम्भीर समस्या भनेको अन्तरिम संविधानको मस्यौदा पेस भयो, त्यसमा ८० प्रतिशत कुरा छन्, त्यसले पूर्णता पाएन र केही आधारभूत मुद्दाले पूर्णता पाएन। त्यसलाई पूर्ण बनाउनु छ। भदौ ९ गते मस्यौदा बुझाउनुभयो, आज असोज १ गते भयो, २३/२४ दिन त्यसै बितेको छ। तसर्थ अहिलेको गम्भीर समस्या अन्तरिम संविधानमात्र नभई त्योसँग जोडिएको हतियार व्यवस्थापन (देश अराजकतातिर गइरहेको छ) पनि छ। हतियार व्यवस्थापन, अन्तरिम संविधान, अन्तरिम संसद्, निर्वाचन आयोग, मानव अधिकार आयोग बनाउनेदेखि संविधानसभाको मिति तोकेर अगाडि बढ्ने कुरा जोडिएको छ। जनआन्दोलनले खडा गरेको मार्गचित्रमा हिँड्ने कुरा अलमलमै रहेको सत्य हो। अहिलेको समस्या आठ नेता या पार्टीले समझदारी बनाएर प्याकेजमा समाधान गर्नुपर्छ। अहिले अन्तरिम संविधान बनाउने कुरा मात्र कसैले मान्दैन होला, हतियार व्यवस्थापन गर्नमात्र माओवादी मानिरहेको छैन। देशमा कति अराजकता छ, काठमाडौंमै अवस्था यस्तो छ। यो अवस्था भए पनि विश्व जनमत र नेपालकै जनमतको समर्थनले गर्दा हामी संविधानसभामा पुग्छौं, त्यसबारे छलफल गर्नु राम्रो हो र गरेको ठीक पनि छ। तर यस्तै अवस्था अरू २/४ महिना जाने हो भने ००७ साल दोहोरिन सक्छ र, संविधानसभाको बाटो हराउन सक्छ। त्यसतर्फ हामी सचेत होऔं। मैले यो छलफलको अनादर गर्न खोजेको होइन। तर, अहिले सबैको चासोको विषय चाहिँ 'प्याकेज डिल गर्नुस्, सरकार-माओवादीले संयुक्त राष्ट्रसंघलाई लेखेको पाँचबुँदे पत्रका आधारमा हतियार व्यवस्थापन गर्नुस्, २५ बुँदे आचारसंहिता लागू गरी अनुगमन कार्य सुरू गर्नुपर्‍यो' भन्ने हुनुपर्छ। यति गरेर देशमा फेरि लोकतान्त्रिक वातावरण निर्माण गरी 'हामी अलमलिएका छैनौ, अब हामी संविधान

सभातिर अग्रसर छौं' भन्ने नै आजको पहिलो एजेण्डा हो भन्ने मलाई लाग्दछ । राप्रपा नेताले तीन पार्टीको दायित्व हो भन्नुभयो । हिजोमात्र पार्टीका महासचिव माधव नेपालसँग प्रधानमन्त्रीलाई भेट गर्न जाने अवसर मैलाई मिलेको थिएँ, मैले उहाँ (खेमराज) कै भावना राखे । मैले भने-'मेरो सामुन्ने दुई नेता हुनुहुन्छ, प्रधानमन्त्री र महासचिव । अर्को नेता प्रचण्डलाई बोलाई हाल्नुस्, तीन जना कुरा गरिहाल्नुस् । उहाँ काठमाडौं मै हुनुहुन्छ, अमेरिकामा त हुनुहुन्न बोलाउनै गाह्रो छैन । किन ढिलो भइरहेको छ ? समस्या यही नेर छ ।

तपाईंहरूलाई भनौं-केवल निर्वाचन पद्धति सम्बन्धमा केही विवाद छ । त्यसका लागि मसँग विकल्प पनि छ । बाँकी कुरामा तीन नेता बसेर छलफल गऱ्यो भने नमिल्ने कुरै छैन । अलमलिएको छ, अलमलिएको छ । तसर्थ अब आठ नेता बसेर जे-जे कुरामा १२ बुँदे, ८ बुँदे समझदारी भयो, २५ बुँदे आचारसंहिता बन्यो, संयुक्त राष्ट्र संघलाई पाँचबुँदे पत्र लेखियो (यहाँ आएर बसेका राष्ट्रसंघका प्रतिनिधिलाई न सरकारले खोज्छ, न माओवादीले खोज्छ । विचरा मार्टिन बसिरहेका छन्, हामीले बेहाल बनाइदिएका छौं, बसिरहेका छन्, काम पाएका छैनन्) तिर ध्यान दिएर निकास दिनुपर्छ । यसतर्फ हामीले बढी जोड दिनुपर्छ । यहाँहरूबाट पनि विचार आवस् ।

खासगरी यहाँ प्रस्तावित प्रस्तावबारे विस्तारमा छलफल गरौंला, मूलतः नेकपा एमालेको यसमा समर्थन छ ।

**किरण गिरी, केन्द्रीय सदस्य, राष्ट्रिय जनशक्ति पार्टी**

निक्कै वस्तुगत अध्ययन र विश्लेषणका आधारमा यहाँ प्रस्तुत गरिएको अवधारणालाई सम्मान गर्दछु, यसले सबै पक्ष र अन्तर्राष्ट्रिय तथ्य संकलन गरी पस्केको छ । मेरो पार्टीका तर्फबाट म यहाँ केही कुरा राख्न चाहन्छु । समानुपातिक निर्वाचन प्रणाली नै अहिलेको अवस्थामा उपयुक्त हुन्छ भन्ने कुरा हामीले अन्तरिम संविधान मस्यौदा समितिलाई सुझाव दिइसकेको हुँदा यसप्रति हाम्रो समर्थन छ ।

निर्वाचन तिथिका बारेमा यहाँ थरीथरीका कुरा आए-वैशाख, जेठ वा कात्तिक । नेपालमा निर्वाचन गर्ने मौसम त्यही हो । तर, अन्तरिम संविधानबारे बन्द कोठामा खेलोफडको भइरहेको, अन्तरिम सरकारको कल्पना गर्न सकिने स्थिति नभएको र हतियार व्यवस्थापनका सम्बन्धमा भएको पाँचबुँदे समझदारीबाट दुवै पक्ष पछाडि हटेको अवस्था विद्यमान रहेको बेला संविधानसभाको निर्वाचन तय गर्ने अवस्थामा छौं कि छैनौं ? प्रधानमन्त्री निवासमा मात्र हैन, गम्भीरतापूर्वक जनतासामु उभिएर यो मितिमा संविधानसभाको निर्वाचन हुन्छ भनेर घोषणा गर्ने अवस्था छ कि छैन ?

कम्तीमा अन्तरिम सरकार गठन भएको एक वर्षभित्र संविधानसभाको निर्वाचन हुनुपर्छ भन्ने सुझाव यहाँ दिइएको छ, यसलाई म समर्थन गर्न चाहन्छु ।

आजको चेतनाको स्तर, युवाको सहभागिता र हरेक क्षेत्रमा युवामा देखिएको जागरूकता हेर्दा मतदाताको उमेरको हद १६ वर्ष नै कायम गर्नुपर्छ । संसारभर निर्वाचनमा १६ वर्षका युवालाई पनि मतदानमा सहभागी गराउने चलन चलेको बेला यहाँ पनि यो उमेर हद नै ठीक होला ।



राजाको बारेमा कुरा नमिल्दा व्यवधान आयो भन्ने कुरा आइरहेका छन् । प्रतिनिधिसभा घोषणा-२०६३ ले राजाको बारेमा सबै मुद्दाको निरूपण तत्कालका लागि गरेको छ भन्ने मलाई लाग्दछ । घोषणाको दफा ५ को १, २, ३, ४ बुँदा हेरियो भने त्यहाँ राजगद्दी उत्तराधिकारीसम्बन्धी कानुन बनाउने, खारेज गर्ने र संशोधन गर्ने अधिकार प्रतिनिधिसभामा छ, राजाको सम्पत्तिमा कर लगाउने अधिकार छ, राजा र राजपरिवारले गरेका कुनै पनि क्रियाकलापमा प्रश्न उठाउने र निरूपण गर्ने सबै अधिकार रहने व्यवस्था गरेर नागरिक राजाको रूपमा राजाको भूमिकालाई रूपान्तरण गरेको अवस्था छ । संविधानसभाको निर्वाचनसम्म यही अवस्था रहनुपर्छ भन्ने धारणा ठीकै हो भन्ने मलाई लाग्दछ । भरतमोहनजीले जनमतसंग्रहबाट राजाको छिनोफानो गर्नुपर्छ भनेर हाम्रो पार्टीले मात्र उठाएको हो भन्नुभयो । राष्ट्रिय जनशक्ति पार्टीले संविधान सुझाव आयोगलाई दिएको सुझावमा 'राष्ट्रिय महत्वका नीतिगत विषयहरूमा जनताको राय बुझ्न संसद्को निर्णयबाट जनमतसंग्रह गर्न सकिन्छ' भनेको छ । राष्ट्रिय विषय भन्नाले राजा, राजनीतिक पद्धति सबै पर्छन् । तर, जनमतसंग्रहको कुरामा एमालेले मात्र जस लिन खोजेको छ । जनताको सर्वोच्चतालाई स्वीकार गरिसकेपछि कुनै पनि मुद्दामा जनतालाई सोध्नुपर्छ । राजाका बारेमा पनि जनमतसंग्रह नै गर्नुपर्छ भन्ने हामीले भनेका छौं । संविधान सुझाव आयोगलाई बुझाएको सुझावमा पनि हामीले यो कुरा भनेका छौं ।

मुलुकको जल्दाबल्दा समस्यामा सात दलको सरकार, प्रतिनिधिसभा गम्भीर भएको छ कि छैन तर फ्रिडम फोरमले संविधानसभाको निर्वाचन पद्धति र प्रक्रियाबारे खुला छलफललाई अगाडि बढाएर जनमत निर्माणमा लागेकाले म व्यक्तिगत र पार्टीका तर्फबाट फोरमलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**दमननाथ ढुंगाना, पूर्व सभामुख एवं संविधानविद्**

ताराजीलाई म नबोलु भन्दै थिएँ, अहिले दलकै कुरा सुन्ने बेला छ । दलहरू सहमतिमा पुग्न सकेनन् भन्ने निष्कर्षमा पुगेपछि मात्र हाम्रो काम आउँछ । अहिले हामीले दलहरूलाई सहमति पुग्न छोडिदिएका छौं, हाम्रो काम सकिएको छैन । म दलका साथीहरूको राय लिन चाहन्छु- 'दलहरूलाई सहमतिमा पुग्न कति समय लाग्छ ? त्यतिमात्र चाहिएको हो ।'

००७ देखि ०१५ सालसम्मको अनुभव हामीले भोग्यौं । संविधानसभाको घोषणा भयो, तर ००७ सालदेखि ०६३ सालसम्म निर्वाचन सम्पन्न भएको छैन । अहिले पनि हामी संविधानसभाको चरणमा छौं । चार महिना भइसक्यो । जनआन्दोलनको मूल लक्ष्य नै संविधानसभा हुँदा आन्दोलन लगत्तै 'राउन्ड टेबुल' मा बसेर संविधानसभामा पहिला पुग्नुपर्थ्यो । त्यसभन्दा अगाडि सबै छलफलको कुरै होइन ।

अन्तरिम संविधानको अवधारणा कहाँबाट आयो ? त्यसले 'डिफेन्ड' गरेको कही पनि पाउँदिन । ०४७ सालमा संविधान बनाउँदा पनि एउटा ठूलो वर्ग अन्तरिम संविधान चाहिन्छ भन्ने थियो । त्यसमा को दक्षिणपन्थीको वामपन्थी भन्ने होइन, एउटा मत थियो अलमलाउन चाहने । तसर्थ नेपालमा कहिल्यै पनि वामपन्थी

वामपन्थी हुँदैनन्, दक्षिणपन्थी दक्षिणपन्थी हुँदैनन्, तर प्रतिक्रियावादको कुरामा एक हुन्छन्, यो नेपालको वास्तविकता हो । हामीले नेपाली नागरिक भएर तोड्नु पर्ने कुरै यही हो । सात दलमा ढिला गर्ने कुरामा जबरजस्ती चट्टान बसेको छ-निहित स्वार्थ पूरा गर्ने कुरामा । सात दलको सबै ठाउँमा छ । त्यसलाई हामी जनपक्षीय शक्तिले तानेर ल्याउन सक्छौं कि सक्दैनौं भन्ने कुरा मात्र हो । *(राप्रपा सहमहामन्त्री पण्डितलाई व्यंग गर्दै)* पण्डितजी हास्दै हुनुहुन्छ, हामी त तपाईं पट्टि नै आउँछौं भनेर । आन्दोलन अगाडि नै आइदिएको भए कति राम्रो हुन्थ्यो, आन्दोलनपछि चाहिँ कस्तो-कस्तो ।

*'निर्वाचनबाट आएको सरकार त होइन, तसर्थ यसको स्रोत के हो भन्ने तिर सरकारले ध्यान दिनुपर्‍यो'*

मूल कुरा भनेको अहिले हामीले दललाई छोडिदिएका छौं । संविधानसभा भनेको जनताको सबैभन्दा सर्वोच्च निकाय हो । आन्दोलनले केही म्यान्डेट दिएको हुन्छ, जनादेश के दिएको हो भन्ने मैले पनि बुझेको छैन । यही ताल हो भने वर्तमान सरकारको स्रोत जनताले सोध्न थाल्छ । वर्तमान सरकारको स्रोत-आन्दोलन हो कि राजाको घोषणा हो कि सेनाको समर्थन हो कि (यसो नगरे हामी तिमिलाई सहायता दिँदैनौं, द्वन्द्व उप्रान्तको तिम्रो मुलुक छ, हामीले सहायता गरेनौ भने तिम्रो कहीका पनि हुँदैनौ) भन्न शक्ति अन्तर्राष्ट्रिय अंकुश हो कि ? निर्वाचन भएको भए यो प्रश्न आवश्यक थिएन, निर्वाचनमा जनताले एउटा विश्वासका आधारमा सरकार र संसद् खडा गर्छन् । अहिले निर्वाचनबाट आएको सरकार त होइन, तसर्थ यसको स्रोत के हो भन्ने तिर सरकारले ध्यान दिनुपर्‍यो ।

अन्तरिम संविधानको सिद्धान्त र अवधारणा कसको हो ? व्याख्या गरेर आउनुपर्‍यो । कोही होला । अन्तरिम संविधान अहिले अनाथ भएको छ, आमाले नौ महिना गर्भमा राखेर निकालेर बच्चालाई रछ्यानमा लगेर छोडे जस्तै । लक्ष्मणजीले त्यत्रो मेहनत गर्नुभयो, साथीहरूलाई धन्यवाद र स्यावासी नै दिनुपर्छ । आखिर अन्तरिम संविधान भनेर त तयार पार्नुभयो । तर, संविधानसभामा गइसकेका भए अन्तरिम संविधानले दृष्टिगत गरेका कुरा त्यही छलफल हुन्थ्यो । मेरो संवैधानिक ज्ञानअनुसार, अन्तरिम संविधान भनेको आन्दोलनबाट भएको राजनीतिक परिवर्तनपछि अर्को लक्ष्य संविधानसभामा पुग्नका लागि अन्तरिमकाललाई 'गाइड' गर्ने एउटा दस्तावेज मात्र हो, त्यसलाई पूर्ण संविधान बनाउने नै होइन् । त्यो अधिकार अन्तरिम मस्यौदा समितिले कहाँबाट पायो ? राम्रो गर्‍यो होला, तर त्यो काम उसको होइन ।

जनआन्दोलनको म्यान्डेटअनुसार सबै काम भएका छन् कि छैनन् भन्ने पनि विचारणीय छ, त्यस्तै अन्तरिम संविधानलाई दिएको म्यान्डेट के हो ? २०४७ मा (लक्ष्मणजी र म थियौं) प्रस्ट थियो- 'संवैधानिक राजतन्त्र र संसदीय प्रजातन्त्रको म्यान्डेट थियो । हामीले त्यही म्यान्डेटमा काम गर्‍यौं । असार २ गते अन्तरिम संविधानको कुरा छ, ८ बुँदामा । आधारभूत सिद्धान्त (जुन दक्षिण अफ्रिकामा अपनाइयो) अनुसार, ०४७ संविधानबाट नपुग्ने, असहमतिका मुद्दामा सहमतिमा पुगेर



संविधानसभामा टेकेर त्यसलाई सुसंचालन गर्ने मात्र हो कि अन्तरिम संविधानको म्यान्डेट पूर्ण संविधान नै बनाइदिने हो ?' भरतमोहनजीले ८० प्रतिशत भन्नुभयो- 'संविधान कसरी प्रतिशतमा आउँछ ? हामी संविधानको प्रतिशतमा गैसक्यौं, बजारको मोलतोल जस्तो भयो यो ।'

अन्तरिम संविधान कसको जिम्मामा छ ? जनआन्दोलनपछिको प्रजातन्त्रमा त सबै कुरा पारदर्शी हुनुपर्छ नि । सरकार र माओवादीको वार्ता टोलीले जिम्मा त लिएको छ, जिम्मा लिँदा मलाई पनि साक्षी राखिएको छ है । तर, त्यसपछि कुनै समितिलाई जिम्मा लगाएको, कुनै आयोग बनेको, सात दल बसेर काम गरेको कही देखिँदैन् । किन यस्तो भयो ? यसको जिम्मेवारी कसले लिने ? जिम्मेवारी नै कसैले नलिने ? जनताको जीवनमरणको प्रश्न छ । युद्धविराम भइरहेको छ, हिंसा टुटेको छ, छिटफुट घट्ना भइरहेको होला, आचारसंहिता कार्यान्वयन भइरहेको छैन भन्छौं । शान्ति प्रक्रिया अगाडि बढाउन सकेनौं, संविधानसभामा पुगेनौं भने के होला, मुलुकमा ? अन्तरिम संविधानको बाटोलाई हामीले सिद्धान्तत स्वीकार गर्नै पर्दैनथ्यो । गरिसकेपछि टुंगो त लगाउनुपर्‍यो । हामी हौं भन्ने कोही देखा परेको छैन । त्यसलाई अनाथ बच्चा बनायो भनेर कोही कराएको छैन, प्रेसमै पनि अन्तरिम संविधानबारे आक्कलझुक्कल बाहेक केही देखिँदैन् । राष्ट्रमा जनमत किन विकास भइरहेको छैन ? हामी केही कुरा लिन्छौं, अनि राष्ट्रिय मुद्दा परित्याग गर्छौं त्यसलाई बोक्दै बोक्दैनौं । दिनहुँ नाराजुलुस छ, जाम छ, बन्द छ, तर अन्तरिम संविधानका बारेमा भएको छ ? चाहिने कुरा छुट्छ, नचाहिने कुरा भइरहेको छ के हो यो ? तसर्थ आन्दोलन नपुगेको हो कि ? आन्दोलनको तयारी हो कि ? तसर्थ म सोध्न चाहन्छु- 'निर्वाचनबाट नआएको यो सरकारको स्रोत के हो ? स्रोत हुनुपर्छ, त्यसले जिम्मेवारी पूरा गरेको देखाउनुपर्छ ।'

अन्तरिम संविधान कसको अवधारणा हो भनेर खुलस्त हुनुपर्‍यो, त्यसलाई पूरा गर्ने जिम्मेवारी कसको हो प्रष्ट हुनुपर्‍यो । दुई प्रतिनिधिमण्डलले बुझेपछि त्यसको जिम्मेवारी हो कि ? त्यत्रो दूरी छ फेरि । माओवादीले संविधानसभामा जानुअघि राजतन्त्रको प्रश्न निर्धारण होस् भनेको छ, उता अन्तरिम संविधानले संविधानसभा हुँदाका बखत हुने जनमतसंग्रह भनेको छ । लक्ष्मणजीले अन्यथा नलिनु होला रकमीको महापराकाष्ठा छ । संविधानसभामा जाने भनेर संविधान बनिरहेको छ, अनि संविधानसभा पनि हुने जनमतसंग्रह पनि हुने ? के हो यो ? द्वैध मानसिकता हामी नेपालीमा जहिले पनि देखिन्छ । राजतन्त्रको प्रश्न मलाई सोध्नुहुन्छ भने अस्वीकृत भइसकेको संस्था जनमतमा जाँदैन । उ त सार्वभौम जनताको जनआन्दोलनबाट अस्वीकृत भएको हो । त्यस्तो संस्थालाई जनमतसंग्रहमा लानु भनेको हाम्रो मन बदलिएर हामीले पार्टीहरूलाई अलमलाएर स्वीकृतिको एउटा मौका दिनु हो । यो आन्दोलन कसको विरुद्ध भएको थियो, शाही शासनका विरुद्ध भएको थियो । राजाले चालेका १८ असोज, १९ माघको कदमविरुद्ध भएको थियो । कुनै पनि आन्दोलन कसैका कदमका विरुद्ध हुन्छ । त्यतिमात्र होइन्, १७ साल पुस १ गतेका विरुद्ध पनि थियो, पछिल्लो आन्दोलन ।

अहिले भएका कुरा त बच्चाबच्चा मात्र हो। नेपालमा निर्वाचित संसद्लाई समाप्त गर्ने काम ०१७ सालमा भएको छ, त्यो प्रवृत्ति विरुद्ध आन्दोलन या विद्रोह भएको हो। प्रवृत्तिलाई अस्वीकार गरिएको छ। त्यो प्रवृत्ति सुधिन्छ भनेर तपाईंले कहाँबाट देख्नुभयो। १७ सालमा निर्वाचित संसद्विरुद्ध प्रहार भयो, ०४७ सालपछि निर्वाचित संसद्माथि प्रहार भयो, त्यसपछि १८ असोज आयो, १९ माघ आयो। जनताले यो सबै बुझेर विद्रोह गरेको हो। अब सुधिन दिने ठाउँ कहाँ छ ? सुधार्ने ठाउँ के छ ? सुधिन्छ भन्ने निश्चित के छ ? सुधार्नु किन पर्‍यो ? यी आधारभूत प्रश्नमा कुनै राजनीतिक दल र नेताले बोलिरहेको छैन। यो के हो ? के हाम्रा दल हामी या जनभावनालाई प्रतिनिधित्व गर्दैनन् ? तसर्थ सोध्नु परेको छ- सरकारको स्रोत के हो ? आन्दोलनमा मैले पनि भाग लिएको थिएँ, मेरो हिस्सा कति छ ? हामी आन्दोलनकारीले बनाएको सरकार हो भने यो प्रश्न सोध्ने हक छ, सबै जनतालाई यो हक छ। यी यावत् संवैधानिक, वैचारिक, सैद्धान्तिक र ००७ सालदेखि जनमानसमा रहिरहेको प्रश्नलाई फेरि अल्झाउन खोजेको देखिँदैछ। हामीले ठूला-ठूला आन्दोलन गरेका छौं, आन्दोलनपछिको सत्ताहरूले जहिले पनि प्रतिक्रियावादलाई (जसको विरुद्ध आन्दोलन गर्‍यौं) ब्युँझाउने र बलियो बनाउने गरी मलजल गर्ने गरेको छ। जनमानसमा अहिले त्यस्तो अनुभूति भइरहेको छ। जसको विरुद्ध आन्दोलन गर्‍यौं उसैसँग सम्झौता त गरिसक्यौं, अब उसैलाई मलजल गर्दैछौं कि ? किन हामी सीधै संविधानसभामा जान नसक्ने ? प्रतिनिधिसभाबाट संकल्प पास गर्‍यौं। अरू कैयौं ऐन आइसक्यो, किन अहिलेसम्म संविधानसभामा जाने ऐन ल्याइएन ? के संविधानसभामा जान चाहेको यही हो ?

अरू कतिपय कुरा छन्। अहिले शान्तिको लागि ठूलो अवसर छ। तर राजनीतिक अलमल ज्यादै ठूलो छ, यसले शान्ति र सहमतिका लागि 'हामी मूलधारमा प्रवेश गर्छौं भनेर आएकाहरूलाई' लिन नसकेर फर्कायौं भने सबैभन्दा बढी जिम्मेवार सात दल हुनेछन्, हामी हुनेछौं। उनीहरू त हिजो पनि राज्यसँग बस्न नसकेर बन्दुक उठाएका हुन्, आज पनि हामीले राख्न नसके फर्कन्छन्, राख्ने काम हाम्रो। यो कुरा मैले संविधानसभा भनेको दिन (५/७ वर्ष)देखि भनिरहेको छु। मानौं-राज्यको विरुद्ध बन्दुक उठाउनेले राज्यसँग मिलेर बस्ने या मूलधार प्रवाहमा बस्ने मेरो बेला अझै आएको छैन भन्ठान्यो भने म फेरि फर्किन्छु भन्छ। हिजै उसले देखाइसकेको हो नि। संसद्मा बसेर पनि दोस्रो चुनाव नलडेर हतियार उठाउन थालेको हो, त्यो समूहले। त्यसलाई राख्ने जिम्मेवारी सात दल र तपाईं हामी सबैको हो कि होइन ? त्यसलाई राख्न सकिँदैन र ढिलाइ गर्ने हो भने नसक्नेको औचित्य छैन। सक्नेहरू धेरै छन् यो मुलुकमा।

अन्तरिम संविधानले 'गाइड' गर्नुपर्ने कुरा त्यही थियो। मानौं, अहिलेको सरकारमा संकट भयो भने अर्को सरकार कसरी बन्छ ? बहुमत सरकारमा पनि संकट आउँछ, संकट हुन्छ भनेर संविधानमा व्यवस्था गरिएको हुन्छ। कुनै पनि विषयमा संकट आयो अर्थात प्रतिनिधिसभामै संकट आयो भने के गर्ने भन्ने त अन्तरिम संविधानमा व्यवस्था हुनुपर्ने थियो। यो सबै अराजकताबाट संविधानसभामा पुग्न हामीलाई गाह्रो परिरहेको छ। सबैभन्दा पहिला द्वैध र अराजक मानसिकताबाट



मुक्त हुनुपर्छ। सत्तामा गएपछि सबै 'जष्टिफाई' हुन्छ, हिजो राजाले सत्तामा जानेलाई कुनै प्रश्न गर्न पाइन्न भन्थे भने आज करिब-करिब त्यही आएको छ। सत्तामा जानेले यत्रो अस्तव्यस्तता ल्याएका छन्, शान्तिलाई विलम्बमा अलमलाएका छन्। जस्तैः चन्दा उठाउने कुरा, फलानोलाई यसो गर्ने, अपहरणका कुरा मामुली हुन्। सरकारले भन्न लाज मान्नुपर्ने हो। एउटा विद्रोही पक्षसँग सम्झौता गरी आचारसंहितामा मनाएपछि सरकारमा भएकाले त्यति पनि रोक्न नसक्ने हो भने के गर्छौं ? कि भन्- यिनीहरू मान्नेवाला हैनन् फर्क भनेर कि कारवाही गर। एकातिर खुला गरेर घुम्न, डुल्न, बोल्न छुट दिने। अनि अर्कोतिर यसो उसो भन्ने ? हिजै डा. राजभण्डारीको घटना हेरौं न, म व्यक्तिगत रूपमा मर्माहत भएको छु, उहाँ अत्यन्त भलाद्मी हुनुहुन्छ, उहाँले फ्याक्ट्रीमा के गर्नुभयो म जान्दिनँ।

उहाँको घटनामा सरकारले नहेरे कसले हेर्ने ? एक त हतियार उठाउनु नै गैरकानुनी हुन्छ, राज्यका निमित्त। एक पटक गैरकानुनी काम गर्नेले सफल भयो भने क्रान्तिकारी हुन्छ र राज्य हात पार्छ, असफल भयो भने कारबाहीमा पर्छ। त्यसकारण यस्तो घटनालाई त 'डिल' गर्नुपर्‍यो, राज्य किन खडा भएको ? जनआन्दोलनपछि सरकार बनेको पनि 'डिल' गर्न बनेको हो। गैरकानुनी काम गर्न दिन सकिँदैन्। युद्धविराम भइरहेको छ, विद्रोही वार्ताको टेबुलमा आएको छ, हाम्रो क्याडरलाई सहायता गर भनिरहेको सरकारसँग आग्रह गरिरहेको छ। तर तपाईं (सरकार) केही दिनुहुन्न।

वार्तामा नआउँदासम्म चन्दा उठायो, बैंकबाट लियो होला, जबरजस्त गरी स्रोत आर्जन गरेर संचानल गर्‍यो होला पहिला। तर आज पनि माओवादीले त्यही गर्ने ? तपाईं माओवादीलाई त्यस्ता कार्य नगर पनि भन्नुहुन्छ, उसका लागि सहयोग पनि गर्न सक्नुहुन्न। सहयोग गर्न यत्रा अन्तर्राष्ट्रिय पक्षहरू आतुर छन्, तर तपाईं (सरकार) किन प्रस्ताव राख्नुहुन्न, बजेट बनाउनु हुन्न। नेपाललाई नेपालीले राज गर्न नसक्ने स्थितितर्फ मुलुक गइरहेको छ, सबैभन्दा सतर्क हुनुपर्ने, र होस् गर्नुपर्ने कुरा यही हो। नेपालीहरू नेपाल चलाउन समर्थ छैनन् भन्ने सिद्धान्तमा मुलुक गइरहेको त छैन ? हुनुपर्ने कुरा केही हुँदैन, नहुनुपर्ने कुरा मात्र भइरनुले यही संकेत त गर्दैन ? हाम्रो गन्तव्य के हो ? म बोल्दिन भनिरहेको थिएँ, र पनि मैले केही कुरा तपाईंहरूबीच राखे। कहाँ रहेछ मनमा मलाई पनि थाहा छैन, मैले मुख खोल्दा एक शब्द पनि बोल्ने क्षमतै छैन जस्तो लागिरहेको थियो। तर यतिका कुरा बोले।

मेरो तात्पर्य अन्तरिम संविधानलाई बेवारिसे बन्न दिनुभएन। त्यो चाहिने कि नचाहिने पनि कसैले भनिरहेको छैन। चाहिने भए त्यसमा काम गरिरहेको हुनुपर्छ, सार्वजनिक रूपमा जानकारी दिनुपर्छ कि फलानो समूह/आठ दल यसरी बसिरहेको छ, यसरी यस्तो सहमति भयो, दूरी मेटाइयो भन्नुपर्छ। नचाहिने हो भने सिधै संविधानसभामा पुग्न आवश्यक सम्झौताहरू गर्न सकिन्छ। अन्तरिम सरकार र अन्तरिम संविधान भनिँदैछ, सम्झौतालाई आधार बनाएर जान सकिन्छ, अन्य द्वन्द्वग्रस्त देशमा त्यही भएको छ। विद्रोही यो सभामा जादैन्, तसर्थ उसलाई ल्याउन सभा खोजिएको हो। यो प्रतिनिधिसभाको प्रश्नै होइन, यसमाथि कसैले प्रश्न नै गरेको छैन। जब आन्दोलनले यसलाई ब्युझायो भने यसको आफ्नै अस्तित्व र

मान्यता होला । प्रश्नचाहिँ यसमा माओवादी नभएको हो, त्यो अपूर्णता या लापरवाही कसका कारणले हो ? तपाईंले वैकल्पिक संसद् खडा गरिदिन्छु भन्नुभएको छ, तर आफ्नो संसद् चलाइरहनु हुन्छ, उसलाई बस्ने ठाउँ दिनुहुन्न ।

म पनि शान्ति प्रक्रियामा 'अब्जर्भर' भएर रहेको मान्छे, नेता-नेता मिलेर सबै कुरा ठीक हुन्छ भन्ने पद्धति ठीक होइन । राज्य संरचना बनाउनुपर्‍यो । अहिले दुइटा वार्ता समितिबाहेक राज्यको औपचारिक संरचना नै छैन । प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र प्रचण्डबीच भेट हुने भनेको पनि सम्बन्धित पार्टी या सरकार प्रमुखको नाताले त्यहाँ गएर एउटा संगठनको ढाँचाबाट मान्यता दिलाएर ल्याउने हो, दुई नेतामात्र नेता बसेर त सहमति हुँदैन, सहमतिलाई कही न कही विधिसम्मत बनाउनुपर्‍यो नि । तर, यहाँ नेता भेट्यो, सहमति भयो, सबै भयो । राज्यमा दुई वार्ता टोलीबाहेक संरचना नै छैन, त्यो पनि अर्कै किसिमको भइसकेको छ- माओवादीले १० सदस्यीय बनायो, सरकारका तर्फबाट तीन सदस्यीय नै छ । अनौपचारिक वार्तामा मात्र बसिरहेको छ, औपचारिकलाई के अफ्टेरो पर्‍यो भन्ने छैन । शिखर वार्ता 'निर्दलकालमा बहुदल आयो' भने जस्तो छ, आएको छ....छ....छ, निर्दलबाट बहुदल आउन २९ वर्ष लाग्यो । त्यस्तै हालत शिखर वार्ताको छ । तसर्थ यो ढिलाई जनआन्दोलनको भावनाविरुद्ध घात हो । तसर्थ हामी निर्वाचन पद्धति, सदस्य संख्या, प्रतिनिधित्वको किसिमको कुरा गरिरहेका छौं । तर, तपाईंले एउटा निकाय बनाउनु भएन भने हामी त जनमतमात्र बनाउने न हो । म किन नबोलेको हुँ भने चाहे घघरान अनुसन्धानकर्ता या प्राज्ञले प्रतिवेदन दिऊन्, चाहे नागरिकले देओस्, त्यो केवल सामान्य प्रतिवेदन मात्र हो । तर, दल सहमत भएर सरकारले ग्रहण गर्नु पर्छ कि पर्दैन ? आखिर राज्यमै पुग्नुपर्छ, जबसम्म राज्यले त्यसलाई स्वीकार गर्दैन त्यो केही हुँदैन । जनमतमात्र हुन्छ । हो, जनमतको बल चाहिँ धेरै पक्षमा भयो भने सरकार या दलहरूले हार्न सक्दैनन, प्रतिवेदन स्वीकार गर्नुपर्छ । जस्तै अहिले संविधानसभा नचाहे पनि स्वीकार गर्नु परेको छ ।

यी सब परिप्रेक्षमा सबैभन्दा पहिला राज्यले वार्ता गर्ने संरचनालाई सबलीकरण र सुदृढीकरण गर्नुपर्‍यो । अनि दुई वार्ता टोलीले अन्तरिम संविधान बुझेको छ, त्यसबारे के भइरहेको छ सूचना दिनुपर्‍यो । अनिश्चितकालका लागि दिइएको होइन । यी सब आजको मुख्य सरोकारको विषय हो । अस्तव्यस्तताबाट हामी कहीँ पुग्नै नखोजेको हो कि जस्तो लाग्छ । सत्तामा गएपछि सत्तैमात्र एक लक्ष्य भन्ने हिजोको दुसंस्कृतिबाट जनआन्दोलनपछि पनि ग्रसित हुन नसकोस् । म त्यो निष्कर्षमा पुगिसकेको छैन । जनआन्दोलनबाट बनेको सरकार भएकाले यो सरकारको कमिकमजोरी औंल्याउने हक मेरो पनि छ । यसले शान्ति प्रक्रिया अगाडि बढाउनुपर्छ । विद्रोहीको सर्वोच्च नेताले प्रधानमन्त्रीलाई भेटिरहेको छ, तर त्यतिले पुग्दैन । राज्यकै संरचना बनाउनुपर्छ । धेरै अन्तर्राष्ट्रिय विज्ञहरूबीच गृहमन्त्री र वार्ता टोलीको संयोजक एकै जना हुन सक्छ कि सक्दैन भन्ने प्रश्न पनि आइरहेको छ । गृह हेर्ने मन्त्रीलाई वार्तामा समय पुगेन कि । तसर्थ यी जनमानसमा भएका सबै प्रश्नको बारेमा विज्ञ र समाजका वरिष्ठ नागरिकले सोचिदिनुस्, सरकारलाई मार्गदर्शन र विश्वास दिनुस् । अप्ठ्यारो छ भने भन्नुपर्‍यो, हामी सबै गर्न तयार छौं । होइन, सधैं



'पर्प्युयोचेड' गर्ने हो भने हामीले प्रश्न गर्नुपर्ने हुन्छ-जनआन्दोलनपछिको सरकारको विधि, स्रोत र आधार के हो ? उसले काम गर्छ कि गर्दैन ? काम नगर्नासाथ हामी पुरानो संविधानमा फर्कन सक्ने स्थितिमा छैनौं, अन्तरिम संविधान बनेको छैन । अनि एकमात्र आधार सीधै सम्झौता गरी अलमल नगरी संविधानसभामा पुग्नुपर्छ, आवश्यक कुरा लिएर त्यहाँ पुगेपछि सबै कुराको छिनोफानो संविधानसभाले गर्छ । संविधानसभाले गर्ने निर्णय जस्तो राम्रो मलाई अरू केही लाग्दैन ।

**रमेश थापा, प्रतिनिधि– नेपाल मजदुर किसान पार्टी**

यहाँ छलफल भइरहेको विषयले राजनीतिक दलबीच सहमतिमा पुग्न सघाउ पुर्‍याउने मेरो ठम्याइ छ । यो विषयमा अलि ढिलो छलफल भइरहेको महसुस भइरहेको छ । अगाडि नै विशेषज्ञहरूबाट दलका प्रतिनिधिसमेत राखेर यो विषयको फाइदा/बेफाइदाको व्याख्या गरिदिएको भए दलहरूलाई एकमत हुन धेरै सजिलो हुने थियो ।

अन्तरिम संविधान मस्यौदा समितिले पार्टीको धारणाहरू मागेकाले पनि अन्तरिम संविधान 'डेडलक' मा परेको महसुस मैले गरेको छु । विभिन्न पार्टीको विभिन्न धारणा गएको छ । दलहरूले केन्द्रीय समिति, सचिवालय, स्थायी समिति बैठकबाट दिएको सुझाव फेर्न पार्टीहरूलाई गाह्रो पर्दछ । पार्टी संरचना, निर्णय प्रक्रियाको कुरा आउँछ । मेरो पार्टीले सुझाव दिइसकेको स्थिति छ, एक जना केन्द्रीय नेताले चाहँदैमा फेर्न सकिने स्थिति छैन । समितिले धारणा माग्नुभन्दा अघि नै मस्यौदा समितिले सात दल र माओवादीसित छलफल गरेर चार वटा बुँदामा तपाईंहरू सहमत भएर आउनुस् भनेको भए राम्रो हुने थियो । अहिले मस्यौदा संविधान हेर्दा सहमतिको भन्दा असहमतिको बुँदा बढी देखिन्छ- 'समाजवादी गणतन्त्र, लोकतान्त्रिक गणतन्त्र, गणतन्त्र उन्मुख आदिआदि । पार्टीले निर्णय गरेर सुझाव दिइसकेको अवस्था भएकाले व्यक्तिगत रूपमा आफ्नो धारणा राख्न म उपयुक्त ठान्दिनँ ।'

मुलुकको अवस्थाबारे दमन दाइले विस्तृतमा धेरै कुरा राख्नुभयो, उहाँको धेरै कुरासँग म पनि सहमत छु । हामीले एउटा सामन्त वा सामन्तवादका विरुद्ध आन्दोलन गर्‍यौं, तर नयाँ-नयाँ सामन्त जन्मिए भन्ने महसुस नागरिक समाज र पार्टीहरूले पनि गरेका छन् । सात दलबीच आजकल कुनै मुद्दामा राम्ररी छलफल हुन सकिरहेको छैन । कतिपय कुरामा ठूला दलमा 'मैले भने पछि यो हुन्छ' भन्ने मानसिकता पलाएको अवस्था पनि छ । असार २ गतेको आठबुँदे समझदारीलाई हेर्‍यो भने यो देशमा सरकार (दमन दाइले पनि उठाइसकेको) छ कि छैन भन्ने स्थिति छ । सरकार प्रमुख गिरिजाप्रसाद कोइराला र माओवादी नेता प्रचण्डले हस्ताक्षर गरेको पत्रमा 'पुनस्थापित प्रतिनिधिसभा बराबर जनसरकार छ, जनअदालत छ'लाई स्पष्ट रूपमा मान्यता दिइसकेको अवस्था छ । कि हस्ताक्षर गर्नुअघि 'यसलाई कसरी लाने' भनेर छलफल गर्नुपर्छ ।

अहिले मन्त्रीहरूको भाषण सुनिन्छ-माओवादीले कर उठाइरहेको छ, जनअदालत चलायो आदिआदि । आठबुँदेमा यो कुरालाई मान्यता दिइसकिएको छ । हामीले संसद विघटन गर्ने, त्यसपछि जनसरकार विघटन गर्ने भनेर दुई वटा

सरकारको अस्तित्व देखाइएको छ । छलफल नै नगरी हतारमा हस्ताक्षर गर्ने र पछि पछुताउ गर्ने जस्ता कुराहरू भइरहेको छ ।

आज यहाँ प्रस्तुत अवधारणा धेरै अध्ययन गरेर ल्याइएको रहेछ । हाम्रो पार्टीले १६ वर्षका लाई मताधिकार दिनुपर्छ भनेर स्पष्ट सुझाव दिए पनि यो अवधारणामा नदिएको भनिएकाले सच्याउन आग्रह गर्दछु । अरू विषयमा पार्टीको दृष्टिकोण यसैमा स्पष्ट छ ।

**मनमोहन भट्टराई, नेपाली कांग्रेस** (**प्रजातान्त्रिक**)

बडो असजिलो अवस्थामा छु, प्रज्ञा मेरो विषय नै होइन । ज्ञान भन्ने कुरा मेरो अस्तित्वको सबैभन्दा कमजोर पक्ष हो । त्यसमाथि विधिविज्ञान भनेको म जान्दै जान्दिनँ । राजनीति गर्नका लागि यी सबै कुराको आवश्यकता छ भनेर मेरी आमाले कहिल्यै सिकाउनु पनि भएन । विवेक, संवेदनशीलता, चेतना, करुणा आफूभित्र कसले बनायो त्यो पनि मलाई थाहा छैन-परमात्माले बनाएर पठायो या यही सिक्दै आए । त्यसैले मलाई यो दिशामा डोऱ्याएको हो । तसर्थ यो कागजमाथि दुई कारणले धेरै टिप्पणी गर्न सक्दिनँ । एउटा कारण, हामीले आफ्ना सोचहरू पहिले नै बुझाइसकेका हौं, अन्तरिम विधान निर्माताहरूलाई । मलाई यो पनि ज्ञान थिएन- अन्तरिम विधान निर्माताहरूले ७० पृष्ठको विधान बनाउनुहुन्छ भन्ने र भारतमोहनजीको भाषामा '८० प्रतिशत पूर्ण' भन्ने । कुनै पनि संविधानबाट एक प्रतिशत पनि कुरा झिकिदियो भने त्यो लंगडो हुन्छ । पञ्चायतले जतिसुकै सुन्दर संविधान बनाए पनि 'तैले दल खोल्न पाउँदैनस्, तेरो व्यक्तिगत स्वतन्त्रता छैन' भनेको कारणले हामीले युद्ध र लडाइँ गर्नुपऱ्यो र, बहुदल स्थापना गर्नुपऱ्यो । ८० प्रतिशत र २० प्रतिशत विभाजनको कुरामा दमन दाइजस्तो प्राज्ञ विद्वानको तर्कसँग म सहमत नहुने कुरै भएन ।

हामीले जे दियौं, कतिपय कुरा नेमकिपाका मित्रले भने जस्तै उल्लेख छैन, उल्लेख छैन भनियो । मैले अघिनै भने-कतिपय कुराहरू दर्शनको कुरा बोलिन्छ, प्राविधिकहरूलाई संविधान बनाउनुस् भनेर दिइएको हो, सबै कुरा उल्लेख हुँदैन् ।

उल्लेख कसरी गर्नुपर्छ भन्ने कुरा त संसारभर कसरी प्रजातान्त्रिक संविधान बनेका छन्, आन्दोलनको 'स्पिरिट' के थियो भन्नेमा भर पर्छ भनेरै आन्दोलनकै क्रममा जेल बसेका मर्मज्ञहरूलाई जिम्मामा लगाइएको हो । अहिले आएर अनुसन्धान गर्ने मानिसहरूले कतिपय मुद्दा उल्लेख छैन भन्नुको कमजोरी अनुसन्धान गर्नेको म ठान्दिनँ, संविधान निर्मातालाई नै मैले प्रश्न गर्नुपर्ने हुन्छ । लक्ष्मण सर मेरो सम्मानित हुनुहुन्छ ।

यहाँ आएका कुरामा जाऊ या कागजभित्र जाऊ ? कागजभित्र जाने हैसियत मेरो छैन । अर्को बैठक बसेर अन्तरिम संविधानबारे मेरो पार्टीले छलफल गरिसकेको छैन । अनुसन्धानकर्ताहरूको छलफलको आधारमा मेरो व्यक्तिगत धारणा बन्न सक्छ, तर मलाई यहाँ जसरी नेका प्रजातान्त्रिकको प्रतिनिधिका रूपमा प्रस्तुत गरिएकाले म कागजभित्र बसेर धेरै कुरा गर्न सक्दिनँ । प्रश्न घुमिफिरी राजनीतिक समस्यामै आउँदो रहेछ र त्यसैको कुरा भइरहेको छ । संविधानसभाका कुरा उठे, माओवादीले



त्यसलाई स्वीकार गरेकाले आन्दोलन भयो, १२ बुँदे, ८ बुँदे र २५ बुँदे सहमति भयो । धेरै बुँदामा सहमति भयो, केही लिखित भए केही अलिखित भए । केही हाम्रो जानकारीमा आयो, केही जानकारीमै आएन । अहिले पनि प्रधानमन्त्री भनिरहनुभएको छ कि 'उसको नेता र मेराबीचमा जे-जे सम्झौता भएको छ, त्यसअनुसार काम हुन्छ, अरू-अरूले कहाँ-कहाँ के-के बोलिरहन्छ त्यो सित मेरो सरोकार छैन ।' त्यो प्रवृत्तिको पक्षमा पनि म जान सक्दिनँ, म मुस्किलमा छु ।

म सार्वजनिक यातायातमा हिँड्ने मान्छे- 'यो गर्मीमा कोट त्यसमाथि टाई लगाएर तपाईंहरू सामु उपस्थित हुनुपर्ने कारण थिएन । तर आज बिहान होटल याक एण्ड यतीमा बर्मिजहरूसँग भेटघाट भयो, नेपालको १९ दिने लामो जनआन्दोलनबाट बडो उत्साहित भएछन्, हाम्रो आङसाङ सुकी बसेको त ११ वर्ष भयो अहिलेसम्म केही आएन ।' केही आयोजना हुन सक्छ कि भनेर केही मित्रहरूबीच छलफल गर्ने क्रममा (यस्तै सिकाइएको छ, बुझिएको छ, जानिएको छ) त्यहाँ जानुपऱ्यो । त्यहाँबाट यहाँ आउँदा गोलार्द्ध नै फेरियो कि भन्ने लाग्यो । हामी प्रजातन्त्र आइसकेपछि अन्योलमा छौं । उनीहरू आङसाङ सुकीमात्र छुटे पनि सम्पूर्ण समस्याको समाधान हुन्छ भन्ठान्छन् । समस्या त आखिर त्यही रहन्छ, जुन समस्यासँग आज हामी जुध्दैछौं । अन्तरिम संविधान पनि ल्याइसक्यौं, सबैको अठोट संविधानसभामा छ, कोही एक पाइला पछाडि हट्ने मुडमा छैन । तर, बाहिर-बाहिर सुनिन्छ कि अब संविधानसभा नहुने खतरा आएको छ भनेर । वार्ताको गति शिथिल भयो भन्ने विषय पनि उठेको छ । त्यति द्रुत हुने अवस्था पनि छैन ।

दमन दाइले अत्यन्तै 'भ्यालिड' प्रश्न गर्नुभयो- यो सरकारको राजनीतिक शक्तिको स्रोत के, यो सरकार हुनु या अस्तित्वमा आउनुको स्रोत के हो ?

त्यसो त माओवादी भन्ने पार्टीले मागेको कुरा दिनुपर्ने कारण खोज्दा माओवादीको अस्तित्वको स्रोत के, बन्दुक हो ? 'पपुलर म्यान्डेट' हो ? के माओवादीको आन्दोलन मात्र जनआन्दोलन हो ? के राजाको सत्ताविरुद्ध मात्र जनआन्दोलन भएको हो ? माओवादीबाट त्रसित मानिसहरूबाट प्रताडनाको खोजी त्यो जनआन्दोलनको खोजी थिएन ? स्रोत खोज्दा त दुवैतिर असजिलो भेटिन्छ । कम से कम सरकारले त प्रतिनिधिसभा पुनःस्थापना गरेर मेरो स्रोत-संसद् हो, नागरिक हो, संसद्मा एक पटक चुनिएको हो- त्यस अर्थ हामी जनतालाई प्रतिनिधित्व गर्छौं भन्न सक्छ । जनसरकार, जनअदालतको स्रोत के ? अदालत छ, कानुन छैन । सजाय छ, विधि छैन । मान्छेले सजाय पाइरहेको छ, दण्ड व्यवस्थाको कुनै सिद्धान्त छैन । त्यसको स्रोत के हो ?

यत्रो मुस्किल छ मुलुकमा । १०/१५ हजारको हातमा रहेको हतियार ल्याएर टुँडिखेलमा फालिदिऊला, तर कमरेड प्रचण्डमा दुई जनालाई जागिर ख्वाउने तागत छैन । यो सत्यता हो । म अलि राजनीतिमा बहकिए, मैले अघिनै क्षमा मागिसके कि विधिविज्ञान मेरो क्षमता होइन् भनेर । कमरेड प्रचण्ड यो मुलुकको प्रमुख प्रशासक हुने हो भने कम्तीमा केही दिनका लागि यहाँका उद्योग सबै बन्द हुन्छन् । जसरी दमनदाइले आफ्नै मित्रको कुरा गर्नुभयो कि युनियन बनाउन नपाएकाले जसलाई डेरीमै गएर पिटियो । मजदुरले उत्पादन गर्दैन्, उत्पादन त मालिकले न गर्छ,

मजदुरको हातमा उद्योग सुम्पेर सुम्पिन्न, यहाँ उद्योग/व्यापार बन्द हुन्छ, विदेशी सहयोग बन्द हुन्छ। यस्तो हुने भएपछि टुँडिखेलको परिपरि (जहाँ बन्दुक थुपारिएको छ) परेड खेलाएर १५ हजार मानिसलाई थप पाल्न सक्ने स्थिति कमरेड प्रचण्डसँग छ भनिदिनुस्, म स्वीकार गर्दछु। होइन भने राजनीतिक प्याकेजको कुरा गर्ने भए प्रचण्डले अन्तर्राष्ट्रिय समुदाय, हामी, बहुदलवादमा विश्वास गर्ने पार्टीहरूलाई सुनाएर 'व्यक्तिगत स्वतन्त्रता यसरी सुनिश्चित गर्छु' भनेपछि सबैले स्वीकृतिको कागजमा सहीछाप गरेपछि कुनै बन्दुकको यहाँ आवश्यकता छैन। नेपाली सेनासँग डराउनुपर्ने कारण छैन, सेना संसद्मा आश्रित छ, संसद्ले पैसा दिएन भने सेना चल्दैन। सेनालाई मागेर, गुहारेर भए पनि अन्यत्रबाट हतियार ल्याउनुपर्छ, पोसाक र बुट ल्याइदिनुपर्छ। त्यो नभई सेना चल्दैन्। एकातिर 'लोयल्टी' र अर्कोतिर 'डिपेन्डेन्सी' हुँदैन। ऊ संसद्प्रति आश्रित हुन्छ भने त्यसैप्रति 'लोयल' हुन्छ। त्यसमा डराउनु पर्दैन्। अहिले १ लाख ७० हजारको संख्यामा फौज छ भने त्यसमा १५ हजार थपौँ भन्ने सम्झौता हुन सक्दछ। तर, त्यसका लागि थपिएका १५ हजारका लागि बजेट कहाँबाट ल्याउँछौं भनेर विश्वास दिलाउन हामीभन्दा प्रचण्डजी एक पाइला अगाडि बढ्नुपर्छ। एउटा साम्राज्यवादी, अर्को विस्तारवादी, अर्को हैकमवादी अर्को के वादी भनेर सबैलाई पन्छाउँदै लाने स्थिति नेपालको छैन। सेनाले किन बन्दुक ल्यायो, किन ट्रक ल्यायो भन्ने प्रश्न उठाउन पाइदैन्। आफैं बन्दुक उठाइरहनुभएका प्रचण्डले यो प्रश्न उठाएको भोलिपल्टै अर्को समस्या थपिन सक्छ, भरतकेशर सिंहले भनिसकेका छन्- 'शान्तिपूर्ण आन्दोलनले मुलुक धर्मसापेक्ष भएन भने हामी बन्दुक उठाउँछौं।' उठाउन सक्दैनन्, त्यो म जान्दछु। तर कोही निस्कने सम्भावना त रह्यो, यो परिवर्तनबाट आहत भएका मानिस पनि छन्। सतप्रतिशत मानिस यो परिवर्तनबाट खुसी छन् भनेर नसोचौं। यिनै बन्दुक त्यो हातमा पुग्यो भने के हुन्छ ? '**इन्टरनल सब्वर्सन**' का बेला के हुन्छ ? संक्रमणकालीन आतंक हरेक देशमा देखिएको छ, त्यस अवस्था आयो भने हामी कसरी व्यवस्थापन गर्छौं ? आदि कुराहरू छन्।

कात्तिक, मंसिर, वैशाखभित्र चुनाव गराउने कुरा आयो। १५ दिनभित्र अन्तरिम संविधान निर्माण गर्ने भनिएको थियो। अब संविधानसभा कात्तिकमा गराउने भनिरहेका छौं, आधिकारिक रूपमा नेकपा एमालेलाई प्रतिनिधित्व गर्ने साथीले भनिसक्नुभयो। उहाँहरू अहिले पनि अन्तिम जनगणना हेरिरहनुभएको छ।

एकातिर समावेशी लोकतन्त्रको कुरा भइरहेको छ, समावेशी लोकतन्त्रमा आ-आफ्नो समुदायको संख्या उहाँहरूले बताएको कुरा छ।

विदेशभन्दा बाहिर रहेकाले पनि मतदान गर्ने अधिकार पाउनुपर्छ भनियो। जनगणना नभई, नागरिकता नबाँडी संविधानसभा सम्भव छैन। जातीयता नछुट्याई समावेशीमा समानुपातिक प्रतिनिधित्व हुन सक्दैन्। क्षेत्रको विभाजन नभएसम्म कुन प्रकारको समानुपातिक प्रतिनिधित्व हुन्छ ? हुँदाहुँदा हामीले अर्को अन्योल थप्यौ-धर्म निरपेक्ष अब कतिलाई आफ्नो धर्म के हो भनेर खोज्नुपर्ने हुन्छ, मेरै घरमा खोज्नुपर्ने हुन्छ किनकी मेरी श्रीमती बुद्धिष्ट परिवारबाट आउनुभएको हो। म हिन्दु परिवारको ब्राम्हण पुत्र



हुँ। मेरा छोराहरूको धर्मको खोजी आजसम्म गरेनौ। तपाईंले निरपेक्ष्य भनेपछि एउटाले म बुद्धिष्ट, अर्कोले म हिन्दु भन्न सक्छ। अथवा क्रिस्चियन पनि भन्ला।

यति धेरै समस्याको समाधान एकै पटक हुँदैन, यो कात्तिक कात्तिक भनेर नअल्झौं। यही अन्तरिम संविधानलाई पूर्णता दिएर दुई तीन वर्षसम्म काम गर्छौं है, अहिले द्वन्द्वमा रहेका पक्षलाई समावेश गरेर भन्ने हुनुपर्छ। जसैजसै असजिलो पर्दै जाँदा त्यसै-त्यसै हामीहरू- संसद् छ, अर्को वैकल्पिक संसदीय व्यवस्था होला, आफ्नो काम चलाउँला भनौं। मैले त चार पृष्ठको संविधानले पुग्छ भनेर यही हलमा भनेको थिएँ, म १५ दिनमा संविधान बन्दैन भन्ने मानिस हो। चार पृष्ठको संविधानमा- भोलिको नेपालमा व्यक्ति र राज्यबीचको सम्बन्ध कस्तो हुने' भनेर व्याख्या गरिदिए मलाई पुग्छ, अरू कुरा मसिना कुरा चाहिएन। व्यक्ति कहाँ उभिन्छ र, राज्यसत्ता अर्थात शासन गर्न बसेको मानिसले व्यक्तिमाथि कतिसम्म हुकुम चलाउन सक्छ, व्यक्तिले उ माथि कतिसम्म औंला ठड्याउन सक्छ, बस यतिको व्याख्या भएदेखि मेरो संविधान पूरा हुन्छ। कृपया विद्हरू धेरै लामो नबनाउनुस्भन्दा पनि यतिको बनेको छ, साच्चिकै केही वर्षको समय लिएर जाने सहमति हाम्रोबीचमा भयो भने यसैलाई पूर्ण गरेर जाऊ।

**टंक राई, प्रतिनिधि, नेकपा माले**

मित्रहरूलाई धन्यवाद। अघिल्ला शृङ्खलाहरूमा भाग लिने अवसर गुमाएकोमा मलाई दुःख लागेको छ। आफूलाई अभागी ठानिरहेको छु।

हामीले वाममोर्चा र नेकपा (माले) का तर्फबाट अन्तरिम संविधान मस्यौदा समितिलाई सुझाव पठाएका थियौं, समयमा आइपुगेन होला। यस (अवधारणा) मा समावेश गरिएको रहेनछ। नचाहँदा-नचाहँदै जबरजस्ती संविधानसभामा घस्रिएर पुग्नु परेकाले पार्टीहरूलाई समस्या भएको हो, अरू केही होइन। दिल से भने जस्तै ठूला पार्टीहरू भित्रैदेखि चाहेर संविधानसभामा गएका होइनन्। सबैभन्दा ठूलो समस्या त्यहाँबाट भएको छ। त्यही कारण उनीहरू संविधानसभाको मिति तोक्दै हिँड्छन्, तर यसको प्रक्रिया र विधिबारे मौन बस्छन्। यथेष्ठ अन्तर्क्रिया, छलफल र गृहकार्य गर्दैनन्।

सेनाबारे मनमोहनजीले भन्नुभयो। मेरो केही भन्नु छैन सेनाका बारेमा। विश्वास गर्नुपर्छ। तर, यो आफ्नै रक्षामन्त्री र प्रधानमन्त्रीलाई बन्दी बनाउन सक्ने तहसम्मको विश्वसनीय रहेछ। कुन ऐन र कसको आदेशले आफ्नै प्रधानमन्त्री र रक्षामन्त्रीलाई बन्दी बनायो यो मैले जान्ने कुरा होइन्। मलाई त पुलिसले थुनेको हो, उसको अधिकार छ। राज्यले घोषणा गरेको संकटकालको अवज्ञा गर्दा मलाई राज्यले थुन्यो, म मानूला। तर, तिनैले खोज्ने या सेनाको विश्वसनीयता सुनिश्चित गर्ने हो, जसले रक्षामन्त्री र प्रधानमन्त्री भइसकेका व्यक्तिलाई घिच्याएर लगेर थुनेको थियो। यो कुरा हामीले नबिर्सौं भन्ने आग्रह गर्छु, यसलाई बिर्सियो भने सत्तामा पुग्ने बित्तिकै सारा संसार आफ्नो हो भन्ने ठान्यौं भने फेरि पनि त्यो दिन नआउला नभनौं।

अब म विषयमा प्रवेश गर्दछु, यसलाई गम्भीरतापूर्वक लिएको छु। साह्रै मेहनत गरेर यहाँ साथीहरूले प्रस्तुत गर्नुभएको छ, त्यसका निम्ति म धन्यवाद दिन

चाहन्छु। यहाँ प्रस्तुत अवधारणामा रहेका कुरा ठीक छन्, यसलाई मैले माने। तर, मैले जहाँ-जहाँ असहमति प्रकट गर्छु त्यसलाई मात्र असहमतिका रूपमा बुझिदिनु होला। (१) सम्पूर्ण रूपमा समानुपातिक प्रतिनिधित्व प्रणालीबाट निर्वाचन गराउनुपर्छ भन्ने कुरामा म असहमत छु किनभने नेपालका राजनीतिक पार्टीहरूको चरित्र तानाशाही प्रकृतिको छ। यिनले आफ्नो वरिपरि घुम्ने कार्यकर्तालाई मात्र प्राथमिकताको सूचीमा राख्छन्। (२) स्वतन्त्र उम्मेदवारहरूको उम्मेदवारीलाई यसले कठिन बनाई दिन्छ। (३) व्यक्तिगत लोकप्रियताको परीक्षण यसबाट हुँदैन। (४) प्रतिनिधिलाई सीधा चिन्ने अवसर मतदाताले पाउनुपर्ने चलन हाम्रो देशमा छ, समानुपातिक मात्र हुँदा मेरो प्रतिनिधि फलानो हो र फलानोमार्फत म संविधानसभा प्रभावित गर्छु भन्ने अवसरबाट आमजनता अर्थात मतदाता बञ्चित हुन्छन्। यही कारण पनि समानुपातिक प्रतिनिधित्व प्रणालीबाट मात्र गर्नु हुँदैन। (५) हाम्रो जनसंख्यामा मात्र नभई भूगोलमा पनि विविधता छ, भूगोलमा पनि विभेद छ। क्षेत्रीय र प्रादेशिक भेदभाव व्यापक छ। तसर्थ जनसंख्या प्राथमिक कुरा भए पनि भूगोलले पनि प्रतिनिधित्व पाउनुपर्छ। तसर्थ पनि यो प्रथा मात्र लगाउनुहुन्न। (६) राजनीतिक पार्टीका कार्यकर्ताहरू जो दूरदराजमा बसेर काम गरिरहेका छन्। मानौं दार्चुलामा बसेर नेकपा मालेको काम गरिरहेको व्यक्तिलाई केन्द्रमै रहेर सबै सूचीमा हुने भनेपछि त उसको पालो पछिमात्र आउने भयो। राष्ट्रिय रूपमा परिचित अनुहार अगाडि जाने छन्। तसर्थ दूरदराजमा काम गर्ने राजनीतिक कार्यकर्तालाई यो प्रणालीले निरूत्साहित गर्छ। र, (७) यसले केन्द्रीकृत प्रणालीलाई नै सबैभन्दा बढी जोड दिन्छ, जुन प्रणालीले गर्दा २ सय ३८ वर्षदेखि हामी प्रताडित छौं, देशको विकास भइरहेको छैन। यिनै कारणले गर्दा बहुमतीय प्रणालीबाट पनि निर्वाचन हुनै पर्छ भन्ने हाम्रो मान्यता छ। बहुमतीय प्रणालीका खराबीहरू पनि देखिएका हुन्, यसले समानुपातिक प्रतिनिधित्व गराउन सकेन, ७/८ लाख भोट ल्याउने पार्टीलाई पनि प्रतिनिधित्व गराएन। यस्ता कमीकमजोरीलाई क्षतिपूर्ति भराउन समानुपातिक प्रणाली अपनाउनुपर्छ। बहुमतीय प्रणालीबाट प्रतिनिधित्व हुन नसकेका अर्थात समानुपातिक प्रतिनिधित्व हुन नसकेकालाई समानुपातिक प्रणाली (सूची प्रणाली)बाट क्षतिपूर्ति गरेर हामीले अधिकतम रूपमा समावेशी संविधानसभाको रचना गर्नुपर्छ भन्ने मान्यता हाम्रो रहेको छ।

समानुपातिक प्रणालीमा जाँदा तपाईंहरूले १ लाख जनसंख्यालाई सीमा मान्नुभएको छ, हामीले ७५ हजारलाई लिनुपर्छ भनेका छौं। ७५ हजारलाई लिने बित्तिकै 'मार्जिनलाइज' जिल्लाको संख्या १० बाट ८ मा झर्छ। 'मार्जिनलाइज' जातिको कुरा गर्दा तपाईंले यहाँ ३६ जातिलाई 'मेजर' र ६५ लाई त्यसभन्दा तल भन्नुभएको छ, त्यो पनि १० तलमाथि पर्छ। यसले गर्दा धेरै जाति र सिमान्तकृत जिल्लाबाट प्रतिनिधित्व हुन सक्ने सम्भावनालाई बढोत्तरी गर्छ। यही कारण पनि जनसंख्या ७५ हजारलाई मान्नुपर्छ। ७५ हजारभन्दा कम जनसंख्या भएका जाति र जिल्लालाई सिमान्तकृत मान्नुपर्छ भन्ने हाम्रो धारणा छ। यसरी ७५ हजार जनसंख्या बराबर एक संख्या तोक्ने हो र नेपालको जनसंख्यालाई २ करोड ६० लाख मान्ने हो भने तीन सय ४७ सिटका लागि चुनाव हुनुपर्छ भन्ने हाम्रो राय छ। त्यसमध्ये १



सय ७३ सिटका लागि अहिले प्रतिनिधिसभाको निर्वाचन भए जस्तो गरी सम्पूर्ण देशलाई त्यति क्षेत्रमा बाँड्ने। त्यसका लागि जनसंख्यालाई आधार मान्ने। १ सय ७४ जनाका लागिचाहिँ समानुपातिक प्रणाली अपनाउने। समानुपातिक प्रणालीमा एकै भर्टिकल प्राथमिकताको लिस्टमा गयो भने एकै जाति, मान्यता प्राप्त व्यक्तिहरू आउने सम्भावना बढी हुन्छ, तसर्थ पाँच वटा सूची निर्धारण गर्नुपर्दछ। पाँच सूचीमा क्रमसः सामान्य, महिला, आदिवासी/जनजाति, दलित र सिमान्तकृतहरूको बनाउनुपर्छ। यसलाई समानुपातिक प्रतिनिधित्वको हिसावले अगाडि लानुपर्छ र, बहुमतीय प्रणालीबाट जुन-जुन सूचीमा पर्ने विजयी भइसकेका हुन्छन्, थप अरू सूचीबाट अरूलाई विजय घोषित गर्दै जानुपर्छ। अधिकभन्दा अधिकलाई समावेशी बनाउनुपर्छ भन्ने हाम्रो राय छ। हामी यो पाँचवटा सूचीमध्ये पनि महिलाको सूचीमा पहिलो नाम महिलाको हुन्छ हुन्छ, दोस्रो अरू कुनै सूचीमा पहिलो नाम महिलाको वनाउनुपर्छ। चुनिने अधिक सम्भावनाको सूचीमा पहिलो नम्बरमा महिलाको नाम पर्नुपर्छ भन्ने हाम्रो राय छ।

उमेरको कुरा गर्दा १६ वर्ष अर्थात तपाईंहरूको कुरालाई नै समर्थन गरेका छौं। १६ वर्षमा सम्पूर्ण दायित्वका लागि तयार भएको भनेर तपाईं अनुमतिपत्र दिनुहुन्छ, तर १८ वर्षमा पुगेपछिमात्र अधिकार दिने कुरा भइरहेको थियो, जुन द्वैध भयो। कि १८ वर्षमै नागरिकता दिने, जागिरका लागि योग्य मान्ने, कानुनअनुसार सजाय दिने गर्नुपर्‍यो होइन भने भोट दिने उमेर १६ वर्षमा झार्नुपर्‍यो।

आमनिर्वाचन पद्धतिबाट आइसकेपछि ७५ हजारभन्दा कम जनसंख्या भएका सिमान्तकृत जाति अझै बाँकी रहन्छन्। ती जातिमा पनि प्रतिनिधित्वको अधिकार छ। ३ सय ४७ को १० प्रतिशत अर्थात ३५ सिटचाहिँ उनीहरूका लागि संसदीय क्षेत्र निर्माण गरी बहुमतीय प्रणालीबाट निर्वाचन गराउनुपर्छ। त्यस्तै सम्पूर्ण सिट संख्याको १० प्रतिशत अर्थात ३८ जना विभिन्न पेसागत संगठन, बुद्धिजीवी, नागरिक समाजबाट लिनुपर्छ। अरू थप १० प्रतिशतचाहिँ सभाले मनोनयन गर्ने गरी सिमान्तकृत क्षेत्रबाट (सबै क्षेत्रमा नपर्ने सानो धार्मिक सप्रदाय, ओलाङचुङ गोलाजस्तो सिमान्तकृत प्रदेशहरूलगायत जसको प्रतिनिधित्व हुन सक्दैन) प्रतिनिधित्व गराएर जम्मा ४ सय ३८ सदस्य भएको संविधानसभाको निर्वाचन गरिनुपर्छ भन्ने हाम्रो राय रहेको छ।

पार्टीहरूको सन्दर्भमा बन्देज रहनुहुँदैन। जाति, क्षेत्रका नाममा संगठन खोल्न नपाउने व्यवस्था गरिनु मिल्दो कुरा होइन। क्षेत्रीय स्वायत्तताचाहिँ दिने, संघात्मक राज्यमा सबै पार्टीहरू सहमत हुने, कर्णाली प्रदेश हुँदैछ अनि कर्णाली मुक्तिमोर्चा खोल्न पाइँदैन भनेर मिल्दैन। कर्णालीको मुद्दालाई मात्र राजनीतिक विषय बनाएर लड्छु, राजनीतिमा आउँछु भन्नेले पाउनुपर्‍यो। नपाए द्विविधा हुन्छ।

निर्वाचन विधिको कुरा गर्दा निर्वाचनमा पूर्णतः समानुपातिक पद्धतिमा लाने भन्ने कुरा गलत छ। संविधानसभाको निर्वाचन अगावै संघीय संरचनामा देशलाई परिवर्तन गर्न सक्यौ भने संघ राज्यभित्र पूर्ण समानुपातिक गर्‍यो भने पनि भूगोलको प्रतिनिधित्व हुने सम्भावना रहन्छ, सानो क्षेत्र हुने भएकाले समानुपातिक गर्न सकिएला।

हामीले क्षतिपूर्ति प्रणालीको कुरा पनि गरेका छौं, यहाँ उल्लेख गरौं। 'रेज्युडेयल' भोटबाट पनि जित्ने प्रणाली स्थापित गर्नुपर्छ ता कि सानोभन्दा सानो पार्टीको पनि संविधानसभामा प्रतिनिधित्व होस्। यसो गरे संविधानसभा कम विवादास्पद बन्नेछ। यसर्थ हामीले दशमलव पछाडिको अंश (जस्तै १२ दसशमलव ३ प्रतिशत आयो भने १२ प्रतिशतको प्रतिनिधित्व हुने भयो सिट १, २ या ३ कति हुन्छ, त्योचाहिँ बहुमतीय प्रणालीबाट सबैभन्दा बढी भोट ल्याउने तर एक सिट पनि प्रतिनिधित्व गर्न नपाउने पार्टीलाई दिनुपर्दछ। सानोभन्दा सानो पार्टीको प्रतिनिधित्व होस् भनेर हामीले यस्तो प्रस्ताव अगाडि सारेका छौं। यसरी हामीले संविधानसभालाई समावेशी चरित्रको बनाउनुपर्छ। ५ वटा सूचीको कुरा गर्दा सबै सूचीमा (सामान्य, महिला, आदिवासी/जनजाति, दलित, सिमान्तकृत) महिलाको अनुपात ३३ प्रतिशत न्यूनतम सबैमा हुनुपर्छ,। आदिवासी/जनजाति र दलित सूचीको कुरा गर्दा तराई र पहाडको समानुपातिक प्रतिनिधित्व हुने हिसाबले सूची निर्माण हुनुपर्दछ भन्ने हाम्रो आग्रह हो।

**विन्देश्वरप्रसाद साह, नेपाल सद्भावना पार्टी**

फ्रिडम फोरमको साथीहरूलाई आभारसहित बधाई र शुभकामना दिन चाहन्छु, तपाईंहरूले इमान्दारपूर्वक यो विषयलाई खुराक पस्किनुभएको छ। १६ वर्ष उमेर हद र समानुपातिक निर्वाचन प्रणालीमा मेरो सहमति छ।

म आज मर्माहत छ पनि छु। संविधानसभाको कुरा गरिरहँदा यहाँ दमन दाइको उपस्थिति छ। ०४६ सालको जनआन्दोलनपछि गणेशमान सिंहलाई सुप्रिम कमान्डरको हैसियतले नागरिक अभिनन्दन गरियो, त्यस समारोहमा उहाँलाई हामीले भनेका थियौं- 'संविधानसभाको विषय किन नसोचेको, सम्झौताबाट राजनीतिक समस्याको निराकण हुँदैन।' तर त्यति बेला यो मुद्दा अगाडि सारिएन। म आज नियतमाथि प्रश्न उठाउन चाहन्छु। २१ औं शताब्दीमा मुलुकले सबै समस्याको निराकरण गर्न संविधानसभामा जान चाहेको छ। तर, यहाँ यसका विरुद्ध विभिन्न प्रपञ्च र षड्यन्त्र भइरहेको आशंका जनतामा देखिन्छ। यदि संविधानसभा हुन नदिने षड्यन्त्र भयो भने मुलुक असफल राष्ट्रतिर धकेलिने खतरा छ। तर, ००७ सालमा उठेको संविधानसभाको मुद्दा नटुंगिए जस्तै यो पटक पनि नहुने हो कि भन्ने शंका छ, यो मुलुकका लागि शुभ संकेत होइन। यसर्थ नियत ठीक हुनुपर्छ। भावी पुस्ताको आकांक्षा के हो भनेर बुझेर र स्वाभिमान राष्ट्रको रूपमा नेपाललाई राखिरहन पहल हुनुपर्छ। यद्यपि यस्तो भइरहेको अनुभूति हुन सकेको छैन। दमन दाइले आधारभूत सवाल उठाइसक्नुभएको छ, मनमा मेरो पनि पीडा त्यही हो। दमन दाइले बोलिसकेको कुरा म दोहोऱ्याउन चाहन्न।



**राजेन्द्र श्रेष्ठ, नेकपा एमाले**

एउटा कार्यक्रममा जानुपर्ने भएकाले मैले अलि चाँडो समय मागें। यहाँ प्रस्तुत अवधारणा र त्योसँग सम्बन्धित पुस्तक त मैले पढ्न पाएको छैन, तर समानुपातिक पद्धति ठीकै छ। उमेर १६ वर्ष पनि ठीक छ। संविधानसभाको संख्या ३ सय १ पनि ठीकै छ। राष्ट्रिय निर्वाचन क्षेत्र पनि अहिलेको सन्दर्भमा ठीक छ। र, संविधानसभाको निर्वाचन एक वर्षभित्र भनिएकामा चाहिँ समयसीमा घटाउनुपर्छ जस्तो मलाई लागेको छ। यो समय धेरै लामो भयो। अन्तरिम सरकार बनेको ६ महिनाभित्र संविधानसभाको निर्वाचन हुनुपर्छ। अन्तरिम सरकारको एकमात्र काम निर्वाचन गराउने हुनुपर्छ न कि अहिले त्रिभुवन विश्वविद्यालयको उपकुलपति नियुक्ति नभए जस्तै हुने सरुवा, बढुवा र नियुक्तिमा लाग्ने। माओवादी पनि नियुक्तिमा लाग्न सक्छ। तसर्थ अन्तरिम सरकारले एकमात्र काम संविधानसभाको निर्वाचन गराओस्।

अवधारणा धेरै राम्रो भए पनि अलि नमिले जस्तो लाग्यो। एक व्यक्ति एक मत भनेको समानुपातिक सँग बाँझिएको छ कि भन्ने कुरा यहाँ आयो। तपाईंहरूले ब्लक भोट पद्धतिलाई बहुसदस्यीयका रूपमा लिएकाले यस्तो कुरा आएको होला। समानुपातिक प्रतिनिधित्व प्रणाली अपनाइयो भने पनि एक व्यक्ति एक भोटबाट जान सकिन्छ। समानुपातिक प्रतिनिधित्व प्रणालीमा पार्टीको प्रतिनिधित्व भनियो भने एक व्यक्ति एक मत नै हुन्छ। ब्लक भोट त बहुमतीय प्रणाली हो। जस्तैः स्थानीय निर्वाचनमा चार जना सदस्य प्रत्येक वडामा चुनिन्छ, त्यो ब्लक भोट हो। यसमा त एकै पार्टीले बढी जितेको हुन्छ, जस्तै काठमाडौं महानगरपालिकामा यस्तै देखिन्छ। कतिपय ठाउँमा पार्टी ब्लक भोटभन्दा एक व्यक्ति उम्मेदवारको हिसाबले पनि जितिन्छ, त्यो पनि बहमुतीय हो, समानुपातिक भन्न मिल्दैन्। तसर्थ बहुसदस्यीय भएर पनि समानुपातिक हुने भनेको या मिश्रित समानुपातिक हो या त समानुपातिक हो या समानान्तर समानुपातिक या अर्ध समानुपातिक या एकल असंक्रमणीय मत प्रणाली पनि हुनसक्छ। जस्तैः नौ जना जित्ने ठाउँमा एक जना व्यक्तिले एक मत मात्र दिँदै गयो भने विभिन्न पार्टी, जातिका मानिसले जित्छ। तर ब्लक भोट भनेको समानुपातिक होइन, त्यसबाट प्रभावित भएर त्यस्तो ठानिएको हुनसक्छ। निर्वाचन पद्धतिको हिसाबले तपाईंहरूले उल्लेख गरेको मिलेन भन्ने मलाई लागेको छ।

पाँच सय मत लिने कुरा पनि गर्नुभएको छ। त्यो ठीकै हो। त्यसभन्दा राम्रोचाहिँ समानुपातिक पद्धतिमा व्यक्ति उठ्न पाउँदैन् भन्ने हुँदैन्, उनीहरूको अधिकार हनन हुँदैन्। जस्तै श्रीलंकामा स्वतन्त्र समूह छ, त्यसमा (न्यूनतम तीन जना भए प्याचअफ गरेर) हामी यसरी लडेकाले निर्वाचन चिन्ह पाउ भन्छन्। यसरी तपाईंले भने जस्तो ५ सय एक हजार आदि प्रकारले स्वतन्त्र समूह खडा हुन सक्छ, यसो भयो भनेमात्र समानुपातिक हुन सक्छ।

समावेशीको अर्थ धेरै छ। एक जना परशुनारायण राखे पनि फत्तेसिंह थारू राखे पनि समावेशी भयो। हाम्रो अन्तरिम संविधान मस्यौदा समितिले चाहिँ समावेशीमात्र नलेखी समानुपातिक समावेशी भन्ने शब्द लेखेको छ, यो ठीक शब्द हो भन्ने मलाई लागेको छ। न्यूनतम पाँचवटा जातीय समुदायको समानुपातिक समावेशी हुनुपर्‍यो। जस्तैः बाहुन/क्षेत्री, आदिवासी/जनजाति, दलित, मधेसी, मुस्लिमहरू। यी प्रत्येकमा महिला त हुनैपर्छ। पुरुष र महिला समान भनिसकेपछि महिलालाई मात्र ३३ प्रतिशत भन्नुभन्दा महिला या पुरुषमध्ये ३३ प्रतिशत हुनैपर्छ भनियो भने न्याय हुन्छ। अन्तिम लक्ष्य त समानुपातिक हुनुपर्छ, महिला र पुरुष आधा आधा हुनुपर्छ भन्ने लागेको छ।

क्षेत्रीय समावेशीकरणको कुरा गर्दा जिल्लाको अवधारणा पञ्चायती अवशेष हामीसँग बाँकी रहेको जस्तो लाग्यो। हामी प्रदेश संरचनामा जाने भन्दैछौं, प्रादेशिक संरचनामा सात दल-माओवादी सहमत छन्, उनीहरू सहमत हुने अनि जिल्ला ८ कि ९ भनेर किन हिसाब गर्ने ? बरु राष्ट्र नै निर्वाचन क्षेत्र हुने प्रणाली रहेकाले सबै ठाउँबाट अर्थात अहिले अञ्चललाई नै मान्दा त्यहाँबाट पनि हुनुपर्छ भन्नेचाहिँ वातावरण बनाउनुपर्‍यो, लिस्टमा। एकल सूची कि बहुसूची भन्नेमा प्रस्टता नभएर अलमल भएको देखिएको छ। विभिन्न प्रकारको सूची भएका देशहरू छन्। बोस्निया हर्जगोभिनामा तीनवटा सूची छ, प्रत्येक व्यक्तिले आ-आफ्नो जातिलाई मात्र भोट हाल्छ। त्यो बहुसूची प्रणाली हो। न्युजिल्यान्डमा पनि बहुसूची छ, तर प्रत्येक नागरिकले कुन सूचीमा मतदान गर्ने भन्नेचाहिँ पहिल्यै निर्क्योल गर्नुपर्छ, एउटा सूचीमा मतदान गर्नेले अर्कोमा गर्न पाउँदैन्।

प्रादेशिक संरचनामा गएपछि पार्टी संरचना पनि समावेशी हुनैपर्छ। यत्रो समावेशी लोकतन्त्रको मान्यता बोकेका पार्टीहरूले ६ सदस्यीय अन्तरिम संविधान मस्यौदा समिति गठन गर्दा समावेशीमा ध्यान दिएको देखिएन, जसलाई लक्षित गर्नुपर्ने हो त्यसको जरो नै समावेशी हुनुपर्छ। पार्टी संरचना समावेशी हुनुपर्छ-पाँच समुदाय, प्रत्येक प्रदेशबाट समानुपातिक प्रतिनिधित्व गराइयोस्, क्षेत्रीय पार्टीहरू गठन गर्न दिइयोस् र पुरुष वा महिला कम्तीमा ३३ प्रतिशत केन्द्रीय कमिटीमा हुनै पर्छ। यति भए पार्टी सन्तुलित हुन्छ, राज्य संचालनमा पनि यसको अभिव्यक्ति हुनेछ।

**सहजीकरण गर्दै तारानाथ दाहाल**

निर्वाचन पद्धतिको कुरा गर्दा दुई वटा मानसिकतामा हामी अल्झिरहेका छौं। हामी संविधानसभाको निर्वाचनपछि राज्य पुनःसंरचना गर्दैछौं या संविधानसभा अघि नै। यो मूलभूत सैद्धान्तिक प्रश्नको छिनोफानो पार्टीहरूले गर्नु जरुरी छ। हामीले चाहिँ पुनःसंरचना गर्ने संविधानसभाले हो भन्ने हिसाबले विचारहरू राख्दै आएका छौं।

प्रतिनिधित्व व्यापक पार्नमात्र हामीले जिल्लालाई प्रतिनिधित्व गराएको हो। सिमान्त जिल्ला प्रदेश भैसकेको छैन, त्यो क्षेत्रलाई प्रतिनिधित्व गर्ने आधारका रूपमा मात्र हामीले हाम्रो पुस्तकमा प्रस्टीकरण गरेका छौं। कुनै न कुनै आधारबाट क्षेत्र



*'हाम्रो अन्तरिम संविधान मस्यौदा समितिले चाहिँ समावेशीमात्र नलेखी समानुपातिक समावेशी भन्ने शब्द लेखेको छ, यो ठीक शब्द हो भन्ने मलाई लागेको छ। न्यूनतम पाँच वटा जातीय समुदायको समानुपातिक समावेशी हुनुपर्‍यो'*

नछुटोस् भन्ने मनसायमात्र हाम्रो हो। 'सिंगल कन्ट्री' निर्वाचन क्षेत्र नै हाम्रो 'मोडल' हो। समानुपातिक गर्नका लागि यो नै जरुरी छ, नत्र समानुपातिक हुँदैहुँदैन्।

हामी संसदीय चुनावमा कुन मोडल अपनाइएको रहेछ भनेर संसारका अनुभव पढेर यहाँचाहिँ संविधानसभाका लागि सोच्दा रहेछौं। संविधानसभाको निर्वाचन र संसद्को निर्वाचनमा आकाश र जमिन अन्तर छ। अघि टंक सरले भनेको ज्वलन्त समस्या हुन्, तर ती संविधानसभाको नभई संसद्को हो। संविधानसभा र संसद्को निर्वाचनलाई हाम्रो दिमागमा अलग हुनुपर्छ। हामी पहिला यहाँ भएका प्रतिनिधिसभा निर्वाचन र स्थानीय निर्वाचनलाई दिमागमा राखेर संविधानसभाको कुरा गर्दा रहेछौं र, अलमलिदा रहेछौं। संविधानसभापछि राज्य संरचनामा जाने हो या आधारभूत सहमति बनाएर नयाँ मोडलमा संविधानसभाको निर्वाचनमा जाने हो भन्ने निर्क्योल नभएसम्म प्रस्तावित मोडललाई अनुमोदन गर्न गाह्रो छ। त्यही अप्ठ्यारोको बीचमा अध्ययन गरेर हामीले यहाँहरू सामु प्रस्तुत गरेका हौं। यसले एउटा आधारमात्र दिने हो। विस्तृतका लागि किताब (राजेन्द्र सरले पाउनुभएको छैन होला) हामी अहिले उपलब्ध गराउँछौं, नपाएकाहरूलाई। केही बाँकी कुरा राख्न म मिश्र सरलाई समय दिन्छु र आजको शृङ्खला अन्त्य गर्दछु।

**अवधारणामाथि उठेका प्रश्नको जवाफ दिंदैं प्रा.डा. वीरेन्द्र मिश्र**

धेरै कुरा सुन्न पाइयो। राजेन्द्रजी र टंकजीहरूले अध्ययन गर्नुभएको रहेछ। व्यावहारिक पक्षलाई हेरेर समानुपातिक प्रतिनिधित्व प्रणालीको हामीले वकालत गरेका हौं। त्यसमा भएको कमजोरीलाई पूर्ति गर्न मात्र हामीले अरू तीन वटा विकल्प राखेका छौं। यहाँ भनियो मिश्रित प्रणाली, यसमा समानान्तर (२० देशमा लागू) र सहुलियत (जर्मनीलगायत सात मुलुकमा लागू) पद्धति छ। दुई वटा पद्धति एकै पटक लागू गर्दा मतदातालाई ज्यादै गाह्रो हुन्छ। जर्मनमा एकै चोटी दुई वटा मतपत्रमा दुई वटा सूची हुन्छ, त्यसमा छानेर टिक लगाउनुपर्छ, हामी कहाँ त्यो हुनै सक्दैन्। हामी कहाँ कि दुई वटा मतदान केन्द्र बनाउनुपर्छ। जहाँ ४० प्रतिशत मानिस अशिक्षित छन, त्यो कुरा लागू हुनै सक्दैन। मिश्रित पद्धतिमा अन्तर्निहित कुरा चाहिँ दुवै पद्धतिको कमजोरीलाई अंगालेको हुन्छ, हुन त फाइदा पनि अंगाल्दछ, तर कमजोरी बढी भए पछि त्यसबाट

*'संविधानसभा कात्तिकभन्दा उता जान हुन्न भन्छु। नागरिकता समस्या देखाएर रोक्नु हुन्न'*

समाधान निस्कन सक्दैन् । समानान्तर पद्धति अर्थात मिश्रित पद्धति (एमएमपी) बाट समान प्रतिनिधित्व हुन सक्दैन् । यसबाट त पुरानो कमजोरीको पुनरावृत्ति हुन्छ । जनतालाई बुझाउन पनि गाह्रो छ ।

नागरिकताको प्रश्न उठ्यो । म त संविधानसभा कात्तिकभन्दा उता जान हुन्न भन्छु । नागरिकता समस्या देखाएर रोक्नु हुन्न । नागरिक हुनु, मतदाता हुनु फरक कुरा हो । नागरिकताको समस्या रहेकै समय ०४८, ०५१, ०५४, ०५६ सालमा अनागरिकले मतदान गरेका थिए त ? त्यसो हो भने सबै निर्वाचन अवैध हुन जान्छ । समस्या हाम्रो मानसिकतामा छ । एकातिर नागरिकता बाँड्न दिऊ, सयौं वर्षदेखि बसोवास गरेकाले नागरिकता नपाउने भन्ने हुन्छ र ? मैले ०२१ सालमा नागरिकता लिए, पीएचडीका लागि आवेदन गर्न । आठ वर्षपछि बुबाले लिनुभयो, १२ वर्षपछि आमाले लिनुभयो, त्यसअघि उहाँहरू अनागरिक हुनुहुन्थ्यो र ? म मान्दिनँ, यो बेकुपतर्क बाहेक केही होइन् । जुन गाउँमा बसेका छन्, उमेर पुगेकालाई मतदान गर्न दिऊँ ।

हामीले एकपटक मतदाना नामावली तयार पर्नै पर्छ, यथार्थ र वास्तविकताका लागि । यसका लागि निर्वाचन आयोगलाई तीन महिनाको समय भए पुग्छ । आगामी जेठमा संविधानसभा हुन सक्छ भन्नेमा म विश्वस्त छु । चाहिएको केबल संकल्पमात्र हो ।

◆◆



# अन्तरिम संविधान र संविधानसभा

■ अवधारणा : काशीराज दाहाल
■ टिप्पणी : सीपी मैनाली, राजेन्द्र महतो, मीनेन्द्र रिजाल, अर्जुननरसिंह केसी, भरतमोहन अधिकारी र निलाम्बर आचार्य

मुलुक संविधानसभामा जाने राजनीतिक सहमति बनिसकेको छ । यसलाई कार्यान्वयन गर्ने संयन्त्रले भने पूर्णता पाएको छैन । राजनीतिक सहमतिलाई संवैधानिक स्वरूपमा बदल्न बनेको अन्तरिम संविधान मस्यौदा समितिले निक्यौंल गर्न नसकेका विषयहरूलाई निकास दिनका लागि शीर्ष राजनीतिक नेतृत्वबीच वार्ता भइरहेको छ । अन्तरिम संविधानले पूर्णता नपाइकन विद्यमान राजनीतिक अवस्थाले गति लिन सक्दैन भने यसको पूर्णताबिना संविधानसभाले मूर्तता प्राप्त गर्न सक्दैन । यसै पृष्ठभूमिमा यो अन्योलको अवस्थालाई निकाश दिन सकारात्मक पहल हुने ठानी लोकतन्त्र, मानव अधिकार, प्रेस स्वतन्त्रता र राष्ट्रको समविकासमा समर्पित, नीति अनुसन्धान तथा वकालतकर्ता प्राज्ञिक समुदायको साझा प्रयास स्वरूप स्थापित **फ्रिडम फोरम**ले **अन्तरिम संविधान र संविधानसभा** विषयमा छलफल आयोजना गरेको हो ।

फोरमले "समावेशी लोकतन्त्रको स्वरूप र संरचना" मा बहस शृङ्खलाहरू चलाउँदै आएको छ । त्यही क्रममा १५ कातिक २०६३ (१ नोभेम्बर २००६) का दिन बबरमहलस्थित साफ फल्चामा शृङ्खला-१९ अन्तर्गत यो बहस गरिएको हो । राजनीतिक दलका शीर्ष नेताहरू, प्रतिनिधिहरू, नागरिक समाजका प्रतिनिधिहरू, अन्तरिम संविधान मस्यौदा समितिका सदस्यहरू, संविधानविद्/कानुनविज्ञ र राजनीतिशास्त्रीहरूबीच गहन छलफलका लागि कानुनविद् काशीराज दाहालबाट अवधारणा प्रस्तुत हुनेछ ।



## *प्रारम्भ*

### बहस प्रारम्भ गर्दै सहजकर्ता तारानाथ दाहाल

म युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समितिको सदस्य पनि छु। काठमाडौंमा नेकपा माओवादीले सञ्चालन गरिरहेको एउटा हिरासत रहेछ। त्यहाँबाट चार जना छुटाउने लक्ष्यमा गएकाले म यहाँ आउन १५ मिनेट ढिलो भयो। उनीहरूलाई रिहा गरेर दौडदै यहाँ आइपुगेको छु।

म यहाँहरूलाई हार्दिक स्वागत गर्न चाहन्छु। यहाँ धेरै पुराना सहभागीहरू हुनुहुन्छ, तर आज हामीले कार्यक्रमको मोडालिटी अलि परिवर्तन गरेका छौं-हामी गोलमेच केन्द्रित कार्यक्रम गर्थ्यौं, आज चाहिँ पहिलो पटक स्टेज केन्द्रित कार्यक्रम गरेका छौं। यसको कारण हो: नेतृत्व लिने पार्टीहरूले नै भए पनि उनीहरूलाई स्टेजचाहिँ अलि प्यारो हुन्छ। राजनीतिक दल र स्टेजको भावनात्मक र प्रवृत्तिगत सम्बन्ध भएकाले अनुभूति सहज होस् भन्ने लागेर यो रूप अपनायौं। तै पनि कार्यक्रमलाई पूर्णत अनौपचारिक रूपमा सञ्चालन गर्ने प्रयत्न गर्नेछु, जसले छलफललाई धेरै नै सहयोग पुग्नेछ। म सबै विशिष्ट आगन्तुकहरूलाई हार्दिक स्वागत गर्न चाहन्छु। फ्रिडम फोरमले सकेसम्म हरेक साता बहस चलाउने संस्कार थालेको करिब नौ महिना भयो। दसैं र तिहारको लामो बिदापछि आज हामी यहाँ छौं।

आजको विषय समसामयिक सन्दर्भमा छ-अन्तरिम संविधान र संविधानसभा। संविधानसभामा जाने राष्ट्रिय अठोट भए पनि अहिलेसम्म अन्तरिम संविधान जारी हुन सकेको छैन। सम्पूर्ण राजनीतिक समस्याको समाधानको निष्कर्षको रूपमा आउने दस्तावेज भनेकै अन्तरिम संविधान नै हो। शान्ति सम्झौता या आचारसंहिता चाहिँ यसको परिपूरक मात्र हो। अन्तरिम संविधान आउन ढिला भइरहेकाले त्यसमाथि छलफल गरियो भने नआउँदा पुगेको बाधामाथि चिन्तन र अप्ठ्यारा खोतल्न सक्नेछौं भनेर आज यो विषय छानिएको हो। यसमाथि अवधारणा प्रस्तुत गरिदिन र अवस्था चित्रण गरी छलफललाई सहज बनाउनका निम्ति कानुनविद् काशीराज दाहाललाई अनुरोध गरेका छौं। उहाँले आफ्नो प्रस्तुति यहाँ राख्नु हुनेछ, सर्वप्रथम म उहाँलाई आमन्त्रण गर्दछु। आज सबै राजनीतिक दललाई आमन्त्रण गरेका छौं, केही प्रतिनिधि आइसक्नु भएको छ भने केही आउने क्रममा हुनुहुन्छ। म उहाँहरूलाई पनि हार्दिक आमन्त्रण गर्दछु। स्वतन्त्र नागरिक जमातको प्रतिनिधित्व कसैले गर्न सक्दैन, तर स्वतन्त्र राजनीतिक चिन्तक निलाम्बर आचार्यलाई पनि आमन्त्रण गर्दछु। यहाँ उपस्थिति पार्टीका नेताहरूलाई आमन्त्रण गर्न चाहन्छु- नेपाली कांग्रेसका केन्द्रीय सदस्य अर्जुननरसिंह केसी, संयुक्त वाम मोर्चाका अध्यक्ष सीपी मैनालीलाई आमन्त्रण गर्दछु। अरू पार्टीका प्रतिनिधि आएपछि हामी आमन्त्रण गर्नेछौं,

एमालेका तर्फबाट भरतमोहन अधिकारी आउँदै हुनुहुन्छ। प्रजातान्त्रिक कांग्रेसबाट डा. मीनेन्द्र रिजाल आउँदै हुनुहुन्छ। सद्भावना आनन्दीदेवीका राजेन्द्र महतोलाई पनि आमन्त्रण गरेका छौं। त्यसैगरी माओवादीका देव गुरुङले पनि मसँग आउने प्रतिबद्धता जनाउनुभएको थियो, प्रतीक्षा गरौं।

विगतमा झैं आज पनि यहाँहरू सबैको विचार लिन्छौं। यो केबल एक पक्षीय हुँदैन, दुई पक्षीय बनाउँछौं। तसर्थ समयको व्यवस्थापन अलि कडा ढंगले गर्नुपर्ने छ, तसर्थ समयको सीमा बुझिदिन सबैलाई अनुरोध गर्दछु।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव सुनील प्रजापति आउनुभएको रहेछ, आजको विषयमाथि विचार राखीदिनु हुन काशीराज दाहाललाई हार्दिक अनुरोध गर्दछु।

◆◆



***अवधारणा***

## *अन्तरिम संविधान र संविधानसभा*

■ *काशीराज दाहाल*

**१ भूमिका**

संविधान निर्माण गर्ने विभिन्न प्रक्रियाहरूमध्ये संविधानसभा लोकतान्त्रिक विधि हो। संविधानसभाबाट निर्मित संविधान जनताको सहभागितामा बन्ने कारण त्यस्तो संविधानमा जनताको इच्छा र आकांक्षाको बढी प्रतिविम्ब हुन्छ भन्ने मानिन्छ। संविधान अन्य कानुन सरह जुनसुकै अवस्था र जहिलेसुकै पनि सामान्य तरिकाबाट बनि रहने कुरा हैन। यो त खास अवस्था र परिस्थितिमा जनताको अधिकारको संरक्षण र शासित र शासकको सम्बन्ध स्थापित गर्न बनाइने विषय हो। संविधानले जनताका चाहना र आकांक्षालाई आफूमा समाहित गर्न सकेन भने जनताले बाध्य भई विद्रोह र क्रान्तिको माध्यमबाट राज्यसत्ता परिवर्तन गर्न पुग्दछन्। संविधानलाई कसैको निहित स्वार्थ संरक्षण गर्ने सम्झौताको लिखतको रूपमा मात्र सीमित नबनाई जनताको व्यापक सहभागितामा जनता कै इच्छाको उपजको रूपमा निर्माण हुनसके मात्र त्यस्तो संविधान जनताको आस्था, विश्वास र भरोसाको मान्य आधार बन्न सक्दछ। अन्यथा मुलुक सधैं संविधान निर्माणको प्रयोगशाला बनिरहन्छ। नेपालमा मोहन शमशेरको घोषणादेखि वि.सं. २००७ साल फागुन ७ गते राजा त्रिभुवनको घोषणासम्मले संविधानसभाको प्रक्रियाद्वारा संविधान निर्माण गर्ने भनिए तापनि संविधानसभाको प्रक्रियाबाट आजसम्म कुनै संविधान बन्न सकेन। जनआन्दोलन-२ (२०६२/०६३) को परिणाम संविधानसभा, मुलुकको दिगो शान्ति, पुनःसंरचनासहित समावेशी राज्य व्यवस्था र प्रतिस्पर्धात्मक बहुदलिय लोकतान्त्रिक पद्धति आन्दोलनरत राजनीतिक शक्तिहरूको सहमतिको साझा आधार बन्न पुगेको छ। जनआन्दोलन-२ द्वारा पुनःस्थापित प्रतिनिधिसभाले संविधानसभामार्फत लोकतान्त्रिक संविधानको निर्माण गर्ने प्रस्ताव पारित गरेपश्चात संविधानसभा मुलुकको मूल विषय बन्न पुगेको छ। संविधानसभाको प्रक्रियाबाट नयाँ संविधानको निर्माणमा जनता जागरुक र आन्दोलित भइरहेको वर्तमान अवस्था छ। परिवर्तनका सम्बन्धमा निश्चित र स्पष्टरूपमा दिशा निर्देशित गरी आन्दोलनरत राजनीतिक शक्तिहरूले संविधानसभालाई सफल बनाउन अहम् भूमिका र महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्न सक्नुपरेको छ। 'अगुल्टोले हानेको कुकुर बिजुलीदेखि सधैं तर्सन्छ' भने झै संविधानसभा तुहिएको विगतको अनुभवले संविधानसभाको निर्वाचन नै नहुने हो कि भन्ने शङ्काहरू जनतामा रहिरहनु स्वाभाविकै हो। यदि समयमा नै संविधानसभाको निर्वाचन भई राज्यको पुनःसंरचना सहितको समावेशी लोकतान्त्रिक मान्यता अनुरूपको संविधान निर्माण गर्न ढिलाई भएमा मुलुकमा अनेकौं चुनौती, चलखेल र समस्याहरू आउने कुरामा पनि राजनीतिक शक्तिहरू सजग हुनु जरुरी छ

। संविधानसभालाई सहज र सफल रूपमा अवतरण गराउने दायित्व भनेको परिवर्तनकारी राजनीतिक दलहरूकै हो । नागरिक समाजले त केवल रखवारी र पहरेदारी गर्ने मात्र हो । संविधानसभाको सहज र सफल अवतरणमा कुनै अवरोध र अडचन आइपऱ्यो भने त्यसको दोषको महत्वपूर्ण हिस्सा राजनीतिक दलहरूमा नै जाने हुन्छ । त्यस तथ्यलाई राजनीतिक दलहरूले मनन गरी संविधानसभाको प्रक्रियालाई शीघ्रातिशीघ्र थालनी गर्नु आजको मुख्य आवश्यकता हो ।

**२. जनआन्दोलन-२ पछिका छ महिना**

जनआन्दोलन-२ पछि पुनःस्थापित प्रतिनिधिसभाले संविधानसभाबाट संविधान निर्माण गर्ने अठोट गरिसकेको भए पनि तिथि मितिसहितको कार्य अगाडि बढाउन निश्चित पूर्वाधार तयार गर्न नै छ महिना व्यतीत भइसकेको अवस्था देखिन्छ । यस छ महिनामा मूलतः देहायका क्षेत्रहरूमा देहायका कार्यहरू भएको देखिन्छ-

**क. प्रतिनिधिसभा सार्वभौमसत्ता सम्पन्न भएको घोषणा र राजाको भूमिका निश्क्रिय**

जनआन्दोलन-२ को परिणाम पुनःस्थापित प्रतिनिधिसभाले नेपाल अधिराज्यको संविधान, २०४७ को सर्वोच्चतालाई जनताले जनआन्दोलनको माध्यमद्वारा अमान्य र निस्तेज पारेको भन्ने अर्थमा जनआन्दोलनको तागत र शक्तिको पृष्ठभूमिमा विभिन्न कार्य गर्दै आएको देखिन्छ । संक्रमणकालको यस अवस्थामा सामान्य अवस्थाको जस्तो संविधानको सर्वोच्चता नरहेको भन्ने व्याख्या गरी सोही मान्यताको आधारमा मन्त्रिपरिषद्को गठन, प्रतिनिधिसभाको काम कारबाही, कानुन निर्माणको प्रक्रिया र व्यवस्थापन जस्ता कामहरू राजनीतिक आधारमा प्रतिनिधिसभाको घोषणा र संसदीय नियम र विभिन्न कानुनहरूमार्फत हुँदै आएको छ । प्रतिनिधिसभाको पुनःस्थापन र मन्त्रिपरिषद्को गठनपश्चातको यस छ महिनाको अवधिमा प्रतिनिधिसभाले संविधानसभाबाट नयाँ लोकतान्त्रिक संविधान निर्माण गर्ने प्रस्ताव पारित गरेको, राजाको राज्य संचालनमा कुनै भूमिका नरहने, राज्यका सबै अङ्ग र निकायहरूले प्रतिनिधिसभाबाट अधिकार पाएको मानि काम गर्नुपर्ने जस्तो दुरगामी प्रभाव राख्ने प्रतिनिधिसभाको घोषणा, २०६३ जारी गरेको छ । यस घोषणाको प्रतिकूल संविधानका व्यवस्था निष्प्रभावी र अमान्य भएको भन्ने आधारमा प्रतिनिधिसभा नियमावली, सकारको कार्यसम्पादन र कार्यविभाजन नियमावली जस्ता कानुनहरूको तर्जुमा गरी जनआन्दोलनको पृष्ठभूमिमा प्रतिनिधिसभा सार्वभौमसत्तासम्पन्न मानी सोही अनुरूप काम गर्दै आएको छ । ऐन कानुन बनाउने विधायिकी शक्तिबाट राजाको भूमिका हटाई प्रतिनिधिसभाको सभामुखले प्रमाणीकरण गरेपछि ऐन बन्ने समेतको व्यवस्था गरेको छ । यसरी कार्यकारिणी, व्यवस्थापिका र सेनाको सम्बन्ध राजाबाट अलग गरिएको छ । राजाको सम्पत्तिमा प्रचलित कानुन बमोजिम कर लाग्ने र राजा विरुद्ध अदालतमा प्रश्न उठाउन सक्ने समेतको व्यवस्था गरेको छ । राजगद्दी उत्तराधिकार सम्बन्धी ऐनको संशोधनमा मन्त्रिपरिषद्को निर्णय विवादास्पद भए पनि प्रतिनिधिसभाले यस अवधिमा राजाको राज्य संचालनमा कुनै भूमिका नरहेन गरी ऐन कानुनमा व्यापक परिवर्तन गरेको छ ।



**ख. जनआन्दोलन दबाउनेमाथि कारबाही गर्न जाँचबुझ समिति गठन र लोकतान्त्रिक मान्यता प्रतिकूल कार्य गर्ने पदाधिकारीलाई कारबाही**

जनआन्दोलन दबाउने र मानव अधिकारको उल्लंघन गर्नेका विरुद्ध कारबाही गर्न सरकारद्वारा उच्चस्तरीय जाँचबुझ आयोगको गठन गरिएको छ भने राजाको प्रत्यक्ष शासनको समयमा प्रतिगमनतर्फ सरिक भई लोकतान्त्रिक मान्यता प्रतिकूल कार्य गर्ने पदाधिकारीहरू र सुरक्षा निकायका उच्च पदाधिकारीलाई निलम्बन, राष्ट्रिय मानव अधिकार आयोग र निर्वाचन आयोगको पदाधिकारीलाई महाअभियोग लगाउने जस्ता विषयमा छलफल प्रारम्भ भएपछि राजिनामा दिई पदमुक्त भएको स्थिति छ । सेना र न्यायपालिकाका क्षेत्रमा लोकतान्त्रिक मान्यता प्रतिकूल कार्य गर्नेहरूलाई कारबाही गर्ने प्रश्नहरू उठेको भए पनि त्यसतर्फ हालसम्म कुनै कारबाही नगरिएको अवस्था छ । अन्तरिम संविधान मस्यौदा समितिले "पुनर्नियुक्ति" को सिद्धान्तलाई अवलम्बन गरी त्यस आधारमा लोकतान्त्रिक मान्यता प्रतिकूलका संवैधानिक पदाधिकारीलाई पदमुक्त गर्न सहज हुने कानुनी विकल्प प्रस्तुत गरिएको हुनसक्ने भए पनि औपचारिक रूपमा अन्तरिम संविधान जारी गर्दा "पुनर्नियुक्ति" को व्यवस्था नै हटाउनुपर्ने दबाब वा के कारणले हो राजनीतिक शक्तिहरू पछि हट्नसक्ने सम्भावना बढेको भन्ने विभिन्न क्षेत्रमा चर्चाको विषय बनेको छ ।

**ग. राज्यपक्ष र विद्रोही पक्षबीच दिगो शान्तितर्फको वार्ता र सहमति**

**(अ) वार्ता समिति गठन र युद्धविराम आचारसंहिता जारी**

जनआन्दोलनमार्फत पूर्ण लोकतन्त्र, अग्रगमन र शान्तिका पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्न र सात राजनीतिक दल एवं नेकपा (माओवादी) बीच भएको बाह्रबुँदे सहमतिलाई पूर्ण रूपमा पालना गर्ने प्रतिबद्धता प्रकट गर्दै नेपाल सरकार र नेकपा (माओवादी) बीच युद्ध विरामलाई स्थायी शान्तिमा परिणत गर्न र वार्ताको माध्यमबाट समस्याको शान्तिपूर्ण समाधान गर्न वार्ता समिति गठन गरी नेपाल सरकार र नेकपा (माओवादी) बीच २५ बुँदे युद्धविराम आचार संहिता जारी गरिएको छ (२०६३।०२।१२) यसको अनुगमन गर्न युद्ध विराम आचारसंहिता अनुगमन समिति समेत निर्माण भएको छ ।

**(आ) संविधानसभाको निर्वाचन गर्ने सात राजनीतिक दल र नेकपा (माओवादी) बीचको सहमति**

सरकार र माओवादी वार्ता टोलीको आयोजनामा सात राजनीतिक दल र नेकपा (माओवादी) का शिर्ष नेताहरूको बैठकले (२०६३।३।२) नेपाली जनताले संविधानसभाको निर्वाचनमा कुनै डर, धाक, धम्की र हिंसाको प्रभावबिना नै संविधान निर्माणको प्रक्रियामा सहभागी हुन पाउने आधारभूत अधिकारको प्रत्याभूत गर्न ८ बुदे सहमति गरिएको छ । सात राजनीतिक दल र नेकपा (माओवादी) दुवै पक्षले प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, प्रेस स्वतन्त्रता र कानुनी राज्यको अवधारणालगायत लोकतान्त्रिक मूल्य मान्यताप्रतिको प्रतिबद्धता आठबुदे सहमतिमा व्यक्त गरिएको छ । यसैगरी

संविधानसभाको निर्वाचनमार्फत वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिकलगायतका समस्याहरूको समाधान गर्ने गरी राज्यको अग्रगामी पुन:संरचना गर्ने सहमति बनेको छ ।

**(इ) विधानसभाको स्वतन्त्र र निष्पक्ष निर्वाचनको लागि सेना र हतियारको व्यवस्थापन सम्बन्धमा**

सात राजनीतिक दल र नेकपा (माओवादी) का बीच भएको आठ बुँदे सहमतिमा संविधानसभाको स्वतन्त्र तथा निष्पक्ष निर्वाचनका लागि दुवै पक्षका सेना र हतियारको व्यवस्थापनमा सहयोग गर्न र त्यसको अनुगमन गर्न संयुक्त राष्ट्र संघलाई अनुरोध गर्ने भन्ने सहमति अनुरूप सेना र हतियारको व्यवस्थापनको निम्ति ५ बुँदे सहमति पत्र संयुक्त राष्ट्रसंघमा पठाइ आवश्यक कारबाहीको प्रक्रियामा रहेको छ ।

**(ई) अन्तरिम संविधान मस्यौदा समितिको गठन र मस्यौदा प्रस्तुत**

सात राजनीतिक दल र नेकपा (माओवादी) का बीचको आठ बुँदे सहमति अनुरूप जनआन्दोलन-१ (२०४६) र जनआन्दोलन-२ (२०६२-६३) बाट प्राप्त लोकतान्त्रिक अधिकारको प्रत्याभूति गर्दै सात राजनीतिक दल र नेकपा माओवादीबीचको १२ बुँदे समझदारीमा व्यक्त प्रतिबद्धता समेतलाई आधार बनाउँदै संविधानसभाबाट नयाँ लोकतान्त्रिक संविधान निर्माण नभएसम्म राज्य संचालन गर्नका लागि अन्तरिम संविधानको निर्माण गर्ने, सोही अनुरूप अन्तरिम सरकार गठन गर्ने, संविधानसभाको मिति घोषणा गर्ने भन्ने सहमतिअनुरूप सरकार र नेकपा (माओवादी) वार्ता समितिद्वारा अन्तरिम संविधान मस्यौदा समिति गठन भई सो समितिले सहमति भएका कुरामा सोही बमोजिम र सहमति हुन नसकेका आधारभूत विषयहरूमध्ये केहीमा खाली र केहीमा विभिन्न सुझाव र विकल्पसहितको मस्यौदा वार्ता समितिसमक्ष प्रस्तुत गरेको छ ।

(उ) सात राजनीतिक दल र नेकपा (माओवादी) बीचका राजनीतिक निकासका निमित्त उच्च शिखर वार्ता प्रारम्भ सात राजनीतिक दल र नेकपा (माओवादी) बीच भएको १२ बुदे समझदारी, २५ बुदे युद्ध विरामआचार संहिता र ८ बुदे सहमतिले निर्दिष्ट लक्ष्य हासिल गर्न अन्तरिम मस्यौदा समितिले निकास दिन नसकेको विषय, संक्रमकालमा राजाको स्थान र भूमिका, अन्तरिम संविधानको पूर्णता, अन्तरिम व्यवस्थापिका, अन्तरिम सरकार, सेना र हतियारको व्यवस्थापन, संविधानसभाको निर्वाचन पद्धति र सदस्य संख्या, संविधानसभाको तिथिमिति जस्ता महत्वपूर्ण पक्षमा राजनीतिक निकास दिन उच्च शिखर वार्ता चलिरहेको र चाडै यससम्बन्धी सकारात्मक निकास दिने आश्वासन वार्तामा बसेका दुवै पक्षले सार्वजनिक गर्दै आएको अवस्था छ ।



**३. संवैधानिक निरन्तरताका निम्ति अन्तरिम संविधान**

राज्यका काम कारवाहीलाई कानुनी शासनको मान्यता अनुरूप बनाई संवैधानिक निरन्तरता प्रदान गर्न संविधान विहिनताको अवस्था अन्त्य गर्न अन्तरिम संविधान निर्माण गरिन्छ । सामान्य अवस्था र परिस्थितिमा रहने संविधानको सर्वोच्चता र संविधान नै निस्तेज र निष्प्रभावी बनाई विद्रोह, क्रान्ति र आन्दोलनद्वारा राज्यसत्ता परिवर्तन भएको अवस्थामा पुरानो संविधानले सामान्य अवस्थाको जस्तो सर्वोच्चता ग्रहण गर्न सक्दैन भन्ने संक्रमणकालीन विधिशास्त्रको मान्यताअनुरूप संक्रमणकालीन व्यवस्थापनका निमित अन्तरिम संविधान जारी गरिन्छ । आन्दोलन र क्रान्तिको परिणामले ल्याएको परिवर्तनपछि आन्दोलन र क्रान्तिको समयमा रहेको संविधानले वैधानिकता गुमाइसकेको अवस्था हुने र त्यस्तो संविधानको आधार टेकी विद्रोही पक्ष सरकारमा सामेल हुन नसक्नेजस्ता विभिन्न करणहरूले अन्तरिम संविधान निर्माण गरिने अन्तर्राष्ट्रिय प्रचलनहरू रहका देखिन्छन् ।

अन्तरिम संविधानमा समावेश गर्ने विषयहरूका सम्बन्धमा विश्वमा दुई किसिमका अवधारणाहरू प्रयोग र अभ्यासमा आाएको देखिन्छ । फ्रान्स, पोल्यान्ड, हंगेरी जस्ता मुलुकहरूले संक्रमणकालिन व्यवस्थापनका निमित काम चलाउ उद्देश्यले संवैधानिक निरन्तरता प्रदान गर्न एकातर्फ अन्तरिम संविधानमा सारभूत विषयहरू समावेश नगरी केवल नभई नहुने न्यूनतम कुराहरू मात्र समावेश गरी अन्तरिम संविधान तर्जुमा गर्नुपर्ने दृष्टिकोण अनुरूपका विषयहरू समावेश गरेको देखिन्छ भने अर्कोतर्फ दक्षिण अफ्रिकाजस्तो मुलुकहरूले संविधानसभाबाट बनेको संविधान सरह नै विस्तृत र व्यापक विषयलाई समेट्ने गरी अन्तरिम संविधान तर्जुमा गरी लागू गरेको देखिन्छ । त्यसैले हाम्रो सन्दर्भमा कुन सिद्धान्तमा आधारित भई के कुन विषय समेट्ने भन्ने राजनीतिक सहमति बनेपछि अन्तरिम संविधानको मस्यौदा निर्माणको कार्य गरेको भए अन्तरिम संविधान मस्यौदा समिति यति बढी विवादमा आउनसक्ने अवस्था हुने थिएन ।

सरकार र नेकपा (माओवादी) वार्ता टोलीबाट गठन भएको अन्तरिम संविधान मस्यौदा समितिलाई स्पष्ट कार्य निर्देश तोक्न नसकेको कारणले पनि मस्यौदा समितिले प्रस्तुत गरेको अन्तरिम संविधानको मस्यौदाले महत्वपूर्ण पक्षलाई स्पष्ट निकास दिन सकेन । अन्तरिम संविधानले अन्तरिम व्यवस्थापिका, अन्तरिम सरकार, संविधानसभाको निर्वाचन पद्धति र सदस्य संख्या, संविधानसभाको कार्य प्रणाली, सक्रमणकालमा राजाको भूमिका, द्वन्द्व व्यवस्थापन जस्ता महत्वपूर्ण पक्षहरूलाई समेट्नुपर्नेमा मस्यौदा समितिले तत् सम्बन्धमा ठोस सुझाव प्रस्तुत गर्न सकेन । अन्तरिम संविधानले सम्बोधन गर्नुपर्ने यिनै महत्वपूर्ण पक्षहरू हुन् । परिवर्तन चाहने आन्दोलनकारी राजनीतिक दलहरूको स्पष्ट दृष्टिकोण बन्न नसक्दा पनि मस्यौदा समितिको सुझाव मस्यौदा अपूर्ण नै रह्यो । जुन विषयमा केन्द्रीत भई अन्तरिम संविधान बन्नुपर्ने थियो त्यस विषयलाई मस्यौदाले सम्बोधन गर्न सकेन । अन्तरिम संविधान मस्यौदा समितिले प्रस्तुत गरेको मस्यौदालाई अध्ययन गर्दा केही पक्षमा प्रगतिशील व्यवस्था गरेको, केहीमा अस्पष्टता रहेको, केही ऐन नियममा राख्ने विषयलाई संविधान कै विषय बनाएको जस्ता स्थितिहरू देखिन्छन् । मौलिक हकमा

व्यवस्था गरिएका कतिपय हकहरू सकारात्मक भएपनि ती हकहरू उपचारमूलक भन्दा घोषणात्मक प्रकृतिका रूपमा मात्र रहने स्थितिका देखिन्छन् ।

अन्तरिम संविधान मस्यौदा समितिले वार्ता समितिसमक्ष पेस गरेको मस्यौदाले छलफलका निम्ति केही आधार सुझाव प्रस्तुत गरेको छ भन्ने सन्दर्भमा यसलाई ग्रहण गरी मस्यौदामा पूर्णता दिने दायित्व राजनीतिक शक्तिहरू कै हो भन्ने अर्थमा बुझ्नुपर्ने हुन्छ ।

४. **समस्या, चुनौती र निकास**

जनआन्दोलन-२ द्वारा पुनःस्थापित प्रतिनिधिसभा र सात राजनीतिक दलहरूद्वारा गठित सरकारको छ महिनाको क्रियाकलापले लामो समयदेखि युद्धरत विद्रोही पक्षलाई राज्यसत्तामा सहभागी बनाउन निश्चय नै केही कानुनी र प्राविधिक पक्ष मिलाउन समय लाग्छ नै भन्ने तर्कहरू राज्यपक्षबाट सार्वजनिक हुँदै आएको देखिन्छ । नेपालको भौगोलिक बनावट, हावापानी, मौसमको स्थिति, निर्वाचनको निम्ति व्यवस्थापनमा लाग्ने समयजस्ता विभिन्न पक्षलाई समेत ध्यान दिँदा अब चाँडोभन्दा चाँडो राजनीतिक सहमतिबाट निकास निकाली अन्तरिम संविधान जारी नगर्ने हो भने आगामी २०६४ साल वैशाख-जेठ महिनामा संविधानसभाको निर्वाचन गर्न व्यवहारिक दृष्टिकोणले समेत व्यवस्थापनयोग्य हुन सक्दैन । यसैले दुवैपक्ष लचिलो भई अन्तरिम संविधानमा समेट्नुपर्ने आधारभूत कुराहरू मात्र समेटी शान्तिपूर्ण र भय रहित निर्वाचनको वातावरण तयार गर्ने प्रयोजनका निम्ति राजनीतिक निकास जरुरी छ । संविधानमा समेट्नुपर्ने महत्वपूर्ण विषयहरू संविधानसभामै टुङ्ग्याउने सहमति बनाई सङ्क्रमणकालको विशेष प्रबन्धका विषय मात्र अन्तरिम संविधानमा हुन जरुरी छ । राजनीतिक शक्तिहरूले देहायका विषयमा स्पष्ट दिशा निर्दिष्ट गरी राजनीति निकासका साथ संविधानसभामा जानसके संविधानसभा सफल हुनसक्दछ ।

(**क**) **अन्तरिम संविधान अविलम्ब जारी गर्नुपर्ने**

जनआन्दोलन-२ को तागत, शक्ति, आड र पृष्ठभूमिमा प्रतिनिधिसभाले अर्को संवैधानिक व्यवस्था नभएसम्म प्रतिनिधिसभा आफैं सार्वभौमसत्ता सम्पन्न भएको घोषणा गरी सर्वसम्मतिले पारित गरेको प्रतिनिधिसभाको घोषणा-२०६३ ले नेपाल अधिराज्यको संविधान, २०४७ को विधायिकी र कार्यकारिणी शक्ति लगायत विभिन्न विषयमा आमूल परिवर्तन गरी सोही अनुरूप नयाँ कानुनी व्यवस्था निर्माण गरेको कार्य उपर नेपाल अधिराज्यको संविधान, २०४७ खारेज नभएको भन्ने आधार टेकी सर्वोच्च अदालतमा प्रतिनिधिसभाको घोषणा- २०६३ असंवैधानिक भएको भनि संवैधानिक चुनौती दिई दायर भएको रिटमा सर्वोच्च अदालतबाट लिखित जवाफ मगाउने आदेश भई प्रतिनिधिसभा र सरकारको कामकारबाही न्यायिक परीक्षणको विषयअन्तर्गत रहन पुगेको छ । राजाको प्रत्यक्ष शासनको समयमा भ्रष्टाचार नियन्त्रण शाही आयोगको गठन र त्यसको कामकारबाहीलाई वैधानिकताको विषयमा सर्वोच्च अदालतमा प्रश्न उठाउँदा राजाको कामकारबाहीमा सर्वोच्च अदालतले



विचार गर्न नपाउने भनी आयोग समेतले लिखित जवाफ मार्फत समेत चुनौती दिएको र तत्कालीन सरकार, समर्थक कानुन व्यवसायी सबैले राजाको विशेष अधिकारमा अदालतले अन्यथा गर्न नहुने दलील पेस गरेको १ वर्षपछि सर्वोच्च अदालतले संवैधानिक सर्वोच्चताको कसीमा आयोगको गठन र कामकारबाही असंवैधानिक भएको ठहर गर्दा मात्र आयोग गठन गर्नेहरू झल्यांस भएका थिए । यसै तथ्यलाई मनन गरी प्रतिनिधिसभाको घोषणा, २०६३ र नेपाल अधिराज्यको संविधान २०४७ समानान्तर रूपमा लागू भई रहन नसक्ने र लामो समयसम्म यसै गरी राखी राख्ने हो भने अनेकौं संवैधानिक प्रश्नहरू चुनौतीपूर्ण हुनसक्ने सम्भावनाबाट ढुक्क हुन सकिन्न । यस्तो अन्यौलतालाई अन्त्य गर्न पनि अविलम्ब अन्तरिम संविधान जारी गर्नु आवश्यक छ । निश्चय नै अन्तरिम संविधान अस्थायी समयका लागि राज्यका काम कारबाहींलाई संवैधानिक निरन्तरता दिन लागू गरिने हुँदा यसले स्थायी संविधानमा जस्तो सम्पूर्ण विषयवस्तु समेट्नु पर्दछ भन्ने होइन । अन्तरिम संविधानले मूलतः संविधानसभाको निर्वाचन प्रणाली, अन्तरिम व्यवस्थापिका, अन्तरिम सरकार र संक्रमणकालिन व्यवस्था जस्ता पक्षहरूलाई समेट्नुपर्ने हुन्छ ।

(**ख**) **आवश्यकताको सिद्धान्त बाहेक अन्य कुरा अन्तरिम संविधान जारीपश्चात् नै गर्नु नै स्वस्थकर हुने**

अन्तरिम संविधान जारी नहुँदासम्म राज्य सञ्चालनका निम्ति नभै नहुने अत्यावश्यक भएको अवस्थामा मात्र "आवश्यकताको सिद्धान्त" (Doctrine of Necessity) बमोजिम कुनै काम गर्नु अपवादको रूपमा मान्य हुने विधिशास्त्रीय चिन्तन भए पनि अन्य महत्वपूर्ण कुराहरू इतिहासको कठघरामा स्वस्थपूर्ण र वैधानिकता ठहरिन अन्तरिम संविधान जारीपश्चात् नै गर्नु उचित हुने हुन्छ ।

(**ग**) **आन्दोलनकारी र परिवर्तनकारी राजनीतिक शक्तिहरूले संविधानसभाको लक्ष्य स्पष्ट निर्धारण गर्न सक्नुपर्ने**

नेपाल अधिराज्यको संविधान, २०४७ ले समावेशी राज्य संरचनालाई आत्मसात गर्न नसकेको कारण राज्य र सरकारको स्वरूपमा नै परिवर्तन गरी नयाँ राजनीतिक प्रणालीको स्थापनाद्वारा मुलुकमा दिगो शान्ति स्थापना गर्ने लक्ष्य लिई भएको जनआन्दोलनको परिणामपछि पनि नेपाल अधिराज्यको संविधान २०४७ ले स्वीकार गरेको संवैधानिक सिद्धान्तहरूभन्दा अग्रगमनतर्फ केन्द्रित भई कुनै निकास दिन सकेन भने त्यसको केही अर्थ रहन्न । यस कारण पनि संविधानसभाले निकास दिन संविधानमा समावेश गर्ने विषयहरू निश्चित गरी राजनीतिक दलहरूले स्पष्ट दृष्टिकोण जनतासमक्ष प्रस्तुत गर्नु पर्छ । संविधान निर्माणको कार्य स्वयं नै राजनीतिक कार्य भएकाले संविधानसभालाई जनआन्दोलनमा व्यक्त जनमतको भावना र कार्यनिर्देशबमोजिम गराउने दायित्व राजनीतिक दलहरूमा रहेको छ । यथास्थिति नै कायम रहने गरी संविधान निर्माण गर्न संविधानसभाको प्रयोग गर्नुको कुनै अर्थ रहन्न । जनताको चाहना र आकांक्षालाई प्रतिविम्बित गरी विद्रोह र अशान्तिको अवस्था स्थायी रूपमा अन्त्य गर्ने किसिमले संविधानसभाबाट बन्ने

संविधानका विषयवस्तु तय गर्न संविधानसभापूर्व नै आन्दोलनकारी र परिवर्तनकारी राजनीनिक दलहरूले परिवर्तनका चिन्तनहरू जनतामा पुर्‍याइ संविधानसभालाई हाँक्नसक्नु पर्दछ । यस सन्दर्भमा भावी लोकतान्त्रिक संविधान निर्माणका निम्ति देहायका मूलभूत विषयहरूमा स्पष्ट दृष्टिकोण व्यक्त गर्न राजनीतिक दलहरूले सक्नुपर्छ ।

**अ. राजतन्त्र वा गणतन्त्र**

विश्वको राजनीतिक एवं संवैधानिक इतिहासको अध्ययनले यो कुरा देखाएको छ कि राजतन्त्रको अन्त्य क्रान्ति, जनमत सङ्ग्रह, संसद्को घोषणा, आफै गद्दी परित्याग जस्ता विभिन्न प्रक्रियाबाट भएको छ। धेरै मुलुकको राजतन्त्र क्रान्तिबाट समाप्त भएको छ । बीसौं शताब्दीमा मात्र ५० भन्दा बढी मुलुकहरूमा राजतन्त्रको समाप्ति भयो । इटालीले सन् १९४६ मा जनमत सङ्ग्रहबाट राजतन्त्र समाप्त गर्‍यो । ग्रीसले पुनःस्थापित राजतन्त्रलाई सन् १९७३ को जनमत सङ्ग्रहबाट औपचारिक र विधिवत रूपमा अन्त्य गर्‍यो । फ्रान्समा संसद् (राष्ट्रियसभा) ले सन् १७९२ मा राजा लुइस सोह्रौंलाई जनताको सम्प्रभुसत्ताको अनादर गरेको भन्ने जस्ता आरोपमा मृत्युदण्ड दिई राजतन्त्र समाप्त गर्‍यो । रूसमा सन् १९१७ मा जार निकोलस द्वितीयले संसद् (डुमा) नै विघटन गरि दिएकोमा डुमाले विघटन स्वीकार नगरी फ्रेबुअरी क्रान्तीको माध्यमद्वारा जारको अन्त्य गर्‍यो । बेलायतमा सन् १६४९ मा "बृहत् संसद्" ले राजा चार्ल्स प्रथमलाई राजद्रोहको अभियोगमा मृत्युदण्ड दियो । यसरी विभिन्न मुलुकमा विभिन्न किसिमबाट राजतन्त्रको समाप्ति भएको छ । नेपालको सम्बन्धमा राजतन्त्रको विषय मुलुकको मुख्य राजनीतिक मुद्दा भएकोले यस सम्बन्धमा परिवर्तनकारी आन्दोलनरत राजनीतिक शक्तिहरूको दृष्टिकोण संविधानको विषयवस्तुको निम्ति स्पष्ट गर्नु जरुरी छ । राजतन्त्रको विषयमा प्रक्रियागत रूपमा संविधानसभाबाट टुङ्गयाए पनि यस सम्बन्धी दृष्टिकोण राजनीतिक दलहरूले संविधानसभापूर्व नै स्पष्ट गर्नु आवश्यक छ ।

**आ. सङ्घात्मक वा एकात्मक वा अर्धसङ्घात्मक**

संविधानसभा पूर्व राजनीतिक तहबाट सङ्घात्मक वा एकात्मक वा अर्ध संघात्मक कुन किसिमको राज्य संरचना रहने हो सो कुरा निरूपण गर्नुपर्ने हुन्छ । क्षेत्रीयता, जातीयता, सांस्कृतिक र भाषिक भिन्नता जस्ता विविधतालाई राष्ट्रिय एकतामा आबद्ध गर्न सङ्घीय ढाँचा उचित हुने भन्ने तर्कहरू रहेका देखिन्छन् । स्विट्जरल्यान्ड जस्तो भौगोलिक दृष्टिकोणले सानो राज्यमा सङ्घात्मक स्वरूपको शासन व्यवस्थाको सफल प्रयोग देखिन्छ भने चीन जस्तो विशाल भूगोल भएको मुलुकले सिद्धान्ततः एकात्मक ढाँचालाई नै स्वीकारेको छ । व्यवहारमा सङ्घात्मक, एकात्मक र अर्ध सङ्घात्मक राज्य व्यवस्थाका आ-आफ्नै अभ्यास देखिन्छन् । यसैगरी कतिपय मुलुकहरूले एकात्मक र संघात्मक दुवै विशेषताहरू भएको राज्य स्वरूप (Federacy) लाई पनि स्वीकार गरेको देखिन्छ ।



**५. अन्त्यमा**

संविधान राज्यको शक्तिको शक्तिचित्र (Power Map) हो । संविधानसभाले मूलभूत प्रश्नहरूको निराकरण गर्न राजनीतिक दलहरूको मार्गचित्र (Road Map) स्पष्ट हुनु पर्दछ । परिवर्तनकारी राजनीतिक शक्तिहरूले मुलुकमा दिगो शान्ति र समावेशी लोकतान्त्रिक राज्य व्यवस्थाको निर्माणको निम्ति संविधानसभाको उपभोग गर्न चाहेको हो भने त्यही अनुरूपको व्यवस्थापन र कार्यपद्धतिको निर्माण गरी राजनीतिक लक्ष्य स्पष्ट गर्न सकेमा संविधानसभा जनताको इच्छा अभिव्यक्त गर्ने प्रभावकारी माध्यम बन्न सक्दछ ।

*(लेखक न्याय परिषद्का पूर्व सचिव, "संविधानसभा" पुस्तक समेतका लेखक संविधानविद् एवं कानुनविद्का रूपमा परिचित हुनुहुन्छ ।*

◆◆

**सहजीकरण गर्दै तारानाथ दाहाल**

कानुनविद् काशीराज दाहाललाई धन्यवाद, जसले विषय सहज होस् भनेर केही विचार राखिदिनुभयो। केही मूलभूत विषयहरू उठी पनि रहेकै छ, विभिन्न कोणबाट । राजनीतिक दलहरूको ध्यान यतातिर गएको विश्वास गरौं । राजनीतिक दल र चिन्तनमनन गर्नेहरूबीच 'ग्याप' भएको महसुस गरिएको छ। छलफल विभिन्न ठाउँमा भइरहेको छ, विचारहरू आइरहेको छ, चिन्ता र सरोकार पनि फरक ढंगले भएको छ, अध्ययन-अनुसन्धान पनि जारी छ। तर, त्यसलाई कार्यरूप दिनुपर्ने राजनीतिक दलहरूले समाजमा भएको क्षमतालाई उपयोग गरेर निष्कर्ष दिने कुरामा अगाडि बढिरहेका छैनन् कि भन्ने भान जनतामा परेको छ, यो स्थिति हटोस् भन्ने उद्देश्यले यो कार्यक्रम गरेका हौं। विशेष वक्ताका रूपमा आमन्त्रण गरेका महानुभावहरू सबै आइसक्नुभएको छ। डा. मीनेन्द्रजीलाई हामी पर्खिरहेका छौं। हामी ५.०० बजेसम्म यो कार्यक्रम चलाउन सक्छौं, हामीसँग सात जना वक्ताहरू हुनुहुन्छ। सबैलाई बढीमा १०. मिनेटमा आफ्नो विचार राखीदिन अनुरोध गर्दछु। त्यसपछि एक घन्टा फेरि हामी 'फ्लोर'सँग जोडिने छौं ।

दुई प्रश्न यहाँ राखिदिनुभयो- धेरैको मनमा चस्का पसिसकेको होला। एकातिर २०४७ को संविधानलाई ज्यूँदै राख्ने, प्रतिनिधिसभाको घोषणालाई नयाँ संविधान ठान्ने अनि अगाडि बढ्दै जाँदा द्वैध संविधान एवं सत्ताको अवस्थालाई साँच्चिकै न्यायिक निरूपणको अवस्था आई पर्‍यो भने के गति भोग्नु पर्ला ? जनआन्दोलनको शक्तिको बलमा राज्य संरचनाहरूको जुन नियम हुन्छन्, तिनलाई मिचेरै जान्छौं भन्ने विश्वास राख्नु कति संगतिपूर्ण होला त्यो विषय यहाँ उठाई दिनुभएको छ। अन्तरिम संविधान नभई संविधानसभाको संरचना बनाउन सकिन्न, नयाँ सरकार बन्न सक्दैन । निर्वाचन आयोगले निर्वाचन गराउने त नयाँ संविधानले निर्दिष्ट गरेपछि हो। तर प्रमुख निर्वाचन आयुक्त नियुक्त गरियो, उहाँको टेबुलमा एउटा पनि काम छैन ।

उहाँले पहिलो अभिव्यक्ति नै 'के गर्ने गर्ने ?' भनेर दिनुभयो। पहिला राजनीतिक दलले सबै संरचना र संविधान बनाए काम थाल्छु भन्नुभयो। उहाँको पुनर्नियुक्ति कसरी गर्ने हो ? अहिले 'काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर' भन्ने उखान झै भइरहेको छ, मूल काम भइरहेको छैन, अरू-अरू काममा अगाडि बढेको देखिन्छ। जसले समस्याहरू थप्दै लगेको छ। अन्तरिम संविधान ल्याउने अठोट गरिसकेपछि संविधानसभामा सहज ढंगले जानुपर्थ्यो, त्यसका लागि सहज बाटो अपनाउनु पर्थ्यो तर एकपछि अर्को जटिल निर्णय लिने र बाटो लिने काम भइरहेको छ। जहाँ गम्भीरतापूर्वक छलफल गर्नुपर्थ्यो, संविधानका सिद्धान्तहरू सुनिश्चित गर्ने शिखर वार्ताले हो, तर छलफल त्यसमा भइरहेको जस्तो लाग्दैन।

१२, आठबुँदे र आचारसंहिताको अनुमगन गर्न अनुगमन समिति बनाइएको छ, म त्यसको सदस्य छु। सात दलले १२ बुँदेलाई प्राथमिकता दिन्छ, माओवादीले आठ बुँदेलाई दिन्छन्, २५ बुँदेमा पनि १२ बुँदामा सात दलले जोड देला, १४ बुँदा माओवादीले देला। सबै बुँदा त्यसभित्र छ, तर व्याख्या र प्राथमिकता फरक-फरक छ। यस्ता अन्योलहरूले समस्या अझ बढेको अवस्था छ। यी सबै समस्या सुल्झाउने भनेको नयाँ बाटो सुनिश्चित गर्दै अगाडि जाने हो। जुन यहाँ राखिएको छ। छलफलका लागि यसले पर्याप्त खुराक दिन्छ होला। म सुरुमा राजनीतिक दलका साथीहरूबाट विचार अगाडि बढाउन चाहन्छु। सर्वप्रथम म नेमकिपाका तर्फबाट सुनीलजीलाई आफ्ना विचार राखिदिन हार्दिक अनुरोध गर्दछु।

## अवधारणामाथि टिप्पणी

**सुनील प्रजापति, नेपाल मजदुर किसान पार्टी**

अन्तरिम संविधान र संविधानसभा विषयक यस गोष्ठीमा नेपाल मजदुर किसान पार्टीका तर्फबाट केही विचार राख्ने अवसर दिनु भएकामा आयोजक साथीहरूलाई धन्यवाद दिन चाहन्छु। निश्चयनै अहिले जस्तै संकटको समय धेरै लामो राख्नु हुँदैन भन्नेमा हामी सबै सहमत छौं। प्रतिगामीहरू आफ्नो गुमेको चिज फिर्ता लिन विगतमा भन्दा व्यवस्थित र संगठित भएर अगाडि बढ्छन्, यो कुरालाई बिर्स्यौं भने १२ वर्षपछि प्रजातन्त्र गुमेकै खतरा आउन सक्छ। तसर्थ राजनीतिक दल बढी सचेत र गम्भीर हुनु आवश्यक छ।

अन्तरिम संविधानको विषयमा चर्चा गरिरहँदा देश जेठ ४ गतेको घोषणाबाटै सञ्चालित छ। ०४७ को संविधान खाजेर भएको छैन, नयाँ संविधान बनिसकेको पनि छैन। यस्तो अवस्थामा हामी दाबी गर्छौं-अहिले सबैभन्दा बढी जनता बलियो भएको समय हो, तर हाम्रो दृष्टिकोणमा चाहिँ संविधानविहीनताको समय देश साह्रो कमजोर भएको समय हो। यति खेर इतिहासकै कमजोर विन्दुमा पुगेको अनुभव गरिरहेका छौं तसर्थ यसको अन्त्यको निम्ति अन्तरिम संविधानको आवश्यकता महसुस गरिएको छ।



संविधानसभाको कुरा गर्दा त्यो हामी सबैको साझा एजेन्डा हो। सार्वभौम संसद्ले पनि यस सम्बन्धी निर्णय लिइसकेको स्थिति छ। आठ दलको शीर्ष बैठकले ०६४ वैशाख र जेठसम्ममा संविधानसभाको निर्वाचन गर्ने निर्णय गरिसकेको अवस्था छ। र पनि आजसम्म शिखर वार्ताको ठोस निष्कर्ष हामीले पाइरहेका छैनौं। हतियार व्यवस्थापन, राजाकै विषयमा वार्ता अड्किएको छ भन्ने कुरा आइरहेको छ, यथार्थमा राजनीतिक प्रतिबद्धताको कमी, विश्वासको संकट नै समस्या हो। अन्तरिम व्यवस्थापिका, अन्तरिम संविधान, हतियार व्यवस्थापन, निर्वाचन प्रणाली, नागरिकताजस्ता अन्त्यन्त महत्वपूर्ण विषयहरूमा साझा सहमति बनिसकेको छैन। द्विपक्षीय, त्रिपक्षीय, चौपक्षीय सहमति भएको हुन सक्छ, तर त्यसलाई सबै कुरा मिल्यो बाँकी राजा र हतियार व्यवस्थापनमात्र हो भनिएको कुरा सत्य मान्नु हुँदैन। हरेक राजनीतिक दल आफ्नो छुट्टै एउटा वर्गीय दृष्टिकोण, विचार र सिद्धान्तमा गठन हुने हुँदा अन्तरिम संविधान कसरी बनाउने भन्ने विषयमा हरेक दलको आ-आफ्नो दृष्टिकोण हुनु स्वाभाविक विषय हो। नेपाल मजदुर किसान पार्टीले राजाको विषयमा स्पष्टसँग राजालाई राख्ने या नराख्ने विषय जनमतसंग्रहबाट निर्णय गर्न पाउनुपर्छ, एउटै मतपत्रबाट त्यो हुनुपर्छ भनिरहेको छ। एकै व्यक्तिले संविधानसभाको निर्वाचनमा मत पनि दिने र त्यही मतपत्रमा राजा राख्ने कि नराख्ने भनेर मत राख्ने व्यवस्था राख्नुपर्छ, यसलाई अन्तरिम संविधानमा लिपिबद्ध गर्नुपर्छ भनेर अन्तरिम संविधान मस्यौदा समितिलाई पनि हाम्रो पार्टीले लिखित रूपमा सुझाव दिएको छ।

हतियार व्यवस्थापनमा हाम्रो आफ्नो अनुभव छ-२००७ सालको क्रान्तिमा जसरी मुक्ति सेनामा नेपाली सेनामा समाहित गरियो, समय लागे पनि अहिले माओवादी सेना र जनमिलिसियालाई पनि त्यही रूपमा समाहित गर्नुपर्छ। यसो गरिए मात्र वर्तमान संकटको ठोस निकास दिनसक्छ भन्ने हाम्रो दृष्टिकोण छ।

अन्तरिम व्यवस्थापिकाको विषयमा पनि हाम्रो अलग्गै दृष्टिकोण छ-नेपाली कांग्रेस, एमाले र नेपाली कांग्रेस प्रजातान्त्रिकलाई प्रतिशतका आधारमा १७/१७ दिनुपर्छ, नेमकिपा, जनमोर्चा, सद्भावना आनन्दीदेवी, वाम मोर्चालाई ५/५ प्रतिशतका दरले, नागरिक समाजलाई चार प्रतिशत र माओवादीलाई २५ प्रतिशत दिनुपर्छ भनेका छौं। त्यसका आधारहरू हामीसँग छ, बिना आधार त्यस्तो प्रस्ताव राखिएको होइन।

निर्वाचन प्रणाली मिश्रित हुनुपर्छ हाम्रो दृष्टिकोण हो। २ सय ५ क्षेत्र कायम गर्ने, १ सय ३ अहिलेकै निर्वाचन प्रणालीअनुसार निर्वाचित गर्ने र राजनीतिक पार्टीले जति मत प्राप्त गर्छन् त्यसलाई समानुपातिक प्रतिनिधित्वका आधारमा कायम गर्नुपर्छ। त्यसरी छानिने प्रतिनिधि दलित, महिला, जनजाति, मजदुर, किसानलाई समावेशी र समानुपातिक रूपमा हुनुपर्छ। मताधिकारको विषयमा १६ वर्ष उमेर राखिनुपर्छ।

जमिन जोत्नेको हुनुपर्छ। शोषणविरुद्धको अधिकार अन्तरिम संविधानमा हुनुपर्छ भन्ने दृष्टिकोण स्पष्टसँग हामीले राखेका छौं।

संविधानसभाबाट दिगो शान्ति प्राप्त हुने आशा हामीले राखेका छौं । तर संविधानसभाबाट बन्ने संविधानले सदाका लागि शान्ति दिन्छ भन्ने छैन । यदि त्यस्तो हुन्थ्यो भने श्रीलंका, बंगलादेश, भारत, पाकिस्तानको इतिहास हेरौं-त्यहाँ गणतन्त्र छ, तर विद्रोह र संघर्ष चलिरहेको छ । त्यहाँ दिगो शान्ति भएको छैन । तसर्थ जनताको भावना प्रतिविम्बित र प्रतिनिधित्व नगर्ने जस्तोसुकै संविधान संविधानसभाबाट आए पनि दिगो शान्ति दिन सक्दैन । तर आर्थिक असमानताकै कारण विद्रोह हुने भएकाले आर्थिक समानताका सिद्धान्तमा संविधान बनाउनुपर्छ, त्यो अन्तरिम संविधानदेखि नै लागू हुनुपर्छ । संविधानसभाबाट बन्ने संविधानमा पनि आर्थिक समानताका कुरा समेट्न सकेनौं भने फेरि पनि विद्रोहका सम्भावना रहिरहन्छ भन्ने हाम्रो दृष्टिकोण हो ।

*'अन्तरिम संविधानको कुरा गर्दा व्यक्तित्व विकासमा समान अवसर हुने, शोषण नरहने, कामअनुसारको ज्यालाको बन्दोबस्त हुने खालको प्रावधान राख्न सकिए बढीभन्दा बढी जनताको हित हुनेछ'*

अहिले राजनीतिक दलहरूकाबीच आ-आफ्ना स्वार्थका कुरा आइरहेका छन् । प्रतिबद्धता हामी बिर्सन्छौं-सडकमा हुँदा एउटा कुरा गर्छौं, सरकारमा गएपछि अर्को कुरा गर्छौं । प्रतिनिधिसभा र स्थानीय निकाय पुनःस्थापना गर्न हामीले बारम्बार हस्ताक्षर गऱ्यौं, प्रतिबद्धतासहित वक्तव्य जारी गऱ्यौं । जब प्रतिनिधिसभा पुनःस्थापना भएपछि हामी सरकारमा गयौं अनि विगतमा पटक-पटक गरेका निर्णय बिर्स्यौं । सरकारमा पुगेपछि पुराना निर्णय पल्टाउनेसमेत फुर्सद भएन । अहिले गणतन्त्रका चर्काचर्का नारा आउँदा पनि हामी सोच्ने गर्छौं-कतै ती नाराहरू राजदूतको बाँडफाँडका लागि त होइन ? संवैधानिक निकाय पदाधिकारी नियुक्तिको भागवण्डाका लागि त होइन ? उपकुलपतिको भागवण्डा त होइन ? सडकमा चर्काचर्का नारा लगाउँदै कहिलेकहीँ हामी 'प्रतिगमन आधा सच्चियो भनेर सरकारमा पनि गयौं, पेट्रोलियम पदार्थको विरोध गर्दागर्दै कहिलेकाहीं सरकारमा पुगेपछि ६/६ महिनामा तीन पटक बढाउँछौं ।' तसर्थ हाम्रा प्रतिबद्धताहरूप्रति जनताले शंकाको दृष्टि लगाउनु स्वाभाविक हो ।

अन्तरिम संविधानको कुरा गर्दा व्यक्तित्व विकासमा समान अवसर हुने, शोषण नरहने, कामअनुसारको ज्यालाको बन्दोबस्त हुने खालको प्रावधान राख्न सकिए बढीभन्दा बढी जनताको हित हुनेछ । त्यस्ता कुरातिर ध्यान दिनुपर्ला ।

अन्त्यमा हिजोकै एउटा बुँदा राख्न अनुमति चाहन्छु । हिजो मन्त्रिपरिषद्ले एउटा निर्णय गरेछ- हेलिकोप्टर दुर्घटनामा परी निधन भएका परिवारलाई १०/१० लाख दिने । यसलाई नकारात्मक रूपमा प्रस्तुत गर्न खोजिएको होइन । तर, हामीले हरेक दिन सडक दुर्घटना देखिरहेका छौं, सडकमा पर्ने मानिस गरिब जनता हुन्, हेलिकोप्टर र प्लेन चढ्ने व्यक्ति ठूलाबडा र धनी होलान्, तर हाम्रो दृष्टिकोण गरिब जनतामा पुग्नुपर्छ । सडक दुर्घटनामा निधन भएकालाई पनि यस्तो बन्दोबस्त गर्न सके राम्रो होला ।



मैले अवधारणा हेरें-यसमा लोकतन्त्र भन्ने शब्द धेरै प्रयोग भएको छ, प्रजातन्त्रभन्दा फरक शब्द पो हो कि लाग्ने भैं । वास्तवमा प्रजातन्त्र, लोकतन्त्र, जनवाद, जनतन्त्र जे भनौं अंग्रेजीमा त 'डेमोक्रेसी' नै हो । तसर्थ हामी भ्रममा पर्ने छैनौं । अवधारणामा निकासका लागि यस्तो गर्नुपर्छ, यो हुनुपर्छ भन्ने आफ्नो विचार र दृष्टिकोण पाउन सकिएन । त्यसकारण कानुनको विद्यार्थीको दृष्टिकोणले विचार र दृष्टिकोणमा कमी भएको अवधारणालाई पछिल्लो ६ महिनाको राजनीतिक घटनाक्रमहरूको अत्यन्त व्यवस्थित दस्तावेजको रूपमा ग्रहण गरेको छु । घटनाक्रमलाई अध्ययन गर्न यो अवधारणाले निक्कै सजिलो पारिदिएको छ । त्यस मानेमा अवधारणा प्रस्तोता काशीराज दाहाललाई नेपाल मजदुर किसान पार्टीको तर्फबाट धन्यवाद दिन चाहन्छु ।

**सीपी मैनाली, अध्यक्ष-संयुक्त वाम मोर्चा**

समय छुट्टयाइएकाले केही बुँदामा संक्षिप्त कुरा राख्न चाहन्छु । आन्दोलनले वैशाख ११ गते 'प्रारम्भिक विजय' हासिल गरेको छ, संयुक्त वाम मोर्चाको दृष्टिकोणमा । हामीले भयरहित वातावरणमा शान्तिपूर्वक संविधानसभाको निर्वाचन गरी नयाँ संविधान निर्माण गरेपछि त्यसले पूर्णता पाउनेछ ।

संविधानसभाको निर्वाचन भयरहित सम्पन्न गर्न र विद्यमान राजनीतिक मुद्दामा सहमति खोज्न मुलुक वार्तामा प्रवेश गरेको छ । वार्ता नेकपा माओवादी र सात दलको सत्ताबीच चलिरहेको छ । यो बीचमा यी विषयहरूलाई चाँडोभन्दा चाँडो निकासमा पुऱ्याएनौं र वार्ता अवधिलाई धेरै लम्बिन दियौं भने त्यसले जनविरोधी, परिवर्तन विरोधी, राष्ट्र विरोधी विभिन्न तत्वलाई क्रियाशील हुने मौका प्रदान गर्नेछ । तसर्थ वार्ताद्वारा जति सक्दो छिटो भयरहित वातावरणमा संविधानसभाको निर्वाचन हुने वातावरणमा पुग्नु सात दल र माओवादीको दायित्व बनेको छ । यसप्रति सात दल र संयुक्त वाममोर्चाको ध्यान आकर्षित भएको छ ।

आज अवधारणा प्रस्तोताले प्रश्न उठाउनु भएको छ कि धेरै मुद्दा छन् तर कुन मुद्दालाई प्राथमिकता दिने भन्ने । मलाई लाग्दैन कि धेरै मुद्दा छन् । चलिरहेको वार्तामा अन्तरिम संसद, सरकार, हतियार व्यवस्थापन गर्ने, सामाजिक आर्थिक रूपान्तरणको प्रतिबद्धतामा पुग्ने, संविधानसभाको विधि, रचना र तौरतरिकामा पुग्ने कुरा छन् । नयाँ संविधानमा हुने अन्तरवस्तु के-के हुन भन्ने कुरामा सहमति बनाउने मुद्दा पनि छ । यी कतिपय मुद्दालाई पछि राजनीतिक शक्तिबीच हुने सहमतिमा संविधानसभामा टुंग्याउने गरी भए पनि अन्तरिम संविधानलाई सकेसम्म चाँडो घोषणा गर्ने काम गर्नुपर्छ ।

अहिले देश राजनीतिक घोषणामा चलिरहेको छ, प्रतिनिधिसभाको जेठ ४ को घोषणा प्रमुख हो । दल-माओवादीबीच भएका अरू सहमति, सम्झौताहरू त्यसका अंग बनेको छ । यसरी देश चले पनि ०४७ को संविधान निष्क्रिय भए पनि निरस्त्र गरिएको छैन । त्यसका मूलभूत प्रस्तावनाका विकल्पमा घोषणाले नयाँ कुरा अगाडि सारेको छ । तर त्यसलाई औपचारिक रूपमा रद्द नगरेसम्म त्यसलाई ब्युँताउने र टेक्ने कामहरू समयक्रममा हुन सक्छन् । जुन हानिकारक र परिवर्तनको बाधक हुन

सक्छ । तसर्थ पनि । शान्तिपूर्ण, नागरिक, सशस्त्र विद्रोह पुरानो संविधान तोडेर अगाडि बढ्नका निम्ति भएको छ, त्यसले प्रारम्भिक विन्दु हासिल गरेर पूर्णतामा पुग्ने लक्ष्यमा छौं भने उपलब्धिलाई संस्थागत गर्ने, संक्रमणलाई सुनिश्चित गर्ने कुरालाई संविधानबद्ध गरिनुपर्छ । त्यसका निम्ति अन्तरिम संविधानको आवश्यकता छ । अन्तरिम संविधानमा समाहित गरिनुपर्ने धेरै कुरा छन्, केही कुरा वार्तासँग सम्बन्धित छन् । हतियार व्यवस्थापन छ । अन्तरिम संविधानमा व्यवस्था गर्नपर्ने चाहिँ नागरिकताको विषय छ । ०४६ को आन्दोलनले स्थापित गरेका मौलिक अधिकार, प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायालय, बहुदलीय प्रतिस्पर्धा रहने नै भए । जेठ ४ गतेको संसद्को घोषणा र सात दल-माओवादीबीचमा भएका सहमतिहरूलाई समेटेर अन्तरिम संविधान ल्याउनुपर्छ ।

आन्दोलन भयो, ११ वैशाखसम्मको आन्दोलनले राजतन्त्र फ्याँक्न सकेन । अहिले पनि राजतन्त्र रहेको स्थिति छ, तर आन्दोलनले अधिकारविहीन बनाएको छ । पुनःस्थापित संसद् र दल-माओवादी समझदारीले अधिकारविहीन बनाउँदै अहिलेको स्थितिमा छ । राजतन्त्र निलम्बित अवस्थामा पुगेको छ । माओवादीले निसर्त संविधानसभा भनेको कुरा खुम्च्याएर बुझ्ने हो भने राजतन्त्रको सन्दर्भमा निसर्त संविधानसभा हो, त्यो संविधानसभामार्फत गणतन्त्रमा जाने । सात दलको समेत संविधान सभामार्फत गणतन्त्रमा जाने मार्ग प्रशस्त गर्ने प्रतिबद्धता हो । यद्यपि सात दलभित्र कतिपय दलले गणतन्त्रको एजेन्डा लिइसकेका छैनन् । कतिपय दलले आफूलाई राजतन्त्र निरपेक्ष बनाए, तीबाहेक अरू दलले आफूलाई गणतान्त्रिक भनेर चिनाउँदै र भन्दै आएको स्थिति छ । यस्तो भए पनि सबैको सहमति चाहिँ निसर्त संविधानसभामार्फत राजतन्त्रबारे निर्णय लिने हो । देश नै गणतन्त्रमय बनेको छ, गणतन्त्रवादीले यस्तो माहौल बनाउनु पर्‍यो कि संविधान सभामार्फत गणतन्त्रमा जान सकियोस् ।

राजतन्त्रबारे संविधानसभाबाट निर्णय लिने कि जनमतसंग्रहबाट भन्ने विवाद चलिरहेको छ । ती दुवैका सकारात्मक र नकारात्मक पक्ष होलान, त्यसमा म अहिले बहस गर्न चाहन्न । तर पहिल्यैदेखि सबैले स्वीकार गरेको चाहिँ निसर्त संविधानसभामार्फत राजतन्त्रको फैसला गर्ने । संयुक्त वाम मोर्चा पनि यही पक्षमा छ । यदि सबै दलबीच जनमतसंग्रहमार्फत राजसंस्थाबारे फैसला गर्ने सहमति हुन्छ भने हामी त्यसको पक्षमै रहनेछौं, बाधक बन्ने छैनौं ।

अन्तरिम विधानमा रहनै पर्ने कुरा चाहिँ संविधानसभाको निर्वाचन प्रणाली हो । संयुक्त वाम मोर्चाले सूची पद्धतिको समानुपातिक प्रणाली अपनाउनुपर्छ भनेको हो । समाजमा राजनीतिक मात्र नभई विभिन्न जाति, जनजाति, दलित, महिला, पछ्यौटे क्षेत्र, अल्पसंख्याहरू रहेकाले उहाँहरूको पनि प्रतिनिधित्व गराएर आवाज लानुपर्छ भन्ने मान्यताका आधारमा यसो भनिएको हो । यसमा कसैले यस्तो किसिमको हुनुपर्छ भन्यो भने ठीकै छ । तर, २ सय ५ निर्वाचन क्षेत्रमा मिश्रित गर्ने र उम्मेदवारले ल्याएको मतको आधारमा समानुपाति गरौं भन्ने कुरा चाहिँ घोर आपत्तिजनक छ । हाम्रो मत पूर्ण समानुपातिक सूची पद्धतिकै हो । यदि दलहरू समानुपातिक चुनावमा जाने हो भने कुन एकाइहरू जाने हुन त्यसको निश्चित गरेर २०५ क्षेत्रमै ती



एकाइहरूको आफ्नो बाकस राखिनुपर्दछ । यसो भयो भनेमात्र वास्तविक समानुपातिक हुन्छ । संविधानसभा ठूलै हुन राम्रो हो । यी सबै कुरा अन्तरिम संविधानमा राखिनुपर्छ, यसमा केन्द्रित भएर छलफल गर्नुपर्छ । यी विषयलाई ध्यान नदिई हतियार व्यवस्थापन र राजासम्बन्धी कुरामा शिखर वार्ता केन्द्रित हुनु ठीक होइन, त्यसरी जानु हुँदैन ।

दोस्रो शिखर वार्ताको गृहकार्यका लागि शिखर बैठकको शृङ्खलाहरू चलिरहेका छन्, त्यसभन्दा अघि नै सात दल र माओवादीबीच प्याकेज डिल गर्ने सहमति भइसकेको छ-राजनीतिक, सामाजिक, आर्थिक परिवर्तन र हतियारसम्बन्धी । यो सही सिद्धान्त हो । समाजको परिवर्तन बेगर शान्ति हुन सक्दैन पनि । जेठ महिनाभित्र संविधानसभाको निर्वाचन गर्ने निर्णय दबाकारी हो, हामीले नै गरेको हो । जति सक्दो चाँडो सहमति खोज्न त्यसले सघाउँछ पनि । अहिले हतियार व्यवस्थापनको दुई वटा डर छ, ती दुई डर सम्बोधन गर्न सकेमात्र निकास आउन सक्छ भन्ने मेरो मान्यता हो । (१) माओवादीले धेरै विकल्प अपनाएर शान्ति र प्रजातन्त्रमा आउन सक्यो, तर उसले समाजमा निश्चित परिवर्तन भएको अवस्थामा हतियार राष्ट्रिय सेनामा लाने या राष्ट्रियकरण गर्ने अर्थात जनसेना त्याग्ने विकल्प अपनाएको दृष्टिगोचर होला । यदि यसरी नै माओवादी जाने हो भने संविधानसभाको निर्वाचन भएपछि पनि माओवादीले हतियार छोड्दैन कि भन्ने डर समाजमा छ, त्यो सरकार पक्ष र अन्तर्राष्ट्रिय समुदायमा पनि होला । यो डरलाई सम्बोधन गरेरमात्र अगाडि जान सकिन्छ । अर्को डर चाहिँ माओवादीले हामी आतंककारी होइनौं, समाज परिवर्तनका लागि आन्दोलन गरेका हौं, हाम्रा एजेन्डा स्पष्ट छन्, परिवर्तनलाई सुनिश्चित नगरी हतियार छोड्नु आत्मसमर्पण गर्नु सरह हो, त्यसो गर्‍यो भने थाइल्यान्डको परिघटना दोहोरिने हो कि भन्ने डर छ, त्यो हावादारी डर होइन । यो डरलाई पनि सम्बोधन गर्ने गरी हतियार व्यवस्थापनको विकल्प खोज्नुपर्छ । अहिले जुन मोडलमा कुरा गरिरहेका छौं त्यसले त्यो ठाउँमा पुऱ्यायो भने राम्रो होइन । यी दुई डर सम्बोधन गर्ने गरी जानुपर्छ ।

संविधानसभामार्फत सम्बोधन गरिनुपर्ने धेरै विषय छन् । व्याख्या गरिरहनु पर्दैन । ती विषयमा दलहरू र नागरिक समाजको बहस केन्द्रित हुनुपर्छ । राजनीतिक, आर्थिक, सामाजिक परिवर्तन, समावेशीकरण, पुनःसंरचना, कल्याणकारी राज्यलगायतका तमाम कुरामा । यसो भयो भने मात्र संविधानसभामार्फत हामीले पूर्ण संविधान निर्माण गर्न सक्छौं, अग्रगामी परिवर्तन दिन सक्छौं । अहिले आउने संविधान पूर्ण होइन, यो अन्तरिमकाललाई बाटो देखाउने कामचलाउ मात्र हो ।

**राजेन्द्र महतो, महासचिव, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)**

नेपाली जनताले आन्दोलन गरे, आन्दोलनको लक्ष्यचाहिँ प्राप्त भइसकेको छैन । आन्दोलन गर्नुभन्दा कठिन लक्ष्य प्राप्त गर्नुमा छ । ढिलो भइरहेकोमा अन्यथा मान्नु हुँदैन । आन्दोलनको लक्ष्य शान्ति र अग्रगमन हो अर्थात संविधानसभामा मुलुकलाई लाने । यो काम बाँकी छ, त्यहाँ पुग्न विभिन्न कठिनाई भए पनि मुख्य रूपमा दुई वटा काममा हामी लागिरहेका छौं-अन्तरिम संविधान निर्माण र भयरहित निर्वाचन एवं शान्तिको वातावरणका लागि माओवादीको हतियार व्यवस्थापनदेखि उसलाई

मूलधारको राजनीतिमा ल्याउने । दुवैतर्फको बन्दुकबाट जनतालाई भयमुक्त गराउनु पऱ्यो । यो काममा राजनीतिक दलहरू लागिपरेका छन् । अन्तरिम संविधानका विषयवस्तुहरू-(दाहालजीले ठीक भन्नुभयो) संविधानसभाबाट बन्ने संविधानका विषयवस्तुको बारेमा छिनोफानो गर्ने बेला अहिले नै भइसकेको छैन । तर संविधानसभामा पुग्न आवश्यक कामको टुंगो लगाउनु जरुरी छ । संविधानसभासम्म जान अन्तरिम संसद्को कुरा गरिएका छ, त्यसको स्वरूप, प्रारूप कस्तो हुन, त्यसमा कसरी प्रतिनिधित्व गराउने हो भन्ने कुरा टुंगो लाग्न बाँकी छ, त्यसमा हामीबीच छलफल भइरहेको छ । म यसप्रति आफ्नो दलको धारणा राख्न सक्छु त्यो के हो भने आन्दोलनको अर्को पनि महत्वपूर्ण नारा थियो-२३७ वर्षमा यो मुलुकमा हुन नसकेका काम कुराहरू पनि हामीले गर्ने, यो मुलुकमा लोकतन्त्र पङ्सु आयो, समावेशी आएन तसर्थ समावेशी लोकतन्त्रको परिकल्पना, समानुपातिक प्रतिनिधित्वको भावना आन्दोलनमा उठेको हो । तर दुखद पक्षचाहिँ के हो भने आन्दोलनपछिको यो अवधिमा सरकारबाट गरिएका कामहरू समानुपातिक र समावेशी हुन सकेन । आन्दोलनले लिएको लक्ष्यप्रति अहिले नै ध्यान दिइएको छैन भने भविष्यमा कसरी कार्यान्वयन होला भन्ने प्रश्न उठ्न थालिसकेको छ ।

सरकारले विभिन्न आयोग, समिति आदि बनायो, तर समानुपातिक र समावेशी प्रतिनिधित्वको अभाव देखियो । भर्खरै एउटा समितिको बैठकबाट म आएको हुँ- निर्वाचन आयुक्तहरू नियुक्त गर्ने विषयमा छलफल गर्न सुनुवाइ समितिको बैठक तीन घन्टा चल्यो, कारण चाहिँ के हो भने समानुपातिक प्रतिनिधित्वको त्यहाँ नामनिसाना छैन, प्रमुख आयुक्तसहित तीनको सिफारिस भएकोमा तीनै जना बाहुन रहेछन्, के हो यो ? यसैका लागि जनताले आन्दोलन गरेका त थिएनन् नि । महिलालाई ३३ प्रतिनिधित्व गराउने भनिन्छ, तर नियुक्ति गर्नेदेखि अरू बेलामा महिलाको नामनिसाना नै हुँदैन । संसद्कै नौवटा समिति बनाउँदा महिलाको नाम निसाना थिएन, महिलाले लड्नु पऱ्यो अनि दुईवटा समितिमा सभापति बनाइयो । खाली नारा लगाएर भाषण गरेर जनताको आन्दोलनले खोजेका लक्ष्यहरू प्राप्त हुँदैनन् । यद्यपि अहिलेसम्म राजनीतिक दलहरू इमान्दार देखिएका छैनन् । यदि दलहरूले जनआन्दोलनको भावनाअनुरूप काम नगरे 'काम कुरो एकातिर कुम्लो बोकी ठिमी तिर' भनेभैं हुनेछ, त्यस्तो नहोस् भन्ने अनुरोध गर्दछु । हामीले चर्को रूपमा समावेशीको कुरा गऱ्यौं, तर अब बन्ने अन्तरिम संसद्लाई समावेशी बनाउने कि न बनाउने ? समानुपातिक प्रतिनिधित्व गराउने कि नगराउने ? कि पुरानै सांसदहरूलाई राखेर माओवादीलाई भागबन्डा दिने हो । यसो गर्न नहुने हो । अन्तरिम संसद् पनि समानुपातिक र समावेशी हिसाबले जानुपर्ने हो, खै जान्छ या जाँदैन हेर्दै जाऊँ ।

निर्वाचन प्रक्रिया आन्दोलनको नारा अनुसारकै हुनुपर्छ, त्यसमा दुई मत छैन । आन्दोलनमा समावेशी र समानुपातिक प्रतिनिधित्वको कुरा उठेको थियो, यो महत्वपूर्ण पनि हो । तसर्थ विना कुनै षड्यन्त्र र दाउपेच समानुपातिक निर्वाचन प्रणाली अपनाउनै पर्छ । संविधानसभाको निर्वाचन भनेको सैद्धान्तिक दस्तावेजका लागि हो, क्षेत्रको विकासका लागि सांसद निर्वाचन जस्तो होइन ।



संविधानसभाको निर्वाचन भनेको सैद्धान्तिक दस्तावेज अर्थात राज्यको मूल कानुन संविधान निर्माणका लागि हो, जहाँ क्षेत्रको विकासको लागि संसदीय निर्वाचन होइन । तसर्थ समावेशी र समानुपातिक प्रतिनिधित्वका लागि सबैभन्दा उत्तम समानुपातिक निर्वाचन प्रणाली नै हो ।

अन्तरिम सरकारमा भागबन्डा हुने नै छ, जसरी अन्तरिम संसद् बन्छ त्यसैका आधारमा अन्तरिम सरकार बन्ने भएकाले कुनै समस्या म देख्दिन् ।

संघीय शासन प्रणालीको कुरा छ, कतिपय भन्छन्- सानो मुलुक हो, यो प्रणाली आयो भने देस टुक्रिन्छ कि । तर म भन्छु- अब यो मुलुकमा संघीय शासन प्रणाली लागू गरिएन भने मुलुक टुक्रिन सक्छ । २३७ वर्षमा गर्न नसकेका कामहरू-विभिन्न क्षेत्र, जाति, जनजाति राज्य व्यवस्था सञ्चालनबाट टाढा राखिए, भेदभावमा परे, उपेक्षित भए, आफ्नो देस हो भन्ने अनुभुति गराइएन । यसलाई अन्त्य गर्ने उपयुक्त प्रणाली भनेको संघीय शासन नै हो । सबैलाई राज्य सञ्चालन प्रक्रियामा सामेल गराउन यो नै उपयुक्त हुनेछ । पङ्सु संघीय शासन प्रणालीचाहिँ चाहिँदैन, आत्मनिर्णयसहितको संघीय संरचना चाहिन्छ, राज्य पुनःसंरचना पनि त्यहीअनुसार बन्नुपर्छ । यी सबै कुरा अहिले गर्न नसके पनि संविधानसभाबाट बन्ने संविधानमा विस्तारमा संघीय स्वरूप र संरचनाको खाका कोरिनुपर्छ । अन्तरिम संविधानमा सैद्धान्तिक अवधारणा राख्नुपर्छ-आत्मनिर्णयसहितको संघीय प्रणाली मुलुकमा अपनाइनेछ ।

बाँकी कुरा ठिकै छ, जनताको मतबाट आएको संविधानसभाले मुलुकको पुनसंरचना कसरी गर्नुपर्ने हो गर्छ । हाम्रो मान्यता के हो भने संघीय संरचनामा भौगोलिक र सांस्कृतिक एकताको आधारमा जनसंख्यालाई दृष्टिगत गरी संघको निर्माण हुनुपर्छ । पहाडमा कति संघ बनाउने हो त्यो त्यसै क्षेत्रका जनताबाट निर्णय गराउनुपर्छ । मधेसबाट प्रतिनिधित्व गरेको नेपाल सद्भावना आनन्दीदेवीको प्रष्ट धारणा के हो भने मेचीदेखि महाकाली भनेको मधेस हो, सम्पूर्ण मधेसलाई एउटा प्रान्तको रूपमा मान्यता दिनुपर्छ । समानुपातिक र समावेशीकरणको मुद्दा मधेसमा पनि छ, त्यो हामी गराउँछौं । त्यहाँ पहाडी समुदाय गएर व्यवस्था गर्ने होइन, हामी मधेसी मिलेर गर्छौं । त्यहाँको समस्या, जाति, जनजाति, धर्मलाई 'भेन्टिलेट' हामी गर्छौं, फुटाउ र राज गर को नीति अब चल्नेवाला छैन ।

संविधानको अर्को महत्वपूर्ण मुद्दा भनेको नागरिकता हो । आन्दोलनका बेला सबै राजनीतिक दलले संविधानसभाको निर्वाचन पूर्व नै यो समस्या हल गर्नुपर्छ भन्नेमा सहमति जनाएका थिए । संविधानसभाको निर्वाचन भनेको भाग्यको फैसला हो, यस्तो फैसला गर्दा सबै जनता सहभागी होऊन भन्ने हो । नागरिकता नभएर मतदाता हुन नसकेकालाई पनि सहभागि गराउनु पऱ्यो, त्यसका लागि नागरिकता समस्या समाधान हुनुपऱ्यो । अघि दाहालजीले भन्नुभयो कि नागरिकताको कुरा सीपीजीले उठाउनु भयो, तपाईंको मुद्दा । यही त दुर्भाग्य छ यो मुद्दा त पहिल्यै सबै राजनीतिक दलले गम्भीरतापूर्वक लिनुपर्थ्यो, त्यसो हुन सकेको भए समस्या पहिल्यै समाधान भइसक्थ्यो । मधेसीका मुद्दा मधेसीलाई नै छोडियो, जबकी शासनचाहिँ अरूले गरे । तसर्थ यो मुद्दालाई सबैले समात्नुपर्छ, समाइएको पनि छ । अब समाधान हुन्छ ।

०३७ सालको जनमतसंग्रहबाट नागरिकता समस्या समाधान हुनेवाला छैन । जनमत संग्रहको मतदाता सूचीमा नाम नभएकालाई केको आधारमा नागरिकता दिने ? नागरिकता नभएकै कारण मतदाता सूचीबाट नाम हटाइयो, अहिले त्यही सूचीलाई आधार बनाउने भन्नु नागरिकता समस्या समाधान गर्ने मनसाय देखियो र ? यस्तो लंगडो कुरा गरेर भएन । एक पटक यो मुलुकमा सदाका लागि नागरिकता समस्याको हल गर्नुपर्छ, जुन राष्ट्रियता र जीवनसँग जोडिएको कुरा हो । त्यसमा खेलबाड गर्नुहुँदैन, गरियो भने राष्ट्रविहीनताको अवस्थामा जनता बस्न सक्दैन । ऊ नेपाली र नेपाली राष्ट्रियता बोकेको मानिस हो, तपाईंले राष्ट्रियता दिनुभएन भने त्यसको खोजीमा ऊ हिँड्न सक्छ । यो प्रश्नलाई संवेदनशील भएर सोच्ने बेला हो ।

हतियार व्यवस्थापन र अन्तरिम संविधान जोडिएको विषय हो । हतियार व्यवस्थापनको कुरा गर्दा मेरो एउटा सरोकार छ-भयरहित निर्वाचनका लागि हतियार व्यवस्थापन हुनुपर्छ, कुनै पनि बन्दुक अगाडि आयो भने भयरहित र निष्पक्ष निर्वाचन हुनै सक्दैन । यही कारण भयरहित भएर जनताले संविधानसभा निर्वाचनमा भाग लिन सक्ने गरी हतियार व्यवस्थापन हुनुपर्‍यो । कुनै पनि हिसाबले बन्दुकको त्रास देखाएर मत माग्ने स्थिति बाँकी राख्नु हुन्न । यो सबै काममा सम्पूर्ण राजनीतिक दल संवेदनशील भएर लागेका छौं, मलाई विश्वास छ-एकदमै चाँडै सबै कुराको छिनोफानो भएर जनताका अगाडि अन्तरिम संविधान आउनेछ । संसद्बाट अनुमोदन भएपछि अन्तरिम संसद् र सरकार बन्छ । त्यसले संविधानसभाको तिथि तोक्छ । यही बीचमा हतियार व्यवस्थापन हुन्छ । यही प्रक्रियाबाट मुलुक अगाडि बढ्छ भन्ने विश्वास लिएको छु ।

**अर्जुननरसिंह केसी, नेता, नेपाली कांग्रेस**

दाहालजीले अत्यन्त राम्रो प्रस्तुति गर्नुभएको छ । समग्र रूपबाट उठिरहेका राजनीतिक मुद्दा सँगसँगै अन्तरिम संविधानमा निहीत हुनुपर्ने अन्तरविषयवस्तुहरू, आफ्ना दृष्टिकोण, हतियार व्यवस्थापन र संविधानसभा राष्ट्रकै महत्वपूर्ण मुद्दाका रूपमा रहेका छन्, त्यसलाई कार्यपत्रमार्फत प्रस्तुत गर्नुभएको छ । वास्तवमा यहाँ जति सुनियो, त्यो कार्यपत्र पढ्न पाइएको छैन । उहाँका विस्तृत विवरणमा अहिलेको समकालीन राजनीतिको प्रस्तुति छ ।

*'रूपान्तरण गर्न राज्य संरचनामा परिवर्तन गर्नुपर्‍यो, यो हामी सबैको प्रतिबद्धता हो । तर कस्तो परिवर्तन भन्ने लगायतका कुरामा अहिले दाहालजीले भनेको जस्तो गर्न सके त अति राम्रो, म पनि त्यही पक्षमा हुँ'*

इतिहासबाट हामीले अत्यन्त गम्भीर रूपमा पाठ सिक्नुपर्ने आवश्यकता छ । त्यो पाठ भनेको २००७ सालमा संविधानसभाको घोषणा गरेर २०१० सालमा खोसियो । 'अगुल्टोले हानेको कुकुर बिजुली चम्कँदा तर्सिन्छ' भन्ने आख्यानभैंm हामी सम्पूर्ण आन्दोलनकारी सात दल, माओवादी पक्षसँगसँगै सम्पूर्ण विद्वत्/नागरिक समाज र लोकतन्त्रप्रति चिन्तित सबैले सतर्क हुनुपर्ने आवश्यकता छ नै । सात दलभित्र आन्तरिक विभाजनको प्रक्रिया उचाल्न खोज्ने, सात दल-माओवादीबीच विभाजित मनस्थिति सिर्जना गर्ने खेल नभएका होइनन् । केही वर्ष अगाडिको अनुभव हेर्ने हो भने १९९० मा सुरु भएको साउथ अफ्रिका शान्ति प्रक्रिया ९४ को आरम्भमा क्रिस हनी भन्ने नेसनल कंग्रेसको सबैभन्दा ठूलो नेतालाई मारिदिएपछि बिथोलियो, अर्को ११/१२ महिना ठूलो रक्तपात भयो, हजारौं मानिस मारिए र फेरि द्वन्द्व व्यवस्थापनको अर्को प्रक्रिया थाल्नु पर्‍यो । नेपालमा त्यस्तो हुनै सक्दैन भनेर सोच्ने स्थिति छैन ।



एकातिर यस्तो खतराप्रति गम्भीर हुनु जरुरी छ भने अर्कोतिर साउथ अफ्रिकाको समावेशी राजनीतिकका लागि शान्ति प्रक्रियामा अपनाइएको तरिकालाई यहाँ ख्याल राखिएन । त्यहाँ आन्दोलन दमन गर्न सक्रिय र सशक्त रूपमा लागेको इन्काथा फ्रिडम पार्टीलाई समेत २७ वटा पार्टीहरूको संयुक्त गठनबन्धनमा राखेर संयुक्त हस्ताक्षर गर्ने बेलामा सहभागी गराइयो । हामी सात दल र माओवादी मात्र भनिरहेका छौं, शान्ति प्रक्रियालाई जति समावेशी बनाउनुपर्ने हो त्यो गर्न नसकिरहेको यथार्थतालाई हामीले स्वीकार गर्नुपर्छ । नागरिक समाज र आन्दोलनमा सक्रिय पक्षसँग पनि शान्ति प्रक्रियामा 'इनपुट' लिन हामी क्रियाशील भएनौं ।

नेपालको परिवर्तनका लागि जनआन्दोलनमा जनताले अभिव्यक्त गरेको भावना र मार्गनिर्देश भनेको-सारमा लोकतन्त्र नेपालको इतिहासमा कसैले अपहरण गर्न नसकोस्, फेरि लोकतान्त्रिक आन्दोलनका निम्ति एउटा आमाले आफ्नो काखको छोरो गुमाउनुपर्ने, युवतीले शिरको सिन्दुर पुछेर बस्नुपर्ने र बच्चा टुहुरो हुनुपर्ने स्थिति आउन नदिन निरंकुशताको जरो/किलो सदाका निम्ति समाप्त होस् भन्ने एउटा इच्छा हो । दोस्रो, ११ वर्षको रक्तरञ्जित अवस्थाबाट देश भयग्रस्त अवस्थामा रहेकाले त्यो अवस्था नदोहोरियोस् भन्ने हो भने तेस्रो पक्षचाहिँ लोकतन्त्र समावेशी नभएसम्म (हिमालको खोचमा बस्ने, पहाडको कन्दरामा बस्ने, तराईका झुपडी या सहरमा बस्ने जोसुकै नेपाली जो जुनसुकै जातजाति र धर्मका हुन्, ती सबै नेपाली हुन् र तिनीहरूले साझा रूपबाट राष्ट्र निर्माण प्रक्रियामा अंशियार र साझेदार गरी म पनि मालिक हुँ भन्ने भावना आत्मसात् गर्ने परिस्थिति निर्माण हुनुपर्छ) केही अर्थ छैन भन्ने हो । जसमा हामी सबै खा-आफ्नो ढंगले प्रतिबद्ध पनि छौं ।

त्यस्तो समावेशी लोकतन्त्रका निम्ति अहिलेको केन्द्रीकृत राज्यप्रणालीबाट आशा राख्न सकिन्न । रूपान्तरण गर्न राज्य संरचनामा परिवर्तन गर्नुपर्‍यो, यो हामी सबैको प्रतिबद्धता हो । तर कस्तो परिवर्तन भन्ने लगायतका कुरामा अहिले दाहालजीले भनेको जस्तो गर्न सके त अति राम्रो, म पनि त्यही पक्षमा हुँ । २७ वटा पार्टीले बसेर साउथ अफ्रिकामा ३४ बुँदे राजनीतिक सिद्धान्त तय गरे, संविधानसभाले त्यो सीमा नाघेमा संवैधानिक अदालतले खारेज गरिदिन्छ । एक दुई वटा घटनामा त्यस्तो भयो पनि त्यहाँ । यहाँ पनि त्यसो गर्न सके राम्रो हुने थियो । तर, हामीकहाँ सात दल आफ्नो सिद्धान्त, दर्शन, पृष्ठभूमि भएका छौं, अर्को पक्ष हतियार लिएर शक्तिको स्रोत बन्दुक हो भनिरहेको छ (जसलाई रूपान्तरण गरिँदैछ) । यी सबै राजनीतिक सिद्धान्त अन्तरिम संविधानमा राखेर संविधानसभामा जान सकिन्छ भन्ने चाहिँ मलाई लागेको छैन । हाम्रो पार्टीले पनि त्यही सोचिरहेको छ ।

संविधानसभा नेपाली जनआन्दोलनको पहिलो लक्ष्य हो। भारतमोहनजीले पछि बोल्नुहोला, मैले जनआन्दोलनका बेला जनमतसंग्रहको कुरा सुनेको थिइन्। जनता र माओवादीले भनेको निसर्त संविधानसभा हो। त्यतिबेला कतै राजतन्त्रलाई घुसाएर अरू कुरामामात्र संविधानसभा भन्लान कि भन्ने डर माओवादीलाई थियो, हामी निसर्त संविधानसभा (जुन सभाको पहिलो बैठकले राजतन्त्रको बारेमा निर्णय गरोस्) मा जाने एउटा सहमतिको बिन्दुमा पुगिसकेका छौं। संविधानसभाअघि जनमत संग्रहको कुरा गर्दा मूल लक्ष्य संविभानसभा (जसले राज्यको सम्पूर्ण संरचना निर्माण गर्दैछ, नेपालको भविष्यको राजनीतिक, सामाजिक, आर्थिक संरचना निर्माण गर्दैछ, जसले नेपालको इतिहासमा पहिलो पटक हामी सार्वभौमसत्ता प्राप्त नेपाली जनताबाट निर्मित संविधान भनेर लेख्दैछ) ओझेलमा पर्ने त होइन भन्ने चिन्ता हामीलाई छ। सम्पूर्ण राष्ट्रको खाका तयार पार्छ र राष्ट्र सञ्चालनको दस्तावेज तयार पार्छ भने एउटा कुरामा जनमतसंग्रहमा जान के जरुरी ? त्यसरी जाँदा निष्क्रिय भइरहेको पक्षलाई सक्रिय भएर राजनीतिक पक्षको द्वन्द्वमा समेट्दा ठीक हुन्छ कि बेठीक हुन्छ ? जनआन्दोलनमा सबैभन्दा बढी दमन गर्ने पार्टीले जनमतसंग्रह माग्न थालेपछि अरू पार्टीका साथीहरूले पनि यसभित्र अन्तरनिहित विषयवस्तु र गम्भीरता बुझ्न आग्रह गर्दछु।

यहाँ कानुनविद् स्वयम् दाहालजी हुनुहुन्छ, भरतमोहनजी हो, निलाम्बरजीको त कुरै नगरौं, म त केबल २/४ महिना अलिअलि हल्लिएको हो-वकालत गर्ने नाममा। मचाहिँ अन्तरिम संविधानभन्दा पनि यसलाई अन्तरिम शासन सञ्चालन ऐन भने हुन्छ भन्ने ठान्छु। यो अन्तरिम परिस्थितिमा संविधानसभाको निर्वाचनसम्म व्यवस्थित गरेर राज्य सञ्चालनका लागि हो, यसको सम्पूर्ण प्रक्रिया शान्ति स्थापना गरी देशमा शान्तिसुरक्षाको व्यवस्थापन गर्ने, भयरहित, निष्पक्ष र पारदर्शी रूपमा संविधानसभाको निर्वाचन गर्ने दायित्व पूरा गर्न हो। यसैमा सम्पूर्ण कुरा समेटेर जेठ महिनाभित्र संविधानसभाको निर्वाचनको प्रतिबद्धता पूरा गर्न समय रहने छैन, ढिलो भयो भने अरू प्रतिगामी शक्तिले कसरी खेल्छन्, त्यतातिर हामी सतर्क हुनुपर्छ।

संविधानसभालाई सम्पूर्ण रूपमा समावेशी बनाउन कस्तो प्रारूप, स्वरूप या संरचना हुनुपर्छ भन्नेमा हामी गम्भीर हुनुपर्छ ता कि संविधान निर्माण प्रक्रियामा नेपालका सम्पूर्ण पक्षको प्रतिनिधित्व हुन सकोस् र साझा सम्पत्तिको रूपमा सदियौंका लागि राज्य सञ्चालनको दस्तावेज बन्न सकोस्। सबैले भनेका कुरालाई समायोजन गरेर नै टुंगोमा पुगिने हो, तर अरूले समानुपातिक प्रतिनिधित्व प्रणालीको कुरा गरिरहे पनि कांग्रेसले चाहिँ मिश्रित प्रणालीमा जाऔं। कहिलेकहीं एमालेका साथीहरूले हामीलाई दोष लगाउनु हुन्छ कि कांग्रेसको राजाको मोहले र माओवादीको हतियार मोहले गर्दा कुरा नमिलेको भनेर। इमान्दार कुरा गर्ने हो भने हामीलाई राजाको कुनै मोह छैन। नेपाली कांग्रेसले संगठित रूपमा हतियार लिएर जनताको सर्वोच्चता र सार्वभौमिकताको नियन्त्रण गर्ने र अधिकार खोस्ने राणा शाही, शाह-शाहीदेखि सबैको विरुद्धमा लडेको हो। हामी संगठित हतियारको विरोधी हौं, लोकतन्त्र र अग्रगमनको मार्गमा सार्वभौम नेपाली जनता या हरेक व्यक्ति राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक रूपमा परिचालित हुने अधिकार



कसैबाट हस्तक्षेप नहोस् भन्ने हाम्रो चिन्ता हो। हाम्रा मौलिक सिद्धान्तभित्र त्यही पर्छ।

हामी मिश्रित प्रणालीमा यस कारण जान खोजेका हौं कि समानुपातिक निर्वाचन गर्दा व्यक्ति चुनाव लड्ने अधिकार खोस्नु हुन्छ कि हुन्न ? व्यक्ति कहाँ गएर लड्छ ? समाजको सार्वभौमिकताभित्र हरेक व्यक्तिको सर्वोच्चतालाई सम्मान गरिएन भने त्यो लोकतन्त्र होइन। लोकतन्त्रमा एकल इच्छालाई अभिव्यक्त गरेर जनतामा जाने उसको सार्वभौम अधिकार हो। तसर्थ हामीले भनेका हौं कि मिश्रित प्रणालीमा जाऔं, जहाँ व्यक्तिको हक सुनिश्चित गर्दै भौगोलिक प्रतिनिधि हुन्छ। त्यसलाई अरू समावेशी बनाउन जुन अनुपातमा भोट प्राप्त गरेको हो त्यही अनुपातमा हुनुपर्छ। समावेशी सूचीकृत हुनुपर्छ। अन्यथा हरेक पार्टीमा हरूवा चरुवाहरूलाई नै भर्ने कुरा हुन्छ। त्यसरी तोक्दा महिला, दलित, जनजाति क-कसलाई कुन पार्टीबाट कति प्रतिशत तोक्ने हो भन्ने पहिल्यै किटान हुनुपर्छ। सूचीकृत प्रणालीका आधारमा आधा र पहिलो हुने निर्वाचन प्रणालीका आधारमा आधा गरी मिश्रित प्रणालीमा जाऔं भन्ने नेपाली काँग्रेसको प्रस्ताव हो। हामी वार्तामा बसेका धेरै मानिस यही छौं। वार्तामा राखिएको प्रस्ताव समायोजन गर्दै जाँदा त्यो कहाँ पुग्छ भन्ने बेग्लै कुरा हो, सम्वाद भनेकै 'मेरो गोरुको बाह्रै टक्का' भन्ने हुँदैन। सबैले कहीं न कहीं छाड्दै समायोजन अगाडि बढ्नुपर्ने स्थिति छ।

हतियारका सम्बन्धमा हामीले माओवादी नेतृत्वलाई पनि भनेको कुरा के हो भने अहिले दुई वटा भय कायम छ-माओवादी नेतृत्व बीच-बीचमा अक्टुबर क्रान्तिको कुरा गर्छन्, जनविद्रोह र हतियारको प्रयोग गरेर अन्तिम हमला गर्ने, हामीले प्रतिस्पर्धात्मक राजनीतिमा सहमति जनाएको त 'एन्टी फ्युडल, एन्टी क्यापिटलिस्ट, एन्टी इपेरेलिस्ट, सोसलिस्ट' हरूको प्रतिस्पर्धाका लागि हो भन्नुहुन्छ।

हामीले लडेको राजाको निरंकुशताको साटो अर्को कुनै अधिनायकवादी सर्वहारा अधिनायकवादका निम्ति पनि होइन, एकदलीय अधिनाकयवादको निम्ति पनि होइन। तसर्थ हतियार व्यवस्थापनप्रति राजनीतिक दलहरूको चिन्ता छ भने माओवादी पक्षलाई पनि चिन्ता छ कि यी कहिले सेरेमोनियल राजा भन्छन्, अनि विदेशी-राजा र सेनासँग मिलेर हामीलाई नै दलहरूले प्रहार गर्ने हुन कि भन्ने। यस्तो स्थितिमा माओवादीलाई पूर्ण सुरक्षाको परिस्थिति राज्यले बनाउनुपर्छ, ११ वर्षसम्म हतियारको प्रशिक्षण दिएर आएकालाई सामान्यीकरण गर्न, कम गर्न र थन्क्याउन समय लाग्छ। उनीहरूकै असहज आन्तरिक परिस्थितिलाई पनि हामीले बुझ्नुपर्छ। उनीहरूले बुझ्नुपर्छ कि अहिलेको संसार एउटा विश्वग्रामको रूपमा परिणत भएको छ-सूचना-प्रविधिले गर्दा। सात पार्टी या आठ पार्टी मिलेरमात्र हुँदैन, अन्तर्राष्ट्रिय रूपमा स्वीकारिएको हतियार व्यवस्थापनको न्यूनतम मापदण्ड अपनाउन हिच्किचाउनु हुँदैन यदि प्रजातान्त्रिक प्रक्रियामा सहमत भएको हो भने सहजतापूर्वक सोच्नुपर्छ। हामीले त्यो कुरा माओवादीसित गम्भीरतापूर्वक गरिरहेका छौं। वार्ता प्रक्रिया निक्कैनजिक आएको छ, सहमति भएको छ भन्यो भने साथीहरूलाई 'यिनीहरूको के हो, के हो नबुझ्ने कुरा' भन्नुहोला। तर वास्तवमै सहमतिको नजिक छौं, हतियार व्यवस्थापनलगायत एक/दुई कुरामा अन्तिम बिन्दुमा पुगेका छैनौं। तर हामी अन्तिम निष्कर्षमा पुऱ्याउँछौं र, संविधानसभा जेठभित्र गर्छौं।

यहाँ धेरै पत्रकार र बुद्धिजीवी साथीहरू हुनुहुन्छ, तसर्थ म यो कुरा यहाँ राख्न चाहन्छु। नर्दन आइल्यान्ड क्यासिसको समायोजन गर्ने संयोजक अमेरिकाको एक जना सिनेटर हुनुहुन्थ्यो। १८ वटा मिटिङ बस्यो, साउथ अफ्रिकामा तीन दर्जनभन्दा बढी मिटिङ बस्यो, तपाईं हाम्रा घरमा दुई तीनवटा छोरालाई बाउले अंश दिँदा त्यसलाई पानी लाग्ने खेत पर्‍यो, उसलाई ठूलो गरो पर्‍यो भन्ने वादविवाद हुँदा तीन पुस्ता बसेर त्यो विवाद मिलाउनु पर्ने हुन्छ। ११ वर्ष द्वन्द्वमा हतियार लिएर आमने सामने भएको दलसँग एउटै बैठकबाट सबै सिद्धिनु पर्छ भन्ने कुरा जायज होइन। तसर्थ मैले भन्ने गरेको थिएँ कि हडबडमा निर्णय गर्ने, फुर्सदमा पछुताउनेभन्दा पहिल्यै सम्पूर्ण रूपले गृहकार्य गरेर यसलाई अन्तिम निष्कर्षमा पुर्‍याउनु पर्छ र, निष्कर्ष अक्षरंश पालना गर्ने प्रतिबद्धता हुनुपर्छ।

अहिले २५ बुँदे आचारसंहिता पालना भएको छैन। आधिकारिक राज्य खुम्चदै गएको देखिन्छ, प्रधानमन्त्री र गृहमन्त्री मेरै पार्टीको हुनुहुन्छ। तर अवैधानिक राज्यचाहिँ दिनदिनै जतातत्तै नियन्त्रणमा लागेको देखिन्छ। यस्तै स्थिति र हतियारको पूर्ण व्यवस्थापन नभई हुने संविधानसभा निर्वाचन कस्तो हो ? बन्दुकको छाया र बारुदको धुँवामा आतंकपूर्ण र डरत्रासमा हुने नाम मात्रको संविधानसभाले यो देशको राजनीतिक समस्या समाधान गर्न सक्छ ? त्यसले राष्ट्रिय/अन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्न सक्छ ? यसर्थ हामीले यसलाई समष्टिमा एउटा निष्कर्षमा पुर्‍याउन गम्भीरतापूर्वक गृहकार्य गरिरहेका छौं, हामी धेरै कुरामा समायोजित हुँदै निकटतामा पुगेका छौं। हतियार व्यवस्थापनकै कुरामा पनि। शिविरभित्र प्रवेश, युएनद्वारा प्रमाणीकरण, सुरक्षित भण्डारण गर्ने तर साँचो आफैं लिने माओवादीको कुराप्रति हामी सहमत छैनौं। साँचो युएनले पनि लिओस्, दोहोरो ताल्चा लगाइयोस्, जसले जनतालाई माओवादीको नियन्त्रणमा हतियार छैन भनेर प्रत्याभूति गर्छ। मेरो सन्दुसमा उहाँको पैसा राखेर सुरक्षित छ, साँचो पनि मैले लिने अनि चिन्ता नमान भनेर भएन नि। हामीले विश्व समुदायमा पनि प्रमाणित गर्नुपर्ने हुन्छ, नेपाली जनतालाई पनि अब भयरहित भए हुन्छ भन्नुपर्छ। तसर्थ धेरै कुरा मिल्दामिल्दै पनि हामी कात्तिक महिनाभित्रै नभए पनि मंसिर महिनाको पहिलो साताभित्र अन्तरिम संविधानको घोषणा, अन्तरिम व्यवस्थापिका र अन्तरिम सरकार बनाउँदै संविधानसभाको निर्वाचनको घोषणा गर्ने तयारीमा छौं, २/४ दिन यताउता हुन सक्छ। समायोजित रूपमा सोचेका छौं, यसका लागि केही समय अझै लाग्छ। दाहालजीले जुन अवधारणा पेस गर्नुभएको छ, यो हाम्रा लागि बुद्धिबर्द्धक नै होला भन्ने लागेको छ। म तपाईंहरूसँग क्षमा माग्छु कि वार्ता समितिमा भएकाले ४.०० बजेदेखि प्रधानमन्त्रीसँग बैठक छ, यो छलफलमा भाग लिन नपाउने भए। र, पनि केही साथीको जिज्ञासा छन् भने केही समय कुरेर सुन्न सक्छु।

राज्य संरचना परिवर्तन सम्बन्धमा संविधानसभाले निर्णय गर्छ, त्योभन्दा अगाडिको अन्तरिम अवस्थामा माओवादी र सबै दलको प्रतिनिधित्व हुने गरी एउटा राज्य पुनर्संरचना सुझाव आयोग बनाऊ भन्ने हाम्रो प्रस्ताव छ। कसरी जाने भनेर बौद्धिक तहबाट र जनस्तरबाट आफ्नो भावना आउने गरी संविधानसभालाई 'इनपुट' दिने गरी आयोगले काम गरोस् त्यसबाट जस्तो आए पनि हाम्रा लागि स्वीकार्य



हुन्छ। अहिले नै संघीय या केमा जाने भन्ने कुरा ठीक होइन। राजेन्द्र महतोजीले भनेझैं संघीय राज्य भएन भने मुलुक टुक्रिन्छ भन्ने हो भने सोभियत राज्यमा संघीय नै संघीय थिएँ, टुक्रेर कति राज्य भए उहाँले नै जवाफ दिए हुन्छ, पाकिस्तान, युगोस्लाभिया संघीय नै थियो। समावेशी, सहभागितामूलक र जनतालाई मालिक कसरी बनाउन सकिन्छ भनेर गहिरो अध्ययन गर्न बौद्धिक र विज्ञहरूको आयोग अन्तरिम सरकारले बनाओस्, जसमा सबैको प्रतिनिधित्व पनि हुन्छ। त्यसैको आधारमा एउटा निर्णयमा पुगौं।

नेपाली कांग्रेसले संघीय या कस्तो राज्य हुनुपर्छ भनेर टुंगो गरेको छैन। राष्ट्रियतामा कहीं कतै बाधा व्यवधान नहुने गरी संघीय राज्य भए पनि आपत्ति छैन। संघीय राज्यमा एकता पनि हुन सक्छ, जस्तै बेलायतमा। यस्ता धेरै मोडेलमध्ये हामी क्षेत्रीय रूपमा विभिन्न जातजाति, भाषाभाषीलाई कसरी समावेशी बनाउन सकिन्छ भन्नेमा खुल्ला छौं।

**डा. मीनेन्द्र रिजाल, प्रवक्ता, प्रजातान्त्रिक कांग्रेस**

(मञ्चमा कुर्सी कम भएकोमा व्यंग गर्दै) दुई कांग्रेस हुँदा मञ्चमा बस्ने ठाउँ नपुग्ने नभएकाले पार्टी त एकीकरण हुनैपर्छ।

म मूलतः काशीराज दाहालको अवधारणाप्रति सहमत छु। जनआन्दोलनपछिका ६ महिनाको मूल्यांकन, संवैधानिक निरन्तरताका लागि अन्तरिम संविधानबारे उहाँले उठाउनुभएको तर्कहरू, समस्या, चुनौती र निकासप्रति म सहमत छु। अवधारणा अत्यन्तै राम्रो छ।

आजको बहसमा केका लागि संविधान बनाउने ? केका लागि आन्दोलन भयो ? कहाँ जान खोजेका हौं ? भन्ने प्रश्न गर्‍यौं भने उत्तर खोज्न सजिलो होला जस्तो लाग्छ। हामीले देखेको राज्य संयन्त्रको अनुहार-विभिन्न जातजाति, भाषाभाषी, वर्गका मानिस भएजस्तो- भएन। राज्य संयन्त्र एकाकी भयो, केही पहिचानमात्र देखिए, अरू पहिचान देखिएन। आर्थिक कुरा गर्दा मूलत काठमाडौं र तराईका केही सहर विकास क्रममा अगाडि बढे, तर बाँकी दुरदराजका गाउँहरू सधैंपछि परे। पछाडि परेका वर्ग आर्थिक विकासको मूल बाटोमा तानिन सकेनन्। सामाजिक रूपमा विभेद १२ बर्से प्रजातान्त्रिक कालमा पनि सारभूत रूपमा रहिरह्यो। अब हामीले खोजेको यिनै आर्थिक, राजनीतिक, सामाजिक समस्याबाट बाहिर निस्कने हो। यसका लागि नयाँ संविधानबाट सम्भव छ, पुरानोबाट भएन। यही मान्यताका आधारमा जनआन्दोलन भएको हो। भोलिको सुधार या संविधान लेखन जनआन्दोलनको आदेशभित्र बसेर गर्ने हो। त्यसभन्दा बाहिर जाने अधिकार कसैलाई छैन।

अर्को कांग्रेससँग कुरा मिलाउनै पर्ने स्थिति छ, पार्टी मिल्ने कुरा चलेकाले। भएका कुरा भन्नुपर्छ-अर्जुननरसिंह केसीले जनमतसंग्रहको कुरा आन्दोलनमा कसैले उठाएन भन्नुभयो। तर आन्दोलनको अग्रपंतिमा हुनेले गणतन्त्र चाहियो भनेको मैले सुनेको छु। त्यसलाई हामीले सम्बोधन गर्ने कि नगर्ने ? आजको परिस्थितिलाई व्यवस्थापन गर्दै जाँदा जनआन्दोलनको सबैभन्दा चर्चित नारालाई हामीले सम्बोधन गर्ने उपायको खोजी गर्नुपर्छ, त्यो उपाय भनेको जनताले प्रत्यक्ष रूपमा निर्णय गर्न

चाहेको छ, राजसंस्थाको भविष्यबारे। जनतालाई त्यो अधिकारबाट वञ्चित गर्नु जनआन्दोलनको आदेशभन्दा बाहिर जानु हुनेछ। तसर्थ राजसंस्थाबारे टुंगो लगाउन जनमतसंग्रह हुनुपर्छ भन्ने मलाई लागेको छ।

राज्य पुनर्संरचनाबारे कुरा भएको छ। संघीय संरचनाबाहेक अरू बाटो यसका लागि छ भन्ने लाग्दैन। संघीय संरचना माओवादीले भनेको जस्तो होइन। भाषा, जातको आधारमा होइन। राज्य बन्न केही तत्व चाहिन्छ: आर्थिक, भौगोलिक, सामाजिक, जात, भाषा। यी तत्वहरूलाई संगालेर हामीले नयाँ नेपाल नबनाउने हो भने नेपालको विविधतालाई सम्हालेर नयाँ नेपाल बनाउन सक्दैनौं। तसर्थ संघीय संरचना आवश्यक छ। संघीय संरचनाको निर्णय कहिले गर्ने भन्ने प्रश्न चाहिँ आउँछ नै। संघीय संरचनाको एउटा स्वरूप राजेन्द्र महतोजीले भने झै विभिन्न पार्टीका आ-आफ्ना विचार छ। यही कारण संविधानसभाको कुरा आएको हो। संविधानसभा नभई सबै पार्टीका बीचमा सबै कुरामा सहमति हुने हो भने सात पार्टी र माओवादी बसेर संविधान निर्माण गरी त्यसैलाई जनमतसंग्रहमा लगे हुन्थ्यो नि। संविधानलाई जनमतसंग्रहमा लग्नुको साटो संविधानसभाले संविधान निर्माण गर्ने भएपछि विवादका विषयमा बसेर ठन्डा दिमागले छलफल गरौं अनि संविधानसभामा एउटा उपाय खोज्न सकिन्छ। संघीय संरचनाबाहेक अरू उपाय छैन।

माओवादीले खाली एउटा आर्थिक प्रणालीको कुरा गरेको छ, त्यही आर्थिक प्रणाली नेपाली जनताले खोजेको हो भन्ने मलाई लाग्दैन। माओवादीले भनेको आर्थिक प्रणालीबाट सोभियत संघ, रसिया, उत्तर कोरियालगायतका देशको दुर्दशा देखियो। भियतनामको परिवर्तन देखियो, यो सबै हेर्दा त्यस्तो आर्थिक प्रणाली जनताले खोजेको हो भन्न मिल्दैन। अरू साथीको विचार अर्को होला, आफ्नो विचारका लागि हतियार बोकेर ज्यान फाल्न तयार हुनेलाई निर्णय गराउने प्रक्रियामा सामेल गर्नुपर्छ, उहाँहरूको मतको सम्मान गर्दै। सत्यमाथि मेरो एकाधिकार छैन, उहाँहरूलाई लाग्ला सत्यमाथि मेरो एकाधिकार छ त्यही कारण हतियार उठाउनुभयो। उहाँहरूको विचारसँग असहमत हुनेलाई हतियारबाटै ठीक पार्ने स्थिति बनाइयो। यस्तो हो भने सत्यको विरोध गर्ने सबैलाई समाप्त गरे हुन्छ, थुनामा राखेर, गोली हानेर। त्यो हाम्रो विचार र आस्था होइन। यसबारे पनि जनताले निर्णय गर्न पाउनुपर्छ, तसर्थ यो संविधानसभाले निर्णय गर्ने विषय हो।

सामाजिक संरचना कस्तो हुने ? सांस्कृतिक संरचनाको जगेर्ना कसरी गर्ने ? यी कुरामा छलफल गर्न संविधानसभाको खोजी हो। जनताको मत लिनु छ। हामी एउटा विन्दुमा पुगेका छैनौं, विभेद छ त्यसलाई नजिक्याउँदै एउटा टुंगोमा पुग्नुपर्छ। संविधानसभामा धेरै विषयबारे टुंगो लाग्छ। कार्यपत्र प्रस्तोताले अन्तरिम अवस्थामा विवादका विषय टुंगो लगाउन खोज्नु अनुचित हो, अन्तरिम अवस्थालाई व्यवस्थापन गर्ने बाटोमात्र अन्तरिम संविधानले खोजी गर्नुपर्छ भनेर बलियो तर्क राख्नुभएको छ, म त्यसमा सहमत छु।

राजसंस्थाका बारेमा जनताको प्रत्यक्ष मतबाट निर्णय हुनुपर्छ भन्ने लाग्छ, संविधानसभाबाट होइन। राज्य पुनर्संरचना, समावेशीकरण, संघीय शासन, आर्थिक, सामाजिक संरचनाको कुरा छिनोफानो गर्नुछ, यस्तो अवस्थामा राजाको बारेमा



संविधानसभाले निर्णय गर्ने हो भने संविधान निर्माणका क्रममा मुलुक अरू एक डेढ वर्ष राजाकै विषयमा विवादमा अल्झनेछ, बहस हुनेछ, समय खेर जानेछ, नेपालले अब समय खेर फाल्न सक्दैन। राजाबारे जनतालाई प्रत्यक्ष मतदान गराएर निर्णय गर्न दिऊँ, अरू विषयमा एक/डेढ वर्ष अभ्यास गरेर नयाँ संविधान निर्माण गर्ने हो। यसर्थ राजसंस्थाबारे निर्णय जनमतसंग्रहबाट हुनुपर्छ।

संविधान निर्माण क्रममा कसैको पनि संविधान निर्माणको अधिकार खोस्न पाइदैन। यसर्थ नागरिकताको विषय अहिलेको प्रमुख विषय हो। गाउँगाउँसम्म टोली खटाएर निर्वाचन अघि नै यसको टुंगो लाग्नुपर्छ। नेपालको कुनै पनि नेपाली नागरिकले नागरिकता नभएकै कारण मतदान गर्ने अधिकारबाट वञ्चित हुन नपरोस्। अन्तरिम विधानले यस्तो व्यवस्था गर्ने हो।

अन्तरिम विधानले नै संविधानसभाको निर्वाचन प्रणालीको टुंगो लगाउनुपर्छ। म मूलतः समानुपातिक निर्वाचन प्रणालीमा विश्वास गर्छु। तर समानुपातिक निर्वाचन प्रणाली भयो भने अहिले यत्रा दल छन्, माओवादी आइसकेको छैन, अरू कति दल भएनन् भनेर अघि अर्जुनजीले भन्नुभयो । यसै १०/१२ दल छौं, कांग्रेस दुईवटा छ, वामपन्थी मत पनि एक ठाउँमा छैन। एमालेको पनि पहिलाको जस्तो ३० प्रतिशतको हाराहारीमा मत आउँदैन। साना-साना दलहरूको राजनीति नेपालमा सुरु भएको छ। निर्वाचनका बेला उम्मेदवार सूचीमा कसले कर्णालीको, राउटे, दलित, विभिन्न पेसा र व्यवसायको व्यक्तिको नाम राख्छ र ? तसर्थ हामी जस्ता यसरी बोल्दै हिँड्ने मानिसले जिल्लाका लागि समानुपातिक नै ठीक हो, पार्टीको सूचीमा हामी माथि पर्छौं, पार्टीले थोरै सिट जित्दा पनि हामी पर्छौं। तर बाँकी अरूले जित्ने अवस्था रहन्न। यसबाट विगतमा प्रतिनिधिसभा समावेशी हुन नसके झै भोलिको संविधानसभा पनि हुन सक्दैन। यही कारण पनि कर्णाली, मनाङ, मुस्ताङ, राउटेको प्रतिनिधिका लागि केही अंशमा पहिलो हुने निर्वाचन प्रणाली पनि अपनाउनुपर्छ। पहिलो हुने निर्वाचन प्रणाली भएन भने उनीहरू आउने छैनन्। यसअघि नै एउटा तर्क पनि आएको छ, व्यक्तिको अधिकारबारे। त्यसलाई पनि कुण्ठित गर्न पाइन्न। निर्वाचन चाँडो गर्नुछ, मूलतः समानुपातिक प्रणाली चाहियो। तर पहिलो हुने निर्वाचन प्रणाली अपनाउने वित्तिकै कति क्षेत्र भन्ने कुरा आउँछ। क्षेत्र निर्धारण फेरि गर्न थाल्ने हो भने ६/७ महिनामा संविधानसभाको निर्वाचन सम्भव छैन। ६/७ महिनामा टुंगो लगाउन नसक्ने राजनीति मुलुकले थेग्न सक्दैन। तसर्थ ७५ जिल्ला, ४ हजार गाविस या २ सय ५ क्षेत्र मान्नु पर्‍यो, अरू बाटो हामीसँग छैन। पञ्चायतकालमा जस्तै गर्नुपर्‍यो। नयाँ सीमा नखोजी निर्वाचन गर्ने प्रणालीतिर हामी लाग्नुपर्छ। यही कारण पनि ठूलो संख्याको कुरा आयो होला, यसको मतलब २ सय ५ नै क्षेत्र हुनुपर्छ भन्ने मेरो आशय होइन। २ सय ५ को समस्या के हो भने २ सय ५ यो र अर्को २ सय २० गर्दा ४ सय २५ जनाको संविधानसभा हुन्छ, जुन मूलतः: कुनै पनि विषयमा गम्भीर छलफल गर्न सक्ने हुने छैन। १६/१७ थिममा संविधानसभामा छलफल होला, त्यसमा एउटा एउटा विषयमा ३०-३५ जना बसेर छलफल गरेमा गम्भीर संविधान बन्न सक्दैन। तसर्थ ४ सय २५ जनाको संविधानसभा अत्यन्त ठूलो हो। अझै सोचौं-२ सय ५ क्षेत्रमा किन जानुपर्‍यो, ७५

जिल्ला गरे हुन्छ अर्थात १ सय १२ सिट पहिलो हुने निर्वाचन प्रणालीबाट छानेर समानुपातिक गर्न सकिन्छ, डेढ/दुई सयका लागि। यसो भएन भने हिजो झैं एकाकी हुने छ संविधानसभा-बाहुन, क्षेत्री, नेवार र ठकुरी त्यसमा पनि पुरुषको ६० प्रतिशत प्रतिनिधित्व भएको। त्यस्तो संविधानसभा नबनाऔं त्यसका लागि पनि समानुपातिक पद्धति अपनाऔं। तर हामीले बच्चा नुहाउँदा पानी सँगसँगै बच्चा फाल्ने काम नगरौं, केही गुण पहिलो हुने निर्वाचन पद्धतिमा छन्, तिनलाई बोकेर जानुपर्छ। यसबाहेक अरू विषय अन्तरिम संविधानले बोकिरहनु पर्छ भन्ने मलाई लाग्दैन। यदि बोक्ने हो भने संवैधानिक सिद्धान्तबारे साउथ अफ्रिकामा ३४ बुँदा बनाएझैं हामी पनि सहमतिमा पुगेर संविधान नै लेखौं न। यदि आठ पार्टीलाई लाग्छ भने ६ महिना लगाएर संविधान लेखौं अनि त्यसलाई जनमतसंग्रहमा लगौं। तर मलाई त्यो बाटो उचित छैन भन्ने लाग्छ। यसर्थ पनि अन्तरिम संविधानबारे धेरै विवाद गर्नु उचित हुँदैन।

हामीले आन्दोलनमा सामेल भएर जनताले दिएको संविधानसभाको निर्वाचन गर्नुपर्छ भन्ने आदेशको अर्थ भय र त्रासरहित वातावरणमा जनताले आफ्नो आस्था र विवेक अनुसार मत हाल्ने हो। भयको छायामा जनताले मत हाल्न सक्दैन, यस्तो निर्वाचनको परिणामबाट बनाइने संविधानले नेपाल र नेपालीमनको प्रतिनिधित्व गर्दैन। तसर्थ माओवादी मित्रहरूले हतियारको राजनीति छोड्नै पर्दछ, हतियारको राजनीति बोकीबोकी बनेको संविधानसभाबाट संविधान राम्रो बन्न सक्दैन। पनि घर, समाज, परिवारसँग बस्न, पेसा गर्न र हिँड्डुल गर्न मनमा त्रास हुने अवस्थामा संविधानसभाको निर्वाचन सम्भव छैन भन्ने कुरा माओवादीले बुझ्नै पर्दछ।

राजाको बारेमा विवाद हो भने राजालाई बोक्नु पर्‍या कसैलाई छैन। राजसंस्थाबारे जनमतसंग्रहबाट टुंगो गरौं, तर हतियारको राजनीति गर्न पाइँदैन। आन्दोलनमार्फत जनताको आवाज शान्ति, अहिंसा, लोकतन्त्र र जनताको सर्वोच्चता हो। तसर्थ शान्ति र अहिंसाको बाटो छोडेर हिंसाको कुनै ऐतिहासिक कालखण्डमा हिंसा अपरिहार्य हुन्छ भनेर माओवादी हिँड्न पाउँदैन, त्यो जनताको आदेश होइन, आन्दोलनको आदेश होइन। माओवादी द्वैध मानसिकतामा छ। एकातिर अत्यन्त महत्वपूर्ण घडी आएको छ, नयाँ नेपाल निर्माण गर्ने। त्यसका लागि हामीले पनि योगदान पुर्‍याउनुपर्छ भन्ने मानसिकता माओवादी मित्रहरूमा देखेको छु। १० वर्षे जनयुद्धलाई तार्किक परिणतिमा पुर्‍याउन चाहनु हुन्छ, हतियार बिसाएर शान्तिपूर्ण बाटोमा हिँड्न चाहेको एउटा मानसिकता छ। अर्कोचाहिँ उहाँहरूको निर्भरता अहिले पनि हतियारमा छ, यो हतियार भएन भने त हामी सकिन्छौं भन्ने छ। अझै पनि उहाँहरूलाई जनआन्दोलनको विजय हो भन्ने लागेको छैन। आफ्नै हतियारको विजय हो भन्ने मानसिकता देखिन्छ। यो भ्रमलाई उहाँहरूले नत्यागे मुलुकको इतिहास निर्माणको घडीमा जुन योगदान गर्न सक्ने क्षमता, राजनीति र भूमिका छ त्यो खत्तम हुनेछ। तसर्थ नेपाली जनता, जनआन्दोलन, जनतासामु हामीले गरेको बाचामा रहनका लागि उहाँहरूले शान्तिको बाटो स्वीकार्नुपर्छ।

समावेशी लोकतन्त्रकाबारे अर्जुनजीले अघि एउटा कुरा उठाउनुभएको थियो। हामीले खाली समानुपातिक समानुपातिक भनिरहेका छौं, यसमा ध्यान दिनुपर्छ। म पुरुष र पूर्वीया बाहुन भएर भनेको होइन कि समावेशी लोकतन्त्रको साउथ अफ्रिकन मोडल भनेको ७० प्रतिशतभन्दा बढी जनसंख्या भएको काला जातिले पहिलो संसद्मा ५६ प्रतिशतभन्दा कम जित्न तयार भएको मानसिकता थियो। १२/१३ प्रतिशत भएका गोराहरूलाई २४/२५ सिट जित्न दिने मान्यता बोकेको निर्वाचन प्रणाली त्यहाँ अपनाइयो। अफ्रिकन नेसनल कांग्रेसको कुरा गरिन्छ, उसको ५५/५६ प्रतिशत मत थियो, जसले पहिलो हुने निर्वाचन पद्धतिमा जोड गरेको भए अरू कुनै पार्टीले चुनाव जित्ने थिएन, तर समानुपातिक निर्वाचन पद्धतिमा मान्यो। तसर्थ समावेशी लोकतन्त्रको अर्थ अरूलाई पनि ल्याउने हो। जहाँ आफूलाई ठीक पर्छ त्यही मान्छु भन्नु चाहिँ समावेशी होइन। महिला आधा भनिन्छ भने त्यहाँ अड्ने होइन, दलित महिला भन्यो भने त्यहाँ पुग्ने, दलितमात्र होइन, मधेसी महिला दलित भनियो भने त्यहाँ पुग्ने। महिला, मधेसी र दलित भनेर पुग्दैन, आधा त भूमिहीन छन् भनिए त्यहाँ पुग्ने गरी हुनुपर्छ।



**भरतमोहन अधिकारी, नेकपा एमाले**

लोकतन्त्र बहाली भएको सात महिना भयो। यो बेलाको पहिलो प्राथमिकता भनेकै हतियार व्यवस्थापन र संविधानसभाको बाटोबाट अगाडि बढ्ने हो। हतियार व्यवस्थापन र अन्तरिम संविधान जारी गर्ने प्रश्नमै शिखर वार्ता केन्द्रित रहेको छ। ती कुरा टुंगो लागेर अगाडि बढ्ने हो।

काशीनाथ दाहालजीको कार्यपत्रमा आधारित भएक कुरा गर्दा हतियार व्यवस्थापनको कुरालाई छोडेर अगाडि बढ्न चाहन्छु। काशीनाथजीले जुन अवधारणा पेस गर्नुभएको छ, त्यो राम्रो छ, छलफलको आधार बनेको छ, कतिपय बुँदामा म सहमत छु। अहिलेको बखतमा देस संविधानहीनताको अवस्थामा छ। प्रतिनिधिसभाको घोषणाका आधारमा हामी चलिरहेका छौं। यसले समस्या सिर्जना गर्छ भनेर काशीनाथजीले हामीलाई सचेत गराउनुभएको छ। अन्तरिम संविधान नआई देस अब अगाडि बढ्नै सक्दैन। अन्तरिम संविधान ल्याउनेमा सहमति पनि छ। अन्तरिम संविधानको बुँदा के हुने भन्ने विषयलाई दुई पाटोबाट हेरौं। एउटा, तत्कालै अन्तरिम संविधानमा उल्लेख हुनुपर्ने विषय के- हुन भनेर खोजौं। अन्य मुलुकमा राजनीतिक कुरा टुंगेपछि संविधानसभामा गइन्छ। हामीलाई संविधानसभामा के गरी जाने भनेर थाहै छैन। संविधानसभाको चुनाव कसरी गर्ने भनेर अलमलिएका छौं। तसर्थ अहिले अन्तरिम संविधानमा व्यवस्था गरिहाल्नु पर्ने कुरा के हो। १२ बुँदे समझदारीदेखि आठ पार्टीको दायित्व भनेको संविधानसभा आउनुभन्दा अघि त्यो सभाले के-के निर्णय गर्ने हो भनेर छलफल गर्नुपर्छ। नागरिक समाजमा छलफल हुनुपर्छ। संविधानसभामा मात्र दिमाग गएर केही आउन सक्दैन। समयाभाव छ, म दक्षिण अफ्रिकाको मोडेलमा जान चाहन्न। तसर्थ तत्काल अन्तरिम संविधानको कुरा गरौं, अरू मुद्दा संविधानसभाका लागि राखौं। आठ दल, नागरिक समाज, सचेत वर्ग, पत्रकारको दायित्व हो कि जनमत यस्तो हो भनेर भन्ने। त्यही जनमत लिएर संविधानसभामा जाने हो।

अन्तरिम संविधानको कुरा गरौं, राजतन्त्र गणतन्त्रको कुरा छ। अघि मिनेन्द्रजीले भनेको कुरामा मेरो सहमति छ। राजतन्त्रको विषयमा अलमल गर्नुहुन्न, हामी सबै इमान्दार हुनुपर्छ। खासगरी पछिल्लो जनआन्दोलन अभूतपूर्व रह्यो, जसमा ५० लाख जनताले के भने, आठ पार्टीले के भनेको हो, छातीमा हात राखेर भनौं न। सबै चिजको अपराधी राजा हो, मुलुकको ५० वर्ष देसमा दुर्गती हुनुको कारण राजा हो। अब हामी राजाबाट मुक्ति चाहन्छौं। यो कुरा आठ दलले नभन्ने ? हाम्रो हातमा सत्ता आएको बेला पनि राजाविनाको प्रजातन्त्र नल्याउने त। गणतन्त्रको विषयमा पनि झगडा गर्ने, हामी गणतन्त्रवादी होइनौं भनेर झगडा गर्ने ? अब यो गर्न सुहाउँछ ? मेरो विचारमा त आठ पार्टीले संयुक्त वक्तव्य दिनुपर्ने हो हाम्रो संविधान गणतन्त्रात्मक हुन्छ भनेर। यो टुंगो लगाउने काम गर्नुपर्‍यो। यसो त्यसो भनेर विवाद गर्ने, मान्छेको मन मार्ने काम गर्नुभएन। गाउँ-गाउँमा नारा लगाए, गोली थापेर हिँडेकाको मन भाँच्ने काम गर्नुभएन, उनीहरूले नेताहरू त राजा राख्ने नराख्ने भनेर झगडा गर्दैछन् भन्ने चिन्ता गर्न नपरोस्। ल यसो गर्न सकिन्न, यदि यसो हो भने राजा ०४७ सालको त होइन होला। त्यति बेला संविधान लेख्नेमध्ये को म पनि एक हुँ, त्यति बेलाको स्थिति आज होइन। आज राजा विवादमा छन्। यो टुंगो लगाउन जनतालाई दिऊँन। निर्वाचन आयोगले १ करोड ५३ लाख मतदाता छन् भन्यो, तिनको अधिकार किन छिन्नु हुन्छ। लोकतन्त्र भन्ने तर जनताले मत दिएर टुंगो लगाऔंभन्दा यो हुन्न भन्ने। अनि संविधानसभा बनेको छैन भन्ने। संविधानसभाको अंग हो जनमतसंग्रह। त्यो बेला समानुपातिक भनेको थिएन होला, कति कुरा विस्तारमा भनिएको छैन। संविधानसभा जनमतसंग्रहसँग बाझिएको कुरा होइन। यो एकअर्काको परिपूरक हो। २३८ वर्ष राजतन्त्र राख्ने कि नराख्ने भन्ने कुरा फरक हो। संविधानसभा त जनप्रतिनिधिको सभा हो। त्यो वास्तविक सार्वभौम जनता होइन, जनतानै हो, तसर्थ २३८ वर्षको राजतन्त्र राख्ने कि नराख्ने भन्ने निर्णयको अधिकार जनतामा दिनुपर्‍यो।

दोस्रो कुरा राजा भनेको राष्ट्रप्रमुख हो। कस्तो राष्ट्र प्रमुख भन्ने कुरा त संविधानमा लेखिन्छ। यो संविधानको मूल प्रावधान हो, यो धारा ऊ धारा होइन। व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका कस्तो हुन्छ भन्ने कुरा राष्ट्रप्रमुख कस्तो हुन्छ भन्ने कुराले निर्धारित गर्छ। यो 'क्रुसियल म्याटर' हो। हामीमात्र जान्ने नबनौं न। इटलीमा यस्तै गरिएको हो, एमालेले भन्यो भन्दैमा उसको बुद्धि होइन नि। यो त दुनियाँको अनुभवबाट एमालेले दिएको कुरा हो। इटलीमा त जनमतसंग्रह गरियो, राजाको पक्षमा ४६ प्रतिशत मत आयो, ५४ प्रतिशत गणतन्त्रको पक्षमा आयो, राजा बिदा भए। ग्रीसमा यही गरियो। तसर्थ मेरो आग्रह छ कि जनमतसंग्रहको विषयमा मीनेन्द्रजीले भने जस्तै विवाद नगरौं। नेपाली जनतालाई खुला दिलले मत हाल्न दिऊँ, भोलि संविधानसभा भनेर त्यहाँ ह्विप जारी नगरौं। अहिले नै खुल्ला मतले छिनोफानो गरौं। चुनावमा दुईतिर बाकस राखौं, एउटा संविधानसभामा प्रतिनिधिसभा छान्ने, अर्कोतिर सेरेमोनियल राजा या गणतन्त्र भनेर राखौं। त्यहाँ कसैको ह्विप चल्दैन, हरेक नेपाली स्वतन्त्र र सार्वभौम भएर मत दिन्छ। योभन्दा लोकतान्त्रिक विधि मलाई बताउनुस् त, तर पनि यसमा आपत्ति छ। मैले



अखबारहरूमा पढें सबै खिँचलो एमालेले थापिरहेको छ भनेर, ए बाबा थाप्दैनौं। आफ्नो कुरा भन्छौं, तर अरू पार्टी जेमा सहमत हुन्छन्, हामी पनि त्यसमा सहमत हुन्छौं नि। आफ्नो कुरा भन्न पनि नपाउने। अस्ति एउटा अखबारले सबै माधव नेपालले खिचलो थापेको छ भनेर लेखेछ। लौ हेर्नुस्।

समानुपातिक निर्वाचन प्रणाली अहिले अपनाउनुपर्छ। हामीले त्यही आन्दोलन सम्झियौं-जसले प्रधानमन्त्री बनायो, मन्त्री बनायो, सांसद बनायो, राजालाई थन्क्यायो। त्यस आन्दोलनमा गिरिजाप्रसाद र माधव नेपालले भनेका थिए-हिजोको प्रजातन्त्र अपूर्ण भयो, अब पूर्ण प्रजातन्त्र ल्याउँछौं र समावेशी लोकतन्त्र निर्माण गर्छौं।

समावेशी लोकतन्त्र आउँछ कसरी ? हिजोको २ सय ५ निर्वाचन क्षेत्रबाट आउँछ। छाती पक्रेर इमान्दार होऔं। हिजोको निर्वाचन क्षेत्रका आधारमा तीन पटक निर्वाचन भयो, हामीले नै त्यसमा भाग लिएका हौं। ०४८ मा एक जना दलित जित्यो, त्यो पनि ०४६ को आगोको रापले। त्यसपछि एक जना दलितले पनि जितेन, यो यथार्थता होइन ? दलित नभई संविधानसभा बन्छ, त्यो समावेशी हुन्छ ? समावेशी लोकतन्त्र भयो त्यो ? मलाई जवाफ चाहियो। हामी आन्दोलनबाट आएको सात महिना भएको छैन। तारानाथजीको संस्थाले नै समावेशी लोकतन्त्रको पक्षमा राम्रो गरेकाले धेरै कुरामा म जान चाहन्न। एक जना माओवादी नेताले मलाई भन्नुभयो कि यो समावेशी निर्वाचनले त भूगोललाई समेट्दैन रे नि त। मैले जवाफ दिए-ए बा बा भूगोल पनि समेट्छ। कुनै समस्या छैन।' हामीले ३ सय ३ वा ३ सय ५ को बनाउँदा पनि अढाई सय जनाको राष्ट्रिय क्षेत्र बनाऔं, त्यसपछि हामी पेसागतबाट लिन सक्छौं, एक लाखभन्दा कम जनसंख्या भएकालाई राख्न सक्छौं। म यसमा विस्तारमा जान चाहन्न, तर भन्न के खोजेको हुँ भने नेपाल जातजाति, धर्मसम्प्रदायको फूलबारी हो-यहाँ कर्णालीका छन्, मगर छन्, मधेसका आदिवासी छन्, थारू छन्, काठमाडौंमा नेवार छन्, लिम्बू छन्-यी सबैको जनसंख्या सानो छ। यी सबैको प्रतिनिधित्व संविधानसभामा हुनुपर्‍यो। ल मलाई तिनको प्रतिनिधित्व हुने अर्को विधि बताइदिनुस्। समानुपातिक बाहेक कुन प्रणालीबाट नेपाल देखिन्छ, नेपाल देखिनुपर्छ, जसरी जातजाति, भाषाभाषी छन्। तिनको ऐना आउनुपर्छ। आउने विधि देखाउनुस्, एमाले मान्न तयार छ। तसर्थ समानुपातिकमा विवाद नगरौं। के मलाई फाइदा हुन्छ हुन्न होइन, राष्ट्रको फाइदा हेर्नुपर्छ। हामीले पार्टी हिजो पनि चलायौं, चलाइरहेका छौं। नेपाली कांग्रेस पुरानो पार्टी हो, लडेर आएको हो। एमाले पुरानो पार्टी हो। हामीले जनता या लोक र राष्ट्रको हित गर्दै हिँड्दा पार्टीको हित हेर्ने हो। आफूलाई कहाँबाट फाइदा हुन्छ, कसरी जितिन्छ भनेर हेर्ने होइन नि ! तसर्थ समानुपातिक निर्वाचन पद्धति नै अंगाल्नुपर्छ।

*'राज्यको पुनर्संरचनाको आधार संघीय हुन्छ किन नभन्ने ? सविस्तार योजना बनाउनु पर्‍यो, यो विज्ञ, भूगोलविद्, प्राविधिक, जातजातिको अध्येताको पनि काम हो यो । विस्तारमा जाउँला'*

राज्यको पुनसंरचनाको पनि हामीले वाचा गरेका हौं । तत्काल यो सकिन्न । तर यसमा राजनीतिक प्रतिबद्धता चाहिएको छ, धेरै प्राविधिक अध्ययन जरुरी भएकाले संविधानसभाले त्यो गर्नुपर्छ । हामीले जनताबीच भनेको कुरा भनेकै राज्यको पुनसंरचना गर्छौं, समावेशी लोकतन्त्र ल्याउँछौं, समतामूलक लोकतन्त्र ल्याउँछौं । तसर्थ यसका लागि हामीले वाचा गर्नुपर्‍यो- राज्यको पुनसंरचनाको आधार संघीय हुन्छ किन नभन्ने ? सविस्तार योजना बनाउनु पर्‍यो, यो विज्ञ, भूगोलविद्, प्राविधिक, जातजातिको अध्येताको पनि काम हो यो । विस्तारमा जाउँला । तर सैद्धान्तिक कुरा के हो भने हामी आन्दोलनको म्यान्डेट लिएर आएका हौं, त्यसअनुसार गरौं । भूगोलको आधार-संघात्मक राज्यको आधारमा राज्यको पुनसंरचना हुनेछ भन्यौं भने आन्दोलनप्रति इमान्दार भएको देखिनेछ ।

समावेशी लोकतन्त्रका लागि जोड दिनु परेको छ । हाम्रो पार्टीको कुरा गर्दा आर्थिक, सामाजिक, सांस्कृतिक फाँटमा परिवर्तनतिर उन्मुख छौं भन्नुपर्‍यो भन्ने हो । हामी गाउँ जाउँ या जहाँ जाउँ, म भर्खरै गोरखाबाट आएको हुँ, धेरै ठाउँमा बैठक गरें-सबैको प्रश्न छ हामीले के पायौं, ६ महिनामा तपाईंले के दिनुभयो ? तसर्थ कम्तीमा प्रतिबद्धता चाहियो । अन्तरिम संविधानले अबको नेपाल आर्थिक रूपमा सामन्ति रहन्न, सामन्ति नाइले राजामात्र हटाउने होइन, सामन्ती व्यवस्था अन्त्य हुन्छ भन्नुपर्‍यो । अबको नेपालमा रोजगारी, उद्योग, कृषि, भूमिसुधार कार्यक्रम यसरी व्यवस्थित गर्छौं भन्नुपर्‍यो । सांस्कृतिक रूपमा विभिन्न जात-जाति, भाषा-संस्कृतिको उत्थान गर्छौं भन्नुपर्‍यो । त्यसखाले प्रतिबद्धता होस् भन्ने चाहन्छु ।

नागरिकताको कुरा आउनै पर्छ । संविधानसभाको निर्वाचन अगाडि नागरिकताको टुंगो लगाउनै पर्छ । यो व्यवस्था गर्नैपर्छ । धेरै नेपालीले नागरिकता नपाएको स्थिति छ । त्यसबाट मुक्तिका लागि हामीले केही आधार निर्माण गर्न सक्छौं । आमाको नामबाट नागरिकता पाउने, धेरै लामो समयदेखि ठूलो संख्यामा ( खासगरी तराई) नागरिकता नपाएको अवस्था रहेकाले एउटा आधार वर्ष मानौं । एमालेले ०३६ सालको जनमतसंग्रह, ०३७ को मतदाता नामावली या ०३८ को जनगणनालाई आधार मानौं भनिरहेका छौं । कसैले ०४६ साल भनिरहेका छन्, त्यसमा तुक भएन । एउटा कटआउट वर्षमा हामी सहमत छौं । नेपाल जस्तो देशमा आधार यो बन्नुपर्‍यो कि कुनै नेपाली नागरिकता पाउनबाट नछुटून्, हिजो जे विभेद भयो त्यो नहोस् । हाम्रो जस्तो देशले अमेरिका, भारतले जस्तो व्यवहार गर्न सक्दैन, तसर्थ गैरनेपाली नागरिक नहोउन भन्ने आधार पनि बनाउनुपर्‍यो । हामी यसबारे कुनै पनि सिद्धान्तमा छलफल गर्न तयार छौं ।

मैले केही मुद्दा राखे, ती हामीले छलफल गर्ने कुरा हो । राम्रो स्थिति आएको छ, हाम्रो पार्टी पनि वार्तामा संलग्न छ । तपाईंहरूले मिलिहाल्यो मिलिहाल्यो भन्ने सुनिन्छ, तर मिलेको देखिँदैन, एक महिना गइहाल्यो भन्नुहोला । वास्तवमा हामीले भदौसम्मको समय खेर फालेकै हौं । असोज २२ गतेदेखि वार्तामा गम्भीरता आएको छ, त्यसले धेरै नजिक ल्याएको छ । हतियार व्यवस्थापन अर्थात भयमुक्त वातावरण हुनैपर्छ । माओवादीले हतियार लिएर हिँड्ने अनि संविधानसभाको चुनाव के हुन्छ ? अर्थै हुँदैन । अर्कोतर्फ माओवादीको भय पनि मुक्त गर्नुपर्‍यो । ऊ पनि हाम्रो सहयात्री



भएकाले हाम्रो पनि भयमुक्त गराउनुपर्‍यो । तसर्थ हतियारको व्यवस्थापन हुनुपर्‍यो, सम्मानजनक हिसाबले । जसले गर्दा संविधानसभाको निर्वाचन भयमुक्त वातावरणमा स्वतन्त्र, निष्पक्ष, धाँधलीरहित रूपमा हुन सकोस् । इतिहासमै पहिलो पटक हामी नेपालीले आफ्नो संविधान आफैं बनाउने मौका पाएकाले सबै मतदाताले भयमुक्त वातावरणमा मत दिने वातावरण निर्माण हुनुपर्‍यो । त्यसतर्फ हामी अग्रसर हुनुपर्छ । कात्तिक मसान्तसम्ममा हतियार व्यवस्थापन र अन्तरिम संविधानको कुरा टुंग्यायौं भने हामी अन्तरिम व्यवस्थापिका, अन्तरिम सरकार निर्माण गरी संविधानसभाको मिति घोषणा गर्न सक्छौं । प्रमुख निर्वाचन आयुक्तले भनेका छन् कि कात्तिक मसान्तसम्ममा अन्तरिम संविधान आयो भने हामी जेठ मसान्तसम्ममा संविधानसभाको निर्वाचन गर्न सकिन्छ । तसर्थ आगामी १५ दिन आठ नेता-खासगरी प्रधानमन्त्रीजीको बढी जिम्मेवारी छ । यो अवधिमा राम्रो काम गरी अन्तरिम संविधान जारी र हतियार व्यवस्थापन होस् र देशले निकास पाओस् ।

**सहजीकरण गर्दै तारानाथ दाहाल**

वास्तवमा हामीले सबै प्रमुख दलको कुरा सुन्दा कुरा मिल्न धेरै बाँकी रहेछ । जुन ढंगले छलफल चलिरहेको छ त्यसले कुरा मिलाउला भन्ने आशा मलाई चाहिँ लागेन । आउने जेठमा संविधानसभाको निर्वाचन कुनै हालतमा हुँदैन, यही हालतमा जाने हो भने । त्यसका तर्कहरू म पछि पेस गरौंला । यो जनतालाई फेरि भुक्याउने खेलमात्र हुनेछ, गम्भीरता कम देखियो । मूल विषय छनोटमा विवाद छ, अनि त्यो विषयभित्रको निष्कर्षको लागि आवश्यक बहसको पर्याप्त अभाव देखियो । यो सब विषयलाई कसरी राख्नुहुन्छ, म आदरणीय निलाम्बर दाइलाई अनुरोध गर्छु । त्यसपछि समय रह्यो भने हामी छलफल गरौंला ।

**निलाम्बर आचार्य, स्वतन्त्र बुद्धिजीवी**

आठ पार्टीका नेताले अन्तरिम संविधानबारे बोल्नु हुनेछ, त्यसलाई काशीराजजीले आधार प्रस्तुत गर्नुहुनेछ भन्ने सूचना पाएर यहाँ आएको हुँ । आठ पार्टीका नेतालाई सुनेर अन्तरिम संविधान र संविधानसभामा जानेबारे आश्वस्त हुला भन्ने आशा गरेको थिएँ, मेरो आशा आशामै सीमित भयो । म बोल्नका लागि तयार भएर आएको होइन, म तयारी बिना बोलिरहेको छु । दुई/तीन कुरामा म तपाईंहरूको ध्यानाकर्षण गराउन चाहन्छु ।

अन्तरिम संविधानले संविधानसभासम्म पुर्‍याउनुपर्छ भन्ने विषयमा हामी छलफल गरिरहेका छौं । संसारभरिका विषयमा छलफल गर्न थाल्यो भने अन्तरिम संविधानको विषयलाई पन्छाउनु र संविधानसभालाई टाढा फाल्नु हुनेछ । तसर्थ अहिले जे विषयमा छलफल गर्ने हो त्यसैमा ध्यान केन्द्रित गर्नुपर्छ । एजेन्डा के हो भन्नेमा असहमति छ भने त्यसलाई सहमतिको विन्दुमा ल्याउनुपर्छ, यो भयो एउटा कुरा ।

दोस्रो कुरा, अन्तरिम संविधानबारे सबैको सहमति भइसक्या, त्यसमा म विवाद उठाउन चाहन्न। तर के १२ बुँदे सहमति गर्दा अन्तरिम संविधान रोडम्यापमा थियो, के जेठ ४ को घोषणा गर्दा अन्तरिम संविधान दिमागमा थियो। यो सोच कहाँबाट, किन र कसरी आयो भनेर हामीले हेरेनौं भने अलिकति गाह्रो पर्छ। ठम्याउने क्रममा मैले सोच्दा के पाए भने हाम्रा नेताहरूले एउटा दृष्टिकोण राखेर काम गरिरहेका छैनन्, हिँडिरहेका छन्, जता गइए पनि गइएला भनेर। तसर्थ अन्यौल छ। गन्तव्य भए न, प्रस्टता हुन्छ। तसर्थ आज एउटा कुरा आउँछ, त्यता हानिन्छन्, भोलि अर्को कुरा आउँदा त्यतै हानिन्छन्, यसले अप्ठेरो पारिरहेको छ, ६ महिना यसैगरी बित्यो। काशीराजजीले ठीक भन्नुभएको छ, लामो समयसम्म लिखित संविधान नहुँदा अप्टेरो पर्न सक्छन्, प्रश्न उठ्न सक्दछ। परिवर्तनलाई व्यवस्थित गर्न छोटो समय काम चलाउन संविधानबिना कार्यकारीको या व्यवस्थापिकाको प्रमुखतामा जान सकिन्छ, तर लामो समय जान सकिन्न। यसले के देखाउँछ भने अन्तरिम संविधान बनाउने बाटोमा जाने हो भने यसले संविधानसभालाई लम्ब्याउन सक्छ, अन्तरिम संविधान छँदैछ भन्ने हुन सक्छ। अर्को खतरा पनि उत्पन्न गर्न सकिन्छ-अन्तरिम संविधानमा संशोधन गरेर नै आफ्ना सम्पूर्ण चाहनाहरू पूरा गर्दै जाऊ र संविधानसभालाई पन्छाउँदै जाऊँ। तसर्थ अन्तरिम संविधानको आवश्यकताबारे प्रष्ट हुनुपर्‍यो। अन्तरिम संविधान काम चलाउ हो, सही अर्थमा संविधान होइन अन्तरिमकालमा शासन कसरी चलाउने भन्नेमात्र हो, संविधानका व्यापक अंग हुन्छन् भन्ने बुझ्नुपर्‍यो। अन्य अंगहरू पुरानै प्रक्रियाले जान सक्छन् भनेर अगाडि बढ्नु पर्‍यो। संविधान भनेकै मूल कानुन या मूल राजनीतिक दस्तावेज हो, अन्तरिम संविधान भनेको हाम्रो शासन र राजनीति कसरी चल्छ भनेर ठम्याउने हो। संक्रमणकालका लागि काम चलाउने हो। सबै एउटै कानुनमा नआएसम्म अन्तरिम संविधान बन्दैन। एउटा कानुनमा एउटा रहने अर्को चाहिँ हामीलाई थाहा नभएको कानुन, जेल, सेना, मिलिसिया राखेर अगाडि जाने हो भने अन्तरिम संविधान बन्दैन। यहाँ हतियार व्यवस्थापनको मात्र कुरा छैन, अन्तरिम संविधान भनेको त सबैको साझा कानुन हो, त्यसभन्दा बाहिर रहेका सबै गैरकानुनी हुन्छन् भन्ने सिद्धान्तबाट निर्देशित हुने हो। अन्तरिम संविधान बन्नका लागि सबै एउटै कानुनमा आउने स्थिति हुनुपर्‍यो, त्यो विना अन्तरिम संविधान बन्दैन, अहिलेसम्म बन्न नसकेको त्यही कारण हो, सहमति भइसके पनि बन्दैन, संविधानसभाको चुनाव पनि हुँदैन भन्नेमा प्रस्ट हुनुपर्‍यो।

हामी जनआन्दोलनको कार्यादेश भन्छौं, जनआन्दोलनबाट हामीले आशा गरेका दुई वटा कुरा थिए-निरंकुशताको समाप्ति, जनयुद्धको समाप्ति। तसर्थ निरंकुशतन्त्र र जनयुद्धका कुनै पनि संरचनाहरू कायम रहँदासम्म संविधानसभाको चुनावमा जान सकिन्न। बुझ्नुपर्ने कुरा यो पनि हो कि जनयुद्धको संरचनाले निरंकुशतन्त्रका संरचनालाई जीवित राख्न मद्दत गर्न सक्छन्, एक अर्काको सन्तुलनका रूपमा। निरंकुशतन्त्रको संरचना कायमै राख्ने मोह राख्यौं भने जनयुद्धका संरचनाहरू कायम रहने बाटो पाउँछन्। अन्तरिम संविधानमा जाने हो भने जनयुद्ध र निरंकुशतन्त्रका संरचना समाप्त हुनुपर्छ, सबै एकै कानुनअन्तर्गत आउनुपर्छ।



अब राजाबारे कुरा गरौं। संविधानसभाले टुंगो लगाउने या जनमतसंग्रहले भन्ने विवाद छ, यो विवाद अनावश्यक हो भन्ने मलाई लाग्दछ। मूल कुरा के हो भने नेपाली कांग्रेसलगायत आठ दलले राजाबारे आफ्नो धारण स्पष्ट पार्नुपर्‍यो, अनि धेरै कुरा प्रस्टिन्छ। न्युनतम सहमति जहाँ हुन्छ त्यहीबाट निर्धारण गरे हुन्छ। मेरो भनाइचाहिँ राजतन्त्रलाई इतिहासले नै समाप्त गारिसकेको छ, जनआन्दोलनले मात्र होइन। ०७ सालदेखि अहिलेसम्मको इतिहास-खासगरी ज्ञानेन्द्र शाहको क्रियाकलापले समाप्त पारिदिएको छ, राजतन्त्रलाई। समाप्तिलाई स्वीकार नगर्ने हो भने मुलुक अगाडि बढ्न सक्दैन र, अन्य समस्याहरू समाधान हुन सक्दैन। तसर्थ यसलाई जति सक्यो छिटो समाधान गर्नुपर्छ, गणतन्त्रको पक्षमा आउनुपर्छ। मेरो प्रश्न के हो भने तपाईं जनताको नेता, प्रतिनिधि, पार्टी भन्नुहुन्छ, अनि तपाईंले निर्णय नै नगरी जनमतसंग्रहमा जान सक्नुहुन्छ ? निर्णय गर्नुस्, अनि जनमतसंग्रहबाट पुष्टि गर्नुस् कि मुलुक गणतन्त्रमा गयो। आफूले निर्णय नदिएर र नेतृत्व गर्न नसकेर जनतालाई एकआपसमा भिडाउने काम चाहिँ नगर्नुस्।

अन्तरिम संविधानले राष्ट्र प्रमुखको व्यवस्था गर्नै पर्दछ। यसो गरिएन भने बंगलादेशमा सहमति हुन सकेन-चुनावी सरकार कुन भूतपूर्व प्रधानन्यायाधीश या कसको मातहतमा बनाउने भन्नेमा। त्यहाँ नाममात्रको राष्ट्र प्रमुखले सरकार प्रमुखको पनि नेतृत्व गर्नुपर्‍यो। मुलुकमा अत्यधिक संकट आयो भने अधिकारविहीन राष्ट्र प्रमुखले पनि भूमिका खेल्न सक्छ। नेपालको राजतन्त्र म्यादी या संक्रमणकालीनमा परिणत भएको छ, भूमिकाहीन भएको छ। कार्यपालिका, विधायिका, न्यायपालिका, निर्वाचन आयोग कहीँ पनि यसको भूमिका छैन, न नियुक्तिमा न प्रतिवेदन बुझ्न न प्रतिवेदन सार्वजनिकमा। राज्ययन्त्रमा राजतन्त्र समाप्त भइसकेको स्थितिमा राष्ट्र प्रमुख राजालाई नै राखी रहनु युक्ति संगत हुँदैन। कार्यवाहक राष्ट्र प्रमुखको व्यवस्था अन्तरिम संविधानमा गरिनुपर्छ। तर यसबारे पार्टीहरूमा कुनै सोचाइ र छलफल भएको देखिएन। अन्तरिम संविधान हुँदै संविधानसभामा पुग्न समय लाग्छ, विभिन्न खेल हुन सक्छन्, विभिन्न बाधा हुन सक्छन्, तसर्थ नाममात्रको भए पनि राष्ट्र प्रमुख एकताको प्रतीकका रूपमा राख्नुपर्छ।

अन्तरिम संविधानले अन्तरिम व्यवस्थापिकाको निर्माणमा सबै ध्यान केन्द्रित गर्नुपर्छ। अन्तरिम व्यवस्थापिका बनिसकेपछि त्यसबाटै सरकार बन्छ, त्यसैले कानुन निर्माण गर्छ।

मतदाताको परिभाषा अन्तरिम संविधानमा हुनुपर्छ। मतदाता के हो ? मतदाताले नागरिकता पाएको छ/छैन भन्ने कुरामा जोड्नु भएन। नागरिकताको प्रमाणपत्र हुनु नै नागरिकको पुष्टि होइन, त्यो त प्रमाणपत्र हो। नेपालका नागरिकलाई नागरिकता दिने नदिने निर्णय गर्ने राज्य को हो ? त्यो त स्वतः जन्म्यो, आफूलाई नेपाली भन्छ, यहीसँग निष्ठा राख्छ, यो देश/भूमिसँग उसको आत्मियता छ भने त्यो नागरिक हो। यो नागरिक हो भन्ने प्रमाणपत्रमात्र राज्यले दिने हो। तसर्थ मतदातालाई परिभाषित गर्ने तथा १६ र १८ वर्ष उमेर हदको विवाद अन्तरिम

संविधानमा टुंग्याउनुपर्छ । मतदाता हुनबाट कोही वञ्चित हुन नपरोस् भन्ने उदार परिभाषा राख्नुपर्छ ।

निर्वाचन प्रणाली निरपेक्ष्य हुँदैन, यो अरू संस्था कस्ता छन्, हाम्रो अनुभव कस्तो छ, अरूले के-के खोचे थाप्न सक्छन्, स्थायित्वलाई जोड दिने कि अस्थिर प्रतिनिधित्वलाई दिने आदि कुरा जोडिन्छ । यदि हामीले अहिल्यै गणतन्त्र भनेर घोषणा गर्‍यौं भने निर्धक्कसँग समानुपातिक निर्वाचन प्रणालीमा जान सकिएला । गणतन्त्र नभई राजा हुन्छन्, अरू बाधा ल्याउने हुन्छन् भन्ने हो भने हामीले स्थायी प्रतिनिधि पद्धतिमा जानुपर्ने हुन्छ । अन्य निकायसँग सम्बन्धित भएकाले सबै पक्षलाई विचार नगरी निर्वाचन पद्धतिको टुंगो लगाउन हुन्न भन्ने मलाई लागेको छ ।

*'आठ पार्टीचाहिँ संविधानसभाको निर्वाचनमा नलागेर सरकार, बजेट निर्माण गर्ने र निकायको निर्वाचन गर्ने सहमतिमा पुगेको पाइन्छ, दस्तावेजहरूबाट'*

संविधानसभाको निर्वाचन गर्ने भनिरहेका छौं । तर आठ पार्टीचाहिँ संविधानसभाको निर्वाचनमा नलागेर सरकार, बजेट निर्माण गर्ने र निकायको निर्वाचन गर्ने सहमतिमा पुगेको पाइन्छ, दस्तावेजहरूबाट । संविधानसभा त संविधान निर्माण गर्ने निकाय हो, तर उनीहरूले त्यो चुनावबाटै सरकार, कानुन, बजेट बनाउने छ भनिरहेका छन् । तर संविधान बनाउनेमात्र अधिकार भएको सभा चाहिन्छ, अन्य कुरालाई अलग राखेर जानुपर्छ भन्ने मेरो धारणा हो, अन्यथा संविधानसभाको निर्वाचन नभई कसले जित्छ, कसलाई ल्याए मेरो पार्टीको बहुमत हुन्छ, त्यसको आधारमा बजेट र सरकार मैले सञ्चालन गर्न पाउँछु भन्ने कुराले निर्वाचनलाई प्रभावित पार्छ, यसले गर्दा संविधान राम्रो र अनुकूलको बन्दैन ।

राज्य र राजनीतिक पार्टीबारे छुट्ट्याउन सक्नुपर्छ । राज्यले संविधानसभाका अधिकारहरूलाई अहिले खोसीदिने होइन, संविधानसभालाई नै अधिकार प्रयोग गर्न दिऊँ । तसर्थ संविधानसभाले गर्ने निर्णयहरू राज्यका निकायहरूले अहिले नै अन्तरिम संविधानसभामार्फत टुंग्याउनुपर्छ भन्ने आग्रह राख्नु हुँदैन । राजनीतिक पार्टीहरूले ती सम्पूर्ण कुरामा छलफल गरेर दिशावोध गराउन सक्छन् ।

निर्वाचनमा जानुभन्दा पहिला मुलुकमा सामान्य स्थिति हुनुपर्छ । निर्भयको वातावरणमा निर्वाचनमा जाने भनिन्छ, तर कुरो त्यो मात्र होइन सामान्य वातावरणको अनुभव २/४ महिना प्राप्त गरेपछि मात्र संविधानसभामा जान सकियो भने छलफल राम्रो हुन्छ । संविधानसभाको चुनावको १५ दिनअघि हतियार व्यवस्थापन गर्ने, अनि संविधानसभा गर्ने भन्ने कुराले मनस्थितिलाई सामान्य बनाएको हुँदैन, तसर्थ संविधानसभाको निर्वाचनको तिथि र कार्यक्रम घोषणा मुलुक सामान्य स्थितिमा पुगेपछि मात्र गर्नुपर्छ । यसो नगरी निर्वाचनको कार्यक्रम र तिथि तोक्नु भनेको नागरिकको अधिकारलाई स्वतन्त्रतापूर्वक अभ्यास गर्न नदिने स्थिति हो भन्ने मलाई लाग्दछ ।



अन्त्यमा, अहिले झगडा राजतन्त्रलाई कसले विस्थापित गर्ने भन्ने हो । यदि प्रजातान्त्रिक शक्तिले विस्थापित गरेर गणतन्त्रमा गयो भने प्रजातान्त्रिक परिपाटी अगाडि आउला, प्रजातन्त्रवादी शक्तिले राजतन्त्रबारे निर्णय गर्न र दृढता व्यक्त गर्न ढिला गरे भने माओवादीले तिनलाई विस्थापित गरी अगाडि आउने सम्भावना छ । यो कुरालाई नेपाली कांग्रेस, प्रजातान्त्रिक कांग्रेस, एमालेलगायतका सात दलले गम्भीरतापूर्वक विचार पुर्‍याउनुपर्छ । अहिले राज्यसँग सत्ता छैन, सिंहदरबारमा सीमित छ, कानुन भए पनि प्रयोग गरिरहेको देखिन्न, सत्ता माओवादीले धेरै ठाउँमा प्रयोग गरिरहेका छन्, राज्य सात पार्टीको हातमा छ, तर विनासत्ताको राज्य जस्तो भएको स्थिति छ । यसले पनि निर्वाचन र अन्तरिम संविधानलाई मद्दत गर्दैन ।

म फेरि पनि जोड दिन्छु कि अहिले अन्तरिम शासन विधान निर्माण गर्ने हो । त्यो आवश्यक थिएन, तर त्यसमा प्रवेश गरिसकेकाले अर्को उपाय छैन । जे कुरा अन्तरिम व्यवस्थापिकालाई सुम्पन सकिन्छ, त्यो सुम्पने गरेर विवाद समाधान गर्नुपर्छ, अहिले नगरी नहुने कुरा समावेश गरेर अन्तरिम विधान निर्माण गर्नेतिर जानुपर्छ । त्यसो भयो भने छिटो हुन्छ । तर त्यसका लागि सबै शक्ति एउटै कानुनको दायरामा आउनुपर्छ, समानान्तर शासन, अदालत, सेना भनेर अन्तरिम संविधान शासन बन्न सक्दैन ।

**सहजीकरण गर्दै तारानाथ दाहाल**

मलाई विश्वास छ कि अब केहीबेर अझ रमाइलो हुन्छ, तसर्थ तपाईंहरूको सहभागिता अति महत्वपूर्ण छ । दमन ढुंगानाले के भन्दै आउनुभएको छ भने अन्तरिम संविधान कसले उठायो, यो विषयलाई जसले उठाएको हो यो मुलुक अस्थिरतातर्फ गयो भने जिम्मेवार त्यही हुन्छ । अन्तरिम संविधानको गलत बाटो मुलुकले लियो, तर यो विकल्पहीन भइसक्यो । अगाडि जान त्यही बाटो जानुपर्छ । गलत बाटोबाटै भएपछि अगाडि नबढ्ने र ढिलो गर्ने हो भने संकट आउँछ । आज त्यो कुरा निलाम्बर दाइले पनि भन्नुभयो ।

भोलिपर्सि यो अन्तरिम संविधानको 'वनरसीप' लिने मान्छे हराउँछन् जस्तो लाग्छ । कालान्तरमा यसले समस्या बढाउँदै ल्याएको छ । संविधानसभालाई नै विधायिकी भूमिका दिइएमा स्थिति भयावह हुने छ भन्ने कुरा निलाम्बर दाइले गर्नुभयो । राजेन्द्र महतोजीले खुसुक्क मलाई भन्नुभयो कि यो गम्भीर कुरा भयो, हामीले त त्यही मनस्थिति बनाइसक्यौं । मैले उहाँलाई यति त्यस्तो मनस्थिति बनाउनुभएको हो भने अरू दस वटा एम्बुस थप्दै हुनुहुन्छ, संविधानसभा सत्ताको काटमारमा लाग्छ, संविधान निर्माण गर्न सक्दैन । धेरै गम्भीर अगाडि जानुपर्छ भन्नेमा जोड दिन चाहन्छु ।

**ध्रुवहरि अधिकारी, वरिष्ठ पत्रकार**

मेरो प्रश्न नै भन्नुपर्‍यो, यो निलाम्बर आचार्यतिरै लक्षित छ । उहाँले भनेकै कुराले जिज्ञासा लाग्यो । पार्टीहरूको आ-आफ्नो 'पोजिसन' छ, उनीहरूले स्थिति कहाँ पुर्‍याए भन्ने पनि छलफलमा आइसक्यो । व्यवधानहरू नै थपिने क्रमका

रूपमा हेर्न सकिन्छ कि सकिन्छ, राजनीतिक सहमतिको क्रममा १२ बुँदे सम्झौता, आठबुँदे, २५ बुँदे आचारसंहिता, ५ बुँदे राष्ट्रसंघलाई लेखेको पत्र-यी सबै टुक्रेखुद्रे र यही क्रममा युद्धविराम पनि म्यादी ३/३ महिनाको भइरहेको अवस्था पनि वर्तमान अव्यवस्थाको कारण हो कि होइन, यसलाई निवारण गर्न कसरी गर्न सकिन्छ ?

**रमणराज मिश्र, समाजशास्त्री**

मैले आक्षेप लगाएको होइन, व्यंग गरिहालौं भन्ठानेर यो कुरा भन्दैछु। धेरै संविधान, विधान, कानुनी राज्यसम्बन्धी गोष्ठीहरूमा बसियो, आज रमाइलो के लाग्यो भने सभापतिजीले बनाएको १० मिनेट बोल्ने नियम कसैले पालना गरेन, सबैले उल्लंघन नै गरे। त्यसको फलचाहिँ हामी वक्ताहरूले प्रतिक्रिया जनाउने अधिकार कटौतीमा पऱ्यो। यस्तो यो सभामा मात्र नभई अरूमा पनि हुन्छ।

जनताको कुरा आयो। एक एक दलले बेलाबेलामा गरेका जुलुस देखियो, जनताको सहभागिता देखियो। सात दलको आन्दोलन पनि देखियो। निर्णायक बनेको आठ दलको आन्दोलन देखियो। तसर्थ वास्तविक राजनीतिमा जाने हो भने जुन जुन दलले जति जनता उठाए त्यही अनुपातमा शक्ति बाँडफाँड भयो भने 'रियालिस्टिक' होला। अन्यथा के होला थाहा छैन।

सबै निर्णय अन्तरिम संविधान अगाडि या वार्ताबाटै टुंगो लाग्ने हो भने संविधानसभाको काम के हुने भन्नेतिर ध्यान दिनुपर्ला कि।

**चेतेन्द्रजंग हिमाली**

मेरो प्रश्नभन्दा पनि धारणा हो। पार्टीहरूले जति आन्दोलन गरे त्यसबाट के देखिन्छ भने सडकमा जनता निकाल्छन्, आफूसँग केही कार्यक्रम हुँदैन, ११ गते राजाले सार्वभौमसत्ता/राजकीय सत्ता छाडे भनेर घोषणा गरे। त्यति भनेपछि तिमी निर्मलनिवास जाऊ किन नभनेको दलहरूले ? भन्न सक्नुपर्थ्यो नि ?

६ महिना बितिसक्यो, वार्ता/शिखर वार्ता भएको भइरहेको छ। केही आउँदैन। यसको कारण के हो भने विश्वासको संकट। कुरो टुंग्याउने हिसाब देखिँदैन। सशस्त्र सेनालाई के गर्ने भन्ने माओवादीको प्रश्न छ, यतातिर गृह मन्त्रालयले ६० करोडको बजेटमा ८ हजार पुलिस थप्ने, दुई करोड रूपैयाँ छुट्टयाइयो, प्रारम्भमा दुई हजारमात्र थप्ने भनेर। रेडिमेड जनशक्तिलाई किन प्रयोग गर्नुहुन्न ? गम्भीर हुनुस्, विश्वासको वातावरण तयार गर्नुस्। सेनाले १ हजार ७ सय ७० पद रिक्त छ भन्यो, त्यहाँ किन सामेल गर्नुहुन्न ? यो वर्ष अर्को २ हजार पद खाली हुँदैछ। बाटो किन नखोलेको।

अन्तरिम संविधानमा सबै कुरा हाल्न खोज्नु नै झगडाको मूल जड हो। अन्तरिम संविधान भनेको काशीराजजी र निलाम्बरजीले भने जस्तै अन्तरिम शासनकालमा शासन सञ्चालन गर्ने दस्तावेजमात्र हो, त्यसमा सीमित हुनुपर्छ।

**लालबाबु यादव, पाटन संयुक्त क्याम्पस**

अन्तरिम संविधान र संविधानसभा साधन हो कि साध्य भन्ने कुरामा मलाई अन्योल भयो। मान्छे मरिरहेका छन्, सुरक्षा दिइएको छैन। आजै बिहान



टेलिभिजनमा यस्तो दर्दनाक दृश्य देख्दा कस्तो कस्तो लाग्यो। तारानाथजी पनि आज ढिलो आउनुभयो यस्तै कारणले। राजधानीमै यो हालत छ।

प्रजापतिजीले नागरिक समाजलाई ५ प्रतिशत दिनुपर्छ भन्नुभयो। नागरिक समाजको व्याख्या के हो ? कसरी छुट्ट्याउने ? नागरिक समाज गैरनाफामुखी र गैरसरकारी हुन्छ। तपाईं अन्तरिम व्यवस्थापिकामा तिनलाई ल्याउनु हुन्छ भने सरकार र संसद्लाई सडकमा दबाब दिने को बाँकी रहन्छ ? संसारमा कही पनि यस्तो देखिएको छैन। नेपालमा राज्यको निर्माणभन्दा पहिल्यै नागरिक समाजले काम गरेको छ। नागरिक समाजको काम दबाब सिर्जना गर्ने हो।

माओवादीलाई २५ प्रतिशत र अरूलाई १७-१७ प्रतिशत कसरी छुट्याउनु भएको हो त्यो पनि बुझिन। मीनेन्द्रजीले भन्नुभयो नि एमालेले ३० प्रतिशत पनि पाउँदैन। तर, राजनीतिशास्त्रमा कसैले भविष्यवाणी गर्न सक्दैन, २ **जोड** २ **चार** हुँदैन, तर उहाँले कसरी मिलाउनु भयो मैले बुझिनँ। अन्तरिम व्यवस्थापिका किन र यसको काम के ? यसलाई कसले वैधानिकता दिने हो ? सबैलाई स्थान दिने हो कि खाने ठाउँमात्र बनाउने हो ? संविधानसभाले राजाको छिनोफानो कसरी गर्छ ? ५१ र ४९ प्रतिशतले हो कि ? जहाँ पनि राजाको निर्णय कि संसद्, कि क्रान्ति कि जनमतसंग्रहबाट भएको छ। इटली र ग्रीसमा जनमतसंग्रहले गरेको हो। यसो हुँदा कहीं राजालाई पनि आफ्नो ठाउँ दिएको छ, प्रचार-प्रसार गर्ने। कहींचाहिँ होइन राजा व्यक्ति होइन, उसलाई किन प्रचार गर्न दिने, जनताले जे निर्णय गर्छ त्यही हो।

**पुरुषोत्तम मरहट्टा, त्रिभुवन विश्वविद्यालय**

मेरो भरतमोहनजीलाई प्रश्न छ। हाम्रो संविधान खारेज भइसक्यो भन्छौं, अदालतचाहिँ ०४७ कै संविधान टेकिरहेको छ। सांसदहरूचाहिँ संसद्बाटै निर्णयहरू गरिरहेका छन्। द्वैध परिस्थिति सिर्जना भएको छ। जनमतसंग्रहमा जाने भनिरहनु भएको छ। त्यसमा राजा गए भने-जसरी ०३६ सालमा देखियो नि झापाको जंगल सिद्धियो पहेंलो र नीलो मतले गर्दा। राजा त तानिने भए, सडकमा आएर प्रचार-प्रसार गर्ने र सम्पत्ति प्रयोग गर्ने भए। यस्तो परिस्थिति आउँदा कतै हामी नागरिक युद्धको स्थिति सिर्जना हो कि। जसरी इरानमा भयो, त्यस्तै यहाँ मण्डलेहरू आउने हो कि। यस्तो डरलाग्दो परिस्थिति छ, तसर्थ यस्तो संक्रमणकालीन स्थितिलाई कसरी छिटो सम्हाल्नु हुन्छ ?

**विजय थापा, मानवअधिकारकर्मी**

अवधारणामा धेरै कुरा राम्रो लाग्यो। काशीराजजीले एउटा कुरा लेख्नुभएको छ, जुन महत्वपूर्ण छ-३५७ वर्ष अघि ब्रिटेनका राजालाई मृत्युदण्ड दिइएको थियो, राज्यद्रोहको अभियोगमा। नेपालका राजामाथि किन यस्तो नगरिएको ? यहाँ तीन जना सांसदहरू हुनुहुन्छ, मेरो प्रश्न छ कि ? यो हिम्मत तपाईंहरूले किन नगरेको ? म वैशाख ५ गते गण-२ बाट छुटेर आएर ६ गते सातदोबाटो र ७ गते सीतापाइलादेखि चाबहिलसम्म घुमेको थिएँ। त्यहाँ दुई वटा नारा सुनिएको थियो-यो राजालाई फाँसी दे भन्ने। पारसलाई देश निकाला गर। तपाईंहरू त्यो जुलुसमा

हुनुहुन्थ्यो कि थिएन, मैले तपाईंहरूलाई देखिनँ। तपाईंहरू कति जना जेल हुनुहुन्थ्यो। मैले जान्न खोजेको के हो भने यहाँ किन त्यो काम नगरेको।

अर्को कुरा, ४२५ जनाको संविधानसभा बनाउन खोजिएको छ, जबकि १ सय १० करोड जनसंख्या भएको भारतमा जम्मा ५ सय ४२ हुने, हाम्रोचाहिँ २ करोड ३१ लाखमा त्यत्रो हुने, योभन्दा देस टाट पल्टाउने कुरा के हुन्छ ? मीनेन्द्रजी त अर्थविद् हुनुहुन्छ। तपाईंहरूको ७५ जिल्लामै संगठन छ, त्यहाँबाट सबै ल्याएर २-४ हजारकै बनाउनुहोला, बरु अन्तरिम संसद्। प्रमुख निर्वाचन आयुक्तले नियुक्ति भएकै दिन बहुतै 'थर्ड क्लास, इडियट' र बकबास कुरा गर्नुभएको छ, सिभिल सर्भेन्टले राजनीतिक अभिव्यक्ति दिएका छन। नागरिकताको समस्या संविधानसभापछि पनि समाधान गर्न सकिन्छ भन्नुभएको छ, म त्यसको प्रतिवाद गर्छु। तपाईंहरूलाई पनि आग्रह गर्दछु कि सिभिल सर्भेन्टलाई राजनीतिक हस्तक्षेपकारी कुरा बोल्न रोक लगाउनु पर्‍यो।

राजाको कुरा गर्दा सेना किन छोड्नु हुन्छ, तपाईंहरू ? राजा र सेना कहाँ छुट्टिएका थिए र ? म वैशाख ७ गते बानेश्वरको आन्दोलनमा थिएँ, हामीमाथि बन्दुक तेर्स्याउने त्यही सेना थियो। राजा ज्ञानेन्द्र त आएका थिएनन्। तसर्थ राज्यको सेना माओवादी सेनाभन्दा खतरनाक हो भन्ने मलाइ लाग्दछ। अहिलेसम्म तीन वटा पार्टीले हतियार उठाए-००७ मा नेपाली कांग्रेस, २०१७ मा पनि कांग्रेस, २०२८ मा तत्कालीन माले र अहिले माओवादी। वितगमा हतियार उठाएकाले दोहोर्‍याएर हतियार त उठाएनन् नि। माओवादी आउँदैनन् भन्ने मलाई विश्वास छ। तर सेनाले त ००७, ०१७ देखि अहिलेसम्म सेनाले जनता मार्दै आएको छ, हिजोअस्ति पनि मारिरहेको छ। तपाईंहरूका लागि यो सेना किन प्रिय भएको ? २ वर्षअघि तपाईंहरूलाई यही सेनाले पुर्जी दिएको होइन ? बीपी कोइरालालाई हथ्कडी लगाएको होइन ? कुन पार्टीको सेनाले बीपीलाई हथ्कडी लगाएको थियो र ? यो सेना राजा ज्ञानेन्द्र र पृथ्वीनारायण शाहको निजी सेना हो, यसलाई भंग गर्न किन लागिरहनु भएको छैन भन्ने मलाई लागिरहेको छ।

थाइल्यान्डको कुरो, उठेको छ। माघ १९ मा थाइल्यान्डको घटना यो मुलुकमा भइसकेकै हो।

**कुवेर श्रेष्ठ, नेपाली सेनाका पूर्वमेजर**

कांग्रेसका अर्जुननरसिंहजीले संविधानसभाबाट राजाको छिनोफानो गर्ने बताउनुभयो। मीनेन्द्र र भरतमोहनजीले जनमतसंग्रहमा जाने भन्नुभयो। सात पार्टीनै नमिलेपछि हामी जनता कहाँ जाने ?

राजेन्द्र महतोजीले तराईबासीलाई पूर्व-पश्चिम सबै क्षेत्र देऊ भन्नुभयो, त्यसैगरी ललितपुर, भक्तपुर र काठमाडौं नेवारलाई दिनुस् न। हामी सघाउला, तर सात पार्टीको भनाइ के ? जनआन्दोलनबाट आएको कुरा पार्टीहरूले बिर्सीसके। आन्दोलनमा सबैको माग गणतन्त्र थियो, तर अहिले त्यो कुरा छोडेर हुन्छ ? सेना, प्रहरी, प्रशासनमा यिनै मानिस राखेर संविधानसभा भयो भने तपाईंले के पाउँछु भन्ने छ ? कसरी निष्पक्ष हुन्छ। म्याद सकिएको मानिसलाई म्याद थपेर राख्नुभएको छ, तपाईं कांग्रेस भएकाले गिरिजालाई गएर भन्नुस् न। भित्र गए एउटा कुरा बाहिर अर्को कुरा नहोस्। म्याद थपिएका जर्नेलको म्याद थप्नु र घर बसेकालाई सल्लाहकार बनाउनु दुर्भाग्य हो। यसले अरू समस्या निम्त्याउँछ।



सात पार्टीबाट जनतासामु प्रतिबद्धता आउनु पर्‍यो कि हामी गणतन्त्र चाहन्छौं या अरू केही।

**ध्रुवनाथ पन्त, अधिवक्ता**

नेपाल अधिराज्यको संविधान २०४७ यथावत् छ कि छैन ? यो प्रश्न सभामुखजी र महान्यायाधिवक्ता सामु पनि राखेको थिएँ। सभामुखलाई मैले तपाईंहरू घोषणापत्र जारी गर्दै हिँड्नुहुन्छ, संविधान पनि राख्नुहुन्छ, यो कसरी मिल्दा, यसबारे भोलि अदालतमा वैधताको प्रश्न उठ्यो भने उसले के गर्ला ? भनेर सोधेँ। तसर्थ सबैको ध्यान अन्तरिम संविधानमा केन्द्रित गर्नुपर्‍यो भनेर मैले जेठ महिनामै भनको थिएँ, तर आजसम्म यो काम भएन। राजनीतिक दलको दृष्टिकोण पनि फरक-फरक छ, जसले गर्दा संविधानसभा जेठमा त के २०६५ सालको जेठमा पनि नहुने स्थिति छ। मापदण्ड निर्धारण नगरी, जाने तौरतरिका नमिलाई संविधानसभामा कसरी जान सकिन्छ ? विषयमा केन्द्रित भएर अगाडि बढ्न म राजनीतिक दलहरूलाई आग्रह गर्दछु, अन्यथा मुलुक खाडलमा पर्दछ। जनता पनि सहेर बस्ने पक्षमा छैनन्।

**माधव ढुंगेल, नेपाल साप्ताहिक**

मेरो जिज्ञासा पहिला निलाम्बरजीलाई-अन्तरिम संविधान पहिला आवश्यक थिएन, तर अब विकल्पहीन भइसक्यो। यो किन भयो ? दलका नेताहरूलाई प्रश्न-विकल्पहीन यसलाई किन बनाउनुभयो ? नेताहरू आफैं यहाँ देखिनुहुन्छ, जो सशस्त्र क्रान्ति गरेका पनि हुनुहुन्छ। तपाईंहरूको सशस्त्र हतियार हिजो किन व्यवस्थापन गर्नु परेन ? नेपाली कांग्रेस प्लेन अपहरण, एमाले झापा आन्दोलन आदि, कति त हतियार राजधानीसम्म ल्याएर ती कहाँ गए भनेर रहस्य नै भयो। ती हतियार र माओवादी हतियारमा के फरक ? हामीलाई नढाँटीभन्दा वास्तवमै तपाईंहरू राजनीतिक समस्या समाधान गर्नुहुन्छ ? आफैं विश्वस्त हुनुहुन्छ ?

**उठेका प्रश्नको जवाफ दिँदै डा. मीनेन्द्र रिजाल**

लामो कुरा गर्नु उपयुक्त हुँदैन। समानुपातिक निर्वाचन प्रणालीका विषयमा यो बहसका सभापतिजीले नै त्यो प्रणालीबाहेक अरूबाट सबैको पहिचान सम्भव छैन भन्नुभयो। यसबारे म फरक तर्क राख्दछु। लामो बहस गर्न सकिन्छ, मैले पनि धेरै वटा पुस्तक पढेको छु। जस्तै

मनाङको जनसंख्या १५ सय भागको एक भाग छ। आज मनाङको एक जना प्रतिनिधि प्रतिनिधि सभामा हुनुहुन्छ। मनाङ, मुस्ताङको विशिष्ट पहिचान आवश्यक छ/छैन राज्यले प्रष्ट पार्नुपर्‍यो। प्रतिनिधित्व आवश्यक छ छैन ? यदि छ भने कर्णाली क्षेत्रबाट २०५ मा ५ जनाको प्रतिनिधित्व छ। हरेक ४० मध्ये एक हो। त्यहाँको विशिष्ट पहिचान हो भने पार्टीहरूलाई हरेक ४० उम्मेदवारमध्ये एक जना कर्णालीको राख्नुस् भन्नुपर्‍यो। ४० वटाभन्दा बढी सिट जिताउन सक्ने कतिवटा पार्टी हुन्छन्, संविधानसभामा भन्ने प्रश्न पनि गरौं। तसर्थ एउटा तहसम्म प्रतिनिधित्व हुन सक्छ, त्योभन्दा माथि हुन सक्ने स्थिति छैन। यो बहसलाई लाने स्थिति छैन, खाली फरक मत

राखेको हुँ । यहाँ पुरानो हतियार र अहिलेको हतियारमा के फरक छ भन्ने प्रश्न आयो । एउटा फरक छ । ०४८ को निर्वाचनमा नेकपा मालेले बोकेको हतियारको त्रास थिएन । अहिलेको हतियार छुट्याउने, नस्ट गर्ने या के गर्ने भन्ने कुरा संविधानसभामा मत हाल्न जाँदा नेपाली जनता कुनै पनि हतियारको त्रासमा हुनु भएन भन्ने हो । त्यो बाटो के हुन्छ ? हतियार व्यवस्थापनको कुरा कठिन छ । नर्दन आयरल्यान्डमा यस्तो विवाद पनि भएको थियो कि हतियार नष्ट गर्ने दिनमा तस्बिर खिच्ने कि नखिच्ने भनेर । तस्बिर खिच्न नहुने कुरा आइआरएल, सेन्सनले भन्ने, तस्बिर खिच्नुपर्छ चाहिँ डियुपी र इयुपीले भन्ने । यी विषय गहन हुन् । मैले खाली भन्न खोजेको के हुँ ? भने हतियारको त्रास रहनु भएन, त्यो बेलाको हतियार र अहिलेको हतियारको कुरा गर्दा यही सम्झनुपर्छ । हतियार जे गरे पनि हुन्छ, जनताको मनमा त्रास नरहे भयो ।

**उठेका प्रश्नको जवाफ दिँदै निलाम्बर आचार्य**

राजाको निरंकुशतन्त्र समाप्त गर्ने ध्येय पूरा गरिसकेपछि १२ बुँदे समझदारीमा अडिएर अगाडि बढ्नु जरुरी थिएन किनकि त्यसले आफ्नो ध्येय पूरा गरिसकेको थियो, ऐतिहासिक अभिभारा पूरा गरिसकेको थियो । तत्पश्चात शान्ति स्थापनामा प्रवेश गर्नुपर्ने, त्यसलाई पन्छाउन या अलमल गर्न बाध्यात्मक नभएका मनसाय, आसय, इच्छा, कामनाका सम्झौता गरिए आचारसंहितालगायत । बाध्यात्मक सम्झौता भएन, यहाँसम्म कि युद्धविराम सम्झौतासमेत भएको छैन । तसर्थ स्थिति लम्बिनुमा बाध्यात्मक सम्झौता नहुनु र आसयका सहमति हुनु र त्यसलाई कार्यान्वयन नगर्नु हो ।

अन्तरिम संविधानको बाटोमा जाने निश्चित भइसकेपछि जेठ ४ को प्रतिनिधिसभाको घोषणा आवश्यक थिएन । संसद्को घोषणाले त यही विधायिकाले आवश्यक संशोधन, परिमार्जन र आवश्यक उपाय खोज्दै अगाडि बढ्ने आसय देखाउँछ । एउटा बाटोमा गैसकेपछि अर्को आउँदा अप्ठेरो पर्छ । यसमा दोषी सोच, दृष्टिकोणविहीन नेतृत्वको हो । तिनैले सबै निर्णय गर्न सक्छन्, अरूसँग सरसल्लाह लिनु आवश्यक छैन भन्ने संस्कार हो । निर्वाचन आयोग असोज मसान्तसम्म निर्माण गरिसक्छौं भन्नुभयो, तर घोषणा गरेर पूरा हुन्छ र ? अन्तरिम संविधान मस्यौदा समिति बनाएर १५ दिनमा मस्यौदा तयार हुन्छ, एक महिनाभित्र अन्तरिम सरकार बन्छ भनियो, अहिलेसम्म त्यस्ता वाहियात घोषणा गर्ने प्रक्रिया भइरहेको छ । त्यसले हामीलाई कहीँ पुऱ्याउँदैन । यो प्रक्रियाबाट जेठमा संविधानसभाको निर्वाचन नहुने निश्चित छ । मेरो विचारमा अहिले २०४७ को संविधान कायम छ । जेठ ४ गतेको घोषणा राजनीतिक घोषणा होइन, त्यो विधायिकी हो, त्यसको कानुनी महत्व छ, संवैधानिक महत्व छ, त्यसले यो संविधानलाई जति हदसम्म संशोधन गरेको छ, त्यति हदसम्म संशोधित भएको छ । यो संविधान पुरानो प्रक्रियाअनुसार संशोधन भएपछि पनि ०४७ कै संविधान भनिन्थ्यो, संशोधन त ०६१ मै हुन्थ्यो नि । तसर्थ जेठ ४ लाई संशोधनको क्रान्तिकारी प्रक्रिया या अर्को प्रक्रिया भन्नुस् । हतियार उठाएको कुरा छ । विना 'कन्टेक्स्ट' हतियारको तुलना गरिएकोमा मेरो चित्त बुझेन । यसमा कांग्रेस र एमाले समेतले 'विथआउट कन्टेक्स्ट' हतियारको तुलना गरिरहेका छन् भन्न नसक्नुले मलाई आश्चर्यचकित तुल्याएको छ । राजनीतिक पार्टी, नागरिक



स्वतन्त्रता, मानव अधिकारको कानुनी सुनिश्चितता, स्वतन्त्र न्यायपालिकाको संवैधानिक सुनिश्चिता भएको बेला हतियार उठाउनु र पार्टीमा प्रतिवद्ध लागेको बेला अर्थात ठाडो हुकुमशाही रहेको बेला हतियार उठाउनु एउटै कुरा हो ? तसर्थ सन्दर्भलाई हेरौं-नेपाली काँग्रेसले राणाशाहीको बेला हतियार उठायो, पंचायतको बेला अहिलेको एमाले अर्थात् त्यति बेलाको झापाली कम्युनिस्टले हतियार उठाए, माओवादीले उठाएको हतियार त्यस्तै हो भन्ने ? छिटफुट रूपमा दबाब या प्रचारका निम्ति आतंककारी गतिविधि गर्नु र १० वर्षसम्म निरन्तर हतियार उठाएर १३ हजार मानिस मार्नु उही हो ? तसर्थ सन्दर्भको कुरा भुलेर हतियारको कुरा गर्दा स्थिति जटिल हुन जान्छ । युद्धबाट मुलुक मुक्त हुनुपर्छ, राजनीति हिंसामुक्त हुनुपर्छ, अन्यथा गोइतले हतियार उठाएको पनि जायज हुने छ, भोलि काठमाडौंमा कुनै नेवार समुदायको व्यक्तिले उठाउला त्यो पनि जायज ठहरिएला । तसर्थ राजनीतिलाई हतियार मुक्त र नेपाली नागरिकलाई दासबाट मुक्त पार्नुपर्छ ।

**बहस अन्त्य गर्दै सहजकर्ता दाहाल**

सबैलाई विशेष धन्यवाद । अवधारणा प्रस्तोता काशीराज दाहालले मेरो केही भन्नुछैन, धेरै कुरा आयो भन्नुभयो । मेरो पनि भन्नु केही छैन । अनौपचारिक रूपमा पनि छलफल लगौंला । राजनीतिक पार्टी 'कोर डाइलग' मा व्यस्त छन । यस्तो भइरहँदा पनि मुद्दाहरूलाई बाहिरबाट उठाउनुपर्छ, बिर्सेका कुरा सम्झाउनुपर्छ भन्ने उद्देश्यले यो कार्यक्रम आयोजना गरिएको हो । अर्को साता पनि यही विषय अर्थात वार्तालाई ठोस रूपमा मद्दत पुगोस् भनेर अन्तरक्रिया गर्ने तयारीमा छौं । त्यसमा यहाँहरूको सक्रिय सहभागिता र सहयोगको अपेक्षा गर्दछु । आजको कार्यक्रम यही अन्त्य भएको घोषणा गर्दछु ।

◆◆

अन्तरिम संविधानको पूर्ण पाठ

## नेपालको अन्तरिम संविधान, २०६३

**प्रस्तावना**

हामी सार्वभौमसत्ता र राजकीयसत्ता सम्पन्न नेपाली जनता,

नेपाली जनताले २००७ साल पहिलेदेखि हालसम्म पटक पटक गर्दै आएका ऐतिहासिक संघर्ष र जनआन्दोलन मार्फत् लोकतन्त्र, शान्ति र अग्रगमनका पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्दै,

देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक समस्याहरूलाई समाधान गर्न राज्यको अग्रगामी पुर्नसंरचना गर्ने संकल्प गर्दै,

प्रतिष्पर्धात्मक वहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, वालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता,स्वतन्त्र न्यायपालिका तथा कानुनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य र मान्यताप्रतिको पूर्ण प्रतिवद्धता व्यक्त गर्दै,

नेपाली जनताको आफ्नो लागि आफै संविधान बनाउन पाउने र भयमुक्त वातावरणमा संविधानसभाको स्वतन्त्र र निष्पक्ष निर्वाचनमा सहभागी हुन पाउने आधारभूत अधिकारको प्रत्याभूति गर्दै,

लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी आर्थिक-सामाजिक परिवर्तन तथा देशको सार्वभौमिकता, अखण्डता, स्वतन्त्रता र स्वाभिमानलाई केन्द्रमा राख्दै,

आजसम्मका क्रान्ति र आन्दोलनबाट प्राप्त उपलब्धीहरूलाई संस्थागत गर्न संविधान सभाबाट नयाा संविधान नबनेसम्मको लागि राजनीतिक सहमतिबाट तयार भएको यो नेपालको अन्तरिम संविधान, २०६३ जारी भएको घोषणा गर्दछौं।

### भाग १ प्रारम्भिक

१. संविधान मूल कानुन: (१) यो संविधान नेपालको मूल कानुन हो। यस संविधानसंग बाझिने कानुन बाझिएको हदसम्म अमान्य हुनेछ।

(२) यस संविधानको पालना गर्नु प्रत्येक व्यक्तिको कर्तव्य हुनेछ।

२. सार्वभौमसत्ता र राजकीय सत्ता: नेपालको सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा निहित रहनेछ।

३. राष्ट्र: बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त, समान आकाङ्क्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान् रही एकताको सूत्रमा आवद्ध सबै नेपाली जनता समष्टि रूपमा राष्ट्र हो।

४. नेपाल राज्य: (१) नेपाल एक स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्तासम्पन्न, धर्मनिरपेक्ष, समावेशी र पूर्ण लोकतान्त्रिक राज्य हो।

(२) नेपालको क्षेत्र देहाय बमोजिम हुनेछ:-

(क) यो संविधान प्रारम्भ हुादाको बखतको क्षेत्र, र

(ख) यो संविधान प्रारम्भ भएपछि प्राप्त हुने क्षेत्र।

५. राष्ट्र भाषा: (१) नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्र भाषा हुन्।



(२) देवनागरी लिपिमा नेपाली भाषा सरकारी कामकाजको भाषा हुनेछ।

(३) उपधारा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय निकाय तथा कार्यालयमा मातृभाषा प्रयोग गर्न कुनै वाधा पुऱ्याएको मानिने छैन। त्यसरी प्रयोग गरिएको भाषालाई राज्यले सरकारी कामकाजको भाषामा रूपान्तर गरी अभिलेख राख्नेछ।

६. राष्ट्रिय झन्डा: सिम्रिक रङ्गको भुइँ र गाढा नीलो रङ्गको किनारा भएको दुई त्रिकोण अलिकति जोरिएको, माथिल्लो भागमा खुर्पे चन्द्रको बीचमा सोह्रमा आठ कोण देखिने सेतो आकार र तल्लो भागमा बाह्र कोणयुक्त सूर्यको सेतो आकार अंकित भएको, परम्परागत झन्डा नेपालको राष्ट्रिय झण्डा हो। सो झण्डा बनाउने तरिका र तत्सम्बन्धी अरू विवरण अनुसूचीमा उल्लेख भएबमोजिम हुनेछ।

७. **राष्ट्रिय गान इत्यादि:** (१) नेपालको राष्ट्रिय गान र निशाना छाप नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

(२) नेपालको राष्ट्रिय फूल लालीगुराास, राष्ट्रिय रङ्ग सिम्रिक, राष्ट्रिय जनावर गाई, राष्ट्रिय पंक्षी डाँफे हुनेछ।

### भाग २ नागरिकता

८. **संविधान प्रारम्भ हुँदाका बखतको नागरिकता :** (१) यो संविधान प्रारम्भ हुँदाका बखत नेपालको नागरिकता प्राप्त गरेको र यस भागबमोजिम नागरिकता प्राप्त गर्न योग्य व्यक्तिहरू नेपालका नागरिक हुनेछन्।

(२) यो संविधान प्रारम्भ हुँदाका बखत नेपालमा स्थायी बसोबास भएको देहायको व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्ने छ :

(क) यो संविधान प्रारम्भ हुनुभन्दा अघि वंशजको आधारमा नागरिकता प्राप्त गरेको व्यक्ति,

(ख) कुनै व्यक्तिको जन्म हुादाका वखत निजको बावु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति,

(३) नेपाल सरहदभित्र फेला परेको पितृत्व मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमा फेला नपरेसम्म वंशजको आधारमा नेपाली नागरिक ठहर्ने छ।

(४) नेपालभित्र गाभिने गरी कुनै क्षेत्र प्राप्त भएमा सो क्षेत्रभित्र बसोबास भएको व्यक्ति प्रचलित कानुनका अधीनमा रही नेपालको नागरिक हुनेछ।

(५) सम्बत् २०४६ साल चैत्र मसान्तसम्म नेपाल सरहदभित्र जन्म भई नेपालमा स्थायी रूपले बसोबास गर्दै आएको व्यक्तिले प्रचलित कानुनबमोजिम जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ।

तर यस व्यवस्था अन्तर्गत नागरिकता प्राप्त गर्न प्रचलित कानुनमा व्यवस्था भएबमोजिम एक पटकका लागि तोकिएको अवधिभित्र निवेदन दिइसकेको हुनुपर्नेछ।

(६) नेपाली नागरिकसाग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा प्रचलित कानुनबमोजिम अंगिकृत नेपाली नागरिकता लिन सक्नेछ।

(७) यस धारामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि विदेशी नागरिकसाग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको

व्यक्तिको हकमा निजको नेपालमा जन्म भई नेपालमा नै स्थायी बसोबास गरेको र बाबुको नागरिकताको आधारमा निजले विदेशी मुलुकको नागरिकता प्राप्त गरेको रहेनछ भने निजले प्रचलित कानुन बमोजिम नेपालको अंगिकृत नागरिकता प्राप्त गर्न सक्नेछ ।

९. ***अंगिकृत वा सम्मानार्थ नागरिकता:*** धारा ८ मा लेखिए बाहेक कानुनमा व्यवस्था भए बमोजिम नेपाल सरकारले अंगिकृत वा सम्मानार्थ नेपाली नागरिकता प्रदान गर्न सक्नेछ ।

१०. ***नागरिकताको प्राप्ति र समाप्ति:*** नागरिकताको प्राप्ति, समाप्तिलगायत आवश्यक अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

११. ***नागरिकता टोली खटाइने:*** नेपाल सरकारले प्रचलित कानुनमा व्यवस्था भए बमोजिम नागरिकता पाउन योग्यता पुगेका व्यक्तिलाई नागरिकता प्रदान गर्न नागरिकता वितरण टोली खटाउन सक्नेछ ।

### भाग ३ मौलिक हक

१२. स्वतन्त्रताको हक: (१) प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ र मृत्यु दण्डको सजाय हुने गरी कुनै कानुन बनाइने छैन ।

(२) कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण हुने छैन ।

(३) प्रत्येक नागरिकलाई देहायको स्वतन्त्रता हुनेछ:-

(क) विचार र अभिव्यक्तिको स्वतन्त्रता,
(ख) बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता,
(ग) राजनीतिक दल वा संगठन खोल्ने स्वतन्त्रता,
(घ) संघ र संस्था खोल्ने स्वतन्त्रता,
(ङ) नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता,
(च) कुनै पेसा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता ।

तर,

(१) खण्ड (क) को कुनै कुराले नेपालको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पर्ने वा गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन दिने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन ।

(२) खण्ड (ख) को कुनै कुराले नेपालको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा खलल पर्ने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन ।

(३) खण्ड (ग) र (घ) को कुनै कुराले नेपालको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पर्ने वा हिंसात्मक कार्य गर्न दुरुत्साहित गर्ने वा सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन ।



(४) खण्ड (ङ) को कुनै कुराले सर्वसाधारण जनताको हित वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पर्ने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन ।

(५) खण्ड (च) को कुनै कुराले सर्वसाधारण जनताको सार्वजनिक स्वास्थ्य वा नैतिकताको प्रतिकूल हुने कार्यमा रोक लगाउने वा कुनै खास उद्योग, व्यापार वा सेवा राज्यले मात्र सञ्चालन गर्ने वा कुनै उद्योग, व्यापार, पेसा वा रोजगार गर्नका लागि कुनै सर्त वा योग्यता तोक्ने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन ।

१३. समानताको हक: (१) सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन ।

(२) सामान्य कानुनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात, जाति, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन ।

(३) राज्यले नागरिकहरूका बीच धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गर्ने छैन ।

तर महिला, दलित, आदिवासी जनजाति, मधेसी वा किसान, मजदुर वा आर्थिक, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएको वर्ग वा बालक, वृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्तिको संरक्षण, सशक्तिकरण वा विकासको लागि कानुनद्वारा विशेष व्यवस्था गर्न रोक लगाएको मानिनेछैन ।

(४) समान कामका लागि महिला र पुरुषका बीच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गरिने छैन ।

१४. छुवाछूत तथा जातिय भेदभावविरुद्धको हक: (१) कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेसाका आधारमा कुनै किसिमको छुवाछूत तथा जातिय भेदभाव गरिने छैन । यस्तो भेदभावपूर्ण व्यवहार दण्डनीय हुनेछ र पीडित व्यक्तिले कानुनद्वारा निर्धारण भए बमोजिमको क्षतिपूर्ति पाउनेछ ।

(२) कुनै पनि व्यक्तिलाई जात जातिको आधारमा सार्वजनिक प्रयोगमा रहेका सेवा, सुविधा वा उपयोगका कुराहरू प्रयोग गर्नबाट वा सार्वजनिक स्थल वा सार्वजनिक धार्मिक स्थलमा प्रवेश गर्न वा धार्मिक कार्य गर्नबाट वञ्चित गरिने छैन ।

(३) कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो सेवा, सुविधा वा वस्तु कुनै खास जात, जातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाउन वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात, जातिको व्यक्तिलाई मात्र बिक्री वितरण गरिने छैन ।

(४) कुनै जात, जाति वा उत्पत्तिका व्यक्ति वा व्यक्तिहरूको समूहको उच्च नीच दर्शाउने, जात, जातिको आधारमा सामाजिक विभेदलाई न्यायोचित ठहराउने वा जातिय सर्वोच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्ने वा जातिय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन ।

(५) उपधारा (२), (३) र (४) विपरीतको कार्य कानुनबमोजिम दण्डनीय हुनेछ ।

१५. प्रकाशन, प्रसारण तथा छापाखानासम्बन्धी हक: (१) विद्युतीय प्रकाशन, प्रसारण तथा छापालगायतका अन्य जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा

अन्य कुनै पाठ्य, श्रव्य दृष्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा छाप्न पूर्व प्रतिवन्ध लगाइने छैन ।

तर नेपालको सार्वभौमसत्ता वा अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदाय बीचको सुसम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अपहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकता प्रतिकूल हुने कार्यमा मुनासिव प्रतिबन्ध लगाउने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन ।

(२) कुनै श्रव्य, श्रव्यदृष्य वा विद्युतीय उपकरणको माध्यमबाट कुनै सामग्रीको प्रकाशन तथा प्रसारण गरे वा छापे वापत त्यस्तो सामग्री प्रकाशन तथा प्रसारण गर्ने वा छाप्ने रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय, छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज गरिने छैन ।

(३) कुनै समाचार लेख, सम्पादकीय, रचना वा अन्य कुनै पाठ्य सामग्री मुद्रण वा प्रकाशन गरे वापत कुनै समाचारपत्र, पत्रिका, वा छापाखाना बन्द, जफत वा दर्ता खारेज गरिने छैन ।

(४) कानुनबमोजिम बाहेक कुनै छापा, विद्युतीय प्रसारण तथा टेलिफोनलगायतका सञ्चार साधनलाई अवरुद्ध गर्न सकिने छैन ।

१६. वातावरण तथा स्वास्थ्यसम्बन्धी हक: (१) प्रत्येक व्यक्तिलाई स्वच्छ वातावरणमा बाँच्ने हक हुनेछ ।

(२) प्रत्येक नागरिकलाई राज्यबाट कानुनमा व्यवस्था भए बमोजिम आधारभूत स्वास्थ्य सेवा निःशुल्क रूपमा पाउने हक हुनेछ ।

१७. शिक्षा तथा संस्कृतिसम्बन्धी हक: (१) प्रत्येक समुदायलाई कानुनमा व्यवस्था भएबमोजिम आफ्नो मातृ भाषामा आधारभूत शिक्षा पाउने हक हुनेछ ।

(२) प्रत्येक नागरिकलाई राज्यबाट कानुनमा व्यवस्था भएबमोजिम माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुनेछ ।

(३) नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्बर्द्धन गर्ने हक हुनेछ ।

१८. रोजगारी तथा सामाजिक सुरक्षा सम्बन्धी हक: (१) प्रत्येक नागरिकलाई कानुनमा व्यवस्था भए बमोजिम रोजगारीको हक हुनेछ ।

(२) महिला, श्रमिक, वृद्ध, अपाङ्ग तथा अशक्त र असहाय नागरिकलाई कानुनमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ ।

(३) प्रत्येक नागरिकलाई कानुनमा व्यवस्था भए बमोजिम खाद्य संप्रभुत्ताको हक हुनेछ ।

१९. सम्पत्तिको हक: (१) प्रत्येक नागरिकलाई प्रचलित कानुनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ ।

(२) सार्वजनिक हितको लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्ने वा त्यस्तो सम्पत्तिउपर अरू कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन ।

तर अवैध ढंगले आर्जन गरेको सम्पतिको हकमा यो उपधारा लागू हुने छैन ।

(३) बैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्दा वा सार्वजनिक हितको लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्तिउपर कुनै



अधिकारको सिर्जना गर्दा कानुन वमोजिम क्षतिपूर्ति दिइनेछ । क्षतिपूर्ति र सोको आधार र कार्य प्रणाली कानुनद्वारा निर्धारण गरिए बमोजिम हुनेछ ।

२०. महिलाको हक: (१) महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव गरिने छैन ।

(२) प्रत्येक महिलालाई प्रजनन स्वास्थ्य तथा प्रजनन सम्बन्धी हक हुनेछ ।

(३) कुनै पनि महिलाविरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुनेछ ।

(४) पैतृक सम्पतिमा छोरा र छोरीलाई समान हक हुनेछ ।

२१. सामाजिक न्यायको हक: आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी जनजाति, मधेसी समुदाय,उत्पीडित वर्ग,गरिब किसान र मजदुरलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुनेछ ।

२२. बालबालिकाको हक: (१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान तथा नामको हक हुनेछ ।

(२) प्रत्येक बालबालिकालाई पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त गर्ने हक हुनेछ ।

(३) प्रत्येक बालबालिकालाई शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषणविरुद्धको हक हुनेछ । यस्तो शोषणजन्य कार्य कानुनद्वारा दण्डनीय हुनेछ र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारण गरे बमोजिमको क्षतिपूर्ति दिइनेछ ।

(४) असहाय, अनाथ, सुस्त मनस्थिति, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा परेका, सडक बालबालिकालाई सुनिश्चित भविष्यको लागि राज्यबाट विशेष सुविधा पाउने हक हुनेछ ।

(५) कुनै पनि नावालकलाई कुनै कलकारखाना, खानी वा यस्तै अन्य कुनै जोखिमपूर्ण काममा लगाउन वा सेना, प्रहरी वा द्वन्द्वमा प्रयोग गर्न पाईने छैन ।

२३ धर्मसम्बन्धी हक: (१) प्रत्येक व्यक्तिलाई प्रचलित सामाजिक एवं सांस्कृतिक परम्पराको मर्यादा राखी परापूर्वदेखि चलिआएको आफ्नो धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने हक हुनेछ ।

तर कसैले कसैको धर्म परिवर्तन गराउन पाउने छैन र एक अर्काको धर्ममा खलल पार्ने गरी कुनै काम, व्यवहार गर्न पाइने छैन ।

(२) प्रत्येक धार्मिक सम्प्रदायलाई कानुनबमोजिम आफ्नो स्वतन्त्र अस्तित्व कायम राखी आफ्नो धार्मिक स्थल र धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्ने हक हुनेछ ।

२४ न्यायसम्बन्धी हक: (१) कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारणसहितको सूचना नदिई थुनामा राखिने छैन ।

(२) पक्राउमा परेका व्यक्तिलाई पक्राउ परेको समयमा नै आफूले रोजेको कानुन व्यवसायीसंग सल्लाह लिन पाउने हक हुनेछ । त्यस्तो व्यक्तिले आफ्नो कानुन व्यवसायीसाग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहनेछ र त्यस्तो व्यक्तिलाई आफ्नो कानुन व्यवसायीद्वारा पुर्पक्ष गर्ने हकबाट वञ्चित गरिने छैन ।

**स्पष्टीकरण:** यस उपधाराको प्रयोजनको लागि "कानुन व्यवसायी" भन्नाले कुनै अदालतमा कुनै व्यक्तिको प्रतिनिधित्व गर्न कानुनले अधिकार दिएको व्यक्तिलाई जनाउछ ।

(३) पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समयबाट बाटोको म्याद बाहेक चौबीस घन्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनु पर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएका व्यक्तिलाई थुनामा राखिने छैन ।

तर उपधारा (२) र (३) मा लेखिएका कुराहरू निवारक नजरबन्द र शत्रु राज्यको नागरिकको हकमा लागू हुने छैन ।

(४) तत्काल प्रचलित कानुनले सजाय नहुने कुनै काम गरेवापत कुनै व्यक्ति सजायको भागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा प्रचलित कानुनमा तोकिएभन्दा बढी सजाय दिइने छैन ।

(५) कुनै अभियोग लगाईएको व्यक्तिलाई निजले गरेको कसूर प्रमाणित नभएसम्म कसुरदार मानिने छैन ।

(६) कुनै पनि व्यक्ति विरुद्ध अदालतमा एकै कसूरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय दिइने छैन ।

(७) कुनै कसुरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन कर लगाइने छैन ।

(८) प्रत्येक व्यक्तिलाई निज विरुद्ध गरिएको कारबाहीको जानकारी पाउने हक हुनेछ ।

(९) कुनै पनि व्यक्तिलाई सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ ।

(१०) असमर्थ पक्षलाई कानुनमा व्यवस्था भएबमोजिम निःशुल्क कानुनी सेवा पाउने हक हुनेछ ।

२५ निवारक नजरबन्द विरुद्धको हक: (१) नेपाल राज्यको सार्वभौमसत्ता र अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिनेछैन ।

(२) निवारक नजरबन्द राख्ने अधिकारीले कानुनविपरीत वा वदनियतपूर्वक कसैलाई नजरबन्द राखेमा नजरबन्द रहेको व्यक्तिले कानुनद्वारा तोकिएबमोजिम क्षतिपूर्ति पाउनेछ ।

२६ यातना विरुद्धको हक: (१) अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसंग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन ।

(२) उपधारा (१) बमोजिमको कार्य कानुनद्वारा दण्डनीय हुनेछ र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारण गरे बमोजिमको क्षतिपूर्ति दिइनेछ ।

२७ सूचनाको हक: प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ ।

तर, कानुनद्वारा गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन ।

२८ गोपनीयताको हक: कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पति, लिखत, तथ्यांङ्क, पत्राचार, चरित्र सम्बन्धी कुराहरूको गोपनीयता कानुनद्वारा तोकिएको अवस्थामा वाहेक अनतिक्रम्य हुनेछ ।

२९ शोषण विरुद्धको हक: (१) प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुनेछ ।

(२) प्रथा, परम्परा र प्रचलनको नाममा वा कुनै पनि किसिमले कसैलाई शोषण गर्न पाइने छैन ।



(३) मानिसलाई बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन ।

(४) कसैलाई पनि निजको इच्छाविरुद्ध काममा लगाउन पाइने छैन ।

तर यस उपधारामा उल्लिखित व्यवस्थाले सार्वजनिक प्रयोजनको लागि नागरिकलाई अनिवार्य सेवामा लगाउन सकिने कानुन बनाउन रोक लगाएको मानिने छैन ।

३० श्रमसम्बन्धी हक: (१) प्रत्येक कामदार र कर्मचारीलाई उचित श्रम अभ्यासको हक हुनेछ ।

(२) कानुनमा व्यवस्था भएबमोजिम प्रत्येक कामदार र कर्मचारीलाई आ-आफ्ना हित रक्षाको निमित्त ट्रेड युनियन खोल्ने, सङ्गठित हुने र सामूहिक सौदाबाजी गर्ने हक हुनेछ ।

३१ देश निकालाविरुद्धको हक: कुनै पनि नागरिकलाई देश निकाला गरिने छैन ।

३२ संवैधानिक उपचारको हक: यस भागद्वारा प्रदत्त हकको प्रचलनका लागि धारा १०७ मा लेखिएको तरिका अनुसार कारवाई चलाउन पाउने हक सुरक्षित गरिएको छ ।

**भाग ४ राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरू**

३३ राज्यको दायित्व : राज्यको दायित्व देहायबमोजिम हुनेछ:

(क) नेपाली जनतामा अन्तरनिहित सार्वभौमसत्ताको व्यावहारिक प्रत्याभूति गर्ने विषयलाई आत्मसात गर्दै सम्वत् २०६४ जेठ महिनाभित्र स्वतन्त्र र निष्पक्ष रूपमा संविधानसभाका सदस्यको निर्वाचन सम्पन्न गर्न राज्यले सम्पूर्ण ध्यान केन्द्रित गर्ने,

(ख) देशमा अग्रगामी राजनीतिक-आर्थिक र सामाजिक परिवर्तन सुनिश्चित गर्ने,

(ग) विश्वव्यापी रूपमा स्वीकृत आधारभूत मानव अधिकार, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक प्रणाली, जनतामा निहित सार्वभौमसत्ता र जनताको सर्वोच्चता, संवैधानिक सन्तुलन र नियन्त्रण, कानुनको शासन, सामाजिक न्याय र समानता, स्वतन्त्र न्यायपालिका, आवधिक निर्वाचन, नागरिक समाजको अनुगमन, पूर्ण प्रेस स्वतन्त्रता, जनताको सूचनाको अधिकार, राजनीतिक दलहरूका क्रियाकलापहरूमा पारदर्शिता र जवाफदेहीता, जनसहभागिता, निष्पक्ष, सक्षम तथा स्वच्छ प्रशासनतन्त्रका अवधारणाहरूको पूर्ण परिपालना गर्ने राजनीतिक प्रणाली अवलम्बन गरी भ्रष्टाचार र दण्डहीनताको अन्त्य गर्दै सुशासन कायम गर्ने,

(घ) वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदिवासी जनजाति,मधेशी, उत्पीडित, उपेक्षित र अल्पसङ्ख्यक समुदाय,पिछडिएका क्षेत्र लगायतका समस्याहरूलाई संवोधन गर्न राज्यको वर्तमान केन्द्रीकृत र एकात्मक ढाचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनर्सरचना गर्ने,

(ङ) सामन्तवादका सवै रूपहरूको अन्त्य गर्ने आर्थिक सामाजिक रूपान्तरणको न्यूनतम साझा कार्यक्रम तय गरी लागू गर्दै जाने,

(च) सामन्ती भूस्वामित्वको अन्त्य गर्दै वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्ने नीति अवलम्बन गर्ने,

(छ) राष्ट्रिय उद्योगधन्दा र साधनस्रोतको संरक्षण र प्रबर्द्धन गर्ने नीति अनुसरण गर्ने,

*(ज)* *शिक्षा, स्वास्थ्य, आवास, रोजगारी र खाद्य सम्प्रभुतामा सबै नागरिकको अधिकार स्थापित गर्ने नीति लिने,*

*(झ)* *सुकुम्बासी, कमैया, हलिया, हरुवा चरुवालगायतका आर्थिक सामाजिक रूपले पछाडि परेका वर्गलाई जग्गालगायत आर्थिक सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति लिने,*

*(ञ)* *सरकारी लाभको पदमा रहेर भ्रष्टाचार गरी गैर कानुनी सम्पत्ति आर्जन गर्नेहरूउपर कडा कारबाही गरी दण्डित गर्ने नीति लिने,*

*(ट)* *देशको आर्थिक-सामाजिक रूपान्तरण एवं न्यायका साथै देशलाई छिटो समुन्नत र आर्थिक रूपले समृद्धशाली वनाउन एक साझा विकास अवधारणा निर्माण गर्ने ।*

*(ठ)* *श्रमिकका पेसागत अधिकारको सुनिश्चितता गर्दै उद्योगधन्दा, व्यापार, निर्यात प्रवर्धन आदिका लागि लगानी वृद्धि गरी रोजगारी एवं आय आर्जनका अवसरहरूको व्यापक वृद्धि गर्ने नीति अनुसरण गर्ने,*

*(ड)* *राज्य पक्ष भएको अन्तर्राष्ट्रिय सन्धिसम्झौताको प्रभावकारी कार्यान्वयन गर्ने,*

*(ढ)* *सबै विभेदकारी कानुनको अन्त्य गर्ने,*

*(ण)* *मुलुकमा विद्यमान जलश्रोत लगायत प्राकृतिक श्रोत साधनको राष्ट्र हितमा प्रयोग गर्ने,*

*(त)* *सशस्त्र द्वन्द्वको क्रममा मारिएकाहरूको परिवारलाई तथा यस क्रममा घाइते भई अपाङ्ग र अशक्त भएकाहरूलाई उचित राहत, सम्मान तथा पुन:स्थापनाको व्यवस्था गर्ने,*

*(थ)* *सशस्त्र द्वन्दको क्रममा वेपत्ता पारिएका व्यक्तिहरूको सम्बन्धमा गठित छानबीन आयोगको प्रतिवेदनका आधारमा त्यस्ता व्यक्तिहरूका पीडित परिवारहरूलाई राहत उपलब्ध गराउने,*

*(द)* *सशस्त्र द्वन्द्वको क्रममा विस्थापितहरूको पुन:स्थापना गर्न, नस्ट भएका निजी तथा सार्वजनिक सम्पत्तिहरूको हकमा राहत प्रदान गर्न तथा ध्वस्त संरचनाहरूको पुनर्निमाण गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने,*

*(ध)* *सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लंघन गर्ने तथा मानवता विरुद्धको अपराधमा सङ्लग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण गर्न तथा समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने ।*

*३४* *राज्यका निर्देशक सिद्धान्तहरू: (१) जनताको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी सामाजिक, आर्थिक एवं राजनीतिक क्षेत्र लगायत राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गरी खुला समाजमा आधारित लोककल्याणकारी व्यवस्थाको अभिवृद्धि गर्नु राज्यको प्रमुख उद्देश्य हुनेछ ।*

*(२)* *समाजमा शान्ति र व्यवस्था कायम गरी मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्दै सार्वजनिक हितको प्रबर्द्धन गर्ने र स्वायत्त शासनको माध्यमद्वारा जनतालाई शासनमा अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाई लोकतन्त्रका लाभहरूको उपभोग गर्नसक्ने व्यवस्था कायम गर्नु राज्यको उद्देश्य हुनेछ ।*

*(३)* *नेपाली जनताको संघर्षको प्रतिफलस्वरूप प्राप्त लोकतन्त्रलाई संस्थागत गर्दै सोका लाभहरूको उपभोग गर्न पाउने अवस्थाको सिर्जना गर्दै समुन्नत र समृद्ध नेपाल निर्माण गर्ने राज्यको राजनीतिक उद्देश्य हुनेछ ।*



*(४)* *देशमा उपलब्ध आर्थिक स्रोत र साधनलाई सीमित व्यक्तिहरूमा केन्द्रित हुन नदिई सामाजिक न्यायको आधारमा आर्थिक उपलब्धिको न्यायोचित वितरणको व्यवस्था मिलाई कुनै पनि जाति, लिङ्ग, वर्ग, उत्पत्ति वा व्यक्ति उपर आर्थिक शोषण हुन नपाउने व्यवस्था गरी आर्थिक असमानता हटाउदै स्वदेशी नीजि एवं सार्वजनिक उद्यमलाई प्राथमिकता र प्रश्रय दिई राष्ट्रिय अर्थतन्त्रलाई स्वतन्त्र, आत्मनिर्भर एवं उन्नतिशील गराउनु राज्यको मूलभूत आर्थिक उद्देश्य हुनेछ ।*

*(५)* *सबै किसिमको आर्थिक एवं सामाजिक असमानता हटाई विभिन्न जात, जाति, धर्म, भाषा, वर्ण, समुदाय र सम्प्रदायका बीच सामन्जस्य स्थापना गरी न्याय र नैतिकतामा आधारित स्वस्थ सामाजिक जीवनको स्थापना र विकास गर्नु राज्यको सामाजिक उद्देश्य हुनेछ ।*

*(६)* *देशको सार्वभौमसत्ता, अखण्डता र स्वतन्त्रतालाई कायम राखी अन्तर्राष्ट्रिय जगतमा राष्ट्रिय सम्मानको अभिवृद्धि गर्ने दिशामा राज्यको अन्तर्राष्ट्रिय सम्बन्ध निर्देशित हुनेछ ।*

*३५* *राज्यका नीतिहरू: (१) देशको सन्तुलित विकासका लागि आर्थिक लगानीको न्यायोचित वितरण गरी सबै क्षेत्रका जनताको शिक्षा, स्वास्थ्य, यातायात, आवास र रोजगारी जस्ता आधारभूत कुराहरूको विकास गरी जनसाधारणको जीवनस्तर वृद्धि गर्ने नीति राज्यले अवलम्बन गर्नेछ ।*

*(२)* *सरकारी, सहकारिता र निजी क्षेत्रको माध्यमबाट मुलुकमा अर्थतन्त्रको विकास गर्ने नीति राज्यले अवलम्वन गर्नेछ ।*

*(३)* *विभिन्न धर्म, सास्कृति, जाति, समुदाय, सम्प्रदाय, उत्पत्ति र भाषाभाषीहरूका बीच समानता एवं सहअस्तित्वका आधारमा स्वस्थ र सुमधुर सामाजिक सम्बन्ध विकसित गरी सबैको भाषा, साहित्य, लिपि, कला र संस्कृतिको समान विकासद्धारा देशको सांस्कृतिक विविधता कायम राखी राष्ट्रिय एकतालाई सुदृढ गर्ने नीति राज्यले अवलम्बन गर्नेछ ।*

*(४)* *राष्ट्रिय हित अनुकूल उपयोगी एवं लाभदायक रूपमा देशको प्राकृतिक स्रोत तथा सम्पदाको परिचालन गर्दा स्थानीय समुदायलाई प्राथमिकता दिइने नीति राज्यले अवलम्बन गर्नेछ ।*

*(५)* *राज्यले वातावरण स्वच्छ राख्न आवश्यक व्यवस्था गर्नेछ । जनसाधारणमा वातावरणीय स्वच्छताको चेतना बढाई भौतिक विकास सम्बन्धी क्रियाकलापहरूद्वारा वातावरणमा प्रतिकूल असर पर्न नदिन एवं वातावरण तथा दुर्लभ वन्यजन्तुको विशेष संरक्षणमा राज्यले प्राथमिकता दिनेछ । वन र वनस्पति तथा जैविक विविधताको संरक्षण, दिगो उपयोग र त्यसबाट प्राप्त लाभमा समन्यायिक बाँडफाँडको व्यवस्था गर्नेछ ।*

*(६)* *राज्यले किसानलाई प्रोत्साहन गरी कृषि क्षेत्रमा उत्पादकत्व बढाइ कृषिमा आधारित अधिकांश जनताको आर्थिक उन्नति हुने अवस्थाहरूको सिर्जना गरी कृषिलाई उद्योगको रूपमा विकास गर्नेछ ।*

*(७)* *देशको मुख्य सामाजिक–आर्थिक शक्तिको रूपमा रहेको श्रमशक्तिलाई रोजगार उपलब्ध गराई काम पाउने अधिकार सुनिश्चित गरी उनीहरूको हक र हितको संरक्षण गर्दै उद्यमको व्यवस्थापनमा सहभागीता बढाउने नीति राज्यले अवलम्बन गर्नेछ ।*

(८) महिला वर्गको शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा अधिकाधिक सहभागी बनाउने नीति राज्यले अवलम्बन गर्नेछ ।

(९) राज्यले एकल महिला, अनाथ, बालबालिका, असहाय, वृद्ध, अपाङ्ग, अशक्त र लोपोन्मुख जातिको संरक्षण र उन्नतिका लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ ।

(१०) शिक्षा, स्वास्थ्य, आवास, खाद्यसंप्रभुता र रोजगारीमा निश्चित समयका लागि आरक्षणको व्यवस्था गरी आर्थिक तथा सामाजिक रूपले पिछडिएका आदिवासी जनजाति, मधेसी, दलितलगायत सिमान्तकृत समुदाय तथा गरिबीको रेखामुनिका मजदुर किसानको उत्थान गर्ने नीति राज्यले अवलम्बन गर्नेछ ।

(११) देशको उन्नतिका लागि विज्ञान तथा प्रविधिको विकासलाई प्राथमिकता दिने नीति राज्यले अवलम्बन गर्नुका साथै स्थानीय प्रविधिको विकास गर्ने नीति अवलम्बन गर्नेछ ।

(१२) राष्ट्रिय विकासको लागि स्वदेशी लगानीलाई प्राथमिकता दिई देशमा वैदेशिक पुँजी र प्रविधिलाई आकर्षित गर्ने नीति राज्यले अवलम्बन गर्नेछ ।

(१३) बहुसंख्यक ग्रामीण जनताको हितलाई ध्यानमा राखी ग्रामीण विकासको गतिलाई तीव्रतर बनाउँदै लैजाने नीति राज्यले अवलम्बन गर्नेछ ।

(१४) राज्यले महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिमलगायत अल्पसंख्यक, भूमिहीन, सुकुम्बासी, कमैया,अपाङ्ग, पिछडिएका क्षेत्र तथा समुदाय र द्वन्द्व पीडितका लागि सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ ।

(१५) मुक्त कमैयाको संख्या एकीन गरी उनीहरूको बसोबासको लागि आधारभूत भूमि र रोजगारी को व्यवस्था गर्ने नीति राज्यले अवलम्बन गर्नेछ ।

(१६) किसान, मजदुरलगायत श्रममा आश्रित वर्गको विकासको लागि प्राविधिक शिक्षा, तालीम, प्रशिक्षणको आवश्यक पूर्वाधारको व्यवस्था गरी उनीहरूलाई राज्यको विकास प्रक्रियामा सहभागी गराउने नीति राज्यले अवलम्बन गर्नेछ ।

(१७) वृद्ध, अशक्त महिला तथा बेरोजगारलाई कानुनमा व्यवस्था गरी भत्ता दिने नीति अवलम्बन गर्नेछ ।

(१८) मुलुकमा विद्यमान परम्परागत ज्ञान, सीप र अभ्यासको पहिचान र संरक्षण गर्दै त्यसलाई आधुनिकीकरण गर्ने नीति राज्यले अवलम्बन गर्नेछ ।

(१९) मुलुकमा स्थापना भएका सार्वजनिक तथा गैरसरकारी संघ संस्थाको सञ्चालन र व्यवस्थापनमा नियमन गर्न राज्यले विशेष नीति अवलम्बन गर्नेछ ।

(२०) देशको विकासमा युवा जनशक्तिलाई परिचालन गर्न राज्यले विशेष नीति अवलम्बन गर्नेछ ।

(२१) राज्यले संयुक्त राष्ट्रसंघको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानुन र विश्वशान्तिको मान्यताको आधारमा नेपालको परराष्ट्र नीति लिनेछ ।

(२२) छिमेकी मित्र राष्ट्रहरू र संसारका अरू सबै मुलुकहरूसित आर्थिक, सामाजिक एवं अन्य क्षेत्रमा समानताको आधारमा सहयोगात्मक सुसम्बन्ध



कायम गरी नेपालमा शान्तिलाई अन्तर्राष्ट्रिय मान्यताको आधारमा संस्थागत गर्दै जाने नीति राज्यले अवलम्बन गर्नेछ ।

३६ अदालतमा प्रश्न उठाउन नसकिने: (१) यस भागमा लेखिएका विषयहरू कार्यान्वयन भए वा नभएको सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन ।

(२) राज्यले यस भागमा उल्लेखित सिद्धान्त तथा नीतिको कार्यान्वयन गर्न आवश्यकताअनुसार श्रोत र साधन परिचालन गर्ने वा गराउनेछ ।

### भाग ५ कार्यपालिका

३७ कार्यकारिणी अधिकार: (१) नेपालको कार्यकारिणी अधिकार यो संविधान र अन्य कानुन बमोजिम मन्त्रिपरिषद्मा निहित हुनेछ ।

(२) यो संविधान र अन्य कानुनको अधीनमा रही नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा मन्त्रिपरिषद्उपर हुनेछ ।

(३) नेपालको कार्यकारिणी कामहरू नेपाल सरकारको नाममा हुनेछ ।

(४) उपधारा (३) बमोजिम नेपाल सरकारको नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणिकरण कानुनद्वारा व्यवस्था भएबमोजिम हुनेछ ।

३८ मन्त्रिपरिषद्को गठन: (१) राजनीतिक सहमतिका आधारमा प्रधानमन्त्री र निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुनेछ ।

**स्पष्टीकरण :** यस संविधानको प्रयोजनका लागि "राजनीतिक सहमति" भन्नाले सम्वत् २०६३ साल कार्तिक २२ गते राजनीतिक सहमति कायम गर्ने नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कांग्रेस (प्रजातान्त्रिक), जनमोर्चा नेपाल, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी), नेपाल मजदुर किसान पार्टी, संयुक्त वाममोर्चा नेपालसहितका सात राजनीतिक दलहरू र नेकपा (माओवादी) बीचको सहमति सम्झनु पर्छ ।

(२) उपधारा (१) बमोजिम सहमति कायम हुन नसकेमा व्यवस्थापिका-संसद्को दुई तिहाई सदस्यको बहुमतको आधारमा प्रधानमन्त्री निर्वाचित हुनेछ ।

(३) अन्तरिम मन्त्रिपरिषद्को संरचना र कार्यविभाजन आपसी सहमतिबाट तय गरिनेछ ।

(४) मन्त्रिपरिषद्मा आवश्यकताअनुसार उपप्रधानमन्त्री र अन्य मन्त्रीहरू रहने छन् ।

**स्पष्टीकरण :** यस धाराको प्रयोजनका लागि मन्त्री भन्नाले मन्त्रालयको छुट्टै कार्यभार सम्हाल्ने राज्यमन्त्री समेतलाई जनाउँछ ।

(५) प्रधानमन्त्रीले मन्त्री नियुक्ति गर्दा सम्बन्धित दलको सिफारिसमा व्यवस्थापिका-संसद्को सदस्यहरू मध्येबाट नियुक्ति गर्नुपर्नेछ ।

(६) प्रधानमन्त्री र अन्य मन्त्रीहरू व्यवस्थापिका-संसदप्रति सामूहिक रूपमा उत्तरदायी हुनेछन् र मन्त्रीहरू आफ्ना मन्त्रालयको कामका लागि व्यक्तिगत रूपमा प्रधानमन्त्री र व्यवस्थापिका-संसद्प्रति उत्तरदायी हुनेछन् ।

(७) देहायका अवस्थामा प्रधानमन्त्री आफ्नो पदबाट मुक्त हुनेछ:-

(क) व्यवस्थापिका-संसद्को सभामुखसमक्ष लिखित राजीनामा दिएमा,

(ख) निज व्यवस्थापिका-संसद्को सदस्य नरहेमा: वा

(ग) निजको मृत्यु भएमा

(८) उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री तथा सहायकमन्त्री देहायका अवस्थामा आफ्नो पदबाट मुक्त हुनेछन् :-

(क) निजले प्रधानमन्त्रीसमक्ष लिखित राजीनामा दिएमा,

(ख) उपधारा (७) बमोजिम प्रधानमन्त्री आफ्नो पदबाट मुक्त भएमा,

(ग) सम्बन्धित दलको सिफारिसमा वा सम्बन्धित दलसँगको सल्लाहमा प्रधानमन्त्रीले निजलाई पदमुक्त गरेमा, वा

(घ) निजको मृत्यु भएमा ।

(९) उपधारा (७) बमोजिम प्रधानमन्त्री आफ्नो पदबाट मुक्त भए पनि अर्को मन्त्रिपरिषद् गठन नभएसम्म सोही मन्त्रिपरिषद्ले कार्य सञ्चालन गरी रहनेछ ।

(१०) प्रधानमन्त्रीको मृत्यु भएमा नयाँ प्रधानमन्त्रीको चयन नभएसम्मको लागि उपप्रधानमन्त्री वा वरिष्ठतम मन्त्रीले प्रधानमन्त्रीको रूपमा कार्य सञ्चालन गर्नेछ ।

३९ राज्यमन्त्री र सहायक मन्त्री: (१) प्रधानमन्त्रीले व्यवस्थापिका-संसद्को सदस्यहरू मध्येबाट सम्बन्धित राजनीतिक दलको सिफारिसमा राज्यमन्त्री नियुक्त गर्न सक्नेछ ।

(२) प्रधानमन्त्रीले कुनै मन्त्रीलाई निजको कार्यभार सञ्चालनमा सहायता गर्न व्यवस्थापिका-संसद्को सदस्यहरू मध्येबाट सम्बन्धित राजनीतिक दलको सिफारिसमा सहायक मन्त्री नियुक्त गर्न सक्नेछ ।

४० व्यवस्थापिका-संसद्को सदस्य नभएको व्यक्ति मन्त्री पदमा नियुक्त हुन सक्ने: धारा ३७ र ३८ मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रधानमन्त्रीले व्यवस्थापिका-संसद्को सदस्य नभएको कुनै व्यक्तिलाई उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री वा सहायकमन्त्री पदमा नियुक्त गर्न सक्नेछ ।

४१ पारिश्रमिक तथा अन्य सुविधाहरू: प्रधानमन्त्री, उप-प्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायक मन्त्रीहरूको पारिश्रमिक र अन्य सुविधाहरू ऐनद्वारा निर्धारण हुनेछ । सो बमोजिम ऐनद्वारा निर्धारण नभएसम्म नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

४२ शपथ: प्रधानमन्त्रीले व्यवस्थापिका-संसद समक्ष र उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री तथा सहायकमन्त्रीले प्रधानमन्त्रीसमक्ष आफ्नो पद र गोपनीयताको शपथ ग्रहण गर्नुपर्नेछ ।

४३ नेपाल सरकारको कार्य सञ्चालन: (१) नेपाल सरकारको सञ्चालन संयुक्त जनआन्दोलनको भावना, राजनीतिक सहमति र सहकार्यको संस्कृति अनुरूप गरिनेछ । नेपाल सरकारको सञ्चालनको नीतिगत आधार आपसी सहमतिबाट तयार गरिएको न्यूनतम साझा कार्यक्रम हुनेछ ।

(२) नेपाल सरकारबाट स्वीकृत नियमावलीबमोजिम नेपाल सरकारको कार्य विभाजन र कार्य सम्पादन हुनेछ ।

(३) उपधारा (२) अन्तर्गतको नियमावलीको पालना भयो वा भएन भन्ने प्रश्न कुनै अदालतमा उठाउन सकिने छैन ।

४४ संविधानसभाको गठन भएपछिको मन्त्रिपरिषद्: संविधानसभाको गठन भएपछि कार्यकारिणी अधिकारको प्रयोग, मन्त्रिपरिषद्को गठन र तत्सम्बन्धी अन्य कुरा आवश्यक हेरफेर सहित यसै भागमा लेखिएको व्यवस्थाबमोजिम हुनेछ ।

### भाग ६ व्यवस्थापिका-संसद्

४५ व्यवस्थापिका-संसद्को गठन: (१) नेपालमा एक सदनात्मक व्यवस्थापिका- संसद रहनेछ जसमा देहाय बमोजिमका ३३० सदस्य रहने छन्:-



(क) यो संविधान प्रारम्भ हुनुभन्दा तत्काल अघि कायम रहेको प्रतिनिधिसभा र राष्ट्रियसभाका सात राजनीतिक दल र अन्य दलका निर्वाचित सदस्यहरूसमेत गरी २०९ जना,

**स्पष्टीकरण:** सात राजनीतिक दल भन्नाले संवत् २०६३ साल कात्तिक २२ गते राजनीतिक सहमति कायम गर्ने नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कांग्रेस (प्रजातान्त्रिक), जनमोर्चा नेपाल, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी), नेपाल मजदुर किसान पार्टी र संयुक्त वाम मोर्चालाई जनाउँछ ।

(ख) नेकपा (माओवादी) को तर्फबाट ७३ जना

(ग) संयुक्त वाममोर्चा, जनवर्गीय तथा पेसागत सङ्गठन, उत्पीडित जाति, पिछडिएको क्षेत्र, आदिवासी जनजाति र महिला तथा राजनीतिक व्यक्तित्वहरूबाट सहमतिका आधारमा मनोनीत ४८ जना

(२) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि जनआन्दोलनको विपक्षमा रहेका व्यक्तिहरू व्यवस्थापिका-संसद्मा रहने छैनन् ।

(३) व्यवस्थापिका-संसद् राजनीतिक सहमतिका आधारमा सञ्चालन गरिनेछ ।

(४) व्यवस्थापिका-संसद्को कार्यकाल संविधानसभाको पहिलो बैठक बसेपछि समाप्त हुनेछ ।

(५) व्यवस्थापिका-संसद्को कुनै सदस्यको स्थान कुनै कारणले रिक्त भएमा बाकी अवधिको लागि जुन राजनीतिक दल वा समूहबाट प्रतिनिधित्व भएको हो सोही राजनीतिक दल वा समूहबाट मनोनयन भई रिक्त स्थान पूर्ति हुनेछ ।

४६ सदस्यका लागि योग्यता: व्यवस्थापिका-संसद्को सदस्य हुनका लागि कुनै पनि व्यक्तिले देहायको योग्यता पूरा गरेको हुनु पर्नेछ:

(क) नेपालको नागरिक,

(ख) कम्तिमा पच्चीस वर्ष उमेर पूरा भएको,

(ग) जनआन्दोलनको भावनाप्रति प्रतिबद्ध रहेको,

(घ) कुनै लाभको पद धारण नगरेको ।

स्पष्टीकरण: यस धाराको खण्ड (घ) को प्रयोजनको लागि 'लाभको पद' भन्नाले निर्वाचित वा मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पदबाहेक सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने अन्य पद सम्झनु पर्छ ।

४७ सदस्यको अयोग्यता सम्बन्धी निर्णय: व्यवस्थापिका-संसद्को कुनै सदस्य धारा ४६ अनुसार अयोग्य छ वा हुन गएको छ भन्ने प्रश्न उठेमा त्यसको अन्तिम निर्णय व्यवस्थापिका-संसद्ले गर्नेछ ।

४८ स्थान रिक्तता: व्यवस्थापिका-संसद्को सदस्यको स्थान देहायको अवस्थामा रिक्त हुनेछ:-

(क) निजले लिखित राजीनामा दिएमा,

(ख) धारा ४६ बमोजिम निजको योग्यता नभएमा,

(ग) जुन राजनीतिक दलबाट प्रतिनिधित्व गरेको हो सो राजनीतिक दलमा नरहेको सूचना सम्बन्धित दलले जानकारी गराएमा,

(घ) व्यवस्थापिका-संसद्को कार्यकाल समाप्त भएमा, वा

(ङ) निजको मृत्यु भएमा,

४९ शपथ: व्यवस्थापिका-संसद्को प्रत्येक सदस्यले व्यवस्थापिका-संसद्को पहिलो बैठकमा भाग लिनुभन्दा अघि निर्धारित रूपमा शपथ लिनुपर्नेछ ।

५० व्यवस्थापिका-संसद्को सभामुख र उपसभामुख: (१) व्यवस्थापिका-संसद्ले आफ्ना सदस्य मध्येबाट एकजना सभामुख र एकजना उपसभामुखको निर्वाचन राजनीतिक सहमतिबाट गर्नेछ । सहमति हुन नसकेमा व्यवस्थापिका-संसद्का सम्पूर्ण सदस्यहरूको दुई तिहाई बहुमतबाट निर्वाचन गरिनेछ । सभामुख वा उपसभामुखको पद रिक्त भएमा व्यवस्थापिका-संसद्ले आफ्नो सदस्यहरू मध्येबाट निर्वाचन गरी रिक्त स्थानको पूर्ति गर्नेछ ।

(२) व्यवस्थापिका-संसद्को सभामुख र उपसभामुख एउटै राजनीतिक दलको सदस्य हुनसक्ने छैन ।

(३) व्यवस्थापिका-संसद्को सभामुखको अनुपस्थितिमा उपसभामुखले व्यवस्थापिका-संसद्को बैठकको अध्यक्षता गर्नेछ ।

(४) व्यवस्थापिका-संसद्को सभामुख र उपसभामुखको निर्वाचन नभएको वा दुवै पद रिक्त रहेको अवस्थामा व्यवस्थापिका-संसद्को बैठकको अध्यक्षता उपस्थित सदस्यहरूमध्ये उमेरको हिसावले जेठ सदस्यले गर्नेछ ।

(५) व्यवस्थापिका-संसद्को सभामुख वा उपसभामुखको पद देहायको अवस्थामा रिक्त हुनेछ:-

(क) निज व्यवस्थापिका-संसद्को सदस्य नरहेमा,

(ख) निजले लिखित राजीनामा दिएमा,

(ग) निजले पद अनुकूल आचरण गरेको छैन भन्ने प्रस्ताव व्यवस्थापिका-संसद्को तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको दुईतिहाई बहुमतबाट पारित भएमा ।,

(६) व्यवस्थापिका-संसद्को सभामुखले पद अनुकूलको आचरण गरेको छैन भन्ने प्रस्ताव उपर छलफल हुने बैठकको अध्यक्षता उपसभामुखले गर्नेछ । सो प्रस्तावको छलफलमा सभामुखले भाग लिन र मतदान गर्न पाउनेछ ।

५१ अधिवेशनको आव्हान र अन्त: (१) प्रधानमन्त्रीले पहिलो पटक र त्यसपछि समय समयमा व्यवस्थापिका-संसद् संसद्को अधिवेशन आह्वान गर्नेछ ।

(२) सभामुखको परामर्शमा प्रधानमन्त्रीले व्यवस्थापिका-संसद्को अधिवेशनको अन्त गर्नेछ ।

५२ प्रधानमन्त्रीबाट सम्बोधन: प्रधानमन्त्रीले व्यवस्थापिका-संसद्को अधिवेशनमा सरकारको वार्षिक नीति कार्यक्रम प्रस्तुत गरी सम्बोधन गर्नेछ ।

५३ गणपुरक संख्या: यस संविधानमा अन्यथा लेखिएकोमा बाहेक व्यवस्थापिका-संसद्को कुनै पनि बैठकमा सम्पूर्ण सदस्य संख्याको एक चौथाइ सदस्य उपस्थित नभएसम्म कुनै प्रश्न वा प्रस्ताव निर्णयार्थ प्रस्तुत गरिने छैन ।

५४ सदस्यको स्थान रिक्त रहेको अवस्थामा बैठकको कार्य सञ्चालन: (१) व्यवस्थापिका-संसद्को कुनै सदस्यको स्थान रिक्त छ भने पनि व्यवस्थापिका-संसद्ले आफ्नो कार्य सञ्चालन गर्न सक्नेछ र व्यवस्थापिका-संसद्को कुनै कारवाईमा भाग लिन नपाउने कुनै व्यक्तिले भाग लिएको कुरा पछि पत्ता लाग्यो भने पनि भइसकेको कुनै कार्य अमान्य हुने छैन ।

(२) व्यवस्थापिका-संसद्को सदस्य नरहेको मन्त्री, राज्यमन्त्री वा सहायकमन्त्रीले व्यवस्थापिका-संसद् वा त्यसको कुनै समितिको बैठकमा उपस्थित हुन सक्नेछ ।



तर निजलाई मतदान गर्ने अधिकार हुनेछैन ।

५५ मतदान: यस संविधानमा अन्यथा लेखिएकोमा बाहेक व्यवस्थापिका-संसद्को कुनै पनि बैठकमा निर्णयको लागि प्रस्तुत गरिएको जुनसुकै प्रश्नको निर्णय उपस्थित भई मतदान गर्ने सदस्यहरूको बहुमतबाट हुनेछ । अध्यक्षता गर्ने व्यक्तिलाई सामान्यत: मत दिने अधिकार हुने छैन ।

तर मत बराबर भएमा निजले आफ्नो निर्णायक मत दिनेछ ।

५६ विशेषाधिकार: (१) व्यवस्थापिका-संसद्को बैठकमा पूर्ण वाक स्वतन्त्रता रहनेछ र सो बैठकमा व्यक्त गरेको कुनै कुरा वा दिएको कुनै मतलाई लिएर कुनै पनि सदस्यलाई पक्राउ गर्न, थुनामा राख्न वा निजउपर कुनै अदालतमा कुनै कारबाही चलाउन सकिनेछैन ।

(२) व्यवस्थापिका-संसदलाई आफ्नो आन्तरिक काम कारबाही नियमित गर्ने पूर्ण अधिकार रहनेछ र कुनै कारबाही नियमित वा अनियमित छ वा छैन भनी निर्णय गर्ने अधिकार व्यवस्थापिका-संसद्लाई मात्र हुनेछ । यस सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन ।

(३) व्यवस्थापिका-संसद्को कुनै पनि काम कारबाहीलाई त्यसको असल नियतबारे शंका उठाइ कुनै टिका टिप्पणी गरिने छैन र कुनै सदस्यले बोलेको कुनै कुराको सम्बन्धमा जानी-जानी गलत वा भ्रामक अर्थ लगाई कुनै प्रकारको प्रकाशन तथा प्रसारण गरिने छैन ।

(४) व्यवस्थापिका-संसद्ले दिएको अधिकारअन्तर्गत कुनै लिखत, प्रतिवेदन, मतदान वा कारबाही प्रकाशित गरेको विषयलाई लिएर कुनै व्यक्तिउपर अदालतमा कारबाही चलाउन सकिने छैन ।

स्पष्टीकरण: उपधारा (१), (२), (३) र (४) को प्रयोजनका लागि 'व्यवस्थापिका-संसद्' भन्नाले व्यवस्थापिका-संसद्को र त्यसको कुनै समिति समेतलाई जनाउनेछ ।

(५) व्यवस्थापिका-संसद्को कुनै पनि सदस्यलाई व्यवस्थापिका-संसद्को अधिवेशन अवधिभर पक्राउ गरिने छैन ।

तर कुनै फौजदारी अभियोगमा कुनै सदस्यलाई कानुनअनुसार पक्राउ गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन । त्यसरी कुनै सदस्य पक्राउ गरिएमा पक्राउ गर्ने अधिकारीले त्यसको सूचना व्यवस्थापिका-संसद्को अध्यक्षता गर्ने व्यक्तिलाई तुरुन्त दिनुपर्नेछ ।

(६) यस धारामा उल्लेख भएका कुनै कुरा उल्लंघन भएमा व्यवस्थापिका-संसद्को विशेषाधिकार हनन हुने र व्यवस्थापिका-संसद्को विशेषाधिकारको हननलाई व्यवस्थापिका-संसद्को अपहेलना मानिनेछ । कुनै विशेषाधिकारको हनन भएको छ वा छैन भन्ने निर्णय गर्ने अधिकार व्यवस्थापिका-संसद्लाई मात्र हुनेछ ।

(७) कसैले व्यवस्थापिका-संसद्को अपहेलना गरेमा सो सम्बन्धी बैठकको अध्यक्षता गर्ने व्यक्तिले बैठकको निर्णयबाट सो व्यक्तिलाई सचेत गराउन, नसीहत दिन वा तीन महिनामा नबढ्ने गरी कैद गर्न वा दश हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ । त्यस्तो जरिवाना निजले चुक्ता नगरेमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

तर व्यवस्थापिका-संसद्लाई सन्तोष हुने गरी निजले क्षमायाचना गरेमा व्यवस्थापिका-संसद्ले क्षमा प्रदान गर्न वा तोकिसकेको सजायलाई माफी गर्न वा घटाउन सक्नेछ ।

*(८) यस संविधानमा उल्लेख गरिएदेखि बाहेक विशेषाधिकारसम्बन्धी अन्य कुराहरू कानुनद्वारा निर्धारण गरिए बमोजिम हुनेछन् ।*

*५७ कार्य सञ्चालन विधि: यस संविधानको अधीनमा रही व्यवस्थापिका-संसद्ले आफ्नो कार्य सञ्चालन राजनीतिक सहमतिको आधारमा गर्नेछ र व्यवस्थापिका-संसद्को बैठकको सुव्यवस्था कायम राख्न र समितिहरूको गठन, काम कारबाही र अन्य कुरा नियमित गर्नको लागि नियमावली बनाउनेछ । त्यस्तो नियमावली नबनेसम्मको लागि व्यवस्थापिका-संसद्ले आफ्नो कार्यविधि आफैं नियमित गर्नेछ ।*

*५८ समिति: व्यवस्थापिका-संसद्मा यसको नियमावलीमा व्यवस्था भए बमोजिम आवश्यक संख्यामा समिति र उपसमितिहरू रहने छन् ।*

*५९ संविधानसभाले व्यवस्थापिका-संसद्को अधिकार प्रयोग गर्ने: धारा ४४ को उपधारा (४) बमोजिम व्यवस्थापिका-संसद्को कार्यकाल समाप्त भएपछि यस संविधानबमोजिमको व्यवस्थापिका-संसद्को अधिकार संविधानसभाले प्रयोग गर्नेछ ।*

*६० **बहसमा बन्देज:** (१) नेपालको कुनै अदालतमा विचाराधीन रहेको कुनै मुद्दा सम्बन्धमा तथा न्यायाधीशले कर्त्तव्य पालनको सिलसिलामा गरेको न्यायिक कार्यको सम्बन्धमा सदनमा छलफल गर्न पाइनेछैन ।*

*तर महाभियोगको प्रस्तावमा छलफल गर्दा न्यायाधीशको आचार सम्बन्धमा कुनै कुरा व्यक्त गर्न यस धाराले बाधा पुऱ्याएको मानिने छैन ।*

*(२) उपधारा(१) मा गरिएको यो व्यवस्था संविधानसभामा समेत लागू हुनेछ ।*

*६१ व्यवस्थापिका-संसद् सचिवालय: (१) व्यवस्थापिका-संसद्को काम, कारबाई संचालन तथा व्यवस्थापन गर्नका लागि एक सचिवालय रहनेछ । त्यस्तो सचिवालयको स्थापना र सो सम्बन्धी अन्य कुरा कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।*

*व्यवस्थापिका-संसद्को काम कारबाही सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक हुने कर्मचारी नेपाल सरकारले उपलब्ध गराउनेछ ।*

*६२ पारिश्रमिक: व्यवस्थापिका-संसद्को सभामुख, उपसभामुख, सदस्य तथा समितिका सभापतिहरूको पारिश्रमिक र सुविधा कानुनद्वारा व्यवस्था भएबमोजिम हुनेछ र त्यसरी निर्धारण नभएसम्म नेपाल सरकारले निर्धारण गरेबमोजिम हुनेछ ।*

### *भाग ८ संविधानसभा*

*६३ संविधानसभाको गठन: (१) नेपाली जनता आफैंले नयाा संविधानको निर्माण गर्न यस संविधानको अधिनमा रही एक संविधानसभाको गठन हुनेछ ।*

*(२) यो संविधान प्रारम्भ भएपछि संविधानसभाको निर्वाचन नेपाल सरकारले तोकेको मितिमा हुनेछ ।*

*(३) संविधानसभामा कानुनमा व्यवस्था भएबमोजिम मिश्रित निर्वाचन प्रणालीका आधारमा निर्वाचित ४०९ जना र मनोनित १६ जना गरी देहायबमोजिमका ४२५ जना सदस्यहरू रहनेछन् :*

*(क) यो संविधान प्रारम्भ हुनु अगाडि प्रचलित कानुनबमोजिम कायम रहेको निर्वाचन क्षेत्रहरूवाट प्रत्येक निर्वाचन क्षेत्रबाट एकजनाका दरले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार निर्वाचित २०५ सदस्य,*



*(ख) सम्पूर्ण देशलाई एक क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणालीअनुसार निर्वाचित हुने २०४ सदस्य,*

*(ग) राष्ट्रिय जीवनका महत्वपूर्ण व्यक्तिहरूमध्येवाट सहमतिका आधारमा अन्तरिम मन्त्रिपरिषद्बाट मनोनीत हुने १६ जना सदस्य ।*

*(४) उपधारा (३) को खण्ड (क) बमोजिम राजनीतिक दलहरूले उम्मेदवार चयन गर्दा समावेशी सिद्धान्तलाई ध्यान दिनुपर्नेछ र खण्ड (ख) बमोजिम राजनीतिक दलहरूले उम्मेदवारहरूको सूचीकृत गर्दा महिला, दलित, उत्पीडित जाति/आदिवासी जनजाति, पिछडिएको क्षेत्र, मधेसीलगायत अन्य वर्गसमेतको कानुनमा व्यवस्था भएबमोजिम समानुपातिक प्रतिनिधित्व गराउनु पर्नेछ ।*

*यस उपधारामा जुनसुकै कुरा लेखिएको भए तापनि महिलाको हकमा उपधारा (३) को खण्ड (ख) बमोजिम समानुपातिक प्रतिनिधित्वमा हुने संख्यामा उपधारा (३) को खण्ड (क) अनुसार दिइने उम्मेदवारीको संख्या जोडेर कुल संख्याको न्यूनतम एक तिहाई उम्मेदवारी दिनुपर्नेछ ।*

*(५) संविधानसभाका सदस्यहरूको निर्वाचन कानुनमा व्यवस्था भएबमोजिम गोप्य मतदानद्वारा हुनेछ ।*

*(६) संविधानसभाको निर्वाचनको प्रयोजनको लागि संबत् २०६३ साल मंसिर मसान्तसम्म अठार वर्ष उमेर पूरा भएको प्रत्येक नेपाली नागरिकलाई कानुनमा व्यवस्था भएबमोजिम मतदान गर्ने अधिकार हुनेछ ।*

*(७) यस धारामा लेखिएको कुराहरूको अधीनमा रही संविधानसभाको निर्वाचन र सो सम्बन्धी अन्य कुरा कानुनमा व्यवस्था भएबमोजिम हुनेछ ।*

*६४ संविधानसभाको कार्यकाल: संविधानसभाले प्रस्ताव पारित गरी अगावै विघटन गरेकोमा बाहेक संविधानसभाको कार्यकाल संविधानसभाको पहिलो बैठक बसेको मितिले दुई वर्षको हुनेछ ।*

*तर मुलुकमा संकटकालीन स्थितिको घोषणा भएको कारणले संविधान निर्माण गर्ने काम पूरा हुन नसकेमा संविधान सभाले प्रस्ताव पारित गरी संविधानसभाको कार्यकाल थप छ महिनासम्म बढाउन सक्नेछ ।*

*६५ सदस्यको योग्यता: संविधानसभाको सदस्य हुनका लागि कुनै पनि व्यक्तिले देहायका योग्यता पूरा गरेको हुनुपर्नेछ:*

*(क) नेपाली नागरिक,*
*(ख) कम्तीमा पच्चीस वर्ष उमेर पूरा गरेको,*
*(ग) नैतिक पतन देखिने फौज्दारी कसुरमा सजाय नपाएको,*
*(घ) कुनै लाभको पद धारण नगरेको ।*

*स्पष्टीकरण: खण्ड (घ) को प्रयोजनका लागि 'लाभको पद' भन्नाले निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पदबाहेक कुनै सरकारी कोषबाट पारिश्रमिक वा अन्य कुनै आर्थिक सुविधा पाउने अन्य कुनै पदलाई जनाउनेछ ।*

*६६ सदस्यको अयोग्यता सम्बन्धी प्रश्नको निर्णय: संविधानसभाका कुनै सदस्य धारा ६५ बमोजिम अयोग्य छ वा हुन गएको छ भन्ने प्रश्न उठेमा त्यसको अन्तिम निर्णय संविधानसभा अदालतले गर्नेछ ।*

*६७ सदस्यको स्थानको रिक्तता: संविधानसभाका सदस्यको स्थान देहायको अवस्थामा रिक्त भएको मानिनेछ:*

*(क) निजले लिखित राजीनामा दिएमा,*

*(ख) धारा ६५ बमोजिम निजको योग्यता नभएमा वा नरहेमा,*

*(ग) सभालाई सूचना नदिई लगातार दसवटा बैठकमा अनुपस्थित रहेमा,*

*(घ) जुन राजनीतिक दलको सदस्य भई निर्वाचित भएको हो सोही दलले कानुनमा व्यवस्था भए बमोजिम निजले दल त्याग गरेको वा दलको सदस्यता कायम नरहेको कुरा सूचित गरेमा,*

*(ङ) निजको मृत्यु भएमा ।*

*स्पष्टीकरण: खण्ड (घ) को व्यवस्था संविधानसभाका अध्यक्ष वा उपाध्यक्षको हकमा लागू हुने छैन ।*

*६८ सदस्यको शपथ: संविधान सभाका प्रत्येक सदस्यले संविधान सभा वा यसको कुनै समितिमा पहिलो पटक भाग लिनु अघि कानुनमा व्यवस्था भएबमोजिम शपथ लिनु पर्नेछ ।*

*६९ संविधानसभाको बैठक: (१) संविधानसभाका सदस्यहरूको अन्तिम निर्वाचन परिणाम निर्वाचन आयोगले सार्वजनिक गरेको एक्काइस दिनभित्र प्रधानमन्त्रीले आह्वान गरे बमोजिम संविधानसभाको पहिलो बैठक बस्नेछ र त्यसपछिका बैठक संविधानसभाको अध्यक्षता गर्ने व्यक्तिले तोकेको मिति र स्थानमा बस्नेछ ।*

*(२) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संविधानसभाका कम्तीमा एक चौथाई सदस्यले संविधानसभाको बैठक बोलाउन आवश्यक छ भनी कारणसहित संविधानसभाका अध्यक्षसमक्ष निवेदन गरेमा अध्यक्षले पन्ध्र दिनभित्र संविधानसभाको बैठक बोलाउनु पर्नेछ ।*

*७० संविधानको विधेयक पारित गर्ने विधि: (१) संविधानसभाले संविधानको विधेयक पारित गर्दा संविधानसभामा पेस भएको त्यस्तो विधेयकको प्रस्तावना तथा प्रत्येक धारामा मतदान गरी पारित गर्नेछ ।*

*(२) उपधारा (१) बमोजिम मतदान गर्दा संविधानसभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्यको कम्तीमा दुई तिहाई सदस्य उपस्थित भएको बैठकको सर्वसम्मतिबाट पारित गर्नु पर्नेछ ।*

*(३) उपधारा (२) बमोजिम संविधानको विधेयकको प्रस्तावना वा त्यसको कुनै धाराका सम्बन्धमा सर्वसम्मत कायम हुन नसकेमा सो विषयमा सर्वसम्मति कायम गर्न संविधान सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका संसदीय दलका नेताले आपसमा परामर्श गर्नेछन् ।*

*(४) उपधारा (३) बमोजिम परामर्श गर्ने काम सर्वसम्मति कायम हुन नसकेको मितिले बढीमा पन्ध्रदिन सम्म पूरा गरिसक्नु पर्नेछ ।*

*(५) उपधारा (४) बमोजिम परामर्श भएकोमा त्यस्तो परामर्श गर्ने काम पूरा भएको सात दिनभित्र त्यस्तो विधेयकको प्रस्तावना वा कुनै धारा उपर पुनः मतदान हुनेछ ।*

*(६) उपधारा (५) बमोजिम मतदान हुादा पनि उपधारा (२) बमोजिमको सर्वसम्मत कायम हुन नसकेमा प्रस्तावना वा जुन धाराका सम्बन्धमा सर्वसम्मत कायम हुन नसकेको हो सो प्रस्तावना वा धारामा पुनः मतदान हुनेछ र त्यस्तो मतदानमा संविधान सभाका तत्काल कायम रहेका सम्पूर्ण सदस्यको कम्तीमा दुई*



*तिहाई सदस्य उपस्थित भएको बैठकको कम्तीमा दुई तिहाई बहुमतबाट पारित भएमा त्यस्तो प्रस्तावना वा धारा पारित भएको मानिनेछ ।*

*(७) यस धाराको प्रयोजनका लागि संविधानसभामा पेस भएको संविधानको विधेयकको प्रस्तावना वा त्यसको कुनै धाराको सम्बन्धमा मतदान गर्दा कुनै पनि सदस्यले त्यस्तो विधेयकको प्रस्तावना वा त्यसको कुनै धाराको विपक्षमा मत नदिएमा सर्वसम्मति कायम भएको मानिनेछ ।*

*७१ संविधान सभाका अध्यक्ष र उपाध्यक्ष: (१) संविधानसभाले संविधान निर्माणसम्बन्धी आफ्नो कार्य प्रारम्भ गर्नुअघि आफ्ना सदस्यहरू मध्येबाट एकजना अध्यक्ष र एकजना उपाध्यक्षको निर्वाचन गर्नेछ ।*

*(२) उपधारा (१) बमोजिम निर्वाचन गर्दा अध्यक्ष र उपाध्यक्ष संविधान सभामा प्रतिनिधित्व गर्ने अलग-अलग राजनीतिक दलबाट प्रतिनिधित्व गर्ने सदस्य हुनु पर्नेछ ।*

*(३) उपधारा (१) बमोजिम अध्यक्ष र उपाध्यक्षको निर्वाचन सम्पन्न नभएसम्म उमेरका हिसावले संविधानसभाको सबभन्दा जेष्ठ सदस्यले संविधानसभाको अध्यक्षता गर्नेछ ।*

*(४) अध्यक्ष वा उपाध्यक्षले यस संविधानबमोजिम आफ्नो कार्य सम्पादन गर्दा कुनै पनि राजनीतिक दलको पक्ष वा विपक्षमा नरही तटस्थ व्यक्तिको हैसियतले गर्नेछ ।*

*७२ अध्यक्ष र उपाध्यक्षको स्थान रिक्तता: (१) देहायको अवस्थामा अध्यक्ष र उपाध्यक्षको पद रिक्त हुनेछ:-*

*(क) निजले लिखित राजीनामा दिएमा,*

*(ख) संविधानसभामा निजको सदस्यता नरहेमा,*

*(ग) निजले पद अनुकूलको आचरण गरेको छैन भन्ने प्रस्ताव संविधानसभाका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाई सदस्यको बहुमतबाट पारित भएमा, वा*

*(घ) निजको मृत्यु भएमा ।*

*(२) संविधानसभाको अध्यक्षले पद अनुकूलको आचरण गरेको छैन भन्ने प्रस्तावउपर छलफल हुने बैठकको अध्यक्षता उपाध्यक्ष वा अन्य कुनै सदस्यले गर्नेछ र सो प्रस्तावको छलफलमा अध्यक्षले भाग लिन र मत दिन पाउने छ ।*

*७३ गणपूरक संख्या: यस भागमा अन्यथा लेखिएकोमा बाहेक संविधानसभाको बैठकमा सम्पूर्ण सदस्य संख्याको कम्तीमा एक चौथाई सदस्य उपस्थित नभएसम्म संविधानसभाको गणपूरक संख्या पुगेको मानिने छैन र कुनै प्रश्न वा प्रस्ताव निर्णयका लागि प्रस्तुत हुने छैन ।*

*७४ सदस्यको स्थान रिक्त रहेको अवस्थामा संविधानसभाको कार्य सञ्चालन: संविधानसभाको कुनै सदस्यको स्थान रिक्त रहे पनि संविधान सभाले आफ्नो कार्य सम्पादन गर्न सक्नेछ र अयोग्यताको कारण संविधानसभाको कुनै काम कारबाहीमा भाग लिन नपाउने कुनै व्यक्तिले भाग लिएको कुरा पछि पत्ता लाग्यो भने पनि भइसकेको काम कारबाही अमान्य हुने छैन ।*

*७५ मतदान: यस भागमा अन्यथा व्यवस्था भएकोमा बाहेक संविधानसभाको निर्णयको लागि प्रस्तुत जुनसुकै प्रश्न वा प्रस्तावको निर्णय उपस्थित भई मतदान गर्ने सदस्यहरूको बहुमतबाट हुनेछ । अध्यक्षता गर्ने व्यक्तिलाई सामान्यतया मत दिने अधिकार हुने छैन ।*

तर मत बराबर भएमा निजले आफ्नो निर्णायक मत दिनेछ ।

७६ अनधीकृत उपस्थित भएमा वा मतदान गरेमा सजाय हुने: धारा ६७ बमोजिम शपथ नलिई वा संविधानसभाको सदस्य हुनको लागि आवश्यक योग्यता पुगेको छैन भन्ने थाहा पाउँदा-पाउँदै कुनै व्यक्ति संविधानसभा वा त्यसको कुनै समितिको बैठकमा उपस्थित भएमा वा निजले मतदान गरेमा निजलाई सो बैठकमा अध्यक्षता गर्ने व्यक्तिको आदेशले त्यसरी उपस्थित भएको वा मतदान गरेको प्रत्येक पटकका लागि पाँच हजार रूपैयाँ जरिवाना हुनेछ । यसरी भएको जरिवाना निजले चुक्ता नगरेमा सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

७७ विशेषाधिकार: (१) संविधानसभाको बैठकमा पूर्ण वाक् स्वतन्त्रता रहनेछ र सो बैठकमा व्यक्त गरेको कुनै कुरा वा दिएको कुनै मतलाई लिएर कुनै पनि सदस्यलाई पक्राउ गर्न, थुनामा राख्न वा निजउपर कुनै अदालतमा कारबाही चलाइने छैन ।

(२) संविधानसभाको प्रत्येक बैठकलाई आफ्नो आन्तरिक काम, कारबाही नियमित गर्ने पूर्ण अधिकार रहनेछ र कुनै काम कारबाही नियमित वा अनियमित छ वा छैन भनी निर्णय गर्ने अधिकार सम्बन्धित बैठकलाई मात्र हुनेछ । यस सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाइने छैन ।

(३) संविधानसभाको कुनै पनि काम, कारबाहीलाई त्यसको असल नियतबारे शंका उठाई कुनै टीका टिप्पणी गरिने छैन र कुनै सदस्यले बोलेको कुनै कुराको सम्बन्धमा जानी-जानी गलत वा भ्रामक अर्थ लगाई कुनै प्रकारको प्रकाशन तथा प्रसारण गरिने छैन ।

(४) संविधान सभाबाट दिएको अधिकारअन्तर्गत कुनै लिखत, प्रतिवेदन, मतदान वा कारबाही प्रकाशित गरेको विषयलाई लिएर कुनै व्यक्तिउपर अदालतमा कारबाही चलाइने छैन ।

स्पष्टीकरण: उपधारा (१), (२), (३) र (४) को प्रयोजनका लागि "संविधानसभाको बैठक" भन्नाले संविधान सभा र त्यसको कुनै समितिको बैठक समेतलाई जनाउने छ ।

(५) संविधानसभाको कुनै पनि सदस्यलाई संविधानसभाको कार्यकालभर पक्राउ गरिने छैन ।

तर कुनै फौज्दारी अभियोगमा कुनै सदस्यलाई कानुनबमोजिम पक्राउ गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन । त्यसरी कुनै सदस्य पक्राउ गरिएमा पक्राउ गर्ने अधिकारीले त्यसको सूचना संविधानसभाको अध्यक्षता गर्ने व्यक्तिलाई तुरुन्त दिनु पर्नेछ ।

(६) यस धारामा उल्लेख भएका कुनै कुरा उल्लंघन भएमा संविधानसभाको विशेषाधिकार हनन हुने र संविधानसभाको विशेषाधिकारको हननलाई संविधानसभाको अवहेलना मानिनेछ । कुनै विशेषाधिकारको हनन भएको छ वा छैन भन्ने निर्णय गर्ने अधिकार सो सभालाई मात्र हुनेछ ।

(७) कसैले संविधानसभाको अपहेलना गरेमा सो सम्बन्धी बैठकको अध्यक्षता गर्ने व्यक्तिले बैठकको निर्णयबाट सो व्यक्तिलाई सचेत गराउन, नसीहत दिन वा तीन महिनामा नबढ्ने गरी कैद गर्न वा दश हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ । त्यस्तो जरिवाना निजले चुक्ता नगरेमा सरकारी बााकी सरह असुलउपर गरिनेछ ।



तर संविधान सभालाई सन्तोष हुने गरी निजले क्षमा याचना गरेमा संविधानसभाले क्षमा प्रदान गर्न वा तोकिसकेको सजायलाई माफी गर्न, घटाउन वा कार्यान्वयन नगराउन सक्नेछ ।

(८) यस संविधानमा उल्लेख गरिएदेखि बाहेक विशेषाधिकारसम्बन्धी अन्य कुराहरू कानुनद्वारा निर्धारण गरिए बमोजिम हुनेछन् ।

७८ कार्य सञ्चालन विधि: यस संविधानको अधीनमा रही संविधानसभाले आफ्नो कार्य सञ्चालन गर्न बैठकको सुव्यवस्था कायम राख्न र समितिहरूको गठन, काम कारबाही र अन्य कुरा नियमित गर्नको लागि नियमावली बनाउनेछ । त्यस्तो नियमावली नबनेसम्मको लागि संविधान सभाले आफ्नो कार्यविधि आफैं नियमित गर्नेछ ।

७९ समिति: संविधानसभामा कानुनद्वारा व्यवस्था भएबमोजिम आवश्यक संख्यामा समिति र उपसमितिहरू रहने छन् । आवश्यकता अनुसार विशेषज्ञहरूको सहयोग लिन सकिनेछ ।

८० संविधानसभाको सचिवालय: (१) संविधानसभाको कामलाई व्यवस्थित गर्नका लागि एक सचिवालय रहनेछ । त्यस्तो सचिवालयको स्थापना र सो सम्बन्धी अन्य कुरा कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।

(२) संविधानसभाको काम, कारबाही सञ्चालन गर्न आवश्यक हुने कर्मचारी नेपाल सरकारले उपलब्ध गराउनेछ ।

८१ पारिश्रमिक: संविधानसभाका अध्यक्ष, उपाध्यक्ष, सदस्य तथा समितिका सभापतिहरूको पारिश्रमिक र सुविधा कानुनद्वारा व्यवस्था भएबमोजिम हुनेछ र त्यसरी व्यवस्था नभएसम्म नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

८२ संविधानसभाको विघटन: संविधानसभाले पारित गरेको संविधान प्रारम्भ भएको दिनदेखि संविधानसभाको काम समाप्त हुनेछ ।

तर, संविधानसभाले पारित गरेको संविधानबमोजिमको व्यवस्थापिका-संसद्‌को निर्वाचन नभएसम्मका लागि व्यवस्थापिका-संसद्‌को काम, कारबाही सो सभाले पारित गरेको संविधानमा उल्लेख भए बमोजिम हुनेछ ।

८३ व्यवस्थापिका-संसद्‌को हैसियतमा काम गर्ने: (१) यस भागमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संविधानसभा कायम रहेको अवधिभर सो सभाले व्यवस्थापिका-संसद्‌को कामसमेत गर्नेछ र नियमित विधायनसम्बन्धी आवश्यक कार्य सम्पादन गर्न संविधानसभाले छुट्टै समिति गठन गर्न सक्नेछ ।

(२) संविधानसभाका अध्यक्ष तथा उपाध्यक्ष व्यवस्थापिका-संसद्‌का क्रमश: सभामुख र उपसभामुख हुनेछन् ।

(३) संविधानसभाको सचिवालय र त्यसका कर्मचारीहरू व्यवस्थापिका-संसद्‌को सचिवालय र कर्मचारी हुनेछन् ।

(४) संविधानसभाले व्यवस्थापिका-संसद्‌को हैसियतमा कार्य सम्पादन गर्दा भाग ९ का व्यवस्थाहरू आवश्यक हेरफेरसहित संविधानसभालाई लागू हुनेछन् ।

**भाग ९ व्यवस्थापन कार्यविधि**

८४ विधेयक प्रस्तुत गर्न सक्ने: (१) व्यवस्थापिका-संसद्को कुनै पनि सदस्यले सदनमा विधेयक प्रस्तुत गर्न सक्नेछ ।

स्पष्टीकरण: यस भागको प्रयोजनको लागि 'सदन' भन्नाले व्यवस्थापिका-संसद्को सदन र 'सदस्य' भन्नाले व्यवस्थापिका-संसद्को सदस्यलाई जनाउनेछ ।

(२) अर्थ विधेयक तथा नेपाली सेना, सशस्त्र प्रहरी,नेपाल प्रहरीलगायत सुरक्षा निकायसँग सम्बन्धित विधेयक सरकारी विधेयकको रूपमा मात्र प्रस्तुत गरिनेछ ।

(३) 'अर्थ विधेयक' भन्नाले देहायमा उल्लिखित सबै वा कुनै विषयसित सम्बन्ध राख्ने विधेयकलाई जनाउछ:-

(क) कर लगाउने, उठाउने, खारेज गर्ने, छुट दिने, परिवर्तन गर्ने वा कर प्रणालीलाई व्यवस्थित गर्ने विषय,

(ख) सञ्चित कोष वा अन्य कुनै सरकारी कोषको संरक्षण गर्ने, त्यस्तो कोषमा रकम जम्मा गर्ने वा त्यस्तो कोषबाट कुनै रकम विनियोजन वा खर्च गर्ने वा विनियोजन वा खर्च गर्न खोजिएको रकम घटाउने, बढाउने वा खारेज गर्ने विषय,

(ग) नेपाल सरकारले ऋण प्राप्त गर्ने वा जमानत दिने विषय व्यवस्थित गर्ने वा नेपाल सरकारले लिएको वा लिने आर्थिक दायित्व सम्बन्धी कानुन संशोधन गर्ने विषय,

(घ) सरकारी कोषमा प्राप्त हुने सबै प्रकारको राजस्व, ऋण असूलीबाट प्राप्त रकम र अनुदानको रकम जिम्मा राख्ने, लगानी गर्ने वा नेपाल सरकारको लेखाको लेखा परीक्षण गर्ने विषय, वा

(ङ) खण्ड (क) देखि खण्ड (घ) सम्मका विषयहरूसंग प्रत्यक्ष सम्बन्ध भएका प्रासंगिक विषयहरू,

तर कुनै अनुमतिपत्र दस्तुर, निवेदन दस्तुर, नवीकरण दस्तुरजस्ता शुल्क, दस्तुर लगाउने वा कुनै जरिवाना वा कैद हुने व्यवस्था वा स्थानीय निकायले लगाउने कुनै कर, दस्तुर वा शुल्क भएको कारणले मात्र कुनै विधेयक अर्थ विधेयक मानिने छैन ।

(४) कुनै विधेयक अर्थ विधेयक हो वा होइन भन्ने प्रश्न उठेमा व्यवस्थापिका-संसद्को सभामुखको निर्णय अन्तिम हुनेछ ।

८५ विधेयक पारित गर्ने विधि: (१) सदनमा विधेयक प्रस्तुत गर्न चाहने सदस्यले विधेयक प्रस्तुत गर्नुभन्दा कम्तीमा सात दिन अगावै सोको सूचना महासचिव वा सचिवलाई दिनु पर्नेछ ।

तर सरकारी विधेयकको हकमा पाच दिन अगाडि सूचना दिनु पर्याप्त हुनेछ ।

(२) विधेयक पेस हुने दिनभन्दा दुई दिन अगावै प्रत्येक सदस्यलाई विधेयकको प्रति उपलब्ध गराइनेछ ।

(३) विधेयक प्रस्तुतकर्ता सदस्यले सदन समक्ष विधेयकमाथि विचार गरियोस् भन्ने कुनै प्रस्ताव प्रस्तुत गर्न सक्नेछ ।

(४) उपधारा (३) बमोजिमको प्रस्ताव स्वीकृत भएमा त्यस्तो विधेयक माथिको दफावार छलफल सदनमा वा सम्बन्धित समितिमा हुनेछ ।



(५) सदनमा दफावार छलफल भएकोमा सो समाप्त भएपछि र समितिमा दफावार छलफल भएकोमा समितिको प्रतिवेदन माथिको छलफल समाप्त भएपछि विधेयक प्रस्तुतकर्ता सदस्यले विधेयक पारित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नेछ ।

(६) उपधारा (५) बमोजिम प्रस्तुत भएको प्रस्ताव सदनको कूल सदस्य संख्याको सामान्य बहुमतबाट स्वीकृत भएमा विधेयक पारित भएको मानिनेछ ।

८६ विधेयक फिर्ता लिने: विधेयक प्रस्तुतकर्ता सदस्यले सदनको स्वीकृति लिई विधेयक फिर्ता लिन सक्नेछ ।

८७ विधेयकको प्रमाणीकरण: सदनबाट पारित विधेयक व्यवस्थापिका-संसद्को सभामुखद्वारा प्रमाणीकरण भएपछि ऐन बन्नेछ ।

८८ अध्यादेश: (१) व्यवस्थापिका-संसद्को अधिवेशन वा बैठक चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेको छ भन्ने कुरामा नेपाल सरकार सन्तुष्ट भएमा यस संविधानमा लेखिएका कुराहरूको प्रतिकूल नहुने गरी नेपाल सरकारले आवश्यक अध्यादेश जारी गर्न सक्नेछ ।

(२) उपधारा (१) बमोजिम जारी भएको अध्यादेश ऐन सरह मान्य हुनेछ ।

तर त्यस्तो प्रत्येक अध्यादेश:

(क) जारी भएपछि बसेको व्यवस्थापिका-संसद्को बैठकमा पेस गरिनेछ र त्यस्तो बैठकले स्वीकार नगरेमा स्वत: निष्कृय हुनेछ,

(ख) नेपाल सरकारबाट जुनसुकै बखत खारेज हुन सक्नेछ, र

(ग) खण्ड (क) वा (ख) बमोजिम निष्कृय वा खारेज नभएमा व्यवस्थापिका-संसद्को बैठक बसेको साठी दिनपछि स्वत: निष्कृय हुनेछ ।

**भाग १० आर्थिक कार्य प्रणाली**

८९ कानुनबमोजिम बाहेक कर लगाउन वा ऋण लिन नपाइने: (१) कानुनबमोजिम बाहेक कुनै कर लगाइने र उठाइने छैन ।

(२) कानुनबमोजिम बाहेक नेपाल सरकारद्वारा कुनै ऋण लिइने र जमानत दिइने छैन ।

९० सञ्चित कोष: गुठी रकमबाहेक नेपाल सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व, राजस्वको धितोमा लिइएका सबै कर्जाहरू र ऐनको अधिकारअन्तर्गत दिइएको जुनसुकै ऋण असुल हुँदा प्राप्त भएको सबै धन तथा नेपाल सरकारलाई प्राप्त हुने अन्य जुनसुकै रकम एक सरकारी कोषमा आम्दानी बाँधिनेछ जसलाई सञ्चित कोष भनिनेछ । तर निजी गुठी बाहेकको अन्य गुठीको रकमको हकमा कानुन बनाई नियमित गरिनेछ ।

९१ सञ्चित कोष वा सरकारी कोषबाट व्यय: देहायका रकमबाहेक सञ्चित कोष वा अन्य कुनै सरकारी कोषबाट कुनै रकम झिक्न सकिने छैन:-

(क) सञ्चित कोषमाथि व्ययभार भएको रकम,

(ख) विनियोजन गर्ने ऐनद्वारा खर्च हुने रकम,

(ग) विनियोजन विधेयक विचाराधीन रहेका अवस्थामा पेस्कीको रूपमा ऐनद्वारा खर्च हुने रकम, वा

(घ) विशेष अवस्थामा व्ययको विवरण मात्र भएको उधारो खर्च ऐनद्वारा व्यय हुने रकम ।

तर आकस्मिक कोषका हकमा धारा ९७ बमोजिम हुनेछ ।

९२ सञ्चित कोषमाथि व्ययभार: देहायका विषयसंग सम्बन्धित खर्चहरू सञ्चित कोषमाथि व्ययभार हुनेछन्:

(क) नेपालको प्रधान न्यायाधीश तथा सर्वोच्च अदालतका अन्य न्यायाधीशहरूलाई दिइने पारिश्रमिक, सुविधा र निवृत्तिभरणको रकम,

(ख) निम्न लिखित पदाधिकारीलाई दिइने पारिश्रमिक र सुविधाका रकमहरू:-

(१) व्यवस्थापिका-संसद्का सभामुख र उपसभामुख,

(२) संविधानसभाका अध्यक्ष र उपाध्यक्ष,

(३) अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त र आयुक्तहरू,

(४) लेखापरीक्षण आयोगका प्रमुख आयुक्त र आयुक्तहरू,

(५) लोकसेवा आयोगका अध्यक्ष र सदस्यहरू,

(६) प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तहरू, र

(७) राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष र सदस्यहरू ।

(ग) सर्वोच्च अदालत, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लेखापरिक्षण आयोग, लोक सेवा आयोग, निर्वाचन आयोग र राष्ट्रिय मानव अधिकार आयोगसम्बन्धी प्रशासनिक व्ययहरू,

(घ) नेपाल सरकारको दायित्वको ऋणसम्बन्धी व्ययभार,

(ङ) नेपाल सरकारको विरुद्ध अदालतबाट भएको फैसला वा आज्ञप्ति अनुसार तिर्नु पर्ने रकम, र

(च) कानुनले सञ्चित कोषमाथि व्ययभार हुने भनी निर्धारण गरेको रकम ।

९३ राजस्व र व्ययको अनुमान: (१) अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्षको सम्बन्धमा व्यवस्थापिका-संसद्समक्ष देहायका कुराहरूसमेत खुलाई वार्षिक अनुमान पेस गर्नुपर्नेछ :-

(क) राजस्वको अनुमान,

(ख) सञ्चित कोषमाथि व्ययभार हुने आवश्यक रकमहरू, र

(ग) विनियोजन ऐनद्वारा व्यय हुने आवश्यक रकमहरू ।

(२) उपधारा (१) बमोजिम वार्षिक अनुमान पेस गर्दा अघिल्लो आर्थिक वर्षमा प्रत्येक मन्त्रालयलाई छुट्याइएको खर्चको रकम र सो खर्च अनुसारको लक्ष्य हासिल भयो वा भएन त्यसको विवरण पनि पेस गर्नुपर्नेछ ।

९४ विनियोजन ऐन: विनियोजन ऐन अनुसार व्यय हुने आवश्यक रकम शीर्षकहरूमा निर्दिष्ट गरी विनियोजन विधेयकमा राखिनेछन् ।

९५ पुरक अनुमान: (१) कुनै आर्थिक वर्षमा देहायको अवस्था पर्न आएमा अर्थ मन्त्रीबाट व्यवस्थापिका-संसद समक्ष पूरक अनुमान पेस गरिनेछ :-

(क) चालू आर्थिक वर्षका निमित्त विनियोजन ऐनद्वारा कुनै सेवाको लागि खर्च गर्न अख्तियारी दिइएको रकम अपर्याप्त भएमा वा त्यस वर्षका निमित्त विनियोजन ऐनले अख्तियार नदिएको नयाा सेवामा खर्च गर्न आवश्यक भएमा, वा



(ख) त्यस आर्थिक वर्षमा कुनै विनियोजन ऐनद्वारा अख्तियारी दिएको रकमभन्दा बढी खर्च हुन गएमा ।

(२) पूरक अनुमानमा राखिएको रकम शीर्षकहरूमा निर्दिष्ट गरी पूरक विनियोजन विधेयकमा राखिनेछन् ।

९६ पेस्की खर्च: (१) यस भागमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा आर्थिक वर्षका लागि अनुमान गरिएको व्ययको कुनै अंश अगावै पेस्कीका रूपमा ऐनद्वारा खर्च गर्न सकिनेछ ।

(२) धारा ९२ मा गरिएको व्यवस्था अनुसार राजस्व र व्ययको अनुमान पेस नगरिएसम्म पेस्की खर्च विधेयक प्रस्तुत गरिने छैन र पेस्कीको रकम आर्थिक वर्षको व्यय अनुमानको तृतीयांशभन्दा बढी हुनेछैन ।

(३) पेस्की खर्च ऐनअनुसार खर्च भएको रकम विनियोजन विधेयकमा समावेश गरिनेछ ।

९७ उधारो खर्च: यस भागमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक कारण वा वाह्य आक्रमणको आशङ्का वा आन्तरिक विघ्न वा अन्य कारणले गर्दा स्थानीय वा राष्ट्रव्यापी सङ्कटको अवस्था भएमा धारा ९२ अन्तर्गत चाहिने विवरण खुलाउन अव्यावहारिक वा राज्यको सुरक्षा वा हितका दृष्टिले अवाञ्छनीय देखिएमा अर्थ मन्त्रीले व्ययको विवरण मात्र भएको उधारो खर्च विधेयक व्यवस्थापिका-संसद्समक्ष पेस गर्न सक्नेछ ।

९८ आकस्मिक कोष: ऐनद्वारा आकस्मिक कोषका नामले एउटा कोष स्थापना गर्न सकिनेछ र त्यस्तो कोषमा समय समयमा ऐनद्वारा निर्धारण भए अनुसारको रकम जम्मा गरिनेछ । सो कोष नेपाल सरकारको नियन्त्रणमा रहनेछ । नेपाल सरकारले सो कोषबाट आकस्मिक कार्यको लागि खर्च गर्न सक्नेछ । त्यस्तो खर्चको रकम ऐनद्वारा यथाशीघ्र सोधभर्ना गरिनेछ ।

९९ आर्थिक कार्यविधि सम्बन्धी ऐन: ऐनद्वारा विनियोजित एक शीर्षकबाट अर्को शीर्षकमा रकम सार्ने र आर्थिक कार्यविधिसम्बन्धी अन्य कुराहरू ऐनद्वारा व्यवस्थित हुनेछ ।

## भाग ११ न्यायपालिका

१०० न्यायसम्बन्धी अधिकार अदालतबाट प्रयोग हुने: (१) नेपालको न्यायसम्बन्धी अधिकार यो संविधान र अन्य कानुन तथा न्यायका मान्य सिद्धान्तअनुसार अदालत तथा न्यायिक निकायहरूबाट प्रयोग गरिनेछ ।

(२) नेपालको न्यायपालिकाले स्वतन्त्र न्यायपालिका सम्बन्धी अवधारणा र मूल्यमान्यतालाई अनुसरण गरी लोकतन्त्र र जनआन्दोलनको भावनालाई आत्मसात गर्दै यस संविधानप्रति प्रतिबद्ध रहनेछ ।

१०१ अदालतहरू: (१) नेपालमा देहाय बमोजिमका अदालतहरू रहनेछन:-

(क) सर्वोच्च अदालत,

(ख) पुनरावेदन अदालत, र

(ग) जिल्ला अदालत ।

(२) उपधारा (१) मा लेखिएदेखि बाहेक खास किसिम र प्रकृतिका मुद्दाको कारबाही र किनारा गर्न कानुनद्वारा अन्य अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना र गठन गर्न सकिनेछ ।

तर कुनै खास मुद्दाको लागि अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको गठन गरिने छैन ।

१०२ सर्वोच्च अदालतः (१) न्यायपालिकाको सबैभन्दा माथिल्लो तह सर्वोच्च अदालत हुनेछ ।

(२) संविधानसभासम्बन्धी अदालतबाहेक नेपालका अन्य सबै अदालत र न्यायिक निकायहरू सर्वोच्च अदालतका मातहतमा हुनेछन् । सर्वोच्च अदालतले आफ्नो मातहतका अदालत र न्यायिक निकायहरूको निरीक्षण एवं सुपरीवेक्षण गर्न र आवश्यक निर्देशन दिन सक्नेछ ।

(३) सर्वोच्च अदालत अभिलेख अदालत हुनेछ । यसले आफ्नो र आफ्ना मातहतका अदालत वा न्यायिक निकायहरूको अपहेलनामा कारवाई चलाई कानुनबमोजिम सजाय गर्न सक्नेछ ।

(४) संविधानसभासम्बन्धी अदालतको क्षेत्राधिकारभित्र पर्ने विषयमा बाहेक यस संविधान र प्रचलित कानुनको व्याख्या गर्ने अन्तिम अधिकार सर्वोच्च अदालतमा निहित रहनेछ ।

(५) नेपालको प्रधानन्यायाधीशको अतिरिक्त सर्वोच्च अदालतमा बढीमा चौध जनासम्म अन्य न्यायाधीशहरू रहनेछन् । कुनै समयमा सर्वोच्च अदालतमा मुद्दाको संख्या बढ्न गई न्यायाधीशहरूको संख्या अपर्याप्त हुन गएमा कुनै निश्चित अवधिका लागि अस्थायी न्यायाधीश नियुक्त गर्न सकिनेछ ।

१०३ सर्वोच्च अदालतका न्यायाधीशहरूको नियुक्ति र योग्यताः (१) प्रधानमन्त्रीले संवैधानिक परिषद्को सिफारिसमा सर्वोच्च अदालतको प्रधान न्यायाधीश र प्रधान न्यायाधीशले न्यायपरिषद्को सिफारिसमा सर्वोच्च अदालतका अन्य न्यायाधीशहरूको नियुक्ति गर्नेछ । प्रधान न्यायाधीशको पदावधि धारा १०५ को उपधारा (१) को खण्ड (ख) को अधीनमा रही नियुक्ति भएको मितिबाट छ वर्षको हुनेछ ।

(२) सर्वोच्च अदालतको न्यायाधीश पदमा कम्तीमा तीन वर्ष काम गरेको व्यक्ति सर्वोच्च अदालतको प्रधान न्यायाधीश पदमा नियुक्त हुन योग्य मानिनेछ ।

(३) पुनरावेदन अदालतको न्यायाधीश वा सो सरहको न्याय सेवाको कुनै पदमा सात वर्ष वा न्याय सेवाको राजपत्रांकित प्रथम श्रेणी वा सो भन्दा माथिल्लो पदमा कम्तीमा बाह्र वर्ष काम गरेको वा कानुनमा स्नातक अधिवक्ता वा वरिष्ठ अधिवक्ताको हैसियतमा कम्तीमा पन्ध्र वर्ष वकालत गरेको वा कम्तीमा पन्ध्र वर्षसम्म न्याय वा कानुनको क्षेत्रमा काम गरी विशिष्ठ कानुनविद्का रूपमा ख्याति प्राप्त गरेको व्यक्ति मात्र सर्वोच्च अदालतको न्यायाधीशको पदमा नियुक्तिका लागि योग्य मानिनेछ ।

(४) प्रधान न्यायाधीशको पद रिक्त भएमा वा अस्वस्थताको वा अरू कुनै कारणले प्रधानन्यायाधीश आफ्नो पदको काम गर्न असमर्थ भएमा वा बिदा बसेको वा नेपाल बाहिर गएको कारणले प्रधानन्यायाधीश सर्वोच्च अदालतमा उपस्थित नहुने अवस्था परेमा सर्वोच्च अदालतको वरिष्ठतम न्यायाधीशले कायम मुकायम प्रधान न्यायाधीश भई काम गर्नेछ ।

(५) प्रधान न्यायाधीश र सर्वोच्च अदालतका अन्य न्यायाधीशहरू पैसट्ठी वर्षको उमेर नपुगेसम्म आफनो पदमा वहाल रहनेछन् ।

१०४ प्रधान न्यायाधीश तथा न्यायाधीशको सेवाका सर्त तथा सुविधाः (१) सर्वोच्च अदालतको प्रधानन्यायाधीश तथा कम्तीमा पाँच वर्ष काम गरेको सर्वोच्च अदालतको स्थायी न्यायाधीशले अवकाश प्राप्त गर्दा कानुनमा व्यवस्था भए बमोजिम निवृत्तिभरण पाउनेछन् ।



(२) यस संविधानमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक सर्वोच्च अदालतको प्रधान न्यायाधीश तथा न्यायाधीशको पारिश्रमिक, बिदा, भत्ता, निवृत्तिभरण र सेवाका अन्य सर्तहरू कानुनद्वारा व्यवस्थित हुनेछन् ।

(३) उपधारा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि महाअभियोगद्वारा पदमुक्त भएको सर्वोच्च अदालतको प्रधानन्यायाधीश तथा न्यायाधीशले उपदान वा निवृत्तिभरण पाउने छैन ।

(४) सर्वोच्च अदालतको प्रधान न्यायाधीश वा न्यायाधीशलाई मर्का पर्ने गरी निजको पारिश्रमिक, सुविधा वा सेवाका अन्य सर्त बदलिने छैन ।

१०५ प्रधान न्यायाधीश तथा सर्वोच्च अदालतको न्यायाधीश पद मुक्त हुनेः (१) देहायको अवस्थामा प्रधान न्यायाधीश वा सर्वोच्च अदालतको अन्य कुनै न्यायाधीश आफ्नो पदबाट मुक्त भएको मानिनेछः-

(क) प्रधान न्यायाधीशले मन्त्रिपरिषद्समक्ष र न्यायाधीशले प्रधानन्यायाधीश समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको पैंसट्ठी वर्षको उमेर पूरा भएमा,

(ग) व्यवस्थापिका-संसदबाट महाअभियोग प्रस्ताव पारित भएमा,

(घ) निजको मृत्यु भएमा ।

(२) प्रधान न्यायाधीश वा अन्य कुनै न्यायाधीश कार्यक्षमताको अभाव, खराब आचरण, इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालन नगरेको, शारीरिक वा मानसिक कारणले कार्य सम्पादन गर्न असमर्थ भएको भन्ने आधारमा व्यवस्थापिका-संसदमा महाअभियोग प्रस्ताव प्रस्तुत गर्न सकिनेछ र सो प्रस्ताव तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतबाट पारित भएमा निज स्वतः पदमुक्त हुनेछ ।

(३) उपधारा (२) बमोजिम महाभियोगको कारबाई प्रारम्भ भएपछि सो कारबाहीको टुङ्गो नलागेसम्म आरोप लागेको प्रधान न्यायाधीश वा न्यायाधीशले आफ्नो पदको कार्य गर्ने छैन ।

१०६ प्रधानन्यायाधीश तथा न्यायाधीशलाई अन्य कुनै पदमा काममा लगाउन नहुनेः (१) सर्वोच्च अदालतको प्रधानन्यायाधीश वा न्यायाधीशलाई न्यायाधीशको पदमा बाहेक अन्य कुनै पदमा काममा लगाइने वा काजमा खटाइने छैन ।

तर नेपाल सरकारले न्यायपरिषद्सँग परामर्श लिई सर्वोच्च अदालतको प्रधानन्यायाधीश वा न्यायाधीशलाई न्यायिक जाँचबुझको काममा वा केही खास अवधिको लागि कानुन वा न्यायसम्बन्धी अनुसन्धान, अन्वेषण वा राष्ट्रिय सरोकारको अन्य कुनै काममा खटाउन सक्नेछ ।

(२) सर्वोच्च अदालतको प्रधान न्यायाधीश वा न्यायाधीश भइसकेको व्यक्ति धारा १३१ को उपधारा (१) को खण्ड (क) बमोजिमको पदमा बाहेक कुनै पनि सरकारी पदमा नियुक्तिको लागि ग्राह्य हुने छैन र निजले कुनै पनि अड्डा अदालतमा उपस्थित भई बहस पैरवी गर्न पाउने छैन ।

१०७ सर्वोच्च अदालतको अधिकार क्षेत्रः (१) यस संविधानद्वारा प्रदत्त मौलिक हकउपर अनुचित बन्देज लगाइएकोले वा अन्य कुनै कारणले कुनै कानुन यो संविधानसाग बाझिएको हुँदा सो कानुन वा त्यसको कुनै भाग बदर घोषित गरी पाउँ भनी कुनै पनि नेपाली नागरिकले सर्वोच्च अदालतमा निवेदन दिन सक्नेछ र सो अनुसार कुनै कानुन संविधानसँग बाझिएको देखिएमा सो कानुनलाई प्रारम्भदेखि नै वा निर्णय

भएको मितिदेखि अमान्य र बदर घोषित गर्ने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ ।

(२) यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानुनी हकको प्रचलनको लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानुनी प्रश्नको निरूपणको लागि आवश्यक र उपयुक्त आदेश जारी गरी त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुङ्गो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ । सो प्रयोजनको लागि पूर्ण रूपमा न्याय गरी उचित उपचार प्रदान गर्न सर्वोच्च अदालतले बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छालगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्नेछ ।

तर अधिकार क्षेत्रको अभाव भएकोमा बाहेक व्यवस्थापिका-संसद्ले चलाएको विशेषाधिकारको कारवाही र तत्सम्बन्धमा तोकेको सजायमा यस उपधाराअन्तर्गत सर्वोच्च अदालतले हस्तक्षेप गर्ने छैन ।

(३) सर्वोच्च अदालतलाई कानुनमा व्यवस्था भएबमोजिम सुरु मुद्दा हेर्ने, पुनरावेदन सुन्ने, साधक जाँच्ने, मुद्दा दोहोऱ्याउने वा निवेदन सुन्ने अधिकार हुनेछ ।

(४) सर्वोच्च अदालतले कानुनद्वारा तोकिएका अवस्था र सर्तमा आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्न सक्नेछ । यसरी पुनरावलोकन गर्दा पहिला फैसला गर्दाका न्यायाधीश बाहेक अन्य न्यायाधीशले गर्नेछन् ।

(५) सर्वोच्च अदालतको अन्य अधिकार तथा कार्यविधि कानुनद्वारा तोकिएबमोजिम हुनेछ ।

१०८ पुनरावेदन अदालत तथा जिल्ला अदालतको स्थापना, व्यवस्था र अधिकार क्षेत्रः यस संविधानको अधीनमा रही पुनरावेदन अदालत, जिल्ला अदालत तथा सर्वोच्च अदालत मातहतका अन्य अदालत तथा न्यायिक निकायहरूको स्थापना र व्यवस्था कानुनद्वारा निर्धारण गरिनेछ ।

१०९ पुनरावेदन अदालत र जिल्ला अदालतको न्यायाधीशको नियुक्ति, योग्यता र सेवाका सर्त तथा सुविधाहरूः (१) प्रधान न्यायाधीशले न्यायपरिषद् को सिफारिसमा पुनरावेदन अदालतको मुख्य न्यायाधीश र न्यायाधीश तथा जिल्ला अदालतको न्यायाधीशको नियुक्ति गर्नेछ ।

(२) कानुनमा स्नातकोपाधि प्राप्त गरी जिल्ला न्यायाधीश वा न्याय सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको पदमा कम्तीमा सात वर्ष काम गरेको वा कानुनमा स्नातक वरिष्ठ अधिवक्ता वा अधिवक्ताको रूपमा कम्तीमा दस वर्ष वकालत गरेको वा कम्तीमा दस वर्ष कानुनको अध्यापन, अन्वेषण वा कानुन वा न्यायसम्बन्धी अन्य कुनै क्षेत्रमा काम गरेको नेपाली नागरिक पुनरावेदन अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशको पदमा नियुक्तिको लागि योग्य मानिनेछ ।

(३) कानुनमा स्नातकोपाधि प्राप्त गरी न्याय सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको पदमा कम्तीमा तीन वर्ष काम गरेको वा कानुनमा स्नातक अधिवक्ताको रूपमा कम्तीमा आठ वर्ष वकालत गरेको नेपाली नागरिक जिल्ला न्यायाधीशको पदमा नियुक्तिको लागि योग्य मानिनेछ ।

(४) उपधारा (३) बमोजिम कानुनमा स्नातक अधिवक्तालाई जिल्ला न्यायाधीशमा नियुक्ति गर्दा न्यायपरिषद्बाट लिइने लिखित र मौखिक परीक्षाबाट



उत्तीर्ण भएका व्यक्तिलाई नियुक्ति गरिनेछ । त्यस्तो परीक्षा प्रणाली र अन्य कार्यविधि कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।

(५) न्यायपरिषद्ले यस धाराबमोजिम योग्य भएको व्यक्तिलाई योग्यता, क्षमता, अनुभव, न्याय प्रतिको निष्ठा र योगदान, सार्वजनिक जीवनमा आर्जन गरेको ख्याती, उच्च नैतिक चरित्र समेतलाई विचार गरी पुनरावेदन अदालत तथा जिल्ला अदालतको न्यायाधीशको पदमा नियुक्तिको लागि सिफारिस गर्नेछ ।

(६) यो धारा वा यस पछिका अन्य धाराहरूमा प्रयोग भएको न्यायाधीश भन्ने शब्दले विषय वा प्रसंगबाट अर्को अर्थ नलागेमा अतिरिक्त न्यायाधीश समेतलाई जनाउनेछ ।

(७) पुनरावेदन अदालतको मुख्य न्यायाधीश, न्यायाधीश तथा जिल्ला अदालतको न्यायाधीशको पारिश्रमिक, भत्ता, निवृत्तिभरण, विदा, उपदान र सेवाका अन्य सुविधा र सेवाका अन्य सर्तहरू कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछन् ।

(८) पुनरावेदन अदालतको मुख्य न्यायाधीश र न्यायाधीश तथा जिल्ला अदालतको न्यायाधीशलाई मर्का पर्ने गरी निजको पारिश्रमिक, सुविधा र सेवाका सर्त बदलिने छैन ।

(९) उपधारा (७) मा जुनसुकै कुरा लेखिएको भएतापनि उप धारा (१०) को खण्ड (ग) बमोजिम पदमुक्त भएको पुनरावेदन अदालत तथा जिल्ला अदालतको न्यायाधीशले उपदान तथा निवृत्तिभरण पाउने छैन ।

(१०) देहायको अवस्थामा पुनरावेदन अदालत वा जिल्ला अदालतको न्यायाधीश आफ्नो पदबाट मुक्त भएको मानिनेछः-

(क) निजले प्रधानन्यायाधीशसमक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको त्रिसट्ठी वर्षको उमेर पूरा भएमा,

(ग) कार्यक्षमताको अभाव, खराब आचरण, इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालन नगरेको, शारीरिक वा मानसिक कारणले कार्य सम्पादन गर्न असमर्थ भएको, न्यायमा विचलित भएको भन्ने आधारमा पदमुक्त गर्ने भनी न्यायपरिषद्को निर्णय बमोजिम प्रधानन्यायाधीशबाट पदमुक्त भएमा,

यस खण्डबमोजिम आरोप लागेको पुनरावेदन अदालत तथा जिल्ला अदालतको न्यायाधीशलाई आफ्नो सफाई पेस गर्न मनासिब मौका दिइनेछ र सो प्रयोजनको लागि निजसंग बयान लिन, प्रमाण सङ्कलन गर्न र रायसहितको प्रतिवेदन पेस गर्न न्यायपरिषद्ले जाँचबुझ समितिको गठन गर्न सक्नेछ । सो समितिको कार्यविधि कानुनद्वारा निर्धारित हुनेछ ।

(घ) निजको मृत्यु भएमा ।

(११) उपधारा (१०) को खण्ड (ग) बमोजिम कारवाही प्रारम्भ भएपछि सो कारवाहीको टुङ्गो नलागेसम्म आरोप लागेको त्यस्तो पुनरावेदन अदालत तथा जिल्ला अदालतको न्यायाधीशले आफ्नो पदको कार्य गर्ने छैन ।

११० पुनरावेदन अदालत तथा जिल्ला अदालतको न्यायाधीशलाई अन्य कुनै पदमा सरुवा गर्न वा काममा लगाउन नहुनेः (१) कुनै न्यायाधीशलाई न्यायाधीशको पदमा बाहेक अन्य कुनै पदमा सरुवा गरिने, काम लगाइने वा काजमा खटाइने छैन ।

तर नेपाल सरकारले न्याय परिषद्सँग परामर्श लिई पुनरावेदन तथा जिल्ला अदालतको न्यायाधीशलाई न्यायिक जाँचबुझको काममा वा केही खास अवधिको

*लागि कानुन वा न्यायसम्बन्धी अनुसन्धान, अन्वेषण वा राष्ट्रिय सरोकारको अन्य कुनै काममा खटाउन सक्नेछ । पुनरावेदन अदालत वा जिल्ला अदालतको न्यायाधीशको हकमा प्रधान न्यायाधीशले न्याय परिषद्सँग परामर्श गरी माथिको काम र निर्वाचन जस्ता काममा लगाउन सक्नेछ ।*

*(२) न्याय परिषद्को सिफारिसमा प्रधान न्यायाधीशले पुनरावेदन अदालत तथा जिल्ला अदालतको न्यायाधीशलाई एक अदालतबाट अर्को अदालतको न्यायाधीशमा सरुवा गर्न सक्नेछ ।*

*(३) मुद्दाको संख्या र न्यायिक निरूपण गरिनुपर्ने विवादको विषय समेतको आधारमा कुनै अदालतको न्यायाधीशलाई केही समयको लागि समान तहको अन्य अदालतमा न्यायाधीश भई काम काज गर्न प्रधानन्यायाधीशले पठाउन सक्नेछ ।*

*(४) कुनै क्षेत्रमा रहेका न्यायाधीशले भौगोलिक दृष्टिले नजिकको क्षेत्रको समान तहको अन्य अदालतमा रहेको मुद्दाको कारबाहीको क्रममा कानुनमा व्यवस्था भए बमोजिम विद्युतीय उपकरणको माध्यमबाट वा अन्य माध्यमबाट प्रारम्भिक तथा अन्तरिम आदेश दिने अधिकार सर्वोच्च अदालतले प्रदान गर्न सक्नेछ ।*

*१११ मुद्दा सार्न सक्ने: कुनै अदालतमा दायर भएको मुद्दा सो अदालतबाट सुनुवाइ हुँदा न्याय प्रभावित हुने अवस्था छ भन्ने कारणसंग सर्वोच्च अदालत सन्तुष्ट भएमा त्यस्तो मुद्दा समान तहको अन्य अदालतबाट सुनुवाइ गर्न सर्वोच्च अदालतले आदेश दिन सक्नेछ ।*

*११२ प्रधानन्यायाधीशको जिम्मेवारी: मुलुकको न्याय प्रशासनलाई प्रभावकारी बनाउने अन्तिम जिम्मेवारी प्रधान न्यायाधीशको हुनेछ र सो प्रयोजनको लागि निजले यस संविधान तथा अन्य कानुनको अधिनमा रही सर्वोच्च अदालत तथा मातहतका अदालतलाई आवश्यक निर्देशन दिन सक्नेछ ।*

*११३ न्यायपरिषद्: (१) यस संविधानबमोजिम न्यायाधीशहरूको नियुक्ति, सरुवा, अनुशासनसम्बन्धी कारबाही, बर्खासी र न्याय प्रशासनसम्बन्धी अन्य कुराहरूको सिफारिस गर्न वा परामर्श दिन एउटा न्यायपरिषद् रहनेछ जसमा देहायबमोजिम अध्यक्ष र सदस्यहरू हुनेछन्:-*

*(क) प्रधानन्यायाधीश - अध्यक्ष*
*(ख) न्यायमन्त्री - सदस्य*
*(ग) नेपाल बार एसोसिएसनको सिफारिसमा प्रधान न्यायाधीशद्वारा नियुक्त वरिष्ठ अधिवक्ता वा कम्तीमा बीस वर्षको अनुभव प्राप्त अधिवक्ता - सदस्य*
*घ) कानुनविद् मध्येबाट प्रधानमन्त्रीबाट मनोनीत एक जना सदस्य*
*(ङ) सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश एकजना सदस्य*

***स्पष्टीकरण:*** *यस भागको प्रयोजनका लागि मन्त्री भन्नाले स्वतन्त्र कार्यभार भएको राज्यमन्त्री समेतलाई जनाउनेछ ।*

*(२) उपधारा (१) को खण्ड (ग) र (घ) बमोजिमको सदस्यको पदावधि चार वर्षको हुनेछ र निजको पारिश्रमिक तथा सुविधा सर्वोच्च अदालतको न्यायाधीशको सरह हुनेछ ।*



*(३) उपधारा (१) को खण्ड (ग) र (घ) बमोजिमको सदस्यलाई सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले सो पदबाट हटाउन सकिनेछ ।*

*(४) न्याय परिषद्को अध्यक्ष लगायतका सदस्यले कुनै न्यायाधीशको सम्बन्धमा पर्न आएको उजूरीसंग सम्बद्ध मुद्दाका कागजात तथा फायल मगाई अध्ययन गरी न्याय परिषद्मा त्यसको जानकारी दिन सक्नेछ ।*

*(५) कुनै न्यायाधीशको विषयमा पर्न आएको उजुरीको सम्बन्धमा प्रारम्भिक छानविन गराउादा विशेषज्ञबाट विस्तृत छानबिन गर्नुपर्ने देखिएमा न्यायपरिषद्ले जााचबुझ समिति गठन गर्न सक्नेछ ।*

*(६) न्यायपरिषद्को अन्य काम, कर्तव्य र अधिकार कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।*

*११४ न्याय सेवा आयोग: (१) नेपाल सरकारले कानुन बमोजिम न्याय सेवाको राजपत्राङ्कित पदमा नियुक्ति, सरुवा, बढुवा गर्दा वा त्यस्तो पदमा बहाल रहेको कुनै कर्मचारीलाई विभागीय सजाय गर्दा न्याय सेवा आयोगको सिफारिस बमोजिम गर्नेछ ।*

*तर सरकारी सेवामा बहाल नरहेको व्यक्तिलाई न्याय सेवाको राजपत्राङ्कित पदमा नयाा भर्नाद्वारा स्थायी नियुक्ति गर्दा वा न्याय सेवाको राजपत्र अनङ्कित पदबाट न्याय सेवाको राजपत्राङ्कित पदमा बढुवा गर्दा नेपाल सरकारले लोकसेवा आयोगको सिफारिश बमोजिम गर्नु पर्नेछ ।*

*(२) न्याय सेवा आयोगमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू हुनेछन् :-*

*(क) प्रधानन्यायाधीश - अध्यक्ष*
*(ख) न्यायमन्त्री - सदस्य*
*(ग) सर्वोच्च अदालतको वरिष्ठतम न्यायाधीश - सदस्य*
*(घ) लोकसेवा आयोगको अध्यक्ष - सदस्य*
*(ङ) महान्यायाधिवक्ता - सदस्य*

*(३) न्याय सेवा आयोगको अन्य काम, कर्तव्य, अधिकार र कार्यविधि कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।*

*११५ अदालतलाई सहयोग गर्नुपर्ने: न्याय सम्पादनको कार्यमा सर्वोच्च अदालत र अन्य अदालतहरूलाई सहयोग गर्नु नेपाल सरकार र मातहतका सबै कार्यालय वा पदाधिकारीहरूको कर्तव्य हुनेछ ।*

*११६ अदालतको आदेश र निर्णयलाई मान्नु पर्ने: (१) मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णयको सबैले पालन गर्नुपर्नेछ ।*

*(२) मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानुनको व्याख्या वा प्रतिपादन गरेको कानुनी सिद्धान्त नेपाल सरकार तथा सबै अड्डा अदालतहरूले मान्नु पर्नेछ ।*

*११७ वार्षिक प्रतिवेदन: (१) सर्वोच्च अदालतले प्रत्येक वर्ष आफ्नो वार्षिक प्रतिवेदन प्रधानमन्त्रीसमक्ष पेस गर्नेछ र प्रधानमन्त्रीले त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसद्समक्ष पेस गर्ने व्यवस्था गर्नेछ ।*

*(२) उपधारा (१) बमोजिम पेस गरिने वार्षिक प्रतिवेदनमा अन्य कुराहरूको अतिरिक्त देहायको विवरण खुलाउनु पर्नेछ:-*

*(क) सर्वोच्च अदालत र मातहतका अदालतमा दर्ता भएका मुद्दाको संख्यात्मक विवरण,*

(ख) खण्ड (क) बमोजिम दर्ता भएका मुद्दामध्ये फछ्र्यौट भएका र नभएका मुद्दाको संख्या र फछ्र्यौट हुन नसकेको कारण,
(ग) सर्वोच्च अदालतबाट प्रतिपादन भएका नयाँ नजीरहरूको विवरण,
(घ) सर्वोच्च अदालतबाट पुनरावलोकन भएको मुद्दाको संख्या,
(ङ) सर्वोच्च अदालतले मातहतका अदालतको कुनै न्यायाधीशको न्याय सम्पादनको सम्बन्धमा कार्यक्षमतासम्बन्धी विषयमा कुनै न्यायिक टिप्पणी गरेको भए सोको विवरण,
(च) दण्ड वा जरिवाना असुलउपर भएको रकमको विवरण,
(छ) फैसला कार्यान्वियन सम्बन्धी विवरण,
(ज) सर्वोच्च अदालत तथा मातहतका अदालतलाई विनियोजन भएको बजेट र खर्चको विवरण,

(३) सर्वोच्च अदातलले उपधारा (१) बमोजिमको प्रतिवेदन पेस गर्दा न्यायपरिषद् र न्यायसेवा आयोगबाट भएका काम कारवाहीको विवरणसमेत उल्लेख गर्नुपर्नेछ ।

११८ संविधान सभासम्बन्धी अदालतः (१) निर्वाचनसम्बन्धी उजुरी हेर्न एक संविधानसभा अदालत गठन गरिनेछ ।

(२) उपधारा (१) बमोजिमको संविधानसभा अदालतको गठन, क्षेत्राधिकार र अन्य विषयहरू कानुनद्वारा निर्धारण भएबमोजिम हुनेछ ।

(३) यस संविधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपधारा (१) बमोजिमको अदालतमा कानुनद्वारा तोकिए बमोजिम उजुर नपरी संविधानसभा सदस्यका लागि भएको कुनै निर्वाचन सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन ।

(४) यस संविधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संविधानसभाको निर्वाचन प्रक्रिया प्रारम्भ भएपछि निर्वाचन अवरुद्ध हुने गरी कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन ।

**भाग १२ अख्तियार दुरूपयोग अनुसन्धान आयोग**

११९ अख्तियार दुरूपयोग अनुसन्धान आयोगः (१) नेपालमा एक अख्तियार दुरूपयोग अनुसन्धान आयोग रहनेछ जसमा प्रमुख आयुक्त र आवश्यक संख्यामा अन्य आयुक्तहरू रहनेछन् । प्रमुख आयुक्तका अतिरिक्त अन्य आयुक्त नियुक्त भएमा प्रमुख आयुक्तले अख्तियार दुरूपयोग अनुसन्धान आयोगको अध्यक्ष भई काम गर्नेछ ।

(२) प्रधानमन्त्रीले संवैधानिक परिषद्को सिफारिसमा प्रमुख आयुक्त र अन्य आयुक्तहरूको नियुक्ति गर्नेछ ।

(३) उपधारा (७) को प्रतिवन्धात्मक वाक्यांशको खण्ड (क) को अधीनमा रही प्रमुख आयुक्त र अन्य आयुक्तहरूको पदावधि नियुक्तिको मितिले छ वर्षको हुनेछ ।

तर -

(क) सो पदावधि पूरा हुनु अगावै प्रमुख आयुक्त वा आयुक्तको उमेर पैंसट्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।
(ख) प्रमुख आयुक्त र आयुक्तलाई सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले सो पदबाट हटाउन सकिनेछ ।

(४) देहायका अवस्थामा प्रमुख आयुक्त वा आयुक्तको पद रिक्त भएको मानिनेछ :-



(क) निजले प्रधानमन्त्री समक्ष लिखित राजीनामा दिएमा,
(ख) उपधारा (३) बमोजिम निजको पदावधि पूरा भएमा वा निज आफ्नो पदमा नरहेमा,
(ग) निजको मृत्यु भएमा ।

(५) देहायबमोजिमको योग्यता नभई कुनै व्यक्ति प्रमुख आयुक्त वा आयुक्तको पदमा नियुक्तिको लागि योग्य हुने छैन :-

(क) नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातको उपाधि प्राप्त गरेको,
(ख) नियुक्ति हादाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,
(ग) लेखा, राजश्व, इन्जिनियरिङ्ग, कानुन, विकास वा अनुसन्धानको क्षेत्रमा कम्तीमा बीस वर्ष काम गरी अनुभव र ख्याति प्राप्त गरेको,
(घ) पैंतालीस वर्ष उमेर पूरा भएको, र
(ङ) उच्च नैतिक चरित्र कायम भएको ।

(६) प्रमुख आयुक्त र आयुक्तको पारिश्रमिक र सेवाका अन्य सर्तहरू कानुनद्वारा निर्धारण भएबमोजिम हुनेछन् । प्रमुख आयुक्त र आयुक्त आफ्नो पदमा बहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य सर्तहरू बदलिने छैनन् ।

(७) प्रमुख आयुक्त वा आयुक्त भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको निमित्त ग्राह्य हुने छैन ।

तर-

(क) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आयुक्तलाई प्रमुख आयुक्तको पदमा नियुक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन र सो बमोजिम कुनै आयुक्त प्रमुख आयुक्तको पदमा नियुक्त भएकोमा निजको पदावधिको गणना गर्दा आयुक्त भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।
(ख) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाचबुझ वा छानबीन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेस गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

१२० अख्तियार दुरुपयोग अनुसन्धान आयोगको काम, कर्तव्य र अधिकारः (१) कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरूपयोग गरेको सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कानुनबमोजिम अनुसन्धान र तहकिकात गर्न वा गराउन सक्नेछ ।

तर यस संविधानमा छुट्टै व्यवस्था भएको पदाधिकारी र अन्य कानुनले छुट्ट विशेष व्यवस्था भएको पदाधिकारीको हकमा यो उपधारा लागू हुने छैन ।

(२) खराव आचरणका आधारमा महाअभियोग प्रस्ताव पारित भई पदमुक्त हुने सवैधानिक पदाधिकारीहरू, न्याय परिषद्बाट सोही अभियोगमा पदमुक्त हुने न्यायाधीशहरू र सैनिक ऐन बमोजिम कारवाही हुने व्यक्तिका हकमा निजलाई पदमुक्त भइसकेपछि कानुन बमोजिम अनुसन्धान र तहकिकात गर्न गराउन सक्नेछ ।

*(३) उपधारा (१) बमोजिम भएको अनुसन्धान र तहकिकातबाट सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानुनबमोजिम अनुचित कार्य मानिने कुनै काम गरी अख्तियारको दुरूपयोग गरेको देखिएमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले निजलाई सचेत गराउन, विभागीय कारबाही वा कानुनमा व्यवस्था भएबमोजिम अन्य आवश्यक कारबाहीको लागि अख्तियारवालासमक्ष लेखी पठाउन सक्नेछ ।*

*(४) उपधारा (१) बमोजिम भएको अनुसन्धान र तहकिकातबाट सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानुनबमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्ति उपर कानुनबमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्नेछ ।*

*(५) उपधारा (१) बमोजिम भएको अनुसन्धान र तहकिकातबाट सार्वजनिक पद धारण गरेको व्यक्तिको काम कारवाही अन्य अधिकारी वा निकायको अधिकार क्षेत्र अन्तर्गत पर्ने प्रकृतिको देखिएमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले आवश्यक कारबाहीको लागि सम्बन्धित अधिकारी वा निकाय समक्ष लेखी पठाउन सक्नेछ ।*

*(६) यस संविधानको अधीनमा रही अख्तियार दुरूपयोग अनुसन्धान आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि कानुनद्वारा व्यवस्था भएबमोजिम हुनेछ ।*

*(७) अनुसन्धान र तहकिकात गर्ने वा मुद्दा चलाउने आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार अख्तियार दुरूपयोग अनुसन्धान आयोगले प्रमुख आयुक्त, आयुक्त वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको सर्तको अधीनमा रही प्रयोग तथा पालन गर्न पाउने गरी सुम्पन सक्नेछ ।*

*१२१ वार्षिक प्रतिवेदन: (१) यस संविधान बमोजिम अख्तियार दुरूपयोग अनुसन्धान आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन प्रधानमन्त्री समक्ष पेस गर्नेछ र प्रधानमन्त्रीले त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष पेसगर्ने व्यवस्था गर्नेछ ।*

*(२) उपधारा (१) बमोजिम पेस गरिने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा वर्षभरी परेका उजुरी, अनुसन्धान तहकिकात गरी कानुनबमोजिम अधिकार प्राप्त अदालतमा दायर गरेको र तामेलीमा राखेको मुद्दाको संख्या, अनुचित कार्य गरेकोमा सचेत गराएको वा विभागीय कारबाही वा अन्य कारबाहीका लागि लेखी पठाएको संख्या, भ्रष्टाचार निवारणका सम्बन्धमा भएको उपलब्धि तथा सो सम्बन्धमा भविष्यमा गर्नु पर्ने सुधारको विवरण उल्लेख गर्नु पर्नेछ ।*

### ***भाग १३ महा लेखापरीक्षक***

*१२२ महालेखापरीक्षक (१) नेपालमा एक महालेखापरीक्षक हुनेछ ।*

*(२) प्रधानमन्त्रीले संवैधानिक परिषद्को सिफारिसमा महालेखा परीक्षकको नियुक्ति गर्नेछ ।*

*(३) उपधारा (७) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (क) को अधीनमा रही महालेखा परीक्षकको पदावधि नियुक्तिको मितिले छ वर्षको हुनेछ ।*

*तर -*

*(क) सो पदावधि पूरा हुनु अगावै महालेखा परीक्षकको उमेर पैंसट्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।*

*(ख) महालेखा परीक्षकलाई सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले सो पदबाट हटाउन सकिनेछ ।*



*(४) देहायका अवस्थामा महालेखापरीक्षकको पद रिक्त भएको मानिनेछ :-*

*(क) निजले प्रधानमन्त्री समक्ष लिखित राजीनामा दिएमा,*

*(ख) उपधारा (३) बमोजिम निजको पदावधि पूरा भएमा वा निज आफ्नो पदमा नरहेमा,*

*(ग) निजको मृत्यु भएमा ।*

*(५) देहाय बमोजिमको योग्यता नभई कुनै व्यक्ति महालेखापरीक्षकको पदमा नियुक्तिको लागि योग्य हुने छैन :-*

*(क) नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा लेखामा स्नातकोपाधि प्राप्त गरी वा चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरी नेपाल सरकारको विशिष्ठ श्रेणीमा काम गरेको वा लेखा परीक्षण सम्बन्धी काममा कम्तीमा बीस वर्ष अनुभव प्राप्त गरेको*

*(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,*

*(ग) पैंतालीस वर्ष उमेर पूरा भएको, र*

*(घ) उच्च नैतिक चरित्र कायम भएको ।*

*(६) महालेखापरीक्षकको पारिश्रमिक र सेवाका अन्य सर्तहरू कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछन् । महालेखापरीक्षक आफ्नो पदमा बहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य सर्तहरू बदलिने छैनन् ।*

*(७) महालेखापरीक्षक भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको निमित्त ग्राह्य हुने छैन ।*

*तर कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबीन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेस गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।*

*१२३ महालेखापरिक्षकको काम, कर्तव्य र अधिकार: (१) सर्वोच्च अदालत, व्यवस्थापिका-संसद, संविधानसभा, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महालेखापरीक्षक, लोक सेवा आयोग, निर्वाचन आयोग, राष्ट्रिय मानव अधिकार आयोग, महान्यायाधिवक्ताको कार्यालय तथा अन्य संवैधानिक निकायको कार्यालय र नेपाली सेना एवं सशस्त्र प्रहरी वा नेपाल प्रहरीलगायतका सबै सरकारी कार्यालय र अदालतको लेखा कानुनद्वारा निर्धारित तरिका बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी यस महालेखा परीक्षकबाट लेखापरीक्षण हुनेछ ।*

*(२) पचास प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षणको लागि लेखापरीक्षक नियुक्त गर्दा महालेखा परीक्षकसंग परामर्श गरिनेछ । त्यस्तो संगठित संस्थाको लेखापरीक्षण गर्दा अपनाउनु पर्ने सिद्धान्तको सम्बन्धमा महालेखापरीक्षकले आवश्यक निर्देशन दिन सक्नेछ ।*

*(३) महालेखापरीक्षकलाई उपधारा (१) बमोजिमको कामको लागि लेखासम्बन्धी कागजपत्र जुनसुकै बखत हेर्न पाउने अधिकार हुनेछ । सो अनुसार महालेखापरीक्षक वा त्यसका कुनै कर्मचारीले माग गरेको जुनसुकै कागजपत्र तथा जानकारी उपलब्ध गराउनु सम्बन्धित कार्यालय प्रमुखको कर्तव्य हुनेछ ।*

*(४) उपधारा (१) अनुसार लेखापरीक्षण गरिने लेखा, सम्बन्धित कानुनका अधीनमा रही, महालेखा परीक्षकद्वारा तोकिएको ढाचामा राखिनेछ ।*

*(५) उपधारा (१) मा उल्लेख भएका कार्यालयहरूको लेखाका अतिरिक्त अन्य कुनै कार्यालय वा संस्थाको महालेखा परीक्षकबाट लेखापरीक्षण गर्नुपर्ने गरी कानुनद्वारा व्यवस्था गर्न सकिनेछ ।*

*१२४ वार्षिक प्रतिवेदनः (१) महालेखापरीक्षकले आफूले गरेको कामको वार्षिक प्रतिवेदन प्रधानमन्त्री समक्ष पेस गर्नेछ र प्रधानमन्त्रीले त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसद्समक्ष पेस गर्ने व्यवस्था गर्नेछ ।*

*(२) उपधारा (१) बमोजिम पेस गरिने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त महालेखापरीक्षकबाट वर्षभरिमा लेखापरीक्षण गरेका निकायको विवरण, लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति, बेरुजु फछ्र्योट गर्न गरेको प्रयास र बेरुजु फछ्र्योटका सम्बन्धमा प्राप्त उपलब्धी, भ्रष्टाचारजन्य प्रकृतिको भई अनुसन्धान गर्नुपर्ने देखी अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा लेखी पठाएको विवरण तथा लेखापरीक्षण सम्बन्धमा भविष्यमा गर्नुपर्ने सुधारको विवरण उल्लेख गर्नु पर्नेछ ।*

***भाग १४ लोकसेवा आयोग***

*१२५ लोकसेवा आयोगः (१) नेपालमा एक लोकसेवा आयोग हुनेछ जसमा अध्यक्ष र आवश्यकताअनुसार अन्य सदस्यहरू रहनेछन् ।*

*(२) प्रधानमन्त्रीले संवैधानिक परिषद्को सिफारिसमा लोक सेवा आयोगका अध्यक्ष र सदस्यहरूको नियुक्ति गर्नेछ ।*

*(३) लोकसेवा आयोगका सदस्यहरूमध्ये कम्तीमा पचास प्रतिशत सदस्यहरू बीस वर्ष वा सोभन्दा बढी अवधिसम्म कुनै सरकारी सेवामा रहेका व्यक्तिहरू मध्येबाट र बाकी सदस्यहरू विज्ञान, प्रविधि, कला, साहित्य, कानुन, जनप्रशासन, समाजशास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्यगरी ख्यातिप्राप्त गरेका व्यक्तिहरू मध्येबाट नियुक्त हुनेछन् ।*

*(४) उपधारा (८) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (क) को अधीनमा रही लोकसेवा आयोगको अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुनेछ ।*

*तर-*

*(क) सो पदावधि पूरा हुन अगावै लोक सेवा आयोगको अध्यक्ष वा सदस्यको उमेर पैंसट्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।*

*(ख) लोकसेवा आयोगको अध्यक्ष र सदस्यलाई सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले सो पदबाट हटाउन सकिनेछ ।*

*(५) देहायका अवस्थामा लोकसेवा आयोगको अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछः-*

*(क) निजले प्रधानमन्त्रीसमक्ष लिखित राजीनामा दिएमा,*

*(ख) उपधारा(४) बमोजिम निजको पदावधि पूरा भएमा वा निज आफ्नो पदमा नरहेमा,*

*(ग) निजको मृत्यु भएमा ।*

*(६) देहायबमोजिम नभई कुनै व्यक्ति लोक सेवा आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्तिको लागि योग्य हुने छैन :-*



*(क) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको,*

*(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,*

*(ग) पैंतालीस वर्ष उमेर पूरा भएको, र*

*(घ) उच्च नैतिक चरित्र कायम भएको ।*

*(७) लोकसेवा आयोगको अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका अन्य सर्तहरू कानुनद्वारा निर्धारण भएबमोजिम हुनेछन् । लोकसेवा आयोगको अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्कापर्ने गरी पारिश्रमिक र सेवाका अन्य सर्तहरू बदलिने छैनन् ।*

*(८) लोक सेवा आयोगको अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको निमित्त ग्राह्य हुने छैन ।*

*तर -*

*(क) लोकसेवा आयोगको सदस्यलाई अध्यक्षमा नियुक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन र सो बमोजिम कुनै सदस्य अध्यक्षको पदमा नियुक्त भएमा निजको पदावधिको गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।*

*(ख) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबिन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेस गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।*

*१२६ लोकसेवा आयोगको काम, कर्तव्य र अधिकारः (१) निजामती सेवाको पदमा नियुक्तिको निमित्त उपयुक्त उम्मेदवार छनोट गर्न परीक्षा सञ्चालन गर्नु लोकसेवा आयोगको कर्तव्य हुनेछ ।*

*स्पष्टीकरणः यस धाराको प्रयोजनको लागि सैनिक अधिकृत वा जवान र सशस्त्र प्रहरी वा प्रहरी कर्मचारीको सेवा वा पद तथा निजामती सेवा वा पद होइन भनी ऐनद्वारा तोकिएको अन्य सेवा वा पद बाहेक नेपाल सरकारका अरू सबै सेवा वा पदलाई निजामती सेवा वा पद मानिनेछ ।*

*(२) निजामती सेवाको निवृत्तिभरण पाउने पदमा लोकसेवा आयोगको परामर्शबिना स्थायी नियुक्ति गरिने छैन ।*

*(३) देहायका विषयमा लोकसेवा आयोगको परामर्श लिनु पर्नेछः-*

*(क) निजामती सेवाको सर्तसम्बन्धी कानुनको विषयमा,*

*(ख) निजामती सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,*

*(ग) निजामती पदमा छ महिनाभन्दा बढी समयको लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,*

*(घ) कुनै एक प्रकारको निजामती सेवाको पदबाट अर्को प्रकारको निजामती सेवाको पदमा वा अन्य सरकारी सेवाबाट निजामती सेवामा सरुवा वा बढुवा गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,*

*(ङ) लोकसेवा आयोगको परामर्श लिनुनपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई लोक सेवा आयोगको परामर्श लिनुपर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढुवा गर्ने विषयमा, र*

*(च) कुनै पनि निजामती कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा ।*

*(४) उपधारा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि धारा १४४ बमोजिम न्याय सेवा आयोगको अधिकारक्षेत्रभित्र पर्ने विषयमा सोही बमोजिम हुनेछ ।*

*(५) सैनिक सेवा, सशस्त्र प्रहरी सेवा वा प्रहरी सेवा वा अन्य सरकारी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा लोकसेवा आयोगको परामर्श लिनु पर्नेछ ।*

*(६) कुनै सार्वजनिक संस्थाको सेवाका कर्मचारीको सेवाका सर्तसम्बन्धी प्रचलित कानुन र त्यस्तो सेवाका पदको नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा लोकसेवा आयोगसंग त्यस्तो संस्थाले परामर्श लिन चाहेमा लोकसेवा आयोगले परामर्श दिन सक्नेछ ।*

*स्पष्टीकरण: यस धाराको प्रयोजनका लागि 'सार्वजनिक संस्था' भन्नाले पचास प्रतिशत वा सोभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकारको स्वामित्व वा नियन्त्रण भएको संगठित संस्थालाई जनाउनेछ ।*

*(७) लोकसेवा आयोगले आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार आफ्नो कुनै सदस्य वा सदस्यहरूको समिति वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको सर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी सुम्पन सक्नेछ ।*

*(८) यस संविधानको अधीनमा रही लोकसेवा आयोगको अन्य काम, कर्तव्य र कार्यविधि कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।*

*१२७ वार्षिक प्रतिवेदन: (१) प्रत्येक वर्ष लोक सेवा आयोगले आफूले गरेको कामको प्रतिवेदन प्रधानमन्त्रीसमक्ष पेस गर्नेछ र प्रधानमन्त्रीले त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष पेस गर्ने व्यवस्था गर्नेछ ।*

*(२) उपधारा (१) बमोजिम पेस गरिने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त लोकसेवा आयोगले वर्षभरीमा उम्मेदवार छनौट गर्न लिएको परीक्षाको विवरण, सो परीक्षामा उत्तीर्ण परीक्षार्थी सम्बन्धी विवरण, विभिन्न निकायलाई परामर्श दिएको विवरण, निजामती कर्मचारीलाई विभागीय कारबाही र सजाय गर्दा दिएको परामर्शको विवरण र परामर्श बमोजिमको काम भए नभएको विवरण, कुनै सरकारी सेवाको पदको नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको बारेमा परामर्श दिएको भए सोको विवरण र भविष्यमा निजामती सेवाको सुधारको विवरण समेत उल्लेख गर्नु पर्नेछ ।*

### *भाग १५ निर्वाचन आयोग*

*१२८ निर्वाचन आयोग: (१) नेपालमा एक निर्वाचन आयोग हुनेछ जसमा प्रमुख निर्वाचन आयुक्त र अन्य चार जनासम्म निर्वाचन आयुक्तहरू रहनेछन् । प्रमुख निर्वाचन आयुक्तका अतिरिक्त अन्य निर्वाचन आयुक्त नियुक्त भएमा प्रमुख निर्वाचन आयुक्तले निर्वाचन आयोगको अध्यक्ष भई काम गर्नेछ ।*



*(२) प्रधानमन्त्रीले संवैधानिक परिषद्को सिफारिसमा प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको नियुक्ति गर्नेछ ।*

*(३) उपधारा (७) को प्रतिवन्धात्मक वाक्यांशको खण्ड (क) को अधीनमा रही प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुनेछ ।*

*तर-*

*(क) सो पदावधि पूरा हुनु अगावै प्रमुख निर्वाचन आयुक्त वा निर्वाचन आयुक्तको उमेर पैसट्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।*

*(ख) प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तलाई सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले सो पदबाट हटाउन सकिनेछ ।*

*(४) देहायको अवस्थामा प्रमुख निर्वाचन आयुक्त र आयुक्तको पद रिक्त भएको मानिनेछः-*

*(क) निजले प्रधानमन्त्रीसमक्ष लिखित राजीनामा दिएमा,*

*(ख) उपधारा (३) बमोजिम निजको पदावधि पूरा भएमा वा निज आफ्नो पदमा नरहेमा,*

*(ग) निजको मृत्यु भएमा ।*

*(५) देहायबमोजिम नभई कुनै व्यक्ति प्रमुख निर्वाचन आयुक्त र आयुक्तको पदमा नियुक्तिको लागि योग्य हुने छैन:-*

*(क) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातको उपाधि प्राप्त गरेको,*

*(ख) नियुक्ति हुादाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,*

*(ग) पैंतालीस वर्ष उमेर पूरा भएको, र*

*(घ) उच्च नैतिक चरित्र कायम भएको ।*

*(६) प्रमुख निर्वाचन आयुक्त र आयुक्तको पारिश्रमिक र सेवाका अन्य सर्तहरू कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछन् । प्रमुख निर्वाचन आयुक्त र आयुक्त आफ्नो*

*पदमा बहाल रहेसम्म निजहरूलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य सर्तहरू बदलिने छैनन् ।*

*(७) प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्त भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको निमित्त ग्राह्य हुनेछैन ।*

*तर-*

*(क) निर्वाचन आयुक्तलाई प्रमुख निर्वाचन आयुक्तमा नियुक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन र सो बमोजिम कुनै आयुक्त प्रमुख आयुक्तको पदमा नियुक्त भएमा निजको पदावधिको गणना गर्दा आयुक्त भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।*

*(ख) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबिन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेस गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिनेछैन ।*

१२९ *निर्वाचन आयोगको काम, कर्तव्य र अधिकारः (१) यो संविधान र अन्य कानुनको अधीनमा रही संविधानसभा, यस संविधानको धारा १५७ बमोजिम हुने जनमत सङ्ग्रह तथा स्थानीय निकायको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण निर्वाचन आयोगबाट हुनेछ । सो प्रयोजनको लागि मतदाताहरूको नामावली तयार गर्ने कार्य निर्वाचन आयोगले गर्नेछ ।*

*(२) संविधानसभाका सदस्यको लागि उम्मेदवारीको मनोनयन दर्ता भइसकेको तर निर्वाचन पूरा नहुँदै कुनै उम्मेदवार धारा ६५ अनुसार अयोग्य छ वा हुन गएको छ भन्ने प्रश्न उठेमा त्यसको निर्णय निर्वाचन आयोगले गर्नेछ ।*

*(३) निर्वाचन आयोगको आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख निर्वाचन आयुक्त, निर्वाचन आयुक्त वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको सर्तको अधीनमा रही प्रयोग तथा पालन गर्न पाउने गरी सुम्पन सक्नेछ ।*

*(४) यस संविधानको अधीनमा रही निर्वाचन आयोगका अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि कानुनद्वारा निर्धारण भएबमोजिम हुनेछन् ।*

१३० *नेपाल सरकारले निर्वाचन आयोगलाई आवश्यक कर्मचारी उपलब्ध गराउनु पर्नेः यस संविधानबमोजिम निर्वाचन आयोगलाई आफ्नो काम पूरा गर्न आवश्यक पर्ने कर्मचारी र अन्य कुराहरू नेपाल सरकारले उपलब्ध गराउनेछ ।*

### भाग १६ राष्ट्रिय मानव अधिकार आयोग

१३१ *राष्ट्रिय मानव अधिकार आयोगः (१) नेपालमा एक राष्ट्रिय मानव अधिकार आयोग हुनेछ जसमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहनेछन्ः*

*(क) मानव अधिकारको संरक्षण र सम्बर्धनको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका सर्वोच्च अदालतको प्रधान न्यायाधीश वा न्यायाधीश पदबाट सेवा निवृत्त व्यक्ति वा मानव अधिकारको संरक्षण र सम्बर्धन वा समाजसेवाका क्षेत्रमा क्रियाशील रही विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त व्यक्तिहरू मध्येबाट एकजना - अध्यक्ष*

*(ख) मानव अधिकारको संरक्षण र सम्बर्धन वा समाजसेवाका क्षेत्रमा क्रियाशील रही विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त व्यक्तिहरू मध्येबाट चारजना - सदस्य*

*(२) राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष र सदस्यको नियुक्ति गर्दा महिलासहित विविधता कायम गर्नु पर्नेछ ।*

*(३) प्रधानमन्त्रीले संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्नेछ ।*

*(४) राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुनेछ ।*

*तर राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष र सदस्यलाई सर्वोच्च अदालतको न्यायाधीशसरह समान आधारमा र समान तरिकाले सो पदबाट हटाउन सकिनेछ ।*

*(५) देहायको अवस्थामा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछः-*



*(क) निजले प्रधानमन्त्रीसमक्ष लिखित राजीनामा दिएमा,*

*(ख) उपधारा (४) बमोजिम निजको पदावधि पूरा भएमा वा निज आफ्नो पदमा नरहेमा,*

*(ग) निजको मृत्यु भएमा ।*

*(६) देहाय बमोजिमको योग्यता नभई कुनै व्यक्ति राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष वा सदस्य नियुक्ति हुन योग्य हुने छैनः*

*(क) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोपाधि हासिल गरेको,*

*(ख) उच्च नैतिक चरित्र कायम भएको ।*

*(७) राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका अन्य सर्तहरू कानुनद्वारा निर्धारण भएबमोजिम हुनेछ । राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका सर्तहरू बदलिने छैनन् ।*

*(८) राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको लागि ग्राह्य हुनेछैन ।*

*तर कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबिन गर्ने वा त्यस्तो विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेस गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।*

१३२ *राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य र अधिकारः (१) मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुनेछ ।*

*(२) उपधारा (१) मा उल्लिखित कर्तव्य पूरा गर्नको लागि राष्ट्रिय मानव अधिकार आयोगले देहायका काम गर्नेछः-*

*(क) कुनै व्यक्ति वा समूहको मानव अधिकार उल्लंघन वा त्यसको दुरुत्साहन भएकोमा पीडित व्यक्ति आफैं वा निजको तर्फबाट कसैले आयोगसमक्ष प्रस्तुत वा प्रेषित गरेको निवेदन वा उजुरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको जानकारी वा आयोगको आफ्नै स्वविवेकमा त्यसको छानबिन तथा अनुसन्धान गरी दोषीउपर कारवाही गर्न सिफारिस गर्ने,*

*(ख) मानव अधिकारको उल्लंघन हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा कर्तव्य पालन नगरेमा वा जिम्मेवारी पूरा गर्न वा कर्तव्य पालना गर्न उदासिनता देखाएमा त्यस्तो पदाधिकारी उपर विभागीय कारबाही गर्न सम्बन्धित अधिकारीसमक्ष सिफारिस गर्ने,*

*(ग) मानव अधिकार उल्लंघन गर्ने व्यक्तिका विरुद्ध मुद्दा चलाउनु पर्ने आवश्यकता भएमा कानुन बमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्ने,*

*(घ) मानव अधिकारको सचेतना अभिवृद्धि गर्न नागरिक समाजसंग समन्वय र सहकार्य गर्ने,*

(ङ) मानव अधिकारको उल्लंघनकर्तालाई विभागीय कारबाही तथा सजाय गर्न कारण र आधार खुलाई सम्बन्धित निकायसमक्ष सिफारिस गर्ने,

(च) मानव अधिकारसंग सम्बन्धित प्रचलित कानुनको आवधिक रूपमा पुनरावलोकन गर्ने तथा त्यसमा गर्नुपर्ने सुधार तथा संशोधनका सम्बन्धमा नेपाल सरकारसमक्ष सिफारिस गर्ने,

(छ) मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताको नेपाल पक्ष बन्नुपर्ने भएमा त्यसको कारणसहित नेपाल सरकारलाई सिफारिस गर्ने र पक्ष बनिसकेका सन्धि वा सम्झौताको कार्यान्वयन भए वा नभएको अनुगमन गरी कार्यान्वयन नभएको पाइएमा सोको कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ज) मानव अधिकारको उल्लंघनका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिस वा निर्देशन पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानुनबमोजिम सार्वजनिक गरी मानव अधिकार उल्लंघनकर्ताको रूपमा अभिलेख गर्ने ।

(३) राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो कार्य सम्पादन गर्दा वा कर्तव्य पालना गर्दा देहायको अधिकार प्रयोग गर्न सक्नेछः-

(क) कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई जानकारी वा बयान लिने वा बकपत्र गराउने, प्रमाण बुझ्ने, दशी प्रमाण दाखिला गर्न लगाउने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार प्रयोग गर्ने,

(ख) मानव अधिकारको गम्भीर उल्लंघन हुन लागेको वा भइसकेको सूचना आयोगले कुनै किसिमबाट प्राप्त गरेमा कुनै व्यक्ति वा निजको आवास वा कार्यालयमा विना सूचना प्रवेश गर्ने, खानतलासी लिने तथा त्यसरी खानतलासी लिँदा मानव अधिकारको उल्लंघनसंग सम्बन्धित लिखत, प्रमाण वा सबुद कब्जामा लिने,

(ग) कुनै व्यक्तिको मानव अधिकार उल्लंघन भई रहेको कुरा जानकारी भई तत्काल कारबाही गर्नु पर्ने आवश्यक देखिएमा बिना सूचना सरकारी कार्यालय वा अन्य ठाउँमा प्रवेश गर्ने र उद्धार गर्ने,

(घ) मानव अधिकारको उल्लंघनबाट पीडित भएको व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति दिन आदेश दिने,

(ङ) कानुनमा व्यवस्था भए बमोजिम अन्य अधिकारको प्रयोग र कर्तव्यको पालना गर्ने वा गराउने ।

(४) यस धारामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सैनिक ऐनको क्षेत्राधिकारको विषयमा राष्ट्रिय मानव अधिकार आयोगलाई क्षेत्राधिकार हुनेछैन ।

तर मानव अधिकार वा मानवीय कानुनको उल्लंघन भएको विषयमा कारबाही चलाउन बाधा पर्ने छैन ।



१३३ वार्षिक प्रतिवेदनः (१) यस संविधानबमोजिम राष्ट्रिय मानव अधिकार आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन प्रधानमन्त्री समक्ष पेस गर्नेछ र प्रधानमन्त्रीले त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसद्समक्ष पेस गर्ने व्यवस्था गर्नेछ ।

(२) उपधारा (१) बमोजिम पेस गरिने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त राष्ट्रिय मानव अधिकार आयोगमा वर्षभरी परेका उजुरी, त्यस्तो उजुरीको सम्बन्धमा गरेको छानवीन र अनुसन्धानको विवरण, नेपाल सरकारलाई विभिन्न विषयमा गरेको सिफारिसको विवरण, मानव अधिकार उल्लंघन गर्ने व्यक्ति विरुद्ध कुनै मुद्दा दायर गरेको भए सोको संख्या, मानव अधिकारको संरक्षण र प्रबर्द्धनका सम्बन्धमा भविष्यमा गर्नु पर्ने सुधारको विवरण उल्लेख गर्नु पर्नेछ ।

## भाग १७ महान्यायाधिवक्ता

१३४ महान्यायाधिवक्ताको नियुक्तिः (१) नेपालमा एक महान्यायाधिवक्ता रहनेछ जसको नियुक्ति प्रधानमन्त्रीबाट हुनेछ । महान्यायाधिवक्ता प्रधानमन्त्रीको इच्छानुसारको अवधिसम्म आफ्नो पदमा बहाल रहनेछ ।

(२) सर्वोच्च अदालतको न्यायाधीश हुन सक्ने योग्यता नभई कुनै पनि व्यक्ति महान्यायाधिवक्ताको पदमा नियुक्तिको लागि योग्य मानिने छैन ।

(३) देहायका अवस्थामा महान्यायाधिवक्ताको पद रिक्त भएको मानिनेछः-

(क) निजले प्रधानमन्त्रीसमक्ष लिखित राजीनामा दिएमा,

(ख) प्रधानमन्त्रीबाट निजलाई पदमुक्त गरिएमा,

(ग) निजको मृत्यु भएमा ।

(४) महान्यायाधिवक्ताको पारिश्रमिक तथा अन्य सुविधा सर्वोच्च अदालतको न्यायाधीश सरह हुनेछ । महान्यायाधिवक्ताको सेवाका अन्य सर्तहरू कानुनद्वारा निर्धारण भएबमोजिम हुनेछन् ।

१३५ महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारः (१) महान्यायाधिवक्ता नेपाल सरकारको मुख्य कानुनी सल्लाहकार हुनेछ । संवैधानिक एवं कानुनी विषयमा नेपाल सरकार र नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु निजको कर्तव्य हुनेछ ।

(२) नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका अधिकृतहरूबाट नेपाल सरकारको प्रतिनिधित्व गरिनेछ । यस संविधानमा अन्यथा लेखिएदेखि बाहेक कुनै अदालत वा न्यायिक अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुनेछ ।

(३) उपधारा (२) को अधीनमा रही महान्यायाधिवक्तालाई आफ्नो कर्तव्य पालन गर्दा देहायको काम गर्ने अधिकार हुनेछः-

(क) नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गर्ने,

(ख) मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानुनको व्याख्या वा प्रतिपादन गरेको कानुनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने गराउने,

(ग) हिरासतमा रहेको व्यक्तिलाई यस संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसंग वा कानुन व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानवीन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने ।

(४) यस धारामा लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त महान्यायाधिवक्ताको अन्य काम, कर्तव्य र अधिकार यो संविधान र अन्य कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।

(५) आफ्नो पदीय कर्तव्यको पालना गर्दा महान्यायाधिवक्तालाई नेपालको जुनसुकै अदालत, कार्यालय र पदाधिकारी समक्ष उपस्थित हुने अधिकार हुनेछ ।

(६) महान्यायाधिवक्ताले यो धारा बमोजिम आफ्नो काम, कर्तव्य र अधिकार तोकिएको सर्तको अधीनमा रही प्रयोग र पालन गर्ने गरी मातहतका अधिकृतलाई सुम्पन सक्नेछ ।

१३६ वार्षिक प्रतिवेदन: (१) महान्यायाधिवक्ताले प्रत्येक वर्ष यो संविधान र अन्य कानुनबमोजिम आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन तयार गरी प्रधानमन्त्री समक्ष पेस गर्नेछ र प्रधानमन्त्रीले त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसदसमक्ष पेस गर्ने व्यवस्था गर्नेछ ।

(२) उपधारा (१) बमोजिम पेस गरिने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त महान्यायाधिवक्ताले वर्ष भरीमा संवैधानिक एवं कानुनी विषयमा दिएको राय सल्लाहको संख्या, सरकार वादी भई चलेका मुद्दासम्बन्धी विवरण, नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा प्रतिरक्षा गरेको विवरण, अपराध सम्बन्धी विवरण तथा सरकारवादी भई चल्ने मुद्दामा भविष्यमा गरिनुपर्ने सुधारको विवरण उल्लेख गर्नुपर्नेछ ।

१३७ व्यवस्थापिका-संसद्मा उपस्थित हुन पाउने: महान्यायाधिवक्तालाई व्यवस्थापिका-संसद, संविधानसभा वा त्यसको कुनै समितिको बैठकमा उपस्थित भई कुनै कानुनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्ने अधिकार हुनेछ ।

तर मत दिने अधिकार भने हुने छैन ।

## भाग १८ राज्यको ढाँचा र स्थानीय स्वायत्त शासन

१३८ **राज्यको अग्रगामी पुनःसंरचना:** (१) वर्गीय,जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्न राज्यको केन्द्रीकृत र एकात्मक ढाचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनसंरचना गरिनेछ ।

(२) उपधारा (१) बमोजिमको राज्यको पुनर्संरचना गर्नका लागि सुझाव दिन एक उच्चस्तरीय आयोगको गठन गरिनेछ । त्यस्तो आयोगको गठन, काम, कर्त्तव्य, अधिकार र सेवाका सर्त नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) राज्यको पुनर्संरचनासम्बन्धी अन्तिम टुङ्गो संविधानसभाले निर्धारण गरे बमोजिम हुनेछ ।



१३९ स्थानीय स्वायत्त शासनको व्यवस्था: (१) स्थानीय स्तरदेखि नै जनताको सार्वभौमसत्ताको प्रयोग गर्ने अनुकूल वातावरण बनाई मुलुकको शासन व्यवस्थामा जनताको बढीभन्दा बढी सहभागिता प्रबर्द्धन गर्न र जनतालाई स्थानीय स्तरमा नै सेवा उपलब्ध गराउन तथा लोकतन्त्रको स्थानीय स्तरदेखि नै संस्थागत विकास गर्न विकेन्द्रीकरण तथा अधिकारको निक्षेपणका आधारमा स्थानीय स्वायत्त शासनसम्बन्धी निकायको व्यवस्था गरिनेछ ।

(२) सम्वत् २०६३ साल कात्तिक २२ गते राजनीतिक सहमति कायम गर्ने नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कांग्रेस (प्रजातान्त्रिक), जनमोर्चा नेपाल, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी), नेपाल मजदुर किसान पार्टी र संयुक्त वाम मोर्चा सहितका राजनीतिक दलहरू र ने.क.पा.(माओवादी) को सहमतिले नेपाल सरकारद्वारा जिल्ला, नगर र गाउँस्तरमा अन्तरिम स्थानीय निकाय गठन गरिनेछ ।

(३) स्थानीय स्वायत्त शासन सम्बन्धी निकायको संगठनात्मक संरचना, त्यसको स्वरूप र प्रादेशिक इलाका तथा गठन विधि कानुनमा व्यवस्था भएबमोजिम हुनेछ ।

१४० राजस्व परिचालन र व्यवस्था: (१) स्थानीय विकासको लागि स्वायत्त शासनसम्बन्धी निकायलाई सक्षम बनाउन साधन र स्रोतको परिचालन, विनियोजन र विकासको प्रतिफलको सन्तुलित तथा न्यायोचित वितरणमा समानता कायम राखी स्थानीय स्तरका योजनाको पहिचान, तर्जुमा र कार्यान्वयनमा सम्बन्धित स्थानीय स्वायत्त शासनसम्बन्धी निकायलाई नै जवाफदेही बनाउन कानुनमा व्यवस्था भएबमोजिम नेपाल सरकार र स्थानीय स्वायत्त शासनसम्बन्धी निकायबीच जिम्मेवारी र राजस्व परिचालन तथा बाडफाड हुनेछ ।

(२) उपधारा (१) बमोजिम राजस्व परिचालन र बाँडफाँड गर्दा मुलुकको सन्तुलित र समान विकास हुने गरी सामाजिक तथा आर्थिक दृष्टिकोणबाट पिछडिएका वर्ग तथा समुदायको समग्र उत्थानका लागि विशेष ध्यान दिनुपर्नेछ ।

## भाग १९ राजनीतिक दलहरू

१४१ राजनीतिक दललाई प्रतिबन्ध लगाउन बन्देज: (१) समान राजनीतिक विचारधारा, दर्शन र कार्यक्रममा प्रतिबद्ध व्यक्तिहरूले धारा १२ को उपधारा (३) को प्रतिबन्धात्मक वाक्यांश (३) अन्तर्गत बनेको कानुनको अधीनमा रही आफ्नो इच्छानुसार राजनीतिक दल खोल्न, सञ्चालन गर्न र सो को विचारधारा, दर्शन र कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नको लागि त्यसको प्रचार र प्रसार गर्न, गराउन वा सो प्रयोजनका लागि अन्य कुनै काम गर्न सक्नेछन् । त्यस्तो कुनै कार्यमा कुनै प्रतिबन्ध लगाउने गरी बनाइएको कानुन वा गरिएको कुनै व्यवस्था वा निर्णय यो संविधानको प्रतिकूल मानिने र स्वतः अमान्य हुनेछ ।

(२) कुनै एउटै राजनीतिक दल वा एकै किसिमको राजनीतिक विचारधारा, दर्शन वा कार्यक्रम भएका व्यक्तिहरूले मात्र निर्वाचन, देशको राजनीतिक प्रणाली वा राज्य व्यवस्था सञ्चालनमा भाग लिन पाउने वा सम्मिलित हुन पाउने गरी बनाएको कानुन, गरिएको कुनै व्यवस्था वा निर्णय यस संविधान प्रतिकूल र स्वतः अमान्य हुनेछ ।

(३) यो संविधानको प्रस्तावनाको मूल भावना र मर्म प्रतिकूल उद्देश्य राखेका पार्टीहरू दल दर्ताको निम्ति योग्य मानिने छैनन् ।

१४२ राजनीतिक दलको रूपमा निर्वाचनको लागि मान्यता प्राप्त गर्न दर्ता गराउनु पर्ने: (१) निर्वाचनको प्रयोजनको लागि निर्वाचन आयोगबाट मान्यता प्राप्तगर्न चाहने

प्रत्येक राजनीतिक दलले निर्वाचन आयोगद्वारा निर्धारण गरिएको कार्यविधि पूरा गरी निर्वाचन आयोगमा दर्ता गराउनु पर्नेछ । यसअनुसार दर्ता नगर्ने राजनीतिक दलहरूको नाम निर्वाचन आयोगको सूचीबाट हटाइनेछ ।

(२) उपधारा (१) बमोजिम दर्ताको लागि निवेदन गर्दा प्रस्ताव दर्ता गर्न गरिएको राजनीतिक दलको विधान, घोषणापत्र र नियमावली पेस गरी अन्य कुराको अतिरिक्त देहायको विवरण खुलाउनु पर्नेछ:-

(क) राजनीतिक दलको नाम र त्यसको प्रधान कार्यालय रहने ठेगाना,

(ख) राजनीतिक दलको कार्यकारिणी समिति वा सो सरहको समितिका सदस्य तथा अन्य पदाधिकारीको नाम र ठेगाना,

(ग) राजनीतिक दलको आयस्रोतको कोष र सो जुटाउने स्रोतको विवरण ।

(३) उपधारा (१) बमोजिम दर्ताको लागि निवेदन दिँदा कुनै पनि राजनीतिक दलले देहायका सर्तहरू पूरा गरेको हुनुपर्नेछ:-

(क) राजनीतिक दलको विधान र नियमावली लोकतान्त्रिक हुनुपर्छ,

(ख) राजनीतिक दलको विधान वा नियमावलीमा कम्तीमा पाँच वर्षमा एक पटक सो दलका प्रत्येक तहका पदाधिकारीहरूको निर्वाचन हुने व्यवस्था हुनुपर्छ,

(ग) विभिन्न स्तरका कार्यकारिणी समितिमा महिला,दलितलगायत उपेक्षित र उत्पीडित क्षेत्रका सदस्यहरू समेत रहने समावेशी व्यवस्था गरिएको हुनु पर्दछ,

(घ) दलको विधानमा दलको सदस्यहरूलाई अनुशासित तुल्याउने प्रभावकारी व्यवस्था गरिएको हुनुपर्छ ।

(४) कुनै राजनीतिक दलको सदस्यता प्राप्त गर्न केवल धर्म, जात, जाति, भाषा वा लिङ्गको आधारमा नेपाली नागरिकउपर भेदभावपूर्ण बन्देज लगाइएको वा कुनै राजनीतिक संगठन वा दलको नाम, उद्देश्य, चिन्ह वा झण्डा मुलुकको धार्मिक वा साम्प्रदायिक एकतालाई खलल पार्ने वा मुलुकलाई विखण्डित गर्ने प्रकृतिको वा त्यस्तो दलको विधान वा नियमावलीमा निर्दलीय वा एकदलीय व्यवस्थाको सम्बर्धन र संरक्षण गर्ने उद्देश्य रहेछ भने निर्वाचन आयोगले त्यस्तो संगठन वा दललाई दर्ता गर्ने छैन ।

(५) निर्वाचनको निम्ति दल दर्ता गर्ने प्रयोजनको लागि कम्तीमा दस हजार मतदाताहरूको समर्थन सहितको हस्ताक्षरयुक्त निवेदन आवश्यक पर्नेछ ।

तर अन्तरिम व्यवस्थापिका-संसदमा प्रतिनिधित्व गर्ने दलहरूको हकमा यो प्रावधान लागू हुने छैन ।

(६) यस भागमा लेखिएदेखि बाहेक राजनीतिक दलको स्थापना, दर्ता, मान्यता तथा अन्य कुराहरू कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

### भाग २० संकटकालीन अधिकार

१४३ संकटकालीन अधिकार : (१) नेपाल राज्यको सार्वभौमसत्ता, अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, बाह्य आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक विशृङ्खलताको कारणले गम्भीर सङ्कट उत्पन्न भएमा नेपाल सरकार, मन्त्रिपरिषद्ले नेपाल राज्यभर वा कुनै खास क्षेत्रमा लागू हुने गरी संकटकालीन अवस्थाको घोषणा गर्न वा आदेश जारी गर्न सक्नेछ ।



(२) उपधारा (१) बमोजिम गरिएको घोषणा वा आदेश सो आदेश भएको मितिले एक महिनाभित्र अनुमोदनको लागि व्यवस्थापिका-संसद्को बैठकमा पेस गरिने छ ।

(३) उपधारा (२) बमोजिमअनुमोदनको लागि पेस भएको घोषणा वा आदेश व्यवस्थापिका-संसद्को बैठकमा उपस्थित सदस्यहरूको दुई-तिहाइ बहुमतले अनुमोदन गरेमा घोषणा वा आदेश भएको मितिले तीन महिनासम्म लागू रहनेछ ।

(४) उपधारा (२) बमोजिम व्यवस्थापिका-संसद्को बैठकमा अनुमोदनको लागि पेस भएको घोषणा वा आदेश उपधारा (३) बमोजिम अनुमोदन नभएमा सो घोषणा वा आदेश स्वतः निष्क्रिय भएको मानिनेछ ।

(५) उपधारा (१) को अवस्था अझै विद्यमान छ भनी उपधारा (३) बमोजिमको म्याद भुक्तान नहुँदै व्यवस्थापिका-संसद्को बैठकमा उपस्थित सदस्यहरूको दुई-
तिहाइ बहुमतले प्रस्तावद्वारा निर्णय गरी अर्को एक पटक तीन महिनामा नबढाई सो प्रस्तावमा तोकिएको अवधिको लागि संकटकालीन अवस्थाको घोषणा वा आदेशको म्याद बढाउन सक्नेछ ।

(६) उपधारा (१) बमोजिम संकटकालीन अवस्थाको घोषणा वा आदेश भएपछि त्यस्तो अवस्थाको निवारण गर्न नेपाल सरकार, मन्त्रिपरिषद्ले आवश्यक आदेश जारी गर्न सक्नेछ । त्यसरी जारी भएको आदेश संकटकालीन अवस्था बहाल रहेसम्म कानुन सरह लागू हुनेछ ।

(७) नेपाल सरकार, मन्त्रिपरिषद्बाट उपधारा (१) बमोजिम संकटकालीन अवस्थाको घोषणा वा आदेश गरिंदा सो घोषणा वा आदेश बहाल रहेसम्मको लागि भाग ३ मा व्यवस्था भएका मौलिक हक निलम्बन गर्न सकिनेछ ।

तर धारा १३, १४, १६, १७, १८, २०, २१, २२, २३, २६, २९, ३० र ३१ तथा त्यस्ता धारासंग सम्बन्धित संवैधानिक उपचारको हक र बन्दी प्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हक निलम्बन गरिने छैन ।

(८) उपधारा (७) बमोजिम यस संविधानको कुनै धारा निलम्बन गरिएकोमा सो धाराले प्रदान गरेको मौलिक हकको प्रचलनको लागि कुनै अदालतमा निवेदन दिन वा त्यस सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन ।

(९) उपधारा (१) बमोजिमको घोषणा वा आदेश बहाल रहेको अवस्थामा कुनै पदाधिकारीले कानुनविपरीत वा बदनियतसाथ कुनै काम गरेबाट कसैलाई कुनै प्रकारको क्षति भएको रहेछ भने निजले सो घोषणा वा आदेश समाप्त भएको मितिले तीन महिनाभित्र आफूलाई परेको क्षति बापत क्षतिपूर्तिको दाबी गर्न सक्नेछ र दाबी मनासिब ठहराएमा अदालतले उचित क्षतिपूर्ति भराइदिन सक्नेछ ।

(१०) उपधारा (१) बमोजिम गरिएको संकटकालीन अवस्थाको घोषणा वा आदेश नेपाल सरकार, मन्त्रिपरिषद्बाट सो घोषणा वा आदेश बहाल रहेसम्म जुनसुकै बखत पनि फिर्ता लिन सकिनेछ ।

### भाग २१ सेनासम्बन्धी व्यवस्था

१४४ नेपाली सेनाको गठन: (१) नेपालमा नेपाली सेनाको एक संगठन रहनेछ ।

(२) नेपाली सेनाको प्रधान सेनापतिको नियुक्ति मन्त्रिपरिषद्ले गर्नेछ ।

(३) नेपाली सेनाको नियन्त्रण, परिचालन र व्यवस्थापन कानुनबमोजिम मन्त्रिपरिषद्ले गर्नेछ । मन्त्रिपरिषद्ले राजनीतिक सहमति र व्यवस्थापिका-संसद्को सम्बन्धित समितिको सुझाव लिई नेपाली सेनाको लोकतान्त्रिकरणको विस्तृत कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्नेछ ।

(४) उपधारा (३) बमोजिम कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्दा नेपाली सेनाको उपयुक्त सङ्ख्या, लोकतान्त्रिक संरचना र राष्ट्रिय र समावेशी चरित्र निर्माण गरी लोकतन्त्र र मानवअधिकारको मूल्यद्वारा सेनालाई प्रशिक्षित गर्ने काम गरिनेछ ।

(५) नेपाली सेनासम्बन्धी अन्य कुराहरू कानुनमा व्यवस्था भएबमोजिम हुनेछ ।

१४५ राष्ट्रिय सुरक्षा परिषद्: (१) नेपाली सेनाको परिचालन संचालन र प्रयोग गर्नका लागि मन्त्रिपरिषद्लाई सिफारिस गर्न नेपालमा एक राष्ट्रिय सुरक्षा परिषद् रहनेछ जसमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहनेछन् :-

| | |
|---|---|
| (क) प्रधानमन्त्री | - अध्यक्ष |
| (ख) रक्षामन्त्री | - सदस्य |
| (ग) गृहमन्त्री | - सदस्य |
| (ङ) प्रधानमन्त्रीले तोकेका तीन जना मन्त्री | - सदस्य |

(२) प्रधानमन्त्री र रक्षा मन्त्री एकै व्यक्ति रहेको अवस्थामा मन्त्रिपरिषद्को वरिष्ठतम सदस्य राष्ट्रिय सुरक्षा परिषद्को सदस्य हुनेछ ।

(३) राष्ट्रिय सुरक्षा परिषद्ले आफ्नो बैठकमा आवश्यकताअनुसार अन्य व्यक्तिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) राष्ट्रिय सुरक्षा परिषद्को सचिवको काम रक्षा मन्त्रालयको सचिवले गर्नेछ र निजको अनुपस्थितिमा प्रधानमन्त्रीले तोकेको अधिकृतले गर्नेछ ।

(५) प्राकृतिक विपत परेको कारणले नेपाली सेना परिचालन भएकोमा बाहेक सेना परिचालनसम्बन्धी नेपाल सरकार, मन्त्रिपरिषद्बाट भएको निर्णय एक महिनाभित्र व्यवस्थापिका-संसद्ले तोकेको विशेष समितिमा प्रस्तुत भई अनुमोदन हुनु पर्नेछ ।

(६) राष्ट्रिय सुरक्षा परिषद्ले आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्न सक्नेछ ।

१४६. लडाकुहरूको सङ्क्रमणकालीन व्यवस्था :माओवादी सेनाका लडाकुहरूको रेखदेख, समायोजन र पुनर्स्थापना निम्ति मन्त्रिपरिषद्ले विशेष समिति बनाउने छ र त्यस्तो समितिको काम, कर्तव्य र अधिकार मन्त्रिपरिषद्ले निर्धारण गरे बमोजिम हुनेछ ।

१४७. व्यवस्थापन र अनुगमन : सेना र हतियार व्यवस्थापन र अनुगमन सम्बन्धमा अन्य व्यवस्था नेपाल सरकार र नेकपा (माओवादी) बीच सम्पन्न २०६३ साल मङ्सिर ५ गतेको 'विस्तृत शान्ति संझौता' र मङ्सिर २२ गतेको 'सेना र हतियार व्यवस्थापनको अनुगमन सम्बन्धी संझौता' मा उल्लेख भए बमोजिम हुनेछ ।

### भाग २२ संविधान संशोधन

१४८. संविधान संशोधनः (१) संविधानको कुनै धारालाई संशोधन वा खारेज गर्ने विधेयक व्यवस्थापिका-संसद्मा प्रस्तुत गर्न सकिनेछ ।



(२) उपधारा (१) बमोजिम पेस भएको विधेयक व्यवस्थापिका-संसद्मा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाई सदस्यहरूको बहुमतबाट स्वीकृत भएमा विधेयक पारित भएको मानिनेछ ।

### भाग २३ विविध

१४९. संवैधानिक परिषद्: (१) यस संविधान बमोजिम संवैधानिक निकायका पदाधिकारीहरूको नियुक्तिको सिफारिस गर्न एउटा संवैधानिक परिषद् हुनेछ जसमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहनेछन् :-

| | |
|---|---|
| (क) प्रधानमन्त्री | अध्यक्ष |
| (ख) प्रधानन्यायाधीश | सदस्य |
| (ग) व्यवस्थापिका-संसद्को सभामुख | सदस्य |
| (घ) प्रधानमन्त्रीले तोकेका तीनजना मन्त्री | सदस्य |

(२) प्रधानन्यायाधीशको पद रिक्त भएको अवस्थामा प्रधानन्यायाधीशको नियुक्तिको सिफारिस गर्दा संवैधानिक परिषद्मा न्यायमन्त्री सदस्यको रूपमा रहनेछ ।

(३) संवैधानिक अङ्गका पदाधिकारीको नियुक्तिसम्बन्धी कार्यविधि, संवैधानिक परिषद्को अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।

(४) नेपाल सरकारको मुख्य सचिवले संवैधानिक परिषद्को सचिव भई काम गर्नेछ ।

१५०. नेपाली राजदूत र विशेष प्रतिनिधिः मन्त्रिपरिषद्ले नेपाली राजदूत र कुनै खास प्रयोजनको लागि विशेष प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।

१५१. माफीः मन्त्रिपरिषद्ले जुनसुकै अदालत, विशेष अदालत, सैनिक अदालत वा अन्य कुनै न्यायिक, अर्ध न्यायिक वा प्रशासकीय पदाधिकारी वा निकायले गरेको सजायलाई माफी, मुलतवी, परिवर्तन वा कम गर्न सक्नेछ ।

१५२. उपाधि, सम्मान र विभूषणः (१) प्रधानमन्त्रीबाट राज्यका तर्फबाट दिइने उपाधि, सम्मान र विभूषणहरू प्रदान हुनेछन् ।

(२) नेपाल सरकारबाट स्वीकृति प्राप्त नगरी नेपालको कुनै नागरिकले कुनै विदेशी मुलुकको सरकारबाट प्रदान गरिने उपाधि, सम्मान वा विभूषण ग्रहण गर्न हुँदैन ।

१५३. सरकारी सेवाको गठनः नेपाल सरकारले मुलुकको प्रशासन सञ्चालन गर्न निजामती सेवा र आवश्यक अन्य सरकारी सेवाहरूको गठन गर्न सक्नेछ । त्यस्ता सेवाहरूको गठन, सञ्चालन र सेवाका सर्तहरू ऐनद्वारा निर्धारण गरिए बमोजिम हुनेछन् ।

१५४. आयोगको गठनः नेपाल सरकारले महिला, दलित, आदिवासी जनजाति, मधेसी, अपाङ्ग, मजदुर वा किसान लगायत विविध क्षेत्रको हक हितको संरक्षण र प्रवर्धन गर्न आवश्यक आयोगहरू गठन गर्न सक्नेछ । त्यस्ता आयोगहरूको गठन, काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था कानुनद्वारा निर्धारण भएबमोजिम हुनेछ ।

१५५. संवैधानिक निकायका पदाधिकारीहरूको सुनुवाइ र नागरिकता सम्बन्धी व्यवस्थाः (१) यस संविधान बमोजिम नियुक्त हुने संवैधानिक पदहरूमा नियुक्ति पूर्व निजहरूको कानुनमा व्यवस्था भए बमोजिम संसदीय सुनुवाइ हुनेछ ।

(२) यस संविधान बमोजिम नियुक्त हुने संवैधानिक पदहरूमा वंशज वा जन्मका नाताले नेपालको नागरिक भएको व्यक्ति वा अङ्गीकृत नागरिकता प्राप्त गरी कम्तीमा दस वर्ष नेपालमा बसोबास गरेको व्यक्तिमात्र नियुक्तिको लागि योग्य मानिनेछ ।

*१५६. सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन: (१) नेपाल राज्य वा नेपाल सरकार पक्ष हुने सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन कानुनद्वारा निर्धारण भएबमोजिम हुनेछ ।*

*(२) उपधारा (१) बमोजिम कानुन बनाउदा अन्य कुराको अतिरिक्त देहायका विषयका सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन व्यवस्थापिका-संसदमा तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूको दुई-तिहाइ बहुमतले गर्नु पर्ने सर्त राखिनेछः-*

*(क) शान्ति र मैत्री,*
*(ख) सुरक्षा एवं सामरिक सम्बन्ध,*
*(ग) नेपाल राज्यको सिमाना, र*
*(घ) प्राकृतिक स्रोत तथा त्यसको उपयोगको वाँडफाँड ।*

*तर खण्ड (क) र (घ) मा उल्लिखित विषयका सन्धि वा सम्झौतामध्ये राष्ट्रलाई व्यापक, गम्भीर वा दीर्घकालीन असर नपर्ने साधारण प्रकृतिका सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन व्यवस्थापिका-संसद्को बैठकमा उपस्थित सदस्यहरूको साधारण बहुमतबाट हुन सक्नेछ ।*

*(३) यो संविधान प्रारम्भ भएपछि हुने कुनै सन्धि वा सम्झौता यस धारा बमोजिम अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन नभएसम्म नेपाल सरकार वा नेपाल राज्यको हकमा लागू भएको मानिने छैन ।*

*(४) उपधारा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल राज्यको प्रादेशिक अखण्डतामा प्रतिकूल असर पर्ने गरी कुनै सन्धि वा सम्झौता गरिने छैन ।*

*१५७. जनमत संग्रहबाट निर्णय गर्न सकिने: (१) यस संविधानमा अन्यत्र व्यवस्था भएकोमा बाहेक राष्ट्रिय महत्वको कुनै विषयमा जनमत संग्रहबाट निर्णय गर्न आवश्यक छ भनी संविधान सभाले तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूको दुई तिहाई सदस्यको बहुमतबाट निर्णय गरेमा त्यस्तो विषयमा जनमत संग्रहबाट निर्णय लिन सकिनेछ ।*

*(२) उपधारा (१) बमोजिमको प्रक्रियाबाट निर्णय लिइने कार्यविधि कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।*

*१५८. बाधा अडकाउ फुकाउने अधिकार: मन्त्रिपरिषद्ले यो संविधानको कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अडकाउ फुकाउन आदेश जारी गर्न सक्नेछ र यस्तो आदेश व्यवस्थापिका-संसद वा संविधान सभाबाट एक महिनाभित्र अनुमोदन गराउनु पर्नेछ ।*

### ***भाग २४ सङ्क्रमणकालीन व्यवस्था***

*१५९. राजासम्बन्धी व्यवस्था: (१) मुलुकको शासन व्यवस्थासम्बन्धी कुनै पनि अधिकार राजामा रहनेछैन ।*

*(२) मुलुकको शासन व्यवस्था र सञ्चालनसम्बन्धी सबै काम प्रधानमन्त्रीले गर्नेछ ।*

*(३) राजसंस्था कायम राख्ने या नराख्ने सम्बन्धमा यस संविधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संविधानसभाको पहिलो बैठकमा साधारण बहुमतबाट निर्णय गरिनेछ ।*



*(४) स्वर्गीय राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूका परिवारको सम्पत्ति नेपाल सरकारको मातहतमा ल्याई ट्रष्ट बनाएर राष्ट्रहितमा प्रयोग गरिनेछ ।*

*(५) राजाको हैसियतले राजा ज्ञानेन्द्रलाई प्राप्त भएका सबै सम्पत्तिहरू ( जस्तै विभिन्न स्थानका दरबारहरू, वन तथा निकुञ्जहरू, ऐतिहासिक र पुरातात्विक महत्वका सम्पदाहरू आदि) राष्ट्रियकरण गरिनेछ ।*

*१६०. मन्त्रिपरिषद्सम्बन्धी व्यवस्था: (१) यो संविधान प्रारम्भ हुादाका बखत कायम रहेको मन्त्रिपरिषद् यसै संविधानअन्तर्गत गठन भएको मानिनेछ ।*

*(२) धारा ३८ बमोजिम मन्त्रिपरिषद् गठन नभएसम्म उपधारा (१) बमोजिमको मन्त्रिपरिषद् कायम रहनेछ ।*

*१६१. व्यवस्थापिका-संसद्सम्बन्धी व्यवस्था: (१) यो संविधान जारी हुनासाथ यस संविधान बमोजिमको व्यवस्थापिका-संसद्को गठन हुनेछ ।*

*(२) यो संविधान जारी भएपछि तत्काल कायम रहेको प्रतिनिधिसभा र राष्ट्रियसभा स्वत: विघटन हुनेछ र सोही दिन यस संविधानबमोजिमको व्यवस्थापिका-संसद्को पहिलो बैठक बस्नेछ ।*

*(३) यो संविधान जारी हुँदाको बखत प्रतिनिधिसभामा विचाराधीन रहेका विधेयकहरू यस संविधानबमोजिमको व्यवस्थापिका-संसदमा हस्तान्तरण हुनेछन् ।*

*(४) यो संविधान जारी हुँदाका वखत कायम रहेको संसद् सचिवालय र सो सचिवालयमा कार्यरत पदाधिकारी र कर्मचारी यसै संविधानबमोजिम कायम हुने व्यवस्थापिका-संसद सचिवालय र नियुक्ति भएका पदाधिकारी र कर्मचारी मानिनेछन् ।*

*न्यायपालिका सम्बन्धी व्यवस्था: (१) यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालतहरू यसै संविधानबमोजिम स्थापना भएको मानिनेछ र यो संविधान प्रारम्भ हुनु अघि दायर भएका मुद्दाहरू तत् तत् अदालतबाट निरूपण गर्न यो संविधानले वाधा पुऱ्याएको मानिने छैन ।*

*(२) यो संविधान प्रारम्भ भएपछि सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालतहरूमा बहाल रहेका न्यायाधीशहरूले यो संविधानप्रति प्रतिबद्धताको शपथ नेपाल सरकारले निर्धारण गरे बमोजिम ग्रहण गर्नुपर्नेछ । शपथ ग्रहण गर्न इन्कार गर्ने न्यायाधीश स्वत: आफ्नो पदबाट मुक्त हुनेछ ।*

*(३) स्वतन्त्र, स्वच्छ, निष्पक्ष र सबल न्यायपालिकाका लागि लोकतान्त्रिक मूल्य मान्यताका आधारमा न्याय क्षेत्रलाई सुधार गर्दै लैजाने आवश्यक कानुनी व्यवस्था गरिनेछ ।*

*१६२. संवैधानिक निकाय र पदाधिकारीहरू सम्बन्धी व्यवस्था: (१) यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका संवैधानिक निकाय र पदाधिकारीहरूमध्ये यस संविधानमा उल्लेख नगरिएका संवैधानिक निकाय र पदाधिकारीहरू यो संविधान प्रारम्भ भएपछि कायम रहने छैनन् ।*

*(२) यो संविधान प्रारम्भ हुादाका बखत कायम रहेका संवैधानिक निकायहरू यसै संविधान बमोजिम स्थापना भएको मानिने छन् र प्रचलित कानुन बमोजिम ती निकायहरूमा विचाराधीन रहेका विषयहरूलाई निरन्तरता दिन यस संविधानले वाधा पुऱ्याएको मानिने छैन । संवैधानिक अंग र तिनका पदाधिकारीहरूलाई लोकतान्त्रिक मूल्यमान्यता अनुरूप सुधार गर्दै लैजान आवश्यक कानुनी व्यवस्था गरिनेछ ।*

*(३) यो संविधानबमोजिम व्यवस्था गरिएको राष्ट्रिय मानव अधिकार आयोग गठन नभएसम्म प्रचलित कानुनबमोजिम गठित राष्ट्रिय मानव अधिकार आयोग कायम रहनेछ र यस संविधानबमोजिमको राष्ट्रिय मानव अधिकार आयोग गठन भएपछि सो*

आयोगबाट फछ्र्यौंट हुन बााकी रहेका निवेदन र उजुरीहरू यस आयोगमा सर्नेछन् र सो आयोगले त्यस्ता निवेदन र उजुरीहरूउपर यो संविधान र यसअन्तर्गत बनेको कानुनबमोजिम कारबाही गर्नेछ ।

१६४. वर्तमान कानुन लागू रहने: (१) पुनर्स्थापित प्रतिनिधिसभाद्वारा भए गरेका निर्णय र काम कार्बाहीहरू यो संविधानसाग नबाझिएको हदसम्म यसै संविधानबमोजिम भए गरेको मानिनेछ ।

(२) यो संविधान लागू हुँदाका बखत कायम रहेका कानुनहरू खारेज या संशोधन नभएसम्म कायम रहनेछन् ।

तर यो संविधानसँग बाझिएको कानुन यो संविधान प्रारम्भ भएको तीन महिनापछि बाझिएको हदसम्म स्वत: अमान्य हुनेछ ।

**भाग २५ परिभाषा**

१६५. परिभाषा: (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस संविधानमा-

(क) "धारा" भन्नाले यो संविधानको धारा सम्झनुपर्छ ।

(ख) "नेपाल" भन्नाले नेपाल राज्य सम्झनुपर्छ ।

(ग) "नागरिक" भन्नाले नेपालको नागरिक सम्झनुपर्छ ।

(घ) "विधेयक" भन्नाले व्यवस्थापिका-संसद् वा संविधान सभामा पेस भएको संविधान वा ऐनको मस्यौदा सम्झनुपर्छ ।

(ङ) "पारिश्रमिक" भन्नाले तलव, भत्ता, निबृत्तभरण र अन्य कुनै किसिमको पारिश्रमिक तथा सुविधा समेत सम्झनु पर्छ ।

(२) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस संविधानमा व्यक्त भएका कुराहरूको अधीनमा रही कानुन व्याख्यासम्बन्धी प्रचलित कानुनी व्यवस्था नेपाल कानुनको व्याख्यामा लागू भए सरह यस संविधानको व्याख्यामा पनि लागू हुनेछ ।

**भाग २६ संक्षिप्त नाम, प्रारम्भ र खारेजी**

१६६. संक्षिप्त नाम र प्रारम्भ: (१) यो संविधानलाई "नेपालको अन्तरिम संविधान, २०६३" भनिनेछ ।

(२) यो संविधान प्रतिनिधिसभाद्वारा जारी हुनेछ र अन्तरिम व्यवस्थापिका-संसदद्वारा अनुमोदन गरिनेछ । यसको कार्यान्वयनसम्बन्धी विस्तृत व्यहोरा अनुसूची २ मा उल्लेख भएबमोजिम हुनेछ ।

(३) मिति २०६३ मंसिर ५ गते नेपाल सरकार र नेकपा (माओवादी) बीच सम्पन्न 'विस्तृत शान्ति सम्झौता' र मिति २०६३ मंसिर २२ गते सम्पन्न 'हतियार र सेनाको व्यवस्थापनको अनुगमनसम्बन्धी संझौता' अनुसूची ३ मा राखिएको छ ।

(४) यो संविधान सम्वत् दुईहजार त्रिसट्ठी साल ............. महिनाको ............ गते ....... बारदेखि प्रारम्भ हुनेछ ।

१६७. खारेजी: नेपाल अधिराज्यको संविधान, २०४७ खारेज गरिएको छ ।



अनुसूची-१
(धारा ६ सँग सम्बन्धित)
**राष्ट्रिय झन्डा**

(क) किनाराभित्रको आधार बनाउने तरिका

(१) एउटा सिम्रिक रङ्गको रातो कपडामा तल्लो भागमा चाहिएको जति लम्बाइको रेखा बायाँबाट दाहिनेतिर खिच्ने र यसलाई क ख नाम राख्ने ।

(२) क बाट सीधामाथि ग सम्म क ख को लम्बाइ जतिमा क ख कै तृतीयांश थप्दा जति हुन्छ त्यति लामो हुने गरी क ग रेखा खिच्ने । क ग मा क बाट क ख को लम्बाइ जति लिई घ चिन्हो लगाउने । ख र घ जोड्ने ।

(३) ख घ रेखामा ख बाट क ख जति लिई ङ चिन्हो लाउने ।

(४) ङ हुँदै क ख को समानान्तर पारेर क ग मा पर्ने विन्दु च बाट सुरु गरी दाहिनेतिर छ सम्म क ख को लम्बाई जति रेखा खिच्ने ।

(५) ग र छ लाई जोड्ने ।

(ख) चन्द्र बनाउने तरिका

(६) क ख को चतुर्थांश जति क बाट दाहिनेमा ज चिन्हो लाउने र त्यहाँबाट माथि क ग को समानान्तर पारेर ग छ लाई झ मा छुने रेखा खिच्ने ।

(७) ग च को आधार ञ बाट क ख को समानान्तर पारेर रेखा दायाातिर खिची ग छ लाई ट मा छुने ।

(८) ञ ट र ज झ रेखा काटिएको ठाउमा ठ चिन्हो राख्ने ।

(९) ञ र छ वोड्ने

(१०) ञ छ र ज झ काटिएको विन्दुमा ड चिन्हो लाउने ।

(११) ड लाई केन्द्र मानी ख घ रेखालाई न्यूनतम अन्तर पर्ने गरी स्पर्श गर्दा हुने जति दूरी पर्ने गरी ज झ रेखाको तल्लो भागमा ढ चिन्हो लगाउने ।

(१२) ड मा छोई क ख को समानान्तर रेखा बायाबाट दायाातिर खिच्ने र यसले क ग लाई छोएको विन्दुको नाम ण राख्ने ।

(१३) ठ केन्द्र लिएर ठ ढ व्यासार्द्धले तल्लो भागमा वृत्त खण्ड खिच्ने र ण ड बाट गएको रेखालाई यसले छोएको दुवै ठाउँमा क्रमश: त र थ नाम राख्ने ।

(१४) ड लाई केन्द्र मानी ड थ व्यासार्द्धले तल्लो भागमा अर्ध वृत्ताकार त थ लाई छुने गरी खिच्ने ।

(१५) ढ केन्द्र मानी ढ ड को व्यासार्द्धले त ढ थ वृत्त खण्डको दुवैतर्फ छुने गरी वृत्त खण्ड खिच्ने र यसले त ढ थ लाई छोएको विन्दुहरूको नाम क्रमश: द र ढ राख्ने । द ध लाई जोड्ने । द ढ र ज झ काटिएको विन्दुको नाम न राख्ने ।

(१६) न लाई केन्द्र मानेर व्यासार्द्ध न ध ले त ढ थ को माथिल्लो भागमा दुवै ठाउमा छुने गरी अर्ध वृत्ताकार खिच्ने ।

(१७) न लाई केन्द्र मानेर व्यासार्द्ध न ड ले त ढ थ को माथिल्लो भागमा दुवै ठाउँमा छुने गरी वृत्त खण्ड खिच्ने ।

(१८) यो अनुसूचीको नं. (१६) को अर्ध वृत्ताकार भित्र र नं. (१७) को वृत्त खण्ड बाहिर चन्द्रमाको आठवटा बराबरका कोण बनाउने ।

(ग) सूर्य बनाउने तरिका

*(१९)* *क च को आधा प बाट क ख को समानान्तर पारेर ख ङ मा छुने गरी प फ रेखा खिच्ने ।*

*(२०)* *ज झ र प फ काटिएको बिन्दु ब केन्द्र मानेर ड ढ को व्यासार्द्धले वृत्ताकार पूरा खिच्ने ।*

*(२१)* *ब लाई केन्द्र मनेर ठ ढ व्यासार्द्धले वृत्ताकार पूरा खिच्ने ।*

*(२२)* *यो अनुसूचीको नं. (२०) को वृत्ताकार बाहिर र यो अनुसूचीको नं. (२१) को वृत्ताकारभित्र परेको गोल घेराको बीच भागमा सूर्यको बाह्वटा बराबरका कोणहरू दुई चुच्चाहरूले ज .झ रेखामा छुने गरी बनाउने ।*

*(घ) किनारा बनाउने तरिका*

*(२३)* *न ढ को चौडाइ जति गाढा नीलो रङ्गको किनारा झण्डाको आकारको बाहिरी सबैतिरको सीमामा थप्ने, तर झन्डाको पाँच कोणहरूमा चाहिँ बाहिरी कोणहरू पनि भित्रै सरहका बनाउने ।*

*(२४)* *झन्डा डोरी लगाई प्रयोग गरेमा माथि बताइएकै पट्टि राख्ने । झन्डा लट्ठीमा घुसार्ने हो भने क ग पट्टि आवश्यक परे जति किनारा चौड्याउने । डोरी वा लट्ठीको प्रयोगमा क ग को पट्टिमा प्वाल राख्ने ।*

*स्पष्टीकरण: झण्डा बनाउँदा खिचिएका ज झ द ध, च ङ, ङ घ, ञ छ, ण थ, ञ ट र प फ रेखाहरू कल्पित हुन् । त्यस्तै सूर्यका बाहिरी र भित्री वृत्ताकारहरू तथा खुर्पे चन्द्रबाहेक अरू वृत्त खण्ड पनि कल्पित हुन् । यिनलाई खण्डमा देखाइँदैन ।*

*अनुसूची-२*
*धारा १६७ को उपधारा (२) सँग सम्बन्धित*

*मिति २०६३ साल मङ्सिर ५ गते नेपाल सरकार र नेकपा (माओवादी) बीच सम्पन्न 'विस्तृत शान्ति सम्झौता' र मंसिर २२ गते सम्पन्न 'हतियार तथा सेनाको व्यवस्थापनको अनुगमन सम्बन्धी संझौता' बमोजिम हतियारको व्यवस्थापन र अनुगमन सुरु भएपछि प्रतिनिधि सभाद्वारा यो संविधान जारी हुनेछ र अन्तरिम व्यवस्थापिका-संसदद्वारा अनुमोदन हुनेछ ।*

◆◆



# संविधानसभा निर्वाचन र चुनौतीहरू

■ अवधारणा : विश्वमान श्रेष्ठ
■ टिप्पणी : सूर्यप्रसाद श्रेष्ठ/प्रा.डा. वीरेन्द्र मिश्र

संविधानसभामा जाने राष्ट्रिय अठोटलाई कार्यान्वयन गर्न यसको संरचना र प्रक्रियामा राजनीतिक वार्ता केन्द्रित छ । यसै क्रममा निर्वाचन आयोगलाई पूर्णता दिने काम पनि भइरहेको थियो ।

यस पृष्ठभूमिमा संविधानसभा निर्वाचन र चुनौतीहरू के होलान, तिनलाई कसरी समाधान गर्न सकिएला भन्ने बहस सान्दर्भिक ठानेर २६ कात्तिक २०६३ (१२ नोभेम्बर २००६) का दिन बबरमहलस्थित साप फल्चामा शृङ्खला-२० अन्तर्गत **संविधानसभा निर्वाचन र चुनौतीहरू** विषयमा बहस सम्पन्न भएको थियो । यो बहसमा निर्वाचन आयोगका पदाधिकारीहरू, राजनीतिक दलका प्रतिनिधिहरू र निर्वाचन विज्ञहरू सामेल हुनुहुन्छ । निर्वाचनको सैद्धान्तिक संरचना, संविधानसभाको निर्वाचनका सन्दर्भमा ध्यान दिनुपर्ने पक्षहरु तथा निर्वाचन सम्पन्न गर्न आयोगसामु रहेका चुनौतीहरुलाई व्यावहारिक रुपमा केलाउने प्रयास यस बहसमा गरिएको छ ।



## *प्रारम्भ*

**बहस प्रारम्भ गर्दै सहजकर्ता तारानाथ दाहाल**

फ्रिडम फोरमको छलफल कार्यक्रममा निम्तो स्वीकार गरेर आउनुभएका सबै अतिथि महानुभावहरू, सञ्चारकर्मी साथीहरूलाई स्वागत गर्दछु। आजको छलफलमा हामीले निर्वाचनका अनुभवी र निर्वाचनसम्बन्धी जिम्मेवारी पाइरहनु भएका र लड्नु पर्नेहरू गरी ३० जना व्यक्तित्वलाई बोलाएका छौं ।

६ बुँदे सहमतिपछि मुलुक औपचारिक रूपमा संविधानसभामा प्रवेश गरिसकेको छ। संविधानसभाको निर्वाचनको राजनीतिक आधार र स्वरूप कस्तो हुने भन्ने टुंगो पनि लागिसकेको छ। त्यसका प्राविधिक, कानुनी पक्ष र तयारीका सन्दर्भ हाम्रो अगाडि छ। तर संविधानसभाको निर्वाचन त्यति सहज छैन। ती सबै सेरोफेरोलाई सहजतापूर्वक लिएर अगाडि जाने हो भने राष्ट्रिय लक्ष्य नै दुर्घटनामा पर्न सक्ने खतरालाई ध्यानमा राख्दै अहिलेदेखि नै निर्वाचनका चुनौतीलाई गम्भीरताका साथ लिनु पर्दछ। यो छलफलबाट संविधानसभाको निर्वाचनका लागि अगाडि बढिरहेको निर्वाचन आयोगलाई थोरै भए पनि मद्दत पुगोस् भन्ने हाम्रो इच्छा हो। त्यसै गरी निर्वाचनमा जानुपर्ने राजनीतिक दललाई पनि मद्दत पुगोस् भन्ने हाम्रो दोस्रो उद्देश्य या इच्छा भएकैले हामीले यो छलफल आयोजना गरेका हौं। प्रमुख निर्वाचन आयुक्त पनि आउँदै हुनुहुन्छ, उहाँ दुखद् सन्दर्भमा परेकाले केही ढिला हुनुभएको हो। त्यसैगरी राजनीतिक दलका प्रतिनिधि साथीहरूको पनि उपस्थितिको अपेक्षा गरिरहेका छौं, जसले निर्वाचनको क्षेत्र हेर्नुहुन्छ या यसप्रति इच्छा राख्नुहुन्छ। आजको सरोकारमा विगतमा निर्वाचनको अनुभव हासिल गर्नुभएका आयुक्तहरू, पूर्व प्रमुख निर्वाचन आयुक्त सूर्यप्रसाद श्रेष्ठ, नवनियुक्त निर्वाचन आयुक्त, आयोगका पदाधिकारीहरू हामी माझ हुनुहुन्छ। केही समयदेखि संविधानसभा र यसको निर्वाचनका बारेमा अध्ययन गरिरहेको पक्ष पनि यहाँ छौं, विभिन्न संघसंस्थाको प्रतिनिधिका रूपमा। यहाँ आउने विचारले चुनौतीहरू केलाउन मद्दत पुग्ने विश्वास हामीले लिएका छौं ।

आजको छलफल सहज होस् भनेर निर्वाचन आयोगका पूर्व आयुक्त विश्वमान श्रेष्ठलाई अवधारणा प्रस्तुत गर्न अनुरोध गरेका छौं, उहाँको अवधारणा यहाँहरूको हातमा परिसकेकै छ। अब आजको छलफल अगाडि बढाई दिन विश्वमान सरलाई हार्दिक अनुरोध गर्दछु।

◆◆

***अवधारणा***

# *संविधानसभा निर्वाचन र चुनौतीहरू*

■ *विश्वमान श्रेष्ठ*

**१. भूमिका**

- लोकतान्त्रिक व्यवस्थामा निर्वाचन एउटा यस्तो प्रक्रिया हो, जसबाट जनतामा रहेको आफ्नो सर्वभौमशक्ति आफूले चुनेको प्रतिनिधिलाई हस्तान्तरण हुने गर्दछ । त्यसकारण लोकतन्त्रमा निर्वाचन, राजनीतिक व्यवस्थाको मेरुदण्डको रूपमा मानिने गरेको छ ।
- नेपालमा हालै भएको १९ दिने जनआन्दोलन-२ सफलतापूर्वक सम्पन्न भएपछि आम नेपालीले विगत १२ वर्षदेखि जनयुद्धको नाममा विद्रोहमा रहेका नेकपा ( माओवादी) बाट सञ्चालित हिंसात्मक द्वन्द्वबाट देशमा शान्ति सुरक्षा, राजनीतिक, आर्थिक, सामाजिक व्यवस्था अस्तव्यस्त रहेको स्थिति अन्त भई स्थायी शान्तिको चाहना राखेका छन् ।
- त्यस्तै सदियौंदेखि शोषित, पीडित, पिछडिएका आदवासी जनजाति, दलित, महिला, निश्चित क्षेत्रका बासिन्दाहरूले राज्यको पुनःसंरचनाबाट भविष्यमा समावेशी लोकतान्त्रिक राज्य स्थापना हुने आशा राखेका छन् ।
- संसद्वादी सात राजनीतिक दल र नेकपा (माओवादी) बीच भएको १२ बुँदे समझदारी पत्र, २०६२ चैत ६ गते भएको दोस्रो समझदारी र २०६३ असार २ मा भएको ८ बुँदे सहमतिअनुसार शान्ति र लोकतन्त्रको स्थापना तथा निरंकुशतन्त्रको अन्त गरी प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, प्रेस स्वतन्त्रता र कानुनी राज्यको अवधारणासहित लोकतान्त्रिक मूल्य र मान्यताप्रति प्रतिबद्धता व्यक्त गर्दै संविधानसभाको निर्वाचन गराउने र सो निर्वाचन स्वतन्त्र तथा निष्पक्ष बनाउन कुनै डर, धाक-धम्की र हिंसाको प्रभावबिना दुवै पक्षको सेना र हतियार व्यवस्थापन गर्ने र साथै संविधानसभाको निर्वाचनमार्फत वर्गीय, जातीय, क्षेत्रीय लैङ्गिक लगायतका समस्याहरूको समाधान गर्ने गरी राज्यको पुनःसंरचना गर्नेजस्ता विषयहरूमा प्रतिबद्धता व्यक्त गरी सहमति भएको छ ।

जनआन्दोलन-२ पछि पुनःस्थापित प्रतिनिधिसभाको २०६३ वैशाख १७ गतेको बैठकबाट संविधानसभाको निर्वाचन गराई संविधान निर्माण गर्ने प्रस्ताव पनि पारित भइसकेको छ ।

- यसप्रकार राज्य सञ्चालन गर्ने मूल कानुन संविधानको निर्माण सार्वभौम जनता आफैंले चुनेका आफ्ना प्रतिनिधिबाट हुने भएकाले संविधानप्रति जनताको आफ्नो स्वामित्वको अनुभूतिसमेत हुने भएको हुँदा अहिले संविधानसभाको निर्वाचन मुलुकको साझा एजेन्डा बनेको छ ।



**२. संविधानसभाको निर्वाचन**

संविधानसभाको निर्वाचन राष्ट्रले अठोट गरिसकेको विषय भए तापनि नेपालमा यो पहिलोपटक हुन गइरहेकाले नौलो विषय पनि बनेको छ । हुन त संविधानसभाको निर्वाचन कुनै पनि देशमा आवधिक रूपमा बारम्बार भइरहने नभई लामो अन्तरालमा कहिलेकाहीँ मात्र हुने कुरा हो । त्यसकारण देशको भौगोलिक, सामाजिक अवस्था, नागरिकको जागरुकताको स्तर, विगतका आवधिक निर्वाचनहरूको अनुभव र विश्वका अन्य देशहरूको अनुभव आदि विभिन्न पक्षबारे गम्भीरतापूर्वक अध्ययन गरेपछि सबै सम्बन्धित पक्षहरूको सहमतिबाट आमजनताको चाहनाअनुरूप भविष्यमा दिगो शान्ति हुने, सबै वर्ग, समुदायले समावेश भएको अनुभूति हुने गरी देशलाई उपयुक्त हुने किसिमका व्यवस्था हुने गरी संविधान निर्माण गर्न संविधानसभाको निर्वाचन गराउनुपर्ने हुन्छ ।

जनआन्दोलन-२ सफलतापूर्वक सम्पन्न भएको ६ महिना बितिसक्दा पनि सात राजनीतिक दर र नेकपा (माओवादी) बीच सुरु भएको शान्ति वार्ता लामो अवधिसम्म निष्कर्षमा पुग्न नसके तापनि कात्तिक २२ गते मात्र विभिन्न राष्ट्रिय महत्वपूर्ण विषयहरूमा सहमति भएकोमा सम्पूर्ण देशवासीहरूले ऐतिहासिक उपलब्धिको रूपमा लिई सो कार्यान्वयनबाट स्थायी शान्तिको आशा राखेका छन् ।

उक्त शिखर बैठकको सहमतिअनुसार संविधानसभाको निर्वाचन २०६४ साल जेठ महिनासम्ममा सम्पन्न गर्ने निश्चित गरिएको छ । सो निर्वाचन मिश्रित निर्वाचन प्रणालीअनुसार हुने गरी २०५ सदस्य, उम्मेदवारलाई मत दिने 'पहिलो निर्वाचित हुने' प्रणालीअनुसार र २०४ सदस्य पार्टीलाई मत दिने 'समानुपातिक निर्वाचन प्रणाली' अनुसार हुने सहमति भएको छ । त्यस्तै समानुपातिक प्रतिनिधित्व प्रणालीअन्तर्गत दलहरूले उम्मेदवारको सूचीकृत गर्दा उत्पीडित जाति, क्षेत्र, मधेसी, महिला दलितलगायत अन्य वर्गसमेत रहने व्यवस्था उक्त सहमतिमा उल्लेख छ । साथै राष्ट्रिय जीवनका महत्वपूर्ण व्यक्तिहरूमध्ये १६ जना मनोनीत हुने गरी जम्मा ४ सय २५ जना सदस्य रहने संविधानसभा कायम रहने सहमति भएको छ ।

उपर्युक्त बमोजिम निर्वाचन प्रणाली तथा संविधानसभा संरचनासम्बन्धी नीतिगत विषयहरूमा अरू छलफल गर्न आवश्यक देखिँदैन । विश्वमा विद्यमान विभिन्न निर्वाचन प्रणालीमा केही गुण तथा दोष रहने नै हुँदा कुनै एक निर्वाचन प्रणाली सबै ठाउँको लागि उपयुक्त हुन्छ भन्न पनि सकिँदैन । त्यसकारण आ-आफ्नो देशको विद्यमान अवस्थानुसार जुन उद्देश्यको लागि निर्वाचन हुन लागेको हो सो उद्देश्य पूरा हुने गरी उपयुक्त प्रणाली रोज्ने गरिन्छ । फ्रिडम फोरमले 'संविधानसभाको संरचना र निर्वाचन पद्धति' बारे गरिएको विस्तृत अध्ययन प्रतिवेदनमा उल्लेख भएको सुझावहरू पनि उपयुक्त थियो भन्ने उल्लेखसम्म गर्न चाहन्छु । संविधानसभाको निर्वाचनको सन्दर्भमा उक्त प्रतिवेदन अन्य विषयहरूको लागि पनि उपयोगी हुने देख्दछु ।

**३. संविधानसभाको निर्वाचनसम्बन्धी चुनौतीहरू**

संविधानसभाको निर्वाचन देशको शासन सञ्चालनको लागि नभई दीर्घकालीन शासकीय पद्धतिको निर्माण गर्नको निमित्त नयाँ संविधान बनाउन प्रतिनिधि छान्नको लागि कहिलेकाहीँ मात्र हुने हुँदा यसको महत्व र संवेदनशीलता अन्य आवधिक चुनावभन्दा फरक हुन्छ। हामीलाई विगतमा प्रतिनिधिसभा सदस्य र स्थानीय निकायको बहुमत (पहिलो हुने निर्वाचित हुने) निर्वाचन प्रणाली र राष्ट्रियसभाको सीमित सदस्य (३५ जना) संख्याको समानुपातिक प्रतिनिधित्व प्रणाली (एकल संक्रमणीय मतको आधारणमा हुने) को मात्र अनुभव छ। साथै देशको विद्यमान संविधान तथा ऐन कानुनहरूमा सोहीअनुसार रहेको छ। अब हुने संविधानसभाको निर्वाचन मिश्रित प्रणालीअनुसार हुने नीति निश्चित भएको हुँदा सो सम्बन्धी संवैधानिक, कानुनी व्यवस्थाको साथै निर्वाचनसम्बन्धी अन्य सम्पूर्ण व्यवस्थाहरू मिलाई ६/७ महिनाभित्रै निर्वाचन सम्पन्न गर्नु ठूलो चुनौतीको रूपमा रहेको छ। यो चुनौती केवल निर्वाचन आयोगले मात्र पूरा गर्न नसक्ने हुँदा सिंगो राष्ट्र नै संलग्न भई सम्पन्न गर्नु पर्ने अवस्था छ।

आगामी संविधानसभा निर्वाचनको लागि अब गर्नुपर्ने प्रमुख कानुनी तथा व्यवस्थापकीय विषयहरूबारे बुँदागत रूपमा छलफलको लागि निम्नबमोजिम उल्लेख गरिएको छ।

**(१) अन्तरिम संविधानमा गर्नुपर्ने व्यवस्थाहरू**

लोकतान्त्रिक व्यवस्थामा कानुनी राज्यको अवधारणाअनुरूप देशको राज्य सञ्चालनको लागि संवैधानिक तथा कानुनी आधारबिना कुनै पनि कार्य सञ्चालन हुन नसक्ने हुन्छ। अन्तरिम संविधान जारी नहुन्जेल कुनै पनि कार्य कानुनीरूपले अघि बढाउन नसकिने हुँदा यथाशीघ्र सो कार्य हुनुपर्ने छ। यही कात्तिक २२ गतेको सहमतिअनुसार मंसिर १० गते अन्तरिम संविधान जारी हुने भनिएको हुँदा सो मा संविधानसभा निर्वाचन सम्बन्धमा समावेश गर्नुपर्ने मुख्य बुँदाहरू निम्नबमोजिम छन्।

*(क) निर्वाचन पद्धति - नीति निश्चित भएअनुसार समावेश गर्ने।*

*(ख) संविधानसभको संरचना- सदस्य संख्या तथा समावेशीकरणको आधार (केही विस्तृत र स्पष्ट गरी) निश्चित भएको नीतिअनुसार राख्ने।*

*(ग) निर्वाचन आयोग- आयोगको काममा संविधानसभाको निर्वाचन गर्ने काम पनि समावेश गर्ने। प्रमुख आयुक्त र आयुक्तको नियुक्ति अन्तरिम संविधान लागू हुनुभन्दा पहिले भएकोमा नियुक्तिलाई मान्यता दिने व्यवस्था गर्ने।*

*(घ) मतदाताको उमेर- विद्यमान व्यवस्थामा १८ वर्ष रहेकोमा सहमतिमा पनि १८ वर्ष नै रहेको हुँदा सोहीअनुसार राख्ने।*

*(ङ) निर्वाचन अदालत- निर्वाचन आयोगसम्बन्धी परिच्छेदमा (हाल यो व्यवस्थामा निर्वाचनसम्बन्धी उजुरी तोकिएको अदालतबाट हेर्ने व्यवस्था रहेकोमा पुनरावेदन अदालतको न्यायाधीशलाई तोकिने गरिएकोमा) संविधानसभा निर्वाचनसम्बन्धी उजुरी हेर्न सर्वोच्च अदालतमा छुट्टै बेन्च कायम गरी हेर्ने व्यवस्था बढी उपयुक्त हुनेछ। अथवा यही २२ गते भएको सहमतिमा संवैधानिक अदालत गठन गर्ने कुरा उल्लेख भएको हुँदा निर्वाचनसम्बन्धी उजुरी पनि सोही अदालतबाट हेर्ने व्यवस्था पनि गर्न सकिन्छ।*



*(च) राजनीतिक संगठनहरू- बहुदलीय प्रजातान्त्रिक व्यवस्थामा कुनै पनि निकायको जस्तोसुकै प्रणालीबाट निर्वाचन गर्दा पनि राजनीतिक दल वा दलको उम्मेदवारलाई मतदाताले आफ्नो मताधिकार प्रयोग गरी आफ्नो सार्वभौम शक्ति आफूले रोजेको राजनीतिक दल वा दलका प्रतिनिधिलाई हस्तान्तरण गर्ने हुँदा राजनीतिक संगठनहरूको भूमिका सर्वोपरि रहेको हुन्छ। त्यसकारण राजनीतिक संगठनहरूबारे अन्तरिम संविधानमा व्यवस्था गर्दा विगतको अनुभवलाई दृष्टिगत गरी देशवासीले त्यस्ता संगठनलाई सदैव विश्वास गर्ने किसिमका व्यवस्थाहरू जस्तै- दलहरू भित्रका सबै किसिमका काममा बढी प्रजातान्त्रिक हुने, विभिन्न वर्ग, जात, जाति, समुदाय, क्षेत्रको समावेशीकरण हुने (हाल महिलाको लागि ५ प्रतिशत रहेकोलाई बढाउने) तथा निर्णय प्रक्रिया र आम्दानी खर्चमा पारदर्शिता हुनेजस्ता विषय स्पष्टता साथ उल्लेख गर्न आवश्यक छ। (अन्तरिम संविधानमा सबै कुरा राख्न नसकिएमा राजनीतिक दलसम्बन्धी ऐनमा समावेश गर्न उपयुक्त हुनेछ।)*

साथै राजनीतिक संगठनहरू दर्ता गर्ने र मान्यता प्राप्त गर्ने विद्यमान व्यवस्थाबारे पनि पुनर्विचार गर्न आवश्यक छ। नामको लागि मात्र राजनीतिक संगठन दर्ता गर्ने मनोवृत्तिलाई अन्त गर्ने गरी निश्चित आधार (जस्तै सदस्य, संख्या, संगठन रहेको क्षेत्र संख्या) कायम गरी दर्ता गर्ने व्यवस्था गर्न उपयुक्त हुनेछ। त्यस्तै राजनीतिक दलले मान्यता प्राप्त गर्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा खसेको मतको ३ प्रतिशत मत प्राप्त गरेको हुनुपर्ने वर्तमान व्यवस्थाको सम्बन्धमा पनि मत संख्यालाई मात्र आधार नमानी सोको साथै अरू आधार जस्तै निर्वाचनमा उठाएको उम्मेदवार संख्या, संगठन विस्तारको क्षेत्र वा जिल्ला संख्या, सदस्यहरूको समावेशीकरणको स्थिति आदि समेतको आधारमा मान्यता दिने व्यवस्था गरिएकोमा बढी उपयुक्त हुनेछ।

**(२) ऐन कानुनसम्बन्धी व्यवस्था**

संविधानसभा निर्वाचनसम्बन्धी हाल कुनै ऐन कानुन नभएको र सबै व्यवस्थाहरू अन्तरिम संविधानमा समावेश गर्न नसकिने र उपयुक्त पनि नहुने हुँदा निर्वाचनलाई पारदर्शी, सर्वमान्य तथा सफलतापूर्वक कार्यान्वयन गराउन निर्वाचनसम्बन्धी विभिन्न ऐन कानुन निर्माण गर्नुपर्ने हुन्छ। यस सम्बन्धमा केही ऐन नयाँ नै बनाउनुपर्ने हुन्छ भने केही हाल भइरहेको ऐनमा व्यापक परिमार्जन तथा आवश्यकतानुसार संशोधन गर्ने व्यवस्था पनि गर्नुपर्ने देखिन्छ। जो निम्न प्रकारका छन्-

*(क) संविधानसभा सदस्य निर्वाचन ऐन- यो ऐन नयाँ नै बनाउनुपर्ने हुन्छ। यस ऐनमा मुख्य रूपले संविधानले तोकेको निर्वाचन प्रणालीअनुसार निर्वाचित हुने प्रक्रिया, उम्मेदवारको योग्यता, अयोग्यता, निर्वाचन अधिकृत, मतदान अधिकृतको नियुक्ति, निर्वाचन कार्यक्रमसम्बन्धी व्यवस्था, निर्वाचन चिह्न, मतदानकेन्द्र, मतपत्र,*

*मतपेटिका, मतगणनासम्बन्धी व्यवस्था समावेश गर्नुपर्ने हुन्छ। साथै मिश्रित प्रणालीअन्तर्गत समानुपातिक प्रतिनिधित्व प्रणालीअनुसार हुने निर्वाचनको मतपत्र, मतगणनासम्बन्धी तथा शेष मत हस्तान्तरण गर्ने सम्बन्धी व्यवस्था सो ऐनमा स्पष्ट हुन आवश्यक छ।*

*हालको प्रतिनिधिसभा सदस्य निर्वाचन ऐनमा निर्वाचनमा भाग लिने दलहरूले प्रत्येक पटक निर्वाचन हुँदा आयोगले सूचना प्रकाशित गरेको आधारमा दर्ता गराउने व्यवस्था रहेको छ। राजनीतिक दलसम्बन्धी छुट्टै ऐन पनि २०५७ सालमा बनिसकेको हुँदा दलसम्बन्धी सबै व्यवस्था एउटै ऐनमा गर्न उपयुक्त हुने हुँदा सोही ऐनमा दर्तासम्बन्धी व्यवस्था गर्न उपयुक्त हुनेछ।*

*(ख) निर्वाचन आयोग ऐन २०४९ र निर्वाचन (अपराध सजाय) ऐन २०४७ मा 'निर्वाचन' भन्ने शब्दको परिभाषामा संविधानसभाको निर्वाचनसमेतलाई समावेश गरी संशोधन गरे पुग्ने देखिन्छ। अरू आवश्यक भएका विषय भए समावेश गर्न सकिने नै देखिन्छ।*

*(ग) मतदाता नामावलीसम्बन्धी ऐन २०५२- यस ऐनको व्यवस्थाअनुसार नाम संकलन गर्ने, प्रकाशित गर्ने, छुट् भएको नाम तथा विवरण गल्ती भए सच्याउन दरखास्त लिने, जाँचबुझ गरी पुनः नामावली प्रकाशन गर्ने, सोमा विरोध वा दोहोरो नाम भए उजुरी लिई जाँचबुझ गरी नाम हटाई अन्तिम नामावली पुनः प्रकाशित गर्नेजस्ता प्रजातान्त्रिक मान्यता अनुरूप प्रक्रिया पुऱ्याई काम सम्पन्न गर्न वैशाखदेखि साउन मसान्तसम्म ४ महिनाको अवधि नै किटान गरिएको हुँदा, हालको निर्वाचनको सम्बन्धमा लागू गर्न नसकिने र मतदाता परिचयपत्रसम्बन्धी विद्यमान अवस्थामा लागू गर्न उपयुक्त नभएको हुँदा सो कुरा नराखी मतदाता नामावली संकलन गर्ने व्यवस्थाका सबै प्रक्रिया पुऱ्याउने र समयावधि हटाई छुट्टै ऐन बनाई कार्य सञ्चालन गर्न उपयुक्त हुनेछ।*

*(घ) राजनीतिक दल सम्बन्धी ऐन-२०५८ माथि दफा ३ (१)को (च) मा उल्लेख भएअनुसार राजनीतिक संगठनबारे (बढी प्रजातान्त्रिक हुने, समावेशीकरण, आम्दानी खर्च पारदर्शिता हुने सदस्य संख्या, संगठन रहने न्यून्तम क्षेत्र वा जिल्ला संख्या, उठाउनुपर्ने उम्मेदवार संख्या आदि) अन्तरिम संविधानमा समावेश हुन नसकेका विषयहरू यस ऐनमा समावेश गराउन सकिन्छ। दर्तासम्बन्धी व्यवस्था यस ऐनमा पनि रहेकोमा निर्वाचनमा भाग लिँदा आयोगमा अनिवार्य जानकारी गराउने व्यवस्था राखे पुग्ने देखिन्छ। संविधानसभाको निर्वाचनको क्रममा मिश्रित प्रणालीअन्तर्गत समानुपातिक प्रतिनिधित्व प्रणालीबाट निर्वाचित हुने उम्मेदवारहरूको सूची बनाउँदा उत्पीडित जाति, क्षेत्र, मधेसी, महिला, दलितको लागि आधारहरू निश्चित गर्ने, यदि त्यस्तो उम्मेदवारको मृत्यु, दल त्याग, निष्काशनजस्ता कारणले रिक्त भएमा वैकल्पिक उम्मेदवारहरूको सूची निर्धारणजस्ता व्यवस्था पनि यस ऐनमा व्यवस्था गर्न आवश्यक छ। साथै विभिन्न दलको गठबन्धन गरी निर्वाचनमा भाग लिने किसिमका व्यवस्थाहरू पनि उक्त ऐनमा राख्न उपयुक्त हुनेछ।*

*(ङ) दल त्याग ऐन २०५४- यसमा पनि प्रतिनिधिसभा सदस्यको सम्बन्धमा मात्र व्यवस्था गरिएको हुँदा संविधानसभा सदस्यको सम्बन्धमा लागू हुने गरी सो ऐन*



*व्यवस्था गरी संशोधन गर्नुपर्ने हुन्छ वा दल त्याग ऐनमा भएका व्यवस्थाहरू पनि राजनीतिक दलसम्बन्धी ऐनमा नै समावेश गर्न पनि उपयुक्त हुनेछ।*

*उक्त बमोजिम ऐन बनाउने वा संशोधन गर्नको लागि अन्तरिम संविधान जारी नभएसम्म गर्न नसकिने हुँदा त्यतिन्जेल निर्वाचन आयोग र सरकारतर्फका सम्बन्धित मन्त्रालय कर्मचारीहरूबाट मस्यौदाहरू तयार गर्ने काम गर्न सकिन्छ। अथवा निर्वाचन कानुनसम्बन्धी विज्ञहरूको एउटा छुट्टै टोलीबाट यस्तो काम गराउने व्यवस्था गर्न पनि उपयुक्त हुनेछ।  तर विधेयक बनाई मन्त्रिपरिषद्बाट स्वीकृति लिई सदनमा पेस गरी पारित हुन  दुई अढाई महिनासम्म लाग्न सक्ने हुँदा कसरी कम से कम समयमा सो काम हुन सक्छ, त्यसतर्फ अहिलेदेखि नै विचार पुऱ्याउनु आवश्यक छ।*

### (३) मतदाता नामावली

मतदाता नामावली अद्यावधिकरूपले व्यवस्थित गर्नु निर्वाचनको लागि प्रमुख सर्तको रूप मान्नुपर्ने हुन्छ। नेपालमा मतदाता नामावलीसम्बन्धी ऐन २०५२ मा बनेपछि प्रत्येक वर्ष मतदाताको नाम अद्यावधिक गर्ने कानुनी व्यवस्था भए पनि देशमा भएको द्वन्द्वको कारणले केही वर्षदेखि (खास गरी २०५६ सालपछि) त्यति प्रभावकारी रूपले सम्पन्न हुन सकेको छैन। निर्वाचन आयोगबाट प्रकाशित तथ्याङ्कअनुसार २०४८ को निर्वाचनमा मतदाताको संख्या १,११,९१,७७७,०५१ थियो भने २०५१ सालमा १,२३,२७,३२९, तथा  २०५६ सालको निर्वाचनमा (०५४ सालको मतदाता नामावलीअनुसार भएको ) मतदाता संख्या १,३५,१८,८३९ रहेको देखिन्छ। उक्त तथ्याङ्कबाट प्रतिवर्ष सरदर ३.५ प्रतिशतले मतदाता संख्या वृद्धि भएको देखिन्छ। तर त्यसपछि ०५६ सालमा १,४३,५९,८२४ र २०६१ सालमा १,५१,२७,१९८ पुगी ५ वर्षको अवधिमा जम्मा ७,६७,३७४ मतदाता संख्या बढी, प्रतिवर्ष १,५३,४७५ वृद्धि भई औसत करिब १ प्रतिशतले मात्र वृद्धि भएको हुँदा हाल कायम रहेको मतदाता संख्या वास्तबिकभन्दा कम छ भन्ने स्पष्ट हुन्छ। त्यसकारण मतदाता नामावली संकलन गर्ने कार्य पुनः गर्नु आवश्यक छ।

मतदाताको उमेरको सम्बन्धमा १६ हुनुपर्ने भन्ने धेरै जसोको भावना रहे तापनि विद्यमान व्यवस्थानुसार नै १८ वर्ष नै गर्ने भनी नीतिगत सहमति भइसकेको हुँदा सो विषय अरू छलफल गर्न आवश्यक देखिएन।

विदेशमा रहेका नेपाली नागरिकहरूलाई संविधानसभाको जस्तो महत्वपूर्ण निर्वाचनमा सहभागी गराउन जुनसुकै दृष्टिले पनि उपयुक्त हुन्छ। कार्यान्वयनमा भने अवश्य नै केही कठिनाई भने हुन्छ। यस विषयमा भने हालसम्म निष्कर्षमा पुगिनसकेको अवस्था हुँदा सोबारे छलफल हुन उपयुक्त ठान्दछु। भारतबाहेक अरू देशमा रहेका नेपाली नागरिकलाई मतदाता नामावलीमा समावेश गर्न पासपोर्टको आधारमा नेपाली राजदूतावास वा कन्सुलर अफिसमार्फत संकलन गर्ने व्यवस्थाबारे अन्तर्राष्ट्रियस्तरमा सार्वजनिक सूचना प्रकाशित गरी सोको आधारमा जति सम्भव हुन्छ वा इच्छुक व्यक्तिहरूको नाम समावेश गर्न अपनाउनु पर्ने प्रक्रिया अपनाई व्यवस्था मिलाउन सकिन्छ। भारतमा रहेका नेपालीको संख्या धेरै रहेको र

आधिकारिक कागजपत्र (राहदानी वा नागरिकता प्रमाणपत्र) नहुनेको संख्या बढी हुने देखिन्छ। तापनि नेपालीहरूको संख्या बढी भएको भारतका मुख्य सहरहरूमा सार्वजनिक सूचना प्रकाशित गरी पासपोर्ट वा नागरिकता प्रमाणपत्र नभएका सम्बन्धमा नेपालभित्र स्थायी बसोबास गर्ने व्यक्ति हो भन्ने अन्य कुनै आधिकारिक लिखित प्रमाण छ भने सो आधारमा पनि सम्भव भएसम्मका इच्छुक व्यक्तिहरूको नाम सकलन गरी, प्रक्रिया पूरा गरी मतदाता नामावलीमा समावेश गर्न सकिन्छ। समय सीमित रहेको अवस्थामा उक्त व्यवस्था लागू गर्ने हो भने छिटो निर्णय गरी यस्तो कार्यमा अनुभव भएको संयुक्त राष्ट्र संघ तथा अन्य संस्थाबाट सहयोग लिई कार्य अघि बढाउन सकिन्छ।

**● नागरिकतासम्बन्धी**

नागरिकतासम्बन्धी विषय पनि संविधानसभाको निर्वाचनको क्रममा चर्चा चलिरहेको विषय भएको र २०६३ साल कात्तिक २२ गतेको सहमतिअनुसार पनि उक्त निर्वाचन अगावै नागरिकताको प्रमाणपत्र वितरण गरी सक्ने कुरा उल्लेख छ। सरकारले छुट्टै विशेष कार्यक्रम सञ्चालन गरी गर्न सकिएमा राम्रो हो र मतदाता नामावली सकंलनसम्बन्धी कार्यलाई उपयोगी नै हुनेछ। तर समस्याको आकार हेर्दा सीमित समयमा सम्पन्न गर्न कत्तिको सम्भव होला विचारणीय छ। निर्वाचनको क्रममा मतदाता नामावलीमा नाम समावेश गर्न नागरिकता प्रमाणपत्र मुख्य आधार रहे तापनि सो नभए पनि मतदातासँग अन्य लिखित आधार भएका नाम समावेश गर्न सकिने तथा पहिले नै मतदाता नामावली नाम भएकाले मताधिकार प्रयोग गर्न सकिने नै हुँदा मतदाता नामावली संकलन गर्ने कार्यक्रम सञ्चालन हुँदा सक्रिय रही सोमा आफ्नो नाम समावेश गराउनेतर्फ बढी सक्रिय बनाउनु पर्नेतर्फ बढी ध्यान जान उपयुक्त हुनेछ।

**● मतदात परिचयपत्र**

मतदात परिचयपत्रसम्बन्धी वर्तमान कानुनी व्यवस्थाअनुसार सो व्यवस्था लागू भएको क्षेत्रमा मतदाताले मतदान गर्दा मतदाता परिचयपत्र अनिवार्य रूपले हुनुपर्ने व्यवस्था रहेको छ। विगतमा परिचयपत्र वितरणसम्बन्धी कार्य प्रभावकारी रूपले कार्यान्वयन हुनु नसकेको हुँदा संविधानसभाको निर्वाचनको सो व्यवस्था लागू गर्दा समस्याहरू उत्पन्न हुने अवस्था गरेकाले सो व्यवस्था स्थगित गर्न उपयुक्त हुनेछ। तर मतदातासम्बन्धी विवाद परेमा नागरिकताको प्रमाणपत्र वा आधिकारिक संस्थाको परिचयपत्र प्रमाणको रूपमा प्रयोग गर्न सकिने व्यवस्था गर्न उपयुक्त हुनेछ।

**● आन्तरिक विस्थापितसम्बन्धी व्यवस्था**

हिंसात्मक द्वन्द्वको कारणले देशमा आन्तरिक विस्थापितको संख्या पनि निकै रहेको र उनीहरूको नाम मतदाता नामावलीमा समावेश गर्ने र मतदाता गर्न पाउने व्यवस्थाबारे पनि चर्चा चलिरहने गरेको छ। यस सम्बन्धमा हालै २०६३ कात्तिक २२



मा शिखर शान्ति वार्ता सफलतापूर्वक सम्पन्न भइसकेको र विस्तृत शान्ति सम्झौता पनि यही कात्तिक ३० गते गर्ने सहमति पनि भएको हुँदा (सो बृहत् शान्तिसम्झौता मंसिर ५ मा भयो) त्यस्ता व्यक्तिहरू आ-आफ्नो स्थानमा फर्किने र विस्थापितलाई निश्चित ठाउँ राख्ने व्यवस्थाबाट सो समस्या समाधान हुनेछ भन्ने आशा गर्न सकिन्छ। साथै सम्बन्धित पक्षहरूबाट सहमतिअनुसार वातावरण बनाई कार्यान्वयन पनि गर्नुपर्दछ।

**● लाग्ने अवधि**

मतदाता नामावली अद्यावधिक गर्ने काम निर्वाचन आयोगको लागि चुनौतीपूर्ण रहेको छ। हालको कानुनी व्यवस्थाअनुसार प्रजातान्त्रिक मान्यताअनुसार प्रक्रिया पुऱ्याई कार्य सम्पन्न गर्न वैशाखदेखि साउन मसान्तसम्म ४ महिनाको कार्यक्रम रहने गरेको छ। हाल विद्यमान तोकिएको महिनामा गर्ने भन्ने व्यवस्था र प्रक्रियामा लाग्ने अवधिलाई केही छोट्याई ( माथि उल्लेख भएअनुसार ऐन संशोधनद्वारा) छुट्टै थप कर्मचारीको व्यवस्था गरी जिल्लादेखि गाउँ, वडा स्तरसम्म राजनीतिक संगठनहरूको पनि सहयोग लिने संयन्त्र पनि बनाई अभियानको रूपमा कार्य सञ्चालन भएमा अढाईदेखि तीन महिनाको अवधि सम्ममा सम्पन्न गर्ने किसिमको व्यवस्था गर्न सकिनेछ ।

**● मतदाताको अनुमानित संख्याः**

माथि नै उल्लेख भएअनुसार मतदाताको संख्या २०४८ को आम निर्वाचनदेखि २०५६ सालको आमनिर्वाचन (जसमा २०५४ सालको मतदाता नामावलीको आधारमा निर्वाचन भएको हुँदा सो सालसम्म) सम्म प्रति वर्ष सदस्य करिब ३.५ प्रतिशतले वृद्धि हुने गरेकोमा पछि २०५६ सालदेखि २०६१ सालसम्म केवल प्रतिवर्ष सरदर १ प्रतिशतले मात्र मतदाताको संख्या बढेको तथ्याङ्कबाट देखिएको हुँदा हालको यो मतदाता संख्या वास्तविकभन्दा कम छ भन्ने स्पष्ट छ। त्यसकारण मतदाताको वृद्धिदर पहिलेको अवधिमा भएको ३.५ प्रतिशत दरले मात्र वृद्धि हुने अनुमान गरिएमा २०५६ देखि २०६२ साल चैत मसान्तसम्म ६ वर्षमा मोटामोटी सरदर प्रतिवर्ष ५ लाखले वृद्धि भई ३० लाख वृद्धि भई मतदाता संख्या कम्तीमा १,७५,००,००० पुग्ने देखिन्छ। तर निर्वाचन हुनुभन्दा तुरुन्तै अघि सञ्चालन गरिने कार्यक्रम भएको र राजनीतिक दलहरूको सहयोगबाट जनसहभागिता बढी हुने सम्भावना रहेकाले उक्त संख्यामा अझ ५/६ लाख वृद्धि भई मतदाता संख्या १,८०,००,००० जति पुग्ने अनुमान गर्न सकिन्छ।

**४. मतदान केन्द्र**

मतदाताहरूले आफ्नो मताधिकार प्रयोग गर्ने ठाउँ मतदानकेन्द्र, मतदान हुनुभन्दा पहिले नै बहुसंख्यक मतदातालाई पायक पर्ने सुविधाजनक स्थानमा, मतदाताको संख्याको आधारमा, सुरक्षाको दृष्टिले उपयुक्त भएको सार्वजनिक स्थानमा

निर्वाचन आयोगले तोक्नुपर्ने हुन्छ। विगतका निर्वाचनहरूमा प्रतिनिधिसभा सदस्य निर्वाचन तथा स्थानीय निकाय निर्वाचनको लागि छुट्टाछुट्टै मतदानकेन्द्र तोकिएकामा, २०५६ को आम निर्वाचनपछि निर्वाचन आयोगबाट सबै प्रकारको निर्वाचनको लागि हुने गरी एउटै मतदानकेन्द्र कायम गर्ने नीति लिई सबै राजनीतिक दलहरू (केन्द्रदेखि जिल्ला स्तरसम्मको) समेतको सहमतिबाट निश्चित आधारहरू कायम गरी, स्थलगत अध्ययन गरी, मतदान केन्द्रको पुनरावलोकन गरी २०५९ सालमा हुने भनिएको प्रतिनिधिसभा सदस्य निर्वाचनको लागि देशभरिमा जम्मा १०,८५४ मतदान केन्द्र कायम गरी तोकिएको थियो। १५०० देखि २००० मतदाताको लागि एक केन्द्र कायम गरी त्यसपछि बढी मतदाता संख्या भएमा छुट्टै मतदान केन्द्र थप्दै जाने गरी कायम गरिएमा मतदान केन्द्र धेरै जसो सार्वजनिक स्थानमा (जस्तै विद्यालय भवनमा ७६.१८ प्रतिशत, गा.वि.स.भवनमा १५.६१ प्रतिशत र अन्य स्थानमा ८.२१ प्रतिशत) रहेको कुरा आयोगको प्रकाशित तथ्याङ्कअनुसार देखिन्छ।

आगामी संविधानसभा निर्वाचनको लागि उक्त मतदान केन्द्रलाई नै आधारमानी साविकमा केन्द्र कायम भएका सार्वजनिक स्थल (विद्यालय, गाविस भवन) को हालको भौतिक अवस्था बुझी, मतदाता संख्या वृद्धि भएको भए पहिले कायम गरिएको आधारमा मतदान केन्द्र बढाउने व्यवस्था गरिएमा बढी व्यावहारिक र कार्यान्वयनलाई पनि सजिलो हुनेछ। माथि उल्लेख भएअनुसारको आधारमा मतदाता संख्या वृद्धि भई १,७५,००,००० देखि १,८०,००,००० भएमा मतदान केन्द्रको संख्या पनि मोटामोटी रूपले १२,६५० देखि १३,००० सम्म हुने कायम हुने अनुमान गर्न सकिन्छ।

**५. शान्ति सुरक्षा**

नेपाली जनताको प्रमुख चाहना नै देशमा स्थायी शान्ति होस् भन्ने रहेको छ। विगत १०/११ वर्षदेखि देशमा सशस्त्र द्वन्द्वको कारण अशान्त रहेको अवस्थाबाट केही राहतको अनुभव गरिरहेका छन्। संसद्वादी दल र नेकपा (माओवादी) बीच विगतमा तथा हालै २०६३।०७।२२ मा भएको सहमतिअनुसार संविधानसभाको निर्वाचन शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्ने तथा कुनै डर धाक-धम्की र हिंसाको प्रभावबिना दुवै पक्षको सेना र हतियार व्यवस्थापन गरी निर्वाचन सम्पन्न गर्ने कुरा उल्लेख छ।

शान्तिपूर्ण वातावरणबिना निष्पक्ष निर्वाचनको कल्पना नै गर्न सकिँदैन। त्यस कारण नेपालको आगामी निर्वाचनका प्रमुख पूर्व सर्त नै शान्तिपूर्ण वातावरण कायम गर्नु हो। केवल सैद्धान्तिक रूपले कागजीरूपमा सहमति भएर मात्र नहुने हुँदा व्यवहारमा लागू गर्नको लागि अनुगमन गर्ने प्रभावकारी निकाय बनाउनको साथै निर्वाचनमा शान्ति सुव्यवस्थामा खलल पार्ने कामलाई कानुनीरूपले दण्डनीय हुने व्यवस्था गर्न पनि आवश्यक छ।

मतदाताले विना कसैको डर, धाक, धम्की, हिंसाको प्रभावमा नपरी निर्भीकतापूर्वक आफ्नो मताधिकार प्रयोग गर्न पाउने वातावरण बनाउने, उम्मेदवार तथा राजनीतिक दलका प्रतिनिधिहरूले आ-आफ्नो क्षेत्रमा शान्तिपूर्वक प्रचार-प्रसार



गर्न सक्ने, मतदान केन्द्र, मतपेटिका सुरक्षित रहने तथा मतगणना कार्यबिना कुनै अवरोध सम्पन्न गराउने कार्यको लागि शान्ति सुरक्षाको प्रत्याभूति राज्यले गर्नु आवश्यक छ।

देशभरि एकै पटक वा केही चरणमा निर्वाचन गर्ने भन्ने कुरा शान्ति सुरक्षाको व्यवस्था कसरी कति मिलाउन सकिन्छ भन्ने कुरामा पनि निर्भर गर्दछ। नेपाली सैनिक निर्वाचन कार्यमा परिचालन नहुने भए नेपाल प्रहरी र सशस्त्र प्रहरीको विद्यमान संख्याले (गर्नुपर्ने आवश्यक अरू कामलाई छुट्याएर) निर्वाचनको लागि कति भ्याउने हो वा अन्य वैकल्पिक व्यवस्था गर्नुपर्ने हो कि त्यसतर्फ पनि ध्यान जानु आवश्यक छ।

संविधानसभाको आगामी निर्वाचन वर्सौंदेखिको सशस्त्र द्वन्द्वको अन्त भएपछि हुन लागेको र सरकार तथा माओवादी दुवै पक्षको हतियार समान रूपले व्यवस्थित हुन लागेका भए तापनि माओवादीको जन मिलिसिया यथावत् रूपमा रही, देशमा घटिरहेका विभिन्न घटनाहरूले गर्दा शान्ति सुरक्षाको स्थिति सन्तोषजनक नरहेको हुँदा त्यसतर्फ गम्भीरतापूर्वक सोच्नुपर्ने अवस्था पनि छ। भविष्यमा हुने दुई पक्षबीचको शान्ति सम्झौता र सोको कार्यान्वयन व्यवस्था तथा माओवादी पक्ष पनि सरकारमा सम्मिलित भएपछि सम्बन्धित सबै पक्षबाट सहमतिका कुराहरू इमान्दारीपूर्वक व्यवहारमा पनि लागू भएमा स्थितिमा सुधार आई राष्ट्रिय संकल्पको रूपमा रहेको संविधानसभाको चुनाव शान्तिपूर्ण वातावरणमा रहे निर्भीकतापूर्वक सम्पन्न हुने आशा गर्नसम्म सकिन्छ।

**६. मतपत्र**

निर्वाचनमा मतदाताले आफ्नो मत आफूले चाहेको उम्मेदवार वा दललाई मतपत्रमा चिह्न छाप (स्वस्तिक छाप) लगाई आफ्नो मत दिने हुँदा त्यस्तो मतपत्रमा मतदाताले सहजतापूर्वक विना कुनै झन्झट वा दुविधाविना मत दिन सक्ने किसिमको मतपत्रको ढाँचा हुनुपर्दछ। मतपत्रमा निर्वाचनको उम्मेदवारलाई निर्वाचन आयोगले छुट्टाछुट्टै तोकिएको चुनाव चिह्न मतपत्रमा उल्लेख भएको चिह्नको अगाडि मतदाताले छाप (स्वस्तिक छाप) लगाई मतदिने वर्तमान व्यवस्थामा नेपाली जनता अभ्यस्त भइसकेका छन्।

हालको संविधानसभा निर्वाचनको लागि निर्धारित भएको निर्वाचन प्रणालीमध्ये समानुपातिक प्रणालीअनुसार पनि २०४ सदस्य निर्वाचित हुने व्यवस्था भएकोमा सोको लागि मतपत्रसम्बन्धी व्यवस्था कस्तो गर्ने भन्ने विषय निश्चित नभएको हुँदा सोबारे छलफल हुनु उपयुक्त हुनेछ।

मिश्रित निर्वाचन प्रणालीमा दुई प्रकारले सदस्य निर्वाचन हुने हुँदा कुनै देशमा एउटा मतपत्र र कुनैमा छुट्टाछुट्टै दुई वटा मतपत्र प्रयोग हुने गरेको देखिन्छ। एउटा प्रणाली (पहिलो हुने निर्वाचित हुने) मा उम्मेदवारलाई भोट दिने र अर्को प्रणाली (सूची समानुपातिक) मा पार्टीलाई मत दिइने हुन्छ। एउटा मात्र मतपत्र रहने व्यवस्था भएमा उम्मेदवार र पार्टीको एकै निर्वाचन चिह्न अलग ठाउँमा उल्लेख हुने हुँदा मतदाता शिक्षित तथा सचेत भएका ठाउँमा आफैंले इच्छाएको व्यक्ति तथा

पार्टीको चिन्हमा मतदान गर्न सक्छ तर कम जागरुक तथा अशिक्षित मतदाताले व्यवस्था स्पष्ट नबुझी आफूले चाहेअनुसार गर्न नसकिने अवस्था पनि हुने सम्भावना रहने हुन्छ, साथै मतपत्रको आकार धेरै ठूलो हुने सम्भावना (उम्मेदवार नउठे पनि पार्टीको भने सूची समानुपातिक प्रणाली चिह्न हुन सक्ने हुँदा) भएकाले हाम्रो देशको परिप्रेक्ष्यमा अव्यावहारिक हुन्छ कि जस्तो देखिन्छ। त्यसकारण मतदाताको इच्छानुसार सजिलो किसिमले अशिक्षित व्यक्तिहरूले पनि बढी सहभागिता गर्नको लागि छुट्टाछुट्टै मतपत्र हुनु उपयुक्त हुनेछ। सोबाहेक अनुपस्थित मतदाताले (आफ्नो निर्वाचन क्षेत्रभन्दा बाहिर रहेकाहरू) वा देश बाहिर रहेका नागरिकहरूले पनि मतदिने व्यवस्था गर्ने हो भने दुई किसिमको मतपत्र प्रयोग गरिएमा कार्यान्वयनमा समेत सजिलो हुनेछ।

**७. मतदाता शिक्षा**

संविधानसभाको निर्वाचन प्रथम पटक हुन लागेकाले सोको महत्व तथा निर्वाचन प्रणाली पनि नयाँ किसिमको हुने भएकाले सोसम्बन्धी जानकारी सर्वसाधारणलाई गराउनुको साथै मतदातालाई आ-आफ्नो मताधिकार प्रयोग गर्नेबारे जागरुकताको लागि मतदाना शिक्षा तथा जागरण कार्यक्रम संचालन गर्न पनि आवश्यक छ।

सामान्य जनताले बुझ्ने किसिमको संविधान तथा संविधानसभा के हो , किन आवश्यक छ, आफ्नो अधिकार कसरी प्रयोग गर्ने, सूची समानुपातिक निर्वाचन पद्धतिको उद्देश्य, मतपत्र कस्तो हुन्छ, मतपत्रमा कहाँ कसरी छाप लगाई मतदान गर्ने आदि विषयमा विभिन्न किसिमका पुस्तक, पम्प्लेट, पोस्टर आदि तयार गरी वितरण गर्ने तथा गोष्ठी, सभा आदि पनि ठाउँ ठाउँमा सञ्चालन गर्नुपर्ने हुन्छ। यी कार्यहरू प्रभावकारीरूपले गर्न राजनीतिक दलहरू, गैरसरकारी संस्था, नागरिक समाजहरूको सहयोग लिई अहिलेदेखि नै कार्यहरू सञ्चालन गर्नुपर्ने देखिन्छ।

**८. निर्वाचन परिवेक्षण**

निर्वाचन स्वतन्त्रतापूर्वक तथा निष्पक्षतापूर्वक भएको छ भनी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरबाट वैधता प्राप्त गर्न निर्वाचनमा सम्बन्धित नरहेका स्वतन्त्र व्यक्ति वा संस्थाहरूबाट पर्यवेक्षण गराउने व्यवस्था गर्न आवश्यक हुन्छ। निर्वाचनसम्बन्धी कानुनी व्यवस्था तथा निर्धारित प्रक्रियाअनुसार कार्यहरू भएका छन् छैनन् भनेर जाँची वा अध्ययनपछि स्वतन्त्र पर्यवेक्षकहरूबाट व्यक्त भएका राय नै महत्वपूर्ण हुन्छ। त्यसकारण निर्वाचन स्वतन्त्र निष्पक्ष भएर मात्र पुग्दैन। त्यस्तो भएको छ भन्ने देखिनु पर्ने पनि हुँदा स्वतन्त्र व्यक्ति वा संस्थाहरूबाट निर्वाचनको निष्पक्ष रूपले पर्यवेक्षण गराउनुपर्ने हुन्छ।

विगतका आम निर्वाचनहरूमा गराइएको पर्यवेक्षणसम्बन्धी अनुभवको आधारमा आगामी संविधानासभा निर्वाचनमा पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दुवै पक्षबाट छुट्टाछुट्टै समूहहरूबाट पर्यवेक्षण गराउने व्यवस्था गर्न आवश्यक छ। राष्ट्रिय तहको परिवेक्षणको परिचालन गर्ने व्यवस्था गर्न यस विषयमा विगतका पनि अनुभव



भएका नागरिक समाजका प्रबुद्ध व्यक्तिहरू रहेको एउटा संयन्त्रबाट समन्वय गराउन उपयुक्त हुनेछ। यस्तै अन्तर्राष्ट्रिय तहबाट पर्यवेक्षण कार्यको समन्वयको लागि २०५६ सालको आमनिर्वाचनमा संयुक्त राष्ट्र संघबाट भएअनुसार नै यस निर्वाचनमा पनि गर्ने व्यवस्था गर्न उपयुक्त हुनेछ संविधानसभा निर्वाचनको अनुगमनसम्बन्धी काम पनि संयुक्त राष्ट्र संघबाट नै हुने भएको हुँदा अन्तर्राष्ट्रिय परिवेक्षण समन्वय गर्ने सम्बन्धी काम पनि सोही संस्थाबाट भएमा बढी उपयुक्त हुनेछ।

**९. निर्वाचन आचारसंहिता**

निर्वाचनको क्रममा उम्मेदवार हुने व्यक्ति तथा राजनीतिक दलले आ-आफ्नो राजनीतिक विचारबारे प्रचार-प्रसार गरी मतदातासँग भोट माग्न जाने निर्वाचनको प्रक्रिया नै हो तर मतदातालाई प्रभावित पार्न शक्तिमा रहेका व्यक्ति वा राजनीतिक दलहरूले लोभ लालच दिने, सरकारी स्तरबाट हुने काम कारबाही गरिदिने आश्वासन दिने वा स्वीकृति नै दिने, सरकारी सञ्चारमाध्यम आफ्नो पक्षमा प्रयोग गर्ने जस्ता कार्य नहोस् तथा आर्थिक स्रोत बढी भएका र कम भएका उम्मेदवार तथा राजनीतिक दलहरूले आ-आफ्नो प्रचार-प्रसार गर्दा सबैले सकभर समान किसिमले गर्न सकोस् भनी खर्चको सीमा तोक्नेजस्ता विभिन्न व्यवस्थाहरू गरी निर्वाचन आचारसंहिता बनाई लागू गर्नुपर्ने हुन्छ।

विगतका निर्वाचनहरूमा पनि आचारसंहिता बनाई लागू गरिएको थियो तर पूर्ण रूपले प्रभावकारी हुन नसके तापनि सुरुवात राम्रै भएको भन्न सकिन्छ। आगामी संविधानसभाको निर्वाचनको लागि पनि भाग लिने सबै राजनीतिक दलहरूसँग विस्तृत रूपले छलफल गरी विगतको अनुभव समेतको आधारमा हालरहेको आचारसंहितालाई परिमार्जन गरि लागू गर्नुपर्ने देखिन्छ।

**१०. सञ्चार व्यवस्था**

निर्वाचनको समयमा केन्द्रको सम्पर्क मतदान हुने गाउँ स्तरसम्म भई रहनुपर्ने हुन्छ। त्यसकारण निर्वाचनको समयमा जिल्ला तथा जिल्लाको क्षेत्रीय स्तरसम्म जे जस्तो सञ्चारमाध्यमका साधानहरू छन् वा थिए तिनीहरू सबैलाई चालु अवस्थामा ठीक दुरुस्त राख्ने तथा सञ्चारमाध्यम नभएको ठाउँमध्ये संवेदनशील ठाउँहरू जहाँ आवश्यक हुन्छ त्यस्तो ठाउँको लागि नयाँ नै व्यवस्था गर्ने किसिमले सम्बन्धित निकायहरूमा छलफल गरी व्यवस्थित गर्न पनि आवश्यक छ। साथै निर्वाचन आयोगले केन्द्र र जिल्ला स्तरसँग सम्पर्क हुने आफ्नो छुट्टै सञ्चार व्यवस्था तथा फ्याक्स मेसिनहरूको आपूर्ति मिलाउने र केन्द्रका छुट्टै सूचना केन्द्रको स्थापनाबाट प्रेस जगतलाई उपयुक्त समयमा सूचना उपलब्ध हुने व्यवस्था पनि गर्नुपर्ने हुन्छ।

निर्वाचनको क्रममा प्रेस जगतको पनि ठूलो भूमिका हुने हुँदा आयोगले गरेका तथा गर्ने कार्यहरूको जानकारी यथा समयमा प्रेसलाई उपलब्ध गराउने व्यवस्थाको साथै संविधानसभा निर्वाचन जस्तो महत्वपूर्ण कार्यमा प्रेस जगतको सहयोग तथा सलग्नता बढाउनेतर्फ पनि सरकार र आयोगले विशेषरूपबाट ध्यान दिन पनि आवश्यक छ।

**११. कर्मचारी व्यवस्था**

निर्वाचनको लागि कर्मचारीसम्बन्धी व्यवस्था पनि महत्वपूर्ण पक्ष हो। निर्वाचनको क्रममा के कति कर्मचारी कति समयको लागि कहाँ-कहाँको लागि आवश्यक पर्ने हुन्छ भन्ने कुरा निर्वाचन आयेगले अनुमान गरी सो कर्मचारीहरू कहाँबाट के कति उपलब्ध हुनसक्छ भन्ने कुरा बुझी यकिन गर्नुपर्ने हुन्छ। त्यसपछि उपयुक्त समयमा जुन कामको लागि कर्मचारीलाई लगाइनुपर्ने हो सो कामसम्बन्धी तालिमको व्यवस्था पनि मिलाउनु पर्ने हुन्छ।

- *आवश्यक पर्ने कर्मचारी संख्या सम्बन्धमा निर्वाचन क्षेत्रको आधारमा प्रमुख निर्वाचन अधिकृत, निर्वाचन अधिकृत र सहायक कर्मचारीहरू तथा मतदान केन्द्रस्तरको लागि मतदान अधिकृत सहायक मतदान अधिकृत, सहायक स्तरका कर्मचारीहरू र पियनहरू पर्दछन्। २०५९ सालमा गर्ने भनिएको आम निर्वाचनको लागि करिब ७०,००० कर्मचारी आवश्यक पर्ने देखिएको थियो। हाल संविधानसभाको निर्वाचनको क्रममा मतदाता बढ्ने र सोही आधारमा मतदान केन्द्रहरू पनि बढ्ने हुँदा मोटामोटी रूपले करिब ८४,००० (सबैस्तरका) कर्मचारी आवश्यक पर्ने अनुमान हुन आउँछ।*
- *सो आपूर्ति साविकबमोजिम मुख्य रूपमा सरकारबाट नै उपलब्ध हुनेछ। सो स्रोतबाट सबै नपुग्ने हुँदा अन्य संस्थान, बैंकहरू तथा संस्थाहरूबाट पनि लिनुपर्ने हुन्छ।*
- *कर्मचारीहरूको उपलब्धताको आधारमा देशभरि एकै पटक मतदानको कार्य सम्पन्न गराउन सकिन्छ वा सकिँदैन वा एक बढी चरणहरूमा गर्नुपर्ने हुन्छ कि भन्ने कुरो भन्ने पनि विचार गर्नुपर्ने महत्वपूर्ण विषय हो।*
- *मतदाता नामावली संकलन गर्ने कार्य साविकमा गाविस सचिवहरूबाट हुने गरेकोमा हाल गाविसमा जनप्रतिनिधिहरू नरहेको हुँदा सबै काम गाविस सचिवबाट हुने गरेकाले उनीहरूबाट सो काम प्रभावकारी रूपले हुने अवस्था नदेखिएको हुँदा मतदाता नामावली सम्बन्धित कामको लागि मतदाता नामावली ऐनको नयाँव्यवस्था भएपछि (एक, डेढ महिनापछि) गाउँ स्तरमा जाने निकै ठूलो संख्या (करिब ७/८ हजार) कर्मचारी संख्याको व्यवस्था गर्नुपर्ने हुन्छ।*
- *निर्वाचनको काममा संलग्न हुने कर्मचारीहरूको तालिमको व्यवस्था गर्नुभन्दा पहिले उनीहरूले गर्नुपर्ने कामसम्बन्धी पुस्तिका, संविधानसभा सदस्य निर्वाचनसम्बन्धी निर्देशिका (जुन संविधान ऐन नियमहरू बनिसकेपछि मात्र अन्तिमरूप दिन सकिन्छ ) आदि तयार भइसक्नुपर्नेतर्फ पनि ध्यान दिनुपर्ने हुन्छ।*
- *निर्वाचनमा संलग्न कर्मचारीहरू निष्पक्ष र निर्वाचनको महत्व बुझेको हुनुपर्ने र साथै खटिएका कर्मचारीहरूले गलत वा अनियमित काम गरेमा तुरुन्तै कारबाही गर्ने तथा राम्रो काम गर्नेलाई प्रोत्साहित गर्ने किसिमको व्यवस्था प्रभावकारी रूपले कार्यान्वयन हुने व्यवस्था गर्न पनि आवश्यक छ।*



**१२. निर्वाचन सामग्री सम्बन्धित व्यवस्था**

निर्वाचनको क्रममा आवश्यक पर्ने सामग्रीको सूची धेरै लामो हुन्छ। साथै त्यस्तो सामग्री केन्द्र तथा जिल्ला स्तरमा मात्र होइन गाउँ-गाउँमा रहेको मतदान केन्दको स्तरसम्म तोकिएको समयमा पुग्न नसके निर्वाचन कै काममा बाधा पर्ने हुन्छ। त्यसकारण त्यस्तो आवश्यक पर्ने सामग्रीहरू कुन-कुन समयमा कहाँ-कहाँ के कति चाहिने हो समयमा नै निश्चित गरी उपलब्ध हुने व्यवस्था गर्न पनि अति आवश्यक हुन्छ।

मतदाता नामावली समयमा नै व्यवस्थित गरी आवश्यक प्रतिहरू तयार गरी मतदान केन्द्रसम्म पुऱ्याउने, मतपत्रको नमुना निश्चित गरी सुरक्षित ठाउँमा छपाई समयमा सम्बन्धित ठाउँमा पुऱ्याउने, मतपेटिका आवश्यकतानुसार (नपुग खरिद वा मर्मत गरी) तयार गरी समयमा सम्बन्धित ठाउँमा पुऱ्याउने, मतदातालाई मतदान गर्दा प्रयोग गरिने नमेटिने मसी समयमा नै उपलब्ध हुने व्यवस्था गर्ने, निर्वाचन अधिकृतको कार्यालय तथा मतदान केन्द्रलाई आवश्यक पर्ने विभिन्न किसिमको ऐन नियममा तोकिएका अनुसूची अनुसारको फारामहरू छपाई सम्बन्धित ठाउँमा पुऱ्याउने, मतदाताले मतपत्रमा चिहृन लगाउने 'स्वस्तिक छाप' तथा सञ्चार व्यवस्थाको लागि जिल्लाहरूको लागि फ्याक्स मेसिनहरू आवश्यक संख्यामा उपलब्ध गराउने व्यवस्था गराउनेजस्ता धेरै अन्य सामग्रीहरूको समयमा नै आवश्यक मात्रमा खरिद गरी ठीक समयमा सम्बन्धित विकट तथा अनकन्टार ठाउँसम्म पऱ्याउने सबै व्यवस्था गर्नु पनि निर्वाचन आयोगको लागि चुनौतीपूर्ण काम हो।

**१३. अनुगमन व्यवस्था**

संविधानसभाको निर्वाचन स्वतन्त्र, निष्पक्ष तथा धाँधली रहित संचालन गर्न तोकिएअनुसारको सबै प्रक्रियाहरू सबै ठाउँमा प्रभावकारी रूपले कार्यान्वयन हुने व्यवस्थाको लागि आयोगले सुदृढ अनुगमनको व्यवस्था गर्न छुट्टै संयन्त्र बनाउन उपयुक्त हुनेछ। वर्षौंदेखिको सशस्त्र द्वन्द्व हालै मात्र अन्त भएको, अब गठन गरिने आन्तरिम सरकरमा नेकपा (माओवादी) सहित देशका प्रमुख सात राजनीतिक दलसमेतको सरकार बन्नेजस्तै कारणहरूले अनुगमन व्यवस्था प्रभावकारी हुन आवश्यक छ। कायम हुने २०५ निर्वाचन क्षेत्रको गतिविधि र समस्याहरूको समयमा जानकारी लिई तुरुन्त समाधान गर्नको निमित्त अञ्चल वा क्षेत्रीयस्तरका अनुगमन इकाईहरू गठन गरी आवश्यकतानुसार आयोगका केही अधिकार पनि प्रत्यायोजन गर्न सकिनेछ। त्यस्ता अनुगमन संयन्त्रमा नागरिक समाजका प्रतिष्ठित व्यक्ति, माथिल्लो स्तरका अवकाश प्राप्त पूर्वकर्मचारीहरू (जो कुनै राजनीतिक दलहरूसँग आबद्ध छैनन्) लाई संलग्न गर्ने व्यवस्था गर्न उपयुक्त हुनेछ।

**१४. कार्य समय तालिका**

संविधानसभाको निर्वाचन मिति कानुनी रूपले निश्चित भई घोषणा नभए तापनि २०६४ जेष्ठ महिना सम्म सम्पन्न गर्ने कुरामा सबै पक्षबाट सहमति भइसकेको हुँदा निर्वाचन आयोगबाट सोही आधारमा जेठमा मतदान हुने किसिमले विभिन्न मितिमा कानुनी प्रक्रियाअनुसार गर्नुपर्ने कार्यहरूको कार्यतालिका बनाई सो गर्नेअनुसार गर्नुपर्ने सबै किसिमका व्यवस्थाबारे प्रत्येक दिनअनुसारको कार्यतालिका बनाई कामको जिम्मा लिने व्यक्ति वा निकायको पनि नाम उल्लेख गरी कार्यहरू संचालन गरिएमा कार्यान्वयनमा सरलता हुने हुँदा त्यसतर्फ पनि ध्यान जानु आवश्यक छ ।

त्यस्तै गर्नुपर्ने कामहरू पनि धेरै र समय सीमित भएको हुँदा तथा जटिल प्रवृत्तिका विषयहरूको सम्बन्धमा छुट्टाछुट्टै समूहहरू बनाई निश्चित अवधि वा दिनभित्र सम्पन्न गर्ने व्यवस्था मिलाउनु उपयुक्त हुनेछ ।

**१५. समन्वयको लागि संयन्त्र बनाउने**

संविधानसभाको निर्वाचन राष्ट्रको लागि महत्वपूर्ण तथा चुनौतीपूर्ण भएको हुँदा यसलाई विवादरहित रूपले सफलतापूर्वक सम्पन्न गर्न निर्वाचन आयोगको एक्लो प्रयासले मात्र सम्पन्न गर्न सम्भव देखिँदैन । त्यसकारण वढी समन्वयात्मक तथा सम्बन्धित पक्ष सबैको संलग्नता हुने किसिमले कार्य संचालन गर्ने दृष्टिबाट राष्ट्रिय स्तरमा एउटा उच्च स्तरको संयन्त्र बनाउन उपयुक्त हुनेछ । जसलाई **संविधानसभा निर्वाचन समन्वय परिषद्** नाम दिन सकिन्छ । सो परिषद्मा निर्वाचन आयोग, सरकार र निर्वाचनमा भाग लिने सबै राजनीतिक दलका उच्चस्तरका प्रतिनिधि तथा निर्वाचन विषयसम्बन्धी विज्ञ व्यक्तिहरू र नागरिक समाजको प्रतिष्ठित व्यक्तिहरू समावेश गर्न उपयुक्त हुनेछ । परिषद्ले मुख्यरूपमा नीतिगत विषयहरू छलफल गरी निष्कर्षमा पुगेअनुसार सम्बन्धिन्त निकाय (सरकार वा आयोग) ले कार्यान्वयन गर्ने र साथै आयोग, सरकार तथा राजनीतिक दलहरूबीच कार्यान्वयनका विभिन्न विषयसम्बन्धी समस्याहरूको छलफलबाट समाधान निकाली सोअनुसार तोकिएको समयभित्र कार्य सम्पन्न गर्नेजस्ता प्रभावकारी व्यवस्था गराउन सकिन्छ ।

यसप्रकार यो व्यवस्थाले निर्वाचनसम्बन्धी विवाद नपरी सबै राजनीतिक दलहरू समेतको संलग्नताले सबै विषय पारदर्शी हुने र कार्यान्वयन हुने स्तरमा पनि सजिलो हुन सक्छ । सो परिषद्ले सरकार तथा आयोगलाई कानुनले दिएको अधिकारमा कुनै हस्तक्षेप नभई सहयोगात्मक तथा समन्वयात्मक भूमिका निर्वाह गर्नेछ ।

- *जिल्लास्तरमा पनि निर्वाचनसम्बन्धी काम समन्वयात्मक किसिमले सञ्चालन गर्न यस्तै जिल्लास्तरीय समिति गठन गर्ने व्यवस्था गर्न उपयुक्त हुनेछ । जिल्ला स्तरीय समितिमा पनि सम्बन्धित सरकारी कार्यालयका प्रमुख (जिल्ला कार्यालय र सुरक्षा कार्यालय) राजनीतिक दलका प्रतिनिधिहरू, निर्वाचन अधिकृत, जिल्ला स्थित निर्वाचन आयोगको कार्यालय प्रमुख र साथै नागरिक समाजका प्रतिनिधि राख्ने व्यवस्था गर्ने जिल्ला स्तरमा कार्यान्वयनको आवस्थामा देखिएका निर्वाचनसम्बन्धी समस्याहरू छलफल गरी निष्कर्षमा पुगेअनुसार सम्बन्धित निकायबाट कार्यान्वयन हुने व्यवस्था गर्ने ।*



मतदाता नामावली संकलन गर्ने, मतदाता जागरण अभियान सञ्चालन गर्नेजस्ता कामहरू पनि सो समिति प्रभावकारी हुनसक्छ । गाउँ स्तरमा
राजनीतिक दल वा कार्यकर्ताहरूलाई पनि उक्त कामहरूको लागि परिचालन गर्न सजिलो हुनेछ ।

संविधानसभाको निर्वाचनको सम्वन्धका माथि उल्लेख भएका विषयबाहेक अरू पनि धेरै विषयहरू छन् । यहाँ छलफलको लागि कार्यान्वयनको अवस्थाका प्रमुख विषयहरू मात्र उल्लेख गरिएका हुन । निर्वाचनसम्बन्धी कार्यमा संलग्न व्यक्तिहरूलाई ती विषयहरू नौला होइनन् तापनि छलफलको लागि बुँदाहरू उठाइएको हो । छलफलबाट निस्किने निष्कर्षबाट आगामी संविधानसभा निर्वाचनलाई केही सहयोग हुन सक्यो भने उपलब्धि प्राप्त भएको ठान्नेछु ।

> *'संसद् भनेको तल्लो तहमा जाने र समाजको प्रतिबिम्ब बनोस् भन्ने हो । संविधानसभामा चाहिँ 'एक्स्पर्टिज' र 'नलेज' को जरूरी छ'*

**सहजीकरण गर्दै तारानाथ दाहाल**

विषयमाथि विस्तृतमा कुरा आएको छ । तर धेरै विषय छुटेको पनि हुन सक्छ । खाली परिस्थिति या अहिलेको चुनौतीलाई आंकलन गर्ने क्रममा विषयहरू यहाँ राखिदिनुभएको छ । अन्तरिम संविधानमा राख्नुपर्ने र संविधानसभा सम्पन्न गर्न आवश्यक पर्ने विषयहरू सिरान पुछार नै समेटिएको छ । नागरिक, सरकारी र राजनीतिक तहमा छलफलका लागि यसले पर्याप्त आधार तयार गर्दछ । म छलफललाई खुला गर्ने क्रममा केही विषय राख्न चाहन्छु ।

हालसालै अमेरिकामा कंग्रेस र सिनेटको मध्यावधि निर्वाचन सम्पन्न भयो । त्यसको परिणाम हामी सबैलाई थाहै छ । निर्वाचन सम्पन्न भएपछि त्यहाँ दुई वटा बहस अत्यन्तै महत्वसाथ उठिरहेको छ । डिजिटल भोटिङका लागि प्रयोग भएको मेसिनहरूको पनि दुरूपयोग भएको कुरा उठिरहेको छ, त्यसमा पुनरावलोकन हुनुपर्छ भन्ने कुरा उठिरहेको छ । अर्कोचाहिँ निर्वाचनको अघिल्लो दिन लरी किङको सिएनएनको चर्चित बहस कार्यक्रम छ, त्यसमा रिपब्लिकन पार्टीको एक जना सिनेटर उम्मेदवारको व्यक्तिगत जीवन र यौन व्यवहारबारे बनाइएको कार्यक्रम 'सेन्सर्ड' भयो । प्रसारण हुन सकेन । अहिले त्यो कार्यक्रम 'सेन्सर' नभएको भए एउटा नयाँ नाराका साथ रिपब्लिकन पार्टीलाई कन्जरभेटिभ पार्टीका रूपमा नयाँ जमातले भोट हाल्ने थिएन, त्यो कार्यक्रम प्रसारण भएको भए रिपब्लिकनको धेरै भोट बढ्न सक्थ्यो भन्ने कुरा पनि आइरहेको छ । सिएनएनको निर्णयले असर गऱ्यो भन्ने पनि छ । मैले यो विषय किन उठाएको हुँ भने हामी कहाँ नवनियुक्त प्रमुख निर्वाचन

आयुक्तले नियुक्त हुनासाथ विद्युतीय मतदानमा पनि जान सकिन्छ भन्ने अभिव्यक्ति दिनुभएको थियो। त्यो विषय यहाँ छुटेको छ। प्रविधिले हामीलाई धेरै अवसर दिएको छ, नयाँ-नयाँ विधि पनि हामीले अपनाउन सक्छौं। निर्वाचन भनेको कहिल्यै पूर्ण हुँदैन, अमेरिका जस्तो मुलुकमा पनि निर्वाचनबारे विवाद भई नै रहेको छ। अर्कोचाहिँ मिडिया निर्वाचनका लागि यस्तो शक्ति हो जो शान्तिसुरक्षा व्यवस्थित गर्ने संयन्त्रभन्दा पनि खतरा हो। निर्वाचनलाई निष्पक्ष र आमजनता सन्तुष्ट हुने गरी गर्ने हो भने मिडियाको व्यवस्थापन अर्को कठिन विषय हो। समग्रमा मिडियाले विषयवस्तुलाई कसरी लिन्छ र जनतालाई कसरी प्रभावित बनाउँछ, कसरी उम्मेदवारहरूमाथि खेल खेल्छ-यी सबै निर्वाचन आयोगका लागि अर्को चुनौती हो।

अब म छलफललाई अगाडि लान चाहन्छु, हामीसँग सबै प्रबुद्ध व्यक्तित्वहरू हुनुहुन्छ, सबैको विचार हामीलाई काम लाग्छ। यो कार्यक्रमको समयसीमा तीन घण्टा हो। एक घण्टा अवधारणा प्रस्तुतिमा खर्च गर्‍यौं, अरू दुई घण्टा छलफल गर्छौं। छलफल राम्रैसँग होस् भनेर समय व्यवस्थित गरिएको हो। सबैलाई विचार राख्ने मौका दिने प्रयास म गर्नेछु। केही व्यक्तित्वलाई चाहिँ म अनुरोध नै गर्न चाहन्छु, पूर्व प्रमुख निर्वाचन आयुक्त सूर्यप्रसाद श्रेष्ठलाई छलफलमा भाग लिन अनुरोध गर्दछु।

संविधानसभाको निर्वाचनमा मिश्रित प्रणाली अपनाउने नेपाल पहिलो मुलुक हो। संविधानसभाको निर्वाचन यस्तो 'ऊँट पद्धति' बाट भएको थिएन। मिश्रित पद्धति संसदीय निर्वाचनमा प्रयोगमा आएको छ, जर्मन जस्ता केही देशमा यसलाई आदर्श प्रणालीका रूपमा प्रयोग गरिएको छ, परिणाम पनि राम्रै आएको छ। तर, संविधानसभाको निर्वाचन कहिल्यै पनि संसदीय निर्वाचन जस्तो होइन। हाम्रा राजनीतिक दलहरूले यो विषयमा अन्योलमै देखिए। कि बहुमतीय प्रणालीमा मात्र अडिनु पर्थ्यो कि समानुपातिकमा जानुपर्थ्यो। एउटै निर्वाचन प्रणालीमा जानु पर्नेमा यहाँ लोकप्रियताका लागि उठेका एजेण्डा, आफ्नो मनमा भएका डरहरू कायम राख्न अर्को पद्धति पनि अपनाइयो।

यसरी दुई निर्वाचन पद्धतिका लागि कानुनी व्यवस्था गर्नुपर्ने बाध्यता हामीमा आइलागेको छ। कतिपय कानुनी व्यवस्था बिशुद्ध २०४ सिटका लागि गर्नुपर्छ, कतिपयचाहिँ २०५ का लागि मात्र गर्नुपर्छ। तसर्थ कानुनी झन्झट बढेको हुनसक्छ, मतदाता नामावली, दुवै निर्वाचन प्रणाली अपनाउने संयन्त्रमा पनि झन्झट भएको हुन सक्छ। राजनीतिक सहमतिले सिर्जना गरेका अवसर र समस्यालाई मिलाएर निर्वाचन जेठमा सक्नुपर्ने कुरा म निर्वाचनको विद्यार्थीका रूपमा असम्भव देख्छु। तर, राजनीतिक अठोटले सफल बनाओस् भन्ने कामना गरौं। यिनै सेरोफेरोमा मत राखिदिनु हुन सूर्यप्रसाद श्रेष्ठज्यूलाई अनुरोध गर्दछु।



## *अवधारणामाथि टिप्पणी*

**सूर्यप्रसाद श्रेष्ठ, पूर्व प्रमुख निर्वाचन आयुक्त**

सान्दर्भिक विषयवस्तुमा फ्रिडम फोरमले बारम्बार बहस चलाइरहेको छ। अहिलेको स्थितिलाई पूर्वानुमान गर्दै बहस चलाइरहेकोमा धन्यवाद। ताराजीले भन्नुभयो-राजनीतिक दलबीच सहमतिमा दुई पक्ष देखियो (१) संविधानसभाको निर्वाचन (२) भविष्यमा हुने संसद्को निर्वाचन। अहिले चाहिँ मनोनीत संसद् भयो।

यो दुई धारमा जान व्यवस्थापनका हिसाबले कसरी त्यसलाई अवतरण गराउने भन्ने कुरा धेरै गाह्रो छ। निर्वाचन आयोगलाई पनि ठूलो चुनौती छ। विश्वमानजीले विस्तृत रूपमा विश्लेषण गरिसक्नुभएको छ, काम धेरै छ-ऐन-कानुनदेखि लिएर मतदाता सूची तयार पार्ने, कर्मचारी, मालसामान तयार पार्नेसम्मका। पहिलो चरणमा संविधानसभाका लागि तयार गर्नुपर्ने भयो। हाम्रो जस्तो विपन्न मुलुकले नधान्ने काम धेरै गर्नुहुँदैन, संविधानसभा र संसद्को एकै पटक निर्वाचन गर्नुपर्थ्यो भन्ने मेरो धारणा हो। संक्रमणकालीन संविधान नै कति आवश्यक छ भन्ने प्रश्न पनि मैले गरेकै हुँ। तर राजनीतिक सहमतिको बिन्दुमा पुगेपछि त्यसमा विमति देखाएर भाँजो हाल्नु त भएन। प्रजातन्त्रमा सबैलाई विश्वास छ, त्यो विश्वासलाई ज्ञानले परिपुष्टि गर्नुपर्ने हुन्छ। देउता छ भन्छौं हामी, तर देउताको विषयमा अध्ययन मनन गरी ज्ञान राखिएन भने देउता त ढुंगाको मूर्ति न हो। त्यस्तै प्रजातन्त्रमा पनि जुन विश्वास र आस्था छ त्यसलाई ज्ञानले परिपुष्टि गर्नुपर्ने हुन्छ। त्यसको मतलब ज्ञानको धार बगेन होइन कि समिश्रण भएन कि भन्ने हो। राजनीतिक दलसँग बौद्धिक व्यक्ति छन्, यो विषयमा अध्ययन अनुसन्धान गरिरहेका विज्ञहरू हुनुहुन्छ, संसारको अनुभव सम्हालेका व्यक्तित्व छन्- तीसँग अन्तरक्रिया भएन कि ? राजनीतिक दलमा हामीनै सबै हौं भन्ने भावना बढेर आइरहेको छ कि भन्ने पनि हो, जसले देश र समाजलाई कता डोर्‍याउला त्यो भविष्यमा थाहा हुनेछ।

अहिले संविधानसभाको निर्वाचन कसरी गर्ने भन्ने प्रश्न उठिरहेको छ। संविधानसभाको निर्वाचनमा मिश्रित र समानुपातिक पद्धति अपनाउने भनियो, यो कुरालाई के ले मार्गनिर्देश गरेको छ ? हाम्रो लोकतान्त्रिक अभियानलाई समावेशी हुनुपर्छ भन्ने कुराले मार्गनिर्देश गरेको छ, राजनीतिक तह समावेशी हुनु बाञ्छनीय छ र हुनुपर्छ भन्ने कुरा छ।

प्रा. वीरेन्द्रकुमार मिश्रको लेख पनि मैले ल्याएको छु। उहाँले पहिलाको संसद् कतिको समावेशी थियो, किन समावेशी भएन भनेर उल्लेख गर्नुभएको छ। मैले बाल्यकालदेखि नै राजनीतिको अध्ययन गरेँ, दुई/तीन वटा निर्वाचन गराएँ, संसारभर घुमेर निर्वाचन प्रक्रियाहरू हेरेको आधारमा हाम्रो देशको सन्दर्भमा कुरा गर्दा राजनीतिक दलहरू समावेशी भएनन् कि भन्ने लाग्छ। राजनीतिक दलहरूभित्र प्रजातान्त्रिक, पारदर्शी र जवाफदेही व्यवहार भएन भन्ने मेरो निष्कर्ष हो।

संविधानसभाको निर्वाचनको सबैभन्दा ठूलो चुनौती भनेकै समावेशीकरण नै हो। त्यसका लागि राजनीतिक दलले राजनीतिक समावेशीकरणको कुरा ल्याउनुभयो, २०५ सिट थपेर राजनीतिक प्रतिनिधित्व गराउने कुरा भयो। संसद् भनेको तल्लो

तहमा जाने र समाजको प्रतिबिम्ब बनोस् भन्ने हो । संविधानसभामा चाहिँ 'एस्पर्टिज' र 'नलेज' को जरुरी छ । सामाजिक, भौगोलिक अवस्था अर्थात समाज/राष्ट्रको दर्पणको रूपमा संसद्ले काम गर्नुपर्छ भन्ने एडम भन्ने अमेरिकाको विद्वानको लेखमा देखिन्छ । यो कुरालाई ध्यानमा राख्दै संविधानसभामा ऐतिहासिक जनआन्दोलन र जनभावनाको प्रतिनिधित्व दलहरूले गर्ने हो, तर दलहरूको निष्कर्षचाहिँ संविधानसभामा समावेशीकरण अधिकतम हुनुपर्छ भन्ने भयो । यो विषयको निरूपण भइसकेपछि त्यसलाई कार्यान्वयन गर्ने नियम कानुन कसरी बनाउने भन्ने सबैभन्दा ठूलो चुनौती हो । विश्वमानजीको ऐन-कानुन परिवर्तन, दलका सम्बन्धमा विचार गरिनुपर्छ भन्ने धारणामा दलका नेतृत्वमा कसरी समावेशी गर्ने भन्ने भावना निहित छ भने प्रथम सुरुवात राजनीतिक दलकै सम्मेलन गरेर नेतृत्वमा समावेशीकरण गरेर जानुपर्छ । मनोनीत गर्ने र उनीहरूले छान्ने भए त के काम ?

संवैधानिकताको पनि प्रश्न छ । कामकारबाही संवैधानिक र कानुनसम्मत हुनुपर्‍यो । असंवैधानिक र गैरकानुनी गर्ने हो भने त राजाले नै धेरै गरेका थिए, प्रधानमन्त्री नै आफैंलाई घोषित गरे । त्यसले काम गरेन । अहिले पनि राजनीतिक दलमा परिपक्व सोचाइ देखिएन त्यो प्रवृत्ति बढेर जान्छ । संविधानसभालाई समावेशी बनाउन कुन कानुनी व्यवस्था (राजनीतिक दलका सम्बन्धमा होस् या संविधान प्रदत्त) कसरी गर्ने भनेर टुंगोमा पुग्नु जरुरी छ । सरकारले कतिपय मानिसलाई गैरराजनीतिक गतिविधि गरेको भन्दै कारवाही गरिरहेको छ, कानुनसम्मत आयोगले राजालाई समेत बयान गराउने भनिएको अवस्थामा कानुनी रिक्तता हुनुभएन, यस्तो भयो भने अराजकता हुन्छ । संविधान नहुनु भनेको अराजकताको जड हो । संविधान दिवस पनि यसपटक मानिएन, त्यो हदसम्म जानु अराजकता हो । अहिले संवैधानिक रिक्तता देखियो । राजनीतिक दलले जे अह्रायो त्यही हुने स्थिति भयो, यहाँ । त्यो पनि निरंकुशता नै हो । कानुनी राज्यको परिभाषाविना त्यसो गरिनु हुन्न, यसले लोकतन्त्रलाई पनि बलियो बनाउँदैन, हाम्रो समाजलाई पनि निर्दिष्ट लक्ष्यमा पुर्‍याउँदैन ।

अहिले सात दल आठ दलमा रूपान्तरित भए । तर, संविधानसभामा उनीहरू एक अर्कामा प्रतिस्पर्धा गर्दैछन् । पाइला-पाइलामा द्वन्द्व हुने/फुट्ने/मतभेद हुने अवस्था छ । त्योचाहिँ निर्वाचन आयोगका लागि सबैभन्दा ठूलो चुनौती हो । राजनीतिक दलसँग समन्वय र सद्भाव आयोग ब्युरोक्रेसीले कसरी लिने भन्ने चुनौती छ ।

पहिलो हुने निर्वाचन प्रणालीमा जाँदा प्रत्यक्ष प्रजातन्त्र जस्तो हुन्छ । नेपालको सन्दर्भमा यसको उपादेयता पनि छ । त्यसले सबै क्षेत्र, जातजातिलाई समावेश नै नगरेको कुरा गलत हो । पद्धतिको विषयमा बढी नै गलत व्याख्या गरेर गएको अवस्था छ । अहिले फेरि किन अपनाएको त ? २०५ त कायमै रहने भनियो, ७५ जिल्ला कायम गरियो । जिल्लाको क्षेत्र विभाजन गर्दा क्षेत्रहरू जातजाति, सम्प्रदायको बाहुल्यता भएको छ, यस्तो क्षेत्रमा दलले उम्मेदवारी दिँदा अरू मानिसलाई दियो भने दल नै जित्ने भयो । तराईमा समावेशी भएन भनिएको छ, तराईमा गएर सबै पहाडी उम्मेदवार भएपछि कहाँबाट समावेशी हुन्छ ? नेवार जातिको बाहुल्यता भएको



काठमाडौंमा सबै अरू जातिका मानिस उठिदिए भने कहाँ समावेशी हुन्छ ? तसर्थ राष्ट्रिय एकताका हिसाबले हेरियो भने राम्रो हो । समावेशीलाई अधिकतम बनाउन कोसिस गर्ने हो, पूर्ण त अमेरिका, बेलायत जस्ता देशमा पनि छैन । संविधान सभा या संसद्ले समावेशीका हकमा ऐनाको रूपमा काम गरोस् भन्ने आकांक्षा हो । यसले समाजमा द्वन्द्व नल्याओस्, राष्ट्रिय एकता नखल्बलाओस् भन्नेतिर पनि हामीले ध्यान दिनुपर्छ । पहिलो हुने निर्वाचन प्रणालीले पहिला पनि २/४ वटा कुरा सुनिश्चित गरेको थियो-बलियो सरकार, राजनीतिक दल मिलून आदि । राजनीतिक दलको संख्या हेर्दा २०१५ मा ९ वटा पार्टीले निर्वाचनमा भाग लिएका थिए, २०४८ मा ४४ दर्ता भए पनि २० वटाले भाग लिए, ०५१ मा ६५ दर्ता भएकोमा २४ वटा लडे, ०५६ मा १०० वटा दल दर्ता भइसकेको भए पनि ३९ वटाले मात्र निर्वाचनमा भाग लिए । निर्वाचन आयोगमा अहिले १५० दल दर्ता भइसकेको देखिन्छ । यसरी राजनीतिक दलको संख्या बढ्दै गयो भने राजनीतिक अस्थिरता बढ्छ । हामीले संयुक्त सरकारको अनुभव गरिसकेका छौं, संयुक्त सरकार निरंकुश हुनुपर्छ भन्ने पनि छैन, अहिले त्यो प्रवृत्ति देखिएको छ । बलियो विपक्षी दलको टड्कारो आवश्यकता छ यदि लोकतन्त्रलाई सुरक्षित राख्नु छ भने । सहमतिमा काम गर्नुपर्छ, नभए चार जना नेता मिलेर सबै उडाई दिन्छन, जे पनि गरिदिन्छन् । तसर्थ नागरिक समाजले जे-जे नेताले भने त्यही सुन्नेमात्र होइन कि उनीहरूको भनाइको रहस्य बुझ्ने प्रयास पर्याप्त मात्रामा गर्नुपर्छ ।

संविधानसभाका धेरै राजनीतिक दल आउन सक्छन, त्यसलाई कसरी व्यवस्थित गर्ने भन्ने चुनौती छ । कति वटा राजनीतिक दललाई कसरी दर्ता गर्ने-नगर्ने भन्ने आधार अन्य मुलुकमा छ । हामी कहाँ त्यस्तो व्यवस्था छैन । यसप्रति ध्यान दिनुपर्छ ।

दुई निर्वाचन हुने भयो । एउटा २०५ सिटको अर्को २०४ को । यसो गर्दा एउटै मतपत्र प्रयोग गर्ने भन्ने कुरा निक्कै जटिल छ । कति लामो मतपत्र बनाउने ? दुई वटा मतपत्र बनाउने कि ? दर्ता भएका राजनीतिक दललाई छुट्याउनु भएन, कहिलेसम्म मत पत्र छापिसक्ने हो ? जेठमा निर्वाचन गर्नुपर्छ, कहिलेसम्म मतपत्र सम्बन्धित स्थानमा पुर्‍याउने हो ? यो व्यावहारिक समस्या आउन सक्छ ।

बसाई सरेका मतदाताहरू र नागरिकता समस्या पनि छ । मैले चार वटा निर्वाचन गराएँ, पञ्चायतका बेला गराए र ०४६ को जनआन्दोलनपछि पनि गराएँ । त्यो निर्वाचनमा नागरिकताको मुद्दामा ध्यान दिइएन । तराईवासीलाई आतुर छ । नागरिकताको मुद्दालाई लम्ब्याइँदै आएको सन्दर्भमा तराईवासीले संविधानसभा अगावै समाधान गर भन्नु राजनीतिक नारा हो । नभए कहिल्यै नटुंगिने भयो, निर्वाचन सकिएपछि फेरि यो मुद्दा हराएर जान्छ । त्यही कारण यो नारा आइरहेको छ । त्यो नारा कति व्यावहारिक छ र समयलाई समेत ध्यान दिएर निर्वाचन आयोगले यसबारे निर्णय लिनुपर्छ ।

निर्वाचन हुने भएपछि राजनीतिक ध्रुवीकरण हुन्छ । यो प्रश्न अहिले नै आउन थालिसकेको छ । यसलाई राजनीतिशास्त्रीहरूले ध्यानपूर्वक हेर्नुपर्छ र दलहरूलाई सुझाव दिनुपर्छ । कुन हदसम्म कानुनी रूपमा राख्न सकिन्छ भन्ने नयाँ चुनौती हो,

जुन पहिला यो मात्रामा थिएन । दुई विषय पन्छाइएको छ । राजनीतिक सहमति भइसकेको निर्वाचन प्रणालीबाट सुविधाअनुसार क्षेत्र हेरफेर गर्ने समस्या यसमा आउँदैन, निर्वाचन आयोगले यसबाट उन्मुक्ति पाएको छ । मोटामोटी यिनै कुरा हो । यसप्रति नागरिक समाजले चनाखो भएर हेर्नुपर्ला, राजनीतिक नेतृत्वलाई पनि ध्यान दिनुपर्छ । जनतालाई सेवा प्रवाह गर्ने उनीहरूको इच्छा, आकांक्षालाई ध्यान दिनुपर्छ ।

समानुपातिक निर्वाचन पद्धतिले तलसम्म प्रतिनिधित्व होस् भन्ने उद्देश्य राखेको छ । अर्को निर्वाचन प्रणाली (मिश्रित)ले चाहिँ संविधानसभाको परिणाम राम्रो होस् र उसले राम्रो सेवा प्रवाह गर्न सकोस् भन्ने आकांक्षा होला । फरक फरक आकांक्षा भएकाले दुवैलाई मिलाएर जाऊ भन्ने सिफारिस होला, तर संविधानसभाचाहिँ ज्यादै ठूलो होला भन्ने मलाई लागेको छ । दुईवटा सभाका लागि हामी निर्वाचनमा जानुपर्छ । अमेरिका, बेलायतलगायत हाम्रा छिमेकी मुलुकहरूमा 'डेमोक्रेसी म्याक्सिमाइज' गर्न नसकिरहेको स्थिति छ । लोकतन्त्रमा अध्ययन र राजनीतिक प्रक्रिया विकास भइरहने कुरा हो । विस्तार गर्नुपर्छ, तर एकै पटक सबै कुरामा फड्को मार्छु भन्नुचाहिँ निरर्थक प्रयास हुन्छ जस्तो लाग्छ ।

**प्रा. वीरेन्द्रकुमार मिश्र, पूर्वनिर्वाचन आयुक्त**

मिश्रित प्रणालीबारे निर्णय लिइएको छ, त्यसबाट संविधानसभाको परिणाम कस्तो होला भन्नेतिर म जान चाहन्छु । ०५६ को निर्वाचनलाई आधार मान्ने हो भने कहाँ जान खोजेका थियौं, कहाँ पुग्यौं भनेर थाहा पाउन सकिन्छ । एमालेले ३०.७४ प्रतिशत मत पाएको थियो, उसको सिट संख्या ७१ थियो । वास्तवमा उसले ६३ सिटमात्र पाउनुपर्ने हो । नेपाली कांग्रेसको ३६.१४ प्रतिशत मत पाएर एक सय ११ सिट पायो । हुनुपर्ने चाहिँ १२८ सिट हो । राप्रपा चन्दले ३.३३ प्रतिशत मत पाएकोमा एक सिट पनि पाएन, उसले सात सिट पाउनुपर्थ्यो । सद्भावना पार्टीले ३.१३ प्रतिशत मत पाएको थियो, ५ सिट पायो, पाउनुपर्ने सात सिट हो । राप्रपा थापाले १०.१४ प्रतिशत मत पाएर ११ सिट पायो, पाउनुपर्ने २१ थियो । निर्वाचनको दुई वटा सिद्धान्त छ-समानुपातिक र अधिकतम सहभागिता । तर यहाँ खिचडी बन्यो ।

कम मत पाए पनि बढी मत पाइन्छ । जर्मनीमा समानुपातिक प्रतिनिधित्वका आधारमा जति जिल्लाको प्रतिनिधित्व हुँदैन त्यसलाई 'कम्पन्सेट' गरिँदो रहेछ । हामी कहाँ त बढी भयो । नेपाली कांग्रेसजस्तो दलले बढी पाएको छ, उसलाई नदिने । तसर्थ पहिलो हुने निर्वाचन पद्धतिको जुन 'डिमेरिट' छ त्यो यथावत् हुने भयो । जुन मतदाताले मत दिन्छ उसलाई दोब्बर फाइदा हुन्छ । अवस्था हाम्रो अगाडि छ । समाधान गर्न कुनै समस्या छैन, अध्ययन गरेर गर्न सकिन्छ ।

**कुमार रेग्मी, अधिवक्ता**

हुने कुरा भइसकेको छ, त्यहीअनुसार काम गर्‍यो भने राम्रो हुन्छ भन्ने मलाई लाग्दछ, खर्चिलो कुरा गर्नु जरुरी छैन । त्यही कारण हुन सक्छ अवधारणा प्रस्तोताले जसरी भए पनि निर्वाचन गर्ने कुरालाई बारम्बार दोहोर्‍याउनु भएको छ । संविधानसभाको निर्वाचन जेठ या कात्तिकमा हुन सक्छ भनेर आ-आफ्ना व्याख्या



होलान् । राजनीतिमा कुनै पनि कुरा असम्भव हुँदैन भनिन्छ, हो जसरी पनि, जे पनि सम्भव छ भनेर काम गर्नुपर्छ भन्ने लाग्दछ ।

संविधानसभाको निर्वाचनको सट्टा प्रतिनिधिसभाकै निर्वाचन भएको भए राम्रो हुन्थ्यो, त्यसैले संविधान बनाउन सक्थ्यो भन्ने सूर्यप्रसादजीको आशयमा हामी सहमत छौं । तर दुवै हुन सक्छ-संविधान निर्माणका लागि मात्र संविधानसभाको निर्वाचन हुन सक्छ, संविधान पनि बनाउने संसद् पनि चलाउने दुवै प्रक्रिया छ त्यसमा संविधान मात्र बनाउने बाटो अपनायौं भने त्यसलाई अन्यथा लिनुपर्ने कारण होला भन्ने मलाई लाग्दैन । यसैसित गाँसिएर नागरिकताको कुरा आएको हो । संविधान मात्र बनाउने बाटो अपनायौं भने त्यसलाई अन्यथा लिनुपर्ने कारण होला भन्ने मलाई लाग्दैन । यसैसित गाँसिएर नागरिकताको कुरा आएको छ । संक्रमणकालीन अवस्थामा सबै कुरा आउँछन्, तिनलाई निम्ट्याउनै पर्छ । सबै काम गर्न सकिन्छ भने नागरिकता दिन किन नसकिने ? नागरिकता नभएकाको नाम मतदाता सूचीमा दर्ता हुन्छ भन्ने के भरोसा ? त्यसको जिम्मेवारी कसले लिने ? यस्ता प्रश्नको उत्तर चाहिन्छ नै ।

शान्तिको कुरा बारम्बार आएको छ । वर्तमान अवस्था संक्रमणकालीन हो, हस्तान्तरणको होइन । त्यति हुँदाहुँदै पनि मानसिक हस्तान्तरणचाहिँ हो । हामी संविधानसभाको निर्वाचनबाट राज्यको प्रकृति बदल्छौं भनेर मानसिक रूपमा तयार भएका छौं । मानसिक रूपमा तयार भएको बेलामा शान्तिको ठूलो समस्या आउला भन्ने मलाई लाग्दैन, राज्य र माओवादी पक्ष संविधानसभामा जाने प्रतिबद्धतामा पुगेपछि चिन्ता लिनु जरुरी छैन ।

समानुपातिक निर्वाचन पद्धति अपनाउँदैमा समावेशी हुन्छ भन्ने कुरामा म विश्वास राख्दिन । समानुपातिकले त राजनीतिक शक्तिहरूकोमात्र प्रतिनिधित्व हुन्छ । त्यसमा जाति/जनजाति आउने होइन, पार्टीले चाहेको भए पहिल्यै समावेशी हुन्थ्यो, तर पार्टी नै जातीय भएपछि कहाँबाट समावेशी हुन सक्छ र ? पहिला पार्टी बदलिनु पर्‍यो । समानुपातिकबाट छानिने २०४ सिट सूची प्रणालीबाट छानिने हो वा प्रत्येक निर्वाचन क्षेत्रबाट । हामीले भोट यहाँ हाले पनि त्यही भोटबाट अर्को ठाउँको मानिस आउन सक्ने भयो, तसर्थ हामीले पार्टीहरूलाई बढी समावेशी बनाउनु भन्नुपर्‍यो, नभए बढी बाहुन/क्षेत्री आउने कुरा हुने नै भयो । लिस्ट सिस्टम पार्टीमा राख्ने भएपछि त्यो अलि खतरा हुन्छ जस्तो मलाई लागेको छ । कांग्रेसमा राख्यो भने त्यसका नेताले आफ्ना नातागोता राख्छ, एमालेले पनि त्यसै गरिदिन्छ । समावेशीभन्दा पनि हामीजस्ता राजनीति शास्त्रका मानिसले त प्रतिनिधिमूलक बनाउने भन्नुपर्छ, त्यो नै राम्रो पनि होला ।

मतदाता शिक्षा भन्ने कुरा छ, त्यो जरुरी होला भन्ने लाग्दछ । हामी कहाँ निर्वाचन नभएको ८ वर्ष भइसक्यो । मानिसले भोट हाल्नै बिर्सिसके, स्वस्तिक चिह्न हान्न मैले बिर्सिसकें जस्तो लाग्छ । प्रमुख निर्वाचन आयुक्त पनि यहीं हुनुहुन्छ, कसरी निर्वाचन सम्भव बनाउन सकिन्छ भन्नेतिर जोड दिएमात्र निर्वाचन हुन सक्ला । धेरै सिद्धान्त र प्रयोगको कुरा गर्ने हो भने कहींको पनि प्रयोग हामीलाई काम लाग्दैन । एमालेले सहमतिमा फरक मत राखेझैं अन्य मुलुकमा प्रयोग छैन । नयाँ निर्वाचन मण्डलले अलि पर्याप्त समय दिनुपर्ला-मतदाताको नाम कति छुटेको

छ भन्ने विषयमा। प्रचार-प्रसारको समय पनि दिनुपर्छ। निर्वाचन आयोग त्यसै बसेको छैन होला, केही न केही अपडेट गरिरहेको होला, केही आधार पनि होला।

छलफलमा विदेसिएकाको कुरा पनि आयो। अरूलाई त सकिन्छ, भारतमा चाहिँ के हो भन्ने कुरा आयो। विदेश बस्नेलाई पासपोर्ट दिने, भारतमा बस्नेलाई नदिने भन्ने कुरा आयो भने भेदभाव भयो। त्यस्तो कुरा गर्नुहुन्न, निर्वाचन आयोगले पनि नगरोस्। यत्रो परिवर्तनमा सहभागी गराउनै पर्ने हो।

संक्रमणकाल छ, अशान्तिको पनि समस्या छ। मरिसकेको राजतन्त्र नआउला भन्न सकिन्न। आउने सम्भावना रहन्छ, त्यसमा विचार पुऱ्याउनु पर्ला।

*'निर्वाचन सम्पन्न गराउन कानुनी आधारहरू तयार गरिनुपऱ्यो, जसमा निर्वाचन क्षेत्रको निर्धारण हुन सक्छ । अन्य कुरा अवधारणामा छ । ती सबै कुरालाई हेर्नुपर्छ'*

**काशिराज दाहाल**

२०४७ को संविधान निर्माण गर्दा नेपालको भौगोलिक विकटतालगायत पक्षको अध्ययन गर्दा के कुरा विचार गरियो भने बिचैमा निर्वाचन गर्न पऱ्यो भने ६ महिनाको अवधि चाहिन्छ भनेर तोकियो। अन्य कतिपय मुलुकमा त एक दुई महिनामै निर्वाचन हुने पूर्वाधार तयार होला, हाम्रो अवस्थामा भइरहेको संसद् भंग भयो भने पनि नयाँ निर्वाचन गराउन ६ महिना लाग्ला भन्ने अनुमान गरेर संविधानमै व्यवस्था गरिएको थियो। अहिले त विशेष किसिमको निर्वाचन गराउने पर्ने भएकाले सबैभन्दा चुनौतीचाहिँ ६ महिना पर्याप्त हो कि होइन भन्ने हो। प्रमुख निर्वाचन आयुक्तले 'वैशाख/जेठ' सम्ममा गराउँछौं त भन्नुभएको छ। तर त्यसका लागि के गर्नुपर्छ भनेर अवधारणा प्रस्तोताले बडो राम्रोसँग सूची बनाउनु भएको छ। ६ महिनामा निर्वाचन स्वच्छ, निष्पक्ष गराउन तयारी गर्नुपर्ने अवस्था छ। यो सम्भव छ कि छैन भनेर व्यावहारिक दृष्टिकोणले हेरिनुपर्छ। निर्वाचनको प्रक्रिया पूर्ण हुन अवधारणामा पाँच वटा तत्व उल्लेख गरिएको छ। पहिलो, राजनीतिक प्रतिबद्धता चाहियो, राजनीतिले स्वामित्व ग्रहण गर्नुपऱ्यो। संविधानसभाको निर्वाचन गर्ने भन्ने सहमतिमात्र भएको छ, यसलाई मूर्तरूप दिन के के गर्नुपऱ्यो भने धेरै कानुनी पूर्वाधार तय गर्नुपऱ्यो। त्यसमध्ये संसद्को निर्वाचनको लागि १०/१० वर्षमा जनसंख्याको आधारमा क्षेत्र निर्धारण गर्ने थियो। अहिले क्षेत्र निर्धारण गर्नुपर्ने कि नपर्ने, यसको तय पनि कानुनबाटै गरिनुपऱ्यो या अन्तरिम संविधानमै गर्नुपर्ला। ०४७ को संविधानमा रहेनौं, अन्तरिम संविधान स्वीकार गर्नुपऱ्यो। कुन पद्धति भन्ने राजनीतिक सहमति भैसक्यो, ठीक/बेठीक आफ्नो ठाउँमा होला। राजनीतिज्ञले विवेक प्रयोग गरिसकेको अवस्थामा छलफल गर्नु जरुरी भएन। तर, निर्वाचन सम्पन्न गराउन कानुनी आधारहरू तयार गरिनुपऱ्यो, जसमा निर्वाचन क्षेत्रको निर्धारण हुन सक्छ। अन्य कुरा अवधारणामा छ। ती सबै कुरालाई हेर्नुपर्छ।



दोस्रो पक्ष, व्यवस्थापन हो, जसको धेरै पक्ष छ। अवधारणामा भनिएको छ- शान्तिसुरक्षा, कर्मचारी आदि। अर्को मतदाताको सहभागिता नै भएन भने निर्वाचनको केही अर्थ हुँदैन। तसर्थ मतदातालाई बढीभन्दा बढी सहभागी गराउनेतर्फ प्याकेज कार्यक्रम ल्याउनुपऱ्यो। शिक्षा, चेतना के बाट हुन्छ। अर्को भनेको निष्पक्ष र स्वच्छ निर्वाचनका लागि आवश्यक तत्वहरू। यी कुरा भए मात्र निर्वाचनको प्रक्रिया पूरा हुन सक्छ।

अवधारणामा उल्लेखित दुई कुरालाई परिवर्तन गर्नुपर्ला कि भन्ने मत राख्न चाहन्छु। एक, निर्वाचनसम्बन्धी कुनै विवाद उठ्यो भने सर्वोच्च अदालतले हेर्ने कि भन्ने कुरा उठाइएको छ, अहिलेको सम्झौतामा संवैधानिक अदालत गठन गर्ने भनिएको छ। संवैधानिक अदालत भनेको केवल मस्यौदा समितिले भनेको जस्तो संविधानसभाका लागि हो कि छुट्टै हो भनेर सहमतिमा स्पष्ट छैन। संवैधानिक अदालत फ्रान्स, अस्ट्रेलिया, पोर्चुगललगायतका देशमा छन। त्यसको छुट्टै संवैधानिक हैसियत छ। त्यसले पनि निर्वाचनसम्बन्धी विवाद हेर्दछ। म जोड दिएर भन्न चाहन्छु-संवैधानिक अदालत गठन गर्न चाहेको हो भने निर्वाचन आयोगबाट भएका काम संविधानसम्मत भए कि भएन भन्ने यावत् प्रक्रिया हेर्ने अधिकार दिइनुपर्छ। संविधानअन्तर्गत बनेका कुनै ऐन कानुन संविधान सम्मत भयो भएन भनेर पुनरावेदन गर्ने अदालतमात्र बनाउनु हुँदैन, संवैधानिक अदालत भनेको निर्वाचनको वैधानिकता जाँच्ने अदालत पनि हो भन्ने धेरै मुलुकमा मानिएकाले यहाँ पनि त्यसै गरिनुपर्छ। अन्तिम मस्यौदा आउने बेलामा संवैधानिक अदालतको खाका, ढाँचा र स्वरूप स्पष्ट हुनुपर्छ र, निर्वाचनसम्बन्धी विवादहरूको निम्टारा गर्ने जिम्मेवारी पनि संवैधानिक अदालतलाई दिन सकिन्छ। कुनै निर्वाचनमा उठेका व्यक्तिको योग्यताको प्रश्न उठ्यो भने निर्वाचन आयोगले हेर्ने, निर्वाचन परिणामपछि प्रधानन्यायाधीश या सर्वोच्चले तोकेको न्यायाधीशले हेर्ने, निर्वाचनको वैधता जाँच्ने छुट्टै विशेष अदालतले हेर्ने विद्यमान अवस्था छ। हामीले चाहिँ वैधता जाँच्ने हो भने संवैधानिक अदालतको क्षेत्राधिकार स्पष्ट हुनुपर्छ। अन्तरिम मस्यौदा समितिले गरेको जस्तो होइन, उसले गरेको ढाँचा मिलेको छैन। राजनीतिक दलका प्रतिनिधिहरू यहाँ हुनुहुन्छ, उहाँहरूले यो कुरामा ध्यान दिनु भएन भने संवैधानिक अदालतको अर्थ छैन।

दोस्रो, संविधान सभा निर्वाचन समन्वय परिषद्को कुरा छ। तर यसलाई कानुनी आधार दिएनौं भने कुनै अर्थ हुँदैन। सबैभन्दा पहिले निर्वाचन आयोगको अध्यक्षतामा हुने या कहाँ हुने यो परिषद् भन्ने कुरा कानुनी रूपमा स्पष्ट पार्न नसके यो मोडल व्यावहारिक रूपमा उपयुक्त भए पनि यसले गरेका कुनै पनि कामकारवाही कानुनसम्मत र मान्य हुँदैनन्। अवधारणा राम्रो छ, कानुनी आधार दिनुपर्छ।

**लालबाबु यादव, उपप्राध्यापक**

कार्यक्रमको सभापतित्व गरिरहनु भएका सभापतिले अमेरिकाको दुई वटा कुरा ल्याउनुभयो। यस पटक निर्वाचनको नकारात्मक प्रभाव के छ भने प्रत्येक उम्मेदवारले ९० प्रतिशत समय विरोधीलाई गाली गर्न खर्चेको छ। संविधानसभाको कुरा गर्दा एउटा पक्षबाट निर्वाचन जितेर आउँछन्, भोलि मतदान गर्दा अर्को पक्षलाई

दिए भने के हुने। जस्तैः अमेरिकामा रिपब्लिकनबाट निर्वाचन जितेर जाने, डेमोक्रेटलाई भोट दिने भयो। त्यसपछि अर्को पटक कानुन नै बनाउनु पर्‍यो-तिम्रो काम हुलाकीको हो, जुन पक्षबाट आएका छौं, त्यही काम गर। त्यो कुरालाई यहाँ कसरी लाने ? मैले कुनै पार्टीबाट निर्वाचन जितेर आएँ अनि त्योभन्दा फरक विचारमा गएँ, जनताको विचार भन्दा टाढा रहे भने कसरी नियन्त्रण गर्ने भन्ने कुरालाई कसरी हेरिएको छ। अर्को चाहिँ, अन्तरिम व्यवस्थापिका तीन सयभन्दा बढी छ, संविधानसभा चार सयभन्दा बढी छ। जोड्दा सात सय भन्दा बढी भयो। भारतमा संविधानसभा २ सय ९३ थियो। संविधानसभाको निर्वाचन हुँदा यो व्यवस्थापिका पनि निरन्तर रहन्छ कि यो काम संविधानसभाले गर्छ भनेर हामी कहाँ स्पष्ट पारिएको छैन, अझै। प्रष्ट पारिदिए हुन्थ्यो। संविधानसभा कहीँ पनि विनासर्त भएको छैन। सबैभन्दा राम्रो मोडलचाहिँ साउथ अफ्रिकामा छ। त्यहाँ प्रजातन्त्रको आधारभूत सिद्धान्तहरू छन, त्यसलाई राखिएको थियो। संविधान सभामा ३४ वटा एजेन्डा लिएर गएको पाइएको थियो। हामीचाहिँ संविधानसभामा निसर्त जाने हो कि प्रजातन्त्रका आधारभूत सिद्धान्तहरूलाई लिएर जाने भन्ने पनि प्रष्ट पारिदिए राम्रो हुने थियो।

समावेशीको कुरा आएको छ, समावेशी गाह्रो छ। राजनीतिक नारा हो, जे भनि दिए पनि हुन्छ, अहिले। अमेरिका र ब्रिटेनमा पनि १३/१४ प्रतिशत महिलाको सहभागिता छ, पाकिस्तानमा २१ प्रतिशत छ, रुवान्डामा सबैभन्दा बढी ४५ प्रतिशत छ। तर, हामीले नीतिमा बढी जोड दिनुपर्छ। एकै पटक सबै काम गर्न हामी सक्छौं या सक्दैनौं ? अहिले पनि राजनीतिक दललाई हेर्ने हो भने माओवादीमा ३५ जनामा दुई जना केन्द्रमा छन। त्यो ८ प्रतिशत पनि हुँदैन। दलित कति प्रतिशत छन, नेपाली कांग्रेस, एमाले, माओवादीमा एकै स्थिति छ।

२०४ सिट क्षेत्र, दलित, मधेसीका लागि छुट्टयाइएको छ। यो मैले बुझेको छैन। १०३ त जातजाति छन, महिला जोड्दा १०४ हुन्छ। दुई सय चार वटा सिट कसरी मिलाउने हो।

संविधानसभा भएपछि सुझाव निर्माण आयोग बनाए पनि केही फरक पर्दैन। यो साउथ अफ्रिकामा पनि बनाएकै हो।

राजनीतिक दल दर्ता गर्ने कुरा त गरिन्छ, दलले नै महत्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन्, जहाँ पनि। दलहरूले पनि भाषा, क्षेत्रका कुरा निकाल्छन्, तर अन्तरिम संविधानमा यो कुरा उल्लेख छैन। क्षेत्रीय भाषामा राजनीतिक दल खोल्न नपाइने कुरालाई कसरी हेर्नुभएको छ ?

अन्त्यमा नागरिकताका बारेमा केही बताऊँ। नागरिकताको समस्या समाधान हुनुअघि निर्वाचन होला जस्तो मलाई लाग्दैन, हुनु पनि हुँदैन। राजनीतिक नारा होइन, वैधानिक नारा हो। नेपाली नागरिकता नै नभएकालाई कसरी चुनावमा भाग लिन दिनुहुन्छ ? नागरिकता वितरण पहिला नगरे संविधानसभा निष्पक्ष हुन सक्दैन।

**प्रा. आनन्द आदित्य**



फ्रिडम फोरमले गरेको पछिल्लो कार्यक्रम निकै उपयोगी पाएँ, साप नेपालले निकाल्न लागेको एक बुलेटिनमा त्यो समावेश गर्न खोजेको छु, सम्पादकका हैसियतले। संविधानसभाको निर्वाचन र चुनौती भन्ने विषयको उपादेयता र उपयोगिता पक्कै छ। म २/४ वटा बुँदामा जोड दिन चाहन्छु।

आजको बहसमा मतदाताको उमेरको कुरा आएको छैन-१६ कि १८ वर्ष भन्ने। जानकारीमा राखौं-इरानमा १६ वर्षमा मत दिने व्यवस्था छ। अर्को एक मुलुकमा त १५ वर्षमै दिन पाइने व्यवस्था छ। एक सय वर्षअघिको १६ वर्ष र अहिलेको १६ वर्षमा आकाश जमिनको फरक छ, म त्यसलाई व्याख्या गर्न चाहन्न। पछिल्लो १० वर्षमा गम्भीरता पनि आएको छ, १६ वर्षकाले मत दिन पाउनुपर्छ भन्ने कुरा उठिरहेको छ। हालै एक जना भूगोलविद्मार्फत मैले सुनेको थिएँ-१६ वर्षदेखि १८ वर्षको उमेरको जनगणनाअनुसार हेर्ने हो भने १० लाख मतदाता थपिन आउँछ, यसरी हेर्दा ६/७ लाख मत फरक पर्न आउँछ-गणतन्त्रको पक्षमा होस् या राजतन्त्रको।

नेपालमा दीर्घकालीन योजना त बन्छ, तर अल्पकाललाई हेरेर। निर्वाचन कतिपटक सर्‍यो। राजाबाट समेत निर्वाचन सारियो, शेरबहादुर देउवालाई निर्वाचन गर्न असक्षम भएको भन्दै हटाउने कामसमेत भयो। तर, हास्यास्पद कुराः देउवाले नसकेको काम गर्न नसक्दा राजा चाहिँ हट्न खोजेनन, राजाले मन्त्रिपरिषद्बाट राजीनामा दिनुपर्थ्यो। निर्वाचन आयोगमा यस्तो प्रकृतिको समस्या नआओस भन्न चाहन्छु। प्रमुख निर्वाचन आयुक्त पोखरेलसँग पुरानो चिनजान हो, प्रतिबद्ध हुनुहुन्छ। संविधानसभाको निर्वाचन नसरोस्। निर्वाचनको कुरामात्र आउँदैन, अन्य विषय छन्। तराई क्षेत्र रणनीतिक क्षेत्र हो। ०४६ पछि पनि हामीले त्यसलाई परिभाषित गर्न सकेनौ र ५६ वर्षसम्म न्याय पनि गरेनौ। तसर्थ जयकृष्ण गोइत या मातृका यादव आउँछन् भने म आश्चर्य मान्दिनँ, भविष्यमा यस्ता धेरै पात्र जन्मने छन। यदि हामीले समस्या समाधानतिर ध्यान नदिने हो भने समस्या बढेर जानेछ र, तराईवासीले हामीलाई धन्यवाद दिनेछन्-समस्या बढाएकामा।

सबैलाई मतदानमा समावेश गर्ने हो भने भारतमामात्र ५० देखि ६० लाख र अन्य मुलुकमा १० लाख  मतदाता छन्। तिनलाई कसरी सहभागी गराउने भन्ने कुराको व्यवस्थापन कसरी भइरहेको छ त्यो जान्न पाइएको छैन। सेना पनि नागरिक हुन। जुनसुकै पक्षमा मतदान गरे पनि उनीहरूलाई मतदानमा समावेश गराउनुपर्छ, मलाई लाग्छ यो ६०/७० हजार संख्याको कुरा छ। त्यत्रो संख्यालाई कसरी हामी उपेक्षा गर्न सक्छौं, बेला बेलामा तिनलाई किन मत दिने अधिकारबाट वञ्चित गराइयो ?

निर्वाचनको 'क्याम्पियन र ओरेन्टेसन' को कुरा छ। मुलुक गम्भीर अवस्थामा छ, २३८ वर्षको इतिहासमा सबै भन्दा महत्वपूर्ण निर्वाचन हुँदैछ। यो राज्यको स्रोत हस्तान्तरण, राज्य पुनसंरचना र संसदीय निर्वाचनसँग जोडिएको छ। यसलाई गम्भीर रूपमा लिनु जरुरी छ। कुरा गरेरमात्र भएन, काम गर्न ६ महिना पुग्छ कि पुग्दैन हेरौं। संविधानसभाको निर्वाचन सार्नुपर्छ भन्ने मलाई लाग्दछ, हतार लतार गर्ने हो भने छुट्टै कुरा हो। ०४६ मा पनि संविधान निर्माण क्रममा 'सयौ विचार

आए, धेरै सांस्कृतिकलगायत अरूअरू कुरा भएकाले ध्यान दिएनौं' भन्ने अभिव्यक्ति विश्वनाथ उपाध्यायले दिनुभएको थियो। हो, त्यही ध्यान नदिएकाले नै अहिले समस्या आएको हो। त्यो संविधानलाई विश्वकै उत्कृष्ट भनिएको थियो, तर के भयो भन्ने हामी सबैलाई थाहै छ। प्राथमिकतामा परेको लक्ष्य छ भने त्यसलाई सुहाउँदो प्राथमिकताकै रणनीति भएन भने त्यहाँ हुने 'ग्याप'ले हामीलाई आत्मदाहतिर लैजान्छ। १० कोश टाढाको रामपुर जानु छ भने तीन कोश हिँड्ने बराबर खाजा सामलले त्यहाँ पुग्न सकिन्न।

विश्वमानजी बधाईका पात्र हुनुहुन्छ, यस प्रकारका अवधारणा बारम्बार आउनुपर्छ। दर्जनौं सुझाव आउनुपर्छ। यो बहस गराउन अगुवाई गरेकामा फ्रिडम फोरमलाई पुनः धन्यवाद दिन चाहन्छु।

**प्रा. डा. यज्ञप्रसाद अधिकारी**

भन्नु धेरै छैन। अलिकति वैचारिक रूपमा पहिलो हुने निर्वाचन प्रणालीबारे सूर्यप्रसादजीले बताइसक्नुभयो। बलियो प्रतिपक्षी हुने त्यसको सुन्दरता हो, जसलाई इन्कार गर्न सकिन्न। तर दलीय प्रवृत्ति र निर्वाचन प्रणालीका कारणले समावेशी हुन नसकेको जस्तो मलाई लागेको छ। यत्रो भुक्तभोगी र निर्वाचन गराइसक्नु भएका व्यक्तिहरूलाई म अहिले केही भन्न चाहन्न। अहिले ४ सय २५ को संविधानसभा बनाउने भनिएको छ, जसमा भागवन्डाको मानसिकता देखिन्छ। भाग लगाएर कहिल्यै पुग्दो रहेनछ-पार्टीहरू फुटे, हरेक पार्टीका आ-आफ्ना भ्रातृ संगठन र संरचना बनाइए। तर फुटेकाहरूमा पनि केन्द्रीय तहदेखि लिएर तलसम्म झगडा यथावत् छ। प्रक्रिया, पद्धति र प्रवृत्ति मूलरूपमा राजनीतिक दलले सोच्नुपर्ने कुरा हो, यी कुरालाई केन्द्रीय रूपमा राख्दा समस्या समाधान गर्न सजिलो हुन्छ। दोस्रो चाहिँ, हामी बल्ल समस्यामा प्रवेश गर्दैछौं, मुलुकले एउटा निकास या दिशा पाएको सन्दर्भमा। निर्वाचन आयुक्तले जसरी भए पनि संविधानसभा गराउने कुरा गर्नुभयो, तर म जसरी भए पनि भन्ने शब्द सुन्न चाहन्नथैं एउटा नागरिकका हिसाबले। जसरीले गलत अर्थ पनि दिन्छ। हाम्रो राज्य कस्तो ? हाम्रो वर्तमान राज्य भनेको कमजोर हो, निश्चयनै। समझदारी भएको छ, ऐतिहासिक निर्णय भएको छ, मुलुकले एउटा दिशा लिएको छ-यो बहुत सुखद पक्ष हो। तर राज्य क्षमताको हिसाबले अहिलेको राज्य कमजोर हो। त्यो राज्यभित्र निर्वाचन आयोगदेखि राज्यका सम्पूर्ण अंग पर्छन।

आरोप प्रत्यारोप लगाउन र कुनै राजनीतिक दलको नाम लिन चाहन्न। तर संसारमा कहीं पनि नभएको-फरक मत पनि राख्ने अनि ऐतिहासिक दस्तावेजमा हस्ताक्षर पनि गर्ने काम भयो। मलाई लाग्छ-राजनीतिक खेलाडीमा देखिएको यो मानसिकताले नेपाली जनतालाई धेरै आश्वस्त पार्न सकेको छैन। तसर्थ राजनीतिक खेलाडीले क्षमता देखाउने बेला छ। सबै भन्दा ठूलो समयको व्यवस्थापन हो, समय अनुसार काम गर्नुपर्‍यो। हामीचाहिँ गुट र उपगुट बनाएर गफ गरेर बिताउँछौं, काम गर्दैनौं अनि कसरी चुनौती सामना गर्न सकिन्छ ?



मेरो सहमति या विमति भनौं-हामीले पञ्चायतकालदेखिकै पहिलो हुने निर्वाचन पद्धतिले गर्दा आउनुपर्ने एउटा वर्ग फ्याँकिएको फ्याँकियै छ। राजनीतिक दलहरूले पनि सजिलो बाटो खोजे-२०५ निर्वाचन क्षेत्रबाटै पहिलो हुने निर्वाचन पद्धति अनुसार नै निर्वाचन लडाउने अनि राष्ट्रिय क्षेत्र बनायो, पार्टीलाई भोट हाल्छ, लिस्ट आफूले दियो। यदि त्यो नभएर १५/२० या २५ जनाको क्षेत्र बनाएर समानुपातिक प्रतिनिधित्वमा जान पाएको भए राम्रो हुने थियो। उदाहरणका रूपमा-तनहुँमा मगर जातिको वाहुल्यता छ, तर हामी सधैं गोविन्दराज जोशी, रामचन्द्र पौडेल र अमरराज कैनी निर्वाचित भएको देख्छौं। मगर जातिको बाहुल्यतालाई हेरेर टिकट दिनुभएन भने हराई दिन्छ, अर्को पार्टीले जित्छ, अनि पार्टी नेतृत्व पनि जातीय समानुपातिक बनाउन वाध्य हुन्छ। राष्ट्रिय क्षेत्रमा त भोट जनताले हाल्ने भए, नेताहरूले मन लागेकालाई खुरुखुरु टिकट दिए भयो। सजिलो बाटो खोजियो। अब कस्तो प्रणाली अपनाउने भन्ने निर्णय भइसक्यो, मुलुकले एउटा दिशा लिएको छ। अब यसलाई कसरी सुधार्ने ? निर्णय भन्दा अगावै सम्पूर्ण संरचनाका बारेमा वृहत् छलफल हुन सकेको भए राजनीतिक दललाई पनि सहयोग पुग्थ्यो। अब जे छ त्यसलाई ठीक गरेर चुनौतीको सामना गर्नु उपयुक्त होला।

**भोलानाथ ढुंगाना, अधिवक्ता**

धेरै कुरा सुनियो, जसलाई सामान्य ढंगले बुझ्न मैले तीन कुरालाई देखें-(१) निर्वाचनमा राजनीतिक पार्टी खेलाडीका रूपमा (२) मतदाता श्रोता र (३) निर्वाचन आयोग 'अम्पायर' हुन। यी तत्वहरूले आ-आफ्नो भूमिका निष्पक्ष रूपमा निर्वाह गर्न पाए भने निर्वाचन राम्ररी हुन सक्छ होला।

नीति निर्माण प्रक्रियामा गर्नुपर्ने छलफल आज पनि भयो, त्यो कुरा कति सुनियो सुनिएन अर्कै कुरा हो। हामीले निर्वाचन पद्धति यस्तो हुनुपर्थ्यो भनेरमात्र पनि अहिलेलाई केही अर्थ देखिएन, पछिका निम्ति सान्दर्भिक भए पनि। तीन खेलाडीमा सबैलाई नियमित गर्नुपर्ने त छँदैछ, त्यसमा पनि बढी चाहिँ पार्टीलाई नियमित गर्नुपर्ने देखियो। कसलाई पार्टीको रूपमा मान्यता दिने ? गैरसरकारी संस्थाभन्दा पनि बढी सजिलो बाटोबाट पार्टी खोल्न सकिन्छ भने अब हामीले नियन्त्रण पनि नहुने र नियमित गर्न पनि सकिने उपाय खोज्नु जरुरी छ। यही क्रममा फ्रिडम फोरमले हालै गरेको सर्वेक्षणमा पार्टी संगठन, पार्टीको आर्थिक गतिविधि, पार्टीको उद्देश्य र त्यसको मूल्य एवं सहभागितामूलक पार्टी बनाउनु जरुरी देखियो। निर्वाचन आयोगको भूमिका चाहिँ अनुशासन पालना गराउने हो जसमा पार्टीहरूको पनि महत्वपूर्ण भूमिका रहन्छ।

पार्टी बनाउन कम्तीमा महिला, मधेसी, दलित, जनजातिको कोणबाट हेर्दा पनि एउटा पार्टीको कम्तीमा १० जिल्लामा संगठन बनोस्। देख्न लायक सदस्य संख्या (५००)। त्यो हिसाबले गयो भने व्यवस्थापन गर्न सकिने हुन्छ। एकदमै सहभागितामूलकमात्र भनेर पनि हुँदैन, त्यसलाई व्यवहारमा उतार्न सक्नुपर्‍यो। पार्टीहरूलाई नियमित गर्न सक्यो भने धेरै उपलब्धि हासिल गर्न सकिन्छ जस्तो

लाग्छ। मतदातालाई शिक्षित तुल्याउने, निर्वाचन आयोगका पदाधिकारीले विज्ञता देखाउने कुरामा पनि जोड दिनुपर्छ।

**अनिलकुमार झा, नेपाल सद्भावना पार्टी (आनन्ददेवी)**

संविधानसभाको निर्वाचनको चुनौतीबारे विज्ञहरूको कुरा सुन्यौं। हामी त कार्यकर्तामात्र हौं, त्यसमा पनि सद्भावना पार्टीको कार्यकर्ताले बोलेको कुरा अलोकप्रिय हुन्छ। हालसालै प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले संसद्मा बोल्ने कार्यक्रममा सद्भावनाका राजेन्द्र महतोले बोल्न लाग्दा नेपाल टेलिभिजनलाई स्टुडियोमा लगियो, संसद्को लाइभ छोडेर। मधेसीलाई यस्तो किन गरियो भन्ने जवाफ दिँदाचाहिँ १.०० बजे समाचार प्रसारण गर्नुपर्ने भएकाले लाइभ नगरिएको बताइयो, १.०० पनि हामीले बोल्ने बेलैमा बज्दो रहेछ। प्रकृतिले पनि हामीलाई साथ दिँदैन, पहाडियालाई के दोष दिनू ?

म आउँदिनभन्दा पनि फ्रिडम फोरमले 'सद्भावनाको भाषामा ५० प्रतिशत र राष्ट्रिय जनगणना अनुसार ३२ प्रतिशत जनसंख्याको कुरा नआउन सक्छ' भन्दै आउनुपर्‍यो भनेकाले ३२ प्रतिशत समय बोल्ने अनुमति चाहन्छु।

यथार्थता बुझ्नुपर्ने हो। तर्क नगरौं, मधेसका मानिस तर्क गर्न सक्दैनन। मधेसी मुख्यसचिव भएका छैनन, सचिव भएका छैनन्, प्रधानमन्त्री भएका छैनन्, प्रधानन्यायाधीश भए पनि बोल्नै नसक्ने स्थितिमा छन् (जाली नागरिकता, प्रमाणपत्रका नाममा)। तसर्थ नबोल्नेको भावनालाई कसरी समेट्ने ? फिलोसोफीमा पीएचडी नगरेकाहरूको अधिकारको कुरा कसले गर्ने ? त्यो बुझ्नुपर्ने यथार्थता छ। अन्यथा अहिलेको स्थिति कायम रहन्छ किनकि किराँत मुक्तिमोर्चाले 'यो सम्झौतापछि प्रचण्ड बाहुन भयो' भनिसकेको छ। मधेसमा बन्दुक चलिरहने, खस बाहुन गिरिजाप्रसाद कोइराला र प्रचण्डबीच सम्झौता हुने, अनि देशमा शान्ति आइसक्यो भन्ने ? यसलाई कस्तो शान्ति भन्ने ? कृष्णचरण श्रेष्ठ मारिँदा पनि शान्ति छ भन्ने ? अरू पनि मारिन्छन्, भोलि सिटौलाहरू पनि झापामा मारिन्छन। पर्सि झाहरू मारिन्छन, रौतहटमा। सात दलभित्र एउटा दल (सद्भावना) बसेर मधेसीमाथि गद्दारी भयो भन्ने कुरा आइसकेको छ। वीरगन्ज, जनकपुर बन्द भयो। यो कुरालाई तपाईं हामीले ध्यान दिने कि नदिने ? सद्भावना पनि सहमतिमा थियो किन नोट अफ डिसेन्ट लेखेन भन्न सक्नुहुन्छ ? एमालेसँग संयन्त्र छ, जवाफ पनि दिन सक्छ। तर सद्भावनाको हालत उही हो-तीन प्रतिशतमा दुई भाग हुन्छ, त्यो पनि १ बजे समाचार आउँछ, त्यही कारण नोट अफ डिसेन्ट नलेखिएको हो। यद्यपि नोट अफ डिसेन्ट लेख्ने अधिकार एउटा पार्टीको मात्र थियो-सद्भावनाको। स्थापनाकालदेखि समावेशीको कुरा गरिएको हो। नागरिकता नदिनूस् न ! गजेन्द्रनारायण जीवित हुँदा संसदमा पटक-पटक भनेका थिए-तिमीहरू नागरिक होइनौं, यो देश छोडेर जा त भन्न सक्नुपर्‍यो।' ल एउटा पनि नागरिकता नबाँडौं, तर नागरिकता नपाउनेलाई देश निकाला गर्नुपर्‍यो नि ? त्यो गर्न नसक्ने, हरेक निर्वाचनमा भोट लिने। म कतिपय मुलुकमा पुगेको छु-त्यहाँ ४० लाख जनाले नागरिकता छैन, तिमिलाई ४ लाख भोट पनि आउँदैन, नबिक्ने उत्पादन किन बेच्छौं। यसलाई बिर्स भन्छ। दुनियाँमा कही यस्तो हुँदैन, यहाँमात्र हुन्छ। यसपाली पनि महन्थ



ठाकुर, माधव नेपाल (आफैं प्रधानमन्त्री हुने मानिस) यसपाली तिम्रो नागरिकता पक्कै बन्छ भनेर मत लिने हो कि मधिसेको त्यसकारण हामी डराइरहेका छौं, हाम्रो डरमात्र हैन हाम्रा सौतेला भाइहरू 'फिल्ड'मा आइसकेका छन्। हामी त आग्रहले आयौं, सिंहदरबार अगाडि धर्ना दिन्छौ, त्यहाँचाहिँ बन्दुक लिएर बम लिएर प्रचण्डद्वारा प्रशिक्षित व्यक्तिहरू आइसके। उनीहरू हिसाबकिताब गर्छन, हामी मारिन्छौ। तमिल आन्दोलन सुरु हुँदा लिट्टेले पहिला उदार तमिललाई नै मार्‍यो। तसर्थ हामीले भनिरहेका हौं र भनिरहन्छौं। त्यो हाम्रो कर्तव्य पनि हो, त्यहींको मतबाट जितेर आएका छौं।

यो देशमा जनजातिका नाममा धेरै पार्टी खुलेपनि अरू कुनै राष्ट्रिय पार्टी बन्न सकेनन्। दलित र महिलाको पार्टी त खुलेन, तर तिनको नाममा धेरै धनराशि आयो। मधेसका नाममा एक रूपैयाँ कसैले दिएको छैन, डलरको कुरा छोडिदिनुस। मधेसीहरूले ०४६ को जनआन्दोलनपछि लगातार एउटा पार्टीलाई राष्ट्रिय पार्टी बनाइदिए, यसको मतलब हामीलाई शासन गर्न नदिए पनि सद्भावनाले उठाएका मुद्दा उचित थियो भन्ने हो, जसलाई अहिले सबैले सम्बोधन गर्नुभयो, त्यसका लागि धन्यवाद। तर भावनात्मक कुरालाई तर्कले काट्न सकिन्न, तसर्थ नागरिकता बाँडिनु पर्छ-संविधानसभाको निर्वाचन अगाडि नै। संविधान सभा के का लागि ?-लाभ लिन नपाएकाहरूलाई लाभको अनुभूति दिलाउन न हो। मेरा लागि त संविधानसभा नभए पनि हुन्छ, तर जोसँग नागरिकता छैन, जसको बसोबास छैन, जो बेरोजगार छ-तिनलाई समेटनकै लागि हामीले समावेशी राज्यको कुरा गरिरहेका छौं। तिनीहरूको समस्या समाधान नहुने हो भने संविधानसभा किन ? यथास्थितिलाई नै निरन्तरता दिए भइहाल्यो नि। तसर्थ समस्याहरू आउनुपर्छ, विज्ञहरूले त्यसको समाधानतिर सोचिदिनुपर्छ। यो तपाईंहरूको कर्तव्य हो। समस्या पछि हल गर्ने भन्दा समाधान गर्दै जाँदा के फरक पर्छ ? संविधानसभाको निर्वाचन अर्को वैशाखमा भयो भने यो देशमा के बिग्रन्छ ? बिग्रन्न। अन्तरिम संसदमा माओवादीका ७३ जना अटेर अरूलाई पनि समावेश गरिसकेपछि समस्या हुन्न। ४८ जनामा म नपरे भयो, नागरिक समाजबाटै पारिदिउँ। त्यो सिट पार्टीलाई बाँडेको छैन, बाँडेमा म पनि सशक्त दावेदार हुनेछु।

मैले हालै भएको सम्झौताबारे सुनें-यो भएन त्यो भएनभन्दा जवाफमा होइन यो सरकार र माओवादीबीचको कुरा हो, हामीबीच सम्झौता हुन्छ, तपाईंहरू गए हुन्छ भनियो। हस्ताक्षर त आउला नि भनेर मानिसले सही गरे। सरकार र माओवादीबीच हुन्छ भनेर प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला सुत्न जानुभयो रे। मैले सुनेको हुँ, सम्झौता हुँदा म त्यहाँ थिइन, रौतहटको गाउँमा आफ्नै काममा थिएँ। तसर्थ २२ गतेको सहमति सबैको इच्छामा आएको कसरी भन्ने ? तर हस्ताक्षर गरेपछि असहमति जनाउनु आवश्यक थिएन, तल नोट छँदै थियो-'असहमत कुरा लिएर जान पाउने।' म संविधानसभाको निर्वाचनबारे एकै शब्द भन्न चाहन्छु- यो साप फल्चामा आउने बाटो दक्षिणतिरबाट भएकाले त्यतै बाट आउनु पर्छ, हामी उत्तरबाट आउन सक्दैनौ चोरहरूमात्र आउन सक्छन्। त्यसैगरी संविधानसभाले सबै जाति, भाषा, क्षेत्र, समुदायलाई समावेश गर्ला भन्ने स्थिति छैन। संविधानसभा निर्वाचनका लागि जुन मोडल अपनाइयो त्यो कठिन छ। पहिलो भोट मैले मागे भने दोस्रो भोट पार्टीमा जान्छ, नेपाली जनतालाई यो कुरा बुझाउन पनि गाह्रो छ। तसर्थ संविधानसभाको प्रणाली

जस्तो बन्छ, त्यस्तै हुने हो। संविधानसभा जस्तो बन्छ, प्रतिनिधित्व त्यस्तै बन्ने हो। जस्तो प्रतिनिधित्व हुन्छ, आउने संविधान त्यस्तै बन्छ। तसर्थ अहिले अपनाइएको मोडल कुनै पनि हालतमा खस बाहुल्यता राखिराख्ने हिसाबको छ-चाहे त्यो प्रचण्डजीको कृपाले होस् चाहे गिरिजा बाबुको तागतले होस्। पूरै गणतन्त्र भनिरहेको माओवादीले संविधान सभाले जे भन्छ त्यही मान्छु भनेपछि जनताले चाहेको क्रान्ति फेरि पनि तुहियो। कुनै पनि नेपाली अहिलेसम्मको क्रान्तिबाट लाभान्वित हुन सक्दैन भन्ने देखियो। र, पनि जति भयो त्यसलाई पनि इमान्दारीपूर्वक पालना गरौं।

**सुनील भण्डारी, केन्द्रीय सदस्य, नेपाली कांग्रेस**

खासै भन्नु केही छैन। अनिलजीको पीडासँग म सहमत छु। यति ठूलो पुनर्जागणको समयमा पनि राष्ट्रिय समस्यालाई सही रूपमा समाधान गर्न सकिएन भने यो देशलाई सही दिशा दिन हामी योग्य छैनौं भन्ने देखिन्छ। पीडाहरूको समाधान हुनुपर्छ भन्ने मेरो दृष्टिकोण हो। आन्दोलनको यत्रो ठूलो उपलब्धि र धेरै ठूलो तहमा राजनीतिक सहमतिपछि समाजमा परिवर्तन प्रारम्भ भएको अवस्थामा संविधानसभा यस्तो खुड्किलो हो जसले हामीलाई वैधानिक रूपमा समाज पुर्नसरचना गर्ने व्यवस्था गर्दैछ। विश्वमानजीले जुन हिसाबले आँखा खोलिदिनुभयो, सडकमा संविधानसभाको नारा लगाएर जनतालाई संविधान सभाप्रति म राजनीतिक कार्यकर्ताको हिसाबले जागरुक बनाएको व्यक्ति हुँ। संविधान सभालाई उपलब्धिमूलक एवं सफलतापूर्वक समाधान गर्दा के के कठिनाई आउन सक्छन्, त्यसलाई सम्पादन गर्न हाम्रा जिम्मेवारी के के हुन भनेर संक्षिप्त रूपमा गहिरो विश्लेषण पेस गर्नुभएको छ। यो कुरा सबै राजनीतिक दलका नेताहरूमा सूचना प्रवाह गर्न जरुरी छ। यसका लागि फ्रिडम फोरमले भूमिका निर्वाह गरोस्।

म राजनीतिक कार्यकर्ताको हिसाबले सडकमा भाषण गर्न र अन्य सबै कुरा गर्न सक्छु, तर राज्य सञ्चालन गर्ने आँट र व्यवसायिकता ममा हुँदैन। व्यवसायिकता नभएका मानिसलाई यस्ता स्वतन्त्र संस्थाले कसरी बाटो देखाउने भन्ने कुरा छ। संविधानसभा हाम्रो राष्ट्रिय मिसन हो, यसलाई कतैबाट असफल पार्ने र शंका उपशंका उब्जाउने काम गऱ्यौ भने घातक स्थिति आउने छ। तर, निष्पक्ष, शान्तिपूर्ण र सहभागितामूलक रूपमा संविधानसभा सम्पन्न गर्न सक्यौं नेपालको अहिलेको पिँढीले सबैभन्दा ठूलो योगदान दिएको ठानिनेछ। पद्धतिलगायतका सानातिना कुराबाट हामी अगाडि बढिसकेका छौं, चुनौती हाम्रा सामु छ। अरू कुरामा छलफल गरेर समय खेर फाल्नुभन्दा लक्ष्य भेद्न गर्ने कार्यमा हामी अगाडि बढ्नुपर्दछ। म फ्रिडम फोरमलाई फेरि पनि धन्यवाद दिन चाहन्छु, आजको बहसबाट मेरो आँखो खुलेको छ। म यी कुराहरू व्यवहारिक रूपले मेरो पार्टी र सरकारी तहसम्म पुऱ्याउनेछु। 'कलेक्टिभ इफोर्ट' भएन भने गर्न सकिन्न, निर्वाचन आयोगको एक व्यक्तिले गर्न सक्ने कुरा होइन यो। राजनीतिक पार्टीको पूर्ण समर्थन, पार्टीहरूबाट गाउँमा जागरण ल्याउने काम, द्वन्द्वको परिस्थिति कायमै रही शान्तिकामी जनतामा सन्त्रासको वातावरण नहटेसम्म समाधान आउँदैन। यी सबै कुरालाई समायोजन गरेर शान्तिपूर्ण किसिमले संविधानसभाको निर्वाचन गर्ने चुनौती सामना गर्ने अवसर हामीले सामूहिक जिम्मेवारीका साथ पूरा गर्नुपर्छ। अवधारणा प्रस्तोताको मर्मसँग मेरो पनि मर्म जोडिएको छ किनकि यो राष्ट्रको मर्म हो ? यदि पूर्ण समावेशी चरित्र निर्माण गर्न नसकिए क्रान्तिले ल्याएको परिणाम सुखद रहने छैन।



**भोजराज पोखरेल, प्रमुख निर्वाचन आयुक्त**

असल स्रोता बन्ने विचार लिएर आएको थिएँ, आदरणीय अग्रजहरूबाट मैले धेरै कुरा सिक्ने अवसर पाएँ। इमान्दारीपूर्वक भन्ने हो भने म अहिले सिक्ने प्रक्रियामै छु। मुलुक संविधानसभामय छ, राष्ट्रिय/अन्तर्राष्ट्रिय चिन्ता मुलुकले यत्रो महान काम कसरी पार लगाउला भन्ने छ ? राष्ट्रिय प्रतिबद्धता त आयो, निश्चित समयावधिभित्र यो काम गर्ने भनेर। त्यो प्रतिबद्धतालाई कसरी पूरा गर्ला भन्ने चासो, चिन्ता र चर्चा छ।

अघि नै आदरणीय मित्रहरूबाट कुरा आयो, हाम्रो मुलुकमा नीतिको खाडल अझै छ। प्रक्रिया र पद्धतिका कुराहरू अझै निर्क्योल हुन सकेको छैन, धेरै खेलाडीहरूले सहकार्य गरेर सहमतिमा पुग्नु पर्ने स्थिति छ। अवधारणामा सबै कुरा भए पनि तयारीलगायतका चुनौतीहरू ऐना झै छर्लङ् उल्लेख छ, यो चुनौती सामना गर्न कतिपय अवस्थामा राष्ट्रिय क्षमता होला, कति अभाव होला। यो यथार्थता हाम्रो सामु छ। यी सबै कुराहरूको सन्दर्भमा मैले जुन जिम्मेवारी पाएको छु, त्यस हिसाबले म निवेदन गर्न चाहन्छु-मुलुकको प्रतिबद्धता पूरा गर्न हामीसँग भएको 'इनर्जी' हरू लगाउनुपऱ्यो। राष्ट्रिय शक्ति लगाउँदा असम्भव हुन्न। यसअघि पनि मैले भन्ने गरेको थिएँ-निश्चित समय सीमा चाहिन्छ, गर गर भनेर हुँदैन। निर्वाचन आयोग कसरी हिँड्ने, कुन घेराबाट काम गर्ने, प्रक्रिया र पद्धति के हुने भन्ने विषयमा जबसम्म राष्ट्रले सुनिश्चिता गर्दैन, तबसम्म आयोग अगाडि जाने स्थिति रहँदैन। तसर्थ समयसीमा भित्रै काम गरिदिनु पऱ्यो। म यो मञ्चबाट पनि 'लेजिस्लेटिभ इन्भारोमेन्ट, टुल्स'हरू बनाउन ढिला गर्नुहुन्न, ढिला भए हामी लक्ष्यमा पुग्न सक्दैनौं। 'लेजिस्लेटिभ टुल्स'हरू आयोगले पाएको ६ महिनामा राष्ट्रिय प्रतिबद्धताको बलमा आयोगले निष्पक्ष, स्वतन्त्र र शान्तिपूर्वक निर्वाचन गराउन सक्छ भन्ने आँट हो। निर्वाचनको कुरा गर्दा तीन जना आयुक्तबाट हुने होइन, राष्ट्रिय एजेन्डा नै चाहिन्छ। राष्ट्रको सबै स्रोत नै यसैमा केन्द्रीकृत हुन्छ। र, सबैको एक नम्बर प्राथमिकता यही हुन्छ। अहिलेसम्मका राजनीतिक प्रतिबद्धता कार्यान्वयनका लागि अन्तिम बेलासम्म नियमित हुने अपेक्षा गरेका छौं।

अरू निर्वाचनका बारेमा धेरै जानेका थियौं। तर आधा समानुपातिकको अनुभव थिएन। कसरी शिक्षित गराउन सकिन्छ। अरू तमाम चुनौती-जसलाई विश्वमान दाइले यहाँ राखिदिनु भयो-लाई कसरी समाधान गर्छौंभन्दा यो राष्ट्रिय प्रतिबद्धता भएकाले त्यसमा कसरी पुग्न सकिन्छ भनेर राष्ट्रको सम्पूर्ण 'इनर्जी' लगाऔं। यसो गऱ्यो भने लक्ष्य प्राप्त हुन्छ भन्ने विश्वास ममा छ।

**बहस अन्त्य गर्दै सहजकर्ता तारानाथ दाहाल**

ज्यादै चुनौतीपूर्ण अवस्थामा हामी छौं। संविधानसभाको माग गर्नु र त्यसलाई हासिल गर्नु एउटा चुनौती थियो। तर अब त्यसलाई सम्पन्न गर्ने चुनौती हामीसामु छ। ज्यादै छोटो समय छ। सबै राष्ट्रिय इनर्जी उपयोग गर्ने प्रतिबद्धता प्रमुख निर्वाचन आयुक्तले देखाउनुभयो, त्यो प्रतिबद्धतालाई अठोटसाथ कार्यान्वयन गरेर लान सक्नुभयो भने उपलब्धि हासिल हुने विश्वास गर्दछु।

◆◆



# लोकतान्त्रिक मान्यताका परिप्रेक्ष्यमा विस्तृत सम्झौता


■ अवधारणा : निलाम्बर आचार्य
■ टिप्पणी : श्रीकृष्ण अनिरुद्ध गौतम

नेपाल सरकार र माओवादीबीच सम्पन्न **विस्तृत शान्ति सम्झौता-२०६३** ले विगत ११ वर्षदेखिको माओवादी सशस्त्र विद्रोहको विधिवत् अन्त्य गरेको छ । चरणबद्ध वार्ता प्रक्रिया र सहमतिहरूपछि २०६३/०८/०५ मा नेपाल सरकार र माओवादीबीच हस्ताक्षरित सम्झौताको सबै क्षेत्रबाट स्वागत भएको छ । र यसले समेटेका विविध विषयको सशक्त कार्यान्वयनमा जोड दिइएको छ ।

विस्तृत शान्ति सम्झौताका विभिन्न आयम छन् । दिगो शान्ति र समुन्नत लोकतन्त्रको जनआकंक्षालाई सम्बोधन गर्दै गरिएको यस सम्झौताले लोकतान्त्रिक राजनीतिक प्रणालीका शाश्वत मूल्य र मान्यतालाई *'प्रस्तावना'* र **राजनीतिक-आर्थिक सामाजिक रूपान्तरण र द्वन्द्व व्यवस्थापन** शीर्षकमा उल्लेखित गरिएको देखिन्छ । विस्तृत शान्ति सम्झौताले समेटेका लोकतान्त्रिक मान्यताहरूप्रतिको यो प्रतिबद्धताबारे बहस गर्नु सान्दर्भिक हुने ठानेर **फ्रिडम फोरम**ले चलाउदै आएको "समावेशी लोकतन्त्रको स्वरूप र संरचना" बहस शृङ्खला अन्तर्गत **लोकतान्त्रिक मान्यताका परिप्रेक्ष्यमा विस्तृत सम्झौता** विषयमा बहस संचालन गरेको छ । १३ मंसिर २०६३ (२९ नोभेम्बर २००६) मा भएको २१ औं बहस शृङ्खलामा राजनीतिक विश्लेषक निलाम्बर आचार्यले आफ्नो अवधारणा राख्नु हुनेछ ।



## *प्रारम्भ*

**बहस प्रारम्भ गर्दै सहजकर्ता तारानाथ दाहाल**

हाम्रो कार्यक्रमको प्रकृति सबैलाई थाहा छँदैछ- हामी अत्यन्त अनौपचारिक छलफल र अन्तरक्रिया गर्नेछौं । नेकपा माओवादी र नेपाल सरकारबीच भएको शान्ति सम्झौताले लिएको राजनीतिक 'डाइमेन्सन'को चिरफार गर्ने उद्देश्यमा आजको बहस शृङ्खलालाई सीमित गरेका छौं । बृहत् शान्ति सम्झौतामा पाँच 'डाइमेन्सन' छन्-(१) मुलुकको भावी राजनीतिक प्रणाली कस्तो हुने, (२) सेना र हतियारको व्यवस्थापन (राज्य र विद्रोहीसित भएको हतियार व्यवस्थापन गर्ने, त्यसलाई समायोजन र पुनःस्थापनाको विधिद्वारा नयाँ सेना एउटा आयोग मार्फत निर्माण गर्ने), (३) विगतमा भएका व्यवहार, कामकारबाही, प्रवृत्तिलाई सुधार गर्ने, युद्धविरामसम्बन्धी प्रतिबद्धता पालना गर्ने, (४) सबै किसिमका मानव अधिकारहरू प्रतिको सामूहिक प्रतिबद्धता र (५) राजतन्त्र । आज हामी यी पाँचबाहेक अरू 'डाइमेन्सन' मा कुरा गर्दैनौं, तसर्थ प्रस्तुत कर्ता र सहभागीलाई मेरो आग्रह छ कि अरूमा नजाऊँ । राजतन्त्रको बारेमा भएको, युद्धविरामका बारेमा भएको, मानव अधिकार या हतियार व्यवस्थापनबारे भएको सम्झौतामा हामी आज छलफल गर्दैनौं । शान्ति सम्झौताले लिएको पाँचौं अर्थात राजनीतिक दिशाका बारेमा धेरैभन्दा धेरै छलफल हुनुपर्छ भन्ने फ्रिडम फोरमलाई लाग्यो । हिजो पनि समस्या राजनीतिक कारणले उत्पन्न भयो, भोलि पनि राजनीतिक प्रणालीप्रति गरिएको अठोट कार्यान्वयनमा समस्या देखियो भने मुलुकले दिगो शान्ति र लोकतन्त्र दुवै पाउन सक्दैन । तसर्थ राजनीतिक दिशाका बारेमा चिराफारा गरेर दुवै पक्षले दिएको सामूहिक प्रतिबद्धताको व्याख्या बौद्धिक र नागरिक समाजले गरेर सम्झौताका दुवै पक्षलाई बाध्यकारी बनाउन हामीले सक्नुपर्छ भनेर आज हामीले यो कार्यक्रम आयोजना गरेका हौं ।

शान्ति सम्झौताको प्रस्तावनामै 'प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, पूर्ण प्रेस स्वतन्त्रता तथा कानुनी राज्यको अवधारणालगायत लोकतान्त्रिक मूल्य र मान्यताप्रतिको पूर्ण प्रतिबद्धतालाई दोहोऱ्याउँदै' भनिएको छ । १२ बुँदेदेखिका सहमति र सम्झौताहरूमा फरक-फरक प्रतिबद्धता आयो, शान्ति सम्झौतामा चाहिँ ती सबै प्रतिबद्धतालाई दोहोऱ्याएर ६ शब्द उल्लेख भएको छ । त्यसलाई व्याख्या गर्दै शान्ति सम्झौताको ३.४ बुँदामा **'विश्वव्यापी रूपमा स्वीकृत आधारभूत मानव अधिकार, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक प्रणाली, जनतामा निहित सार्वभौमसत्ता र जनताको सर्वोच्चता, संवैधानिक सन्तुलन र नियन्त्रण, विधिको शासन, सामाजिक न्याय र समानता, स्वतन्त्र न्यायपालिका, आवधिक निर्वाचन, नागरिक समाजको अनुगमन, पूर्ण प्रेस स्वतन्त्रता, जनताको सूचनाको अधिकार, राजनीतिक दलहरूको क्रियाकलापमा पारदर्शिता र जवाफदेहिता, जनसहभागिता, निष्पक्ष/सक्षम/स्वच्छ**

**प्रशासनतन्त्रको अवधारणाको पूर्ण परिपालना गर्ने राजनीतिक प्रणाली अवलम्बन**' गर्ने भनिएको छ। यसबाहेक यसमा विभिन्न निर्देशक, कार्यक्रमिक, आर्थिक, सामाजिक परिवर्तनलगायतका सिद्धान्तहरू पनि छन्। शान्ति सम्झौताले लिएको यो मुख्य राजनीतिक आत्मा हो। यो के हो त ? यो विश्वव्यापी लोकतान्त्रिक मूल्य र मान्यताहरूको परिप्रेक्ष्यअनुसार हो, या त्यसभन्दा नयाँ छ ? या यसमा कुनै कमी छ ? र यसलाई अझ विस्तृत रूपमा कसरी परिभाषित गर्न सकिन्छ ? आजको बहसको मुख्य बुँदा यिनै हुन्।

नेकपा माओवादीका अध्यक्ष प्रचण्डले त्यो सम्झौता हुनुभन्दा केही दिनअघि भारतमा भाषण दिनुभयो- 'लोकतन्त्र विकासका लागि अमृत फल हो या खाली वञ्चितीकरणको साधनमात्र हो भन्ने।' उहाँले लोकतन्त्र रबरको टोपी जस्तै हो, जसलाई जहाँ लगाइदियो त्यस्तै चिज भएको छ, तसर्थ नयाँ लोकतन्त्र निर्माणको बाटोमा हामी जान्छौं। यसो भन्दै जाँदा उहाँले 'वास्तविक लोकतन्त्रचाहिँ समाजवादी लोकतन्त्र नै हो, जुन अक्टोबर क्रान्तिपछि रुसमा सुरु भएको थियो, तर त्यो लोकतन्त्रले बहुदलीय अभ्यासलाई रोकेकाले बिग्रियो। उत्तम मोडल त्यही हो, बहुदलीय मोडल बनाएपछि लोकतन्त्र त्यो हुन्छ' भन्ने परिभाषा गर्नुभयो। प्रदीप गिरीजीले कान्तिपुरमा 'शान्ति सम्झौताको महानता' भनेर लेख लेख्नुभयो,। शान्ति सम्झौताको सबैभन्दा बढी राजनीतिक चिराफारा गरिएको त्यो लेखमा 'नेपालले नयाँ लोकतन्त्रको परिभाषा दिनुपर्‍यो, पुँजीवादले प्रयोग गर्दै आएको संसारको सबै मान्यताहरू पनि फेल भए, विश्व साम्यवादी व्यवस्था कम्युनिज्मको विकास क्रमबाट आएको पनि फेल भयो भन्ने कुरा स्वीकार गर्दै शान्ति सम्झौतामा हस्ताक्षर भयो, यो सम्झौता दुवै चिजको असफलताको स्वीकारोक्ति हो र नेपालले नयाँ सभ्यता सुरु गरेको छ, त्यसको मूल आत्माचाहिँ अहिंसा र शान्ति हो, शान्तिपूर्ण ढंगले नै त्यो लोकतन्त्र निर्माण गर्न सकिन्छ र नयाँ लोकतन्त्रको मोडल विश्वलाई दिने दायित्व नेपालले प्राप्त गरेको छ' भनिएको छ। अहिंसा र प्रतिस्पर्धात्मक बाटोबाट मात्र त्यो हुन सक्छ पनि भनिएको छ। यो लेख आउनु अघि नै हामीले यो कार्यक्रमको कल्पना गरिसकेका थियौं। विगतमा झैं हाम्रो मुलुकले फेरि-फेरि राजनीतिक कलह भोग्नु नपरोस्। 'आइडोलोजिकल' प्रतिस्पर्धाबाट सिर्जना हुने महत्वाकांक्षाले मुलुकलाई नयाँ द्वन्द्वमा फसाउने स्थिति नआओस् भन्नका लागि शान्ति सम्झौताले लिएको राजनीतिक अवधारणालाई अलि बढी व्याख्या गर्ने गरी छलफलमा जाऊ भनेर आदरणीय निलाम्बर आचार्यज्यूलाई यस विषयमा बोलिदिन आग्रह गर्‍यौं। आज लिखित कार्यपत्र त छैन, तर उहाँको प्रस्तुति लिखित कार्यपत्र जस्तै हुनेछ। यसलाई तुरुन्तै मनोग्राफ बनाएर २/३ दिनभित्र यहाँहरूको इमेलमा पठाइदिने छौं, जसले कार्यपत्रको अभावलाई टार्ने विश्वास लिएको छु।

अब म यो छलफललाई अगाडि बढाउन आचार्यज्यूलाई आग्रह गर्दछु, त्यसपछि हामी छलफलमा सामेल हुनेछौं।

◆◆



**अवधारणा पेस गर्दै निलाम्बर आचार्य**

*'हाम्रो लोकतन्त्र नागरिक र जनतालाई बलियो बनाउँदै विश्वको लोकतन्त्रसँग जोडिदै अगाडि लगिने हो, विश्वबाट बेग्लिने पनि होइन, नागरिक र जनतालाई अहिलेभन्दा कमजोर पार्ने पनि होइन'*

समसामयीक र दूरगामी विषयमा बहस शृङ्खला सञ्चालन गर्दै आएकोमा फ्रिडम फोरमलाई म धन्वाद र बधाई दिन चाहन्छु। बहस शृङ्खलाकै क्रममा आज म तपाईंहरू समक्ष उपस्थित छु।

ऐतिहासिक र युगान्तकारी महत्वको घटनाका रूपमा लिइएको शान्ति सम्झौता अनुमोदन भएपछि अधिराज्यभर बिदा र महोत्सव मनाइयो। यसले मुलुकलाई शान्ति र लोकतन्त्रतर्फ एवं जनतालाई शान्ति देला भन्ने विश्वास सबैले लिएका छन्। त्यस दस्तावेजको एउटा पक्षबारे केही बोल्न मलाई उहाँले आग्रह गर्नुभयो, जसलाई मैले खुसीसाथ स्वीकार गरेको छु। उहाँले भन्नुभयो कि राजनीतिक पक्षमा मात्र आज हामीले छलफल गर्दैछौं, त्यो सही हो। तर राजनीतिक पक्ष एक्लो हुँदैन, त्यो इतिहासक्रममा आउँछ, त्यो संस्थासँग जोडिएर आएको हुन्छ। तसर्थ सन्दर्भमा अरू केही कुराहरू पनि आउन सक्छन्। म तपाईंहरू सामु एक/दुईवटा बुँदा राखेर आजको छलफल आरम्भ गर्न चाहन्छु। आज हामीलाई दिइएको शीर्षक हेरौं-लोकतान्त्रिक मान्यताका परिप्रेक्ष्यमा विस्तृत शान्ति सम्झौता। अहिलेको मुख्य विवाद के मा छ ? हामीले विश्वव्यापी रूपमा अपनाउँदै आएको लोकतान्त्रिक मान्यतालाई अनुकरण गर्ने हो अथवा नेपालमा नयाँ लोकतान्त्रिक मान्यताको परीक्षण गर्ने ? यो अझै टुंगो लागिसकेको देखिन्न, अलमल देखिएको पाएको छु। एउटा आकांक्षा के छ भने हामीले २१औं शताब्दीमा विश्वलाई नै नयाँ चिज दिन गइरहेका छौं, विश्वलाई नै नेतृत्व गर्न गइरहेका छौं- राजनीतिक परिपाटीमा। किनकि हिजोका कम्युनिस्ट शासनका लोकतन्त्र (उनीहरू आफूलाई लोकतान्त्रिक भन्थे) काम लागेनन्, अर्कोतिर पुँजीवादी लोकतन्त्र पनि काम लागेन, चाहे अमेरिका, बेलायत, जापान, फ्रान्सको होस्। तसर्थ हामीले २१ औं शताब्दीमा एकदमै नयाँ किसिमको लोकतन्त्र, मूल्य र मान्यता दिन गइरहेका छौं। यहाँसम्म भनिएका छन् कि नेपालमा नयाँ विचारको प्रयोग हुन गइरहेको छ। एउटा कुरामा हामी सुरुमै प्रष्ट हुनु आवश्यक छ- हामीले कुनै नयाँ कुरा स्थापित गर्न गइरहेका छौं कि लोकतान्त्रिक मूल्य र मान्यतालाई नेपालमा स्थापित गर्न गइरहेका छौं। यो कुरा प्रस्टिएन भने नेपाल फेरि-काम लाग्ने या नलाग्ने अहिल्यै नभनौं- विभिन्न विचार, सिद्धान्त, काल्पनिक कार्यक्रमको प्रयोगशाला हुन सक्छ, जसका कारण जनताले दुःख पाउन सक्छन्। राम्रा भए त सुख पाउलान। नयाँ विचार जहाँ पनि उत्पन्न हुन सक्छ, तर त्यो नयाँ विचारको भौतिकीकरण, अनुभुतीकरण गर्ने क्षमता एवं शक्तिको लागि केही आर्थिक, केही भौतिक विकास चाहिन्छ कि चाहिँदैन ? हाम्रो जस्तो सानो देशले विश्वलाई नयाँ विचार त दिन सक्छ, तर त्यो विचारलाई कार्यान्वयन गर्ने न्याप पद्धति दिन सक्छ ? अथवा त्यो दिन प्रयास गर्नु उपयुक्त होला ? खतरा मोल्नु आवश्यक छ ? यी जिज्ञासाप्रति पनि म तपाईंहरूको ध्यान आकर्षित गर्न चाहन्छु। नयाँ-नयाँ सिद्धान्तको प्रयोगमा धेरै स-साना र विकासशील देशहरूले दुःख पाएका छन् तसर्थ भएका मूल्य र मान्यतालाई नेपालको वातावरणमा कसरी उपयोग गर्ने र त्यसलाई

कसरी अलिकति 'मोडिफाइ' गर्न सकिन्छ, थपघट हुन सक्छ ? तर आधार त त्यही हो भनेर अंगिकार गर्ने। तसर्थ प्रस्टरूपमा हामीले ठम्याउनु पर्नेछ- विश्वव्यापी लोकतान्त्रिक मूल्य र मान्यताको आधारमा नेपालमा नेपाली विशेषतासहितको प्रयोग/उपयोग गर्छौं, नयाँ कुरा गर्न गइरहेका छैनौं-एउटा त्यो बाटो हो। अर्को बाटोचाहिँ विश्वव्यापी रूपमा जतातर्तै हामीले दुःखकष्ट, अन्याय र विषमता देखेका छौं तसर्थ सर्वथा नयाँ बाटो हामीले यहाँ अख्तियार गर्नुपर्छ भन्ने हो। जतिसुकै भाषण गरिए पनि विश्वव्यापी परिमाणमा हामीले नयाँ बाटो जानु हुँदैन भन्ने मलाई लागेको छ। नेपालको इतिहासबाट हेर्ने हो भने नयाँ प्रयोग हुन सक्दछ, तर विश्वमा भइसकेका प्रयोगहरूकै एउटा संस्करणका रूपमा र नेपाली विशेषतासहितको अनुकरणको रूपमा आउनु पर्दछ। तसर्थ मैले यो शान्ति सम्झौतालाई विश्वमा यसले के चमत्कार दियो भनेर हेर्नुभन्दा लोकतान्त्रिक विश्वसँग यो कति गाँसिन पुग्यो भनेर हेर्नुपर्छ, हामी विश्वबाट कति बेग्लियौं भनेर हेर्ने होइन। जति हामी जोडिन्छौं, त्यति नै विश्वले आफ्नो ठान्छ, त्यति उन्नति, अवसर, सुरक्षा र शान्तिका सम्भावना खुल्दै जान्छन् भन्ने मेरो ठम्याई छ। सुरुमा मैले तपाईंहरू सामु यति राखे।

दोस्रो कुरा, लोकतान्त्रिक मूल्य र मान्यता भनेको के ? प्राध्यापक, राजनीतिशास्त्री, विज्ञहरूबीच घन्टौं, बर्सौं विवाद चले पनि विवाद नटुंगिन सक्छ। तपाईंहरू सामु मैले राख्न खोजेको दृष्टिकोण के हो भने जति नागरिकले मुलुकको मामिलामा निर्णय गर्ने अधिकारमा भूमिका खेल्ने अवसर, सम्भावना, परिस्थिति, संस्थाहरू निर्माण हुँदै जान्छन, भूमिका जति बढ्दै जान्छ त्यति लोकतन्त्र बलियो हुँदै जान्छ। निर्णय प्रक्रियामा नागरिक आवाज र मतको स्थान अर्थात नागरिकको स्वतन्त्रता र अधिकार जति बलियो हुँदै जान्छ त्यति लोकतन्त्र बलियो हुँदै जान्छ। जनताको प्रभुसत्ता जति बलियो हुँदै जान्छ, त्यति लोकतन्त्र बलियो हुँदै जान्छ। जनता र नागरिकलाई बलियो बनाउने संस्था, मान्यता र परिपाटी कति अपनाइएको छ भन्ने बाट नै लोकतन्त्र निर्धारित हुन्छ। त्यो निर्धारणबाट नै निर्णय जनताका प्रतिनिधिबाट हुने भयो, जस्तैः संविधान सभाबाट संविधान बनाउने कुरा। त्यसका साथ-साथै अन्य कुरामा पनि कतिपय कुरामा प्रतिनिधि छानिदियो बस। सूचनाको अधिकार कति छ, प्रेस स्वतन्त्रता कति छ, तिनीहरू कति सुसूचित भइरहेका छन्, त्यसका आधारमा आफ्ना अभिव्यक्ति दिन र हस्तक्षेप गर्न पाइरहेका छन्, सरकार र संसद्ले कुनै निर्णय गर्नुअघि त्यो कुरा प्रस्तावका रूपमा कहिले आउँछ र, प्रस्ताव र निर्णयमा कति फरक हुन्छ, त्यसमा नागरिकले आफ्नो अभिमत/टीकाटिप्पणी गर्ने कति अधिकार हुन्छ, नागरिकहरू/प्रेसलाई चाहिएको सूचना राज्यले कति उपलब्ध गराउँछ, स्वयम् नागरिकहरू कति सचेत छन्, कति शिक्षित छन्, कति जागरुक छन् ? जसकहाँ रेडियो, टेलिभिजन र अखबार पुग्छन् त्यसमा छलफल गर्छन्- यी यावत कुराले नागरिकको भूमिकालाई बलियो पार्ने क्रममा आउँछ। लोकतन्त्रको यो पाटो जनता र नागरिकमा छ। जनताको मात्र भनेर पुग्दैन, जनताले एक पटक चुनेर पठाए हुन्छ भन्ने कुरा आउन सक्छ, जसबाट निर्वाचित तानाशाही वा अधिनायकवाद उत्पन्न हुन सक्दछ। तसर्थ नागरिक कति बलियो भएको छ भनेर हेर्नुपर्छ, यो कुरा मैले राज्य सञ्चालनको क्रममा भनें। मुलुकबारे निर्णय गर्न जनता जति सम्प्रभु



हुन्छ, त्यति नै नागरिक आफूबारे निर्णय गर्न सम्प्रभु हुनुपर्छ। नागरिक आफ्नो शरीरको मालिक हो, बोलीको मालिक हो, स्रोतको मालिक हो, आफ्ना बारेमा निर्णय गर्ने मालिक हो, आर्जनको मालिक हो, आवास/घरको मालिक हो-त्यसमा कसैले अतिक्रमण गर्नु हुँदैन। तसर्थ नागरिक आफूमा कति सम्प्रभु छ र सम्प्रभुता सम्पन्न नागरिकबीच समानता कत्तिको छ त्यो हेर्नुपर्छ। यी कुराले प्रजातन्त्रको गहनता, भूमिकालाई प्रदर्शित गर्दछन्। यो कुरालाई विश्वव्यापी रूपमा मानी आएका पनि छौं। त्यस क्रममा नै मानव अधिकार, नागरिक स्वतन्त्रता, आवधिक निर्वाचनद्वारा आफूले बनाएको कानुनबाट आफैं शासित हुने कुरा आएका हुन, आफूले स्वीकार नगरेको कर तिर्दिन, मेरो प्रतिनिधिले स्वीकार गरेर बनाएको बजेटअनुसार कर लाग्ने हो भन्ने प्रणालीहरू आएको हो। तसर्थ हाम्रो लोकतन्त्र नागरिक र जनतालाई बलियो बनाउँदै विश्वको लोकतन्त्रसँग जोडिदै अगाडि लगिने हो, विश्वबाट बेग्लिने पनि होइन, नागरिक र जनतालाई अहिले भन्दा कमजोर पार्ने पनि होइन।

तर शान्ति सम्झौता आएको केही दिनमै नागरिक अत्यन्तै कमजोर भएको छ। लक्षणहरू राम्रा देखिएका छैनन्। मलाई पीडा लागेको विषय यहाँ भन्नै पर्ने हुन्छ-जसरी नागरिकता ऐन आयो त्यसमा नागरिकलाई छलफल गर्ने नागरिकको स्वतन्त्रता र अधिकार उपेक्षा गरियो। नागरिक संवैधानिक महत्व र परिभाषाको विषय वस्तुको थियो, तर संविधानमा अब नागरिक छैन। संवैधानिक दस्तावेजको महत्वबाट झारेर कानुनी दस्तावेजमा नागरिकको परिभाषा गरियो। जसरी नियन्त्रण र सन्तुलनको पद्धति थियो, जसबीचमा नागरिकले हस्तक्षेप गर्न सक्दथ्यो, नागरिकको परिभाषालाई बिदा हुनै लागेको प्रतिनिधिसभाबाट अर्को अन्तरिम व्यवस्थापिकालाई नपर्खेर, आउने अन्तरिम संविधानलाई पनि नपर्खेर एउटा कानुनमार्फत नागरिकको परिभाषा बदलियो। नागरिक अलिकति तल खस्यो। उसको मर्यादा क्रम तल गएको जस्तो लागेको छ। नागरिकको हस्तक्षेपलाई पनि अस्वीकार गरियो। दुई सदनात्मक हुँदा एउटा सदनमा छलफल हुन्थ्यो, त्यो छलफल प्रेसले थाहा पाउँथ्यो। प्रेसले हस्तक्षेप गरी-यसमा यस्तो हुनुपर्छ, नागरिकले हस्तक्षेप गर्छन। त्यहाँबाट पारित भइसकेपछि माथिल्लो सदनमा जान्छ, माथिल्लो सदनले पारित गर्छ। दुवैले पारित गरिसकेपछि राष्ट्र प्रमुखले एक महिनाभित्र स्वीकृति दिनुपर्थ्यो। यसले केही समय लिन्छ, हस्तक्षेप र सन्तुलन हुन्छ। तर यहाँ नागरिकसम्बन्धी सम्पूर्ण धारा संविधानबाट झिकिदिने रे, धारा ८,९, १०। झिक्ने प्रक्रियाबाट प्रस्ताव ल्याएर नभई यसलाई हामीले अमान्य ठानेका छौं भनियो। नयाँ नागरिकता ऐन आयो, तुरुन्तै प्रमाणीकरण गरेर ऐनको रूप दिइयो, केही समय पनि दिइएन। यसले नागरिकलाई कमजोर पार्छ, यस्तो हुँदै जाने र हामीले भनेको मान्छन् भनेर प्रक्रियालाई ध्यान नदिने हो भने लोकतान्त्रिक मान्यता जति घोषणा गरे पनि, नागरिक र जनतालाई बलियो पार्छौं भने पनि यथार्थमा त्यो कमजोर हुन जान्छ। म नागरिकता ऐनको 'कन्टेन्ट' मा

*'शान्ति सम्झौताबाट आफूलाई मार्क्सवादी भन्ने माओवादी र एमालेले समेत कुनै चिजको मूल्यांकन गर्दा विकासक्रममा गर्नुपर्छ, द्वन्द्वात्मक रूपले एक अर्काको सम्बन्धमा गर्नुपर्छ, ऐतिहासिकतामा गर्नुपर्छ भन्ने कुरा बिर्सेर उल्टो दिशा लिए'*

गइरहेको छैन, प्रक्रिया नै गलत छ, गैरलोकतान्त्रिक, नागरिकलाई कमजोर पार्ने, सन्तुलन र नियन्त्रणलाई तोड्ने खालको छ। कुनै मान्यता नमान्ने खालको छ। आज सात पार्टीले यस्तो गर्छन् भनेर भोलि आठ पार्टी सहमत भएमा जनताको नाममा नागरिकले बोल्ने ठाउँ नभएर छलफल उठाइदियो भने पनि यो त उग्रवादी, प्रतिगामी भनिदेलान। यस्तो स्थिति आउने सम्भावना मैले देखेको छु, होसियार हुनुपर्ने अवस्था छ। कुनै पनि लोकतान्त्रिक मान्यता स्थापित हुँदा त्यसको स्रोत हुन्छ, आफैं संस्थाहरू उत्पन्न हुँदैनन्। आफैं मान्यताहरू उत्पन्न हुँदैनन्। हामी लोकतान्त्रिक मान्यताको कुरा गरिरहेका छौं भने हिजोको अवस्थाभन्दा अगाडि बढ्नका लागि गरिरहेका छौं। लोकतान्त्रिक मान्यतामा हिजो चोट परेको थियो भन्ने हिसाबले गरिरहेका छौं। तर शान्ति सम्झौताबाट आफूलाई मार्क्सवादी भन्ने माओवादी र एमालेले समेत कुनै चिजको मूल्यांकन गर्दा विकासक्रममा गर्नुपर्छ, द्वन्द्वात्मक रूपले एक अर्काको सम्बन्धमा गर्नुपर्छ, ऐतिहासिकतामा गर्नुपर्छ भन्ने कुरा बिर्सेर उल्टो दिशा लिए। मैले यो कुरा यहाँ भन्नु पर्ने आवश्यकता यसकारण ठानेको छु कि यहाँ हाम्रो दाहालजी, वीरेन्द्र मिश्र अनुगमन समितिको संयोजक हुनुहुन्छ। अनुगमन समितिले अनुगमन गर्ने भनेर २५ बुँदे आचारसंहिता बनाइएको थियो, शान्तिसम्झौता त्यो आचारसंहिताभन्दा केही मानेमा पछि हटेको र यसअघिका दस्तावेजभन्दा पछि हटेको मैले देखेको छु। म तपाईंहरूलाई अझ प्रस्ट्याउँ- यसअघिका दस्तावेज ८ बुँदे, २५ बुँदेमा ऐतिहासिक जनआन्दोलनलाई स्वीकार गरिएको छ, माओवादी समेतले त्यो १०/११ वर्षे जनयुद्धको उपलब्धि हो भनेका हुन भनेका हुन्। तर शान्ति सम्झौतामा ऐतिहासिक जनआन्दोलनलाई आफ्नो स्रोतको रूपमा आत्मसात गर्न उपयुक्त ठानिएन। म तपाईंहरूलाई यी बुँदा पढेर सुनाउन चाहन्छु- आठबुँदे सहमतिमा '०४६ को जनआन्दोलन र हालैको जनआन्दोलनबाट प्राप्त लोकतान्त्रिक अधिकारहरूको प्रत्याभूति गर्दै' भनेर स्विकारिएको छ, अब २५ बुँदे आचारसंहितामा 'ऐतिहासिक जनआन्दोलनमार्फत पूर्ण लोकतन्त्र, अग्रगमन र शान्तिको पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्दै' भन्ने शब्दबाट सुरु भएको छ। अब विस्तृत शान्ति सम्झौताको प्रस्तावना हेर्नुस्-नेपाली जनताले ००७ साल पहिलेदेखि हालसम्म पटक-पटक गर्दै आएका ऐतिहासिक संघर्ष र जनआन्दोलनमार्फत' अर्थात सगोलमा ल्याइदियो, त्यसभित्र जे पनि पर्न सक्छन्। अहिले के ले शान्ति सम्झौता उत्पन्न गरायो भन्ने मूल स्रोतलाई मान्यता दिन चाहेन। यो राम्रो लक्षण हो कि नराम्रो लक्षण हो, तपाईंहरू आफैं विचार गर्नुस्। म चाहिँ एउटा घटना सम्झना गर्छु-कैयौ दिनसम्म राजा वीरेन्द्रसँग हाम्रो छलफल चल्यो, संविधानका बारेमा विभिन्न विवाद चल्यो, विवादमध्ये प्रस्तावनामा लेखिएको 'ऐतिहासिक जनआन्दोलन' भन्ने शब्द थियो, त्यसलाई स्वीकार गर्नुपर्छ भन्ने थियो। ऐतिहासिक जनआन्दोलनले परिवर्तन चाहेको भन्ने लेखिएको थियो। ऐतिहासिक जनआन्दोलन किन भन्ने, जनआन्दोलनलाई स्वीकार गरेको भन्ने हुन्छ, यस्तो हुन्छ, उस्तो हुन्छ, जनआन्दोलनलाई मान्ने कुरै छैन भनेर दरबारले अडबङ्गा लगाई राखेको थियो। यसले समय लम्ब्यायो। अनि सहमत भयो कि हालै भएको जनआन्दोलन भन्नेमा। त्यसले जनआन्दोलनलाई स्वीकार गर्‍यो। यस पटक भने



दुई/दुईवटा दस्तावेजले स्वीकार गरिसकेपछि विस्तृत शान्ति सम्झौताले जनआन्दोलनलाई स्वीकार नगर्ने कारण के पर्‍यो ? किन पछि हट्नु पर्‍यो ? आफ्नो मुहानलाई किन बिर्सनु पर्‍यो ? यसले जनताले अभ्यास गरेको अधिकारलाई अस्वीकार गरेर आफ्नोमात्र दस्तावेजलाई प्रथम महत्वमा राख्ने प्रवृत्ति झल्काउँछ, यसले जनतामाथि अरू केही छ भन्ने प्रवृत्तिलाई त झल्काउँदैन भन्नेमा ध्यान दिन जरुरी छ।

१. यति भनिसकेपछि म विस्तृत शान्ति सम्झौताले लोकतान्त्रिक मूल्य र मान्यतालाई अत्यन्त सकारात्मक रूपमा लिएको छ भन्नेमा जोड दिन चाहन्छु। कुरा नकारात्मकमात्र छैनन्, अत्यधिक सकारात्मक छन्। यस्तै पृष्ठभूमिमा पनि केही कुरा आएकाले मैले पहिल्यै राखेको हुँ किनकि एउटा सर्वहारा अधिनायकवादी सिद्धान्त लिएर युद्ध अर्थात बन्दुकमार्फत कम्युनिस्ट शासन कायम गर्छु, नयाँ लोकतन्त्र स्थापना गर्छु भनेर लडिरहेको (सफलता पनि प्राप्त गर्दै आएको र पूरा मुलुकलाई हल्लाएर विश्वमा नै चर्चित हुन पुगेको) शक्ति हामी शान्तिपूर्ण रूपमा नयाँ मान्यतामा बस्न, काम गर्न, सत्ता साझेदारी गर्न तयार छौं र विद्यमान 'बुर्जुवा' लोकतन्त्रलाई स्वीकार गर्न तयार छौं भनेर आएको एउटा ठूलो भूल। तसर्थ यो दस्तावेज युद्ध अन्त्य (लोकतान्त्रिक मान्यताहरूलाई हामीले व्यवहारमा पालना गर्ने छौं र त्यसमा आधारित राजनीतिक प्रणाली स्वीकार गर्दछौं भन्ने आधारमा) गरिएको हो। तसर्थ एक दुई वटा त्रुटि रह्यो भन्दैमा यसको ऐतिहासिक महत्व र युगान्तकारी देश कम हुँदैन। यो महत्वपूर्ण दस्तावेजमा दुई तीन वटा कुरामा विशेष जोड दिनुपर्ने खालका छन। एउटा प्रस्तावनामा उल्लेखित प्रजातान्त्रिक मूल्य, लोकतान्त्रिक मूल्य र मान्यताका कुराहरू, दोस्रो-राजनीतिक, आर्थिक, सामाजिक रूपान्तरण र द्वन्द्व व्यवस्थापनका खण्डमा लेखिएका कुराहरू: त्यसमा प्रस्टैसँग भनिएको छ कि हामीले नयाँ युटोपियालाई यहाँ प्रयोग गर्न गइरहेका छैनौं, विश्वव्यापी रूपमा स्वीकृत भनिएको छ, मानव अधिकार र लोकतान्त्रिक मूल्य मान्यता जोडिएको छ, लोकतान्त्रिक मूल्य मान्यतामा मानव अधिकारलाई अस्वीकार गर्न मिल्दैन। तसर्थ यो विस्तृत शान्ति सम्झौता लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित नेपालको अत्यन्तै महत्वपूर्ण दस्तावेज हो, जसले अलोकतान्त्रिक शक्तिहरूलाई पनि लोकतन्त्रमा आउन प्रेरित गर्छ भन्ने मलाई लाग्दछ। माओवादी त आइसके, प्रक्रियामा छन्। त्यसबाहेक अरू अलोकतान्त्रिक अर्थात लोकतन्त्र विरोधी शक्ति पनि छन्। कोही कोहीले त बाध्य भई मलाई प्रसन्नता छ, शान्ति सम्झौता भएकोमा पनि भनिसके। जसले पटक-पटक कु गरेर जनताका अधिकार खोस्दै तानाशाही लादेका थिए। जनताको लोकतान्त्रिक अठोटका सामुन्ने धेरैले निहुरिनु पर्ने रहेछ।

*'त्यत्रो युद्ध चलाएका र बलियो भएका शक्ति पनि यस सम्झौतामा आए। त्योभन्दा अगाडि जाने चाहना देखिनु पनि नयाँ कुरा नै हो'*

२. अब म एक पटक पढिदिउँ, यो प्रस्तावनाको अंश हो। प्रस्तावनामा केही कुरा पर्नुपर्ने थियो जो छुट्यो, त्यो मैले भने जसमा ध्यान दिनु होला। यसमा 'बहुदलीय

प्रतिस्पर्धात्मक लोकतान्त्रिक शासन व्यवस्था' यो अंग्रेजीबाट अनुमोदन गरिएको हो। लोकतान्त्रिक, प्रजातान्त्रिक या जनतान्त्रिक जे शब्द राखे पनि फरक पर्दैन। नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, पूर्ण प्रेस स्वतन्त्रता तथा कानुनी राज्यको अवधारणालगायत लोकतान्त्रिक मूल्य र मान्यताप्रतिको पूर्ण प्रतिबद्धतालाई दोहोऱ्याउँदै मानव अधिकारको विश्वव्यापी घोषणापत्र तथा अन्तर्राष्ट्रिय मानवीय कानुन तथा मानव अधिकारसम्बन्धी आधारभूत सिद्धान्त र मान्यताहरूप्रति प्रतिबद्धता व्यक्त गर्दै भनिएको छ। यसमा के नौलो खण्ड छ भनेर हेर्ने हो भने नेपालले अचम्म लाग्ने किसिमले ०४६ सालको जनआन्दोलनलाई निरन्तरता दिएको छ। यसले विस्तृत शान्ति सम्झौता ०६२/६३ सालको जनआन्दोलनको उपज त हो नै जसलाई अस्वीकार गर्नुपर्ने छैन, तर यो ०४६ सालको प्रजातान्त्रिक आन्दोलनको निरन्तरता पनि हो। नेपालको संविधान २०४७ को प्रस्तावनामा आधारभूत सिद्धान्त या भावना जसलाई भनिएको छ, त्यसको पुनरावृत्ति पनि हो। त्यहीँबाट लिइएको छ। यसकारण यो एउटा नयाँ कुरा हो कि त्यत्रो युद्ध चलाएका र बलियो भएका शक्ति पनि यस सम्झौतामा आए। त्योभन्दा अगाडि जाने चाहना देखिनु पनि नयाँ कुरा नै हो। साथसाथै निरन्तरता के छ भने प्रजातान्त्रिक मूल्य र मान्यता त नेपालमा पहिला पनि उद्घोष भएका थिए, ती उद्घोषलाई हामीले यहाँ दोहोऱ्याइरहेका छौं भन्ने हो। त्यो उद्घोषलाई मान्यता नदिइएको भलै नहोस्, जबकि आठबुँदे सहमतिमा ०४६ साल, ०६२/६३ को आन्दोलनको पनि उल्लेख छ। यहाँ उल्लेख नहुनु चित्तबुझ्दो कुरा भए पनि भावना दोहोरिएको छ। यहाँ फिलोसफीका गुरुहरू हुनुहुन्छ, 'वेस्टर्न थिङ्किङ' र 'इस्टर्न थिङ्किङ' अलिकति भेद छ, मूल्यमा। 'वेस्टर्न थिङ्किङ' मा 'डाइलेक्टिकल एप्रोच' बढी छ, भनाइको मतलब दुई वटा विरोधीबीचको द्वन्द्व र एकता-मार्क्सवादी चिन्तन। हाम्रो 'इस्टर्न थिङ्किङ'मा 'प्लुरिस्टिक एप्रोच' बढी छ, जस्तै-म एउटा श्लोक सम्झन्छु, सृष्टि, स्थिति, विनाशानाम अर्थात सृष्टि, स्थिति र विनाशको एकता भएरमात्र प्रगति अगाडि बढ्दछ। सृष्टि भइरहनुपर्छ, केही कुरा कायम रहिरहनु पनि पर्छ, केही कुरा समाप्त पनि हुनुपर्छ। यी तीनमध्ये कहिले कुनैमा जोड होला, कहिले कुनैमा होला-क्रान्तिको वेला विनासमा जोड होला। तर तीन वटाको सन्तुलन भइरहनु पर्दछ, तीनवटा भएन भने खुस्किन्छ जीवन अगाडि बढ्दैन। बिग्रन्छ, भत्कन्छ। विनाशमात्र हुन्छ या सृष्टिको दौरानमात्र अगाडि बढेर गलत प्रयोग हुन जान्छ। तसर्थ यो दस्तावेजमा ती तीनै चिज छन्। विनाश राजतन्त्र र निरंकुशताको छ। सृष्टि गणतान्त्रिकताको छ। निरन्तरता लोकतान्त्रिकताको छ। यसर्थ यदि कसैले ०४६ को उपजहरूलाई अस्वीकार गर्न चाहन्छ भने इतिहास आफ्ना उपलब्धिहरूमा अरू उपलब्धि थपेर अगाडि बढ्न चाहन्छ, उपलब्धिहरूलाई डढाएर या शून्यमा परिणत गरेर अगाडि बढ्दैन। हामीले भविष्य निर्माण गर्ने हो भने इतिहासलाई सम्झनु पर्दछ, बलियो हुन चाहने हो भने आफ्ना रुटहरू जति गहिरा हुन खोज्छन् होऊन भन्नुपर्छ, जरालाई नै फालिदियौं भने हामी माथि बलियो हुन सक्दैनौं। तसर्थ लोकतान्त्रिक मूल्य र मान्यताका रुटहरू पनि रहेका छन् भनेर यसले स्वीकार गरेको छ। यतिमात्र नभएर लोकतान्त्रिक मूल्य र मान्यताका निम्ति ००७ सालभन्दा अघिदेखि हामी नेपाली जनताको संघर्ष चल्दै आएको थियो भनेर यसले स्वीकार गरेको छ। यसमा निरन्तरता, सृष्टि, स्थिति पनि समावेश भएकाले महत्व अति ठूलो रहेको छ। खासगरी



माओवादी र सामन्ती शक्तिको रूपमा रहेको दरवारको सन्दर्भमा-माओवादी रूपान्तरणमा आयो, दरबार इतिहासको वस्तु हुने प्रक्रियामा गयो।

३. अर्कोचाहिँ, राजनीतिक, आर्थिक रूपान्तरण र द्वन्द्व व्यवस्थापन भन्ने शीर्षकअन्तर्गत तेस्रो बुँदामा केही मूल्य र मान्यता परेका छन्, यसमध्ये ३ र ४ तारानाथजीले पढेर सुनाउनुभयो, म फेरि सुनाउन चाहन्छु- अहिलेको विवाद, चाहनामा दुई परस्पर विरोधी 'ट्रेन्ड' देखिएका छन्, विश्वबाट एक्लिएर आफ्नो सोच, सिद्धान्त र कल्पनालाई प्रयोगमा ल्याउने एउटा सोच, अर्को-विश्वसँग जोडिएर विश्वबाटै स्वीकृत भएका मान्यतालाई नेपालमा प्रयोगमा ल्याएर नयाँ नेपालको निर्माण गर्ने। यी दुई वटा सोचमा प्रस्ट रूपमा ३ र ४ ले विश्वव्यापी रूपमा स्वीकृत आधारभूत मानव अधिकार, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक प्रणाली, जनतामा निहीत सार्वभौमसत्ता इत्यादि भनेर के प्रस्ट पारेको छ भने विश्वव्यापी रूपमा स्वीकृत मान्यताहरूलाई नै हामीले अंगिकार गरेको हो, नयाँ मान्यता हामीले लाद्न चाहेका छैनौं। ती मान्यताको आधारमा हामीले नवनेपाल निर्माण गर्न खोजेका हौं, नयाँ मान्यता नै स्थापित गर्न या लोकतन्त्रको नयाँ परिभाषा दिन खोजेका हैनौं। लोकतन्त्रका सम्भावित परिभाषाबारे केही परिभाषा आउलान, लोकतन्त्रको नयाँ परिभाषा दिन खोजेका होइनौं। लोकतन्त्रका विभिन्न मान्यता (जो व्यवहारमा छ) मध्येकै एउटा अभ्यास होला, जसमा राष्ट्रका विशेषताअनुसारका केही स्वरूपमा परिवर्तन होलान भन्ने कुरामा जोड दिन चाहेको हुँ।

४. हुन त अघि तारानाथजीले भन्नुभयो कि हामी राजा या राजतन्त्रबारे हामी यहाँ कुरा गर्ने छैनौं, खाली लोकतान्त्रिक मान्यतामा ध्यान दिने छौं, मानव अधिकारको मुद्दालाई पनि उठाउने छैनौं। तर म मानव अधिकारबारे म मुद्दा उठाउन गइरहेको छैन, मानव अधिकारको खण्ड बहुत राम्रो छ। पूर्ण छ म भन्दिन, पूर्ण कहिल्यै हुँदैन त्यसलाई अझ माझ्नु पर्ला, परिमार्जन गर्नु पर्ला। तर बलजफ्ती कसैको घरमा घुस्ने, कसैको अन्न खाइदिने, आफ्नो सोचअनुसार हिँड्न लगाउने, देशभित्रै आवागमन गर्न नदिने, सोच लाद्ने, आफ्नो सोच मानेन भने मारिदिने-सिद्धान्त भएका शक्तिहरूले पनि नयाँ स्थितिमा शब्दमा मात्र मानव अधिकारबारे विस्तृत रूपमा त्यति स्वीकृत गर्छन भने लोकतन्त्रलाई हामी स्थापित गर्न सक्छौं यदि हामी पछि हटेनौं भने भन्ने देखापर्दछ। त्यस कारणले मानवअधिकारबारेको खण्डलाई निरन्तर जोड दिनुपर्छ, अहिलेको परिवर्तित अवस्थामा भन्ने मलाई लाग्दछ। मानव अधिकार कुल्चने प्रवृत्ति यहाँ निरन्तर बढेको छ, दण्डहीनता पनि बढेको छ। यो लोकतन्त्रका लागि मानव अधिकार धारिलो हतियार या वैचारिक हतियारका रूपमा रहेको छ भन्ने मलाई लाग्छ।

*'आखिर हामीले संयुक्त राष्ट्रसंघलाई निम्त्यायौं नि, हाम्रो विवादमा संलग्न गरायौं, उपस्थिति बढ्दै गइरहेको छ। हाम्रो सेनाको ब्यारेकमा पनि उनीहरू घुस्ने र हेर्ने भएका छन्'*

५. राजनीतिक, आर्थिक, सामाजिक रूपान्तरण र द्वन्द्व व्यवस्थापनमा रहेको एउटा अंशमा म जान चाहन्छु। एउटा विषयमा अलि बढी छलफल नभएको विषय राजाबारे हो। लोकतान्त्रिक पद्धति भनेकै जनतालाई बलियो पार्ने हो, जनतामाथि पनि कुनै संस्था हुन्छ भन्ने हो भने लोकतन्त्र कमजोर भैहाल्यो नि। ०४६

साल को सुन्दरता नै त्यही हो कि जनताले भनेको कुरा नै लागू हुन्छ, जनताले भनेको कुरामा मैले छिड्की हाल्ने या त्यसलाई अस्वीकार गर्ने छैन, मलाई पनि आफ्नो ठाउँमा रहन देऊ भनेर भनेकाले राजालाई केही शोभनीय अधिकारहरू दिइएको हो। जनताको अधिकार या भनाइमा छिड्की हाल्न थालेपछि ती अधिकार पनि गए। तसर्थ राजा नरहने अहिलेको स्थिति भन्नु नै लोकतन्त्रप्रतिको प्रतिबद्धता हो भन्ने मलाई लाग्दछ। अहिले दुईवटा कुरामा प्रतिबद्धता चाहिएको हो-माओवादीले हतियार छोडेर लोकतान्त्रिक प्रतिस्पर्धामा म आए भन्नु एउटा, जनतामाथि कुनै संस्था हुँदैनन कुनै अनिर्वाचित संस्थालाई हामी स्वीकार गर्दैनौं भनेर राजतन्त्रलाई अस्वीकार गर्नु अर्को हो। शान्ति सम्झौताले अस्वीकार गरेको छ त भन्नुहोला, म प्रस्ट रूपमा भन्छु राजतन्त्रको मुद्दा टुंगिइसक्यो। अहिले विवाद आवश्यक छैन। यसलाई औपचारिक रूपमा संविधानसभाले टुंग्याउला, संविधान सभाबाहेक अर्को कुनै राम्रो उपाय पनि हुन सक्थ्यो होला, तर सहमतिमा विवाद गर्नुपर्ने आवश्यकता मैले देखेको छैन।

६. मुलुकको शासन व्यवस्थासम्बन्धी कुनै पनि अधिकार राजामा नरहने भनी ३.३ मा लेखिएको छ। यो शब्दलाई राम्ररी ध्यान दिनु आवश्यक छ, शासन व्यवस्था भनेको सुशासन हो, राज्य प्रमुख पनि सुशासनको अंग हो, शासन व्यवस्थामा नरहने भन्नुको अर्थ राष्ट्र प्रमुख रहेनन् भन्ने अर्थ नै लाग्छ। कुनै अधिकार नरहने भनेपछि, जस्तै मलाई अहिले उहाँले बोल्ने अधिकार दिनुभएको छ, कसैलाई उपस्थित हुने अधिकार पनि दिनुभएको छ, कसैलाई दर्शक हुने अधिकार पनि दिनुभएको छ, कुनै अधिकार नदिने भनेपछि ढोकाबाट छिर्न पनि पाउँदैन। कुनै पनि अधिकार नरहेकाको उपस्थितिको अधिकार पनि अहिले नै छैन। राज्य संयन्त्रमा राजाको उपस्थिति पनि हामीलाई स्वीकार्य छैन भनेकै अर्थ लाग्दछ। अर्कोचाहिँ राजनीतिक दस्तावेजमा श्री ५ को पदवी हटिसक्यो, राजामात्र भनिएको छ। यसले पनि केही कुरा जनाउँछ। अहिलेको राज्य सञ्चालनबाट राजालाई झिकिएको छ।

७. स्रोत रहित राजाको कुरा छँदैछ। राज्यमा त छैन, मुलुकमा राजसंस्था कायम राख्ने या नराख्ने बारे संविधानसभाको पहिलो बैठकद्वारा साधारण बहुमतले टुंगो लगाउने भन्ने वाक्यांशमा म तपाईंहरूको ध्यान आकर्षित गराउँछु। साधारण बहुमतले टुंगो लगाउने भन्ने वाक्यांश राख्नु शान्ति सम्झौताको मनसाय के हो त ? राजा राख्ने संस्थाको रूपमा, राज्यबाहेक बाहिर रहोस् भन्ने हो कि नरहोस् भन्ने हो कि या तटस्थ होस् भन्ने मनसाय हो। यद्यपि यसबाट तटस्थ होइन, जति सजिलोसित यसलाई हटाउन सकिन्छ, त्यति सजिलोसित जाने भन्ने मनसाय देखिन्छ। नभए संवैधानिक महत्वको कुनै कुरा परिवर्तन गर्नु पर्‍यो भने दुई तिहाइले गर्नुपर्छ, यो सर्वमान्य सिद्धान्त हो। तर यहाँ दुई तिहाइमा पनि नगएर भइरहेको राजालाई बहुमतले हटाउने भन्नु भनेको राजाको रूपमा भत्ता खाने शीर्षकका रूपमा पनि यो संस्था नरहोस् भन्ने मनसाय देखिन्छ। हस्ताक्षरकारीको आ-आफ्नो मनसाय जे होस्, हामी दस्तावेजको मनसायतिर गइरहेका छौं। तसर्थ संविधानसभाको पहिलो बैठकको साधारण बहुमतबाट राजसंस्थाको टुंगो लगाउने भन्ने शब्द लेखिनुले यो दस्तावेजको आशय अब राजसंस्था संविधानसभाले समाप्त पार्ने विचार गरेको छ भन्नु नै हो, त्यसबाहेक अर्को अर्थ लगाउन मिल्छ भन्ने मलाई लाग्दैन। किनकि यो संवैधानिकताको प्रश्न हो।



८. म टुंग्याउन चाहन्छु, त्योभन्दा अघि एक/दुई वटा कुरा सम्बन्धित होस् या असम्बन्धित होस्। लोकतन्त्रका कुरा जनता, मुलुकको सार्वभौमसत्ता, नागरिकको स्वाभिमानसँग सम्बन्धित छ, नागरिकको स्वाभिमान देशभक्तिसँग जोडिएको हुन्छ, देशनै बलियो भएन भने स्वाभिमानी नागरिक हुन सक्दैन। यस्ता घट्नाक्रमलाई हेरेर हामीले केही अफ्ठयारा प्रश्नहरू तेर्स्याउने दिन आयो कि भन्ने मलाई लागेको छ। नागरिकबारे मैले सुरुमै भनें। एउटा प्रश्न के हो भने के संयुक्त राष्ट्रसंघको मानव अधिकार उच्चायोगको कार्यालय नेपालमा रहिरहनु नेपालको इज्जतको कुरा हो ? यो कार्यालय यहाँ किन आएको थियो ? किनभने राजाको निरंकुशता थियो, राज्यले मानव अधिकारलाई कुल्चिराखेको थियो। तर अब राज्य नै मानव अधिकार स्थापना गर्ने बाटोमा आइसकेपछि यो कार्यालयलाई निरन्तरता दिनु र अझ यसलाई नयाँ भूमिका दिनु राम्रो कुरा हो कि होइन ? यी लोकतन्त्रसँग जोडिएको प्रश्न हुन्। विदेशी भूमिबाट, विदेशी संस्थाबाट संचालित र हस्तक्षेप गरिएको देश हुन्छ भने त्यहाँको लोकतन्त्र लड्खडाएको हुन्छ जतिसुकै लोकतान्त्रिक चुनाव गरिएको भनिए पनि इराकमा आज हामी लोकतन्त्र छ भनेर मान्न सक्दैनौं, 'अकुपाइड' देशमा के को लोकतन्त्र ? तसर्थ हामीले स्वाभिमानी नागरिक चाहेको, हामी जतिसुकै लडाइँ लडौं, हामी आफैंले समाधान गर्न खोज्यौं, आफैं कुरा गर्‍यौं माओवादीसित भनेर गर्व गर्छौं नि। भाइ-भाइमा लडाइँ हुन्छ। अर्को कुरा आखिर हामीले संयुक्त राष्ट्रसंघलाई निम्त्यायौं नि, हाम्रो विवादमा संलग्न गरायौं, उपस्थिति बढ्दै गइरहेको छ। हाम्रो सेनाको ब्यारेकमा पनि उनीहरू घुस्ने र हेर्ने भएका छन्। यो उपस्थिति एउटा कार्यालय थियो, संयुक्त राष्ट्रसंघका महासचिवको स्वकीय प्रतिनिधिको। अहिले उहाँको कार्यालयमा सल्लाहकारहरू आए, सल्लाहकारपछि अनुगमनकर्ता थुपिदैछन्, भोलि अनुगमनकर्ताको सुरक्षाका लागि मानिस थपिएलान। यो संलग्नता बढ्दै जाँदा हामीकहाँ पुग्ने हौं, होसियार हुनुपर्ने आवश्यकता छ। म यस विषयमा माओवादी मित्रहरूको पनि हामी सबै मिलेर ध्यानाकर्षण गराऔं भन्ने ठान्दछु किनकि राज्य जतिसुकै मन नपराएको भए पनि राज्य र देश भनेको कहिले कहीं जोडिएर आउँछन्। देशले आफैं बोल्दैन, विदेशसँग सम्बन्ध राख्दा राज्यमार्फत नै राख्छ। तसर्थ विदेशसँगको सन्दर्भमा राज्यसँग विवाद हुँदाहुँदै हामीले विदेशीसँग आफ्नो राज्यको गरिमाको रक्षा र सम्मान गरिदिनु पर्दछ। यदि हाम्रो राज्यका प्रतीकहरूमा विदेशीहरूले सञ्चालन गर्ने, घुसपैठ गर्ने, जाँचपड्ताल गर्ने भन्ने हो भने त्यो राम्रो लक्षण होइन।

९. माओवादीहरूले निश्चित संख्यामा हतियारहरू राख्ने भए, कन्टेनरमा। क्यान्टोनमेन्टमा आफ्ना निश्चित सेना राख्ने भए, त्यत्तिकै संख्यामा नेपाली सेनाका सैनिक र हतियारहरू पनि राख्ने र संयुक्त राष्ट्रसंघमा मानिसहरूले अनुगमन गर्ने, जाँचपड्ताल गर्ने भन्नुको अर्थ के छ, खाली राज्यलाई होच्याउनु बाहेक। अरू सिंगै बाहिर रहेको छ, हामीले गर्‍यौं भन्ने बाहेक के तुष्टि माओवादीले पाउँछन ? उनीहरूनै सरकारमा जाँदैछन् पनि। नगए पनि माओवादी अध्यक्ष प्रचण्डकै शब्दमा भन्ने हो भने पनि माओवादीका सेना २५ हजार (अहिले ३५ हजार भने पनि अन्तर्वार्तामा २५ होला नभए ३० सै हजार होला भनेर बोल्नुभयो) छन्। माओवादीको त्यति छन् भने राज्यको सैनिक त एक लाख छन्। त्यो गर्दा बहुसंख्याक त बाहिरै रहन्छन्, फेरि माओवादीसित

जति हतियार छन् त्योभन्दा कति हो कति बढी हतियार राज्यसँग छ। त्यो बाहिरै रहन्छ भने त्यति राख्न लगाएर माओवादीले के उपलब्धि हासिल गर्छन्। एउटा आफ्नै राज्य (जसमा आफैं सामेल हुन गइरहेको छ) जो लोकतान्त्रिक बनाउने, अग्रगामी परिवर्तन गर्ने साधन हो लाई अपमान गर्ने र बाह्य हस्तक्षेप (संयुक्त राष्ट्रसंघकै संलग्नता भएपछि पनि यसो गर, उसो गर, यहाँ हेर्छौं) ल्याउने बाहेक के पाइन्छ। मैले भन्ने खोजेको के हो भने हामीले लोकतान्त्रिक मूल्य र मान्यतालाई बलियो पार्ने हो भने देशलाई पनि बलियो पार्नुपर्छ। राज्यलाई विश्व समुदायको सम्मानित सदस्यको रूपमा बलियो पार्नुपर्छ, जनता र नागरिकलाई मात्र बलियो पारेर हुँदैन। हामी एकीकृत विश्वको युगमा छौं, यो युगमा अन्य देशहरूले गर्नै नदिने कुरा, आफ्नो सम्मानमा चोट पुग्छ भनेर ठान्ने कुरा हाम्रो देशमा हामीले गर्न दियौं भने हामी कमजोर हुन जान्छौं। कुन ठूला या स्वाभिमानी देशले आफ्नो राज्यको सेनालाई कति हतियार छ, के छ भनेर खोजतलास गर्न दिन्छ ? भोलि सरकारमा जाने माओवादीले पनि विचार गर्नुपर्छ। देश पनि स्वाभिमानी र बलियो हुनुपर्छ, अनिमात्र नागरिक, सरकार बलियो हुन सक्छन्, जनता पनि बढी स्वाभिमानी र बलियो हुन सक्छन्। छलफल गरौंला, मेरो कुरा सुन्नुभएकोमा धन्यवाद।

## *अवधारणामाथि टिप्पणी*

**श्रीकृष्ण अनिरुद्ध गौतम, स्वतन्त्र पत्रकार**

निलाम्बरजीको प्रस्तुति सुनेर बडो लाभान्वित हुन पाइयो। उहाँका विचारहरू केही समययता सुन्न पाएको थिइन, परिवर्तित सन्दर्भमा र संक्रमणमा गुज्रनु परिरहेको बेलामा उहाँका विचारहरू अत्यन्तै सारगर्भित लागे। एकातिर हाम्रो संक्रमणले असाध्यै राम्रो गति लिइरहेको छ र व्यवस्थापन तिर जान लागिरहेको सकारात्मक धारणा बनिरहेको छ भने अर्कोतिर उहाँले यो अन्तर्प्रवाहभित्र रहेका शंकाहरूलाई पनि राखिदिनु भएको छ। म अलि बढी बल दिन चाहन्छु-लोकतन्त्र यस्तो बल दिने विषय रहेछ कि यसमा जति गहिरो गरी जान्छौं या सोच्छौं त्यति नै गहिरो गरी यसमा पस्न सकिँदो रहेछ।

लोकतन्त्र भन्ने विचारको उद्‌भव कसरी भयो भनेर हेर्दा एउटा किंवदन्ती रहेछ-लोकतन्त्रका बारेमा। जसलाई म यहाँ राख्न चाहन्छु-लोकतन्त्रका अनेक प्रकार पूर्वमा पनि थिएँ, हामीकहाँ पनि बाबुराम आचार्यले किराँतकाललाई लोकतन्त्रात्मक भन्नुभएको छ, प्रामाणिक रूपमा धेरै अध्ययन गरिएको प्राचीन लोकतन्त्रचाहिँ एथेन्सको लोकतन्त्र। एथेन्समा लोकतन्त्र कसरी आयो ? त्यहाँ एउटा बडो 'वेलोभलेन्ट' राजा रहेछ, असाध्यै प्रजाप्रेमी/प्रजावत्सल, जस्तैः हामी कहाँ जनकलाई लिइन्छ। ती प्रजावत्सल राजाको निधन भएछ। एथेन्सका सारा प्रजाहरू अन्तिम संस्कारमा गएछन्, रुँदै कराउँदै र अब के होला हाम्रो गति-यस्ता प्रजावत्सल राजा गएपछि भन्दै। जब अन्तिम संस्कार भयो, त्यसपछि एउटा आकाशवाणी भएछ-हे एथेन्सका नागरिकहरू अब तिमीहरूले कुनै राजा नखोज, अब तिमीहरू आफैं शासन गर। त्यहाँबाट 'डेमोक्रेसी' सुरु भएको हो अर्थात राजसंस्थाको अन्त्य भनेकै लोकतन्त्रको प्रारम्भ हो। यस किंवदन्तीबाट के अर्थ निकाल्न सकिन्छ भने लोकतन्त्र शब्द वरण या स्वीकार गर्नुको अर्थ नै एवं आन्दोलनबाट



लोकतन्त्र शब्दको स्वीकार गर्नु भनेकै अब नेपालमा राजतन्त्रको कुनै अवशेष नै रहँदैन भन्नु हो। तसर्थ यस विषयमा विवाद नगर्नु धेरै उपयुक्त हुन्छ भन्ने मलाई लाग्दछ।

विशेष गरी तीन वटा-कात्तिक २२, मंसिर ५ गतेको र शान्ति सम्झौतापछि हामी कता जाँदैछौं ? विस्तारमा नजाऊँ धेरै पटक पाठ भइसकेको छ। अन्तर्राष्ट्रिय मूल्य मान्यता माओवादी र सात दलले स्वीकार गरे, नेपालको नागरिक समाज र जनताले स्वीकार नगर्ने कुरै थिएन। माओवादीले स्वीकार गरेपछि हाम्रो उत्सुकता थियो कि माओवादीले कसरी यसलाई लिन्छन्, यी दस्तावेजहरूमा कसरी हस्ताक्षर गर्छन्, हस्ताक्षर गर्न विलम्ब हुन्छ कि हुँदैन भन्ने। हस्ताक्षर भइकेपछि सकारात्मक दिशातिर मुलुक अगाडि बढिसकेको छ। म एउटा कुरामा जोड दिन चाहन्छु कि विश्वकै विभिन्न स्थानमा पनि यहाँ जस्तै द्वन्द्व भएका छन्, तर यहाँ शान्तिपूर्ण तरिकाले द्वन्द्वको अवतरण भइरहेको छ-वास्तवमा यो नजिरको रूपमा स्थापित भएको छ। यसरी सजिलो एउटा दाहाल र कोइराला बसेर, भट्टराई र कोइराला बसेर अथवा एक जना नेम्वाङ बसेर, एउटा राई बसेर सजिलै यो ढंगले समस्याहरू समाधान भएका छैनन्। अलि पृथक चरित्रका द्वन्द्वको कुरा गर्नु बेग्लै हो, तर माओवादी चरित्रका द्वन्द्व यसरी समाधान भएका छैनन्। जति सजिलोसँग यहाँ विषयहरू उठिरहेका छन्, यसमा भएको प्रक्रियागत त्रुटिमा नजाने हो र सार पक्षलाई हेर्ने हो भने हामी नेपाली धेरै भाग्यमानी रहेछौं। अति कम रक्तपात र अति छोटो समयमा हामीले 'सेटल' गरिरहेका छौं-आफ्ना मुद्दाहरूलाई।

अब एकदमै सकारात्मक भएर हेर्दा लोकतन्त्रको शास्त्रीय हाम्रो बुझाई र लोकतन्त्र वामपन्थी बुझाईको बीचमा आउने नेपालमा 'फ्युजन' हुनेवाला छ। यहाँ लोकतान्त्रिक प्रक्रिया हावी हुनेछन्, वामपन्थी पार्टीहरूले उठाएका मुद्दाहरू हावी हुनेछन्। वामपन्थीहरूले उठाएका मुद्दाहरूलाई लोकतान्त्रिक तरिकाले समाधान हुने प्रक्रिया अब हुनेछ। म यसमा कुनै नकारात्मकता देख्न चाहन्न, निलाम्बरजीले ठीक भन्नुभयो कि पश्चिमको जुन विचार छ, त्यो 'डाइलेक्टिक'मा आधारित छ। त्यसैमा म एक दुई वटा कुरा थप्न चाहन्छु कि हामी कसरी 'प्युरालिस्टिक' छौं। जुन रोचक होला जस्तो मलाई लाग्छ। सृष्टि, स्थिति, विनाशका तीन प्रतीक छन्-ब्रम्हा, विष्णु र महेश्वर। यो एउटै ईश्वरका तीन रूप हुन। ब्रम्हा सृष्टिबाट उत्पत्ति हुन्छ अर्थात विष्णुको नाभीबाट ब्रम्हाको उत्पत्ति हुन्छ। स्थितिबाट सृष्टिको उत्पत्ति हुन्छ अर्थात नयाँ लोकतन्त्रतर्फ जाने यात्रा पनि पुरानै बाटोबाट प्रशस्त हुन्छ। 'प्युरालिस्टिक' कुरामा त हाम्रा मान्यता नै छन कि देवी-देवता नै ३३ कोटीका छन्। नयाँ ढंगको नयाँ रूपमा, नयाँ समयमा हामी प्रवेश गर्न गइरहेका छौं जस्तो लाग्छ।

**विश्वकान्त मैनाली**

सर्वप्रथम म तारा दाहालजीलाई हार्दिक धन्यवाद दिन चाहन्छु। समसामयिक विषयमा प्रखर चिन्तक निलाम्बर आचार्यजीको विचार सुनियो। जब म जवान थिएँ, त्यति बेला हाम्रा राजनीतिक दलका नेताहरूको भाषण अर्थात राजनीतिक दस्तावेजहरू लाइनका लाइन नै पढ्ने गर्थे। सौभाग्य नै भनौं-करिब-करिब ००७ सालपछिका सम्पूर्ण महान नेताहरूसँग सामिप्यमा रहने सुअवसर मैले पाएँ। एउटा जिज्ञासा ममा थियो, त्यो के हो भने नेपालको राष्ट्रियता। म एक कुरामा ढुक्क भए कि उत्तरमा त्यत्रो विशाल

साम्राज्य चीन थियो, दक्षिणमा विशाल ब्रिटिस साम्राज्य थियो, त्यसको बीचमा रहेको सानो नेपालमा धेरै पटक भोटबाट आक्रमण भयो, धेरै पटक ब्रिटिस इन्डियाबाट आक्रमण भयो, ब्रिटिस इन्डियालाई चाहिएको चिजजति सुगौली सन्धिबाट गयो, बाँकी रहेको नेपाल चाहिँ ००७ साल अगाडि त्यस बेलामा न यहाँ कांग्रेस थियो, न कम्युनिस्ट नै थियो ।

**काशीराज दाहाल, संविधानविद्**

राजनीतिक विश्लेषक निलाम्बर आचार्यले आफ्नो प्रस्तुति विषयको गहन अध्ययन गरेर रौं चिराका हिसाबले गर्नुभएकाले त्यति 'डाइग्नोसिस' मैले गरेको छैन, तसर्थ म भित्री कुरामा जान सक्दिन । उहाँले अहिलेको शान्ति सम्झौता हो, यसले कुनै नयाँ राजनीतिक पद्धति स्थापना गर्नेतर्फ नगएर विश्व स्वीकृत लोकतान्त्रिक मूल्य मान्यतामा आधारित पद्धतितर्फ नै यो उन्मुख छ, यो नै उपयुक्त पनि हो भन्नुभयो । साथै यो पनि भन्नुभयो कि लोकतान्त्रिक मूल्य मान्यता स्थापनाका लागि जनतालाई बलियो बनाउनुपर्छ, जनतालाई अवसर दिनुपर्छ, सशक्त बनाउनु पर्‍यो, निर्णायकत्व हुनुपर्‍यो । अर्कोचाहिँ नागरिक र जनता बलियो भएरमात्र हुँदैन मुलुक पनि त्यतिकै बलियो हुनुपर्‍यो, मुलुक बलियो भएन भने त्यसको केही अर्थ रहन्न भन्ने मुख्य अभिव्यक्ति राख्नुभयो । र, केही निरन्तरता र केही कमजोरी औंल्याउनुभयो ।

शान्ति सम्झौताको मस्यौदाको शब्दावली बडो सुन्दर देखिन्छ । आधार हेर्दा पनि मानवअधिकार सम्बन्धि अन्तराष्ट्रिय लिखतहरूले उल्लेख गरेका धेरै कुराहरूलाई समाहित गर्ने प्रयास भएको छ । सम्झौतामा राज्यले लागू गर्नुपर्छ भन्ने कुरालाई दुई पक्षले गर्नुपर्छ भनेर लेखिएको छ । मैले उठाउन खोजेको कुरा चाहिँ के हो भने शान्ति सम्झौता नाम दिइए पनि शान्तिका विषयलाई असर या प्रभाव पार्ने अन्य पक्षलाई समेत यसले सम्बोधन गरेको देखिन्छ । शान्तिलाई के-केले असर पार्‍यो, विद्रोहको स्थिति किन सुरु भयो भनेर इतिहास या अन्य मुलुकको दृष्टान्त हेर्‍यौं भने समतामूलक समाज निर्माण नभएको, जनताले आफ्नो अधिकार प्रयोग गर्न नसकेको, सामाजिक, आर्थिक न्यायको अनुभूति गर्न नसकेको स्थितिमा हो भन्ने पाइन्छ । खासगरी अहिले हाम्रो सन्दर्भमा पनि भन्ने गरिएको के हो भने तीनवटा 'प' नभएको अवस्था हो-नागरिकको पहिचान भएन, राज्य या शासन पद्धतिमा सबैको समावेशी प्रतिनिधित्व भएन, राज्यको स्रोत साधनमा नागरिकको पहुँच भएन । यो समस्याले विद्रोह ल्यायो, तसर्थ शान्ति सम्झौतामा विद्रोहलाई सम्बोधन गर्न यसका सबै पक्षलाई सम्बोधन गर्नु पर्ने कारणले अन्य कुरा पनि यहाँ उल्लेख भए । सम्झौतामा सुन्दर पक्ष धेरै छन्, प्रतिबद्धताका कुरा धेरै छन्, तर मानव अधिकारको पक्षलाई बढी केन्द्रित गरियो, जुन स्वभाविक पनि हो । मानव अधिकारको कुन पक्षलाई बढी केन्द्रित गरियो भने मानव अधिकारका पनि प्रथम पिँढीका अधिकारहरूलाई बढी मात्रामा यसले सम्बोधन गरेको छ । दोस्रो र तेस्रो पुस्ताको मानव अधिकारलाई यसले सम्बोधन गर्न नसकेको हो कि भन्ने कताकता लाग्छ । शान्तिको आधार मानव अधिकार हो, मानव अधिकारको संरक्षण नभएसम्म शान्ति कायम हुँदैन भनिएकाले मानव अधिकारलाई सम्झौतामा विशेष महत्व दिइएको छ, अझ थप्नुपर्ने विषय आर्थिक-सामाजिक-सांस्कृतिक अधिकार, ऐक्यबद्धताको हक-शान्तिको



हकसम्बन्धी अवधारणा जुन तेस्रो पुस्ताको मानव अधिकार हो, त्यो पनि यसमा राखेको भए राम्रो हुने थियो ।

नेपालमा विकासको फल आमनागरिकले प्राप्त गर्न नसकेकाले विद्रोह हुन गयो । शान्ति र विकास, लोकतन्त्र र मानवअधिकार एक अर्काका परिपूरक हुन । यदि विकास भएन, मानवअधिकारको रक्षा भएन, समतामूलक समाज भएन, नागरिकले न्याय भएन भने विद्रोह र अशान्ति हुन्छ । यो शान्तिसँग गाँसिएको विषय भएकाले सबैलाई समान किसिमले सम्झौताले सम्बोधन गर्न सकेको भए राम्रो हुने थियो । राजनीतिक, मानवअधिकारका केही कुरा शब्दमा व्यक्त गरे पनि विस्तृत खाका दिन सकेको छैन, शान्ति सम्झौताले संविधानसभाको विषयलाई छोडिदिएको छ । राजनीतिक पद्धति कस्तो हुने भन्ने पनि छोडेको छ । सैद्धान्तिक केही पक्ष यसमा छ तर आर्थिक पक्ष कस्तो रहने, विकासको पक्ष के रहने भनेर स्पष्ट छैन, जति सम्बोधन गर्नुपर्ने हो-त्यति गरेको छैन ।

अघिनै विश्लेषक आचार्यले भनिसक्नुभएको छ कि केहीबाहेक यसमा धेरै कुरा सकारात्मक छ, त्यसमा हामीले अन्यथा भनिरहनु आवश्यक छैन । तर पनि मैले भने जस्तै तीन 'प' लाई सम्बोधन गर्न सकेको भए राम्रो हुने थियो । जसले संविधानसभालाई निर्दिष्ट गर्ने खाका तय गर्न सक्ने थियो । केही कुरा थप्नु पर्ने अवस्था छ । महत्वपूर्ण कुरा चाहिँ राज्य र विद्रोही पक्षबीचको सहमति भनेकै कानुनको रूपमा आउनु हो । सैद्धान्तिक रूपमा कानुन त आयो, तर यसलाई व्यवहारमा रूपान्तरण गर्नु अहिलेको चुनौती हो । लोकतान्त्रिक पद्धति यस्तो जीवन पद्धति पनि हो, जुन शब्दबाट पाउन सकिन्न । ०४७ को संविधानको प्रस्तावना र भित्रका कतिपय धारामा धेरै कुरा उल्लेख थिए, त्यसअनुसारको व्यवहार नभएकाले समस्या उत्पन्न भएको कुरालाई पनि हामीले अन्यथा भन्न मिल्दैन । तसर्थ वास्तविकतामा जीवन्त हुनु मुख्य पक्ष भएकाले सैद्धान्तिक पक्षमा असहमति जनाउनुभन्दा व्यवहारमा कार्यान्वयनको पक्ष हेर्नुपर्ने चुनौती हो ।

**सहजीकरण गर्दै तारानाथ दाहाल**

शान्ति सम्झौताचाहिँ १२ बुँदे सहमतिदेखि हतियार व्यवस्थापनमा भएको सहमति जस्तो होइन । अरू इँट्टा हुन भने त्यसको रूप या मूल पक्ष शान्ति सम्झौता नै हो । सशस्त्र विद्रोहको समाप्तिको घोषणासँगै भोलिको नेपालका लागि दुवै पक्ष एक ठाउँमा उभिएको दस्तावेज हो यो । यसमा लिइएका कुराहरूको धेरै कुराको चिराफारा आवश्यक छ भनेर आज हामीले यसको राजनीतिक 'डाइमेन्सन' बारे छलफल राखेका हौं । शान्ति सम्झौताबारे मानव अधिकारको दृष्टिबाट हामी छलफल गर्दैछौं, तसर्थ आज त्यो कुरा नआओस् भनिएको हो । यसले लिएका आर्थिक-सामाजिक विकासको दृष्टिकोण के हुन्छ त्यसबारे पनि छलफल गर्ने कार्यक्रम छ । यो दस्तावेजले अन्तरिम संविधानद्वारा नयाँ संविधानको सिद्धान्तहरू प्रतिपादन गर्‍यो कि गरेन ? राजनीतिक सहमतिको अन्तिम दस्तावेज यही हो । भोलि बन्ने संविधानसभाका लागि आवश्यक संवैधानिक सिद्धान्तहरू यसमा छन कि छैनन् भनेर हामी आगामी आइतबार छलफल गर्दैछौं, भीमार्जुनजीको प्रस्तुति हुनेछ ।

हामीले बुँदागत चिराफारा गर्ने भएकाले फेरि म आग्रह गर्दछु कि आज यसले अवलम्बन गरेका विशुद्ध राजनीतिक प्रणालीमा मात्र छलफल गरौं, भेगमा विषय नराखौं ।

**रामकुमार श्रेष्ठ**

म निलाम्बर आचार्यका धेरै कुरामध्ये एउटा कुरामा मात्र केन्द्रित हुन चाहन्छु । वर्तमान अवस्थामा नेपालले संयुक्त राष्ट्रसंघबाट खोजेको भूमिकाबारे राखेको विचारमा थप्न चाहन्छु । होसियार हुनुपर्छ भन्ने उहाँको भनाई ठीक हो-संयुक्त राष्ट्रसंघको भूमिका भोलिका दिनमा कस्तो हुनुपर्छ भन्नेमा हामी होसियार हुनै पर्छ । राष्ट्रसंघलाई यहाँ निम्त्याउनु हाम्रो बाध्यता नै थियो, कारणः मुलुकको नागरिक समाजले दुवै पक्षलाई एक ठाउँमा राखेर जुन रूपमा काम गर्नुपर्ने थियो, त्यसो गर्न नसकेको स्थिति थियो । भारत, अमेरिका आदि मुलुकको मध्यस्थता हामीलाई स्वीकार्य भएन । नेपालको राजनीतिमा भारतको बढी प्रभाव (म ठूलो भन्ने भावना पनि) भएकाले उसको भूमिका स्वीकार्य हुन्न । भियतनामदेखि इराकसम्म आउँदा पनि अमेरिका डाँका र मुलुक बिगार्ने हो भन्ने लागेकाले उसलाई पनि स्वीकार गरिएन । चीनको पनि स्वीकार्य भएन । तसर्थ संयुक्त राष्ट्रसंघलाई गुहारेका हौं । विश्वव्यापीकरणको सन्दर्भमा हामीले आफ्नो सार्वभौमतासँग कतिपय कुरामा सम्झौता गर्नुपर्ने पनि हुन्छ । हामी पूर्ण सार्वभौम छौंभन्दा असहज पनि हुन जान्छ, विश्वपरिवेशमा । त्यति हुँदाहुँदै पनि संयुक्त राष्ट्रसंघको कस्तो भूमिका हुनुपर्छ भन्नेमा बहस हुनै पर्दछ, थप बहस गर्नुपर्छ । संयुक्त राष्ट्रसंघले क्याम्बोडिया लगायतका स्थानमा धेरै राम्रो काम पनि गरेको छ, त्यही रूपमा गरे राम्रो हुने थियो ।

काशीराज दाहालले भनेकै कुरामा म के थप्न चाहन्छु भने शान्ति सम्झौता आर्थिक, सामाजिक र सांस्कृतिक पक्षमा मौन छ । प्रजातन्त्रमा राजनीतिक कुरामात्र हेरेर हुन्न, विश्वव्यापी रूपमा हेर्ने हो भने प्रजातन्त्रमा आर्थिक, सामाजिक, सांस्कृतिकलगायतका धेरै पक्ष हुन्छन । विवाद भएकाले यी पक्षलाई शान्ति सम्झौतामा नसमेटिएको पनि हुन सक्छ ।

**चरण प्रसाई, मानव अधिकारकर्मी**

शान्ति सम्झौता भइसकेपछि यस्तो छलफल पहिलो पटक फ्रिडम फोरमले चलाएको छ, त्यसका लागि बधाई । निलाम्बर दाइको प्रस्तुति छ भनेपछि दौडेर आउनु परिहाल्यो । नागरिकलाई कमजोर पार्ने पक्षमा नागरिकता ऐनले मात्र हैन, आन्दोलन ताका नागरिक समाजको सान्दर्भिकता र उनीहरूले खेलेका भूमिकालाई अहिले आएर कमजोर पार्ने काम पार्टीहरू र सरकारले गरेको पाइएको छ । अहिलेको अवस्थामा नागरिक समाजलाई कमजोर पार्नु भनेको पुनरुत्थानवादी फेरि फर्किन सक्ने अवस्था प्रबल हुनु अस्वाभाविक हुने छैन, त्यतातिर पनि ध्यान दिनुपर्छ र, नागरिक समाजलाई बलियो बनाउन हामीले के गर्नुपर्छ भन्ने छलफल अगाडि बढाउनुपर्छ कि भन्ने लागेको छ ।

शान्ति सम्झौता शान्तिका लागि मात्र हो कि परिवर्तनका लागि हो भनेर हामीले बुझ्नुपर्छ । ५ मंसिरको शान्ति सम्झौता २२ कात्तिकको समझदारीबाट आएको हो । २२ कात्तिकको समझदारीमा प्रतिनिधिसभा कस्तो हुने, संविधानसभामा



कति जना छानिने र तिनले कति जना छान्न पाउने भन्ने उल्लेख छ । ८ बुँदे समझदारी हुँदा प्रतिनिधिसभाले त्यसको विरोध गरेको थियो, देशनै खत्तम हुन लाग्यो भन्ने कुरा आएको थियो । अहिलेसम्मको समझदारी र सम्झौताबाट के देखिन्छ भने वर्तमान प्रतिनिधिसभाका सबै सदस्य र राष्ट्रिय सभाका सदस्यहरू सबै अन्तरिम संसद्मा पनि रहने भनिए पछि सबै चुपचाप छन् । भंग हुन्छभन्दा किन आपत्ति भयो, अहिले भंग हुन्छभन्दा किन आपत्ति गरेनन्, सांसदहरूले यो चाहिँ हामीले सोच्नुपर्छ ।

पुरानो सोचका पात्रहरू अन्तरिम संसद्मा ल्याउँदैछौं, त्यही पात्रहरू संविधानसभाको निर्वाचनमा उम्मेदवार हुँदैनन् भन्ने छैन । भोलि छानिने २ सय ५ जनाले आफ्नो मानसिकतासँग मिल्ने २ सय ४ जनालाई संविधानसभामा मनोनीत गर्नेछन् । त्यस्तो संविधानसभाले नेपालको भविष्यका लागि के गर्लान अर्थात परिवर्तन देलान कि नदेलान भन्ने निश्चित छैन । तिनलाई हामीले कसरी विश्वास गर्ने ?

**सहजीकरण गर्दै तारानाथ दाहाल**

धन्यवाद, नयाँ बहस ल्याइदिनु भयो । वास्तवमा छलफल जरुरी नै छ । संयुक्त राष्ट्रसंघको भूमिका बारेमा पनि छलफल गर्नुपर्छ र प्रवृत्तिगत कुराको छलफल पनि गम्भीर नै हो । बहस गरौंला नै । आजचाहिँ म फेरि पनि विषयमै केन्द्रित हुन अनुरोध गर्दछु ।

**सञ्जय शेरचन, अनुसन्धाता**

यो कोठामा देखिएको अनुहारहरूबाटै टिप्पणी थालौं जस्तो लाग्यो, शान्ति सम्झौतामा अत्यन्त महत्वपूर्ण शब्दहरू परेका छन्, तपाईंहरूका लागि नभए पनि हाम्रा लागि । आदिवासी, जनजाति, महिला, दलितका कुराहरू राखिएको भए पनि यहाँ कसैले उल्लेखै गरेनन् । मैले यहाँ एउटै किसिमका अनुहार देखें, अघि दलित भनेर पद्मलाल दाइलाई देखेको थिएँ, उहाँ पनि गइसक्नुभयो, मधेसी लालबाबु हुनुहुन्छ, महिलाका नाममा सधैं झै बाहुन महिला देखियो, अरू महिला किन चाहियो र ? सामाजिक न्याय, समानताका कुराहरू छन्, हामीले कस्तो राजनीतिक प्रणाली बनाउने मुख्य प्रश्न यही हो । नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक मुलुक हो । एउटा जाति, भाषा, धर्म र संस्कृतिलाई थोपरेर अब यो देश चल्दैन । प्रजातन्त्र या लोकतन्त्रको दर्शनमै हुर्केको हुँ, निलाम्बरजीको के कुरामा सहमत छु भने यहाँ हामीले नयाँ कुरा (प्रचण्डजीको राजनीतिक भाषणजस्तै) उब्जाउन खोजेको होइन । हामीले लोकतन्त्रलाई नेपाली परिवेशमाझ ढाल्नमात्र खोजेको हो । प्रचण्डजीका आफ्ना बाध्यता होलान, ४० हजार कामरेडलाई थुमथुम्याउन । जसरी १५ वर्षअघि जनताको बहुदलीय जनवादको सिद्धान्त ल्याउँदा मदन भण्डारीलाई पनि बाध्यता थियो, उग्रकार्यकर्ता तह लगाउनु थियो । तर कम्युनिस्टहरूले जति फलाके पनि आज उनीहरू बहुदलीय प्रतिस्पर्धा अर्थात लोकतन्त्रमा आइरहेका छन्, आफ्नो दर्शनबाट धेरै टाढा पुगिसकेका छन् । अझै टाढा पुग्दै जान्छन्, यस्ता कुरा त निलाम्बरजीलाई नै बढी थाहा हुन्छ किनकि उहाँ कम्युनिस्ट पृष्टभूमिबाट आउनु भएको हो-सर्पको खुट्टा सर्पले नै देख्छ । यद्यपि विरोधाभाष कायमै

छ, एमालेले अहिले पनि जनजातिलाई फकाउन बुढो बाघले सुनको बाला हल्लाएझैं गरिरहेको छ। माधव नेपाल हल्लाउँदै हुनुहुन्छ कि नेपाल लोकतान्त्रिक थारू संघ, तामाङ संघ खोल्दै हिँडेर। आदिवासी/जनजातिको भोट चाहिएको छ। उहाँहरूले वाममोर्चा कि गणतान्त्रिक मोर्चा बनाउने रे, त्यसमा बहुदलीय प्रतिस्पर्धा मान्ने, जनवादी....आदिआदि शब्द उहाँहरूले राख्नुभएको छ। अचम्भ एकातिर लोकतान्त्रिक अर्कोतिर जनवादी शब्द प्रयोग गर्ने-यो विरोधाभाष हाम्रा कम्युनिस्टहरूमा रहिरहनेछ, केही समयका लागि। भोलि एमालेले आफ्नो नाम फेरेर कम्युनिस्ट हटाउला, सायद माओवादीले पनि २५ वर्षपछि त्यसै गर्ला। कम्युनिस्टहरूलाई हुर्कन समय लाग्छ, निलाम्बरजी त हुर्किसक्नु भयो र पूर्ण लोकतान्त्रिक भइसक्नुभयो। हाम्रो समस्या सर्वहाराको युटोपिया बनाउने होइन कि लोकतन्त्रलाई कसरी जोगाउने भन्ने हो। हाम्रो देश बहुजातीय, बहुभाषीय, बहुधार्मिक, बहुसांस्कृतिक छ, त्यही अनुरूपको संरचना कसरी बनाउने, राज्य प्रणाली कसरी बनाउने भन्ने चुनौती हो। हामी भारतलाई खुब गाली गर्छौं, बिहार-युपीको कुरा गर्छौं। बिहारमा लालु यादव, नितेशकुमार मुख्य मन्त्री भए। भारतमा गैरहिन्दु प्रधानमन्त्री भएको छ-मनमोहन सिंह। गैरहिन्दु राष्ट्रपति भएको छ। विभिन्न संघीय राज्यहरूमा विभिन्न भाषाले मान्यता पाएका छन्। हामी आदिवासी जनजातिहरू कहिले कहीं चर्चा गर्छौं-हाम्रो मुलुक सिक्किम हुन लाग्यो, सिक्किम हुन लाग्यो भनेर हाम्रा शासकहरू कराउँछन्। तर हामीलाई के चिन्ता छ भने नेपाल सिक्किम होइन, हाम्रा बाहुन-क्षेत्री-ठकुरीले सिक्किमलाई पो नेपाल बनाइ दिने हो कि। सिक्किममा त कम्तीमा १२ कक्षासम्म आफ्नो भाषा बढ्न पाइन्छ, नेवारीसमेत पढाइन्छ।

निलाम्बरजी नागरिक शब्दको पछाडि लुक्नुभयो। तर नागरिक भनेको सांस्कृतिक निरपेक्ष हुँदैन, नागरिकको पनि धर्म, भाषा, संस्कृति हुन्छ। यो कुरा नलुकाउनुस्। राजनीतिशास्त्री विल क्लिम्लिकाले 'उदारवादी राजनीतिक विचारहरू नागरिकको कुरा गर्न थाल्छन् अन्त्यमा जनताको कुरा गर्छन्, तर उनीहरूले भिन्नता छुट्याउँदैनन्' भनेका छन्। तसर्थ हाम्रो जस्तो विविधतापूर्ण देशमा त्यो कुरालाई सम्बोधन नगरी कुनै पनि राज्य प्रणाली स्थिर हुन सक्दैन। अहिलेको हाम्रो चुनौती यही नै हो। शान्ति सम्झौतामा आदिवासी, जनजाति, मधेसी, महिला आदि शब्द परेका छन्, ती समूहहरूलाई सम्बोधन गर्न कस्तो राज्य प्रणाली अपनाउने भनेर तीन शब्दमा भन्दा-संघीय लोकतान्त्रिक गणतन्त्र हो। जसले हामी आदिवासी जनजातिहरूको मुद्दालाई सम्बोधन गर्दछ। धर्मनिरपेक्षता, भाषिक समानता, जातीय स्वायत्तता, जातीय, भाषिक र धार्मिक आधारमा संघीय संरचना-प्रशासनिक संघात्मकता होइन नि फेरि। अमेरिकाको जस्तो प्रशासनिक संघात्मकताको हामीले कुरा गरेका हैनौं। जातीय, भाषिक र क्षेत्रीय आधारमा संघीय संरचना, आत्मनिर्णयको अधिकार, भूमि तथा प्राकृतिक स्रोतमाथिको अधिकार हामीले उठाएका हौं, यी कुरालाई सम्बोधन गर्ने राजनीतिक व्यवस्था भनेको संघीय लोकतान्त्रिक गणतन्त्र हो। राजासँग हाम्रो कुनै लगाव छैन। राजा राष्ट्रिय एकताको प्रतीक हुन सक्दैन, जो राजा एउटा भाषा बोल्छ, एउटा जाति, धर्म र संस्कृतिको प्रतिनिधित्व गर्दछ। उ कसरी बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक देशमा राष्ट्रिय एकताको प्रतीक हुन्छ ? कि हामीले भन्नुपर्‍यो-बाहुन, क्षेत्री, ठकुरीमात्र राष्ट्र हुन अरू सबै भारपात हुन्।



राजतन्त्र त जाने भयो, यसमा कुनै आपत्ति छैन। तर राजतन्त्रको ठाउँमा कुनै बाहुनतन्त्र पो आउने हो कि भन्ने डर हामी (आदिवासी-जनजाति)लाई छ। एउटा जाति, भाषा, संस्कृतिको आधिपत्य हुने हो कि। जहिले पनि हामी एउटै अनुहार देख्छौं, एउटै कुरा सुन्छौं मानौं कि नेपाल भनेकै एउटै जाति, भाषा, धर्म, संस्कृति मान्नेको हो, यसमा हामीलाई आपत्ति छ। यी कुरालाई मनन गर्नुपर्‍यो र भोलिको संविधान बन्दा आदिवासी, जनजाति, दलित, महिला, मधेसीको कुरा सम्बोधन गरिनुपर्‍यो। यो टड्कारो प्रश्न हो। जसरी गएको ५० वर्ष राजासँग लड्दा-लड्दै बित्यो, आगामी ५० वर्ष जाति, भाषा, धर्म र संस्कृतिको कुरालाई सम्बोधन गर्दागर्दै बित्नेछ। म सुगा निकालेर हात हेर्ने रत्नपार्कको ज्योतिष त होइन, तर सञ्जय शेरचनले भनेको थियो भनेर लेख्नुभए हुन्छ आफ्नो डायरीमा। विश्वमा लोकतान्त्रिक समावेशी राज्यहरू थुप्रै छन्, भारत, न्युजिल्यान्ड, स्विट्जरल्यान्ड आदि। ती उदाहरणबाट हामीले सिक्नु पर्दछ।

**चन्द्रकान्त ज्ञवाली, अधिवक्ता**

म ढिलो आएकाले निलाम्वरजीको प्रस्तुति सुन्न पाइन। कुनै पनि कार्यक्रममा गएपछि २/४ कुरा बोल्न मन लाग्छ, त्यही कारण आज हात उठाएको हुँ। नयाँ कुरा दिन सक्दिन होला, यहाँ धेरै विद्वानहरू हुनुहुन्छ। लोकतान्त्रिक मान्यताका परिप्रेक्ष्यमा विस्तृत शान्ति सम्झौता भन्ने जुन शीर्षक छ, वास्तवमा यो पहिला पनि कान्तिपुरमा लेखेको थिए कि राष्ट्रिय विस्तृत शान्ति सम्झौता नगरी १२ बुँदे, ८ बुँदे, २५ बुँदेले काम दिँदैन, यो त सहमतिमात्र हुन, सम्झौता हुनुपर्‍यो, त्यसमा 'बाइन्डिङ फोर्स' हुन्छ, यो विना संविधानसभामा जान सकिन्न। त्यो पनि सम्झौता नै हो, सहमतिको पनि धेरै मान्यता हुन्छ भनेर धेरैले मलाई गाली पनि गरे। विस्तृत शान्ति सम्झौता संविधानसभामा जानका लागि एउटा ईंट्टा थपिएको हो।

विस्तृत शान्ति सम्झौताको कुरा गर्दा दक्षिण अफ्रिकाको उदाहरण लिनुपर्छ, जहाँ ३४ वटा सिद्धान्तमा सहमति भएको थियो। राजनीतिक सिद्धान्त पनि थियो, पहिलो, दोस्रो, तेस्रो र चौथो पुस्तासम्मको मानव अधिकार र आधारभूत अधिकारलाई त्यसमा राखिएको थियो। यहाँचाहिँ विस्तृत शान्ति सम्झौता त भनियो, केवल मानव अधिकार, आधारभूत अधिकार र सशस्त्र द्वन्द्वको अन्त्यलाई मात्र सम्बोधन गरिएको छ। तर सामाजिक-आर्थिक मुद्दालाई सम्बोधन गरिएन।

शान्ति सम्झौतामा ५ वटा कुरा हुने रहेछन्। (१) संविधानसभामा जान 'फ्रेस स्टार्ट' यसबाटै हुने रहेछ, यसमा निर्वाचन संयन्त्रका चरण के के हो भनेर राख्नुपर्ने रहेछ। त्यसपछि संविधानसभाको 'ड्राफ्टिङ मेकानिज्म, 'डेलिब्रेसन मेकानिज्म', 'रेटिफिकेसन' र अर्को संसद्को निर्वाचन कसरी हुने भनेर हेरिन्छ। यी पाँच कुरा हुनुपर्थ्यो, तर शान्ति सम्झौतामा एउटा पनि छैन।

२२ गते जुन राजनीतिक सहमति भएको थियो, त्यसलाई पनि शान्ति सम्झौतामा संलग्न गरिनु पर्थ्यो। राजाको शासन अधिकार नरहने त भनियो तर निलम्वन गरिएको छ समेत भनिएन। राष्ट्र प्रमुख को हुने भनेर उल्लेख गरिएन। कि प्रधानमन्त्रीय पद्धति हो, संविधानसभासम्म जान यही पद्धति अपनाउँछौं भनिनु पर्थ्यो शान्ति सम्झौतामा। तर त्यसो भनिएन। यसर्थ राष्ट्राध्यक्षविहीन राजनीतिक निर्णय

भएको छ। संविधानसभासम्म राजा नै राष्ट्राध्यक्ष हो भनिनु पर्थ्यो, त्यो पनि भनिएन। यसमा राजनीतिक दलले अर्को निर्णय गर्नुपर्छ।

अन्तरिम संविधान ल्याउने, अनि अन्तरिम संसद् र सरकारको निर्माण गर्ने भनिएको छ।

शान्ति सम्झौतामा संविधानसभाको लक्ष्य या गन्तव्य यो हुनेछ भनिनु पर्थ्यो। राजनीतिक गन्तव्य लोकतान्त्रिक गणतन्त्र हो भनेर सम्झौतामा कतै उल्लेख छैन। यसलाई 'आइडेन्टी फाइड' नगरी शान्ति सम्झौताको अर्थ छैन। लोकतान्त्रिक गणतन्त्रमा जाने भनिएको हो भने 'बाइन्डिङ फोर्स' हुने थियो। त्यो पनि नभएकाले यो सम्झौता नाम मात्रको सम्झौता हो। यो केवल राजा राख्ने सम्झौता हो, त्यस बाहेक केही होइन।

**मीना आचार्य, वरिष्ठ अर्थशास्त्री**

शान्ति सम्झौता जसले जसरी बुझे पनि हुने खालको छ। एकातिर लोकतान्त्रिक व्यवस्था अर्कोतिर समानतामूलक समाज भनिएको छ। लोकतान्त्रिक बुर्जुवा प्रतिस्पर्धात्मक अर्थ व्यवस्था कहिल्यै पनि समतामूलक हुँदैन। मानव अधिकार पहिलो, दोस्रो, तेस्रो, चौथो पुस्ताका लागि भनिन्छ, तर 'नन जुडिसेवल फुड' को अधिकार भनेको के ? गरिबले मैले खान पाईन भनेर आउने ? त्यसमा कसैले मुद्दा हाल्छ। यो लोकतान्त्रिक बुर्जुवा पद्धतिको आन्तरिक द्वन्द्व हो। त्यो द्वन्द्वलाई सम्झौताले पूर्णत स्वीकार गरेको छ।

अर्को हाम्रो भावी व्यवस्था कस्तो हुन्छ भनेर शान्ति सम्झौतामा स्पष्ट पारिएको छैन। आजको विश्वमा समानतामूलक भनेको शब्दमा सीमित छ। सामाजिक समानता अर्थात समान अवसर दिने भनिएको छ, जसमा बुर्जुवा पद्धतिले जातीय मुद्दा उठाउने गर्छ। कार्लमार्क्सले नै लेखेका छन कि पुँजीवाद यस्तो व्यवस्था हो जसले असमानताको अरू समग्र बाधाहरूलाई हटाउँदै जान्छ। व्यक्ति-व्यक्तिलाई तिमीहरू समान छौं प्रतिस्पर्धा गर भन्छ। तर करोडपति र गार्मेन्टमा काम गर्ने महिला कसरी समान हुन्छ ? यो अन्तरविरोध पुँजीवादमा देखेको छु। हामीले यसलाई कसरी समाधान गरेर लाने हो भन्ने प्रश्न छ।

**सहजीकरण गर्दै तारानाथ दाहाल**

धन्यवाद, धेरै महत्वपूर्ण प्रश्न उहाँले उठाउनुभयो। मैले चाहेको पनि विषय यसै गरी उठोस् भन्ने नै हो। उहाँले साह्रै संक्षेपमा यथार्थ कुरा राख्नु भएको छ। जुन कुरा शान्ति सम्झौतामा हस्ताक्षर गर्नेले बुझ्नु जरुरी छ। डा. लोहनीको लेख यसै विषयमा कान्तिपुरमा छापिएको छ, यही विषयमा मैले मनमोहन भट्टराईजीलाई लेख्न लगाएको छु। हामी छलफल गरौंला। तर प्रतिस्पर्धात्मक बहुदलीय लोकतन्त्रभित्रको आन्तरिक द्वन्द्वहरूको स्वीकार यो दस्तावेजमा गरिएको हो कि होइन भन्ने छलफलको विषय नै हो।



**कुमार रेग्मी, अधिवक्ता**

निलाम्बरजीको प्रस्तुति साह्रै गहन हुन्छ, जहिले पनि उहाँको प्रस्तुति सुन्न म लालायित हुन्छु। उहाँले गर्नुभएको केही कुराबारे म पछि बोलौंला। राजनीतिक मान्यताको परिप्रेक्ष्यमा जसरी ताराजीले राजनीतिक पाटोमात्र हेरौं भनिरहनु भएको छ। मलाई चाहिँ राजनीतिक पाटोमा शान्ति सम्झौता एकदमै प्रस्ट छ भन्ने लाग्छ। यो प्रस्टता १२ बुँदे सहमतिदेखिकै हो। प्रस्टता नभई माओवादीसित सात दलले सहमति गरेकै होइनन्, यो कुरा बुझ्नु जरुरी छ। हामीले अलग-अलग व्याख्या गर्न खोज्छौं, तर ०६२ वैशाख २५ गते सात दलले संविधानसभामा जानेलगायतका ६ बुँदे सहमति गरे, त्योभन्दा अघिसम्म ०४७ को संविधान छोड्ने सहमतिमा पुगेका थिएनन्। माघ १९ पछि वैशाख २५ गते भएको सहमतिमा ०४७ को संविधानलाई पूर्णता दिएर संविधानसभासम्म जाने भनिएपछि १२ बुँदे सहमतिसम्म पुगेको हो। त्यो बीचमा माओवादीको प्लेनम भयो, जसमा उनीहरूले बहुदलीय राजनीतिलाई स्वीकारे, लोकतान्त्रिक मूल्य र मान्यतालाई पहिलो पटक दस्तावेजमै स्वीकारे। त्यसपछिमात्र सात दल र माओवादीको वार्ता सुरु भएको हो र १२ बुँदे सहमति भयो। यो सहमतिमा 'प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक हक, मानवअधिकार, कानुनको शासन र लोकतान्त्रिक मूल्य र मान्यताप्रति माओवादी पक्ष आधिकारिक रूपमा प्रतिबद्धता व्यक्त गर्दछ,' भनिएको छ। त्यो कुरालाई आठबुँदे, २५ बुँदे आचारसंहिता र शान्ति सम्झौतामा दोहोऱ्याइएको छ। तसर्थ नेपालको अब हुने राजनीतिक परिपाटी के हो भन्नेमा द्विविधा छ भन्ने मलाई लाग्दैन। ती परिपाटीलाई संस्थागत गर्न संविधानसभाको निर्वाचन हुने हो, नयाँ संविधानले बहुदलीय प्रतिस्पर्धात्मक शासन प्रणाली अपनाउने हो। बहुदलीय भन्नासाथ प्रतिस्पर्धात्मक नै हुन्छ, किन त्यसमा प्रतिस्पर्धात्मक शब्द राखिएको हो भन्ने बुझ्न सकिएको छैन, नयाँ शब्द राख्न खोजिएको होला। एकदलीय शासन पद्धतिलाई अबको संविधानले ल्याउनै सक्दैन, त्यो स्वीकार्य पनि छैन। नागरिक स्वतन्त्रता भन्ने बित्तिकै नागरिकका सम्पूर्ण स्वतन्त्रता हुन्छन्, त्यो भनेको अमेरिका र फ्रान्स विद्रोहबाट आएको 'जीवन, वैयत्तिक स्वतन्त्रता र सम्पत्तिमाथिको अधिकार' हो। ती एक अर्काका पूरक हुन्। यसको ग्यारेन्टी गर्ने कुरा शान्ति सम्झौतामा पनि छ। सम्पत्ति कानुनबमोजिम राख्न पाइने भनिएको छ। कानुनले तोकिएको भन्दा बढी राख्न नपाइने भन्ने २२ गतेको सम्झौतामा थियो क्या र। कानुनबमोजिम राज्यले प्रतिबन्ध लगाउन त जहाँ पनि मिल्छ। कर लगाउन पाउँछ, राज्यलाई चाहिएको सम्पत्ति अधिग्रहण गर्न पनि सक्छ, क्षतिपूर्ति चाहिँ दिनुपर्छ।

कस्तो विवादास्पद, हतियार उठ्यो-संसदीय प्रजातन्त्रमाथि आक्रमण गरेर, ०५२ मा। हतियारको अन्त्य भयो त्यही बहुदलीय शासन व्यवस्थामा आइपुगेर। तर बीचमा आएर केही राजनीतिक उपलब्धि माओवादीलाई पनि भयो, नेपालका आर्थिक, सामाजिक, सांस्कृतिक रूपमा पछाडि परेका पक्षहरू अगाडि आए, तिनको समस्या समाधान कसरी गर्ने भनेर हामीले सोच्नै पर्छ, त्यसबारे पनि छलफल गर्नुहोला।

राजनीतिक प्रणालीको सम्बन्धमा शान्ति सम्झौताको प्रस्तावनामा उल्लेख भएका बुँदाबाटै देखिन्छ कि नेपालको राजनीतिक परिपाटी भनेको विश्वमा चिनिएको

प्रजातान्त्रिक परिपाटी अनुसार अगाडि बढ्ने हो। त्यसलाई सबै पक्षले स्वीकारेकैले युद्धको अन्त्य भएको छ। त्यो पक्ष स्पष्ट छ भन्ने लाग्छ।

राजाको प्रश्नमा कुरा गरौं। हामीले महामानव भनेर स्वीकारेको राजनीतिक व्यक्ति बीपीको राजा, राष्ट्रियता र राजनीति भन्ने किताब बाहिर आएको छ। हात परेपछि पूरै पढें। राजसंस्थाको अन्त्य भनेकै लोकतन्त्र हो भन्ने कुरा आयो। तर के राजतन्त्र भएको ठाउँमा लोकतन्त्र छैन होला ? राजतन्त्र समाप्त भएपछि मात्र लोकतन्त्र हुन्छ कि निरंकुशता भएको ठाउँमा लोकतन्त्र हुँदैन ? निरंकुशताको नाममा पार्टी, कम्युनिस्ट पार्टी, कम्युनिस्ट शासन, राजा आउन कि जो आउन जहाँ निरंकुशता छ त्यहाँ लोकतन्त्र छैन, जहाँ निरंकुशता छैन त्यहाँ लोकतन्त्र छ। तसर्थ हामी फेरि अर्को किसिमको क्याम्पेनमा जानु उचित हुन्छ कि हुँदैन। संसारलाई लोकतन्त्र सिकाएको मुलुक बेलायतमा राजतन्त्र छ कि छैन, लोकतन्त्र छ कि छैन ? क्यानडा, न्युजिल्यान्ड, अस्ट्रेलिया, जापानमा छ कि छैन। नेपालको राजतन्त्र सधैं लोकतन्त्रको विरोधमा गयो भन्ने कुरा एक ठाउँमा रहे पनि राजतन्त्रको अन्त्य नभै लोकतन्त्र आउँदैन भन्ने कुरा आजसम्म मैले सुनेको पनि छैन, पढेको पनि छैन। त्यसलाई प्रस्ट पारिदिनु हुन्छ कि ?

**सहजीकरण गर्दै तारानाथ दाहाल**

एथेन्समा लोकतन्त्रको उदयपछि यसले २ हजार वर्षको युग बितायो। लोकतन्त्रमा नयाँ चुनौती पनि आए, जुन तपाईं (कुमार) ले राखिदिनुभयो। दुवै कुरा सत्य छन्, यसमा धेरै विवाद नगरौं होला।

**प्रा. यज्ञ अधिकारी**

म सीधै ताराजीको चाहनाअनुसार नै विषयवस्तुमा जान चाहन्छु। पहिलो त लोकतन्त्र भनेको शाश्वत व्यवस्था हो। यो गतिशील र विकासशील हुन्छ। धेरै अनुसन्धानकर्ताबाट सिद्ध भइसकेको कुरा हो यो। नयाँ भनेर अहिले प्रतिपादित हुने सिद्धान्त होइन। फ्लेकानोभ र मार्थतोभले जति बेला लोकतान्त्रिक मूल्य पद्धतिको वकालत गरे त्यतिखेर लेलिनहरूले विमति जनाए। त्यतिबेला विद्वानद्वयले भनेकै कुरा आज प्रचण्डजीहरूका निम्ति नयाँ हो भने त्यो स्वीकार्य छ।

अब राजनीतिक मूल्य पद्धति वा प्रणालीका सवालमा जनसहभागितातिर लागौं। अब कस्तो भइसक्यो भने विश्वव्यापी प्रयोग हेर्दाहेर्दा चुनावमा उठ्नु, मतदान गर्नु, क्याम्पेनिङ गर्नु, वाक्-प्रकाशन-पार्टी खोल्ने स्वतन्त्रता आदि हुनु मात्र जनसहभागिता होइन। जनसहभागितालाई तल्लो तहमा गएर आफ्नो प्राथमिकता निर्धारण गर्ने, योजनाहरू छनोट गर्ने, तिनलाई कार्यान्वयन गर्ने र मर्मतसम्भार गर्ने स्थितिसम्ममा अबको राजनीतिक प्रणालीले कसरी पुऱ्याउने ? यत्रो चिन्तकले प्रस्तुत गर्नुभएको कुरामा मेरो विमति छैन तर सामान्य ध्यानाकर्षण मात्र गराउन खोजेको हुँ।

जनआन्दोलनपछि मैले धेरै ठाउँमा प्रश्न उठाउने गरेको छु कि यो पूर्ण परिवर्तन हो या निरन्तरतासहितको परिवर्तन। अबको राजनीतिक पद्धतिको निरूपणमा



निरन्तरतासहितको परिवर्तन हो भने त्यहीअनुरूप जानुपऱ्यो, पूर्ण परिवर्तन हो भने त्योअनुसारको संयन्त्र बन्नुपऱ्यो।

प्रजातन्त्रका नाममा विश्वमा धेरै ठूला-ठूला आन्दोलनहरू भए। साम्यवादका नाममा आन्दोलन भए। उहाँ (निलाम्बर) लाई थाहा छ, मार्क्सवादको धेरै राम्रो अध्ययन गर्नुभएको मानिस भएकाले। लोकतन्त्रका नाममा भएका आन्दोलनहरूले राजनीतिक शक्ति केन्द्रहरूमाथि आक्रमण गरे, तिनलाई छिन्नभिन्न पार्न सफल भए। साम्यवादका नाममा भएका आन्दोलनहरूले आर्थिक शक्ति केन्द्रहरूमाथि आक्रमण गर्न सफल भए, तिनलाई छिन्नभिन्न पारे। तर समाजमा विद्यमान असमानता, शोषण, विभेद, अवरोधलाई दुवै प्रणालीले सम्बोधन गर्न सकेनन्। यसैलाई सम्बोधन गर्ने भनेर प्रजातान्त्रिक समाजवाद आएको हो। अहिले आएर टाकिस

फ्लोटोप्लसजस्ता विद्वानहरूले दुईवटा नयाँ कुरा मात्र भनेका छन्- केन्द्रीय योजना प्रणालीलाई डिस्मेन्टल गर्नुपर्छ, सारा असमानताको जड भनेको बजार अनि आर्थिक सामाजिक संरचना सदीऔंदेखिका। मलाई लाग्छ राजनीतिक प्रणालीको निरूपणमा यो बहस हुनुपर्छ। यदि ती हुन् भने लाठीले बाउ भन्न नपाए झैं धेरै पीडाको कुरा उहाँ (एक सहभागी देखाउँदै) भाइले गर्नुभयो कि अब समावेशी भयो भन्ने हो भने त्यस विषयमा बहस सिर्जना गर्नु जरुरी छ। यो ज्यादै गम्भीर कुरा हो। समावेशी भनेको विभिन्न जातजाति, भाषाभाषीलाई राजनीतिक

संरचनामा संलग्न गराउने कुरा मात्र होइन, यसको धेरै डाइमेन्सन छन्। यतातिर अबको राजनीतिक प्रणालीले सम्बोधन गर्ने कि नगर्ने ? म पूर्ण सहमत छु, अहिले पनि यो राज्य कमजोर राज्य हो। राज्य बलियो नभई लोकतन्त्र फस्टाउँदैन। अहिलेको स्थिति व्यवस्थापन क्षमता राजनीतिक खेलाडीले देखाउने हो। दिशा आएको छ, त्यसलाई व्यवस्थित गर्न त्यतिकै गाह्रो छ। शान्ति सम्झौताले के हुनुपर्छ (समतामूलक समाज, समावेशी, धेरै फुलगुच्छाले भरिएको शब्द) भनेको छ त्यसलाई स्मरण गर्नुपर्छ। पहिलो हुने निर्वाचन प्रणाली २०५ क्षेत्रमा

गर्ने, त्यसपछि अरूलाई समावेशी गराउने भनिएको छ, मानसिकताबाट मुक्त भएको त रहेनछौं नि त। समावेशीकरण र समानुपातिकको मानसिकताबाट हामी मुक्त रहेनछौं। हामीलाई विगतको दादागिरी र पकड चाहिने रहेछ नि त।

अब साँच्चिकै समावेशी गराउने र यो विकृतिबाट मुक्त गराउने हो भने मोडल पूरै भारतको मात्र हो भनेर हुँदैन। लोकतन्त्र शाश्वत व्यवस्था हो, त्यहाँ जनताको सर्वोच्चता, जनसम्प्रभुतालाई कसैले चुनौती दिन सक्दैन। तर त्यति हुँदाहुँदै यसलाई समतामूलक र सहभागितामूलक बनाउनेतिर व्यवस्थापिकाबाट मन्त्रिपरिषद्मा नलिँदा जीवनका सारा अर्थ समाप्त भएजस्तो हुने। अब व्यवस्थापिकाबाट नभई सीधै प्रधानमन्त्रीको चुनाव हुने मोडलतिर सोच्नु जरुरी छ।

यहाँ ब्राहमण, क्षेत्रीका कुरा आए। सञ्जय बाबु- आजभन्दा १०-१२ वर्षअघि एक ब्राम्हणले सामाजिक न्याय भन्ने पुस्तक लेखेको थियो। चुच्चे नाक र थेप्चे नाक हुँदैमा हुँदैन, यो विचारको कुरा हो- राजा। विचारको प्रवाहमा लागेर समतामूलक र समावेशी समाज हुनुपर्छ भन्नेहरू छन्, हामीजस्तो मान्छे आजभन्दा १० वर्षअघि सामाजिक

न्यायबारे गाउँगाउँमा वकालत गरेर हिँडेको हो । बाहुन, चुच्चे नाक, सामान्त भनेको मानसिकताको कुरा हो । समग्र मानसिक रूपान्तरणको जरुरत छ ।

**प्रा. वीरेन्द्र मिश्र**

म निलाम्बर आचार्यजीको विचारसँग सहमत छु। ०४७ को संविधानमा राखिएको प्रजातान्त्रिक कुराहरूको निरन्तरता हो, अहिलेको स्थिति पनि। आउँदो अन्तरिम संविधान या नयाँ संविधानमा पनि त्यस्तै कुरा राखिनेछ भन्नेमा शंका छैन। जुन उपलब्धि हुनु थियो, त्यो हुन सकेन। समाजमा विभिन्न वर्ग पिछडिएकै अवस्थामा रहे, अब त्यतातिर ध्यान जानुपर्छ। नयाँ नेपाल या नयाँ कुरा केही हुँदैन, केबल स्वरूपको परिवर्तन मात्र हो। म दर्शनशास्त्रको विद्यार्थीको हिसाबले त्यही देखेको छु कि केही नयाँ कुरा हुँदैन। शून्यबाट केही आउँदैन। प्रचण्डजीले नयाँ कुरा

किन भनेको होला भने मार्क्सले भनेका थिए कि 'हिगल आफ्नो टाउकोमा उभिएका छन्, म उहाँको खुट्टा हुँ,' त्यही कुरा पछ्याउँदै 'मार्क्स टाउकोमा उभिएको थियो, म खुट्टामा उभिएको छु' भनेको होला। १९ दिने जनआन्दोलनका आधारमा त्यसो भनेको होला, १३ हजार मानिस मार्दा केही भएन तर जनआन्दोलनले परिवर्तन ल्यायो। ०४७ सालमा प्रजातन्त्र शब्द थियो, अब लोकतन्त्रको प्रयोग भएको छ, फरक यति हो।

**डा. खगेन्द्रनाथ शर्मा**

नाम भनिसकेपछि बोल्नुपर्‍यो। तर यज्ञजी र सञ्जयजीले बोलेपछि मैले बोल्नु आवश्यक ठानेको थिइनँ। एउटा विचार समयक्रमले गर्दा संगीतका क्षेत्रमा बोल्न मन लाग्ने हो र पनि छोटोमा केही कुरा भन्न चाहन्छु। ०४७ मा संविधान आउँदा धेरैले संसारमा सबैभन्दा राम्रो भने, नभएको केही छैन भनियो। तर प्रयोगमा चित्त नबुझाउने वर्ग निस्कियो, राजालाई चित्त बुझेन (वीरेन्द्रलाई जसोतसो भएको थियो, ज्ञानेन्द्र आएपछि १२७ धारालाई टेकेर सबै खाए, परिणाम आफैं भोगेकाले त्यता नजाऊँ) । टुंगिएको कुरा भयो, पछि छलफल भयो भने कुरा गरौंला। यो संविधान चित्त नबुझाएर वनमा गएर बन्दुक पड्काउने अर्को वर्ग शान्ति सम्झौतामार्फत बन्दुक बिसाएर आएको छ, सबै भन्दा ठूलो उपलब्धि यही हो। एकजनालाई

बिदा गरे जस्तो बिदा गर्न नसकिने र बन्दुक फिर्ता लिन नसकिने स्थिति रहेकोमा बन्दुक नै बिसाउन आउनु उपलब्धि हो। संविधानले जुन 'रिवार्ड एन्ड पनिसमेन्ट' को प्रक्रिया राखेको थियो- प्रतिनिधित्व/विकासको फल पाउने, चाख्ने र खाने कुरामा वर्ग विभेद भयो भनेर धेरै आवाज उठ्न लागेका थिए। त्यो आवाजमा समावेशीकरण नभएका जनजाति, आदिवासी थिए। मीनाजीले भने झैं महिला भए। पार्टीहरूका निम्ति ५ प्रतिशत उम्मेदवार महिला हुनुपर्ने व्यवस्था गरिए पनि जहाँ चुनाव हार्ने स्थिति छ त्यही महिला उम्मेदवारी दिने चलन बन्यो।

प्रतिनिधित्वमा असन्तुलन भयो। त्यसलाई सम्बोधन गर्न थालेको अवस्था छ। बहुदलीय प्रतिस्पर्धामा आउनुअघि पनि यो कुरा माओवादीले उठाएकै हो। शान्ति सम्झौतामा चाहिँ यसलाई प्रचुर रूपमा सम्बोधन गरिएन कि भन्ने लागेको छ। समावेशी नगर्ने हो भने २०४७



को संविधानलाई टेकेर गए पनि भयो, समावेशीकरण गर्ने हो भने कुन आधारमा पुनःसंरचना गर्ने हो भन्ने कुरा शान्ति सम्झौतामा सम्बोधित छैन। हामी सबै मिलेर बस्न सक्ने एकीकृत समाज निर्माणमा शान्ति सम्झौताले पर्याप्त ध्यान नदिएको देखिन्छ।

**कुवेरबहादुर श्रेष्ठ, पूर्व मेजर, नेपाली सेना**

आज धेरै ज्ञानगुनका कुरा सुनें। मेरो सैनिक पृष्ठभूमि भएकाले राजनीतिकै कुरा गर्छु। नेपाली जनताको चाहना गणतन्त्र थियो, सडकमा हामी त्यसैका लागि कराएका हौं तर शान्ति सम्झौतामा लोकतान्त्रिक भन्ने शब्द मात्र लेखियो, गणतन्त्र भन्ने शब्द लेख्न चीनले छेक्यो कि भारतले छेक्यो भन्ने जवाफ निलाम्बर आचार्यजीबाट सुन्न पाऊँ। राज्यमा आदिवासी, जनजाति, उत्पिडितको ३८ प्रतिशत सहभागिता छ, त्यसको कुरै नगरी शान्ति सम्झौता भएका

देखिन्छ। संघीय शासनका लागि समतामूलक र प्रतिनिधिमूलक निर्वाचन गरिनेछ भनिनुपर्नेमा मिश्रित निर्वाचन प्रणालीको कुरा गरिएको छ। त्यस्तो किन भयो ?

माओवादी सेना ३० हजार, राज्यका सेना बढी भन्ने कुरा छोडौं। जुन देशमा एकथरी मानिस संविधानसभा नहोस् भनेर लागिरहेको छ, ३० हजार हतियार सेना या प्रहरीले थन्क्याए पनि अरू बचेका हतियारबाट खतरा हुन्छ कि हुँदैन ?

**सहजीकरण गर्दै तारानाथ दाहाल**

शान्ति सम्झौताको व्यवस्थापनबारे हाम्रो अर्को छलफल हुँदै छ, त्यसमा हतियारको कुरा गरौंला। म यो मुलुकका विद्वान्हरूलाई 'कोर' छलफल गरौं भन्न चाहन्छु। हामीले गल्ती गर्नाले नेताहरूले मनपरी गरिरहेका हुन्। हामीले विचार उत्पादन गर्न सकेनौं, यो फोरम विचार उत्पादनका लागि हो। हामी सतहीमा छलफल नगरौं, अरू साथीलाई मैले समय दिन सकिनँ।

मैले माओवादीको कमान्डर इन चिफ प्रभाकर र माओवादीको केन्द्रीय सदस्य नरेन्द्रजंग पिटरको लेख पढ्दा के देखियो भने शान्ति सम्झौताले राजनीतिक रूपमा चरम उपलब्धि हासिल गर्‍यो, खालि समावेशीको बाटो मात्र बाँकी छ। हामीले समावेशी शासन प्रणाली विकास गर्न सकिए १० वर्षको क्रान्तिले महान् उपलब्धि हासिल हुनेछ, फेरि विद्रोह जरुरी छैन भनिएको छ। आजको छलफल हामीले किन राखेका हौं भने शान्ति सम्झौताले लिएको राजनीतिक दिशाका सन्दर्भमा अब मुलुकमा फेरि राजनीतिक कलह आउँछ कि आउँदैन भनेर चिरफार गर्न हो। त्यो आउन नदिन राजनीतिक प्रस्तोताहरूले राम्रो तर्कहरू दिँदै जनमत तयार पार्नु पर्‍यो भन्ने उद्देश्य आजको हो। थोरै भए पनि उपलब्धि पायौं भन्ने लागेको छ, अरू पक्षबाट पनि छलफल अगाडि लगिनेछ।

अन्त्यमा निलाम्बर दाइलाई आफ्नो भनाइ राखेर यो सत्र समापन गर्न अनुरोध गर्दछु।

**उठेका प्रश्नको जवाफ दिँदै निलाम्बर आचार्य**

धन्यवाद दिनुबाहेक अरू खास केही कुरा राख्नुहोला जस्तो महसुस गरेको छैन। यहाँहरूले जे जति विचार व्यक्त गर्नुभयो त्यो राजनीतिक या लोकतान्त्रिक मूल्य र मान्यताको परिप्रेक्ष्यमा छ। अहिले राष्ट्रिय सहमति भएको देखिन्छ, त्यसको प्रमाण के हो भने आठ पार्टीले गरेको शान्ति सम्झौता लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित छ। यो विचलन होइन। जुन मूल्य र मान्यता यसअघिका दस्तावेजमा देखिन्थ्यो, शान्ति सम्झौताले त्यसलाई पुनर्पुष्टि गरेको छ। यो मूल्य र मान्यताविपरीत रहेका तत्व (अब शक्ति भन्दिनँ) छन् भने तिनले यसलाई बिथोल्ने र बाधा हाल्ने प्रत्यक्ष प्रयास गर्ने स्थिति मुलुकमा देखापर्दैन। परोक्ष रूपमा बाधा हाल्न कोसिस गर्लान्। यस हिसाबले लोकतान्त्रिक मूल्य र मान्यताप्रति मुलुकमा व्यापक सहमति देखिन्छ। आज एउटा कुरामा होसियारी गर्नु जरुरी छ- अहिलेको युगमा तानाशाहहरूले पनि लोकतन्त्रको दुहाई दिन्छन्, तसर्थ लोकतान्त्रिक मूल्य र मान्यताप्रति प्रतिबद्धता जनाउँदा जनाउँदै लोकतान्त्रिक संस्था निर्माण गर्न, भएकालाई बलियो बनाउने र आफ्ना संस्थाहरूलाई त्यसतिर लान राजनीतिक पार्टीहरूले कत्तिको ध्यान दिन्छन्। ध्यान दिइएन भने लोकतान्त्रिक मूल्य र मान्यता आफैंमा कार्यान्वयन हुँदैनन्, 'एक्टर' बाट कार्यान्वयन हुने भएकाले एक्टर कति लोकतान्त्रिक व्यवहार र संस्कारका छन् भन्नेमा भर पर्छ। त्यस्तै राज्यका संस्थाहरू पनि कति लोकतान्त्रिक मूल्य र मान्यताका छन् भनेर हेर्नुपर्‍यो। नेपालजस्तो देशमा लोकतान्त्रिक मान्यताले सामाजिक-आर्थिक न्याय पनि दिन सक्नु पर्दछ। जातीय, लैंगिक, प्रादेशिक/भौगोलिक सन्तुलनको न्याय दिनुपर्छ। हाम्रो जस्तो देशमा राजनीतिक मूल्य मान्यता जतिसुकै राम्रो भए पनि अन्य मूल्य र मान्यताहरूसँग नजोडिए बाँच्न सक्दैनन्। यसो नगरे गैरलोकतान्त्रिक तत्वले फाइदा लिन सक्छन् भन्नेमा होसियार हुनुपर्छ।

हामीले आज लोकतान्त्रिक मूल्य र मान्यतामाथि छलफल गरेको यस कारण हो कि केही लोकतान्त्रिक मूल्य र मान्यताभन्दा बाहिर रहेका शक्ति पनि यसैमा आउँदै छन्। स्वागतको कुरा हो, उनीहरूलाई झन् उतै धकेल्ने काम नगरौं। आउने प्रक्रियालाई बलियो पारौं। साथसाथै के पनि हेरौं भने लोकतन्त्रको दुहाई दिँदादिँदै पनि तानाशाही र निरंकुश प्रयोग नआओस् भनेर होसियार हुनुपर्छ। संस्कार र संस्था एवं पार्टीहरू कति पारदर्शी छन् भनेर आन्तरिक लोकतन्त्रतिर पनि ध्यान दिनुपर्छ।

◆◆



# समावेशीकरणका दृष्टिमा शान्ति सम्झौता

■ अवधारणा : मल्ल के सुन्दर
■ टिप्पणी : डा. ओम गुरुङ

नेपाल सरकार र माओवादीबीच सम्पन्न विस्तृत शान्ति सम्झौता २०६३ ले विगत ११ वर्षदेखिको माओवादी सशस्त्र विद्रोहको विधिवत् अन्त गरेको छ । चरणबद्ध वार्ता प्रक्रिया र सहमतिहरू पछि २०६३/०८/०५ मा नेपाल सरकार र माओवादीबीच हस्ताक्षरित सम्झौता दिगो शान्ति र लोकतन्त्र निर्माणको आधार हो ।

विस्तृत शान्ति सम्झौताका विभिन्न आयम छन् । दिगो शान्ति र समुन्नत लोकतन्त्रको जनआकांक्षालाई सम्बोधन गर्दै गरिएको यस सम्झौताले सामाजिक समावेशीकरणका मूलभूत मान्यताहरूलाई समेटेको छ वा छैन ? र यसको उचित कार्यान्वयनका लागि कुन-कुन पक्षमा बढी ध्यान पुऱ्याउनु आवश्यक छ भन्ने ठानेर

२०६३ मंसिर २५ (११ डिसेम्बर २००६) का दिन बबरमहलस्थित साप फाल्चामा **फ्रिडम फोरम**ले **समावेशीकरणका दृष्टिमा**: **शान्ति सम्झौता** विषयमा बहस चलायो । फोरमले "समावेशी लोकतन्त्रको स्वरूप र संरचना" मा चलाई रहेको बसह शृङ्खलाहरूको निरन्तरता दिँदै आएको छ । यो २२ औं शृङ्खला हो । यो बहस शृङ्खलामा जनजाति आन्दोलनका अगुवा मल्ल के सुन्दरले विषयवस्तुमाथि अवधारणा पेस गर्नुभएको थियो भने डा. ओम गुरुङले टिप्पणी गर्नुभएको थियो ।



***अवधारणा***

# *सामाजिक समावेशीकरणका दृष्टिमा विस्तृत शान्ति सम्झौता*

■ *मल्ल के सुन्दर*

**विषय प्रवेश**

सात राजनीतिक दल र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले यस पटकको जनआन्दोलनको लागि भारतको राजधानी नयाँ दिल्लीमा २२ नोभेम्बर २००५ (७ मंसिर २०६२) मा गरेको बाह्रबुँदे समझदारी पत्रद्वारा परिलक्षित मूलभूत कुरा दुई वटा थिए। एक दशक लामो सशस्त्र विद्रोहको राजनीतिक रूपान्तरण गरिकन मुलुकमा दिगो शान्ति स्थापना गरिनु पहिलो लक्ष्य रहेको थियो भने अर्को लक्ष्य भनेको दुई सय अठत्तीस वर्ष पुरानो केन्द्रीकृत र एकात्मक राज्यको अग्रगामि पुनःसंरचना गरिनु ।

आन्दोलनको सफलता पछि विशेषतः सत्तारुढ सात राजनीतिक दल र विद्रोही नेपाल कम्युनिस्ट पार्टी (माओवादी) बीच सम्पन्न विभिन्न समझदारी, सहमति र सम्झौताहरूमा यी दुवै लक्ष्य प्राप्तिका लागि प्रतिबद्धताहरूको पुनः पुष्टि गरिंदै आएको छ। दुवै पक्षबीच २१ नोभेम्बर २००६ (५ मंसिर २०६३)मा सम्पन्न विस्तृत शान्ति सम्झौता र हतियार व्यवस्थापनसम्बन्धी २६ नोभेम्बर २००६ (१० मंसिर २०६३) मा भएको **त्रिपक्षीय सहमति**ले मुलुक अब हतियारको व्यवस्थापन र हिंसामुक्त अवस्थातिर उन्मुख हुन खोजेको अनुभूत गराएको छ। आन्दोलनले प्राप्त गर्न खोजेको अर्को मुख्य लक्ष्य भनेको वर्तमान राज्यको पुनःसंरचना हो। यसको लागि संविधानसभाको निर्वाचनलाई राजनीतिक प्रस्थान विन्दुको रूपमा राष्ट्रिय सहमति बनेको छ। मुलुक अहिले सोही बाटोतिर लम्कने जमर्कोमा छ। महत्वपूर्ण कुरा के पनि हो भने राष्ट्रिय सहमति केवल राज्यको पुनःसंरचनाका लागि मात्र बनेको होइन, कस्तो खालको पुरानो राज्य संरचनाको अन्त्य गर्ने र कस्तो खालको नयाँ राज्य संरचनाको निर्माण गरिने हो भन्ने कुराको पनि राजनीतिक परिकल्पना गरिएको छ। *'निरंकुश राजतन्त्रको अन्त्य गरी पूर्ण लोकतन्त्र स्थापना गर्दै राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक सबै क्षेत्रका वर्गीय, जातीय, लिंगीय, क्षेत्रीय आदि समस्याहरूको समाधान गर्न राज्यको अग्रगामी पुनःसंरचना गर्दै पूर्ण लोकतन्त्रको अवधारणालाई कार्यान्वयन गर्नु अपरिहार्य आवश्यकता भएको छ।'* ऐतिहासिक बाह्रबुँदे समझदारीले गरेको राजनीतिक प्रतिबद्धता हो, यो। यिनै प्रतिबद्धतालाई अझ परिमार्जन र परिष्कृत गर्दै ८ नोभेम्बर २००६ (२२ कात्तिक २०६३) मा सत्तारुढ सात राजनीतिक दल र नेपाल कम्युनिस्ट पार्टी

(माओवादी) का शीर्ष नेताहरूको बालुवाटरमा सम्पन्न बैठकको छबुँदे निर्णयको ३(१०)क मा राज्यको ढाँचाबारे "......*वर्गीय, जातीय, भाषिक, लैंगिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्न राज्यका वर्तमान केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनःसंरचना गर्ने.....*" भनी संकल्प गरेको छ। यसरी नै २१ नोभेम्बर २००६ (५ मंसिर २०६३)मा नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टी (माओवादी)बीच हस्ताक्षर भएको **विस्तृत शान्ति सम्झौता**को धारा ३.५ अन्तर्गत "........*वर्गीय, जातीय, भाषिक, लैंगिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदिवासी जनजाती, मधेशी, उत्पीडित, उपेक्षित र अल्पसंख्यक समुदाय, पिछडिएका क्षेत्र लगायतका समस्याहरूलाई सम्बोधन गर्न राज्यको वर्तमान केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनःसंरचना गर्ने........*" भनी अझ व्याख्या गर्ने चेस्टा गरेको छ।

**राज्य पुनःसंरचनाको लक्ष्य**

बाह्रबुँदे सहमतिदेखि विस्तृत शान्ति सम्झौतासम्ममा गरिएका राजनीतिक संकल्प र प्रतिबद्धताले नेपालको वर्तमान राज्यको पुनःसंरचनाको आवश्यकताका सम्बन्धमा निरन्तरताका साथ टड्कारो रूपमा उठाइएको छ। साथै राज्य पुनःसंरचनाको माध्यमबाट लक्षित राजनीतिक अभीष्ट के हुन भन्ने कुरालाई पनि सँगसँगै उठान गरिँदै आएको छ। सात राजनीतिक दल र नेकपा (माओवादी) तथा नेपाल सरकार र नेकपा (माओवादी) बीच समय समयमा सम्पन्न विभिन्न सहमति, सम्झौता र समझदारीका अभिलेखहरूमा किटानका साथ भनेका छन् राज्यको पुनःसंरचनाको लक्ष्य भनेको "*.......वर्गीय, जातीय, भाषिक, लैंगिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदिवासी जनजाती, मधेसी, उत्पीडित, उपेक्षित र अल्पसंख्यक समुदाय, पिछडिएका क्षेत्र लगायतका समस्याहरूलाई सम्बोधन.....* " गर्नका लागि हो। यसको साथै के पनि स्पष्ट गरेको छ भने यी समस्याहरूको सही सम्बोधनका लागि "*.......राज्यको वर्तमान केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनःसंरचना..........* " हुनु आवश्यक छ। अबको राजनीतिले सम्बोधन गर्नुपर्ने एउटा प्रमुख सबाल भनेको नेपालभित्र विभेदमा पारिएका वर्ग, क्षेत्र, लिङ्ग, सांस्कृतिक, धार्मिक, भाषिक समुदायहरूका समस्या हुन भनेर स्पष्ट पहिचान गरिएको छ।

जसका लागि निम्न राजनीतिक कदम चालिनुपर्ने आवश्यकता महसुस गरिएको छ :

**क. विभिन्न स्वरूपमा विद्यमान विभेदहरूको अन्त्य**
**ख. समावेशीय राज्य संरचनाको निर्माण**
**ग. राज्यको लोकतान्त्रिकीकरण**
**घ. दिगो शान्तिको स्थापना**



यी चारै वटा पक्षको सम्बोधन भिन्नभिन्न पद्धति र प्रक्रियाबाट गरिनु पर्ने भए पनि यिनी एक अर्काका पूरक र अन्तरनिहित मुद्दाहरू हुन्। तर, व्यवहारिक अर्थमा भन्नु पर्दा पहिलो तीन वटा मुद्दाहरूको सही सम्बोधन र समाधानविना दिगो शान्तिको सम्भावना हुन्न, यो सबैले बुझेको कुरा हो।

**समावेशीको मुद्दा**

हाल समावेशीको मुद्दा अत्यन्त सघन तरिकाले राजनीतिक वृत्तमा उठिरहेको मुख्य कारण हो, अबको नेपालमा कोही पनि व्यक्ति, समुदाय, वर्ग वा क्षेत्रले आफूलाई राज्यविहीन नागरिकसरह बाँच्न विवश पारिएको अनुभव गर्न नपारोस्। त्यसबाट सिर्जना हुने सामाजिक द्वन्द्व र हिंसात्मक विद्रोहका कारण फेरि दिगो शान्ति स्थापनामा असर नपुगोस्। राजनीतिक कोणबाट भन्ने हो भन्ने समावेशीको सबाल भनेको लोकतन्त्रको मूल्य र मान्यताअनुसार नागरिकहरूको सहभागिता र प्रतिनिधित्वका सम्बन्धमा प्रत्याभूत गरिनुपर्ने एउटा आधारभूत अधिकार हो। साथै यो राष्ट्रिय राजनीतिलाई मूल प्रवाहीकरण गर्दै सामाजिक बहिष्करणको अवस्थालाई अन्त्य गर्ने त्यतिकै सशक्त विधि पनि हो।

सामाजिक द्वन्द्व, हिंसात्मक विद्रोह अनि अशान्तिका मूलभूत कारण भनेकै राज्यले युगौदेखि अपनाउँदै आएको विभेदकारी, पक्षपाति र बहिष्करणका नीति हुन्। मुलुकमा दिगो शान्ति स्थापनाको पूर्वाधार निर्माण भन्नु नै विद्यमान यावत विभेद, पक्षपात र बहिष्करणको अवस्थाको कानुनी र व्यवहारिक रूपमा अन्त्य गरिनु हो। तसर्थ, राज्यको पुनःसंरचनाको चाहनाले मात्र हाम्रो सामाजिक, आर्थिक, सांस्कृतिकलगायत राजनीतिक समस्याको निरूपण हुनसकिन्न। किन भने, राज्यको पुनःसंरचना एउटा राजनीतिक रूपान्तरण मात्रै हो, तर समस्याहरूलाई न्यायोचित सम्बोधन नगरिकन रूपान्तरणका लागि रूपान्तरण भयो भने त्यसले झन् थप जटिलता सिर्जना गरिदिन्छ। अन्यथा, राजनीतिक रूपान्तरण कै मात्र चर्चा गर्ने हो भने नेपालमा १९५०(२००७ साल) यता धेरै पटक भइसकेको छ। संविधान कोर्ने काम पनि कम्तीमा चार पटक गरिसकेका छौं, हामीले। तर, विधिमा मात्र सीमित त्यस्ता प्रयासहरूले त झन् सामाजिक द्वन्द्वहरूलाई चर्काउँदै मुलुकलाई हिंसात्मक विद्रोहको अवस्थासम्म ठेली दिए। अहिलेको परिप्रेक्ष्यमा राज्यको पुनःसंरचनाको अभियान भनेको हिंसारहित अवस्था र दिगो शान्ति स्थापनाको चाहनामा राज्यलाई समावेशीकरण, लोकतान्त्रिकीकरण र अग्रगमनतिर उन्मुख बनाउने संकल्प हो। यस अर्थमा समावेशीकरण आधारभूत र निर्णायक सवाल हो।

तर यति हुँदाहुँदै पनि विशेषतः समावेशीको सबाल र राज्य पुनःसंरचनासम्बन्धी दृष्टिकोणमा अझै स्पष्टताको अभाव छन्, ठोस खाकाहरूविहीन छन्। समावेशीकरण भन्नु राज्य सञ्चालनको एउटा विधिमात्र नभई मूलतः राजनीतिक मान्यताको विषय पनि हो। हाल मुलुकमा समावेशीकरणकासम्बन्धमा संघन रूपमा चर्चा चल्दै गर्दा समावेशीकरण कसरी गर्ने होला, ती कस्ता पद्धति हुन यसबारे विस्तृत बहस हुन सकिरहेको छैन। समावेशी क-कसलाई गर्ने, यससम्बन्धमा पनि राजनीतिक क्षेत्रले सही पहिचान गर्न खोजेको छैन। त्यसरी नै समावेशी कहाँ र

कुन परिमाणमा गरिने हो, स्पष्ट छैन । महत्वपूर्ण कुरा, राज्यले अवलम्वन गर्न लागेको समावेशीको नीति कुन राजनीतिक मूल्य र मान्यताअनुसार हुने हो, त्यो पनि किटान भइसकेको अवस्था छैन ।

**सैद्धान्तिक मान्यता**

यद्यपि नेपालको सन्दर्भमा समावेशीकरणको राजनीतिक सोच नौलो हो, तर, विश्व अनुभवमा यसका अनेकन ढाँचा र स्वरूपहरू पाइन्छन् । यति हुँदाहुँदै पनि हाल नेपालको राजनीतिकवृत्तमा समावेशीकरणका सम्वन्धमा अनेकन भ्रमपूर्ण धारणाहरू सार्वजनिक भइरहेको पाइन्छ । विशेषतः कुनै समुदाय, वर्ग, क्षेत्रका व्यक्तिको राज्यको कुनै नीति निर्माण निकायमा हुने भौतिक उपस्थितिलाई नै समावेशीको अर्थमा बुझ्ने सहज प्रचलन छ । हिजो, निर्दलीय व्यवस्थामा राजाले दलित, जनजाति, मधेसी वा महिला समुदायबाट कुनै अमुक व्यक्ति विशेषलाई राज्यको कुनै महत्वपूर्ण स्थानमा चयन गराइएको स्थितिलाई नै समावेशीकरणको दृष्टान्त हो भन्नेहरूको अहिले पनि अभाव छैन । एक थरि आफूलाई राजनीतिक उदारवादी दाबी गर्नेहरू योभन्दा पनि संकीर्ण सोचले *'राज्यको नीति निर्माण तहमा कुनै समुदाय विशेषको व्यक्तिकै भौतिक उपस्थिति आवश्यक छैन, उनीहरूको समस्या, भावना र आकांक्षाको प्रतिनिधित्व अन्य गैरसमुदायको व्यक्तिले गर्दा पनि समावेशी भएकै ठहर छ'* भनेर तर्क गर्नेहरू छन् । तर, समावेशीकरणको मर्म र सैद्धान्तिक मान्यताअनुसार यी दुवै सोच र तर्क खोटपूर्ण छन् । समावेशीको वास्तविक अर्थ सरोकारवाला समुदायका व्यक्तिको भौतिक उपस्थितिको साथसाथ उनीहरूको सामूहिक पहिचान, आकांक्षा, भावनाको समुचित वैचारिक प्रतिनिधित्वको सवाल हो । तसर्थ, समावेशीकरण व्यक्ति निरपेक्ष सवाल नभइकन खास समुदाय, वर्ग, क्षेत्रसँग सरोकार रहेको साझा सवाल हो । तसर्थ यहाँ व्यक्तिको भन्दा पनि सामूहिक पहिचान र सामूहिक विचारको प्रतिनिधित्वको कुरा प्रमुखरूपमा उठ्छ ।

हिजो, राज्यले कुनै निश्चित वर्ग, समुदाय, जात जाति, धर्म, भाषा क्षेत्रको आधारमा गरिएका विभिन्न स्वरूपका भेदभाव, बहिष्करण, अन्यायको पृष्ठभूमिमा त्यसको एउटा राजनीतिक उपचारको प्रयास स्वरूप तत् तत् समुदायको पक्षमा उठाइने सकारात्मक कदमको नाउँ नै समावेशीकरण हो । यस अर्थमा यो एक प्रकारले ती समुदायहरूको हितमा राज्यले गर्ने विशेष व्यवस्था हो । त्यसैले यसलाई सकारात्मक विभेदको अर्थमा पनि व्याख्या गरिने गर्दछ । औपनिवेशिक युगको अन्त्यको साथसाथै जसरी संसारभरि नयाँ नयाँ राष्ट्रहरूको उदय हुँदै गए त्यसैको क्रममा उन्मुक्तिपाएका पूर्वदास काला समुदायका सन्ततिहरूले आफ्ना पुर्खाहरूलाई उपनिवेशवादी शक्तिहरूले गरेको भेदभावपूर्ण अमानवीय व्यवहारको क्षतिपूर्ति र प्रायश्चित स्वरूप उनीहरूका लागि विशेष व्यवस्थाको आवाज उठ्न थालेपछि अन्तर्राष्ट्रिय जगतमा समावेशीको सवालले विशेष स्थान पाउँदै आएको हो । यिनै क्रममा रंगभेदमा परेका काला मानिसहरू, उपनिवेशवादीहरूका कारण राज्य प्रवाहबाट बहिष्करणमा परेका आदिवासी मूलवासीहरू, लैगिक रूपमा पितृसत्तात्मक संस्कार, परम्परा तथा व्यवहारबाट निरन्तर थिचोमिचोमा पर्दैआएका नारी वर्ग तथा



हिन्दू वर्णवादी मान्यतामा छुवाछूतको व्यवहारका कारण सामाजिक अन्यायमा पर्दै आएका दलितहरूका सन्दर्भमा राज्यको नीति निर्माण तह र अन्य क्षेत्रहरूमा उनीहरूको समावेशीको लागि विभिन्न देसमा थरिथरिका नीतिहरू अपनाउँदै आइरहेको उदारहणहरू छन् । नेपालकै सन्दर्भमा पनि महिला समुदायको राज्यमा उचित प्रतिनिधित्व र सहभागिताको हुन सकोस् भन्ने उद्देश्यले ३३ प्रतिशत आरक्षणको विशेष व्यवस्था चालू संसद्ले गरेको दृष्टान्त छ । भारतलगायत थुप्रै स्क्यान्डिनेभियन देस, कतिपय युरोपेली मुलुक, ल्याटिन अमेरिका, अस्ट्रेलिया, न्युजिल्यान्ड, क्यानाडामा यस किसिमका व्यवस्थाहरू अहिले कार्यान्वयन हुँदै आइरहेको छ ।

सामान्यतया प्रजातान्त्रिक मूल्य र मान्यताका आधारमा *'कानुन अगाडि सबै नागरिक समान हुन'* भन्ने कुरा स्वीकार गर्दछ । अनि, यिनै मान्यताको आधारमा प्रतिस्पर्धा र समान अवसरको कुरालाई सिद्धान्तसरह अंगिकार गर्ने प्रचलन छ । तर, समावेशीको मुद्दालाई *'कानुन अगाडि सबै नागरिक समान हुन, स्वतन्त्र प्रतिस्पर्धा र समान अवसर'* भन्ने सीमामा रहेर बुझ्न खोजेमा त्यो भूल हुनेछ । सिद्धान्ततः समावेशीको मान्यता निरपेक्ष समानताको अर्थमा नभइकन सापेक्षिक समानताको व्यवहारिक खोजी हो । त्यसैले यसमा बहुमत वा स्वतन्त्र प्रतिस्पर्धाको कुरा भन्दा पनि सहमतिको आदर्शलाई प्रतिपादन गरिनुपर्ने हुन्छ । *'एउटै मुलुकको नागरिकबीचमा कोही महिला वा दलित भएको आधारमा किन भिन्न अवसर र सुविधा ? समानताको मान्यतासँग यी कुरा मेल खाँदैन'* भनेर तर्क गर्न खोजियो भने समावेशीको कुरालाई साररूपमा बुझ्न नसकिएको ठहरिन्छ ।

**विधि र व्यवहार**

नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) बीच सम्पन्न **विस्तृत शान्ति सम्झौता**सम्मको राजनीतिक प्रयासले हिंसात्मक विद्रोहको शान्तिपूर्ण रूपान्तरणका लागि गरेका प्रतिबद्धता हो "……….*राज्यको वर्तमान केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनःसंरचना*……….।" यसरी "……….*राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनःसंरचना*………" अहिलेको प्रमुख राजनीतिक मुद्दा बनिसकेको छ । यस अतिरिक्त नेपालको सामाजिक र राजनीतिक वस्तुस्थितिले पनि "………..*वर्गीय, जातीय, भाषिक, लैंगिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदिवासी जनजाति, मधेसी, उत्पीडित, उपेक्षित र अल्पसंख्यक समुदाय, पिछडिएका क्षेत्र लगायतका समस्याहरूलाई सम्बोधन*………" नगरिकन राज्यको सही अर्थमा पुनःसंरचना र मुलुकमा युगौंदेखि विद्यमान विभिन्न खालका विभेदहरूको अन्त्य भई हिंसारहित अवस्था तथा दिगो शान्ति कायम हुन सक्दैन भन्ने निश्चित हो । तर, यसका लागि अपनाइने विधि के होला ? जुन विधिबाट मुलुकमा आजसम्म विद्यमान "………..*वर्गीय, जातीय, भाषिक, लैंगिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदिवासी जनजाति, मधेसी, उत्पीडित, उपेक्षित र*

*अल्पसंख्यक समुदाय, पिछडिएका क्षेत्रलगायतका समस्याहरूलाई सम्बोधन........"* गर्दछ। यसबारे खाका कोरिनु पर्दछ।

पहिलो कुरा *'राज्यको समावेशी'* स्वरूपको परिकल्पना गरिँदा राज्यको कुन-कुन अंगमा समावेश गरिने भनिएको हो, त्यो किटान हुनुपर्ने हुन्छ। अर्थात, व्यवस्थापिका, न्यायपालिका, कार्यपालिका र अन्य संवैधानिक अंगहरू कहाँ हो ? केन्द्र र स्थानीय तहको कहाँसम्म ?

त्यसरी नै समावेश गरिने संख्या वा परिणाम के हो ? जनसंख्याको अनुपातमा वा राज्यले निरधारण गरेको प्रतिशतमा ? लैगिक, समुदायगत, क्षेत्रगत सन्तुलन कायम कसरी गर्ने हो ? यो सबै निरधारणको सैद्धान्तिक विधि र आधार के हुन् ?

अनि, समावेश गरिनुपर्ने वर्ग, समुदाय, जात जाति वा क्षेत्रको पहिचान कसरी हुन्छ ? तिनका आधार के होला ?

बहिष्करणमा पारिएका नागरिकहरूको जुन ठूलो हिस्सा छन् उनीहरूप्रति राज्यद्वारा देखाइएको अनुग्रह वा दयामायाको आशयमा मात्र समावेशीकरणका सम्बन्धमा बुझ्न खोजिएको भने त्यो अत्यन्त दुर्भाग्यपूर्ण हुनेछ। किनभने समावेशीकरणको मर्म, मूल्य र सैद्धान्तिक मान्यता भनेको बहिष्करणमा पारिएका समुदायको समुच्च सबलीकरण, सशक्तीकरण र उनीहरूलाई राज्यको सही रूपमा मालिक बनाउन खोज्नु हो।

विस्तृत शान्ति सम्झौता र छवुँदे सहमतिले यद्यपि, समावेशीकरणका सम्बन्धमा स्पष्ट राजनीतिक प्रतिबद्धता जाहेर गरिसकेको छ। तर, यी स्थायी शान्ति, राज्य पुनःसंरचना र समावेशीकरण तिनैवटा चरणलाई लिएर विधि र व्यवहारका सबालका सम्बन्धमा संविधानसभाको निर्वाचन पद्धतिका बारेमा बाहेक अन्य विस्तृत कुरा उल्लेख छैन। तसर्थ, यससम्बन्धमा कानुनी र नीतिगत सुनिश्चितताको खाँचो देखिन्छ।

त्यसमा पनि, जुन रूपमा संविधानसभाको निर्वाचनका लागि बहुमतीय र समानुमातिक पद्धतिहरूको मिश्रित स्वरूप चयन गरिएको छ, त्यसले व्यवहारिक रूपमा नेपालको भावी राजनीतिलाई समावेशीकरण तिर उन्मुख बनाउन सक्ला र ? भन्ने टड्कारो प्रश्न छ। एकीकृत सत्ता निर्माणका लागि प्रयोग गरिएको हिजैको गैरप्रतिनिधिमूलक र अवैज्ञानिक २ सय ५ निर्वाचन क्षेत्रहरू यथावत् राखीकन सम्पन्न गर्न खोजिएको संविधानसभाको निर्वाचनको परिणामले कतिको प्रतिनिधिमूलक र समावेशी चरित्रका संविधानसभा गठन गर्ला ? स्वाभाविक आशंका उत्पन्न हुन्छ। त्यसमा पनि, २ सय ५ निर्वाचन क्षेत्रका लागि चयन गरिएको बहुमतीय निर्वाचन प्रणाली, जुन प्रणाली समावेशीय राज्यसत्ता निर्माणको लागि उपयुक्त छैनन् भन्ने कुरा नेपालकै विगतका निर्वाचनहरूको अनुभवबाट पुष्टि भइसकेका छन्। साना र कमजोर समुदाय यस निर्वाचन प्रणालीको माध्यमबाट कहिल्यै पनि निर्वाचित भएर नीति निर्माण तहसम्म पुग्नै सक्दैन। त्यस अतिरिक्त निर्वाचनको बेला पद, पैसा र प्रतिष्ठाको आडमा हुने धाँधलीले निष्पक्ष निर्वाचन सम्पन्न गराउन वातावरण बन्दैन। यस्तोमा, फेरि, परिवर्तित राजनीतिक वातावरणमा सोही प्रणाली लाड्ने चेष्टा भएकोले त्यसबाट ल्याउने परिणामले



समावेशीको सुनिश्चितता कसरी गर्लान ? त्यो अहिले नै अनुमान गर्न सकिन्छ। अर्कोतिर, २ सय ४ स्थानका लागि तोकिएको समानुपातिक निर्वाचन प्रणालीका सम्बन्धमा पनि उम्मेदवारहरूको नाम सूचीकरण कसरी गरिने हो, केही भनिएको छैन। खुल्ला सूचीकरण वा बन्द सूचीकरण के हो ? त्यस्तै, दलहरूले उम्मेदवारहरूको नाम सूचीकरण गर्दा प्राथमिकताको क्रम निर्धारण कुन आधारमा गर्ने हो? सूचीकरण माथिबाट तल हो वा बायाँबाट दायाँ अर्थात तेर्सो। उम्मेदवारहरूको सूचीकरण गरिँदा विशेषतः बहिष्करणमा पारिएका समुदायहरू संविधानसभासम्म पुग्ने सुनिश्चिता कसरी गरिन्छ ? यी यावत् विधि र व्यवहारका सम्बन्धमा कानुनी सुनिश्चितताविना समावेशी संविधानसभा गठन हुने कुरामा आश्वस्त हुन सकिन्न। संविधानसभाबाटै राज्यको पुनःसंरचनाको अन्तिम टुंगो लगाइने भएकाले त्यसको गठन प्रक्रियामा नै समावेशी हुन नसके वा त्रुटिपूर्ण रहेको खण्डमा भोली त्यसले गर्ने निर्णय तथा काम कारबाहीबाट समावेशी राज्यको निर्माण गर्छ भनेर सुनिश्चित गर्न सक्दैन।

**समावेशीकरणका परिधि**

विस्तृत शान्ति सम्झौता र छवुँदे सहमतिले राज्यको पुनःसंरचना "........*निरंकुश राजतन्त्रको अन्त्य गरी पूर्ण लोकतन्त्र स्थापना गर्दै राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक सबै क्षेत्रका वर्गीय, जातीय, लिंगीय, क्षेत्रीय आदि समस्याहरूको समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्दै पूर्ण लोकतन्त्रको अवधारणालाई कार्यान्वयन गर्नु अपरिहार्य आवश्यकता भएको"* ले र "..........*राज्यको वर्तमान केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनःसंरचना........* " गर्नका लागि हो भन्ने कुरा स्पष्ट छ। तसर्थ, व्यावहारिक रूपमा यी उद्देश्यहरू प्राप्त हुन सक्दैन भने राज्य पुनःसंरचनाको कुनै सार्थकता रहन्न।

जसमाथि जारिरहेका युगीन विभेदको अन्त्य होस्, जस्को राज्यको सबै तहमा न्यायोचित समावेशी होस् भनेर पहिचान गरिएका छन् ती कुनै व्यक्ति विशेष नभई महिला, दलित, आदिवासी जनजाति, मधेसी आदि समूह वा समुदाय हुन, सबभन्दा पहिले यस कुराको हेक्का हुनु आवश्यक छ। यस अर्थमा यो सामूहिक अधिकार सुनिश्चितताको मुद्दा हो। समावेशीकरणको सन्दर्भमा अन्तर्राष्ट्रिय कानुनी प्रावधानले समुदाय वा समूहको सामूहिक अधिकार कसरी सुनिश्चित गरेको छ, नेपालले पनि त्यसलाई अनुकरण गर्न बाध्य हुन्छ। जसअनुसार समुदायगत समावेशीको सबाल उठ्दा मूलतः निम्न तीन पक्षमा ध्यान पुऱ्याउनु आवश्यक हुन्छ :

**क. पहिचान**
**ख. प्रतिनिधित्व र सहभागिता**
**ग. पहुँच**

**क. पहिचान–** मानवीय समुदायलाई सामाजिक, सांस्कृतिक, क्षेत्रीय, भाषिक वा धार्मिक जुन आधारमा पहिचान गरिएको छ, तीनको सोही अस्तित्वको आधारमा राज्यस्तरबाट दिइने मान्यता नै समावेशीको पहिलो आधार हो। गैरसमावेशीय राज्यले कुनै निश्चित समुदाय आफ्नो राज्य सीमाभित्र उपस्थित छन् भनेरसम्म पनि स्वीकार गर्दैनन, अनि राष्ट्रिय जनगणना, तथ्यांकमा त्यस्ता समुदायको अस्तित्व उल्लेख नै नगर्ने वा गरे पनि तथ्यांकलाई मिथ्यांक रूपमा प्रस्तुत गर्ने सामान्य प्रचलन छ। यसै क्रममा यस्ता समुदायहरूले बोल्ने मातृभाषाहरूलाई मान्यता नदिने, त्यस्ता भाषाहरूको राजकीय प्रयोग, आफ्नो भाषाको माध्यमबाट शिक्षा हासिल गर्नमा निषेधका व्यवहार समुदायको पहिचानमाथिको रोक हो। आफ्नो परम्परा, रीतिरिवाज, मौलिक संस्कार, संस्कृति, चाड पर्व मनाउन नपाउने, आस्थाअनुसारको धर्मको अवलम्बन गर्न नदिइने जस्ता राज्यको व्यवहार पनि समुदायको पहिचानको अस्वीकृति हो। समुदायको पहिचानमा निषेध स्वरूप एकल जाति, भाषा, धर्मको सोचमा जबरजस्ती सम्मिलीकरण गर्दै विविध संस्कृति, जाति, भाषा, धर्मको अस्तित्व लोप गराइन्छ। नेपालको परिप्रेक्ष्यमा युगौंदेखि समुदायको पहिचानको सम्बन्धमा यस किसिमका गैरसमावेशीय व्यवहार रहँदै आए, १९९० मा पुनःस्थापित प्रजातान्त्रिक व्यवस्थामा पनि यस किसिमको व्यवहार जारी रहे। अहिले, समावेशी, लोकतान्त्रिक, अग्रगामी राज्य पुनःसंरचना गरिँदै गर्दा राज्यले समुदायको पहिचानको सबालमा अपनाउँदै आएका यस किसिमका विगतका गैरसमावेशी नीतिको अन्त्य गरी, सही अर्थमा समुदायहरूको कानुनी पहिचान स्थापित गरिने हो वा होइन, चुरो कुरा यही छ।

**ख. प्रतिनिधित्व र सहभागिता–** प्रजातान्त्रिक पद्धतिको एउटा प्रमुख आधारशीला नै प्रतिनिधित्व र सहभागिताको सबाल हो, यसमा सबैको लागि समान अवसर र स्थानको सुनिश्चिता हो। तर, आजसम्म नेपालले अपनाएको राजनीतिक पद्धति मूलतः बेलायती ढाँचाको बहुमतीय संसदीय प्रणाली भएकाले यसअन्तर्गत प्रतिनिधित्व र सहभागिताको सबाललाई व्यक्तिको आधारभूत अधिकारको रूपमा मात्र व्याख्या गरिने गरिएको छ। त्यसैले, *'शक्तिको बलमा सत्ता, सत्ताको आधारमा शक्ति'* भन्ने विसंगतिपूर्ण राजनीतिक संस्कार स्थापित हुँदै गए। अन्ततः, २००६ सम्म आइपुग्दा त्यस्तो राजनीतिक व्यवस्था पूर्णतयाः धराशायी हुन पुगे। त्यसैले अब, नयाँ राजनीतिक प्रणाली निर्माण गर्न विगतको बहुमतीय संसदीय प्रणालीको विकल्पमा नयाँ सहमतिय समावेशीय लोकतन्त्रको माग भएको हो। यसै सन्दर्भमा समुदायको समावेशीका लागि प्रतिनिधित्व र सहभागिताको कुरा गर्दा हिजोकै राजनीतिक पद्धतिअन्तर्गत समुदायका मानिसहरूको एकल व्यक्तिको हैषियतमा वा समुदायको आधिकारिक र सामूहिका प्रतिनिधित्वको व्यवस्था गरिने हो ? समावेशीको महत्वपूर्ण मुद्दा यही नै हो। अहिले विभेदमा पारिएका समुदायका मानिसहरू एकल व्यक्तिको हैसियतमा हिजोका व्यवस्थाहरूमा पनि राज्यसत्ताको माथिल्लो तहसम्म नपुगेका होइनन्, तर, त्यसले सिंगो समुदायलाई प्रतिनिधित्व गराउने तथा तिनलाई सबल, सशक्तीकरण र निर्णायक बनाएन। समावेशीकरणको अर्थ विभेदमा पारिएका,



सीमान्तीकृत, कमजोर समुदायलाई आफैंले आफ्नै लागि निर्णय गर्ने, कार्यान्वयन गर्ने र त्यसको अनुगमनसमेत गर्ने पद्धति हो, यस्तो राजनीतिक अवस्था समुदायका लागि स्वायत्त शासन अधिकार प्रत्याभूत नगरिकन संभव हुन्न। समुदायले आफ्नै सहभागितामा आफूबीचबाट आफ्नो प्रतिनिधि आफैंले छान्नेछन् र आ-आफ्नो समुदायको हक, हित र प्रगतिका लागि आ-आफ्नो क्षेत्रभित्र स्वतन्त्र तरिकाले आफैंले नीति निर्धारण गर्दै योजनाहरू कार्यान्वयन गर्ने छन्। समुदायका लागि सही समावेशीकरण यही नै हो। यसको सुनिश्चिताका लागि "............*केन्द्रीकृत र एकात्मक राज्यको अन्त्य गर्दै* ........ " भनेर मात्र प्रतिबद्धता जाहेर गर्नु पर्याप्त छैन। संघीय गणराज्यको संरचना र समुदायका लागि जातीय स्वशासनको अधिकारको कानुनी सुनिश्चिता यसका लीग आधारभूत आवश्यकता हो।

यदि, लक्षित संविधानसभामा मात्र सीमित रहेर चर्चा गर्ने हो भने पनि निर्धारित मिश्रित निर्वाचन प्रणाली र त्यसमा उम्मेदवारहरूको चयन प्रक्रियासम्बन्धमा देखिएको मौनताले समावेशीको सबाललाई त्यति उदत्त र फराकिलो कोणबाट हेरिएको छैन भन्ने अनुभूत हुन्छ।

यस अतिरिक्त राज्यको अन्य अंगहरू न्यायपालिका, कार्यपालिकादेखि संवैधानिक आयोगहरूमा समुदायको समुचित प्रतिनिधित्व र उपस्थितिमा पनि त्यतिकै ध्यान दिइनु पर्ने हुन्छ। यससम्बन्धमा पनि राजनीतिक सहमतिहरूले ठोस केही भनेको छैन।

**ग. पहुँच** : गैरसमावेशीय राज्यको एउटा प्रमुख चरित्र हो, स्रोत वितरणमा असमानता र पक्षपात। राज्यमा जुन समुदाय र वर्गको बाहुल्यता छ, तिनै सीमित वर्गको मात्र स्रोत र साधनमा एकाधिकार रहिरहँदा स्वाभाविक रूपमा अन्य बहुसंख्यकलाई स्रोत, साधन, सुविधा र अवसबाट बञ्चित भई आर्थिक, सामाजिक, राजनीतिक रूपमा सीमान्तीकृत अवस्थामा पुऱ्याउँछ। नेपालको २३८ वर्षको सामन्ती राजतन्त्रको यथार्थ यस्तै छ। यस अवस्थामा परिवर्तन ल्याउनु आवश्यक हुन्छ। सबै वर्ग, समुदाय, जात जाति, धर्म, भाषा, संस्कृति, क्षेत्र लिंगका नागरिकका लागि पनि राज्य स्रोतमाथिको समान पहुँचको सुनिश्चितता समावेशीकरणको अर्को आधारभूत आवश्यकता हो। वर्ग, समुदाय वा क्षेत्रको आवश्यकतानुसार सापेक्षिक समानताको मान्यतामा राज्य स्रोतको वितरण तथा उपभोगको व्यवस्था समावेशीकरणको महत्वपूर्ण पक्ष हो। यद्यपि, **विस्तृत शान्ति सम्झौता** र **छबुँदे सहमतिमा आर्थिक सामाजिक रूपान्तरबारे निर्देशक सिद्धान्तहरू** भनेर "........ *सामान्तवादका सबै रूपहरूको अन्त्य गर्ने आर्थिक सामाजिक रूपान्तरणको न्यूनतम् साझा कार्यक्रम आपसी सहमतिले तय गरेर लागू गर्दै जाने*..... " कुरा उल्लेख छ। तर, राज्य स्रोतको वितरण प्रणालीमा र स्रोतसम्मको पहुँचमा समावेशी अधिकारको सुनिश्चिता कसरी हुन्छ, केही भनेको छैन।

अन्तमा, समावेशीकरणको आरम्भ मुलुकको राजनीतिकलाई हाक्ने राजनीतिक दल र तीनको संगठनात्मक संरचनाभित्र नभइकन अहिलेसम्म सम्पन्न राजनीतिक सहमति र सम्झौताप्रतिको उनीहरूको इमान्दारी र संवेदनशीलताको

पुष्टि हुँदैन ? लोकतन्त्रको आन्दोलन सम्पन्न भएको र नयाँ राजनीतिक प्रणाली सुरु भएको पनि आठौं महिना लागि रहेको छ, तर राजनीतिक दलहरू आफ्नै संरचनाभित्रको समावेशीमा अझै उत्सुक देखिएको छैन। यसले आम नागरिकहरूको मनमा स्वाभाविक संशय सिर्जना गर्दछ।

## *अवधारणामाथि टिप्पणी*

**डा. ओम गुरुङ, महासचिव, नेपाल आदिवासी जनजाति महासंघ**

कात्तिक २२ को सम्झौताभन्दा यो विस्तृत शान्ति सम्झौता आदिवासी-जनजातिको सवालमा केही सकारात्मक छ। यसमा यी शब्दहरू उल्लेख छन। तर पनि जानजातिका दृष्टिले हेर्ने हो भने यो सम्झौताप्रति १५ वटा असहमति छ। जुन बाहिर आइसकेको छ। यो सम्झौताले जनजातिलाई पूर्णतः सन्तुष्ट पार्न सकेको देखिएन। यसमा सैद्धान्तिक कुरामात्र उठाइएको छ। त्यसबाट एउटा निश्चित निकास आउने या जनजातिको मुद्दा सम्बोधन हुने देखिँदैन।

यो पत्रलाई पूर्णता दिन सके राम्रो दस्तावेज हुनेछ। अझ 'लजिकल फ्रेमवर्क' मा यसलाई प्रस्तुत गर्न पाए साह्रै राम्रो पत्र बन्नसक्छ। सिद्धान्त, अवधारणा र मान्यताहरूको सिलसिला मिलाएर विश्लेषण गरी शान्ति सम्झौतामा उल्लेखित पक्षलाई-त्यसको आधारमा केलाउन सक्दा प्रष्टता बढ्दै जान्छ। धेरै अर्थमा यो पत्रले विषय वस्तुहरूलाई समेटेको र स्पष्ट पारेको छ। यसमा मेरो पूर्णतः सहमति छ किनकि यो हामी सबैले वकालत गर्दै आएको साझा धारणा हो। अब यसमा हामीहरूको भन्दा पनि दलहरूको टिप्पणी र धारणा आउनु आवश्यक छ।

समावेशीकरणको अभियानका सामु चुनौती बढ्दैछन्। जनआन्दोलनपछि विकास हुँदै गरेको सहमति र सम्झौताहरूले पूर्व प्रतिबद्धताअनुरूप समावेशी लोकतन्त्र निर्माणका विषयहरूलाई पन्छाउँदै, छोड्दै राजनीतिक मेलमिलापको मुद्दालाई मात्र प्राथमिकता दिन थालेको छ। अन्तरिम संविधान र त्यसपछि निर्वाचनसम्म पुग्दा समावेशीकरणका मुद्दाहरू ओझेलमा पर्ने सम्भावना बढ्दैछ। त्यसैले तार्किक र बौद्धिक ढंगले हामीले हाम्रा मुद्दामा जनमत बढाउने प्रयास गर्नुछ। यसका लागि यो कार्यपत्र अत्यन्त सहयोगी हुनेछ।

पद्मरत्न सरले भने झैं यो पत्रमा जनजातिका पहिचान, प्रतिनिधित्व र पहुँचको सिद्धान्त उल्लेख छ, समावेशीकरणका लागि यसमा अब प्रभूसत्ता भन्ने शब्द थपौं। राज्यको पुनःसंरचनाको कुरा गर्दा जनजातिका निम्ति संघीय राज्य अपरिहार्य छ। संघीय

> *'राज्यको पुनःसंरचनाको कुरा गर्दा जनजातिका निम्ति संघीय राज्य अपरिहार्य छ। संघीय राज्य पनि कस्तो बनाउने भन्ने प्रश्न छ। रुसको जस्तो चाहँदा छुट्टिन पाउने, टुक्रिने वा अन्यत्रको जस्तो ? यसमा थप छलफल जरुरी छ'*



राज्य पनि कस्तो बनाउने भन्ने प्रश्न छ। रुसको जस्तो चाँहदा छुट्टिन पाउने, टुक्रिने वा अन्यत्रको जस्तो ? यसमा थप छलफल जरुरी छ। मेरो विचारमा संघीय राज्य भारतको जस्तो देखाउने खालको मात्र पनि हुनुहुँदैन। त्यसैले हाम्रो मोडल भारत र रुसको जस्तो नभई नयाँ खालको हुनुपर्छ। यसका लागि सोच र प्रतिबद्धता दलहरूबाट आउनुपर्छ। तर दलहरू मौन छन्।

हाम्रा लागि स्वायत्तताको अधिकारसहितको संघ आवश्यक छ। रुस र भारतको जस्तो दुवैतर्फको अतिवाद होइन। आधारहरू भाषा, जाति, भूगोल, आर्थिक सक्षमता, संस्कृतिनै हुनुपर्छ। यसमा दलहरूको प्रष्टता बढ्दै जानु आवश्यक छ। देशलाई बहुखम्बाले नै मजबुत पार्दछ।

अन्तरिम संसद्मा ४८ सिट छुट्याइएको छ। त्यो जानजातिका लागि हो कि होइन भनेर व्यवहारबाटै पुष्टि हुनुपर्छ। शान्ति सम्झौता हुँदा नै ती सिटमा जनजातिलाई प्राथमिकता दिने प्रतिबद्धता आउनु पर्थ्यो। त्यो छैन। लेखिएका कुरा व्यवहारमा परिणत नहुँदा अविश्वास बढ्दै जान्छ। दुवै पक्षका लागि चुनौती छन्- व्यवहारमा पनि विश्वास दिलाउने। त्यसका लागि हाम्रो दबाबकारी भूमिका अपरिहार्य छ।

## *अवधारणामाथि छलफल र प्रश्नोत्तर*

**अनिल झा, नेपाल सद्भावना आनन्दीदेवी**

नेपालमा थरीथरीका पार्टी छन्। मचाहिँ ५ प्रकारका पार्टी देखिरहेको छु। एकात्मक राज्य प्रणाली अपनाउने हो कि केन्द्रीकृत भन्ने प्रष्ट हुनुपर्छ। प्रान्तीय शासन व्यवस्था शान्ति सम्झौतामा उल्लेख छैन। हाम्रा ठूला पार्टीहरू अपारदर्शी छ, तिनको व्यवहारले यही बताउँछ। तिनको नेतृत्वको मानसिकतामा एकात्मक र केन्द्रीकृत सोच गडेर बसेको छ।

शान्ति सम्झौताले दलिय समानुपातिकतालाई मात्र सम्बोधन गरेको छ। जाति, जनजाति, आदिवासी, मधेसी, दलितको समानुपातिक प्रतिनिधित्वलाई ध्यान दिएको छैन। पार्टीले कुनै समुदायको कुनै व्यक्तिलाई प्रतिनिधित्व गराउँदैमा समुदायको प्रतिनिधित्व भयो भनेर मान्न सकिन्न। दलीय समानुपातिकताले समावेशीलाई झन् पन्छाउँछ।

निर्वाचन आयोगमा हालै गरिएको नियुक्तिले समावेशीकरणको स्थिति देखाउँछ। तिनै जना बाहुन छन्, अनि कसरी हुन्छ समावेशीकरण। त्यही आयोगले संविधानसभाबारे छलफल गर्न राजनीतिक दलका प्रतिनिधिहरूको बैठक राखेको थियो। त्यसमा आयोगका पदाधिकारीहरूले राजनीतिक प्रक्रियाकै कारण संविधानसभाको निर्वाचन प्रक्रिया ढिला भएको बताए। सबै राजनीतिक विवाद साम्य पारेरमात्र निर्वाचनमा जान सकिने स्थिति रहँदैन। तर राजनीतिक सुधारका प्रक्रियाहरू यसरी संकुचित हुँदै गए भने समावेशीकरण कसरी हुन सक्छ ? सक्दैन।

भनाइ र व्यवहारमा अन्तरविरोधहरू बढ्दैछन्। यस्तो 'कन्ट्राडिक्सन' हरू ठीक नपारी चुनावमा कसरी जान सकिन्छ ? सकिँदैन। त्यसैले राजनीतिक सुधारका लागि आठ दलको जिम्मामा मात्र विश्वस्त भएर बस्नु भएन। नागरिक तहबाट दबाब बढाउनु पर्छ। शान्ति सम्झौता जस्तो, द्वन्द्व अन्त्यको घोषणा र आधारपत्रले समेत 'जनभावना' प्रतिनिधित्व गर्न नसकेपछि विस्तारै यथास्थितिवादी मानसिकता अबको सहमतिमा झन् हावी हुँदै जानेछ। आखिर एउटा 'कोइराला' र एउटा 'दाहाल'को बीचको सहमतिले सारा राजनीतिक परिवर्तनलाई साँघुऱ्याउँदै छ।

एकथरी लोकतन्त्रवादी, एकथरी नरम वामपन्थी, एकथरी चरम वामपन्थी, एकथरी प्रतिगामी दक्षिणपन्थी र एकथरी समतावादी। हामीचाहिँ शान्तिपूर्ण ढंगले समतावादी सोचमा परिवर्तन सल्याउन प्रयासरत पार्टी हौं। हतियारका बलले समानता ल्याउँछौं भन्नेहरू कहाँ पुग्दैछन् देखिँदै जानेछ। मुद्दाहरू एक पछि अर्को गरी छोडिँदैछ। तर हामी छोड्दैनौं, किनकी हामी कराएरै शान्तिपूर्वक परिवर्तन ल्याउनेमा विश्वास राखेर क्रियाशील भएका छौं, त्यसैले समावेशीकरणको निरन्तर आवाज बोक्ने काम हाम्रै हो। सात दलभित्र सहमति निर्माण गर्दा सुरु-सुरुमा यो 'शब्द' बुझाउन र राख्न साह्रै कठिन थियो। कति पटक हामीले बैठक छाडी-छाडी दबाब दिएर मात्रै 'समावेशीकरण' शब्दलाई साझा एजेन्डाहरूमा राख्न सकेका थियौं।

**मीन विश्वकर्मा, नेपाली कांग्रेस (प्रजातान्त्रिक)**

शान्ति सम्झौताले उत्पीडनको असरलाई केलाउन सकेन। उत्पीडनको आधार सम्झौतामा उल्लेख गरिएको भन्दा फरक छ। उत्पीडनबारे राजनीतिक दलहरूमा नै स्पष्टता देखिएन, उत्पीडनलाई क्षतिपूर्ति दिने मनसायबाट मात्र समावेशीकरण हुन सक्छ। शान्ति सम्झौता हेर्दा त राजनीतिक दलहरूले अझै राज्यको प्राथमिकता के हो भनेर बुझेझैं लागेन। यसर्थ सरोकारवालाहरू (पार्टी) बीच नै यी मुद्दामा छलफल जरुरी छ। समानुपातिकताको राजनीतिक अर्थ र सिद्धान्त बुझेको पाइएन। दलहरूलाई समानुपातिक राजनीतिको सिद्धान्त बुझाउन यो अवधारणा सहयोग हुनेछ। उत्पीडित, उपेक्षित वर्ग र समुदायले खोजेको क्षतिपूर्ति र समानताको हकलाई सम्बोधन गर्ने गरी राजनीतिक सहभागिताको अवसरहरू सिर्जना नहुने हो भने समावेशीकरणको 'नारा' निरर्थक हुनेछ। खासगरी दलित समुदायका लागि समानताले पुग्दैन, अवसरमा आरक्षण र प्राथमिकताको सिद्धान्त नै अवलम्बर हुनु जरुरी छ। शान्ति सम्झौतामा शब्दमात्र उल्लेख छ, अवधारणामा प्रष्टता छैन।

राष्ट्रिय जनगणनामा दलितको संख्या आश्चर्य लाग्दो गरी घटाइएको छ। जनगणना नै सत्य हुँदैन भने अरू के आशा गर्ने ? ०५८ को जनगणनामा द्वन्द्व क्षेत्रबाट तथ्यांक नै आएन। ०४८ सालमा कुल जनसंख्याको १६.४ प्रतिशत रहेकोमा ०५८ मा त्योभन्दा कम १२.८ प्रतिशत छ। यो आश्चर्यजनक हो। यसर्थ संविधानसभा अघि नै जनगणना गरौं। अनि थाहा हुन्छ-समानुपातिकताको सही आधार के हुने भन्ने। हिजोका त्रुटि सच्याउने तत्परता नपाइनु दुर्भाग्य हो।



**गणेशचन्द्र अधिकारी**
**निर्देशक-महिला प्रशिक्षण केन्द्र**

संविधानसभामा २ सय ५ निर्वाचन क्षेत्र नै रहने भयो। संविधानसभामा समानुपातिक प्रतिनिधित्वका लागि २ सय ४ सिट चयन गर्ने भनिएको छ, त्यो कुन प्रणालीबाट चुनिने हो भन्ने प्रष्ट छैन। अहिलेको प्राथमिकता त्यो पक्षलाई कसरी बढी भन्दा बढी समानुपातिक बनाउने भन्नेमा केन्द्रीत हुनुपर्दछ। यो पनि देखाउनमा सीमित नहोस्। यो अवसरबाट थप फराकिलो अवसर सिर्जना गर्न बल पुग्नेछ।

**सुरेश प्रधान**

शान्ति सम्झौता तल्लो तहमा बुझ्ने भाषामा ल्याउनु पर्ला। सिद्धान्तहरू जनताले बुझ्ने गरी व्याख्या गर्नु जरुरी छ। समावेशीकरणका मुद्दाहरू जनताले बुझ्न सकेका छैनन्। बलियो सकारात्मक जनमत नभई परिवर्तनका लागि दबाब पुग्दैन भनेर भर्खरै दाहालजीले भन्नुभएको साँचो हो। तल्लो तहका जनताले विषयवस्तु नबुझेपछि नेताहरूलाई छलछामको राजनीति गर्न सजिलो हुन्छ। त्यसैले जनताले बुझ्ने भाषा र चित्रमा विषयहरूको सरल प्रस्तुति कसरी गर्ने फ्रिडम फोरम र हामी सबैले सोचौं। सिद्धान्तहरूलाई व्याख्या गरेर तल लैजाउँ। आजैको कार्यपत्र पनि विस्थापित समुदायसम्म पुऱ्याउँ। आफ्नो गाउँ-थलो र समुदायबाटै लखेटिएकाहरूले प्रतिनिधित्वको हक कसरी पाउने ?

विस्थापित नागरिकको समस्यालाई पनि कम महत्व दिइएको देखियो, यसलाई गम्भीरतापूर्वक लिनु जरुरी छ। यो समस्या भयावह छ। हामीले उनीहरूको आत्मसम्मान जगाउन नसके निराशाले अर्को सामाजिक विद्रोहको समस्या सिर्जना गर्दछ। तसर्थ यस्ता बहसलाई तलसम्म विस्तार गर्न म आग्रह गर्दछु।

**प्रभु यादव, पाटन संयुक्त क्याम्पस**

मुख्य कुरा 'न्याय' हो। सबै नागरिकले न्याय पाएको महसुस गर्नु नै उसको प्रतिनिधित्व र सहभागिताको सन्तुष्टि हो। त्यसैले न्यायिक परिप्रेक्ष्य र सन्दर्भबाट समावेशीकरणका योजनाहरू तर्जुमा हुनुपर्दछ। समानुपातिकताको सिद्धान्त समानताको धारणाबाट मात्र हुँदैन, मीनजीले भने जस्तै क्षतिपूर्तिको अवधारणालाई समेटे मात्रै त्यस्तो समुदायले न्याय पाएको महसुस गर्नेछ। शान्ति सम्झौताले केवल तत्कालको राजनीतिक-कलहलाई अन्त्य गर्ने सोच लिएको छ। दीर्घकालीन र न्यायिक शान्ति सिर्जना गर्ने चुनौती बाँकी नै छ। तसर्थ हामीले यी सहमति र सम्झौताहरूलाई न्यायको दृष्टिबाट विश्लेषण गरेर केलाउने प्रयास गरौं।

**नोर्बु घले**

शान्ति सम्झौताले भौगोलिक क्षेत्रको समस्यातर्फ ध्यान दिएन। कर्णाली र हिमाली क्षेत्रको समस्यामा मौनता छ। मधेसी उल्लेख हुँदा हिमाली छुट्नु आश्चर्यलाग्दो छ। दार्चुलादेखि ताप्लेजुङसम्मको हिमाली क्षेत्रको विकटता मधेससँग तुलना नै हुन सक्दैन। जनजाति, दलित, मधेस भनेर नेपालको उपेक्षित, उत्पीडित

र समावेशीकरणमा प्राथमिकता दिनुपर्ने पक्षको समस्या समेटिदैन । आर्थिक, शैक्षिक, यातायात, सामाजिक, राजनीतिक अनेक कारणबाट सबैभन्दा पछाडि परेको क्षेत्र भनेकै हिमाली हो । बोल्ने-कराउनेको मात्रै कुरा सुनिदो रहेछ । मधेसीका कुरा धेरै नै सुनियो । हाम्रा कुरा बोल्ने र सुन्ने कोही भएनन् । त्यसैले हामीले पनि हिमाली क्षेत्रको साझा संस्था बनाएका छौं । हिउँले कठ्याँग्रिएको र ३-४ दिन हिँडेपछि मात्रै मोटर देख्न सक्ने क्षेत्रको हाम्रो आवाज पनि काठमाडौंका यस्ता छलफलमा ल्याउनुछ ।

अवधारणामा हाम्रा कुरा छुटेका छन् । जनजातिका कुरा उठाउने बुद्धिजीवीहरूलाई 'हिमाली' प्रदेशको कुरालाई महत्व दिन म आग्रह गर्दछु । डोल्पाबाट एसएलसी पास हुने महिलो व्यक्ति नै म हुँ । त्यहाँ कुरा बुझ्ने र बुझाउने मानिस नै छैनन् । हाम्रा कुरा दल र सरकारले कहिले सुन्ला ? अनि, हाम्रो समावेशीकरण सुनिश्चित हुने ? त्यसैले बोल्नेको पिठो बिक्ने, नबोल्नेको चामल नबिक्ने अवस्था हट्नु पर्‍यो । म तराईका धेरै ठाउँ घुमेको छु-कहाँ छ, हाम्रो जस्तो विकटता, अभाव र अशिक्षा ? छैन् । नेपालको पूरै उत्तरी क्षेत्र, प्राकृतिक सम्पदाको भण्डार भएर पनि अति गरिब र विपन्न छ । त्यहाँको विकासको लागि छुट्टै स्वायत्तता र प्रतिनिधित्वको अवस्था जरुरी छ । जनसंख्याको आधारमा मात्र प्रतिनिधित्व गरेर हुँदैन ।

**लोकेन्द्र जेरुङ किराँती**

आजको विषयमा म लाग्छु । यस कार्यक्रमका अध्यक्ष तथा कार्यक्रम प्रस्तोता मल्ल के सुन्दरज्यू । विषयभित्र रहेर म केही कुरा गर्न गइरहेको छु । वास्तवमा जनआन्दोलनपछिको सरकार र माओवादीबीच भएको शान्ति सम्झौताले देशमा शान्ति त ल्यायो, तर यो स्थायी होइन । स्थायी नहुनुको कारण के हो भने माओवादीका नेताहरूले बेलाबेलामा 'चाहियो भने हामी जति बेला पनि हतियार निकाल्छौं' भनिरहेका छन् । यसबाट दीर्घकालीन शान्ति आएको रहेनछ भन्ने बुझिन्छ ।

समावेशीको प्रसंग कोट्याउँदा शान्ति सम्झौता हुँदा जनजाति, आदिवासीका नेताहरूले संलग्नता जनाउनु पर्थ्यो । शान्ति सम्झौतामा अन्तरिम संसद्का लागि छुट्ट्याइएको ४८ सिट हात्तीको देखाउने दाँतमात्र हो, यो राजनीतिक पार्टीहरूका कार्यकर्ता र प्रतिनिधिहरूका लागि मात्र हो । जनजाति-आदिवासीलाई यसमा सामेल गरिने छैन जस्तो लाग्छ । जुनपायो त्यही कुकुरले जंगलमा सिकार गर्न सक्दैन, ऊसँग सिकार गर्ने क्षमता भए जस्तोसुकै परिस्थितिमा पनि जंगलमा गएर सिकार गर्न सक्छ । तसर्थ कुनै समुदायको व्यक्ति नेतृत्वमा पुग्ने हो भने ऊ आफैं सक्षम हुनु जरुरी छ । यो काममा हाम्रा नेतृत्व वर्ग लागिरहनु पर्दछ ।

**प्रेमशान्ति तुलाधर, मंका खलः**

मल्ल के सुन्दरको प्रस्तुति हाम्रा लागि ज्ञानबर्द्धक छ । अघि अनिलजीले समावेशीकरण टाढै छ, संविधानसभाकै निश्चित छैन भन्नुभयो । मल्ल के सुन्दरले समावेशीको मुख्य आधार जातीय स्वशासन हो भन्नुभएको छ, जातीय स्वशासनले



राष्ट्रिय विखण्डनको डर हुन्छ । म समावेशी र जातीय स्वशासनकै पक्षमा छु, तर पनि त्यो राष्ट्रिय विखण्डन र साम्प्रदायिकताको खतरालाई भुल्नु हुँदैन । हाम्रो समाज बाहुन, क्षेत्री, नेवार, तामाङ सबै मिलेर रहेको छ । यदि जातीय स्वशासन भयो भने त्यसमा समस्या आउने हो कि भन्नेहरू पनि छन् । यो यथास्थितिवादी चिन्तन हो, यस्ता चिन्तन भएकाहरूलाई हामीले कसरी जबाफ दिने ? कसरी आश्वस्त पार्ने ? समावेशीकरणको बहसले राष्ट्रलाई मजबुत पार्छ, कमजोर पार्दैन भन्ने जबाफ हामीले नै दिनुपर्दछ । यो हाम्रो लागि चुनौतीको विषय हो ।

**अवधारणामाथि उठेका प्रश्नको जवाफ दिँदै मल्ल के सुन्दर**

चिसो भएकाले चाँडै हिँडौं जस्तो लागिरहेको छ । म चाँडो सिध्याउने मुडमा छु । साथीहरू जस्तै डा. ओम गुरुङजीले अवधारणा 'लजिकल फ्रेम'मा लेखेको भए हुन्थ्यो भनेर दिनुभएको सुझाव स्वागतयोग्य छ । मिनजीले 'उत्पीडनको तहअनुसार समावेशीको आधार बनाउनुपर्छ' भन्नुभएको उचित हो । सुरेशजीले यसलाई तल्लो तहमा लाने कुरा गर्नुभयो, फ्रिडम फोरमले यस विषयमा सोच्ला । प्रेम शान्तिजीको 'जातीय स्वशासन आएपछि देश विखण्डन हुन्छ कि' भन्ने जिज्ञासा राख्नुभयो । अहिले व्यापक रूपमा राजनीतिक नेताहरूले भ्रम फिजाउँदै (नामै लिँदा डा. शेखर कोइराला जो प्रधानमन्त्रीको सल्लाहकारले बोलेको मिडियाले बढी स्थान दिने, जातीय स्वशासनको आधारमा प्रशासन दियो भने देश विखण्डन हुन्छ भन्ने, त्यसमा ताली बजाउने चाहिँ रामचन्द्र पौडेल) छन् । उहाँहरूको त्यस्तो छ, वामपन्थी नेता मोहनविक्रमजी पनि जातीय स्वशासन दिनु हुन्न भनिरहनुभएको छ । तर यी कुरा भ्रामक र झुटा हो । त्यसको राम्रो उदाहरण भारत नै छ, जहाँ नागाहरूका लागि नागाल्यान्ड, मिजाहरूका लागि मिजोरम, पञ्जावीहरूका लागि पञ्जाव, बंगालीहरूका लागि बंगाल, तमिलका लागि तामेलनाडु दिइएको छ । त्यसले उनीहरूको राष्ट्रिय एकतालाई यति बेलियो पारेको छ कि विखण्डनमा जानेहरूलाई पनि एकतामा गाँसेको छ । यस्ता उदाहरण धेरै छन, बेल्जियम, फिनल्यान्ड आदि । फिनल्यान्डमा एलायन्ड आइल्यान्ड भन्ने छ, त्यहाँ संसारमा नभएको स्वायत्तता छ -पासपोर्टमै फिनल्यान्ड, युरोपियन युनियन र एलायन्ड स्टेट लेख्छ । डेनमार्कको ग्रिनल्यान्डलाई हेरौं, स्पेनको क्याटोलियन (सबै अधिकार छ, प्रहरी राख्ने, संविधानसमेत छ), त्यस्तै इस्ट टिमोरको बुगान्डिल भन्ने राज्य छ । उदाहरण धेरै दिन सकिन्छ, जातीय स्वशासनले एकतालाई झन् बलियो बनाएको छ । तसर्थ जातीय स्वशासन दिँदा राज्य टुक्रिन्छ भन्ने कुरा फजुल कुरा हो । चीनको हङकङको कुरा गर्ने हो भने एउटा राष्ट्रमा दुई वटा राजनीतिक प्रणाली छ, विखण्डन त गरेको छैन नि ।

**बहस अन्त्य गर्दै सहजकर्ता तारानाथ दाहाल**

यहाँहरू सबैलाई धन्यवाद छ । चिसोमा कठ्याँग्रिदै पनि यति छलफल गर्‍यौं । चिसो वातावरणलाई वैचारिक रूपमा तताउन यहाँहरूको साथ पाइयो, धन्यवाद दिन चाहन्छु । सबै छलफललाई कसरी तल्लो तहमा पुऱ्याउने भनेर हामीले सोचिरहेका

छौं। यसअघिका शृङ्खलाहरूलाई मनोग्राफमा छापेर देशभर पठाएका छौं, समावेशी लोकतन्त्र भन्ने पुस्तक अहिले उपलब्ध छ। जसमा तेह्र वटा विषय समेटिएको छ। सन्दर्भहरू परिवर्तन हुँदै गएकाले थप विचार जनतामाझ पुऱ्याउनु आवश्यक ठानेर हामी छिट्टै दस जिल्लामा बहस गर्न जाँदैछौं। यसलाई तल्लो तहसम्म लान सक्यो भनेमात्र एउटा आत्मविश्वासपूर्ण जनमत बन्छ, अहिले यस्तो जनमतको अभावमा नेताहरूले मनपरी गरिरहेका छन्। जनतालाई 'मिसगाइड' गरेर हुने फाइदा उनीहरूलाई थाहा छ। जनताले आत्मविश्वासका साथ तर्कपूर्ण मत राख्यो भने त्यसलाई पन्छाउन नेताहरूलाई गाह्रो पर्छ। त्यस्तो जनमत बनाउने अभिभारा तपाईं हाम्रो काँधमा छ, हामी त्यसैमा लागेका छौं। यहाँहरूले जुन ढंगले साथ दिनुभयो, त्यसका लागि धन्यवाद दिँदै यो शृङ्खला यही अन्त्य गर्दछु।

◆◆



# मानवअधिकारका दृष्टिमा विस्तृत शान्ति सम्झौता

■ अवधारणा : गोपाल सिवाकोटी 'चिन्तन'
■ टिप्पणी : चरण प्रसाई

नेपाल सरकार र माओवादीबीच सम्पन्न विस्तृत शान्ति सम्झौता २०६३ ले विगत ११ वर्षदेखिको माओवादी सशस्त्र विद्रोहको विधिवत अन्त गरेको छ । चरणबद्ध वार्ता प्रक्रिया र सहमतिहरु पछि २०६३/०८/०५ मा नेपाल सरकार र माओवादीबीच हस्ताक्षरित सम्झौता दिगो शान्ति र लोकतन्त्र निर्माणको आधार हो ।

विस्तृत शान्ति सम्झौताका विभिन्न आयम छन् । मानव अधिकारका विश्वव्यापी मान्यतालाई विभिन्न सम्झौता र सहमतिमार्फत प्रतिबद्धता जनाउँदै आइएको हो । दिगो शान्ति र समुन्नत लोकतन्त्रको जनआकांक्षालाई सम्बोधन गर्दै गरिएको यस सम्झौताले मानव अधिकारका मूल्य मान्यताहरुलाई मूलरूपमा प्रस्तावना राजनीतिक, आर्थिक, सामाजिक रुपान्तरण र द्वन्द्व व्यवस्थापन, मानव अधिकार, मौलिक अधिकार र मानवीय कानुनको परिपालनाजस्ता उपशीर्षकमा समेटेको छ । विस्तृत शान्ति सम्झौतामा उल्लेखित उक्त मानव अधिकार प्रतिबद्धताबारे चिन्तन मनन गर्नु उचित हुने ठानी फ्रिडम फोरमले २९ मंसिर २०६३ (१८ डिसेम्बर २००६) मा बहस कार्यक्रम सञ्चालन गर्‍यो । बहसका लागि मानव अधिकारकर्मी गोपाल सिवाकोटी "चिन्तन" ले गहकिलो अवधारणा पेस गर्नुभएको छ । त्यसमाथि विद्वत् महानुभावहरुले टिप्पणी गर्नुहुनेछ ।



***अवधारणा***

# *मानवअधिकारका दृष्टिमा विस्तृत शान्ति सम्झौता*

■ *गोपाल सिवाकोटी 'चिन्तन'*

**१. विषय प्रवेश**

शान्ति, मानव अधिकार, लोकतन्त्र र विकास एकअर्काका पूरक हुन् । एकको अभावमा अरू सम्भव छैनन् । तर नेपालको इतिहासमा यी चारै तत्व समावेश भएको राजनीतिक-आर्थिक व्यवस्था आजसम्म स्थापना हुनसकेको छैन । करिब २४० वर्षको शाही राजतन्त्रात्मक इतिहासकालमा २०५२ सालसम्म मुर्दाशान्ति त थियो तर मानवअधिकार, लोकतन्त्र र विकास कहिल्यै सम्भव भएन । मानवअधिकारको संरक्षण, सम्बर्द्धन र उपभोगका लागि समावेशी तथा सहभागितामा आधारित बहुलवादी व्यवस्था आवश्यक हुन्छ । त्यस्तो स्वस्थ र प्रतिस्पर्धी समाजमा मात्र वास्तविक विकास सम्भव हुन्छ । तर आजसम्मको हाम्रो शासनव्यवस्था सामन्ती, हुकुमी, निरंकुश र अलोकतान्त्रिक नै रह्यो । २००७ सालमा प्रारम्भ भएको बहुदलीय शासनव्यवस्था स्थापना गर्ने अभ्यास राजतन्त्रकै कारण सधैं खतरामा पर्‍यो । यसले कहिल्यै पनि फस्टाउने मौका पाएन । हामीले चुनेका राजनीतिक दल र छानेका नेताहरूले पनि आफ्नो निहित स्वार्थका लागि आफूलाई अप्ठेरो परेका बेलामा त्यही राजतन्त्रकै शरण लिने कार्य गरे, र मुलुकलाई दिनसम्म दुःख दिए । यस अर्थमा हेर्दा, नेपालको इतिहासमा पहिलोपटक निश्चित राजनीतिक सिद्धान्त र मान्यताका आधारमा संगठित नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले सशस्त्र द्वन्द्व सुरु गर्नुपर्ने बाध्यताका पछाडि २०४७ सालपछि स्थापना भएका निर्वाचित सरकार र राजनीतिक दलहरू नै मुख्यरूपमा जिम्मेवार छन् । त्यसपछिका वर्षहरूमा ११ वर्षसम्म यस सशस्त्र द्वन्द्वलाई चर्काउन पनि मुख्यरूपमा उनीहरू नै जिम्मेवार छन् । तर खुसीको कुरा, राजा ज्ञानेन्द्रको शाही निरंकुश सत्ताका विरुद्ध एकताबद्ध भएर आन्दोलन गर्नुपर्ने बाध्यताका कारण नेकपा (माओवादी) सँग शान्तिवार्ता गर्दै अहिले विस्तृत शान्ति सम्झौतासम्म पुग्ने कार्यमा भने सात दलको संयुक्त गठबन्धनका रूपमा चिनिएका यी राजनीतिक पार्टीहरूले पहिलो पटक ऐतिहासिक भूमिका निर्वाह गरेका छन् ।

यस सन्दर्भमा, २०६३ मंसिर ५ गते सम्पन्न विस्तृत शान्ति सम्झौतालाई केलाएर हेर्दा यसको सबैभन्दा ठूलो उपलब्धि भनेको 'देशमा २०५२ सालदेखि चल्दै आएको सशस्त्र द्वन्द्वलाई अन्त्य गरी शान्तिपूर्ण सहकार्यको नयाँ अध्याय प्रारम्भ भएको घोषणा' नै हो । यसबाट हामी अब नेपाली समाजको गुणात्मक परिवर्तनका लागि युद्धको बाटो नभएर शान्तिको मार्गमा प्रवेश गरेका छौं भन्ने कुरामा ढुक्क हुनसकिन्छ । तर कुनै विषयमा विभिन्न पक्ष-विपक्षबीच सम्झौता हुँदैमा त्यसको प्रभावकारी पालना र कार्यान्वयन हुन्छ भन्ने जरुरी छैन । विगतका अनुभवलाई नै हेर्ने हो भने पनि सात दल, सरकार र माओवादीबीच भएका विभिन्न समझदारी र

सहमतिहरूको प्रभावकारी पालना र कार्यान्वयन नभएका कारण अनावश्यकरूपमा समस्याहरू लम्बिएको अनुभव हामीसँग छ। तसर्थ यस सम्झौताको पूर्ण पालना र कार्यान्वयनको सुनिश्चितता आज हामी सबैको साझा चुनौती हो। यस सम्झौताको सफलता वा असफलताको एउटा मुख्य कडी भनेको यसमा नेपाली जनताका आधारभूत मानवअधिकारहरूलाई के कति र कसरी समावेश गरिएको छ तथा व्यवहारमा तिनको पालना र कार्यान्वयन के कसरी गरिन्छ भन्ने हो। अन्यथा समान अधिकार र समान अवसरबाट वञ्चित व्यक्ति, वर्ग र समुदायले कुनै पनि बेला विद्रोहको सहारा लिनसक्छन्। सशस्त्र द्वन्द्व र युद्धको मार्ग अवलम्बन गर्नसक्छन्। यस्तो स्थिति सिर्जना हुन नदिनका निमित्त नै हामीले यस विस्तृत शान्ति सम्झौताको जगमा उभिएर अगाडि बढ्ने हो। यसलाई आवश्यकताअनुसार थप परिमार्जन गर्दै स्थायी शान्ति, मानवअधिकार, लोकतन्त्र र विकासको लक्ष्य हासिल गर्ने हो। यस कार्यपत्रमा यिनै विषयवस्तुको सेरोफेरोमा रहेर *मानव अधिकारको दृष्टिमा कस्तो छ त विस्तृत शान्ति सम्झौता ?* भन्ने विषयमा चर्चा गरिनेछ।

**२. शान्ति सम्झौतामा समेटिएका मानव अधिकारसम्बन्धी प्रावधानहरू**

(क) सबैका निमित्त सबैखाले मानव अधिकारहरूको समानरूपमा सुनिश्चितता (बुँदा नं. ३.४ र ३.५)।

(ख) शिक्षा, स्वास्थ्य, आवास, रोजगारी र खाद्यसुरक्षाजस्ता आर्थिक तथा सामाजिक अधिकारहरूलाई नागरिक अधिकारका रूपमा मान्यता (बुँदा नं. ३.९)।

(ग) सुकुम्बासी, कमैया, हलिया, बालीघरे, हरूवा-चरुवालगायत पछाडि सबै परेका समुदायलाई आर्थिक-सामाजिक सुरक्षा (बुँदा नं. ३.१०)।

(घ) युद्धविरामसम्बन्धी प्रावधानअन्तर्गत व्यक्तिका नागरिक तथा राजनीतिक अधिकारहरूको हनन हुने गरी कुनै पनि किसिमका सैन्य कारबाही तथा सशस्त्र परिचालन नगर्ने सहमति (बुँदा नं. ५.१)।

(ङ) 'बेपत्ता' पारिएका नागरिकहरूको स्थिति सार्वजनिक गर्ने, मानवअधिकार उल्लंघनबाट पीडित एवम् विस्थापितहरूका लागि राहतलगायत पुनर्स्थापनाको व्यवस्था गर्ने, मानवअधिकारको गम्भीर उल्लंघन तथा मानवताविरोधी अपराधमा संलग्न दोषीहरूका बारेमा सत्यतथ्यहरूको खोजी गर्ने र समाजमा मेलमिलापको वातावरण सिर्जना गर्ने (बुँदा नं. ५.२)।

(च) यसदेखि बाहेक बुँदा नं. ७ अन्तर्गत मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनका आधारभूत सिद्धान्त र मान्यताहरूको पालनाका सम्बन्धमा निम्नबमोजिम छुट्टै व्याख्या र विवेचना गरिएको छः

(१) बिना भेदभाव सबैलाई सबैखाले मानव अधिकारहरू (नागरिक, राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक) को प्रत्याभूति तथा मानव अधिकार उल्लंघन गर्ने दोषीहरूमाथि कारबाही र दण्डहीनताको अन्त्य;

(२) महिला तथा बालअधिकारहरूको संरक्षण तथा यौनजन्य शोषण र दुर्व्यवहारबाट प्रभावित बालबालिकाहरूको उद्धार तथा पुनःस्थापना र

(३) वैयक्तिक स्वतन्त्रताको सुनिश्चितता।



**३. मतभेद निरूपण तथा कार्यान्वयन संयन्त्र**

सम्झौतामा विगतमा भएका त्रुटिहरू भविष्यमा नदोहोऱ्याउने संकल्प गरिएको छ। आजसम्म भएका तथा भविष्यमा हुने समझदारी, सहमति र सम्झौताहरूको कार्यान्वयनका लागि निम्नबमोजिम विभिन्न संयन्त्रहरूको स्थापना गरिनेभएको छः

(क) राष्ट्रिय शान्ति तथा पुनःस्थापन आयोग,

(ख) सत्य निरूपण तथा मेलमिलाप आयोग,

(ग) राज्यको पुनःसंरचनासम्बन्धी उच्चस्तरीय सुझाव आयोग, तथा

(घ) आवश्यकताअनुसार अन्य संयन्त्रहरूको गठन।

यसदेखि बाहेक मानव अधिकारका सबालमा नेपालस्थित मानव अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय उच्चायुक्तको कार्यालयको अनुगमनकारी भूमिका तथा अन्य संयुक्त राष्ट्रसंघीय नियोगमार्फत हतियार व्यवस्थापनको अनुगमन र संविधानसभाका लागि हुने निर्वाचनको पर्यवेक्षण गर्ने कुरामा दुवै पक्ष सहमत भएका छन्। राष्ट्रिय मानव अधिकार आयोगलाई पनि यस सम्झौतामा भएका मानव अधिकारसम्बन्धी व्यवस्थाहरूको अनुगमन गर्ने नियमित संयन्त्रका रूपमा स्वीकार गरिएको छ।

**४. मानव अधिकारका दृष्टिमा सम्झौताका विशेषताहरू**

मानव अधिकारका दृष्टिमा यस सम्झौतामा निम्नलिखित केही उल्लेखनीय विशेषताहरू छन्:

(क) सबै प्रकारका वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक तथा क्षेत्रीय भेदभावहरूको अन्त्य गर्दै राज्यको वर्तमान केन्द्रीकृत एवम् एकात्मक ढाँचाको सट्टा समावेशी, लोकतान्त्रिक तथा अग्रगामी पुनःसंरचना गर्ने घोषणा;

(ख) नेपालमा पहिलोपटक आर्थिक तथा सामाजिक अधिकारहरूलाई मौलिक मानवअधिकारका रूपमा मान्यता;

(ग) मानव अधिकार, मानवीय कानुन तथा शान्तिसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिसम्झौता, सिद्धान्त र मान्यताहरूप्रति प्रतिबद्धता; तथा

(घ) भविष्यमा मानव अधिकार उल्लंघनका दोषीहरूलाई कारबाही गर्ने तथा दण्डहीनतालाई प्रश्रय नदिने संकल्प।

**५. मानव अधिकारका दृष्टिमा सम्झौताका केही कमजोर पक्षहरू**

मानव अधिकारका दृष्टिमा यस सम्झौतामा केही कमजोरीहरू पनि छन् जसलाई निम्नबमोजिम उल्लेख गर्नसकिन्छः

(क) प्रथमतः मावअधिकारसम्बन्धी विषयवस्तुहरूलाई एकदमै अव्यवस्थित, अवैज्ञानिक एवम् अस्पष्ट भाषा र ढाँचामा प्रस्तुत गरिएको छ। यसले गर्दा मानव अधिकारसम्बन्धी एउटै विषयलाई पटक-पटक दोहोऱ्याउने-तेहेऱ्याउने कार्य भएको छ।

(ख) नेपालजस्तो बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा बहुक्षेत्रीय मुलुकमा साँच्चिकै समावेशी, सहभागितामूलक एवम् लोकतान्त्रिक राज्यव्यवस्थाको निर्माण गर्ने हो भने सम्बन्धित वर्ग, समुदाय र भौगोलिक क्षेत्रहरूलाई आन्तरिकरूपमा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सिद्धान्त र मान्यताका आधारमा आत्मनिर्णय वा स्वनिर्णयको अधिकार प्रदान गर्नुपर्ने हुन्छ। तर इतिहासदेखि वर्तमानसम्म भएका विभिन्न आन्दोलन, विद्रोह र सशस्त्र द्वन्द्वहरूको कारक एउटा प्रमुख कारक तत्वको रूपमा रहेको आत्मनिर्णयको अधिकारको सबाललाई यस सम्झौताले स्पष्टरूपमा सम्बोधन गरेको छैन। समान एवम् समानुपातिक सहभागिता र सहमतिमा आधारित निकास दिने सवालमा माथि उल्लिखित वर्ग, समुदाय र क्षेत्रको अग्रिम स्वीकृति वा अनुमोदन हुनुपर्ने आवश्यकतालाई सम्झौतामा समेटिएको छैन। यसले भावी नेपालको पुनःसंरचना गर्ने सम्पूर्ण जिम्मेवारी अहिलेको नेपाल सरकार र नेकपा (माओवादी) लाई मात्र सुम्पेजस्तो देखिन्छ। यदि यथार्थ यस्तै हो भने भविष्यमा हुनसक्ने विभिन्न विद्रोह र सशस्त्र द्वन्द्वका सम्भावनाहरूलाई पनि नकार्न सकिन्न।

(ग) मानव अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्ने सवालमा यस सम्झौताको एउटा ठूलो कमजोरी भनेको विगतमा भएका मानव अधिकारका गम्भीर उल्लंघन, युद्धअपराध र मानवता विरोधी अपराध गर्ने सरकारी तथा विद्रोही दुवै पक्षका दोषीहरूमाथि छानबिन गरी सजाय गर्ने प्रतिबद्धताको अभाव हो। यदि विगतमा भएका यस्ता उल्लंघन र अपराधबाट पीडितहरूलाई न्याय प्रदान गर्ने तथा भविष्यमा यस्ता घटनाहरू हुन नदिनका लागि आवश्यक निरोधात्मक व्यवस्था गर्ने सवालमा नेपाल सरकार तथा नेकपा (माओवादी) वास्तवमै इमान्दार र संकल्परत छन् भने विगतदेखि आजसम्मका उल्लंघनकारी र अपराधीहरूलाई सजाय गर्ने प्रतिबद्धता स्वीकार गर्नुपर्दछ। २०४६ तथा २०६२/६३ सालका जनआन्दोलनहरू दबाउने र मानव अधिकारको गम्भीर उल्लंघन गर्ने दोषीहरूमाथि मल्लिक आयोग र रायमाझी आयोगले तयार गरेका प्रतिवेदनका आधारमा कारबाही चलाउने संकल्प गर्नैपर्दछ। रायमाझी आयोगको प्रतिवेदनले शाही शासनका सरकारप्रमुख राजा ज्ञानेन्द्रदेखि लिएर सबै दोषी मन्त्री तथा अन्य राजनीतिक पदाधिकारी, सुरक्षाप्रमुख एवम् छद्मभेषी (भिजिलान्ते व्यक्ति तथा समूह) हरूलाई अझ शक्तिशाली आयोग गठन गरेर भए पनि स्वतन्त्र छानबिनका आधारमा सजाय गररै छोडिनेछ भन्ने प्रतिबद्धता पनि जनाउनुपर्दछ। यतिमात्र होइन, २०१७ सालमा बेपत्ता पारिएका नागरिकहरूबारे छानबिन गर्न गठित ढुंगाना आयोग ( वरिष्ठ अधिवक्ता वासुदेव ढुंगाना) ले तयार गरेको प्रतिवेदनलाई समेत सार्वजनिक गरी दोषीमाथि कारवाही गर्ने तथा २०४७ देखि सशस्त्र द्वन्द्वकालको अवधिमा भएका उल्लंघन र अपराधहरूको पनि छानबिन गर्ने तथा दोषीहरू सबैलाई सजाय गर्ने र पीडितलाई न्याय प्रदान गर्ने कुरा पनि उल्लेख हुनैपर्दछ। तर कता कता यस सम्झौतालाई विगतका उल्लंघन र



अपराधहरूलाई छुट दिँदा तथा अब निसङ्कोचरूपमा राष्ट्रिय मेलमिलापको बाटोमा लाग्नखोजेको हो कि भन्ने आशंका पैदा भएको छ।

(घ) सम्झौतामा राष्ट्रिय शान्ति तथा पुनःस्थापन आयोग, सत्य निरूपण तथा मेलमिलाप आयोग र आवश्यकताअनुसार अन्य संयन्त्रहरूको गठन गर्ने भनिएकाले अझै पनि आशा गर्ने ठाउँ बाँकी छ। तर निरंकुश शासनको अन्त्य र लोकतान्त्रिक व्यवस्थाको स्थापनापछि पनि विगतमा राज्यसत्ताको दुरूपयोग गरी मानव अधिकारको गम्भीर उल्लंघन गर्ने तथा युद्धअपराध र मानवता विरोधी अपराध गर्नेहरूमाथि कथमकदाचित् सत्यनिरूपणका लागि भनेर चीले, अर्जेन्टिना र दक्षिण अफ्रिकाजस्ता विभिन्न देशहरूमा केही छानबिन र अनुसन्धान गरिएको भए तापनि कथित राष्ट्रिय मेलमिलापको नारा दिएर उनीहरूलाई सजायमाफी गर्ने तथा पीडितहरूलाई बेवास्ता गर्ने घटनाहरू प्रशस्त भएका छन्। परिणामस्वरूपः ती देशमा पछि स्थापित भएका लोकतान्त्रिक सरकारहरूलाई पहिलेकै राज्यसत्ताका दोषी र अपराधीहरूले सधैँभरि हैरान गर्ने गरेका छन्। पुरानो सत्ताका सुरक्षा एवम् प्रशासनिक संयन्त्र, पदाधिकारी तथा स्रोत र साधनको सहारा लिएर अस्थिरता, अशान्ति र भाँडभैलो मच्चाउने गरेकाछन्। नेपालमा पनि यस्तै कुरामा चुकेर दण्डहीनतालाई प्रश्रय दिएका कारण २०१७ सालका दोषी तुलसी गिरीदेखि लिएर २०४७ सालका दोषी कमल थापाहरूसम्मले २०६३ सालसम्म पनि हामीलाई सताउने काम गरे। यिनीहरूलाई सजाय नगरी छाडा छोडेमा भोलि पनि यस्तै हुनेछ। त्यसैले यस्ता मानव अधिकारहरूको गम्भीर उल्लंघन, युद्धअपराध र मानवता विरोधी अपराधका दोषीहरूलाई सजायमाफी गरेर तथा पीडितहरूलाई उचित न्यायको अधिकारबाट वञ्चित गरेर कदापि स्थायी शान्ति हुनसक्दैन। त्यस्तो बदनियत र अन्यायमा आधारित राष्ट्रिय मेलमिलाप दिगो पनि हुँदैन। यसतर्फ उल्लिखित आयोगहरू सचेत हुनैपर्दछ। यी आयोगहरूलाई यस्ता अधिकारहरू प्रदान गरिनुपर्दछ। जसले गर्दा आयोगका कामकारवाहीहरू विगत एवम् भविष्यमुखी दुवै हुन सकून्।

(ङ) मुख्य कुरा राज्यको शक्ति र स्रोतका दुरूपयोग गर्ने, मानवअधिकारको गम्भीर उल्लंघन गर्ने तथा युद्धअपराध र मानवता विरोधी अपराध गर्नेहरूलाई सजाय नगर्ने हो भने हामी कदापि सही मानव अधिकार, कानुनी शासन, लोकतन्त्र र विकासको बाटोमा गुणात्मक फड्को मार्नसक्ने छैनौं। यस कार्यका निमित्त राजनीतिक सदिच्छा र राष्ट्रिय सहमतिका आधारमा विशेष कदम नै चाल्नुपर्दछ। सकेसम्म प्रस्तावित अन्तरिम संविधानमा नै यससम्बन्धी प्रावधान उल्लेख हुनुपर्दछ। प्रचलित कानुन तथा अड्डाअदालतबाट यसरी दोषीमाथि कारबाही चलाउने कार्य प्रभावकारी हुने सम्भावना न्यून रहेकाले आवश्यक नयाँ कानुन तत्काल निर्माण गर्नुपर्दछ। मानव अधिकारको संरक्षण तथा सम्वर्द्धनका कार्यमा उल्लेखनीय कार्य गर्ने सुरक्षाकर्मी र सरकारी पदाधिकारीहरूलाई पुरस्कृत गर्ने प्रावधान पनि समावेश हुनुपर्दछ। संविधानमै व्यवस्था गरेर एउटा छुट्टै राष्ट्रिय मानवअधिकार अदालत पनि गठन गरिनुपर्दछ।

(च) खानेपानी, शिक्षा, स्वास्थ्य, दूरसञ्चार तथा बिजुलीजस्ता आधारभूत आवश्यकता र सार्वजनिक सेवाका क्षेत्रहरूको निजीकरण तथा व्यापारीकरण गरिनुहुन्न भन्ने सबालमा सम्झौता मौन रहेको छ। गरिबी निवारण र जनकल्याणसँग सम्बन्धित यस्ता आधारभूत मानव अधिकार र दैनिक उपभोग्य वस्तुहरूको व्यवस्थापनमा सधैँ राज्यका सार्वजनिक निकायहरूको अग्रगामी नेतृत्व हुनेछ, निजी क्षेत्रको संलग्नता आवश्यक परेमा स्थानीय निजी क्षेत्रलाई प्राथमिकता दिइनेछ तथा विदेशी निजी क्षेत्रको सहयोग लिनुपरेमा समग्र राष्ट्रिय हित र आवश्यकतालाई ध्यानमा राखिनेछ भन्ने संकल्प गर्न यो सम्झौता चुकेको छ। यस्तो संकल्पबिना सम्झौतामा स्वीकार गरिएका आर्थिक तथा सामाजिक अधिकारहरूको सुनिश्चितता व्यवहारमा असम्भव छ।

(छ) यो सम्झौता विद्यमान राष्ट्रिय मानव अधिकार आयोगलगायत राष्ट्रिय दलित आयोग तथा राष्ट्रिय महिला आयोगहरूलाई संवैधानिक निकायका रूपमा स्थापना गरेर तिनलाई साँच्चिकै अधिकारसम्पन्न, स्वतन्त्र र सक्षम निकायका रूपमा स्थापित गर्ने कार्यमा मौन रहेको छ। यसो गर्ने हो भने वास्तवमा सम्झौतामा उल्लेख भएका शान्ति, पुनर्स्थापना तथा सत्यनिरूपणसम्बन्धी छानबिन र कारबाहीको जिम्मेवारी यिनै आयोगहरूलाई पनि दिन सकिन्छ। विगतको समेत अनुभवलाई हेर्दा आयोगमाथि आयोगको मात्र थुप्रो लगाएर केही नहुने अनुभव हामीसँग छ। अधिकार र स्रोतसाधन प्रदान गर्ने कार्यमा कञ्जुस्याइँ नगर्ने हो भने एउटैमात्र आयोगले वा अहिले भइरहेकै आयोगहरूले पनि प्रशस्त जिम्मेवारी निर्वाह गर्नसक्दछन्।

(ज) यसै प्रसंगमा हालैको प्रतिनिधिसभाले अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधान, १९९८ लाई अनुमोदन गर्ने भनी पारित गरेको संकल्प प्रस्तावको दुर्दशातर्फ पनि यस सम्झौताको ध्यान पुगेको छैन। नेपाल सरकारको परराष्ट्र मन्त्रालयले उक्त विधानलाई अनुमोदन गर्ने भनी एउटा फ्याक्स वा इमेल पठाउँदा पुग्नेमा हाम्रा आँखामा छारो हाल्न संकल्प प्रस्ताव पारित गरेको भ्याली पिटियो तर आजसम्म पनि अनुमोदनको कार्य अघि बढेको छैन। अब आउने दिनहरूमा यस्ता नौटङ्कीहरू बन्द गर्न जरुरी छ। सरकारले तत्काल यस विधानलाई अनुमोदन गर्नुपर्दछ। यसका निमित्त थप सहमति र सम्झौता आवश्यक छैन।

**६. उपसंहार**

अन्त्यमा, आशा गरौँ कि यस सम्झौतामा उल्लेख भएका सम्पूर्ण मानव अधिकारहरूलाई अहिले जारी हुनलागेको अन्तरिम संविधानमा स्पष्टरूपमा समावेश गरिनेछन्। यी मानवअधिकारहरूलाई सुनिश्चित गर्ने कार्य संविधानसभाले पनि गर्नेछ।

मुख्य कुरा माथि सुझावका रूपमा उल्लिखित विस्तृत शान्ति सम्झौताका सन्दर्भमा औँल्याइएका कमजोरीहरूलाई सच्याएर पूर्णता दिन तत्काल पूरक सम्झौता गरिनुपर्दछ। सबै तहका दोषीहरूमाथिको छानबिनलाई पूर्णता दिनका निमित्त एउटा छुट्टै सर्वशक्तिमान छानबिन आयोग गठन गरिनुपर्दछ। रायमाझी आयोगको प्रतिवेदनलाई प्रारम्भिक प्रतिवेदनका रूपमा मात्र लिनुपर्ने अवस्था छ किनकि यसले शाही शासनका प्रमुख मानव अधिकार उल्लंघनकारी तथा युद्धअपराधी र मानवता विरोधी अपराधका नायक राजा ज्ञानेन्द्र तथा उनका मतियार मन्त्री, सरकारी पदाधिकारी र सुरक्षा प्रमुखहरूलाई प्रत्यक्ष वा अप्रत्यक्षरूपमा उन्मुक्ति दिने गल्ती गरिसकेको छ। रायमाझी आयोगले सरकारसमक्ष पेस गरेको प्रतिवेदन आजसम्म सार्वजनिक नहुनुले पनि यसको पुष्टि हुन्छ। राज्यका तर्फबाट हुने यस्ता जघन्य अपराधहरूको छानबिनका निमित्त २०२६ सालको पञ्चायतकालीन परिस्थितिमा तर्जुमा गरिएको जाँचबुझ आयोग ऐन पर्याप्त हुनैसक्दैन, र भएन पनि। यसका निमित्त स्वयं मल्लिक आयोग र रायमाझी आयोगका प्रतिवेदनहरू नै प्रमाणका रूपमा खडा छन्।



तसर्थ असोज १८ तथा माघ १९ पछिका दिनहरूमा अनि १९ दिने वैशाखी क्रान्तिका सन्दर्भमा राजा ज्ञानेन्द्रले सरकार प्रमुखका रूपमा खेलेको निरंकुश, आतङ्ककारी र युद्धअपराधीको भूमिकालाई मध्यनजर गर्दै 'माथि'बाट कारबाही सुरु गर्नका निमित्त राजा, राजपरिवार र राजसंस्थालाई तत्काल निलम्बन गरी छानबिन र कारबाहीको प्रक्रिया अघि बढाइनुपर्दछ। मानव अधिकारको गम्भीर उल्लंघन, युद्धअपराध र मानवताविरोधी अपराध गर्नेहरूमाथिको छानबिन र कारबाही 'तल'बाट नभएर 'माथि'बाट सुरु हुनुपर्दछ अन्यथा यो निष्प्रयोजन हुनजान्छ। यसका साथै पूरक शान्ति सम्झौताको माध्यमद्वारा संविधानसभाले निर्माण गर्ने संविधानमा *असामयिक तथा असान्दर्भिक भइसकेको राजतन्त्रलाई सदाका लागि उन्मुलन गरी नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रमा परिणत गरिनेछ* भन्ने कुरामा अहिले नै आवश्यक निर्णय लिइनुपर्दछ। नेपालमा मानवअधिकारको निरन्तर उल्लंघन, विद्रोह, दमन र दण्डविहिनताको एकमात्र मूल कारकतत्व राजतन्त्र र राजसंस्था नै हो भन्ने कुरालाई बेलैमा बुझ्न जरुरी छ। यस विषयलाई संविधानसभाको पहिलो बैठकसम्म पुऱ्याउने गरी भएको सहमतिबाट कतै राजतन्त्रले निरन्तरता पाउने त होइन ? भन्ने आशंका सर्वत्र बढिरहेको छ। यसको निदान अहिले नै गरिनुपर्दछ। मानवअधिकारको गम्भीर उल्लंघन, युद्धअपराध र मानवता विरोधी नायकहरूलाई जुनसुकै रूपमा भए पनि वैधानिकता दिने तथा राज्यसत्ता र राज्यकोषमाथिको पहुँचलाई निरन्तरता दिने किसिमको विस्तृत शान्ति सम्झौता अधिकांश सवालमा धेरै ऐतिहासिक र अग्रगामी भए तापनि मानव अधिकारका दृष्टिमा मूल कुरामा भने चुकेकै मान्नुपर्ने हुन्छ।

## ***अवधारणामाथि टिप्पणी***

**चरण प्रसाईं, मानवअधिकारकर्मी**

चिन्तनजीको अवधारणामा मानव अधिकारको सैद्धान्तिक पक्ष केलाइएको छ। तर, शान्ति सम्झौतापछि पनि व्यवहारमा मानव अधिकारको स्थिति के छ भनेर एक च्याप्टर विश्लेषण थप गरेको भए यो पूर्ण हुने थियो। यसैगरी विगतमा भएका अन्य समझदारी, सहमति र सम्झौताको विश्लेषण पनि गरिएको भए बढी सान्दर्भिक हुने

थियो । विगतमा भएका सहमति पालना नभएकाले पनि यस्ता कुरामा ध्यान दिनु जरुरी छ । १२ बुँदे सहमतिदेखि २२ कात्तिकको सहमति र त्यसको कार्यान्वयन पक्षलाई चिराफारा गर्नु जरुरी छ । विद्रोहको नाममा अपराधीक गतिविधिलाई प्रोत्साहन दिने संस्कृति मौलाएको छ कि भनेर हेरिनुपर्छ । मानव अधिकारको उल्लंघनमा संलन अपराधीहरूले संविधानसभाको निर्वाचन लड्न नदिने वातावरण तयार पार्नुपर्छ । राजनीतिक व्यानरमा बसेर अपराधिक गतिविधि गर्न पाईदैन भन्ने व्यवस्था हुनुपर्छ । त्यस्ताका लागि आममाफीको माग गरिनु कति जायज हो ? दण्ड र न्याय फरक कुरा हो । अपराधीलाई उन्मुक्तिको बाटो दिनु हुँदैन । दण्डहीनताको संस्कृतिको पक्षपोषण गरेको छ-शान्ति सम्झौताले ।

शान्ति सम्झौतामा सत्य निरूपण आयोग बनाउने भनिएको छ । जसबाट अपराधीलाई माफी दिने सन्देश नजाओस् । समग्रमा भन्दा शान्ति सम्झौता मानव अधिकारमा केन्द्रित छैन । यो राजनीति केन्द्रित सम्झौता हो । शान्ति प्रक्रिया मानवअधिकार केन्द्रित नभएकोले यसले दिगो शान्ति निश्चित गर्दैन । मानव अधिकारका कुरालाई झिनोमसिनो भनेर पन्छाउने खतरनाक प्रवृत्ति माओवादी र सरकार दुवैतर्फ व्याप्त देखिन्छ । यो संस्कारले जनतामा भरोसाको सन्देश प्रवाह गरेको छैन । सम्झौतावादी र बहानावाजीको स्वभाव दुवै पक्षको यो सम्झौतामा देखा परेको छ । व्यवहारमा मानव अधिकारप्रति प्रतिबद्धता नभएसम्म यस्ता सम्झौताको अर्थ छैन । कागजमा हस्ताक्षर गर्दैमा मानव अधिकारको पालना र संरक्षण हुन सक्दैन । आज पनि १२ बुँदेदेखि यहाँसम्मका सहमतिहरू पालना भएको छैन । आमनागरिकमा संशय र त्रास बाँकी नै छ । उच्छृंखल गतिविधिहरू गाउँ-गाउँमा जारी छ ।

तसर्थ यस पत्रमा मानव अधिकार पालनाको अवस्था एक च्याप्टर र अर्को मानव अधिकार उल्लंघनकर्ताहरूलाई आगामी संविधानसभाको निर्वाचनमा भाग लिन रोकेर अपराधीले दण्ड पाउनुपर्छ-दण्डित गरिनुपर्छ भन्ने धारणा थप गरेमा यसले जनताको जागरणमा थप मद्दत पुऱ्याउन सक्नेछ । अबको लोकतन्त्र मानव अधिकारका विश्वव्यापी मान्यता र मूल्यको संरक्षणमा आधारित हुनैपर्छ । शान्ति सम्झौतामा मानव अधिकारका मान्यताहरू थुप्रै समावेश छन । दोहोरिएका-तेहेरिएका पनि छन । यसले भोलि मूल्यांकनका लागि प्रशस्त आधार दिएको छ ।

**लक्ष्मण अर्याल, पूर्व न्यायाधीश, सर्वोच्च अदालत**

सबैभन्दा ठूलो कुरा निष्ठा हो । देखाउने कुरा र वास्तविकता फरक फरक छन । हरेक कुरालाई व्यवहारमा सिद्ध गर्न सक्नुपर्छ, मानिसका हृदय खुल्ला हुनुपर्छ । भनेका, बोलेका कुरामा निष्ठा भएन भने निरर्थक हुन्छ । मानव अधिकारप्रतिको प्रतिबद्धतामा पनि निष्ठा हुनुपर्छ । हृदयदेखिनै त्यसप्रति इमान्दार हुन सक्नुपर्छ । व्यवहारमा त्यो प्रतिविम्बित भएन भने जति वटा हस्ताक्षर गरे पनि, जति भाषण गरे पनि व्यर्थ हुनेछ । शान्ति स्थापनाको सन्दर्भमा पनि प्रतिबद्धताप्रति निष्ठा प्रमाणित हुन सक्नुपऱ्यो । अहिले त्यो अनुभव हुन सकेको छैन । बोली र व्यवहारमा आकाश-पाताल फरक देखिँदैछ ।



हामीले अन्तरिम संविधानको मस्यौदा बुझाएको यत्रो दिन भइसक्यो । तर त्यो अझै अल्झिरहेको छ, कारण के हो भने विगतमा गरिएको प्रतिबद्धताप्रति पुनः विवाद झिक्नु नै हो ।

धेरै विषयमा यस्तै दोहोरे प्रवृत्ति प्रदर्शन भैरहेको छ । मानसिकता बदलिनु पऱ्यो । अब पुरातन राजनीतिक दर्शनको काम छैन । विश्वव्यापी रूपमा मानव अधिकारको नयाँ दर्शन नै सर्वस्वीकार्य दर्शन भइसक्यो । संसारका अनेक राजनीतिक सिद्धान्तको, दर्शनको सार नै मानव अधिकारका विभिन्न घोषणाहरू हुन् । विश्वले स्विकारेको मानव अधिकारका मान्यताहरूलाई लत्याउने हिम्मत कुनै राजनीतिक सिद्धान्तवालासँग छैन । त्यसैले अब नेपालको भावी राजनीतिको दिग्दर्शन नै मानवअधिकारका सिद्धान्तहरू हुनेछन् । यसप्रति निष्ठा भएन भने लोकतन्त्र र दिगो शान्ति स्थापना हुनै सक्दैन । अपराधीहरूलाई प्रोत्साहन गर्ने संस्कृतिको अन्त्य गर्ने विवेक राजनीतिक नेतृत्वमा भएन भने शान्ति स्थापनाको यात्राले लक्ष्य हासिल गर्न सक्ने छैन । हामी सबैको प्रयास कागजमा गरिएका हस्ताक्षरलाई व्यवहारमा निष्ठासाथ पालना गराउन दबाब दिनुमा हुनुपर्छ ।

**शम्भु थापा**
**अध्यक्ष, नेपाल बार एसोसिएसन**

यो शान्ति सम्झौता कुन कुन पक्षबीच भएको हो भनेर पहिले केलाउन जरुरी छ । किनभने, ०५२ सालमा माओवादीले संसदवादीको विरुद्ध हतियार उठाएका हुन् । ०४७ को व्यवस्था मान्ने र त्यसविरुद्ध हतियार उठाउने पक्षबीच शान्ति सम्झौता भएको छ । यस कारण यो सम्झौतामात्र हो । यथास्थितिवादी भयो भनेर आलोचना गर्नेहरू पनि छन् । यस्तो अवस्थामा आमूल या व्यापक सामाजिक रूपान्तरण भनेको के हो भनेर खुट्याउनु गाह्रो कुरा हो । हामी कहाँ फेरि नागरिक समाज या हामीहरूमा विरोधमात्र गर्ने रोग छ । वास्तवमा संक्रमणकालमा हामीले विरोधमात्र गर्ने होइन, परिवर्तनका लागि नेतृत्वलाई बल प्रदान गर्नुपर्ने हो । शान्ति सम्झौता भनौं या पछिल्लो राजनीतिक परिवर्तनको संकेत चाहिँ के हो भने अन्ततः राजनीतिक पार्टीहरूलाई नै परिवर्तन नगरी अब सुखै छैन । पुरानो ढर्राले चल्नेवाला छैन । जबसम्म पार्टीहरूमा परिवर्तन आउँदैन, हाम्रो समाज या व्यवस्था बदलिदैन ।

सबै कुरा नकारात्मक मात्र छन भनेर नकराऊँ । हामी रायमाझी आयोगको प्रतिवेदन कार्यान्वयनमा जोड गरौं । त्यसमा दोषी किटान गरिएकाहरूलाई कारवाही गरौं । जसले परिवर्तनको अनुभूति पनि दिनेछ । हामीले दबाब नदिने हो भने त्यो कार्यान्वयन हुने नहुने ठेगान छैन । कार्यान्वयनका लागि कानुन बनाउने प्रतिबद्धता राजनीतिक तहबाट आए राम्रो हुने थियो । अब हामीले नयाँ ढंगले सोच्नुपर्छ, राजनीतिक दलहरूले परिवर्तन गर्न चाहेनन् भने हामीले के गर्ने भनेर ? हाम्रो भूमिकाले मात्रै त सबै कुरा सुधिँदैन । त्यसैले अहिले जे-जति तथ्य आएको छ त्यसको आधारमा कारवाही गरौं भनेर सुझाव दिऊँ । खासगरी रायमाझी प्रतिवेदनको पूरै आलोचना नगरौं । केही पनि नहुने वातावरण नबनाउँ । यस्तो संक्रमणमा कस्ले पूरै चाहे जस्तो काम गर्न सक्छ ? गोपालजी जस्ता बुद्धिजीवीले

परिस्थितिको जटिलतालाई बुझ्न सक्नुपर्दछ। अब फेरि अर्को आयोग भनेर हुँदैन। कति वटा आयोग खडा गर्दै जाने ? आयोग नै आयोगको लर्को देखिन्छ। काम गरौं र, मानव अधिकार सुदृढ गरौं।

१० वर्षको द्वन्द्व नै सात दल र माओवादी सिद्धान्तबीचको हो। राजा त बीचमा आएका मात्रै हुन। यथार्थमा द्वन्द्व प्रतिस्पर्धात्मक संसदीय बहुदलीय व्यवस्था मान्ने र त्यसबाट आमूल परिवर्तन सम्भव हुँदैन भनेर त्यसलाई ध्वंस गर्न अगाडि बढेका बीचमा भएको हो। त्यही द्वन्द्वमा खेल्दै-मौका पाएर राजाले निरंकुशता चलाए। त्यो टिकेन। गयो। तर द्वन्द्व सकिएन। यो सैद्धान्तिक पक्ष नकेलाई अहिलेको सम्झौतालाई विश्लेषण गर्न सकिँदैन। आखिर सात दल संविधानसभामा जान्छु भनेर तयार भएका हुन, उनीहरूले सिद्धान्त छोडेका छैनन्। सिद्धान्त त बहुदलीय प्रतिस्पर्धा, मानवअधिकार र कानुनको शासन नै मान्छौं भनिएको छ।

**इन्दु पन्त, केयर नेपाल**

शान्ति सम्झौतामा महिला अधिकारको पक्ष ज्यादै कमजोर छ। महिला विरुद्धको अपराधको कारबाहीको विषयमा गम्भीर हुनुपर्दछ। मानव अधिकारको सन्दर्भले मात्र पुग्दैन। महिलाहरू द्वन्द्वमा बढी पीडित छन्। उनीहरूको समस्या धेरै छ। त्यसैले महिलाको परिप्रेक्ष्यबाट पनि शान्ति सम्झौताको विश्लेषण जरुरी छ।

**बाबुराम गिरी, मानवअधिकारकर्मी**

कुनै पनि काम गर्ने-गराउने हाम्रो दायित्व हो। नागरिक तहबाट जति दबाब दिन सकिन्छ, त्यति नेतृत्व काम गर्न बाध्य हुन्छ। हाम्रो शान्ति प्रक्रियामा भारत र संयुक्त राष्ट्रसंघसँग जोडिएको छ, शान्ति सम्झौताले त्यही देखाउँछ।

शान्ति सम्झौता त भयो, तर मानव अधिकारको उल्लंघनकर्तामाथि कारबाही भएन। राज्य दुरूपयोग गरी जनतामाथि गोली वर्साउनेहरू ढुक्कसँग हिँडडुल गरिरहेका छन्। जनताको दबाबमा राजाको सर्वसत्तावाद अन्त्य भयो, उनी सत्ताच्युत भए। अब उनीमाथि कारबाहीको घोषणामात्र गर्ने हो भने पनि जनतामा आशा पलाउँछ। मानव अधिकारविरुद्धको ज्यादतीको अभियोगमा राजालाई च्युत गर्नुपर्दछ। सम्झौताका-प्रतिबद्धताको पक्षमा निष्ठा गर्ने-गराउने भूमिकामा नागरिक स माज लागिरहनु आवश्यक छ।

**केशव दाहाल, अधिवक्ता**

शान्ति-सम्झौतामा मानव अधिकारका विश्वव्यापी सर्व स्वीकृत मान्यताहरूलाई समेटिएको छ। यो पालना गर्नु-गराउनु सरकार र माओवादीको दायित्व हो। यी प्रतिबद्धताहरू व्यवहारमा परिणत भए मानव अधिकारसहित लोकतान्त्रिक पद्धतिको सुनिश्चितता हुनेछ। तर कार्यान्वयनमा विश्वास गर्ने अवस्था देखिँदैन।

जहाँसम्म सत्य निरूपण तथा मेलमिलाप आयोगको कुरा छ-यसले युद्धअपराधीहरू सबैलाई क्षमा दिन्छ भन्ने हिसाबले लानु हुँदैन। अन्तर्राष्ट्रिय



फौजदारी अदालत र रोम विधानप्रति राष्ट्रको प्रतिबद्धता भएपछि युद्ध होस् या सामान्य अवस्था-मानवताविरोधी जतिलाई कारबाहीका लागि मुद्दा चलाउनै पर्दछ।

अर्कोतर्फ हामी विश्वव्यापार संगठनको सदस्य भैसकेका छौं। त्यसका वाध्यता पनि छन। जागिर-काम, स्वास्थ्य र शिक्षा जस्ता विषय मौलिक हकका रूपमा रहन खोज्दा थप समस्या पैदा हुनसक्छ। व्यक्तिगत स्वतन्त्रता, सम्पत्तिको स्वतन्त्रता जस्ता विषय पनि छन। त्यसैले यस्ता प्रतिबद्धताहरू गर्दा अन्तर्राष्ट्रिय बाध्यताहरू पनि हेर्नुपर्छ।

**विष्णुपुकार श्रेष्ठ, मानवअधिकारकर्मी**

शान्ति सम्झौतामा मानव अधिकारको पक्ष केलाउन यो कार्यक्रम भइरहँदा एउटा कुरा भन्नैपर्ने हुन्छ-शान्ति सम्झौताको राजा ज्ञानेन्द्रले समेत स्वागत गरेका हुन्। यो सम्झौता नै हो। यसले दिनदिनै मानिस मार्ने-मर्ने कुरा रोकियो। यत्ति हो। थप्नु पर्ने कुरा धेरै छैन। अझ व्यवहारमा बदल्ने पक्ष त झन व्यापक छ।

यो कार्यपत्रमा सबै समेट्न सम्भव पनि नहोला। तर एउटा विषय भने थप्नै पर्दछ। त्यो के हो भने-समाज बदल्न गरिने सशस्त्र विद्रोहलाई कसरी हेर्ने ? त्यो विद्रोहको गतिविधिलाई कसरी मूल्यांकन गर्ने ? अपराधिक कार्य भन्ने वा समाज परिवर्तन गर्न अपरिहार्य उपाय मान्ने ? नेपालको सन्दर्भमा पटक-पटक विद्रोह भएको छ। ००७ सालदेखि अहिलेसम्म हतियारबन्द विद्रोह थुप्रै भए। मानव अधिकारको प्रत्याभूतिका सन्दर्भमा यो पक्षको सैद्धान्तिक विवेचना हुनु जरुरी छ। यसबाट 'सम्झौता'बारे दृष्टिकोण बनाउन मद्दत पुग्दछ।

आखिर यो सम्झौता न हो। चिन्तनमा परिवर्तन नभएकोले नै यस्तो सम्झौतामा पुग्नु परेको हो। यसमा भएका सकारात्मक कुरालाई उपयोग गर्दै परिवर्तनका लागि लागि राख्ने भूमिका नै हाम्रो हो। हाम्रो भूमिका के हुने भन्ने कुरा अवधारणामा थप्ने हो भने- मलाई लाग्छ, हाम्रो भूमिका भनेको सामाजिक परिवर्तनका लागि प्राप्त उपलब्धिलाई उपयोग गर्दै बढीका लागि लागिरहने नै हो। त्यो बढी के-के हो, यसअगाडि नै आइसक्यो। गणतन्त्र होला, दण्डहीनताको अन्त्य होला, विद्रोह गर्नै नपर्ने परिस्थिति निर्माण होला, यस्ता थुप्रै सकारात्मक परिवर्तनका विषयलाई दलहरूको जिम्मामा मात्र छोड्ने हो भने त्यो सम्भव छैन। अवधारणामा प्रवृत्ति र घटनाहरूको विश्लेषण भइदिएको भए राम्रो हुन्थ्यो। त्यो पनि जरुरी छ। त्यसले कमजोरी खुट्याउन र सुधारमा लाग्न मद्दत पुग्दछ।

अनि समाज परिवर्तन गर्न सशस्त्र विद्रोहले के योगदान दियो भन्ने पाटोलाई कसरी हेर्ने भनेर चिन्तनजीको अवधारणाले ध्यान दिएको देखिएन। सशस्त्र द्वन्द्वपछि पनि हाम्रो चिन्तनमा परिवर्तन आएन भन्ने लागेको छ।

हाम्रो भूमिका पाएको उपलब्धिको उपयोग गर्दै परिवर्तनका लागि लागिरहने हुनुपर्छ।

**डा. शिवराज लोहनी, अर्थशास्त्री**

शान्ति सम्झौता त भयो, तर यसप्रति जनतालाई कति सचेत गराइएको छ ? हामीले जनतालाई शिक्षित हुने मौका दिनुपर्छ। अनि मात्र अधिकार रक्षाका लागि जागरुक नागरिकको बहुलता हुनेछ।

मानव विकासको दृष्टिले शान्ति सम्झौतालाई हेरिनुपर्छ। यसले नेपालीको आत्मसम्मानलाई कतिको ध्यान दिएको छ भनेर केलाउनु जरुरी छ। हामीले 'राइटबेस अप्रोच'बाट विश्लेषण गरौं। एउटा सक्षम नागरिक नै लोकतन्त्रको पहरेदार हो। व्यक्तिलाई अधिकार सम्पन्न बनाउनेमा सम्झौताहरू केन्द्रित हुनु जरुरी छ।

**नुतन थपलिया, मानवअधिकारकर्मी**

शान्ति सम्झौता भयो, यो सकारात्मक कुरा हो। तर यसको कार्यान्वयन मूल कुरा हो। तसर्थ अब यसको कार्यान्वयनको पक्ष बलियो पार्नेतिर हाम्रो ध्यान जानु पर्छ।

नेपाल विश्व व्यापार संगठनको सदस्य भइसकेको छ। यसलाई समेत ध्यानमा राखेर हामीले सम्झौतालाई मानवअधिकारको दृष्टिमा हेर्नुपर्दछ। यसरी हेर्दा के राज्यले सबैलाई काम दिन सक्छ ? रोजगारीको अधिकारलाई मौलिक हकको रूपमा राख्न खोज्दा यो प्रश्न सँगसँगै आउनुपर्छ। अदालतमा गएर आदेश गराउँदैमा पनि मौलिक हक प्रचलनमा ल्याउन सकिँदो रहेनछ। कामको अधिकार सुरक्षित पार्न राज्य सक्षम हुनुपर्दछ। संविधान वा यस्ता सम्झौतामा राख्दैमा सबैलाई काम दिन सक्छ राज्यले ? स्वास्थ्य उपचारको सवाल पनि छ। यी मानव अधिकारका पछिल्लो विकासका आयाम हुन र, यी अधिकारको प्रत्याभूति नगरी सुख पनि छैन। तर यसमा व्यावहारिकता बिर्सन मिल्दैन। राज्यको लक्ष्य भने यी अधिकार सुनिश्चित गर्ने नै हुनुपर्छ। नत्र तत्कालीन सोभियत संघको संविधान जस्तो हुनेछ। कामको अधिकार छ, दिनै पर्‍यो तर काम छैन। अनि एक जनाले गर्ने काममा ३ जनासम्म राख्यो। तलब बाँडेर दियो। आखिर त्यसले त झन समस्या बढायो। उत्पादन पनि बढेन। असन्तोष पनि हटेन।

दण्डहीनताको अन्त्य गर्न यससम्बन्धी कानुन नै चाहिन्छ। पीडितले न्याय पाउने र दोषीले उन्मुक्ति नपाउने वातावरण बनाउन प्रष्ट कानुनी संयन्त्र आवश्यक छ। यसैगरी अन्तर्राष्ट्रिय फौज्दारी अदालतसम्बन्धी अनुबन्धको अनुमोदन पनि जरुरी छ। सत्य निरूपण तथा मेलमिलाप आयोगले सत्य पत्ता लगाउने हो, क्षमादान दिने मात्र होइन। कारबाही गर्ने पक्षलाई कडाईका साथ लाग्न दबाव दिनैपर्छ। क्षमादान दिनु पनि रेकर्डमा राख्नु हो। मानवता विरोधी कार्यको रेकर्डमा रहनु पनि एक किसिमले कारबाही नै हो।

**सिन्धुनाथ प्याकुरेल, वरिष्ठ अधिवक्ता**

शान्ति सम्झौताको आलोचना मात्र गरेर हुँदैन, त्यसभित्र सकारात्मक तत्वहरू पनि छन्। त्यसको कार्यान्वयन हाम्रो क्रियाशीलता र सजगतामा भर पर्छ। हामीले पार्टीहरूलाई गम्भीर बनाउनुपर्छ। झकझकाइ राख्नु पर्दछ।



शान्ति सम्झौताको प्राथमिकता मानवअधिकोको संरक्षण होइन कि राजनीतिक दर्शनबीचको द्वन्द्व निरूपण गर्नु हो। अहिले ध्यान दिनुपर्ने पहिलो कुरा भनेकै राजनीतिक व्यवस्थापन हो। अरू तपसिलका कुरा हुन्। राजनीतिक व्यवस्थापनमा अन्तरिम संविधान त एउटा सूचकमात्र बन्न सक्छ। यसैमा सबै कुरा आउन पनि सक्दैन। विस्तृत कुरा त पछि बन्ने संविधानमा राख्नु पर्दछ। त्यसका लागि जनतालाई जागरुक पार्नुपर्दछ। त्यसैले अहिले जे-जति भएको छ, त्यसलाई सकारात्मक मान्दै थप विस्तार गर्न हामी जुट्नु पर्दछ।

**चिरञ्जीवी काफ्ले, पत्रकार**

शान्ति सम्झौता ऐतिहासिक हो, यो आफैंमा अग्रगमन होइन। चिन्तनजीको अवधारणामा शान्ति सम्झौता गर्दा के-केमा चुकियो भन्ने उल्लेख छैन। चुकेको कुरामा ध्यान दिलाउन हामीले निरन्तर दबाब सिर्जना गर्नुपर्छ।

**केशवसिंह ठकुरी**

रायमाझी आयोगले पछि कानुन बनाएर भए पनि दोषीलाई कारबाही गर्नु भनी सिफारिस गरेको सुनिन्छ। यस्तो पारदर्शी कानुन बनाउन सकिन्छ, सकिँदैन ? मानवअधिकारका दृष्टिमा पछि बन्ने कानुनले अघिल्लो घटनामा कसैलाई दोषी बनाउन मिल्छ, मिल्दैन ? यो प्रश्नको जवाफ पाए हुने थियो। यसबीचमा मानव अधिकारको परिपालना बसरी सबल हुनसक्ला ?

**अवधारणामाथि उठेका प्रश्नको जवाफ दिँदै गोपाल सिवाकोटी चिन्तन**

मैले यसलाई कानुनी रूपमा काइते भाषा प्रयोग गरी ऐतिहासिक 'मान्नुपर्ने हुन्छ' भनेर राखेको हुँ। चिरञ्जीवीजीले भनेपछि म यो यो चुकेकै छ भनेर राख्न तयार छु। विष्णु पुकार सरले राजालाई पनि मन पर्ने कस्तो राम्रो सम्झौता भन्नुभयो, यो भनेको अग्रगामी होइन भनेर आधिकारिक रूपमा उतैबाट आएकाले अग्रगामी शब्द झिक्न तयार। शम्भु थापालगायतका केही साथीले यतिबाट थालौं न भन्नुभयो, पुगेन भन्नुको अर्थ थाल्दै नथाल्नु भन्ने होइन। जति आएको छ त्यो कार्यान्वयन गर्ने/गराउने नै हो। किन त्यतिमात्र ०१७ सालको खोजिरहेका छौं, मल्लिक आयोगको प्रतिवेदन हामीले नै जीवित राखिरहेका छौं। भएको पाएकालाई उपयोग गर्दै बाँकीका लागि लडिरहने हो हामीले। अनन्तकालसम्म लडिरहने लडाइँ मानव अधिकार आन्दोलन नै हो।

महिलाका कुरा कति पर्याप्त छ त यसमा भन्ने कुरा आयो। पर्याप्त त छैन, तर मानव अधिकार भन्नाले सबै पर्ने भएकाले जम्मै त्यसमा आउँछ। महिलालाई बालबालिकासँगै राख्ने चलन चलिआएकाले यहाँ त्यही गरिएको छ। महिला, बालबालिकामाथि हुने शोषण हटाउनुपर्छ भन्ने कुरा छ। कति कुरा सम्झौतामै आउनुपर्ने थियो। बाबुरामजीले भन्नुभएको कुरामा म सहमत छु।

रूपान्तरणका लागि सशस्त्र विद्रोहको भूमिका के होभन्दा राजनीतिक रूपमा यसको ज्यादै ठूलो भूमिका हुने रहेछ। नभए दल या हामीहरू संविधानसभा, गणतन्त्र

या राजाबिना पनि देश चल्छ भन्नेमा पुग्न (त्यही सात दलले चलाएको संसदीय पाराले) अरू १०० वर्ष लाग्थ्यो होला। धेरै कुरा छन्। सशस्त्र विद्रोह गर्न नपरी परिवर्तनको बाटोमा हिँड्न पाए हुन्थ्यो भन्ने हाम्रो जमात हो, हामीले यतातिरै बढी जोड दिएको न हो। नभए युद्ध, सशस्त्र विद्रोह, लडाइँ हुन्छ, त्यसो नगरी परिवर्तन हुँदैन, इतिहासनै युद्धको हो नि। नेपालको परिप्रेक्ष्यमा कति उपलब्धि भयो त भनेर हेर्न चाहिँ लामो राजनीतिक समीक्षा आवश्यक पर्छ। शान्ति आयो, सशस्त्र विद्रोहले ठूलो परिवर्तन ल्यायो भन्ने निष्कर्षमा सबै पुगेका छन्, हामीमात्र होइन। नेपालको सन्दर्भमा यसलाई आउने दिनमा चर्चामा लानुपर्छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा केही सीप लागेन, अन्याय र अत्याचारविरुद्धमा शान्तिपूर्ण रूपमा गरेका कुनै पनि कुरा काम लागेन भने मानिसहरू हतियार बोक्न बाध्य हुन्छन्, त्यो बाध्यता नहोस् भनेर सबैलाई समान रूपमा मानव अधिकार भनिएको हो भनिएको छ। अरूले भन्दा होइन भन्छन्, माओवादीले चाहिँ त्यहाँ लेखिएकाले हामीले जनयुद्ध सुरु गरेको हो भनेका छन्। यसर्थ दुवै किसिमले मानव अधिकारको विश्वव्यापी घोषणापत्रको व्याख्या गर्न सकिन्छ। लोहनी सरले केही कुरा भन्नुभयो। यो सम्झौतामा जति कुरा लेखिएको छ नि -आर्थिक, सामाजिक, शिक्षा, स्वास्थ्यलगायतका विकासको अधिकारलाई मौलिक अधिकार- यो सबैभन्दा ठूलो उपलब्धि हो। यसलाई हामीले संविधानमा लिपिबद्ध गरेर नुतन दाइले भनेझैं अदालतमा गएर कार्यान्वयन गराउन सक्ने बाटोमा हिँड्यौं भने सबैभन्दा उपलब्धि हुनेछ। यहाँ नआएका कुरा पनि त्यसैमा तानिएर आउनेछन्, यसो गर्न सके। यसलाई लिपिबद्ध गर्न सक्छौं कि सक्दैनौं ? वास्तवमा शंका छन्। अघि नै कुरा आयो-संविधानको मस्यौदामा के भनिएको थियो, पारित गर्ने बेलामा के मा लडाइँ गरिरहेका छन्। सात महिनाअघि हामी कहाँ पुगौंला भनेर हिँडेका थियौं, अहिले कति ओरालो लागेका छौं भनेर हेर्नु जरुरी छ।

तर, 'राइट बेस एप्रोच' को आधारमा पनि हेर्नु जरुरी छ, यो अवधारणाबाट हेर्दा सार्वजनिक सेवा (सरकारले जुत्ता बनाएर हिँड्नु पर्दैन) खानेपानी, विद्युत्, स्वास्थ्य, शिक्षा, दूरसञ्चार जस्तो कुरा राज्यको नेतृत्वमा निजी क्षेत्रलाई चाहिन्छ भने ल्याए हुन्छ। यहाँचाहिँ निजी क्षेत्रलाई अरबौंको लाखमा बेच्ने, निजी क्षेत्र कुनै काम नलाग्ने, भ्रष्ट विदेशी कम्पनी ल्याएर थुपार्नु पर्ने देखिएको छ। निजीकरणका नाममा विश्वमा के-के भएका छन् भनेर हामीले देखेकै छौं। सामाजिक-आर्थिक विकासमा जाने भनेकै देशभित्र उपलब्ध स्रोत र साधनलाई पहिलो प्राथमिकता दिने हो। त्यो अवसर हामीले पाएका छैनौं, निजीकरणका सवालमा हाम्रो चासो यही हो। सिन्धु दाइले भनेको कुरामा जाँदा भएको कुरामा सन्तोष गरेर हिँड्नु त पर्छ नै। तर कार्यान्वयन पर्खने हो भने कार्यान्वयन गर्ने कस्ता छन् भनेर हामीले भोगेकै हो-यिनै -बिष्ट हुन। तसर्थ लेखाइमै बिग्रेपछि गराईमा कति बिग्रन्छ, बिग्रन्छ। यहाँ लेखाइ नै बिग्रिरहेको छ। लेख्दा हुने कुरा किन नलेखेको। हिजो सबैले गणतन्त्रमा जाने भनेका हुन, आज किन (कानुन पढेको मानिसले कुरा बुझ्दैनौं र) राजतन्त्र रहने चाल हो। राजतन्त्र रहन्छ रहन्छ भनेर मै ग्यारेन्टी गर्न सक्छु, मुलुक यो स्थितिमा छ। भएका उपलब्धिबाट अगाडि बढ्ने हो, तर शान्ति सम्झौतामा चित्त बुझाएर बस्यौं भने कुरा



बिग्रन्छ। भएका राम्रा कुराको उपलब्धिका लागि लडिरहने हो, नपुग कुराका लागि राजनीतिक दबाब दिइरहनुपर्छ, त्यो राजनीतिक दलबाट नहुने भएकाले हामीले नै दिने हो। आजको छलफल पनि त्यसैको सिलसिला हो।

राजनीतिक र मानव अधिकार आन्दोलनमा लाग्नेहरूको विषयमा छुट्ट्याउनु पर्छ। राजनीतिक आन्दोलनमा लागेकाको सीमित समयमा उद्देश्य पूरा हुन्छन्, हामी मानव अधिकार आन्दोलनमा लागेकाले उनीहरूले नगरेको काम गराउन लडिरहनुपर्छ र हामीले गर्ने मानव अधिकार आन्दोलनलाई पनि निरन्तरता दिइरहनुपर्छ। राजनीतिक र मानव अधिकार आन्दोलन एक अर्काका पूरक पनि हुन, फरक पनि हुन्। उनीहरू विसर्जन गर्न लाग्लान्, तर हामी मानव अधिकारकर्मी विसर्जन गर्न लाग्नुपर्छ भन्ने छैन।

*'मानव अधिकार उल्लंघन-युद्धअपराध र मानवताविरोधी अपराध गर्नेका हकमा जस्तो कानुन बनाउँदा सजाय गर्न सकिन्छ त्यस्तै बनाउनुपर्छ। सबैलाई विनापूर्पक्ष टुँडिखेलमा लगेर गोली ठोक्ने भनेको होइन। अन्तर्राष्ट्रिय मानव अधिकार, मानवीय कानुन, अन्तर्राष्ट्रिय फौजदारी अभियानको विधानका मान्यताका आधारमा दोषी प्रमाणित भएपछि सजाय गर्ने हो। त्यो बाटोमा हामी हिँड्दै हिँडेनौं। अन्तर्राष्ट्रिय कानुन र अभ्यास भनेकै कानुन बनाएर सजाय गर्ने हो'*

संविधानसभाको कुरा छ। यस्तै सम्झौता, सहमति र यही पारा हुने हो भने संविधानसभालाई अचुक मन्त्र नसम्झौं। विश्वमा संविधानसभाले प्रतिगामी संविधान पनि बनाएको छ। अहिले यसलाई जुन गायत्री मन्त्रको रूपमा बेच्ने काम भएको छ, तर संविधानसभा कस्तो हुने, को को हुने, म्यान्डेट के हुने चाहिँ अहिलेसम्म अत्तोपत्तो छैन। म्यान्डेट राजतन्त्र राख्नेतिर जान लागिसक्यो। यी कुरामा प्रस्ट नभए संविधानसभा संविधानसभा भन्यो त्यही ०४७ मा लगेर जाकीदिनबेर छैन। यी कुरालाई ६ महिनापछि गर्ने होइन, समानान्तर रूपमा लाने हो। केशवजीले भन्नुभएझै मानव अधिकार उल्लंघन-युद्धअपराध र मानवताविरोधी अपराध गर्नेका हकमा जस्तो कानुन बनाउँदा सजाय गर्न सकिन्छ त्यस्तै बनाउनुपर्छ। सबैलाई विनापूर्पक्ष टुँडिखेलमा लगेर गोली ठोक्ने भनेको होइन। अन्तर्राष्ट्रिय मानव अधिकार, मानवीय कानुन, अन्तर्राष्ट्रिय फौजदारी अभियानको विधानका मान्यताका आधारमा दोषी प्रमाणित भएपछि सजाय गर्ने हो। त्यो बाटोमा हामी हिँड्दै हिँडेनौं। अन्तर्राष्ट्रिय कानुन र अभ्यास भनेकै कानुन बनाएर सजाय गर्ने हो। सामान्य नागरिकले अपराध गरेबापत पछि कानुन बनाएर सजाय गर्न नपाइने फौजदारी न्यायको सिद्धान्त छ। तर त्यो सत्तामा बसेर राज्यसत्ताको दुरूपयोग गर्ने या अपराध गर्नेका हकमा चाहिँ त्यो होइन। तसर्थ कानुन बनाएर अगाडि जानुपर्छ, कानुन नबनाई पनि अगाडि बढ्न सकिन्छ। तपाईंले सोधेको प्रश्नमा अहिले भएकै

कानुनअन्तर्गत सजाय गर्न सकिन्छ, तर पर्याप्त हुँदैन । कमल थापाहरूलाई अहिलेकै मुलुकी ऐनअनुसार बकाइँदा ज्यान मुद्दा चलाउन सकिन्छ, यातना/क्षतिपूर्तिसम्बन्धी ऐनअन्तर्गत मुद्दा चलाउन सकिन्छ । तर आदेश दिँदै हिँड्ने सुरक्षा प्रमुखलाई अहिलेको कानुनले 'असल नियतले काम गर्दा छातीमै गोली लागेर मरे पनि केही नहुने' भनेर जोगाएको छ । यस्ता-यस्ता ऐन छ, त्यसलाई फेर्न पर्छ अब । राजा राष्ट्रप्रमुख भएर गोली हान्ने आदेश दियो भने त्यो राजालाई मुलुकी ऐनअनुसार सजाय हुन्छ भन्ने छैन, यसर्थ नयाँ कानुन चाहियो । भएका कानुनले पुगे ठीकै छ, नभएको अवस्थामा नयाँ बनाउने कुरा हो । यस्तै-यस्तै गर्दै अगाडि जानुपर्छ । शान्ति सम्झौतामा धेरै राम्रा कुरा छन, तिनको पालना गर्नुपर्छ ।

अर्जेन्टिनालगायत विश्वमा जति पनि यस्ता कुरा भएका छन् तिनको रिपोर्ट मैले हेर्न पाएको छु । मानव आधिकारको उल्लंघन या दुरूपयोग गर्ने अर्थात शक्तिको कुरा (तुलसी गिरी, कमल थापालगायत) का अनुहार हेर्नुस् न त्यो प्रवृत्ति हो । तिनलाई सँगसँगै लिएर संविधानसभामा जाने, संसद्मा पनि जाने कुराले लोकतन्त्र टिक्नेवाला छैन, मलाई माफ गर्नुहोला । विश्वमै यस्तो भएको छैन । अपराधीहरूलाई जेलमा हालेर लोकतन्त्र, मानव अधिकार र शान्तिकामीलाई मात्र सँगै लिएर हिँड्ने हो । कस्ता-कस्ता मानिसले संविधानसभामा भाग लिन नपाउने भन्ने कुरा शान्ति सम्झौतामा आउनुपर्ने थियो । यो बहसको रूपमा आएको छ, बहस गर्दै जाऊ । यो कार्यपत्रले पूर्णता पाएपछि छलफलका लागि उपलब्ध हुने नै छ ।

**बहस अन्त्य गर्दै सहजकर्ता तारानाथ दाहाल**

गोपालजीलगायत आजको छलफलमा भाग लिने सबै १३ जना साथीहरूलाई हार्दिक धन्यवाद । अरू सहभागी साथीहरूलाई पनि विशेष धन्यवाद । यहाँ आएका विचारहरूमा अझै समान सहमति नभएको हुन सक्छ, तर आ-आफ्नो ठाउँबाट उठेका सबै विषयहरू महत्वपूर्ण छन् । यी विषयहरूमाथि थप बहस र छलफल जरुरी छ, त्यो किन भने मानव अधिकारको संरक्षण र सम्बर्द्धन व्यावहारिक रूपमै हुन निरन्तर सजगताको भूमिका निभाउने जमात यही हो । यसले निरन्तर लड्ने क्षमता राखेन भने शान्ति सम्झौतामा लेखिएका कुरा कार्यान्वयन हुने छैनन्, शान्ति सम्झौतमा छुटेका कुराहरू थप्न या विस्तार गर्न असम्भव नै हुन्छ ।

हामीले यसको विभिन्न आयामहरूमाथि विषयगत विवेचना हुन सकोस् भन्ने उद्देश्यले यो कार्यक्रम आयोजना गरेका थियौं, एक हदसम्म हामी सफल भएका छौं । यहाँ प्रस्तुत कार्यपत्रलाई केही पूर्णता दिनुपर्ने भनी गोपालजीले मनन गर्नुभएको विषय राखेर उहाँले कार्यक्रम हामीलाई दिनु हुनेछ । हामीले प्रत्येक छलफलको मनोग्राफ छापिराखेका छौं, यहाँहरू धेरैले पढ्नु भइसकेको छ । १३ वटा छलफलको मनोग्राफ यसअघि नै 'समावेशी लोकतन्त्र' शीर्षकमा निकाली सकेका छौं । अहिले सात वटा मनोग्राफ छाप्दैछौं, यो विषयलाई पनि मनोग्राफका रूपमा आमनागरिकलाई बहसमा उतार्न बाहिर ल्याउने छौं । यो कार्यक्रमको चरित्र नै सस्तो प्रचार या समाचारका लागि गरिरहेका छैनौं, हाम्रो छलफल पूर्णत बौद्धिक हो । यहाँ



आएका कुराहरूको निरूपण हामीले गरिरहेका छैनौं, निरूपणका लागि जनतामा पुऱ्याउने काम गरिरहेका छौं । यो अभियानमा यहाँहरूको साथको अपेक्षा गर्दछु ।

हाम्रो अर्को बहस 'शान्ति सम्झौताले लक्षित गरेको आर्थिक-सामाजिक रूपान्तरण' बारे गर्नेछौं, जहाँ आज उठेका धेरै विषय छलफल हुनेछ । त्यो कार्यक्रममा यहाँहरूलाई निम्तो गर्दछु । शान्ति सम्झौतामा छलफल गर्नुपर्ने अरू पनि विषय उठे, जस्तै महिलाकै । मानव अधिकारको आँखाबाट मात्र नहेरी अरू वर्गको बारेमा पनि विवेचना गर्नुपर्छ कि भन्ने लागेमा त्यसमा पनि छलफल गर्नेछौ । हुन त यसअघि समावेशीको दृष्टिमा ती विषयमा छलफल गरिसकेका छौं । अन्तरिम संविधान जन्मन गाह्रो भइरहेको छ, जन्मने आधार यही हो । तसर्थ आधारलाई चिराफारा गर्दै जाउँ, त्यो ढिलो भयो भने पनि पूर्ण बनाउन सहयोग पुग्नेछ ।

◆◆

*नेपाल सरकार-माओवादीबीच २०६३ मंसिर ५ मा भएको विस्तृत शान्ति सम्झौता सान्दर्भिकताका लागि समावेश गरिएको छ । सो सम्झौतामा नेपाल सरकारका तर्फबाट प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र माओवादीका तर्फबाट अध्यक्ष प्रचण्डले हस्ताक्षर गर्नुभएको थियो । -सं.*

# विस्तृत शान्ति सम्झौता

**प्रस्तावना**

*नेपाली जनताले २००७ साल पहिलेदेखि हालसम्म पटकपटक गर्दै आएका ऐतिहासिक संघर्ष र जनआन्दोलनमार्फत लोकतन्त्र, शान्ति र अग्रगमनका पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्दै, सात राजनीतिक दल र नेकपा (माओवादी) बीच सम्पन्न १२ बुँदे समझदारी, ८ बुँदे सहमति, नेपाल सरकार र नेकपा (माओवादी) बीच सम्पन्न २५ बुँदे आचारसंहिता, २०६३ साल कात्तिक २२ गते सात राजनीतिक दल र नेकपा माओवादीका शीर्ष नेताहरूको बैठकका निर्णयहरूलगायत नेपाल सरकार र नेकपा (माओवादी) बीच सम्पन्न सबै सम्झौता, सहमति, आचारसंहिता र संयुक्त राष्ट्रसंघलाई प्रेषित समान धारणाको पत्राचारप्रति पूर्ण प्रतिबद्धताको पुनर्पुष्टि गर्दै, देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक समस्याहरूलाई समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्ने संकल्प गर्दै, प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, पूर्ण प्रेस स्वतन्त्रता तथा कानुनी राज्यको अवधारणालगायत लोकतान्त्रिक मूल्य मान्यताप्रतिको पूर्ण प्रतिबद्धतालाई दोहोऱ्याउँदै, मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानुन तथा मानव अधिकारसम्बन्धी आधारभूत सिद्धान्त र मान्यताहरूप्रति प्रतिबद्ध रहँदै, स्वतन्त्र, निष्पक्ष र भयमुक्त वातावरणमा संविधानसभाको निर्वाचनमा सहभागी हुन पाउने नेपाली जनताको आधारभूत अधिकारको प्रत्याभूति गर्दै, लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी आर्थिक-सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, अखण्डता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्दै, २०६४ साल जेठ महिनाभित्र स्वतन्त्र र निष्पक्ष रूपले संविधानसभाको निर्वाचन सम्पन्न गर्ने प्रतिबद्धतालाई कार्यान्वयन गर्ने दृढता व्यक्त गर्दै, संविधानसभामार्फत नेपाली जनताको सार्वभौमसत्ताको सुनिश्चितता, अग्रगामी राजनीतिक निकास, राज्यको लोकतान्त्रिक पुनर्संरचना र आर्थिक-सामाजिक-सांस्कृतिक रूपान्तरण गर्न दुवै पक्षबीच भएको राजनीतिक सहमतिका आधारमा देशमा २०५२ सालदेखि चल्दै आएको सशस्त्र द्वन्द्वलाई अन्त्य गरी शान्तिपूर्ण सहकार्यको नयाँ अध्याय प्रारम्भ भएको घोषणा गर्दै, नेपाल सरकार र नेकपा ( माओवादी) का बीच भएको युद्धविरामलाई दीर्घकालीन शान्तिमा परिणत गर्ने प्रतिबद्धताका साथ नेपाल सरकार र नेकपा (माओवादी) का बीच यो विस्तृत शान्ति सम्झौता सम्पन्न गरिएको छ ।*

***१. प्रारम्भिक***

*१.१ यस सम्झौताको नाम 'विस्तृत शान्ति सम्झौता, २०६३' रहेको छ । छोटकरीमा यस सम्झौतालाई शान्ति सम्झौता भनिनेछ ।*

*१.२ यो सम्झौता सरकार पक्ष र माओवादी पक्षको सार्वजनिक घोषणामार्फत आजैका मितिदेखि लागू हुनेछ ।*



*१.३ दुवै पक्षले आ-आफ्नो मातहतका सबै निकायलाई यो सम्झौता तत्काल कार्यान्वयन तथा पालना गर्न आवश्यक निर्देशन जारी गर्नेछन् र कार्यान्वयन गर्ने गराउने छन् ।*

*१.४ अनुसूचीमा संलग्न सात राजनीतिक दल, सरकार र माओवादी पक्षबीच भएका सबै सहमति, समझदारी, आचारसंहिता र निर्णयहरू यस सम्झौताको अभिन्न अङ्ग मानिने छन् ।*

*१.५ यो सम्झौता कार्यान्वयन गर्न आवश्यकताअनुसार पछि गरिने सहमति र सम्झौताहरू पनि यसैका अंग मानिने छन् ।*

*२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस सम्झौतामा :-*

*(क) 'युद्धविराम' भन्नाले नेपाल सरकार तथा नेकपा (माओवादी) बीच एक-अर्कालाई लक्षित गरी गरिने सबै प्रकारका आक्रमण, अपहरण, बेपत्ता, थुनछेक, सशस्त्र बलहरूको परिचालन, सुदृढीकरण, आक्रामक एवं हिंसात्मक कारबाही तथा जुनसुकै माध्यमबाट समाजमा विध्वंश फैलाउने, उत्तेजित पार्ने एवम् भड्काउने क्रियाकलाप निषेध गर्ने कार्यलाई जनाउँछ ।*

*(ख) 'अन्तरिम संविधान' भन्नाले संविधानसभाद्वारा नयाँ संविधान निर्माण भई लागू नभएसम्मको लागि जारी गरिने 'नेपालको अन्तरिम संविधान २०६३' लाई जनाउँछ ।*

*(ग) 'अन्तरिम मन्त्रिपरिषद्' भन्नाले अन्तरिम संविधानबमोजिम गठन हुने 'अन्तरिम मन्त्रिपरिषद्' लाई जनाउँछ ।*

*(घ) 'दुवै पक्ष' भन्नाले नेपाल सरकार पक्ष र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) पक्षलाई जनाउँछ ।*

*(ङ) 'प्रचलित कानुन' भन्नाले नेपालको अन्तरिम संविधान २०६३ र यससँग नबाझिएका प्रचलित नेपाल कानुनलाई जनाउँछ । तर यस परिभाषाले अन्तरिम संविधान २०६३ जारी हुनु अघिको कानुनी व्यवस्थालाई बाधा पुऱ्याउने छैन ।*

*(च) 'प्रमाणीकरण' भन्नाले संयुक्त राष्ट्रसंघले सेना, लडाकु र हतियारको प्रमाणीकरण गरी यथार्थ लगत तयार पार्ने विषयलाई जनाउँछ ।*

***३. राजनीतिक-आर्थिक-सामाजिक रूपान्तरण र द्वन्द्व व्यवस्थापन :***

*दुवै पक्ष देहायबमोजिम राजनीतिक- आर्थिक-सामाजिक रूपान्तरणको नीति तथा कार्यक्रम अवलम्बन गर्न र देशमा विद्यमान द्वन्द्वको सकारात्मक ढङ्गले व्यवस्थापन गर्न सहमत छन् :*

*३.१. २०६३ कात्तिक २२ गते सम्पन्न सात दल र नेकपा (माओवादी) का शीर्ष नेताहरूको बैठकका निर्णयहरू (अनुसूची-६) का आधारमा देशमा अग्रगामी राजनीतिक, आर्थिक र सामाजिक परिवर्तन सुनिश्चित गर्ने ।*

*३.२ अन्तरिम संविधानका आधारमा अन्तरिम व्यवस्थापिका -संसद् गठन गर्ने र अन्तरिम सरकारद्वारा आगामी २०६४ जेठ महिनाभित्र स्वतन्त्र र निष्पक्ष रूपमा संविधानसभाको निर्वाचन सम्पन्न गर्ने र नेपाली जनतामा अन्तरनिहित सार्वभौम सत्ताको व्यवहारिक प्रत्याभूति गर्ने ।*

*३.३ मुलुकको शासन व्यवस्थासम्बन्धी कुनै पनि अधिकार राजामा नरहने । स्वर्गीय राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूका परिवारको सम्पत्ति नेपाल सरकारको मातहतमा ल्याई ट्रष्ट बनाएर राष्ट्रहितमा प्रयोग गर्ने । राजाको हैसियतले राजा ज्ञानेन्द्रलाई प्राप्त भएका सबै सम्पत्तिहरू (जस्तै विभिन्न स्थानका दरबारहरू, वन तथा निकुञ्जहरू,*

ऐतिहासिक र पुरातात्विक महत्त्वका सम्पदाहरू आदि) राष्ट्रियकरण गर्ने। राजसंस्था कायम राख्ने या नराख्नेबारे संविधानसभाको पहिलो बैठकद्वारा साधारण बहुमतले टुंगो लगाउने।

३.४ विश्वव्यापी रूपमा स्वीकृत आधारभूत मानव अधिकार, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक प्रणाली, जनतामा निहित सार्वभौमसत्ता र जनताको सर्वोच्चता, संवैधानिक सन्तुलन र नियन्त्रण, विधिको शासन, सामाजिक न्याय र समानता, स्वतन्त्र न्यायपालिका, आवधिक निर्वाचन, नागरिक समाजको अनुगमन, पूर्ण प्रेस स्वतन्त्रता, जनताको सूचनाको अधिकार, राजनीतिक दलहरूका क्रियाकलापहरूमा पारदर्शिता र जवाफदेहिता, जनसहभागिता, निष्पक्ष, सक्षम तथा स्वच्छ प्रशासनतन्त्रका अवधारणाहरूको पूर्ण परिपालना गर्ने राजनीतिक प्रणाली अवलम्बन गर्ने।

३.५ वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदिवासी जनजाति, मधेसी, उत्पीडित, उपेक्षित र अल्पसङ्ख्यक समुदाय, पिछडिएका क्षेत्रलगायतका समस्याहरूलाई सम्बोधन गर्न राज्यको वर्तमान केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनर्संरचना गर्ने।

३.६ सामन्तवादका सबै रूपहरूको अन्त्य गर्ने आर्थिक सामाजिक रूपान्तरणको न्यूनतम साझा कार्यक्रम आपसी सहमतिले तय गरेर लागू गर्दै जाने।

३.७ सामन्ती भूस्वामित्वको अन्त्य गर्दै वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्ने नीति अवलम्बन गर्ने।

३.८ राष्ट्रिय उद्योगधन्दा र साधन स्रोतको संरक्षण र प्रवर्द्धन गर्ने नीति अनुसरण गर्ने।

३.९ शिक्षा, स्वास्थ्य, आवास, रोजगारी र खाद्य सुरक्षामा सबै नागरिकको अधिकार स्थापित गर्ने नीति लिने।

३.१० सुकुम्वासी, कमैया, हलिया, हरवाचरवालगायतका आर्थिक सामाजिक रूपले पछाडि परेका वर्गलाई जग्गालगायत आर्थिक सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति लिने।

३.११ सरकारी लाभको पदमा रहेर भ्रष्टाचार गरी अकुत सम्पत्ति आर्जन गर्नेहरूउपर कडा कारबाही गरी दण्डित गर्ने नीति लिने।

३.१२ देशको आर्थिक-सामाजिक रूपान्तरण एवं न्यायका साथै देशलाई छिटो समुन्नत र आर्थिक रूपले समृद्धशाली बनाउन एक साझा विकास अवधारणा निर्माण गर्ने।

३.१३ श्रमिकका पेसागत अधिकारको सुनिश्चितता गर्दै उद्योगधन्दा, व्यापार, निर्यात प्रवर्द्धन आदिका लागि लगानी वृद्धि गरी रोजगारी एवं आय आर्जनका अवसरहरूको व्यापक वृद्धि गर्ने नीति अनुसरण गर्ने।

## ४. सेना र हतियार व्यवस्थापन

संविधानसभाको निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न र सेनाको लोकतान्त्रिकरण तथा पुनर्संरचना गर्न विगतमा भएका बाह्रबुँदे समझदारी, आठबुँदे सहमति, पच्चीसबुँदे आचारसंहिता, संयुक्त राष्ट्रसंघलाई पठाइएको पाँचबुँदे पत्र र कात्तिक २२ गते सम्पन्न शीर्ष नेताहरूको बैठकका निर्णयहरू अनुरूप निम्न कामहरू गर्ने-

**माओवादी सेनाको सम्बन्धमा :-**

४.१. २०६३ साल साउन २४ गते नेपाल सरकार र नेकपा (माओवादी) को तर्फबाट संयुक्त राष्ट्रसंघलाई पठाइएको पत्रमा व्यक्त प्रतिबद्धताअनुसार माओवादी सेनाका लडाकुहरू निम्नलिखित स्थानहरूमा अस्थायी शिविरहरूमा सीमित रहने। संयुक्त राष्ट्रसंघद्वारा उनीहरूको प्रमाणीकरण र अनुगमन गर्ने।



**मुख्य शिविरहरू निम्न स्थानहरूमा रहनेछन्:**

१. कैलाली, २. सुर्खेत, ३. रोल्पा ४. नवलपरासी, ५. चितवन, ६. सिन्धुली, ७. इलाम
मुख्य शिविरहरू वरिपरि ३/३ वटाका दरले सहायक शिविरहरू रहनेछन्।

४.२. माओवादी सेनाका लडाकुहरू शिविरमा रहेपछि शिविरको सुरक्षार्थ चाहिने हातहतियार र गोलीगट्ठाबाहेक अन्य सबै हतियारहरू शिविरभित्रै सुरक्षित भण्डारण गर्ने र एकल ताल्चा लगाई चाबी सम्बन्धित पक्षले नै राख्ने। सो ताल्चा लगाउने प्रक्रियामा संयुक्त राष्ट्रसंघको निगरानीका लागि उसको रेकर्ड, साइरनसहितको संयन्त्र सम्मिलित गर्ने। भण्डारण गरिएका हातहतियारहरूको आवश्यक जाँच गर्नुपर्दा संयुक्त राष्ट्रसंघले सम्बन्धित पक्षको रोहवरमा गर्ने। क्यामरा अनुगमनलगायत यस सम्बन्धका अन्य विस्तृत प्राविधिक विवरण संयुक्त राष्ट्रसंघ, नेकपा (माओवादी) र नेपाल सरकारका सहमतिले तयार गर्ने।

४.३. माओवादी सेनाका लडाकुहरू अस्थायी शिविरमा बसिसकेपछि उनीहरूको रसदपानीलगायत अन्य आवश्यक व्यवस्था नेपाल सरकारले गर्ने।

४.४ माओवादी सेनाका लडाकुहरूको रेखदेख, समायोजन र पुनर्स्थापना निम्ति अन्तरिम मन्त्रिपरिषद्ले विशेष कमिटी बनाएर काम गर्ने।

४.५ माओवादी नेताहरूको सुरक्षा व्यवस्था सरकारसँगको सहमतिले गर्ने।

**नेपाली सेनाको सम्बन्धमा–**

४.६ संयुक्त राष्ट्रसंघलाई प्रेषित पत्रमा व्यक्त प्रतिबद्धताअनुसार नेपाली सेना ब्यारेकभित्र सीमित रहने। उसका हतियारहरू कसैको पनि पक्ष या विपक्षमा प्रयोग नहुने कुराको प्रत्याभूति गर्ने। माओवादी सेनाका तर्फबाट भण्डारण भएका हतियारको बराबरी संख्यामा नेपाली सेनाले पनि आफ्ना हतियारहरू सुरक्षित भण्डारण गर्ने र एकल ताल्चा लगाई चाबी सम्बन्धित पक्षले नै राख्ने। सो ताल्चा लगाउने प्रक्रियामा संयुक्त राष्ट्रसंघको निगरानीको लागि उसको रेकर्ड, साइरनसहितको संयन्त्र सम्मिलित गर्ने। भण्डारण गरिएका हातहतियारहरूको आवश्यक जाँच गर्नुपर्दा संयुक्त राष्ट्रसंघले सम्बन्धित पक्षको रोहवरमा गर्ने। क्यामरा अनुगमनलगायत यस सम्बन्धका अन्य विस्तृत प्राविधिक विवरण संयुक्त राष्ट्रसंघ, नेपाल सरकार र नेकपा (माओवादी) को सहमतिले तयार गर्ने।

४.७. नेपाली सेनाको नियन्त्रण, परिचालन र व्यवस्थापन नयाँ सैनिक ऐनबमोजिम मन्त्रिपरिषद्ले गर्ने। अन्तरिम मन्त्रिपरिषद्ले राजनीतिक सहमति र अन्तरिम व्यवस्थापिकाको सम्बन्धित समितिसमेतको सुझाव लिएर नेपाली सेनाको लोकतान्त्रीकरणको विस्तृत कार्ययोजना तर्जुमा र कार्यान्वयन गर्ने। यसअन्तर्गत नेपाली सेनाको उपयुक्त संख्या, लोकतान्त्रिक संरचना, राष्ट्रिय र समावेशी चरित्र निर्माण गर्दै लोकतन्त्र र मानव अधिकारको मूल्यद्वारा सेनालाई प्रशिक्षित गर्नेलगायतका कामहरू गर्ने।

४.८ नेपाली सेनाले गर्दै आएका सीमा सुरक्षा, आरक्ष, निकुञ्ज, बैंक, विमानस्थल, विद्युत् गृह, टेलिफोन टावर, केन्द्रीय सचिवालय, विशिष्ट व्यक्तिहरूको सुरक्षालगायतका कामहरूलाई निरन्तता दिने।

## ५. युद्धविराम

५.१ सैन्य कारबाही र सशस्त्र परिचालनको अन्त्य :

५.१.१. दुवै पक्ष देहायमा उल्लिखित कार्य नगर्ने प्रतिबद्धता व्यक्त गर्छन् :-

क) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा एक अर्कोप्रति लक्षित कुनै पनि किसिमको हात हतियारको प्रयोग वा आक्रमण गर्ने कार्य,

ख) दुवै पक्षको सहमतिले हातहतियार भण्डारण गरिएको स्थानमा हातहतियारसहित या रहित रूपमा अर्को पक्षको हातहतियार खानतलासी वा बरामदी गर्ने कार्य,

ग) कुनै व्यक्तिलाई नोक्सानी गर्ने वा मानसिक दबाब पुऱ्याउने कार्य,

घ) एक अर्कालाई लक्षित गरी धराप (एम्बुस) थाप्ने कार्य,

ङ) हत्या तथा हिंसात्मक कारबाहीहरू

च) अपहरण/पक्राउ/ थुनछेक/बेपत्ता पार्ने कार्य

छ) सार्वजनिक/निजी/सरकारी वा सैनिक सम्पत्ति नोक्सानी,

ज) हवाई आक्रमण वा बम्बारी,

झ) जमिनमुनि बारुद बिछ्याउने कार्य (माइनिङ्ग) र विध्वंसात्मक कार्य (स्याबोटेज),

ञ) एक अर्काको सैनिक गतिविधिको सुराकी गर्ने कार्य ।

५.१.२ दुवै पक्षले थप सैन्य भर्ती गर्ने छैनन् र हातहतियार, गोलीगठ्ठा तथा विस्फोटक पदार्थ ओसारपसार वा एक अर्का विरुद्ध सैनिक हर्कत गर्ने छैनन् ।

तर, अन्तर्राष्ट्रिय सीमा र भन्सार विन्दुमा हातहतियार, विस्फोटक पदार्थ वा त्यसको अंश वा कच्चा पदार्थजस्ता सामानहरू गैरकानुनी रूपमा ओसारपसार गर्ने कार्य रोक्ने सम्बन्धमा अन्तरिम सरकारले सुरक्षा निकाय परिचालन गरी गस्ती गर्न, खानतलासी गर्न वा बरामदी गर्न सक्नेछ ।

५.१.३ कुनै पनि व्यक्ति वा समूह अवैध हातहतियार, गोलीगठ्ठा र विस्फोटक पदार्थ साथमा लिई आवतजावत गर्ने छैनन् ।

५.१.४ दुवै पक्ष युद्धको समयमा प्रयोग गरिएका धराप तथा बारुदी सुरुङहरूको रेखाङ्कन, भण्डारण ३० दिनभित्र एक अर्कालाई जानकारी दिन र ६० दिनभित्र निष्क्रिय र निर्मूल गर्न एक अर्कालाई सहयोग गर्नेछन् ।

५.१.५ कुनै पनि नागरिक सभा वा राजनीतिक सभा वा सार्वजनिक कार्यक्रममा दुवै पक्षका सेना हतियार वा कम्ब्याट पोसाकसहित उपस्थित हुने छैनन् ।

५.१.६ नेपाल प्रहरी र सशस्त्र प्रहरीले जनआन्दोलन र शान्ति सम्झौताको मर्म र भावनाअनुरूप तथा प्रचलित कानुनबमोजिम कानुन व्यवस्था र शान्ति सुव्यवस्था एवं अपराध अनुसन्धानको कार्य चालू राख्नेछ ।

५.१.७ एक पक्षका सशस्त्र व्यक्तिले अर्को पक्षका सशस्त्र व्यक्तिलाई 'शत्रु' भनी सम्बोधन गर्न र व्यवहार गर्नसमेत रोक लगाउने गरी आ-आफ्ना सशस्त्र निकाय र व्यक्तिलाई परिपत्र गर्नेछन् ।

५.१.८ सशस्त्र द्वन्द्वको क्रममा कब्जा गरिएका, ताला लगाइएका वा प्रयोग गर्न नदिइएका सरकारी, सार्वजनिक, निजी भवन, जमिन तथा अन्य सम्पत्तिहरू लगत खडा गरी तत्काल फिर्ता गर्न दुवै पक्ष सहमति व्यक्त गर्छन् ।

५.२ स्थिति सामान्यीकरणका उपायहरू

५.२.१ इच्छाविपरीत तथा प्रचलित कानुन प्रतिकूल नगद तथा जिन्सी संकलन र कर असुली गर्न पाइने छैन ।

५.२.२ आफ्ना कब्जामा रहेका मानिसहरूको बारेमा जानकारी सार्वजनिक गरी १५ दिनभित्र सबैलाई मुक्त गर्न दुवै पक्ष मञ्जुर गर्छन् ।

५.२.३ दुवै पक्षद्वारा बेपत्ता पारिएका व्यक्तिहरूको तथा युद्धको समयमा मारिएकाहरूको वास्तविक नाम, थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सूचनाहरू सार्वजनिक गरी परिवारजनलाई समेत जानकारी उपलब्ध गराउन मञ्जुर गर्छन् ।



५.२.४ दुवै पक्ष सशस्त्र द्वन्द्वबाट उत्पन्न विषम परिस्थितिलाई सामान्यीकरण गर्दै समाजमा शान्ति कायम गराउन तथा युद्धबाट पीडित र विस्थापित व्यक्तिहरूको लागि राहत कार्य र पुनःस्थापन गराउन राष्ट्रिय शान्ति तथा पुनःस्थापन आयोग गठन गर्न र त्यसमार्फत यससम्बन्धी काम अगाडि बढाउन सहमत छन् ।

५.२.५ दुवै पक्ष सशस्त्र द्वन्द्वका क्रममा मानव अधिकारको गम्भीर उल्लंघन गर्ने तथा मानवताविरुद्धको अपराधमा संलग्नहरूको बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गर्न सहमत छन् ।

५.२.६ दुवै पक्ष नेपाली समाजमा लोकतन्त्र, शान्ति र अग्रगामी परिवर्तन सुनिश्चित गर्ने प्रतिबद्धताका साथ देशमा विद्यमान सबै स्वरूपका युद्ध, आक्रमण, प्रत्याक्रमण, हिंसा र प्रतिहिंसा परित्याग गर्ने प्रतिज्ञा गर्छन् । शान्ति स्थापना र शान्तिसुरक्षाको व्यवस्थामा दुवै पक्षले एक अर्कालाई सहयोग गर्ने कुरामा सहमति रहेको छ ।

५.२.७ दुवै पक्ष विभिन्न व्यक्तिहरूलाई राजनीतिक कारणले लगाइएका आरोप, दाबी, उजुरी र विचाराधीन रहेका मुद्दामामिला फिर्ता लिन र थुनामा राखिएका बन्दीहरूको स्थिति तत्कालै सार्वजनिक गरी तुरुन्त रिहा गरिने ग्यारेन्टी गर्छन् ।

५.२.८ दुवै पक्ष सशस्त्र द्वन्द्वको क्रममा विस्थापित व्यक्तिहरूलाई राजनीतिक पूर्वाग्रह बिना स्वेच्छाले आ-आफ्नो पैतृक वा पूर्व बसोबासको स्थानमा फर्कन दिन, युद्धका कारणले नष्ट भएका पूर्वाधारहरू पुनर्निर्माण गर्न र विस्थापित व्यक्तिहरूलाई ससम्मान पुनःस्थापना तथा सामाजीकरण गर्न प्रतिबद्धता व्यक्त गर्छन् ।

५.२.९ उपरोक्त सन्दर्भमा उत्पन्न समस्याहरू आपसी सहमतिको आधारमा समाधान गर्न एवं आपसी सम्बन्ध सामान्यीकरण तथा मेलमिलाप गर्न अनुकूल वातावरण सिर्जना गर्ने कार्यमा सबै राजनीतिक दलहरू, नागरिक समाज र स्थानीय संघ संस्थाहरूसमेतको सहयोगमा व्यक्तिगत तथा सामूहिक रूपमा उत्तरदायित्व लिई कार्यान्वयन गर्न गराउन दुवै पक्ष सहमत छन् ।

५.२.१० दुवै पक्ष परिवारका कुनै सदस्य एक अर्का पक्षसँग सम्बद्ध भएका आधारमा परिवारका अन्य सदस्यहरूमाथि कुनै पनि विभेद नगर्न र कुनै पनि दबाब नदिन प्रतिबद्धता जाहेर गर्छन् ।

५.२.११ नेपाल सरकार तथा सार्वजनिक निकायका कर्मचारीहरूलाई देशको कुनै पनि भागमा स्वतन्त्र रूपमा आवतजावत गर्न, आफ्नो कर्तव्य पालन गर्न तथा आफ्नो कार्यसम्पादनको क्रममा तिनीहरूलाई कुनै पनि किसिमको बाधा अवरोध खडा नगर्न र त्यस्तो अवरोध खडा हुन नदिन तथा उनीहरूको काममा सहयोग गर्न दुवै पक्ष सहमत छन् ।

५.२.१२ संयुक्त राष्ट्रसंघ, अन्तर्राष्ट्रिय दातृ समुदायलगायत नेपालस्थित कूटनीतिक नियोग, राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, प्रेस, मानव अधिकारवादीहरू, निर्वाचन पर्यवेक्षक तथा विदेशी पर्यटकहरूलाई नेपाल राज्यभित्र कानुनबमोजिम निर्बाध आवतजावत गर्न दिने कुरामा दुवै पक्ष सहमत छन् ।

५.२.१३ दुवै पक्ष प्रचार-प्रसारका कार्यक्रमहरू शिष्ट र मर्यादित ढङ्गले सञ्चालन गर्न प्रतिबद्ध छन् ।

### ६. युद्ध समाप्ति

*६.१ २०६३ कात्तिक २२ गते सात राजनीतिक दल र नेकपा (माओवादी) बीच सम्पन्न ऐतिहासिक सहमतिको आधारमा सरकार माओवादीबीच चालू युद्धविरामलाई स्थायी रूप दिँदै २०५२ सालदेखि चलिआएको सशस्त्र युद्ध समाप्त भएको घोषणा गर्छौं ।*

*६.२ सात दल र नेकपा (माओवादी) का शीर्ष नेताहरूको २०६३ साल कात्तिक २२ गतेको बैठकबाट भएका निर्णयहरू दीर्घकालीन शान्तिको लागि मूल नीतिगत आधार हुनेछन् ।*

*६.३ नेपाली सेना ब्यारेकमा र माओवादी सेनाका लडाकुहरू अस्थायी शिविरमा आइसकेपछि सहमति, सम्झौता र कानुन प्रतिकूल हतियार राख्न, प्रदर्शन, डरत्रास र कुनै पनि रूपमा हिंसा र हतियारको प्रयोग गर्न कानुनतः दण्डनीय हुनेछ ।*

*६.४ दुवै पक्षका सेनाले कसैको पक्ष वा विपक्षमा प्रचार-प्रसार गर्न र पक्ष विपक्षमा लाग्न पाउने छैनन् । तर उनीहरूलाई मताधिकारबाट वञ्चित गरिने छैन ।*

*७. मानव अधिकार, मौलिक अधिकार र मानवीय कानुनको परिपालना मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानुन र मानव अधिकारसम्बन्धी आधारभूत सिद्धान्त र मान्यताहरूप्रति प्रतिबद्ध रहँदै दुवै पक्ष देहायका विषयहरूमा आफ्नो सहमति जनाउँछन् :*

### ७.१ मानव अधिकार :

*७.१.१ दुवै पक्षले मानव अधिकारप्रतिको सम्मान र संरक्षण तथा अन्तर्राष्ट्रिय मानवीय कानुनप्रतिको प्रतिबद्धताको पुनः पुष्टि गर्छन् र कुनै पनि व्यक्तिउपर वर्ण, लिङ्ग, भाषा, धर्म, उमेर, जात जाति, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, अपांगता, जन्म र अन्य हैसियत, विचार वा आस्थाको आधारमा भेदभाव हुनु हुँदैन भन्ने कुरालाई स्वीकार गर्छन् ।*

*७.१.२ दुवै पक्ष नेपाली जनताको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको उपभोग गर्ने वातावरण सिर्जना गर्न सहमत छन् र भविष्यमा कुनै पनि अवस्थामा यस्ता अधिकार हनन नहुने वातावरण बनाउन प्रतिबद्ध छन् ।*

*७.१.३ दुवै पक्ष सम्झौता पत्रमा उल्लेख भएका अधिकारको उपभोगमा बाधा पुर्‍याउने जिम्मेवार व्यक्तिहरूमाथि कानुनअनुसार निष्पक्ष छानबिन तथा कारबाही हुनेछ भनी प्रतिबद्धता जाहेर गर्दछन् र दण्डहीनतालाई प्रश्रय नदिने सुनिश्चितता प्रदान गर्छन् । यसका साथै द्वन्द्व र यातनापीडित तथा बेपत्ता पारिएकाहरूको परिवारको राहत प्राप्त गर्ने अधिकारलाई समेत सुनिश्चित गर्छन् ।*

*७.१.४ दुवै पक्षले सर्वसाधारणलाई यातना दिने, अपहरण गर्ने, जबरजस्ती कुनै काममा लगाउने काम गर्ने छैनन् र त्यस्ता कार्यलाई निरुत्साहित गर्न आवश्यक कारबाहीसमेत गर्नेछन् ।*

*७.१.५ दुवै पक्षले धर्म निरपेक्षताको मूल्य मान्यताका आधारमा कुनै पनि सामाजिक, सांस्कृतिक, धार्मिक संवेदनशीलता, धार्मिक स्थल र व्यक्तिको धार्मिक आस्थाको सम्मान गर्नेछन् ।*

### ७.२ बाँच्न पाउने अधिकार :

*७.२.१. दुवै पक्षले व्यक्तिको बाँच्न पाउने आधारभूत अधिकारको सम्मान र संरक्षण गर्दछन् । कसैलाई पनि यो आधारभूत अधिकारबाट वञ्चित गरिने छैन तथा मृत्युदण्ड दिइने गरी कुनै पनि कानुन बनाइने छैन ।*



### ७.३ वैयक्तिक मर्यादा, स्वतन्त्रता र आवतजावतको अधिकार

*७.३.१. दुवै पक्षले वैयक्तिक मर्यादाको अधिकारको सम्मान र रक्षा गर्दछ । यस सिलसिलामा कानुनबमोजिम स्वतन्त्रताको उपभोग गर्नबाट वञ्चित व्यक्तिलगायत कोही पनि यातना वा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायका पात्र हुने छैनन् । कानुनतः नागरिकको गोपनीयताको अधिकारलाई सम्मान गरिनेछ ।*

*७.३.२. दुवै पक्षले व्यक्तिको स्वतन्त्रता र सुरक्षाको अधिकारको पूर्ण सम्मान गर्दै कसैलाई पनि स्वेच्छाचारी वा गैरकानुनी थुनामा राख्ने, अपहरण गर्ने वा बन्धक बनाउने छैन । दुवै पक्षले बेपत्ता पारेका र कब्जामा राखेका प्रत्येक व्यक्तिको अवस्था सार्वजनिक गर्न र तिनीहरूका परिवारजन, कानुनी सल्लाहकार र अन्य आधिकारिक व्यक्तिलाई यससँग सम्बन्धित जानकारी दिन सहमत छ ।*

*७.३.३ दुवै पक्षले प्रत्येक नागरिकको स्वतन्त्रतापूर्वक आवतजावत गर्न पाउने अधिकार तथा आफ्नो बसोबासको स्थान कानुनी मर्यादामा रही छान्ने स्वतन्त्रतालाई सम्मान तथा संरक्षण गर्दै द्वन्द्वबाट विस्थापित भएका व्यक्ति र निजका परिवारहरू आफ्नो मूल बासस्थानमा फर्कन पाउने वा तिनीहरूले चाहेअनुसार अन्य कुनै ठाउँमा बसोबास गर्न पाउने अधिकारको सम्मान गर्ने प्रतिबद्धता व्यक्त गर्छन् ।*

### ७.४ नागरिक तथा राजनीतिक अधिकार

*७.४.१ दुवै पक्ष प्रत्येक व्यक्तिको विचार, अभिव्यक्ति, संघ-संस्था खोल्ने तथा शान्तिपूर्वक भेला हुने स्वतन्त्रता तथा शोषणविरुद्धको हकको सम्मान र संरक्षण गर्न प्रतिबद्ध छ ।*

*७.४.२ दुवै पक्ष प्रत्येक नागरिकलाई प्रत्यक्ष वा आफूले इच्छाएको प्रतिनिधिमार्फत सार्वजनिक सरोकारको विषयमा भाग लिने, मतदान गर्ने, निर्वाचित हुने र सार्वजनिक सेवामा प्रवेशको समानताको अधिकारको सम्मान गर्छन् ।*

*७.४.३ दुवै पक्ष व्यक्तिको सुसूचित हुने अधिकारको सम्मान गर्न प्रतिबद्ध छन् ।*

### ७.५ आर्थिक– सामाजिक अधिकार

*७.५.१ व्यक्तिले स्वतन्त्ररूपले छानेको वा स्वीकारेको रोजगारी गरी जीवनयापन गर्ने अधिकारको सम्मान तथा संरक्षण गर्न दुवै पक्ष प्रतिबद्ध छन् ।*

*७.५.२. दुवै पक्ष सबै जनताको खाद्य सुरक्षासम्बन्धी हकको सम्मान एवं प्रत्याभूति गर्न प्रतिबद्ध छन् । खाद्यवस्तु, खाद्य उत्पादन, खाद्यान्नको प्रयोग, ओसारपसार तथा वितरण कार्यमा कुनै हस्तक्षेप नगरिने सुनिश्चितता गर्छन् ।*

*७.५.३ दुवै पक्ष नागरिकको स्वास्थ्यसम्बन्धी हकको सम्मान र संरक्षण गर्नुपर्छ भन्ने कुरालाई आत्मसात गर्छ । दुवै पक्षले औषधिको आपूर्ति, सहायता एवं स्वास्थ्यसम्बन्धी अभियानमा बाधा पुर्‍याउने छैन र द्वन्द्वको कारणबाट घाइते भएकाहरूको औषधि उपचार गर्न एवं पुनःस्थापनाको कार्य गर्न प्रतिबद्धता व्यक्त गर्छन् ।*

*७.५.४ दुवै पक्षले सबैलाई शिक्षासम्बन्धी अधिकारको प्रत्याभूति र सम्मान गर्नुपर्छ भन्ने कुरालाई आत्मसात गर्दै शिक्षण संस्थामा उपयुक्त शैक्षिक वातावरण कायम गर्न प्रतिबद्ध छ । दुवै पक्ष शिक्षासम्बन्धी हकको उल्लंघन नहुने कुराको सुनिश्चितता गर्न सहमत छ । शिक्षण संस्थालाई कब्जामा लिने एवं प्रयोग गर्ने र शिक्षक विद्यार्थीहरूलाई बेपत्ता पार्ने वा कब्जा वा अपहरण गर्ने कार्य तत्काल रोक्न र विद्यालय तथा अस्पताललाई असर पार्ने गरी सैन्य ब्यारेक नराख्न सहमति व्यक्त गर्छन् ।*

*७.५.५. कानुनबमोजिमबाहेक कसैको पनि व्यक्तिगत सम्पत्ति जफत वा कब्जा गरिने छैन भन्ने कुरामा दुवै पक्ष सहमति व्यक्त गर्छन् ।*

७.५.६ दुवै पक्ष मुलुकमा औद्योगिक वातावरणलाई नखल्बल्याई उत्पादन कार्यलाई निरन्तरता दिन, औद्योगिक प्रतिष्ठानमा सामूहिक सौदाबाजीको हक एवं सामाजिक सुरक्षाको सम्मान गर्न, औद्योगिक प्रतिष्ठान र श्रमिकबीच कुनै समस्या उत्पन्न भएमा उनीहरूलाई शान्तिपूर्ण रूपमा समस्याको समाधान गर्न प्रेरित गर्ने कुरामा विश्वास गर्दछन् र अन्तर्राष्ट्रिय श्रम संगठनले तय गरेको कामको अधिकारको सम्मान गर्छन् ।

**७.६ महिला तथा बालबालिकाको अधिकार**

७.६.१ दुवै पक्ष महिला तथा बालबालिकाका अधिकारहरूको विशेष संरक्षण गर्न, कुनै पनि प्रकारको यौनजन्य शोषण तथा दुर्व्यवहारलगायत महिला तथा बालबालिकाविरुद्ध हुने बालश्रमलगायतका सबैखाले हिंसात्मक कार्यहरूमाथि तत्काल रोक लगाउन र अठार वर्ष वा सोभन्दा मुनिका केटाकेटीहरूलाई कुनै पनि सैन्यबलमा समावेश वा उपयोग नगर्न पूर्ण रूपमा सहमत छ । यसरी प्रभावित बालबालिकाहरू तुरुन्त उद्धार गरिने छ र तिनीहरूको पुनःस्थापनका लागि आवश्यक र यथोचित सहयोग प्रदान गरिनेछ ।

**७.७. वैयक्तिक स्वतन्त्रताको अधिकार**

७.७.१. दुवै पक्ष आस्था र विचारको स्वतन्त्रता, वाक तथा प्रकाशन स्वतन्त्रता, शान्तिपूर्वक र बिनाहातहतियार भेला हुने स्वतन्त्रता, आवागमनको स्वतन्त्रता, आफूखुसी पेसा व्यवसाय गर्न, सम्पत्ति आर्जन र भोगचलन गर्ने स्वतन्त्रता, शान्तिपूर्ण राजनीतिक क्रियाकलापमा सहभागी हुने स्वतन्त्रता, कानुनको नजरमा सबै समान हुने र सहिष्णुतापूर्ण न्याय व्यवस्था सञ्चालन गर्न गराउन सहमत छ ।

**८. मतभेद निरूपण तथा कार्यान्वयन संयन्त्र :**

८.१ दुवै पक्ष विगतमा भए गरेका त्रुटिहरूलाई भविष्यमा नदोहोर्‍याउने र क्रमिक रूपमा सच्याउँदै लैजाने गरी वैयक्तिक एवं सामूहिक रूपमा उत्तरदायी हुने सहमति प्रकट गर्छन् ।

८.२ राष्ट्रिय शान्ति तथा पुनःस्थापन आयोगले शान्ति अभियानलाई सफल बनाउन आवश्यकताअनुसार संयन्त्रहरूको निर्माण गर्न सक्नेछ । आयोगको गठन र कार्यविधि अन्तरिम मन्त्री परिषद्ले तय गरेबमोजिम हुनेछ ।

८.३ दुवै पक्ष वर्तमान र भविष्यमा हुन सक्ने सबै किसिमका पारस्परिक मतभेद वा समस्यालाई आपसी संवाद, समझदारी, सहमति तथा वार्ताको माध्यमबाट समाधान गर्न प्रतिबद्ध छ ।

८.४ यो सम्झौता, अन्तरिम संविधान तथा सात दल एवं नेपाल सरकार र नेकपा (माओवादी) बीच भएका सबै निर्णय, सहमति र समझदारीहरू कार्यान्वयन गर्न अन्तरिम मन्त्रिपरिषद्ले राष्ट्रिय शान्ति तथा पुनःस्थापन आयोग, सत्य निरूपण तथा मेलमिलाप आयोग, राज्यको पुनर्संरचनासम्बन्धी उच्चस्तरीय सुझाव आयोगलगायत आवश्यकता अनुसारका अन्य संयन्त्रहरूको गठन गर्ने र तिनीहरूको कार्यविधि निर्धारण गर्न सक्ने कुरामा दुवै पक्ष प्रतिबद्धता व्यक्त गर्छन् ।

**९. कार्यान्वयन तथा अनुगमन**

यस सम्झौतामा उल्लेख गरिएका सहमतिको कार्यान्वयन तथा त्यसको अनुगमनका लागि निम्न व्यवस्था गर्न दुवै पक्ष सहमत भएका छन् -



९.१ दुवै पक्ष संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयबाट यस सम्झौतामा उल्लेखित मानव अधिकारसम्बन्धी प्रावधानहरूको अनुगमनको कामलाई निरन्तरता दिन सहमत छन् ।

९.२ दुवै पक्ष संयुक्त राष्ट्रसंघको नेपालस्थित मिसनबाट पूर्व प्रेषित पाँचबुँदे पत्र र यस सम्झौतामा उल्लेख भएअनुसार सैन्य तथा हतियार व्यवस्थापनको अनुगमन गराउन सहमत छन् र त्यस कार्यमा सहयोग पुर्‍याउन प्रतिबद्धता व्यक्त गर्छन् ।

९.३ दुवै पक्ष संयुक्त राष्ट्रसंघबाट संविधानसभाको निर्वाचनको पर्यवेक्षण गराउन सहमत छन् ।

९.४ राष्ट्रिय मानव अधिकार आयोगले कानुनबमोजिम निर्वाह गर्नुपर्ने दायित्वका साथै यस सम्झौतामा उल्लेख गरिएका मानव अधिकार अनुगमनसम्बन्धी कार्यहरू पनि सम्पादन गर्नेछ । आयोगले आफ्नो कार्य सम्पादन गर्ने क्रममा मानव अधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थासग आवश्यक समन्वय गरी सहयोग लिन सक्नेछ ।

९.५ माथि उल्लेखित सबै निकायले दिएका प्रतिवेदनहरू बुझ्न, अनुरोध गरेका सूचनाहरू उपलब्ध गराउन तथा तिनले दिएका सुझाव तथा सिफारिसहरूको कार्यान्वयन सहमति र छलफलको आधारमा गर्न दुवै पक्ष सहमत छन् ।

**१०. विविध**

१०.१ कात्तिक २२ गतेको निर्णयको मर्म र शान्ति सम्झौताको भावनाअनुरूप सरकार वा राज्य संयन्त्रका कुनै पनि क्षेत्रमा समानान्तर वा अन्य स्वरूपको संयन्त्र सञ्चालन नगर्न दुवै पक्ष सहमत छन् ।

१०.२ दुवै पक्ष प्रस्तुत सम्झौताको कार्यान्वयनका लागि आवश्यकतानुसार अन्य पूरक सहमतिहरूमा हस्ताक्षर गर्न मञ्जुर गर्छन् ।

१०.३ दुवै पक्षको सहमतिबाट प्रस्तुत सम्झौतामा कुनै पनि समयमा संशोधन गर्न सकिने छ । संशोधन गर्न चाहेमा सोको लिखित सूचना अर्को पक्षलाई प्रदान गर्न दुवै पक्ष सहमत छन् । त्यसरी सूचना प्राप्त भएपछि दुवै पक्षको सहमतिबाट संशोधन गर्न सकिनेछ । त्यस्तो संशोधनले गर्ने व्यवस्था मान्यता प्राप्त न्यूनतम अन्तर्राष्ट्रिय मानव अधिकार, मानवीय कानुनको मापदण्ड तथा शान्ति स्थापनाको मूल मर्मभन्दा न्यून हुने छैन ।

१०.४ यो सम्झौताको कुनै व्याख्यामा कुनै विवाद उत्पन्न भएमा यो सम्झौताको प्रस्तावना र अनुसूचीमा संलग्न दस्तावेजहरूका आधारमा दुवै पक्ष सम्मिलित संयुक्त संयन्त्रले व्याख्या गर्नेछ र यो व्याख्या अन्तिम हुनेछ ।

१०.५ अन्तरिम व्यवस्थापिका संसद् गठन भएपछि यस सम्झौतामा उल्लेखित 'दुई पक्ष' को अवधारणा तथा स्थिति स्वतः समाप्त हुनेछ । यसपछि यस सम्झौतामा उल्लेखित सम्पूर्ण अभिभारा कार्यान्वयन गर्ने/गराउने दायित्व अन्तरिम मन्त्री परिषद्ले व्यवस्था गरेबमोजिम हुनेछ । सम्झौताको पालना तथा कार्यान्वयनमा सहयोग पुर्‍याउनु सबै राजनीतिक दलहरूको कर्तव्य तथा जिम्मेवारी हुनेछ ।

१०.६ सिङ्गो मुलुक संविधानसभाको निर्वाचनको मुख्य अभियानमा केन्द्रित भइरहेको बेला आफ्ना समस्या र मागहरूलाई संवाद र वार्ताको माध्यमबाट समाधान गर्न तथा संविधानसभाको निर्वाचन तथा शान्ति-सुरक्षाको स्थितिलाई सहयोग पुर्‍याउन सबैमा हार्दिक अनुरोध गर्दछौं ।

१०.७ सशस्त्र द्वन्द्वलाई अन्त्य गर्दै संविधानसभाको निर्वाचनद्वारा नयाँ लोकतान्त्रिक नेपालको निर्माण तथा दिगो शान्ति स्थापनाको यो ऐतिहासिक अभियानमा सक्रिय सहभागिता जनाई सफल बनाउन नागरिक समाज, पेसागत समुदाय, जनवर्गीय

*संगगठनहरू, पत्रकार जगत्, बुद्धिजीवीहरू र आम नेपाली जनसमुदायमा हार्दिक अपिल गर्छौं ।*

*१०.८ पूर्ण लोकतन्त्र र दिगो शान्ति स्थापनाको यो अभियानमा नेपाललाई सहयोग पुऱ्याउन सबै मित्र राष्ट्रहरू तथा संयुक्त राष्ट्रसंघलगायत अन्तर्राष्ट्रिय समुदायलाई हार्दिक आग्रह गर्छौं ।*

*देश र जनताको भविष्यप्रतिको जिम्मेवारीबोध गर्दै र यस विस्तृत शान्ति सम्झौताप्रति पूर्ण प्रतिबद्ध हुँदै हामी नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का तर्फबाट हस्ताक्षर गरी यो विस्तृत शान्ति सम्झौता सार्वजनिक गर्छौं ।*

◆◆



# नेपालको पुनः एकीकरण संघीय राज्यको रचना

■ अवधारणा : श्रीकृष्ण अनिरुद्ध गौतम
■ टिप्पणी : डा. ओम गुरुङ र कृष्णप्रसाद सापकोटा

जनआन्दोलन २०६२/६३ को मूलभूत लक्ष्य अग्रगामी रूपमा राज्यको पुन:संरचना गर्ने नै थियो । यसै मान्यतालाई फलिभूत गराउन संविधान सभातर्फ मुलुक अघि बढेको छ । फलस्वरूप भावी राजनीतिक प्रणाली संघात्मक लोकतान्त्रिक प्रणाली हुनेछ भनी राज्यस्तरबाट सम्बोधन भई यसको संवैधानिक प्रत्याभूति दिनेतर्फ मुलुक लागेको छ । संघीय राज्यकै माग गर्दै जनजाति, तराईवासीको आन्दोलन समेत चलिरहेको छ । यसै परिप्रेक्ष्यमा संघीय राज्य भनेको के हो ? किन ? नेपाली सन्दर्भमा यसका अवसर र चुनौतीहरू के के हुन सक्छन ? यी र यस्ता प्रश्नहरूको उत्तर खोज्न गम्भीर पहल नभएको महसुस गरिदैछ ।

**फ्रिडम फोरम**ले यो मुद्दामाथि बौद्धिक बहस उठाउने पहल गरेको छ । "समावेशी लोकतन्त्रको स्वरूप र संरचना" का बहस शृङ्खलाहरू चलाउँदै आएको फोरमले २४ औं शृङ्खला अन्तर्गत २ फागुन २०६३ (१४ फेब्रुअरी, २००७) का दिन बबरहमलस्थित साप फाल्चामा **नेपालको पुन: एकीकरण संघीय राज्यको रचना** विषयमा बहस चलायो ।



## प्रारम्भ

### बहस प्रारम्भ गर्दै सहजकर्ता तारानाथ दाहाल

कठ्यांग्रिदो जाडोले धेरै आमन्त्रित साथीहरूलाई आउन गाह्रो भयो । तैपनि हामी जति उपस्थिति छौं, यतिकै बीचमा आजको विषयमा-नेपालको पुन: एकीकरणका लागि संघीय राज्यको रचना कसरी गर्ने ?- गहन छलफल हुनेछ ।

नेपाल संघीय राज्यमा जाने कुरामा शासन सत्ता जिम्मा लिइरहेका राजनीतिक दलहरूबीच सहमति बनिसकेको छ । संविधानसभामा मुलुक जान लागिरहेको बेला कतिपय मुद्दाको छिनोफानो संविधानसभा अघि नै लाग्न खोजिरहेको छ, त्यही क्रममा राजनीतिक दलहरूले संघीय राज्य प्रणालीमा जाने सहमति आन्दोलनकारी मागकर्तासँग बनाइसकेको अवस्था छ । भोलिको संविधानसभाका केही रेखा अहिले नै कोरिँदैछन । संविधानसभा कुन आधारमा होला भन्ने अनुमान गर्न अब हामी सक्ने भएका छौं ।

अहिले विभिन्न किसिमका मागहरू, आन्दोलनहरू उठिरहेका छन् । यही संक्रमणकालमै भावी नेपालको स्वरूप कस्तो हुनु पर्दछ भनेर यकिन होस् भन्ने माग उठिराखेको छ । त्यही सन्दर्भमा उठेको प्रमुख माग संघात्मक राज्यप्रणाली पनि हो । लामो समयदेखि आफूलाई उपेक्षित महसुस गरिराखेको क्षेत्र, वर्ग, जाति आदिले संघ राज्यको माग गर्दै आएका छन्, आन्दोलनका मार्फत । तर वास्तवमा संघात्मक राज्य के हो ? त्यसका सैद्धान्तिक आधारहरू के हुन, नेपाल सफल संघराज्यका रूपमा विकसित हुन सक्छ कि सक्दैन ? भन्ने कुरामा पर्याप्त बहस भइरहेको छैन ।

मुलुकको अखण्डता र समृद्धिका लागि संघ राज्य फलिफाप हुन सक्छ भनेर जनतामा विश्वास जगाउने गरी आधारहरू प्रस्तुत भइरहेका छैनन् । यस विषयमा बहस र बुझाउने गरी प्रशिक्षणहरू भइरहेको छैन । तसर्थ मानिसकहरूमा व्यापक आशंका, डरमात्र हैन, पक्ष/विपक्षमा मत/अभिमत देखिएको छ ।

यही कारण यो विषयमा गहिरो छलफल चलाउनु पर्छ भन्ने महसुस गरेर नै आज हामीले यो बहसको आयोजना गरेका हौं । विषय प्रस्तुत गरिदिनु हुनेछ, प्रखर राजनीतिक विश्लेषक श्रीकृष्ण अनिरुद्ध गौतम ।

उहाँ र म आजभन्दा १५ वर्ष पहिलासँगै काम गर्थ्यौ, एक किसिमले मेरो हाकिम हुनुहुन्थ्यो (.कान्तिपुर पत्रिका निक्लदा उहाँ सम्पादकीयलाई पूर्णता दिनुहुन्थ्यो, म मस्यौदा गर्थे) । म जहिले पनि प्रजातन्त्र लेख्थें, उहाँ त्यसलाई काटेर जहिले पनि लोकतन्त्र भनेर लेख्नुहुन्थ्यो । लोकतन्त्र भन्ने शब्द उहाँले कहिल्यै छोड्नु भएन ।

लोकतन्त्र त हामीले पायौं । संघ पनि लेखेको लेख्यै गर्ने भएकाले संघको कुरा उहाँबाटै सुनौं, त्यो पनि एक जना बाहुनबाटै संघवादको वकालत थालौ भनेर आज उहाँलाई अनुरोध गरिएको हो । टिप्पणीका लागि डा. ओम गुरुङलाई बोलाएको छु, जयप्रकाशप्रसाद गुप्तालाई पनि बोलाएको थिएँ, उहाँ यहाँ आउनुभएको छैन । कृष्णप्रसाद सापकोटा पनि हुनुहुन्छ, उहाँ यथार्थमा स्थानीय तहमा अधिकार जानुपर्छ भनेर लगातार वकालत गर्ने मानिस हुनुहुन्छ । राज्य प्रणाली जस्तोसुकै भए पनि तल्लो तहको जनतालाई अधिकार चाहिन्छ, उनीहरूले अधिकार नपाएसम्म लोकतन्त्रको अनुभूति हुन सक्दैन भन्ने वकालत गर्दै आउनुभएको छ । म यहाँहरू सबैलाई स्वागत गर्न चाहन्छु । हाम्रो कार्यक्रमको प्रकृति जहिले पनि अनौपचारिक हुन्छ । मनमा लागेका कुरा खुलस्त गर्छौं । यहाँ अभिव्यक्त सबै विचारलाई मनोग्राफका रूपमा उत्पादन गर्छौं र धारणा बनाउन आमजनताका बीचमा पुऱ्याउँछौं । यो बौद्धिक छलफलको थलो हो ।

अब आजको विषय प्रस्तुति गरिदिन श्रीकृष्ण अनिरुद्ध गौतमलाई अनुरोध गर्दछु ।

◆◆



# *नेपालको पुनः एकीकरण*
# *संघीय राज्यको रचना*

■ *श्रीकृष्ण अनिरुद्ध गौतम*

## १. अवस्था विश्लेषण

### १.१. विषय प्रवेश

जनआन्दोलन, २०६३ को वेगले निर्देशित गरेको अग्रगामी दिशा र हालैको मधेश जागरणले तय गरेको कार्यसूचीका प्रभावस्वरूप नेपालको भावी राज्य संरचना संघीय हुने निश्चित भएको छ । माघ १, २०६३ मा घोषणा गरिएको अन्तरिम संविधानसँगै मुलुक इतिहास निर्माणको नयाँ चरणमा प्रवेश गरेको तथा माघ २४ को घोषणाद्वारा एकात्मक ढाँचा विर्सजनको कार्य प्रारम्भ भएको छ । वास्तवमा माघ १ र २४ का घोषणा नवयुग प्रारम्भका सूचक हुन् ।

नवयुग प्रारम्भका यी उद्घोषसँगै मुलुकलाई बहुलवादमा आधारित संघीय संरचनामा रूपान्तरण गर्ने प्रक्रिया प्रारम्भ भएको छ । रूपान्तरण अर्थात् एउटा अवस्थाबाट अर्को अवस्थामा प्रवेशको यो क्षण महान् सङ्क्रमणको क्षण हो । एकल पहिचानको अन्त्य र बहुपहिचानको व्यवस्थापन निश्चय नै नयाँ चुनौती हो । एकात्मक, सामन्ती र केन्द्रीकृत मान्यताद्वारा पोषित राज्य संरचनाको विनिर्माण गर्दै हामी नेपालीहरू लोकतान्त्रिक गणराज्यका रूपमा नयाँ नेपालको रचना गर्ने प्रयोजनले राष्ट्र पुनःएकीकरणको महान् परियोजनामा प्रवेश गरेका छौं ।

संघीय राज्यको रचना यही महान् परियोजनाको एउटा विशेष कार्यभार हो । तर, कस्तो र कुन प्रकारको संघीय स्वरूप निर्माण गर्ने भन्ने विषय अझै प्रस्ट छैन तथापि राज्य-संस्थापनमा प्रतिनिधित्व पाएका दलहरूले  नेपाल संघीय शासन प्रणालीमा जाने घोषणा गरेका छन् । तर यो घोषणा दलहरूको पहलमा नभएर यसलाई सम्भव बनाउन विभिन्न समूहहरू आन्दोलित हुनु परेको थियो । वास्तवमा हालैको मधेश जागरणले संघीय स्वरूप स्वीकार्न बाध्य बनाएको हो । अर्को शब्दमा (घोषणाले) लोकआवश्यकतालाई सम्बोधन गर्नु परेको हो । जबकि विडम्बना के छ भने घोषणा गर्नेहरू स्वयं कस्तो र कुन प्रकारको संघीय स्वरूप निर्माण गर्ने, भन्ने विषयमा आफैं प्रस्ट छैनन् । त्यस्तै माग प्रस्तुत गर्ने समूहहरू पनि प्रस्ट देखिँदैनन् ।

नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को धमिलो प्रारूपबाहेक कुनै नमूना, मोडल या नेपाललाई यस्तो (संघीय) चित्रमा बाँड्न खोजिएको हो भनेर कसैले प्रस्ताव गरेको पाइँदैन । निश्चय नै संविधानसभाले सबै संरचनागत विषयलाई सम्बोधन गर्ने हो, संविधानसभामा प्रारूप प्रस्तुत हुने हो । त्यसअघि नै संघीय राज्य निर्माणका अभियानीहरूले संविधानसभामा प्रस्तुत गरिने वैकल्पिक प्रारूपहरू

जनसमक्ष छलफल गराएका हुनुपर्छ । तर, संघीय राज्यका अभियानीहरू प्रारूप निर्माणतर्फभन्दा दबाबमूलक कार्यक्रमहरूतर्फ केन्द्रित छन् । निश्चय नै दबाबमूलक कार्यक्रमहरूको महत्व नभएको होइन तापनि राज्यले संघीय अवधारणा स्वीकार गरिसकेपछि अभियानीहरू वैकल्पिक प्रारूप निर्माणमा केन्द्रित हुनु उचित र स्वाभाविक हुन्छ ।

संघीय स्वरूपको निर्माण-कार्य नेपालमा अहिलेसम्म सोचे बुझेभन्दा धेरै ठूलो परियोजना हो । कस्तो संघ बनाउने भन्ने विषयमा देश-देशमा भिन्नाभिन्नै शैली अवलम्बन र प्रकार निर्माण गरिएका छन् । यसका लागि जनस्तरमा बहस, सञ्चारका साथै गम्भीर अध्ययनको आवश्यकता पर्छ । साथै, सम्पूर्ण प्रक्रियामा सक्रिय र संवेदनशील राजनीतिक नेतृत्व हुनैपर्छ, त्यो नेतृत्व आफैं रूपान्तरण प्रक्रियाको प्रतीक बन्नुपर्छ । अन्यत्रको अनुभव हेर्दा रूपान्तरण प्रक्रियालाई यदि सक्रिय र संवेदनशील नेतृत्व प्राप्त भएन भने संघीय स्वरूप निर्धारण-कार्य अत्यन्तै जटिल भएको पाइएको छ ।

संघहरू निर्माण गर्दा देशैपिच्छे भिन्नभिन्न शैली अबलम्बन गरिएका छन् । प्रकारहरू पनि भिन्नभिन्न छन् । भारत, अमेरिका, स्वीट्जरलैण्डमा (देशैपिच्छे) फरक संघीय स्वरूप छ । नेपालका सन्दर्भमा भन्नु पर्दा आजसम्म बनेका संविधान हुन् या विकेन्द्रीकरण सम्बन्धी कानुन, ती सबैलाई एउटा कुनामा थन्क्याएर राज्य संरचनाको नयाँ प्रारूप तयार गर्नुपर्ने भएको छ । हाम्रालागि संघीय परियोजना धेरै ठूलो परियोजना हो । आजसम्म शासन गरिआएका वर्गका लागि ज्यादै पीडादायी प्रक्रिया हो । किनभने धेरै स्थापित मान्यताहरू भंग हुनेवाला छन् । अहिले नै धेरै मान्यता विनिर्माण भइरहेका छन् । जे निर्मित छन् स्थापित छन् भनेर हामीले मानेका छौं, ती स्थापित भनिएका धेरै मान्यता विस्थापित भइरहेका छन, विनिर्माण भइरहेका छन् । अहिलेको अवस्था भनेको विनिर्माणपछि निर्माण हुने प्रक्रिया पनि हो ।

त्यसैले हामीले सजिलै रूपमा नेपालमा संघ राज्यको निर्माण हुन्छ र ती संघीय प्रदेश अत्यन्त सुस्थिर ढंगले चल्छन् भन्ने पनि नसोचौं । आज जनजातिका माग, क्षेत्रीय माग, भाषिक माग, मधेशको पहिचानका माग बृहत् अर्थमा देखिएका छन्, तर संघीय स्वरूप निर्धारण भएपछि साना-साना अझ साना समूहमा फेरि झन् नयाँ किसिमका द्वन्द्वहरू सिर्जना हुनेछन् । तिनकाबारे हामीले पूर्वानुमान गरिराखौं । तिनलाई कसरी सम्बोधन गर्ने भन्ने कुरा सोचौं, विधिहरू निर्धारण गरौं । संघ या प्रदेश निर्माणपछि पनि पहिचानका मुद्दाहरू प्रस्तुत हुन्छन् । ती मुद्दाहरूबारे अनुमान गरेर अहिल्यैदेखि काम गर्न थालौं । वास्तवमा संघीय राज्यको रचना धेरै ठूलो परियोजना भएकाले बौद्धिक जगत् र जान्ने बुझ्नेकाबीचमा मात्र बहस र छलफल भएर पुग्दैन, पर्याप्त जनशिक्षा पनि चाहिन्छ । प्रचारप्रसार पनि त्यतिकै हुनुपर्छ । यसमा विशेषज्ञताको आवश्यकता पर्छ ।

माथि भनिएका विषयका साथै एउटा गम्भीर प्रश्न छ हाम्रासामु– संघीय संरचना निर्माण गर्ने क्रमको पीडा र समग्रमा रूपान्तरण प्रक्रियालाई कसले प्रतिनिधित्व गरिरहेको छ, यसको नेतृत्वमा को छ जसले देशलाई एकीकृत र अखण्ड राख्दाराख्दै सम्पूर्ण भावनालाई सम्बोधन गर्न सक्छ र मुलुकको रूपान्तरण



प्रक्रियालाई अगाडि बढाउन सक्छ ? सम्भवतः राजनीतिशास्त्रले त्यस्तो नेतृत्वदायी मानिस चिनाउन मद्दत गर्दैन । यो अन्तरतहको आस्थाको विषय हो, विश्वासको विषय हो । जस्तै, सन् १९४७ मा भारत स्वतन्त्र हुँदा मोहनदास करमचन्द गान्धीमा भारतीय स्वतन्त्रताको मन्त्र, त्यहाँको संघीय स्वरूप प्रतिबिम्बित भएको थियो । सन् १९९० को दशकमा भएको दक्षिण अफ्रिकाको रूपान्तरणलाई नेल्सन मण्डेलाले प्रतिनिधित्व गर्थे, मण्डेलामा दक्षिण अफ्रिकी जनताको आस्था केन्द्रित थियो ।

सोचौं, आज हामीसँग त्यस्तो को मानिस छ ? राष्ट्र र राष्ट्रको रूपान्तरणलाई प्रतिनिधित्व गरी जनतालाई आश्वस्त बनाउन सक्ने, परिवर्तन बिम्बित गर्ने नेतृत्व छ कि छैन ? यसमा गम्भीर हुनुपर्ने आवश्यकता छ । यदि रूपान्तरणको प्रतीकात्मक बिम्ब हामीसँग छैन भने पनि संघीय स्वरूप त निर्धारण गर्नै पर्छ तर प्रक्रियालाई धेरै होसपूर्वक अगाडि बढाउनु पर्ने हुन्छ ।

**१.२. आशंका, चुनौती र अनुत्तरित प्रश्न**

जातीय र भाषिक राज्यका आकाक्षांको मानसभूमिमा पहिचानमुखी संघर्षका लागि मार्ग प्रशस्त हुने बिऊ हुन्छ । आग्रहहरू आग्रहकै रूपमा अन्तर्मुखी हुन्छन्, त्यही आग्रह बहिर्मुखी भैसकेपछि संघर्षमा परिणत हुन्छ र त्यस्तो संघर्ष लामो समयसम्म चल्छ । अफ्रिका या युरोपका धेरै दृष्टान्तहरू छन् । यहाँ म हाम्रो छिमेकी भारतका पूर्वोत्तरको उदाहरण दिन चाहन्छु । भारत स्वतन्त्र भएदेखि नै नागा बहुल प्रदेशमा समाजवादी राज्य स्थापना गर्ने आग्रह सुरू भयो, जातीय प्रदेशका रूपमा नागाल्याण्डको रचना पनि भयो । तर भएजति सबै नागाहरू नागाल्याण्डमा परेनन्, पारिएनन् । नागाहरूको ठूलो संख्या मणिपुरम रहयो, कतिपय असममा पारिए । विस्तारै नागा जातीयताको आग्रह दीर्घकालीन संघर्षमा परिणत भयो ।

सन् १९७० को दशकमा झन्डै यहाँको माओवादी विद्रोह जस्तै पिपल्स लिबरेसन आर्मी, इष्टर्न कमान्डका नाममा मणिपुरमा विद्रोह भएको थियो । नेताको नाम थियो-एन् विश्वेश्वर सिंह । उनको नेतृत्वमा सम्पूर्ण क्षेत्रलाई मुक्त गर्ने प्रयोजनले माओवादी विद्रोह भयो । पछि गएर जातीय मुद्दा उठाइयो र अन्ततः त्यो विद्रोह त्यहाँको एउटा प्रमुख मैतेइ जातिको स्वत्वको पहिचानको रूपमा अगाडि बढ्यो र माओवादी सिद्धान्त पछाडि पर्‍यो । निश्चय नै जातीय, भाषिक भावनाहरू अगाडि ल्याउँदा आन्दोलनको विस्तार हुन्छ । आकर्षक पनि हुन्छ, तर त्यसको व्यवस्थापनको संयन्त्र बनेन भने (जातीय भावना र भाषिक आकाक्षांलाई निषेध गर्नुपर्छ भन्न खोजेको होइन) पूर्वोत्तर भारतमा भए जस्तै प्रकारान्तरमा गम्भीर समस्या उत्पन्न हुन्छ ।

आज नेपालमा पनि जातीय र भाषिक आग्रहहरूलाई संघीय राज्यका आधार मान्नुपर्छ भनिदैछ । तर प्रश्न छ– व्यवस्थापन कसरी गर्ने ? व्यवस्थापन गर्ने संयन्त्र नभई नाराहरूकै मात्र भर परियो भने निकै ठूलो अन्योलको स्थिति उत्पन्न हुन्छ । वास्तवमा कुन ढंगले व्यवस्थापन गर्ने भनेर पहिल्यै सोचिनु पर्दछ ।

आसन्न संविधानसभाको निर्वाचन जातीय, भाषिक, क्षेत्रीय पहिचानमुखी आधारमा भयो भने के हुन्छ ? भयो भने त्यो संविधानसभा कस्तो हुन्छ, स्वरूपको

कल्पना आजै गरौं, यसमा पूर्वानुमान आवश्यक छ । त्यसले कस्ता विषयलाई सम्बोधन गर्छ ? जातीय र भाषिक एजेण्डा या मान्यताहरूको आधारमा बनेको संविधानसभाले कस्तो खालको नेपाल बनाउँछ भन्ने कुराको वैकल्पिक तस्वीर अहिल्यै बन्नुपर्छ ।

आकांक्षा र आग्रहहरू प्रकट हुनु नराम्रो कुरा होइन । शताब्दीऔं सञ्चित कुण्ठाहरूको उत्सर्जन हुनुपर्छ । उत्सर्जन पछिमात्र विसर्जन हुन्छ । कस्तो व्यवस्थापनद्वारा विसर्जन हुन सक्छ यसको खोजी आवश्यक छ । आग्रह निषेध गर्न मिल्दैन । आकाक्षांहरू छैनन भन्न मिल्दैन । किनभने, नेपालमा अहिले देखिएको विविधता सिर्जित होइन । भएको विविधता प्रकट भएको हो । यसअघि विविधता नदेखिएको या नदेखाइएको अवस्थामा थियो । संघ राज्यका रूपमा नयाँ नेपालको रचना गर्दा नयाँ अर्थ दिनुपर्ने हुन्छ । वास्तवमा विविधतालाई स्वीकारेर मात्रै समेट्न सकिन्छ ।

**१.३. प्रस्ट हुनुपर्ने विषय**

आज संविधानसभा स्वीकृत भएको छ, संघीय संरचनाको विषयमा सहमति भएको छ । तर कतिपय सन्दर्भमा ती कुराप्रति विमति राख्नेहरूले संघीय राज्य संरचना निर्माण गर्छन् भन्ने आशा गरिराख्नु परेको छ । हामी विडम्बनाबाट गुज्रिरहेका छौं । नेतृत्वको समस्या देखिएको छ । दलहरूको अवस्था त्यही छ, जसले लोकतन्त्रको अभियान चलाए, गणराज्य, गणतन्त्र, संघीय राज्यको अभियान चलाउनेहरूको आज दलहरूकै संरचनात्मक सत्तामा प्रभाव कम छ, उनीहरू किनाराका किनारामै छन । यसैले होला- सबै कुरा हुँदाहुँदै जनप्रतिनिधि संस्थाहरू (दलहरू)ले अब कता जाने, कस्तो खालको राज्यको स्वरूप निर्माण गर्ने, भन्ने विषयमा गृहकार्य नगरेको पाइन्छ । सिद्धान्ततः स्वीकारिएका विषयहरू व्यवहारमा अनुवाद हुने प्रत्याभूति चाहिन्छ ।

**२. संघीय राज्यको अवधारणा**

**२.१. संघीय स्वरूपको राजनीतिक उत्पत्ति**

संघीय राज्यका बारेमा सर्वस्वीकृत कुरा के हो भने संघ राज्यमा एउटा केन्द्र र अरू एकाइहरू हुन्छन् । संघको उत्पत्ति दुई हिसाबले हुन्छ- एउटा अमेरिका जस्तो, भारत जस्तो । यसमा विभिन्न स्वतन्त्र मुलुकहरू एउटा निश्चित प्रयोजनका लागि एक राज्य बनाउन सहमत हुन्छन्, त्यसलाई संघविदहरूले 'कमिङ टुगेदर' अर्थात् स्वेच्छाले आएर जोडिने कार्य भनेका छन् ।

दोस्रो, विभिन्न जातीय, भाषिक समूहहरूलाई निश्चित राजनीतिक सीमानाभित्र राख्ने प्रयोजनले स्वायत्त प्रदेशहरू रचना गरिएका संघीय राज्य छन् । यस प्रकार एकै ठाउँमा बस्ने विधिलाई संघविद्हरूले 'होल्डिङ टुगेदर' अर्थात् भएकैलाई जोडिराख्ने कार्य भनेका छन् । त्यसमा भारत र क्यानडा पर्छन् । यहाँ भारतका बारेमा स्पष्ट हुनु जरूरी छ । स्वतन्त्र भारतको गठनका बेला बेलायतले प्रत्यक्ष शासन गरिसकेको क्षेत्रलाई कायम राख्दै स्वेच्छाले जोडिनेलाई जोड्ने र



कतिपयलाई बलपूर्वक पनि जोडिएको थियो । हैदरावाद, कश्मीर र मणिपुरलाई करकापमा पारेर भारतमा गाभिएको थियो ।

**२.२. संघीय राज्यका प्रकार**

संघ राज्य तीन किसिमका हुन्छन्-

(१) **परस्पर सहकारी संघीय स्वरूप** : जसमा संघीय केन्द्र र प्रदेशहरूले राष्ट्रिय स्तरका कार्यक्रम संचालन गर्दा परस्परमा मिलेर दायित्व निर्वाह गर्छन् । प्रदेश र संघीय केन्द्रले परस्परमा सल्लाह गर्छन्, परस्परमा कार्यक्रम 'एडप्ट' गर्छन्, गर्न त संघले गर्ने भनेको पनि प्रदेशहरूमै गर्ने हो । संघको कुनै आफ्नो क्षेत्र हुँदैन । प्रदेशहरूको गठजोड नै संघ हो । कार्य-समन्वय केन्द्रले गर्छ । उदाहरणका रूपमा जर्मनी, दक्षिण अफ्रिका, संयुक्त राज्य अमेरिका र क्यानडा । भावआकांक्षाका दृष्टिले भारत पनि हो । भावनाका दृष्टिले भारतलाई एकात्मक पनि राखिराख्ने, संघीयतालाई प्रयोगमा लाने कुरा देखिन्छ । सन् १९९० पछि आर्थिक उदारताले गर्दा भारत धेरै हदसम्म सहकारी संघमा गएको देखिन्छ ।

(२) प्रतिस्पर्धात्मक संघीय स्वरूप : प्रकारका संघमा केन्द्रको भूमिका अत्यन्त नगण्य हुन्छ । केन्द्र छैन कि भने झैं हुन्छ । प्रदेश र स्थानीय सत्ताले स्वतन्त्र रूपमा नीति निर्णय गरेको पाइएको छ । एक प्रदेशको अर्को प्रदेशसँग प्रतिस्पर्धामा आधारित भएर गरिन्छ, जसमा केन्द्रको भूमिका भए पनि न्यून हुन्छ । उदाहरणका रूपमा अष्टेलिया, ब्राजिल, स्वीजरल्याण्ड र बेल्जियम छन् ।

(३) **प्रत्यायोजित संघीय स्वरूप** : यो एकात्मकताभन्दा धेरै भिन्न हुँदैन । प्रदेशहरू हुन्छन्, तर तिनले केन्द्रद्वारा प्रत्यायोजित अधिकारमात्र उपयोग गर्न पाउँछन् । यस वर्गमा अष्ट्रिया, मेक्सिको र रूसी संघ पर्छन् ।

**२.३. संघीय राज्य नै किन ?**

साना भूक्षेत्र र थोरै जनसंख्या भएका देशहरू तथा ठूलो भूक्षेत्र र धेरै जनसंख्या भएका दुवैखाले मुलुकले संघीय शासन प्रणाली अपनाउन सक्छन् । उदाहरण : साना भूक्षेत्र र थोरै जनसंख्या स्वीट्जरल्यान्ड र बेल्जियम । ठूलो भूक्षेत्र र धेरै जनसंख्या भारत र संयुक्त राज्य अमेरिका ।

संघीय राज्यका सार्थक पक्ष यसप्रकार छन् :

१. संघीय संरचनामा राज्यको लोकतन्त्रीकरण सहज हुन्छ ।
२. प्रत्येक एकाइले आफ्ना प्राथमिकता आफैं निर्धारण गर्न पाउँछ ।
३. प्रत्येक एकाइले आफूलाई उप-एकाइमा विभाजित गर्ने स्वतन्त्रता र अवसर पाउँछ ।
४. संघीय संरचनामा राज्यभन्दा नागरिक शक्तिशाली हुन्छन् ।
५. राज्यका प्रत्येक निर्णय माथिबाट थोपरिने प्रथा अन्त्य हुन्छ ।

६. कुनै प्रदेशको निवासी त्यो प्रदेशले उसका आवश्यकता पूरा नगरेमा अर्को प्रदेशमा जान स्वतन्त्र  हुन्छ ।

७. राज्यभित्रै नागरिकलाई बसोवास र पेसाका विकल्प हुन्छन् ।

८. अवसरको खोजीमा नागरिकले देशै छोडेर हिँड्नुपर्ने बाध्यता कम हुन जान्छ ।

९. राज्याधिकारको निर्णय जनस्तरबाटै हुन्छ ।

**३. व्यवस्थापनका लागि सुझाव**

**३.१. संघीय राज्य रचनाका क्रममा ध्यान दिनुपर्ने विषय**

समस्या आज पहिचानको मात्र छैन, राज्यको पनुर्गठनको पनि छ । अहिलेको राज्य अपुरो छ । सबै भन्दा अहम् सवाल आज राष्ट्रिय पुनःएकीकरणको छ । यसर्थ संघीय स्वरूप निर्धारण गर्दा निम्नलिखित विषयमा ध्यान दिनुपर्नेछ :

पहिचानमुखी आग्रहलाई निषेध नगरी तथ्यपरक व्यावहारिक मूल्यांकन प्रस्तुत गर्न पहल गर्नुपर्नेछ ।

संघीय संरचना निर्माण गर्दा यो सांस्कृतिक, जातीय, भाषिक, जनसांख्यिक अवस्था निरूपण र समग्र राजनीतिक, सामाजिक र आर्थिक परिदृश्य नवनिर्माण गर्ने अभियान हो भनेर अर्थ्याउने कार्य हुनुपर्नेछ ।

नेपालका सन्दर्भमा पहाड र मधेशका लागि भिन्न रणनीति तय हुनुपर्छ, अनि दुवैलाई पुनः जोड्ने सूत्रको पहिचान गर्नुपर्नेछ ।

राज्य पुनर्गठन र राष्ट्रिय पुनःएकीकरणमाथि बल दिनु अनिवार्य छ ।

**सहजीकरण गर्दै तारानाथ दाहाल**

हामीले कस्तो राज्य प्रणाली बनाउने भन्ने कुरा समग्रमा देशलाई कसरी बलियो बनाउने भन्नेमै केन्द्रित हुनुपर्दछ । गौतमले नेपालको फेरि एकीकरण प्रक्रियालाई पूर्णता दिन नै हामीले नयाँ राज्य प्रणालीको कल्पना गरेका छौं । त्यसमा जाने अठोट पनि गरिसक्यौं । त्यसमा जानुअघि ध्यान दिनुपर्ने कतिपय विषय छलफलमा आउन सकिरहेका छैनन । खुल्ला बहस हुन सकिरहेको छैन । एकअर्कामा आत्मविश्वास गर्न सक्ने गरी छलफल हुन सकिरहेको छैन । ती सबै कुरालाई उहाँ (अनिरुद्ध) ले राम्रोसँग राखिदिनुभएकोमा धन्यवाद । हामीले आज तीन पक्षबाटै टिप्पणी आओस् भन्ने चाहेका थियौं, तर जयप्रकाशजी नआएकाले एउटा पक्ष छुट्ने नै भयो ।

अब म डा. ओम गुरुङबाट टिप्पणी होस् भन्ने आग्रह गर्दछु, त्यसपछि कृष्णप्रसाद सापकोटामा पुग्नेछौं, अनि खुला छलफल हुनेछ ।

## *अवधारणामाथि टिप्पणी*

**डा. ओम गुरुङ, जनजाति नेता**

देशमा अहिले सबैको चासोको विषय बनिरहेको राज्यको पुनःसंरचना र संविधानसभाको निर्वाचन जस्तो गहन विषयमा बेलाबेलामा हाम्रा टुटेफुटेका



विचारहरू (विचारभन्दा पनि हाम्रो यो माग या मुद्दा हो) राख्छौं । यही क्रममा आज यो मौका दिनुभएकोमा आयोजक फ्रिडम फोरमलाई धन्यवाद ।

आज बहसमा ल्याइएको मेरो विषय होइन, तसर्थ यसमा मेरो दखल छैन । म राजनीतिशास्त्रको विद्यार्थी पनि होइन, संविधानबारे जानकार पनि होइन, मेरो विषय मानवशास्त्र हो, म मानव विकास क्रम, मानव इतिहास, संस्कृति आदिको बारेमा कुरा गर्ने र त्यसमा चासो राख्ने व्यक्ति हुँ । तर समय र परिस्थितिले संविधानसभा, राज्य पुनःसंरचनाको कुरा गर्ने भइयो । तसर्थ मैले भनेको कुरालाई सैद्धान्तिक दृष्टिकोणले नहेरी केवल अहिलेसम्म अनुभव, अभ्यास र राज्यबाट जहिले पनि शोषित, अपहेलित समूहको सदस्यको हैसियतले बोलेको ठान्नुस् । राज्यबाट भोग्नु परेका पीडा उजागर गर्न लागेको ठान्नुहोला । एउटा एक्टिभिष्टले बोल्ने कुरामा सैद्धान्तिक पृष्ठभूमि र अनुमान केही हुँदैनन्, केवल मुद्दाहरूमात्र हुन्छन्, घटनाक्रमलाई लिएर कुरा गर्छन्-मेरो भनाइलाई पनि त्यहीअनुसार बुझ्नुहोला ।

गौतम सरले बुँदागत रूपमा केही सामग्री दिनुभयो, केही हामीले बुझेका छौं । छलफलमा ती बुँदाबारे व्याख्या पनि गर्नुभयो । यसबाट संघीय राज्य प्रणालीबारे हामीले धेरै थोरै ज्ञान प्राप्त गर्‍यौं । उहाँले धेरै राम्रा कुरा राखिदिनु भएकाले धन्यवाद दिन चाहन्छु । यद्यपि केही कुरामा अझै छलफल गर्नुपर्ने र बुझ्नु पर्ने आवश्यकता छ । संघीय शासन पद्धति अथवा संघ हुनुपर्ने कारण के हो र औचित्य के हो भनेर स्पष्ट पारिएकाले अवधारणा पढ्दा मलाई खुसी लाग्यो । समाधानका उपायहरू पनि दिनुभएको छ, तसर्थ उहाँका विचारहरूसँग मेरो सहमति छ ।

संघीय शासन प्रणालीमा जाने करिब-करिब निश्चित भयो । जनताको माग त्यही थियो, राजनीतिक दलले पनि त्यसैमा प्रतिबद्धता जनाएको हो । सरकारले पनि घोषित रूपमै प्रतिबद्धता जनाएको छ । तर कस्तो संघ हुने ? के का आधारमा संघ हुने ? भन्ने अन्योल चाहिँ छ । राजनीतिक दलले पनि यसबारे स्पष्ट पार्न सकेका छैनन्, सरोकारवालाहरूले पनि यस्तो हुनुपर्छ भनेर ठोकुवा गर्न सकिरहेका छैनन् । राजनीतिशास्त्रका प्राध्यापकहरू, यहाँका बुद्धिजीवीहरू, राजनीतिककर्मीहरूले नेपालका सन्दर्भमा यस्तो संघ हुनुपर्छ भन्न सकिरहेका छैनन् । मोडलहरू चाहिँ स्विट्जरल्यान्ड, सोभियत संघ, अमेरिकादेखि क्यानडासम्मको आउँछ, तर ती मोडल टपक्क टिपेर ल्याए पनि यहाँ फिट हुन्छ भन्ने छैन । यहाँको सामाजिक संरचना फरक छ, भू-राजनीतिक स्थिति फरक छ ।  इतिहासिक परिप्रेक्ष्यले फरक छ, यहाँको जनसमुदायको मानसिक विकासको चरण नै फरक छ । तसर्थ नेपालको विशिष्ट अवस्थालाई हेरेर कस्तो संघ बनाउने भनेर निर्क्योल गर्नुपर्छ । तर हामी धरातलीय यथार्थतालाई नेहरी भावनामा बगेका छौं, कसैले राजनीतिक नाराका रूपमा लिएको छ, कसैले अर्काले भनेको कुरा सुनेर कुरा गरिरहेको छ । तर विषयका बारेमा विस्तृत छलफल, अध्ययन, अनुसन्धान हुनुपर्दछ, राष्ट्रिय स्तरको बहसको आवश्यकता छ । र पनि मुद्दा उठेको छ, विशेष गरी जनजातीय दृष्टिकोणले कस्तो हुनुपर्छ भन्ने छ । हामीले मागेको संघ भनेको 'कन्फिरडेसन अर्थात युनियन' प्रकारको होइन, जहाँ विभिन्न छुट्टाछुट्टै राज्य एकआपसमा मिलेर चाहेको बेला छुट्टिन सक्ने अवस्था पनि रहन्छ । यस्तो सोभियन युनियनमा भयो ।

नेपालमा हिजो २२ से, २४ से राज्य थियो भनिन्छ, इतिहासले त्यसलाई पुष्टि पनि गरेको छ, तर हामीले बाइसे/चौबीसे राज्य बनाउन खोजेको अवश्य पनि होइन । प्रिन्सिपल अफ राइट सेल्फ डिटरमिजमको व्याख्या गर्ने क्रममा माओवादी नेताहरूले कन्फिडेसन अर्थात युनियन प्रकारको संघ हुनुपर्छ भनेर वकालत गर्छन्, त्यो कुरासँग आदिवासी/जनजाति सहमति राख्दैनौं । कुनै समुदाय, क्षेत्र उत्पीडन या शोषणमा परेमा छुट्टिने अधिकार पाउनुपर्छ भन्ने व्याख्या लेलिनको भनाइका आधारमा माओवादीले गरिरहेको देखिन्छ । हामीचाहिँ नेपालको सामाजिक संरचना, विशिष्ट भू-राजनीतिलाई हेरेर त्यो सम्भव, सान्दर्भिक र व्यावहारिक छैन भन्ने तर्क राखिरहेका छौं ।

संघीय संरचना टेरिटोलियल र ननटेरिटोरियल दुवै हुन सक्छ । टेरिटोरियल भन्नाले भूगोल या भौगोलिक क्षेत्रको आधारमा, ननटेरिटोरियल भन्नाले सांस्कृतिक समूहको आधारमा । संघीय राज्यमा सबै कुरा क्षेत्रलाई या समुदायलाई दिने कुरा गरिन्छ, तर हामीले चाहिँ-परराष्ट्र सम्बन्ध, आर्थिक नीति र सुरक्षासम्बन्धी अधिकार केन्द्रमा राख्नुपर्छ भनेका छौं । त्यसबाहेकका सबै अख्तियारी प्रान्तिय सरकार या राज्यले पाउनुपर्छ ।

केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाको अनुभव हामीले लामो समयदेखि गरेका छौं, त्यसबारे धेरै व्याख्या/विश्लेषण जरुरी छैन । राजनीतिक, प्रशासनिक शक्तिदेखि स्रोतसम्म केन्द्रमा केन्द्रित गरेर अरू कुनै क्षेत्र या समुदायले नपाउने अहिलेको राज्य संरचनाले सबैलाई अधिकारसम्पन्न, सार्वभौम नागरिकका हैसियतमा बाँच्ने अधिकार नदिएकाले राज्यको पुनःसंरचनाको आवश्यकता बढेको हो । जातीय, भाषा, भूगोलका आधार र सांस्कृतिक विशेषताहरू र आर्थिक सम्भाव्यता (स्रोत/साधन) हरूलाई ध्यानमा संघीय राज्य निर्माण गर्न सकिन्छ भन्ने हाम्रो भनाइ हो । सामाजिक संरचना मिश्रित र जटिल रहे पनि भौगोलिक, सामाजिक, सांस्कृतिक क्षेत्रका आधारमा संघीय राज्य निर्माण गर्न सकिने सम्भावनाहरू नेपालमा छन्, सीमाहरू छन् । भाषाको एउटा क्षेत्र छ, जातीय समिश्रण भए पनि ऐतिहासिक सम्बन्ध भएको क्षेत्र छ, यो प्रदेश यो जाति या समुदायको हो है भन्ने परिभाषित जोग्राफिकल क्षेत्र पनि छन् । यद्यपि अहिले बसाइँसराई या अन्य सामाजिक/आर्थिक सम्बन्धको कारणले केही जटिलता देखिएको छ । तथापी ऐतिहासिक रूपमा प्रष्ट परिभाषित गरिएको क्षेत्रहरू र सीमाहरू छन । अरूको कुरा नगरौं, खसान प्रदेशलाई नै उदाहरण मान्न सकिन्छ । त्यो क्षेत्र खसहरूको हो भन्ने कुरा इतिहास, भूगोल, संस्कृतिले पुष्टि गर्दछ ।

जातिको आधारमा संघीय राज्य निर्माण गर्दा विखण्डन हुन्छ, राष्ट्रनै टुक्रिन्छ, एउटा जातिको अधिकार हुन्छ, अर्कोको खोसिन्छ या उ विस्थापित हुने अवस्था आउँछ भन्ने शंका उपशंका गलत हो । जातीय, क्षेत्रीय स्वशासन अर्थात संघीय प्रान्तअन्तर्गतका राज्य स्थापना भए पनि कसैले कही विस्थापित हुनुपर्ने अवस्था आउँदैन् । जुन क्षेत्रमा जसको बाहुल्यता छ, नीति निर्माण तहमा उसको अलि बढी प्रतिनिधित्व होला, बढी भूमिका खेल्ला, तर पनि त्यसमा समानुपातिक प्रतिनिधित्व सबै जाति, उपजातिको हुन्छ । एउटा क्षेत्र पूर्ण स्वशासित या संघीय भयो भने त्यो क्षेत्रभित्र उपस्वशासित क्षेत्र, समुदाय, इकाई या अन्य निकायहरू हुन सक्छन् । तसर्थ



विस्थापन र अधिकारविहीन कोही कसैले हुनुपर्ने अवस्था रहदैन । बरु यसले राष्ट्रलाई मजबुत बनाउन मद्दत गर्छ । विखण्डन हुने र टुक्रिने अवस्था त एकात्मक राज्यमा हुन्छ । कोही उत्पीडनमा परेको पऱ्यै, कोही पीडक भएको भयै भयो भने त्यहाँ विद्रोह गर्ने अधिकार हुन्छ । तसर्थ राज्य एकात्मक हुँदैमा बलियो या सबल हुन्छ, यस्ता खाले समस्याहरू आउँदैन भन्ने होइन । जहाँ शोषण हुन्छ, त्यहाँ दमन हुन्छ, अन्याय/अत्याचार हुन्छ, त्यहाँ विद्रोह हुन्छ, टुक्रिनेलगायतका हरेक सम्भावना रहन्छन् । संघीय राज्यले देशलाई विखण्डित गर्ने या टुक्र्याउनेभन्दा मजबुत बनाउँछ । सबैले सबैको अस्तित्व स्वीकार गरिन्छ, सबैको पहिचानसहितको प्रतिनिधित्व रहन्छ, सबै स्वाभिमानी, अधिकार सम्पन्न र सार्वभौम भएर बाँच्न पाउने अवस्था हुन्छ, संघीय राज्यमा । संघले गर्दा केन्द्र र क्षेत्रबीचमा अधिकार बाँडफाँड गराउँछ, स्रोत/साधन बाँडिने अवस्था रहन्छ । यस्तो सम्बन्धले मधेस र पहाडबीचकै पनि सम्बन्ध बिग्रने अवस्था रहन्न ।

अर्को कुरा भनौं, अहिले मधेस र हामीले मागेको संघीयतामा भिन्नता छ । मधेसले समानुपातिक प्रतिनिधित्व मागेको छ, हामीले पनि त्यही मागेका छौं, जसमा सरकारी प्रतिबद्धता आइसकेको छ । तराईवासी जनसंख्याको आधारमा भनिरहेका छन् । तर, तराई, हिमाल र पहाडलाई हेर्दा विशुद्ध जनसंख्याको आधारमा गर्दा सबैको प्रतिनिधित्व हुने अवस्था रहँदैन । हामीले खोजेको पहिचानसहितको राज्य हो । तर, मधेसको माग हेर्दा पहिचान विलय गराउने खालको देखिन्छ । तराईमा बस्ने मधेसी एउटा समुदाय हो, त्यहाँ अरू पनि समुदाय बस्नछ, तसर्थ जनसंख्याका आधारमा मात्र संघको व्यवस्था गर्ने हो भने अरू जनजातिको अस्तित्व पनि मेटिन्छ, पहिचान पनि मेटिन्छ, सबैको प्रतिनिधित्वको अवस्था रहन्न । हामी चाहिँ जातीय जनसंख्याका आधारमा समानुपातिकको माग गर्छौं, यदि यसो भयो भने क्षेत्री/बाहुन/दलित/मधिसे सबैको पहिचान हुन सक्छ, अस्तित्व समेतको प्रतिनिधित्व स्वीकार गरेको हुन्छ । तर जनसंख्याको आधारमा मागियो भने फेरि पनि एउटा वर्ग, दल, समुदायको अधिपत्य रहन सक्छ । जनसंख्या तराईमा घनीभूत होला, क्षेत्रको हिसाबले त पहाड र हिमाल छ त्यसको पनि प्रतिनिधित्व गराउन पर्ला भनेर नै हामीले भौगोलिक क्षेत्रको आधारमा हुनुपर्छ भन्ने माग राखेका हौं ।

मधेसीले मधेस...मधेस भनेका छन्, त्यसमा हाम्रो विमति के रहेको छ भने मधेस होइन, यो तराई नै हो । हामीले मधेस भन्ने देश या क्षेत्र नेपालभित्र पाएका छैनौं । इतिहासले मधेस भनेर देखाउँदैन, तराई नै भनेर स्पष्ट पार्छ । समुदाय मधेसी हुन सक्छ, तर देश या क्षेत्र मधेस हुन सक्दैन भन्ने हाम्रो जिकीर हो ।

मधेस भन्ने चाहिँ बिहार, उत्तर प्रदेश, अम्बालातिर मध्यदेश भनेर चिनिँदो रहेछ, इतिहासको एउटा कालखण्डमा । त्यही कालखण्डमा मध्यदेशबाट व्यापार या सुविधाहरू प्राप्त गर्न शासकहरूले केही मानिसलाई बसाई सर्न प्रोत्साहित गरेका रहेछन् । उनीहरूलाई बजिया (बाहिरबाट आएका) भनिएको रहेछ, तिनै अहिलेका मधेसी हुन् । स्थानीय आदिवासी-विशेष गरी थारूले मध्यदेशबाट आएकालाई बजिया भनेका रहेछन् ।

सतही रूपमा जनजाति र मधेसीले मागेको कुरा एकै जस्तो लाग्छ-संघात्मक र समानुपातिक । सार अर्थमा फरक छ । तथापी संघात्मक र समानुपातिकको कुरा बाहिरि रूपमा मिल्दोजुल्दो भएकाले उनीहरूको आन्दोलनमा हाम्रो ऐक्यबद्धता, हाम्रो आन्दोलनमा तराईवासीको ऐक्यबद्धता रहेको देखिन्छ । यद्यपि हाम्रोबीचमा धेरै बहस हुनु जरुरी देखिन्छ ।

राज्यको पुनःसंरचना हुनुपर्छ, यसो भए नयाँ नेपालको निर्माण हुन्छ, नयाँ नेपालको निर्माण गर्नु भनेको नेपालको पुनः एकीकरण पनि हो भन्ने हाम्रो मान्यता छ । एकीकरणचाहिँ हिजोको जस्तो सैनिक शक्तिको भरमा जबरजस्ती लडाइँ जितेर भूगोल कब्जा गरेझै नभई अब हाम्रो भाषा, संस्कृति, विशेषता, संस्कार र पहिचान समेतको अस्तित्व रहने गरी एकीकरण हुनुपर्दछ । तपाईंहरूलाई लाग्ला एकीकरण भनेको त एकै भाषा बोल्ने हो, एकै संस्कार मान्ने हो, एउटै राज्य हुनुपर्छ, संघ बनाएर छुट्टाछुट्टै गर्दा त कहाँ एकीकरण हुन्छ र भन्ने लाग्न सक्छ । बाहिरी रूपमा हेर्दा त्यो साचो हो, एकीकरण भनेको सबै मिसिने हो । तर एकीकरण भनेको विलय हुने होइन, कसैको अस्तित्व र पहिचान नामेट गराइदिने होइन । तसर्थ अलग-अलग समुदायको अलग-अलग पहिचान रहने गरी राष्ट्रियताका लागि एकीकृत हुन सकिन्छ । त्यो एकीकरण नै बलियो हुन्छ । सद्भाव बढ्छ, सौहार्द्रता बढ्छ । तर एउटाले अर्कोलाई विलय गराएर एकीकरण गर्ने भनियो भने चाहिँ समस्या रहिरहन्छ । अहिलेकै विशेषता बोकेको राज्य रहिरहने हो भने हाम्रो बीचमा द्वन्द्व हुने, अलग-अलग राज्यको माग गर्ने अवस्था कायम रहनेछ । तसर्थ अहिलेको राज्य व्यवस्थाको बनोट त्रुटिपूर्ण, विभेदकारी र विनाशक छ । कसैको अस्तित्व नै मेटाउने काम पनि यसले गरिरहेको छ । राज्यका संरचना, कानुन, मूल्यमान्यता, संस्कार, संस्कृतिले यस्तो गर्नमा मद्दत गरिरहेको छ । तसर्थ हामीले भनेका हौं- यो खाले राज्यलाई रूपान्तरण गरेर नयाँ राज्यको निर्माण गर्नुपर्छ, नयाँ राज्यमा सबैको हैसियत कायम हुनुपर्छ, अस्तित्व रहनुपर्छ, पहिचान हुनुपर्छ ।

नेपालको पुनः एकीकरण जरुरी छ । हिजोको मोडेल या ढर्रामा गरियो भने एकीकरण अपूर्ण, अधुरो, विभेदकारी र विनासकारी नै हुन्छ । अनिरुद्धजीले यी कुरालाई स्पष्टसँग राख्नुभएको छ, त्यसमा मेरो सहमति छ ।

युनियन या संघीयता अमेरिका या स्विट्जरल्यान्डभन्दा सोभियत युनियनकै सान्दर्भिक होला जस्तो मलाई लाग्दछ । पूर्वी युरोपतिर पहिला जम्मा भएपछि सबै टुक्रिएर गए । त्यसैलाई उदाहरणका रूपमा लिइन्छ । तर त्यहाँ र यहाँको अवस्था फरक छ । त्यहाँ हिजो छुट्टाछुट्टै राज्य नै युनियन भएका हुन्, संविधानमा पनि चाहेको बेला छुट्टिन पाउने अधिकारसहितको सम्झौता गरिएको थियो । हाम्रो अवस्था फरक छ । छुट्टाछुट्टै राज्य ल्याएर मिसाइने होइन । हामी नेपालभित्रकै हौ । तर विविधतालाई अंगिकार गर्नेमात्र हो । यसखाले संघीय प्रणालीमा गईयो भने राज्यलाई कुनै प्रकारको घाटा हुँदैन, सबैलाई सम्मान हुन्छ, सबैको पहिचान र अस्तित्व कायम हुन्छ ।

म केही कुरा अझै स्पष्ट पार्न चाहन्छु-बाहुन/क्षेत्रीलाई हराउन मधेसीलाई छुट्टै राज्य चाहिन्छ भनेर हामी मधेसीसँग मिल्ने पक्षमा छैनौ । उनीहरू शोषित, पीडित र उत्पीडित हुन भन्ने कुरालाई मान्यता दिन्छौ । तराई/हिमाल/पहाड छुट्टै राज्य हुनुपर्छ, आउनुस्-हामीले तराई पाउँछौं, तपाईंहरूले हिमाल पाउनुहुन्छ भन्ने लडाइँमा हामी जादैनौ, सँगै जाने अवस्था रहँदैन । भाषिक स्वायत्तता भनेको सबै भाषाले समान अवसर पाउने हो । सरकारी कामकाजमा पनि । नेपालमा ९२ वटा भाषा छ, ती सबै बोल्ने त भन्ने हुन्छ, तर त्यसो होइन । भाषिक स्वायत्तता र बहुभाषिक नीति न्यूनतम त्रिभाषी हुनुपर्छ भनेको हो । जसमा सम्पर्क, भातृ भाषा आदि पर्छन्, यदी चाहन्छन् भने । तर कसैले अंग्रेजी, कसैले खस भाषा बोल्न चाहन्छ भने उसको स्वतन्त्रताको कुरा हो । तसर्थ भाषिक स्वतन्त्रता भनेको आफ्नो भाषा बोल्न पाउनुपर्छ या बोल्दिन भन्ने दुवै विकल्प छान्न पाउने हो ।



**कृष्णप्रसाद सापकोटा**
**पूर्वअध्यक्ष, जिविस महासंघ**

दुई जना विद्वानको प्रस्तुतिकरण र टिप्पणी गरिसक्नुभयो । सामान्य पढेको, सानो तहमा काम गरेको मान्छेका रूपमा केही जिज्ञासामात्र छन् । धेरैले भन्ने गर्छन् यो सारा समस्या एकात्मक राज्य व्यवस्थाका कारण हो भनेर । संघीय व्यवस्था भए सबै समस्याको समाधान हुन्छ भनेको सुनिन्छ । एउटै भाषा, एउटै धर्मले एकात्मक राज्य व्यवस्थाका कारणले प्रधानता पाएको हो कि यो राष्ट्र राज्यको रूपमा भएको हो भन्नेमा म अस्पष्ट छु, मलाई बुझाई दिनुहोला । केन्द्रीकृत र निरंकुश शासन भएर हो कि एकात्मक राज्य भएर हो त्यो पनि मैले बुझेको छैन । संविधानमा स्थानीय तहको अधिकार प्रष्टसँग बाँडफाँड नगरेर पो यो स्थिति आएको हो कि एकात्मक राज्य व्यवस्था भएर हो ?

विश्वमा अहिले २३ मुलुकमा संघात्मक व्यवस्था छ । १ सय ७० मुलुकमा एकात्मक राज्य व्यवस्था छ । डेनमार्क, नर्वे, स्वीडेन, फिनल्याण्डमा पनि एकात्मक राज्य व्यवस्था छ । र पनि जनताका अधिकारहरू सबै प्रयोग भएको या गरेको पाइन्छ । एक जना व्यक्तिले आफ्ना सार्वभौम अधिकार प्रयोग गर्न सक्ने जति प्रयोग गर्न पाउनुपर्छ, स्वतन्त्रतापूर्वक । उसले नसक्ने जति उसका सामुदायिक समूहले पाउनुपर्छ, यी समूहले नसक्ने उसको नजिकको सरकारले प्रयोग गर्न पाउनुपर्छ, त्यो सरकारले प्रयोग गर्न नसकेका अधिकारमात्र माथिको सरकारले प्रयोग गर्नुपर्छ भन्ने सिद्धान्त (परिपूरकतामा आधारिक सन्निकटताको सिद्धान्त) ती मुलुकले अवलम्बन गरेका छन् । त्यसैलाई उनीहरूले विकेन्द्रिकरण र डिभोलुसन भन्ने गरेका छन । विकेन्द्रीकरणका तीन वटा रूप हुन्छन् भनेर ती मुलुकले भन्ने गरेका छन्, जसमा अधिकारको प्रत्यायोजन, छनोट र निक्षेपण पर्छन् । निक्षेपणको सिद्धान्तमा गइसकेपछि संवैधानिक अधिकारहरू प्राप्त हुन्छन्, र अधिकारहरू बाँडफाँड हुन्छ-केन्द्र, प्रदेश र स्थानीय तहमा । म्यासेजोनिया जस्ता मुलुकले त अहिले नगरपालिकाभित्र पनि छरछिमेकमा आधारित स्वायत्त सरकार बनाएका छन् । हामी त्यसलाई सामुदायिक संगठन भनेर बुझ्न सक्छौं, जसलाई पनि यति धेरै अधिकारसम्पन्न बनाएका छन् ।

एकात्मक राज्य व्यवस्था भएका केन्या, क्रोयसिया, स्लोभाकियाजस्ता मुलुकहरूले सारभूत कानून बनाउने अधिकारहरू दिए । कसैले विधान भनेर दिए,

कसैले ऐन कसैले डिक्री भनेर दिए । संयुक्त राज्य अमेरिकाका स्थानीय सरकारहरूलाई चार्टर जारी गर्ने अधिकार दिइएको छ ।

यहाँ संविधानविद् डा. सूर्य ढुंगेल उपस्थित हुनुहुन्छ, मैले नबुझेका कुरा यहाँ राखेको मात्र हुँ, बेठीक बुझेको रहेछु भने पनि ठीक बुझाई दिनुहुन्छ भन्ने आशा गरेको छु । एकात्मक राज्य व्यवस्था भएका मुलुकमा पनि कानून बनाउने अधिकार स्थानीय सरकारले प्राप्त गरेका छन् ।

स्थानीय तहमा वित्तीय अधिकार सबैभन्दा बढी डेनमार्कले दिएको देखिन्छ । त्यहाँको जीडीपीको ३१ प्रतिशत स्थानीय सरकारले प्रयोग गर्छन्, कुल सार्वजनिक खर्चको ५७ प्रतिशत स्थानीय सरकारले प्रयोग गर्छन् । नेपालमा चाहिँ १.४९ जीडीपीको र कुल सार्वजनिक खर्चको ७ प्रतिशतमात्र स्थानीय सरकारले खर्च गर्छन् । संघीय राज्य भएको स्विट्जरल्यान्ड बाहेकका अन्य मुलुकमा यो अनुपात अझ तल देखिन्छ । भारतमा पश्चिम बंगाल र केरलामा अलि बढी अधिकार भएको पाइन्छ, तर अरू प्रान्तमा चाहिँ ग्राम पञ्चायतले एक हजार बन्दा बढी बजेटको निर्णय लिन माथिल्लो सरकारको स्वीकृति लिनुपर्दो रहेछ । भारतमा संघीय प्रणाली छ, हामीकहाँ पनि संघीय प्रणाली भए राम्रो हुन्छ भन्छौं, तर भारतमा रहेको व्यवस्था हेर्दा संघीय प्रणाली ठीक हो या बेठीक भनेर सोचौं भन्नेमात्र मेरो मत हो ।

एकात्मक राज्य व्यवस्था भएको बेलायत-नर्दन आयरल्यान्ड, स्कटल्यान्ड-मा आ-आफ्नो स्वतन्त्र संसद् गठन गर्नेसम्मका स्वतन्त्रता छ । आफैं ऐन निर्माण गर्न सक्छन् । आफ्नै मुद्रासमेत प्रयोगमा ल्याएको देखिन्छ ।

भाषिक स्वायत्तताको कुरा गरौं-अमेरिका, क्यानडा, ब्राजिलजस्ता मुलुकले दुई भाषिक नीति लिएका छन्, स्विट्जरल्यान्डले चौभाषिक नीति लिएको छ, भारतले त्रिभाषिक नीति लिएको पाइन्छ । तर, एकात्मक राज्य व्यवस्था भएको पपुवानीगिनीमा ८ सय ५० भाषा बोलिन्छ भने तीन सय ६९ भाषामा पठनपाठन गरिन्छ । एकात्मक मुलुकमा पनि भाषिक स्वतन्त्रता रहेको पाईयो ।

जातीय स्वायत्तताको कुरा पनि उठिरहेको छ । चीन एकात्मक राज्य हो, त्यहाँका पाँच वटा प्रदेशमा अल्पसंख्यक जातिहरूको राज्य छ । चीनमा ९२ प्रतिशत हान जाति छन्, ८ प्रतिशतचाहिँ ५५ जाति छन् । त्यो देशमा अल्पसंख्यकको पनि स्वायत्त प्रदेश भएको पाइन्छ । जातीय स्वायत्तता भएको मुलुकमा बेल्जियम र साइप्रस पनि हो । त्यहाँ गैरभूक्षेत्रीय संघ बन्दो रहेछ । प्रत्येक जातले आ-आफ्नो जातको संघ बनाउने, त्यही संघमार्फत भाषिक अधिकार, विकास, संस्कृतिको कुरा गर्दा रहेछन् । नाइजेरिया, इथोपियामा पनि जातीय स्वायत्तता छ । नाइजेरिया अफ्रिकी मुलुकमध्ये सबैभन्दा धेरै तेल उत्पादन हुने मुलुक हो, जहाँ १३ करोड जनता बस्छन् । यहाँ माओवादीले ६ वटा जति प्रदेशलाई जातीय बनाउने भनेको जस्तै प्रदेश नाइजेरियाले बनाएको पाइन्छ । नाइजेरियामा पहिला तीन वटा प्रदेश बनाइएको थियो । त्यसलाई क्रमस बढाउँदै ३६ वटा पुऱ्याइएको छ । सन् २००४ मा १० हजार मानिस मरे, त्यही झगडाले । बाहुनको निम्ति एउटा राज्य छुट्ट्यायो भने मधेसी बाहुन कि पहाडी बाहुन भन्ने कुरा आउँदो रहेछ, कुमाई बाहुन कि पूर्वीया बाहुन भनेर कुरा आउँदो रहेछ, गर्दागर्दा सापकोटा कि बाँस्कोटा भनेर द्वन्द्व



हुँदो रहेछ । नाइजेरियामा जातीय क्षेत्रबाट ६ वटा राष्ट्रपति घुमन्ते आधारमा निर्वाचित गराउने प्रावधान छ । त्यो देश अहिले संसारको ५९ औं नम्बरमा पर्छ, मानव विकास चित्रमा । हाम्रो देश १ सय ३८ मा छ । जातीय प्रदेशमा बाँडिएको इथोपिया अहिले १ सय ७० औं नम्बरमा पर्छ । यसबाट के देखिन्छ भने जातीय स्वायत्ततामा जाँदा सबै कुरा पूरा हुन सक्छ भन्ने देखिएन । कतिपय मुलुकले एक पटकमा पूरा नभए, अर्को पटकमा ल्याउने, एउटा तल पऱ्यो भने फेरि ल्याउने गरी समतामुलक समाज निर्माण गरेका छन । स्केनेभियन मुलुकले समाजवादका विशेषतामा आधारित अर्थतन्त्र लागू गरेका छन । जसले पढ्न चाहन्छ, पढ्न पाउँछ, जसले उपचार गर्न चाहन्छ, उपचार गर्न पाउँछ, जस्को बस्ने घर छैन उसले क्वाटर सुविधा पाउँछ, रोजगारी नभएकाले बेरोजगार भत्ता पाउँछ । ती एकात्मक राज्य सत्ता भएकै मुलुक हुन । संघीय व्यवस्था भएको अमेरिकाले त्यहाँ १० लाख २० हजार तीन सय ८० घरपरिवार भूमीहिन छन भन्छ । दुई लाख परिवारको त एक टुक्रै जग्गा छैन, एउटा हुड्के भन्ने जाति त सतप्रतिशत जग्गा नभएको भित्र पर्दोरहेछ । ८८ प्रतिशत डोमहरूको जग्गाजमिन छैन भनिन्छ । तसर्थ अमेरिकाले ट्रष्ट ल्याण्डको व्यवस्था गऱ्यो । जिम्वावेलगायतका मुलुकमा भूमीका निम्ति ठूलो आन्दोलन चलिरहेको छ । दक्षिण कोरिया जस्तो मुलुकले पहिल्यै भूमिसुधार गरेर समस्या समाधान गरे, सामन्ती अर्थतन्त्र समाप्त पारी पुँजीवादी अर्थतन्त्रको विकास गरेका छन । यी सबै कुराले गर्दा के गरे के हुन्छ भनेर मैले बुझ्नै सकेको छैन ।

स्विडेनमा संसारमै सबैभन्दा बढी महिला सहभागिता (४७ प्रतिशत) छ । स्विट्जरल्यान्डमा जनताअधिकार सम्पन्न छन्, तर महिलाले १९७१ मा मात्र भोट खसाल्ने अवसर पाए । हालसालै कान्तिपुर दैनिकमा एक माओवादी सांसदले लेखेका थिए-'डेनमार्कको क्यान्टन (संघीय राज्यको अधिकार प्राप्त गरेको बीच तहको सरकार) मा २४ प्रतिशत महिलाको मात्र सहभागिता छ ।' यो तथ्यले के देखाउँछ ?

कैयौं एकात्मक राज्य प्रणाली भएका मुलुकले अधिकार बाँडफाँड गरिसकेपछि अवशिष्ट अधिकार स्थानीय सरकारले प्रयोग गर्ने भनेर संविधानमा स्पष्ट उल्लेख गरेका छन । हाम्रो संघीय व्यवस्थामा त्यो कहाँ हुने ? तसर्थ हाम्रो प्रस्तावित संघीय व्यवस्थामा यी यी कुरा फरक हुन्छन भनेर खुलाउनु पर्दछ । मैले उल्लेख गरेका एकात्मक राज्य व्यवस्था भएका मुलुकमा भन्दा बढी अधिकार हाम्रो संघीय व्यवस्था रहन्छ कि रहँदैन भन्ने प्रश्न म यहाँहरू सामु राख्न चाहन्छु । आउँछ भने के के आउँछ भनेर स्पष्ट हुन सके म पनि संघीय व्यवस्था जिन्दावाद भनेर नारा लगाएर हिँड्ने थिएँ अहिलेसम्म त मैले बुझेकै छैन, के हो, के हो यो ? उता हेरे उतै राम्रो, यता हेरे यतै राम्रो लाग्छ ।

राज्यका तह कति वटा बनाउने भन्ने कुरा पनि आउनु पऱ्यो । कतिपयले चाहिँ अहिले तीन तह छ, अब एक तह प्रदेश थपेर चार वटा बनाउने भनिरहेका छन् । त्यसमा पनि क्यानडामा हेर्ने हो भने दुई तह छन, भारतमा पाँच तह छन, स्विट्जरल्यान्डमा तीन तहमात्र छन् । कति तह बनाउने ? जति वटा तह थप्यो त्यति ठाउँमा प्रशासनीय खर्च र भ्रष्टाचार बढ्नु स्वाभाविक हो । हामी इ-गभरमेन्टको कुरा

गर्छौं, यस्तो कुरा गर्दा तह घटाउने कि बढाउने कि, विद्यमान तह कायम राख्ने कि भनेर स्पष्ट हुनुपर्ने हो ।

जातीय स्वायत्तताका कुरा कस्तो हो ? स्पष्ट पारिदिनु पर्छ । कसैले चीनको जस्तो अल्पसंख्या जातिले ५१ प्रतिशत पाउने, बाँकी ४९ प्रतिशत अरूले बाँडफाँड गर्ने भन्छन् । मेरो जिल्ला (काभ्रे) माओवादीले भनेको 'तम्वासालिङ स्वायत्त प्रदेश'मा पर्छ भन्छन्, तामाङले ५१ प्रतिशत पाउने, मुख्य मानिस पनि तामाङ हुने, अरू ४९ प्रतिशत अरूले बाँडफाँड गर्ने भन्ने सुनिन्छ । कतिपयले चाहिँ मुख्य मानिस तामाङको हुने, बाँकीमा भागवण्डा गर्ने भन्ने कुरा पनि गर्छन्, कसैले सबै जातिको प्रतिनिधित्व रहनुपर्छ भनिरहेका छन् । जनगणना हेर्दा मेरो जिल्लामा ७१ वटा जाति मेरो जिल्लामा देखिन्छन्, ती सबै जातिको प्रतिनिधित्व हुने हो कि जनसंख्या धेरै भएका जातिको मात्र प्रतिनिधित्व हुने ? राष्ट्रिय स्तरमा हेर्ने हो भने सबैभन्दा बढी जनसंख्या क्षेत्री (१५ प्रतिशत) रहेछ, ३५ लाख जनसंख्या रहेछ । सबैभन्दा कम चाहिँ कुसुण्डा रहेछन्, उसको १ सय ६४ मात्र जनसंख्या रहेछ । यो जातिको शासन कहाँ हुने, त्यसको प्रतिनिधित्व प्रदेशमा हुने कि नहुने, नहुने हो भने के गर्ने भन्ने समस्या देखिएका छन् । यसमा म अस्पष्ट छु, त्यसमा पनि प्रस्ट पारिदिनु होला । जातीय स्वशासनको अर्थ समान अधिकार भनेको हो कि कुनै जातको विशेष अधिकार भनेको हो ? समान अधिकार त सबैले भन्दै आएका छन, विशेष अधिकार भनिएको हो भने कुन जातको विशेष अधिकार, कुन ठाउँमा हुने र के-के हुने भनेर थाहा पाउनुपर्छ । यसो भए छलफल अगाडि बढाउन सकिथ्यो कि भन्ने मलाई लाग्दछ ।

अहिले त राज्यले किस्ताबन्दीमा माग पूरा गर्ने गरेको छ-शिक्षकले आन्दोलन गरे पनि तथास्तु, विद्यार्थीले गरे पनि तथास्तु भनिदिने चलन छ । मधेसीले आन्दोलन गरेकाले तथास्तु भनियो, अब जनजातिको चित्त नबुझेकाले आन्दोलन हुँदैछ भनियो त्यसलाई पनि तथास्तु भन्ने होला, अनि मधेसीको माग कहाँ पुग्ने होला ? यी कुरा कहाँबाट टुंगिने र पूरा हुने भन्ने अन्योलमा म छु ।

अमेरिकाको क्यालिफोर्नियामा जति स्थानीय सरकार बलिया छन्, अरू राज्यमा बलिया रहेनछन । मिचिगान र नोएम्पेन सायर भन्ने राज्यमा भ्याटको अधिकार स्थानीय सरकारमा छ, अरू राज्यमा छैन । नेप्रास्कामा निर्दलीय चुनाव हुँदो रहेछ । केही राज्यमा गर्भपतनको अधिकार छ, केहीमा छैन । मैले भारतको कुरा अघिनै गरिहालें । तसर्थ हामीकहाँ पनि स्थानीय सरकारको अधिकार प्रदेशैपिच्छे अलग-अलग हुने हो कि ? हुने होइन भने अर्को लोकतन्त्रका लागि स्थानीय सरकारले फेरि संघर्ष गर्नुपर्छ या अहिले नै समाधान हुन्छ ? त्यो पनि प्रस्ट हुनुपर्दछ । कतिपय संघीय व्यवस्था भएका मुलुकका प्रदेशैपिच्छे आफ्नो संविधान हुने रहेछ, हाम्रो संघीय व्यवस्थामा प्रदेशैपिच्छे संविधान हुन्छ कि एउटै संविधानबाट निर्देशित हुने हो ?

हामीले भन्दै आएको कुरा के हो भने अब स्थानीय सरकारका विधायिकी, कार्यकारी, न्यायिक, प्रशासनिक अधिकार पाउनुपर्छ । अहिलेको केन्द्रीकृत न्यायिक प्रणाली नै हुने हो कि विकेन्द्रीकृत (अमेरिका र स्विट्जरल्यान्ड जस्तो) न्यायिक प्रणाली हुने हो ? जसमा स्थानीय तहकै जनताले न्यायाधीश चुन्छन् । हाम्रो



केन्द्रीकृत न्याय प्रणालीले कैयौंपटक निरंकुशतासँग आत्मसमर्पण गरेको छ, कैयौंपटक जनताका अधिकार (सांस्कृतिक, भाषिक) हरू कुण्ठित गर्ने काम गरेको छ । हामी यस्तै खाले न्यायिक प्रणाली राख्छौं कि परिवर्तन गर्छौं भन्ने कुरा अब आउनुपर्छ ।

तर, म डा. गुरुङ र अनिरुद्ध सरले भनेको एउटा कुरामा पूर्ण सहमत छु, अब जनता सशक्त बन्नुपर्छ, सार्वभौम हुनुपर्छ, शक्तिशाली हुनुपर्छ । शक्तिशाली हुने प्रक्रिया चाहिँ के हो ? कुनै जातिको शोषण अर्को जातिले गर्ने अवस्था रहनुहुन्न । एउटा जातिबाट अर्को जाति उत्पीडित बन्नु भएन । कसैले भनिरहेका छन् कि हिजो उत्पीडित भएकालाई शासनमा पुऱ्याउने र उत्पीडकमाथि शासन गराउने । कसैले त्यसो गर्नुहुँदैन भन्छन् । तसर्थ यी कुरा अलि प्रस्टतासाथ आए हुन्थ्यो भन्ने मेरो मत हो ।

**सहजीकरण गर्दै तारानाथ दाहाल**

डा. ओम र श्रीकृष्णजीले सुन्नुपर्ने सबै प्रश्नहरू सापकोटाजीले राखिदिनुभयो । नेपाली जनताको विभिन्न तहबाट उठिरहेको प्रश्न यो नै हो । ४०/५० वटा प्रश्न यहाँ आए, संघीयता ती चुनौतीहरू हुन् । तिनको सम्बोधन संघीयताका वकालतकर्ताले नगर्दा जनता सन्तुष्ट हुन सक्दैनन् । आजको बहसले त्यो प्रक्रियामा अगाडि जान मद्दत पुग्ला भन्ने आशा गर्न सकिन्छ । ती प्रश्नलाई सम्बोधन गर्ने खुराक चाहियो ।

## *अवधारणामाथि छलफल र प्रश्नोत्तर*

**प्रेम सुवाल, नेपाल मजदुर किसान पार्टी**

साथीहरूको प्रस्तुति सुनियो । संघीय राज्य, समानुपातिक निर्वाचन अनि एकात्मक राज्य-यी एकबाट अर्कोमा जाँदा सबै समस्या समाधान होला भनेर सोच्नु हुँदैन । मुख्यतः राजनीतिक रूपले देशलाई सम्बोधन गर्ने, आर्थिक रूपमा जनतालाई समान अधिकार दिने काम नभएसम्म प्रणाली फेरेर समस्या समाधान हुने होइन ।

कुरा उठिसकेको छ कि धेरै पहिला हामीले स्थानीय निकायलाई स्वायत्तता र विकेन्द्रीकरण गर्न सकेको भए अहिले संघीय राज्यको कुरा उठ्ने थिएन । तर हामीले स्थानीय निकायलाई अधिकार नै दिएनौं । उदाहरण नै दिऊँ:- कालिकोटको एउटा दुर्गम गाउँमा एक जना पियन भर्ना गर्न पनि सिंहदरबारले आदेश गर्नुपर्छ ।

बजेट पनि स्थानीय निकायमा ७ प्रतिशतमात्र जान्छ । देशको कुल बजेटको कम्तीमा ५० प्रतिशत बजेट स्थानीय निकायलाई दिएर विकास निर्माणमा लगाउन सकिएको भए जनता यसरी उठ्ने थिएनन् ।

क्षेत्र, जातिका आधारमा देशलाई विभाजन गर्ने कुरा कम्युनिस्टले सोच्दै सोच्दैन । क्षेत्र, जातिको आधारमा नभै कम्युनिष्टले वर्गिय आधारमा राजनीति गर्ने हो । असन्तुष्टिका विभिन्न कारण छन् । ९० प्रतिशत जनता कृषिमा छन्, तल्लो वर्गमा छन् भनिन्छ, तर उनीहरूको समस्या समाधान भएन । कमैयाले काठमाडौंमा आएर किन धर्ना दिनुपऱ्यो ? २०५७ मै कमैया मुक्तिको घोषणा गरियो, ऐन बनाइयो,

तर उनीहरूलाई ज ंगलमा छोडियो । बस्ने, काम गर्ने टुंगो लगाउनेतिर राज्यले ध्यानै दिएन । वास्तवमै कमैया मुक्ति गर्नुअघि उनीहरूलाई जोताहा हक दिनुपर्थ्यो, मोहियानी हक दिनुपर्ने थियो । बाजे बराजुदेखि खनजोत गर्दै आएको जमिनमा तिमीहरू बस्न पाउँदैनौं है, जंगल गाउँ भनिएकाले समस्या अहिलेसम्म यथावत् देखिन्छ ।

यी र यस्ता समस्यालाई सम्बोधन नगरी हामी संघ राज्य निर्माण भयो भने, समानुपातिक निर्वाचन भयो भने मुलुकमा शान्ति हुन्छ, विकास हुन्छ भनेर अनेक तर्क गरिरहेका छौं । संघ राज्यमा जाने निधो भइसकेको छ । कुन मोडेलको भन्ने कुरामा सरसल्लाह गर्नुपर्छ, तर आर्थिक रूपमा सम्बोधन हुनैपर्छ । स्विजरल्यान्डको कुरा गरियो, त्यो त सानो र परम्परागत रूपमै अगाडि आएको देश हो त्यो । त्यसको उदाहरण लिएर हामीलाई गाह्रो पर्छ । कालिकोटजस्तो विकट ठाउँमा भर्खर टेलिफोन पुगेको छ । विवाह गएर गएपछि छोरी मान्छे १२ वर्षमा मात्र माइत फर्किन्छिन रे, टाढा भएकाले एक पटक माइत आउन पनि गाह्रो छ । यसरी राज्यमा भिन्नता देखियो कि ? मान्छेको बसाई नै त्यस्तो छ ।

संयुक्त राज्य अमेरिकाको एउटा राज्यमा जनसंख्या बढ्दै गएपछि धेरै राज्य बनाइयो । सोभियत संघमा एक जातको एक राष्ट्रको विकास गरिएको रहेछ । हाम्रो देशमा बाइसे, चौबीसे राज्य उठ्नुपर्थ्यो, त्यो उठेन, अहिले अर्कै ढंगले उठिरहेको छ । प्रतिगमनविरुद्धको त्यत्रो आन्दोलनमा नउठेको तराईमा अहिले आन्दोलन चलिरहेको छ, यति चर्को आन्दोलन अहिले कसरी उठ्यो ? यस्ता कुरालाई पनि हामीले ध्यानमा राख्नुपर्छ । सिद्धान्तको बेवास्ता गर्दै कसैले मुख्य मन्त्री बन्ने लालचामा संघ राज्यको कुरा उठाइरहेको देखिन्छ, त्यो त होइन नि । जनता र देशको विकास कसरी हुन्छ भन्ने कुरासँगै संघ राज्यको मुद्दा उठाउनुपर्छ । संघ राज्य यस्तो भएर विकास हुन्छ भनेर खाका नआएको कुरा यहाँ उठ्यो, अनिरुद्धजीले नेतृत्व नै छैन भन्नुभयो-मलाई पनि यही लाग्छ, यसबारेमा अब छलफल गर्नुपर्छ । प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले नै अन्तरिम संविधान संशोधन गरी संघ राज्यको प्रावधान राख्ने घोषणा गर्नुभयो, यो त 'एब्सट्र्याक आर्ट' जस्तो भयो, यो तुरुन्त आउने होइन । विदेशीको अनुकरण गरेर देशलाई अगाडि बढाउन सकिँदैन । मलाई पानमाको सम्झना छ, जहाँ जात/जनजातिको आन्दोलन उठाएर सरकार निर्माण गरियो, त्यो सरकार त अमेरिकाको पो रहेछ । यस्ता उदाहरण हामीसँग छ । हाम्रो जस्तो देशमा राज्य विधान सभादेखि विभिन्न संरचना निर्माण गर्दा थेग्न सकिन्छ कि सकिँदैन, यसबारे सल्लाह गर्नुपर्छ । बोलिसकिएको छ, गरिहालौ भनेर हुँदैन, संघीय राज्यको फाइदा/बेफाइदा जनतालाई बुझाउनैपर्छ । यस्तो व्यवस्थाले देश नटुक्रे पनि भद्रगोलचाहिँ हुन्छ । भद्रगोल हुन नदिनेतिर हामीले ध्यान दिनुपर्छ ।

संघ राज्यको मुद्दा उठाउने साथीहरू यसअघि धेरै पटक मन्त्री भैसक्नुभएको छ, ठूला-ठूला पार्टीको ठूलो ठाउँमा हुनुहुन्थ्यो । कार्यान्वयन तहमा कहिल्यै कुरा नगर्ने अनि पदबाट हटेपछि संघ राज्य चाहिन्छ, समानुपातिक प्रतिनिधित्व चाहिन्छ



भनिरहनुभएको छ-ठूलोठूलो स्वरमा । यस्तै मानिस जिम्मेवार छन, मुलुक यो स्थिति आउनुमा ।

लोकतन्त्र, जनतन्त्र, प्रजातन्त्र, जनवाद सबै एकै हो-डेमोक्रेसी । त्यो पुँजीवादी प्रजातन्त्र नै हो । लोकतान्त्रिक गणतन्त्र भयो भने गणतन्त्र भनिएला, गणतन्त्र पनि दुई खाले छन-पुँजीवादी र समाजवादी । पुँजीवादी गणतन्त्रले मजदुर, किसान र काम गरिखाने जनताको समस्या समाधान हुँदैन । भारतकै उदाहरण लिँदा त्यहाँ संघ राज्य पनि छ, ५० वर्षदेखि प्रजातन्त्र पनि छ, तर ६० प्रतिशत जनता गरिब छन् । बर्मामा संघ राज्य छ, तर त्यहाँ सैनिक शासन छ । अमेरिका संघ राज्य हो, सबैभन्दा ठूलो प्रजातान्त्रिक देश भनिन्छ, तर दुई करोड हब्सीहरूलाई कहिल्यै माथि उठ्न दिइएन भनेर आवाज उठिरहेको छ । यसर्थ कामदार जनतालाई उठाउन समाजवादी गणतन्त्र नै चाहिन्छ । त्यसलेमात्र मानिसले मानिसमाथि गर्ने शोषण अन्त्य गरी शान्ति ल्याउँछ, युद्ध र विद्रोहको अन्त्य गर्छ ।

**रमणराज मिश्र, समाजशास्त्री**

अवधारणाप्रति सहमति जनाउन पनि सकिएन, विरोध गर्न पनि सकिने स्थिति रहेन । त्यसले हामी सबैको प्रतिनिधित्व गर्छ किनकी हामी सबै अन्योलमा छौ ।

तराईको विषयवस्तु आएन । म तराईको मानिस भएकाले त्यही बोलौं कि भन्ने लाग्यो । हुने कुरा भइसक्यो, अब एउटा वेग लिनुपर्छ । अवधारणामा के कुरा आयो भने कुनै न कुनै निकाय छ जसले यसलाई नियन्त्रण गर्न सक्छ भन्ने अनुमान गरिएको छ । तर हेउ, हुत्ति र बुद्धि भएको को छ त अहिले ?

दुई वटा बहुदलीय प्रजातन्त्र (२००७ र २०४६) फेल भयो, किन ? मेरो निष्कर्ष चाहिँ के हो भने हामीले त्यति बेला नेपाल बेलायत हो कि भन्ने ठान्यौं र त्यही नक्कल गर्‍यौं । राजा ज्ञानेन्द्रले नेपाललाई सायद पाकिस्तान भन्ठानेर असफल भए । अब कस्को मोडल, कहाँबाट ल्याउने भन्ने समय गइसकेको छ । व्यवस्थापन गर्ने स्थिति छैन ।

अवधारणामा हामी एकै भएर जान सक्छौं कि भन्ने कुरा छ । चाँदनी-दोधारेवासी भएको भए म किन नेपालसँग जोडिने ? मेरो गाउँमा जान अहिलेसम्म एउटा पुल निर्माण गरिएको छैन । मलाई त भारततिरै सजिलो हुने थियो । म जनकपुरको बासिन्दा भएको भए किन पहाड चाहियो, मलाई ? सीतामढीमा ४ रुपैयाँमा पाउने सामान, बारी (नेपाल) आएपछि ६ रुपैयाँ तिर्नुपर्छ, तसर्थ मलाई पहाडको के खाँचो ? आर्थिक हिसाबले हेर्ने हो भने मलाई उतै फाइदा छ ।

केन्द्रीय आँखाबाट हामीले एकै साथ जान सक्छौं भनेर हेरिन्छ, तर किन ? कोही मानिस कोहीसँग बस्न लेनदेनका लागि हो, पहाडलाई तराई चाहिन्छ, तर तराईलाई पहाड किन चाहियो ? तसर्थ अन्योन्याश्रित सम्बन्ध राख्न सकियो भने होला, अन्यथा हुने कुरा भइसक्यो । गति वेग छ, जसले सक्छ, त्यसले लिन्छ ।

शक्ति भनेको आफ्नो इच्छा कार्यान्वयन गर्ने अधिकार हो । आफ्नो तागत देखाउनुपर्ने बेला आएको छ । नेपालका बुद्धिजीवीहरू 'यस्तो हुनुपर्छ, उस्तो हुनुपर्छ'

भनेर लेख्छन् । म पनि लेख्छु । तर हुनुपर्छ भनेर हुन्छ र ? अब के हुन लाग्यो भन्नेतिर विचार गरौं न । त्यसपछि के गर्न सकिएला भन्ने आउला ।

**चरण प्रसाई, मानव अधिकारकर्मी**

व्यवस्थापनको समस्या देखाइएको छ । यही समस्याले नै देश यहाँ आइपुगेको हो । सापकोटाजीले संसार नै यहाँ राखिदिनुभयो, यो हाम्रा लागि आवश्यक थियो । उहाँ स्थानीय निकायमा रहेर जति ठूलो अनुसन्धान गर्नुभएको छ, त्यो वास्तवमा हाम्रो सम्पत्ति हो । उहाँसँग हामीले अनुभव साटासाट गर्नुपर्छ ।

हाम्रो देशको समस्या भनेको मानसिकताको हो । राज्य सञ्चालन गर्नेहरूको मानसिकता परिवर्तन नभएकाले समस्याहरू रहिरहेको हो । राजनीतिक परिवर्तन भए पनि मानसिक परिवर्तन आएन, समस्या यही नै हो । एकात्मक रूपमा मुलुक सञ्चालन गरुन्जेल परिवर्तन पाउन गाह्रो छ । परिवर्तन के हो र के चाहिएको छ भन्ने जनता बाहेक अरूलाई (नेता) थाहा छैन । जनताको तहमा परिवर्तन लाने हो भने संघीय राज्य हुनैपर्छ । त्यो नभएसम्म नेतृत्व विकास नै हुँदैन । यो विकासको कुरा होइन । राजनीतिक रूपमा हेरियो भने परिवर्तन ल्याउने जनताले नै हो । संघीय शासनमा जनताको प्रत्यक्ष संलग्नता हुन्छ, अनि त्यस क्षेत्रमा परिवर्तन आउँछ । केही क्षेत्रमा परिवर्तन नआउन पनि सक्छ । हामी बिहार र युपीको छिमेकी भएकाले त्यसको प्रभाव धेरै परेको छ, हामीमा । हामी दक्षिणतिरको प्रान्तको छिमेकी भैदिएको भए हामी अर्कै हुने थियौ होला, श्रीलंकातिर त्यसको प्रभाव देखिएको छ ।

विद्यमान अवस्थामा परिवर्तन जनताले ल्याउने हो, शासन प्रणाली तल्लो स्तरमा नलाने हो भने परिवर्तन सम्भव छैन । अहिलेको संरचनाअनुसार स्थानीय तहमा अधिकार दिएर हुने वाला छैन, यस्तो तरिकाले फेल खाइसकेको छ । स्थानीय संरचना बलियो भएकैले ३० वर्ष पञ्चायत टिकेको हो । उसले खाली राजनीतिक शोषणमात्र गर्‍यो, विकासका काम गर्न सकेन । पञ्चायतकालमा एउटा गाउँ पञ्चायतले वर्षमा १५ हजार बजेट पाउँथ्यो, त्यो पिउनलाई तलब दिँदै ठिक्क हुन्थ्यो, विकासको कामै हुँदैनथ्यो । र, पनि सचिवलाई सूचनादाता या संगठन गर्ने काम गराउनाले राजनीतिलाई जोगायो । विद्यमान संरचनामा पनि धेरै प्रयास भए, कहिले ५० हजार, कहिले ३ लाख, कहिले ५ लाख दिईयो, त्यसमा पनि चार लाख तलब भत्तामा जाने, एक लाखमात्र विकासमा खर्च हुने स्थिति रह्यो । लोकप्रिय राजनीतिका लागि बजेट दिइएको हो, खुल्ला हृदयले बजेट गाउँमा पठाइएन । जनताले लिने हो, राज्यले दिने जस्तो देखियो, अहिलेसम्म । दिने चाहिँ संघीय संरचनाबाटै हो । संघीय व्यवस्था भएपछि जनताले लिन्छन्, लिन्छन । २० सै जना मुख्य मन्त्री होला रे, नेतृत्व विकास त हुन्छ नि । प्रान्तिय स्तरमा नेतृत्व क्षमता देखाएर राष्ट्रिय हिरो बन्ने सम्भावना रहन्छ । नेतृत्व विकास नभएसम्म देश विकास हुँदैन । खाली एक/दुई जना नेताको मुख ताकेर हाम्रो यो हविगत भएको हो । नयाँ नेतृत्व नआएसम्म हामी समृद्ध, सहभागिमूलक र सम्पन्न राज्यको कल्पना गर्नै सकिँदैन । तसर्थ हामीले दिने कुरामा कञ्ज्युस्याइँ गर्नु हुँदैन । जनतालाई अविश्वास गर्नुहुँदैन ।



जातीयताको कुरा ओम गुरुङले गर्नुभयो, क्षेत्रमा उसको पहिचानका कारण त्यस्तो होला । वेस्टबंगालको कुरा गरौं न, नामै बंगालीबाट आयो । तर दार्जलिङमा नेपाली मूलका मानिसलाई केही फरक परेको छैन, बंगाल भनिए पनि । क्षेत्री/बाहुनलाई लिम्बुवानमा बस्दा केही फरक पर्नेवाला छैन । जातीय आधारमा भएको प्रान्तमा उनीहरूकै हालिमुहाली हुन्छ भनेर कल्पना गर्नुहुँदैन । यो पार्टीगत पद्धतिबाट निर्देशित हुन्छ । कुन पार्टी लोकप्रिय छ, कसले राम्रो नीति लिएको छ, अल्पमतको समस्यालाई कसले ध्यान दिन्छ, त्यो हेरिन्छ । अल्पमतको पनि त भोट चाहिन्छ नि । केन्द्रीय रूपमा राष्ट्रिय पार्टी हुन्छन्, संघीय पार्टीहरू पनि होलान । तिनले पनि राष्ट्रिय पार्टीको मान्यता पाउन सक्छ । पार्टीगत पद्धतिमा सबैको हित हेर्नुपर्छ ।

अन्तर्राष्ट्रिय मानवअधिकारका सिद्धान्तभन्दा बाहिर कोही जान सक्दैन । १९९१ को भियना घोषणा पत्रमा आत्मनिर्णयको अधिकार नदिनु मानवअधिकारको उल्लंघन हो भनेर स्थापित गरिएको छ । नेपालले पनि त्यसमा हस्ताक्षर गरेको छ । तसर्थ हामी शंकाउपशंका नगरौं । राजनीतिक रूपमा अगाडि बढेका देशमा जातीय समस्या रहँदैन । मधेसमा जनसंख्याको आधारमा प्रतिनिधित्व खोजिँदैछ, तर तराईवालाले मधेसीको जनसंख्या १९ प्रतिशत छ, जुन पार्टीको बोलवाला छ त्यसैले उम्मेदवारी पाउँछ, तर सुनिश्चित १९ प्रतिशतको गर्नुपर्छ । जातीय आधारमा मात्र होइन, क्षेत्रीय आधारमा पनि हुनुपर्छ । संघीय राज्यको परिकल्पना गर्दा संविधानसभामा त्यस क्षेत्रबाट प्रतिनिधित्व भएन भने भोलि बन्ने संविधान राम्रो हुन सक्दैन । त्यसले फेरि अर्को आन्दोलन निम्त्याउन सक्छ । समानुपातिक प्रतिनिधित्व भएरमात्र पुग्दैन, क्षेत्रको पनि चाहिन्छ । अघि खसको कुरा आयो अथवा क्षेत्री । क्षेत्रीको प्रतिनिधित्व कति प्रतिशत छ, झापा या मोरङको क्षेत्रीले मात्र प्रतिनिधित्व गरेर कर्णालीको प्रतिनिधित्व भएन भने त्यो न्यायोचित हुन्छ त ? ल समानुपातिक त भयो रे ।

संघीय संरचनाको कुरा गर्दा संविधानसभालाई पनि केन्द्रमा राख्नुपर्छ । भोलि आउने संविधानसभामा सबै क्षेत्र, जातिको प्रतिनिधित्व सुनिश्चित गर्ने संरचना तयार पार्नुपर्छ ।

**सहजीकरण गर्दै तारानाथ दाहाल**

आज हामीले विचार उत्तेजक विषय उठायौं, बहसलाई व्यापक गर्न धेरै ठूलो मद्दत गरेको छ । प्रजातन्त्रको केन्द्र व्यक्ति हो, व्यक्तिले स्वतन्त्रता/अधिकार अनुभूत गर्न सक्ने व्यवस्था नै प्रजातन्त्र हो, उठेका प्रश्नको जवाफ दिने क्रममा श्रीकृष्णजीले त्यसका लागि संघीयता कति सहयोगी हुन्छ भन्ने पाटोमा जानुभयो भने प्रश्नहरूको सम्बोधन होला ।

**अवधारणामाथि उठेका प्रश्नको जवाफ दिँदै श्रीकृष्ण अनिरुद्ध गौतम**

उठेका जिज्ञासाहरू चरणजीले शान्त पारिदिनुभयो । त्यही उत्तर मैले दोहोर्‍याइरहनु आवश्यक छ भन्ने लाग्दैन । विकासको सन्दर्भबाट गर्नुभएको कुरा ठीक हो ।

संघीयता र संघात्मकता राज्य र राज्य पद्धतिकै प्रजातान्त्रीकरण हो । राज्य धेरै इकाईहरू बाँडिन्छन् । मैले 'कमिङ टुगेदर र होल्डिङ टुगेदर' को कुरा गरे । अधिकार प्रत्यायोजन गर्ने या दिने कुरा होइन, अधिकार छ । हाम्रो शब्दावली अत्यन्तै खराब छन्- 'मैले प्रधानमन्त्री खाइनँ भनिन्छ, प्रधानमन्त्री खाने कुरा हो र ?' कार्यभार पूरा गर्ने हो । सार्वभौमसत्ता हस्तान्तरण गर्ने कुरा होइन, सार्वभौम सत्ता छ । हो, यही 'छ' अर्थात भएको कुरालाई मान्यता दिने या मान्ने हो । त्यसलाई पद्धति बनाउने हो ।

राज्यको प्रजातान्त्रीकरणको प्रक्रिया अन्ततः कहाँ गएर टुंगिन्छ भने प्रश्न पनि आउँछ । कुनै भूमि छ, त्यो कुनै राज्य क्षेत्रमा पर्छ, त्यहाँबाट कुनै प्रतिनिधि ल्याइन्छ, त्यो भूमि पनि राज्यमै राखिन्छ । नागरिकहरू बसेपछिमात्र भूमिको महत्व हुन्छ । संघीयता केन्द्रबाट प्रदेश, प्रदेशबाट स्थानीय सरकार, त्यसबाट अझ सानो इकाई हुँदै परिवार अनि व्यक्तिमा जाने हो । उसको उसैले निर्णय गरोस् भन्नाका लागि संघ चाहिएको हो ।

सम्पन्नतामात्र एउटा मापदण्ड हुन सक्दैन, कुनै देश धनी या सम्पन्न भयो भनेर समृद्धिको आधार तोक्न सकिँदैन । समृद्धिको आधार अर्को पनि हुन्छ-डिग्निटी, लिबर्टी । मानिस आत्मसम्मानसाथ म म हुँ भनेर बाँच्न चाहन्छ, त्यो वैधता प्राप्त भएन भने केही काम छैन । चीनमा जतिसुकै उपलब्धता भए पनि लिबर्टी छैन, गर्व गरी म एक मान्छे हुँ भनेर उभिन सक्दैन भने त्यो संघीयता भएन, हुन सक्दैन । यान्त्रिक रूपमा उन्नत भयो, धेरै समृद्धि प्राप्त गऱ्यो भन्दैमा मान्छे उन्नत हुँदैन । बुद्धले सबै कुरा छोडेर हिडे र सबै प्राप्त गरे । त्यस्तै कसैले सबै कुरा प्राप्त गर्दछ, अर्को कुरा- मान्छे मान्छे हुनुको अस्तित्व, पहिचान-पनि एउटा समृद्धि हो । त्यो कुरालाई संघीयताले मद्धत गर्छ, समृद्धिको साथसाथै ।

त्यसो गर्दा संघात्मकतामा जान अलि मुस्किल चाहिँ पर्छ । संघात्मकताले पहिला 'डिग्नीटी'लाई हेर्छ, अनिमात्र समृद्धिलाई हेर्छ ।

**बहस अन्त्य गर्दै तारानाथ दाहाल**

यो गम्भीर विषय भएकाले छलफललाई अझ व्यापक बनाउनुछ । अर्को शृङ्खला पनि यही विषयमा तर्कहरूलाई अझ बौद्धिक सम्बोधन गर्ने गरी बहस गराइनेछ । सहभागी भइदिनुभएकोमा धन्यवाद ।

◆◆